समसामयिक लेख

(आलेख सङ्ग्रह)



-विनोद गुप्ता

विनोद गुप्ताका

समसामयिक लेखहरू

(आलेख सङ्ग्रह)

लेखक:
-विनोद गुप्ता

प्रकाशक/मुद्रक
प्रतीक प्रकाशन समूह प्रा.लि.
श्रीपुर, वीरगंज-१४, फो.नं.: ०५१-५२३१०५

लेखकको कृति :- **प्रथम**

प्रथम संस्करण :- **२०८० असोज (September, 2023)**

सर्वाधिकार @ विनोद गुप्ता

कम्प्युटर सज्जा: **मुकेश बस्नेत**

सहयोग राशि : रू. ...../-

मुद्रक: **प्रतीक प्रकाशन समूह प्रा. लि.**
श्रीपुर, वीरगंज-१४, फो.नं.: ०५१-५२३१०५

शुभकामना

विनोद गुप्ता शहरका ती व्यक्तिहरूमध्ये हुन्, जो विज्ञ भएर पनि विज्ञता दर्शाउन खोज्दैनन् । यस अर्थमा म यस्ता व्यक्तिहरूलाई विज्ञता वितरण गर्नमा कन्जुस्याइँ गर्ने व्यक्तिको रूपमा चिन्न चाहन्छु । हो, विनोद गुप्तासँग भने केही फरक भयो, पछिल्ला दिनहरूमा । उनी सभालुपनारोजुवा मानिस हुन् । मचाहिं पेशागत आग्रहले जुन पनि कार्यक्रम, छलफल, समारोहमा सहभागी हुनुपर्ने बाध्यता बोकेको मानिस । त्यसै क्रममा उनीहरूसँग भेटघाट बाक्लिदै गएर जुनसुकै पनि विषयमा प्रारम्भिक जानकारी राख्ने व्यक्ति भनी म आकर्षित भएँ । जुन पनि तरीकाले प्राप्त गर्नु र बाँड्नु पत्रकारिताको धर्म हो । त्यो सूचना, समाचार, ज्ञान-विज्ञान जेहोस् । त्यसैले विनोद गुप्ताको विद्वता लिन र प्रतीकमार्फत पाठक समूहमा बाँड्ने मेरो लालसा जाग्रत भएको थियो । र अन्ततः मैले सफलता पनि प्राप्त गरें ।

शुरूशुरूमा मैले विनोद गुप्तालाई वातावरणप्रति राम्रो जानकारी राख्ने व्यक्तिको रूपमा पाएको थिएँ । तर सङ्गत बढ्दै जाँदा र उनलाई लेख्न बाध्य पारेपछि प्रायः विषयप्रति उनको आधिकारिकता थाहा पाउँदै गएँ । राजनीति, अर्थ, समाजशास्त्र, वातावरण आदि अनेकौं विषयमा उनले कलम चलाएका छन् । लेखहरू प्रायः प्रशंसित पनि रहेका छन् । यस पुस्तकको अध्ययनपछि सुधी पाठकहरूलाई स्वयम् अनुभूत हुनेछ । अध्ययनशीलता जसको धर्म हो, विचार विनिमय जसको मर्म हो, लेखन जसले, जुनसुकै कारणले भएपनि कर्म बनायो, त्यो व्यक्ति विनोद गुप्ता हुन् भन्ने मैले ठानेको छु । अन्यथा चिनीमिलको जागीर गरेर, आजीविकाका लागि अस्पतालमा कार्यरत रहेर अन्ततः शिक्षा क्षेत्रमा हाम फाल्नु सबैको वशको कुरा होइन ।

जगदीशप्रसाद शर्मा

दुई शब्द

स्वतन्त्र विचार शीर्षक अन्तर्गत मैले लेख्ने प्रेरणा अग्रज श्री जगदीशप्रसाद शर्माबाट नै प्राप्त भएको हो । उहाँले पटक-पटक मलाई लेख्न अभिप्रेरित गर्नुभएको फलस्वरुप नै यो कार्य मबाट भएको हो । यस पुस्तकमा २०७७ सालदेखि प्रतीक दैनिकमा प्रकाशित मेरा लेखहरुलाई संकलन गरी ई-बूकको रुपमा विद्युतीय सञ्चारमाध्यममा राख्ने प्रतीक दैनिक परिवारप्रति हार्दिक धन्यवादका साथै यस रुपमा ल्याउन अथक प्रयत्न गर्नुहुने श्री मुकेश बस्नेतजीप्रति विशेष धन्यवाद !

लेखक
विनोदकुमार गुप्ता
२०८०/०३/३१ गते

विषय सूची

क्र.सं.	शीर्षक	पृष्ठ
१	स्थानीय तह निर्वाचन : एक चर्चा	१४
२	चर्चा अर्थतन्त्रकै	१६
३	एकता र राष्ट्रियता	१८
४	स्थानीय निर्वाचन र काङ्ग्रेसको घोषणापत्र	२१
५	स्थानीय निर्वाचन : एक चर्चा	२३
६	न हर्ष न बिस्मात	२५
७	के श्रीलङ्का हुँदैछ नेपाल ?	२७
८	प्रम देउवाको भारत भ्रमण	३०
९	नेपाल-चीन सम्बन्धः न्यु नर्मल	३२
१०	हाम्रो अर्थतन्त्र : मारमा कि खुशी चुम्दै ?	३५
११	सन्दर्भः अन्तर्राष्ट्रिय नारी दिवस	३८
१२	समर्थन एवं शुभकामना	४०
१३	बधाई नेपाल	४३
१४	वीरगंजको पृथ्वी वीर अस्पतालतिर बरालिंदा	४६
१५	व्यर्थको चिन्ता	४९
१६	हाम्रो आर्थिक धरातल	५१
१७	चुनावमय नेपाल	५३
१८	यसपालि यताउतिका आफ्नै कुरा	५६
१९	ह्वाई एमसिसी कि हाय एमसिसी १	५९
२०	ह्वाई एमसिसी कि बाई एमसिसी-२	६२
२१	ओलीको मधेस भ्रमण	६५
२२	रामभरोसे	६७
२३	चर्चा महाधिवेशनको	६९
२४	खुशीको खबर	७१
२५	शुभकामनाः अमृत वर्षमा	७३
२६	कोप २६ र नेपालको प्रतिबद्धता	७५
२७	कोप २६ को उपलब्धि के ?	७८
२८	कोरोनासँगै अब लङ्ग कोरोना	८१
२९	सिएसआरविरुद्ध सिकेआर	८३
३०	चेत खुलोस्, मित्रहरू !	८६
३१	चर्चा नेपाली समाजवादको	८९
३२	कसरी निकास खोज्ने ?	९२
३३	एमसिसी गाथा	९५

विषय सूची

क्र.सं.	शीर्षक	पृष्ठ
३४	कोप-२६	९७
३५	चर्चा आफ्नै प्रदेशको	९९
३६	अब यसो गर्दा होला कि ?	१०२
३७	ओली बा भर्सेज देउवा	१०४
३८	चिन्ताको विषय	१०७
३९	सेकेन्ड बेस्टबाट अब गुड हैन्ड	१०९
४०	के दिए ओलीले र के पायो एमालेले ?	११२
४१	सबैको जय होस् !	११५
४२	यो हो संवैधानिक सर्वोच्चता	११८
४३	फर्स्ट बेस्टपछि अब सेकेन्ड बेस्ट	१२१
४४	किन हुँदैन विकास ?	१२४
४५	अब के होला ?	१२७
४६	किन अस्थिर छ हाम्रो राजनीति ?	१३०
४७	विश्व वातावरण दिवस र नेपाल	१३३
४८	कोरोना र बजेट	१३७
४९	फोहरी खेल	१४०
५०	कोरोना सङ्कट : एक चर्चा	१४३
५१	पर्खनुस्: तेस्रो लहर पनि आउँदै छ	१४६
५२	लङ्गट परले उधार के पाल	१४९
५३	सास फेर्न पनि गाह्रो भो, निगाह होस् सरकार !	१५१
५४	रनभुल्लमा राजनीति	१५४
५५	हैप्पी होली !	१५७
५६	कोर्स करेक्सन	१५९
५७	बल्झेको नेपाली राजनीति	१६१
५८	पीडाबोध	१६३
५९	बुझौं के हुँदैछ नेपालमा	१६५
६०	छिमेकीलाई शुभकामना !	१६८
६१	जाग्यो काङ्ग्रेस	१७१
६२	अगाडिको बाटो	१७४
६३	हामीलाई के चाहिएको छ ?	१७६
६४	चर्चा : विदेशी हस्तक्षेपको	१७८
६५	हामी सबै यस्तै छौं	१८०
६६	यही नै हो हाम्रो नियति	१८२

विषय सूची

क्र.सं.	शीर्षक	पृष्ठ
६७	अधिनायकवादी 'कु'	१८५
६८	यसरी रचिदैँछ प्रजातन्त्र नेपालमा	१८७
६९	राष्ट्र कि ओली ?	१९०
७०	बेलैमा चेतना आओस्	१९३
७१	बाइडेन र अमेरिकाको नेपाल नीति	१९६
७२	नेपाल-भारत सम्बन्ध-न्यु नर्मल	१९९
७३	प्रतीक्षा गरौं आउँदैछ परिवर्तनको चौथो लहर	२०२
७४	राजनीतिक चक्रव्यूह-२ वा गोयल तरङ्ग	२०५
७५	राजनीतिको चक्रव्यूह	२०७
७६	कोरोना कहर: एक चर्चा	२०९
७७	चर्चा रेल सङ्ग्रहालयको	२१२
७८	ज्येष्ठ नागरिक दिवस-२०२०	२१५
७९	कस्तो अपरिपक्वता ?	२१८
८०	विकास किन हुँदैन ?	२२१
८१	काङ्ग्रेस जाग्ला ?	२२४
८२	कोरोना कहर	२२७
८३	धर्मको नाममा राजनीति	२३०
८४	कोरोना कहर: कहाँ चुक्यौं, कहाँ चुक्दैछौं	२३३
८५	मौद्रिक नीति र कोरोना सङ्कट : एक चर्चा	२३६
८६	मेड इन वीरगंज-२	२३९
८७	उस्तै-उस्तैको कुरा	२४२
८८	सीमा विवादले जन्म भएको नागरिकता विवाद	२४५
८९	हाम्रो सीमा विवाद	२४९
९०	व्यवस्थित वीरगंज अभियान	२५३
९१	एमसिसी अन्तरकथा	२५५
९२	बजेट, वातावरण र कोरोना	२५८
९३	लकडाउन अनन्त; लकडाउन कथा अनन्ता	२६३
९४	कस्तो छ कोरोना प्रतिरक्षाको तयारी	२६५
९५	किन खोल्नुपर्छ लकडाउन-३	२६९
९६	किन खुलाउने लकडाउन-२	२७२
९७	कोरोना प्रभाव: एक चर्चा	२७५
९८	किन खुलाउने लकडाउन- १	२७९
९९	अब के गर्ने ?	२८२

विषय सूची

क्र.सं.	शीर्षक	पृष्ठ
१००	कोरोना: अब के हुन्छ ?	२८६
१०१	एकान्तवासका केही कुराहरू	२८९
१०२	भारतीय बजेट र नेपाली बजारमा प्रभाव	२९१
१०३	समाचार बन्न नसकेको समाचार	२९४
१०४	कोरोना : भ्रम र यथार्थ	२९७
१०५	प्रमको जन्मदिन विवाद ?	२९९
१०६	परिवेश- २	३०२
१०७	परिवेश- १	३०५
१०८	डु नट फरगेट माइ ब्लड: गणेशमान दाइ	३०८
१०९	बलिदानी दिवस: एक चर्चा	३११
११०	निर्वाचित तानाशाही ?	३१३
१११	एमसिसी र राजनीति ?	३१६
११२	कान्तिपुर इकोनोमिक समिट: २०२०	३१९
११३	पोखरी र सौन्दर्यीकरण	३२१
११४	नेपालमा समाजवाद-१	३२३
११५	नेपालमा समाजवाद-२	३२६
११६	नेपालमा समाजवाद-३	३२९
११७	बिजुलीको अर्थ	३३२
११८	पानी काला कि मन ?	३३५
११९	विश्व हिन्दू आर्थिक मञ्च: नयाँ विस्तार	३३८
१२०	हाम्रो अर्थतन्त्रका सङ्केतहरूको अर्थ	३४१
१२१	सी भ्रमणको इतिवृत्त	३४४
१२२	किन हुँदैन नेपालमा विकास ?	३४७
१२३	गाँधीवाद कि पपुलिजम	३५०
१२४	सि दीक्षा	३५२
१२५	चिन्ता विकासको	३५५
१२६	नेपाली अर्थतन्त्र: एक चर्चा	३५८
१२७	नेपालको आर्थिक चिन्ता	३६१
१२८	जेरोन्टोक्रेसी अर्थात् वृद्धतन्त्रको चर्चा	३६४
१२९	बल्झिंदा राजनीतिक आयामहरू	३६७
१३०	नयाँ आवको बजेट: एक चर्चा	३७०
१३१	महानगर: शैक्षिक भविष्य	३७२
१३२	वीरगंज लाइफ-सिटी	३७४

विषय सूची

क्र.सं.	शीर्षक	पृष्ठ
१३३	नेपालमा समाजवादको खोजी	३७७
१३४	फर्केर हेर्दा	३८०
१३५	वायु प्रदूषण र नेपालमा यसको जोखिम	३८२
१३६	समृद्धि सपना, प्रादेशिक विकास बहस	३८४
१३७	सन्दर्भ विश्व वातावरण दिवस र नेपाल	३८७
१३८	के यही सङ्घीयता हो ?	३९०
१३९	के यही सङ्घीयता हो ? (२)	३९३
१४०	कस्तो होला नव वर्ष २०७६	३९६
१४१	नव वर्ष २०७६ (२)	३९८
१४२	नव वर्ष २०७६ : दीर्घकालीन सोच (२)	४००
१४३	उडायो सबै हुरीले	४०२
१४४	तेस्रो लगानी सम्मेलन	४०४
१४५	पानी कि परमाणु ?	४०६
१४६	शुभकामना	४०८
१४७	वीरगंजमा ट्राफिक आइल्यान्ड	४११
१४८	श्वेत पत्रः नाउक्षे अस्पताल हाम्रो अनुभव-१	४१४
१४९	नाउक्षे अस्पताल हाम्रो अनुभव-२	४१७
१५०	खतरामा प्रजातन्त्र	४२१
१५१	हाम्रा अर्थतन्त्रका चुनौतीहरू	४२४
१५२	येल्लो भेस्ट कि 'कू'	४२६
१५३	सुक्दै गएको वीरगंज	४२८
१५४	प्रदूषणमुक्त वीरगंज	४३०
१५५	श्री ५ ओली सरकार	४३२
१५६	नेपाल-अमेरिका सम्बन्ध	४३४
१५७	विकल्पको खोजी	४३६
१५८	सङ्घीयता र अधिकार	४३९
१५९	सुझाव नेपाली काङ्ग्रेसलाई	४४१
१६०	बेटर हाफको चिन्ता	४४३
१६१	वायु प्रदूषणः समस्या र समाधान	४४५
१६२	विपीको समाजवाद र नेपाल	४४७
१६३	स्मार्ट सिटी-मेगा सिटी	४४९
१६४	गलत संविधान	४५१
१६५	गरिबी र गर्मी	४५४

विषय सूची

क्र.सं.	शीर्षक	पृष्ठ
१६६	के प्रजातन्त्र मर्दैछ ?	४५७
१६७	नेपाली अर्थतन्त्रको मार्गचित्र	४६०
१६८	नेपाली अर्थतन्त्रको मार्गचित्र-२	४६२
१६९	बेथितिको यो रूप	४६४
१७०	ज्येष्ठ नागरिकप्रति दुर्व्यवहार	४६६
१७१	राजतन्त्र कि गणतन्त्र	४६९
१७२	वीरगंज महानगर नियाल्दा	४७१
१७३	छिमेक र नेपाल	४७३
१७४	प्रमको भारत भ्रमण सफल कि असफल	४७५
१७५	प्रधानमन्त्रीको भारत भ्रमण	४७७
१७६	अल्पविकसितको अल्पविकसित नै	४७९
१७७	इयु र नेपालको राजनीति	४८१
१७८	प्रचण्ड बधाई : ओलीजीलाई	४८४
१७९	वर्तमान राजनीति र प्रम देउवा	४८६
१८०	बदलिंदो क्षेत्रीय राजनीति र नेपाल	४८८
१८१	चुनाव र वर्तमान राजनीति	४९०
१८२	कुरा फेरि मधेसकै	४९३
१८३	असल छिमेक	४९५
१८४	यस्तो छ २ नं. प्रदेशको सामर्थ्य	४९८
१८५	तातेको तराई	५००
१८६	महाभूकम्पलाई सम्झिदा	५०२
१८७	भूकम्पमा राजनीति	५०४
१८८	कुरा फेरि भूकम्पकै	५०६
१८९	भूकम्प र बालबालिका	५०८
१९०	विनाशकारी भूकम्प र वैदेशिक सहयोग	५१०
१९१	कसरी भयो होला यो चमत्कार	५१२
१९२	संविधान र साम्प्रदायिकता	५१४
१९३	कहिले सप्रिने हो ?	५१६
१९४	कस्तो हुनुपर्छ संविधान ?	५१८
१९५	शुभकामना	५२०
१९६	शान्ति, सहनशीलता र संयम	५२२
१९७	मुस्कानसहितको सेवा	५२४
१९८	मेलमिलापबिनाको संविधान ?	

विषय सूची

क्र.सं.	शीर्षक	पृष्ठ
१९९	कसरी आयो यस्तो संविधान ?	५२८
२००	संविधानमा सङ्घीयता र विदेशी चासो	५३१
२०१	के पायौं के गुमायौं १	५३३
२०२	लम्बिदो मधेस आन्दोलन र नेपालको भविष्य	५२६
२०३	चुरो मधेस आन्दोलनकै	५३८
२०४	नाकाबन्दीको राजनीति	५४०
२०५	धराशयी अर्थतन्त्र : चुच्चे राष्ट्रवाद	५४३
२०६	को कहाँबाट भाग्छ त्यसको सङ्केत देखिँदैछ	५४६
२०७	चर्चा फेरि नाकाबन्दीकै	५४८
२०८	जनता नै अघि सर्नुपर्छ	५५१
२०९	के लेखुँ के नलेखुँ !	५५३
२१०	फेरि मधेस आन्दोलनकै कुरा	५५५
२११	अलबिदा सुशीलदा	५५७
२१२	नेपाल-भारत कूटनीति	५५९
२१३	महाधिवेशनपछिको राजनीति	५६१
२१४	ओलीको चीन भ्रमण र ललिपप सम्झौता	५६३
२१५	भारत र ईयुको संयुक्त वक्तव्य	५६५
२१६	चर्चा फेरि आर्थिक जगत्कै	५६८
२१७	गरिबी र मधेस	५७०
२१८	सन्दर्भ- मई दिवस २०७१	५७२
२१९	तेलको राजनीति	५७४
२२०	नमोमय भारत	५७६
२२१	कृषिको राजनीति	५७८
२२२	रेमिटयान्सको मूल्य	५८०
२२३	मधेस डटकम	५८२
२२४	विश्व वातावरण दिवस र वीरगंज	५८४
२२५	सपनाहरु	५८६
२२६	विद्युत्मा राजनीति	५८८
२२७	नीति तथा कार्यक्रम: एक परिचर्चा	५९०
२२८	सफाइ सक्रियता र परिणति	५९२
२२९	महामानवलाई शतवार्षिकीमा सम्झँदा	५९४
२३०	मानवीय संवेदनहीनता	५९७
२३१	गीता र व्यवस्थापन	५९९

विषय सूची

क्र.सं.	शीर्षक	पृष्ठ
२३२	विश्व बैंक: ब्रिक्स र सार्क	६०२
२३३	निरोगी देशको रोगी राजनीति	६०४
२३४	स्वास्थ्यको सही पूर्जा	६०६
२३५	अँध्यारोबाट उज्यालोतर्फ	६०८
२३६	गए कृष्णका नन्दप्रसाद	६१०
२३७	भीष्म प्रतिज्ञा	६१२
२३८	सन्दर्भ: नेपाली राजनीति	६१४
२३९	बुद्धिहीन मोहुजानकै समुरौपवनकुमार	६१७
२४०	सार्कलाई हेर्दा	६१९
२४१	पानीले पनि लिन्छ ज्यान	६२१
२४२	सार्क, मोदी र नेपालको संविधान	६२३
२४३	मोदीकरण (१)	६२५
२४४	मोदीकरण (२)	६२७
२४५	यसरी सोच्ने हो कि ?	६२९
२४६	क्षति न्यूनीकरण	६३१
२४७	माघ ८ र संविधान	६३४
२४८	सँगसाथको एक दशक	६३६
२४९	भारतको गणतन्त्र दिवस र नेपालको संविधान	६३८
२५०	सर्वसम्मत संविधान: मृगतृष्णा	६४०
२५१	सन्दर्भ : अन्तर्राष्ट्रिय महिला दिवस	६४२
२५२	तराई कि मधेस: कलैया कि सिमरा	६४४
२५३	ती अभिभावकलाई सम्झँदा	६४७
२५४	कर्णेल लामा प्रकरण	६४९
२५५	छरिएका समस्या, समाधान र हाम्रो नियत	६५१

स्थानीय तह निर्वाचन : एक चर्चा

यो लेख प्रकाशित हुँदासम्म करीब ९० प्रतिशत परिणाम घोषणा भइसकेको हुनेछ। तथापि अहिले देखा परेको राजनैतिक दलहरूको स्थान परिवर्तन हुने सम्भावना भने न्यून वा शून्य नै छ। नेपालको स्थानीय निर्वाचनको इतिहास हेर्दा यसलाई लघु जनमत सङ्ग्रह नै भन्न सकिन्छ किनभने स्थानीय तहमा बहुमत प्राप्त गरेको दलले नै संसद्मा बहुमत प्राप्त गर्ने परम्परा रहेको छ। यस यथार्थलाई बुझेको कारणले नै गठबन्धनका दलहरूले मिलेरै चुनावमा जाने रणनीति अख्तियार गरेका हुन्, जुन अहिले नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड एवं जनता समाजवादीका नेताहरूको निर्वाचन परिणाममाथिको प्रतिक्रियाबाट बुझ्न सकिन्छ। निर्वाचनको अहिलेसम्मको नतीजा हेर्दा गठबन्धनका सबै दलहरूले चाहेको अवस्था प्राप्त गरेको देखिन्छ। नेपाली काङ्ग्रेस, एमालेलाई विस्थापित गर्दै पहिलो दल बनेको छ भने माओवादीले पनि सम्मानजनक तेस्रो स्थान बनाएको छ। एकीकृत समाजवादी र जसपाको अवस्था पनि सुधारोन्मुख नै रहेको देखिन्छ। तर लोकतान्त्रिक समाजवादी भने सबैभन्दा खराब अवस्थामा रहेको देखिएको छ।

अब बाँकी रहन्छ एमाले। यो प्रथम स्थानबाट झरेर दोस्रो स्थानमा पुगेको छ। यस स्थानलाई सम्मानजनक भन्न सकिए पनि दुईतिहाईको बहुमत प्राप्त दलको यो अवस्था किन भयो भन्नेबारे विश्लेषण हुन जरुरी छ। सत्ता र शक्तिको मदमा रहेको एमालेभन्दा पनि त्यसका सर्वशक्तिमान अध्यक्ष एवं पूर्वप्रधानमन्त्री ओलीलाई सत्ता गठबन्धन बन्न सक्ला र बने पनि सीट बाँडफाँडमा हुने विवादको कारण यो सफल होला भन्ने विश्वास नै थिएन। यो कुरा निर्वाचन प्रचारप्रसारका दौरान उनले आफ्नो भाषणाको क्रममा गठबन्धनका दलहरूलाई 'भुसुना टालाटुली बटुली' र 'पाँच किलोको ढक' र आफूलाई क्विन्टलसम्म भन्न भ्याएका थिए। तर जब अन्तिम समयमा गठबन्धनमा सीटको बाँडफाँडको कुरा मिल्यो ओली र उनको दल पहिलोपटक सशङ्कित बन्न पुग्यो, जसको फलस्वरूप उसले पनि नेपाल परिवार दल र राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालसँग चुनावी तालमेल गऱ्यो। निर्धारित मितिमा चुनाव सम्पन्न भई मतगणना शुरू भएको दुई दिनमैं एमालेका महासचिव शङ्कर पोखरेल चुनावमा तीन चरणमा– अर्थात् चुनाव अघि, चुनाव हुँदै गर्दा र चुनावपछिसमेत व्यापक धाँधली भएको वक्तव्य दिन पुगे। सामान्यतया दलहरू एवं पर्यवेक्षक, पत्रकार र विपक्षी दलले समेत चुनाव चलेको बेलादेखि गणना हुनुपूर्व नै यस्ता समाचार र वक्तव्य ल्याउने गरेको परिपाटी रहेको भएपनि एमालेले दुई दिनको मतगणनाको परिणाम देखेर यस्तो वक्तव्य जारी गरेको भन्न सकिन्छ। एमालेबाहेक अन्य कुनै स्रोतबाट यस्तो भएको जानकारी भने अहिलेसम्म प्राप्त भएको छैन।

कुन दलले कति सङ्ख्यामा जीत हासिल गर्छ भन्ने कुरा निश्चित हुन अझ एक साता लाग्ने अनुमान गरिए पनि प्रकाशित नतीजाले फेरि एकपटक माओवादीलाई किङ्गमेकरको भूमिकामा राखिदिएको पाइन्छ । त्यसैले कमरेड ओलीले प्रचण्डसमक्ष दूधभात बोकेर एमाले नेता विष्णु पौडेल र ईश्वर पोखरेललाई पठाएको बुझिन्छ । उता नेकपा माओवादीमा नारायणकाजी श्रेष्ठले कम्युनिस्ट एकताको नाउँमा एमालेसँग मिल्न सकिने सङ्केत गरिसकेका छन् भने अर्का प्रभावशाली नेता वर्षमान पुन एवं नेकपा माओवादी अध्यक्ष कमरेड प्रचण्डले भने गठबन्धनलाई संसदीय निर्वाचनसम्म र पछि पनि निरन्तरता दिनुपर्ने भनाइ अघि सारेका छन् । एमसिसी अनुमोदनपश्चात् नेकपामा समेत विद्रोहको स्वर उठेको र अध्यक्षको हैसियतमा प्रचण्डको अवस्था अलि कमजोर देखिए पनि यस निर्वाचनले उनको साख पुनः स्थापित गरेको छ । तर अहिलेसम्मको उनको चञ्चल स्वभाव कायम नै रहने हो भने भोलि के हुन्छ भन्ने अवस्था नरहे पनि पहिलो प्रधानमन्त्रित्वकालको कटुवाल प्रकरण, एमालेसँग मिल्न जाँदा बटुलेका तीता–मीठा अनुभव र गठबन्धनमा बस्दा प्राप्त भएको अनुभवले पक्कै पनि उनलाई थप गम्भीर र जिम्मेवार बनाएको हुनुपर्छ । तसर्थ उनले प्राप्त नतीजाको आधारमा स्थायित्व एवं नैतिकतालाई स्थान दिनेछन् वा पद र शक्तितिर लाग्नेछन् आउँदा दिनमा देखिने छ । तर यस चुनाव परिणामले जनताको चेतनाको स्तर सबै दलका नेताहरूलाई बुझाइदिएको हुनुपर्छ । काठमाडौंमा बालेन्द्र शाहजस्तै धनगढी, धरान र जनकपुर तथा धरानमा जसरी आम नागरिकले स्वतन्त्र उम्मेदवारलाई समर्थन गरेका छन्, त्यसबाट आम नेपाली जनता काम गरेर देखाउन सक्ने जनप्रतिनिधि चाहन्छ भन्ने देखिएको छ । त्यसैगरी, पालिकाहरूमा समेत नयाँ र युवा उम्मेदवारहरूको विजयले पनि यही सन्देश दिएको छ । यसपालि निर्वाचित पदाधिकारीहरूले आफ्नो जिम्मेवारी पूरा गरेछन् भने नेपालको आगामी स्थानीय निर्वाचन देशभरिकै लागि नेतृत्व युवा पुस्तामा हस्तान्तरण गर्ने अभियानको थालनी हुनेछ । नेताहरूबाट यो नहुने देखेर जनता यसको लागि आफैं अगाडि सरेको सन्देशसमेत यो निर्वाचनले दिएको छ । निर्वाचन परिणामले एमालेलाई समेत सद्बुद्धि दिएको छ किनभने उसले संसद् अवरुद्ध गर्ने कार्यलाई अब निरन्तरता नदिने भएको छ ।

२०७९ जेठ ११ गते बुधवार

चर्चा अर्थतन्त्रकै

स्थानीय चुनावलगत्तै अब देश बजेटको चर्चाले भरिने छ। यस वर्ष १८ खर्बको बजेट आउने अनुमान गरिँदै छ। स्थानीय चुनावमा गठबन्धनले गरेको वाचा र आसन्न संसदीय निर्वाचनलाई ध्यानमा राख्ने हो भने सरकारसँग लोकप्रिय र चुनावमुखी बजेट ल्याउनुको

प्रदेश	आर्थिक वृद्धिदर	कुल गार्हस्थ्य उत्पादन
१	५.४ प्रतिशत	७ खर्ब ६३ अर्ब
गण्डकी	६.२ प्रतिशत	४ खर्ब ३२ अर्ब
लुम्बिनी	५.४ प्रतिशत	६ खर्ब ८५ अर्ब
सुदूरपश्चिम	४.९ प्रतिशत	३ खर्ब ३९ अर्ब

विकल्प पनि छैन। पूँजीगत शीर्षकको बजेट नै खर्च नहुने अवस्थामा अनुत्पादक क्षेत्रमा बजेट खर्चिनु आर्थिक स्वास्थ्यको लागि नराम्रो भए पनि सत्तामा बसिरहन यो सरकारको बाध्यता हुन पुगेको छ। गठबन्धन सरकारमा सम्मिलित दलहरूले अगाडि सारेको घोषणापत्रका २५ कार्यक्रमहरू पनि संसदीय चुनाव अघि कार्यान्वयन हुन सकेन भने गठबन्धनलाई संसदीय चुनावमा जीत हासिल गर्न अत्यन्त अप्ठ्यारो हुने देखिन्छ। यस्तो अवस्थामा सरकारले दशवटा विलासिताका वस्तुहरूको आयातमा रोक लगाएको छ। यस रोकको उद्देश्य विदेशी मुद्राको सञ्चिति बढाउनु हो भन्ने बुझिन्छ। तर वास्तविकता बेग्लै छ। तथ्याङ्कको आधारमा रक्सी, ताश तथा स्न्याक्सहरूको प्रतिबन्धले खासै सञ्चिति हुने अवस्था देखिँदैन किनभने करीब १९ सय किलोमिटर खुला सिमानाबाट भारतीय उत्पादनहरू सेटिङबाट नेपाल आउन कहिले रोकिएको छैन। तर वाहनको हकमा भने चालू आवको आयात खुला भएसम्म ४७० मिलियन अमेरिकी डलर खर्च भइसकेको थियो। यो कुल आयातको ८ प्रतिशत हुन आउँछ। यसको आयातबाट सरकारलाई ठूलो राजस्व पनि प्राप्त हुन्छ किनभने यसको कारखाना मूल्यमाथि २५० प्रतिशतसम्म कर लगाइएको हुन्छ।

यसबाहेक प्रतिबन्धको सूचना लिक भएको कारण प्रतिबन्ध लाग्नु अगावै ६ सय गाडीको एलसी खोलिएको समाचारमा कुनै सत्यता छ भने झन् यस प्रकारको कदमको कुनै औचित्य नै रहन्न। नेपालको विदेशी मुद्राको मुख्य आयस्रोत रेमिट्यान्स र पर्यटन नै हो। यसबाहेक निर्यात, वैदेशिक सहयोग, लगानी र पेन्सन हो। निर्यातको सम्बन्धमा सरकारी तथ्याङ्क ठीक भए पनि वास्तविकतामा आधारित छैन। हामीले सबैभन्दा बढी निर्यात गरेको वस्तु तेल हो, जस अनुसार हाम्रो कुल निर्यात गत वर्षको भन्दा ८२.९ प्रतिशतले बढेर १४७.७५ करोड हुन पुगेको छ। तर यसमध्ये सबैभन्दा बढी निर्यात तेलको भएको छ जुन नेपालमा उत्पादन नहुने भएकोले डलरमा खरीद गरेर हामी भारतमा भारतीय मुद्रामा निर्यात गर्छौं। यसरी नेपालले डलर खर्च गरेको तुलनामा नेपालले पाउने प्रोसेसिङ मूल्य र मुनाफा मात्रै हो, जसको हिस्सा अत्यन्त न्यून हुन्छ। कमोबेस यही अवस्था पोलिस्टर धागो र उनी गलैंचाको पनि छ।

देशभित्र ओली सरकारको पालामा असन्तुलित भएको वैदेशिक सम्बन्धका कारण प्रतिबद्धताको कुल २३ प्रतिशत मात्र वैदेशिक सहयोग प्राप्त भएको देखिन्छ भने वैदेशिक लगानीमा चालू आवमा १६ बिलियन रुपियाँ मात्र भित्रिएको देखिन्छ । यस्तो अवस्थामा ठूलो आकार अर्थात् १८ खर्बको बजेट बनाउँदा आन्तरिक राजस्वतर्फ प्रत्यक्ष र अप्रत्यक्ष करको दर वा दायरा बढाउनुपर्ने बाध्यताका साथै आन्तरिक एवं बाह्य ऋणको भार बढ्न गई अर्थतन्त्रमा थप जटिलता उत्पन्न हुने सङ्केत देखिन्छ । किनभने बैंकहरू आर्थिक तरलताको अवस्थाबाट गुज्रिरहेका छन् । र विभिन्न कारणले मुद्रा स्फीतिसमेत ७.१४ प्रतिशत पुगिसकेको छ ।

यसै बेला केन्द्रीय तथ्याङ्क विभागले प्रदेशगत रूपमा यस वर्ष समग्र देशको आर्थिक वृद्धिदर ६.७ प्रतिशत रहने, प्रक्षेपणको आधारमा अनुमान प्रस्तुत गरेको छ । यस अनुसार बागमती प्रदेश सबैभन्दा ठूलो अर्थतन्त्र र बढी आर्थिक वृद्धिदर भएको प्रदेशको रूपमा देखिएको छ । चालू आवमा कुल गार्हस्थ्य उत्पादन १७ खर्ब ९१ अर्ब हुने र यसले राष्ट्रिय अर्थतन्त्रमा ३६.९ प्रतिशत योगदान गर्ने देखिएको छ । बागमती प्रदेशको राष्ट्रिय जिडिपीमा २५.१ प्रतिशतको योगदान हुने अपेक्षा गरिएको छ । यसैगरी सबैभन्दा कम वृद्धिदर हासिल गर्ने प्रदेशको रूपमा मधेस प्रदेश र कर्णाली प्रदेशको पहिचान भएको छ । मधेस प्रदेशको यस वर्षको आर्थिक वृद्धिदर ४.८ प्रतिशत रहने र कुल गार्हस्थ्य उत्पादन ६ खर्ब ४४ अर्ब हुने भई राष्ट्रिय अर्थतन्त्रमा १३.२ प्रतिशतको योगदान रहने अनुमान छ । मधेस प्रदेशमा कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान कृषि क्षेत्रको ३४.३ प्रतिशत रहने भनिएको छ । त्यसैगरी कर्णाली प्रदेशको आर्थिक वृद्धिदर ५.५ प्रतिशत रहने अनुमानको आधारमा कुल गार्हस्थ्य उत्पादन १ खर्ब ९८ अर्ब पुग्ने र राष्ट्रिय अर्थतन्त्रमा यसको योगदान ४.१ प्रतिशत रहने देखिन्छ ।

तथ्याङ्क विभागको यो रिपोर्ट अध्ययन गर्दा बागमती प्रदेशमा मात्रै थोक र खुद्रा व्यापारको योगदान २५.१ प्रतिशत रहेकोबाहेक बाँकी सबै प्रदेशहरूमा जिडिपीमा सबभन्दा बढी योगदान कृषि क्षेत्रको रहेको देखिन्छ । जुन यस प्रकार छः

प्रदेश १- ३३.१ प्रतिशत	मधेस प्रदेश- ३४.३ प्रतिशत
गण्डकी प्रदेश- २६.० प्रतिशत	लुम्बिनी प्रदेश- २९.४ प्रतिशत
कर्णाली प्रदेश- ३१.५ प्रतिशत	सुदूरपश्चिम प्रदेश- ३३.५ प्रतिशत

सरकारकै तथ्याङ्क विभागले प्रकाशित गरेको ये रिपोर्टले के देखाउँछ भने अझै पनि सबैभन्दा ठूलो अन्नदाता, रोजगारदाता एवं अर्थतन्त्रको टेवादाता कृषि क्षेत्र नै छ । तर प्रजातन्त्र स्थापनाको तीस वर्ष बितिसक्दासमेत कृषि आधुनिकीकरणको जतिसुकै नारा दिए पनि न एउटै नयाँ सिंचाइ योजना आयो न पुरानै पूरा भयो । उन्नत बीउ-बिजन, मलखाद एवं कृषि प्राविधिक सेवासमेत अत्यन्त न्यून स्तरमा रहँदा पनि कृषिले अर्थतन्त्र सम्हाल्न ठूलो मदत गरेको छ । त्यसो भए यो यति विधि उपेक्षित किन छ ? आउँदो बजेटमा सरकारले राष्ट्रिय उद्योगहरूलाई टेवा दिन निकासी-पैठारी दरमा निकै हेरफेर गर्ने सुनिएको सन्दर्भमा कृषि क्षेत्रतर्फ समेत उद्योग र पर्यटन जतिकै वा साँच्चै भन्ने हो भने कृषिलाई सबभन्दा बढी प्राथमिकतामा राखी नीति निर्माण गर्नु जरूरी छ ।

२०७९ जेठ ०४ गते बुधवार

एकता र राष्ट्रियता

प्रत्येक वर्षको पुस २७ गते नेपालमा पृथ्वीनारायण शाह (विसं १७७९–१८३१) लाई ससाना बाइसे/चौबीसे राज्यलाई एकत्रित गरी बृहत् नेपालको सिर्जना गर्ने राजाको रूपमा सम्झिने गरिएको छ । यस दिनलाई राष्ट्रिय एकता दिवसको रूपमा मनाइन्छ । पृथ्वीनारायण शाहले करीब २५० वर्षअघि हिमालयको दक्षिणी भेगमा रहेका ससाना राज्यहरूलाई एकत्रित गरेर पूर्वमा टिस्टा नदी, दक्षिणमा मगध र पश्चिममा सतलज नदीसम्म विस्तार गरेका थिए । २० वर्षको उमेरबाट शुरू भएको यो अभियान लगातार ३३ वर्षसम्म चलेको थियो । कालान्तरमा भारतमा मुगल साम्राज्यको पतन र इस्ट इन्डिया कम्पनीले व्यापारीको रूपमा भारत प्रवेश गरेर उपनिवेश बनाइसकेपछि सन् १८७१ बाट शुरू भएको नेपाल–भारत युद्धपश्चात् नेपाल पराजित भएपछि सुगौली सन्धि सम्पन्न भयो । जस अनुसार वर्तमान सिमाना कायम भयो र ग्रेटर नेपाल खुम्चिन पुगेको बुझिन्छ ।

नेपालमा विसं १८६३ देखि २०७८ सालसम्ममा ३९ जना प्रधानमन्त्री हुनुभएका रहेछन्, जसमा राणाकालमा १६ जना र पञ्चायत एवं प्रजातन्त्र कालमा गरी २२ जना हुनुभएका छन् । राणाकालमा त राणाहरूले तानाशाही शासन गरे तर ३० वर्षको पञ्चायतमा समेत राजाकै सक्रिय शासन रह्यो तर यसबाट अपेक्षित विकास भएन भनेर २०४५ सालको जनआन्दोलनको माध्यमबाट देशमा संवैधानिक राजतन्त्रको स्थापना भयो र त्यसपछि माओवादी युद्ध, ज्ञानेन्द्रको 'कू' गरी अनेक राजनीतिक उतारचढाव हेर्दै गणतन्त्रसमेतको स्थापना भएको ५–६ वर्ष बितिसकेको छ । ३२ वर्षको प्रजातान्त्रिक नेपालमा पार्टीमाथिको प्रतिबन्ध फुकुवा भएपछि र शासन जनताको हातमा आएर जनताबाट निर्वाचित प्रतिनिधिहरूले देशको शासन सञ्चालन गरिरहेका सन्दर्भमा नेपालका राजनीतिक दलहरू, जो बराबर सत्तामा रहेका छन्, को चर्चा गर्नु अस्वाभाविक हुनेछैन ।

सर्वप्रथम नेपाली काङ्ग्रेसको कुरा गरौं । विपीको विचार र सिद्धान्तबाट निर्देशित रहेको यो पार्टीले विपी सँगसँगै गणेशमान सिंह, सुवर्ण शम्शेर र कृष्णप्रसाद भट्टराईको विरासतसमेत बोकेको छ । विपीको नेपालको सन्दर्भमा समाजवाद भनेको 'प्रत्येक गरीबको घरमा एउटा दूध दिने गाई हुनु हो'बाट हिंडेको यो दलले Goal Succession को सट्टा Displacement गर्दै कलबलगुडी सम्मेलनबाट नेपाली काङ्ग्रेसको समाजवादको परिभाषालाई उन्नतिको समान अवसर भनेर रूपान्तरित गरिदियो । खुला बजार अर्थनीतिको अवलम्बन गरेर व्यवसाय त यतिविधि फस्टायो कि नेपालको अर्थतन्त्र रेमिटचान्सपछि यसैले अहिले पनि धानेको छ तर उदारीकरणको नाममा शुरू गरिएको निजीकरणले उद्योगधन्दातर्फ खासै प्रगति भने देखिंदैन । यसका महाधिवेशनहरू पनि सभापतिको चुनाव र जित्नेले मन पराउनले सत्ताभोग गर्न पाउने संस्कृति बोकेको पाइन्छ । योग्यताको कदर गर्न जानेको छैन । कोशी, गण्डक र टनकपुर हात तल पारेर सन्धि गरेको आरोप बोक्दै आएको छ । सत्ताउन्मुख भएको कारण यस दलमा समेत वैचारिक छलफल हुन छाडेको छ । तर २०४६ सालपछि यसले अपनाएको आर्थिक

उदारीकरणको नीतिले औद्योगिक क्षेत्रमा खासै प्रगति नगरे पनि सेवा र व्यवसाय क्षेत्रमा भने देशले राम्रै प्रगति गरेको मानिन्छ। २०४६ देखि २०५२ सम्मको अवधिलाई नेपाली अर्थतन्त्रको सुनौलो अवधि भन्ने गरिएको छ। तर काङ्ग्रेसको शासन अवधि पनि भ्रष्टाचारमुक्त भने रहेन।

एमाले र नेकपा

पञ्चायतकालदेखि नै आफ्नो अस्तित्वलाई जीवन्त बनाइराख्न विपीको विरोध गर्दै पञ्चायतबाट फाइदा लिन विभिन्न टुक्रामा विभाजित नेपालका कम्युनिस्टहरूलाई २०४६ सालको जनआन्दोलनताका नेकाका नेता स्व गणेशमान सिंहले नै मोर्चा बनाएर एक ठाउँमा उभ्याउनुभएको हो। तत्पश्चात् एमाले बन्यो र नेकाको किचलोपछि उसको सरकार पनि बन्यो। त्यहाँबाट हिंड्दै यो दल नेकपामा समेत परिवर्तित भएर दुई तिहाइ बहुमतसमेत हासिल गरे पनि यसले देशको लागि कुनै दीर्घकालीन निर्णय गरेको पाइँदैन। विपक्षमा बसेर यसले गरेको सबैभन्दा ठूलो काम २०४९ सालताका अरुण तेस्रो आयोजना बन्न नदिनु थियो। बाँकी सरकारमा रहँदा यसले पहिले पनि नियमित दैनिक कार्यहरूका साथै प्रचारमुखी कार्यहरू मात्र गरेको पाइन्छ। जस्तै नेकाले ल्याएको गाविसलाई ७० हजार अनुदान 'ग्रामीण स्वावलम्बन' अन्तर्गत दिएर क्षमता अभिवृद्धिका साथै अनुदान रकम बढाउने योजनालाई एकैपटक 'आफ्नो गाउँ आफैं बनाउ' शीर्षकमा पाँच लाख रुपैयाँ अनुदान दिएर लोकप्रिय मात्र बनाएन, बरु यसैका कारण स्थानीय निर्वाचनमा ठूलो सफलता पनि प्राप्त गऱ्यो।

त्यसैगरी, सामाजिक भत्ताहरूको रकम बढाएर लोकप्रियता कमाउने काम गऱ्यो। तर शासनको आफ्नो तमाम अवधिभरमा कहिले पनि मृत बनाइएका उद्योगहरूलाई पुनर्जीवित गर्ने प्रयास गरेन। २०५२ सालपछि माओवादी जनयुद्ध शुरू भयो। २०५८ मा पूर्वराजा ज्ञानेन्द्रको शासन शुरू भएर २०६२-६३ को आन्दोलनदेखि २०७२ सम्म अर्थात् १० वर्ष संविधान निर्माणको नाममा खेर फलियो। जारी भएको संविधानमा न जनताले दिएको राय समेटियो, न संविधानसभाको बैठकमैं यसबारे छलफल भयो। मधेसीबाहेक सबै दलका नेताहरूले बनाए र जारी गरे। विश्वकै सर्वोत्कृष्टमध्येको एक र दक्षिण एसियाको सर्वश्रेष्ठ घोषणा गरिएको यो संविधानले ५४ जनाको ज्यान लियो।

माओवादी

२०५२ सालबाट जनयुद्धको नाममा बन्दूकबाट परिवर्तन ल्याएर क्रान्ति गर्न हिंडेको यो दल अन्ततः १७ हजार जनतालाई मृत्युवरण गराएर संविधानसभाको अन्तो थापेर शान्ति प्रक्रियामार्फत बुलेटबाट ब्यालेटको राजनीतिमा प्रवेश गऱ्यो। पहिलो संविधानसभामा ठूलै बहुमत ल्याए पनि संविधान बनाउन र सम्झने लायक कुनै राष्ट्रियस्तरका राम्रो काम गर्न नसकेको यसले दोस्रो संविधानसभामा बहुमत पाउन सकेन। कालान्तरमा काङ्ग्रेससँग बनेको संयुक्त सरकार छाडेर एमालेसँग मिलेर नेकपा बनाउन पुगेको यो दल आफ्नो नेतागणको दूरदृष्टिका कारण आज फेरि 'पुनः मुसी भवः' चरितार्थ गर्दै माओवादी केन्द्रको रूपमा रहन पुगेको छ। आफ्नो शासन वा संयुक्त शासनकालमा समेत यसले कुनै अविस्मरणीय काम गरेको पाइँदैन।

मधेसी दलहरू

मधेसबाट राजनीति शुरू गरेर आज नामले मात्रै भएपनि राष्ट्रिय दलमा रूपान्तरित भएका यिनीहरू आज पनि अस्तित्वकै लडाइँ लड्दैछन् । यिनको नियति नै सत्तामा भाग पाउने अवसरको खोजी हुन पुगेको छ ।

आज फेरि नेकपा एमाले र माओवादी केन्द्र हुन पुगेको छ । महन्थजी, भट्टराईजी, उपेन्द्रजी र महतोजी ओडार नै खोज्दै हुनुहुन्छ । प्रचण्डजी र नेपाल समूह काङ्ग्रेससँग सत्तासीन भएपछि ओलीजीलाई यति रिस उठेको छ कि उहाँले संसद् नै चल्न दिनुभएको छैन । सर्वोच्चमा विचाराधीन मुद्दालाई लिएर यसरी संसद् अवरुद्ध गरेर देशको कसरी विकास गर्न खोज्नुभएको हो, त्यो ओलीजीबाहेक अरूलाई थाहा हुने कुरै भएन । बेसार र अम्बाको पातबाट कोरोना भगाउने, पानीजहाज चलाउने, घरघरमा ग्याँस पाइप पुऱ्याउन सक्ने नेताले जे पनि गर्न सक्नुहुन्छ ।

अहिले काङ्ग्रेस सरकारको चर्को आलोचना शुरू भएको छ । काम गर्न नसकेकोमा आलोचना हुनै पर्दछ तर विचार गर्नुस् त यो सङ्कट ओलीले आफू सत्तामा बसिरहन ल्याएका हुन् कि हैनन् ? आज काङ्ग्रेसले अग्रणी भूमिका खेलेर सरकार गठन नगरेको भए के ओली, प्रचण्ड र माधव समूहको संयुक्त सरकार सम्भव थियो ? र त्यो पनि नभएको देशको शासन कसले चलाउने थियो ? गुण र दोष नेपाली काङ्ग्रेसमा छ तर यसले सधैं आफ्नो चुनाव चिह्न अनुकूल देशलाई छहारी दिँदै आएको छ ।

त्यसैले अबको समय भनेको रामराज्यको कल्पनामा भौंतारिनुभन्दा सैद्धान्तिक विचलन र वैचारिक शून्यता उन्मुख यो दललाई बाटोमा ल्याउन आम नेपाली जनताको ठूलो भूमिका रहेको छ । यो भूमिकामा हामी अग्रसर हुनु र प्रश्न सोध्ने बानी बसाउने र अरूलाई पनि लगाउने हाम्रो प्रथम नागरिक दायित्व हो । दुईवटा मात्र दीर्घकालीन मुख्य मुद्दा (१) पूँजीगत शीर्षकको खर्च बढाउने र (२) राम्रो औद्योगिक नीति निर्माण एवं कार्यान्वयन गराउन सके छोटो समयमैं यो देशको कायापलट हुन सक्छ । आर्थिक सम्पन्नता हासिल भएमा एकता र राष्ट्रियता दुवै स्वतः बढेर जान्छ ।

२०७८ माघ ०५ गते बुधवार

स्थानीय निर्वाचन र काङ्ग्रेसको घोषणापत्र

यसपालिको स्थानीय निर्वाचन प्रक्रिया त्यही भए पनि यस अर्थमा भिन्न छ कि पहिलो संविधानसभामा जनताले माओवादीलाई विश्वास गरी बहुमत दियो तर उसले संविधान बनाउन नसकेर गराउनुपरेको दोस्रो संविधानसभामा जनताले एकल बहुमत कुनै दललाई नदिएकोले दलहरूले जुट्दै-टुट्दै सरकार बनाए र नयाँ संविधान जारी भयो। नयाँ संविधानपछि भएको निर्वाचनमा दलहरू पार्टीगतरूपमा जनता सामु गए र जनताले स्पष्टरूपमा एमालेलाई विश्वास गरेर दुईतिहाई बहुमत दिएर देशको विकास गर्ने अवसर प्रदान गऱ्यो। तर बाँदरको हातमा नरियल भनेजस्तै दुई-अढाई वर्षमैं सबै भताभुङ्ग भयो। यसपालि भने एमाले एक्लै पार्टीगतरूपमा चुनावमा छ भने नेपाली काङ्ग्रेस, पाँच दलीय गठबन्धन बनाएर पार्टीको नभई गठबन्धनको लागि भोट माग्ने काम गरिरहेको छ।

त्यसैले यसपालिको चुनाव मलाई भर्सेस मलाई नभई हामीलाई भर्सेस मलाई भएको छ। सधैं तलबाट माथि जाने गरेको सन्देश यसपालि माथिबाट तल आएको छ। यसलाई बुझाउने जिम्मेवारी गठबन्धनमा सम्मिलित सबै दलको कार्यकर्ताहरूको हो। तर आम कार्यकर्ता अलमलमा छ। त्यसैले जनता पनि अहिले स्पष्ट हुन सकेको छैन। यो अवस्था चुनावसम्म रहिरह्यो भने रद्द हुने भोट बढ्ने अन्तर्आत्माको कुरा सुन्नेहरूका कारण पनि अप्रत्याशित नतीजा आउन सक्छ। वीरगंज वा पर्सा जिल्लाकै कुरा गर्दा एकल काङ्ग्रेस पार्टी चुनाव लड्दा त भाग नपुगेर अन्तर्घातका कारण मेयर र संसद्को सिट गुमाउनुपरेको घटना अलि पुरानो भए पनि विस्मृत भइहालेको भने छैन।

गठबन्धनको उम्मेदवार नजित्दै काङ्ग्रेसबाट चैतेहरू जसपाा जसरी पलायन भइरहेको छ त्यो हेर्दा आउँदो दिन काङ्ग्रेसको लागि कष्टकर हुने देखिन्छ। स्थानीय तहमा वीरगंजमा जुन प्रकारले जसपा जिताउने काम कार्यान्वयन हुँदैछ त्यसको प्रभाव सम्पूर्ण जिल्लाको निर्वाचनमा पर्ने र जसपाले सम्पूर्ण बहुमत स्थानमा जीत वा सम्मानजनक जीत पनि हासिल पारे संसदीय निर्वाचनमा काङ्ग्रेसले आफ्नै सिट जोगाउन जसपा र एमाले दुवैसँग सङ्घर्ष गर्नुपर्ने अवस्था आउन सक्छ। यस निर्वाचनमा विशेष गरी १८-४० वर्ष उमेर समूहको Gen Next : Highly Professional without Committment जुन आत्मकेन्द्रित समूहको रूपमा Nuclear Family मा विदेश वा देशकै सम्भ्रान्त, कुलीन परिवारका सदस्यहरू पढ्ने विद्यालय कलेजमा पढेका छन् तिनको र निजी शैक्षिक प्रतिष्ठान जसमा राजनीतिको पाठ पढाइँदैन, बाट निस्केको युवा जमातले नै निर्णायक भूमिका खेल्ने देखिन्छ। यसबाहेक रु ५ हजार घटीमा मत नदिने गरी शिक्षित भएका मतदाता एकातिर छन् भने लिखित प्रतिबद्धता लिने अर्को समूह पनि देखिएको छ। यसप्रकार कुनै न कुनै कारण हाम्रो राजनीति तरङ्गित छ। तर केका लागि ?

सन् १९५० मा स्थापना भएको नेपाली काङ्ग्रेसले सन् १९९० मा प्रजातन्त्रको पुनर्स्थापनापश्चात् भित्र्याएको खुला अर्थनीतिले उद्योग क्षेत्रलाई खासै टेवा पुऱ्याए पनि व्यवसाय र सेवा क्षेत्रमा अत्यन्तै ठूलो सफलता प्राप्त गरेको कसैसँग लुकेको छैन। विगतमा काङ्ग्रेसले नव उदारवादको यो स्वरूप ग्रहण गर्दा सामाजिक सुरक्षा ओझेलमा

परेको र सामाजिक सुरक्षाको क्षेत्रमा चालेका कदमहरू लोकप्रिय हुनुको सट्टा राष्ट्रिय अर्थतन्त्रमा अनुत्पादक क्षेत्रको लगानी घटाउने खालका रहेकाले यसपालि काङ्ग्रेसले आफ्नो घोषणापत्रमा स्कैन्डनेवियन मुलुकमा प्रचलित From mother womb to tomb अर्थात् जन्मदेखि चिहानसम्मको नारालाई 'कोखदेखि शोकसम्म' को नाम दिएर सार्वजनिक गरेको छ। यो नाराको आधारमा गर्भवती महिलाहरूलाई निश्शुल्क परीक्षण एवं प्रसव सुविधाका साथ रु ५ हजार आर्थिक सहयोगसमेत प्राप्त हुनेछ।

त्यसैगरी ४० वर्षमाथि उमेर पुगेकाहरूको लागि रक्तचाप, मधुमेह अथवा चिनी, मिर्गौलाको समस्या एवं स्त्रीहरूको योनीको क्यान्सरको वर्षमा एकपटक निश्शुल्क परीक्षण सुविधा उपलब्ध हुनेछ। स्मरणीय छ, विगतमा काङ्ग्रेस सरकारकै पालामा डायलिसिस सेवा निश्शुल्क गरिनुका साथै स्वास्थ्य बीमाको समेत व्यवस्था भएको हो। नयाँ घोषणा अनुसार अब ६५ वर्ष उमेर नाघेकाहरूको निश्शुल्क बिमाको सुविधाका साथै सामाजिक सुरक्षा भत्तासमेत दिने घोषणा गरेको छ। यसका साथै सबै महिलालाई निश्शुल्क सेनिटरी प्याडसमेत वितरण गर्ने प्रस्ताव गरेको छ। सामाजिक सुरक्षा भत्ता प्राप्तिको उमेर घटाउने नेपाली काङ्ग्रेसको प्रस्तावलाई सस्तो लोकप्रियताको लागि भन्ने गरिए पनि वास्तविकता फरक छ। नेपालीको उमेर वा Life Expectancy 2020 मा ७१ वर्ष पुगेका भनिए पनि ५२ वटा यस्ता जिल्ला छन् जहाँ अहिले पीन औसत आयु ७० वर्षभन्दा मुनि छ। यसले विश्लेषणबाट के देखाउँछ भने आयस्रोत बढी भएका जिल्लामा बाँच्ने आयु बढेको छ र तिनले नै भत्ता पनि पाइरहेका छन्।

यस विभेदलाई हटाउन पहिले नै काङ्ग्रेसले ६५ वर्ष सामाजिक सुरक्षा भत्ता बाँड्ने निर्णय गरे पनि त्यसपछि बनेको ओली सरकारले यसलाई कार्यान्वयनमा ल्याउन चाहेन। यसबाहेक स्थानीय सरकारले आआफ्नो स्तरबाट विकास निर्माणको काम गर्ने नै छन्। वास्तवमा भन्ने हो भने काङ्ग्रेसले कलवलगुडीको आफ्नो महाधिवेशनबाट समाजवादलाई उन्नतिको समान अवसरमा रूपान्तरण गरेको नारालाई अब यथार्थमा कार्यान्वयनमा उतार्न खोजेको छ। त्यसैले सकेसम्म सबैले र त्यो नभए काङ्ग्रेसको परम्परागत ३५-३७ प्रतिशत मतदाताहरूले धक नमानी काङ्ग्रेसको पक्षमा मतदान मात्रै गरे पनि पार्टीले बहुमत हासिल गर्ने कुरामा दुई मत हुन सक्दैन।

२०७९ वैशाख २८ गते बुधवार

स्थानीय निर्वाचन : एक चर्चा

नेपालमा राजनीति उद्योगको रूपमा स्थापित भएको कुरा यसपालिको स्थानीय चुनावले सप्रमाण पुष्टि गरेको छ । विश्वास छैन भने हेर्नुस् केन्द्रीय नेताहरूसमेत स्थानीय निर्वाचनमा उम्मेदवार बन्न तँछाड-मछाड गरेको । माथि बस्दा भएको कमाइभन्दा स्थानीयमा बढी आकर्षण नहुँदो हो त सलामी पाइने पद छाडेर नपाउने पदमा आउनुपर्ने कुनै कारण देखिंदैन । यो त भयो नेताको कुरा, अब कुरा गरौं नोकरीको । सरकारी जागीर र खास गरेर शिक्षण पेशा छाडेर वा निवृत्त भएकाहरूको समेत स्थानीय निर्वाचनमा ह्वात्तै आकर्षण बढेको छ । नेताजीहरू जस्तै स्कूलमा भर्ना शुल्कदेखि लत्ताकपडा, किताब-कापी, विविध शुल्क एवं परीक्षा शुल्कका साथै दरबन्दीमासमेत लूट गरेर सिपालु बनेका गुरुज्यू एवं पूर्व नोकरशाहले टिकट पाएर चुनाव जित्नु नै भयो भने लूटको नयाँनयाँ रूप प्रस्तुत गर्न पछि पर्नुहुने छैन भनेर अविश्वास गर्ने कुनै कारण छैन ।

नेपाल प्रहरीकै कुरा गर्दा वरीयता उछिनेर भएको नियुक्तिबाटै यस संस्थाको अवस्थाबारे बुझ्न सकिन्छ । फलस्वरूप टाइगर, घुमुवा र चौकीमा खटेका भाइहरूसमेत दिनभर असूली गरेर बेलुकीपख देवतालाई प्रसाद बुझाएपछि आफ्नो भागसमेत पाउने गरेको सबैले देखेबुझेकै हो । किसानको कुरा गर्दा प्रजातन्त्र स्थापनापछिको तीस वर्षमा कुनै ठूलो सिंचाइ योजना नबन्यो न पूरा भयो । बरु भएकोलाई पुर्ने काम चाहिं भएको पाइयो । पानी नपाइने अनि बीउ, औषधि एवं मलको नाममा लूट भइरहेको छ । यति मात्र होइन, समर्थन मूल्य तोक्ने काममा समेत किसानको अनाज बिक्री भइसकेपछि समर्थन मूल्य तोकेर लुट मचाइएकै छ । यतिले नपुगेर अब किसानहरूले चुनाव प्रचारका कारण गाडी नपाएर तरकारीको भाउ घटेर किसान मरेको समाचारले लुटतन्त्रलाई थप बल पुऱ्याएको छ । स्वास्थ्य क्षेत्रमा समेत सरकारीले उपचार नगर्ने र निजी अस्पतालले गर्ने गरेको लुटतन्त्र हामी सबैले देखेभोगेकै छौं । यतिले मात्र नपुेर टिकट वितरणमा समेत लूटका कुराहरू सुन्दै आएका थियौं ।

यसपालि भने रूस-युक्रेन युद्धका कारण यसमा समेत चर्को मूल्य वृद्धि भएको छ । २०-२५ लाखसम्ममा पनि वडाध्यक्ष पदको टिकट बाँडिएको हल्ला प्रायः सबै पार्टीमा सुनिएको छ । यतिमात्रै होइन पार्टीले समेत अर्को पार्टीको प्रभावशाली कार्यकर्तालाई पैसा एवं पदको प्रलोभन दिई दल परिवर्तन गराएको समाचारहरू पनि यदाकदा सुन्न थालिएको छ । तर यसपालिको खास गरेर हाम्रो आफ्नै जिल्लाको टिकट वितरणमा प्रायः सबै दलका नेताहरूले आपसमा समझदारी गरेर वा नगरेर, एउटा काम चाहिं एकताबद्ध भएर गरेका छन् र त्यो के हो भने पढेलेखेका बुद्धिजीवीहरूलाई चुनावबाट टाढा राख्ने र सकेसम्म 'हुन्छ मान' हरूलाई कहिले सिटिङ कहिले इटिङ र कहिले सेटिङको नाममा टिकट दिएर स्थानीय सरकारलाई सत्तल सिंह भने बनाइदिएका छन् ।

स्थानीय चुनावको निर्णायक हामीले समेत यस अवसरको भरपूर प्रयोग गर्न सिक्न थालेका छौं । भोटको पेटी कन्ट्याक्टरहरू खडा भएका छन् । जसको हातमा रहेको

भोटको आधारमा कन्ट्राक्टरले मोलतोल गर्ने अनि उम्मेदवारबाट उठाउने क्रम शुरू भइसकेको सुनिन्छ । तर यसपालि उम्मेदवारहरूले अलि हिसाब गर्न भ्याएका छन् । त्यसैले भुक्तानी एडभान्स, रनिङ र फाइनल बिलको आधारमा भइरहेको चर्चा छ । कन्ट्राक्टरहरू र पेटी कन्ट्राक्टरहरू आफ्नो काममा मस्त भइरहँदा मतदाता पनि कतातिर दिने भन्नेबारे जसले बढी दिन्छ त्यसैलाई दिने पक्षमा पुगेको देखिन्छ । सिद्धान्तप्रति प्रतिबद्ध धेरैजसोले आफ्नै दलको उम्मेदवारलाई दिने भएपनि असन्तुष्टहरू भने के गर्ने भनेर निर्णयमा पुगिसकेको देखिदैन । गठबन्धन दलका कार्यकर्ताहरूको व्यथा भने बेग्लै छ । जसपालाई दिन मनले नमान्ने, नदिए गठबन्धन हार्ने । यस अवस्थामा नीतिगतरूपमा प्रतिबद्ध कार्यकर्ताहरूबीच प्रमुखको पदमा छाप नहाल्ने भन्ने छलफलसमेत चलेको सुनिन्छ ।

उता मतदाताले भने अब एक्लै लुट्न पाइँदैन भन्दै प्रभातफेरीमा चियानाश्ताका रियल र १०–११ बजेसम्म कार्यक्रम चल्ने भए खानामा मासुभात र यो सबैभन्दाबाहेक बेलुकी त उम्मेदवारको सम्पर्क स्थानमा पुग्दा मासु-च्यूरा अनि अलि-अलि भए पनि राष्ट्रिय झोलको अनिवार्य व्यवस्था गराएका छन् र नभएको ठाउँमा गराउन दबाब दिंदैछन् । यसैकारण टिकट दिने नेताजीहरूले टिकट पायौं अब घरखेत बेचेर भए पनि सीट जोगाउनु भनेर दिव्य उपदेश दिन थालेको पाइन्छ । प्रजातन्त्रमा जनता सर्वोपरि हुन्छ । विगतको चुनावमा भोट दिएर के पाइन्छ भनेर देखेपछि खुलेको उसको चेतले नै यसो गराउन थालेको हुनुपर्छ । समष्टिगतरूपमा हेर्दा यसभन्दा बढी समाजवादी प्रणाली अर्को हुन सक्ला जस्तो लाग्दैन ।

यस्तो व्यवस्थाले आगामी दिनमा समेत दक्षिण एशियामैं भ्रष्टाचारमा हामीले हासिल गरेको पहिलो स्थान नगुम्नेगरी दिगो बनाउने छ भनेर विश्वास लिन सकिन्छ । किनभने गर्नु केही छैन । योजना कागजमा बनाउने, बैठक गर्ने घोषणापत्र जारी गर्ने अनि विभिन्न बहानामा रकम निकासा गर्दै लूट गर्ने । यसो नहुँदो हो त राष्ट्रिय गौरवका आयोजनाहरूको यस्तो दुरवस्था हुने थिएन । ठेक्का दिंदा कमिशन, आयोजन ढिलो गरी Escalation lost को नाममा कमिशन, रनिङ र फाइनल बिलमा समेत कमिशनतन्त्रले आज देशलाई यो अवस्थामा पुऱ्याएको छ कि बैंकिङ प्रणालीको तरलता असार मसान्तसम्म पनि सामान्य होला भन्न सकिने स्थिति छैन । जित्नेहरूले त काम र माम दुवै पाउने भए, तिनका आसेपासेले ठेक्कापट्टा तर पराजित हुनेहरूलाई भने पद नपाएको र पैसासमेत गुमेको दोहोरो चिन्ता । यो सबैको बीच वैशाख ३० गते मतदान गरी सकेपछि भने जनतालाई अर्को ५ वर्षको लागि आनन्द । उसलाई थाहा छ भोट अब अर्को चुनावमा त्यसैले केही गाउँका दलित महिलाहरूले ५ हजार घटीमा आफ्नो भोट नदिने भिडियो सामाजिक सञ्जालमा भाइरल भइरहेको छ ।

२०७९ वैशाख २१ गते बुधवार

न हर्ष न बिस्मात

वैशाख १२ गते सम्पूर्ण देशले लोकतन्त्र दिवस मनाउँदै थियो । तर यस वर्ष भने लोकतन्त्र दिवस स्थानीय चुनावको आकर्षणले सार्थकरूपमा मनाएको पाइएन । २०४६ सालबाट गणना गर्दा २०७८ मा प्रजातन्त्र स्थापना भएको ३२ वर्ष लागेको छ । यो वर्ष ३२ वर्षमा देशमा के फेरियो र फेरिएन हेर्नु बुझ्नुपर्ने भएको छ । यो सम्पूर्ण अवधिमा स्वनामधन्य नेताहरूको जन्म, उदय र रूप फेरिएको भएपनि जनता आज पनि जहाँ खडा थिए, त्यहीं छन् । २०४६ सालदेखि पुनः शुरू भएको प्रजातान्त्रिक राजनीतिमा २०५२ सालसम्म उदारीकरणको नीतिले व्यवसायलाई राम्ररी फस्टाउने वातावरण बनाए पनि उद्योगहरूको लागि प्रत्युत्पादक नै रह्यो। त्यसपछि माओवादी द्वन्द्व, राजा ज्ञानेन्द्रको सत्तारोहणपछि २०६२/६३ को जनआन्दोलनपश्चात् गठन भएको सरकारले २०६४ को चैत २८ गते पहिलो संविधानसभाको निर्वाचन गऱ्यो र सो निर्वाचनपश्चात् २०६५ जेठ १५ गते बसेको पहिलो संविधानसभाको बैठकले २४० वर्षदेखि चलिआएको राजसंस्थाको विधिवत् अन्त्य गऱ्यो । तर यस संविधानसभाले संविधान भने जारी गर्न सकेन । यसको फलस्वरूप अर्बौं रुपैयाँ र जनताले तिरेको करको बर्बादी भयो र संविधान बनाउनकै खातिर फेरि २०७० साल मङ्सिर ४ गते दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न भयो। जसले २०७२ असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भयो। यो संविधान जारी हुँदा कतै दीपावली भयो भने कतै वा भनौं खासगरी मधेसी दलहरूले मधेसमा कालो दिवसको रूपमा मनाए । यति हुँदाहुँदै २०७४ सालमा तीनवटै तहको निर्वाचन सम्पन्न भई देशमा तीन तहको सरकारबाट शासन सञ्चालन भइरहेको छ । र यस वर्ष अर्थात् २०७८ वैशाख ३० गते दोस्रोपटक स्थानीय सरकारको निर्वाचन हुन गइरहेको छ। निर्वाचन आयोगले जानेर हो वा नजानेर लोकतन्त्र दिवसकै दिन मनोनयनको दिन तोक्नुले समेत यो दिवस अब पछिल्लो प्राथमिकतामा पर्दै गएको बुझिन्छ । तर सङ्घीय लोकतान्त्रिक शासनको दोस्रो स्थानीय निर्वाचनको पूर्वसन्ध्यामा यिनले स्थानीयस्तरमा आफ्नो घोषणापत्रमा के गर्ने भनेका थिए र के गरे त्यसलाई हेर्नु उपयुक्त होला ।

१. नेपाली काङ्ग्रेसः

गाउँ र नगरका युवाहरूलाई प्रोत्साहन दिई स्वरोजगार प्रवर्द्धन गर्न 'युवा उद्यम चुनौती कोष'को स्थापना एवं कार्यान्वयन गर्नेछ । नवीन सोचसहितको युवा जागर एवं उद्यमशीलता प्रयोग गर्न १६-४५ वर्षसम्मका युवाहरूलाई लक्षित गरी २५+२५+५० को सहुलियतपूर्ण वित्तीय कार्यक्रम ल्याइनेछ । यसमा २५ प्रतिशत उद्यमीको, २५ प्रतिशत अनुदान र बाँकी ५० प्रतिशत सहुलियत पूर्ण ऋण सहायता रहनेछ ।

२. एमालेः

प्रत्येक वडा तहमा श्रमशक्तिका रूपमा विकसित भइरहेको सम्पूर्ण युवालाई उनीहरूको रुचि अनुसारको विषयमा दक्षता प्रदान गर्न सिटिइभिटीबाट मान्यताप्राप्त तालीम केन्द्र स्थापना गरिनेछ। प्रत्येक प्रदेशमा शिक्षित जनशक्तिलाई रोजगारका लागि दक्षता प्रदान गर्न अत्याधुनिक, प्राविधिक तथा आवासीय महाविद्यालयहरू सञ्चालन गरिनेछन् ।

३. माओवादी केन्द्र:

देशभित्र रोजगार विस्तारका लागि श्रम बैंकको व्यवस्था गरी जनशक्ति परिचालन गरिनेछ । प्रत्येक गाउँमा युवा स्वरोजगार र गरीबी निवारण कोष खडा गरी रोजगारको व्यवस्था गरिनेछ। उत्पादनमूलक रोजगारको व्यवस्था सुनिश्चित नहुँदासम्म बेरोजगारी भत्ताको व्यवस्था गरिनेछ ।

४. राजपा हाल लोसपा:

दहेज जस्तो अनुचित प्रथालाई निरुत्साहित गर्न कक्षा १२ सम्म शिक्षा प्राप्त गरेको र उमेर पुगेको विवाहयोग्य महिलालाई आधा तोला सुनको मङ्गलसूत्र वा सो बराबरको रकम प्रदान गरिनेछ ।

५. सङ्घीय समाजवादी हाल जसपा:

समतामूलक समाज निर्माण गर्न ५, १०, १५ र २५ वर्षको योजना तर्जुमा गर्ने। पाँच वर्षभित्र ऊर्जाशक्तिमा आत्मनिर्भर हुन कुल गार्हस्थ उत्पादनको ५० प्रतिशत स्थिरपूँजीको रूपमा विकास गर्ने, दुई अङ्कको वृद्धि हासिल गर्ने, प्रतिव्यक्ति आय दोब्बर पुऱ्याउने र निरपेक्ष गरीबीको रेखामुनि रहेका जनतालाई गरीबीबाट मुक्त गर्ने ।

त्यस बेलाको चुनावमा तीनवटै तहमा एमाले+माओवादी केन्द्रले मिलेर स्थानीय, प्रदेश एवं केन्द्र गरी तीनवटै तहमा बहुमतमा जितेका हुन्। एमालेले आफ्नो घोषणापत्रमा दश वर्षभित्रमा नेपालीको आय पाँच हजार डलर पुऱ्याउने घोषणा गर्दा नेपालीको प्रतिव्यक्ति आय एक हजार ९ डलर थियो र अहिले २०७८ मा आधा समय समाप्त हुँदा एक हजार १९१ डलर पुगेको छ। अर्थात् पाँच वर्षमा १८२ डलर मात्र बढ्न सकेकोबाट नै हाम्रो मतले जितेको सरकार हामीप्रति कति प्रतिबद्ध छ बुझ्न सकिन्छ। पानीजहाज, रेल, घरघरमा ग्याँस आदिको कुरै नगरौं । त्यस कारणले पनि आज समस्त जनताले विवेक पुऱ्याएर मत दिनुपर्ने भएको छ । किनभने बितेको पाँच वर्षमा सत्ताको लडाइँ, राजनीतिको उद्योगको रूपमा विस्तार, भ्रष्टाचार, भ्यू टावर निर्माण, गाडी खरीद जस्ता गतिविधि मात्रै भएको पाइन्छ । केही स्थानीय सरकारले भने वास्तविकरूपमा जनताको दुःख साटेका छन् । तिनलाई धन्यवाद नभनी रहन सकिन्न ।

अर्को प्रसङ्ग हो २०७२ सालको भूकम्पको । शनिवारको दिन र दिउँसो भएकोले अधिकांशको ज्यान जोगिएको थियो । तर त्यसपछाडि पुनर्निर्माणको काम प्रभावित क्षेत्रमा त भयो तर अन्यत्र न भवनसंहिताको पालना भएको पाइन्छ, न सरकारी अस्पतालहरूको तयारी कतै देख्न सुन्न पाइएको छ । अझ भाडाका भवनमा सञ्चालित साँघुरो ढोका भएका विद्यालय, खेलमैदान वा खुला स्थान नभएका विद्यालयहरूले त झन् आतङ्कित पार्ने अवस्था सिर्जना गरिराख्दासमेत कतैबाट कुनै कदम नचालिनुले सरकार र सम्बन्धित निकायले अब अर्को ७५ वर्षपछि मात्र भूकम्प आउने विश्वास लिएर बसेको अनुभूति हुन्छ । वैज्ञानिकहरूका अनुसार नेपालकै पश्चिमी क्षेत्र कुनै पनि बेला भूकम्प जान सक्ने अवस्थामा रहेको प्रक्षेपण र हाम्रो तयारी एवं चुनाव र घोषणापत्र हेर्दा नेपाली जनताको अवस्था 'कागलाई बेल पाक्यो हर्ष न बिस्मात' नै भएको छ ।

२०७९ वैशाख १४ गते बुधवार

के श्रीलङ्का हुँदैछ नेपाल ?

सन् १९८४ मा विदेशी मुद्रा सञ्चितमा देखा परेको सङ्कटपछि अहिले नेपालले भोग्नुपरेको यो दोस्रो सङ्कट हो। यसरी अर्थतन्त्र सङ्कटमा जानुको कारण केलाउँदा सर्वप्रथम भएको रकम खर्च गर्न नसक्नु नै हो । समष्टिगतरूपमा नेपालमा पूँजीगत शीर्षकको बजेट खर्चको जुन अवस्था छ, त्यसले एकातिर केन्द्रीय बैंकमा अहिले पनि करीब तीन सय अर्ब रुपैयाँ मौज्दात रहेको छ भने अकोतर्फ नेपालका निजी उद्योगहरूको औसत क्षमता उपयोग चालीस प्रतिशतभन्दा बढी छैन। खासगरी फलाम तथा सिमेन्टतर्फ ठूलठूला आयोजना निर्माण हुने आशामा क्षमता विस्तार गरेका उद्योगहरू चापमा परेका छन् । दोस्रो, नेपालको सबैभन्दा विश्वासिलो वैदेशिक मुद्राको आयस्रोत रहेको विप्रेषण क्रिप्टोकरेन्सी, बिटक्वाइन र हुन्डीका कारणले औपचारिक बाटोबाट नआउनु र कोरोनाको कारण पर्यटन क्षेत्रमा परेको दुष्प्रभाव हो । तेस्रो, वैदेशिक लगानी घट्नु र विकास साझेदारसमेतले सहयोग रकम दिन विश्वास नगर्नु पनि हो ।

अहिले फागुनदेखि भने विप्रेषण तीन प्रतिशत बढेर छ खर्ब ३१ अर्ब पुगेको छ। यसलाई राम्रो सङ्केत मान्न सकिन्छ। साथै सरकारले पनि औपचारिक स्रोतबाट विप्रेषण पठाउँदा हालसम्म दिइआएको एक प्रतिशत थप ब्याजलाई दुई प्रतिशत गर्ने, नेपाल आउँदा टेलिभिजन र ५० ग्राम सुन ल्याउँदा कर नलिने, पुनः श्रम स्वीकृति लिंदा शुल्क छुट दिने, बढी विप्रेषण पठाउनेलाई पुरस्कृत गर्ने एवं विप्रेषण खातामा जम्मा रकम बराबरको रकम सहुलियतमा ऋण दिने भएको छ।

नेपालको अहिले कुल ऋण भार १७ खर्ब २८ अर्ब ९३ करोड छ, जसमा बाह्य ऋण नौ खर्ब ४८ अर्ब ९६ करोड छ भने आन्तरिक सात खर्ब ७९ अर्ब ९४ करोड छ । यो पुस २०७८ सम्मको ऋणको दायित्व हो । हाम्रो देशको सार्वजनिक ऋण पछिल्लो चार वर्षमा दोब्बर बढेको छ । यो कुल गार्हस्थ उत्पादनको ४०.५ प्रतिशत भएको छ । हाम्रो कुल वैदेशिक ऋणमा विश्व बैंकको ५०.४ प्रतिशत र एशियाली विकास बैंकको ३१.३६ प्रतिशत रहेको छ । यो वैदेशिक ऋणको एक त्रैमासिकको साँवा ब्याजबापत करीब एक अर्ब ७९ करोड तिर्नुपरेको छ । यो अवस्था अर्थात् जिडिपीको ४०.५ प्रतिशतसम्म ऋण भार कसरी पुग्यो भन्ने प्रश्नको उत्तर खोज्दा यो राजनीतिक नेतृत्वमा अर्थशास्त्रको ज्ञानको कमी र वित्तीय नेतृत्वमा चाकरी, चापलुसीको बानी हो भन्नमा अतिशयोक्ति नहोला । सन् २०१५ देखि २०२० सम्मको प्रत्यक्ष एवं अप्रत्यक्ष करको असुली हेर्ने हो भने प्रत्यक्ष करको असुली प्रायः स्थिर रहेको तथा अप्रत्यक्ष कर उर्ध्वगतिमा बढेको देखिन्छ। तर यति हुँदा पनि (१) प्रत्यक्ष करको असुली नबढ्नु र (२) आम्दानी र खर्चमा सन्तुलन नमिलाइ राजनीतिक लाभको लागि रकम नपुग हुने बित्तिकै ऋण लिने सरकारी प्रवृत्ति खासगरी विगतको २-२.५ वर्षमा एमालेको सरकार भएको बेलामा बढेको कारण हो भन्न सकिन्छ । बजेटमा पूँजीगत शीर्षकतर्फ खर्च बढाउनुभन्दा ४६ अर्बको गाडी स्थानीय निकायमा मात्रै खरीद हुनु, पहाडमा भ्यूटावर तथा तराईमा स्वागतद्वार निर्माणमा खर्च र सामाजिक उत्थानका लागि विभिन्न भत्ताहरूको खर्चले

यो स्थिति निम्त्याएको हो। भारतको सर्वोच्च अदालतले बुबाको सम्पत्तिमा छोराछोरीको कानूनी अधिकार नहुने निर्णयको सन्दर्भमा विचार गर्दा हाम्रो देशमा समेत यस्तै व्यवस्था लागू गर्न सकिएमा सबैखाले सामाजिक भत्ताको औचित्य समाप्त भई राज्यसमेत ठूलो आर्थिक सङ्कटबाट जोगिने देखिन्छ।

विगत लामो समयदेखि मूल्यको अन्तरले गर्दा खासगरी पेट्रोल र डिजल नेपालबाट भारततर्फ तस्करी हुँदै आएको सन्दर्भमा अहिले आएर सरकारले पेट्रोल परल मूल्यमा तथा डिजल एवं ग्याँसको मूल्य समायोजन गर्ने भनेको छ। यही सिद्धान्तको अनुसरण गरेर व्यावसायिक प्रयोजनका लागि प्रयोग हुने ग्याँसलाई परल मूल्यमा बिक्री वितरण गरी घरायसी प्रयोजनको लागि मात्र मूल्य समायोजन गरेर थप दायित्व घटाउन सकिन्छ। त्यस्तै, सरकारको इन्धन खपत २० प्रतिशतले घटाउने र तीन महीनाको लागि दुई दिन साप्ताहिक बिदा दिने नीतिलाई पनि केही हदसम्म ठीक मान्न सकिन्छ। उच्च मूल्यका गाडी, मोबाइल एवं विद्युतीय सामानलगायत अन्य विलासिताका वस्तु तथा धान र चामलको आयातसमेत प्रतिबन्धमा परेको छ। यसरी आयात नहुँदा फेरि असर सरकारको राजस्वमा नै पर्ने निश्चित छ। तर विकल्प नभएर यो सरकारको बाध्यता बनेको छ। यस्तै, सरकारले लामो प्रतिबन्धको सूची जारी गरिराख्दा सुपारी, केराउ, छोहोडा जस्ता वस्तुको आयातमा रोक लगाउन भुलेको भएपनि संसदीय समितिले भने सरकारलाई स्मरण गराइदिएको छ। तर अर्थशास्त्रको सिद्धान्त अनुसार आयात नियन्त्रणबाट समस्या समाधान हुँदैन। आयात नियन्त्रणको असरले आर्थिक वृदिदरलाई समेत प्रतिकूल प्रभाव पार्छ। त्यसैले नियन्त्रणको अवस्थालाई सक्दो छोटो अवधिको राखी व्यावसायिक क्षमता बढाउनु जरुरी भएको छ। यसको लागि वैदेशिक लगानी भित्र्याउनुका साथै दातृ निकायहरूसँग विश्वासिलो सम्बन्ध बनाउन जरुरी छ। यसको लागि सबैभन्दा पहिला त ट्रान्सपरेन्सी इन्टरनेशनलले दक्षिण एशियामा सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकमा नेपाललाई प्रथम स्थानमा राखेकोमा नेपाल कमसेकम दोस्रोमा झर्नं जरुरी छ र यसका लागि ठूलाबडा मुछिएका भ्रष्टाचारका काण्डहरूमा दोषीलाई सजाय दिने परम्पराको थालनी हुनुपर्‍यो। विप्रेषण क्रमशः बढ्दै गएको बेला पर्यटनले समेत साथ दिएमा दुई/तीन महीनामैं सामान्य अवस्था आउन सक्छ। तर आउन सक्छ भनेर सन्तोष मान्नुको सट्टा आएन भने विकल्प के भनेर आकस्मिक योजनासमेत तयार गर्नु जरुरी छ। हुनत प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणपश्चात् ३५६ मेगावाट बिजुली भारतीय बजारमा बेच्न पाइने व्यवस्थाले नेपालले औसत पाँच सय मेगावाट आयात गरेको अवस्थामा अब भने केही मात्रामा भएपनि भुक्तानी सन्तुलनमा सुधार आउन सक्नेछ भने भारतीय लगानीकर्ताहरूलाई आकर्षित गर्न सकिएमा भारतसँगको व्यापारघाटा अत्यन्तै कम गर्न सकिन्छ। तर भनेजस्तो सजिलो छैन किनभने आज पनि सिमेन्ट, अटोमोबाइललगायतका क्षेत्रमा राजनीतिक सङ्गतले जन्मेका नवधनाढ्यहरूले चलाएको झोलामा खोला जस्तै लाइसेन्स राजले वैदेशिक लगानीको वातावरण बन्न नदिएको हो। यसमा सुधार हुन्छ भन्ने विश्वासिलो आधार कतै पाइँदैन।

विज्ञहरूका अनुसार राष्ट्र बैंकसँग अहिले तीन खर्ब नगद मौज्दात छ, जुन पूँजीगत खर्च नभएर बसेको हुनुपर्छ। तर बैंकिङ क्षेत्रमा तरलताको अभाव देखिएको छ।

यसलाई हटाउन बैंकहरू स्वयम्ले विदेशबाट ऋण लिएर समस्या समाधान गर्न सक्छन् तर दुर्भाग्य के छ भने नेपालको क्रेडिट रेटिङ भएको छैन र केही बैंक तथा वित्तीय संस्थाले विश्व बैंकको अन्तर्राष्ट्रिय वित्त निगमबाट १० अर्ब हाराहारीको ऋण भित्र्याए पनि नेपालमा वैदेशिक ऋण पूर्वाधार एवं विकास आयोजनामा मात्र लगानी गर्नुपर्ने प्रावधानले बैंकहरूलाई दोहोरो मार परेको छ । तत्कालका लागि सरकारले क्रेडिट रेटिङको काम अगाडि बढाउने तथा आयातमा प्रतिबन्ध लगाउनुभन्दा बैंकहरूले भित्र्याएको वैदेशिक ऋणको सीमा वा हदसम्म बैंक र व्यापारीको सहमतिमा डलरको भाउ घटबढ धान्न सकिने गरी ब्याजदर निर्धारण गर्ने व्यवस्था अहिले सबैभन्दा उपयुक्त होला जस्तो लाग्छ ।

तर यी सबै चर्चा परिचर्चा भइरहँदा के एउटा कुराले मनमा चीसो पसेको छ भने राष्ट्र बैंकमा तीन खर्ब चार अर्ब नगद मौज्दात छ । केही महीनाअगाडि विभिन्न सामाजिक सञ्जालमा राष्ट्र बैंकले ७.५ खर्बको नोट निष्कासन गरी प्रचलनमा ल्याएकोमा ३.५ खर्ब मात्रै बैंकिङ प्रणालीमा रहेको र बाँकी रकमबाट समानान्तर अर्थतन्त्र चलेको छ भन्ने जानकारी पाइएको थियो । अहिले बैंकिङ प्रणालीमा कति नगद सञ्चालनमा छ भन्ने थाहा हुन पाए अर्थतन्त्रको वास्तविक स्थिति पनि उजागर हुने थियो । तर त्यो नपाए पनि विभिन्न स्रोतबाट सङ्कलन गरिएको तथ्याङ्क भने यस्तो रहेको छ । वर्तमान एमाले अध्यक्षले प्रधानमन्त्रीको पद सम्हाल्दा नेपालको सार्वजनिक ऋण छ खर्ब ९५ अर्ब र उहाँले पद छोड्दाको स्थितिमा यो तीन गुणा बढेर १७ खर्ब २९ अर्ब पुगेको तथ्याङ्क भेटिन्छ । नेपाल राष्ट्र बैंकसँग हाल नौ अर्ब ७५ करोड डलरको सञ्चिति छ, जुन गत वर्षभन्दा १७ प्रतिशतले कम छ । बैंकले नै सार्वजनिक गरेको पछिल्लो मौद्रिक नीति अनुसार सात महीनाको आयात धान्न सक्ने अवस्थालाई सामान्य मानिएको सन्दर्भमा ६.७ महीनाको धान्न सक्ने अवस्था कम हो तर श्रीलङ्का नै बनाउने होइन भन्ने स्पष्ट देखिन्छ । कोभिडका कारण पर्यटक घटेको र साथै कोभिड पछाडिको स्थितिमा आयातमा एकैपटक ठूलो रकम खर्च भएको देखिए पनि सरकारी तथ्याङ्कबाटै बढी रकम जानुको पछाडि मूल्यवृद्धि रहेको देखिन्छ । सबैभन्दा बढी वस्तु आयात गरिने देश भारतमै भइरहेको मूल्यवृद्धिको चाप हाम्रो भुक्तानी सन्तुलन एवं विदेशी मुद्राको सञ्चितिमा देखिएको हो । यसको पुष्टि गत आवमा कुल आयात १५ खर्ब ४० अर्ब बराबरको भएको थियो भने चालू आवको फागुन महीनासम्ममा १३ खर्बको आयात भएको देखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने आयातभन्दा पनि आर्जनको स्रोत घटेको स्पष्ट बुझ्न सकिन्छ । यसमध्ये पर्यटन र विप्रेषण नै मुख्य हुन् । विप्रेषण तीन प्रतिशतले बढेको छ भने पर्यटनतर्फ समेत सुधारको सङ्केत देखिएको छ । अब विप्रेषणकै कुरा गर्दा गत आवमा ५१८ अर्ब विप्रेषण भित्रिएकोमा यस वर्षको फागुन महीनासम्ममै ५४० अर्ब नेपाल आइसकेको छ । त्यसैले अत्यन्तै निराश नै भइहाल्नुपर्ने स्थिति तथ्याङ्कबाट देखिए पनि जसरी यसलाई हौवा बनाइयो, त्यो भने डरलाग्दो छ । सरकारले चालेको नियन्त्रणात्मक कदम आगामी दिनमा सञ्चितिमा सुधार हुन थालेपछि क्रमशः खुल्दै जाने आशा गरौं किनभने आयात नियन्त्रणले राजस्व घट्ने भई आर्थिक वृद्धिदरमा समेत प्रतिकूल प्रभाव पार्दछ ।

२०७८ चैत ३० गते बुधवार

प्रम देउवाको भारत भ्रमण

नेपालका प्रधानमन्त्री एवं नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाको तीन दिने मित्रराष्ट्र भारतको समकक्षी नरेन्द्र मोदीको निमन्त्रणामा भएको औपचारिक भ्रमण समाप्त भएको छ । स्वभावतः यस भ्रमणको पनि समीक्षा हुँदैछ । तर यस्ता भ्रमणको समीक्षा गर्दा समेत राष्ट्रहितको कुरा गर्नेहरूले दलको टोपी, चश्मा लगाएर समीक्षा गरेको देख्दा भने आश्चर्य लाग्छ । सर्वप्रथमतः प्रम देउवा दिल्ली विमानस्थलमा अवतरण गर्नुभएपछि राज्यमन्त्रीले स्वागत गरेको तथा भाजपाको कार्यालयमा त्यसका प्रमुख जेपी नड्डालाई भेट्न गएको कुरालाई उचालेर कूटनीतिक मर्यादाको उल्लङ्घन गरी प्रम देउवाले नेपालको शिर निहुराएको चर्चा चलाइएको छ । सर्वप्रथम त स्वागतकै कुरा गर्दा नेपालका प्रधानमन्त्रीहरूमध्ये स्व गिरिजाप्रसाद कोइरालालाई भारतीय समकक्षी डा मनमोहन सिंहले प्रोटोकल तोड्दै विमानस्थलमै आएर स्वागत गरेकोबाहेक अन्य सबै प्रधानमन्त्रीलाई मन्त्री वा राज्यमन्त्रीले नै विमानस्थलमा स्वागत गर्ने चलन रहेको छ । नेपालका प्रधानमन्त्री चीन जाँदासमेत विदेशमन्त्री वा सोसरहकाले नै विमानस्थलमा स्वागत गर्ने परम्परा छ । यसमा यतिविधि छटपटी किन भयो ? बुझ्न सकिएन । हाम्रा कूटनीतिकज्ञहरूले प्रोटोकलको कुरा गर्दा सन् १९५५ मा चीनसँग भएको सन्धिको विपरीत चिनियाँ महामहिम राष्ट्रपति सी जिङपिङ नेपाल आउनुभएको बेला नेकपाको लागि सी दर्शनको तालीम नै सञ्चालन गर्दा प्रोटोकल टुटेको नदेख्ने उहाँहरूको दृष्टिलाई उपयुक्त उपमा विवेकी पाठकवृन्दले नै सुझाइदिनु बेस हुनेछ । प्रम देउवा भारतको औपचारिक भ्रमणमा जानुभएको र नेकाको सभापतिसमेत भएकाले यस हैसियतमा समकक्षीको निमन्त्रणाको सम्मान नगर्नु कुन शास्त्र अनुसार प्रोटोकल बाहिर पर्छ, जानकारी पाउँदा हामी सबैको ज्ञान बढ्ने थियो ।

यस्तै, सीमा विवादको बारेमा नेपालको संसद्ले चुच्चे नक्शा पास गरिसकेपछि फिर्ता ल्याउने नाममा चुच्चो हटाएर दशैंको शुभकामना कार्ड पठाउने र 'रअ'का प्रमुख गोयललाई सुटुक्क मध्यराति बालुवाटारमा भेट्दा कूटनीतिक मर्यादा भङ्ग नहुने सोच भएका दलहरूको सरकार रहेको बेलाका पर्राष्ट्रमन्त्रीले यसमा कुनै ठोस उपलब्धि नभएकोसम्म भन्न भ्याउनुभएको छ । ओली भारत भ्रमणमा रहेका बेला पत्रकार सम्मेलनलाई सम्बोधन गर्दा सीमाबारे के बोल्नुभएको थियो र वर्तमान प्रमले के बोल्नुभयो भन्ने सम्झनु सट्टा भारतीय प्रधानमन्त्रीले यसबारे केही नबोलेको भन्दै अत्तो थाप्ने र कूटनीतिका चाणक्यहरूले विदेश सचिवले स्थापित संयन्त्रमार्फत छलफल गरी समस्याको समाधान निकाल्ने भन्नुको अर्थ नबुझेकै जस्तो लाग्छ । भ्रमणको उपलब्धि सुस्ता, लिपुलेक, लिम्पियाधुरा र कालापानीमा सीमा समस्या छ भनेर स्वीकार गर्नु नै हो । रासायनिक मल आपूर्तिको जिटुजी व्यवस्थाबाट बर्सेनि हुने मल हाहाकारको समस्या अब नहुने विरोधीहरूको लागि कुनै उपलब्धि हुने कुरै भएन ।

अब रह्यो विद्युत्को कुरा । अहिलेसम्म भारतीय लगानी रहेको परियोजनाको गरी करीब चालीस मेगावाट विद्युत् खरीद गरिरहेको भारतले अब भने नेपालको आन्तरिक खपतभन्दा बढी भएको बिजुली खरीद गर्ने प्रक्रिया अगाडि बढाएको छ । भ्रमणको

अवसरमा प्रकाशित संयुक्त विज्ञप्तिमा रहेको भिजन स्टेटमेन्टमा यो कुरा उल्लेख भएकोले अब नेपालले प्रस्ताव गरेको माथिल्लो तामाकोशी ४५६ मेगावाट, भोटेकोशी ४५ मेगावाटसमेत गरी करीब सात सय मेगावाट बिजुली निर्यात गर्ने बाटो खुलेको छ। नेपाल-भारत हुँदै बङ्गलादेशसम्म बिजुली निर्यात गर्न इच्छुक रहेकोमा भारतले नै आफ्नो भूभाग प्रयोग गर्न अनुमति दिन मानेको थिएन। तर अहिले आएर बिबिआइएन (भुटान, बङ्गलादेश, इन्डिया, नेपाल)लाई समेटेर ऊर्जाको क्षेत्रमा काम गर्ने अवधारणा भारतले अगाडि सारेको छ। यसका साथै २५ वर्षदेखि अड्केर रहेको पञ्चेश्वर परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्नसमेत सहमत भएको छ। लामो समयदेखि अड्केर रहेको यो परियोजनाको कार्यान्वयनमा अहिले विश्वास नपलाउनुको कारण नेपालद्वारा प्रस्तावित पानी बाँडफाँडको परिमाणमा भारत सहमत नहुनु हो। तर अहिले परिस्थिति फेरिएको छ। कोप-२६ लाई सम्बोधन गर्दा भारतका प्रधानमन्त्री मोदीले सन् २०५० सम्म भारतले प्रदूषणको स्तर नेट जीरो अर्थात् अहिले भइरहेकोभन्दा बढ्न नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो र त्यही सन्दर्भमा प्रतीक दैनिकको यसै कोलममा मैले अब भारतले आफ्नो धारणामा परिवर्तन नगरी नहुने भएकोले नेपालको लागि उपयुक्त अवसर हुने लेखेको थिए। नभन्दै भारतले बहुउद्देश्यीय पञ्चेश्वर परियोजनाको डिपिआर छिटो टुङ्ग्याउने मात्रै होइन नेपालको जलविद्युत् आयोजनाहरूका साथै वैकल्पिक ऊर्जाको क्षेत्रमा समेत भारतीय लगानी भित्र्याउने सहमति गरेको छ। हाम्रा कूटनीतिज्ञ एवं विपक्षका नेताहरूले बढ्दो व्यापार घाटाबारे कुनै कुरा नभएको आवाज उठाइरहेका बेला नेपालले सके जतिको वस्तु निर्यात गर्दासमेत फागुनसम्मको कुल निर्यात एक खर्ब ४७ अर्ब भएको र भारतबाट पेट्रोलियम पदार्थको आयात नै एक खर्ब ७८ अर्बभन्दा बढीको भइसकेको सन्दर्भमा १२-१४ खर्बको व्यापार घाटा घटाउन सक्ने ठूलो परिमाणमा निर्यात गर्न सकिने उपलब्धता भएको एकमात्र क्षेत्र जलविद्युत् नै भएको विषयवस्तुलाई पूर्णरूपले उपेक्षा गर्दै केही नभएको भन्नु कति उपयुक्त हो, त्यो उहाँहरूले नै विचार गर्नुपर्ने कुरा हो। जहाँसम्म सार्कको कुरा छ, राजनीति बुझ्ने सबैले बुझेको हुनुपर्छ- यसको गठन हुँदा नै भारत-पाकिस्तान सम्बन्धकै कारण शिखर वार्ता आयोजना गर्न सबै सदस्य देशको सहमति हुनुपर्ने बुँदा राखिएको थियो र सम्बन्ध सुध्रिनुको सट्टा झन्झन् बिग्रिदै गएकोले सार्कको भविष्यको अगाडि प्रश्नचिह्न लागेको छ। त्यसैले भारतले बिबिआइएनको अवधारणा अगाडि ल्याएको हो र बिमस्टेकमा समेत आफ्नो सक्रियता बढाएको छ। त्यतिमात्रै होइन छिमेकी पहिलाको नीतिसमेत भारतले पुनरावलोकन गर्दै बङ्गलादेश, नेपाल र श्रीलङ्कासमेतमा आफ्नो संलग्नता बढाएको छ।

भारतीय थिङ्कट्याङ्क सेन्टर फर सोशल एन्ड इकोनोमिक प्रोग्रेसका कन्स्टेन्टिनो जेभियरको विचारमा नेपालका प्रधानमन्त्रीको भ्रमणले सम्बन्ध सामान्य बनाउनुका साथै संवेदनशील मुद्दालाई सम्बोधन गर्ने परिपक्वता देखाएकोले अब कनेक्टिभिटी र आर्थिक अन्तरनिर्भरतामा आधारित भएर सम्बन्ध अगाडि बढ्ने राय दिनुभएको छ। केही मुद्दामा जस्तै हवाई रूट आदिमा तत्काल सहमति नबनेको निहुँमा ऊर्जा जस्तो क्षेत्रमा भएको महत्त्वपूर्ण उपलब्धिलाई नकार्न सकिँदैन। - २०७८ चैत २३ गते बुधवार

नेपाल–चीन सम्बन्धः न्यु नर्मल

चिनियाँ विदेशमन्त्रीको मार्च २५–२७ सम्म नेपाल भ्रमण भ्रमण सकिएको छ । ९ वटा सम्झौतामा हस्ताक्षर भए पनि बेल्ट एन्ड रोड इनिसिएटिभमा खासै प्रगति भएन र भएका सम्झौताहरू पनि नयाँभन्दा पुरानैको पुनर्लेखन भएको बुझिन्छ । एमसिसीमा चीनले देखाएको कडा अडानपछि नेपाली विदेशमन्त्रीको निमन्त्रणामा भएको यो भ्रमणबाट गरिएको ठूलो अपेक्षा पूरा त के, आंशिक रूपमा पनि पूरा भएको देखिँदैन । २०१७ मा बिआरआई फ्रेम वर्क एग्रिमेन्टमा हस्ताक्षर भएपछि चीनले नेपाललाई प्रोजेक्ट कार्यान्वयन योजना सुम्पेको थियो तर नेपालको तर्फबाट यो स्वीकृत भएको छैन । स्वीकृत नहुनु पछाडिको कारण बुझ्दा नेपाल सरकारको धारणा कडा ब्याज दर र सानो भुक्तानी अवधि भएको प्रोजेक्ट हाम्रो लागि लाभप्रद नभएकोले अन्तर्राष्ट्रिय दातृ निकायहरूले नेपाललाई उपलब्ध गराउँदै आएको शर्त अनुसार हुनुपर्ने धारणाका कारण बिआरआईमा सहमति बन्न नसकेको हो । चीनको तर्फबाट आएको विदेश मन्त्रालयको विज्ञप्तिले संशय उत्पन्न भएको छ ।

चीनको तर्फबाट विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा बिआरआईप्रति नेपालको प्रतिबद्धता दृढ रहेको उल्लेख गरिएको छ भने चिनियाँ विदेश मन्त्रालयको अर्को विज्ञप्ति अनुसार चीन नेपालको स्वतन्त्र घरेलु एवं विदेश नीतिको पक्षधर रहेको छ । चीन सधैं नेपालको स्वतन्त्रता, सार्वभौमसत्ताको सम्मान गर्ने एवं यस्ता क्षेत्रमा कुनै पनि प्रकारको हस्तक्षेपको विरोध गर्दछ भनिएको छ । चीनको तर्फबाट नेपाली प्रधानमन्त्रीसँग भेटपछि जारी तेस्रो विज्ञप्तिमा नेपालले चिनियाँ राष्ट्रपति सीले प्रस्ताव गरेको ग्लोबल डेभलपमेन्ट इनिशिएटिभप्रति नेपालको समर्थन रहने बताइएको छ । नेपालको तर्फबाट भने जारी गरिएको प्रेस विज्ञप्तिमा बिआरआई तथा प्रधानमन्त्रीसँग भएको संवादको विषयमा केही उल्लेख गरिएको छैन ।

तर एमालेका राजन भट्टराईले नेपालको भूराजनीतिक अवस्थाबारे कुनै कुरा नउठेको बताउँदै छलफलमा बिआरआई, बन्द नाकाबाट व्यापार शुरू गर्नुपर्ने र कोभिडका कारण चीनमा अध्ययन गर्नबाट वञ्चित विद्यार्थीहरूले पढ्न पाउनुपर्ने सम्बन्धमा कुराकानी केन्द्रित रहेको थियो । तर सूत्रहरूका अनुसार माओवादी केन्द्रसँग भएको भेटमा एमसिसीको उल्लेख नगरी नेपालमा अमेरिकाको बढ्दो संलग्नताबारे कडा ढङ्गबाट चिनियाँ विदेशमन्त्रीले कुरा उठाएको बुझिएको छ । तर सरकारी स्तरबाट नेपालका विदेशमन्त्रीले भने चिनियाँ विदेशमन्त्रीले एमसिसीबारे कुनै कुरा नउठाए पनि नेपालले आफ्नो पक्षबाट यो विकास परियोजना मात्र भएको भन्दै आश्वस्त पार्न खोजेको बताएका छन् । यो सम्पूर्ण अवस्थाको विश्लेषण गर्दा चीनले नेपालसँग सम्यक भूमिकामा बसेर आफूलाई नेपालको सहयोगी हो भन्ने देखाउनसम्म चाहेको हो । यसको कारकमा नेपाल सरकारले बिआरआईका सम्बन्धमा न्यून ब्याज, भुक्तानी अवधिमा सुधार एवं खुला टेन्डर प्रक्रियामा जाने माग राखेकोले हो ।

चिनियाँ विदेशमन्त्री नेपाल आउनु अघि अफगानिस्तानको अघोषित भ्रमण गर्दै

दिल्ली आइपुगेका हुन् । दिल्लीमा राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग भएको तीन घण्टा लामो भेटमा उनले दक्षिण एशियामा चाइना-इन्डिया प्लस अवधारणा अन्तर्गत स्वस्थ सहकार्यको प्रस्ताव राखेको बुझिएको छ। चीनको यस अवधारणाको उद्देश्य चीन र भारतले आपसी समझदारीमा दक्षिण एशियार्ली मुलुकमा विकास परियोजनामा लगानी गर्ने एवं साझा हितका सवालमा समान धारणा बनाउनु हो भन्ने कुरा CGTN ले समेत जनाएको छ ।

यो अवधारणाबारे २०१८ मैं भारतीय प्रधानमन्त्री मोदी र चिनियाँ राष्ट्रपतिबीच कुराकानी भए पनि सन् २०२० को चीन र भारतबीच लद्दाखमा भएको सैनिक भिडन्तपछि बल्झिएको सम्बन्धका कारण यसमा भारतले कुनै प्रतिक्रिया जनाएको छैन । नेपालको सम्बन्धमा भने २०१८ मा प्रम ओलीको भ्रमणको बेला चाइना इन्डिया प्लस नेपाल अवधारणामाथि संवाद मञ्च बनाउनेबारे छलफल भए पनि ओली भारतको मनसाय बुझेर मात्रै केही गर्ने मनसायले मौन रहे । अब यहाँ यो स्पष्ट छैन कि यो चीन-नेपाल-भारत त्रिदेशीय सहकार्यकै अङ्ग हो वा पूर्णरूपमा बेग्लै अवधारणा हो । डा बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा २०१२ मा चिनियाँ प्रधानमन्त्रीले आफ्नो भ्रमणमा त्रिदेशीय सहकार्यको प्रस्ताव गरेदेखि नै पटक-पटक चर्चामा आए पनि भारतको असहमतिका कारण यो विषय जहाँको त्यहीं छ ।

यसपालि नेपालमा त्रिदेशीय सहकार्यको उच्चारणसमेत सुनिएन, न चाइना-इन्डिया प्लस अवधारणाबारे नै दुवै पक्षबाट विज्ञप्तिमा केही उल्लेख छ। अफगानिस्तान र नेपालजस्ता कमजोर र गरीब मुलुकको लागि दुईवटा विशाल छिमेकी मिल्नुलाई राम्रो मान्न सकिएला जस्तो लाग्दैन र स्वयं भारत पनि यसरी चीनसँग पाकिस्तान र श्रीलङ्कामा चिनियाँ उपस्थितिमा सहयोगी बन्न सक्ला भन्ने आस गर्न सकिदैन । लामो समयपछि नेपाली पक्षले बिआरआईका सम्बन्धमा आफ्नो अडान स्पष्टसँग राखेकोलाई राम्रो नै मान्नुपर्दछ किनभने भारतसँग व्यावसायिक सम्बन्धको तुलनामा चीनले नेपाललाई प्राथमिकता देला भनेर आस गर्नु व्यर्थको चिन्तन हुनेछ । नाका बन्द गरेर चीनले गरेको 'नाकाबन्दी' लाई नाकाबन्दी नभन्ने मानसिकताबाट नेपाल र नेपाली बाहिर ननिस्केसम्म हामी स्वतन्त्र र सार्वभौम छौं भन्नु उचित हुनेछैन । पारवहन र व्यापारबारे जुन अन्तर्राष्ट्रिय सन्धि भारतसँग लागू हुन्छ त्यो चीनसँग किन लागू हुन नसकेको होला यसको जवाफ पनि सम्बन्धितले नै दिनुपर्ने बेला भएको छ । समष्टिगतरूपमा भन्नुपर्दा नेपालसँग चीनको सम्बन्ध न्यु नर्मल अवस्थामा स्थापित भएको देखिन्छ। त्यो के भने डा बरालको शब्दमा सहयोगी देखिएर अल्झाइराख्ने । नेपाललाई यसको स्पष्ट अर्थ चीनको लागि नेपालको उपयोगिता तिब्बतको असुरक्षा संवेदनशीलतासँग मात्रै सम्बन्धित छ । त्यसैले होला उसले ट्रयाक-टु संवादबाट ओली र प्रचण्ड सँग प्रतिनिधि चीन पठाइदिन भनेको छ। साथै कम्युनिस्ट एकताको सम्भावनातर्फ सङ्केत पनि गरेको छ । यो हुन्छ वा हुँदैन भन्न सकिदैन तर भइहाले यसले स्थानीय निर्वाचनको परिणाम पूरै फरक पार्न सक्छ । यसैलाई बुझेर नेका सभापति एवं वर्तमान प्रधानमन्त्रीले माधव नेपाल र खासगरी प्रचण्डलाई गठबन्धनमा इङ्गेज गराइराख्न खोजेको हो । स्थानीय निर्वाचनमा नेकपा र एमालेको चुनावी तालमेलले समेत काङ्ग्रेसको जीतलाई अनिश्चित बनाउन

सक्छ । प्रमको भारत भ्रमणपश्चात् धेरै मुद्दाहरू सफा हुनेछ तर कालापानी विवादका सम्बन्धमा मुद्दा नउठे कम्युनिस्ट र खासगरी एमालेले फेरि राष्ट्रवादको मुद्दा उठाउने सम्भावना नकार्न सकिन्न । त्यसैले यी सबै बिघ्न बाधाका बावजूद नेपाल र काङ्ग्रेसको रथ कसरी हिंड्छ हेर्नैपर्ने हुन्छ ।

२०७८ चैत १६ गते बुधवार

हाम्रो अर्थतन्त्र : मारमा कि खुशी चुम्दै ?

वीरगंज भन्सार कार्यालयको तथ्याङ्क अनुसार २०७७/७८ को समीक्षा अवधिको तुलनामा यस वर्षको वैदेशिक व्यापार ६० प्रतिशतले बढेको छ । चालू आव २०७८/७९ को साउनदेखि फागुनसम्ममा यो नाकाबाट पाँच खर्ब ३३ अर्बको सामान भित्रिएको छ भने गत आवको सोही अवधिमा तीन खर्ब ३१ अर्बको मात्र आयात भएको थियो । आयातको तथ्याङ्क एकमुस्ट हेर्दा राम्रो भएपनि यसमा उपयोग्य वस्तुको आयात कति र उत्पादनशील क्षेत्रमा प्रयोग हुने आयात जस्तै मिल, मेशिनरी र कच्चा पदार्थ आदिको विवरण छुट्टयाएर नै हेर्नुपर्ने हुन्छ । तर सोही अवधिमा निर्यात भने ६६ अर्बको मात्रै भएको छ । जसले गर्दा वीरगंज नाकाको आयात-निर्यातमा मात्रै चार खर्बको व्यापार घाटा भएको छ । यता वित्तीय क्षेत्रमा तरलताको समस्या आएको छ । विप्रेषण आयमा आएको कमीका साथै वैदेशिक अनुदान, ऋण र लगानीका साथै पूँजीगत शीर्षकको खर्चसमेत न्यून भइदिनाले यो समस्या उत्पन्न भएको देखिन्छ । कोरोनापछाडि सर्वसाधारणको उपभोग खर्च वृद्धि भएको र व्यावसायिक वातावरणमा आएको सुधारले कर्जाको माग बढेको छ तर वित्तीय प्रणालीले माग अनुसारको कर्जापूर्ति गर्न नसकेको कारणबाट व्यापार र उद्योग क्षेत्र यसको लाभ लिनबाट वञ्चित भएको छ । अन्तर्राष्ट्रिय मुद्राकोषले महामारीबाट पुनरुत्थानमा जानलाग्दो तरलताको सङ्कट सामना गर्नुपर्ने प्रक्षेपण गरेकै हो । त्यसका लागि पुनरुत्थानमा जान उपभोग प्रणाली र बाह्य आमदानीका साथै सरकारी खर्चलाई पूर्ववत् अवस्थामा ल्याउन आवश्यक कदम चाल्नुपर्ने हो । तर नेपालको अवस्था विचार गर्दा एक त पूँजीगत खर्च नबढ्नु र दोस्रो भएको खर्चको समेत भुक्तानी नहुनु, धानको आन्तरिक उत्पादन पर्याप्त भएपनि चामल आयात भइरहनु र अहिले आएर केराउ, मरिच र छोहडा जस्ता वस्तुको आयात खुला गरेर वैदेशिक मुद्रा जोगाउन भन्दै एलसी खोल्न लगाइएको प्रतिबन्धलगायतका जम्मै कदमहरू तरलता बढाउने खालका नै छन् । समग्रमा गत आवको उद्योगतर्फको बियर उद्योगबाहेक अन्य उद्योगहरूको क्षमता उपभोग नै ४० प्रतिशतभन्दा माथि जान नसकेको अवस्थामा कसरी व्यापार मात्रै गरेर देशको अर्थव्यवस्था फस्टाउँछ ? एकातिर वैदेशिक सहायता घट्दो छ भने अर्कोतिर ठूलाठूला वैदेशिक लगानीका उद्योगहरूलाई क्रोनिज्मले आफ्नो चपेटामा पारेको छ । नेपाल इकोनोमिक फोरमको अध्ययनले करीब-करीब सबै नवधनाढ्य यससँग सम्बन्धित हुन पुगेका छन् । सम्भवतः "भारतमा लाइसेन्सराज" यही क्रोनिज्मको सट्टा प्रयोग हुने शब्द हो जस्तो लाग्छ । हामीले खुला बजार अर्थनीति लिएको २० वर्ष पुगिसक्दा पनि

अर्थतन्त्र समयानुकूल बन्न सकेको छैन । खुला बजार अर्थतन्त्रका दुईवटा मुख्य शत्रु हुन् । पहिलो हो, कार्टेलाइजेशन जसमा एकै प्रकारका व्यवसाय गर्नेहरू सङ्गठित भई अस्थिर वा तरल अवस्थाको फाइदा उठाउँदै कृत्रिम अभाव सृजना गरी अत्यधिक मुनाफा कमाउन सक्रिय हुन्छन् । यस्ता प्रवृत्तिविरुद्ध नै सन् १९६० मा अमेरिकाले "एन्टी ट्रस्ट ल" बनाउनुपरेको थियो । त्यहाँ राम्रो अनुगमन भएपछि यो प्रवृत्ति नियन्त्रणमा आएको थियो । हामीकहाँ पनि कालाबजारी ऐन त छ तर कार्यान्वयन र अनुगमन यति फितलो छ कि त्यो छ वा छैन भन्ने अनुभूति नै जनतालाई हुँदैन । दोस्रो हो– क्रोनिज्म, यो भनेको केही व्यक्तिले सत्ता वा सत्तासीनसम्म पहुँच बनाइ लाभ लिनु हो । यसका लागि वैदेशिक फर्महरूले नेपालमा एजेन्ट पनि नियुक्त गरेका हुन्छन् भने अहिले नेपालमा वैदेशिक लगानीमा प्रस्तावित सिमेन्ट, अटोमोबाइल क्षेत्रमा वैदेशिक लगानी यही क्रोनिज्मले रोकिएको छ भने चिनी, सुपारी, केराउ, मरिच तथा छोहडाको आयात खुलाउने र बन्द गर्ने काम पनि क्रोनिज्म मातहत नै भइरहेको छ । देशको जनता बढिरहेको पेट्रोलियम पदार्थको मूल्य एवं कृत्रिम अभावले उत्पन्न गराइएको महँगीको मारमा पिसिरहेका छन् । वैशाख ३० गते स्थानीय निर्वाचन हुँदैछ । यही अवस्था रहेमा मलाई लाग्छ पूर्वप्रम ओलीले "गठबन्धनलाई बढार्ने" भनेर गर्नुभएको उद्घोष सत्य साबित हुन सक्छ । देशका सम्पूर्ण बुद्धिजीवीले अन्तर्राष्ट्रिय बजारमा भाउ बढे पनि सरकारले कर घटाइ राहत दिनुपर्ने मागलाई बेवास्ता गर्दै रूसी राष्ट्रपतिले भारतलाई न्यून मूल्यमा दिने भनेको तेलको सम्झौता पर्खिरहेको भान हुन्छ, जुन सम्पन्न भएमा सरकारले कर नघटाए पनि पेट्रोलियम पदार्थको मूल्य घट्ने सम्भावना रहेको छ । तर यस्तो भइ नै हाले पनि के सरकारी अनुगमन संयन्त्र यति बलियो छ कि बढेको भाउलाई झार्न सकोस् ? आजसम्म त यस्तो देखिएको र सुनिएको छैन । भन्सार विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार यस वर्ष नेपालले एक खर्ब ४७ अर्बको निकासी गरेको छ । यो गत वर्षको भन्दा ८२ प्रतिशत बढी हो । तर यस तथ्याङ्कलाई थप केलाउँदा भटमासको तेल ४१.४० अर्ब, पाम आयल ३५.३३ अर्ब गरी ७६.७३ अर्ब ओगट्न पुगेको छ । अर्थात् कुल निर्यातको करीब ५० प्रतिशत यो स्थायी होइन र भारत सरकारको निगाहमा भर पर्छ । अब हेर्नुस्, यही अवधिमा हामीले डिजल ८७.७३ अर्ब, पेट्रोल ३९.८४ अर्ब र एलपी ग्याँस ३९.८५ अर्ब गरी करीब एक खर्ब ७८ अर्बको पेट्रोलियम पदार्थ मात्रै आयात गऱ्यौं । यसको अर्थ हाम्रो निर्यातले पेट्रोलियम पदार्थको आयातसम्म धान्न सक्ने स्थिति छैन । फागुनसम्मको नेपालकै कुल व्यापार घाटा ११ खर्ब ६० अर्ब पुगेको छ । अपराधको कुरा गर्दा बलात्कार बढ्दो छ भने दोषी पक्राउ नपर्ने, ढिलो न्याय हुँदाहुँदै अब प्रहरी नै हत्याको शिकार हुनुपर्ने, ऋण तिर्न र खान नपाएर सम्पूर्ण परिवार नै विषसेवन गरी मर्नुपर्ने त्रासदि भोगिरहेको यो देशमा एउटा अत्यन्तै चमत्कारी उपलब्धि भएको रहेछ ।

त्यो के भने नेपालीहरूको खुशीको स्तर तीन पाइला अगाडि सरेको छ । त्यति मात्रै

होइन, हामी दक्षिण एशियामा समेत सबैभन्दा खुशी देश हुन पुगेका छौं। गत वर्षको ८७औं स्थानबाट यस वर्ष हामी ८४औं स्थानमा पुगेका छौं। यसमा १४६ देश सहभागी भएकामा फिनल्यान्ड विश्वमैं प्रथम छ भने दक्षिण एशियामा बङ्गलादेश दोस्रो रहेको छ। समग्रमा भारत १३६औं, श्रीलङ्का १२७औं, पाकिस्तान १२१औं स्थानमा रहेको छ। कोरोनाको सन्त्रास, अस्थिर राजनीति, रूस-युक्रेन युद्ध जस्ता घटनाबाट अर्थतन्त्रमा परेको नकारात्मक असरका कारण आर्थिक वृद्धिदर नै २.५-३ प्रतिशतभन्दा नबढ्ने, घट्दो विप्रेषण आय, तरलता अभाव र उद्योगको ४० प्रतिशत क्षमता उपयोग मात्रै भएपनि यस्तो राम्रो नतीजा प्राप्त हुन सक्छ भने किन गर्नुपर्‍यो विकास ? किन विरोध गर्नुपर्‍यो सरकारको ? हाम्रो चाहना नै असीमित भएको हो वा के हो बुझ्नै सकिएन। कार्टेलाइजेशन र क्रोनिज्म दुवैका साथै कोरोना कहरसमेत झेलिरहेको देशको Gross Happiness Index बढ्नुलाई सुखद नै मान्नुपर्छ तर यो आश्चर्यलाग्दो पनि छ। किनभने कार्टेलाइजेशन र क्रोनिज्मले धनीलाई झन् धनीका साथै नवधनाढ्यको नयाँ वर्ग सृजना गर्नुका साथै गरीबलाई झन् गरीब बनाउँछ।

२०७८ चैत ०९ गते बुधवार

सन्दर्भः अन्तर्राष्ट्रिय नारी दिवस

ऐतिहासिकरूपमा ठूलठूला उद्योग र कलकारखाना खुल्न थालेपछि महिलाहरूले समेत कलकारखानामा काम गर्न शुरू गरेको तर ज्यालाको असमानता, १६ घण्टा काम गर्नुपर्ने बाध्यता, मातृशिशुको स्याहारको व्यवस्था नभएको कारणले गर्दा १८औं शताब्दीको अन्त्यतिर मजदूर आन्दोलनको सुरुआत भएको देखिन्छ । सन् १८७२ मा पेरिसका श्रमिक महिला र १८९७, ८ मार्चको दिन अमेरिकाको न्यूयोर्क शहरका कपडा मिलका महिलाहरूले आठ घण्टा काम, समान ज्याला, ट्रेड युनियनको अधिकार, मातृशिशु सुरक्षाको लागि ऱ्याली निकालेर आमसभाको आयोजना गर्दै हडताल गरेको इतिहास छ। त्यसपछि यस्ता माग र आन्दोलन क्रमशः बढ्दै गएर अन्ततः १९०७, ८ मार्चका दिन श्रमिक महिलाहरूको पहिलो सम्मेलन जर्मनीको स्टुगार्डमा सम्पन्न भएको थियो।

त्यसपछि सन् १९०८ देखि आन्दोलन तीव्र गतिमा अगाडि बढ्दै गएर सन् १९०७ मा ८ मार्चकै दिन ट्रेड युनियनको हक, समान कामको समान ज्याला, आठ घण्टा काम र शिशु स्याहारसहितको व्यवस्था प्राप्त भएको हो । सन् १९१० मा डेनमार्कको राजधानी कोपेनहेगनमा भएको भेलाले दोस्रो अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाउने निर्णय गरेको हो । यसलाई निरन्तरता दिँदै १९७५ मा संयुक्त राष्ट्रसङ्घको पहलमा अन्तर्राष्ट्रिय महिला वर्ष मनाउने गरी १८९ देशले हस्ताक्षर गरेका हुन् । नेपालमा सन् २०१७ देखि औपचारिकरूपमा नारी दिवसम नाउन शुरू भएको हो। विसं २०६८ सालमा डा बाबुराम भट्टराई प्रम भएको बेला यो दिवस श्रमिक महिलाहरूको विद्रोह र बलिदानको इतिहासलाई सम्झने दिन भएकोले यसलाई नारी दिवसको सट्टा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा समेत मनाउने गरिन्छ ।

नेपालको सन्दर्भमा जनसङ्ख्याको आधारमा महिला ५१.५ प्रतिशत र पुरुष ४८.५ प्रतिशत रहेको पाइन्छ । अन्तर्राष्ट्रिय नारी दिवस मनाइरहँदा माओत्से तुङको शब्दमा 'बेटर हाफ'को नेपालमा के अवस्था छ भन्नेबारे जानकारी लिनु स्वाभाविक हुन्छ। युएन वुमेनको अगस्त २०२१ मा प्रकाशित Gender equality in numbers: Progress and challenges in achieving gender equality in Nepal को रिपोर्ट अनुसार नेपालमा गरीबीको रेखामुनि २५.१६ प्रतिशत जनसङ्ख्या रहेको छ । तर यो रिपोर्ट अनुसार निरपेक्ष गरीबीको रेखामुनि अर्थात् प्रतिदिन एक डलरभन्दा पनि कम आय भएको जनसङ्ख्या १९.६ प्रतिशत छ भने बहुआयामिक गरीबीको रेखामुनि २९ प्रतिशत रहेको छ । मानव विकास सूचकाङ्कमा नेपाल १८९ राष्ट्रमध्ये १४७औं र लैङ्गिक असमानतामा १६२ राष्ट्रमा ११५औं स्थानमा रहेको छ। सन् २०२० को अध्ययन अनुसार ग्लोबल जेन्डर ग्याप इन्डेक्स रेटिङको:

१) Over all Rating- १५३ राष्ट्रमा १०१औं स्थान
२) Economic Participation and Opportunity- १५३ राष्ट्रमा १०१औं स्थान
३) Educational Attainment- १५३ राष्ट्रमा १३३औं स्थान
४) Health & Survival– १५३ राष्ट्रमा १३१औं स्थान
५) Political Empowerment- १५३ राष्ट्रमा ५९औं स्थान

समग्रमा रोजगारमा महिला र पुरुषको अनुपात ५९:१०० रहेको छ । तर सरकारी क्षेत्रको वास्तविक स्थिति भने सन्तोषजनक देखिंदैन । नेपाल प्रहरीमा जम्मा १०.२ प्रतिशत महिला छन् भने ८९.८ प्रतिशत पुरुष रहेका छन् । नेपाल सरकारको सेवाको विवरण त झन् अत्यासलाग्दो छ ।

श्रेणी	महिला	पुरुष
सचिव	३ प्रतिशत	९७ प्रतिशत
प्रथम श्रेणी	७ प्रतिशत	९३ प्रतिशत
द्वितीय श्रेणी	७ प्रतिशत	९३ प्रतिशत
तृतीय श्रेणी	१३ प्रतिशत	८७ प्रतिशत
अनङ्कित प्रथम	१५ प्रतिशत	८५ प्रतिशत
अनङ्कित द्वितीय	२२ प्रतिशत	७८ प्रतिशत
अनङ्कित तृतीय	१० प्रतिशत	९० प्रतिशत
अनङ्कित चतुर्थ	३ प्रतिशत	९७ प्रतिशत
अनङ्कित पाँचौं	६ प्रतिशत	९४ प्रतिशत
श्रेणीविहीन	९ प्रतिशत	९१ प्रतिशत

यसैगरी व्यवस्थापनको क्षेत्रमा उच्च ओहोदा अर्थात् निर्णयकस्तरमा १३.२ प्रतिशत र मध्यमस्तरमा १३.९ प्रतिशत महिलाको मात्र पहुँच रहेको छ । उद्यमशीलतातर्फ सक्रिय महिला २९.८ प्रतिशत छ भने पुरुषहरूतर्फ यो सङ्ख्या ७०.२ प्रतिशत रहेको छ ।

स्वास्थ्य क्षेत्रमा ८२ प्रतिशतले मातृसेवा, ६७ प्रतिशतले परिवार नियोजनको सुविधा उपभोग गरिरहेका छन् भने एचआइभी र एचडिभीको सेवा २५ प्रतिशतलाई उपलब्ध छ । तर यौन शिक्षा ग्रहण गर्नेको प्रतिशतलाई रिपोर्टमा ० प्रतिशत देखाइएको छ । महिला हिंसाको कुरा गर्दा १५ देखि ४९ वर्षसम्मका २२ प्रतिशत महिला र विवाहितहरूमा २६ प्रतिशतले यौनजन्य वा अन्य दुर्व्यवहार भोगेको तथ्याङ्क उल्लेख छ र यसमा आश्चर्यजनक के छ भने करीब ३० प्रतिशत महिला र २३ प्रतिशत पुरुष केही अवस्थामा यो ठीक हो भन्ने ठान्छन् ।

प्रदेश	महिला	पुरुष
१	७८ प्रतिशत	९२ प्रतिशत
२	३९ प्रतिशत	७८ प्रतिशत
३	८२ प्रतिशत	९४ प्रतिशत
४	८६ प्रतिशत	९५ प्रतिशत
५	७३ प्रतिशत	८७ प्रतिशत
६	६६ प्रतिशत	९२ प्रतिशत
७	६७ प्रतिशत	९२ प्रतिशत

यस्तो हुनु पछाडिको कारणलाई शिक्षा भन्ने हो भने प्रदेशगत महिला साक्षरता पुरुषको तुलनामा यस प्रकार छः

यसमा मधेस प्रदेशबाहेक अन्यमा महिला साक्षरतालाई सन्तोषजनक नै मान्न सकिन्छ । तथापि समाजमा बलात्कारलगायतका घटनाहरू घट्ने अवस्था देखिएको छैन । त्यसैले महिलाहरू आत्मनिर्भर हुने कार्यक्रमहरूको पहुँच र प्रभावकारिता बढाउनुका साथै यौनजन्य घटना सुनवाइका लागि एकजना महिला न्यायाधीश अनिवार्यरूपमा रहने गरी तीन सदस्यीय फास्ट ट्र्याक कोर्टको गठन गर्नु अपरिहार्य छ । यसबाट सामान्य अदालतमा पीडितले भोग्नुपरेको पीडा र समयको बचत हुनुका साथै यस्ता घटना नियन्त्रण हुने अपेक्षा गर्न सकिन्छ । तर नियम जति बनाए पनि नियत ठीक नभए केही हुँदैन भन्ने कुरा निर्मला पन्तलगायतका घटनामा सिद्ध भइसकेकाले 'बेटर हाफ'ले घरबाट नै शिक्षा दिंदा यस्ता घटना र व्यवहारबारे यथोचित शिक्षा दिनु पनि एक उपाय हुन सक्छ । अन्तमा सबै महिलामा अन्तर्राष्ट्रिय नारी दिवसको साथैसाथै समस्त नेपालीमा होलीको मङ्गलमय शुभकामना ।

२०७८ चैत ०२ गते बुधवार

- विनोद गुप्ता

समर्थन एवं शुभकामना

सरिसवा नदी एवं वीरगंज प्रदूषणमुक्त अभियानको नेतृत्वकर्ता अधिवक्ता सुरेन्द्रप्रसाद कुर्मीले स्वच्छता एवं सम्पत्ति कर महानगरपालिकालाई नतिरी दबाब दिने रणनीति एवं धर्नाको कार्यक्रम शुरू गरेका छन् ।

दबाब दिने एवं चेतना जागृत गर्ने यस्ता कार्यक्रम राम्रा हुन् तर वीरगंजको परिप्रेक्ष्यमा दुईवटा कुरा देखिन्छ । पहिलो त निरन्तरताको अभाव र दोस्रो सम्बन्धित निकायको 'काग कराउने पिना सुकाउने' रणनीति । सरिसवा नदी बचाऊ अभियानको शुरूआत नै स्व. गोकुलप्रसाद कुर्मीबाट भएको हो । उनको नेतृत्वमा बर्सेनि र विशेषगरी छठको पूर्वसन्ध्यामा हुने दबाबमूलक कार्यक्रमका कारण वीरगंज चिनी कारखानाको डिस्टिलरीबाट निस्कने स्पेन्ट वासबाट कति प्रदूषण भएको छ भनेर अध्ययनको थालनी गरिएको हो । यस अध्ययनको क्रममा डिस्टिलरीबाट निस्किने स्पेन्ट वास भनिने अत्यन्त कडा रङ एवं केमिकल अक्सिजन डिमान्ड ६५-७० हजार मिलिग्राम प्रतिलिटर भएको अध्ययनबाट देखिएको थियो । यसलाई डिस्टिलरीले लैगुन प्रणालीबाट उपचार गरेर नदीमा पठाउने बेला सिओडी ५-७ हजार हुने गरेको तर कडा रङ चाहिं नहट्ने भई नदीको पानी नै कलेजी रङको हुने भएकोले मुख्य प्रदूषकको रूपमा चिनीमिललाई ठूलो दबाव थेग्नुपर्दथ्यो । त्यही बेला प्रयोगशालामा नदीको पानीसमेत परीक्षण गरिएको थियो जसको सिओडी भ्याल्यु ५-७ हजार मिलिग्राम प्रतिलिटर पाइएको थियो भने अक्सिजन एब्जर्बड (ओए) भ्याल्यु २ हजारदेखि २५०० मिलिग्राम प्रतिलिटर पाइएको थियो ।

नेपालमैं पहिलोपटक सिओडी भ्याल्युको प्रयोगशाला परीक्षण भएको यो समाचार गोरखापत्र दैनिकका वीरगंज संवाददाता कन्हैया गुप्ताले सम्प्रेषण गरेपछि त्यो पत्रिकाले यसै विषयमा आफ्नो सम्पादकीय पनि प्रकाशित गरेको थियो । यसपश्चात् त पहिलोपटक वातावरण विभागका दुईजना प्राविधिक, एकजना जापानी प्राविधिकका साथ कारखाना आई सिओडी भ्याल्यु निकाल्ने सम्पूर्ण प्रक्रिया आफ्नो अगाडि गरेर देखाउन एवं प्राप्त नतीजा जापानी प्राविधिज्ञले लिएर आएको सिओडी टेस्ट पेपर र डिजिटल टेस्ट गरेपछि मात्र मान्न सकिने भनेपछि उनीहरूलाई राप्ती नदी एवं डिस्टिलरी दुवैको सिओडी भ्याल्यु टाइटरेशन विधिबाट निकालिएको र पेपर एवं डिजिटल टेस्ट दुवैबाट करीबकरीब त्यही नतीजा प्राप्त भएको थियो ।

यस घटनापछि चिनी कारखानामाथि थप दबाब बढ्न पुगेकोले सम्भवतः रामनारायण मिश्र सिडिओ रहेको बेला मलाई प्राविधिक सदस्य मनोनीत गरी सबै उद्योग र खासगरी छाला एवं चिनी उद्योगको अध्ययन गरी सुझावसहित प्रतिवेदन पेश गर्न एउटा समिति गठन भएको थियो । समितिकै सुझाव अनुसार चिनी कारखानाले

नदीमा पठाउने दूषित पानीलाई एक भागमा सात भाग पानी मिसाएर पठाउने एवं छाला उद्योगहरूले प्रयोग गर्ने hexavalent chromium water लाई, यो अत्यन्त विषालु भएकोले, आफ्नै हातामा सञ्चय गर्ने र सबै छाला उद्योगबाट यस्तो पानी सङ्कलन गरी क्रोनियम रिकभरी गर्न सकिने सुझाव अनुरूप कुनै दातृ संस्थाको सहयोगमा यो कार्यसमेत शुरू गरिएको थियो । चिनी कारखाना र यसको डिस्टिलरी बन्द छ । छाला उद्योगको अवस्थाबारे आफूलाई हालको अवस्था जानकारी नभएको तर नदी भने प्रदूषित नै रहेको हामी सबैले देखेकै हो ।

स्व. गोपाल गिरी प्रमुख हुँदा वीरगंजमा जल प्रदूषणको समस्याबारे एउटा गोष्ठीको आयोजना भएको थियो जसमा मलाई पनि कार्यपत्र प्रस्तुत गर्नुपर्ने थियो । यो कार्यपत्रको निष्कर्षमा उद्योगहरूका साथै वीरगंज महानगरको सम्पूर्ण नालाको पानी नदीमैं विसर्जन गर्ने गरिएकोले पनि नदीमा थप प्रदूषण बढेको निष्कर्ष मैले प्रस्तुत गरेपछि, त्यसपश्चात् भएका यस्ता कार्यक्रमहरूमा मलाई बोलाउन नै छाडियो ।

वीरगंज अहिले महानगर भएको छ। यसको जनसङ्ख्या २.५-३ लाख हुनुपर्ने हो । ठूला-साना सबै उमेर समूहको दैनिक सबै प्रकारको पानीको प्रयोगमा प्रतिव्यक्ति सय लिटरको मात्र हिसाब गर्दा दैनिक खपत नै २ करोड ५० लाख लिटर हुन आउँछ । यसमध्ये खानेपानीको पम्पिङ स्टेशनबाट करीब १ करोड लिटर र बाँकी १.५ लिटर भूमिगत स्रोतबाट प्रयोग भइरहेको हुनुपर्दछ । यसमध्ये पिउने पानी प्रतिव्यक्तिबाहेक सबै पानी प्रयोग भएपछि महानगरको नाला हुँदै नदीमैं पुग्ने हो । यस्तो अवस्थामा नालाको पानी प्रशोधन गर्ने केन्द्र नबनाएर, हुँदै नभएको शौचालयको नालाको पानी प्रशोधन गर्ने केन्द्र बनाएर महानगरले त घोर अपराध नै गरेको छ । तर घुम्ने मेचमाथि अन्धो मान्छेहरूको बाहुल्य भएको यस नगरमा मात्र होइन देशमैं कसले कसलाई गुहार्ने ? २०३८-३९ सालमा उद्योग मन्त्रालयले गरेको एउटा अध्ययनले सरिसवा नदीको तल प्रतिवर्ष ५ मिलिमिटरको दरले बढिरहेको प्रतिवेदन दिएको थियो । गएको ५० वर्षमा २४ मिमि अर्थात् करीब २.५ सेन्टिमिटर बढेको अनुमान गर्न सकिन्छ। वास्तविकता योभन्दा फरक पनि हुन सक्छ। त्यसैले विगत वर्षहरूमा अतिक्रमण र तल बढेको कारण होल्डिङ क्षमता घटेर storm water drainage syst´ बनाइए पनि असफल भएको हो। तर यस्ता चर्चाहरूले प्रदूषणमुक्त भइँदैन। यसको लागि नेपालका उद्योगहरूको क्षमताको आधारमा उपचार संयन्त्र जडान गर्न आर्थिक हिसाबले सम्भव नै नभएकोले 'अस्पतालको फोहर व्यवस्थापन' गर्न महानगरले चलाएको प्रणाली अनुरूप उद्योगहरूले दुईचार दिन प्रदूषित पानी भण्डारण गर्ने र महानगरले आफ्नो नालाको पानी प्रशासन गर्न बनाउनुपर्ने संयन्त्रमा एक भाग उद्योगको पानीमा ७ भाग नालाको पानी अनुपात हुनेगरी प्रशोधन प्लान्ट स्थापना गर्नका लागि अध्ययन थाल्नुपर्ने बेला भइसकेको छ ।

यो मेरो बुद्धि र विवेकले भ्याएको सुझाव हो । यसले महानगरलाई अन्य विद्वान् एवं विज्ञहरूको राय सल्लाह लिन कुनै प्रकारले बाधा पर्नेछैन ।

हुनत वीरगंजमा जल प्रदूषणक साथै ठोस फोहर र ध्वनि प्रदूषणको समस्या छ । महानगरले बनाएको ठोस फोहर व्यवस्थापन केन्द्र सञ्चालनमा नआएकोले हामी सफाइ कार्यक्रमको आयोजना गरेर फोटो खिंचाउँदै स्थानान्तरणमा सीमित हुन पुगेका छौं र रातभरि लामखुट्टेसँग युद्ध गरी सुत्नुपर्ने भए पनि हाम्रो चेत खुलेको छैन । जहाँसम्म कुरा छ ध्वनि प्रदूषणको यो ८० देखि १२५ डेबिलसम्म सामान्य मानदण्डभित्र पर्दछ । तर डिजे र लाउड स्पिकर लगाएर गरिने भजनकीर्तन, नमाजका साथै वाहनहरू र जनसङ्ख्याको कोलाहलले वीरगंजको कुन स्थानमा कति डेबिसलको ध्वनि छ भन्न सकिने अवस्था नै छैन किनभने कुनै अध्ययन नै भएको थाहा छैन । जिम्मेवार निकायको यस्तो लापरवाहीपूर्ण निकम्मापन हटाउन भएको अहिलेको धर्ना कार्यक्रमलाई मेरो समर्थन साथै निरन्तरता एवं सफलताको शुभकामना छ ।

२०७८ फागुन २५ गते बुधवार

बधाई नेपाल

एमसिसी नेपालले गरेको अनुरोध स्वीकार गरेर प्राप्त भएको परियोजना हो । सन् २०१२ देखि विभिन्न चरण पार गरेर सन् २०१७ मा सम्झौतामा हस्ताक्षर भएको यो परियोजनामा एक दशकको समय र कार्यालय आदिको सञ्चालनमा ४.४ अर्ब रुपियाँ खर्च भइसकेको छ । यसको सबैभन्दा रुचिकर पक्ष के छ भने काङ्ग्रेस र तमलोपा यसको समर्थनमा छ भने जसपा विभाजित छ र कम्युनिस्टहरूमध्ये माओवादी र नेपाल समूह विपक्षमा एवं एमाले च्याँखे थाप्ने दाउमा बसेको देखिन्छ। कम्युनिस्टहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बन्दा भारतीय जहाज आउने र सेनासमेत आउन सक्ने अत्तो थापेर आफ्नो राष्ट्रियता प्रदर्शन गरेका थिए । त्यसै प्रकारले २०४९ सालमा अरुण तेस्रोको विरोध गरेर यसलाई निर्माण हुनबाट रोके । महाकाली सन्धि पास गरे । आज २५ वर्ष कट्दासमेत यसको डिपिआर बन्न सकेको छैन भने अरुण तेस्रो अहिले १० गुना बढी लागतमा बन्दैछ । अरुण तेस्रो त्यति बेला बनेको भए भारतसँगको व्यापार घाटा केही भए पनि सन्तुलनमा आउने थियो । जापानको सहयोगमा बनिरहेको १७ अर्बको नागढुङ्गा सुरुङमार्गमा जापान सरकारको ऋण छ जसमा १.०२ प्रतिशत ब्याज छ भने पोखरा विमानस्थल अर्बौंको लागतमा बन्दैछ जसमा २७ अर्बको चिनियाँ लगानी छ र ब्याज २ प्रतिशत छ । पोखरा विमानस्थलको निर्माणबारे चर्चा गर्दा जाइकाले अध्ययन गरेर तयार पारेको ८५ मिलियन डलरको इस्टिमेटलाई २०१३ मा चिनियाँ कम्पनी सिएएमईले २६४ मिलियन डलर र केहीपछि ३०५ मिलियन डलर लागत हुने देखायो । अन्ततः चीनको एक्जिम बैंकले २१६ मिलियन डलरको सहुलियत ऋणमा २५ प्रतिशत निर्ब्याजी र बाँकी ७५ प्रतिशतमा २ प्रतिशत ब्याज लाग्ने गरी सिएएमसीले नै ठेक्का पायो । अब भीम रावलहरूले बताउनुपर्ने कुरा के छ भने अध्ययन प्रतिवेदन सिएएमईले दिने, ठेक्का पनि सिएएमईले पाउने हुँदा र यो कम्पनीले मेशिनदेखि सबै खरीद गर्नुपर्ने सामान चीनबाट ल्याइरहँदा नेपाली कम्युनिस्टहरूको राष्ट्रवाद कता हराउँछ ?

यत्रो अचाक्ली धाँधली गर्नेहरू राष्ट्रवादी र ५० अर्बको ५ वर्षमा पूरा गरिहाल्नुपर्ने अनुदान परियोजनाको समर्थन गर्नेहरू देश बेच्नुवा ?

नेपालको सार्वभौमसत्ताको सुरक्षाको कुरा गर्दै देश बेच्न पाइँदैन भन्ने नारा पनि बानेश्वरमा घन्किरहेको सुन्न पाइएकै हो । सुरक्षा भन्नेबित्तिकै राजनैतिक, आर्थिक, सामाजिक एवं सैन्य तथा वातावरणसँग सम्बन्धित हुन आउँछ । यस सम्बन्धमा देशको सुरक्षा र सार्वभौमिकताको कुरा उठ्दा अमेरिकी परियोजनामा अहिले र भविष्यमा बन्ने कानूनसमेत मान्नुपर्ने दफा देखाएर यसलाई राष्ट्रमाथिको सुरक्षा खतरा भनिँदैछ। बिआरआई सम्झौताको बुँदा नं. ८४ मा this agreement as well as this rights and obligation of the parties here lender shall be governed by and

construed in accordance with the laws of china.

त्यस्तै बुँदा नं. १० मा the choice of chinese law as the governing law lender this loan agreement in valid choice of law.

अब एमसिसीको सेक्सन ६.४ को governing law मा this is an international agreement and as such will be governed by this principles of international law लेखिएको छ । त्यस्तै article 7.1 को domestic requirement मा the parties understand that this compact, upon entry into force, will prevail over the domestic laws of Nepal भनिएको छ । यो नेपालको सन्धि ऐनको दफा ९ अनुकूल नै छ ।

श्रीलङ्काको बन्दरगाह उससँग भएको सम्झौताको एउटा दफामा 'ऋण तिर्न नसकेको खण्डमा चीनले सो परियोजनाको स्वामित्व ग्रहण गर्ने विचार गरेमा ऋणी देशले अड्को थाप्न नपाउने' व्यवस्थाका कारण चीनलाई सुम्पनुपरेको हो । नेपालसँगको सम्झोतामा यस्तो दफा छ कि छैन कसले प्रस्ट्याइदिने ? अमेरिकी परियोजना ५ वर्षको हो । यो समाप्त भएपछि हिसाब फरफारक गर्नेबाहेक अन्य कुनै काम नहुने र पैसासमेत भुक्तानी गर्नु नपर्ने स्पष्ट हुँदाहुँदै यसको विरोध गरेर राष्ट्रवादी बन्नेहरूलाई नेपाली जनताले चिन्नु आवश्यक छ ।

दक्षिण एशियाकै श्रीलङ्काले यो एमसिसी हस्ताक्षर नगरी फिर्ता गरेको प्रसङ्ग अत्यन्त जोडतोडका साथ उठाइँदै छ । साक्षर ९३ प्रतिशत र प्रतिव्यक्ति आय चार हजार डलर पुगेको श्रीलङ्का अहिले ५ महीनादेखि 'आर्थिक आपतकाल'बाट गुज्रिरहेको छ । मुद्रास्फिति ११.१ प्रतिशत र विदेशी मुद्राको सञ्चिति ७.५ बिलियन डलरबाट घटेर २.८ बिलियन डलर पुगेपछि त्यहाँको रिजर्भ बैंकले व्यापारको लागि विदेशी मुद्रा उपलब्ध गराउन मनाही गरिदियो। पर्यटन कोभिडका कारण सुकेर गयो । यस्तो अवस्थामा श्रीलङ्काको ऋण करीब ४० बिलियन डलर पुग्यो जसमा चीनको ६ बिलियन डलर रहेको छ । यही ऋणको सावाँ र ब्याज भुक्तानी गर्न नसकेर उसले बन्दरगाह चीनलाई सुम्पनुपरेको हो । अब नेपालको सन्दर्भमा हेर्दा हाम्रो वैदेशिक मुद्राको सञ्चिति पनि घटेर सरकारले एलसीमा एक प्रकारले रोक लगाएको छ, मुद्रा स्फिति बढ्दो छ र पूँजीगत शीर्षकको खर्च बढ्न नसकेर आर्थिक वृद्धिदर सोचेजस्तो नहुने, कोभिडका कारण पर्यटन क्षेत्र प्रभावित भएको अवस्था छ । यस्तो अवस्थामा देश राजनैतिक अस्थिरताबाट निरन्तर गुज्रिरहेको अवस्थामा एमसिसी पास नगर्दा के हुन सक्छ भने नेपालमा उत्पादित बिजुली भारतीय सहयोगकै परियोजनाको भए पनि, बेच्न नसकेर हालकै कहालीलाग्दो अवस्थामा देशको समय व्यतीत हुनेछ भने जसरी श्रीलङ्काको सन्दर्भमा पश्चिमा देशहरूसँग सम्बन्ध बिग्रेर चीनको पोल्टामा पर्न गयो, त्यसैगरी नेपाल पनि पर्न सक्ने सम्भावनालाई नकार्न सकिन्न ।

एमसिसी संसद्मा टेबुल भइसकेपछि गठबन्धनमा रहेका दलहरूले जुन सडक नाटक

गरे त्यसले नेपाल र नेपालीको कति भलो गऱ्यो ? सडक प्रदर्शन गर्न उचाल्ने नेताहरू नै सदनमा चुपचाप बसेनन्, 'हुन्छ' भनेर एमसिसी पास गर्न प्रत्यक्ष सहयोग गरे । एमालेका सांसदहरूले एमसिसीको विरोधमा नारा नलगाएर अप्रत्यक्ष सहयोग गरे । यो सम्पूर्ण नौटङ्की चलिरहँदा नेपाली काङ्ग्रेस, यसका सांसद एवं सभापति जसरी प्रस्तुत भए त्यसले नेकाको २००७ सालदेखि अहिलेसम्म गरेको राजनैतिक क्रान्तिको परम्परालाई निरन्तरता दिएको छ भने एमसिसी नेकाको तर्फबाट आर्थिक क्रान्ति ल्याउन चालिएको दोस्रो कदम मान्नुपर्दछ । पहिलो कदम २०१३ सालमा नेपालको पहिलो पञ्चवर्षीय योजना र भूमिसुधारजस्तो कार्यक्रम स्व. सुवर्ण शम्शेरले ल्याएका थिए । धेरै गन्थनतिर नलागेर सबै नेपालीले मत दिएर चुनेको सर्वोच्च संस्था संसद्ले पारित गरेको एमसिसी सबैको सहयोग र सद्भाव पाएर देश र नेपालीको आर्थिक पक्ष सबल गर्न सफल होस् ।

२०७८ फागुन १८ गते बुधवार

वीरगंजको पृथ्वी वीर अस्पतालतिर बरालिंदा

गताङ्कमा राजेश मिश्रले लेख्नुभएको नारायणी अस्पतालबारेको लेख अत्यन्त राम्रो लाग्यो । यसै क्रममा मेरो सम्झनामा रहेको केही कुरा अस्पतालको इतिहासप्रति रुचि राख्ने सबैको लागि थप जानकारीमूलक होस् भनेर यहाँ राख्न खोजेको छु।

जहाँसम्म इतिहासको कुरा छ, २०४९/५० सालमा राजकृष्ण अमात्य अस्पताल विकास समितिको अध्यक्ष हुनुहुन्थ्यो र म वीरगंज चिनी कारखानामा कार्यरत थिए । त्यस दौरान केही कुराहरूमा उहाँले मसँग सरसल्लाह गर्नुभएको थियो । यसै क्रममा एक दिन उहाँले नेकाका सर्वोच्च नेता स्व गणेशमान सिंहज्यूलाई जापानी राजदूतावासबाट भिडियो एक्स-रे मेशिन एक थान प्राप्त भएको र त्यो मेशिन नारायणीमा ल्याउन आफूले कुरा चलाएको र अस्पतालको जन्मोत्सवको सय वर्ष पूरा भएकोले यसै उपलक्ष्यमा एक कार्यक्रमको आयोजना गरी हस्तान्तरण गर्ने सोच राखेर स्थानीय मालपोत कार्यालयमा कागजको खोजी गर्दा पृथ्वी वीर विक्रम शाहको हस्ताक्षर भएको एउटा 'सनद' भेटिएको र त्यसमा काठमाडौंको जनताको लागि काठमाडौंमा र तराईको जनताको लागि वीरगंजमा एक/एक अस्पताल बनाइदिने उल्लेख रहेको पाइएको जानकारी गराउनुभएको मेरो सम्झनामा छ । त्यससम्मको हिसाबले नारायणीको शतवार्षिकी मनाउँदा यसको उमेर १०५ वर्ष पुगिसकेको थियो । त्यसैले अहिले जे नामकरण गरिएको भएपनि यसको वास्तविक नाम पृथ्वी अस्पताल नै हो ।

यो अस्पतालमा उहाँले लेख्नुभएको टीनको छाना भएको अस्पताल मेरो देखाइमा थिएन । २०२०-२२ सालतिर यो अस्पताल हाल प्रयोगशाला रहेको स्थानमा एउटा तीन कोठाको भवनमा सञ्चालित थियो । यस भवनको दक्षिणतर्फ गोलो आकारको घरमा 'दवाखाना', बीचमा ठूलो हलमा एक्स-रे र उत्तरतर्फको कोठामा बङ्गाली चिकित्सकहरू बस्ने गर्नुभएको सम्झना छ । यस भवनभन्दा केही अगाडि एउटा एक कोठे भवन थियो, जसमा घाउ, खटिरा, चिरफार गर्ने र मलमपट्टी लगाउने काम गरिन्थ्यो । यो भवनमा एकक्षत्र राज्य थियो- जानकी दादाको । उहाँको पुरानो नाउँ जानकी मेस्तर थियो तर सबैले जानकी दादा भनेर नै बोलाउने गर्थ्यो । महेन्द्र आरोग्य भवन निर्माण भई सञ्चालनमा आइसक्दासमेत यसको शल्यक्रिया कोठामा उनकै साम्राज्य थियो । महेन्द्र आरोग्य भवन ५० शय्याको अस्पताल वीरगंजका व्यापारी एवं दाताहरूको सहयोगले निर्माण भएर २०२२ सालदेखि सञ्चालनमा आएको हो । तर यस अस्पताल भवनको निर्माण कार्यको रेखदेख अहोरात्र खटेर छपकैया दरबारका साहेबज्यू साइँला राजाबाट भएको हो । नयाँ भवन अर्थात् महेन्द्र आरोग्य भवन बनेपछि यो अस्पताल राम्रो उपचार केन्द्रमा परिणत हुँदै गएको हो । महेन्द्र आरोग्य भवनको मेडिकल सुपरिटेन्डेन्ट

डा इन्द्रबहादुर खत्री रहनुभएको थियो र पछि २०२७/२८ सालतिर मेसु डा पीताम्भर झा, सर्जन डा ए.हई. खाँ र बाल चिकित्सकमा वीरगंज छपकैयाकै डा महम्मद अमिन आउनुभएपछि उहाँहरूको लगनशीलता र इमानदारिताले अस्पतालको ख्याति एकदमसँग बढेर गएको थियो । डा खान कृष्णानगर निवासी हुनुहुन्थ्यो र उनको परिवारको परिचय मेरो पिताजीसँग भएकोले मेरो पनि सामीप्यता उहाँसँग बढेको थियो । यसै कार्यकालमा वीरगंज निवासी डा रामऔतार खेतान र डा शम्भु लाखेले पनि अस्पतालमा आफ्नो सेवा दिनुभएको सम्झना छ । डा खान र डा पीताम्बर झाकै सक्रियतामा त्यस बेला वीरगंजमा चौथो राष्ट्रिय चिकित्सक सम्मेलन वीरगंजमा सम्पन्न भएको थियो भने अस्पतालमा रोगीहरूलाई खाना उपलब्ध गराइने 'तामचिन' (फलाममाथि पेन्ट गरिएको) खाना खाने भाँडाको साटो स्टीलको भाँडा प्रयोगमा ल्याइएको, अस्पतालमा पुस्तकालय स्थापना एवं जाउलाखेल डिस्टिलरीका संस्थापक स्व रामनारायण शाहको घुँडाको सफल शल्यक्रिया गरेर शल्यक्रिया कक्षको विस्तार भएको हो । त्यस बेलासम्म वीरगंजमा रक्तसञ्चार सेवासमेत शुरू भइसकेको थियो, जसको कारण यस अस्पतालको लोकप्रियतामा थप वृद्धि भएको थियो । डा खानको सरुवा भएपछि सम्झना भएसम्म सर्जनमा डा विश्वराज दली, गाइनोमा डा सानुमैया दली, फिजिसियनमा डा अम्बरबहादुर कार्की आउनुभएको हो । महेन्द्र आरोग्य भवनमा महिला चिकित्सकको रूपमा डा धर्मदेवी यमी र दाँत चिकित्सा सेवा शुरू हुँदा डा सिपी उपाध्याय रहनुभएको स्मरण छ ।

त्यसपछि २०३०/३१ र ३५/३६ सम्म म वीरगंजबाहिर बढी समय रहेकोले खासै सम्झना छैन तर २०३७/३८ सालदेखि स्थानीय डा श्यामसुन्दर दासले नारायणीमा सेवा दिन थाल्नुभएकोले यस अवधिको बारेमा उहाँसँग आधिकारिक जानकारी प्राप्त हुन सक्छ । २०३८ सालमा मैले वीरगंज चिनी कारखानामा सेवा प्रारम्भ गर्दा डा काशीकान्त झा र डा विके झाहरू नारायणीमैं रहनुभएको हो । डा विके झा यहींबाट सेवानिवृत्त भएपछि डा काशीकान्त झा छाती र टिबी रोगको विशेषज्ञ रहनुभएकोले राष्ट्रिय क्षयरोग केन्द्रको निर्देशकसमेत भएर सेवा दिनुभएको हो ।

२०४२ सालमा निर्माण भएर सञ्चालनमा आएको ऐश्वर्य प्रसूति गृह पनि वीरगंज उद्योग वाणिज्य सङ्घको सक्रियतामा सहयोग र चन्दा सङ्कलन गरेर निर्माण भएको हो । यो जग्गा स्व सुवर्ण शम्शेरको भएको र वीरगंजको माईस्थानमा कीर्ति सिनेमा हल सञ्चालन हुनुभन्दा अगाडि यहाँ 'चटाइ हल' भनिने सिनेमा हल रहेको बुबाकाकाबाट सुनेको हुँ, जसमा एउटा टिकटमा दुई शोसम्म सिनेमा हेर्न पाइन्थ्यो । यस जग्गामा एउटा स्तम्भ अन्त्यसम्म पनि थियो । जसमा थीरबम मल्लको मूर्ति २००७ सालको क्रान्तिपछि स्थापित गरिएको थियो तर सम्भवतः पञ्चायतको प्रार्दुभाव भएपछि त्यसलाई हटाइएको थियो । प्रजातन्त्रको पुनर्स्थापनापश्चात् आज जहाँ थीरबम मल्लको सालिक राखिएको छ, त्यो स्थान र मूर्तिको आकारले

मलाई त जहिले पनि लज्जाबोध हुने गरेको छ । ऐश्वर्य प्रसूतिगृहको रूपमा निर्माण भएको यस भवनमा पछि सर्जरी वार्ड सारियो र त्यसपछि स्व माधवलाल श्रेष्ठ वीरगंज उपमहानगरको प्रमुख हुनुभएपछि डा काशीकान्त झाको सक्रियतामा उपमहानगरले सम्भवतः ३३ लाख रुपैयाँको लागतमा मेडिकल वार्ड निर्माण गरेको हो र त्यसैगरी रक्तसञ्चार केन्द्रको लागि वीरगंज चिनी कारखानाले हाल प्रयोगमा रहेको भवन निर्माण गरिदिएको हो ।

वीर अस्पतालसँगैको यो अस्पतालको प्रयोगशालाबाहेकका अन्य सबै सेवा दाताहरूले निर्माण गरेको भवनमा सञ्चालित छ भने वीर अस्पताल चिकित्सा विश्वविद्यालय स्तरको अस्पतालमा रूपान्तरित भएको छ।

दोष कसको ?

२०७३/१०/१० मा नारायणी उपक्षेत्रीय अस्पतालको अध्यक्षमा सुशील खेतान र श्रीकृष्ण चौधरी सदस्यको रूपमा मनोनीत भएपछि करीब एक महीना लगाएर अस्पताललाई शिक्षण अस्पतालमा रूपान्तरित गर्ने प्रतिवेदन तयार गरेर तत्कालीन स्वास्थ्यमन्त्री गगन थापासमक्ष प्रस्तुत गर्दा बृहत् छलफलपछि एमबिबिएसको सट्टा तत्काललाई पिजीको इन्टर्नशिप शुरू गर्ने र दुई वर्षपछि राम्रो नतीजा देखिएमा थप भागमा यो सेवा दिने र शुरूको दुई विभागमा दुई/दुईवटा सिट उपलब्ध गराउने व्यवस्था एनएएमएसले गर्दा तत्कालको लागि चिकित्सकको अभाव पनि पूरा हुँदै जाने र इन्वार्ड चिकित्साको स्तरसमेत सुधार हुने निष्कर्षमा पुगेको एक महीनाभित्र एनएएमएसका उपकुलपति गणेश गुरुङ नेतृत्वको टोलीले वीरगंज आएर समितिसँग सम्झौता गर्नुका साथै चिकित्सकहरूसँग बैठक गरेर कुनै दुई विभागबाट एक वा दुईजना चिकित्सकले कम्तीमा एक/एक वटा अनुसन्धानपत्र तयार गरेर पठाइदिएमा तत्काल मापदण्ड पूरा हुने र उहाँहरूलाई लेक्चररको रूपमा मान्यता दिई इन्टर्नशिप शुरू गर्ने भनाइ राख्नुभयो । तर त्यसको वर्ष दिन बित्दासमेत कुनै विभागबाट एउटै पनि अनुसन्धानपत्र प्राप्त नभएकोले स्नातकोत्तर तहको चिकित्सा महाविद्यालय एवं अस्पताल हुने अवसर यस अस्पतालले प्राप्त गर्न नसकेको हो ।

अन्त्यमा यो लेख्दालेख्दै अस्पतालको ब्याकबोनको रूपमा रहनुभएका तीनजनाको नाम छुटाएको रहेछु । अहिले सम्झनामा आएकोले यहीं उल्लेख गर्दैछु । सर्वप्रथम त फार्मेसीतर्फको जिम्मेवारी सम्हाल्नुहुने कम्पाउन्डर पूर्णबहादुर शाक्य र त्यसपछि शल्यक्रिया एवं आकस्मिक कक्ष पालैपालो सम्हाल्नुहुने न्हुच्छेलाल मानन्धर र सत्यनारायण नापित । अवकाशप्राप्त नहुन्जेल उहाँहरूले अस्पतालका साथै सोबाहेकको समयमा सुई दिने र मलमपट्टी गर्ने सेवा वीरगंजभरि नै उपलब्ध गराएर ठूलो गुन लगाएको सम्झन्छु।

२०७८ फागुन ११ गते बुधवार

व्यर्थको चिन्ता

अहिले हाम्रो देश अन्न निर्यात गर्ने अवस्थाबाट आयात गर्ने अवस्थासम्म कसरी आइपुग्यो भन्ने चिन्तनमननबाट गुज्रिरहेको पाइन्छ । सन् १९८० सम्म त नेपालबाट अन्न अनाजको आयातभन्दा निर्यात नै बढी हुने गरेको थियो । धान चामल निर्यात कम्पनी नै खोलेर धान चामल निर्यात हुँदै आएको हो । तर सन् २००२ बाट क्रमशः बढ्दै गएको आयात बढ्दै सन् २०२१ मा एक बिलियन डलरको हुन पुगेको छ । भारतकै कृषि एवं प्रशोधित खाद्य उत्पादन निर्यात विकास प्राधिकरणको तथ्याङ्क अनुसार सन् २०२१ को मार्च ३१ सम्ममा नेपालको खाद्यान्न खरीद रु ११२.५० बिलियन पुगेको छ । यसमध्ये सर्वाधिक खरीद भएको खाद्यान्न चामल हो । नेपालले भारतसँग गर्ने आयातमा छैटौं स्थानमा छ । यस्ता कारणको आधार देखाउँदै विज्ञहरूले विदेशी मुद्रा सञ्चितिदेखि राष्ट्रिय सुरक्षासमेतमा खतरासम्म हुन सक्ने सङ्केत गरिरहेका छन् । यस्तो गम्भीर अवस्था देशमा कसरी आइलाग्यो भन्ने विश्लेषण कतै गरिएको पाइँदैन । समग्रमा विचार गर्दा यस्तो अवस्था आइपुग्नुको पछाडि निम्न कारणहरू हुन सक्छन्:

१) राष्ट्रिय राजनीतिः

२०४६ सालको जनआन्दोलनपछि नेपालको राजनीतिमा स्थिरता आउने अपेक्षा गरिएको भएपनि हाम्रा नेताहरूको महत्त्वाकाङ्क्षाका कारण राजनीतिले कहिले स्थिरता पाउन सकेन । यस कारणले सरकार बन्ने बित्तिकै विपक्षकाले हटाउने र सत्तासीन सत्ता जोगाउने खेलमा लागिरहे, जसको कारण सरकारहरूले सधैं कामचलाउ शैलीमा काम गर्न थालेकाले न दीर्घकालीन समस्याको पहिचान भयो, न निदान ।

२) सरकारी नीतिः

प्रजातन्त्र बहालीपछि अङ्गीकार गरिएको खुला बजार अर्थनीति अन्तर्गत निजीकरण एवं उदारीकरणको जुन नीति अवलम्बन गरियो, त्यसबाट सेवा र व्यवसायको क्षेत्र अत्यधिक फस्टायो तर उद्योग क्षेत्र धराशयी बन्न पुग्यो । किनभने त्यस बेलाका सरकारी उद्योगहरूमध्ये अधिकांश ठूलो, नगदे बालीमा आधारित र तराईमा अवस्थित उद्योगहरू थिए । यसमध्ये विराटनगरको जुट मिल, जनकपुरको चुरोट कारखाना, वीरगंज र सुनवलको चिनी कारखाना यस्ता उद्योग थिए, जसले किसानको आर्थिक अवस्था सुधार्न ठूलो मदत पुऱ्याएको थियो । यस्ता उद्योगहरूसँगको प्रतिस्पर्धाकै कारण उखु कृषकहरूको भुक्तानी एवं चिनीको बजारभाउ दुवै सन्तुलनमा रहने गर्दथ्यो । तर निजीकरणपछि यो अवस्था समाप्त भयो र निजी क्षेत्रको एकलौटीका कारण आजसम्म किसानले भुक्तानी र उपभोक्ताले मूल्यमा अत्यधिक दुःख सहनुपरिरहेको छ ।

३) सिंचाइः

प्रजातन्त्र बहालीको ३० वर्ष पुगिसक्दासमेत पञ्चायतकालमैं बनेका गण्डक, कोशी, वागमतीबाहेक नेपालको अन्नभण्डार कहलिएको तराईमा सिंचाइको कतै सुविधा

थपिएको सुनिदैन। यो सुविधा पर्याप्त हो भने उत्पादन किन हुँदैन र यो अपर्याप्त हो भने थप सिंचाइ सुविधा किन प्रदान गरिएन भन्ने प्रश्नको उत्तर आउन बाँकी नै छ। सुनकोशी–कमला मेरिन डाइभर्सनबाट जङ्गलको दक्षिणी किनारबाट नहर निकालेर वाग्मतीसम्म र वाग्मतीबाट नारायणीसम्म पुऱ्याउन सकिए सम्पूर्ण मध्यतराईलाई नै सिञ्चित गर्न सकिने भनेर एभिन्यूज टेलिभिजनको बजेटसम्बन्धी कार्यक्रममा मैले नै राखेको प्रस्तावलाई तत्कालीन अर्थविद् एवं नेपाल सरकारका आर्थिक सल्लाहकार गोविन्द थापाले उपयुक्त भनेर योजनामा समेटिने विचार राख्नुभएको थियो। उहाँको अवसानपछि यसको अवस्था के छ कसैलाई थाहा छैन।

४) वनजङ्गलको विनाश:

नेपालमा वनजङ्गलको विनाश एवं गिट्टी, बालुवाको दोहन जुन प्रकारले भइरहेको छ, त्यसको कारण बर्सेनि प्राकृतिक प्रकोपहरूको तीव्रता बढ्दै गएको छ। यसै कारण खडेरी, अतिवृष्टि, बाढी–पहिरोले जनजीवन आक्रान्त हुन थालेको छ। अन्नको भण्डार मानिएको तराई मरुभूमीकरणतर्फ अग्रसर भइरहेको छ। यस प्रकारका प्राकृतिक प्रकोपले एकातिर माटोको उर्वराशक्ति घट्दै गएको छ भने अर्कोतर्फ भएका खेतीयोग्य जग्गा जमीनमैं उन्नत बीउ एवं मलखादको अनुपलब्धताले उब्जनी खासै बढ्न सकेको छैन। झन् तराईको क्षेत्रमा नेपालबाट भारततर्फ बग्ने नदीहरूमा भारतले एकतर्फीरूपमा बनाएको बाँधले तराईको जग्गा बर्सेनि डुबानमा परेर पनि अन्न अनाजको उत्पादनमा ह्रास आइरहेकोतर्फ हाम्रो ध्यान पुग्न सकेको देखिँदैन।

यस्तो अवस्थामा यतिको धान, चामल र यतिको तयारी खाद्य वा दलहन, तेलहन आयात भयो भनेर चिन्ता लिनु व्यर्थ ठहरिन्छ। नेपालमा कि त उत्पादनका बाधाहरू हटाउने कदम चाल्नुपर्‍यो होइन भने आयात गर्नुको के विकल्प छ। मान्छे भोकभोकै त बस्न सक्दैन। तसर्थ सबै सरोकारवालाहरूले तथ्याङ्कतिर ध्यान दिंदा समस्याको निराकरणतर्फ समेत ध्यान दिएर अगाडि बढ्नुपर्ने देखिन्छ।

२०७८ फागुन ०४ गते बुधवार

हाम्रो आर्थिक धरातल

गठबन्धन सरकार गठन भएको केही महीनापछि नै प्रधानमन्त्री शेरबहादुर देउवाले परिश्रमी भनेर प्रशंसा गर्नुभएको वर्तमान अर्थमन्त्री जनार्द्धन शर्माको केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बैठकलाई सम्बोधन गर्दै राजस्व राष्ट्रको रगत र पसिना हो र यो बगेर गइरहेकोले यसको नियन्त्रणको कार्य आजैबाट शुरू गर्नुपर्ने बताउनुभएको छ। उहाँले राजस्व चुहावटका क्षेत्रहरू भनेर क्रिप्टो करेन्सी, डिजिटल क्यासिनो, डिजिटल नेटवर्किङका साथै अन्य खर्चको गलत घोषणा, नक्कली बिजक र अन्त:शुल्क स्टिकरको प्रयोग चोरी पैठारीलाई औंल्याउनुभएको छ । उहाँको भनाइ सत्य पनि हो तर प्रश्न के उठ्छ भने कुनै यस्तो क्षेत्र छ, जुन चोरीबाट मुक्त छ । तर यसो भनिरहँदा यसको नियन्त्रण गर्न कदम नै नचाल्ने भन्ने होइन । तर यसरी हरेक अर्थमन्त्रीले प्रजातन्त्र स्थापनादेखि नै भन्दै आएपनि नियन्त्रण त छोडौं हामी नियन्त्रण उन्मुख पनि हुन सकेका छैनौं ।

हालसालै ग्रीनलाइन सेन्टर प्रालिको नाउँबाट आयातित विदेशी मदिराको कारोबार गर्ने सञ्चालकहरू कर नतिरी भागेपछि बैंकहरूको ८० करोड रुपैयाँ जोखिममा परेको छ । यसमध्ये एभरेस्ट बैंकले घर धितो राखेका कारण उसको लगानीको २० करोड असुल हुन सक्ने देखिन्छ भने अन्य बैंकहरूमध्ये मेगा बैंक २४ करोड, ग्लोबल ७.५ करोड र इन्भेस्टमेन्ट बैंकको करीब ३० करोड चालू पूँजी कर्जा भएकोले स्टक बिक्री गरी रकम उठाउनुपर्ने तर स्टक अपर्याप्त भएकोले करीब ६० करोड उच्च जोखिममा रहेको छ । यो ऋण असुली नभएपछि रकम प्रोभिजन गर्दा सम्बद्ध बैंकहरूको नाफा घट्ने देखिन्छ ।

यो त भयो निजी प्रतिष्ठानहरू बारेको कुरा तर अब सरकारी क्षेत्रतिर हेरौं। नेपालका नौवटा कम्पनीले आव २०७४/७५ र २०७५/७६ गरी दुई आवमा ३५ लाख मेट्रिक टन चुनढुङ्गा उत्खननको अनुमतिभन्दा २४ लाख ४४ हजार २६८ मेट्रिक टन बढी उत्खनन गरेको तथ्याङ्क सार्वजनिक भएको छ । अझ थप के भने यो परिणाम Eye Etimate हो किनभने उत्खनन क्षेत्रमा धर्मकाँटा नै राखिएको थिएन । यसबापत अख्तियारले खानी विभागका महानिर्देशकलगायत नौ कर्मचारीसहित सञ्चालकहरूमाथि सवा अर्ब रुपियाँको बिगो माग्दा बिगरी मुद्दा चलाइएको छ । विगतमा राजस्वसम्बन्धी मुद्दाहरूमा अदालतबाट हुने गरेको फैसलालाई आधार मान्ने हो भने यो मुद्दा पनि लम्बित हुनेछ वा न्यून सजाय हुने गरी फैसला हुनेछ । यी दुई जस्ता कति घटनाहरू देशभरिमा भइरहेका होलान् र सबैको यस्तै हबिगत पनि हुँदो हो । त चिन्ता किन गर्नेभन्दा बुझ्नुपर्ने कुरा के हो भने यो सबै रकम हाम्रै पैसा हो । बैंकमा बचत जम्मा गर्ने व्यक्तिहरूमध्ये अधिकांश मध्यम र न्यून मध्यम वर्गीय परिवारका हुन्छन । उनले पाउने बचतको ब्याज औसत ४-५ प्रतिशत र मुद्दतीमा ८-१० प्रतिशत सम्म हो । त्यस्तै, राज्यको राजस्व दुई प्रकारको करबाट सञ्चालित हुन्छ । एउटा अप्रत्यक्ष कर र दोस्रो प्रत्यक्ष कर । नेपालको सरकारी तथ्याङ्कै अध्ययन गर्दा सन् २०१५-२० सम्मको प्रत्यक्ष कर सीधा हिंडेको देखिन्छ भने अप्रत्यक्षकर क्रमश: २०१८ बाट सीधै उकालो लागेको देखिन्छ ।

सामान्यतया सरकारको प्रत्यक्ष करको आय बढी र अप्रत्यक्ष करको कम हुनुपर्नेमा विकासशील र अल्पविकसित मुलुकहरूमा अप्रत्यक्ष बढी र प्रत्यक्ष कम हुने गर्छ तर अनुपात भने नेपाल जस्तो बढी हुँदैन। अब कुरा गरौं, बैंकिङ क्षेत्रको । नेपालमा २७ व्यावसायिक बैंक, १७ विकास बैंक, ६७ लधुवित्त संस्था र एक पूर्वाधार बैंक रहेका छन् । लघुवित्तबाहेकका प्रतिष्ठानहरूको देशभरिमा ६१४५ वटा शाखा छन् । सबै शाखामा नभएपनि १०-२० प्रतिशत शाखाहरूमा ग्रीनलाइन जस्ता घटनाहरू हुने गरेको समाचारहरू बराबर आइ नै रहन्छ र गत वर्षको कोभिड प्रकोपबाट "सर्न लागेको हाम्रो अर्थतन्त्र जसको आर्थिक वृद्धिदर २.५ प्रतिशतभन्दा माथि जान सकेको छैन । यस अवस्थामा यस देशका २७ वटा व्यावसायिक बैंकहरूको छ महीनाको नाफाको प्रक्षेपण ३३ अर्ब देखिएको छ । जुन यी बैंकहरूको चुक्ता पूँजी २८५ अर्बबाट हिसाब गर्दा Annual Rate of Return (ARR) २५ प्रतिशत हुन आउँछ ।

वित्त बजारमा यस्तो चमत्कार बिरलै देख्न पाइन्छ । यसको नियन्त्रण र देखरेख गर्ने निकाय राष्ट्र बैंक हो । राष्ट्र बैंकको सम्बन्धमा International Monetary Fund ले यसको भूमिका परिवेक्षण र नियन्त्रणमा कमजोर भएको टिप्पणी गरेको छ । यस्तो टिप्पणी गर्दै गर्दा उसले नेपालको वित्तीय क्षेत्रलाई स्थिर राख्न तीन वर्षको लागि २९६ मिलीयन डलरको सहयोग पनि गर्ने भएको छ । नेपालको सन्दर्भमा यस्तो ऋण उत्पादनशील क्षेत्रमा प्रयोग गरे बढि फाइदाजनक हुने देखिन्छ ।

अहिले नेपाली बजारमा देखिएको तरलताको अभाव पूँजीगत शीर्षक अन्तर्गतको खर्च १५ प्रतिशतभन्दा माथि बढ्न नसकेकोले मात्रै नभई बैंकहरूले गरेको अनुत्पादक क्षेत्रको लगानी पनि हो । यो नहुँदो हो त नाफा त्यति विधि बढ्ने नै हुँदैन । हुनत देशकै वित्तीय एवं मौद्रिक नीतिको नियामक संस्था राष्ट्र बैंकले अन्तर्राष्ट्रिय वित्त निगमसँग साइकोमेट्रिक स्कोरिङ सोलुसन भनिने ऋणीको मूल्याङ्कन विधि प्रणाली दुई वर्षको लागि परीक्षणको तौरमा लागू गरिने र यसबाट सम्भावित ऋणीको जोखिम विवरण तयार गर्न सकिनेछ । जसबाट जोखिम मुक्त कर्जा प्रवाह प्रणालीको प्रवर्द्धन हुने भनाइ अगाडि सारेको छ । यो कति सही साबित हुन्छ आउने समयले नै बताउँला तर सरकारी एवं निजी क्षेत्रबाट भइरहेको यस्तो गरीब जनताको दोहनले खुला बजार अर्थनीतिलाई मात्रै बदनाम गर्ने नभई देशको शासन पद्धतिबाट नै आम जनताको विश्वास बढ्न सक्छ । अहिले देखिएका चुनौतीहरूबाट पनि पाठ नसिक्ने हो भने बैंक र सरकार मात्रै होइन सम्पूर्ण फस्टाउँदै गरेको राजनीतिक उद्योग पनि धराशयी हुन सक्छ । जहाँसम्म तरलताको कुरा छ बैंक एवं वित्तीय संस्थाले सरकार र सरकारले बैंकलाई कारक देखाइरहेका छन् । तर वास्तविकता के छ भने राष्ट्र बैंकले प्रचलनमा ल्याएको कुल मुद्राको आधी जति मात्रै बैंकिङ प्रणालीमा छ र बाँकी कहाँ छ भन्न कोही चाहँदैन । यसले देशमा समानान्तर अर्थतन्त्र चलिरहेको स्पष्ट छ । तरलताको समाधान अब हुने निर्वाचनमा हुने आस भने गर्न सकिन्छ ।

२०७८ माघ २६ गते बुधवार

चुनावमय नेपाल

देशको राजनीतिक माहोल चुनावमय भएको छ । अहिले 'अर्लि इलेक्सन'को हावा थामिएर समयमा वा ढिलोको वादविवाद शुरू भएको छ । कानून व्यवसायीदेखि राजनीतिकर्मीहरूको विद्वत् भनाइ सार्वजनिक भइरहँदा वास्तवमा नेपालको संविधान २०७२ मा के व्यवस्था छ भन्ने लागेर पढ्दा 'भाग १८ स्थानीय व्यवस्थापिका अन्तर्गतको दफा २२५ मा गाउँ र नगर सभाको कार्यकाल निर्वाचन मितिले पाँच वर्षको हुनेछ । त्यस्तो कार्यकाल समाप्त भएको छ महीनाभित्र अर्को गाउँ र नगर सभाको निर्वाचन सम्पन्न गर्नुपर्नेछ' भनेर स्पष्टरूपमा लेखिएको पाइन्छ । अहिले निर्वाचन आयोगले वैशाखमा दुई चरणमा निर्वाचन गर्ने प्रस्ताव सरकारसमक्ष पठाएकोमा अब प्रश्न उठ्छ यो प्रस्ताव नै संविधानको उल्लङ्घन हो कि होइन ? संविधानको उपरोक्त दफामा निर्वाचन भएको मितिले पाँच वर्ष भन्ने वाक्यांशबाट यसपालिसमेत या त विगतझैं पाँच वर्ष पुग्ने मितिमा तीन चरणमा प्रस्ताव आउनुपर्ने थियो वा संवैधानिक प्रावधान अनुसार कार्यकाल समाप्त भएको मितिले छ महीनाभित्र निर्वाचनको मिति तोक्न सरकारको ध्यानाकर्षण गराउनुपर्ने थियो। तर त्यो नगरेर निर्वाचन आयोगले पार्टीको भ्रातृ सङ्गठनको रूपमा काम गर्न थालेको अनुभूति मिल्छ । यो विषय पाठकवृन्दलाई एक पक्षीय लाग्न सक्छ तर विचार गर्नुस् । यही आयोगले दुईवटा नेकपा दर्ता गरेको हो । जसलाई सर्वोच्चले खारेज गरेर आजको अवस्था आएको हो । अझ झन् हास्यास्पद त के छ भने निर्वाचन आयोगले स्थानीय तह निर्वाचनको मिति तोक्न सरकारलाई पठाएको पत्रमा उल्लिखित निर्वाचन ऐनको दफा ४, २०७४ सालको निर्वाचनमा एकपटक मात्र प्रयोग गर्न सक्ने अधिकार हो । अब भन्नुस् आजको यो राजनीतिक वितण्डा निर्वाचन आयोगले नै खडा गरेको हो कि होइन ? निर्वाचन आयोग आफ्नो प्रमुखको निर्देशनमा भ्रातृ सङ्गठन भएर काम गर्दैछ। त्यसैले भनेको हो। सत्तागठबन्धन संविधान जोगाउने कि जनमत भन्ने द्विविधामा परेको भएपनि यो द्विविधा काङ्ग्रेसलाई बढी पर्न गएको छ कि भन्ने काङ्ग्रेसभित्रकै एक समूहले संविधानको साटो ऐन अनुसार निर्वाचन गर्नुपर्ने धारणा अगाडि सारिसकेको छ । सत्ता गठबन्धनका अर्का नेता माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड एकान्तवासबाट बाहिर आएपछि सबै निर्वाचन एकैपटक वा दुई चरणमा मङ्सिरमा गर्ने प्रस्ताव गरेर अर्को राजनीतिक तरङ्ग उत्पन्न गरिदिनुभएको छ। यसमा उहाँको निहित स्वार्थ देखिन्छ। तत्कालै स्थानीय चुनाव गराउँदा माओवादी पक्षको नतीजा निराशाजनक हुन सक्ने अनुमान अनुसार मङ्सिरतिर चुनाव भएमा केही सङ्गठनात्मक कार्यहरू गरेर आसलाग्दो सङ्ख्यामा सिट हासिल गर्न सक्ने र त्यसपछाडि काङ्ग्रेस भए काङ्ग्रेससँग नभए पुनः एमालेसँगै गठबन्धन गरेर सरकारमा बस्ने पनि हुन सक्छ । हालै आएको चिनियाँ राष्ट्रपतिको नेपालसम्बन्धी टिप्पणीबाट नेपालका कम्युनिस्टहरूलाई आफ्नो पुरानो रणनीति अनुसार एक हुन दिने चिनियाँ नीतिको दबाब थप बढेको हुन सक्छ ।

यसबाहेक भारत आन्तरिकरूपमा आफ्नो चुनावमा व्यस्त भएपनि नेपालमाथि उसको नजर छैन भन्न सकिन्न।

कालापानीलगायतका विवादित क्षेत्रको नेपाली भूभागमा सन् २००८ देखि नै सडक निर्माण कार्य भइरहेको हो । यसबारे विवाद भने सन् २०१५ मा नेपाली तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले त्यो क्षेत्र नेपालको भएकोले निर्माण कार्य रोक्न भारतीय प्रधानमन्त्री मोदीलाई दबाब दिनुभएको फलस्वरूप उहाँको भारत भ्रमण रोकिएको हो ।

यो राजनीतिक वृत्तमा सबैलाई थाहा भएपनि सार्वजनिक समाचार भने बनेन । तर केपीशर्मा ओलीले दुई तिहाइको सरकारको नेतृत्व गरिरहँदा भारतले नेपालको त्यो भूभागलाई आफ्नो सीमामा गाभेर देखाएपछि सार्वजनिक भएको यो विवाद भारतीय सेनाप्रमुख, रक्षामन्त्री एवं गृहमन्त्रीकै बयानमा मात्र सीमित थियो र निर्माण कार्य चलिरहेकै थियो । तर अहिले आएर त्यस क्षेत्रको निर्माण कार्यबारे भारतीय प्रमले समेत सार्वजनिकरूपमा बोल्दा त्यसको कूटनीतिक महत्त्व पक्कै हुनुपर्छ । नेपालमा भारत जस्तै चुनावमय वातावरणमा आएको नरेन्द्र मोदीको भनाइले वर्तमान नेपाल सरकारलाई यसबारे विज्ञप्ति नै प्रकाशित गरेर विरोध गर्नुपऱ्यो । यसको फलस्वरूप सम्भवतः वर्तमान सरकार र भारतीय सरकारबीच तिक्तता बढेको छ र यसको फाइदा प्रत्यक्षरूपमा ओलीलाई पुग्नेछ । आसन्न स्थानीय निर्वाचनमा फेरि उनले यही कुरा उठाएर फेरि झूटो राष्ट्रवादको नारा दिने पक्का छ । यो सबै कुरा विचार गर्दा नेपाली काङ्ग्रेसलाई नेपालमा आगामी दिनमा हुने निर्वाचनमा चिनियाँ र भारतीय हस्तक्षेप र एमालेसँग प्रतिस्पर्धा गर्नुका साथै माओवादी केन्द्रको अन्तर्घातको चुनौतीसँग समेत लड्नुपर्नेछ । आगामी निर्वाचन स्थानीयको साथै प्रदेश र केन्द्रको समेत गर्ने भनेर प्रचण्डले दिएको दबाबलाई यस परिप्रेक्ष्यमा हेर्दा चुनावमा स्थानीयको पहिला भएर नेका बहुमत तिर अग्रसर नभए वा सबै चुनाव एकैपटक हुने भएर व्यवस्थापिकामा काङ्ग्रेसले पचास प्रतिशतभन्दा माथि बहुमत प्राप्त नगरेको दुवै अवस्थामा माओवादी केन्द्र एमालेसँग मिल्न सक्ने सम्भावना अहिलेसम्मको कमरेड प्रचण्डको राजनीतिक उकाली-ओराली हेर्दा शङ्का गर्ने ठाउँ रहँदैन । यो सम्पूर्ण अवस्थालाई विचार गरेर नै होला नेकाका सभापति एवं वर्तमान गठबन्धन सरकारका प्रमले उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकबाट आगामी जेठमा निर्वाचन गराउने निर्णय गराउनुभएको छ । जनमत छिटो स्थानीय निर्वाचन गराउने पक्षमा रहेको नेकाले भेउ नपाएको होइन । तर यस दलभित्र एउटा विचित्रको राजनीतिक संस्कार छ । समाजवादी नीति अँगालेको दल भएपनि दलका नेता र थिङ टचाङ्गको सोच शास्त्रीय भएको इतिहास नै साक्षी छ । विसं २०१५ मा सत्तामा आएको काङ्ग्रेसको सरकार अन्तर्राष्ट्रिय मञ्चहरूमा यति व्यस्त भयो कि यसले आन्तरिक पकड नै गुमाइदियो, जसलाई स्वयम् बिपीले आफ्नो भनाइमा स्वीकार गर्नुभएको छ। विसं २०४५ को सत्तारोहणपछि नेकाले सर्वप्रथम ग्रामीण स्वावलम्बन कार्यक्रमको नाउँबाट प्रत्येक गाविसलाई पहिलोपटक क्षमता अभिवृद्धि गर्दै बढाउने गरी ७० हजारको रकम विनियोजन गऱ्यो । जसलाई पछि गठन भएको त्यस बेलाको एमाले सरकारले "आफ्नो गाउँ आफैं बनाउँ"को नाम दिएर रकम पाँच लाख पुऱ्याइदियो र यसको स्पष्ट लाभ उसलाई २०५४ को स्थानीय निर्वाचनबाट प्राप्त हुन शुरू भयो । जब-जब नेकाको सरकारले कर्मचारीको तलब एवं भत्ता वा सामाजिक

सुरक्षा भत्ता बढाउँदा बजेटले धान्न नसक्ने भनेर बढाएन, त्यसपछि बनेको एमाले सरकारले त्यसलाई बढाएर ठूलो लोकप्रियता कमाएको इतिहास छ । आज नेपालको कुल आन्तरिक राजस्व कर्मचारीको तलबभत्ताको लागि अपुग भएको छ र यसको पछाडि अनुत्पादक क्षेत्रमा सस्तो लोकप्रियताको लागि बढाउँदै लागिएको खर्च हो । तर हामी गरीब भएकोले अर्थशास्त्रको Utility Theory हामीमाथि समेत लागू हुन्छ । जुन छैन त्यसकै चाहना बढी हुन्छ र त्यही प्रवृत्ति राजनीतिज्ञ, कर्मचारी एवं आम जनतामा व्याप्त भएकोले भ्रष्टाचार मौलाएको छ। विकासको गति रोकिएको छ । पूँजीगत शीर्षकको खर्च मात्रै पनि विगतका सरकारहरूले बढाउन सकेको भए यो नियतिमा केही न केही सुधार पक्कै हुने थियो । नेका वास्तविकरूपमा Copy Book प्रणालीमा काम गर्न चाहन्छ, जसले दीर्घकालमा राष्ट्रलाई फाइदा पुग्छ, अर्थतन्त्र बलियो हुन्छ । तर जनता तत्काल केही पाउने आसमा रहँदै आएकोले काङ्ग्रेसले अब Copy Book Style र लोकप्रिय हुने कामको बीचमा सामञ्जस्य स्थापित गरेर हिंड्नै पर्छ । यो गर्न सकिएन भने काङ्ग्रेसले कि त हार स्वीकार गर्नुपर्छ कि त सधैं गठबन्धनको बन्धनमा बाँधिएर बस्नुपर्ने हुन्छ ।

यो सबै अवस्थालाई विचार गर्दा स्थानीय निर्वाचनमा निर्वाचन आयोगले खेलेको फोहोरी खेल, एमालेको झूटो राष्ट्रवाद र प्रचण्डको चातुर्यलाई एकैपटक परास्त गर्दै चुनाव जित्न स्थानीय निर्वाचन सकेसम्म छिटो गर्ने, कालापानीलगायतका विवादित क्षेत्र उपर भारतसँग वार्ताको लागि देखिने र आम जनताले बुझ्ने गरी आफ्नो सङ्गठन परिचालन गरी दबाब बढाउने, मेलम्ची आयोजना युद्धस्तरमा काम गराएर भएपनि वैशाखसम्ममा सञ्चालनमा ल्याउने र आन्तरिक शान्ति सुरक्षा बनाइ राख्नुका साथै कृषकहरूको क्षतिपूर्ति र भुक्तानीको समस्या मात्रै पनि समाधान गरिदिए काङ्ग्रेसले आफ्नो एकल पचास प्रतिशतभन्दा बढी बहुमत प्राप्त गर्न सक्छ। होइन अझै पनि शास्त्रीय राजनीतिमैं रमाउने हो भने स्थानीय निकायमा समेत Hung Parliament बन्ने र राजनीतिक दलको एजेन्डा कार्यान्वयन हुनुको सट्टा मिलीजुली खाने परम्पराले नै निरन्तरता पाउने निश्चित छ ।

२०७८ माघ १९ गते बुधवार

यसपालि यताउतिका आफ्नै कुरा

कोरोना– बेलायतमा माघ ५ गते बुधवार एक लाख आठ हजार सङ्क्रमित भेटिएकै दिन त्यहाँका प्रधानमन्त्रीले ओमिक्रोनको सङ्क्रमणले उच्च बिन्दु पारे गरेको, अस्पतालका बिरामीको चापसमेत सामान्य रहेकोले सङ्क्रमितले आइसोलेशनमा बस्नुपर्नेबाहेक सबै प्रतिबन्ध जनवरी २७ देखि लागू नहुने घोषणा गरेका छन्। साथै सार्वजनिक स्थानमा मास्क लगाउनुपर्ने नियम पनि हटाइएको छ । नेपालमा भने सक्रिय सङ्क्रमितको सङ्ख्या ६० हजार करीब पुगेको छ। बिहीवार अर्थात् माघ ६ गते १२ हजार ३३८ नयाँ सङ्क्रमित थपिएका छन् । देशका १४ वटा पालिकाहरू, ५ सयभन्दा बढी सङ्क्रमित भएकोले, रेडजोनमा परेका छन् भने बारा, पर्सामा सङ्क्रमितको सङ्ख्या २ सयभन्दा बढी तर ५ सयभन्दा कम रहेको छ । कोरोनाको पहिलो लहरबाट नै मास्कको प्रयोगमा अत्यधिक जोड दिइँदै आएकोमा पहिले र अहिले पनि यसबारे यसपटक पनि केही जानकारी दिनु उपयुक्त ठानेको छु । अमेरिकाको रोग रोकथाम तथा नियन्त्रण गर्ने केन्द्रले एन-९५ वा वोरियन फिल्टर प्रयोग गरिएको केएफ ९४ मास्कहरू ०३ माइक्रोनसम्मको ९५ प्रतिशत हावामा रहेका कणहरूलाई मात्र रोक्न सक्ने र त्यसमा पनि exhaust valve का मास्कहरू भाइरस रोक्न सक्षम नहुने भएकाले सङ्क्रमित क्षेत्र वा भीडभाडयुक्त क्षेत्रमा जाँदा NIOSH (National Institute for Occupational Safety & Health) बाट प्रमाणित मास्क वा सर्जिकल मास्कमाथि एक दुई तह थप गरेर प्रयोग गर्न उपयुक्त हुने जनाएको छ । मास्कको अनावश्यक प्रयोगबाट झन् जोखिम बढी हुने सम्भावना छ ।

पर्यटन–सिमरास्थित पाँचतारे होटलका लगानीकर्ताहरूबाट अमलेखगंजमा मिनी सौराहा बनाउने योजना सार्वजनिक भएको पढेर अत्यन्त खुशी लाग्यो । यसबाट त्यस क्षेत्रको पर्यटन गतिविधि बढ्ने आय-आर्जनको स्रोतसमेत थपिने निश्चित छ। तर पर्सा जिल्लामा अब हुलाकी सडक भएर ठोरी सजिलै पुगिने भएको छ र त्यहाँबाट पनि पर्सा आरक्षमा प्रवेश गरेर भाटासम्म पुग्न सकिन्छ। त्यहाँ भने हालसम्म कुनै लगानीकर्ताको ध्यान गएको देखिँदैन । यो क्षेत्रको नारायणी नदी पारी भारतको उत्तरप्रदेश राज्य छ र त्यस क्षेत्रबाट बिहार र उत्तर प्रदेश गरी दोब्बर सङ्ख्यामा भारतीय पर्यटक भित्र्याउन सकिन्छ । यसका अलावा अमलेखगंजबाट प्रवेश गरेर ठोरी वा ठोरीबाट प्रवेश गरेर अमलेखगंजबाट निस्कने अवलोकन भ्रमणको प्रबन्ध पनि मिलाउन सकिन्छ। बारामा गढीमाई र सिम्रौनगढलाई क्रमशः विकसित गरिँदैछ तर पर्सा जिल्लाको ख्यातिप्राप्त महुवनस्थित पारसनाथ मन्दिरको व्यवस्थापनतर्फ कसैको ध्यान गएको देखिँदैन । ५००-१००० बिघासम्म आफ्नै जग्गा रहेको यो मठको अधोगति र हाम्रो दृष्टिकोण हेरेर लाज लाग्छ । ऐतिहासिक दृष्टिले हेर्दा पर्सा जिल्लामा पर्सागढी

अवस्थित छ, जहाँ अङ्ग्रेजहरूले हार बेहोर्नुपरेको थियो। यो स्थलको विकास अपेक्षितरूपमा हुन सकेको छैन । पुराना गढीहरूको संरक्षण गर्ने नेपाली सेनाको योजनामा यो किन पर्न सकेन थाहा छैन । पर्साको यो ऐतिहासिक महत्त्व बोकेको स्थानको सट्टा जीतपुरमा बनाउन लागिएको शहीद स्मारक हेर्दा बनाउने बेलामा गरिएका ठूल्ठूला कुरा जम्मै हावा जस्तो लाग्छ । सबभन्दा पहिले त क्षेत्रफल नै पर्याप्त देखिँदैन । निर्माण कार्य हाल बन्द छ र भएको निर्माणले कतैबाट भव्यताको अनुभूति गराउँदैन ।

त्यस्तै कलात्मकताले भरिपूर्ण हजारीमल धर्मशाला तोडेर भत्काइयो, काङ्ग्रेसले आन्दोलन पनि गऱ्यो तर कुल अवस्था अहिले तैं चुप-मैं चुपको छ । त्यसको के भयो, स्वामित्व कसलाई बुझाइयो भन्नेबारे चौथो अङ्ग पनि केही बोल्दैन । त्यस्तै माइधिया पोखरीको पनि संरक्षण पर्खाइमैं छ भने छपकैया पोखरी निजी सम्पत्तिमा परिणत भएर नगरपालिकाले रोक लगाएकोमा सोसमेत ओझेलमा परिसकेको छ । प्रमोद विक्रम शाहले आदर्शनगर रङ्गशालामा समेत हकदाबी गरेका थिए, हामी सबैले मिलेर त्यो पनि सुम्पिदिए सुनमा सुगन्ध हुने थियो ।

सामाजिक क्षेत्र- साहित्य क्षेत्रमा अगाडि नभए पनि चर्चामा रहने गरेका हामी अहिले सुस्ताइमा परेझैं लाग्छ । साहित्य प्रभात काव्ययात्राको रूपमा भए पनि जीवन्त देखिने गरेको थियो । तर त्यतिले नै पुग्छजस्तो लाग्दैन । संस्कृतिको नाममा आधुनिक डान्स एकेडेमीहरू खुलेका छन् भने राष्ट्रिय र स्थानीय गीत, सङ्गीत र नृत्यको जगेर्ना विद्यालयहरूको सांस्कृतिक कार्यक्रममा मात्र देख्न पाइन्छ। एकताको नाममा प्रजातन्त्र बहालीपछि जातीय एकता ह्वात्तै बढेको छ । धर्मशालासमेत जातिगत आधारमा बन्न थालेका छन् । खेलकूदलाई त निजी विद्यालय र कलेजहरूले नजोगाइदिए हामीले समेत नाम बिर्सने अवस्थामा आइसक्ने थियो । महेन्द्र गोल्डकप त कथै भयो । शहीद तेजबहादुर अमात्य गोल्डकपडु पनि ओझेलमा पऱ्यो । किन र कसरी हाम्रो चासोको विषय बन्न सकेन ? पुरानो वीरगंजले सुवर्ण, कञ्चन, विरमा, जगदीश, लथु, रूपाल र अमरजस्ता राष्ट्रिय स्तरको फूटबल खेलाडी जन्माएकै हो । त्यस्तै ब्याडमिन्टन, भलिबलमा कर्मजी दादा, रामचन्द्र गुप्तालगायत थुप्रैले चर्चा पाएकै हुन् । तर आज हामी कहाँ छौं ? हो क्रिकेट कुनै न कुनै रूपमा बाँचेको देखिन्छ । न एउटा गतिलो पार्क छ न चिल्ड्रेन पार्क, म्युजियम न तारामण्डल, न पर्याप्त सार्वजनिक शौचालय, न व्यवस्थित बजार, न पशु वधशाला । तर हामी महानगरपालिकाका निवासी भएका छौं । यो कस्तो महानगर हो ?

अन्त्यमा राजनीति- नेपालको पहिलो आम निर्वाचन स्व. दोलेन्द्रबहादुर अमात्य र स्व. तेजबहादुर अमात्यमध्ये कसले टिकट पाउने भन्ने खिचलो सुल्झाउन सुवर्ण शम्शेरलाई टिकट दिएर बिग्रेको वीरगंजको राजनीतिको प्रभाव काङ्ग्रेस मात्रै होइन आजसम्म सबै दलमा कायम छ । निर्वाचित भएपछि सुवर्ण शम्शेर उपप्रधानमन्त्री भए भने कृष्णप्रसाद भट्टराई निर्वाचित भएर प्रधानमन्त्री । त्यसबाहेक पञ्चायतदेखि अहिलेसम्म

पर्साबाट केन्द्रमा पुगेकामध्ये उदीयमान भएर हराएका सुरेन्द्र चौधरी र राजीव पराजुलीबाहेक अन्यको नाम सम्झनामा आउँदैन । बाराबाट फर्मुल्लाह मन्सुर र रौतहटबाट स्व. शेख इदरीशमात्रै त्यस स्थानमा पुगेको देखिन्छ ।

यस सम्बन्धमा मेरो मनमा दुईवटा विचार आउँछ, पहिलो– माथिल्लो तहमा पुग्न मान्छे कि अत्यन्त प्रतिभावान् हुनुपर्‍यो कि अत्यन्त ठूलो चाकरीबाज । यस अर्थमा हाम्रा नेताहरूमा दुवैमध्ये कुनै पनि गुण छैनजस्तो देखिन्छ । दोस्रो विचार महाभारतको प्रसङ्गसँग जोडिएको छ । अवैध सन्तानका रूपमा जन्मिएका कर्णजस्तै हामी वीर छौं, आन्दोलन गर्छौं तर युद्ध समाप्तिको बेला अर्जुनहरूले छलकपटले हाम्रो वध गरिदिन्छन् किन भने हामी युद्ध अधर्मी दुर्योधनको पक्षबाट लडिरहेका हुन्छौं । दुइटै विचारको बीच अलमलिएर म कुनै निष्कर्षमा पुग्न सकिरहेको छैन । तसर्थ विज्ञ पाठकहरूको सहयोगको अपेक्षा राख्दै बिदा हुन्छु । धन्यवाद !

२०७८ माघ १२ गते बुधवार

ह्वाई एमसिसी कि हाय एमसिसी ?

चीनको बिआरआईको प्रभावकारितालाई घटाउन पूर्वमा हिन्द-प्रशान्त रणनीति लिएर हार्ड पावर बनाउन लागेको अमेरिका र यसका सहयोगी राष्ट्रहरूले गरेको प्रयास चीनको हार्ड पावरका साथै सफ्ट पावर रणनीतिका सम्मुख अपेक्षाकृत सफलता नदिएको भारत, जापान, अस्ट्रेलिया तथा अमेरिकाले क्वाडको नामबाट Quadrilateral Security Dialogue बनाएर बसाइँसराइ, वातावरणीय परिवर्तन, लागूऔषधको ओसारपोसार, साइबर क्राइम र गोप्य सूचना आदानप्रदानमा कार्य गर्ने गरेकै हुन्। कोभिड महामारीपछि यस्ता संस्थाहरूले विपद् व्यवस्थापन, भ्याक्सिन डिप्लोमेसी, सूचना आदानप्रदान एवं पूर्वाधार क्षेत्रलाई समेत समेटेर कार्य गर्न थालेका हुन् । क्वाडका सदस्यहरू हिन्द महासागर क्षेत्रमा शान्ति सुरक्षा बनाइराख्न चाहन्छन् किनभने सन् २०२५ सम्ममा यस क्षेत्रले विश्वकै जिडिपीको बीस प्रतिशतसम्म ओगट्न सक्ने आकलन गरिएको छ । त्यसैगरी, अमेरिका, जापान र अस्ट्रेलियाले बिआरआईको प्रभाव घटाउन 'ब्लू डट नेटवर्क' बनाइ बिआरआईको प्रभाव घटाउन पनि प्रयत्न गरिरहेकै छन्। यस प्रकारका धेरै प्रयास भइरहे पनि बिआरआईको प्रभाव घट्न नसकिरहेको सन्दर्भमा जी-सेभेन राष्ट्रहरूको बैठकमा अमेरिकी राष्ट्रपति जो बाइडेनले बिथ्रीडब्लू अर्थात् Build Back Better World को अवधारणा प्रस्तावित गरेका हुन् । यस अवधारणाको लक्ष्य अल्पविकसित मुलुकहरूको भौतिक पूर्वाधार निर्माणमा चालीस खर्ब डलरको आवश्यकता पूरा गर्ने रहेको छ । पश्चिमाहरू यस्ता लगानीबाट अल्पविकसित मुलुकहरू चीनको बिआरआईको Debtbap बाट जोगिदै चिनियाँ प्रभावबाट मुक्त हुनेछन्। र फलस्वरूप चीनको विश्वशक्ति बन्ने आकाङ्क्षामा रोक लाग्न सक्ने अनुमान छ ।

अर्कोतिर बिआरआईको सन्दर्भमा चीनको रणनीति आर्थिक प्रभाव वृद्धि, हार्ड पावरको निर्माण, क्षेत्रीय एकीकरण अर्थात् आफ्नो क्षेत्रमा चिनियाँ प्रभाव बढाउने, सार्प पावरको प्रयोगबाट सफ्ट पावर पनि बढाउँदै आफ्नो मध्य एसिया, पश्चिम र दक्षिण एशियाका साथै एशिया-प्यासेफिक क्षेत्रमा आफ्नो प्रभाव विस्तार गर्नु नै हो । यसबाट चीनले आर्थिक विश्वव्यापीकरणका साथै विन-विन अवस्थामा सहयोग अभिवृद्धि गर्ने मूल नीति लिएको भनिएको छ ।

चीनको बिआरआई सन् २०१३ मा चिनियाँ राष्ट्रपति सी जिनपिङले सिल्करोड इकोनोमिक बेल्ट र 21st Century Maritime Silk Road को माध्यमबाट एसिया, अफ्रिका, रसिया र युरोपलाई भूमार्गबाट जोड्ने महत्त्वाकाङ्क्षी योजना हो । यसबाट चीन क्षेत्रीय Integration का साथै भौतिक पूर्वाधारमा लगानी गरी आर्थिक समृद्धि हासिल गर्न चाहन्छ। नेपाल सन् २०१७ मा यसको सहभागी बन्न पुग्यो र आफ्नोतर्फबाट

३५ वटा परियोजनाको सूची चीनसमक्ष बुझायो । यसलाई चीनले सानो पार्न दिएको सुझाव अनुसार नौवटा परियोजना समावेश गरिएको छ । (१) रसुवावढी–काठमाडौं सडक (२) किमाथांका–हिले सडक (३) दिपायल–चीन सीमा (४) टोखा–विदुर सडक (५) गल्छी–रसुवागढी–केरुङ चार सय केभी प्रसारण लाइन (६) केरुङ–काठमाडौं रेल (७) ७६२ मेगावाट तमोर जलविद्युत् परियोजना (८) ४२६ मेगावाट फुकेत–कर्णाली जलविद्युत् आयोजना र (९) मदन भण्डारी प्राविधिक शिक्षालय हुन् ।

यसमध्ये मदन भण्डारी विश्वविद्यालय त बन्ला तर केरुङ–काठमाडौं रेल परियोजनाको अत्तोपत्तो छैन । तमोर र फुकेत जलविद्युत् परियोजनामा थोरै भएपनि प्रगति भइरहेको सरकारी भनाइ छ । यस्तै, गल्छी–रसुवाढी–केरुङ चार सय केभी प्रसारण लाइन पनि निर्माणाधीन छ । किमाथांका–हिले १६८ किलोमिटर सडकको अधिकांश भागमा ट्रयाक खोलिएको छ । दिपायलदेखि चीनको सीमासम्मको सडक निर्माण शुरू गरिएको छ तर यसमा चिनियाँ संलग्नता भने छैन ।

रसुवागढी–काठमाडौं र टोखा–विदुर सडक भने कोभिडका कारण शुरू हुन सकेको छैन । तर यहाँ आश्चर्यको कुरा के छ भने न चीन न नेपाल घोषितरूपमा यो परियोजना बिआरआई अन्तर्गत भएको भनेर भन्न चाहन्छ । अक्टुबर २०१९ मा भएको चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणका दौरान दुवै पक्षले बिआरआई कार्यान्वयनमा ल्याउने समझदारीपत्रमा हस्ताक्षर गरेको तीन/चार वर्ष बितिसक्दासमेत नेपालमा एमसिए–नेपालजस्तै बिआरआईको कुनै फोकल अफिस स्थापना हुन सकेको छैन र परियोजनासँग सम्बन्धित अर्थ, परराष्ट्र, जलविद्युत् एवं भौतिक निर्माण मन्त्रालयमध्ये सबैले एकअर्काको नाम लिएर पन्छिने गरेको पाइन्छ । चिनियाँ विशेषज्ञको टोलीले रेल परियोजनालाई सम्भव भने पनि निर्माण र सञ्चालनको दृष्टिकोणले यो अप्ठेरो नै छ । प्राविधिकरूपमा चीन सक्षम भएपनि यसमा लाग्ने लगानी अनुदानमैं आउने भएपनि नेपाललाई सञ्चालन खर्च नै धान्न गाह्रो हुनेछ भने झन ऋण सहयोग हो भने नेपालको लागि यो तिर्न असम्भव नै हुनेछ ।

आफ्नो आर्थिक विकासको लागि नेपालले प्रतिव्यक्ति आय सन् २०३० सम्ममा बढाएर विकासशील देशको श्रेणीमा उक्लिनुपर्ने बेला बिआरआईको किन यस्तो हबिगत भनेर सोच्नुपर्ने बेला आएको छ । यस सम्बन्धमा नेपालबाहेक अन्य देशहरूको अनुभव कस्तो छ हेर्नैपर्ने हुन्छ । अमेरिकी सेन्टर फर ग्लोबल डेभलपमेन्टले बिआरआईका ६८ इच्छुक देशहरूको एउटा सूची तयार गरेको छ, जसले निकट भविष्यमा बिआरआई डेब्ट डिस्ट्रेस भोग्नुपर्ने देखिएको छ । मालद्वीप्स र जिबुटीले चीनलाई सैनिक अड्डा दिए पनि ऋण चुक्ता गर्ने अवस्था देखिएको छैन । पाकिस्तानमा समेत चिनियाँ सहयोगबाट निर्माणाधीन आर्थिक कोरिडोरको विरोध शुरू भइसकेको छ । अमेरिकी मन्त्री माइक पोम्पियोले अन्तर्राष्ट्रिय मुद्राकोषलाई पाकिस्तानलाई आर्थिक सहायता बन्द गर्ने निर्देशनसमेत दिइसक्नुभएको छ, जसले गर्दा चिनियाँ ऋण तिर्न पाकिस्तानले

मुद्राकोषको सहयोग प्रयोग गर्न नसकोस् । अहिलेसम्ममा जिबुटी, किर्गिस्तान, मालद्वीप्स, मङ्गोलियो, मोन्टेरेगो, पाकिस्तान, तजाकिस्तानले ऋण चुक्ता गर्न नसक्ने मनसाय व्यक्त गरिसकेका छन् । यी देशका कुल वैदेशिक ऋणको पचास प्रतिशत चिनियाँ ऋण मात्रै छ । श्रीलङ्काले त हबनटोटा बन्दरगाह नै ९९ वर्षका लागि चीनलाई सुम्पिसकेको छ । यस्तो किन भइरहेको छ भनेर खोजतलाश र अनुसन्धानबाट के देखिएको छ भने चिनियाँ सहयोगमा अनुदानको मात्रा अत्यन्तै थोरै छ र पाकिस्तानको मामिलामा त अनुदान चार प्रतिशत मात्रै छ । अहिले पाकिस्तानबाहेक अन्य मुलुकहरू पनि अन्तर्राष्ट्रिय मौद्रिक संस्थाहरूसँग चिनियाँ ऋण भुक्तानीको लागि सहयोगको आग्रह गरिरहेका छन् तर यस्ता संस्थाहरूले चिनियाँ ऋण भुक्तानी गर्न कुनै रुचि देखाएका छैनन् । वस्तुतः भन्नुपर्दा चीनसँगको नेपालको व्यापार घाटालाई विचार गर्दा हामीले चीनमा निर्यात गर्ने वस्तु खासै नभएको, भएको जलविद्युत् चीनसँगै यथेष्ट भएको र उत्पादित बिजुली सकेसम्म भारतले चिनियाँ आयोजनाको खरीद नगर्ने नीति देखिएकोले बिआरआईलाई चीनले आफ्नो उत्पादन भारतीय बजारमा पुऱ्याउने साध्यको रूपमा मात्रै लिएको भन्न सकिन्छ ।

२०७८ पुस २१ गते बुधवार

ह्वाई एमसिसी कि बाई एमसिसी–२

अहिले फेरि नेपालमा एमसिसी विवाद चर्केको छ । यस सम्बन्धमा पहिला पनि लेखिसकेको भएपनि अहिले र खासगरी कामरेड भीम रावलले प्रधानमन्त्रीले राष्ट्रघात शब्दको प्रयोग गर्नुभएपछि दिनुभएको प्रतिक्रियाले फेरि एकपटक एमसिसीबारे अध्ययन गर्न मन लाग्यो र यसका विरोधीहरूले उठाएका मुख्य बुँदाहरू–

१) एमसिसीको हैसियत नेपालको संविधानभन्दा माथि रहेको

२) लेखापरीक्षण

३) बौद्धिक सम्पत्तिको प्रयोग

४) सम्झौताको अन्त्य, निलम्बन वा समाप्ति

५) एमसिए नेपालको गठन

६) भारतसँग स्वीकृतिका कुराहरू रहेको पाइन्छ ।

पाँच सय मिलियन अमेरिकी डलरको यो परियोजनाको Objective शीर्षक अन्तर्गत Articleमा Section1.2को(१)मा(a)Increase electricity consumption by facilitating power trade and by improving the availability and reliability of electricity supply in Nepal's electricity grid; and by facilitating power trade, and (b) Maintain road quality across the strategic road network उल्लेख गरेर Annex-1 को २ नं बुँदा (१) मा Transmission Line Activity शीर्षकमा ३०० किलोमिटरको डबल सर्किट, ४०० किलोमिटरको प्रसारणलाइन नेपालभित्र (१) काठमाडौंको लप्सीफेदीदेखि रातोमाटे र (२) रातोमाटेदेखि हेटौंडा र (३) रातोमाटे–दमौली हुँदै बुटवल र सुनौलीसम्म । एमसिसस सम्झौता कार्यान्वयनमा आउनुपूर्व नै मुजफ्फरपुर–ढल्केबर जस्तै बुटवल–गोरखपुर प्रसारण लाइन निर्माण गर्न भारतले आफ्नो भूभागमा काम थालिसकेको छ। अहिले देशमा दैनिक करीब दुई सय मेगावाट बिजुली खेर गइरहेको छ तर पनि पटक–पटक लाइन गएर आमजनता, व्यापारी, उद्योगपति आहत छन् भने विद्युत् प्राधिकरण पुरानो संरचनाले लोड धान्न नसकेको भनिरहेको अवस्थामा भौतिक पूर्वाधारको क्षमता स्तरोन्नति नगर्दा आन्तरिक खपतसमेत नबढ्ने र आन्तरिक खपतभन्दा बढी हुने विद्युत्को व्यापार नेपाल विद्युत् प्राधिकरणले Power Trade Corporation बाट सम्झौतासमेत गरिसकेको परिप्रेक्ष्यमा सहमति भइसकेको कुरामा सहमति वा स्वीकृति भारतसँग लिनुपर्ने अत्तो थापेर के हामी नेपालको आन्तरिक र बाह्य दुवै क्षेत्रको उन्नतिमा बाधक त बनिरहेका छैनौं । नेपाल समृद्ध हुने एकमात्र स्रोत पानी हो, त्यसैको उपयोग गर्न नदिएर डा भीम रावलहरूले के गर्न खोज्नुभएको हो आज सोध्नुपर्ने बेला भएको छ । ठीकै छ भारतसँग उहाँको ३६ छ भने चीनसँग पहल गरेर ५–१० हजार मेगावाट विद्युत् खरीद एवं ट्रान्समिशन लाइन निर्माणमा

प्रतिबद्धता व्यक्त गराइदिए एमसिसी नलिंदा कुनै आपत्ति हुने देखिदैन। तर सम्झना गर्दा चीनसँग हाम्रो बिआरआई मात्र भएको छ, जसको कारण हामी Transit Country मात्र बन्नेछौं र यसबाट नेपालको व्यापारघाटा र राजस्व सङ्कलनमा सुधार अवश्य हुनेछ तर यो शून्य वा घनात्मक हुनेछैन । अर्कोतिर १०-१५ हजार मेगावाट बिजुली उत्पादन गरेर नेपालभित्र र बाहिर बिक्री गर्दा नेपालको व्यापारघाटा न्यून गर्ने भरपर्दो स्रोत फेला पर्ने र आन्तरिक राजस्वसमेत वृद्धि हुनेछ ।

दोस्रोमा छ लेखापरीक्षण, Article 3 को Section 3.8 मा Audits, Receivers अन्तर्गत सरकारले अर्धवार्षिकरूपमा एमसिसी गाइडलाइन अनुसार लेखापरीक्षकबाट परीक्षण गराउने भनेर उल्लेख भएकै Section 3.8 को (१) अन्तिम हरफमा ... This section do not prelude the office of the Auditor general of Nepal from conducting audits of MCA Nepal लेखिएको छ ।

तेस्रो बौद्धिक सम्पत्ति हस्तान्तरणको कुरा छ । अमेरिका ट्रान्समिशन लाइन तान्ने र सडक बनाउने प्रविधिमा नेपालभन्दा धेरैधेरै अगाडि भएकोले यस्तो अवस्था आउने कल्पनासम्म गर्न नसकिने भएकोले यो सम्झौताको एउटा अङ्ग हो र यसले नेपाललाई केही फरक पर्दैन भनेर बुझ्दा अन्यथा होला जस्तो लाग्दैन।

चौथोमा सम्झौताको अन्त्य, निलम्बन वा समाप्तिको कुरा । त्यसमा स्पष्टरूपले दुवै पक्षले एकअर्कालाई ३० दिनको पूर्वलिखित सूचना दिई सम्झौता अन्त्य गर्न सक्ने भएकोले असामान्य वा राष्ट्रघात कता देखा पर्दछ ?

पाँचौंमा एमसिए नेपालको सञ्चालक समितिको गठन अर्थसचिवको अध्यक्षतामा हुने र ऊर्जा एवं भौतिक योजना मन्त्रालयका सहसचिव, विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक, निजी व्यापारिक संस्थाबाट एकजना र नागरिकका तर्फबाट एकजना गरी हुने तथा सञ्चालक समितिमा एमसिसीको प्रतिनिधिसमेत एकजना रहने तर तिनलाई मताधिकार भने नरहने व्यवस्था गरिएको छ । अब अर्थसचिवदेखि सहसचिव र अन्य सबै प्रतिनिधिहरूले राष्ट्रद्रोह नै गर्ने भए भीम रावलहरूले जोगाउन सक्लान् ? उहाँले त आफ्नै ठाउँ न नेपाल समूहमा जोगाउन सक्नुभयो, न एमालेमा नै ।

अन्तमा अब जहाँसम्म कुरा आउँछ संसदीय अनुमोदनको त भीम रावल नै सदस्य रहनुभएको प्रतिनिधिसभाले बनाएको नेपालको सन्धि ऐनको दफा ९ को (१) मा 'संसद्बाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनका लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र सन्धिको व्यवस्था कानून अनुसार लागू हुनेछ । साथै एमसिसीले ५ अप्रिल २०१७ मा पठाएको Ad memoir मा एमसिसी नेपालको संविधानभन्दा माथि हुनेछैन भनेर पठाएपछि पनि आफ्नै बौद्धिक दरिद्रता देखाउँदै गठबन्धन सरकारले सोधेका प्रश्नहरूको उत्तर आइसकेपछि पनि राष्ट्रविरोधी भनेर विरोध गरिरहनुको औचित्य पुष्टि गर्न सप्रमाण जनतासमक्ष

आउनुपर्‍यो, अमूर्त कुरा गरेर अलमल्याउने काम गर्नु भएर खासगरी डा भीम रावलले एमालेको वरिष्ठ सदस्यको हैसियतमा संसद्को अवरोध बन्द गराइ या त सन्धि ऐन संशोधन गराउनुपर्‍यो अथवा एमसिसीको अनुमोदन अस्वीकृत गराउनुपर्‍यो । यो दुवै गराउने क्षमता र हैसियत छैन भने Once in a Life time प्राप्त भएको यो उपलब्धिलाई एमालेले नै दिएको २०४९ सालको अरुण तेस्रोको परिणतिलाई दोहोर्‍याइदिनुभएन ।

अब सबैभन्दा अन्तमा Article 2 को Funding and Resources शीर्षकको Section 2.7 मा limitation on the use of Mcc funding को Section 2.7 (a) मा for assistance to, or training of, the military, police, militia, national guard or other quasi-military organization or unit का लागि खर्च गर्न नपाइने स्पष्ट उल्लेख हुँदाहुँदै अमेरिकी सेना नेपाल आएको भूत देख्नुलाई के भन्ने । एमसिसी पास नभएकै अवस्थामा उहाँकै दलका अध्यक्षले विदेशी गुप्तचर संस्थाका प्रमुखलाई भेट्नु भएकै हो । के अहिले नेपालमा चीन, भारत र अमेरिकाको सुरक्षा संयन्त्र कार्यरत छैनन् त ? त्यसैले नेपाली जनताको Larger Interest मा एमसिसीको विरोधको लागि विरोध गर्नेहरू अब भने कि बोल्नुभएन कि चीनसँग ट्रान्समिशन लाइन निर्माणको लागि अनुदान जुटाइदिनुपर्‍यो ।

२०७८ पुस २८ गते बुधवार

ओलीको मधेस भ्रमण

पूर्वप्रधानमन्त्री एवं वर्तमान एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेपालभित्रकै तर उनले विदेशी ठान्ने 'धोती'हरूको प्रदेश नं २ को पर्सा जिल्लाको जगरनाथपुरमा ऐतिहासिक आमसभा गरेका छन्। आश्चर्य केमा लाग्यो भने २०६२/६३ को आन्दोलनपछि पूर्व-पश्चिम राजमार्गलाई अघोषित सिमाना मानेर काम गर्दै आएको सरकारी, गैरसरकारी एवं एमालेतन्त्रलाई अब तराई-मधेसको सम्झना हुन थालेको छ। होस् पनि किन नाइँ ? हामी नै यति निर्लज्ज छौं कि ५४ जनाको हत्याको अपराध बोकेका ओली र वीरगंजलाई प्रादेशिक राजधानी बनाउने प्रतिबद्धता व्यक्त गरेका मधेसी नेतालाई स्वागत गर्न पछि पर्दैनौं र उनीहरूको दललाई पद पाउने आशामा जीवन्त बनाएर राखेका छौं। सम्झनुस् त २०६२/६३ को आन्दोलनपछि पूर्व-पश्चिम राजमार्गभन्दा दक्षिण नेकपा त के, गीत र नृत्यको अडिशनसमेत हुन छाडेको थियो र त्यसमा त झन् वीरगंजले यति प्रसिद्धि पाएको थियो कि सबै कार्यक्रम पथलैयापछि उत्तर लाग्थे। तीन तहको निर्वाचनपछि स्थिति भने केही फेरिएको छ, तर दोहन गर्ने प्रवृत्तिमा कुनै परिवर्तन आएको छैन। वीरगंज उद्योग वाणिज्य सङ्घका पुराना र नयाँ नेतृत्वले समेत घोषणा गरेका आर्थिक राजधानीको पगरी वीरगंजबाट अब बिस्तारै चोभार सुक्खा बन्दरगाह सञ्चालनमा आएपछि भैरहवा वा काठमाडौं कतातिर स्थानान्तरित हुने हो हेर्न बाँकी छ।

पूर्वप्रधानमन्त्री ओलीले आफ्नो सम्बोधनमा छिटै चुनाव चाहेको बताएको बिल्कुल सत्य हो। यसको सत्यता दुईपटकको संसद् विघटन र अहिलेको संसद् अवरोधबाट नै स्पष्ट हुन्छ। उनको नेतृत्वको एमाले आफूले सत्ता नपाएसम्म देशमा शान्ति, सुव्यवस्था स्थापित होस् भन्ने चाहँदैन। न्यायालयमा विचाराधीन मुद्दाको प्रसङ्गको अन्तो थापेर एकातिर संसद् अवरोध गरेर देशको विकासमा बाधक बनेको छ भने अर्कोतिर न्यायपालिकाको विवादमा संसद् पुनर्स्थापना गर्ने संविधानपीठका सबै सदस्यले राजीनामा दिनुपर्ने कुतर्क गरेर अस्थिरतालाई थप बल पुऱ्याएको छ। सम्माननीय प्रधानन्यायाधीशको राजीनामा माग्ने, बारले चलाएको आन्दोलनको संसद् पुनर्स्थापनाको निर्णयसँग कुनै सरोकार रहेको देखिँदैन। त्यस्तै एमसिसीबारे समेत आफू सत्तामा रहँदा संसद्मा टेबुल नगरेकोमा आफ्नै पार्टीका कृष्णबहादुर महरालाई हटाउन रचिएको षड्यन्त्र बिर्सेर अहिले मौन बस्नु कुन राजनीतिक नैतिकता हो भन्ने प्रश्न उठ्छ। नेका पहिले पनि एमसिसीको पक्षमा थियो र आज पनि छ। तर त्यस बेलाको नेकपा र अहिलेको एमालेको गतिविधि छेपारोले रङ्ग परिवर्तन गरेसरह नै हो।

आफ्नो सम्बोधनको क्रममा गठबन्धनको सरकार भ्रष्टाचारमा लिप्त रहेकोले गरीबी बढेको र विकास हुन नसकेको भनिरहँदा कोरोनाकालमा उनको सरकार र उनी स्वयंले आफूले बुझ्न नसकेको भनेर स्वीकार गरेको कोरोनाकाल र त्यसको व्यवस्थापकीय दुरवस्थालाई बिर्सनु बौद्धिक चमत्कार नै हो। कमसेकम गठबन्धनको सरकार आएपछि नेपाली जनताले खोप पाएको छ र यसमा ओलीकालजस्तो ओम्नी र

चीनबाट खरीद हुँदा वा अन्य कुनै प्रकारको भ्रष्टाचार भएको खबर आएको छैन । नेपाल–भारत सम्बन्धको चर्चा गर्दै उनले भारतबाट नेपाली भूमि फिर्ता ल्याउने निर्णय गरेको भन्न भ्याउँदासम्म उक्त निर्णय एमाले वा नेकपाको नभई सम्पूर्ण राजनीतिक दलको भएको र पछि राष्ट्रिय महत्त्वको यो मुद्दालाई भारतीय प्रधानमन्त्रीलाई शुभकामना कार्ड पठाउँदा चुच्चे नक्शा हटाएर पठाएकोबाट नै उनको नियत प्रस्ट हुन आउँछ । उनी ठूला देशभक्त हुन् भने अहिले भारतले प्रकाशित गरेको नयाँ नक्शामा कालापानी, लिपुलेक र लिम्पियाधुरा आफ्नोतर्फ पार्न काली नदीको नाम नै फेरेर 'कुति याङ्ती' राखी प्रकाशित गरेकोमा एक शब्दसमेत नबोल्नु पछाडिको रहस्य के हो ? सरकारले केही पनि नबोलेको अवस्थामा प्रमुख प्रतिपक्षले संसद् अवरोध गर्नुको सट्टा संसद्का साथै सडकमा समेत विरोध प्रदर्शन गरी समग्र राष्ट्रको ध्यान यस मुद्दामा केन्द्रित गर्नुपर्ने होइन र ? तर यस्तो नगर्नु पछाडिको रहस्य के हो ? त्यस्तै बाँध खोल्न लगाएर पानी निकास गराएको प्रसङ्गमा देशभर त कति छन् कति, प्रदेश नं २ का आठ जिल्लामा मात्रै भारतले १२ वटा बाँध बनाएको छ । सुक्खायाममा सबै ढोका खोली निर्बाधरूपमा पानी प्रयोग गर्दछ र वर्षायाममा ढोका बन्द गरी आंशिकरूपमा मात्रै खोली नेपालको तराईको खेतीयोग्य जमीन डुबानमा पार्छ। यो निर्माण र व्यवस्थापन कुन सम्झौता अन्तर्गत भएको हो ? अन्तर्राष्ट्रिय प्रोटोकोल अनुसार सीमावर्ती क्षेत्रमा कुनै काम गर्दा दुवै पक्षको सहमति हुनुपर्दछ । के नेपालले यस्तो सहमति दिएको छ ? यसबारे भने केही बोलेनन् । यस अवस्थामा पूर्वप्रधानमन्त्रीले कृषिमा आधुनिकीकरण गर्नुको कुनै अर्थ रहँदैन किनभने नेपालको अन्नभण्डार तराई हो र बर्सेनि बाढी र डुबानले यसको उत्पादकत्व घट्दै गएको हामी सबैले देखेबुझेकै कुरा हो । रेलवे कनेक्टिभिटी बढेकै हो तर पानीजहाज र घरघरमा ग्याँस पाइपलाइन पुऱ्याउने कुरा बकम्फुसे साबित भएकोमा दुईमत छैन। अन्तरिक्षमा स्पेस किनिसकेको प्रसङ्गमा नेपालले प्रक्षेपण गरेको सेटेलाइट कहाँ छ र के सूचना प्रवाह गरिरहेको छ त्यसको कुनै जानकारी नेपाली जनतालाई छैन । त्यसैगरी जनताले कर तिरेको पैसाबाट खरीद गरेको 'स्पेस'को के प्रयोग भइरहेको छ र त्यहाँ नेपालको कुन सेटेलाइट कहिले जाने र कार्य गर्ने कुरा, एमालेको महाधिवेशनमा कहिले के हुने भन्ने कुरा उनको गर्भमा रहेजस्तै गोप्य भएकोले हाम्रो खासै सरोकारको विषय भएन । कमरेड प्रचण्डको विरोध पनि स्वाभाविकरूपमा लिन सकिन्छ ।

सारांशमा उनको सम्पूर्ण मन्तव्य पढ्दा उनी प्रधानमन्त्री रहेको बेला जसरी नेपाली जनताको बेसार र अम्बाको पातबाट कोरोना उपचार गरे, त्यसैगरी आफ्नो बोलीबाट नेपाली जनताको अनन्तकालसम्म सेवा गरी कालजयी हुने दृढ इच्छाशक्ति भएको एक आत्मकेन्द्रित नेताको रूपमा रहेको पाइन्छ । उनले सत्ताको उन्मादमा मधेस र मधेसीलाई जे भनेको भएपनि मधेसले उनको स्वागत गरेर अतिथि देवो भवः को आफ्नो महान् संस्कृतिसँग उनको साक्षात्कार गराएको छ । यसबाट भएपनि बोली र वचनबारे उनलाई ज्ञान मिलोस् भन्ने आशा गरेको छु ।

२०७८ पुस १४ गते बुधवार

रामभरोसे

हामीजस्तै हाम्रो देश पनि गज्जबको छ । तातो खबर के छ भने एमसिसीबारे अध्ययन गर्न गठबन्धन सरकारले फेरि एकपटक समिति बनाएको छ । समितिमा सरकारको तर्फबाट मन्त्री ज्ञानेन्द्रबहादुर कार्की हुनुहुन्थ्यो भने माओवादीतर्फबाट नारायणकाजी श्रेष्ठ र नेपाल पक्षबाट झलनाथ खनाल ।

अर्कोतर्फ एमसिसी सञ्चालकहरूले फिर्ता लैजाने भन्दाभन्दै अन्त्यमा नेपालको निर्णय पर्खिने निर्णय गरे । यी दुवै घटनाबाट भित्रभित्रै केही न केही संवाद चलिरहेको भान हुन्छ । प्रधानमन्त्रीले बोलाउनुभएको सर्वदलीय बैठकमा एमाले अनुपस्थित भएर आफूसँग बेग्लै वार्ता गर्नुपर्ने माग अघि सारेको छ। अहिलेसम्मको एमालेको रवैया हेर्दा यसले गठबन्धन तोडेर आफ्नो समर्थनमा सरकार चलाएर वा संयुक्त सरकार बनाएर एमसिसी पास गर्ने चाहना प्रस्तुत गर्न सक्छ । यस्तो हो भने काङ्ग्रेसको लागि विकट स्थिति खडा हुने र गठबन्धनका प्रचण्ड एवं नेपाल समूह अत्यन्त दबाबमा पर्ने जाने निश्चित छ । यस विवादलाई अन्त्य गर्न प्रधानमन्त्री स्थानीय एवं संसदीय निर्वाचनमा जान सक्छन् । एमसिसी पास हुने र नहुने कुरा एकातिर राखेर विचार गरौं आन्तरिक खपत १५ सय मेगावाट उत्पादन गरेर के गर्ने ? बङ्गलादेश पठाउन पनि बाटो त भारतले नै दिनुपर्छ । कूटनीति वा राजनीतिक दबाबबाट केही गर्न सक्ने हाम्रो क्षमता र सामर्थ्य छ भने सुस्ता, कालापानी, लिपुलेक र लिम्पियाधुराको विवाद नै समाधान गरौं न त। वास्तवमा नेपाली राजनीतिमा पञ्चायतकालदेखि नै प्रोपोगन्डा हाबी भएको देखिन्छ । महेन्द्रले गाउँ फर्क र वीरेन्द्रले विकासको मूल फुटाउने नारा दिएर तीस वर्ष चलाउन सकेको शासन २०४६ सालपछि प्रजातन्त्र आएपश्चात् शासनको लूटतन्त्रात्मक शैलीले नै निरन्तरता पाएपछि यस्तै शब्दावलीको प्रयोग गरेर नेताहरूले जनतालाई अलमलाउँदै आएको पाइन्छ। स्व गिरिजाप्रसाद कोइरालाको ग्रान्ड डिजाइनपछि एमालेको राष्ट्रियता जोगाउने नाममा अरुण तेस्रो फिर्ती एवं तीन तोला सुन बाँड्ने सपना, माओवादीको क्रमभङ्ग गरी घरघरमा सिंहदरबार पुऱ्याउने सपना हुँदै सत्तामा साझेदार भएपछि अब सबैले पाएको सुन्दर शब्दावली हो 'शिशु प्रजातन्त्र, गणतन्त्र र सङ्घीयतामाथि बाह्य एवं आन्तरिक खतरा ।' वास्तवमा यस्तो नारा दिएर नेताहरूले जनताको लागि केही गर्न नसकेको असफलताबाट जनताको ध्यान अन्यत्र केन्द्रित गर्न खोजिरहेका हुन्छन् । त्यो अन्यत्रमा ध्यान आफ्नो कमाइमा नपरोस् भन्ने सजगतासमेत हुने भएकोले नारा पहिले पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको हुने गर्दछ ।

नेपालमा ट्रान्सपरेन्सी इन्टरनेशनलले दक्षिण एशियामै घूस खाने काममा हामीलाई श्रेष्ठको पगरी भिडाइदिएकै हो । एक अनुमान अनुसार सरकारी पूँजीगत खर्चको १०–

१५ प्रतिशत घूसमा जान्छ । यो कमाइ नेता र तिनका आसेपासेको मिठाइ हो भन्ने कुरा राजनीतिज्ञ र तिनका नजीक रहेका छुटभैया नेताजीहरूको सम्पत्ति र जीवनशैलीलाई छोटो समयमा आएको परिवर्तनबाट समेत हेर्न र बुझ्न सकिन्छ। एकातिर विनापरिश्रम रातारात धनी हुने राजनीतिले उद्योगको स्वरूप ग्रहण गर्दैछ भने अर्कोतिर जनता सरकारलाई कर पनि तिर्छ र अड्डा अदालतमा काम गराउन जाँदा घूस पनि दिन्छ। यसरी आम जनतालाई दोहोरो मारमा पारेर चलाइएको लूटको शासन आज नेपालको सङ्घीय गणतन्त्रको पर्यायवाची बनेको छ ।

सम्पूर्ण देश वैदेशिक लगानी नबढेर चिन्तित भइरहेको बेला नेपाल इकोनोमिक फोरमको एउटा अध्ययनले भने विगत १०–१५ वर्षमा उदाएका व्यावसायिक घरानाहरूलाई प्रशस्त राजनीतिक संरक्षण रहेको र यो समीकरणले आआफ्नो उद्योग–व्यवसायको क्षेत्रमा वैदेशिक लगानी हुन नदिन राजनीतिक शक्ति प्रयोग गर्ने गरेका थुप्रै उदाहरण देखिएको जनाएको छ । अर्को शब्दमा नेपालमा राजनीतिलाई आर्थिक शक्तिले आफ्नो हातमा लिइसकेको छ। यसको ज्वलन्त उदाहरणको रूपमा सन् २०१५ देखि अहिलेसम्मको प्रत्यक्ष र अप्रत्यक्ष कर सङ्कलनको सरकारी तथ्याङ्क नै यथेष्ट छ । २०१५ पछि जहाँ प्रत्यक्ष कर रकम लगभग स्थिर छ भने अप्रत्यक्ष कर उकालो लागेको लागेकै छ । विकास निर्माणका योजनाहरू कहिले समयमा पूरा हुँदैनन् । योजना लागत दोब्बर–तेब्बर नबढेसम्म योजना पूरा हुँदैन र यसको लागि कुनै कारबाई पनि हुँदैन किनभने अधिकांश निर्माण व्यवसायी या त सांसद छन् वा राजनीतिक शक्तिकेन्द्रको संरक्षण प्राप्त छन् । यस्तो बेला नेपालका दुई प्रमुख राजनीतिक दलको महाधिवेशन भएको छ । करोडौं खर्च पनि भएको छ तर के कसैले देशविकासको मार्गचित्र यो हो भनेर भन्न सक्छ ? न जनताले बुझेको छ, न कार्यकर्ताले । बुझेका छन् त नेताले मात्रै । र त्यो बुझाइ के हो भने बढीभन्दा बढी सत्तामा बस्ने, कमाउने र आसेपासेलाई कमाउन लगाउने । जनतालाई आउँदो निर्वाचनमा फेरि एकपटक लोभलाग्दो नारा दिएर पाँच वर्ष भूलभुलैयामा राख्ने र यसैलाई निरन्तरता दिने । यस्तो त अवस्था छ, देशको कार्यपालिका र विधायिकाको। अब रह्यो न्यायपालिका । यसको बारेमा महीना दिनभरिको रमिता हेरेर केही भन्नु व्यर्थ नै होला । समष्टिगतरूपमा भन्ने हो भने हाम्रो देश समेत 'रामभरोसे' नै चलेको छ।

२०७८ पुस ०६ गते मंगलवार

चर्चा महाधिवेशनका

यस महीना नेपालमा दुईवटा महत्त्वपूर्ण राजनैतिक कार्यक्रम भए । पहिलो एमालेको महाधिवेशन र दोस्रो काङ्ग्रेसको । यस्ता महाधिवेशनहरू किन गरिन्छ भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । प्रजातन्त्रमा शुरूको तहदेखि निर्वाचित भएर आउने पदाधिकारीहरूले महाधिवेशनमा जनताको चाहना राख्ने र दलले सम्बोधन गर्न अगाडि सार्ने कार्यक्रममाथि छलफल भई अनुमोदन भएपछि त्यो दल सरकारमा गएपछि वा प्रतिपक्षमा बसे पनि, महाधिवेशनले दिएको मार्गचित्र अनुसार आफ्नो काम अगाडि बढाउने हो । तर गहिरिएर विचार गर्दा एमाले महाधिवेशनको सन्देश थियो, आगामी निर्वाचनमा सरकार बनाउने । कसरी भन्ने कुरा अर्थात् मार्गचित्र, देशको आर्थिक अवस्थासँग कुनै सम्बन्ध नराखी सोझै सत्ता हत्याउन गरिएको भेलामा रूपान्तरित भयो–देशकै सबैभन्दा जेठो, पुरानो र प्रजातान्त्रिक दल नेपाली काङ्ग्रेस । यसभन्दा पहिलेका महाधिवेशनहरूमा जहिले पनि राष्ट्रियता, प्रजातन्त्र र समाजवादको नारा दिँदै बदलिंदो परिस्थिति अनुसार देशको समसामयिक समस्या पहिचान गरी दलबाट आएका सुझावसमेत समावेश गरी भविष्यको योजना सार्वजनिक गर्ने गरेकोमा यस वर्ष यो दल पनि देशको समस्याबाट विमुख हुँदै नेताकेन्द्रित दलमा रूपान्तरित भएको आभास मिल्दैछ। यस वर्षको महाधिवेशनमा वैचारिक बहस त भएन नै, महासमितिको बैठक गर्न पनि काङ्ग्रेसले समय पाएन । मलाई लाग्छ यो काङ्ग्रेसको अत्यन्त दु:खद रूपान्तरण हो। काङ्ग्रेसकै बुद्धिजीवीहरूसमेत, देश सङ्घीय गणतन्त्रमा गइसकेपछिको यो पहिलो महाधिवेशन भएकोले, यसमा तीनवटै तहको सहभागितासमेत छ । यस्तो अवस्थामा प्रत्येक तहले आआफ्नो समस्या र समाधान प्रस्तुत गर्ने र त्यसबाट महाधिवेशनमा काङ्ग्रेसले भविष्यमा अख्तियार गर्नुपर्ने योजना तथा कार्यक्रम बनाउन सकेको भए आगामी निर्वाचनमा तीनवटै तहमा काङ्ग्रेसलाई बहुमत प्राप्त गर्न सजिलो हुने थियो । तर अहिले जसरी नेतृत्वको लागि लडाइँ भयो त्यसले आम जनतामा राम्रो सन्देश गएको पाइँदैन । यस्तो अवस्थामा के सोच्न बाध्य भइन्छ भने के नेपालमा अब समाधान गर्नुपर्ने समस्या नै छैन वा हाम्रा नेताहरूसमेत सुखभोगको मोहमा परेर जसरी राणाहरूले १०४ वर्ष र पञ्चायतले ३० वर्ष शासन गऱ्यो त्यसैगरी थप ३० वर्ष सत्ता लिप्सामा रमाइरहन चाहन्छन् र उनीहरूलाई आम जनताको समस्यासँग खासै सरोकार छैन ।

नेपालका अर्थमन्त्रीले नेपालको अर्थतन्त्र सङ्कटमा नभएको दाबी गर्दै यस वर्ष २३–२४ अर्ब पूँजीगत खर्च भुक्तानी गरी तत्काल गर्न सक्ने र आउँदो समयमा प्रत्येक महीना कम्तीमा १० प्रतिशत पूँजीगत खर्च गर्ने अभ्यास गरिने भएकोले अवस्था निराशाजनक नभएको भनाइ सार्वजनिक गरेका छन् । साथै तथ्याङ्क विभागले चालू आवमा ५.११ प्रतिशतसम्मको आर्थिक वृद्धिदर हासिल हुने प्रक्षेपण गरेको सन्दर्भमा एशियाली विकास बैंकले ४.१ प्रतिशत र विश्व बैंकले भने ३.९ प्रतिशत मात्र हुने प्रक्षेपण गरेको छ। संयुक्त राष्ट्र सङ्घको निरपेक्ष गरीबी तथा मानव अधिकार क्षेत्रको विशेष दूत ओलिभर डि स्कटरले नेपालले आफ्नो बहुआयामिक गरिबीलाई २०१४–१९ सम्म १२.७ प्रतिशतले

घटाउन सफलता प्राप्त गरेको उल्लेख गर्दै गरीबी न्यूनीकरण रेमिट्यान्सको कारण भएको भन्दै एकचौथाई गरीबी युवाहरू विदेशिनुको कारण भएकोले रेमिट्यान्स नआएको भए नेपालको गरीबी बढ्ने आधार देखिन्छ भने। सन् २०१७ मा नेपालको रेमिट्यान्सबाट भएको आम्दानी वैदेशिक सहयोगभन्दा दस गुणा र कुल निर्यातभन्दा २.५ गुणा बढी रहेको पाइन्छ। उनको विचारमा बधुवा मजदूरहरू र भूमिहीनहरूको समस्याका साथै महिलाहरूको सम्बन्धमा कानूनहरू बनेको भए पनि त्यहाँसम्म उनीहरूको पहुँच स्थापित हुन नसकेकोले उनीहरूको आर्थिक उत्थान हुन सकिरहेको छैन। सरकारले २०२३-२४ सम्म बहुआयामिक गरीबी अहिलेभन्दा थप ११.५ प्रतिशतले घटाउनुपर्नेछ। अल्पविकसितबाट विकासशीलमा पाइला टेक्न के एमाले र काङ्ग्रेस दुवै दलको महाधिवेशनमा यो मुद्दालाई कसरी सम्बोधन गर्ने भनेर छलफल जरूरी लाग्दैन ? एमाले महाधिवेशनमा यो छलफल भएको छ/छैन ? छ भने किन सार्वजनिक गरिएन ? के जबजबाट यो पछि हटेको हो ?

सम्भवतः २०७८ को जनगणनामा ६५ वर्षमाथि उमेर समूह करीब ७५ प्रतिशत वा सोभन्दा बढी हुन सक्ने अनुमान छ। १८ वर्ष मुनिकाहरू उत्पादनशील क्षेत्रमा सक्रिय हुँदैनन्। त्यसैले खर्च धान्ने जिम्मेवारी १८ देखि ६४ वर्षको जनसङ्ख्यामा पर्न जान्छ। एक अनुमान अनुसार नेपाल अबको १० वर्ष अर्थात् २०८८ सम्म बुढ्यौलीमा प्रवेश गरिसक्नेछ जब आर्थिक क्रियाकलापमा संलग्न हुने जनशक्तिभन्दा निर्भर हुने जनशक्ति अर्थात् ६५ वर्षमाथिका र १८ वर्ष मुनिका बढी हुनेछन्। यस अवस्थामा प्रत्येक परिवारमा निर्भरहरूको सङ्ख्या बढी र कमाउनेहरूको सङ्ख्या घटी हुनेछ। त्यसकारण आजको अवस्था भनेको २०७८ देखि २०८८ अर्थात् १० वर्षमा सरकारले नेपालीहरूको प्रतिव्यक्ति आय बढाउन सक्ने गरी कार्ययोजना ल्याउनुपर्ने बाध्यात्मक अवस्था छ। नेपालको अर्थतन्त्र अहिले कमजोर अवस्थामा छ। कोभिडलगायत भ्रष्टाचार र ढिलासुस्तीले आयोजनाहरू समयमा पूरा नभएर इच्छित आर्थिक, सामाजिक परिवर्तन हुन सकेको छैन। पूँजीगत शीर्षकको खर्च बढ्न सकेको छैन। राष्ट्र बैंकले प्रचलनमा ल्याएको कुल मुद्राको आधा मात्र बैंकिङ क्षेत्रमा छ। त्यसैले विकासशील देशमा स्तरोन्नति हुन चाहिने प्रतिव्यक्ति आय हामीले पूरा गर्न सकेका छैनौं। नेपाली काङ्ग्रेस वा एमालेले आगामी ५ वर्षमा वा आगामी महाधिवेशनसम्म यसमध्ये कुन-कुन क्षेत्रलाई कति-कति सम्बोधन कसरी गर्ने भन्ने कार्ययोजना ल्याएर छलफल गराउनुपर्नेमा दुवैले यस्तो गरेको नपाइएकोले यो महाधिवेशनको आयोजनाको औचित्य के, भन्ने प्रश्न उठेको छ। कानूनी दायित्व पूरा गर्न महाधिवेशन गर्नैपर्छ तर जबसम्म यस्ता आयोजनाले देशको जल्दोबल्दो समस्याको समाधानबारे छलफल गरेर कार्ययोजना नबनाउँदासम्म दलहरू जनताप्रति उत्तरदायी भएको मान्न सकिंदैन। जनताप्रति उत्तरदायी नभएको दलको अभीष्ट सत्ता-प्राप्ति र आफ्नो नेतृत्व टिकाइराख्ने मात्र हो। एमालेको त महाधिवेशन समाप्त नै भइसक्यो तर काङ्ग्रेसको निर्वाचन हुँदैछ। यसमा पनि पुस्तान्तरणको लडाइँ तीव्र छ। हेर्नुछ नेतृत्व पुरानै पुस्ताको रहन्छ वा नयाँ वा मिश्रित हुन्छ। तर निर्वाचन परिणाम जे भए पनि हाम्रा समस्याको सम्बोधन कसरी हुन्छ भन्ने प्रश्न यथास्थानमा खडा नै रहन्छ।

२०७८ मङ्सिर २८ गते मंगलवार

खुशीको खबर

राष्ट्रसङ्घको सदस्यको रूपमा सन् १९७१ देखि अतिकम विकसित मुलुकको रूपमा रहँदै आएको हाम्रो देश नेपाललाई राष्ट्रसङ्घको ७६औं महासभाले ११ नोभेम्बर २०२१ मा बङ्गलादेश र लाओसका साथै विकासशील देशको रूपमा स्तरोन्नति गर्ने निर्णय गरेको छ। यी तीनवटै मुलुकलाई पाँच वर्षको तयारी अवधि दिइएको छ। सामान्यतया तीन वर्षको तयारी अवधि दिने गरिए पनि कोभिड सङ्क्रमणका कारण उठाउनुपरेको क्षतिलाई समेत विचार गरी अवधि थप दुई वर्ष लम्ब्याइएको हो। राष्ट्रसङ्घले २०२४ मा फेरि तयारी अवधि पर्याप्त हुने नहुने मूल्याङ्कन गरी अवधि थप गर्ने/नगर्ने बारे निर्णय लिनेछ।

अल्पविकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नतिका लागि तीनवटा सूचकाङ्क क्रमशः (१) मानव सम्पत्ति सूचकाङ्क (२) आर्थिक जोखिम सूचकाङ्क र (३) प्रतिव्यक्ति आय सूचकाङ्क निर्धारण गरिएकामा नेपालले १ र २ नम्बर सूचकाङ्कको लागि निर्धारित मापदण्ड पूरा गरेको तर तेस्रो प्रतिव्यक्ति आयको मापदण्ड पूरा गर्न सकेको छैन। मानव सम्पत्ति सूचकाङ्कमा सयमा ६६ अङ्कभन्दा माथि र आर्थिक जोखिम सूचकाङ्कमा सयमा ३२ अङ्कभन्दा घटी रहनुपर्नेमा नेपालको प्राप्ताङ्क ७२.१ र २५.४ रहेको छ। गत वर्ष अर्थात् २०२० मा नेपालको प्राप्ताङ्क क्रमशः ६७.९ र २८.३ रहेको थियो। तर तेस्रो सूचकाङ्क अर्थात् प्रतिव्यक्ति आयको कुरा गर्दा प्रतिव्यक्ति आय १२३० अमेरिकी डलर तोकिएकोमा नेपालको प्रतिव्यक्ति आय ९११ अमेरिकी डलर मात्र रहेको छ। यस अर्थमा नेपालले आउँदो पाँच वर्षमा प्रतिव्यक्ति आयमा ३१९ डलर बढाउनुपर्ने देखिन्छ। विश्व बैंकको प्रतिवेदन अनुसार नेपालले विगत सात वर्षमा गरीबीलाई आधा घटाएर पनि आफ्नो प्रतिव्यक्ति आय बढाउन सकेको छैन। यसको कारण के हो भने हाम्रो घरेलु उत्पादन अत्यन्तै सीमित छ, निर्यात पनि न्यून छ तर आयात बढेको बढ्दै छ। त्यसैले अब आउँदो पाँच वर्षमा हामीले देशभित्र उत्पादनका साथसाथै उत्पादकत्वसमेत बढाउने र भौतिक पूर्वाधारका योजनाहरूलाई समयबद्ध रूपमा पूरा गर्ने, पर्यटन प्रवर्द्धन, आयात प्रतिस्थापन गर्ने उद्योगहरूको स्थापनाका साथै हाम्रो उन्नतिको एक मात्र आधार रहेको सेतो सुन अर्थात् जलविद्युत् योजनाबाट उत्पादन बढाउनुपर्ने हुन्छ। नेपालले हाल करीब दुई हजार मेगावाट विद्युत् उत्पादन गरिरहेको अवस्थामा आन्तरिक खपत पन्ध्र सय मेगावाटभन्दा बढी हुन नसकेको र भारततर्फ केही मात्रामा निर्यात गरे पनि दिउँसो दुई सय मेगावाट र राति करीब चार सय मेगावाट बिजुली खेर गइरहेको अवस्थामा झन् उत्पादन थपेर के गर्ने भन्ने प्रश्न पनि खडा हुन्छ।

यहींनिर अब प्रवेश हुन्छ, अन्तर्राष्ट्रिय राजनीति र नेपाली राजनीतिको कूटनीतिक क्षमताको। एमसिसीले संसद्मा प्रवेश पाउने सम्भावना बढेको छ तर यो अनुमोदन हुन्छ वा हुँदैन भन्ने प्रश्न टड्कारो छ। यो सम्झौता अनुमोदन भएमा विद्युत् निर्यात गर्न भारतको सहमति चाहिनेछ। भारतसमेत हिन्द-प्रशान्त रणनीतिको सक्रिय भागीदार भएकोले एमसिसी नेपालको संसद्बाट अनुमोदन भएमा भारतलाई सहमति दिन दबाब

पर्नेछ । साथै भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले कोप-२६ मा सन् २०५० सम्ममा भारतले कार्बन उत्सर्जनलाई नेट जीरो (अहिले जति छ, त्योभन्दा बढ्न नदिने) प्रतिबद्धतासमेत व्यक्त गर्नुभएको परिप्रेक्ष्यमा नेपालको जलविद्युत् ऊर्जा खरीद गर्न भारतलाई कूटनीतिक दबाब दिन सकिने देखिन्छ । त्यस्तै, डिपिआर नै नबनेर लम्बित पाँच हजार मेगावाटको गेमचेन्जर परियोजनाले समेत पुनर्जीवन पाउने सम्भावना बढ्दो छ । तर यसको सफलता र असफलता नेपाली राजनीतिज्ञहरूको कूटनीतिक चतुरतामा भर पर्छ । यहाँनेर अत्यन्त स्मरणीय घटना के छ भने २०४९ सालमा एमालेले चार सय मेगावाटको अरुण तेस्रोको लगानी फिर्ता गराएपछि विद्युत्मा आत्मनिर्भर हुन नेपाललाई २५ वर्ष लाग्यो । पूर्वमा अरुणाको दुवै परियोजनाको उत्पादन भारतले अहिले लिएको भारतीय लगानीको विद्युत् किन्ने नीति अनुसार नै खरीद गर्ने र महाकालीलाई कार्यान्वयनमा ल्याइदिने हो भने नेपालको कायापलट हुन सक्छ । तर यसो भएन भने नेपालको आर्थिक वृद्धिदर योभन्दाबाहेकको अवस्थामा बढ्न सक्ने देखिंदैन । किनभने सन् १९७० देखि २०१४ सम्मको ४५ वर्षमा औसत चार प्रतिशतको आर्थिक वृद्धिदरका कारण हामीले प्रतिव्यक्ति आय बढाउन नसकेका हौं । कोभिड सङ्क्रमण अवधिमा त झन् यो दुई प्रतिशतको हाराहारीमा रह्यो । २०१६-१७ देखि लगातार तीन वर्षसम्म भने नेपालको आर्थिक वृद्धिदर ६ प्रतिशतको हाराहारीमा रह्यो । तर कोभिडकाल २०१९-२०२० मा यो ऋणात्मक हुँदै २०२०-२०२१ मा भने ४ प्रतिशत रहने अनुमान छ । यो आर्थिक वृद्धिदरले प्रतिव्यक्ति आयको मापदण्ड पूरा गर्न सकिनेछैन र त्यसमा पनि विकासशील देशमा उन्नति भएपछि नेपालले संयुक्त राष्ट्रसङ्घ समूहबाट पाउँदै आएको सहयोग घट्नेछ । त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा प्रवेशको लागि पाउँदै आएको व्यावसायिक पहुँचको सुविधासमेत कटौती हुने देखिन्छ ।

यसमा विशेषगरी युरोपियन युनियनले प्रदान गर्दै आएको शुल्क एवं बजार प्रवेशको सुविधा करीब-करीब ५७ प्रतिशतले घट्ने प्रक्षेपण गरिएको छ । तर नेपालमा आउने सहयोगको करीब ८० प्रतिशत सहयोग विश्व बैंक र एशियाली विकास बैंकबाट आउने गरेको छ । यी दुवै बैंकको सहयोग, सुविधा एवं लगानीको आफ्नै मापदण्ड छ, जुन विकासशील देशको मापदण्डसँग खासै सम्बन्धित छैन तर विकासशील देशको दर्जा प्राप्त गर्नुले भने विश्व समुदायसमक्ष नेपालको साख: बढ्ने भई वैदेशिक लगानीको सम्भावना बढ्ने भएकोले खासै फरक नपर्ने भनाइ आएको छ । तर देशमा राजनीतिक अस्थिरतालाई के गर्ने ? दुई तिहाइले पनि स्थायित्व दिन नसकेको नेपाली राजनीति स्थिर नभएसम्म ६-७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्नु र प्रतिव्यक्ति आय बढ्ने कुरामा विश्वास गर्न भने कठिन छ ।

२०७८ मङ्सिर २१ गते मंगलवार

शुभकामना: अमृत वर्षमा

मित्रराष्ट्र भारतले आफ्नो संविधान कार्यान्वयनको ७५ वर्ष पूरा गर्दै यसलाई अमृत वर्षको रूपमा मनाउँदै छ । यस अवधिलाई नियालेर हेर्ने हो भने भारतीय संविधानका निर्माता डा भीमराव अम्बेडकरको दूरदृष्टिको प्रशंसा नगरी रहन सकिन्न । ७५ वर्षसम्म प्रजातान्त्रिक मुलुक भारतका राजनैतिक दलहरूले समयानुकूल आफू सरकारमा रहँदा धाराहरूमा संशोधन गरे तर संविधानमा आमूल परिवर्तन कहिल्यै भएन । हामी भारतको छिमेकी मुलुक भएर अहिलेसम्म ६ वटा संविधान त पूर्णरूपमैं फेरिसक्यौं र सातौं जुन कार्यान्वयनमा छ, त्यसलाई पनि फेर्नुपर्ने कुराहरू उठिरहेका छन् । संविधान 'सम्मतिको विधान' हो यसले सबैलाई सम्बोधन गरिराख्दा यो सर्वस्वीकार्य हुन्छ र यसले देशमा राजनैतिक स्थिरता प्रदान गर्दछ । अहिलेसम्मको अभ्यासबाट संविधान कसले र कहिले निर्माण गऱ्यो भन्दा पनि यसको कार्यान्वयन कसरी भएको छ भन्ने कुरामा संविधानको सफलता भरपर्ने गरेको देखिन्छ । उदाहरणको लागि भारतका साथै जापान, अमेरिका र बेलायतको संविधान र प्रगतिलाई नेपाल र पाकिस्तानको प्रगतिसँग तुलना गर्दा स्पष्ट देखिन्छ । संविधान कुनै पनि देशको मूल कानून हो, विधायिकाले यसैको मर्म अनुसार राजनीति सञ्चालन गर्न सामाजिक तथा आर्थिक क्षेत्रका कानूनहरू बनाई लागू गर्दछ भने कार्यपालिकाले यसको कार्यान्वयन गर्दछ । यस सम्पूर्ण प्रक्रियालाई कानूनसम्मत भए नभएको हेर्ने शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित स्वतन्त्र न्यायपालिकाको पनि व्यवस्था रहेको हुन्छ । भारतको राजनैतिक यात्राको कुरा गर्दा स्वतन्त्रता आन्दोलनबाट शुरू भएर, सन् १९६२ को चीन युद्ध हुँदै १९७१ को पाकिस्तानसँग बङ्गलादेश टुक्राउने युद्धपश्चात् कारगिल युद्धसम्म आइपुग्दा भारतीय जनता र दल दुवैमा अभूतपूर्व राष्ट्रवाद हामी सबैले देखेकै हो । राष्ट्रवाद वा राष्ट्रियताको भावना तब मात्रै जागृत हुन्छ जब आम जनतालाई सुख-दुःखमा हेर्ने कुनै निकाय छ भन्ने अनुभूति हुनछ । यसबाट के बुझिन्छ भने भारतको संविधानले सबै भारतीयलाई भावनात्मकरूपमा एकताको सूत्रमा बाँधेर राखेको छ । त्यस्तै अर्थतन्त्रको कुरा गर्दा महात्मा गाँधीको स्वराज र लघु उद्योगबाट शुरू भएको यात्रा राजीव गाँधीको सरकारको समयमा आर्थिक उदारीकरणतर्फ उन्मुख भयो । तर काङ्ग्रेसको नीति नभनी, देशको हित सर्वोपरि हुने सोच राख्दै भारतीय जनता पार्टीको अटलबिहारी वाजपेयीको सरकारले पनि यसलाई निरन्तरता दियो । आजका दिन जगदीश भगवतीजस्ता अर्थशास्त्रीहरूले निजी क्षेत्रलाई कमभन्दा कम नियमको बोझ हुनुपर्ने र ठूला उद्योग एवं व्यवसायलाई प्रोत्साहन दिएर उठ्ने राजस्व पिछडिएको वर्गको पुनरुत्थानको लागि खर्च गर्नुपर्ने धारणा अनुरूप नै भारत सरकारले भारतीय रेल, हवाई सेवा तथा भारत पेट्रोलियमजस्ता प्रतिष्ठानहरूको निजीकरण शुरू गर्दै आफ्नो देशको मध्यम वर्गलाई आर्थिक रूपले यति सशक्त बनाउन सफल भएको छ कि अब उसले ५ खर्ब डलरको अर्थतन्त्र बनाउने नीति लिएर अगाडि बढेको छ ।

शिक्षाको क्षेत्रमा काङ्ग्रेसले जग हाली दिएको एआइआइएमएस, आइआइटी,

आइआइएम र स्तरीय विश्व विद्यालयहरूको विस्तार, सामरिक एवं अन्तरिक्ष विषयमा अनुसन्धान गर्ने विश्व स्तरीय प्रतिष्ठानहरूको स्थापना र सम्भवतः २००९ मा राइट टु एजुकेशनलाई संविधानमा समावेश गरेर शिक्षाका साथै सामाजिक क्षेत्रमा समेत अत्यन्त अगाडि बढेको छ । स्वतन्त्रता आन्दोलनदेखि आजसम्मको भारतीय संविधानको यात्रा नियाल्दा यो अत्यन्त गौरवपूर्ण देखिन्छ ।

भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूले विदेश नीतितर्फ असंलग्न परराष्ट्र नीतिका साथै पञ्चशीलको सिद्धान्त अगाडि सारेका मात्र थिएनन् यसको कार्यान्वयनको नेतृत्व नै लिएका थिए । यसैमा आधातिर भएर भारतीय विदेश नीति चलिरहेकोमा अहिले आएर भारतीय विदेशमन्त्री यस जयशङ्करले भने अब भारतले बाटो फेर्नुपर्ने सङ्केत गरेका छन् । अन्तर्राष्ट्रिय कूटनीतिमा राष्ट्र हितको लाभ-हानि मूल्याङ्कन गरी सक्रिय भूमिका खेल्नुपर्ने उनको भनाइ भारतको लागि लाभदायक होस् साथै भारत सरकारले संविधानको ७५ औं स्थापना दिवस मनाइरहँदा असल छिमेकीको नैतिक दायित्व पूरा गर्दै भारतीय जनता एवं सरकारलाई अमृत वर्षको सफलता एवं शुभकामना दिनु नै असल छिमेकको कर्तव्य ठहरिन्छ ।

छिमेकलाई शुभकामना व्यक्त गरिरहँदा भने केही कुराहरू स्वतः मनमा खेल्न थाल्यो । त्यो के भने भारतमा सर्वाङ्गीण विकास भइरहँदा भारतकै दक्षिणी सीमावर्ती बिहार राज्यको पूर्व र पश्चिम चम्पारण शिक्षा, स्वास्थ्य र यातायातको क्षेत्रमा तुलनात्मकरूपमा कम विकसित देखिन्छ । यसको विकास राम्रो हुँदो हो त केही लाभ हामीले समेत पाउने थियौं । हुन त यस्तो भारतको अरू क्षेत्रमा पनि भएको होला तर उल्लिखित क्षेत्रसँग हाम्रो प्रत्यक्ष सरोकार भएकोले यो प्रसङ्ग उठेको हो ।

भारतले अमृत-वर्ष मनाइरहँदा विश्वमा आफ्नो सामरिक र आर्थिक हैसियत पनि बढाएको निर्विवाद छ । तर यस्तो समृद्धिको बेला कताकता छिमेकसँग भारतको सम्बन्ध हेर्दा मन अलि अमिलो हुने गर्छ । पाकिस्तानसँगको सम्बन्धबारे कुरा नगर्ने हो भने पनि बङ्लादेशसँगको सम्बन्ध पनि तनावग्रस्त हुँदै गएको, अफगानिस्तानमा तालिबानको उदय, श्रीलङ्कामा चीनको बढ्दो प्रभावका बीच नेपाल र भूटानसँग मात्र राम्रो सम्बन्ध रहेको मानिएको थियो । तर नेपाल र भारतको बेटीरोटीको सम्बन्ध भए पनि सरकारी स्तरमा यो सम्बन्ध सधैं उतार-चढावले भरिपूर्ण भएको पाइन्छ । हो जनस्तरमा भने यो अत्यन्त प्रगाढ रहेको थियो । तर विगतका वर्षहरूमा भएको दुईतीन पटकको नाकाबन्दीले नेपालको पूरै युवा पुस्ता र अर्को जेठो पुस्ता र त्यो पनि खासगरी पहाडी क्षेत्रमा बसोवास गर्नेहरूको मानसपटलमा राम्रो छाप छोडेको पाइँदैन भने तराईमा समेत प्रायःजसो सीमावर्ती नदीमा भारतले एकतर्फी बाँध बनाएर सुक्खा याममा पानीको भरपूर प्रयोग गर्ने र वर्षात्मा बाँधको अधिकांश ढोका बन्द गरी नेपाली भूभागलाई डुबानमा पार्ने गरेकोले तराईको जनतासमेत भारतीय संस्थापन पक्षको व्यवहारबाट असन्तुष्ट बन्न थालेको समाचारहरू आइरहेको सन्दर्भमा भारतीय प्रधानमन्त्रीले अगाडि सारेको 'छिमेकी प्रथम' को धारणा अनुरूप छिमेकी वैदेशिक नीति सञ्चालन गरेर भारतको गरिमा मात्र होइन अपितु सम्पूर्ण पूर्वीय सभ्यता र संस्कृतिको संरक्षण र संवर्द्धन गर्नु उपयोगी हुनेछ ।

२०७८ मङ्सिर १४ गते मंगलवार

- तिनोद गुप्ता

कोप २६ र नेपालको प्रतिबद्धता

कोप २६ समाप्त भएको छ । यसमा धनी राष्ट्रहरूले गरीब राष्ट्रहरूलाई सफा ऊर्जा उत्पादन गर्न सहयोग गर्नेबारे सहमति भयो तर धनी एवं विकसित राष्ट्रहरूले जम्मा १८ प्रतिशत जनसङ्ख्याको लागि वायुमण्डलमा प्रसारण गरिरहेको करीब दुई तिहाइ कार्बन नियन्त्रण गर्नेबारे केही ठोस सहमति भएको समाचार भने बाहिर आएको छैन । प्रतिबद्धता भने पेरिस सम्झौता पाला गर्ने भनी व्यक्त भइरहँदा नासाको प्रक्षेपण अनुसार सन् २०३० सम्ममै पृथ्वीको तापक्रम १.९ डिग्री सेल्सियसले बढ्न सक्ने अनुमान गरिएको छ । यो प्रक्रिया कायमै रहेमा आउँदो तीस वर्षमा विश्वभरिबाट करीब ३० करोड मान्छेलाई स्थानान्तरित गर्नुपर्नेछ किनभने विश्वका कैयौं शहर र देश समुद्रको गर्भमा जानेछन् । बढ्दो तापक्रमका कारण गरीब एवं अल्पविकसित राष्ट्रका किसान र मजदूर जो खुला ठाउँमा काम गर्न बाध्य हुन्छन्, उनीहरूको मृत्युदर डिहाइड्रेशन र सन स्ट्रोकबाट बढ्नेछ र त्यसैगरी हृदयघातको खतरासमेत बढ्नेछ ।

यस सम्मेलनमा नेपालले सन् २०३० सम्म वनविनाशलाई शून्यमा पुऱ्याउने लक्ष्य लिएको घोषणा गरेको छ । यो हुन सक्नु धेरै राम्रो हो तर के यो वर्तमान नेपालको परिप्रेक्ष्यमा सम्भव छ । नेपालको सबै जलविद्युत् आयोजना सफा प्रविधिमा आधारित छन् र अहिले करीब दुई हजार मेगावाट उत्पादन हुँदा नै दिनमा दुई सय र राति करीब चार सय मेगावट विद्युत् खेर गइरहेको छ । हुनत बङ्गलादेश र भारतसँग पनि निर्यात गर्ने र बढाउने प्रयास भइरहेको छ तर नभएसम्म त खेर गइरहेको मान्नुपर्छ । आन्तरिक खपत बढाउन सार्वजनिक गरिएका योजनाहरूमा इन्डक्शन चुलोको प्रयोगमा सर्वाधिक जोड दिइएको पाइन्छ । यो प्रयोग शहरमा मात्रै सीमित हुने र ग्रामीण क्षेत्रमा प्रभावकारी नहुने तथ्य जगजाहेर छ । शहरी क्षेत्रमा इन्डक्शनको प्रयोग राम्ररी भएमा ग्याँसको आयात घट्ने हो, वनविनाश होइन । किनभने गाउँमा बस्ने अधिकांशले आज पनि काठ दाउराकै प्रयोग गर्ने गरेको पाइन्छ । तसर्थ सरकारले अर्थमन्त्री जनार्दन शर्माले भनेझैं ठूलठूला होटललगायतका ग्याँसको अत्यधिक प्रयोग गर्ने प्रतिष्ठानहरूमा विद्युत्को प्रयोग अनिवार्य गर्नुपर्दछ । अब जहाँसम्म वनविनाश रोक्ने कुरा छ, मेरो अनुमानमा नेपालमा उद्योग र वाहनसमेत गरेर हुने प्रदूषण कुल प्रदूषणको १२ देखि १५ प्रतिशत मात्रै छ भने बाँकी ८५-८८ प्रतिशत वनविनाशका कारण नै भइरहेको छ । नेपाल सरकारले छनोट गरेका पहिले र अहिलेको खासगरी यातायातजन्य आयोजना सबै वनविनाशलाई प्रश्रय दिने खालका नै छन् ।

सबैभन्दा पहिले त पूर्व-पश्चिम राजमार्ग नै हो, जुन रणनीतिक उद्देश्य लिएर यसको निर्माण भएको थियो, त्यो पूरा भएपनि नभए पनि नेपालको चार कोसे

झाडीको श्राद्ध नै गरिदिन यो योजना अत्यन्त सफल भएको मान्नुपर्छ । यस सडकले चार कोसे झाडीलाई तराई, पहाड र सडकको दुवैतर्फबाट दोहन गर्ने बाटो खोलिदिएर नेपालको वातावरण प्रणालीलाई नै ध्वस्त बनाउन ठूलो मदत गरेको छ । विचार गरौं, यो सडकको सट्टा त्यति बेला हुलाकी राजमार्ग बनेको भए कति वनजङ्गल विनाश हुने थियो ? चुरेको फेदमा त्यति बेला बस्ती नै थिएन र भएको भएपनि अहिले तराईका जिल्ला सदरमुकामलाई पूर्व-पश्चिम राजमार्गसँग जोड्ने उत्तर मार्ग बनाउँदा क्षति कति न्यूनीकरण हुने थियो ?

वैज्ञानिक धारणा पनि प्राकृतिक बाधाहरूलाई सकेसम्म लामो चिरा नपार्ने र आवश्यक भए छोटो दूरीको भर्टिकल मार्ग वा सुरुङ मार्ग प्रयोग गर्ने अवधारणा हो । यो विगत भएकोले अब नेपाललाई यो अवस्थामा फर्काउन सम्भव छैन तर न्यूनीकरणको लागि (क) हुलाकी राजमार्गको निर्माण पूरा गर्ने (ख) पूर्व-पश्चिम वा महेन्द्र राजमार्गलाई पर्यटक पथमा परिणत गरी टोल टैक्स लगाउने, जसले गर्दा त्यस सडकमा वाहन र यात्रुको चाप घट्दै गएर बजारहरूबाट हुलाकी मार्गको व्यस्तता बढोस् । यसबाट वनविनाश घट्ने र जीवजन्तुको सङ्ख्या बढ्न सक्ने देखिन्छ । त्यसैगरी, करीब-करीब निर्माण पूरा भएको मध्य पहाडी लोकमार्गमा निर्माण हुने सेटेलाइट शहरहरूको आवश्यकता पूर्ति गर्ने दबाब वनजङ्गलमाथि नै पर्ने स्पष्ट छ । यसले पनि नपुगेर विद्युत् खपत बढाउन निर्माणाधीन पूर्व-पश्चिम रेलमार्गका साथै २४ लाख बिरुवा काटेर बनाइने भनिएका निजगढ अन्तर्राष्ट्रिय विमानस्थल सरकारको योजनामा रहँदारहँदै वनविनाशलाई २०३० सम्ममा शून्यमा झार्ने प्रस्ताव सचेतनाका लागि भएपनि सरकारले आम नागरिकसमक्ष छलफलका लागि प्रस्तुत गर्नुपर्दछ ।

नेपालको तर्फबाट अत्यन्त महत्त्वका साथ उठाइँदै आएको हिमाली क्षेत्रको पर्यावरणको मुद्दाले स्थान वा सम्बोधन पाएको खबर आइरहँदा मेलम्चीको बाढी र दुई/चार दिन अगाडि नै गएको मुस्ताङको हिम पहिरोले भने नपर्खिने चेतावनी दिइरहेको छ । हिमाली भेगमा हिउँ खस्नुको साटो पानी पर्न थाल्नु प्राकृतिक सन्तुलन डरलाग्दो गरी बिग्रिएको सङ्केत हो । यस्तो अवस्थामा भारतले सन् २०५० सम्ममा कार्बन उत्सर्जनलाई नेट जीरोमा राख्ने प्रतिबद्धता व्यक्त गर्नु र चीन, अमेरिका र युरोपेली मुलुकहरूले समेत जीरो नभई नेट जीरोमा प्रतिबद्धता व्यक्त गरिरहनु र अल्पविकसित एवं विकासशील देशहरूलाई सफा ऊर्जा उत्पादनमा सहयोग गर्ने नारा दिइरहनुबाट नै यो सम्मेलनले पनि विकसित राष्ट्रको उत्सर्जनको कारण अति प्रभावित अल्पविकसित राष्ट्रहरूलाई एक खर्ब अमेरिकी डलर पाउन २०२३ सम्मको लागि ललिपप देखाइदिएका छन् । अरूको त कुरै छाडौं, हाम्रो दक्षिणी छिमेकीको नेट जीरोको प्रतिबद्धताको प्रभाव अहिले राजधानी दिल्लीमा देखिएको छ । त्यहाँको हावामा सास फेर्दा एक दिनमा २० वटा चुरोट खाएसरहको हानि त्यहाँका नागरिकले बेहोर्नुपरिरहेको छ । तात्कालिक समाधानको रूपमा सबै शिक्षण संस्था अनिश्चितकालको

लागि तथा निर्माणजन्य कार्यहरू २१ नोभेम्बरसम्मको लागि बन्द गरिएका छन् । भारतको वायु प्रदूषित हुँदा स्वभावतः नेपाल र खासगरी तराई क्षेत्रको वातावरणमा प्रभाव पर्दछ । त्यसैले यसको न्यूनीकरणको लागि भारतले अब आफ्नो प्रयासका साथै नेपालको महाकाली परियोजना निर्माण गर्ने तथा अन्य परियोजनाबाट समेत बिजुली किन्न खोलेको बाटो सुगम पारिदिनु स्वयम् भारतकै हितमा समेत हुनेछ ।

दिल्ली जस्तै काठमाडौंमा प्रदूषण बढेपछि मात्र यसले चर्चा पाउने गरेको यथार्थताको सम्बन्धमा एउटा कुरा सबै सरोकारवालाहरू हामीले के स्मरण गर्न आवश्यक छ भने लकडाउनको अवधिमा समेत सिमरामा राखिएको प्रदूषणसूचक यन्त्रमा रातो बत्ती बलेको समाचार आएको थियो तर अहिले कुन बत्ती बलेको छ र प्रदूषण कति पिपिएम छ भन्ने जानकारी कतैबाट सार्वजनिक भएको छैन । सय पिपिएमसम्म राम्रो, १५०-२०० सम्म असन्तोषजनक र दुई सयभन्दा माथि खतरनाक मानिएको वायु प्रदूषणको स्तर वीरगंज र समग्र तराई क्षेत्रमा कति छ कसैले वा कुनै निकायले जानकारी मात्रै पनि सार्वजनिक गरिदिए चेत भएकाहरूलाई सचेत हुने अवसर त पाइने थियो । कथाको अन्त्य फेरि उही 'नव दिन चले अढाई कोस' नै भएको छ। २१ नोभेम्बर आइतवार द काठमाडू पोस्टमा प्रकाशित समाचार अनुसार वीरगंजको एक्युआई शनिवारको दिन १८३ रहेको थियो । सम्भवतः यो सिमराको यन्त्रको सूचक हो ।

मेरो विचारमा काठमाडौंबाट प्रकाशित हुने पत्रपत्रिकाहरूले काठमाडौंको तापक्रमको विवरण दिएजस्तै स्थानीय पत्रपत्रिकाले पनि एक दिन पहिलेको स्थानीय तापक्रम र सिमराको एक्युआई लेभल आआफ्नो एरियलमा वा अन्य कुनै उपयुक्त स्थानमा राख्न सके सचेतना जगाउन ठूलो मदत पुग्नेछ ।

२०७८ मङ्सिर ०७ गते मंगलवार

कोप २६ को उपलब्धि के ?

सन् १९९२ मा विश्वका १५० देश ब्रजीलको रियो दि जेनेरियोमा भेला भई विश्व पर्यावरण जोगाउन कार्बन डाइअक्साइड र अन्य हरित ग्याँसहरूको उत्सर्जनमा कटौती गरी वातावरण जोगाउने सहमति गरेका थिए । १९९२ पछि क्वाटो १९७९, कोपेनहेगन २००९ र पेरिस २०१५ मा समेत यस्ता सम्मेलनहरू सम्पन्न भइसकेका छन् । यसमध्येको सबैभन्दा सफल सम्झौता पेरिसलाई मानिन्छ जसमा सहभागी सबै राष्ट्रले आआफ्नो ठाउँबाट सक्दो प्रयास गरेर वातावरणको तापक्रम पूर्व औद्योगिक समयको तुलनामा १.५ डिग्री सेल्सियसभन्दा बढी बढ्न नदिने वाचा गरेका थिए । यसबाहेक विश्वव्यापी जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने उपाय खोज्ने देशहरूकै अर्को सम्मेलन कोप हो । यो सम्मेलन सन् १९९५ देखि हरेक वर्ष हुँदै आएको छ । यसै क्रममा २०२१ मा यो ग्लासगोमा सम्पन्न हुँदैछ भने २०२२ मा कोप २७ इजिप्टमा हुने भएको छ ।

पेरिस सम्मेलनबाट १.५ डिग्री सेल्सियसभन्दा तापक्रम बढ्न नदिने वाचा गरिए पनि नासाको एक अध्ययनबाट सन् २००९ सम्म वातावरणको तापक्रम ०.५ डिग्रीले बढेको र २०२० मा यो १.२५ डिग्री सेल्सियस बढेको देखाएको छ । यही अवस्था रहिरहेमा सन् २०३० सम्म तापक्रम १.५ देखि २ डिग्री सेल्सियस बढ्न सक्ने प्रक्षेपण गरिएको छ । यसको असर भयावह हुन सक्दछ । कस्तो भयावह भन्दा खुला आकाशमुनि काम गर्नुपर्ने ठूलो समूहले सन बर्न र हिट स्ट्रोकको कारण मृत्यु वरण गर्नुपर्ने हुन सक्छ भने बरफ पग्लेर पहाडहरू काला पत्थर हुने, नदी र समुद्रको सतह बढेर डुबानको समस्या र समुद्री एवं जलजीवहरूको जीवनसमेत सङ्कटमा पर्न गई सम्पूर्ण वातावरण प्रणाली जीवका लागि मृत्युको कारक बन्न सक्छ । जलवायु परिवर्तनबाट भएको हानि नोक्सानीको क्षतिपूर्तिको माग सन् २०१२ को वार्सा सम्मेलनबाट नै उठ्दै आएको हो र यसमा काम गर्न 'लस एन्ड ड्यामेज' नाम गरेको एउटा संरचना पनि बनेको थियो । विश्वको कुल जनसङ्ख्यामध्ये विकसित देशमा जम्माजम्मी १८ प्रतिशत नागरिकको बसोवास छ भने बाँकी ८२ प्रतिशत विकासशील र अल्पविकसित मुलुकमा बसोवास गर्दछन् तर जब कार्बन उत्सर्जनको कुरा आउँछ तब सन् १९०० देखि १९९० सम्मको एक अध्ययन अनुसार विकसित देशहरू ७४.८ प्रतिशत कार्बन उत्सर्जन गर्दछन् भने ८२ प्रतिशत विकासशील एवं अल्पविकसित मुलुकको जनताबाट २५.२ प्रतिशत मात्रै कार्बन उत्सर्जन भएको पाइएको छ । यसै अध्ययनको आधारमा संयुक्त राष्ट्र सङ्घको क्योटो प्रोटोकलले कार्बन ट्रेन्डिङको अवधारणा अगाडि ल्याएर कार्बन उत्सर्जन सन् १९९० को स्तरमा झार्ने प्रस्ताव गरेको हो । यस प्रक्रियामा धनी र विकसित देशहरूले गरीब राष्ट्रहरूले उत्पादन गर्न बाँकी रहेको कार्बन किनेर विकासशील र अल्पविकसित

मुलुकलाई कार्बन ग्रान्ट दिई वनजङ्गलको फडानी रोक्न उत्साहित गर्ने योजना संलग्न छ । पेरिस सम्मेलनमा विकसित राष्ट्रहरूले हरेक वर्ष एक सय बिलियन डलर सहयोग गर्ने वचनबद्धता गरेका थिए । तर यसको कार्यान्वयन पक्ष अत्यन्त कमजोर रह्यो। ओइसिडी अनुसार सन् २०१८ मा ७८.९ बिलियन डलर विकसित राष्ट्रले सहयोग गर्ने र यसको ७० प्रतिशत जलवायु परिवर्तनको रोकथाम र २१ प्रतिशत परिवर्तन अनुकूलनको लागि खर्च गर्नुपर्ने थियो तर विकसित देशबाट रकम नै उपलब्ध नभएर यो योजना असफल भयो। यतिमात्र होइन फोसिल इन्धनबाट अमेरिकाले एक्लै ३०.३ प्रतिशत कार्बन उत्सर्जन गर्छ, जबकि सम्पूर्ण युरोपले २७.७ प्रतिशत र जापानको हिस्सा ३.१ प्रतिशत हुँदाहुँदै डोनाल्ड ट्रम्पले अमेरिकालाई पेरिस सम्झौताबाट अलग गर्दै खनिज इन्धनको प्रयोग बढाउने नीति ल्याए । तर अहिले वर्तमान राष्ट्रपति बाइडेन सम्मेलनमा सहभागी हुनु राम्रो पक्ष रहेको छ भने विश्वकै सबैभन्दा ठूलो हरित ग्याँस उत्सर्जन गर्ने राष्ट्र चीनले भने सहभागिता देखाएको छैन । यस सम्मेलनमा सबभन्दा महत्त्वपूर्ण विधेयक 'खनिज इन्धनको प्रयोगमा जरिवाना र गैरकार्बन स्रोतको प्रयोगलाई प्रोत्साहन खर्च दिने विधेयक रहेको छ । जुन स्वीकृत हुने सम्भावना भने देखिदैन। त्यसैले आशाको एकमात्र केन्द्र अमेरिकी राष्ट्रपति बाइडेनको ३५ खर्ब डलरको स्पेन्डिङ बिल वरिपरि नै घुमिरहने र पुरानै निरन्तरता कायम हुने शङ्का बढेको छ ।

पेरिस सम्मेलनपछिका वर्षहरूमा युरोप, युगान्डा, नाइजेरिया, भारतलगायत देशहरूले जलवायु परिवर्तनको कारण ठूल्ठूला बाढी, पहिरोको सामना गर्नुपरेको छ । त्यस्तै ग्रीस, साइबेरिया, क्यालिफोर्नियालगायत नेपालमैं देखिएको डढेलो पनि परिवर्तनकै परिणाम हो । नेपालकै मात्र कुरा गर्दा यस वर्ष ४८ घण्टामा २ सय मिलिमिटर पानी पऱ्यो भने केही स्थानमा त ४८ घण्टामैं ५ सय मिलिमिटर पनि रेकर्ड भयो । यस वर्षको अतिवृष्टिले १०७ जनाको ज्यान लिएको छ भने रु ८ अर्बको धान भिजेर नष्ट भएको छ। बाढी, पहिरोबाट भएको क्षति त बेग्लै छ । तर यसपालिको अतिवृष्टिले जलवायु परिवर्तनका साथै मेलम्ची बाढीको घटनाले मनसुन वर्षाले अब हिमाली भेग छुन थालेको सङ्केत गरेको छ । मेलम्ची मात्रै होइन, मनाङमा पनि यही घटना दोहोरिएको छ । त्यसैले नेपाल पनि अब अति प्रभावितको सूचीमा पर्न थालेको छ। सरकारले चालेका विभिन्न बाढी नियन्त्रण आयोजना सञ्चालन गरेको भए पनि पाँच-दश वर्षको वार्षिक औसतको पानी बहावलाई आधार मानेर बनाइने यस्ता नियन्त्रण आयोजनाहरू जलवायु परिवर्तनका कारण हुने अतिवृष्टि फ्ैश-फ्लडलाई नियन्त्रण गर्न असफल हुँदै गएको घटना नेपालमैं देखिएको छ । त्यसैले अन्तर्राष्ट्रिय मञ्चहरूमा तेस्रो विश्वका मुलुकहरूका साथ जोडदार रूपमा आफ्नो समस्या प्रस्तुत गर्न सक्नुपर्दछ ।

कोप २६ समाप्त भएको छ । अमेरिकाले सय बिलियन डलरको सहयोगको घोषणा गरेको छ। सबैभन्दा बढी प्रदूषण गर्ने चीनले भाग नै नलिएको यो सम्मेलनमा

सबैभन्दा बढी प्रदूषण गर्नेमध्ये चौथो स्थानमा पर्ने भारतले भने सन् २०५० सम्म कार्बन उत्सर्जन नेट जिरो गर्ने प्रतिबद्धता मात्र जनायो । यो नेट जिरो भनेको अहिले भइरहेको उत्सर्जनलाई यथास्थितिमा राखेर बढ्न नदिनु हो, शून्यमा झार्नु होइन । यस अवस्थामा अमेरिकाको २७ प्रतिशत र युरोपको २७ प्रतिशतले भने शून्यमा ल्याउने र अल्पविकसित एवं विकासशील मुलुकहरू लागि जलवायु परिवर्तन घटाउँदै लाने परियोजनामा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् तर उत्सर्जन नियन्त्रण नगरेर जरिवाना लगाउने प्रस्तावबारे सम्मेलन समाप्त हुँदासम्म कुनै जानकारी प्राप्त नभएकोले यो तुहिएकै मान्नुपर्दछ । यो सबै अवस्थालाई विचार गर्दा भोजपुरी उखान 'नौ दिन चले अढाई कोस' अर्थात् जहाँको त्यहींको अवस्थाबाट यो सम्मेलन पनि अगाडि बढ्न नसकेको भन्न अत्युक्ति हुनेछैन ।

२०७८ मङ्सिर ०१ गते बुधवार

कोरोनासँगै अब लङ्ग कोरोना

नेपालमा कोरोना सङ्क्रमणको दर घट्दै गएर ७ प्रतिशतमा पुगे पनि गम्भीर बिरामीको प्रतिशत भने ३५-३८ प्रतिशतमा कायमै छ। कार्तिक १० गते गरिएको ९४९५ परीक्षणमा ६७२ जनामा सङ्क्रमण पुष्टि भएको छ। अहिले देशमा १०३७५ सङ्क्रमित भएको र मृत्यु हुनेको सङ्ख्या ११३८० पुगेको छ। यसैबीच खोप लगाउनेको सङ्ख्या १ करोड ५४ लाख नाघेको छ। कोभिड नियन्त्रणमा रहेको दाबीका साथै दुईवटा समाचारले भने गम्भीर ध्यानाकर्षण गराएको छ। पहिलो त सघन सङ्क्रमितको सङ्ख्या घट्नु र दोस्रो लङ्ग कोभिड हो। यसलाई लङ्ग कोभिडभन्दा दीर्घ कोभिड भने पनि हुन्छ, किनभने एकपटक रोग लागेर निको भइसकेकाहरूमा हाडजोर्नी दुख्ने, मांसपेशी दुख्ने, निद्रा कम लाग्ने, कपाल झर्ने, रुघाखोकी र निमोनियासमेतको लक्षणहरू देखिन थालेको चिकित्सकहरू बताउँछन्। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का अनुसार करीब ३-६ महीनाको खोप लगाएको अवधिपछि एन्टिबडीको सङ्ख्या क्रमशः घट्दै गइरहेको पाइएको छ। यो अवस्थामा शरीरको प्रतिरक्षा प्रणाली कमजोर हुँदै जाने र फेरि कोभिड लाग्न सक्ने अवस्थाबाट जोगिन सकिँदैन। तत्काल यसको रोकथामको लागि बुस्टर डोज एउटा विकल्प हुन सक्छ तर त्यो पनि कति स्थायी होला, अनुसन्धानकै विषय हुन जान्छ। त्यसैले यस अवस्थामा सरकारले (१) खोप कार्यक्रम अगाडि बढाउने (२) लङ्ग कोभिडको उपचार व्यवस्थापनको नीति बनाउने र (३) बुस्टर डोजको योजना बनाउनु नितान्त आवश्यक हुन जान्छ। तर सबै कुरा सरकारले गरेर सम्भव हुने अवस्था छैन। सबै सरकारले गर्ने देशहरूमा चीनकै ११ वटा प्रान्तमा डेल्टा प्रजातिको कोरोना भाइरसको तीव्र सङ्क्रमण देखिएको छ भने रूसले समेत यसको नियन्त्रणका लागि सरकारी कार्यालयलगायत प्रतिष्ठानहरूलाई १० दिनको लागि पूर्णतया बन्द गर्ने निर्णय गरेको छ। बेलायतमा गएको कार्तिक ६ गते शनिवारका दिन मात्र करीब ४४ हजार जनामा कोरोना सङक्रमण पुष्टि भएको छ र पछिल्लो २४ घण्टा अर्थात् कार्तिक ११ गते २०७ जनाको मृत्यु भई कुल मृतकको सङ्ख्या १ लाख ४० हजार ४१ पुगेको छ र कुल सङ्क्रमितको सङ्ख्या ८८ लाख ९७ हजार पुगेको छ। मित्रराष्ट्र भारतमा कार्तिक ११ गते एकै दिन १६ सय सङ्क्रमित भेटिएपछि बिहार राज्यलाई उच्च सतर्कतामा राखिएको छ। हाम्रो दक्षिणी सीमा बङ्गालदेखि उत्तर प्रदेशसम्म जोडिएको अवस्थामा हाम्रो लागि चिन्ताको विषय हुनुपर्ने हो। नेपालमा दशैँपछिको कोरोना ग्राफ घट्दै गएर सङ्क्रमण दर ३-६ प्रतिशतमा झरेर पनि खतरा समाप्त नभएको कुरा कोरोनाको कुनै पनि लक्षण नभइकन पनि काठमाडौँमा कोरोनाबाट मृत्यु पुष्टि भएबाट बुझ्न सकिन्छ। हामीसँग अनुसन्धानको पर्याप्त सुविधा छैन। कारण पछि पत्ता लाग्ला तर अनिष्टको सम्भावना नकार्न नसकिने भएकोले सचेत रहनु आवश्यक छ। विश्वका अनेक मुलुकमा नियन्त्रणमा आइसकेको कोरोना फेरि महामारीको रूप लिँदै गइरहेको देखिएकै छ। सङ्क्रमितको सङ्ख्या ५ सय पुगेपछि महामारी नियन्त्रणमा आएको मानिने भए पनि, अहिले राजधानीमैं यो सङ्ख्या ५ सयभन्दा बढी र अब छठ समाप्त हुनासाथ देशभरि

तथा भारतबाट समेत काम गर्नेहरूको ठूलो समूह नेपाल प्रवेश गर्नेछ। भारतमा बढ्दो कोरोनालाई दृष्टिगत गरी बिहारलाई रेड अलर्टमा राखिएकोले पनि हामी सचेत हुन जरूरी छ। यो खतराका साथै अर्को पनि अत्यन्त सतर्क हुनुपर्ने खबर के छ भने नेपालमैं र काठमाडौंमा सबैभन्दा बढी लङ्ग कोरोनाका बिरामीहरू देख्न थालिएको पाइएको छ। लङ्ग कोरोनाबाट निको भइसकेका बिरामीहरूमा असामान्य लक्षणहरू देखा पर्न थालेको चिकित्सकहरूको भनाइ छ। कपाल झर्ने, ज्वरो, रुघाखोकीका साथै निमोनिया, अनिद्रालगायत मानसिक रोगले ग्रस्त भई उपचारार्थ आइरहेका रोगीहरूको सङ्ख्या बढिरहेको छ। वीरगंज पनि कोभिडको हटस्पट रहिसकेकोले सरोकारवालाहरू, खासगरी स्थानीय सरकार, प्रशासन र अस्पतालले लङ्ग कोभिडको अनुगमन गरी स्थिति सार्वजनिक गर्ने र उपचारको व्यवस्था गर्नुपर्नेतर्फ लाग्न उचित देखिन्छ । नेपालमा खोप लाग्न थालेपछि र दशैंको अवसरदेखि आम मानिसले कोभिडबाट जोगिन मास्क लगाउने, दूरी कायम राख्ने, साबुन-पानीले पटक-पटक हात धुने र भीडभाड नगर्ने जस्ता सुरक्षात्मक उपाय अवलम्बन गर्न छाडेको सर्वत्र देखिन थालेको छ। यस्तो अवस्थामा देश वा हाम्रै नगर पनि फेरि लकडाउनमा नधकेलियोस् भन्नका लागि हामी नागरिकले पनि आजैदेखि आफ्नो व्यक्तिगत दायित्व सम्झेर कोभिडबाट बच्न बनाइएको न्यू नर्मल अर्थात् मास्क लगाउने, साबुन पानीले २० सेकेन्डसम्म खाना अगाडि र अन्य समयमा हात धुने र दुई मिटरको दूरी कायम राख्ने सुझावको पालना गर्न आवश्यक छ किनभने कुनै सरकार वा प्रशासनले प्रत्येक नागरिकले यस्तो गरे-नगरेको अनुगमन गर्न सक्दैन ।

तर एउटा महत्त्वपूर्ण तथा आम नागरिकले गर्न नसक्ने कुरा हो भीडभाडको नियन्त्रण । यसको लागि हाम्रै महानगरको उदाहरण लिउँ:

(१) तरकारी बजार: बिहानै माईस्थानमा लाग्ने तरकारी बजारको भीडभाड नियन्त्रण गर्न (क) यो बजार र रेलवे लाइन रोड फराकिलो भएकोले त्यहाँ सार्न (ख) आदर्शनगरको पुरानो बस स्टैन्डको पश्चिमपट्टीको भागमा बिहान बजार लगाउने।

(२) किराना पसल: बिहान १० बजेसम्म र बेलुकी ५-९ बजेसम्म सञ्चालन गर्ने । **(३) अन्य पसलहरू** हाललाई यथास्थितिमा तर सङ्क्रमण बढ्ने सङ्केत देखिनासाथ पालैपालो गरी १०-५ बजे दिनमा मात्र खोल्ने ।

(४) रेस्टुरेन्टहरू: सङ्क्रमण बढ्ने लक्षण देखिनासाथ होम प्याकिङ सेवा शुरू गर्ने ।

(५) आवासीय होटलहरू: आगन्तुकलाई बोर्डरमा रहेको हेल्थ डेस्कमा जँचाएको ज्वरो रेकर्ड गरिएको कार्ड दिने व्यवस्था गर्ने ।

(६) उद्योग प्रतिष्ठानहरू- सुरक्षा निकायको पालना गरी सञ्चालन गर्ने ।

यो अवस्था किन आवश्यक छ भने अब न राष्ट्र, न यसका नागरिक लकडाउनको अर्को मार बेहोर्न सक्ने स्थितिमा छ। त्यस कारण क्षति न्यूनीकरणको पूर्व तयारीस्वरूप यो सुझावहरू सुझाएको हुँ किनभने यस पालि पनि हटस्पट बनिसकेपछि केही गर्नेपूर्वको अवस्था बढी घातक हुन सक्छ। भारतमैं अहिले डेल्टाबाहेक एउटा नयाँ भेरिएन्ट भेटिएको छ, जसले अत्यधिक तीव्र वेगमा सङ्क्रमण सार्ने भएकोले यो कति घातक छ भनी परीक्षण हुँदैछ । खुला सीमाका कारण त्यो भेरिएन्ट नेपाल नआउला भन्न सकिंदैन ।

२०७८ कात्तिक २३ गते मंगलवार

- तिनोद गुप्ता

सिएसआरविरुद्ध सिकेआर

नेपालको न्यायपालिका अन्तर्गतको सर्वोच्च निकाय सर्वोच्च अदालत नै ठूलो सङ्कटमा परेको छ। सम्माननीय प्रधानन्यायाधीशले आफूविरुद्धको आन्दोलनलाई बेवास्ता गर्दै आफू संवैधानिक प्रक्रियाबाट आएको र यसै प्रक्रियाबाट मात्र जाने भनी राजीनामा दिन अस्वीकार गर्दै घुमाउरो पारामा सकिन्छ भने महाअभियोग लगाउन चुनौती नै दिनुभएको बुझिन्छ। उता संसद्को गठबन्धन सरकारका नायक प्रधानमन्त्री शेरबहादुर देउवाले अदालतको समस्या अदालतबाटै सल्टिनुपर्ने अभिव्यक्ति दिनुभएको छ भने प्रतिपक्षका नेता केपीशर्मा ओलीले प्रधानन्यायाधीश मात्र होइन संसद पुनर्स्थापनाको निर्णय गर्ने संवैधानिक पीठमा संलग्न सबै न्यायाधीशले राजीनामा दिनुपर्ने अत्यन्त हास्यास्पद तर्क अगाडि सारेर प्रधानन्यायाधीशको परोक्षरूपमा बचाउन नै गर्नुभएको छ।

नेपालको तल्लो सदनमा एमालेको ९७, नेपाली काङ्ग्रेसको ६१, माओवादी केन्द्रको ४९, एकीकृत समाजवादीको १९, लोकतान्त्रिक समाजवादीको १३, मजदूर किसान, राष्ट्रिय प्रजातन्त्र र जनमोर्चाको १/१ सदस्य सांसद रहेका छन्। यो ढाँचामा गठबन्धन वा प्रतिपक्ष दुवैले एक्लो प्रयासबाट महाअभियोग दर्ता गरे पनि अनुमोदन नहुने स्पष्ट भएकोले नै सबै राजनीतिक दल यस लडाइँमा 'तैं चुप मै चुप'को अवस्थामा रहेका छन्। तर जति चुप बसे पनि यो अवस्थाको निकास अत्यन्त जरुरी छ। कात्तिक १० गतेबाट प्रधानन्यायाधीशले बेन्च तोक्ने काम शुरू गर्नु भएर आफ्नो बेन्चबाट मुद्दाको सुनुवाइ गर्नु भएपनि अन्य कुनै बेन्चमा तोकिएको मुद्दामा सुनुवाइ भएन। यस कार्यबाट प्रधानन्यायाधीशले सहानुभूति लिने र सर्वोच्चका अन्य न्यायाधीशमाथि आन्दोलन फिर्ता लिने नैतिक दबाब दिन खोज्नुभएको हो। तर बेन्च बहिष्कार गर्ने न्यायाधीशहरूले पनि आफ्नो रणनीति बनाउनुभएको छ, जस अनुसार प्रधानन्यायाधीशको राजीनामा नआए बेन्च चलाउने नैतिक दबाबको अगाडि झुक्नुभन्दा सामूहिक राजीनामा दिने मनस्थिति बनाइसक्नुभएको बुझिएको छ। यो स्थिति झन् आजको भन्दा विकट हुनेछ। यस्तो विकट परिस्थिति सिर्जना हुनुको पछाडि 'हमाल प्रकरण' मात्रै होइन, सभामुखविरुद्ध एमालेको १४ सांसद निष्कासनको मुद्दा, सभामुख सापकोटाविरुद्ध हत्याको मुद्दा, बाबुराम भट्टराई र माधव नेपालविरुद्ध ललिता निवास प्रकरणको मुद्दा, संवैधानिक परिषद्को नियुक्तिविरुद्धको मुद्दाहरूमा पेशी नै नचढ्नु, सुनुवाइ नै नहुनु वा प्रधानन्यायाधीशले पेशी तोक्दा आफ्नै बेन्चमा राख्नु जस्ता कारणहरूले सर्वोच्चप्रति बढ्दै गएको आक्रोश पनि हो। प्रधानन्यायाधीशले गोलाप्रथाबाट मुद्दाको पेशी तोक्ने प्रतिबद्धता जनाएर पनि त्यसको पालना नगर्नुले झन् आगोमा घ्यू थप्ने काम भएको छ

। अर्कोतिर वकीलहरूको छाता सङ्गठन बार एशोसिएशनले समेत आन्दोलनको घोषणा गरेको छ । यो लेख आउँदासम्म कुनै न कुनै निष्कर्ष त पक्कै निस्किएला किन भने मिडियाहरूमा आएको समाचार अनुसार प्रधानन्यायाधीशले प्रमलाई भेटेर आफूविरुद्धको आन्दोलन नरोकिए पत्रकार सम्मेलन गरेर माथि उल्लिखित मुद्दाहरूको सम्बन्धमा सत्यतथ्य बाहिर ल्याउने मनसाय व्यक्त गर्नुभएको छ ।

राजनीतिक दलहरूले यस्तो होस् भन्ने चाहने कुरा त भएन तर निकास दिन 'कम्प्रो'को बाटो नै रोज्लान् जस्तो छ, किनभने आन्दोलनको सक्रियतामा एउटा समूह मात्र लागेको देख्न थालिएको छ । प्रधानन्यायाधीशले सामूहिक राजीनामाको प्रसङ्ग उठाएर विषयान्तर गर्न खोज्नुभएको बुझिन्छ । किनभने पुनर्स्थापनाको विरुद्धमा एमालेले सेटिङ गरेको पृष्ठभूमिमा बोल्दै आएकोबाट अब के शङ्का उब्जिन थालेको छ भने त्यति बेला दुवैपटक प्रधानन्यायाधीश पुनर्स्थापना सदर गर्ने विपक्षमा भएपनि बहुमत पुनर्स्थापनाको पक्षमा भएकाले आफू अल्पमतमा परिने र प्रधानन्यायाधीशको छवि नै धूमिल हुने बाध्यताले समर्थनमा आउनुपरेको हो कि ? यस्तो त अवस्था छ, विश्वकै उत्कृष्टमध्येको एक र दक्षिण एसियाकै सर्वोत्कृष्ट घोषित संविधान अनुसार चलेको कार्यपालिका, विधायिका र न्यायपालिकाको ।

अब कुरा गर्दौं, एउटा अर्को पक्षको जसको बारेमा मैले कहिले लेखेको थिइनँ। कात्तिक ११ गते बिहान ऋषि धमलाको नेपाली बहसमा डा सिके राउतको अन्तर्वार्ता सुन्दै थिएँ । सुने र बुझेको कुरालाई जस्ताको त्यस्तै राख्ने प्रयास गर्नेछु । केही दिनअगाडि प्रदेश नं २ को राजधानी जनकपुरमा एक इन्जिनीयरलाई नाङ्गै पारी सडक घुमाइएको थियो । धमलाले यसै प्रसङ्गलाई राउतसँगै जोड्दै कानून हातमा लिएको र मानव अधिकार उल्लङ्घन भएको भन्दै प्रश्न तेर्स्याइरहँदा डा सिके राउतको जवाफको सारांश यस्तो थियो–

१) यो मेरो दलले घटाएको घटना नभई मेरो दलसमेत सम्मिलित आम जनताको आक्रोश हो । यिनी चोर, भ्रष्टाचारी नभएको भए घटनापछि कसरी र कहाँबाट बजेट आयो र रातारात ग्रेभल गर्नेलगायतका कामहरू धमाधम हुन थालेको छ । यो अवस्था देशको तीनवटै निकाय विधायिका, कार्यपालिका र न्यायपालिका असफल भएकोले नेपालको गणतन्त्र पनि Banana Republic भइसकेको छ। नेपालको कानून र संविधानकै कुरा गर्ने हो भने पनि संविधानले जनताको सर्वोच्चता स्वीकार गरेकोले जब जनताले आफैंद्वारा चुनिएको र करबाट सञ्चालित सरकार र ब्यूरोक्रेसीले जनताको अपेक्षा पूरा गर्दैन, तब जनतालाई जनकारबाही गर्ने अधिकार हुन्छ । जहाँसम्म मानव अधिकार हननको प्रश्न छ, सरकार र यसका कर्मचारीहरूले आम जनतालाई कानून र संविधान अनुसारको सुविधा उपलब्ध नगराउँदा जनताको मानव अधिकार उल्लङ्घन भएको छ कि छैन ? यसलाई कसले हेर्ने ? अख्तियारको प्रसङ्ग उल्लेख गर्दै प्रदेश नं २ का मुख्यमन्त्रीको कार्यालयमा छापा मारिसकेपछि अब मुद्दा नै दर्ता गर्न डराइरहेको र

प्रहरीले जनकारबाहीमा पक्राउ गरेका अन्य सबैलाई छाडेर आफ्नै कार्यकर्तामाथि मुद्दा चलाउनु अपराध हो कि होइन भनी प्रश्न उठाउँदै अब जनताले ७७ वटै जिल्लामा भ्रष्टाचारीविरुद्ध यस्तो आन्दोलन वा जनकारबाही हुन सक्ने चेतावनी दिंदै यस्तो अवस्थामा ३-४ लाख सुरक्षाकर्मीले तीन करोड नेपालीको आन्दोलनको भार थेग्न नसक्ने चेतावनीसमेत दिए । सम्पूर्ण अन्तर्वार्तामा उनले समग्र राष्ट्रको कुरा गरे पहिला जस्तो अलग्गिने प्रसङ्ग उठाउँदै उठाएनन् । उनको यो अन्तर्वार्ता सुनेपछि म रनभुल्लमा परेको छु । के वास्तवमा जे भइरहेको छ त्यो Banana Democracy नै होइन र ? विधायिका जहिले भङ्ग गरे पनि हुने ? पुनर्स्थापना कानूनविपरीत भएपनि कुनै कारबाही भोग्नुनपर्ने, संसद् जहिले बोलाए पनि हुने, बन्द गरे पनि हुने, होहल्ला गरेर चल्नै नदिए पनि हुने । कार्यपालिका उस्तै बेहाल, न्यायपालिकाको हामी भोगि नै रहेका छौं । राष्ट्रिय सतर्कता केन्द्र सुति नै रहेको छ भने अख्तियारलाई चेलवा, पोठिया समात्दै बेफुर्सदी छ । पञ्चायतको कुरा छाडेर गणतन्त्रकै कुरा गर्ने हो भने पनि समयबद्ध (Incremental) विकासबाहेक (Radicle Development) प्रजातन्त्र र गणतन्त्रको ३० वर्ष अवधिमा पनि देख्न पाइएको छैन । राजा र रङ्कको विभेद कायमै छ ।

मन्त्री क्वार्टर समयबद्धरूपमा निर्माण हुन सक्छ तर देशका अन्य आयोजनाहरूको लागत दोब्बर तेब्बर नबढेसम्म पूरा हुँदैन। केरा प्रजातन्त्रको योभन्दा सुन्दर स्वरूप के हुन सक्छ ? यो अवस्थामा म स्वयम् रनभुल्लमा परेको छु, तार्किकरूपमा नेपालको अहिले चलिरहेको गणतान्त्रिक प्रणाली वा सिके राउतको सोचको गणतन्त्र। विज्ञ पाठकले दुवै प्रसङ्ग पढेर, बुझेर मलाई पनि निर्णयमा पुग्न सघाउनुहुनेछ भन्ने अपेक्षा लिएको छु ।

२०७८ कात्तिक १७ गते बुधवार

चेत खुलोस्, मित्रहरू !

सबैभन्दा पहिले त शीर्षककै कुरा । मित्रहरू भनेर मैले नेपाली काङ्ग्रेसलगायत कमरेड माधव र कमरेड प्रचण्डले नेतृत्व गर्नुभएको गठबन्धनलाई समेत सम्बोधन गर्न खोजेको छु। प्रतिनिधिसभा पुनर्स्थापित भएपछि स्वाभवतः तपाईंहरूको संयुक्त सरकारको तीनवटा महत्त्वपूर्ण जिम्मेवारी रहेको थियो । पहिलो, शान्ति सुरक्षाको प्रत्याभूति दिने, सुशासन र अर्थव्यवस्थालाई पुरानो लयमा फर्काउने । यसभन्दाबाहेक एउटा गुरुत्तर जिम्मेवारी कोभिड नियन्त्रणाको पनि थियो । जुन संयुक्त सरकारले सन्तोषजनक ढङ्गले पूरा गरेको छ । तर जब कुरा शान्ति सुरक्षाको आउँछ, त्यस बेला बलात्कार, हत्या र बेचबिखनका घटना त नियन्त्रण भएनन् नै सरकार आफैंले शान्ति सुरक्षा खलबलाउने कार्य गरेको पाइन्छ । मोतीपुर घटनामा पानीको फोहोरा र रबरको गोली किन प्रयोग गरिएन र धातुको गोली नै प्रयोग गर्ने अवस्था आए पनि कानून अनुसार कम्मरभन्दा मुनि गोली हान्नुपर्नेमा ज्यानै जाने गरी गोली कसको आदेशले चल्यो। सामान्यतया ब्ल्याङ्क (Blank) फायर गर्दा नै भीड तितरवितर हुने अवस्थामा सरकारले गरेको यो कामलाई जघन्य अपराधको श्रेणीमा लिन सकिन्छ । त्यसैगरी, अर्को घटना नकुनी धोबी बेपत्ता र निर्मला कुर्मीको हत्यासँग सम्बन्धित छ। स्थानीय प्रशासनले अनुसन्धानमा सक्रियता नदेखाएको भन्दै रूबी खानसहित १४ जनाको टोली न्याय माग्न काठमाडौं आइपुगे । माइतीघर मण्डलामा धर्नामा बसेको बेला राति प्रहरी लगाएर हटाइयो र रूबी खानलाई पुनः नेपालगंज लगेर थुनामा राखियो । यस घटनामा एक प्रहरी अधिकृतले मण्डलामा राति बस्न पाइने अनुमति नभएकोले हटाइएको बताए। मेरो प्रश्न के भने मण्डलामा प्रदर्शन गर्न नपाइने भनेर कतै उल्लेख छैन । वस्तुतः यो सिंहदरबारनजीक भएकोले यहाँ सरकारको ध्यान आकृष्ट गर्न प्रदर्शन हुन थालेको हो र यसलाई वैधता ओली सरकारले यो स्थानमा प्रदर्शन गर्न नपाइने सूचना निकालेर प्रदान गरेको हो । काठमाडौंको फूटपाथमा सैकडौं बेघर भएकाहरू सुत्छन् । तर त्यसको वास्ता सरकारलाई छैन । तर आफ्नो अर्कमण्यताविरुद्ध प्रदर्शनमा उत्रिएका १४ जनामध्ये ११ जना महिला भएका प्रदर्शनकारीहरू मण्डलामा राति बसे भनेर सरकार यतिविधि चिन्तित भयो कि खाना खाँदाखाँदै १३ जनालाई पक्राउ गरेर अरूलाई केही घण्टापछि थुनामुक्त गऱ्यो तर रूबीलाई छाडेन । अन्ततः सर्वोच्चले बन्दी प्रत्यक्षीकरणको रिटमा दिएको आदेश अनुसार उनी रिहा भइन् । आजको नेपाली जनता संयुक्त सरकारको नेतात्रयको यो प्रजातान्त्रिक अनुहार देखेर छक्क परेको छ किनभने माधव नेपाल र प्रचण्ड नेकपामा भएकै बेला तीन वर्षअगाडि वर्तमान प्रधानमन्त्री र मसमेत सदस्य भएको दल नेपाली काङ्ग्रेसका नेता विश्वप्रकाश शर्माले

ट्वीटरमा "हामी यो प्रतिबन्धको उल्लङ्घन गर्छौं। अमेरिकी जनता ह्वाइट हाउसअगाडि विरोध प्रदर्शन गर्न स्वतन्त्र छ, स्वीट्जरल्यान्ड र जापानमा समेत सरकारको नाकमुनि नै विरोध प्रदर्शन हुन्छ। म सरकारलाई स्मरण गराउन चाहन्छु, जसले सिंहदरबारनजीक माइतीघर मण्डलामा प्रदर्शनमा प्रतिबन्ध लगाएको छ, नेपाल उत्तर कोरिया होइन। प्रतिबन्ध दुराशययुक्त छ।" नेपाल सरकारका गृहमन्त्रीले दुवै घटनामा के भएको हो हेर्ने प्रतिक्रिया दिनुभएको छ। गोली गृह मन्त्रालयको आदेशविना चल्दैन र जनकपुरमा डा सिके राउतका अनुयायीहरूले खानेपानीका हाकिमलाई अर्धनग्न पारेर नगर घुमाउँदा सुतेको प्रहरी माइतीघर मण्डलामा भने कसरी जाग्यो होला ?

वर्तमान सरकारको दोस्रो जिम्मेवारी सुशासन हो। सुशासनलाई कुशासन बनाउने पहिलो काम त उमेश श्रेष्ठलाई स्वास्थ्य राज्यमन्त्री बनाउनेबाट नै शुरू भयो र करीब ८० दिनसम्म अविस्तारित मन्त्रिमण्डलको कारण खोज गर्दा के स्पष्ट भयो भने वस्तुतः आन्दोलन प्रजातन्त्र बचाउन गरेको भएपनि यसभित्रको उत्प्रेरक तत्त्व भने सत्ताप्राप्ति नै थियो। कमरेड प्रचण्डले सार्वजनिकरूपमैं आफ्नो दलमा मन्त्रीका आकाङ्क्षी धेरै भएकाले व्यवस्थापन गर्न कठिनाइ भइरहेको सार्वजनिकरूपमैं स्वीकार गर्नुभयो भने कमरेड माधव नेपालको दलमा सक्रिय भूमिका खेल्नुहुने मेटमणि चौधरीको भनाइ वास्तविकता उजागर गर्न पर्याप्त छ। काङ्ग्रेसमा त झन् प्रधानमन्त्रीले नै धेरै वरिष्ठ एवं योग्य साथीहरूलाई अटाउन नसकिएको भनेर स्वीकार नै गर्नुभयो भने मन्त्रिमण्डल विस्तारको क्रममा हमाल प्रकरणले रहे सहेको इज्जत पनि धूमिल पाऱ्यो। जनता समाजवादी पार्टीको त कुरै नगरौं। उपेन्द्र यादवले वीरगंजमा आफ्नै दलबाट आफ्नो पुतला दहन गराउन सफल हुनुभयो भने जनकपुरमा कालोझन्डाले नै चित्त बुझाउनुपऱ्यो। सुशासन गर्नको लागि नै शक्ति पृथकीकरणको सिद्धान्तको आधारमा हरेक देशमा विधायिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गरिएको हुन्छ। यो व्यवस्था हामीकहाँ पनि छ। तर देशकै सर्वोच्च मानिने विधायिका हुँदै नभएको कानून प्रयोग गरेर दुई/दुई पटक भङ्ग भएर पुनर्स्थापित भएपनि सत्ता छाड्नुपरेको पीडा खप्न नसकेको ओली नेतृत्वको नेकपा एमालेले असंसदीय व्यवहार देखाइ यसलाई चल्न नै दिएको छैन। यो बिल्कुलै निरीह बनेको छ।

अब कार्यपालिकाको कुरा गर्दा ओलीले केन्द्रीय समिति र संसदीय दलमा ४० प्रतिशतलाई संशोधन गरेर 'वा' बनाए। देउवाले त्यसलाई २० प्रतिशतमा झारेर फेरि पुरानै बनाए। कुन ठीक कुन बेठीक। आम जनताको हितमा न हिजोको सरकारले कुनै उल्लेखनीय काम गरेको थियो, न आजकोले गरेको छ। हिजोको सरकारले कालापानी, लिपुलेक र लिम्पियाधुरालाई पहिलोपटक उग्र राष्ट्रवादको शैलीमा नेपालको भएको दाबी प्रस्तुत गऱ्यो भने आजको सरकारले चीनसँग सीमा विवाद भएको रिपोर्टको आधारमा शान्त कूटनीतिमार्फत छलफल र निष्कर्षको लागि कारबाई अगाडि बढाएको छ। यो र खोपलाई चाहिं सरकारको सफल कदम मान्न सकिन्छ। तर बढ्दो महँगाइ

नियन्त्रण गर्न नसक्नु भने असफलता नै हो ।

अब बाँकी रहन्छ, न्यायपालिका । संसद् विघटनलाई खारेज गर्दै संसद्लाई दुई/दुई पटक पुनर्स्थापित गर्ने सर्वोच्च अदालत पनि खाने एउटा र देखाउने अर्को दाँत भएको जस्तै भएको छ । सत्य र असत्यको अनुसन्धान र निष्कर्ष आए पनि नआए पनि "हावा नचली पात हल्लिदैन" भन्ने उखान जस्तै हमालको राजीनामा प्रकरण, रञ्जन कोइरालालगायतका केही मुद्दामा सर्वोच्चमा भइरहेको व्यवहार, फैसला र कार्यान्वयन हेर्दा न्यायालयमाथि गरिएको दोषारोपण असत्य जस्तो लाग्दैन। यसो हो भने एक शब्दमा प्रजातन्त्र मागी खाने भाँडो भएको छ । त्यसैले यसलाई काङ्ग्रेस, कम्युनिस्ट, मधेसी कसैले चलाओस् केही फरक पर्नेछैन। फरक के मात्र पर्नेछ भने सात महीनापछि हुने स्थानीय निर्वाचनमा अहिलेको गठबन्धन सरकारको पत्ता साफ हुनेछ किनभने एक त जनताले यिनलाई रुचाउन छाडिसकेको हुनेछ र दोस्रोमा ओलीले पुनः कुनै न कुनै रूपमा उग्र राष्ट्रवादको नारा लगाउनेछन् । यसभन्दा बाहेक बाह्य रणनीतिको कुरा गर्दा चीनले स्पष्टरूपमा दुईवटै कम्युनिस्ट पार्टी मिलाउने कुरा गरेअनुरूप नेपाल र प्रचण्डको समूहबाट पूरै नभए पनि असन्तुष्टहरूलाई मात्रै छुट्ट्याएर एमालेमा समाहित गराए पनि गठबन्धनको लागि ठूलो चुनौती खडा हुनेछ । दक्षिणी छिमेकी भारतसँग समेत देउवा सरकारको सम्बन्ध सामान्य बनेको देखिँदैन । सम्भवतः भारतले सम्बन्ध सामान्य बनाउन ठूलै शर्त राखेको हुन सक्छ किनभने परम्परागतरूपमा नेपालको प्रधानमन्त्री हुने बित्तिकै भारतबाट पाइने निम्तो अझैसम्म आएको छैन र नेपालका राजदूत नीलाम्बर आचार्यले भारतीय प्रधानमन्त्रीसँग बिदाइ भेटको समयसम्म पाउनुभएन। कूटनीतिकरूपमा मलाई लाग्छ यो घटना धेरै अर्थपूर्ण हुनुपर्छ ।

माथिका सबै घटनाक्रमलाई विचार गरेर नै मैले गठबन्धन शक्तिलाई मित्रहरू चेतौं भनेको हुँ । अन्यथा नपरोस्, हारियो भने आफ्नै कर्मको फल भनेर बुझ्नु र सन्तोष गर्नुपर्ला ।

२०७८ कात्तिक १० गते बुधवार

चर्चा नेपाली समाजवादको

नेपाली काङग्रेसले आफ्नो झन्डामा राखेको चारवटा तारा र प्रत्येक ताराको पाँचवटा चुच्चोको अर्थ कति काङ्ग्रेसीलाई आज थाहा वा सम्झना छ, थाहा छैन । तर चारवटा तारामध्ये एउटा तारा समाजवादको लागि हो, जसलाई आर्थिक समानताबाट रूपान्तरण गरी २०१२ सालमा भएको वीरगंज सम्मेलनबाट समाजवाद राखिएको थियो । समाजवाद अँगाल्नुको सोझो अर्थ थियो, प्रजातन्त्रका रूपमा वाक् तथा प्रकाशन स्वतन्त्रता दिनु र समाजवादको नाउँमा आर्थिक समानतालाई बढावा दिनु । यस अर्थमा समाजवाद स्वच्छन्दतामा अंकुश लगाएर व्यक्तिगत स्वतन्त्रतालाई प्रश्रय दिने प्रणाली हो । तसर्थ यसले खुला बजार अर्थनीति लिदै आर्थिक वृद्धिले नछुने स्वास्थ्य, शिक्षा, स्वच्छ खानेपानी, कृषि, पर्यटन, ऊर्जा तथा उद्योगीकरणतर्फ निजी उद्यमशीलतालाई प्रश्रय दिन्छ । यसका लागि नै नेपाली काङ्ग्रेसको झन्डामा अङ्कित ताराहरूको पाँचवटा चुच्चाले महात्मा गाँधीले परिकल्पना गरेको पञ्चायती राज अर्थात् 'स्वराज' जुन आज 'सामुदायिक सरकार' को स्वरूप ग्रहण गरेर विकसित मुलुकहरूमा आएको छ, राजनैतिक सिद्धान्तको रूपमा स्वीकार गरिएको हो । आफ्नो जीवनकालमा 'स्वराज' स्थापनाका लागि धेरै काम गर्न नपाएको नेपालका जननेता विपीले भने नेपालको परिप्रेक्ष्यमा समाजवादलाई भने अत्यन्त सरल शब्दमा परिभाषित गरेका छन् । उनको भनाइमा नेपालको समाजवाद भनेको 'प्रत्येक गरीबको झुपडीमा कमसेकम एउटा दूध दिने गाई' हुनु हो । यो एक वाक्यले नेपालको समाजवादलाई अत्यन्त सरल शब्दमा बुझाउँछ । भनिन्छ उनको यो परिकल्पना शुमासरको Small is beautiful भन्ने भनाइबाट प्रेरित थियो ।

कालान्तरमा महात्मा गाँधीकै भारतमा 'स्वराज' को सट्टा भारतीय अर्थशास्त्री जगदीश भगवती र अरविन्द पानागरियाले आफ्नो 'ग्रोथ मैटर : हाउ इकोनोमिक ग्रोथ इन इन्डिया रिडचुस्ड पोभर्टी, द लेशन फर अदर डेभलपिङ कन्ट्रिज' नामक पुस्तकबाट आर्थिक उदारीकरणको दुईवटा मार्ग उल्लेख गरेका छन् । पहिलो व्यापारिक प्रतिष्ठानहरूमाथि लादिएको नियमभार घटाउने र व्यापारको उदारीकरण गर्ने, जसले गर्दा उच्च आर्थिक वृद्धिदर हासिल भई सरकारी राजस्व बढ्नुका साथै थप आर्थिक अवसर सिर्जना हुन्छ र दोस्रो-यसरी प्राप्त भएको राजस्व वञ्चित समुदायको विकासमा खर्च गर्न सकिन्छ । भारतमा स्व. राजीव गाँधीले आफ्नो प्रधानमन्त्रित्वकालमा भित्र्याएको उदारीकरण अटलबिहारी वाजपेयीबाट हुँदै आज नरेन्द्र मोदीको कार्यकालसम्म निरन्तर जारी छ र त्यसको परिणाम आज सम्पूर्ण विश्वको ठूला प्रतिष्ठानहरूको रोजाइमा भारत पर्नुबाट स्पष्ट हुन्छ ।

भारतीय शैलीमैं नेपाली काङ्ग्रेसले पनि उदारीकरणको नीति २०४६ को जनान्दोलनपछि नै अख्तियार गऱ्यो र २०४८ सालपछि लागू गरिएको आर्थिक उदारीकरणको नीतिले नेपालको अर्थतन्त्रलाई आजसम्म टिकाइरहेको भए पनि समाजवाद उन्मुख भने हुन सकेन । नेकाले आफ्नो कलवलगुडी सम्मेलनबाट विपीको समाजको परिभाषाभन्दा भिन्न परिभाषा दियो । त्यो सम्मेलनबाट नेकाको समाजवाद 'उन्नतिको समान अवसर' मा रूपान्तरित भयो । तदनुरूप नेपालमा अस्पताल, शैक्षिक प्रतिष्ठान तथा व्यवसाय र उद्योगमा लगानी थपियो तर अवसर भने सबैले पाउन सकेनन् । आज पनि बैंकहरूकै तथ्याङ्क अनुसार बैंकहरूको सङ्ख्या पञ्चायतकालको तीनबाट बढेर ३० पुग्दा, पहुँच भने ३० प्रतिशत जनतामा नै सीमित छ । व्यापार व्यवसायमा लगानी बढे पनि ती सबै पुरानै प्रतिष्ठानको वरिपरि घुमिरहेका छन् भने नयाँ थपिने उद्यमीहरूको सङ्ख्यामा जम्माजम्मी एक प्रतिशतले मात्र वृद्धि भएको छ ।

प्रजातन्त्र स्थापना भएको ३० वर्ष बितिसक्दा पनि कर्णाली मा ४६ प्रतिशत र प्रदेश २ मा १९ प्रतिशत जनता निरपेक्ष गरीबीको रेखामुनि छ । माओवादी आन्दोलन र लोडसेडिङले थलिएको उद्योग क्षेत्रको औसत क्षमता उपभोग ४० प्रतिशतभन्दा माथि जान सकेको छैन । राष्ट्रिय गौरवका २२ आयोजनाहरूको कथा अनन्त छ । यसमा काङ्ग्रेस मात्र होइन, सबै दल सहभागी छन्, काङ्ग्रेसपछि सबभन्दा बढी सत्तामा बस्ने दल एमालेले समेत जबज अङ्गीकार गरे पनि यस दिशामा ठोस पाइला चाल्न सकेन । वैदेशिक लगानी घटचो भनी रोइलो गरिराख्दा कोरियन मोटर कम्पनी र डुंगोटेको हविगत हामीले के गरेका छौं भन्ने बिर्सेर कसरी वैदेशिक लगानी भित्र्याउन सकिन्छ ? अहिले सबै राजनैतिक दलको आआफ्नो औद्योगिक व्यावसायिक घराना छ र जसको सरकार छ उसले आफ्नै घरानालाई लाभ दिने नीति ल्याउँछ । फलतः आम जनता दुब्लाउँदै गएको छ । सन् २०१५ देखि २०२० सम्मको प्रत्यक्ष र अप्रत्यक्ष करको सङ्कलन हेर्दा अप्रत्यक्ष कर अर्थात् आयात एकदमै बढेको तर प्रत्यक्ष कर स्थिर रहेको सरकारी तथ्याङ्कले नै देखाएको छ । यसलाई केलाएर अर्थ्याउने र जनचेतना जगाउने न कुनै सांसद, न कुनै बुद्धिजीवी नै भेटिन्छ नेपालमा ।

आखिर विपी, पुष्पलाल वा गजेन्द्रनारायण सिंहका उत्तराधिकारीहरू किन बुइदैनन् यस्ता कुरा । राज्यको भूमिकाको प्रस्तावनाको लम्बेचौडे फेहरिस्त बनाए पनि वित्तीय स्रोतको सिर्जना गर्नेबारे समाजवादले सैद्धान्तिक रूपमा विस्तारपूर्वक चर्चा गरेको पाइँदैन । फलतः यसका नेपाली अभियन्ता जसले जे बुझे आफू अनुकूल त्यसको व्याख्या र प्रयोग गर्न थाले र यसमा जनताले पनि आफैंले वा उनका प्रतिनिधि वा बुद्धिजीवीले कहिले इमानदारीपूर्वक प्रश्न उठाएनन् । केहीले उठाए पनि उनीहरूलाई 'मुद्रा-लाभ' गराई चुप लगाइयो । भारत आज पाँच ट्रिलियन अमेरिकी डलरको आर्थिक नीति हासिल गर्ने लक्ष्य लिएर अगाडि बढेको छ, तर दिगो आर्थिक विकास लक्ष्य सन् २०३० सम्म हासिल गरेर माथि उक्लन हामीलाई चाहिने २० खर्ब (अहिले १५ खर्बको बजेट छ)

को जोहो गर्न धौधौ परेको छ । वैदेशिक लगानी घट्दो छ ।

प्रजातन्त्र बहालीपछि पनि वैदेशिक सहयोग, अनुदानको ५२ प्रतिशत वाग्मती (३ नं प्रदेश) मा र बाँकी ६ वटा प्रदेशमा ८ प्रतिशतको असमानुपातिक लगानी छ । नेकाले सत्ता प्राप्त गरेपछि अख्तियार गरेको खुला अर्थनीतिले व्यापार क्षेत्र, सेवा क्षेत्रमा राम्रो विकास भयो तर सरकारी उद्योगहरूलाई निजीकरणको नाउँमा बन्द गर्ने जुन चलखेल भयो, एकातिर त्यसले बेरोजगारी बढायो भने अर्कोतिर राष्ट्रिय गौरवका आयोजनाहरूलगायत ऊर्जा क्षेत्रमा गरिएको लगानी योजना समयमा कार्यान्वयन हुन नसकी अपेक्षित सामाजिक-आर्थिक प्रतिफल प्राप्त हुन सकेन । स्थिति यतिसम्म खराब छ कि निजी क्षेत्रले फलाम र सिमेन्टमा गरेको लगानी बजारको अभावमा क्षमताको ४० प्रतिशत मात्र उपयोग भई खेर गइरहेको छ । जुट मिल, चुरोट कारखाना र चिनी मिल कृषिमा आधारित उद्योग थिए, जसलाई नगदे बालीको रूपमा लिन सकिन्छ । यी उद्योगहरू धराशायी गरेर यसको विकल्पमा किसानलाई कुनै पनि सरकारले केही दिएन । अन्नबाली रोप्यो खाद छैन, सिंचाइ पनि छैन अनि उब्जेको बालीबाट किसानलाई ऋण तिर्न धौ-धौ परिरहेको हुन्छ । अर्कोतिर निर्वाचनपछि बनेका पालिकाहरूले ४६ अर्बको गाडी मात्रै किने, बाँकी जातीय नाम बोकेको धर्मशाला, जथाभावी सडक र स्वागतद्वार निर्माणमा लगाए र त्यसमा समेत भ्रष्टाचार गरेको महालेखाको प्रतिवेदनबाटै छर्लङ्ग देखिन्छ ।

यस्तो लथालिङ्ग किन भइरहेको छ भनेर विश्लेषण गर्दा मलाई के लाग्छ भने नेपालका शासकहरू जहिले पनि सत्ता जोगाउन र शासन गर्ने ग्रन्थि वा मनोरोगबाट ग्रस्त थिए भन्ने देशी-विदेशी विद्वान्हरूको भनाइ पूर्वका शासकहरूमा मात्र नभई, आजका शिक्षित शासकमा पनि लागू हुन्छ । उनीहरूले गर्ने राजनीति आत्मकेन्द्रित छ, देश र जनता केन्द्रित छैन । यही कारण हो नेपाली काङ्ग्रेस न विपीको समाजको परिभाषामा खरो उत्रियो न माथि उल्लिखित भारतीय अर्थशास्त्रीहरूको परिभाषामा । नेकापछि सबभन्दा बढी समय शासन गर्ने अर्को ठूलो दल एमाले नेकपा बनेर फेरि एमाले बने पनि उसले मदन भण्डारीको बहुदलीय जनवादको जतिसुकै नारा घन्काए पनि चरित्र भने नेकाको गन्तव्यविहीन समाजवादभन्दा फरक छैन । बाँकीको त कुरा नै के गर्ने, जसको न कुनै राजनीतिक, न आर्थिक दर्शन नै छ । छ भने मन्त्रीको कुर्सी पाउने एकसूत्रीय दर्शन छ ।

यस्तो विडम्बनापूर्ण अवस्थामा नेपाल र नेपालीको समृद्धिका लागि समस्या भनेकै प्रस्थान-बिन्दु हुन पुगेको छ । हाम्रो प्रस्थान बिन्दु नै स्पष्ट नभएकोले हामी जहिले पनि लक्ष्य प्राप्तिको साटो लक्ष्यच्युतको शिकार भइरहेका छौं ।

२०७८ असोज २० गते बुधवार

कसरी निकास खोज्ने ?

हरेक प्रजातान्त्रिक देशमा सुशासनका लागि राज्यका तीनवटा अङ्ग विधायिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गरिएको हुन्छ । यो व्यवस्था हाम्रो देशमा समेत विद्यमान छ । तर आमजनतालाई भने यो भए नभएको अनुभूति हुन छाडेको छ । प्रजातन्त्र र देशकै सर्वोच्च र शक्तिशाली विधायिकालाई नै दुई तिहाइको बहुमत प्राप्त सरकारले चलाउन नसकेपछि गैरसंवैधानिक बाटोबाट दुई/दुई पटक विघटन गऱ्यो र अहिले ७६(५) अनुसारको कार्यपालिकाले देश चलाउँदैछ। यो सम्पूर्ण घटनाक्रममा सबैभन्दा महत्त्वपूर्ण प्रश्न के उठ्छ भने हुँदै नभएको अधिकार प्रयोग गरेर गरिएको विघटन सच्चिए पनि गराउने व्यक्तिलाई भने केही नहुने यो कस्तो प्रजातन्त्र हो ।

आमनागरिक जसको तिरोबाट सरकार चल्छ, उसले समयमा राजस्व नबुझाए जरिवाना तिर्नुपर्ने, सजाय भोग्नुपर्ने तर राजनीतिकर्मीहरूले गैरकानूनी मात्रै होइन गैरसंवैधानिक कार्य गरे पनि केही नहुने ? आर्थिक नभए पनि कमसेकम नैतिक सजायको भागीदार त बनाउनै पर्ने होइन ? यो नभएर नै अहिले नेपाल सरकारले काम गर्न सकेको छैन । संसद्को बैठकमा मुख्य प्रतिपक्षी दलको दङ्गा शैलीको विरोधका कारण महत्त्वपूर्ण र संवेदनशील अध्यादेशसमेत दुई मीहनादेखि प्राथमिकतामा नपरी निष्क्रिय भएका छन् । तेजाब आक्रमण घटनासम्बन्धी तेजाब तथा अन्य रासायनिक पदार्थ अध्यादेश, यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी अध्यादेश, प्रहरी तथा प्रदेश प्रहरी एवं संशोधन अध्यादेश पूर्णतया निष्क्रिय भएका छन् । यी सबै अध्यादेश ओली सरकारका पालामा जारी भएका हुन् र संसद्मा उनीहरूकै विरोधका कारण निष्क्रिय पनि भए ।

त्यस्तै, बजेट अध्यादेशसमेत निष्क्रिय भएको छ । त्यसलाई प्रतिस्थापन गर्न सरकारले संसद्मा पेश गरेको प्रतिस्थापन विधेयक पनि प्रतिपक्षको अवरोधकै कारण स्वीकृत नभएकोले देश आर्थिक नाकाबन्दीमा परेको छ । यो विधेयक संसद्बाट पास नहुन्जेल सरकारले खर्च गर्न पाउनेछैन । यस्तै, विनियोजन अध्यादेश, राष्ट्र ऋण उठाउने अध्यादेश र आर्थिक अध्यादेश पनि निष्क्रिय भइसकेका छन् । गरीब देशको जनताले तिरेको करबाट विकास निर्माणका काम त हुन सकिरहेको थिएन, त्यसमाथि भ्रष्टाचारमा एशियामै राम्रो स्थान प्राप्त गरेको देशमा जनताको मतबाट निर्वाचित जनप्रतिनिधिहरूको एक समूह जसको संसद्मा अहिले बहुमतसम्म छैन, त्यसले संसद्लाई काम गर्न नदिएर ढुकुटीको अपव्यय गराइराखेको रोक्ने कुनै कानून छैन, न फौजदारी, न देवानी । कस्तो रामो गणातान्त्रिक संविधान बनाएका छौं, हामीले । राजनीतिकर्मीहरूलाई जे गरे पनि केही नहुने ।

दोस्रो अङ्ग कार्यपालिका हो । संसद् नै चलेको छैन, कार्यपालिकाले के काम गर्ने भन्न सकिन्छ तर सत्तारूढ गठबन्धनले आजसम्म सरकारलाई पूर्णता दिन सकेको छैन। पहिला भागबन्डा मिलेको थिएन, त्यसपछि माधवकुमार नेपाललाई दल बनाउन सघाउन आएको अध्यादेश र निर्वाचन आयोगको प्रक्रियाले ढिलो गऱ्यो र त्यो समाधान भएपछि मन्त्रालय सबैलाई महत्त्वपूर्ण नै चाहिने भएर समस्या भएको होला । यसबाट स्पष्ट के देखिन्छ भने लोकतन्त्र जोगाउन गठबन्धन बनेको भनिए पनि वास्तविकता त 'खान पाउँ' तन्त्र नै रहेछ । मन्त्री दिन नसके आफ्नो दल फुट्ने तर्क गर्ने नेताहरू कस्तो निरीह, कस्तो लाछी ? लाज मर्नु ।

अब तेस्रो अङ्ग न्यायपालिका हो । दुईपटक प्रतिनिधिसभा पुनर्स्थापना गरेको सर्वोच्च अदालत अहिले संवैधानिक परिषद्सँग सम्बन्धित रिटमा विवादमा परेको छ। पहिलो त यसको सुनवाइ नै भएन पछि धेरै हल्लाखल्ला र निवेदनमार्फत दबाब दिइएपछि प्रधानन्यायाधीश नै पक्ष भएको मुद्दामा सहभागी हुन नमिल्ने तर्क खडा भयो र यसको निरूपण गर्न प्रधानन्यायाधीश बिदामा बस्ने हुनुभयो । तर फेरि यसमा प्रधानन्यायाधीशविनाको संवैधानिक इजलास बस्न सक्ने नसक्ने सम्बन्धमा सर्वोच्चकै एकल इजलासबाट यसको टुङ्गो संवैधानिक इजलासबाट नै लगाउनुपर्ने निर्णयका कारण सुनुवाइ पुनः विवादित बन्न पुगेको छ । त्यस्तै, रञ्जन कोइरालाको मुद्दा समेतले सर्वोच्चलाई विवादित बनाएको छ ।

राज्यका तीनवटै प्रमुख अङ्गको स्थिति चिन्ताजनक बन्न पुगेको छ। संसद् प्रतिपक्षको बन्दी बन्न पुगेको छ भने कार्यपालिकाले काम गर्न सकेको छैन। प्रधानमन्त्री एक्लैले १७ वटा मन्त्रालयको कार्यभार बोक्नुभएको छ भने संसद्को गतिरोधले देशमा 'बजेट बिदा' हुन पुगेको छ । संविधानको एकमात्र वैधानिक व्याख्या गर्ने सर्वोच्च पनि आफैं संवैधानिक विवादमा मुछिएको छ । यस्तो अस्तव्यस्त अवस्थामा नयाँ संविधानले छ वर्ष पूरा गरेको छ । विश्वको उत्कृष्टमध्येको एक र दक्षिण एशियाकै सर्वोत्कृष्ट भनिएको यो संविधान छैटौं वर्षमा सम्मतिको विधान भने बन्न सकेको छैन । अधिकांशले संविधान दिवस मनाइरहँदा केहीले भने यसलाई कालो दिवसको रूपमा समेत मनाएको समाचार पाइएको छ । यो भने झन् विवादित बनेको छ । त्यस्तै, संविधान अन्तर्गत चुनाव लडेर जितेपछि मन्त्री बन्ने, सबै सुविधा उपभोग गर्ने अनि वर्षमा एक दिन विरोधको लागि विरोध जनाउन कालो दिवस मनाउनु कतिको औचित्यपूर्ण छ । यस्ता दलहरूले चुनाव लडेर कि त अन्य दललाई विश्वासमा लिएर संविधान संशोधन गराउन सक्नुपर्‍यो, कि त संसद्मा बहुमत ल्याएर गर्नुपर्‍यो । यी दुवै स्थिति बनाउन नसकेपछि संसद् र मन्त्री पद छाडेर जनताबीच गएर संशोधनको औचित्य पुष्टि गर्दै जनदबाब सिर्जना गर्न सक्नुपर्छ। तर वास्तवमा संविधानको विरोध गर्नेहरूले शहादतप्राप्त गरेका मधेसी शहीदहरूप्रति देखाएको व्यवहारले नै यो सबै सत्ताको खेल हो भन्ने कुरा पुष्टि गरिरहेकै छ ।

यस्तो विषम परिस्थितिमा वर्तमान प्रधानमन्त्रीसँग दुईवटा मात्र विकल्प देखिन्छ । पहिलो गठबन्धनलाई साथ लिएर अगाडि बढ्ने । तर यसमा एमसिसी ठूलो बाधकको रूपमा रहेको छ । किनभने नेपाल र प्रचण्डले यसमा संशोधनविना पास गर्न नसकिने भनिसकेका छन् । दोस्रो विकल्प संसद्मा एमालेको सहयोगमा पारित गराउन बाँकी रहन्छ, यसको लागि एमालेले प्रचण्ड जस्तै विभिन्न शर्तहरू तेर्साउन सक्छ । माथिका दुवै अवस्थामध्ये कुनै पनि विकल्प प्राप्त नभएको अवस्थामा प्रधानमन्त्री प्रतिनिधिसभा विघटन गरी चुनावमा जान सक्नुहुन्छ किनभने ७६(५) को सरकार पनि नचल्ने अवस्थामा प्रतिनिधिसभाको विघटन संवैधानिक हुन जान्छ । यसले देशलाई सात महीनापछि स्थानीय र डेढ वर्षपछि संसदीय चुनावमा लैजानेछ र त्यो निर्वाचनको पूर्वनिर्धारित समय नै भएकोले केही अन्यथा लिनुपर्ने अवस्था रहँदैन ।

२०७८ असोज १३ गते बुधवार

एमसिसी गाथा

नेपालको संसद्बाट एमसिसी तत्कालै पास हुने अवस्था देखिएन । यसको कारण २०१७ मैं देउवाकै प्रधानमन्त्रीत्वकालमा हस्ताक्षर भएको यो सम्झौता अत्यन्त विवादास्पद बन्न पुगेको छ । ढिलो भएको कारण ३१५ किलोमिटर लामो डबल सर्किटको ४ सय केभीको यो प्रसारण योजना एकपटक पूरा भएमा नेपालको सबै रिभर बेसिनहरू एक आपसमा हाइभोल्टेज ग्रीडमा जोडिने छन् । यसका लागि सम्पूर्ण कामलाई पाँच खण्डमा विभाजित गरी (१) बुटवल-भारत, (२) बुटवल-दमौली (३) दमौली-रातोमाटो (४) रातोमाटो-हेटौंडा र (५) रातोमाटो-लप्सीफेदी काम गर्ने योजना रहेको छ । ८ सेप्टेम्बर २०२१ मैं बुटवल-गोरखपुर अन्तर्देशीय प्रसारण लाइन निर्माण गर्ने सम्बन्धमा सम्झौता भएको छ । यसका लागि एमसिसीको योजना कार्यान्वयन गर्न एमसिएले सबै टेन्डरहरू तयार गरिसकेको छ तर यो विवादले गर्दा र ठूलो लगानीसमेत लाग्ने भएकोले ठूलो टेन्डरदाता आकर्षित नहुने अपेक्षा गर्दै टेन्डर निकाल्ने प्रक्रिया स्थगित गरेको छ । यो विवादले गर्दा अब १३५ किलोमिटरको यो प्रसारण लाइन र यसका साथै भारततर्फ नेपाल विद्युत् प्राधिकरण र पावर ग्रीड कर्पोरेशन अफ इन्डियाले निर्माण गर्ने भनिएको ३५ सय मेगावाट विद्युत् आयात र निर्यात गर्न सक्ने ४ सय केभीको यो लाइन निर्माणको औचित्यमाथि पनि प्रश्नचिह्न खडा भएको छ ।

यसैगरी सडक सञ्जालको अवस्था पनि छ । यो एमसिसी नेपाल भित्र्याउन अमेरिकामा तत्कालीन नेपाली राजदूत डा शङ्कर शर्माको विशेष योगदान रहेको त्यसबेला मैले सुनेको र पढेको पनि हुँ । उनकै अथक परिश्रम एवं प्रयासका कारण सम्भवतः सन् २०१२ मैं नेपालको आवश्यकता पहिचानसम्बन्धी अध्ययन भएको थियो । त्यसबेला प्रचण्ड प्रधानमन्त्री र कृष्णबहादुर महरा उपप्रधानमन्त्री थिए । मेरो स्मरणमा त्यतिबेला छापामा आएको कुरा स्मरण गर्दा दिनानाथ शर्माले सम्झौताको मस्यौदा तयार गर्ने क्रममा बिजुली मात्रै नेपालको निर्यातयोग्य सम्पदा भएकोले यसलाई प्रथम प्राथमिकता दिने कुरामा जोड दिएका थिए भने डा बाबुराम भट्टराईले विद्युत् भारतमैं बेच्नुपर्ने बाध्यता भएकोले भारतको स्वीकृतिसमेत (खरीदको लागि) लिई अगाडि बढ्नुपर्ने सुझाव राखेकोजस्तो लाग्छ । अहिले डा भट्टराईले आफ्नो कित्ता स्पष्ट गरे पनि दिनानाथ शर्मा र सम्झौता तयार गर्न सक्रिय भूमिका निर्वाह गर्ने वर्षमान पुनले मौनव्रत धारण गरेका छन् ।

स्पष्ट छ सम्झौताको मस्यौदामा हस्ताक्षर देउवाको पालामा २०१७ मा भए पनि यसमा माओवादीको सहमति थियो । केपीशर्मा ओली प्रधानमन्त्री भएपछि प्रचण्डले यसको विरोध गर्न थाले र त्यस बेलामा सभामुख महरालेयसलाई निर्णयार्थ संसद्मा प्रस्तुत नै गरेनन् । अहिले पनि प्रचण्ड समर्थित सभामुख छन् र उनले पनि यसलाई संसद्मा प्रस्तुत गर्न चाहेका छैनन् । अहिले उठाइएका विवादास्पद बुँदाहरूको सम्बन्धमा जहाँसम्म सार्वभौमिकताको सवाल छ, एमसिसीले २०१७ को ५ अप्रिलमा पठाएको admenor मा स्पष्टरूपमा यो सम्झौता नेपालको संविधानभन्दा माथि छैन भनेर स्पष्ट

गरिसकेको छ । अब जहाँम्म कानूनको कुरा छ नेपालकै सन्धि ऐनको दफा ९ (१) मा संसद्बाट अनुमोदन, सम्मेलन एवं स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म उक्त सन्धिको प्रयोजनको लागि प्रचलित कानून अमान्य हुनेछ र सन्धिको व्यवस्था कानूनसरह लागू हुनेछ भनेर लेखिएको छ ।

२०१७ को नेपालसँग भएको सम्झौतामा संसद्बाट अनुमोदन गराउने कतै उल्लेख नभए पनि सरकारले कानून मन्त्रालयसँग राय मागेकोमा यो मन्त्रालयले सन्धि ऐनको दफा ९ अनुसार गर्नुपर्ने राय दिएपछि यसमा विवाद उठेको हो । सन् २०२० को फेब्रुअरी महीनामा श्रीलङ्काको मन्त्रिपरिषद्ले नेपालजस्तै हाम्रो सावभौमिकतामा खलल पार्ने र संविधानलाई होच्याउने खालको भएको भनेर सम्झौता गर्न अस्वीकार गरेबाहेक सम्झौता भएका अन्य देशहरूको हकमा हेरिटेज फाउन्डेशनले गरेको एक अध्ययन अनुसार वैदेशिक सहायता प्राप्त गर्ने प्रायः सबैजसो अल्पविकसित र विकासशील देशहरूको विगत ४० वर्षमा प्रगति स्थिर रहेको पाइएको छ भने एमसिसी कार्यान्वयन भएका देशहरूमा आर्मोनियाबाहेक अन्य सबै देशमा प्रभावकारी ढङ्गले कार्य गरिरहेको उनीहरूले अन्य आयोजनाको तुलनामा २५ प्रतिशतले अग्रता प्राप्त गरेको तथ्याङ्क सार्वजनिक भएकै छ ।

अर्को कुरा एमसिसी सञ्चालन गर्न गठन हुने एमसिएमा अर्थसचिव अध्यक्ष, ऊर्जा एवं भौतिक योजनाका सहसचिव, विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक, निजी व्यापारिक सङ्घसंस्थाबाट एकजना र नागरिकतर्फबाट एकजना मताधिकारसहितको सदस्य रहने र यस समितिमा एमसिसी प्रतिनिधि सदस्य भए पनि मताधिकार नहुने व्यवस्था छ। त्यसैले किन नेपालमा यसको यतिविधि विरोध भइरहेको छ त्यो विचारणीय हुन आउँछ। जहाँसम्म राजनैतिक दलको कुरा छ, स्पष्ट छ प्रचण्ड सरकारमा हुँदा समर्थनमा थिए, ओली सरकारमा हुँदा समर्थनमा थिए र दुवै अहिले विरोधमा छन् । हुनत प्रचण्ड गठनबन्धनमा छन् तर काङ्ग्रेस शुरूदेखि नै यसको समर्थनमा छ । त्यसैले राजनीतिक दलहरू 'मैले गराएँ' ग्रन्थिबाट ग्रसित भएर अमेरिकाको नजीक हुन खोजेको प्रस्ट छ भने जनस्तरमा जुन विरोध भइरहेको छ त्यसमा संलग्न सरकारको पूर्ण संलग्नता रहने भएकोले केही संस्थाहरू यसबाट बाहिर पर्ने भएकोले उचालिरहेको अनुमान गरिएको छ ।

त्यस्ता सबै देश, जहाँ एमसिसी कार्यान्वयन भएको छ र यस्ता स्वघोषित विकास संस्थाहरू पाखा लागेका छन् सबैमा American imperialism on global south को नारा समानरूपमा लगाइएको पाइन्छ । अहिले नै तामाकोशीबाट उत्पादन शुरू भएपछि बिजुली खेर जान थालेको छ । हाम्रो आफ्नो खपत १५ सय मेगावाटभन्दा माथि जाने प्रक्षेपण छैन । त्यसैले बिजुली खेर फाल्नुभन्दा नेपाल सरकारको प्रश्नमा एमसिसीले फर्काएको जवाफ करार ऐन अनुसार सम्झौताकै अङ्ग मानिने भएकोले ढिलो नगरी यसलाई कार्यान्वयनतर्फ लैजाँदा नेपाललाई आर्थिक र राजनैतिक दुवैतर्फबाट फाइदा हुने देखिन्छ ।

२०७८ असोज ०६ गते बुधवार

कोप–२६

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसी)को २६औं सम्मेलन आगामी कात्तिक १५ देखि २६ गते (नवम्बर १ देखि १२ सम्म)सम्म बेलायतको ग्लास्गोमा हुने भएको छ । जलवायु परिवर्तनका कारण पृथ्वीका विभिन्न प्रणालीमा गम्भीर असर परि रहेको सन्दर्भमा यो सम्मेलन अत्यन्त महत्त्वपूर्ण हुने आशा गरिएको छ । सन् २०१५ मा भएको पेरिस सम्झौतामा २०५० सम्ममा हरित ग्यासको उत्सर्जन शून्यमा पुऱ्याउने रोडम्यापका साथै औसत तापक्रम वृद्धिदर १.५ डिग्री सेल्सियसमा सीमित गर्ने तथा २० डिग्रीभन्दा बढ्न नदिने सहमति भएको थियो ।

जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी संस्था (आइपिसिसी)ले हालै सार्वजनिक गरेको 'जलवायु परिवर्तनका लागि भौतिक विज्ञान' नामक प्रतिवेदनले पृथ्वीको वायुमण्डलको तापक्रम १.१ डिग्रीले बढेको र आगामी १० वर्षमा यो १.५ डिग्रीले बढ्न सक्ने प्रक्षेपण गरेको छ। १.१ डिग्री सेल्सियसले तापक्रम बढ्दा अफ्रिकी देश माडागास्करमा पानी नपरी चार दशकयताको सबैभन्दा ठूलो खडेरी बेहोरिरहेको छ । त्यस्तै, नेपालमा समेत विगतका वर्षहरूबाट देखिँदै आएको र यस वर्षसमेत मेलम्चीलगायतका बाढीहरूको अध्ययनबाट कार्बनडाइअक्साइडको बढ्दो उत्सर्जनबाट वायुमण्डलको तापक्रम बढेको, वनमा डढेलो लाग्ने क्रम, खडेरीका साथै उच्च हिमाली क्षेत्रमा हिउँ पग्लने क्रम बढेको र यसबाट हिमनदी तथा हिमतालको स्थिति र प्रवाह असन्तुलित हुन पुगको छ। विश्व तापमान १ डिग्रीले वृद्धि हुँदा नेपालमा एक अध्ययनले नेपालको हिमाली क्षेत्रमा १.८ डिग्रीले तापक्रम बढेको एक अध्ययनले देखाएको छ । पेरिस सम्झौताको रोडम्याप अनुसार नेपाललाई यस क्षेत्रमा काम गर्न २५ बिलियन अमेरिकी डलर आवश्यक पर्ने मन्त्रालयको अनुमान छ। सन् १९७१ देखि २०१९ सम्ममा सरदर वार्षिक ६२७ जनाको मृत्यु र वार्षिक तीन अर्ब रुपैयाँको नोक्सानी हुँदै आएकोमा यो सन् २०१७ मा सात अर्ब पुगेको र यस वर्ष पनि बढ्ने अनुमान मन्त्रालयले गरेको छ ।

प्रदूषण कति हदसम्म घातक छ भन्ने कुरा भारतमा गरिएको एक अध्ययनले वायु प्रदूषणका कारण विगत २० वर्षमा नागरिकको औसत आयु नौ वर्षले घटेको देखाएको छ । शिकागो विश्वविद्यालय अन्तर्गतको दि इनर्जी पोलिसी इन्स्टिच्युटले गरेको एक अध्ययन अनुसार उत्तरी भारतमा रहने करीब चार करोड ८० लाख मानिस बर्सेनि वायु प्रदूषणबाट नराम्ररी प्रभावित हुने गरेका छन् । यसबाहेक भारतको मेगासिटीमा बस्ने नागरिकहरूलाई उपलब्ध हुने हावा अन्य शहरहरूको तुलनामा १० गुणा बढी खराब रहेको भेटिएको छ । नेपालमा भने तापक्रम नाप्ने र केही स्थानमा जडान गरिएका प्रदूषण सूचक विद्युतीय पाटीबाहेक अन्य कुनै अध्ययन भएको थाहा पाएको छैन । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनेमा काटिने २४ लाख रूख, पूर्व-पश्चिम रेलमार्ग र रक्सौल-काठमाडौं तथा केरुङ-काठमाडौं र काठमाडौं-लुम्बिनी रेलमार्गले के कति क्षति पुऱ्याउने हो आकलन गर्न तलको तथ्याङ्क पर्याप्त होला जस्तो

लाग्छ ।

एउटा वयस्क रूखले एक वर्षमा १०३ लिटर अक्सिजन उत्सर्जन गर्छ र २२ किलो कार्बनडाइअक्साइड सोस्छ । निजगढका २४ लाख रूखको मात्र हिसाब गर्दा मात्रै पनि २,४७,२०० टन अक्सिजनको उत्सर्जन नेपालमा घट्ने र भदौ २० गतेको नयाँ पत्रिकामा प्रकाशित 'वैज्ञानिक वनको अवैज्ञानिक व्यवस्थापन कोप–२६' शीर्षकमा बाबुराम गोपाली र डिबी नेपालीको लेख अनुसार एउटा व्यक्तिले एक दिनमा ५३० लिटर अक्सिजन श्वासप्रश्वासमा प्रयोग गर्ने उल्लेख भए अनुसार बर्सेनि १९,३४५ टन अक्सिजन प्रतिव्यक्ति चाहिने र यसका लागि प्रतिव्यक्ति कति रूख चाहिने हो कल्पना गर्न सकिन्छ ।

अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालले सधैंजसो हरित ग्यास उत्सर्जनमा न्यून भूमिकाको बावजूद जलवायु परिवर्तनको असरबाट प्रभावित भइरहेको कुरा उठाउँदै आएको छ । यसपालिको सम्मेलनमा प्रधानमन्त्रीकै सहभागिता हुने गरी कार्यक्रमहरू अगाडि बढाइसकेको जानकारीसमेत प्राप्त भएको छ ।

'जलवायु परिवर्तनका लागि भौतिक विज्ञान' नामक प्रतिवेदन विश्वका ६० भन्दा बढी मुलुकका २३४ जना वैज्ञानिकले १४ हजारभन्दा बढी अध्ययनको नतीजाका आधारमा तयार गरिएको हो । यस प्रतिवेदनले आफ्नो अनपेक्षित अवस्थाका लागि मानवीय गतिविधि सबैभन्दा बढी जिम्मेवार भएको निष्कर्ष निकालेको छ । मानवजातिले आफ्नो विकासको क्रममा आजको अवस्थामा आइपुग्दासम्म पृथ्वीलाई आफ्नो नियन्त्रणमा लिएर यसको सन्तुलनलाई यति विधि बिगारेको छ कि केही परिवर्तन जस्तै समुद्र सतहको वृद्धि, हिमतालमा देखिएको परिवर्तन र मौसमको अनिश्चितता करीब–करीब पुरानो स्थितिमा फर्काउन नसकिने अवस्थामा पुगिसकेका छन् । स्थिति कति गम्भीर छ भनेर बुझ्न राष्ट्रसङ्घका महासचिवको भनाइ अनुसार यो प्रतिवेदन मानवताको लागि 'कोड रेड' भएको र यो अवस्थामा कोइला र जीवाश्म इन्धनको प्रयोग रोक्न नसकिए 'डेथनेल' हुने पक्का छ ।

यसपालिको कोरोना कहरको दौरान प्रायः सबैले अक्सिजनको महत्त्व बुझेको हुनुपर्छ । २०–२५ लिटर सिलिन्डरको मूल्य प्रतिसिलिन्डर रु छ सयसम्म पर्ने र त्यो पनि नपाइने अवस्थामा प्रकृतिले निश्शुल्क उपलब्ध गराएको दैनिक ५३० लिटर अर्थात् रु १२,७२० मूल्यबराबरको निश्शुल्क अक्सिजनको जगेर्नासमेत गर्न नसक्ने हामी कति पशुवत हुन पुगेको छौं विचारणीय हुन आउँछ । यसमा अझ नागरिकस्तरबाट भइरहेको वनविनाशको कथा बेग्लै छ । नेपालको वैज्ञानिक वन व्यवस्थापनले के अब 'चारकोसे झाडी' फर्काउन सक्ला ? यसको साथै प्राकृतिक विविधताको ध्यानै नगरी रोपिएका रूखबिरुवाहरूले कति लाभ देलान् र यति रूख कटानी गरेबापत दोब्बर वा तेब्बर रोपिने भनेर चकलेट बाँड्ने काम व्यर्थ को छ किनभने एउटा रूखलाई वयस्क हुन कम्तीमा ८–१० वर्ष लाग्छ र वयस्क भइनसकुन्जेल वायुमण्डलमा त्यति परिमाणमा अक्सिजन आपूर्ति पुग्दासम्म अर्कोतिर वन फँडानी नहोला भनेर कसले प्रत्याभूति गर्न सक्छ ।

२०७८ भदौ ३० गते बुधवार

चर्चा आफ्नै प्रदेशका

गत साता प्रदेश नं २ निकै चर्चामा रह्यो । राष्ट्रियस्तरमा महालेखा परीक्षकको प्रतिवेदन सार्वजनिक भएसँगै समग्र देशको आर्थिक अनुशासनहीनता त उजागर भयो नै प्रदेश नं २ को चरम आर्थिक बेथिति पनि उजागर भयो । यातायातको लागि खरीद भएका सवारीसाधन बस र आठवटै जिल्लामा पठाउन खरीद गरिएका वारुणयन्त्र, गेट निर्माणका साथै गाडी खरीद र जातीयस्तरमा धर्मशालाको निर्माण प्राथमिकतामा रहेको स्पष्ट देखिन्छ । चरम आर्थिक दुरुपयोग भइरहेको यस कोरोना प्रभावित प्रदेशमा भने आर्थिक सूचकाङ्कहरू मजाले राम्रो भइरहेको पाइएको छ ।

समाचार अनुसार आव २०७६/७७ भन्दा २०७७/७८ मा समग्र प्रदेशको लगानी ६.६८ प्रतिशतले बढेर ९३ अर्ब २८ करोड पुगेको छ । बैंकहरूको यो लगानीमध्ये गैरखाद्यवस्तुतर्फ ५१.३३ प्रतिशत, कृषि, वन तथा पेय पदार्थतर्फ २२.८६ प्रतिशत, निर्माण उद्योगतर्फ १९.४३ प्रतिशत, धातु उत्पादन मेशिनरी तथा धातुका सामानतर्फ ५.२५ प्रतिशत कर्जा प्रवाह भएको छ । यसमा गैरखाद्यवस्तुको उत्पादनतर्फ ५.५६ प्रतिशत र कृषि, वन तथा पेय पदार्थतर्फ ५०.६४ प्रतिशत र विद्युत्, ग्यास र पानीमा ४६.४० प्रतिशतले वृद्धि भएको देखिन्छ । यसको सङ्केत के हो भने विकास निर्माणका काममा प्रयोग हुने उद्योगहरू न्यून क्षमतामा चलिरहेका छन् । यसबारे राष्ट्रियस्तरका सबैखाले उद्योगको क्षमता उपयोग जम्मा ४० प्रतिशत रहेको तथ्य सार्वजनिक भइसकेको छ । किन यस्तो भयो भन्दा सरकारले विकास निर्माणका ठूला आयोजना सञ्चालन नै गर्न सकेन जबकि लगानीकर्ताहरूले योजना हेरेर यस क्षेत्रमा लगानी बढाए ।

अन्नको भण्डार मानिने तराईको २ नं प्रदेशमा खेतीयोग्य जमीन गत वर्ष ८ लाख ७० हजार ३२५ हेक्टर रहेकोमा यस वर्ष ४.२८ प्रशितले वृद्धि भई ८ लाख ९४ हजार ९७५ हेक्टर पुगेको छ । यस अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन ६१ प्रतिशत र तरकारी तथा बागवानीमा २.२४ प्रतिशतले बढेको र काठको उत्पादन ५६.६७ प्रतिशत, माछाको १.४ प्रतिशतले घटेको देखिएको छ ।

बैंकको लगानी र कृषिजन्य वस्तुको उत्पादन बढ्नुमा प्रदेश २ सरकारको भूमिका कहींकतै देखिंदैन । पुराना नहरहरूको पुनर्निर्माण कहीं हुन सकेन । पानीको मुहान मानिने अमलेखगंजमा १५० फिटको गहिराइसम्म पानी नभेटिएपछि पथलैयाबाट १० किलोमिटर लम्बाइको पाइपलाइन ओछ्याउने बताइएको छ । तर भोलि पथलैयामा पानीको सतह घटेमा जीतपुर हुँदै वीरगंजसम्म पुग्नुपर्ने होला । माननीय मन्त्रीको कदम तात्कालिक समस्या समाधानको लागि अत्यन्त उपयुक्त छ तर यसले अमलेखगंजमा घटेको भूमिगत पानीको स्रोत उकास्न सक्दैन । यसका लागि चुरेको दोहन रोक्न कदम

चाल्नुका साथै त्यहाँ पानी रोक्न बाँध वा पोखरी नबनाएसम्म दीर्घकालीनरूपमा यो समस्याको समाधान हुनेछैन । चुरेमा पानी सुक्नु मधेस मरुभूमीकरण हुने गम्भीर सङ्केत हो । झन्डै एउटा कार्यकाल पूरा हुन सात महीना बाँकी रहँदासम्म सौर्य ऊर्जाको चर्चा गफमैं सीमित रह्यो । यो अवस्था कस्तो छ भने मौसमले साथ दिए पनि भारतले एकतर्फीरूपमा बनाएको बाँधले दक्षिणी सीमावर्ती खेतहरू हरेक वर्ष डुबानमा छन्, कृषकले गत वर्षजस्तै मल पाउन सकेका छैनन् ।

प्रदेश नं २ का अन्य सबै स्थानीय तहको कुरा छाडेर अब कुरा गरौं, एकमात्र महानगरपालिकाको । समाजको आधारभूत आवश्यकता गाँस, बास र कपास हो । यस कसीमा हेर्दा महानगरमा गाँस, बास र कपासको समस्या खासै देखिँदैन किनभने कतै केही काम पाइएन भने पनि, सिमाना पूर्ण बन्द भएपनि, पोके उद्योग राम्ररी फस्टाउँदै गएको हामी सबैले देख्ने गरेका छौं । म यस सेवा उद्योगको सम्मान गर्दछु किनभने यो हामीजस्तो तथाकथित नीति निर्माताको मूर्खतापूर्ण नीति निर्माणबाट सिर्जित बेरोजगारी र कमाउनेको न्यून आयको परिणति हो । मानव संसाधन विज्ञानले कमाउने एकजना व्यक्तिलाई 'होल इन्डिभिजुअल'को रूपमा अर्थ्याउँदै उसको आम्दानीले उसमाथि निर्भर न्युक्लियर परिवारको आधारभूत आवश्यकता पूरा गर्ने खालको हुनुपर्दछ भन्छ । नेपालकै 'लिभिङ स्ट्यान्डर्ड' सर्भेले पाँचजनाको एउटा परिवार पाल्न कोभिडपूर्वको अवस्थामा रु २५ हजार मासिक खर्च हुने अनुमान गरेको थियो । नेपालमा श्रमिकको न्यूनतम तलब रु..... र सरकारीतर्फ सुब्बा र सोभन्दा माथिल्लोस्तरको तलबले मात्र यो मापदण्ड पूरा गर्छ । त्यसबाहेकका रोजगार गर्ने र बेरोजगारीले आफ्नो पेट कसरी पाल्ने । महानगरकै १, २, ३, १६, १७, १८ र नयाँ गाभिएका क्षेत्रहरूमा खानेपानीको व्यवस्था छैन । महानगरमा यो सुविधा उपलब्ध भएको क्षेत्रमा समेत शुद्धताको प्रत्याभूति छैन । उच्च अदालतको पटक-पटकको आदेशका बावजूद पशु वधशालाको निर्माण भएन, ऐतिहासिक माईधिया पोखरीतर्फ कसैको ध्यान पुगेन, नगवा पोखरी सौन्दर्यीकरणको नाममा बेरूप बनाइ छोडियो, सार्वजनिक शौचालयसमेतको उचित व्यवस्थापन हुन सकेन, फोहर व्यवस्थापनको सट्टा स्थानान्तरणमैं सीमित रह्यो, डम्पिङ साइट पूरा भएन, नालाको व्यवस्था नै नभएको वीरगंजमा शौचालयको पानी प्रशोधन केन्द्र बनाएर सबैलाई मूर्ख बनाइयो । स्ट्रोम वाटर ड्रेनेज प्रोजेक्टको हबिगत यसपालिको वर्षात्मा सबैले देखे भोगेकै छन् । शायद वीरगंज महानगरको बस पार्क मात्रै यस्तो होला, जहाँबाट बस खुल्नुको सट्टा सडकबाट खुल्छ । विपी उद्यानको कुरा छोडौं ।

महामानवको नाममा चरम दुरुपयोग भएको छ यस पार्कमा भने भगवती टोलको पार्क र पुरानो बस पार्कमा गरिएको लगानीको अर्थ बुझिनसक्नु भएको छ । त्यस्तै हबिगत पिपरामठनिरको पार्कको छ । पाँच वर्षमा महानगरले कहींकतै वृक्षारोपण गरेको छैन र अहिले आएर वातावरणको लागि त्रिविका पर्यावरणविद्हरूलाई बोलाएर

छलफल गरेर के गर्न खोजेको हो बुझ्न सकिएन । पहिले महानगरले वीरगंजमा वायु, जल र ध्वनि प्रदूषणको स्तर थाहा पाउनुपऱ्यो, त्यसपछि योजना बनाउने कुरा आउँछ। स्वास्थ्य र शिक्षाको गुणस्तर बढाउन यो अवधिमा महानगरले के काम गऱ्यो ? महानगरकै हबिगत यस्तो छ भने अन्य नगरपालिका र गाउँपालिकामा जे भइरहेको छ, त्यसलाई अन्यथा भन्नुको केही अर्थ बुझिँदैन ।

अहिले वीरगंजबाट पोखराको पर्यटन प्रवर्द्धन गर्न थालिएको छ । यो राम्रो हो। पोखरामा पर्यटक रमाउने तालहरू, हिमशृङ्खलाहरूका साथै आधुनिक मनोरञ्जनका केन्द्रहरू छन् । तर वीरगंजमा पर्यटनको प्रवर्द्धन कसले गर्ने ? न एउटा पार्क छ, फनपार्कको त झन् कुरै भएन, न कुनै सङ्ग्रहालय, न तारामण्डल । अरू त अरू स्तरीय सार्वजनिक शौचालयसमेत छैन । यसको प्रवर्द्धन कसले गर्ने ? धार्मिक पर्यटनको लागि सिम्रौनगढ, गढीमाई, विन्ध्यवासिनी, महुवन मठका साथै रामभौरीभाठा त छन् तर त्यसबारे सोच्ने फुर्सतसमेत कसैलाई छैन । वन्यजन्तु आरक्ष पनि छ तर त्यहाँ पर्यटकको पहुँच हुन सकेको छैन । अमलेखगंजको कामिनी दह पुगनसमेत कठिनाइ छ । सोचको यस्तो दुरवस्था भएको बेला कसरी २ नं प्रदेशबाट हाम्रो प्रदेश प्रदेश नं २ बन्न सक्ला ?

२०७८ भदौ २३ गते बुधवार

अब यसो गर्दा होला कि ?

कमरेड माधव नेपाल र उपेन्द्र यादवको दल निर्वाचन आयोगमा दर्ता भएकोले देउवा सरकारमाथिको सङ्कट धेरै हदसम्म टरेको मान्न सकिन्छ । अब आलोचक एवं प्रतिद्वन्द्वीहरूको मुख बन्द गर्न यो सरकारले आन्तरिक एवं बाह्य केही महत्त्वपूर्ण कार्य गर्नुपर्नेछ जसले यो सरकार र गठबन्धनप्रति आम जनतामा सकारात्मक सोच जाग्न सकोस् । प्रतिद्वन्द्वीलाई कहिले कमजोर ठान्नुहुन्न र त्यसमा पनि पूर्व प्रम ओलीजस्ता इमोशनल ब्ल्याकमेल गर्ने अद्भूत क्षमता भएका प्रतिद्वन्द्वीसँग त झन् बढी सचेत हुनुपर्छ । यस गठबन्धन सरकारको यसमा आबद्ध दलको अन्तिम बिसौनी बढीभन्दा बढी सिट जित्नु नै हो । अबको ७ महीनापछि स्थानीय तहको निर्वाचन हुनेछ र त्यसमा आधारित भएर डेढ वर्षपछि हुने संसदीय निर्वाचनको लागि जनताको सोच उजागर हुनेछ । स्थानीय निर्वाचनको परिणामले नै संसद् बहुमतको वा Strong Parliament बन्ने हो देखाउने छ ।

त्यसैले यस सरकारले आन्तरिक आवश्यकताको प्राथमिकताको सूची बनाएर त्यस अनुसार कार्य गर्न सके मात्र नेपाली काङ्ग्रेस र गठबन्धनमा सम्मिलित दलहरूले स्थानीय निर्वाचनमा बहुमत प्राप्त गर्न सक्नेछन् । त्यसका लागि सरकारले खोप कार्यक्रम राम्ररी अगाडि बढाइरहेकोले यसलाई निरन्तरता दिइराख्नुपर्छ । दोस्रोमा शान्ति सुरक्षाको प्रभावकारी व्यवस्थाका साथै संसद्को बैठक बोलाएर दल विभाजन सम्बन्धी अध्यादेश निष्क्रिय बनाउने र संशोधित बजेट संसद्मा प्रस्तुत गरी बहुमतबाट पारित गराई कार्यान्वयन गराउनुका साथै महालेखा परीक्षकबाट प्रदेशमा औंल्याइएका अनियमितताको लागि कारबाई थाल्नुपर्छ । समस्त देशको जनता स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधिहरूको बहुमतले मचाएको लूटतन्त्रबाट आजित भइसकेको छ । आगामी स्थानीय निर्वाचनमा ओली पक्षले फेरि राष्ट्रवादको नारा दिँदै तुइन चुँडाएको घटनालगायत कालापानी, लिपुलेक, लिम्पियाधुराको मुद्दा उठाउने प्रबल सम्भावना रहेको र यसले भित्री मधेस, मध्य पहाडका जनतालाई बढी प्रभावित गर्न सक्ने अवस्था सिर्जना हुन सक्छ । भारतसँग जोडिएको नेपालको दक्षिणी समथर भूभाग अर्थात् तराई वा मधेस नै काङ्ग्रेसको उर्वर भूमि भएको यस क्षेत्रमा समेत भारतले तटबन्ध बनाएर एवं ठाउँ-ठाउँमा सीमा मिच्ने कार्य गरी आम जनतालाई दुःख दिने गरेको खबर दिनहुँ आइ नै रहेकोले लिम्पियाधुरा, कालापानी र लिपुलेकका साथै सुस्तामा आफ्नो दाबी कायम राख्दै विवाद समाधान भइसकेको स्थानहरूको स्ट्रिप नक्शामा हस्ताक्षर गरी गराई आफ्नो हक कायम गरी जनतालाई राहत दिनुका साथै तराईको जल जमावको समस्या समाधानको लागि भारतसँग सघन वार्ता शुरू गर्नुपर्ने देखिन्छ । यसैगरी चिरनिद्रामा सुताइएका राष्ट्रिय गौरवका आयोजनाहरू, खासगरी चिर प्रतीक्षित हुलाकी सडक, भेरी-बबई सिंचाइ, कमला मरिन ड्राइभर्सनजस्ता योजनाहरूमा योग्य व्यक्तिलाई नियुक्त गरी एक-डेढ वर्षमा सन्तोषजनक प्रगति देखाउन सक्ने व्यवस्था मिलाउनुपर्छ । शिक्षा क्षेत्रमा स्थानीयदेखि विश्वविद्यालय तहसम्मको शिक्षाको खस्कँदो

गुणस्तर उँभो लगाउन एसइईमा फेल वा पास हुने पुरानो प्रणाली नै लागू गर्नुका साथै विद्यालय एवं क्याम्पसहरूमा उपलब्ध क्षेत्रफलका आधारमा विद्यार्थी भर्ना लिन पाउने व्यवस्थाका साथै यसको अनुगमनसमेत स्वतन्त्र निकायहरूबाट गराउने व्यवस्था गर्नु आवश्यक छ । आन्तरिकरूपमा यति मात्रै पनि ६-७ महीनाको अवधिमा गर्न सके स्थानीय निर्वाचनमा राम्रो परिणाम प्राप्त हुन सक्ने जस्तो लाग्छ ।

अब कुरा गरौं देश बाहिरको । नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध ओली सरकारको बेला कुन स्तरमा थियो भन्ने कुरा हामी सबैलाई थाहा छ । त्यसैले यस क्षेत्रमा सक्रियता बढाउन आवश्यक छ । यसको लागि नेपालले एमसिसी र बिआरआइको सम्बन्ध स्पष्ट पार्नु जरूरी छ । हुनत सन् २०१७ मा प्रचण्ड प्रधानमन्त्री भएको बेला हस्ताक्षर भएको बिआरआई अन्तर्गत नेपालले प्रस्तावित गरेको ३५ योजनालाई चीनको अनुरोधमा रसुवागढी-काठमाडौं सडकको स्तरोन्नति, किमाथाङ्का-हिले सडक निर्माण, दिपायलदेखि चीन सीमासम्म जोड्ने सडक, टोखा-विदुर सडक, गल्छी-रसुवागढी-केरुङ ४ सय केभी प्रसारण लाइन, केरुङ-काठमाडौं रेल, ७६२ मेगावाट तमोर जलविद्युत् आयोजना र मदन भण्डारी प्राविधिक शिक्षालयजस्ता ९ आयोजना प्रस्ताव गरिएको थियो तर त्यसपछि यसको कार्यान्वयन गर्न कुनै पाइला चालिएन । अब भने देउवा सरकारले प्रस्तावित योजनाहरूको कार्यान्वयन प्रस्ताव तयार गर्न थालेको समाचार प्राप्त भएको छ। यसका साथै प्रम देउवा एमसिसी सदनबाट जस्ताको त्यस्तै पास गराउन चाहन्छन् भने प्रचण्ड र नेपाल यसलाई संशोधनसहित मात्रै पास गराउने पक्षमा छन् । यसको व्यवस्थापनका लागि कम रणनीतिक महत्त्वका बिआरआईको २-३ वटा योजना शुरू गरेर संसद्बाट एमसिसी अनुमोदन गराउन सक्ने आशामा प्रधानमन्त्री रहेको हुन सक्छ। वास्तवमा यस्तो भयो भने दुवै छिमेकीसँग नेपालको सम्बन्ध सुधार हुनुका साथै राष्ट्रको कूटनैतिक साख पनि बढ्ने छ । यसैगरी यस सरकारले कर्णाली तथा सुदूर पश्चिम प्रदेशलाई राष्ट्रिय प्रसारणसँग जोड्न युरोपियन युनियन तथा चीनको एशियन पूर्वाधार लगानी बैंक (एशियन इन्फास्ट्रक्चर डेभलपमेन्ट बैंक) बाट प्राप्त हुने २ हजार मिलियन अमेरिकी डलर लगानी गर्ने भएको छ ।

यसले युरोपियन युनियनका साथै चीनसँग नेपालको सम्बन्ध थप प्रगाढ बन्नेछ । कूटनैतिक प्रभावकारिता बढाउन अब मन्त्रिमण्डललाई पूर्णता दिनासाथ सरकारले राजदूतहरू फिर्ता बोलाएर विवादरहित ढङ्गबाट, योग्य व्यक्तिहरूलाई सरकारको घटेको वैदेशिक साख बढाउने, क्षमतावान् व्यक्तिलाई पठाउनु उपयुक्त हुने देखिन्छ । यस डेढ वर्षको अवधिमा यस सरकारले थप दुईवटा काम गर्न सके यसले स्थानीय र संसदीय निर्वाचनमा नेका र गठबन्धनलाई बहुमत दिलाउन ठूलो मदत गर्नेछ । त्यो हो (१) काठमाडौंको फोहर व्यवस्थापनको लागि स्थायी विधि प्रारम्भ र (२) नेपालमैं जैविक मल उत्पादनलाई प्रोत्साहन र रासायनिक मल उत्पादन योजना कार्यान्वयन ।

२०७८ भदौ १६ गते बुधवार

ओली बा भर्सेज देउवा

वर्तमान प्रधानमन्त्री देउवाले दल विभाजन गर्न हठात् संसद्को बैठक अन्त्य गरी जारी गरेको अध्यादेशले देशैभर ठूलो राजनीतिक तरङ्ग ल्याएको छ । नयाँ सरकार र खासगरी देउवाको सर्वत्र कटु आलोचना भइरहेको छ । देउवा सरकार ओलीपथमैं हिंडेको आरोपहरू पनि लाग्न थालेका छन् । नेपाली काङ्ग्रेसभित्रबाट पनि यसको विरोध भइरहेको छ । तर यो सरकार जसले संसद्मा १६५ मत पाएर विश्वास पाएको थियो, त्यसले हठात् किन यस्तो निर्णय गऱ्यो भन्ने प्रश्नमा भने खासै ध्यान दिएको देखिंदैन ।

अध्यादेश आउनुभन्दा केही दिनअगाडि माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले सरकारमाथि खतराको घण्टी बजिरहेको भनेर भन्नुको पछाडि केही न केही अर्थ पक्कै थियो होला होइन भने त्यसपछि त तत्कालै यो अध्यादेश आइहाल्नुपर्ने थिएन । के हुन सक्छ त त्यस्तो भनेर विचार गर्दा संयुक्त सरकारको साझा अवधारणापत्रबारे पूर्वप्रधानमन्त्री केपीशर्मा ओलीले संसद्मा अत्यन्त जोडतोडका साथ उठाउनुभएको एउटा प्रसङ्ग एमसिसी थियो भने अर्को चुच्चे क्षेत्रको थियो । काङ्ग्रेसभित्र भने चीनसँगको सीमा मिचाइको कुरा पनि उठेको प्रसङ्ग बाहिरिएको थियो । यस सम्बन्धमा वर्तमान प्रधानमन्त्रीले एमसिसीबारे प्रचण्डले नमानेको र चीनसँगको सीमा विवादबारे थप अध्ययनपछि काम गर्ने जानकारी दिनुभएको थियो । यसबाट नै के स्पष्ट हुन्छ भने वर्तमान सरकार अत्यन्त विवादित बन्न सक्ने छिमेकीहरूसँगको प्रसङ्गमा संयमता अपनाउन चाहन्छ र कोरोना खोप, अर्थतन्त्रलाई सामान्य लयमा फर्काउने र आगामी निर्वाचन सम्पन्न गर्ने निर्दिष्ट लक्ष्यलाई अगाडि राखेर काम गर्न चाहन्छ । कोरोनामा अहिलेसम्ममा १,२६,६५,२३० खोपको मात्रा प्राप्त भएकामा ८७,७०,६६४ प्रयोग भइसकेको र १४ वर्षमाथिकाहरूलाई दिने करीब ४० लाख खोपको मात्रा खरीद सम्झौता अगाडि बढेको तथा चीनबाट आउने खोपसमेत नियमितरूपमा आइरहेकाले सरकारको काम यस बुँदामा सन्तोषजनक नै भएको मान्नुपर्दछ र यो क्रम जारी रहेमा तेस्रो लहरको प्रकोप डरलाग्दो नहुने आस गर्न सकिन्छ । दोस्रो मुद्दा हो, अर्थतन्त्रलाई पुरानै लयमा फर्काउने र तेस्रो, चुनाव गराउने । यी दुवै यस्ता मुद्दा हुन्, जसको लागि काम गर्न स्थायी सरकार चाहिन्छ ।

अध्यादेश ल्याउँदाको स्थिति के थियो भने महन्थ ठाकुरले समर्थन गरे पनि परमादेशको सरकार भन्ने रट लागिरहेको थियो । एमालेको तर्फबाट ७६ (५) अनुसार भोट हाल्नेको सङ्ख्या क्रमशः घट्दै थियो र यस्तो अवस्थामा अस्थिरतामा चटक देखाउन माहिर नेपाली राजनीतिकका खेलाडीमध्येकै एक मानौं उपेन्द्र यादव समूह

जुन महन्थ ठाकुरभन्दा बलियो स्थितिमा छ, त्यसलाई प्रधानमन्त्रीको अवसर दिंदा नेपाल पक्ष झन् कमजोर हुने र फेरि ओलीकै पक्षमा बहुमत जुट्ने अवस्था आउन सक्ने थियो । यस्तो अवस्थामा संसद्मा संशोधित बजेट पेश गरी त्यो पास हुन नसक्ने अवस्थामा सरकारको अगाडि कति ठूलो नैतिक सङ्कट आउने थियो, त्यसको अनुमान मात्र गर्न सकिन्छ । १/२ दिनदेखि नेपाली छापाहरू महालेखाको प्रतिवेदनले औंल्याएका आर्थिक बेथितिका समाचारले भरिएका छन् । सबैतिर आर्थिक बेथिति र प्रदेश मात्रै होइन स्थानीय सरकारको ढुकुटीमा समेत मनपरी मात्रै होइन लुट नै मच्चिइरहेको छ। यो अवस्था उजागर नहोस् भन्नका लागि यस सरकारलाई हटाउन नैतिक दबाब दिन ठूलै गोटी चालिएको थियो । तर प्रम र गठबन्धनले समयमैं यो खेल बुझेकाले यो कदम अप्रिय लाग्ने भएपनि हठात् चाल्नुपरेको देखिन्छ।

हुनत अध्यादेशको विरोधमा सर्वोच्चमा रिटसमेत परिसकेको छ । तसर्थ अन्तिम निर्णय त सर्वोच्चकै फैसलाबाट आउँला तर वर्तमान परिस्थितिमा दुवै दल दर्ता भएमा संसद्को गणित यस प्रकारको हुने देखिन्छ कि स्पष्ट मताधिकार भएको संसद्को सङ्ख्या १३० हुन आउँछ । यो अवस्था एमालेका १४ जनालाई कारबाई भएको अवस्थामा हो । कुल सांसद सङ्ख्या २७५, माओवादीका चारजना कारबाईमा परेकाले तत्काल कायम सङ्ख्या २७१ हुन आउँछ । यस हिसाबबाट बहुमतको लागि १३६ सङ्ख्या चाहिने हुन्छ । एमालेका १४ जनालाई कारबाई भएमा सदस्य सङ्ख्या २५७ कायम हुन्छ र बहुमतको लागि १२९ भए पुग्ने देखिन्छ । हाल काङ्ग्रेसको ६३, माओवादीको ४८, उपेन्द्र यादव समूहको २० र जनमोर्चाको १ गरी १३४ हुन्छ, जसमा काङ्ग्रेस र जसपाका गरी चारजना सांसदलाई मताधिकार छैन । यसरी के देखिन्छ भने देशलाई महामारीको प्रकोपबाट जोगाउन चाहिने बलियो सरकारको लागि यो कसरत भएको हो । किनभने नेपाल अहिले नै महामारीका साथै चुनाव पनि बेहोर्न सक्ने अवस्थामा छैन। सैद्धान्तिकरूपमा यो गलत लाग्न सक्छ तर परिस्थितिजन्य अवस्थालाई विचार गर्दा यो ठीक हो ।

उसो भए ओली किन गलत भन्ने प्रश्न उठ्छ । ओली यस कारणले गलत थिए कि उहाँसँग स्पष्ट बहुमत थियो । सरकारको स्थायित्वको लागि कसैसँग हारगुहार गर्नुपर्ने स्थिति थिएन । तर अहङ्कारले गर्दा ओलीले आफ्नो खुट्टामा आफैं बन्चरो हान्नुभएको हो । परिस्थितिजन्य तत्त्वलाई यसरी सजिलै बुझ्न सकिन्छ । युद्धको मैदानमा बढीभन्दा बढी दुश्मनको सैनिक मार्नेलाई वीरताको सर्वोच्च पदक दिइन्छ तर सामान्य अवस्थामा कसैलाई पनि मार्दा जेलसजाय हुन्छ । अहिले देशका आर्थिक र प्रशासनिक क्षेत्रले कोरोना र चुनाव दुवैलाई एकैसाथ लिएर हिंड्न सक्ने अवस्था नरहेकाले देउवा सरकारले आलोच्य यस कदमलाई अङ्गीकार गरेको हुन सक्छ ।

हिजो मङ्गलवार बिहानको समाचार अनुसार सरकार नयाँ पार्टी दर्तापछि अध्यादेश निष्क्रिय बनाउने मनस्थितिमा पुगेको छ । वास्तवमा यस्तो भयो भने यसबाट सरकारको

नियत प्रस्ट हुन्छ र त्यो के भने नयाँ सरकारले देशलाई असमयमा चुनावमा धकेल्नबाट रोक्नको लागि मात्र यो कदम चालेको हो । एमालेको तेस्रो धारका नेताहरूलाई ओलीले भन्ने एउटा र गर्ने अर्को स्वभावअनुरूप कार्यदलले तयार पारेको १० बुँदे सहमति अनुसार हिंड्न तयार रहेको भनेर संस्थापनमैं बस्ने वातावरण जुराइदिनुभएको छ । अब हेर्नुछ पानीजहाज, घरघरमा ग्यास पाइपलाइन जस्तै १० बुँदे कार्यान्वयन हुन्छ कि हुँदैन ? नेपाल समूहबाट मुख्यमन्त्री बन्न ओली समूहतिर सरेकी एमाले नेत्री अष्टलक्ष्मी शाक्यले माधव नेपाल मूल पार्टीमा नफर्के आफूहरू पनि संस्थापनमा नबस्ने भन्नु र उता दलबलसहित चन्द्रागिरी पुगेका माधव नेपालले एकताको ढोका सधैं खुला रहेको भन्नु संयोग मात्र हुन सक्दैन । अर्थात् गोटी दुवैतर्फबाट चालिँदै छ । सह कसको र मात कसको हुन्छ हेर्न केही दिन पर्खिनुपर्ला । यो लेख लेखिरहँदा मलाई अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाको विजयको एउटा सूत्रको सम्झना भयो जस अनुसार Victory= Stable Strategy+Varcable Tactics अर्थात् लक्ष्य अनुसार जीत हासिल गर्नुछ भने परिस्थिति अनुसार गोटी चाल्नुपर्छ। ओली यही चुक्नुभयो। उहाँले परिस्थितिअनुकूल गोटी चाल्नुभएन र असफल हुनुभयो त्यो पनि दुई तिहाइको बहुमत भएर देउवाले परिस्थति बुझेर गोटी चाल्नुभएको छ । त्यसले हामी नेपालीले भावावेशमा आएर देउवालाई आलोचना गर्नुभन्दा यो उनको बाध्यता भएको बुझिदिनु बढी उपयुक्त होला जस्तो लाग्छ।

२०७८ भदौ ०९ गते बुधवार

चिन्ताको विषय

देउवा प्रधानमन्त्री बनेको राम्रै समय बितिसक्दा पनि मन्त्रिमण्डलले पूर्णता पाउन सकेको छैन र थप गरिएका एकजना स्वास्थ्य राज्यमन्त्रीको नियुक्तिले पनि राम्रै विवाद जन्माएको छ। अहिले आएर साझा कार्यक्रम सार्वजनिक गरिएको छ जसको औचित्यमा नै प्रश्नचिह्न खडा भएको छ । यसको सबभन्दा विवादित कुरा गैरसंवैधानिक शक्ति केन्द्रको गठन रहेको छ, जुन छापाहरूमा आएको समाचार अनुसार कमरेड प्रचण्डको ठूलो दबाबका कारण बनाउनुपरेको भनिएको छ । लाइमलाइटमा रहने प्रचण्डको यो बानी पुरानै हो तर यसबाट के झल्को मिल्छ भने यति विधि राजनैतिक हण्डर खाएर पनि उनीहरूमा चेत आएको छैन । साझा कार्यक्रम र श्वेतपत्र हरेक नयाँ आउने सरकारहरूले जारी गर्दै आएको भए पनि यसले एउटा सिन्कोसमेत भाँच्न सक्ने अनुभूति आमजनतालाई दिएको छैन। आम जनतालाई अहिले चाहिएको खोप हो र यो सरकारले यसको सकेसम्म राम्रै बन्दोबस्त गरेको भन्न सकिन्छ। अर्को ठूलो समस्या भनेको महँगी हो। कोरोनाको तेस्रो लहरको आगमनको आशङ्का र त्यसपछि हुने बन्दाबन्दीको भयले आम नेपाली नागरिक त्रसित छ। रोजगार नपाइने र महँगी बढ्दै जाने यो अवस्थामा मध्यम र निम्न मध्यम वर्गीय परिवारको चिन्ता मेट्न सरकारले कुनै ठोस कदम चाल्न सकेको छैन। लकडाउनले नेपालमा एउटा नयाँ उद्योगलाई जन्म दिएको छ र त्यो हो बिक्री नभएर म्याद गुज्रेका वस्तुहरू नयाँ लेबल लगाई बिक्री गर्ने। यस प्रकारको कार्यले मानव स्वास्थ्यलाई कतिसम्म हानि गर्छ त्यसको कल्पनासमेत गर्न सकिदैन। मन्त्रिमण्डलले पूर्णता पाउन सके यसतर्फ पनि सरकारको ध्यान जाने अपेक्षा गर्न सकिन्थ्यो ।

आखिर मन्त्रिमण्डल किन गठन हुन सकेको छैन ? माधव समूह अनिर्णयको अवस्थामा छ भने पनि केही पक्ष स्टैन्डबाई राखी माओवादी र जसपासहितको सरकार त बनाउन सक्नुपर्ने हो । जसपा र माओवादी केन्द्रका अध्यक्षहरूले मन्त्रीको लिस्ट फाइनल गर्न सकेका छैनन् भन्ने कुराबाट नै उनीहरूले दल कसरी सञ्चालन गरिरहेका छन् भनेर अनुमान लगाउन सकिन्छ। एकातिर आम जनता महँगीको मारले पिल्सिएको छ भने अर्कोतिर साउन महीनामा विलासी वस्तुको एलसी खोल्ने क्रम बढेको देखेर राष्ट्र बैंक विदेशी मुद्रा सञ्चितिमा पर्ने चापबाट चिन्तित भएर अर्थ समिति एवं अर्थमन्त्रीलाई समेत आफ्नो चिन्ताबाट अवगत गराइसकेको छ। यस्तो अवस्थाबाट जोगिन सरकारले बेलैमा कदम चालेन भने भोलि खडा हुने अनिष्टबाट जोगिन सम्भव हुँदैन ।

सरकारभित्रको यो बिजोगले चिन्तित भइरहँदा सरकार बाहिर प्रधानमन्त्रीकै दलको महाधिवेशन गर्न नसकेर दल असंवैधानिक हुने हल्ला चलिरहेको छ। काङ्ग्रेस संस्थापन पक्ष भने भदौमा वडास्तरीय महाधिवेशनको कार्यक्रम शुरू गरेर यसलाई मङ्सिरमा टुङ्ग्याउने मनस्थितिमा पुगेकोले यस सम्बन्धमा निर्वाचन आयोगसँग सम्पर्कमा गएको र निर्वाचन आयोगले रु ५० हजारसम्मको जरिवाना गरी समय थप्न सकिने अपुष्ट समाचारहरू छापामा आएका छन्। तर आधिकारिकरूपमा यसबारे जानकारी नआउँदासम्म निश्चिन्त हुन सक्ने अवस्था भने छैन। सरकार गठनमा भइरहेको विलम्ब र महाधिवेशनको

अनिश्चिततताले प्रम देउवाको कार्यक्षमतामाथि नै प्रश्न खडा हुन थालेको बेला नेपालको सामाजिक सञ्जालमा ओली सरकारको निरन्तरता जस्तै प्रम देउवाको समर्थनमा देखापरेका प्रचारले नेपाली बौद्धिक जनमानसलाई यतिसम्म झस्कायो कि यसको प्रचण्ड विरोध शुरू भयो र यो अभियान अहिले रोकिएको छ । बेलाबखत भइरहने यस्ता घटनाहरूले हामीले विगतको अनुभवबाट पाठ नसिकेको अनुभूति दिलाइरहने भएकोले भविष्यप्रति आश्वस्त हुने वातावरण नै बन्न सकिरहेको छैन ।

नेपालको ओली सरकारको अधिनायकवादी कार्यशैलीका कारण सिर्जित राजनैतिक तरलतालाई संविधानको व्याख्याताको हैसियतमा सर्वोच्च अदालतले, स्थापित गर्न सफल सकेको, आफ्नो ख्याति जोगाउन धौ-धौ पर्ने स्थिति देखिन थालेकोले सरकार स्थिर हुन नसकेको र न्यायपालिका पनि विवादमा पर्न गएकोले राष्ट्रिय अवस्थाप्रति गम्भीर हुनैपर्ने देखिन्छ। यसमा रञ्जन कोइरालाको मुद्दा छँदै थियो त्यसमाथि संवैधानिक परिषद्सम्बन्धी अध्यादेश र नियुक्तिविरुद्ध २३६ दिनसम्म सुनवाइ नै नहुनु र भएको सुनवाइमा प्रधानन्यायाधीशले संवैधानिक परिषद्को सदस्यको हैसियतमा दिएको जवाफमा नियुक्तिहरू गैरसंवैधानिक नभएको भनाइ राखेका छन् । तर उनकै नेतृत्वको संवैधानिक इजलासले जेठ ९ को नागरिकता विधेयक पहिलो संशोधन अध्यादेशलाई अन्तरिम आदेशमार्फत रोक लगाएकोले यो विवाद सिर्जना हुन पुगेको छ । अब यस विवादलाई प्रधान न्यायाधीशले सर्वोच्चको मर्यादा कायम राख्दै कसरी टुङ्गो लगाउँछन् हेर्न बाँकी छ ।

हाम्रो दुर्भाग्य नै राजनैतिक अस्थिरता बन्न पुगेको छ । दुई तिहाईसम्मको सरकार टिक्न नसक्ने नियति भोगेको यो देशमा गठबन्धनबाट बनेको सरकार कसरी चल्छ त्यो अहिलेको अवस्था हेर्दा चिन्ताजनक हुन पुगेको छ । राजनैतिक स्थिरता नआएसम्म आर्थिक विकास नहुने कुरा एक वर्षमैं देशमाथि ३ खर्ब ऋण थपिएकोबाट प्रस्ट हुन्छ । अहिले हाम्रो सार्वजनिक ऋण १७ खर्ब पुगेको छ भने बजेट जम्मा १६ खर्ब ४७ अर्बको रहेको छ । विगत वर्षहरूमा जिडिपीको २० प्रतिशतको हाराहारीमा रहँदै आएको ऋण अहिले बढेर जिडिपीको ४० प्रतिशतसम्म पुगेको छ । यो नेपालको लागि अत्यन्त चिन्ताको विषय हो किनभने आउँदा दिनहरूसमेत कोरोनाका कारण नेपालको आर्थिक गतिविधि राम्रो हुने सङ्केत छैन । वैदेशिक लगानी घट्दो छ र व्यापार घाटाको समेत अवस्था राम्रो नभएको अवस्थामा यो राम्रो सूचक नभएकोले यसलाई उकास्न देशलाई एउटा बलियो र सक्षम सरकारको आवश्यकता छ ।

अहिलेसम्म देखा परेका सङ्केतहरू अत्यन्त निराशाजनक त छैन तर खासै उत्साहप्रद पनि नभएकोले सबै सचेत नागरिकले हालबहालका सत्तासीन दलहरूलाई बोलेर, लेखेर, भेटेर तथा सामाजिक सञ्जाललगायत सबै माध्यमबाट छिटोभन्दा छिटो सरकार गठन गरी अर्थतन्त्रलाई सामान्य पार्ने कामलाई पहिलो प्राथमिकतामा राखी अगाडि बढ्न दबाब दिनुपर्ने बेला आएको छ । कुनै पनि कारणले यसमा चुक्यौं भने आउँदा दिनमा हामी सबैले ठूलो मूल्य चुकाउनुपर्नेछ ।

२०७८ साउन २७ गते बुधवार

सेकेन्ड बेस्टबाट अब गुड हैन्ड

साउन १३ गतेको नयाँ पत्रिकामा भारतीय सेनाका अवकाशप्राप्त मेजर जनरल अशोक मेहताको 'भारतसित सम्बन्ध सुधार्ने देउवाको अवसर' शीर्षकको लेख पढेपछि केही लेख्न मन लाग्यो । उनले यो लेखमा कहिले अशोक चक्र, कहिले राम मन्दिर, कहिले सीमाको विषय त कहिले सिंहमेव जयते भन्दै सधैं भारतविरोधी उभार ल्याउन ओलीले केसम्म गरेनन् भन्दै भारतले भने नेपाली राजनीतिको अङ्कगणित ओलीको पक्षमा रहेकोले भारतले नेपालको सन्दर्भमा फेभर गरेरै सिद्धान्तभन्दा राष्ट्रिय हित महत्त्वपूर्ण हुने धारणामा हिंडेर नेपालको शक्तिको खास मूल्याङ्कन गर्न चुकेको भन्तुले के साबित गर्दछ भने कि नेपालमा कार्यरत भारतको सूचना संयन्त्र कमजोर छ वा सूचना संयन्त्रले पठाएको सूचनामाथि भारतको नेतृत्वले ध्यान दिएन । यस बिन्दुमा अहिले जसरी भारतको मोदी राजमा प्रेसलाई हातमा लिने र नमान्नेलाई तह लगाउने नीति देखिएको छ, त्यही प्रवृत्ति नेपालमा पनि प्रेस काउन्सिल विधेयकमार्फत ल्याउन नखोजिएको होइन । त्यसकारण भारतको ओलीलाई फेभर, राष्ट्रिय हितभन्दा पनि मोदी र ओलीको सत्ता सञ्चलान गर्ने सोच अधिनायकवादी भएको भन्न पनि मिल्छ ।

यही लेखको शुरूमा उनले प्रम देउवालाई एक्सिडेपटल प्राइम मिनिस्टर पनि भनेका छन् । उनको यो भनाइ पनि भारतको ठूलोदाई बन्ने दम्भमा आधारित छ । किनभने ओलीद्वारा पहिलोपटकको विघटनलाई आकस्मिक माने पनि दोस्रोपटकको विघटन संयोगले भएको होइन । पुनर्स्थापित प्रतिनिधिसभालाई काम गर्न नदिनु, राष्ट्रपतिको बङ्गलादेश भ्रमणको पूर्वसन्ध्यामा बोलाइएको नेताहरूको भेलामा स्वयं राष्ट्रपतिले भ्रमणबारे चर्चा गर्नुको साथै प्रजातन्त्रमा चुनाव भइरहनु स्वाभाविक प्रक्रिया भएको भनाइ राख्नु र सरकारले पहिलो विघटनमा सर्वोच्चको फैसलाको पूर्णपाठ पनि नआउँदै दोस्रो विघटन गर्नु सबै आकस्मिक होइन । पहिलो विघटनभन्दा पूर्व ओलीको गुड फ्रेन्डको रूपमा चर्चित देउवाले सरकार परिवर्तनबारे पटक-पटक समय परिपक्व नभएको भनाइ राख्दै आएका थिए । यसको लागि आफ्नै दलका सभापति पदका प्रतिद्वन्द्वी रामचन्द्र पौडेलसँग सार्वजनिक कार्यक्रममैं अशोभनीय वादविवाद परेकै हो । तत्कालीन प्रधानमन्त्री ओली स्वयंले विश्वासको मत लिने अवस्था नरहेकोले मार्ग प्रशस्त गर्नका लागि भएको सिफारिशको आधारमा राष्ट्रपतिले नेपालको संविधानको धारा ७६ (५) अनुसार प्रतिनिधिसभाको कुनै सदस्यले आफ्नो पक्षमा बहुमत पुऱ्याई प्रमको लागि दाबी पेश गर्न दिएको अल्प अवधिमा १४९ सदस्यको हस्ताक्षरसहित दाबी पेश गरे पनि ओलीको तर्फबाट १५३ सदस्यको हस्ताक्षर भएको दाबी पर्न आएकोले निर्णयार्थ संसद्मा पठाउनुको सट्टा मिलेमतो गरी पुनः दोस्रोपटक प्रतिनिधिसभा विघटन भएको हो । त्यसपश्चात् सर्वोच्चले १४६ जना सांसद सशरीर सर्वोच्चमा उपस्थित भएर

हामीमाथि अन्याय भयो भनी न्यायको माग गरेपछि सर्वोच्चले दोस्रोपटकको विघटनसमेत बदर गरी १४६ जना सांसदको दाबी अनुसार शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन गरेको परमादेश एक्सिडेन्टल हो भनेर मेजर जनरलले बुझेसँगै उनीहरूको चश्मा नै दोषी भएको भन्न सकिन्छ । प्रधानमन्त्री कार्यकारी प्रमुख हुन् । संसदीय व्यवस्थामा संसद्ले कार्यपालिका गठन गर्दछ र राष्ट्रपति एवं सर्वोच्चका न्यायाधीशहरूलाई समेत महाअभियोग लगाउने हैसियत राख्दछ । यस्तो शक्ति सम्पन्न विधायिकाको १४६ को बहुमतलाई आकस्मिक देख्नु उनीहरूको नेपालको सन्दर्भमा दुर्भाग्यपूर्ण नियति बनेको छ र यसैले होला उनीहरूले लिने गरेको निर्णयले नेपालमा भारतलाई झन्झन् अलोकप्रिय बनाइरहेको छ ।

उनको तेसो भनाइ छ, पछिल्लो समय महन्थ ठाकुरले देउवालाई समर्थन गर्नुको अर्थ के हो भने भारतले देउवालाई समर्थन गरेको छ । ठाकुरजी भारतको शरण परेका हुन् भने आज उनी कुन ठाउँमा उभिएका छन्, त्यसको हेक्का ठाकुरजीलाई त भएकै होला । मेहताजीलाई पनि हुनुपर्ने हो । नेपालको शक्ति बुझ्न छिमेकी पहिलाको नीति लिएर हिंडेको मोदी सरकारले आगामी भारतीय निर्वाचनमा ओलीजीकै नियति भोग्नुपरेमा आश्चर्य हुने कुनै कारण देखिंदैन किनभने दुवै उस्तै छन् । नेपालमा संसद् विघटन हुँदा दिल्लीमा विरोध गर्ने भारतीय प्रजातन्त्रवादीका लागि भने नेपालमा माओवादी र एमाले मिलेर बनेको नेकपा एमाले माओवादी केन्द्र र एमालेमा विभाजित भएर अन्त हुन पुगेको चिनियाँ स्वार्थ र देउवाको सत्तारोहण भने खुशीको खबर हुन सक्छ । नेपालमा चीनको प्रभाव बढेको भारतीय आकलन छ र त्यो हो पनि । उता भारत भने अमेरिकासित इन्डो–पैसेफिक रणनीति अन्तर्गत गहन सहकार्यमा रहेकोले नेपालमा एमसिसी अनुमोदन हुने विश्वास बढेको छ ।

सरकार गठनका लागि विश्वासको मत लिने क्रममा बराबर विवादित डा बाबुराम भट्टराईले मत दिन आग्रह गर्दै शान्ति प्रक्रियामा संलग्न पक्षबीच टुटेको कडी वर्तमान गठबन्धनले पुनः जोडिदिएको छ । यसर्थ धेरै हदसम्म देउवा सरकारको सफलता, मुलुकको लोकतन्त्र, संविधान र राजनीतिक प्रणालीको सफलतासँग जोडिएको छ भन्ने भनाइ गठबन्धनमा सम्मिलित दलका नेताहरूले कति हदसम्म आत्मसात् गर्छन् भन्ने कुरामा निर्भर हुन्छ ।। कमरेड प्रचण्ड आफ्नो पार्टीभित्र मन्त्री पदको आकाङ्क्षीहरूको सङ्ख्याबाट नै आतङ्कित छन् भने नेकामा पौडेल, सिटौला, कोइराला, निधि र प्रकाशमान सिंहजस्ता नेताले पनि आफ्नो समर्थकको दाबी पेश गर्ने नै छन् । त्यस्तै जसपाको यादव समूहको, निर्वाचन आयोगको निर्णयका कारण, देउवा सरकार टिकाउन नेपाल समूहबाहेक पनि थेग्न सक्ने भएकोले, बढेको बार्गेनिङ पावर र नेपाल समूहको अनिर्णयले उत्पन्न अप्ठेरो प्रधानमन्त्रीको लागि सकसपूर्ण विषय बनेका छन् । तर अब १८ महीनाको लागि यो सरकार कानूनतः परिवर्तन हुने अवस्था नरहेकोले देउवाले राष्ट्रहितमा (१) खोपको उपलब्धता सुनिश्चित गर्ने (२) योग्यताको आधारमा

र कानून टेकेर नियुक्ति (३) अमन चैन कायम गर्न शान्ति सुरक्षाको प्रत्याभूति दिने र अर्थ व्यवस्थालाई लिकमा ल्याउने कार्य मात्र गर्न सके, नेपाली जनताले लामो समयपछि सन्तोषको सास फेर्न पाउने छ । जनताले अहिले कुनै चमत्कार खोजेको छैन, आशा पनि गरेको छैन । त्यसैले प्रमको लागि अग्निपरीक्षाको कुण्ड र समस्याको पहाड खडा गरेर जनतालाई भ्रमित गर्ने कार्य गर्नु अनुचित हुनेछ । देउवा हामीजस्तै एउटा नेपाली हुन् । उनको बानी-बेहोर र गुण र दुर्गुण पनि हामीमा जस्तै होला तर अलि बढी क्षमतावान् भएकाले नेता बन्न पुगेर प्रधानमन्त्री भएका हुन् । त्यसैले उनलाई हनुमान नबनाऔं ।

२०७८ साउन २० गते बुधवार

के दिए ओलीले र के पायो एमालेले ?

सर्वोच्च अदालतको फैसलापछि ओली समूहको एमालेले नेपालको राजनीतिमा भुइँचालो नै गएको देखेको छ र यसैको आधारमा शक्ति पृथकीकरण ध्वस्त भएको र बहुदलीय गणतन्त्रमा निर्दलीयता पसेको हल्ला चलाएको पाइन्छ । शक्ति पृथकीकरण ध्वस्त भएको भन्नेहरूले के बुझ्न जरूरी छ भने यो राष्ट्रपतीय शासन प्रणालीको मुख्य गुण हो । यसमा कार्यपालिका र विधायिकाको निर्वाचन नै बेग्लै हुन्छ । त्यहाँ न राष्ट्रपतिले विधायिका विघटन गर्न सक्छ न विधायिकाले राष्ट्रपति बनाउन सक्छ । तर संसदीय व्यवस्थामा विधायिकाको निर्वाचन हुन्छ र विधायिकाले आफूले बनाएको ऐन-कानून कार्यान्वयन गर्न आफूमध्येबाट कार्यपालिका गठन गर्दछ । त्यसैले संसदीय व्यवस्थामा न्यायिक स्वतन्त्रताको अवधारणा अनुरूप न्यायपालिकाको व्यवस्था हुन्छ जसले विधायिकाको भाव र मर्म अनुरूप कानून कार्यान्वयन भए नभएको हेरेर निर्णय गर्दछ। दोस्रो कुरा निर्दलीयताको हो । संविधानले बहुदलीय व्यवस्था आत्मसात् गर्दै त्यही अनुरूप निर्वाचनबाट गठित विधायिकाबाट सबैभन्दा ठूलो दल वा त्यो नभए सानो दलहरू मिलेर र त्यसबाट पनि सम्भव नभए संसद्को कुनै सदस्यले आफ्नो पक्षमा बहुमत देखाउन सके ७५ (५) मा सरकार गठन गर्ने व्यवस्था गरेको छ। यो व्यवस्थाको पहिलो उद्देश्य त जनताले निर्वाचित गरेको संसद्ले पूर्णकाल काम गरोस् भन्ने हो, साथै यसले परोक्षरूपमा दलहरू मिलेर सरकार बनाउन नसके यो व्यवस्थाबाट समेत सरकार बन्न सक्छ भनेर मिलेरै भए पनि सरकार बनाउन दबाब दिने हो । यसलाई सुल्टो बुझ्नुको सट्टा ह्वीप नलाग्ने भएकोले निर्दलीय हो भन्ने बुझाइ राख्ने विद्वान्हरू ओलीजीको एमालेमा मात्र हुन सक्छन् ।

नेपालको कम्युनिस्ट आन्दोलनले धेरै उतारचढाव देखेको छ । वर्ग शत्रुको हत्या नगरी कम्युनिस्ट नहुने मान्यताबाट बोकेर हिंडेको यो दल आफ्नो यात्राको क्रममा एकजुट कहिले हुन सकेन । स्व विपी कोइराला बाचुन्जेल पञ्चायतको चुनावमा जनपक्षीय हस्तक्षेप गर्ने भन्दै अधिकांश समूहले पञ्चायतको राजनीतिमा भाग लिदै आफ्नो अस्तित्व बोध गराइराख्न विपीलाई गाली गर्ने एक सूत्रीय राजनीति गर्दै उनको देहावसानपछि अलमलमा परेका यिनलाई काङ्ग्रेसकै सर्वमान्य नेता स्व. गणेशमान सिंहले २०४६ को आन्दोलनमा टुक्रा-टुक्रा परेका वामपन्थीहरूसँग मोर्चा बनाएर आए मात्र जनान्दोलनमा साथ लिएर हिंड्ने अवस्था बनाइदिएकाले यिनीहरूमध्ये धेरैजसो एमालेको झन्डामुनि एकत्रित भएर बहुदलीय व्यवस्थामा प्रवेश गरेको कसैसँग लुकेको छैन । संसारबाट साम्यवाद अस्ताउन लागेको बेला नेपाली काङ्ग्रेसको आन्तरिक कलहबाट लाभ उठाउँदै देशलाई प्रधानमन्त्री दिन यिनीहरू सफल भएका हुन् । स्व.

मनमोहन अधिकारी, झलनाथ खनाल र माधव नेपालबाट प्रधानमन्त्रित्व सर्दै केपीशर्मा ओलीमा आइपुगेको हो । स्व. मनमोहन अधिकारीदेखि खनाल र नेपालसम्मको प्रधानमन्त्रीको यात्रामा महाकाली सन्धिमा नेपाल र ओलीको संलग्नताबाहेक अन्य कुनै ठूलो विवादित काम भएको पाइँदैन । तर कमरेड केपी ओली दुईतिहाई बहुमत ल्याएर प्रधानमन्त्री बनेदेखि नेपालमा चर्चित हुने काम मात्र गरेको पाइन्छ । सबभन्दा पहिलो त उनको धर्मनिरपेक्षता र सङ्घीयताप्रतिको असहिष्णुता नै हो । त्यसपछि होली वाइन प्रकरण र हुँदै नभएको विश्वविद्यालयबाट विद्यावारिधिको उपाधि हासिल गर्दै भारत र चीनसँग नेपाललाई रेलमार्गबाट जोडेर बजार स्टेट बनाउनेदेखि हिंडेर भारतीय प्रधानमन्त्रीसँग रामायण सर्किट बनाउँदै, नेपालीलाई पानीजहाजमा सफर गराउने र घरघरमा ग्याँस पाइप पुऱ्याउने सपना देखाउँदै चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणको क्रममा नेपाल र चीन रणनीतिक साझेदार भएको भनाइ चिनियाँ महाममिहमबाट सार्वजनिक भएलगत्तै चीनको बिआरआईलाई आराम दिँदै एमसिसी पास गराउने क्रममा पूर्व सभामुख महरा प्रकरणका साथै कम्युनिस्ट भएर पनि पशुपतिमा सुनको जलहरी अर्पण गर्ने अनि राम मन्दिरको प्रकरणसम्म आइपुगेकै हो । यसै यात्राको क्रममा चुच्चे नक्शा सार्वजनिक गरेर उग्र राष्ट्रवादी छवि बनाउँदै दशैंको उपलक्ष्यमा भारतीय समकक्षीलाई बधाई पठाउँदा भने चुच्चे नभएको कार्डमा शुभकामना दिन पुगी फेरि भारतको विश्वास अर्जित गर्न सफल भएको कुरा भारतीय थल सेनाध्यक्ष मुकुन्द नरवणे र त्यसपछि रअका प्रमुख सामन्त गोयलको भ्रमण र त्यसपछि बढ्दै गएको नेकपा एमालेभित्रको ओली र नेपाल एवं प्रचण्ड समूहको द्वन्द्व र चिनियाँ राजदूत महामहिम याङछीको सक्रियताले लुकाउन नसकेको हो । प्रधानमन्त्रीले नेतृत्व गरेको सरकारले गुठी, मानव अधिकार आयोग, प्रेस काउन्सिल र नागरिकतासम्बन्धी नियन्त्रणमुखी विधेयकहरू संसद्मा प्रस्तुत गरेकै हो । हुँदै नभएको कानून छ भनेर एकपटक मात्र होइन, दुईदुईपटक संसद् विघटन गरेकै हो जुन सर्वोच्चको संवैधानिक पीठले खारेज गरिदिएको सबैलाई अवगत नै छ । नवनिर्वाचित प्रधानमन्त्रीको शपथ ग्रहणमा सहभागी नभएर र संसद्मा समेत विश्वासको मत लिने बेला आफैं संसद छलेबाट नै उनको प्रजातन्त्रप्रतिको प्रतिबद्धता स्पष्ट हुँदाहुँदै उनीबाट प्रजातान्त्रिक व्यवहारको अपेक्षा गर्नु कति उचित हो ? राष्ट्रपतिसमक्ष शपथ लिंदा उनको अर्घेल्याई समेतलाई सम्झँदा उनी आफ्ना पूर्ववर्ती वामपन्थी प्रधानमन्त्रीहरूभन्दा बेग्लै राजनैतिक संस्कार भएको व्यक्ति हुन् भन्ने कुरा हामीले पनि बुझ्नु आवश्यक छ । प्रधानमन्त्री भएदेखि उनले गर्न खोजेको हरेक काम असफल हुँदै गएकोले स्वाभाविकरूपमा उनी हीनभावनाले ग्रस्त हुँदै अन्त्यमा सत्ता नै जाने देखेपछि अगुल्टोले हानेको बिरालो तर्सेर जसरी उपद्रव मचाउँछ त्यही शैली अङ्गीकार गर्न पुगेको बुझेर उनलाई समर्थन गर्ने जमातप्रति सबैले सहानुभूतिपूर्वक विचार र व्यवहार गर्न आवश्यक ठान्दछु । तर मलाई लागेको ओली यात्राको सबभन्दा दुःखद पक्ष भने वामपन्थी राजनीतिमा लागेर राष्ट्रिय छवि बनाएका

केही युवा नेताहरूसमेतको कान्तिक्षय हुनेगरी अनुचरमा रूपान्तरण भएको छ ।

संसद्को यो सत्र प्रारम्भ भएदेखि नै एमालेका मूर्धन्य नेताहरूले परमादेशबाट बनेको सरकार भनी घोचपेंच गर्दै आएको क्रमलाई निरन्तरता दिन पूर्व सभामुख नेम्वाङ पनि पछि परेनन् तर कति नैतिकवान् रहेछन् भन्ने कुरा प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिउत्तर दिने बेलामा ७६ (५) संविधानमा किन राखिएको भन्ने प्रश्न राख्दा उनी संसद्बाट बाहिरिइ सकेका थिए । विपक्षको धर्म नै हो हाम्रो जस्तो देशमा सत्ता पक्षको जसरी भए पनि विरोध गर्नु । तर प्रम देउवाले धैर्य नगुमाएर गङ्गामायालाई न्याय दिलाउने बाटोमा अगाडि बढ्दै निर्मला पन्तको हत्यारा सार्वजनिक गर्ने, प्रभावकारी खोप अगाडि बढाउने कार्य र सन्तुलित पररा्ष्ट्र सम्बन्ध बनाउने गुरुतर दायित्व निर्वाह गर्दै देशलाई आगामी निर्वाचनको बाटोमा डोऱ्याउन सक्नुपर्छ ।

यसका साथै दुईदुईपटक प्रतिनिधिसभा पुनर्स्थापना गरी संविधानको मर्म र भावनाको रक्षा गर्न सर्वोच्च अदालतको फैसलाबाट मन एकदम आनन्दित र हर्षित भइरहेकै बेला संवैधानिक परिषद् र रञ्जन कोइरालाको मुद्दाको सुनवाइमा भइरहेको ढिलाइबारे समाचार पढ्नुपर्दा मन फेरि अमिलो भयो। अत्यन्तै संवेदनशील र चर्चित मानिएका यी मुद्दाहरूमा सर्वोच्चले आफ्नो सर्वोच्चताको साख जोगाउँदै न्याय निरूपण गर्नै पर्दछ। यस्तो नभए अत्यन्तै सम्मानित संस्थाप्रति बढेको आम नेपालीको विश्वास घट्न सक्छ । त्यसैले आशा गरौं प्रम देउवा जनइच्छा अनुसार अगाडि बढ्ने छन् र सम्मानित अदालतले यस्ता मुद्दामा समेत ऐतिहासिक फैसला गर्नेछ ।

२०७८ साउन १३ गते बुधवार

सबैको जय होस् !

सर्वोच्च अदालतको संवैधानिक पीठले असार २८ गते गरेको फैसलाबाट ओलीको सत्ता गुमेको छ । संविधानको धारा ७६ (५) अनुसार शेरबहादुर देउवा प्रधानमन्त्रीमा नियुक्त हुनुभयो तर उनलाई प्रथम ग्रासे मक्षिकाः पातम् जस्तै भएको छ । शपथग्रहणका लागि राष्ट्रपतिको कार्यालयले प्रकाशित गरेको विज्ञप्तिमा संविधानको धारा उल्लेख नगरिएको सम्बन्धमा उत्पन्न वादविवादका कारण उक्त समारोह ढिलो शुरू भयो । तर समारोहलाई राष्ट्रपतिले आफ्नो अशोभनीय व्यवहारले अमर्यादित बनाइदिनुभयो । शपथग्रहणपश्चात् न त राष्ट्रपतिले नवनियुक्त प्रधानमन्त्रीलाई बधाई ज्ञापन गर्नुभयो, न संवैधानिक अङ्गका प्रमुखहरूसँग प्रधानमन्त्रीको परिचय नै गराउनुभयो । सम्पूर्ण विश्व खासगरी कूटनीतिक क्षेत्रले यस व्यवहारलाई पक्कै नियालेको हुनुपर्छ र गणातान्त्रिक नेपालको राष्ट्रपतिको बारेमा आफ्नो धारणा बनाएको हुनुपर्छ । यतिले पनि नपुगेर अझ अगाडि बढ्दै नवनियुक्त महान्यायाधिवक्तालाई राष्ट्रपति भवनमा राष्ट्रपतिको उपस्थितिमा सर्वोच्च अदालतका प्रधानन्यायाधीशले शपथग्रहण गराउने परम्पराविपरीत राष्ट्रपतिको कार्यालयले यसो गर्न अस्वीकार गरेको कारण नेपालको महान्यायाधिवक्ता, जो कानूनसम्मत ढङ्गले नेपाल सरकार र राष्ट्रपतिसमेतको कानूनी सल्लाहकार हुन्, उहाँलाई राष्ट्रपतिको अनुपस्थितिमा सर्वोच्च अदालतमा प्रधानन्यायाधीशले शपथग्रहण गराउनुभएको छ । संविधानको संरक्षकको भूमिकामा राष्ट्रपति कति खरो उत्रनुभयो, त्यसबारे नबोली आउँदा दिनमा उहाँबाट झन् कस्ता कार्यहरू हुनेछन्, त्यसको अनुमान भने लगाउन सकिन्छ ।

पूर्वगृहमन्त्री खगराज अधिकारीको विचारमा सर्वोच्चले सधैं काङ्ग्रेसको पक्ष र एमालेको विपक्षमा फैसला गर्ने गरेको इतिहास नै भएको दाबी गरिरहँदा सर्वोच्चले नै नेकपा विघटन गरेर एमालेलाई लाग्न पुगेको गुन भुसुक्क बिर्सिनु मात्रै भएन संवैधानिक अङ्ग निर्वाचन आयोगले दर्ता भएको दलकै नाममा पुनः नेकपा किन दर्ता गऱ्यो भन्न छुटाउनुभयो । त्यस्तै, केशव बडालले नेपाली व्याकरण पाठ गर्दै माधवकुमार नेपाललाई धोकेबाज, गद्दारसम्म भन्न भ्याउँदा १५ वर्षसम्म एमालेको सर्वोच्च पद महासचिवमा आसीन र प्रधानमन्त्रीसमेत भइसकेका माधवकुमार नेपाल तथा झलनाथ खनाललाई कसरी टुक्राटुक्रामा एमालेमा अपमानित गरेर राखिएको थियो भन्ने कुरा तथा यस्तो व्यवहारलाई नेपाली व्याकरणमा के भनिन्छ भन्न भ्याउनुभएन । पढेलेखेका र विद्वान् नै नभए पनि जान्ने बुझ्नेमा दरिने खगराज अधिकारी र केशव बडाल जस्ताको त यस्तो मति छ भने सूर्य थापा र महेश बस्नेतको त के कुरा गर्नु ?

उहाँहरूको विचारमा देउवाको १४९ र ओलीको १५३ मध्ये ओलीको १५३ लाई ठीक मानेर प्रतिनिधिसभाको सदस्य सङ्ख्या ३०२ मानेको भए सर्वोच्चको फैसला संविधानसम्मत हुन्थ्यो र उहाँहरूले अदालतको जयजयकार गर्नुहुन्थ्यो । त्यसैगरी, ओली सरकारको पहिलो प्रतिनिधिसभाको विघटन बदर गर्दा 'संसद्बाट सरकार बन्ने सम्भावना रहेसम्म विघटन गर्न नमिल्ने' भनेर गरेको आफ्नो आदेशलाई संविधानमा कहीं उल्लेख नगरेको

भएपनि पटक–पटकको विघटन प्रमको जन्मसिद्ध वा वंशजकै अधिकार हो भनेर फैसला गरिदिएको भए श्रीमान्हरूको पुतला जलाउनुको सट्टा तस्वीरमा माल्यार्पण गरेर जुलुस निकाल्नुहुन्थ्यो होला । अझ पारिश्रमिकको दफामा उल्लिखित उन्मुक्तिलाई गणतन्त्रमा राष्ट्रपतिको कामकारबाई र त्यो पनि पदीय दायित्व निर्वाह गर्दाको बारे अदालतमा मुद्दा चलाउन नमिल्ने फैसला गरेको भए शायद राष्ट्रपतिले महान्यायाधिवक्तालाई राष्ट्रपतिको कार्यालयमा शपथग्रहण गराउन पनि दिनुहुन्थ्यो होला। संसारभरि नवनियुक्त प्रधानमन्त्रीको शपथग्रहणमा निवर्तमान उपस्थित हुने परम्परा कूटनीतिक संस्कार नै भइसकेको बेला हाम्रा निवर्तमान शपथग्रहणमा सहभागी नहुनु र बालुवाटारबाट बालकोट प्रस्थान गर्दा गर्नुभएको 'रोड शो'ले उहाँको सत्तालिप्सालाई नै दर्शायो । त्यसबाट पनि नपुगेर बालकोटको बार्दलीबाट उहाँले गर्नुभएको भाषणले त झन् सबै प्रजातान्त्रिक संस्कारको सीमा नै नाघ्यो। यी सबै घटनाक्रमले अरूको जीउको जुम्रा देख्ने तर आफ्नो जीउको भैंसीसमेत नदेख्ने उखान चरितार्थ भएको छ वा भइरहेको छ ।

शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि कुनै चमत्कार भइहाल्नेछैन । यसको बान्की विजयकुमार गच्छदार प्रकरण र यातायातको भाडा वृद्धिमा नयाँ सरकारले मौनता लिइसकेको छ। शासन त्यसैगरी चल्नेछ, गङ्गामाया र निर्मलाले न्याय पाउने आशा पनि नराखे हुन्छ। मानव अधिकार आयोगको सिफारिश, अदालतको फैसला र अख्तियारको रवैयामा समेत केही फरक पर्नेछैन । तर कमसेकम संसद् विघटन नै भए विधिसम्मत ढङ्गबाट हुने, अध्यादेशबाट शासन नचल्ने र कूटनीतिक मर्यादाको पालना हुने अपेक्षासम्म गर्न सकिन्छ । प्रजातन्त्रमा जीतलाई उमङ्गका साथ एवं हारलाई पनि धाँधलीरहित भए स्वाभाविकरूपमा लिइन्छ । विश्वमा अग्रणी प्रजातान्त्रिक देश अमेरिकाका राष्ट्रपति ट्रम्पले जाँदाजाँदै संसद्मा जे गरे, गराए त्यसको तुलनामा नवनिर्वाचित अमेरिकी राष्ट्रपति बाइडेनले श्वेत प्रहरीद्वारा हत्या गरिएका अश्वेत नागरिकका छोरासँग घुँडा टेकेर क्षमायाचना गर्नुमध्ये कसलाई प्रजातान्त्रिक संस्कार भन्ने पाठक स्वयंले निर्णय गर्दा राम्रो हुनेछ । तर यस घटनाको तुलनामा नेपालको सामाजिक सञ्जालमा प्रकाशित स्व किसुनजीको छाता एवं गाग्रो भएको तस्वीरलाई भर्खरै निवर्तमान हुनुभएका ओलीको लावालस्करसँग भने पक्कै तुलना गर्न सकिन्छ । यो कुरा फोटो प्रकाशित भएकोले मात्रै लेखेको हुँ । अन्यथा मेरो विचारमा यो तुलनायोग्य नै छैन र गर्नु 'डेयर डेभिल एक्ट' हो ।

उहाँहरू (ओली समर्थकहरू) किन यसरी सोच्नुहुन्छ ? प्रतिक्रियात्मक सोचलाई 'इन्डिभिजुअल लाइक' र 'डिसलाइक' भनिएको छ । त्यसै अनुसार यसलाई धनात्मक (पोजेटिभ) र ऋणात्मक (नेगेटिभ) भनिएको छ । एउटा गिलासमा आधा हुने गरी राखिएको पानीलाई आधा भरिएको भन्नेहरू धनात्मक सोचका र आधा खाली भन्नेहरू ऋणात्मक सोच भएका मानिन्छन् । ओलीको एमालेमा ऋणात्मक सोच भएकाहरूको बाहुल्यता भएकाले होला माधवकुमार नेपाल समूहका धनात्मक सोच भएकाहरू त्यहाँ अटाएनन् र यही कारणले ओलीले नजानिंदो किसिमबाट आफ्ना प्रिय प्रतिपक्षी साथी देउवालाई सत्ता हस्तान्तरण गर्ने वातावरण बन्यो । अहिले आक्रोश पोखेर के गर्ने ? पहिला नै सबै पक्षको विचार सुनेर हिंडेको भए दुई तिहाइ अल्पमतमा परी विश्वासको

मत नै नपाउने दुर्दिन हेर्नुपर्ने थिएन। त्यसैले भनिन्छ, राजनीति राम्रो होइन तर त्यसमध्ये सबैभन्दा दोस्रो राजनीति प्रजातन्त्र हो किनभने यसमा विपक्षीहरूले ठाउँ-ठाउँमा सचेत गराइरहेका हुन्छन्। नचेते दुर्घटना अवश्यम्भावी छ।

मदमस्त भएर दुई तिहाइको अभिमानमा गाडी चलाउँदा भएको दुर्घटनाको दोष अरूलाई दिनुभन्दा समग्र ओलीजीको एमालेले विपक्षी राजनीतिज्ञ, बुद्धिजीवी र वकीलहरूसँग आफूले कहाँ-कसरी गलती गरेको भनेर लक्ष्मणले रावणको पाउनजीक उभिएर दीक्षा लिए जस्तै गरी ज्ञान लिन सके आउँदा दिनहरू उज्यालो हुन सक्छन्।

बुधवार ६ गते प्रकाशित हुने यो लेख लेखिरहँदा आज साउन ३ गते आइतवार नै बोलाइएको प्रतिनिधिसभा बैठकमा सम्माननीय प्रम शेरबहादुर देउवाले विश्वासको मत लिनुहुने भएको र सोको परिणाम सार्वजनिक हुँदा आवश्यक १३६ को सट्टा १६५ मत प्राप्त गरी उहाँ सदनको विश्वास जित्न सफल हुनुभएको छ। उहाँले माग्नुभएको विश्वासको मतमाथि आफ्नो धारणा राख्दै एमालेका तर्फबाट पूर्वपरराष्ट्रमन्त्रीले आफ्नो विचार राखेपछि काङ्ग्रेसका डा मिनेन्द्र रिजाल र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले जे भन्नुभयो त्यो त एमालेलाई यथेष्टभन्दा बढी नै पुगेको जस्तो लाग्छ तर विश्वासको मत जितेपछि प्रम देउवाले निवर्तमान प्रमलाई सम्झँदै 'उहाँ आउनुभएको भए मलाई खुशी लाग्ने थियो' भन्ने भनाइ राखेर एमालेको ओली समूहले जतिसुकै प्रजातन्त्र वा जबजको खोल ओढे पनि वस्तुतः त्यो समूह उग्रवामपन्थीहरूको समूह हो भन्ने तथ्य सार्वजनिक भएको छ। त्यसो नहुँदो हो त दुई तिहाइ बहुमत प्राप्त गर्ने दलको नेताको रूपमा एकलौटी शासन सञ्चालन गर्ने यिनीहरूले मदन भण्डारीको शङ्कास्पद मृत्युको सम्बन्धमा छानबीन गर्ने एउटा आयोगसम्म गठन गर्न नसक्नुलाई के भन्न सकिन्छ ? विभाजित जसपाका तर्फबाट बोल्दै महन्थ ठाकुरले प्रमलाई परमादेशको प्रधानमन्त्री भनेर सम्बोधन गर्दै समर्थन भने दिने भनिरहँदा कुन नैतिक धरातलमा उभिएर उहाँले यसो भन्नुभयो सोचिरहनु आवश्यक छैन किनभने उहाँसँग बाँकी रहेका १२ जनामध्ये ४/५ जना त मन्त्री हुन नसके बाँच्नै नसक्ने र त्यो अवस्था आएमा यादव समूहमा सामेल हुनसमेत नहच्किने खालका भएकाले आफ्नो गरिमा जोगाउनसमेत उहाँलाई यति गर्नुपर्ने बाध्यता नै थियो। एमालेको नेपाल समूहबाट डा भीम रावलले सांसदको पदबाट राजीनामा दिनुभयो भने केही सहभागी हुनुभएन। सर्वोच्चमा दिइएको मुद्दामा शेरबहादुर देउवालाई प्रम नबनाएको असंवैधानिक भयो भनेर न्याय माग्न जाने १४९ मध्येका उहाँहरूले कुन नैतिक धरातल टेकेर यस्तो गर्नुभयो, त्यो त आउँदा दिनमा स्पष्ट नै हुनेछ तर समग्रमा नेपाली जनताले राहतको सास फेरेको हुनुपर्छ। किनभने सङ्घीय सरकार अब सत्ताको उठापटकबाट १/२ वर्षको लागि मुक्त भएको छ र यो सरकारले आफ्नो स्थापना वा गठनको गरिमा बुझेमा प्रमले के भनेझैं पहिलो प्राथमिकतामा जीवनरक्षाको लागि खोपलाई जनमानसको पहुँचमा बढाउँदै जनजीवनलाई सामान्य लयमा फर्काउन सकेर आगामी निर्वाचन सफलतापूर्वक सम्पन्न गराउन सक्नु नै ठूलो उपलब्धि हुनेछ।

२०७८ साउन ०६ गते बुधवार

यो हो संवैधानिक सर्वोच्चता

लामो समयदेखि चलिरहेको एमाले एकताको प्रयास बिथोलिदै चल्दै असार २६ गतेसम्म सहमतिमा भने पुग्न सकेको छैन । २८ गते सर्वोच्चको फैसला आउनुअगाडि यो टुङ्गिने सम्भावना पनि छैन किनभने प्रम ओलीको बटमलाइन भनेको आफ्नो सत्ताको निरन्तरताको लागि हस्ताक्षर फिर्ता रहेको छ भने नेपाल समूहको बटमलाइन प्रतिनिधिसभा विघटनको निर्णय गलत भएको स्वीकारोक्तिका साथै सर्वोच्चको फैसला अनुसार अगाडि बढ्ने रहेको छ । दुवैजनाको बटमलाइनबाट कोही पनि पछाडि हट्दा राजनीतिक साख नै समाप्त हुने अवस्था छ । सबैको ध्यान सर्वोच्चको फैसलातिर केन्द्रित भइरहँदा तीनवटा विकल्प मेराअगाडि थिए । पहिलो आशावादी अवस्थामा संसद् पुनर्स्थापनाका साथै प्रममा शेरबहादुर देउवाको नियुक्ति, दोस्रो मिश्रित अवस्थामा पुनर्स्थापना गर्दै राष्ट्रपतिले ओलीको नियुक्ति बदर गर्दै संसद्मा बहुमतको परीक्षण र तेस्रो अत्यन्त निराशावादी अवस्थामा विघटन सदर । तीनवटै विकल्पमध्ये आशावादी फैसला आउनेमा म ७० प्रतिशत ढुक्क थिएँ भने मिश्रितमा २० प्रतिशत र निराशाजनकमा १० प्रतिशत मात्र ।

तर २८ गते सर्वोच्चको फैसला सुन्दा मलाई एक साधारण नेपालीको हैसियतमा अत्यन्त गर्व एवं खुशी लागेको छ । किनभने सर्वोच्च अदालतले गरेको फैसला मैले विगतका अङ्कहरूमा लेखेको र अनुमान गरेको कुरासँग बिल्कुलै मेल खाने पाएको छु । सर्वप्रथम त विश्वासको मत लिने कुरामा नेपालको संविधानको धारा ७७ (ख) मा धारा १०० बमोजिम विश्वासको प्रस्ताव पारित भएमा, भनेर उल्लेख गरिएको छ । यहाँनेर विश्वासको प्रस्ताव पारित हुन नसकेमा भन्नेबाट संसद्बाट वा अन्य कुनै कारणबाट पारित हुन नसकेमा भन्ने अर्थसमेत लाग्दछ र ओली स्वयंले राष्ट्रपतिसमक्ष विश्वासको मत लिने अवस्था नभएकोले ७६ (५) अनुसारको सिफारिश गर्नुभएको थियो । त्यसैले सर्वोच्चले यस निर्णयमा अक्षरशः संविधानको मर्म अनुसारको निर्णय गरेको स्पष्ट छ । अर्को विवादित सन्दर्भ उन्मुक्तिको हो । यसमा समेत गताङ्कमा पारिश्रमिकसम्बन्धी व्यवस्थाले काम र कर्तव्यको क्षेत्रलाई समेत उन्मुक्ति दिएको मान्न सकिदैन भनेर लेखेको सम्मानित सर्वोच्चको संवैधानिक पीठले हूबहू यही निर्णय गरेको छ । पुनर्स्थापनामा समेत आफ्नो पूर्वनिर्णय गरेको छ । पुनर्स्थापनामा समेत आफ्नो पूर्वनिर्णयमा संसद्बाट सरकार बन्ने सम्भावना रहेसम्म विघटन गर्न नमिल्ने निर्णय गरेको थियो । तर महामहिम राष्ट्रपतिले संसद्लाई विश्वासमा नलिई मन्त्रिपरिषद्को सिफारिशलाई समेत असंवैधानिक भनेकी छन् । अर्को जल्दोबल्दो र चर्चाको विषय शेरबहादुर देउवालाई नाम किटान गरेर प्रम नियुक्त गर्न दिएको आदेशले न्यायपालिकाले कार्यपालिका वा संसद्को कार्यक्षेत्रमा हस्तक्षेप गरेको भनेर

उठाइएको कुरा छ, त्यसबारे मुख्य बुझ्नुपर्ने कुरा के छ भने अदालतमा १४६ जना सांसदले उपस्थित भएर शेरबहादुर देउवालाई प्रम नबनाउनु संविधानको उल्लङ्घन भएकोले निजलाई नै प्रम बनाउन परमादेश वा त्यो चाहिंदो आदेश मात्र गरेको तथ्यलाई परीक्षण गर्दा ठीक पाएकोले निवेदकहरूको मागबमोजिम न्याय पाउनुपर्ने व्यक्तिको नाउँ शेरबहादुर देउवा भएकोले उनैलाई प्रम बनाउन परमादेश जारी भएको हो । यसमा विवाद गर्ने ठाउँ कतै देखिन्न । त्यसैले अब पक्ष र विपक्ष सबैको ध्यान आउने दिनको राजनीतिमा केन्द्रित गर्नु नै उपयोगी हुने देखिन्छ ।

हिजोको विपक्षी गठबन्धनको बैठकमा माधवकुमार नेपाल अब आफू एमाले पार्टीको एकताको लागि जाने भनेर हिंड्नुभएको प्रसङ्गलाई लिएर देउवा सरकारको आयुको चर्चासमेत चल्न थालेको छ । देउवाले विश्वासको मत पाए प्रतिनिधिसभा दुई वर्ष चल्ने र नपाए संसद् विघटन गरी कामचलाउ सरकारको हैसियतमा निर्वाचनमा जानुपर्ने अवस्था छ । तर अब एमालेभित्र माधवकुमार नेपाल समूहको बार्गेनिङ पावर बढेको छ र आउँदो एक महीनामा नेपाल स्वयम् सन्तुष्ट हुनेगरी एकता नभएमा उहाँले अलग पार्टीको निर्माण गर्ने वा एमालेमै बसेर ७६ (५) अनुसारको सरकारलाई समर्थन गर्दा पार्टीको ह्वीप नलाग्ने अवस्थासमेत सबैको सामु भएकोले यसलाई लिएर चिन्तित भइहाल्नुपर्ने अवस्था देखिंदैन ।

चिन्ता केको लागि किन उपयुक्त हुन्छ भने सर्वोच्चले जसरी संविधानको मर्म र भावनालाई आत्मसात् गरी ऐतिहासिक निर्णय दिएको छ । आउने सरकारले अब त्यसलाई आत्मसात् गरी उच्च जिम्मेवारी बोधका साथ देश र देशवासीको हितमा काम गर्ने अठोट गर्नुपर्दछ । नयाँ बन्ने सरकारको पहिलो प्राथमिकता कोरोना खोपको उचित व्यवस्थापन गरी देशको आर्थिक गतिविधिलाई सामान्यस्तरमा फर्काउने, शान्ति सुव्यवस्था कायम गर्न अपराध नियन्त्रणका साथै सबै संवैधानिक अङ्गमा आफ्नो दलको नभनी योग्य र क्षमतावान् व्यक्तिको नियुक्ति हुनुपर्दछ । संवैधानिक अङ्गका प्रमुखहरूलाई एवं राजदूतहरूलाई दलीय आधारमा नियुक्ति गर्दाको पीडा भोगाइको बोध खासगरी देउवा र प्रचण्डजीलाई पक्कै पनि भएको हुनुपर्छ। नेकाका नेता रमेश लेखकले आज बिहानै आफ्नो रेडियो अन्तर्वार्तामा महाअभियोगबारे सोधिएको प्रश्नमा नेपाली काङ्ग्रेसले प्रतिशोधको राजनीति नगर्ने भनी स्पष्ट पारिसक्नुभएकोले हालको विपक्षी गठबन्धन सत्तामा गए पनि यो विकास र सुशासन केन्द्रित हुनेछ भन्ने अपेक्षा लिन सकिन्छ ।

अहिले देशभर सर्वोच्चको निर्णयको विरोध एवं प्रधानन्यायाधीशको पुतला जलाउने कार्य भइरहेको छ । किनभने उहाँहरूको बुझाइ संविधानको मर्म एवं भावनाविपरीत छ। जब व्यक्ति जडवादी हुन्छ प्रायः त्यस्ता व्यक्तिहरूको धारणा नकारात्मक हुन्छ र उनीहरू हरेक कुरालाई उल्टो गरी बुझ्ने र गर्ने प्रयास गर्दछन् । जगत्गुरु शङ्कराचार्यले विद्वान्को परिभाषा दिंदै भनेका छन्, जसले क्लिष्टभन्दा क्लिष्ट विषयवस्तु साधारण

व्यक्तिलाई सजिलैसँग बुझाउन सक्दछ, उही विद्वान् हो ।

हाम्रो संविधान सरल नेपाली भाषामा लेखिएको छ । यो प्रजातान्त्रिक संविधान हो र सकारात्मक धारणाले हेर्दा गणतन्त्रमा जनताको सार्वभौमसत्ता हुने भएकोले उसको निर्णयलाई सर्वोपरी राख्नुपर्ने र विधायिका, कार्यपालिका र न्यायपालिकाको हरेक निर्णयले उसको संवेदनशीलतालाई स्पर्श गर्न सकेमा मात्र प्रजातन्त्र स्थापित हुने मान्यतालाई सर्वोपरी राखेर विचार गर्दा न्यायपालिकाले आमनेपालीको राम्रो जीवन बाँच्न पाउनुपर्ने नैसर्गिक अधिकारको रक्षा गर्न देशमा सत्ता लोलुपताका कारण देखिंदै आएको राजनीतिक अस्थिरताउपर लगाम लगाउन नै यस्तो कठोर तर संविधानसम्मत निर्णय गरेको हो । त्यसैले रिस, राग, द्वेष सबै भुलेर मुक्तकण्ठले सबैले देश विकासको कार्यमा यो सरकारलाई सघाउनु र सरकार ठीक बाटो नहिंडे वा बाटो बिराए सचेत गराउनु नै अबको उत्तम विकल्प हो । देशमा सङ्कटकालको हाउगुजी देखाउने कामसमेत केही गैरजिम्मेवार वयक्तिबाट भइरहेको छ । यस्तो कुत्सित भावनाको सबैले असहयोग गरी समाप्त गर्नु पनि हाम्रो दायित्व हो ।

२०७८ असार ३० गते बुधवार

फर्स्ट बेस्टपछि अब सेकेन्ड बेस्ट

विचित्रको स्थिति छ, हाम्रो यो देशको। अविरल वर्षाका कारण बाढीपहिरोले पीडितहरूको उद्धार र व्यवस्थापन हुन सकेको छैन भने राजधानीलगायत समग्र देशमा १७ प्रतिशतमा झरेको कोरोना सङ्क्रमण उकालो लागेर २१ प्रतिशत पुगेको छ। उता स्वास्थ्य मन्त्रालय भने कोरोना विशेष सरकारी अस्पताललाई बहिरङ्ग सेवा शुरू गर्न पत्राचार गरिरहेको छ। लकडाउन खुलेपछि ग्रामीण क्षेत्रबाट बढ्ने आवतजावतका कारण कोरोना सङ्क्रमण बढ्ने सङ्केतलाई बेवास्ता गरिएको छ। यति साहस गर्न कमसेकम ७० प्रतिशत जनतालाई खोप लगाइसक्नुपर्ने देशको सरकारका साथै राष्ट्रपतिसमेतको अपीलप्रति कतैबाट सकारात्मक उत्तर नआएपछि चीनबाट ४० लाख मात्रा खोप खरीद गर्न तयार भएको सरकारको अगाडि वास्तविकता के छ भने भारतले ७/८ महीनापछि मात्र दिन सक्ने र अन्य उत्पादकहरूले समेत तत्काल उपलब्ध गराउन नसक्ने भएपछि चीनप्रति दण्डवत भएको सरकारले यसको समेत खरीद प्रक्रियालाई अन्तिम रूप दिन सकेको छैन। राष्ट्रपतिको पत्रको कतैबाट उत्तर नआउनु र चीनबाहेक कुनै देश पनि सहयोगको लागि अगाडि नसर्नुबाट नै विश्व समुदाय र त्यसमा पनि नेपालको भूराजनीतिक बनोटका खेलाडी मानिने भारत, युरोपेली सङ्घ र बेलायतको के धारणा छ स्पष्ट हुन आउँछ।

हाम्रा प्रम ओलीले आफ्नो पार्टीको आन्तरिक विवाद मिलाउनुको साटो असंवैधानिक बाटो अख्तियार गरी प्रतिनिधिसभाको पहिलो विघटनबाट शुरू भएको संविधान उल्लङ्घनका घटनाहरूले उनको सरकारलाई दोस्रोपटक फेरि विघटनकै मुद्दामा सर्वोच्च अदालत पुऱ्याएको छ। यो सम्पूर्ण घटनाक्रमलाई नियाल्दा दुईवटा राजनीतिक चालमाथि विचार गर्नु नै पर्ने देखिन्छ। पहिलो चीनसँग नजीक रहनुभएका ओली कसरी टाढिनुभयो र भारतको उग्र विरोधी रहनुभएका ओली कसरी अहिले भारत समर्थक बन्न पुग्नुभयो। यसका लागि नेकपाभित्र दुईवटा महत्त्वपूर्ण कार्य भए। पहिलो, करीब दुई तिहाइको सरकार बनेपछि प्रम ओलीको महत्त्वाकाङ्क्षा बढाउने र दोस्रो, भारतसँगको सीमा विवाद चर्काउने। बढेको दम्भ र भारतसँगको विवादको दबाबले उहाँ एमसिसीको समर्थन गर्न बाध्य हुनुभयो भने अर्कोतर्फ त्यसैको विरोध गर्ने उहाँकै पार्टीभित्र अर्को समूह (प्रचण्ड–नेपाल) खडा गरियो। जसले एमसिसीको विरोध गर्दै बिआरआईलाई प्राथमिकतामा राख्न दबाबका विभिन्न कदमहरू चाल्न थाल्यो। आफ्नै दलभित्र यसरी दबाबमा परेका ओली अन्ततः भारतको नजीक हुन सैनिक कूटनीतिको प्रयोग गर्न बाध्य भएको देखिन्छ। दोस्रो महत्त्वपूर्ण चाल वा घटनाक्रम हो, ओली समर्थक रहनुभएका नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा उहाँको विरुद्ध खडा हुनु। यस अवस्थामा

उहाँनजीक रहनुभएका शक्तिराष्ट्रहरूको राजनीतिक विश्लेषण र नेपाली काङ्ग्रेसको महाधिवेशनको समयले पनि विशेष भूमिका खेलेको देखिन्छ । अन्तर्राष्ट्रिय शक्ति समीकरणका नेपालमा खेल्ने खेलाडीहरूमध्ये बेलायत र अमेरिकाको बुझाइमा तत्काल नेपालमा उनीहरूको अभीष्ट पूरा गर्न देउवा सबैभन्दा उपयुक्त पात्र हुनुहुन्छ किनभने उत्तरतर्फको सीमा विवाद प्रसङ्गमा चीनसँग विवाद परेर नेकाको सम्बन्ध चिसिदै गएको सबैले बुझेकै हुनुपर्दछ ।

उता भारतको लागि भने ओलीको उपयोगिता हराउँदै गएको र पाँचजना पूर्वप्रधानमन्त्रीले निकालेको विज्ञप्तिका साथै सुमधुर सम्बन्धको आधारमा विश्लेषण गर्दा देउवा, नेपाल, प्रचण्ड र उपेन्द्र यादव कसैको भारतीय संस्थापन पक्षसँग प्रिय सम्बन्ध नरहेको यो बेला बाहिरीरूपमा भारतले नेपालको घटनाक्रमलाई 'नोट गरेको' र 'नजीकबाट नियालिरहेको' भने पनि नेकाको १४औं महाधिवेशनको पूर्वसन्ध्यामा भारतको रुचि बढ्न थालेको भनेर विश्लेषकहरूको विचार आइ नै रहेको छ । १३औं महाधिवेशनमा रामचन्द्र पौडेलको राजनीतिक सिद्धान्तप्रतिको निष्ठा भारतको लागि उपयोगी नहुने ठानेर देउवालाई समर्थन गरेको भारतीय संस्थापन पक्ष यसपालि भने Worst Scenario Analysis गरी अगाडि बढिरहेको बुझिन्छ ।

ओलीविरुद्धको मोर्चाबन्दीमा लागेका देउवा र यसमा समर्थन जनाउने पौडेल, शशाङ्क, शेखर र सुजाता कोइरालालगायत विमलेन्द्र निधिसमेतले उम्मेदवारी दिने अवस्थामा भोलि देउवा नै निर्वाचित भएपनि Working Space रहिरहोस् भन्ने मान्यता राखेर विमलेन्द्र निधि, प्रकाशमान सिंह र शशाङ्क कोइरालाबीच मोर्चा बन्न सक्ने सङ्केत आइरहेको छ । भनिन्छ, विमलेन्द्र निधिलाई भारतीय संस्थापन पक्षले पर्दा पछाडिबाट समर्थन गरेर अगाडि सारेको हो । प्रतिनिधिसभा पुनर्स्थापित भएपनि नभएपनि ढिलो वा चाँडो नेपालमा निर्वाचनको विकल्प नभएको र विभाजित कम्युनिस्टहरूका कारण काङ्ग्रेस नै स्थापित हुने सम्भावना देखेको भारत धेरै नकारात्मक नभई आफ्नो छनोटको मानिसलाई अगाडि उभ्याइदिनेसम्मको मनस्थितिमा रहेको छ । तर उसको 'फर्स्ट बेस्ट' अहिले पनि प्रम ओली नै रहनुभएको र विपरीत परिस्थिति आएमा 'सेकेन्ड बेस्ट'को रूपमा नेका महाधिवेशनलाई प्रयोग गर्ने सोच बनाएको छ ।

नेपालमा भने स्थिति अत्यन्त तरल हुँदै गइरहेको छ । प्रम ओली अन्तिम समयसम्म आफूले चाहेको भएको हेर्न चाहनुहुन्छ । पटक-पटक एकता वार्ता अन्तिम समयमा आएर पटक-पटक भाँडिएको छ । सर्वोच्चको फैसलाको पालना गरेको भनेर प्रमले महाधिवेशन समिति भङ्ग गरी केन्द्रीय समिति गठन त गर्नुभयो तर त्यसमा माओवादीबाट छुट्टिएर आएका सदस्यहरूसमेत रहेकाले त्यो अवैधानिक भनेर नेपाल पक्षले असहमति जनाएको छ । यता प्रधानमन्त्रीले देउवालाई दिएको समर्थन फिर्ता लिन नेपाल पक्षलाई तीन दिने समयसीमा दिनुभएको छ । यसलाई नेपाल पक्षले अवैधानिक समितिको निर्णय भनेर नमान्ने भएको छ । प्रमसँग अब पहिला एकताको प्रयासको क्रममा फिर्ता

लिएको कारबाही फेरि चलाउने सिवाय अन्य विकल्प छैन । नेपाल समूहसित भने पुरानो केन्द्रीय समितिको बैठकबाट निर्णय नगराइ माओवादी छाडेर गएकाहरूलाई समितिमा राखेकोलाई गैरकानूनी भन्ने अधिकार छ । सर्वोच्चले आफ्नो फैसलामा संविधानको धारा ७६ (५) को मर्म के हो भनेर कसरी व्याख्या गर्छ भन्ने कुरामा समेत निर्भर देखिन्छ । सर्वोच्चले ७६ (५) को व्यवस्था देशको अत्यन्त प्रतिकूल परिस्थितिमा देशलाई सङ्कटबाट जोगाउन गरिएको व्यवस्था हो र यसमा 'कुनै सदस्य' भन्ने वाक्यांशले दलको समर्थन आवश्यक नभएको र सांसदले स्वतन्त्ररूपमा यस धाराको प्रयोजनको लागि मात्र प्रयोग गर्न पाउने व्यवस्था गर्ने सम्भावना बढी छ किनभने त्यसो नहुँदो हो त धारा ७६ (२) राख्नुको कुनै प्रयोजन देखिँदैन । सर्वोच्चको निर्णयलाई प्रजातन्त्रमा सबैले सम्मान गर्नुपर्छ भन्ने विषय निर्विवाद छ नै । तर यसै सम्बन्धमा राष्ट्रपतिको सम्बन्धमा अदालतमा मुद्दा चलाउन नपाइने प्रसङ्गका सम्बन्धमा नेपालको संविधानमा नेपालको सार्वभौमसत्ता जनतामा निहित छ भनिएको छ । यही जनताले तिरेको करबाट देश चल्दछ । जनतामाथि मुद्दा चलाउन ५०औं कानून छन् भने त्यही जनताको करबाट जीविकोपार्जन गर्ने कुनै पदाधिकारी कसरी कानूनको दायराबाट बाहिर हुन सक्छ बुझ्न सकिएको छैन ।

२०७८ असार २३ गते बुधवार

किन हुँदैन विकास ?

अमेरिकाको हार्वड विश्वविद्यालयका राजनीतिशास्त्रका प्राध्यापकद्वय स्टेभन लेबिटुस्की र डेनियल जिब्लाटका बहुचर्चित पुस्तक 'हाउ डेमोक्रेसिज डाइ'मा २१औं शताब्दीमा लोकतन्त्र कसरी सैनिक शासन वा हिंसात्मक गतिविधिबाट नभई लोकतान्त्रिक विधिबाट निर्वाचित जनप्रतिनिधिबाट भइरहेको लेखिएको छ । टाढाको कुरा छाडेर हाम्रो आफ्नै देश र छिमेकलाई हेरेर यसको वास्तविकता बुझ्न सकिन्छ। विश्वकै सबैभन्दा ठूलो प्रजातन्त्र भारतमा समेत जनताको स्वतन्त्रता कटौती हुँदै गएको चर्चा चलिरहँदा, पाकिस्तान र त्यसभन्दा पनि अगाडि बढेर म्यान्मा एवं स्वयम् नेपालको स्थितिको सम्बन्धमा भारतबाट नोट गरिएको वा नजीकबाट नियालिरहेको भन्दा बाहेकको प्रतिक्रिया नआउनु र म्यान्माको सम्बन्धमा त झन् भारतलगायत नेपालसमेतले कुनै प्रतिक्रिया नदिनु आगामी दु:खद दिनको सङ्केत हो । भारत र नेपाल दुवैमा गणतन्त्र छ र दुवै देशको शासन निर्वाचित जनप्रतिनिधिको हातमा छ ।

लोकतन्त्र संस्थागत हुन देशको आर्थिक स्थिति राम्रो हुनुपर्दछ । तर हाम्रो आर्थिक स्थिति राम्रो छैन । २०४६ सालमा प्रजातन्त्र बहालीपश्चात् २०४९ देखि नै नेपालमा राजनीतिक अस्थिरताको खेल शुरू भयो । त्यसपछि २०५२ सालदेखि जनयुद्धको नाममा माओवादी आन्दोलन चलेर २०५८ मा फेरि राजा ज्ञानेन्द्रको 'कू' भयो र त्यसपछाडि २०६२/६३ को मधेस आन्दोलनपछि गठन भएको पहिलो संविधानसभा संविधान नै नदिई अवसान भएपछि दोस्रो संविधानसभाले संविधान त दियो तर त्यो संविधान केही दलका सीमित नेताहरूको सहभागितामा तयार भयो र संविधानसभाका सदस्यहरूले त्यसमा छलफल त के निहित अन्तर्वस्तुको भेउसमेत पाएनन् र जनताबाट लिइएको सुझावसमेतको बेवास्ता गरी निर्माण गरिएकाले विश्वकै राम्रो र दक्षिण एशियाकै उत्कृष्ट संविधानले आजको दिन देख्नु परेको छ । संविधान जारी भएको चार वर्षमा दुई तिहाइको सरकार बनाउन सफल माओवादी र एमाले मिलेर बनेको नेकपा खारेजीमा परी पुन: एमाले र माओवादी केन्द्र बन्न पुगेको छ । प्रधानमन्त्री बन्ने मल्लयुद्ध ६ महीनामैं दुईपटक देख्नुपऱ्यो, जसमा एकपटक सर्वोच्चको हस्तक्षेप पनि काम लागेन भने दोस्रोपटकको हेर्न बाँकी नै छ । तीस वर्षको यो सत्ता हासिल गर्ने दौडमा प्रदेश सरकारको गठन भएपनि राजनीतिक शक्ति केन्द्रमैं सीमित रहेकाले देशमा आर्थिक विकास हुन नसकेको हो । प्रजातन्त्र बहालीपछि आजसम्म कहिले विकास बजेट पूरै खर्च हुन सकेन । औसत खर्च ३५.४० प्रतिशत मात्र रह्यो र सरकारले लाज छोप्न असारे विकासको नाममा जथाभावी खर्च गरेर ५८.६० प्रतिशतसम्म पुऱ्याउने गरेको छ । विकास योजनाहरू समयमा कार्यान्वयन हुन नसकेर पूर्णता पाउन

नसकेको अवस्थामा देशमा सामाजिक, आर्थिक रूपान्तरण हुने सम्भावना नै छैन। यो तथ्य हाम्रा शासकहरूले बुझेको भएपनि कुर्सीको हानथापबाट फुर्सत नभएकाले यसतर्फ ध्यान दिन नसकेको स्पष्ट छ।

लोकतन्त्र संस्थागत नहुनुमा हाम्रो सामाजिक संरचना पनि जिम्मेवार छ। स्वस्थ सामाजिक संरचनामा योग्यताको सामानरूपले कदर गर्नुपर्ने हुन्छ। तर नेपाल गणतन्त्र भएपनि सामन्ती सोचबाट मुक्त हुन सकेको छैन। यसको ज्वलन्त उदाहरण निर्वाचनमा टिकट वितरण गर्दा प्रत्यक्षका साथै समानुपातिकतर्फ समेत परिवारवादलाई नै प्राथमिकता दिएको कारण सत्ता सीमित व्यक्तिहरूकै हातमा केन्द्रित भई समाजका शिक्षित र सचेत वर्ग निर्णय प्रक्रियामा पुग्न नसकेकोले नेपालको कानून बनाउने थलो संसद्बाट समेत जनइच्छा अनुसार सरकार सञ्चालन हुन सकिरहेको छैन । यो भाइभतिजावाद र आफन्तवादका कारण संसद् पनि प्रभावकारी भूमिकामा देखिएको छैन। संसद् बजेट, मनसुन र शरद सत्रमा मात्र चल्ने भएकोले प्रजातन्त्रमा 'सानो संसद्'को परिकल्पना गरी १२ महीना नै चल्ने संसदीय समितिहरूले सरकारका कामकारबाईको निगरानी राख्ने गर्दछन्। तर नेपालको सानो संसद् पनि संसद्जस्तै प्रभावहीन छ। किनभने उनीहरूको निर्णय पनि सरकार निर्देशित हुने गरेको छ र नेपालकै सन्दर्भमा केही निर्णयको मूल्याङ्कन गर्ने हो भने वास्तविकतासँग सम्बन्ध नराख्ने खालका छन्। सरकार र संसद्बाहेक नागरिक समाज, पेशागत सङ्घसंस्था तथा विभिन्न दबाब समूहले पनि लोकतन्त्रलाई संस्थागत गर्न मदत पुऱ्याइरहेका हुन्छन्। तर हाम्रो विडम्बना के छ भने स्वतन्त्र हुनुपर्ने यस्ता संरचनाहरूसमेत राजनीतिक दलको भ्रातृ सङ्गठनको रूपमा विकसित भएका छन्। त्यसैले उनीहरू पनि राजनीतिक जोडघटाउमैं व्यस्त रहने गरेका छन्।

संसद्बाहेक राज्यशक्तिको दोस्रो अङ्ग हो, कार्यपालिका। भनिन्छ, लोकतन्त्र संस्थागत गर्न कार्यपालिका संसद्प्रति उत्तरदायी हुनुपर्छ। हाम्रो संविधानले पनि यही भन्छ। तर वास्तवमा के भइरहेको छ हाम्रोअगाडि। कार्यपालिकाले अधिकार नै नभएको अधिकार प्रयोग गरी संसद् दुईपटक विघटन गऱ्यो। महामहिम राष्ट्रपतिले सार्वभौमसत्ता सम्पन्न जनप्रतिनिधिलाई भेट्न समयसम्म दिनुभएन र बहुमत परीक्षण गर्ने थलो संसद्को उपहास गर्दै कामचलाउ प्रधानमन्त्रीको सिफारिशमा निर्णय लिनुभयो । यतिमात्र होइन, वर्तमान निर्वाचित सरकारले अध्यादेशबाट नै सत्ता सञ्चालनको तयारी गरेको छ र देशका प्रायः सबै संवैधानिक निकायमा लोकतन्त्रलाई संस्थागत गर्न तटस्थ भूमिकामा बस्नुपर्ने संवैधानिक अङ्गका प्रमुखहरूको ठाउँमा आफूअनुकूलका व्यक्तिको नियुक्ति र त्यो पनि संसदीय सुनवाइ छलेर गरेको छ। दुई तिहाइको प्रधानमन्त्री भइसकेपछि वर्तमान प्रधानमन्त्रीको शासन सञ्चालन गर्ने तरीका नै पूरै फेरिएको छ। मन्त्रिपरिषद्को बैठकमा प्रायःजसो मुख्य सचिवले प्रस्तुत गर्ने एजेन्डा उल्लेख भइसकेपछि प्रधानमन्त्रीको सम्बोधन हुने र निर्णयमा पछि हस्ताक्षर गराइनेदेखि मन्त्रीहरूलाई

विभागीय मन्त्रालयका निर्णयसमेत सरकारको प्रवक्तामार्फत सार्वजनिक भएपछि थाहा पाइने कुराहरू नाम उल्लेख नगर्ने शर्तमा मन्त्रीहरूले नै भन्नुभएको कुरा छापाहरूमा समेत आइसकेका छन्। नेपालमा कोभिडको महामारी छ। खोप ल्याउनेबारे निवर्तमान स्वास्थ्यमन्त्री हृदयेश त्रिपाठीले भारतबाट जिटुजी खरीदमा कमिशनको कुरा उठाउने व्यवसायीहरूका सम्बन्धमा नामै किटान गरेर भन्दा प्रधानमन्त्रीबाट 'तिनीहरू रैछन्' भन्ने बाहेक आजसम्म खोप खरीदतर्फ ठोस निर्णय हुन सकेको छैन। यस प्रकारका विधिबाट चलेको देशमा लोकतन्त्र कसरी स्थापित हुन सक्छ। शासन सञ्चालनको लागि शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित भएर गठन भएका विधायिका, कार्यपालिका र न्यायपालिकामध्ये दुईवटा अर्थात् विधायिका र कार्यपालिका दुवैले लोकतन्त्रको स्थायित्वको लागि निर्णय नलिई विपरीत दिशामा हिंडिरहेका बेला न्यायपालिकाले भने धेरै हदसम्म लोकतन्त्रलाई संस्थागत गर्नेतर्फ डोऱ्याउन निर्णयहरू गर्ने गरेको पाइन्छ।

तर नेपालकै परिप्रेक्ष्यमा अध्यादेश खारेजीदेखि प्रतिनिधिसभाको दोस्रो विघटनसम्बन्धी सुनवाइमा सक्रियता देखाउँदै गर्दा संवैधानिक परिषद्को नियुक्तिसम्बन्धी मुद्दामा सुनवाइसमेत शुरू हुन नसक्नु अवसादको विषय बनेको छ। सम्मानित सर्वोच्च अदालतलाई यसतर्फ पनि तदारूकता देखाउन सम्बन्धित पक्षहरूबाट सम्मानीय प्रधानन्यायाधीशसमक्ष निवेदनसमेत पेश भएको छ। आशा गरौं, आज सम्पूर्ण प्रजातन्त्रप्रेमीको आशाको केन्द्र बनेको सम्मानित सर्वोच्च अदालतले जनतालाई निराश गर्नेछैन। तर के प्रतिनिधिसभा पुनर्स्थापित भइ नै हाल्यो भने नेपालको आर्थिक र सामाजिक संरचना परिवर्तन भइहाल्नेछ भन्ने होइन।

विगतमा पूर्वप्रधानमन्त्रीहरूले पनि संसद् विघटनको अभ्यास गरेकै हुन्। निर्वाचनमा टिकट बाँड्दा प्रत्यक्ष र समानुपातिकतर्फ आफ्ना नातागोता, इष्टमित्रलगायत पार्टीका योग्य कार्यकर्तालाई उपेक्षा गरेर र मोलतोल गरेरसमेत टिकट बाँडेकै हुन्। विभिन्न संवैधानिक पदमा समेत आफ्ना आसेपासे र समर्थकलाई नियुक्ति गरेकै हुन्। उनीहरूको पालामा पनि पूँजीगत शीर्षकमा खर्च न्यून भएकै हो र भ्रष्टाचार पनि भएकै हो। त्यसो भए ओलीको सत्ता गुम्यो भने के फेरिन्छ त ? खासमा नेपाली आमजनताले हासिल गर्ने उपलब्धि त केही देखिंदैन। तर केसम्म फरक पर्न सक्छ भने शासन अध्यादेशबाट नचल्न सक्छ, कामचलाउ सरकारले मन्त्रिमण्डल विस्तार नगर्ला र कमसेकम प्रतिनिधिसभाबाट अर्को सरकार बन्ने सम्भावना रहेसम्म विघटन गर्ने साहस नहोला। तर यो देशमा गणतन्त्र छ भनेर देखाउनकै लागि भएपनि हाम्रो परिवेशमा यसलाई नै महत्त्वपूर्ण उपलब्धि मान्नुपर्ने बाध्यात्मक अवस्था भएकोले निरपेक्ष भावले भएपनि सर्वोच्चबाट प्रतिनिधिसभा पुनर्स्थापनाको निर्णयको कामना गर्नै पर्दछ।

२०७८ असार १६ गते बुधवार

अब के होला ?

दोस्रोपटकको संसद् विघटनविरुद्ध शेरबहादुर देउवासहित १४६ जना सांसदले दिएको मुद्दाउपर सुनवाइको क्रममा न्यायमूर्तिहरूको संवैधानिक इजलासमा बस्ने नैतिक दायित्वउपर उठाइएका प्रश्नहरूको समाधान भइसकेपछि सुनवाइको क्रममा इजलासले राष्ट्रपति एवं प्रधानमन्त्रीसँग लिखित जवाफ माग गरेको थियो । आआफ्नोतर्फबाट पठाइएका जवाफमा राष्ट्रपतिले राष्ट्रपति एवं उपराष्ट्रपतिको पारिश्रमिक एवं सुविधासम्बन्धी ऐन २०७४ को दफा १६ अनुसार आफ्नो पदीय हैसियतमा गरेको कामकारबाईका सम्बन्धमा पदमा रहँदा वा सेवानिवृत्त भएपछि मुद्दा चलाउन नसकिने व्यवस्था उद्धृत गर्दै जवाफ पेश भएको छ । त्यसैगरी, प्रमबाट समेत शेरबहादुर देउवाबाट प्रस्तुत प्रतिनिधिसभाको विश्वासको मत प्राप्त गर्न सक्ने आधारसहितको दाबी थियो वा थिएन, अदालतबाट निरूपण हुने विषय नभएको बेहोराको जवाफ पठाइएको समाचारहरू प्रकाशित भएका छन् ।

यस विवादलाई बुझ्न एकपटक नेपालको संविधान २०४७ को व्यवस्था हेर्दा सजिलो हुने देखिन्छ । उक्त संविधानले धारा ३६ (१), ४२ (१) र ४२ (२) मा क्रमशः एकल बहुमतको सरकार, दुई वा दुईभन्दा बढी दलको सरकार र संसद्को सबैभन्दा ठूलो दलको नेतृत्वको सरकारको मात्र परिकल्पना गरेको देखिन्छ । यो व्यवस्था वर्तमान संविधानको धारा ७६ (१), (२) र (३) सँग हूबहू मिल्दोजुल्दो छ । यसबाहेक वर्तमान संविधानले धारा ७६ (५) मा नयाँ व्यवस्था गरेको देखिन्छ, जुन २०४७ को संविधानमा पाइँदैन ।

धारा ७६ (५) मा उपधारा ३ बमोजिम नियुक्त प्रमले उपधारा ४ बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा २ बमोजिमको कुनै सदस्यले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रम नियुक्त गर्नेछ भनिएको छ । ७६ (५) को यो व्यवस्था २०४७ सालको संविधान जारी भएपश्चात् देखा परेको विघटन र विघटन सिफारिशको लहर र सरकार परिवर्तनले उठ्जाएको राजनीतिक अस्थिरता रोक्न गरिएको हो भन्ने कुरा संविधानले नै दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाइने र प्रमको संसद् विघटनको विशेष अधिकारसम्बन्धी व्यवस्था हटाइएकोबाट पनि स्पष्ट हुन्छ । सर्वोच्चले संवैधानिक इजलासबाट न्यायिक निरूपण गर्दा संवैधानिक व्यवस्थाको अक्षर र मर्मलाई प्रस्टयाइदिने विश्वव्यापी मान्यता नै छ ।

वर्तमान संविधानको धारा ७७ ले निम्न अवस्थामा प्रम नरहने व्यवस्था गरेको छ। १) राजीनामा दिएमा (२) विश्वासको प्रस्ताव पारित हुन नसकेमा वा (३) अविश्वासको

प्रस्ताव पारित भएमा (४) प्रतिनिधिसभाको सदस्य नरहेमा । प्रम ओलीले राजीनामा पनि दिनुभएन र विश्वासको मत पनि प्राप्त गर्नुभएन । संसद्बाट विश्वासको मत प्राप्त गर्ने प्रयास नै नगरेर उहाँले नयाँ सरकार गठनको मार्गप्रशस्त गर्न भनेर गर्नुभएको सिफारिशले सोझो र सरल अर्थमा धारा ७७ को (२) विश्वासको मत प्राप्त नगरेको व्यवस्था आकर्षित हुन्छ । यस अवस्थामा सम्मानीय राष्ट्रपतिबाट यसलाई प्रमको राजीनामा मान्नुपर्ने वा राजीनामा माग गर्नुपर्ने दुवै संवैधानिक दायित्व निर्वाह भएको देखिदैन । यतिमात्र होइन धारा ७७ को व्यवस्था अनुसार प्रम नरहने अवस्थाको २ नं व्यवस्था विश्वासको मत प्राप्त नगरेमा भन्नेबित्तिकै कामचलाउ सरकार भनी घोषणा हुनुपर्ने व्यवस्थासमेत प्रयोग भएको देखिदैन । त्यसपछाडि पनि प्रतिनिधिसभा विघटन भइसकेपछि प्रतिनिधिसभाको सदस्यसमेत नरहेको व्यक्ति कसरी कामचलाउ नभई पूर्णकालिक प्रमको रूपमा सम्पूर्ण कामकारबाई अगाडि बढाउँदै हुनुहुन्छ भन्ने प्रश्नसमेत खडा हुन्छ । महामहिम राष्ट्रपति संविधानको संरक्षकसमेत हुनुभएकोले संविधानको अक्षरकै यत्रो विधि उल्लङ्घनको घटना भइरहँदा केही नगरी बस्नुभएकोबाट उहाँको भूमिकासमेत शङ्कास्पद हुँदै गएको देखिन्छ ।

पहिलो विघटनको समयमा समेत महामहिमले प्रतिनिधिसभा सदस्यलाई भेट नदिई लामो समय कुराउनुदेखि दोस्रो विघटनको अवस्थामा आइपुग्दासम्म दाबी पेश गर्न दिनुभएको अपर्याप्त समय र आफ्नो बङ्गलादेश भ्रमणको पूर्वसन्ध्यामा बोलाउनुभएको बैठकमा चुनावबारे दिनुभएको विचार आदिले गर्दा यस सन्देहलाई झन् बल पुऱ्याउने कार्य गरेको देखिन्छ ।

नेपालको संविधान भाग ११ न्यायपालिकाको दफा १३३ मा सर्वोच्च अदालतको अधिकार क्षेत्र उल्लेख गरिएको छ । जस अनुसार सङ्घीय संसद् वा प्रदेशसभाको आन्तरिक कामकारबाई र सङ्घीय संसद् वा प्रदेशसभाले चलाएको विशेष अधिकारको कारबाई र तत् सम्बन्धमा तोकेको सजायमा यस उपधारा अन्तर्गत सर्वोच्च अदालतले हस्तक्षेप गर्नेछैन भनिएको छ। यसरी नै उपधारा २ मा कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणाको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने भनेर असाधारण अधिकार क्षेत्र प्रदान गरिएको छ। जहाँसम्म पारिश्रमिक सम्बन्धी एवं २०७४ को दफा १६ को कुरा छ, त्यो ऐन हो भन्ने कुरा संविधानकै धारा ७२ मा स्पष्ट गरिएकोले ऐनमा उल्लिखित कुरा पारिश्रमिक सम्बन्धमा लागू हुने देखिन्छ ।

जहाँसम्म प्रमको सवाल छ, उहाँले पहिलो विघटनमै संविधानको खिल्ली उडाउनुभएको कुरा सर्वोच्च अदालतको फैसलाबाट नै स्पष्ट भइसकेको हो । त्यस फैसलामा सर्वोच्चले प्रतिनिधिसभाबाट सरकार बन्ने सम्भावना भएसम्म विघटन नहुने उल्लेख गरेको छ । उक्त मुद्दाको फैसलाको पूर्ण पाठ पनि नआउँदै देशले दोस्रो विघटन बेहोर्नुपऱ्यो । उहाँले देउवाले पेश गर्नुभएको दाबी विश्वासयोग्य भए नभएको परीक्षण गर्ने थलो अदालत नभएको भनिरहँदा त्यो थलो राष्ट्रपतिको कार्यालयसमेत नभई प्रतिनिधिसभा हो भन्ने

हेक्का प्रधानमन्त्री र राष्ट्रपति दुवैले नराखेको स्पष्ट हुन्छ । शेरबहादुर देउवाको दाबीलाई प्रतिनिधिसभामा निर्णयार्थ पठाइदिए महामहिमको गरिमा घट्ने थियो वा बढ्ने थियो उहाँ स्वयंले विचार गर्नु उपयुक्त हुन्छ । प्रमले विश्वासको मत लिनुपर्नेमा सो नलिई राजीनामा दिनुपर्ने नैतिक बाटो छल्दै नयाँ सरकार बनाउन मार्गप्रशस्त गर्ने पत्र राष्ट्रपतिको कार्यालयमा पठाएर फेरि आफ्नो दाबी पेश गर्नुबाट नै उहाँले झेला गर्नुभएको प्रस्ट हुन्छ । उहाँको सरकार र उहाँ स्वयम् प्रतिनिधिसभाको सदस्य नभएको अवस्थामा समेत अध्यादेशबाट शासन सञ्चालन गर्ने जुन नीति लिनुभएको छ, सर्वोच्चले मुद्दा परेका त्यस्ता अध्यादेशहरूलाई अन्तरिम आदेशबाट रोक्का गरेर पनि यो सरकार कामचलाउ भएकोले प्रतिनिधिसभा नभएको अवस्थामा सार्वजनिक महत्त्वको निर्णय लिन नहुने सन्देश दिएको छ ।

कोभिड महामारी नियन्त्रणमा सरकारको असफलता जगजाहेर छ । २२ प्रतिशत सङ्क्रमणदर भएपनि लकडाउन खुला गरिँदैछ । विश्व बैंकले ५ प्रतिशतभन्दा तल सङ्क्रमणदर झरेपछि मात्र लकडाउन खुलाउने प्रोटोकल बनाए पनि त्यसको पालना यो सरकारले गरिरहेको छैन । किनभने चाहिएको समयमा खोप खरीद गर्न सरकार पूर्णतया असफल भएको र लकडाउनमा राहतसमेत वितरण गर्न नसकेकोले अब लकडाउन लम्ब्याउँदा नागरिक विद्रोह हुने डरले खुकुलो बनाउने भन्दै खुला गरिँदैछ । यसबाट तेस्रो लहरको खतरा झन् बढेको छ । खोपभन्दा अरू प्रभावकारी नियन्त्रणको तरीका नभएकोले तेस्रो लहरमा रोगका साथसाथै भोकले पनि त्यत्तिकै व्यक्तिलाई असर गर्नेछ, त्यसमाथि यसपालिको मौसमी विपत्तिसमेत हेर्दा यो सरकारले जनता मरिरहेको हेरेर भएपनि आफ्नो सत्ता लम्ब्याउने योजना बनाएर त्यही बाटो हिंडेको स्पष्ट देखिँदैछ । यसबाट समग्र देश वा जनता कसैको हित छैन, यसले ओली समूहलाई मात्रै फाइदा पुऱ्याउने भएकोले यस्तो प्रवृत्तिको अन्त्य न्यायपालिकाबाट मात्र होइन, आम जनताको व्यवहारबाट पनि अन्त्य गर्नु नै नेपाल र नेपालीको भलो निहित छ ।

२०७८ असार ०९ गते बुधवार

किन अस्थिर छ हाम्रो राजनीति ?

कहिलेकाहीं पत्रपत्रिका तथा सामाजिक सञ्जालमा एकोहोरो आइरहने समाचारले केही न केही सङ्केत गरिरहेको हुँदो रहेछ । विगत १–२ हप्तादेखि सामाजिक सञ्जालमा सबैभन्दा चर्चित पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईको मध्यरातमा प्रधानमन्त्री केपीशर्मा ओलीसँगको भेट, त्यसपछि रअका प्रमुखको खुलासा र योगी नरहरिनाथसम्बन्धी समाचारहरूलाई क्रमबद्ध गर्दा यस्तो परिदृश्य तयार हुन्छ।

ब्रिटिश शासनबाट भारत स्वतन्त्र भएलगत्तै गाँधी, नेहरू र राहुल सांकृत्यायन मसुरीको होटलमा तीन दिनसम्म गोप्यरूपमा हिमालयदेखि समुद्रसम्म नै भारत हो भन्ने षड्यन्त्र बुनेको चाल पाएर हिमवतखण्ड पुस्तक तयार पारी नेपाललगायत छिमेकी मुलुकलाई गाभिनबाट जोगाएको देश नेपालले कालान्तरमा विपी कोइराला प्रधानमन्त्री हुँदासमेत भारतको संसद्मा नेपालको बारेमा संवेदनशील चर्चाको विरोध गरेको प्रसङ्ग र राजा महेन्द्र कैलाली कञ्चनपुरमा बसेको प्रसङ्ग र नेपाललाई भारतमा गाभ्ने प्रस्तावका सम्बन्धमा गाभेर नाम चाहिं नेपाल नै राख्ने प्रस्तावसम्बन्धी समाचारहरू निरन्तर आइरहेका छन् ।

यसै प्रसङ्गलाई अगाडि बढाउँदा सन् १९७६ मैं रअले नेपाललाई भारतमा गाभ्ने योजना बुनेको र अहिले आएर रअकै पूर्व उच्च अधिकारीबाट राजदरबार हत्याकाण्ड भारतकै इशारामा भएको खुलासा हुनुदेखि अहिले पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले गर्नुभएको सङ्केतलाई अर्थ्याउँदा नेपालमा राजतन्त्र र हिन्दू राज्य फर्काउने गरी योजना अनुसार सबै कार्य भइरहेको र सर्वोच्चबाट प्रतिनिधिसभा विघटन सदर हुनेदेखि लिएर कोरोना वा अन्य कुनै निहुँमा निर्वाचनसमेत नहुने गरी काम भइरहेको समाचार सर्वोच्च अदालतमा १४६ जना सांसदहरूको पुनर्स्थापना एवं प्रम बहालीको मुद्दालाई संवैधानिक इजलासमा अत्यन्त तत्परताका साथ हेरिने कार्यक्रम प्रकाशन भएको सन्दर्भसँग जोडी हेर्दा एकदम नमिल्ने देखिन्छ ।

तर विगतमा भएको प्रतिनिधिसभा पुनर्स्थापनापछि जसरी नेकपाका सम्बन्धमा निर्णय आयो र त्यसको जे परिपाटी आज देशले भोग्दैछ त्यसैगरी आगामी दिनमा पनि केही नहोला भन्ने अवस्था रहन्न । समाचारले ठूलो अनिष्टको सङ्केत गर्दछ तर विदेशी शक्तिको रणभूमि बनेको नेपालमा के भारतले यति विधि गर्दासम्म धर्म निरपेक्षता लाद्ने युरोपियन युनियन, एमसिसी र फ्री तिब्बत मुभमेन्ट चलाउने अमेरिका र नेपाललाई रणनीतिक साझेदार घोषणा गर्ने महामहिम सी जिनपिङको चीन चुप लागेर हेरेर बसिरहला ? घटनालाई अर्को पक्षबाट हेर्दा भारतलाई विवादित बनाउन यस्तो गरिएको हुन सक्ने सम्भावनाबाट पनि अस्वीकार गर्न सकिंदैन । अपुष्ट समाचार अनुसार भारत र नेपाल दुवैले कालापानी, लिपुलेक र लिम्पियाधुराको बारेमा अब

कुरा नउठाउनेसम्मको सहमति बनिसकेकोले दुवै देशले यो क्षेत्रलाई आआफ्नो नक्शामा देखाउन सक्ने भएका छन् । भारतले नेपालमा क्रमशः आफ्नो सूक्ष्म व्यवस्थापनको दायरा बढाउँदै लगेको छ ।

अर्कोतर्फ पहिलो संविधानसभाबाट नै आइएलओको कन्भेन्सन १६९ सुभाष नेम्वाङ सभामुख भएको बखत पारित भयो । यो कन्भेन्सनले घुमाउरो पारामा दलित जाति, जनजातिको अधिकार र स्वशासनको कुरा उल्लेख गरेको छ । आइएलओमार्फत यो धारा आउनु र दक्षिण एशियामैं यसलाई अनुमोदन गर्ने पहिलो देश बन्ने हाम्रो अभिलाषाको पछाडिको कुरा के छ भने सन् १९७४ मा सिआइएले नेपालको अवस्थाबारेमा यसलाई आर्थिक नभएर धार्मिक आधारमा अस्थिर बनाउन सकिने प्रतिवेदन दिएपछि यो कन्भेन्सन आएको हो । यसपछाडि धर्म प्रचार गरी ईसाइकरणलाई बढावा दिने मनसाय लुकेको छ, जसको नतीजा आजभोलि देखिन थालेको छ ।

यसैबीच २०२१ मे २३ मा PLA Khabar ले सामाजिक सञ्जालमा सन् २०३० नेपाल इस्लाम राष्ट्र वा पश्चिमी सेनाको अखाडा शीर्षकमा एउटा समाचार आएको छ । समाचारले अघिल्लो जनगणना अर्थात् २०४८ सालमा ४.३९ प्रतिशत रहेको मुस्लिम जनसङ्ख्या २०६८ मा बढेर १० प्रतिशत पुगिसकेको उल्लेख गर्दै २०३० सम्ममा २६ लाख मुसलमान भित्र्याउने योजना रहेको उल्लेख छ । उक्त समाचार अनुसार प्रदेश २ का बस्तीहरूमा गजबा–ए–हिन्द भन्ने मिशन चलाइएको छ, जसको उद्देश्य २०३० सम्म भारत, भुटान, नेपाल हुँदै तिब्बतसम्म इस्लामीकरण गर्ने योजना अन्तर्गत खाडीका देशलगायत मलेसियाले समेत आर्थिक सहयोग गरिरहेको भनिएको छ। योभन्दा पनि गम्भीर आरोप त के भने सन् २०२५ भित्र नेपालमैं मदर्साको सङ्ख्या १ लाख पुऱ्याइ यसलाई छोटो पाकिस्तान बनाउने लक्ष्य लिइएको छ । पिएलएको यो खबर साँचो हो भने यसबाट भारतको दक्षिणी सिमानामा संवेदनशीलता बढ्ने भएकोले उसले यसलाई भाजपा सरकारको पालोमा नै हिन्दू राज्य बनाउने सोच बनाएको कुरा अपत्यारिलो लाग्दैन। तर यसरी नेपालमा इस्लामीकरण बढ्दै जाने हो भने, चीनमा समेत रहेका मुसलमानहरू, जसलाई कुनै धार्मिक अधिकार दिइएको छैन, प्रभावित हुने अवस्था देखेर अब चीनले पनि जनस्तरमा सम्बन्ध विस्तार गर्न हिमाली भेगका १५ मध्ये १२ जिल्लामा प्रत्यक्ष सहयोग शुरू गर्नुका साथै पालिकाहरूसँगसमेत भगिनी सम्बन्ध स्थापित गरी प्रभावमा लिने प्रयास शुरू गरेको छ । जहाँसम्म कूटनीतिक अखाडाको कुरा छ, नेपाल त्योभन्दा अगाडि पुगेर रणनीतिक अखाडा बनिसकेको छ । चीनका महामहिम राष्ट्रपति सीले नेपाल भ्रमणको क्रममा नेपाललाई रणनीतिक साझेदार घोषणा गर्नुका साथै नेपालकै भूमिबाट चीनविरोधीहरूलाई धूलोपीठो पार्ने चेतावनी आउनु र नेपाल सरकारका पररा‍ष्ट्रमन्त्रीले बारम्बार अस्वीकार गरे पनि एमसिसी हिन्द–प्रशान्त रणनीतिको अङ्ग भएको र यो चीनको बिआरआईको अवधारणा रोक्न अगाडि सारिएको कुरा चारैतर्फ उजागर भइरहँदा यसमा सन्देहको गुञ्जाइस देखिदैन ।

यही चक्रव्यूहका कारण नेपालको राजनीति अस्थिर बन्दै गएको र अहिले नेपालमा यो चक्रव्यूह तोड्न त के यसमा सन्तुलन मिलाएर देशलाई अगाडि बढाउने व्यक्तित्व देखा परेको छैन । 'जति जोगी आए पनि कानै चिरिएका' भने जस्तै एउटाको समर्थन पाएर बनेको सरकार अर्कोसँग सन्तुलन मिलाउन नसक्दा वर्षैपिच्छे ढल्ने र अरू त अरू दुई तिहाइ बहुमतको सरकार पनि आफ्नो कार्यकाल पूरा गर्न अक्षम भएको छ । अस्थिरता मात्र होइन राजनीतिक तरलताको यस्तो अवस्था छ कि नेपालको संविधानमा यस देशको सार्वभौमसत्ता जनतामा निहित छ भने पनि त्यही जनताले दिएको ५ वर्ष स्थिरतापूर्वक शासन गरी देश विकास गर्ने जनादेशको आज केही अर्थ रहन गएको छैन। न्यायालय र संविधानको अक्षर र मर्मलाई बेवास्ता गरी देशलाई अधोगतितर्फ लाने कार्य हुँदैछ । कोरोनाको दोस्रो महामारीले थला परेको अर्थतन्त्रसमक्ष तेस्रोसमेत झेल्नुपर्ने बाध्यता छ तर सरकार भने सत्तासुखमा समाधिस्थ भएको देखिन्छ । तर मलाई लाग्छ यो अवस्था आउनुको पछाडि शक्तिशाली ट्रयापले काम गरेको छ किनभने पूर्वप्रम झलनाथ खनालको नेपालको नयाँ नक्शा जारी गर्दाको प्रतिक्रियालाई स्मरण गर्दा वर्तमान र त्यस बेलाका प्रमसमेत रहनुभएका केपी ओलीले "फिर्ता ल्याउन सकिएला र" भनेको सम्झना हुन्छ । आफ्नै दलभित्रको ठूलो दबाबमा उहाँले नक्शासम्बन्धी कदम चाल्नुभयो । तर त्यसपछिको जे अवस्था (आन्तरिक र बाह्य) देखियो, त्यसपछि उहाँले बडादशैंको शुभकामना पुरानै नक्शामा राखेर साट्नुभयो र त्यसपछि क्रमशः सामन्त र नरवणेको भ्रमण भयो। अहिलेको अवस्था के छ भने सत्ता समर्थनको शर्त 'तैं चुप मै चुप'को रहेको छ ।

नेपालमा इस्लामको प्रचारप्रसार हुनु चीन र भारतका साथै युरोपेली देशहरूको लागि समेत टाउको दुखाइ हो तर त्यसको परिणाम भारत र चीनले प्रत्यक्ष भोग्नुपर्ने हुन्छ । ईसाइकरण भने अहिलेको भाजपाको हिन्दूवादी सरकारको मात्र टाउको दुखाइ हुने देखिन्छ । त्यस कारण यी मुलुकहरूको नेपालमा हस्तक्षेप बढ्दो छ । अहिले देशलाई एउटा यस्तो प्रम चाहिएको छ, जसले चीन र भारतको बढ्दो सुरक्षा संवेदनशीलतालाई सम्बोधन गर्न सकोस् र क्रिश्चियन धर्मान्तरणमा रोक पनि लगाउने साहस गर्न सकोस् । यस अवस्थाबाहेक अर्को निकास देखिँदैन। सम्मानित सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापित गर्ने अवस्थाबाहेकको अवस्थामा नेपालको गणतन्त्र खतरामुक्त हुने अवस्था देखा पर्दैन ।

२०७८ असार ०२ गते बुधवार

विश्व वातावरण दिवस र नेपाल

जून ५ मा विश्वभरि वातावरण दिवस मनाइयो । नेपालमा पनि यो प्रत्येक वर्ष मनाइँदै आइएको छ । पर्यावरण सन्तुलन भनेको मुख्यतया जल, वायु र जीवहरूको लागि जीवनदायिनी हुनुपर्‍यो भन्ने हो । तर मनुष्यले नै जन्माएको उपभोक्तावाद संस्कृतिका कारण शुरू भएको उद्योगीकरणजन्य कार्बनसहितका ग्याँसहरूको उत्सर्जनका कारण पृथ्वीको वायुमण्डलको तापक्रम बढ्दै गइरहेको छ, जसलाई २१ औं शताब्दीको अन्त्यसम्म १.५ डिग्री सेल्सियसभन्दा बढी बढ्न नदिन विभिन्न कार्यक्रम ल्याइएको छ । यो विश्वव्यापीरूपमा चल्ने कार्यक्रम हो । चलिरहला तर आज नेपालको सन्दर्भमा कुरा गर्दा जल तथा वायु प्रदूषणको अवस्था अत्यन्तै सान्दर्भिक हुन आउँछ । जलस्रोतमा अत्यन्तै धनी भएर ४२ हजार मेगावाटसम्म विद्युत् उत्पादन गर्ने क्षमता हामीसँग छ तर आज पनि १२ सय मेगावाट उत्पादन तथा ६/७ सय मेगावाट आयात गरिरहेका छौं । नेपालको नदीहरूमा बग्ने पानी प्रयोग गरेर नाइट्रोजनयुक्त मलखाद बनाउन सक्ने प्रचुर सम्भावना भए पनि महँगो विद्युत् महसूलका कारण यसले उद्योग लाभदायक हुने देखिएको छैन भने नेपालका प्रायः सबै शहरमा पानीको भूमिगत सतह घट्न गएर गर्मीयाममा समस्या देखिन थालेको छ । प्राकृतिक नदीनालाहरू सबै चुरेको अति दोहनबाट प्रभावित भएका छन् जसका कारण अन्नको भण्डार मानिने तराईको मरुभूमीकरण शुरू भएको लामो समय बितिसकेको छ । किन हुँदैछ यस्तो भनेर विचार गर्दा सबभन्दा पहिले 'हरियो वन नेपालको धन' भन्ने उक्तिका साथसाथै चारकोसे झाडीको सम्झना हुन्छ, जुन जैविक विविधताले भरिपूर्ण थियो । यसमा रहेका साखुका अग्ला वृक्षमा बादलहरूलाई विद्युत् प्रक्रियाबाट आकर्षित गरी पानी पार्ने क्षमता थियो र त्यसैले चारकोसे झाडीलाई वर्षा आकर्षित गर्ने जङ्गल (रैन अट्राक्टिभ फरेस्ट) पनि भन्ने गरिन्थ्यो । यसको विनाश सर्वप्रथम राजा महेन्द्रको पूर्व-पश्चिम राजमार्ग, हुलाकी सडकको उपेक्षा गर्दै जङ्गलको बीचबाट बनाउने निर्णयबाट भयो ।

यो एउटा रणनीतिक राजनैतिक निर्णय थियो । तर यसले पहाड र तराईका बासिन्दाले गरिरहेको दुईतर्फी दोहनलाई अब सडकको दुवैछेउमा बस्दै गरेका बस्तीबाट पनि हुन थाल्यो र आज चारकोसे कतिमा सीमित छ कोही बोल्न चाहँदैन । मलाई २०४६ सालमा अन्तरिम सरकारमा कृषि तथा वनमन्त्री र पूर्व प्रम झलनाथ खनालले नेपाल टिभीलाई दिएको एउटा अन्तर्वार्ताको सम्झना छ जसमा उनले नेपालमा अब क्राउन हेडेड जङ्गल ५ प्रतिशत मात्र बाँकी रहेको उल्लेख गरेका थिए । क्राउन हेडेड अर्थात् घना जङ्गलमा उभिएर आकाशतर्फ हेर्दा आकाशको ३० प्रतिशत भाग मात्र देखिने र अरू सबै भाग अर्थात् ७० प्रतिशत भाग रूख-बिरुवाले ढाकेर आकाश नदेखिने

जङ्गललाई भनिन्छ।

यो जङ्गल अब नेपालमा कति बाँकी छ ? वन जङ्गल काटिंदा अन्धभक्तिको अर्को स्वरूप सागरनाथ वन परियोजना । यसमा यथेष्ट मसलाका रूख लगाइएको थियो, जबकि यो रूखको ट्रान्सपोर्टेशन दर अत्यन्त उच्च हुने भएकोले सिमसार वरिपरि बादल क्षेत्रको लागि उपयोगी मानिन्छ। त्यसपछि आयो सिसौं रोप्ने सिलसिला । जैविक विविधताको अध्ययनविना गरिएको यो कार्यले पनि अन्ततः सफलता पाउन सकेन र रूखहरू सुक्न थालेपछि यसमा पनि रोक लागेको छ । यस प्रकारको कार्यले नेपालको जङ्गलको जैविक विविधतालाई नष्ट मात्र गरेन, कैयन् जडीबुटीका प्रजाति लोप नै भए । त्यसपछि शुरू भयो गिट्टी, बालुवा निकासीको सिलसिला । आन्तरिक खपतको लागि यो आवश्यक र उचित नै थियो, किनभने बर्सेनि बाढी-पहिरोले बगाएर ल्याएको माटो नेपालबाट बगेर बङ्गालको खाडीमा एउटा टापू नै बन्न थालेको समाचारहरू आएकै हुन् । तर एक्साभेटर लगाएर पहाड खन्ने, नदी उत्खनन गर्नुका साथै भारततर्फ निकासीको कारण चुरेको जुन विनाश शुरू भएको छ, त्यो यही गतिमा चल्ने हो र वनजङ्गलको विनाशबाट भइरहेको क्षतिसमेत नेपाल अकल्पनीय प्राकृतिक त्रासदीमा फस्न गएको स्पष्ट देख्न र बुझ्न सकिन्छ । अझ नपुगेर २२ लाख रूख काटेर बनाइने भनिएको निजगढ विमानस्थल र सरकारले व्यापार घाटा कम गर्न गिट्टी, बालुवा निर्यात गर्ने घोषणाले यो विपत्तिलाई झन् बढाउने छ।

निजगढ विमानस्थलबारे मैले पढेसम्म यो अमेरिकाको एटलान्टामा रहेको एक करोड यात्रीको चाप थेग्न सक्ने विमानस्थलकै बराबर वा अलि ठूलै हुने र यसमा पूर्व एवं पश्चिमबाट अवतरण गर्न सकिने विशेषता रहेको बुझेको छु। दशकौंको प्रयासपछि २७ लाख पर्यटक भित्र्याउन नसक्ने र तीनतिरबाट भारतले घेरिएकोले चीनबाट मात्र भारतको अनुमतिबेगर आउन सकिने यो विमानस्थल त्यत्तिकै आवश्यक ठानिएको छ भने जङ्गलभन्दा दक्षिणको समथर भूमिमा बनाउँदा ठूलो प्राकृतिक त्रासदीलाई केही हदसम्म कम गर्न सकिन्छ। होइन भने विशेषज्ञहरूको राय अनुसार विराटनगर र सिमरालाई क्षेत्रीय विमानस्थलको रूपमा स्तरोन्नति गर्दासमेत चारवटै क्षेत्रीय विमानस्थलले नेपालको २५-३० वर्षको पर्यटनको गर्जो टार्न सकिने देखिन्छ । तर निजगढ विमानस्थलको निर्माणबाट निम्तिने विपत्तिलाई कसैले टार्न सक्दैन । यसमा थपिंदै छ पूर्व-पश्चिम रेलमार्ग। पूर्व-पश्चिम महेन्द्र राजमार्ग पूर्व-पश्चिम रेल र हुलाकी सडक गरी औसतमा प्रत्येक ७ किलोमिटरमा एउटा सडक वा रेलमा चढ्ने यात्री र ढुवानी हुने मालसामानको पर्याप्तता छ जस्तो मलाई लाग्दैन । यसबाट तीनमध्ये कुनै एक सेतो हात्ती हुने प्रबल सम्भावना छ र मेरो अनुमानमा त्यो रेल नै हुन सक्छ ।

अब प्रसङ्ग आउँछ गिट्टी, बालुवाको। नेपाल सरकारको प्रवक्ताका अनुसार खानी तथा भूगर्भ विभागले अनुसन्धान गरी तोकेको क्षेत्रमा मात्रै उत्खनन गरिने र यो आन्तरिक आवश्यकता; पूर्व-पश्चिम राजमार्गलगायत अन्य सडकहरूको विस्तार र

नयाँ सडक निर्माण गर्न प्रयोग गरिने छ भन्ने भनाइबाट दुईवटा प्रश्न खडा हुन्छः

पहिलो, आन्तरिक खपतको लागि हो भने व्यापार घाटा घटाउन भनेर किन उल्लेख गरियो र दोस्रो के नेपालबाट चुरे शृङ्खला हुँदै बग्ने १६४ नदीनालाहरूबाट अब आन्तरिक सडक विस्तारको लागि ढुङ्गा, गिट्टी र बालुवा पाउन सक्ने अवस्था छैन वा सरकार यस धन्दामा लागेका बाहुबलीहरूबाट त्रसित छ । केही दिन अगाडि पूर्वमा अवैध उत्खनन रोक्ने एकजना इन्जिनीयरको हत्या एवं प्रशासनका बडासाहेबहरू उजूरीका बावजूद निरीक्षणमा नजाने र गए पनि कुनै कारबाई नगर्ने अवस्थाबाट त यस्तै हो भन्ने भान पर्दछ । यस्तो अवस्थामा जनता आफैंले यस्ता दुष्चक्रलाई तोड्ने कार्य नगर्ने हो भने नेपालको पर्यावरण भगवान भरोसे नै रहने छ ।

त्यस्तै नेपाल प्रहरीका एकजना डिएसपीको मृत्यु पनि क्रसर उद्योगको आन्तरिक कलहका कारण भएको हुन सक्ने आशङ्का गरिए पनि थप के भयो भन्ने कुरा कहिले सार्वजनिक भएन ।

अब कुरा गरौं वायुको । नेपालमा वायु प्रदूषण अत्यधिक छ भन्ने कुरा गत लकडाउनमैं प्रमाणित भएको थियो । वायु प्रदूषण हुनु भनेको यसमा कार्बन मोनोअक्साइड, सल्फर र नाइट्रोजन ग्याँस मिसिएर प्राणीलाई प्रतिकूल असर पार्ने अवस्था हो । नेपालमा ठूला उद्योगमा चिनी, सिमेन्टबाहेक अन्य छैन । चिनी उद्योग खास समयमा मात्र चल्छ भने सिमेन्ट उद्योगहरू अहिले धेरै चलेका छन् । यसबाहेक स्टिम प्रयोग गरिने उद्योगहरूमा समेत ब्वायलरको चिम्नीबाट निस्कने धूवाँमा कार्बन कण हुन्छ । ग्याँस रूपमा रहेको कार्बन डाइअक्साइडलाई रूख-बिरुवाले प्रकाश-संश्लेषणको लागि प्रयोग गरी अक्सिजन फर्चाक्ने गर्दछ जसले वायुमण्डलमा अक्सिजन पर्याप्त मात्रामा रहन्छ । नेपालले बर्सेनि कार्बन ग्राफ्ट पाउँदै आएको छ । यो वनजङ्गल संरक्षण गरेबापत विकसित देशहरूले विकासशील र विकासोन्मुख देशलाई दिएको एक प्रकारको क्षतिपूर्ति हो । तर यति सबै हुँदासमेत नेपालमैं समेत वायुमण्डलको तापक्रम बढेको छ । यो बढ्नुको कारण वायुमण्डलमा कार्बन कणको मात्रा बढ्नु हो, किनभने यस्ता कणले कङ्क्रिट भवन र धर्तीकै तापलाई वायुमण्डलको माथिल्लो सतहबाट जानबाट रोकिदिन्छ जसले वायुमण्डलको तापक्रम बढ्न जान्छ । यसै प्रक्रियालाई 'ग्रीन हाउस इफेक्ट' भन्ने गरिएको छ । तसर्थ अत्याधुनिक प्रविधिको प्रयोगबाट पनि हामी नेपालमा वायु प्रदूषण छ, जसका कारण तापक्रममा वृद्धि भइरहेको भन्न सक्छौं । तापक्रमको यो वृद्धिले फेरि अन्नबाली, फलफूलको समय र उत्पादनका साथै सबैभन्दा बढी त्यस्ता गरीबलाई प्रभावित पार्दछ जो जीविकोपार्जनको लागि दिनमा खुलामा काम गर्दछन् । यिनीहरू कि डिहाइड्रेशनका शिकार हुन्छन् वा मृत्युवरण गर्छन् । यसको पुष्टि खाडी मुलुकमा काम गर्न गएका कामदारहरूको मृत्युदरबाट समेत पुष्टि हुन्छ । अब अर्को प्रश्न छ कार्बनलगायत ग्याँसहरूको उत्पत्तिमा कसको कति योगदान छ । मेरो अनुमान नेपालमा गाडीहरूबाट ५-७ प्रतिशत, उद्योगधन्दाबाट १०-१२ प्रतिशत र ८०-८५ प्रतिशत

वनजङ्गलको विनाशबाट भइरहेको छ । यसमा सरकारले अध्ययन गराउन नचाहे पनि उद्योगपति वा उनका प्रतिनिधि संस्था उद्योग वाणिज्य सङ्घले कुनै निष्पक्ष संस्थासँग अध्ययन गराएमा वास्तविकता छर्लङ्ग भई सरकारमाथि वनजङ्गल फडानी रोक्न र उद्योगहरूको नाम दुर्नाम गराउने कार्य बन्द गर्न दबाब पर्नेछ । लामो समय अर्थात् २०५२ सालदेखि लोडसेडिङ खेपिरहेको मुलुकमा यही अवधिमा शुरू भएको जनयुद्ध, २०५८ मा ज्ञानेन्द्रको कू र त्यसपछि २०६२–०७२ सम्मको तरल राजनैतिक अवस्था र अब २०७६–०७७ मा कोभिड लहरका कारण निरन्तर १८ वर्षदेखि औसत ५० प्रतिशत क्षमता वा सोभन्दा कममैं चलेको र भर्खर उद्योगीकरणतर्फ वामे सर्न लागेको देशमा समग्रमा उद्योगधन्दाले वायु प्रदूषण भयो भन्न सुहाउँदैन । कुनै ठाउँ विशेषमा उद्योगधन्दा वरिपरि भएको छ भने त्यसलाई पक्कै नियन्त्रण गर्नुपर्दछ । माथिका आधारहरूले सरकार प्राकृतिक सम्पदा दोहन गरी रजाई मात्र गर्न खोजेको देखिन्छ । खासमा वातावरण संरक्षणमा सरकारको कुनै रुचि देखिँदैन ।

२०७८ जेठ २६ गते बुधवार

कोरोना र बजेट

जेठ १६ गते नारायणीमा गरिएको ७७ जनाको पिसिआर परीक्षणमा ७ जना सङ्क्रमित भेटिएकाले हामी सबै खुशी छौं । प्रधानमन्त्री स्वयंले कोरोना नियन्त्रणमा आइसकेको तथ्य सार्वजनिक गरेका छन् । यस्तोमा वास्तविकता नियाल्दा भने भिन्नै अवस्था देखा पर्दछ। एक अध्ययन अनुसार नेपालको वाग्मती प्रदेशमा पर्ने राजधानीको जनसङ्ख्या २८ लाख छ र त्यहाँ पिसिआर परीक्षण गर्ने ३४ वटा प्रयोगशाला छन् । परीक्षणको यो सहजताले गर्दा काठमाडौंमा करीब ५१ प्रतिशतको परीक्षण भइसकेको छ भने सबैभन्दा बढी ६१ लाख जनसङ्ख्या भएको २ नं. प्रदेशमा सातवटा प्रयोगशालाबाट जम्मा ८ प्रतिशत जनसङ्ख्याको परीक्षण भएको छ । यस्तै प्रदेश नं. १ मा ११, गण्डकीमा ६, लुम्बिनीमा १४, कर्णालीमा ३ र सुदूरपश्चिममा ७ प्रतिशतको मात्र परीक्षण भएको छ । प्रश्न काठमाडौंमा किन बढी भयो भन्ने होइन, प्रश्न के हो भने सबैभन्दा संवेदनशील सुदूर पश्चिम र प्रदेश नं. २ मा किन कम भयो ? अझ प्रदेश २ मा त केन्द्रबाहेक प्रदेश सरकारले समेत पैसाको खोलो नै बगाएको छ । तथापि परीक्षण ८ प्रतिशतभन्दा बढ्न सकेको छैन । यसको मुख्य जवाफ विश्व बैंकको नेपाल बारेको २०२० को एउटा टिप्पणीले दिन्छ । विश्व बैंकका अनुसार नेपालमा ३१ प्रतिशत जनसङ्ख्या अर्थात् करीब ८६ लाख मानिसको प्रतिदिन आय १-३ डलरसम्म मात्र रहेकोले उनीहरू स्वास्थ्य सेवाबाट वञ्चित रहने गर्दछन्। सङ्क्रमणको पहिलो लहरमा लामो लकडाउनको कारण सम्भवतः त्यति मान्छे मरेनन्, जति भोकले गर्दा आत्महत्या गर्न बाध्य भए । तथापि त्यो बेला भ्रष्टाचार भए पनि राहत वितरण स्थानीय तहबाट हुनुका साथै मनकारी संस्थाहरूबाट पूर्ण इमानदारीका साथ राहत वितरण भएको थियो ।

सङ्क्रमित व्यक्तिहरूको मृत्यु रोगले भन्दा अस्पतालको अव्यवस्थाले भएको थियो। यति अव्यवस्थाका बावजूद कन्टयाक्ट ट्रेसिङ गरेर आइसोलेशन व्यवस्थित तवरले भएको थियो । तर नयाँ वर्षको वैशाख महीनादेखि शुरू भएको दोस्रो लहरको कोरोना बढी शक्तिशाली भएको र हाम्रो तयारी पहिलो लहरजस्तै नै रहेकोले अक्सिजन, आइसियु, भेन्टिलेटरको अभाव झेल्नुपरेको हो । अर्कोतर्फ समयमा कोरोना खोपको अनुपलब्धता जसलाई सरकारी अकर्मण्यता नै मान्नु पर्दछ, अर्को कारक तत्त्व रह्यो । पहिलो खोपले करीब ६० प्रतिशत र दोस्रो खोप लगाइसकेपछि करीब ९० प्रतिशत सुरक्षित हुने अवस्था हुँदाहुँदै कमिशनको खेलले गर्दा बित्यास पारेको हो । अमेरिकाको बोस्टनबाट प्रकाशित हुने स्टेटमेन्ट्स डट कममा नेपालका सांसद गगन थापा एवं एनवाइई हेल्थ एन्ड हस्पिटल एवं औषधि विज्ञानको माइन्ड सिनाइ स्कूल अफ मेडिसिनका रिडर डा मारूको आलेखमा गरिएको प्रक्षेणामा नेपालको कुल जनसङ्ख्याको ४०

प्रतिशत सङ्क्रमित रहेको र दोस्रो लहरको भेरिएन्ट कडा सङ्क्रमण गर्ने खालको भएकोले नेपालमा उपलब्ध दुई हजार आइसियु र करीब ६ सय भेन्टिलेटरका साथै अव्यवस्थाले सृजना गरेको अक्सिजन अभावले धेरैले मृत्यु वरण गरिरहनुपरेको छ । लेखमार्फत नेपालको लागि १२० करोड एकाइ एस्ट्राजेनेकाको कोभिड खोप उपलब्ध गराउन अनुरोध गरिएको छ । तर अहिले विश्वमा चलेको खोप कूटनीतिले सृजना गरेको असमान वितरणका कारण संसारभरिका देशहरूले सय बिलियन अमेरिकी डलर गुमाइसकेका छन् ।

यो असमान वितरण खोपमा मात्रै होइन, हरेक देशको सोचमा पनि छ । नेपालकै कुरा गर्दा एकातिर सङ्क्रमण नियन्त्रणतर्फ उन्मुख रहेको भन्ने सरकारले जेठ १६ गतेदेखि खाद्यान्न पसलसमेत बन्द गर्ने गरी लकडाउन लम्ब्याएको छ भने स्वास्थ्यमन्त्रीले निषेधाज्ञाको नागरिकहरूले पूर्ण पालना नगरेकाले लकडाउन बढाउनुपरेको कुतर्क अगाडि सारेका छन् । अझ त्यसले पनि नपुगेर यस्तो कडा लकडाउनमा खाद्य संस्थान एवं साल्ट ट्रेडिङले घरदैलोमै खाद्यान्न पुऱ्याउने व्यवस्था गरिएको सगर्व घोषणा गर्दा आफूले खाएर टन्न अघाएका मात्रै होइन खोप र अक्सिजन सिलिन्डर लुछाचुँडी गर्ने भतुवाहरूले १००-३०० सम्म दैनिक आम्दानी हुने ८६ लाख र असङ्गठित क्षेत्रका दैनिक ज्यालामा काम गर्नेहरूले कताबाट पैसा ल्याएर मोटरमा होम डेलिभरी गर्ने खाद्यान्न किन्न भ्याउँछन् भन्नेसम्म पनि सोच्न सकेका छैनन् ।

कोरोना महामारीमा जेनतेन उपचार भइरहेको बेला अर्को महामारी देखिन थालेको छ । त्यसलाई सामान्य भाषामा ब्ल्याक फङ्गस (कालो ढुसी)को सङ्क्रमण पनि भनिएको छ । तर यो सेतो र पहेंलोसमेत भएको पाइएको छ । यसको सङ्क्रमण कोभिडका साथै मधुमेहले ग्रसित एवं स्टेराइड प्रयोग भएकामा रोगीहरूमा देखिन थालेको छ । यसको मुख्य कारण नेपालमा रोगीलाई मधुमेह र रोग प्रतिरोध क्षमता नहुँदा भएको कुरा सत्य होइन । कोरोना सङ्क्रमण हुनु अगावै मधुमेह भएका एवं स्टेराइड सेवन गरेका व्यक्तिमा यो रोग भेटिएको एउटै समाचार छैन । तर अस्पताल भर्ना भएपछि मात्र यस्ता रोगीहरूमा यो समस्या देखिनुले नै यो सङ्क्रमण अस्पतालमा भइरहेको अनुमान गर्न सकिन्छ । विभिन्न विज्ञहरूको भनाइ अनुसार अक्सिजन चीसो हुने र यसलाई रोगीसम्म पुऱ्याउने उपकरणहरू पुनः प्रयोग गर्दा राम्ररी निर्मलीकरण नगर्नाले हुने गरेको पाइएको छ । यस रोगको औषधि Liposonal Amphoteiacin औषधि व्यवस्था विभागमा दर्ता नभएकोले सहज उपलब्ध नहुने तथा एक भाइलकै ७-८ हजारसम्म पर्ने भनिएको छ ।

कोरोनाका साथै ब्ल्याक फङ्गसबाट समेत दोहोरो मारमा परेको जनताको लागि नेपाल सरकारले बजेट ल्याएको छ । यसले पेट नभरे पनि चटनी वा अचारसम्म त सबैले केही न केही पाएकै छन् । तर देखाइएका आर्थिक सूचकाङ्कहरू किन तथ्यभन्दा टाढा छन् भन्ने कुरा, २०७४ को फागुन महीनासम्म कुल ऋण ८ खर्ब ४३ अर्ब

रहेकोमा २०७७ मा ८८.५ प्रतिशतले बढेर १५ खर्ब ८९ अर्ब पुगेको कुराले स्पष्ट पार्दछ। कुल गाहस्थ्य उत्पादनमा ऋणको हिस्सा २०७४-०७५ मा २४ प्रतिशत रहेकोमा २०७७ मा ३७.३ प्रतिशत पुगेको छ भने प्रतिव्यक्ति ऋण भार २०७४ मा २५७८९ रहेकोमा अहिले ५२३७५ पुगेको छ। २०७४ देखि २०७७ सम्मको तीन वर्षमा ऋण ७ खर्ब ७६ अर्ब बढेको छ। पूँजीगत खर्च ५ खर्ब ६६ अर्ब मात्र भएकोले ऋणको बाँकी १ खर्ब ८० अर्ब रुपियाँ तलब-भत्तालगायत नियमित शीर्षकमा खर्चिएको छ। आर्थिक वृद्धिदर न्यून नै रहने यस अवस्थामा ल्याइएको यो वितरणमुखी बजेटले कार्यकर्ता पाल्ने र गरीबी बढाउने कार्य मात्र गर्न सक्छ। गत वर्ष पनि यही हाराहारीको बजेट ल्याइएको थियो, जसमा पछि संशोधन गरेर कटौती गरियो । र यस आर्थिक वर्षसम्म आइपुग्दा अधिकांश संशोधित लक्ष्य प्राप्त नभएजस्तै यही सरकार रहिरहने हो भने फेरि त्यस्तै हुनेछ। यो हाम्रो नियमित नियति नै बनिसकेको छ।

प्रकोप यही समाप्त हुँदैन। अहिले तेस्रो लहरको समेत कुरा भइरहेको छ। जुन अवस्था नेपालमा आज विद्यमान छ त्यसलाई हेरेर म के विश्वस्त छु भने लकडाउन खुल्नासाथ ग्रामीण क्षेत्रहरूबाट शहरतर्फको आवतजावत बढ्नुका साथै कमसेकम नेपालमा तेस्रो लहर फेरि शुरू हुनेछ। गामीण क्षेत्रबाट प्राप्त भइरहेको समाचार सुविधा सम्पन्न शहरभन्दा कति बढी त्रासद होला कल्पना मात्र गर्न सकिन्छ। छिट्टै कतैबाट खोपको व्यवस्था भएन भने तेस्रो लहरले कति विकराल रूप लेला अनुमान गर्न गाऱ्हो छ। यही सरकार रहिरहने हो भने मङ्सिरमा चुनाव हुनेछ। पहिलेको चुनावहरूमा १५-२० अर्बसम्म खर्च हुने सुनेकोमा अब ५०-५५ अर्ब लाग्ने सुन्दा आङ नै सिरिङ्ग भएर आउँछ। यति खर्च गरेर बन्ने सरकार फेरि कति दिन चल्ने हो ? छिटो सरकार परिवर्तन रोक्न एवं प्रतिनिधिसभो विघटन रोक्न गरिएका सबै बन्दोबस्तको अहिले धोती फुस्किसकेकै छ। यो सबै काजक्रिया गरिसक्दा जेठमा अर्को बजेट आउँदा यसपटकको आर्थिक सर्वेक्षणको पुनरावृत्ति हुने निश्चित छ। यस्तैमा अर्को विपत्को सन्देश पनि प्राप्त भएको छ। त्यो के भने यसपालि नेपालमा सामान्य वा औसतभन्दा बढी पानी पर्नेछ। मौसम विभागका अनुसार सुदूरपश्चिम, गण्डकी, कर्णाली र वाग्मती प्रदेशमा औसतभन्दा ३५-६५ प्रतिशत बढी पानी पर्ने सम्भावना छ भने हिमाली क्षेत्रमा वर्षा र हिमपातको सम्भावना ५५-६५ प्रतिशत बढी छ। गत वर्ष औसत पानी पर्दा हायलकायल भएका हामी यसपालि कसरी त्यसको सामना र व्यवस्थापन गर्नेछौं, अर्को चुनौती थपिएको छ।

२०७८ जेठ १९ गते बुधवार

फोहरी खेल

कोरोनाको यस्तो सङ्कटको घडीमा समेत राष्ट्रिय राजनीतिको रङ्गमञ्चमा सधैं नयाँ–नयाँ नाटकहरू मञ्चन भइरहेका छन् । वैशाख २७ गते विश्वासको मत लिने क्रममा नेपाल–खनाल समूहको अनुपस्थितिका साथै साथ दिने वचन दिँदै आएको जसपाको महन्थ ठाकुर समूह तटस्थ बस्नुले राष्ट्रिय राजनीतिमा ठूलो सन्देश दिएको छ। त्यो के भने यही एउटा घटनाले दुईवटा काम भएको छ । महन्थ ठाकुर समूह तटस्थ बस्दा संवैधानिक प्रावधान अनुसार बहुमत नपुगे पनि कामचलाउ सरकारको स्थानमा पुगे दुईतिहाई बहुमतका प्रम ओली । यसले उनको कद र अहम् दुवैलाई छोटो पार्ने काम भयो । पहिलो त मैं ठूलो भनेर बसेका प्रम चीनको चाहना अनुसार नेपाल–खनाल समूहलाई एमालेमा यथास्थान दिन बाध्य हुँदै गएको देखिएको छ भने दुईतिहाईबाट काम चलाउमा बस्नुपरेको र अब तीस दिनभित्र लिनुपर्ने विश्वासको मतको लागि पूर्णरूपमा महन्थ ठाकुर समूहमा निर्भर रहनुपर्ने भएको छ । जसपाको सामान्य मुद्दामा परेका कार्यकर्ताहरूलाई छाडे पनि (१) लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने (२) रेशम चौधरीको रिहाइ तथा (३) संविधान संशोधनलाई सम्बोधन गर्ने वचन ओलीले लिखित रूपमा दिन सक्ने अवस्था छैन ।

लाल आयोगको प्रतिवेदन सार्वजनिक भएमा देशमा द्वेष र असहिष्णुता बढ्ने निश्चित भएको, रेशम चौधरीलाई छाड्न कानूनी अडचन तथा संविधान संशोधनका लागि एमाले र माओवादी अलग भएकाले दुईतिहाई पुग्ने अवस्था नै छैन । यो सबै कुरा बुझेर पनि बुझ पचाउनुको पछाडि भनिन्छ भारतको सदाशयता छ । महन्थ ठाकुर समूहलाई किङ्ग–पिन बनाएर विपक्षीलाई ठेगान लगाउन हिंडेका प्रम अहिले त्यही किङ्ग–पिनले ब्याक फायर गरिदिएकोले अचम्भित छन् । यसमा झन् उपेन्द्र यादव तथा महन्थ ठाकुरको संयुक्त हस्ताक्षरबाट जारी भएको ८ बुँदे सहमतिपत्रले अन्यको टाउको दुखाइ बढेको छ भने जसपाले महन्थ ठाकुरलाई प्रधानमन्त्रीको उम्मेदवार बनाएर वा राष्ट्रिय सहमतिको सरकार बनाउने अवस्था खडा गरिदिएको छ । यस अवस्थामा अब बजेट कसरी आउने धर्मसङ्कट खडा भएको छ, किनभने अहिलेसम्म बजेटपूर्व छलफल नै भएको छैन ।

अहिले नेपालमा तीनपटक प्रधानमन्त्री पदको शपथ खाँदा राष्ट्रपतिले भनेको शब्द नदोहोऱ्याई बरु उल्टै राष्ट्रपतिलाई नै 'त्यो पर्दैन' भनी जवाफ दिएको प्रसङ्ग अत्यन्त चर्चित भएको र अदालतमा मुद्दासमेत चलेको छ । सर्वोच्चले अन्तरिम आदेश जारी नगरी प्रमसँग जवाफ मागेको छ । त्यसपछि पूर्व उपराष्ट्रपति परमानन्द झाले झैं दोस्रोपटक शपथग्रहण गर्ने अवस्था आइपरेमा यस अवधिमा प्रमले गरेका कामकाज

एवं निर्णयको वैधानिकता के हुने भन्ने प्रश्न पनि खडा भएको छ । विश्वासको मत प्राप्त नभएको दिन नतीजा घोषणापश्चात् सभामुखले संसद्को अर्को बैठक वैशाख ३० गते बस्ने जानकारी दिएका थिए । तर यसका बावजूद सरकारले त्यही दिन राति संसद्को बैठक अन्त्य गर्ने निर्णय गऱ्यो । अहिले प्रमले राष्ट्रियसभा सदस्यको उपनिर्वाचनमा आचारसंहिताको उल्लङ्घन गरेका छन् । यो फगत संयोग हुन सक्दैन, किनभने संयोग कहिलेकाहीं हुन्छ । नियमित हुनु भनेको प्रवृत्ति हो र प्रमको यो प्रवृत्तिलाई ओली प्रवृत्ति भन्न सकिन्छ जुन अधिनायकवादी सोच हो ।

आज प्रम जुन अवस्थामा उभिएका छन् त्यो यही सोचको परिणाम हो । आफ्नो बचाउको लागि अब उनी नेपाल–खनाल समूहसँग नजीकिंदै गएका थिए । उनको यो प्रयास सफल भएको भए, त्यस दबाबले जसपाका महन्थ ठाकुर प्रमका अति सम्भाव्य उम्मेदवारको रूपमा देखापरेका थिए । यसमा दुईवटा विकल्प खुला थियो । अर्को राष्ट्रिय सहमतिको सरकार हो । महन्थ ठाकुर नै प्रम बनून् भन्ने मेरो पनि चाहना थियो, किनभने सर्वप्रथम त काङ्ग्रेस छाडेर उनले गणतन्त्र नेपालको प्रथम राष्ट्रपति बन्ने अवसर गुमाएका हुन् भनिन्छ । तर त्यो सेरोमोनियल हुने थियो । यो कार्यकारी हुनेछ । यसमा पदासीन भएका भए उनले प्राथमिकतामा कोरोना, त्यसपछि देशभित्र आफ्नै रेशम चौधरीको रिहाइ, लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने र संविधान संशोधनको मुद्दा एवं देशबाहिर कालापानी, लिम्पियाधुरा र लिपुलेक तथा चीनलगायत देशहरूसँगको वैदेशिक सम्बन्धलाई सम्बोधन गर्नुपर्ने थियो । यसबाहेक शासन सत्ता सञ्चालनको कुरा त छँदै थियो ।

सामान्य बहुमत वा संयुक्त सरकार बनाउँदै दुईतिहाईमा उक्लिन सकेको नेकपा वा एमालेकै सरकारले यत्रो वर्ष बितिसक्दा त मदन भण्डारीको मृत्युको रहस्य सफा गर्न नसकेको वा नचाहेको स्पष्ट हुन नसकिरहेको अवस्थामा रेशम चौधरीको रिहाइ, लाल आयोगको प्रतिवेदन र भारतसँगको सम्बन्ध चुनौतीपूर्ण हुनेछ । ठाकुरजीको परिपक्व नेतृत्वमा नेपालले यो चुनौतीहरूमाथि विजय प्राप्त गरेर कोरोना महामारीबाट समेत देशको नागरिकलाई त्राण दिनेछ भनेर आशा पलाइरहेकै बेला ओली प्रवृत्तिको फेरि पुनरागमन भएको छ । सबभन्दा ठूलो दलको नेताको रूपमा ३० दिनभित्र विश्वासको मत लिनेगरी नियुक्त प्रम ओलीले त्यसतर्फ जानुको सट्टा फेरि एकपटक फोहरी खेल खेलेका छन् । संसद्बाट विश्वासको मत लिने अवस्था नभएकोले नयाँ प्रमको लागि मार्ग प्रशस्त गर्न राष्ट्रपति समक्ष गुहार गरेपछि राष्ट्रपतिले पनि एक दिनको समयमै अर्को सरकार गठन प्रक्रिया थाल्न विज्ञप्ति जारी गरिन् । त्यसमा १४९ माननीयको हस्ताक्षरसहित नेकाका सभापति शेरबहादुर देउवाले आफ्नो दाबी प्रस्तुत गरेपछि पुनः प्रम ओलीले आफ्नो पक्षमा १५३ सांसद रहेकोले प्रम बनाउन दाबी पेश गरे । राष्ट्रपतिले भने दुवै दाबीलाई खारेज गरेपछि ओली मन्त्रिपरिषद्को सिफारिशमा पुनः एकपटक प्रतिनिधिसभा विघटन गरिएको छ । यसमा बुझ्न नसकिने कुरा के छ भने विश्वासको

मत लिन असमर्थ भएको प्रधानमन्त्रीलाई पुनः कसरी संसद् नै नबसी प्रम दिन सकिन्छ जबकि सम्मानित सर्वोच्च अदालतले यस पूर्वको विघटनको सम्बन्धमा फैसला गर्दा नै प्रतिनिधिसभाबाट सरकार बन्ने विकल्प रहेसम्म संसद् विघटन गर्न नमिल्ने निर्णय गरिसकेको छ। यो कदम सम्मानित अदालतको अवहेलना पनि हो र राजनैतिकरूपमा महाअभियोग एवं राजद्रोहको कारबाई आकर्षित गर्ने खालको अक्षम्य अपराध हो भन्ने कानूनविद्हरूको भनाइ रहेको छ।

किसुनजी दोस्रोपटक प्रधानमन्त्री भएको बेला आफ्नै पार्टीका ६९ जना सांसदले राखेको अविश्वास प्रस्तावका सन्दर्भमा सदनमा बोल्दै देशभक्त दण्डित हुने- भीम मल्ल र भीमसेन थापाको कथा-व्यथाहरूको अभिशप्त इतिहासबाट हामी नेपालीले कहिले छुटकारा पाउने हँ ? "मेरो ध्येय प्रधानमन्त्रीको कुर्सीमा टाँसिएर बस्नु होइन, परिकल्पना र पद्धतिको दिशा बदल्ने हो। सम्भवतः यो सदनमा प्रधानमन्त्रीको हैसियतले मेरो यो अन्तिम सम्बोधन हुनेछ। म आफ्नो पदबाट राजीनामा दिन श्री ५ महाराजधिराजसमक्ष प्रस्तुत हुन गइरहेको छु।" यस सम्बोधनलाई सुनेर वर्तमान प्रम ओलीले किसुनजीसित हात मिलाउँदै मार्मिक भनेर टिप्पणी गरेका थिए। आज त्यो मार्मिकता कता गयो ?

वास्तवमा नेपालको राजनैतिक इतिहास हेर्दा नेपालमा प्रजातन्त्र जहिले पनि नेपाली नेताहरूको आन्तरिक टकरावले नै खतरामा परेको देखिन्छ। २००८ सालमा मातृकाप्रसाद कोइराला भर्सेज विपी कोइराला, २०१५-१७ विपी भर्सेज विश्वबन्धु थापा-तुलसी गिरी, २०४६ सालपछि किसुनजी, गणेशमानजी भर्सेज गिरिजाप्रसाद कोइराला, २०५५ मा राजा ज्ञानेन्द्र भर्सेज गिरिजाप्रसाद कोइराला, नेपाली काङ्ग्रेसमैं गिरिजाप्रसाद कोइराला भर्सेज शेरबहादुर देउवा, एमालेमा वामदेव गौतम र राप्रपा समेतमा नेताहरूको आपसी द्वन्द्वका कारण पार्टी टुट्ने-फुट्ने क्रम जारी रहेकोले स्थापनाको ३० वर्षपछि पनि नेपालमा प्रजातन्त्र संस्थागत हुन सकिरहेको छैन। यस सम्बन्धमा अमेरिकामा कार्यरत नेपाल फर्क अभियानका अभियन्ता डा राजेन्द्र पड्गेनीले नेपालका राजनैतिक नेताहरूको 'जीन'को अध्ययन हुनुपर्ने सुझाव राखेको पाइयो। सुन्दा हँसाउन भनेकोजस्तो लागे पनि धेरै वर्ष अगाडि भारतका प्रख्यात जवाहरलाल नेहरू विश्वविद्यालयमा भारतको केही राज्यमा बसोवास गर्ने अभिजात्य एवं कथित दलितहरूको जीन मैपिङ गर्दा दुवैमा आश्चर्यजनक किसिमले ६०-७० प्रतिशत समानता पाइएको थियो जसबाट अभिजात्य वर्गको केही खास प्रवृत्तिलाई व्याख्या गर्ने आधार मिलेको भनी पढेको सम्झना छ। कहीं यसबाट नै हाम्रा नेताहरूको यो प्रवृत्तिबारे केही व्याख्या भइ पो हाल्ने हो कि ?

२०७८ जेठ १२ गते बुधवार

कोरोना सङ्कट : एक चर्चा

कोरोना भाइरसले अहिलेसम्म विश्वभरि १६ करोडलाई सङ्क्रमित पारेर ३३ लाख मानिसको ज्यान लिइसकेको छ । भारतमा मात्रै सम्पूर्ण विश्वको चालीस प्रतिशत कोरोना केस रहेको र भारतपछि सबैभन्दा बढी प्रभावित हुने मुलुक अमेरिका रहेको सन्दर्भमा अस्ट्रेलियाको Weekend Australian पत्रिकामा शेरी मार्क्सनको लेख प्रकाशित छ, जस अनुसार चीनको लिबरेशन आर्मीका वैज्ञानिकहरूले २०१५ मा नै जैविक-आयुध (Bio-weapon) का सम्बन्धमा चर्चा गरेको र Saars Covid मा genetic मैनिपुलेशनबाट रोग सार्न सक्ने क्षमता विकसित गर्न सकिने कुरा उल्लेख रहेको र यससम्बन्धी केही प्रामाणिक दस्तावेज अमेरिकासँग रहेको उल्लेख छ । साथै न्यून खर्चमा प्रतिपक्षी राष्ट्रको आर्थिक एवं सैन्य स्वरूप कमजोर गर्न सकिने यस प्रणालीबाट कहीं चीनले तेस्रो विश्वयुद्धको शुरूआत त गरेको होइन भन्ने प्रश्न उठाइएको छ, जसको चिनियाँ अधिकारीहरूबाट खण्डनसमेत आएको छ भने अमेरिका र भारतले यसमा कुनै प्रतिक्रिया दिएका छैनन् । भारतको दक्षिणी राज्यहरूमा देखापरेको नयाँ भेरिएन्ट अहिले सङ्क्रमण गर्ने युके भेरिएन्टभन्दा १६ गुणा बढी खतरनाक रहेकोमा विश्व बैंकले समेत चिन्ता व्यक्त गरेको छ । हाल उपलब्ध हुने खोपहरू यसमाथि प्रभावकारी नहुने चिन्तासमेत विज्ञहरूलाई रहेको छ । भारतमा विगत सोमवार अर्थात् वैशाख २७ गते र मे १० तारिखदेखि नयाँ सङ्क्रमितको सङ्ख्या चार लाखबाट घटेर तीन लाख २५ हजारसम्म पुगेको र निको हुनेको सङ्ख्या पनि क्रमशः बढ्दै गएर ३.७५ लाखसम्म पुगेको तथ्य स्वास्थ्य मन्त्रालयको तर्फबाट सार्वजनिक गरिएको छ । यस्तोमा हाम्रो स्थिति हेर्दा वैशाख २९ गते सार्वजनिक गरिएका परिणाम अनुसार २०,३६५ जनाको परीक्षण गर्दा ९३०५ जना सङ्क्रमित भेटिएकाले ४५.६९ प्रतिशतमा सङ्क्रमण देखिन्छ ।

यस्तोमा नेपाली स्वास्थ्यविज्ञ डा. रवीन्द्र पाण्डेले आफ्नो अन्तर्वार्तामा आगामी ३ सप्ताह अर्थात् जेठ १५ गतेसम्मको अवधि नेपालका लागि अत्यन्त संवेदनशील रहेको बताएका छन् ।

भारतबाट आएकाहरूबाट नै सरेको मानिएको युके भेरिएन्ट भारतबाट नेपाल आउने भारतीय र भारतमा काम गर्ने नेपालीहरू नेपाल फर्कन थालेपछि शुरू भएकोले नेपालको उत्कर्ष भारतभन्दा ढिलो आउने अनुमान गरिएको बुझिन्छ । नेपालको कोरोनाको स्थितिको सम्बन्धमा ११ मेको द गार्जियन पत्रिकामा प्रकाशित सुविना श्रेष्ठको एउटा लेखका अनुसार गत वर्षको पहिलो लहरमा अक्टुबर महीनामा सङ्क्रमणको सङ्ख्या दैनिक तीन हजारसम्म हुँदै जनवरी २०२१ मा ३०० दैनिकको सङ्ख्यामा झरेको सङ्क्रमण अक्सफोर्ड डाटा ट्र्याकिङ साइट अनुसार अप्रिलको ३ र ४

हप्तासँग तुलना गर्दा मई १ सम्म आइपुग्दा ६६८ प्रतिशत बढेर गएको पाइन्छ भने रेडक्रसकै तथ्याङ्क अनुसार मई १ सम्म परीक्षण भएकामध्ये ४४ प्रतिशत सङ्क्रमित फेला परेका थिए ।

अहिले नेपालभरि ६०० देखि १००० सम्म भेन्टिलेटर रहेको अनुमान छ भने वाशिंगटनस्थित इन्स्टिच्युट फर हेल्थ मेटेरियल इभेल्युएशन का अनुसार नेपालमा सङ्क्रमणको दर नथामिने हो भने मई २४ सम्म दश हजार थान भेन्टिलेटर आवश्यक पर्न सक्छ ।

पहिलो कुरा त यतिको सङ्ख्यामा व्यवस्थापन नै सम्भव देखिदैन भने यी उपकरण राख्ने ठाउँ, चलाउने जनशक्ति र अक्सिजन आपूर्तिसम्मको विचार गर्दा भय वा डरले दिमाग शून्य हुन पुग्छ । अहिलेको स्थिति सम्बन्धमा लेखिकाका एकजना चिकित्सक मित्रले आफू वा आफ्नो परिवारको कोही सङ्क्रमित भए कहाँ भर्ना भएर उपचार गराउने भन्ने डरले सधैं पिरोलिने गरेको भनाइ नै यथेष्ठ छ ।

यति भयावह स्थितिले जान्ने-बुझ्ने सबैलाई भयभीत पार्ने र डिप्रेशन हुने निश्चित छ। किनभने यसको उपचारमा प्रभावकारी मानिएको भारतीय वा रूसी खोप नेपाल आइपुग्ने अत्तोपत्तो छैन । बढ्दो रोगीहरूको चाप अस्पतालहरूले थेग्न नसक्ने भएको छ। कहीं अक्सिजन छैन, कहीं बेड छैन, कहीं जनशक्ति छैन भने सबैभन्दा लाजमर्दो समाचार देशको एक मात्र सरूवा रोग अस्पताल शुक्रराज ट्रपिकल अस्पतालले सामानको अभावमा परीक्षण बन्द गरेको छ भने देशभरि नै एन्टिजेन परीक्षण गर्ने किटको अभाव छ । विपत्को यो कस्तो व्यवस्थापन ? यो त शहरको अवस्था हो, गाउँ-देहातको हालत त झन् कहालीलाग्दो हुने नै भयो। केही पालिकाहरूले आफ्नै आइसोलेशन बनाउन सकेका छैनन् । भेरी, सेती र लुम्बिनी अस्पतालको अवस्था हामीसँग लुकेको छैन । यस्तो अवस्थामा भारतका विभिन्न सञ्चार माध्यमहरूले खुलारूपमा चिकित्सा सुविधा उपलब्ध नभएको स्थानहरूमा प्रत्यक्ष लक्षण अर्थात् ३ दिनभन्दा बढी ज्वरो, खोकी, छालामा बिमिरा, पखाला वा आँखामा कन्जक्टिभाइसजस्ता लक्षण मात्र देखा परेर श्वासप्रश्वासमा कुनै समस्या नभएको अवस्थाका लागि steroid, doxaycyclin औषधि एवं ज्वरोको लागि पारासिटामोल दिने सल्लाह सार्वजनिक गरिसकेको पाइएको छ । हुनत चिकित्सकको निगरानी र सल्लाहबाहेक यस्ता औषधि लिन नहुने मान्यता रहेको छ । त्यस मान्यताको सामना गर्दै नेपालको स्वास्थ्य अनुसन्धान परिषद् वा मेडिकल काउन्सिलजस्ता निकायले स्वास्थ्य मन्त्रालयसँग समन्वय गरी स्वास्थ्य चौकीमा रहेका मेडिकल वा पारामेडिकल स्टाफमार्फत गाउँघरमा औषधि खान सल्लाह दिने र श्वासप्रश्वासको समस्या देखिना साथ अस्पताल पठाउने व्यवस्था गर्न सकिदैन ? भारतमा Dexameluisone, Predenisolone जस्ता औषधिहरू प्रभावकारी भएको कुरा समाचार माध्यमबाट सार्वजनिक भइरहेको छ । औषधि विज्ञानको सिद्धान्त अनुसार महामारी नियन्त्रण गर्न यस्तो सम्भव छ भने पहल गर्दा बेस होला ।

होइन भने जेठ १५ सम्म खोप आउने कुनै सम्भावना देखिएको छैन र शहरकै स्थिति यस्तो छ भने गाउँघरके के होला सहज अनुमान गर्न सकिन्छ । यस्तो राय दिनुपर्ने कारण वा बाध्यता के हो भने काठमाडौं विश्वविद्यालयका महामारी विशेषज्ञ डा. अर्चना श्रेष्ठका अनुसार नेपालमा कोभिड १९ को सङ्क्रमण दर विश्वमै सबभन्दा बढी थियो, जुन अहिले दोस्रो स्थानमा पुगेको छ । पहिलो अवस्थामा भियतनाम १:२.४ मा छ भने नेपाल १:१.६ मा रहेको छ । सरल भाषामा भियतनाममा एक सङ्क्रमितले २० जनालाई रोग सार्छ भने नेपालमा १६ जनालाई । नेपालमा हाल ५१ प्रतिशतले सङ्क्रमितको सङ्ख्या बढेको छ जसको आधारमा गणना गर्दा नेपालमा प्रतिदश लाख सङ्क्रमितको सङ्ख्या ३०४ छ भने भारतमा २४० । त्यस्तै मृत्युदर पनि प्रतिदश लाख नेपालमा ३.३ र भारतमा २.५ मात्र रहेको छ। डा. श्रेष्ठका अनुसार नेपालमा पोजिटिभ देखिने दर ४५.१ प्रतिशत छ भने भारतमा २२.६ मात्र रहेको छ। नेपालको पिसिआर परीक्षण दर ०.६४ प्रतिशत छ भने भारतमा १.२७ प्रतिशत भएको छ ।

यसका साथै WHO को परीक्षण परिणाम अनुसार समग्र मृत्युदर, भेन्टिलेटरमा राखिएको समय र अस्पताल बसाइको आधारमा रेम्डिशिभिर, हाइड्रोसिक्लोरोक्वीन, लोपिनाभिर र इन्टरफेरोनहरूको उपचारमा प्रभाव शून्य छ भने भारतको DRDO ले अनुसन्धान गरी एक हप्ताभित्र बजारमा ल्याउन सकिने दाबी गरिएको 2-DG नाम दिइएको औषधि हाम्रो लागि आकाशको फलसरह नै छ । यस अवस्थामा आउँदो २-३ हप्ता नेपालको लागि कहालीलाग्दो हुनु निश्चित छ । जेठ २ गतेसम्म पनि १९-२० हजारको परीक्षण गर्दा ८-९ हजार पोजिटिभ र निको हुनेको सङ्ख्या ५-६ हजारभन्दा बढ्न नसकेको सरकारी तथ्याङ्कलाई नै आधार मान्दासमेत दैनिक सरदर तीन हजार नयाँ सङ्क्रमित हाम्रो स्वास्थ्य प्रणालीमा थपिँदैछन् । पर्सा जिल्लामा समेत नारायणी अस्पतालबाट जारी रिपोर्ट अनुसार २८८ जनामा ९५ जना सङ्क्रमित भेटिएका छन् । त्यसमा पर्सा जिल्लाका ५८ जना रहेका छन् । यति लामो निषेधाज्ञाका बावजूद सङ्क्रमण दर घट्ने कुनै लक्षण देखा नपरेको र पर्साका ग्रामीण क्षेत्रहरू खासगरी जगरनाथपुरको चीलझप्टी र पचगावाँका समाचारहरूबाट सावधान हुँदै सामान्य जान्ने-बुझ्नेले पनि अस्पताल देखाउने क्षेत्र बनेको यस समयमा आफ्नो स्वास्थ्यको आफैं रक्षा गर्न N-95 mask वा साधारण खालको दोहोरो मास्क लगाउने, हात धुने, दुई मिटरको दूरी कायम गर्नुका साथै सकेसम्म बाहिर ननिस्कने गर्नु सर्वोत्तम उपाय हुन सक्छ।

२०७८ जेठ ०५ गते बुधवार

पर्खनुस्: तेस्रो लहर पनि आउँदै छ

कोरोनाले तीव्र गतिमा महामारीको रूप लिदै गएको बेला विज्ञहरूले तेस्रो लहर पनि आउने तर यसको समय अहिले यकीन भन्न नसकिने जनाएका छन् । दोस्रो लहरलाई नै नियन्त्रण गर्न हम्मेहम्मे परेको अवस्थामा तेस्रो लहरको प्रकोप कसरी झेलिएला पक्कै पनि चिन्ताको विषय बनेको छ । युके भेरिएन्टको नामले चिनिएको दोस्रो लहरको कोरोनाले पहिलेको भन्दा दोब्बर सङ्क्रमण विस्तार गर्न सक्ने भएकोले अहिलेको विकराल अवस्था आएको भनिरहँदा दक्षिण भारतको आन्ध्र र कर्नाटक प्रदेशमा दोस्रो लहरको कोरोनाभन्दा १६ गुना बढी खतरनाक नयाँ भेरिएन्ट फेला परेको छ । त्यही पो तेस्रो लहरको कारक बन्ने हो कि ?

विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क अनुसार सम्पूर्ण विश्वकै ४६ प्रतिशत कोरोना केसहरू भारतमा देखिएको छ। करीब २ करोड सङ्क्रमित रहेको भारतमा दैनिक ३.५–४ लाख सङ्क्रमित थप भइरहेका छन् । यस्तो तीव्र गतिमा कोरोनाको सङ्क्रमण फैलिनुको कारणमा भारत दिल्लीस्थित एम्स अस्पतालका निर्देशक डा रणदीप गुलेरियाका अनुसार कोरोना भाइरस एरोसोलको रूपमा हावामा विद्यमान रहेको र जनताले पहिलो लहरपछि मास्क, सामाजिक दूरी र साबुन पानीले हात धुने कार्यलाई बेवास्ता गर्दै लगेकोले यस्तो देखिएको हुन सक्छ । अर्कोतर्फ भारतका स्वास्थ्य सल्लाहकार डा राघवनले भने कोरोना भाइरसको कण भारी हुने र अनुसन्धानबाट यो हावाबाट प्रसारित भएको पुष्टि नभएको बताएका छन् । तसर्थ अब सङ्क्रमण रोक्न सामाजिक दूरी, सरसफाइ र हात पटक–पटक धुनुका साथै धेरैजसोले प्रयोग गर्ने साधारण मास्क दोहोरो गरेर लगाउने सल्लाह दिएका छन् ।

अब नेपालबारे कुरा गर्दा सरकारी तथ्याङ्क अनुसार वैशाख २० गतेसम्म सङ्क्रमितमध्ये ८३.२८ प्रतिशत निको भएको र १५.७४ प्रतिशत उपचाररत र ०.९८ प्रतिशतको मृत्यु भएको देखाइएको छ भने वैशाख २१ गते तदनुसार ४ मेको दिन १६,१३१ जनाको पिसिआर परीक्षण गर्दा ७,५८७ र ५७१ जनाको एन्टिजेन परीक्षण गर्दा ७३ जना पोजेटिभ भेटिएको तथ्याङ्क सार्वजनिक सञ्जालमा देखापरेको छ । यसबाट कुल परीक्षणको ५० प्रतिशत सङ्क्रमित भइसकेको देखा पर्दछ । खासगरी पश्चिम नेपालमा अक्सिजनको उत्पादन दैनिक २ सय सिलिन्डर र खपत ५ सय पुगेको बेला आपूर्ति असन्तुलनले मृतकको सङ्ख्या बढ्दै गएको र स्वास्थ्यकर्मीसमेत सङ्क्रमित हुन गएकाले उपचार प्रभावित भएको देखिएको छ । यस्तै असन्तुलन काठमाडौंमा बेड व्यवस्थापनमा देखापरेको छ । २३ गते बिहानको समाचार अनुसार राजधानीमा कोभिड बिरामीको लागि छुट्याइएको आइसियु बेडमध्ये ५८ प्रतिशत र भेन्टिलेटर बेड करीब २५ प्रतिशत खाली रहेको समाचार प्रसारण भइरहँदा आमरूपमा काठमाडौंमा

समेत बेड नपाएर उपचार हुन नसकेको समाचारहरू आइरहेका छन् । अब वीरगंजकै कुरा गर्दा वैशाख २२ गते गरिएको २९८ जनाको परीक्षणमा १६९ जना सङ्क्रमित भेटिएका छन् तर ३-३ वटा अक्सिजन उत्पादन गर्ने एकाइ र वीरगंज महानगरपालिका तथा अन्य मनकारी संस्थाहरूको उचित व्यवस्थापनको कारण अक्सिजनको अभाव भने नरहेको समाचारले अलिकति भए पनि सन्तोष दिएको छ ।

यतिका समस्याहरूबीच समाधान के त भन्ने प्रश्न उठ्नु स्वाभाविक नै हो र यसको उत्तर खोज्ने क्रममा वैशाख २३ गतेको नेपाली बहस कार्यक्रममा डा रवीन्द्र पाण्डेको अन्तर्वार्तामा दुईवटा आशाजनक कुरा सुन्न पाइयो । पहिलो त कोभिडको दुवै खोप लगाएकाहरू ९० प्रतिशत सुरक्षित हुने भएकाले अहिलेसम्म सङ्क्रमित भएको नभेटिएको र एउटा मात्र खोपले ६२ प्रतिशत सुरक्षा प्रदान गर्ने भएकोले सङ्क्रमित भएका रोगीहरूमा हलुका लक्षण मात्र देखिएको र यिनीहरू सामान्य उपचारबाट स्वस्थ भएको जानकारी प्राप्त भयो । यस अर्थमा के बुझ्न सकिन्छ भने १८+भन्दा माथिका व्यक्तिहरूको सावधानीका साथै व्यापक खोप लगाउँदा रोग नियन्त्रणमा आउन सक्ने रहेछ । १८ वर्ष मुनिकाहरूका लागि खोप तयार भइ नसकेको अवस्था छ ।

तर दुर्भाग्य पहिलो लहरपछि भारतबाट प्राप्त खोपको पहिलो मात्रा लगाउने सिलसिलामा प्रधानमन्त्रीले आगामी तीन महीनाभित्र १८+ का सबैलाई खोप लगाइसकिने घोषणा गरेको समय बितेर दोस्रो लहरको आतङ्क मचाइरहेको बेला भर्खर पो थाहा भयो त्यहाँ कमिशनको चक्करमा खोप रोकिएको रहेछ । कति बलियो जालो छ कमिशनतन्त्रको कि रु ७ सय पर्ने भारतीय खोप अब १७ सय र अर्को कोभिशिल्ड १ डोजकै २६ सयमा बिक्री गर्न पाउनेगरी सरकारले नै दुगड र वैद्य समूहका फर्महरूलाई इजाजत दिएको छ । यसको खोजीनीति कसले गर्ने ? मानिसको ज्यानै जानेगरी खेलिएको यस खेलमा खेलाडीहरूलाई नरपिशाच र मृत्युवरण गरेकाहरूको मृत्यु नभई नरसंहार नै गरिएको र त्यो पनि कमिशनको खेलमा भन्दा कुनै अतिशयोक्ति नहोला । भारत स्वयं यस महामारीमा अल्झेको कारण भारतीय खोप निजी फर्महरूमार्फत छिट्टै आइहाल्ने सम्भावना देखिदैन भने चिनियाँ खोपको प्रतिरक्षा प्रणाली ६० प्रतिशत मात्र रहेको छ र एकमात्र लगाउनुपर्ने रूसी स्पुतनिकको मूल्य र आयात प्रक्रिया नै निर्धारण हुन सकेको छैन । यत्रो ठूलो राष्ट्रिय स्तरको आपराधिक कार्य भइरहँदासमेत माओवादी, जसपा, काङ्ग्रेसलगायत एमालेकै नेपाल, खनाल समूहसमेत चुइँक्क बोलेको छैन । यस घटनाक्रमबाट नै यी नेताहरूलाई नेपाली जनताको ज्यान धनको कति माया छ भन्ने स्पष्ट हुन्छ ।

गताङ्कमा लेखेझैं सरदार बन्न लडाइँ जारी छ । वैशाख २७ गते त निर्णय पनि भइसक्यो, तर जनहितमा केही होला भन्ने आश गर्नु निरर्थक हुनेछ । अहिलेलाई बसमा लेखिएको यात्रीले आफ्नो सामानको सुरक्षा स्वयं गरून् भन्ने वाक्यांश सम्झेर आफू र आफ्नो परिवारलाई सुरक्षित राख्न सम्भव भएसम्म घरमैं बसेर-सामाजिक दूरी,

सेनिटाइजर र साबुन-पानीले हात धुनुका साथै घरबाट बाहिर निस्कनु परे सामान्य खालको मास्क दुईवटालाई जोडेर राम्रोसँग नाक, मुख छोप्ने र फर्कदा सेनिटाइजर प्रयोग गर्न र गर्न लगाउन एकमात्र जोगिने उपाय देखिएको छ । माथिका सुझावहरूका साथै वीरगंजका मेयर साबलाई घरघरमा पानीको टयाङ्कीमा प्रतिहजार लिटर १० ग्रामसम्म ब्लिचिङ पाउडर प्रयोग गर्ने प्रयोजनका लागि वडा समितिहरूलाई सक्रिय बनाउन अनुरोध फेसबूकमा अनुरोध गरेको छु । उनले गरे नगरवासीको कल्याण र नगरे हामी आफैंले यसको प्रयोग गर्दा भाँडाबर्तन, कपडा, बाथरूम र नुहाउँदा आफ्नो शरीरका साथै सार्वजनिक नालासमेत सेनिटाइज हुन सक्दछ ।

विश्व स्वास्थ्य सङ्गठनले महामारीको बेला पिउने पानीमा २५० मिलीग्राम प्रतिलिटर क्लोरिन प्रयोग गर्न सकिने स्टयान्डर्ड निर्धारण गरेकोले वीरगंजको खानेपानी प्रणालीमा समेत यसको प्रयोगबाट लाभ हुने अपेक्षा छ । यसैबीच मे महीनापछि दोस्रो लहर घट्ने तर खास गरी १८ वर्ष मुनिकाहरूको लागि तेस्रो लहर आउने, तर कहिले भनी निश्चित नभइकसेको समाचारहरू आइरहेका छन् । विज्ञहरूले यसो भनिरहँदा कहाँबाट कसरी भन्ने कुराको कुनै प्रामाणिकता नभए पनि ठूलो मानसिक दबाब भने पक्कै परेको छ । दोस्रो लहर नै झेल्न अक्षम भएको हाम्रो देशले सरदारहरूको अगुवाइमा तेस्रो लहरलाई कसरी व्यवस्थापन गर्नेछ ? त्यसैले जे गर्नुछ आफैंले गर्नुछ भन्ने आँटेर अगाडि बढ्नु सिवाय हाललाई अर्को विकल्प देखिंदैन । ८ मेका दिन अमेरिकी न्युज च्यानलले आफ्नो प्रसारणबाट विश्व विख्यात चिकित्सा क्षेत्रको जर्नल लान्सेटलाई उद्धरण गरेर १. कोभिड-१९ एयरबोर्न भएको यथेष्ट प्रमाण फेला परेको र २. रोग सङ्क्रमण एवं उपचारपछि कुनै प्रकारको प्रतिरक्षा प्रणालीको विकाससमेत नभइरहेकोले Herd Immunity माथि प्रश्नचिह्न लागेको र अब कोभिड उपचारको लागि नयाँ प्रोटोकल बनाइनुपर्ने समाचार प्रसारण गरेकोले स्थिति झन् जटिल बन्ने अपेक्षा गर्न सकिन्छ ।

२०७८ वैशाख २९ गते बुधवार

लङ्गट परले उधार के पाल

किसको ये फिक्र है कि कबिलेका क्या हुआ
सब इसवार लड रहे है कि सरदार कोन है
ए फैसले तो शायद वक्त भी न कर सके,
सच कौन बोलता है, अदाकार कौन है ..

मेराज फैजावादीको यो शेर मेरो कान्छो सालोकी छोरीले एक दुई दिन पहिले फेसबूकमा पोस्ट गरेकी हुन् । यो पढेर कता हो कता हाम्रो नेपाल र नेपाली दुवैको स्थिति त्यस्तै हो लाग्न थालेको छ । पञ्चायतकालमा कबिलाको सरदार थिए, लडाइँ थिएन । प्रजातन्त्र बहाल भएपछि २०४६ सालदेखि आजसम्मको नेपालको इतिहास हेर्ने हो भने वास्तवमा लडाइँ यस कबिलाको सरदार हुन ३० वर्षमा ५-६ पटक संविधान संशोधन र करीब-करीब वर्षैपिच्छे सरकार परिवर्तन भइरहेको छ । ३० वर्षको यो अवधिमा जनता यति भ्रमित भयो कि 'सच कौन बोलता है, अदाकार कौन है' छुट्याउन नसक्ने भइसकेको छ । अब प्रधानमन्त्रीले वैशाख २७ गते विश्वासको मत लिने समाचार आएको छ । यो हुने भए सरदार बन्न इच्छुक सबैले आआफ्नो बलबुताले भ्याएसम्म लडाइँ लड्ने छन् । कोही एकजना यसपालि पुग नपुग एक वर्षको लागि कबिलाको सरदार छानिने छ र उसले एक वर्ष आफ्ना सहयोगी, इष्टमित्र, नातागोताको व्यवस्थापनमा खर्च गर्दै आगामी चुनावको खर्चको जोहो गर्न भ्याउँदा नभ्याउँदै निर्वाचनको बेला आइपुग्नेछ र यो चक्र निरन्तर चलिरहने छ ।

भोको पेट र नाङ्गो शरीर बसेर भए पनि हामीले तिरेको करकै भरबाट चल्ने यो देशको राजनैतिक सत्तालाई देश र जनताको कति माया छ भन्ने कुरा अहिले नेपाली जनताले कोरोना सङ्क्रमणको दोस्रो लहर भोगिराख्दा बुझेको हुनुपर्दछ । हाम्रो सरकारले वर्तमान कोभिड नियन्त्रण गर्न आफू असमर्थ भएको सार्वजनिक घोषणा गरिसक्दासमेत कुनै प्रतिपक्षी दलले नैतिकताको आधारमा राजीनामा माग्नुभन्दा आफ्नै अविश्वास प्रस्तावको हिसाबमा व्यस्त देखिएका छन् । उता भारतमा समेत कोभिडको उपद्रव सहि नसक्नुभएको छ । कानपुर आइआइटीका वैज्ञानिकहरूले गणितज्ञ सिद्धान्तको आधारमा सूत्रको विकास गरी त्यसको आधारमा तीनवटा पूर्वानुमान प्रस्तुत गरेका छन् । पहिले ४ देखि १८ मेसम्म दैनिक ४ लाखभन्दा बढी सङ्क्रमित हुने, मेको अन्त्यसम्म ३८ लाखदेखि ४८ लाख नयाँ सङ्क्रमित थपिने र मेको अन्त्यदेखि नै रोग प्रसारको दर घट्न शुरू हुने । यसपालिको कोरोनाले विगतभन्दा दोब्बर दरले सङ्क्रमण गराएकोले यो स्थिति उत्पन्न भएको भनाइ विज्ञहरूको छ । पहिलो लहरको कोरोनाको सङ्क्रमण दर १:१ मात्र रहेकोमा नयाँ भेरिएन्टको लक्षण बेग्लै छ । छालामा बिमिरा आउनेदेखि आँखा रातो हुने रोग र तीव्र निमोनियाको सङ्क्रमण नयाँ लक्षणको रूपमा थपिएको छ ।

स्थानीय चिकित्सक डा वीरेन्द्रबहादुर प्रधानसँग यसबारे कुरा गर्दा वीरगंजमैं समेत सिआरपी (clinicaly reactive protien) नेगेटिभ भएको बेला पिसिआर नेगेटिभ हुनुपर्ने भए पनि सिआरपी नेगेटिभ र पिसिआर पोजिटिभका साथै एन्टिजेन नेगेटिभ र पिसिआर पोजिटिभ भइरहेको समेत पाइएको छ । स्मरणीय छ पिसिआर कोरोना भाइरसमा पाइने आरएनएको परीक्षण हो भने एन्टिजेन कोरोनाको बाहिरी आवरणाको प्रोटिनको परीक्षण हो । सिद्धान्ततः यी दुवै शत प्रतिशत मिल्नुपर्ने हो तर मिलिरहेको छैन। किन यस्तो भइरहेको छ भनेर अनुसन्धान गर्ने हाम्रो क्षमता पनि छैन । अब भारतकै भेरिएन्टले नेपलमा समेत उपद्रव मचाइरहेको आधारमा मे महीनालाई उच्च सङ्क्रमणको अवधि मानेर स्थानीय सङ्क्रमणको दर ओरालो लागे-नलागेको स्थिति हेरेर वर्तमानमा लकडाउन हटाउने वा बढाउने निर्णय गर्नु उपयुक्त होला । हुन त लकडाउनको अवधि बढ्नासाथ गरीब परिवारको रोजीरोटीको समस्या अगाडि आउने छ । यसलाई विगतमा झैं स्थानीय सरकार र मनकारी व्यक्ति एवं संस्थाको प्रयासबाट सकेसम्म न्यूनीकरण गर्न सकिने अपेक्षा राख्न सकिन्छ । यहाँनेर सम्झिनुपर्ने कुरा के छ भने कोरोनाको जीवनचक्र जम्मा १४ दिनको हुन्छ, त्यसैले लक्षण वा परीक्षणमा कोरोना देख्नासाथ १४ दिनको एकान्तवास बस्नैपर्छ । तर तपाईं स्वस्थ पनि हुनुहुन्छ र यो लकडाउनको अवधिभरि बाहिर अत्यावश्यकबाहेक ननिस्किदिनुभएमा पनि सङ्क्रमणको दर घटाउन तपाईंको ठूलो सहयोग पुग्ने देखिन्छ ।

हाम्रा नेता, जनप्रतिनिधिहरू नेपाली कबिलाको सरदार बन्न लागिपरेको कोरोनाकालको यो बेला टिट फर टचाट भन्ने उखान नै चरितार्थ गर्नु सबैभन्दा बेस । अर्थात् हामी सबैले आफ्नो परिवारलाई कबिला ठानौं र आफू त्यसको सरदार बन्न अगाडि सरौं । मास्क, सामाजिक दूरी र साबुन-पानीको प्रयोग आआफ्नो परिवारमा अनिवार्य रूपमा गराउँदै आफ्नो परिवारमा कोही सङ्क्रमित भए पनि १४ दिनको स्वघोषित क्वारेन्टाइनमा राखौं । यसले चमत्कारी काम गर्नेछ । सरकारले गरेको लकडाउनलाई पनि सहयोग पुग्नेछ । तपाईं आफ्नो परिवारको लागि कति महत्त्वपूर्ण हुनुहुन्छ आफ्नो परिवारलाई सोध्नुस् र आफ्नो महत्त्व बुझ्नुस् । तपाईंविना तपाईंको परिवार सधैं अधूरो हुनेछ । आफ्नो लागि आफै गरेनौं भने गणतन्त्र आए पनि, वास्तविकता के हो भने मेराज फैजाबादीको शेरजस्तै नेपाल पनि एउटा कबिला हो र हामी नागरिक होइन, रैति हौं । रैतिबाट नागरिक बन्नुछ भने पहिले हामी स्वयं अनुशासित भई आफूलाई परिवर्तन गर्नु अपरिहार्य छ । यहाँ एउटा भोजपुरी टुक्का सम्झना भइरहेको छ-लङ्गट परले उघार के पाले । अर्थात् नाङ्गोले भेट्टायो वस्त्रहीन । हामी नाङ्गै छौं र हाम्रो सरकार वस्त्रहीन । यस्तोमा हाम्रो ... के होला ?

२०७८ वैशाख २२ गते बुधवार

सास फेर्न पनि गाह्रो भो, निगाह् होस् सरकार !

विगत केही सातादेखि राजधानीलगायत क्षेत्रमा देखापरेको वायु प्रदूषणले सरकारलाई नबनाए पनि राष्ट्रिय मानव अधिकार आयोगलाई संवेदनशील बनायो र उसले विज्ञहरूसँग परामर्श गरेर यसको न्यूनीकरणका लागि सरकारलाई तात्कालीन तथा दीर्घकालीन उपाय अवलम्बन गर्न ध्यानाकर्षण गराएको थियो । विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क अनुसार विश्वमा ७ करोड मृत्यु प्रदूषणका कारण हुने गरेको छ भने नेपालमा प्रदूषणका कारण बर्सेनि १ हजार ६ सय व्यक्तिको ज्यान जाने गरेको छ, जसमा करीब ३० प्रतिशतको कारण वायु प्रदूषण रहने गरेको छ । मार्च महीनाको अन्तिम बिहीवार पानी परेपछि दिउँसो २:४५ बजे काठमाडौंको वायुको AQI 54 मा झरेको थियो जुन पहिले ३३४ सम्म पुगेको थियो । यसको कारण १ हजार मिटरमा झरेको भिजिबिलिटी ७ हजार मिटरसम्म पुगेको थियो । सामान्यतया नेपालमा डढेलो नोभेम्बरदेखि अप्रिलसम्म लाग्ने गरेको र विगतमा ७३ जिल्लामा २७१३ डढेलोका घटना रेकर्डमा छ । यस वर्ष भने २९ जिल्लामा १२९ घटनाको जानकारी आएकोमा पानी परेपछि यो सङ्ख्या १८ जिल्लामा ५९ मा झरेको पाइन्छ । छापाहरूमा आएको खबर अनुसार मनाङमा थानचोक वनबाट शुरू भएको डढेलो नियन्त्रण गर्न डेढ महीना लाग्यो र फेरि माघको दोस्रो साता विभिन्न वन क्षेत्रमा आगलागी शुरू भयो । यसलाई हिमपातका कारण नियन्त्रण गर्न केही सजिलो भएको थियो । मनाङमा फेरि तेस्रोपटक आगलागी भयो र यसले २८ सय हेक्टर वन जङ्गललाई नोक्सान पुऱ्यायो । यस्तै गोरखामा पनि करीब ५० ठाउँमा आगलागी भयो तर आगलागीमा संलग्न एकजनाको मात्र पहिचान भयो भने मनाङमा त कसैको पहिचान नै हुन सकेन । त्यस्तै मध्यपहाडी तथा तराईको वनजङ्गलमा कोही पक्राउ परेको वा पहिचान भएको जानकारी छैन । यो समाचारबाट के बुझिन्छ भने डढेलो नियतवश लगाइन्छ । यस पछाडिको उद्देश्य घाँस, दाउरा र शिकार पनि हुन सक्छ ।

सरकारले यसको नियन्त्रणको लागि वन ऐन २०७६ मा ६० हजार जरिवाना वा ३ महीना कैदको व्यवस्था गरेको छ तर व्यक्ति नै पहिचान नभएपछि कारबाई कसलाई भन्ने प्रश्न उठ्छ । सरकारको यो कदम दण्डात्मक व्यवस्था हो जुन प्रभावकारी हुन सकेको छैन, त्यसैले सरकारले सर्वप्रथम त रोकथाम गर्न घाँस, दाउराको उपलब्धताको लागि वन क्षेत्र बाहिर व्यवस्था गर्नुपर्दछ र दोस्रो सबैभन्दा खतरनाक कार्य जुन पूर्ववर्ती सरकारले पनि गरे र वर्तमान सरकारले समेत गरिराखेको छ त्यो तत्काल बन्द गर्नुपर्दछ अन्यथा गणतन्त्रपछिको पालिकाहरूले मचाएको डोजर आतङ्कजस्तै सरकारले पनि सडक र रेल बनाउने नाउँमा जे गर्दैछ त्यो देश हितमा छैन ।

विचार गर्नुस् रक्सौलदेखि पथलैयासम्मको दूरी जम्मा २२ किलोमिटर छ र यहाँबाट पूर्वतर्फको मध्यबाट पञ्चायती सरकारले बनाएको पूर्व-पश्चिम राजमार्गको पूर्वी खण्डमा ठाउँ-ठाउँमा बसेका बस्तीहरूले वनजङ्गल समाप्तप्रायः पारिसकेर यो क्षेत्र मरुभूमिकरणतर्फ अग्रसर रहेको छ । रक्सौल सीमाबाट ५-६ किलोमिटरको दूरीमा हुलाकी सडकको निर्माण पनि अन्तिम चरणमा छ र यस्तोमा अब यो २२ किलोमिटरको दूरीभित्र नै पूर्व-पश्चिम रेलमार्गको पूर्वीखण्डको परिकल्पना गरेर निर्माण थालिएकोले औसतमा नेपालको चार कोसे झाडीलाई प्रत्येक ७ किलोमिटरको दूरीमा कम्तीमा दुई ठाउँमा लम्बवत् चिर्दा (हुलाकी सडक समथर भूमिमा पर्ने) जङ्गलमाथिको चाप चार गुणा बढ्ने र वनजन्य जीवहरूको प्राकृतिक वास स्थान नै हरण हुने अवस्था आउने सोच सरकारमा पलाएको छैन । अझ त्यसले नपुगेर निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको लागि २४-२५ लाख रूख काट्ने तयारी पनि छ । सरकारले विकासको नाममा सारेका यी कुनै पनि आयोजनाले नेपालको वातावरण र खास गरेर वायु प्रदूषण नियन्त्रण गर्नुको साटो बढाउने छ ।

संसारभरिका पर्यावरण विद्हरूको मान्यता के छ भने प्राकृतिक बाधालाई सकेसम्म भर्टिकली मात्रै छेडछाड गर्न उपयुक्त हुन्छ । होरिजन्टल गरिने विकासले विनाश निम्त्याउँछ । तर नेपालमा तराई मात्रै होइन अब मध्य पहाडी राजमार्ग पनि लम्बवत् निर्माण भइ नै सकेको छ भने उच्च पहाडी राजमार्गको समेत निर्माण चालू छ । जम्मा जम्मी १२० किलोमिटर चौडाइ भएको देशको प्रकृतिलाई चार ठाउँमा लम्बवत् चिरेर अझ स्याटेलाइट शहर निर्माण गर्ने योजना छ । निर्माण हुने यी सबै शहरका बासिन्दाले पेट पाल्न ग्याँस र विद्युत् नै प्रयोग गर्नेछैनन् । वनमा सहज प्रवेशको सुविधाले अधिकांश निश्शुल्क प्राप्त हुने दाउरा ल्याउन वनमैं जानेछन् । त्यस्तो अवस्थामा वन डढेलो कति लाग्दा र कसरी नियन्त्रण होला ? अहिलेसम्म डढेलो नियन्त्रणमा प्राकृतिक हिउँ र पहिरोको भर पर्ने हाम्रो देशले त्यस बेला कुन प्रविधि प्रयोग गरेर नियन्त्रण गर्ने होला ?

वायु प्रदूषणको लागि अहिले उद्योगहरूलाई दोष दिने सजिलो परम्परा नै चलेको छ । स्थानीयस्तरमा विश्व स्वास्थ्य सङ्गठनले छाला, पशु वधशाला, प्लास्टिक रिफाइनरी, भट्टीमा आधारित तेललगायत उद्योगहरूलाई मानेको छ । तर धूवाँ र धूलो फाल्ने सबै उद्योगहरूले कार्बन उत्सर्जन त गरिरहेकै हुन्छन् । तथापि तथ्याङ्क केलाउने हो भने समग्र नेपालमा अटोमोबाइल र उद्योगसमेत गरी मेरो अनुमानमा २०-२५ प्रतिशतसम्म मात्र प्रदूषण हुने गरेको बाँकी ७५-८० प्रतिशत प्रदूषण वनजङ्गलको विनाश गर्दै आइरहेको रूख कटानीबाट भएको छ । नेपालका सबै उद्योगहरूको क्षमता उपयोग (capacity utilization) नै ५० प्रतिशतभन्दा माथि नगएको र Assembly unit हरूको वर्चस्व रहेको अवस्थामा वायु प्रदूषणको सबै दोष उद्योग र गाडीहरूलाई दिन मिल्दैन । काठमाडौं उपत्यकामा गाडी र उद्योगको धूवाँको बढी प्रभाव यसको भौगोलिक अवस्थाका कारण हुन सक्छ । त्यसैले, कि नेपाल सरकारले वा उद्योगी व्यवसायीहरूको छाता

सङ्गठनले यो दोष हटाउन यसको अध्ययन गराई निर्णय सार्वजनिक गर्न जरूरी छ । यसबाट सबैको चेतना खुल्नेछ ।

चैत २३ गते सोमवार राजधानीकै एयर क्वालिटी इन्डेक्स फेरि २५६ पुगेको छ भने रारा ताल नजीकैको मापनयन्त्रले पनि प्रदूषणको स्तर २१० देखाएको छ । धनगढी, सिमरा, भरतपुर र सौराहामा वायु प्रदूषणको स्तर ३ सय नाघेको समाचार छ । अन्तर्राष्ट्रिय स्तरमा एक्युआई २००-३०० सम्म अस्वस्थकर र ३ सय अङ्क नाघेमा विपद्को स्थिति उत्पन्न भएको मानिन्छ । यस हिसाबले कोरोनाको दोस्रो लहरले त्रसित देशलाई वायु प्रदूषणले विपद्को स्थितिमा पुऱ्याएको र यसको व्यवस्थापनको लागि हामीसँग हावा चाल्नु र पानी पर्ने बेला पखिंनुको कुनै विकल्प तत्काल उपलब्ध छैन । किन उपलब्ध छैन भने वन-जङ्गलको यतिबिघ्न विनाश गर्दासमेत कस्तो विपद् आइपर्छ भन्ने कल्पनासम्म गरेनौं वा थाहा पाए पनि जेसुकै होस् भन्ने मानसिकतामा बसिराख्यौं ।

नेपालको वनजङ्गलमा सतहीस्तरबाट पानी पुऱ्याउन सजिलो छैन तर नेपालमा सशस्त्रको विपद् व्यवस्थापन टोली छ । यसले यस प्रकारको आगो नियन्त्रण गर्न प्रयोग हुने कार्बन डाइआक्साइड ग्याँस उत्सर्जन गर्ने ट्रलीमा राखिएको अग्निशामकको प्रयोगबाट सानो खालको डढेलो नियन्त्रण गर्न सक्दछ र त्यसैगरी सेनासँग रहेको हेलिकप्टरलाई अन्य मुलुकजस्तै कार्बन डाइआक्साइड उत्पादन गर्ने रसायन छर्ने प्रविधियुक्त बनाउनेतर्फ सोच्नु आवश्यक भइसकेको छ । हामीले आफ्नो दुर्बुद्धिले चारकोसे झाडीलाई समाप्तप्रायः पारिसकेको वर्तमान अवस्थामा अग्ला रूखहरूको अभावमा बादल लागे पनि थोरै पानी पर्ने, नदीबाट भइरहेको गिट्टी, बालुवाको दोहनबाट मूल सुक्नेजस्ता कार्यहरूले नेपालको इकोसिस्टम तहसनहस भइसकेको छ र यसलाई निकट भविष्यमा लिकमा ल्याउने कुनै सम्भावना नभएकोले डढेलो नियन्त्रणको लागि आधुनिक उपकरणको प्रयोग नगरी नहुने अवस्था आइसकेको छ । कोरोनाको कारण लकडाउन नभए पनि स्वास्थ्यसम्बन्धी सूचना अनुसरण गर्ने हो भने फेरि लकडाउन नजीकै पुगने अवस्थामा आइपुगेका छौं । दूरदृष्टि भएका नेता र त्वम् शरणम् कर्मचारीतन्त्र भएको देशको सबैतिर यस्तै हविगत होला । यस्तो अवस्थामा बाबा भोलेनाथ, पशुपतिनाथले हामी सबैको कल्याण गरून् भनेर प्रार्थना गर्नुबाहेक के नै गर्न सकिएला र ?

२०७८ वैशाख ०१ गते बुधवार

रनभुल्लमा राजनीति

गत पुस ५ गते सर्वोच्च अदालतले संसद्को विघटन बदर गरिदिएपछि देशको राजनीति नैतिक धरातलमा चलेको भए प्रमले राजीनामा दिएर अहिले नयाँ सरकारले कार्यभार सम्हालिसक्नुपर्ने थियो । तर त्यसो भएन र फागुन २३ गते सर्वोच्च अदालतले पूर्व एमाले र माओवादीको एकीकरणबाट बन्न पुगेको नेकपा पार्टी र एकीकरणसमेत खारेज गरेपछि बल्झेको नेपालको राजनीति स्वतः बल्झेको र बल्झाइएको हो भन्ने प्रश्न उठ्न थालेको छ । प्रश्न उठ्नु पछाडिको कारण के हो भने फागुन २३ गते दिउँसो १ बजे सुनाइएको फैसलाको पूर्णपाठ त्यसै दिन तयार गरी ५ बजेभित्र नै निर्वाचन आयोगलाई बुझाइयो, जसले ज्युडिसियल एक्टिभिजम अर्थात् न्यायिक तत्परता भन्दै देशका वरिष्ठ वकीलहरूले सर्वोच्चले यसरी फास्ट ट्रयाक वा तीव्र गतिमा काम गरेको कहिल्यै नदेखेको अनुभव सुनाउने गरेको पाइन्छ । सर्वोच्चको दुवै फैसलालाई समग्रमा हेर्दा विघटनको मुद्दामा राजनीतिक दल एवं नागरिक समाजको दबाब थेग्न गाह्रो हुने देखेर नेकपाको नामसम्बन्धी विवादको माध्यमबाट सरकारकै आवश्यकता सम्बोधन गर्न पुगेको भान पर्दछ । यसो नहुँदो हो त प्रम ओलीले राजीनामा गर्नुको सट्टा माओवादीले दिएको समर्थन फिर्ता नलिएकोले सरकार बहुमतकै भएको र त्यसैगरी पूर्वसभामुख एवं कानूनविद् मानिनुहुने सुवासचन्द्र नेम्वाङले माओवादी केन्द्रले समर्थन फिर्ता नलिएसम्म वर्तमान सरकार टिकिरहन्छ भन्ने नसुहाउने अभिव्यक्ति दिइरहनुभएको छ ।

देशमा अहिले सबैले बल अब काङ्ग्रेसको कोर्टमा छ भनिरहेका छन् भने काङ्ग्रेस स्वयम् नै दुई खेमामा विभाजित छ । पौडेल समूह अविश्वासको प्रस्ताव ल्याएर ओली हटाउने पक्षमा खडा छ भने देउवा अहिले समय परिपक्व नभएको भन्दै प्रत्यक्ष वा परोक्षरूपमा उनले ओलीलाई समर्थन गरेको बुझिँदै छ । तर यसको पृष्ठभूमि विचार गर्दा पूर्वमा माओवादीले नेपाली काङ्ग्रेससँग सरकारमा सामेल रहेकै बेला एमालेसँग चुनावी तालमेल गरी पार्टी एकीकरण गरेर धोका दिएको माओवादी केन्द्र र वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता नलिएको, माओवादी केन्द्रमाथि विश्वास गर्न नसकिरहेको पनि हुन सक्छन्, नेका सभापति देउवा । समर्थन फिर्ता लिंदा के हुन सक्छ ? एमाले इतरका दलहरूको बीच समझदारी बन्न नसकी एमालेकै नेतृत्वको सरकार चलिरहने वा त्यति बेला माधव नेपाल समूहको एमालेले फ्लोर क्रस गरी सरकार बन्नै नसक्ने अवस्था आएर पुनः संसद विघटन हुने अवस्था आउँछ । तर यस्तो अवस्था संविधान र विधिसम्मत भएकोले माओवादीले नैतिक आधारमा दिएको समर्थन फिर्ता लिनुपर्छ होइन भने माओवादीमा समेत ओलीजस्तै सत्तालिप्सा छैन भन्न सकिँदैन । त्यसैगरी, जसपाले तेर्स्याएको रेशम चौधरीको रिहाइ र संविधान संशोधन

नहुने र (ख) संविधान संशोधन गर्न दुई तिहाइ पुग्दै नपुग्ने अवस्था रहेकोले जसपाले पनि बढीभन्दा बढी मन्त्रालय लिने र सरकारलाई आफ्नो शर्तमा हिंडाउन खोज्ने र हिंड्न नखोजे समर्थन फिर्ता लिनेबाहेक अन्य कार्य गर्न नसक्ने देखिन्छ ।

एमालेमा ओलीले नेपाल समूहलाई पनि धम्क्याए पनि सदस्यबाट हटाउने सम्भावना ज्यादै न्यून छ किनभने यसो गर्दा एमालेकै संसद्मा सदस्य सङ्ख्या घट्न जाने हो । दरबार र कम्युनिस्टले पटक-पटक काङ्ग्रेसलाई प्रयोग गर्ने रणनीति अख्तियार गरेको र विगतको निर्वाचनमा समेत जनताले कम्युनिस्टलाई नै शासन गर्न जनादेश दिएकोले ५ वर्ष सरकार चलाउने र चलाउन नसके विधिसम्मत ढङ्गबाट आफ्नो असफलता स्वीकार गरी ताजा जनादेशको लागि मध्यावधिमा जाने गरी दुवै मार्ग नै काङ्ग्रेसको लागि उपयुक्त विकल्प हुन सक्छ । एमालेमा अन्तरविरोध बढिरहँदा केन्द्रीय समितिमा रहेको नेपाल समूहको बैठकले भोलि ओलीलाई एमालेको अध्यक्ष पदबाट हटाइ नेकपा माओवादीसँग सहकार्य गरेर अगाडि बढ्ने सम्भावना ज्यादै न्यून छ । यो सम्भावना क्रमशः बलियो पनि हुँदै जान सक्छ किनभने नेपालको राजनीतिमा भइरहेको सबै घटनाक्रम नेपालभित्रकै हुन् भन्ने कुरा विश्लेषकहरू मान्न तयार छैनन् । बेलायतबाट प्रकाशित 'दि इकोनोमिस्ट'को २० मार्च २०२१ को अङ्कमा 'नेपालको राजनीतिक सङ्कटमा भारत र चीनको फरक एप्रोच' शीर्षकमा प्रकाशित सामग्री अनुसार भारत र चीन दुवै नेपालको सम्बन्धमा द्विविधामा रहेकाले चीनले नेपालमा हस्तक्षेप गरिरहेको र भारतले सङ्कट व्यवस्थापन गरिरहेको उल्लेख छ। नेपालका लागि चिनियाँ राजदूतको पुनः बढेको सक्रियताले संसद् पुनर्स्थापना भएपछि नेकपाभित्रको विवाद मिलाउन सक्रिय चीन अहिले एमाले र माओवादी केन्द्र जसरी पनि मिलोस् र कम्युनिस्टकै सरकार बनोस् भन्ने चीनको चाहना छ । यसलाई पूरा भएको हेर्न एमालेको नेपाल समूहलाई कसरी फुटाएर माओवादी केन्द्रसँग फेरि कम्युनिस्टकै सरकार बनोस् भन्ने आफ्नो चाहना पूरा भएको हेर्न चाहन्छ। उता भारतले भने शान्त कूटनीति गरिरहेको भान परे पनि भारतको चाहना भने ओली सरकारको निरन्तरता नै रहेको बुझिन्छ । तसर्थ भारतले विभिन्न दललाई र विशेषगरी जसपालाई ओली सरकारमा समर्थन गर्न प्रोत्साहित गर्ने खेलमा शान्तरूपमा तल्लीन भएको पाइन्छ ।

एमाले र जसपाको सरकार बनेमा समेत संविधान संशोधनको मुद्दामा चर्को बुँदा समावेश गरेर सकेसम्म काङ्ग्रेस र माओवादीले समर्थन नगरून् भन्ने एमालेको चाहना रहनेछ, जसले गर्दा चुनावमा एमालेले आफूलाई मधेसको शुभचिन्तकको रूपमा प्रस्तुत गर्दै काङ्ग्रेस, माओवादी र जसपासमेतलाई नै ठेगान लगाउन सकोस्। माओवादीले वर्तमान सरकारको समर्थन फिर्ता नलिनु पछाडिको मूल रहस्य सर्वोच्चमा पुनरावलोकनको मुद्दा सदर भएमा फेरि नेपाल समूहको सहयोगमा सत्ता हत्याउने नै थियो, जुन सर्वोच्चले खारेज गरिदिएको छ । यस्तो अवस्थामा माओवादी पनि किंकर्तव्यविमुढ बनेको छ। अब ओलीले एमालेमा संवादका सबै ढोका बन्द गरिदिएकाले

नेपाल समूहसँगको एकमात्र विकल्प समानान्तर सङ्गठन खडा गरी शक्ति हासिल गर्ने र आन्तरिक लडाइँबाट ओलीलाई परास्त गर्न नसकिने अवस्था भएमा नयाँ दल गठन गर्ने रहेको छ। नयाँ दल गठन गर्दा माओवादीसँग मिलेर मात्र फेरि नयाँ सरकार गठन हुन सक्ने नसक्ने कुरा भविष्यको गर्भमा रहनेछ । प्रजातन्त्र मर्दैछ भन्ने पुस्तकका लेखकले गरेको भविष्यवाणी क्रमशः सत्यसिद्ध हुँदैछ । नेपाल, पाकिस्तान र अहिले वर्मा वा म्यान्मामा यो प्रत्यक्ष देख्न र भोग्न थालिएको छ भने विश्वकै दोस्रो ठूलो प्रजातान्त्रिक देश भारतलाई अब तानाशाही प्रजातान्त्रिक मुलुकमा दरिन थालिएको छ। म्यान्माको घटनामा सार्क र विमस्टेकका सदस्य राष्ट्रसमेतले ५ सयभन्दा बढी नागरिकको हत्या भइसक्दासम्म चूँ बोलेको पाइँदैन । यसबाट नै के बुझ्न सकिन्छ भने नेपालको ओली सरकारलाई सार्क र विमस्टेकको मौन वा सक्रिय समर्थन रहेको छ। यो अवस्थामा चीन भने नेपालको राजनीतिमा सक्रियरूपले लागिपरेको छ। नेकपाको गठनपछि चीनले यो पार्टी सङ्गठन निकै नजीक रहेर काम गरेको र नेकपालाई एउटा भरपर्दो शक्तिको रूपमा लिँदै २०१९ मा दुवै दलबीच एक समझदारीमा हस्ताक्षरका साथै लामो समयपछि चिनियाँ महामहिमको नेपाल भ्रमणसमेत सम्पन्न भएको हो। तर नेकपामा उत्पन्न विग्रह एवं वर्तमानमा दुवै पुरानो अवस्थामा फर्किनुले चीन पनि अप्ठेरोमा परेको छ । उता भारतले भने ओली सरकारको कालापानी विवादपछिको चुप्पीले प्रजातन्त्रवादीभन्दा वामपन्थीसँग काम गर्न सहज महसूस गरी अहिले नै नेपालमा निर्वाचन भएमा प्रजातान्त्रिक शक्ति विजयी हुने र त्यो आफू अनुकूल भएपनि नभएपनि भारतको आगामी लोकसभा निर्वाचनको लागि सन्देश हुन सक्ने भएकोले शान्त कूटनीतिमार्फत् ओलीलाई नै समर्थन दिइरहेको हुन सक्छ। त्यसैले यतिबेलाको नेपालको असजिलो अवस्थामा भूराजनीतिक दबाब एवं प्रभावका कारणले सृजना भएको र यसको निराकरणसमेत उतैबाट हुनेछ भन्नुमा अतिशयोक्ति नहोला ।

२०७७ चैत २४ गते मंगलवार

हैप्पी होली !

सरकार आगामी आवको बजेटको तयारीमा लाग्ने क्रममा सरोकारवालाहरूसित सुझाव लिने कार्य पनि भएको छ । कोरोना महामारीका कारण थलिएका उद्योग व्यवसायलाई पुनर्जीवन दिनुपर्ने तथा कोरोनाको महामारीलाई अवसरको रूपमा उपयोग गर्नुपर्ने रटान पटक-पटक सुन्न पाइएकै हो । गर्नुपर्ने त हो तर कुनै विज्ञ-विशेषज्ञले असारे खर्चबाहेक वास्तविक विकास बजेटको २८-३० प्रतिशत मात्रै खर्च हुने देशमा यो कसरी सम्भव छ वा कसरी वास्तविक विकास खर्च बढाउने बाटो बताइदिए हुन्थ्यो । सन् १९७० मा नेपाल र चीन दुवैको प्रतिव्यक्ति आय १७० डलर रहेकोमा अहिले ५० वर्षको अन्तरालमा चीन विश्वकै शक्तिशाली राष्ट्र बन्न सफल हुन थालिसकेको बेला हामी बल्ल एक हजार डलर प्रतिव्यक्ति आयमा सीमित छौं । अहिलेको एक हजार डलर प्रतिव्यक्ति आयलाई १० वर्षमा ५ हजार अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिइएको छ । यसका लागि विकास निर्माणको कार्यलाई व्यापक बनाउनु जरूरी छ जुन हुन नसकेको निर्विवाद छ । नयाँ योजनाको त कुरै छाडौं पुरानै राष्ट्रिय गौरवका आयोजनाहरूको अवस्था दयनीय छ । यस्तोमा नेपाल आउँदो ५ वर्षमा अतिकम विकसित देशको सूचीबाट विकासशील देशको सूचीमा सामेल हुन गइरहेको छ । विकासशीलबाट मध्यम स्तरको आय भएको देश बन्न २०३० सम्म करीब ३ सय खर्ब रुपियाँ आवश्यक पर्नेछ । कोरोनाबाहेक सामान्य अवस्थामा समेत आन्तरिक राजस्वबाट कर्मचारीको तलब नै अपुग हुन लागेको र विकास निर्माणको यस्तो दुरवस्था भएको बेला यस समस्याको समाधान गर्न बैठक वा छलफल गर्न जुट्नुपर्ने राजनैतिक दलहरू कुर्सीको हानथापमा जुटेको पाइन्छ । विगतमा प्रधानमन्त्रीले गरेको संसद् विघटनको सिफारिशलाई राष्ट्रपतिसमेतले क्षणभरमै स्वीकृत गर्नु र त्यस्तो कार्य रोक्ने प्रयोजनका लागि विशेष अधिवेशनको माग गर्न पुगेका सांसदहरूलाई नभेटेर फर्काइदिनुले नेपालमा संविधानले गणतन्त्र भने पनि राज्यशक्ति भएकाहरूको हातमा उनीहरूको सोचमा दासतन्त्र हावी रहेको देख्न पाइन्छ । सर्वोच्चले विघटन असंवैधानिक घोषणा गरेपछि पनि राष्ट्रपतिले आफ्नो बङ्गलादेश भ्रमणबारे छलफल बोलाएको सर्वदलीय कार्यक्रममा प्रमले पुनः संसद् विघटनको कुरा उठाउनु र राष्ट्रपतिले प्रजातन्त्रमा चुनाव हुनु सामान्य प्रक्रिया हो भन्ने मन्तव्य राख्नुबाटसमेत उही कुराको सङ्केत मिल्दछ । होइन भने प्रम र राष्ट्रपति दुवैले शक्ति पृथकीकरणको सिद्धान्त स्वीकार गर्दै कि नैतिकताको आधारमा राजीनामा दिनुपर्ने हो त्यस्तो गर्न सकिन्न भने संसद्लाई काम गर्न दिई सामान्य अवस्थामा चल्न दिनुपर्ने हो । नैतिकताको प्रश्न प्रममाथि मात्रै लागू हुँदैन । नेकपाबाट माओवादी केन्द्र बन्न पुगेको दलले पनि आफ्नो समर्थन आजसम्म फिर्ता लिन सकेको छैन भने जसपामा उपेन्द्र यादव र डा. भट्टराई समूह काङ्ग्रेससँग र महन्थ ठाकुर एवं राजेन्द्र महतो ओलीसँग मिल्ने पक्षमा देखिएकाले काङ्ग्रेसले समेत जसपाको पूर्ण समर्थन नभई बहुमतको सरकार बन्ने अवस्था नभएकोले यो खेलमा अगाडि सर्न सकेको छैन । एमालेमा ओलीले आफ्नो पक्षमा जतिसुकै विधान संशोधन गरे पनि, तर्साएर केही सांसदलाई आफ्नो

पक्षमा तान्नेबाहेक केही गर्न सक्ने छैनन् किनभने यसो गर्दा संसद्मा अन्ततः एमालेकै सिट सङ्ख्या घट्न पुगनेछ । यो अवस्थामा नेपालको अवस्था एमाले कुर्सी नछाड्ने, माओवादी समर्थन फिर्ता नलिने, काङ्ग्रेस चुनावमा जाने वा बहुमतको ग्यारेन्टी भएपछि मात्र सरकारमा जाने र जसपा विभाजनको ढोकामा उभिन पुगेको छ । आखिर यो अवस्थाले हामीलाई कहाँ पुऱ्याउने हो र के यो अवस्था जटिल वा गम्भीर छ भनेर विचार गर्नु सबै नेपालीको चिन्ताको विषय हो ।

राजनीतिमा जे होस् अर्थनीतिमा हामीले फड्को माऱ्यामाऱ्यै छौं । विश्व बैंकले रेमिटयान्स घट्ने प्रक्षेपण गरेपनि हाम्रो भने बढेकोबढ्यै छ । प्रजातन्त्र पुनर्स्थापनापछिको ११ वर्ष अर्थात् २०४७–२०५८ सम्म, २०५२ सालदेखि माओवादी द्वन्द्व शुरू भएको भए पनि सरदर वार्षिक आर्थिक वृद्धिदर ५.३ प्रतिशत रहेको पाइन्छ भने शाही 'कू' र चरम माओवादी द्वन्द्वको ५ वर्ष अर्थात् २०५९ –२०६३ सम्मको आर्थिक वृद्धिदर एक आवको ऋणात्मकसमेत गरी ३ प्रतिशत र लोकतान्त्रिक गणतन्त्रको १० वर्ष अर्थात् २०६४–२०७३ को सरदर आर्थिक वृद्धिदर ३.५ प्रतिशतभन्दा माथि बढेको पाइँदैन भने कोरोनाकालको त झन् २–२.५ प्रतिशतमा कायम नै रहेको अवस्थामा समते हामी दक्षिण एशियाकै सबैभन्दा खुशी राष्ट्रमा दरिएका छौं । २०१९ मा सयौं स्थानमा रहेको नेपाल २०२० मा ९२ औं स्थान र २०२१ मा नेपाल १४९ देशमध्ये ८७ औं स्थानमा पुग्न सफल भएको छ । दक्षिण एशियामा भारतको १४४ औं स्थान छ । रिपोर्टले फिनल्यान्डलाई विश्वकै सर्वाधिक खुशी देशको रूपमा पहिलो स्थान दिएको छ । कुल गार्हस्थ्य उत्पादन, सामाजिक सहयोग, व्यक्तिगत स्वतन्त्रता र भ्रष्टाचारको अवस्थालाई अध्ययनको सूचक मानिएको भनिएको छ । २०२० मा कोरोनाले धरापमा नै पारेको गार्हस्थ्य उत्पादन, सामाजिक सहयोगको नाममा छुवाछूत, बोक्सी, बलात्कार, यौनजन्य हिंसा, महिला हिंसा, आत्महत्या नै बर्सेनि ८ हजार पुगेको आँकडा प्रकाशित भएको, व्यक्तिगत स्वतन्त्रताको हकमा पनि उस्तै अवस्था रहेको र भ्रष्टाचारको सम्बन्धमा ट्रान्सपरेन्सी इन्टरनेशनलको रिपोर्टले देखाएको अवस्थाका बावजूद हामी दक्षिण एशियाकै सबैभन्दा खुशी देश हुन पुगेकोमा गौरवान्वित हुनैपर्छ ।

वास्तवमा हाम्रो विचारमा देशको अवस्था यति विधि बिग्रेको छ भने यस्तो कीर्तिमान कसरी हासिल हुन सक्दछ भन्ने प्रश्न उठ्नु स्वाभाविक छ । २०२० मा ९२औं स्थानमा रहेको हामी २०२१ मा जुन गति र चालाले ८७औं स्थानमा पुग्यौं त्यही गति र चालाले आउँदो २० वर्षमा त पक्कै फिनल्यान्डलाई उछिन्न सक्छौं । त्यसो हो भने परिवर्तन किन चाहियो ? आखिर चुनाव भए पनि जितेर आउने अहिले भएकामध्ये नै हुन् । यिनले केही गरे पनि नगरे पनि, ५ अङ्क प्रत्येक वर्ष यसै अवस्थामा उक्लिन पाइन्छ भने केही गर्नु नै किन पऱ्यो ? राम्रो आर्थिक विकास गरेको भनिएको बङ्गलादेश पनि दक्षिण एशियामा नै पर्ने र हामीले केही नगरी त्यसलाई समेत उछिनेको हर्षोल्लास र उमङ्ग नमनाउने कुरा भएन । संयोग झन् कस्तो राम्रो भने होली नजीकिएको छ । त्यसैले यो वर्षको होली हामी सबैले हाम्रा शासकहरूलाई यत्रो उपलब्धिका लागि धन्यवाद दिँदै हर्ष र उल्लासका साथ मनाउनुपर्दछ । तर यस हर्ष र उल्लासमा सामाजिक दूरी कायम गर्दै पटक–पटक साबुन पानीले हात धुने र मास्क लगाउने बानी नछोड्न अनुरोध गर्दछु । मेरोतर्फबाट पनि सबैलाई हैप्पी होली !

२०७७ चैत ११ गते बुधवार

- तिनोद गुप्ता

कोर्स करेक्सन

सर्वोच्च अदालतको पछिल्लो फैसलाका सम्बन्धमा समेत दुई फरक धार देखापरेको छ । फैसलाको पक्षमा उभिनेहरूले यो फैसला दल दर्तासम्बन्धी ऐनलाई टेकेर भएकोले दलको (नेकपा)को दर्ता खारेज हुने भएपछि दुवै दल एमाले र माओवादी पूर्ववत् अवस्थामा फर्कनुबाहेक विकल्प नभएको भनाइ रहेको छ भने विपक्षमा उभिनेहरूले भने माग्दै नमागेको क्षेत्रमा प्रवेश गरेर सर्वोच्चले फैसला गरेकोले पुनरवलोकनमा जानुपर्ने मनसाय व्यक्त गरेको पाइन्छ । पुनरवलोकनको लागि स्थितिमा महत्त्वपूर्ण परिवर्तनको प्रमाण हुनुपर्ने वा सर्वोच्चको कुनै पुरानो नजीरसँग बाझिएको हुनुपर्ने भनिरहँदा भोलि दुवै दलको भविष्य फेरि अनिश्चित हुने चिन्ता रहने नै भयो ।

भविष्यलाई एक छिनको लागि थाती राखेर वर्तमानमा विचार गर्दासमेत संसद्मा ओली पक्षको १२१ सिट रहेको र सामान्य बहुमतको लागि १३८ सांसदको समर्थन आवश्यक भएकोले एमालेले काङ्ग्रेस ६१, जसपा ३२ मध्ये कुनै एकसँग सहयोग नलिई सरकार बन्ने अवस्था छैन । प्रम ओलीले सर्वप्रथम काङ्ग्रेससँग सहकार्य गर्ने प्रस्ताव गरेकोमा काङ्ग्रेसले आफ्नो नेतृत्वमा सरकार बन्ने भए मात्र सहयोग गर्ने सङ्केत गरेको छ । यो काङ्ग्रेस र त्यसमा पनि सभापति देउवाको बाध्यता हो । प्रधानमन्त्री हुन पाएपछि सभापतिको आफ्नो दाबेदारी कायम गर्न आगामी महाधिवेशनलाई आफ्नो पक्षमा प्रभावित गर्न सक्ने सोचाइ हो । यो सोचाइ वास्तविकता पनि हो । आज कसले पाएको कुर्सी, आदर्शको लागि छोडेको छ र ? काङ्ग्रेसको यस्तो सङ्केतपछि ओलीले जसपाका महन्थ ठाकुर र राजेन्द्र महतोसँग सम्बन्ध थाले । यसलाई अगाडि बढाउन उनीहरूले अन्यलाई थाहै नदिई एउटा कार्यदलसमेत बनाए । जुन निकै आलोचित बन्यो । यसै दलका डा बाबूराम भट्टराई र उपेन्द्र यादव भने विरोधी कित्तामा उभिए । तथापि एमालेसँगको वार्तामा जसपाले रेशम चौधरीको रिहाइ, मुद्दा फिर्ता एवं संविधान संशोधनको शर्त राखेको छ ।

रेशम चौधरीको रिहाइ र मुद्दा फिर्ता, खासगरी विप्लव समूहसँग सरकारको सहमतिको पृष्ठभूमिमा सजिलै हुन सक्ने भए पनि संविधान संशोधनको लागि दुईतिहाई पुऱ्याउन फेरि काङ्ग्रेस र माओवादीको सहयोग अनिवार्य हुन जान्छ । यस अवस्थामा ऋणात्मक राजनीति (नेगेटिभ पोलिटिक्स) खेल्ने हाम्रा प्रमले संविधानको प्रस्ताव स्वीकार गरेर पछिल्ला दिनहरू जस्तै हात्ती आयो हात्ती आयो फुस्सा बनाएर काङ्ग्रेस, माओवादी र जसपालाई समेत मधेसमा अलोकप्रिय बनाउने अवस्था सृजना गर्न सक्ने सम्भावनालाई नकार्न सकिन्न । यस्तै बेला जसपाबाट नै प्रधानमन्त्रीको माग अर्थात् जसपाकै नेतृत्वमा सरकार गठनको माग उठेको छ जसलाई अस्वाभाविक मान्न

सकिदैन । यस दलमा समेत महन्थ ठाकुर, डा भट्टराई, उपेन्द्र यादव र राजेन्द्र महतोजस्ता अनुभवी नेता छँदैछन् । तर प्रम पदको लागि आफ्नो पार्टीलाई भावनात्मकरूपमा दुई खेमामा विभाजित गरी प्रतिनिधिसभा नै विघटन गरिदिने नेताले यो प्रस्ताव सहजै स्वीकार गर्ला भनेर विश्वास गर्ने ठाउँ देखिंदैन । त्यसैले यो खिचलोको उत्तम विकल्प भनेकै नेका वा जसपामध्ये कुनै एकको नेतृत्वमा सरकार बन्नु नै हो । तर यो अवस्थाले अब एमाले नेतृत्व दिन तयार नभएको अवस्थामा काङ्ग्रेस, माओवादी र जसपाको संयुक्त सरकार बन्ने नबन्ने कुरा पनि शङ्कास्पद हुन आउँछ । यस्तो हो भने फेरि अन्तिम विकल्पमा ठूलो दलको सरकार बन्ने र त्यसले विश्वास मत प्राप्त गर्न नसकेमा पुनः संसद् विघटन भई निर्वाचन नै अन्तिम उपाय हुने देखिन्छ ।

देश यो अवस्थामा पुग्यो भने कानूनसम्मत हुनेछ र नेपालको राजनीतिले कोर्स करेक्शन गरेको ठान्नुपर्दछ । हुन त काम चलाउ हैसियतमा यसै सरकारले चुनाव गराउने भई प्रभाव पार्ने हदैसम्मको प्रयास गर्नेछ तर यो खेलबाट आजित भएको जनताले सही निर्णय लिनेछ भनी आश गर्नुको अन्य विकल्प छैन ।

यो अवस्थासम्म प्रधानमन्त्रीको पदमा टिकिराख्ने केपीशर्मा ओलीको सोचमा पनि कम चुनौती भने छैन । उनलाई अहिले माधव नेपाल समूह मूल पार्टीमा फर्केकोमा ठूलो तनाव छ । यो समूहले अब पुरानै पार्टीभित्र स्पेस खोज्ने कार्य गर्नुका साथै जुनसुकै अवस्थामा पनि, वामपन्थीकै सरकार बनाउन छलफल चलाउनुपर्ने कुरा उठाएको छ । यो भनेको फेरि माओवादीसँग सहकार्य गर्नु मात्र हो । यस अवस्थामा ओली प्रधानमन्त्री भए पनि कठपुतली सरकारको नेतृत्व गरेको ठहरिनेछ । अर्कोतिर नेका र माओवादी केन्द्रले समेत अब गठन हुने सरकारले चुनावसमेत गराउने भएकोले ओलीलाई पदमा राख्न नहुने अडान लिएका छन् । काङ्ग्रेस जसपासँग समेत वार्ता गर्ने तयारीमा छ ।

माओवादी केन्द्रले भने जसपा र काङ्ग्रेसको बैठकको निष्कर्षपछि मात्र सरकारलाई दिएको समर्थन फिर्ता लिनेबारे निर्णय गर्ने सोच बनाएको भए पनि एमाले-जसपा गठबन्धनको सरकार बन्ने भए माओवादीको समर्थन नचाहिने तर जसपामा विवाद बढ्न गई पार्टी फूटतर्फ अग्रसर हुन सक्छ । यस्तो अवस्थामा राजनीतिक परिस्थिति निकै जटिल देखिन्छ तर नेपालको राजनीति नेपाली राजनीतिज्ञहरूको भरमा मात्र नचल्ने भएकोले यसको पटाक्षेप कसरी हुन्छ भन्ने कुराले नेपाल-भारत-चीन सम्बन्धको शक्ति सन्तुलन थाहा पाउन कठिन हुने छैन ।

२०७७ चैत ०४ गते बुधवार

बल्झेको नेपाली राजनीति

सम्मानित सर्वोच्च अदालतले गरेको फैसलाले नेपालको राजनीति मूलधारमा फर्किएको र प्रम ओलीको प्रतिगमन निरस्त भएकोमा सबै नेपाली न्यायपालिका र यसका न्यायमूर्तिहरूप्रति नतमस्तक नै हुनुपर्दछ। नतमस्तक यस अर्थमा कि सर्वोच्चले निवेदकहरूको मागबमोजिम पुनर्स्थापना मात्र गरेन, बरु विघटित संसद्को निरन्तरता कायम गर्दै बैठक बोलाउने मितिसम्म तय गरिदिएको छ। पुनर्स्थापना पक्षका निवेदकहरूबाट मिति तोक्ने माग नभएको अवस्थामा विपक्षले प्रम ओलीले बैठक नडाक्न सक्ने तर्क प्रस्तुत गरेको आधारमा संज्ञान लिदै अदालतले मितिसम्म तोकेर पुनर्स्थापनाको पक्षमा फैसला दिएर देश र संविधानलाई समेत लिकमा ल्याइदिएको हो।

ओली समूह र प्रचण्ड–नेपाल समूहको पार्टीबारेको आधिकारिकता विवादमा निर्वाचन आयोगले म्याद नाघिआएको भनी अड्को थाप्ने निश्चित नै छ। यस अवस्थामा देशको राजनीति जटिल हुने भविष्यवाणी भइरहेको छ। सर्वोच्चको आदेश अनुसार फागुन २३ गतेको लागि बैठक डाक्ने गरी काम भइरहेको छ। यस अवस्थामा प्रमले नैतिकताको आधारमा राजीनामा दिने वा संसद्को सामना गर्ने दुईवटा मात्र विकल्प भएकोमा प्रम ओलीले इतिहाससमेतको बेवास्ता गरी संसद्को सामना गर्ने बताइसक्नुभएको छ। विगतमा पूर्वप्रमहरू कीर्तिनिधि विष्टले सिंहदरबार आगलागी, सूर्यबहादुर थापाले राजाले संसद्को राय लिएर विघटन अस्वीकार गरेपछि र गिरिजाप्रसाद कोइरालाले मालेले समर्थन फिर्ता लिएपछि नैतिकताका आधारमा राजीनामा दिएका थिए। त्यतिमात्र होइन, ओली सरकारकै मन्त्री शेरबहादुर तामाङ र गोकुल बाँस्कोटाले समेत नैतिकताको आधारमा राजीनामा दिएको सबैलाई थाहा नै छ।

उहाँको यो घोषणाले कामै लिन नसक्ने भनी विघटन गरेको संसद्मा उहाँ कसरी फर्किन मिल्छ भन्ने प्रश्न खडा भएपनि प्रमलाई यसको वास्ता छैन। यस्तो अवस्थामा प्रचण्ड–नेपाल समूहसँग रहेको पहिलो विकल्प हो (१) ओलीसँग सम्झौता गरेर विवाद समाप्त गरी सत्ता चलाउने (२) ओलीलाई संसदीय दलको नेताबाट हटाउने र (३) अविश्वास प्रस्तावबाट हटाउने। पहिलो विकल्प कुनै ठूलो चमत्कार नै भयो भने सम्भव होला। दोस्रो विकल्पको कुरा गर्दा संसदीय दलभित्र ओली र प्रचण्ड–नेपाल समूहको सदस्य सङ्ख्यामा थोरै मात्र अन्तर भएकोले 'हर्स ट्रेडिङ'को अत्यधिक जोखिम छ।

संसदीय दलको नेताको पदबाट ओलीलाई हटाउँदा उनी प्रधानमन्त्री रहने अवस्था हुँदैन तर संसदीय दलको बैठक संसदीय दलको नेताले मात्र बोलाउन सक्ने हुँदा ओलीले बैठक नबोलाइ संसद्को सामना गर्ने तयारी गरेको हुनुपर्दछ। संसदीय दलभित्र पनि उनको बहुमत शङ्कास्पद नै रहेको छ। तर संसदीय दलको नेताविरुद्ध अविश्वासको

प्रस्ताव दर्ता भएमा भने उपनेताले १५ दिनभित्र बैठक बोलाउने व्यवस्था छ ।

तेस्रो विकल्पमा जान आफ्नै दलभित्रको व्यक्तिलाई अविश्वासको प्रस्ताव लगाउने नैतिक सङ्कटका साथै ह्वीपको विरोधमा जाँदा सांसदलाई पद गुमाउने खतरा रहन्छ तर त्यसको कारबाई संसदीय दलबाट नभएर केन्द्रीय समितिबाट गर्नुपर्ने प्रावधान रहेको र प्रचण्ड ओलीसँग केन्द्रीय समितिमा राम्रै बहुमत रहेकोले कानूनीरूपमा धक मान्नुपर्ने देखिदैन । अब रह्यो नैतिकताको प्रश्न यसलाई समयसापेक्ष रूपमा हेर्नुपर्दछ। सामान्य अवस्थामा खुकुरीले मान्छे काट्दा जन्मकैदको सजाय हुन्छ तर त्यही खुकुरीले युद्धको मैदानमा जति बढी मान्छे काट्यो त्यति ठूलो पदक पाइन्छ। दुवै अवस्थामा कर्म एउटै भएपनि अवस्था फरक हो। त्यसैगरी, ओलीविरुद्धको लडाइँमा अहिले अविश्वासको प्रस्तावबाट हटाउनु अनैतिक हुँदैन । तर यसमा पनि जटिलता देखिएको छ । त्यो के हो भने अविश्वास प्रस्ताव दर्ता गर्दा प्रधानमन्त्रीको नामसमेत खुलाउनुपर्ने व्यवस्था भएकोले कि त नेपाली काङ्ग्रेसले प्रचण्ड–नेपालको कुनै एकको नाममा सहमति जनाउनुपर्ने हुन्छ। यसको अर्को विकल्प भनेको शेरबहादुर देउवाको नाममा सहमति जुट्नु हो तर यसरी पेश भएको अर्को दलको संसदीय दलको नेतालाई प्रममा प्रस्तावित गर्न मिल्छ वा मिल्दैन भन्ने कुरा स्पष्ट छैन । त्यस कारणले काङ्ग्रेस र समाजवादी दलले प्रचण्ड–नेपाल समूहको वैधानिकता स्पष्ट गर्न अडान लिएको बुझिन्छ । अर्को दलको संसदीय दलको नेताको नाम प्रस्ताव गर्न मिल्ने अवस्था वा प्रचण्ड–नेपाल समूहले वैधानिकता टुङ्गो लगाएमा जुनसुकै अवस्थामा काङ्ग्रेसको सहयोगविना सरकार बन्न नसक्ने भएकोले नेकाले ओली समूहलाई साथ दिने आत्मघाती कदम नचाल्ने हो भने प्रचण्ड–नेपाल समूहसँग मिलेर अगाडि बढ्ने रणनीति लिन सक्छ । यस्तो अवस्थामा आफू प्रधानमन्त्री र रामचन्द्र पौडेललाई राष्ट्रपतिमा राखी आउँदो महाधिवेशनबाट निष्कन्टक सभापति बन्न पाउने सौभाग्य देउवालाई मिल्नेछ । अर्कोतर्फ देउवालाई समर्थन गर्दा अविश्वास प्रस्ताव दर्ता गर्दा प्रधानमन्त्रीको लागि प्रस्तावित व्यक्तिलाई राष्ट्रपतिले नियुक्त गर्नुपर्ने व्यवस्था संविधानको धारा १०० (७) मा रहेको र त्यसरी नियुक्त व्यक्तिले एक महीनाभित्र संसद्मा विश्वासको मत लिनुपर्ने व्यवस्था छ । जुन सजिलै हुन सक्छ । तर प्रम ओलीले संसदीय दल छलेर संसद्मा जाने र त्यहाँ अविश्वासको प्रस्तावले अप्ठेरो पार्ने काम भएमा अधिवेशन अन्त्य गरी दिन सक्छन् भन्ने चर्चा पनि व्याप्त छ । उनको कामकारबाईले पनि यस्तै सङ्केत गरिरहेको छ । एकदमै विपरीत अवस्थामा ओलीले पार्टी फुटाउने र काङ्ग्रेसको समर्थनमा संसद् विघटन गरी फेरि चुनावमा धकेल्ने सम्भावनाको समेत चर्चा भइरहेको छ । तर नेकाले यस्तो कदम चालेमा चुनाव जित्नेतर्फ जमानतसमेत जोगाउन अप्ठेरो पर्ने स्थिति आउन सक्छ। यस्तो अवस्थामा सभामुखसँग समेत केही विशेषाधिकार छन्, जसको प्रयोग अत्यन्त अप्रिय हुने भएपनि यो अन्योलबाट देशलाई बाहिर निकाल्न सकिन्छ ।

२०७७ फागुन १९ गते बुधवार

पीडाबोध

सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटनको मुद्दा संवैधानिक इजलासमा रहेको क्रममा पक्ष, विपक्षको बहसपछि पाँचजना एमिकस क्युरीले समेत आफ्नो बहस पूरा गर्नुभएको छ । पाँचजनामध्ये चारजनाले पुनर्स्थापना गर्नुपर्ने तर्कहरू राख्नुभएको छ भने एकजनाले विघटन सदर हुनुपर्ने धारणा राख्नुभएको छ । अन्तिम निर्णय त संवैधानिक इजलासबाट नै हुनेछ तर यो सर्वसम्मत वा बहुमतको आधारमा हुन्छ भन्ने कुरा पनि यसैसाथ टुङ्गो लाग्नेछ ।

यसैबीच सिंहदरबार परिसरमा पुननिर्माण सकिएको भवनहरूको उद्घाटन गर्दै प्रधानमन्त्रीले आफ्नो तीन वर्षे कार्यकालको उपलब्धिको लामो फेहरिस्त प्रस्तुत गर्नुभएको छ । उहाँले प्रस्तुत गर्नुभएको कामको फेहरिस्त ठीक हो भने संसद्को सहयोग र समर्थनविना नै यो कसरी सम्भव भयो भन्ने प्रश्न उठ्न थालेको छ । नेपालकै गुरु वकील भनेर चिनिने कृष्णप्रसाद भण्डारीप्रति बाजे वकील भनेर कटाक्षका साथै अन्य अशोभनीय टिप्पणी गरेबापत अदालतको मानहानीको मुद्दा खेपिरहनुभएका प्रधानमन्त्रीलाई अब अदालतले आफैं उपस्थित भई सफाइ पेश गर्न भन्दा समेत चेत नखुलेको उहाँले विराटनगरको आमसभामा गर्नुभएको बोली र व्यवहारबाट मर्यादा र नैतिकताको ठूलो प्रश्न उठेको छ । सबैभन्दा पहिले त सभास्थलको छनोटले नै दुई सय मिटरको दूरी कायम गर्नुपर्ने दायित्वलाई बिर्सेर अस्पतालभन्दा तीस मिटरकै दूरीमा सभास्थलको छनोट र माइकिङले अस्पतालको आइसियू र बाल विभागमा विशेषगरी र बाँकी अन्य सबै विभागलाई समेत असुविधा भएको समाचार आइरहेका छन् । त्यसमाथि प्रम ओलीले विचाराधीन मुद्दाको क्रममा संसद् पुनर्स्थापनाको निर्णय भए यसले जनआन्दोलन र विद्रोह निम्त्याउनेसम्म भन्न भ्याउनुभयो । उहाँले भन्न मात्र भ्याउनुभएन विद्रोही विप्लव समूहसँग वार्ता गरी आफ्नो पक्षमा मिलाउने कार्यनीति बनाइ अगाडि बढिरहनुभएको छ । बहालवाला र त्यो पनि संवैधानिक हिसाबले कामचलाउ प्रम भएपनि बलमिच्याइँले राजीनामा नदिई बस्नुहुने उहाँले मर्यादा र नैतिकताको प्रश्नसमेत खडा गर्नुभएको छ । अझ यसभन्दा बढी फागुन ७ गते प्रजातन्त्र दिवसको सरकारी कार्यक्रममा राष्ट्रपति हिंड्नुभएपछि उपराष्ट्रपतिलाई गर्नुभएको अभद्र व्यवहारले त मर्यादा र नैतिकताको पराकाष्ठा नाघेको मानिदैछ ।

केही छापामा प्रकाशित अपुष्ट समाचार अनुसार एउटा विदेशी शक्तिले ७ बुँदे सम्झौताको एउटा प्रारूप प्रस्तुत गरेको छ, जसमा संसद् पुनर्स्थापना हुने तर ओली पक्षले बाँकी कार्यकाल प्रधानमन्त्रीको रूपमा पूरा गर्न पाउनुपर्ने अनि राष्ट्रपतिलाई महाअभियोग लगाउन नपाइने जस्ता शर्तहरू छन् । सम्भवतः यो गरेबापत ओली

सरकारले क्यान्टोनमेन्ट र ललिता निवास जग्गा प्रकरणबाट प्रचण्ड र नेपाललाई उन्मुक्ति दिने र केही राजनीतिक हिस्सेदारीका बुँदाहरू पनि भएको समाचार सामाजिक सञ्जालमा देखिएको छ । यो सत्य नहुनु नै राम्रो तर सत्य हो र यस मोडमा प्रचण्ड एवं नेपाल समूहले कुनै पनि दबाबमा आएर यसलाई स्वीकार गर्छ भने योभन्दा ठूलो गल्ती अर्को हुनेछैन ।

अन्ततः यो विवादको अन्त्य सर्वोच्चकै निर्णयबाट हुनेछ र त्यो निर्णय कि विघटन पुनर्स्थापना वा सदर गरी दुईवटा विकल्प मात्र देखा पर्दछ । जसरी पहिलेदेखि आन्दोलनरत प्रचण्ड–नेपाल समूहले विपक्षमा फैसला भए आँधीबेहरी ल्याउने चेतावनी दिएका छन्, त्यसैगरी प्रमले पनि आफ्नो निर्णय सदर नभए आन्दोलन गर्ने घोषणा गर्नुभएको छ । पुनर्स्थापना भए उहाँले संसद्को बैठक नै आह्वान गर्न नसक्ने कुरा अदालतमै उठेको छ भने यो अवस्थामा सङ्कटकाल लगाएर आफ्नो सत्ता लम्ब्याउने खेलमा प्रम लाग्न सक्नुहुन्छ । अहिले नै उहाँले संसद् विघटन गर्दा नैतिकताको आधारमा राजीनामा दिनु भई केयरटेकरको रूपमा रहनुपर्नेमा सो व्यवस्थाको समेत उल्लङ्घन गर्नुभएको छ । कानूनतः कामचलाउ सरकारले चुनावपछि निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्दछ । तर वैशाखमा निर्वाचन हुने सम्भावना नै नदेखिएको अवस्थामा यो सरकारको आयु कुन ऐन टेकेर लम्ब्याइएको हो बुझ्न कठिन छैन । माथि भनिए जस्तै फेरि कुरा सङ्कटकालकै आउँछ । सङ्कटकालकै घोषणापछि निर्वाचन गर्दासमेत ६ महीनाभित्रमा संसद्बाट अनुमोदन नगराइ नहुने भएकोले चुनाव गराउन दल दर्ताको प्रक्रिया शुरू गर्नुपर्ने हुन्छ । यसका लागि नेकपाको विवादको समाधान निर्वाचन आयोगले कसरी गर्छ भन्ने कुरामा निर्भर हुन्छ । निर्वाचन आयोग सम्भवतः सर्वोच्चको निर्णय पर्खेर बसेको छ । तर यसले उसलाई मुक्ति हुनेछैन किनभने दुवै अवस्थामा यो विवादको समाधान हुन जरुरी छ । तर सर्वोच्चले संसद् पुनर्स्थापित गरिदिए सबै व्यवस्था आफ्नो ठाउँमा आउनेछन् । नेकपाको विवाद आन्तरिक हो र उनीहरूले आफ्नो पार्टीको विधान अनुसार यसको समाधान गर्नेछन् । ओली पक्षले जतिसुकै आन्दोलनको धम्की दिए पनि सरकारको सुरक्षा निकायलगायतका संयन्त्रहरूले सर्वोच्चको आदेशको परिपालना हुने गरी काम गर्न अन्तर्राष्ट्रिय मापदण्ड अनुसार हिंड्नुपर्नेछ र क्रमशः देशको राजनीति मूलधारतर्फ फर्किनेछ । यो नभएमा नेपालको राजनीति चालकविहीन वाहन हुन पुग्नेछ, जुन राष्ट्रको लागि घातक सिद्ध हुन सक्छ । देश जसरी अहिले कोरोना महामारीले आक्रान्त छ र सरकार विकास योजना सञ्चालन गर्नमा असफल रहेको छ, त्यसले देश र यसका जनतालाई थप पीडाबाहेक केही दिन सक्नेछैन ।

२०७७ फागुन १२ गते बुधवार

बुझौं के हुँदैछ नेपालमा

नेपालमा सरकारी तथा गैरसरकारी दुवै आन्दोलन आफ्नो चरममा छ । मूल मुद्दा भने प्रतिनिधिसभाको विघटन कानूनसम्मत छ कि छैन भन्ने हो, जुन सर्वोच्च अदालतको विचाराधीन छ । तर फैसला भने सडकबाट आइरहेको छ । सरकारी आन्दोलनका अगुवाहरूले विघटन सदर हुने र चुनाव वैशाखमैं हुने दाबी गरिरहेका छन् भने गैरसरकारी आन्दोलनकारीहरू विघटनको निर्णय रद्द हुनुपर्ने माग गर्दै चुनाव वैशाखमा नहुने ठोकुवा गर्दैछन् । हुन्छ के, भन्ने कुरा भविष्यको गर्भमा छ । तर एउटा सामान्य नागरिकको हैसियतले हेर्दा कुनै पनि राजनीतिक प्रणालीमा तीनवटा अङ्ग विधायिका, कार्यपालिका तथा न्यायपालिका हुन्छन् नै । यीमध्ये विधायिका गठनका लागि हुने प्रजातान्त्रिक निर्वाचनमा जनताद्वारा प्रत्यक्ष मतदान हुन्छ । मतदानमा बढी मत हासिल गर्ने दलको नेतृत्वमा सरकार वा कार्यपालिका गठन हुन्छ जसको मुख्य जिम्मेवारी विधायिकाले निर्माण गरेको ऐन-कानून कार्यान्वयन गर्नु हो । त्यसैले कार्यपालिका संसद्प्रति उत्तरदायी हुन्छ। यसलाई सरलीकरण गर्ने हो भने सरकार संसद्को निर्णय कार्यान्वयन गर्ने एकाइ मात्र हो । यस्तो अवस्थामा सरकारले संविधानमा लेख्दै नलेखिएको, उल्लेख नै नभएको आधार टेकेर माउ संस्था विघटन गर्नु भनेको सन्तानले आमा जन्माउनु सरह हो । यसै सन्दर्भमा प्रधानमन्त्रीले संसद् विघटन गर्नुको कारण उल्लेख गर्दै संसद्ले सहयोग नगरेको र काम गर्न नदिएको आरोप लगाएका छन् । प्रधानमन्त्री ओलीको सरकार बनेदेखि नै सबैभन्दा पहिले गैरआपराधिक अनुसन्धान सङ्गठनलाई प्रधानमन्त्री कार्यालय मातहत राखिएको सबैलाई सम्झना होला नै । मातहत नभएकाहरूलाई समेत प्रभावमा राख्ने कार्य भयो जसको फलस्वरूप ३३ किलो सुन प्रकरण, वाइडबडीलगायत ठूल्ठूला भ्रष्टाचारका काण्डहरूमा न अनुसन्धान भयो न कारबाई नै भयो ।

संसद्कै कुरा गर्ने हो भने सरकारले संसद्मा गुठी, प्रेस काउन्सिल, मानव अधिकार आयोगसम्बन्धी जुन विधेयकहरू ल्यायो त्यसको जनस्तरमैं तथा सम्बद्ध सङ्घ-संस्थाबाट नै व्यापक विरोध भयो र जनचाहना अनुसार सांसदहरूले ती विधेयकमा सरकारलाई साथ दिएनन् । के यो गलती वा असहयोग हो ? कालापानी, लिपुलेक र लिम्पियाधुरा प्रकरणमा सरकारले नयाँ नक्शा प्रस्ताव गऱ्यो जुन अभूतपूर्वरूपमा सर्वसम्मतिबाट पारित भयो । के यो पनि असहयोग नै हो ? बरु संसद्ले कोरोना पिसिआर परीक्षणको मूल्य निर्धारण, मानव अधिकार आयोगको सिफारिशलगायत कोभिड १९ को औषधि खरीद, वाइडबडीजस्ता संवेदनशील मुद्दामा संसद् र संसदीय समितिले दिएको निर्देशन, सुझाव सरकारले मानेको एउटै उदाहरण मेरो स्मृतिमा छैन । रेल, पानीजहाज, घरघरमा ग्याँस पाइपलाइन, सुनखानी र पेट्रोलखानीको कुरा मात्र भयो तर आज

कता हरायो कसैलाई स्मरण छैन। विभिन्न सभाहरूमा प्रधानमन्त्री यस अवधिमा थुप्रै विकास भएको कुरा दोहोऱ्याउँछन् तर राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति र उपलब्धि हेर्ने हो भने उदाहरणको लागि हुलाकी सडक, मेलम्ची खानेपानी योजना र विद्युत् आयोजनाहरूको कार्य मूल्याङ्कन नै यथेष्ट हुन्छ । हुलाकी र मेलम्ची अन्तहीन यात्रामा छन् भने विद्युत्मा उत्पादन क्षमता भएर पनि ट्रान्समिसन लाइनको अभावमा भरतबाट करीब ६०० मेगावाट खरीद गरी आपूर्ति भइरहेकोमा थप १०० मेगावाट खरीद गरी आपूर्ति भइरहेको छ। यही हो विकास !

प्रधानमन्त्री ओलीको यस्तो अधिनायकवादी कार्यहरूले गर्दा उनको आफ्नै दल भावनात्मकरूपमा पूरै विभाजित भइसकेको छ । उनीहरूको विरोध प्रदर्शनका साथै नागरिक समाज, कलाकार र युवाहरूले समेत यसमा आफ्नो संलग्नता देखाउँदैछन् । सरकार भने उनीहरूमाथि पानीको फोहोरा र लट्ठी बजार्दै छ । क्षेत्रीय राजनीतिक अवस्थाको विश्लेषण गर्दा पाकिस्तानमा पनि अस्थिरता नै छ भने भारतमा समेत नागरिकता विधेयकपछिको किसान आन्दोलनले मोदी सरकारलाई पिरोलेको छ । यसै समयमा म्यान्मामा भएको सैनिक कूले सम्पूर्ण विश्वको ध्यन तानेको छ र चीनलगायत अन्य देशहरूको बैठकबाट सर्वसम्मतिले त्यहाँ नागरिक शासन बहाल गर्न आह्वान गरिएको छ। यस्तो अवस्थामा नेपालमा ओली सरकारले समर्थन पाउने कुराको कल्पनासम्म गर्न सकिँदैन । म्यान्मा आन्दोलनको सबैभन्दा रोचक तथ्य त्यहाँका युवाहरूको सहभागिता रहेको छ । युवाहरूले बोकेको एउटा पोस्टर अहिले विश्वभर चर्चाको विषय बनेको छ । यसमा लेखिएको नाराको नेपाली अनुवाद गर्नुभन्दा यसलाई अङ्ग्रेजीमैं राख्नु उचित ठानेको छु । यस पोस्टरमा सैनिक शासकहरूलाई इङ्गित गर्दै– YOU FUCKED WITH WRONG GENERATION लेखिएको छ ।

यो नाराले त्यहाँको युवा पुस्ताको स्वतन्त्रता हरणविरुद्ध विद्रोही सोचको झल्को दिन्छ । यस्तो सोच देशको सीमाभित्रको सङ्कुचित ज्ञानले दिन सक्दैन । यो पक्कै पनि देश बाहिर के हुँदैछ र कसरी हुँदैछ भन्ने कुराको ज्ञानबाट उब्जेको चेतनाबाट मात्र सम्भव हुन सक्छ । नेपालको सन्दर्भमा निर्मला पन्तको हत्याको दोषी पत्ता लगाउने कुरा कता हो कता अब भागरथी भट्टको अपराधी पनि पत्तो लगाउन सक्रियता नदेखिएको आक्रोश सडकमा देखिदै छ। धेरै सम्भव छ यसमा पनि २–४ जनालाई समातेर छानबीन गरेको देखाउँदै पछि निर्मलाकै बाटो लगियोस् । तर यस पालिको काठमाडौंका युवाहरूको जुलूसको एउटा पोस्टरले मान्माको पोस्टर जतिकै चेतावनी र बौद्धिकता दुवै बोकेको छ । त्यो पोस्टरमा 'योनिमा मृत्युको भय लिएर कहिलेसम्म बाँच्ने ?' भनी प्रश्न गरिएको छ । यो भनाइलाई YOU FUCKED WITH WRONG GENERATION भन्ने बर्मेली पोस्टरसँग तुलना गर्दा मलाई दुवै देशका युवाहरूको राजनीतिक स्वतन्त्रताप्रतिको संवेदना बराबर भएजस्तो लाग्छ । अहिले भइरहेको आन्दोलनको अर्को विचारोत्तेजक कुरामा त्यसै पुस्ताको सहभागिता रहेको छ ।

प्रचण्ड–नेपाल समूहको आन्दोलन राजनैतिक सत्ता प्राप्तिका लागि नै भए पनि नेपालका प्रबुद्ध नागरिक समाज, लेखक, कलाकारहरू प्रजातन्त्र स्थापनाको लागि १९९० सालदेखि नै लडेको पुस्ता हो । राजनीतिमा प्रत्यक्ष सहभागी वा संलग्नता भएको युवा पुस्ता भने सामाजिक सञ्जाल चलाउने, देश विदेशमा अध्ययन र रोजगार गरी फर्केको समूह हो जो आफ्नो भविष्यप्रति चिन्तित छ । त्यसैगरी महिलाहरूसमेत आफ्नो हक र समान व्यवहारका लागि सहभागी भएका छन् । यिनको सहभागिता ओलीको अधिनायकवादविरुद्ध मात्र होइन, त्यसको विरोध गर्ने राजनीति शक्तिका लागि आगामी दिन कस्तो हुनुपर्छ भनेर चेत खुलाउने सन्देश पनि हो । ढिलोचाँडो ओलीतन्त्रको समाप्ति त निश्चित नै छ, तर सत्ताको लागि आन्दोलन गर्ने दलहरूले अब पनि आजको पुस्ताको यो भाव बुझ्न सकेनन् भने यो आगो निभ्ने सङ्केत देखा पर्दैन। किनभने यो अधिनायकवादविरुद्ध अमेरिकी राष्ट्रपति ट्रम्पको पराजयसँगै शुरू भएको चौथो विश्वव्यापी प्रजातन्त्र, स्वतन्त्रता र सम्मानको लागि भएको आन्दोलन हो। यसमा अन्तर्निहित अर्थ बुझ्दै यसलाई साथ र समर्थन दिनु अत्यन्त आवश्यक छ ।

२०७७ फागुन ०५ गते बुधवार

छिमेकीलाई शुभकामना !

दक्षिणी मित्रराष्ट्र भारतलाई केही ढिलो भएपनि ७२औं गणतन्त्र दिवसको उपलक्ष्यमा उत्तरोत्तर प्रगति एवं विकासको लागि मङ्गलमय शुभकामना छ । भनिन्छ, राम्रो निद्रा सुत्ने भए असल छिमेकी रोज्नू । तर यो देशको सीमामा लागू नहुने रहेछ । देशको सीमाको हकमा त छिमेकी फेर्न नपाइने कुरा नै सत्य हो। यही सत्यलाई स्वीकार गर्नुपर्छ र त्यसैले नेपालको उत्तरी छिमेकी चीन र दक्षिणी छिमेकी भारत थियो, छ र रहन्छ । यसलाई नफेरी हामीले आफ्नो पहिचान बनाइराख्नुपर्दछ, किनभने उत्तरी छिमेकी २१औं शताब्दीको उदीयमान विश्वशक्ति बन्न खोज्दैछ भने दक्षिणी छिमेकी पनि त्यही बाटोमा हिंडिरहेको छ । राजनीतिकरूपमा चीनमा एकदलीय शासन प्रणाली छ भने भारतमा गणतन्त्रात्मक प्रजातान्त्रिक प्रणाली छ। दुवै देशले आआफ्नो शासन व्यवस्था रोजेपछि एकपटक पनि संविधान फेरेको इतिहास छैन भने नेपाललगायत दक्षिण एशियाली वा अन्य देशहरू जस्तै पाकिस्तान, श्रीलङ्का, अफगानिस्तान, माल्दिभ्स र म्यान्माजस्ता देशहरूमा कि संविधान पटक-पटक फेरिएको छ वा नागरिकतन्त्र र सैनिकतन्त्रको उठापटकले निरन्तर अस्थिरता रहेको कारण विकास नभएर यी देशका नागरिक गरीबीको चपेटामा परेका छन्। स्वभावतः यस क्षेत्रको विकासमा भौगोलिक र सांस्कृतिक कारणले भारतले नै अग्रसरता लिएर छिमेकलाई विकसित तुल्याउन सक्नुपर्ने हो र त्यस्तो हुन सकेको भए आज भारतले राम्रो निद्रा सुत्न सक्ने अवस्था हुने थियो । पाकिस्तान र बङ्लादेशको प्रसङ्ग छाडिदिने हो भने पनि श्रीलङ्का, माल्दिभ्स र अब नेपालसँग रहेको भारतको सम्बन्ध तनावपूर्ण पाइन्छ । नेपालका अधिकांश पुराना नेताहरूको शिक्षादीक्षा बनारस, इलाहाबाद र पटनामा भएका कारण राजनीतिक अधिकार र स्वतन्त्रताप्रति सचेत यो वर्ग भारतको स्वतन्त्रता आन्दोलनमा सक्रिय सहभागी भएको पाइन्छ । तर भारतको विचार गर्दा यसको ठीक उल्टो गति फेला पर्दछ। खासगरी नेपालसँगको सम्बन्धमा त यो झनै स्पष्ट देखिन्छ । २००७ सालको क्रान्तिपछि स्थापित प्रजातन्त्रलाई २०१७ मा भारतकै समर्थनमा समाप्त पारेको तथ्य सबैको सामु स्पष्ट छ । भारतले यस्तो किन गऱ्यो भनेर खोजतलाश गर्दा भारतीयका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले आफूलाई यस क्षेत्रकै नेताको रूपमा स्थापित हुन अगाडि सारेको पञ्चशीलको सिद्धान्तले सर्वस्वीकृति नपाउँदै नेपालका तत्कालीन प्रधानमन्त्री स्व विपी कोइराला सोशलिस्ट इन्टरनेशनलको दक्षिण एशियाको उपसभापति निर्वाचित हुनु र भारत-चीन सीमा विवादमा संयुक्त राष्ट्रसङ्घको अगुवाइमा खेलेको सक्रिय भूमिका अनि चीन र इजरायलसँग बढ्दो मित्रता रहेको तथ्य पटक-पटक पुष्टि भइसकेको छ।

२०१७ मा राजा महेन्द्रलाई साथ दिएर कृतज्ञता बोकाएका स्व नेहरूले राजा

महेन्द्रसँग नेपाललाई भारतमा विलय गर्ने मनसाय व्यक्त गरेका थिए, जसलाई राजा महेन्द्रले अस्वीकार गरेका थिए । त्यसबेला भारतका तत्कालीन प्रधानमन्त्री स्व इन्दिरा गाँधीले नेपाल गाभ्ने प्रयास गरेको कुरा RAW का पूर्वप्रमुखको पुस्तकबाट खुलासा भइसकेको छ । २०४६ सालको जनान्दोलनको पृष्ठभूमि केलाउँदा पनि काठमाडौंमा भएको सार्क सम्मेलनका दौरान भारतका तत्कालीन प्रधानमन्त्री राजीव गाँधीसँग आएकी उनकी धर्मपत्नी सोनिया गाँधीको स्वागत गर्न अन्य राष्ट्रप्रमुखहरू (राष्ट्रपति)का पत्नीसँग स्वागत गर्न मञ्चबाट नओर्ली मञ्चमै स्वागत गरेको कारणले मात्र नाकाबन्दी गरी २०४६ सालको जनान्दोलनलाई समर्थन गरेको हो । २०५२ सालदेखि शुरू भएको माओवादी आन्दोलनको सुरुआत गर्दै तालीम दिनेदेखि १२ बुँदे शान्ति सम्झौतामा पुग्नेसम्मको काम पनि भारतबाट नै भएको हो ।

शान्ति सम्झौतापछि लडाकू व्यवस्थापनको क्रममा भारतको सट्टा UNMIN रोजेको कारण कामरेड प्रचण्डकालको प्रधानसेनापति कटुवाल प्रकरण सबैको सामु स्पष्ट नै छ । भारतका वर्तमान प्रधानमन्त्रीले १७ वर्षको डेडलक तोड्दै नेपाल आएर नेपालको संसद्मा गरेको मनै लोभ्याउने भाषणमा नेपालको निर्माणाधीन संविधानमा हिन्दू राष्ट्रको मुद्दा मात्रै प्रमुख थियो भन्ने कुरा नाकाबन्दी र त्यसपछि जुन ढङ्गबाट मधेसवादी दलहरूले यसलाई अन्त गरे त्यसबाट नै स्पष्ट हुन्छ । माथिका घटनाक्रमलाई नियाल्दा भारतीय शासकहरूमा 'इगो' ठूलो भएको भान पर्दछ । इगोलाई सेल्फ मेन्टल इमेज भनिन्छ । Status भनेको अरूले तपाईंलाई दिएको स्थान हो । त्यसैले भारतीय शासक वर्गले इगोलाई स्टेटसको रूपमा बुझेको हुन सक्छ । यसले सुपेरियरिटी कम्प्लेक्स ल्याउँछ । अब हामी छिमेकी त फेर्न सक्दैनौं, तर कम्प्लेक्स हटाउन प्रयास भने गर्नैपर्छ ।

यसका लागि सबभन्दा पहिले भारत सरकारको, भारत नेपालको सबभन्दा ठूलो सहयोगी हो भन्ने सोचबारे स्पष्ट हुन जरुरी छ । भारतले हामीलाई वास्तवमा प्रत्येक वर्ष अन्य राष्ट्रहरूको तुलनामा ठूलो रकम सहयोग गर्दछ । यो वास्तविकता हो । तर यहींनेर हामीले सम्झनुपर्ने र गौरव गर्नुपर्ने कुरा के हो भने करीब १८०० किलोमिटर लामो सीमामा नेपाली जनताले अमनचैनले बसेर प्रदान गरेको सुरक्षा र भारतीय फौजमा कार्यरत ३८ बटालियन गोर्खा सैनिकले आफ्नो स्थापनाकालदेखि नै प्राणको आहुति दिएर भारतलाई प्रदान गर्दै आएको सुरक्षाको मूल्याङ्कन गर्ने हो भने पक्कै पनि भारतको तुलनामा हाम्रो सहयोग अमूल्य हुन आउँछ । त्यसैगरी, ३० देखि ५० लाख नेपालीले भारतमा रोजगार गरी ठूलो धनराशि कमाएको सन्दर्भमा भारतकै रिजर्भ बैंक अफ इन्डियाको वर्ष २०१८–१९ को तथ्याङ्क अनुसार नेपालबाट भारत जाने वैदेशिक रोजगारको अनुपात ३ छ भने भारतबाट नेपाल आउने रकमको अनुपात १ मात्र छ । त्यस्तै, नेपालको कुल वैदेशिक व्यापारको ६५ प्रतिशत भारतसँग नै छ र त्यसको भुक्तानी विदेशी मुद्रामा हुने गर्दछ । यसका बावजूद भारत सरकारले हालसम्म नेपालका बैंकहरूमा थन्किएको, रद्द गरिएको भारतीय नोटको व्यवस्थापनमा कुनै

सहयोग गरेको छैन। दुवै देशको सहमतिबाट बनेको इपिजी प्रतिवेदन तयार भएको दुई वर्ष बितिसक्दा समेत बुझेको छैन । दुवै देशको जनताले लामो समयदेखि सुरक्षा गर्दै आएको नेपाल–भारत सीमामा कालापानी, लिपुलेक, लिम्पियाधुरा र सुस्ताजस्ता ठूला महत्त्वको विवादबाहेक पनि धेरै ठाउँमा स्ट्रिप नक्शामा सहमति भएपनि भारतले विवाद गर्न छाडेको छैन ।

नेपालको आर्थिक विकासमा गेम चेन्जर नै बन्न सक्ने महाकाली परियोजना २५ वर्षदेखि अत्तो थापेर भारतले अगाडि बढ्न दिएको छैन । सम्भवतः यसको सट्टा भारत कोसी उच्च बाँधमा नेपालको स्वीकृति चाहन्छ, जुन नेपालका लागि प्रत्युत्पादक मात्र हुन सक्छ। कोसी, गण्डकी र टनकपुरका समस्याहरू जस्ताका त्यस्तै रहेकाले विगत केही वर्षदेखि सीमा क्षेत्रमा जनस्तरमा समेत र खासगरी सीमा सुरक्षा बलको दुर्व्यवहारका कारणसमेत झडप हुन थालेको छ। भारतले नेपालसँगको सीमामा भोलि सेना राख्नुपर्ने अवस्था आयो भने कति भार बोक्नुपर्ने हो त्यसतर्फ ध्यान दिएको पाईंदैन। यसमा हाम्रो पनि कमजोरी के छ भने आफ्नो आर्थिक अवस्थाका कारण इन्फेरिटी कम्प्लेक्स (हीनभावना)ले ग्रस्त र राजनीतिक अस्थिरतामा अल्मलिएको आफ्नो सत्ता लिप्साका कारण कहिले तङ्ग्रिएर आफ्नो कुरा राख्न सकेनौं। त्यसैले अब नेपालीले भारतीय सहयोगको लागि आभारी हुँदै आफ्ना कुरा बराबरीकै हैसियतमा राख्न सक्नुपर्दछ । हाम्रो दुई देशको जनस्तर र सरकारीस्तर दुवैको सम्बन्ध सुधारको लागि यो आवश्यक छ । यसैलाई संवेदनशील तालीम पनि भनिन्छ, व्यवस्थापन विज्ञानमा । नेपाल र नेपालीको यो भाव र भावनालाई मुक्तिनाथको दामोदर तालमा बसेर ध्यान गरेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी त्यसपश्चात् नै नरेन्द्र दामोदर मोदी भएकाले उनले झन् छिटो बुझी हाम्रो उन्नति र प्रगतिमा सार्थक सहयोग गर्लान् भन्ने अपेक्षा राख्नु बेठीक नहोला।

अन्तमा भारतीय प्रधानमन्त्रीको 'छिमेक पहिले'को प्रगति लक्षित गर्ने विवेक नेपाल वा पशुपतिनाथ र बनारसका विश्वनाथले पक्कै प्रदान गर्नेछन् भन्दै पुनः एकपटक समस्त भारतवासीको सुख, सुस्वास्थ्य, समृद्धि एवं प्रगतिको लागि ७२औं गणतन्त्र दिवसको अवसरमा शुभकामना व्यक्त गर्दछु ।

२०७७ माघ २८ गते बुधवार

जाग्यो काङ्ग्रेस

नेपाली काङ्ग्रेसले लगानी, पूर्वाधार र रोजगारः दृष्टिकोण एवं दिगो परियोजना केन्द्रित विशेष समिति, गरिखाने अभियान उद्योग व्यवसायी छनोट तथा परियोजनाको लागि आवेदन एवं सिफारिशसम्बन्धी अवधारणा माघ १४ गते प्रदेश नं. २ को वीरगंजमा सार्वजनिक गरेको छ, जस अनुसार नेपाली काङ्ग्रेसको लगानी, पूर्वाधार र रोजगारः दृष्टिकोण एवं दिगो परियोजना केन्द्रित विशेष समितिले राष्ट्रव्यापी उद्यमशीलता विकास र रोजगार सिर्जना गर्न 'गरिखाने कार्यक्रम'को अभियान शुरू गरेको छ । गरिखाने कार्यक्रम स्वनिर्भर, उद्यमशील, आर्थिक हिसाबले सबल र सक्षम बन्न चाहने हरेक नेपालीको अभियान हो । यो अभियानको उद्देश्य उद्यमशील बन्न चाहनेलाई सीप, पूँजी, प्रविधि, बजारसँग जोड्ने र रोजगारी हुन चाहनेलाई सीप र रोजगारका अवसरसँग आबद्ध गर्ने हो । उद्यमको आकार/आयतन बढाउन चाहनेलाई पनि आवश्यकता अनुसार पूँजी, प्रविधि, सीप र बजारको लागि सहयोग गर्ने पनि यस अभियानको कार्यक्रम रहेको छ । यस अभियानले राष्ट्रिय अर्थतन्त्रमा सबल, सुदृढ, समावेशी र दिगो आर्थिक वृद्धिदरको मार्ग प्रशस्त गर्नेछ ।

देशका हरेक कुनामा अब यो अभियान पुग्नेछ, यसका जुझारु अभियन्ताहरू उद्देश्य प्राप्तिमा निरन्तर सक्रिय रहनेछन् । नेपाली काङ्ग्रेसले मुलुकमा उद्यमशीलता प्रवर्द्धन, लगानी प्रोत्साहन र संरक्षण, ठूला पूर्वाधारहरूको विकासमार्फत आर्थिक सम्भावना उजागर गर्ने कार्यलाई सधैं प्राथमिकतामा राख्दै आएको परिप्रेक्ष्यमा राष्ट्रव्यापी यो अभियानबाट गाउँ-गाउँमा उद्यमीहरू जन्मने छन् । यही अभियानबाट स्टार्ट-अप्सहरूले भोलि विश्वव्यापी पहिचान पाउने व्यवसायको जन्म होस् भन्ने सदिच्छासमेत यस कार्यक्रमले राखेको छ ।

कोभिड-१९ महामारीपछि उद्यम, व्यवसाय, रोजगारमा परेको सङ्कटलाई सम्बोधन गर्दै शुरू हुने यो राष्ट्रव्यापी अभियानमार्फत नेपाली काङ्ग्रेसले यो अभियानलाई निरन्तर अघि बढाउने छ। शुरूआती चरणमा हामीले सातै प्रदेशलाई समेट्नेगरी १०० ओटा गरिखाने परियोजना अघि बढाउन लागिएको छं। उद्योग, व्यवसाय र व्यापार गर्ने सोच भएका, सञ्चालन गर्दै आएका र यसलाई नयाँ उचाइमा पुऱ्याउने लक्ष्य लिएका व्यक्ति वा समूहलाई वित्त, पूँजी, प्रविधि र बजारमा पहुँच स्थापित गर्नुका साथै रोजगार सिर्जना गर्न यो अभियान क्रियाशील हुनेछ ।

उद्देश्य

- सम्भावित उद्यमी, नवीन उद्यमी तथा विस्तार र वृद्धिको सम्भावना बोकेका उद्यमीको पहिचान गर्ने ।
- पहिचान गरिएको सम्भावित उद्यमी, नवीन उद्यमी र तथा उद्यमी, व्यवसायीलाई बैंक तथा वित्तीय संस्था, लगानीकर्ता, सरकार र विकास साझेदारहरूसँग जोड्ने
- उद्यम, उद्यमी, लगानी तथा लगानीकर्ताको समन्वय हुने आधार निर्माण गर्ने
- विदेश/वैदेशिक रोजगारबाट फर्केका युवालाई उद्यमशीलता शुरू गर्न प्रोत्साहन गर्ने

– बेरोजगारी युवालाई रोजगारको अवसर, ज्ञान तथा सीप एवं स्रोतसँग जोड्न समन्वय गर्ने

यस पृष्ठभूमि र उद्देश्य अनुरूप, हामीले सातै प्रदेशबाट गरी प्रथम चरणमा १०० जना सम्भाव्य उद्यमी, व्यवसायीहरूको खोजी भइसकेको छ। कृषि र यससँग सम्बन्धित परियोजना, उत्पादनमूलक क्षेत्र, पर्यटन, प्रविधि, शिक्षा, स्वास्थ्य तथा अन्य क्षेत्रका परियोजनाहरूका लागि अन्यले पनि आवेदन दिन सक्नेछन्।

१०० ओटा स्टार्टअप्स (शुरू उद्यमी) छनोट गर्दा निम्न विषयमा ध्यान दिइनेछ।

– एउटा उद्यमीको रूपमा उद्यम, उद्यमशीलताको यात्रालाई नेतृत्व दिन सक्ने, सुदृढ, प्रतिबद्ध व्यक्ति हुनुपर्नेछ।

– उद्यम/व्यवसाय सञ्चालनको अनुभव भएका र यससम्बन्धी सीप तथा ज्ञान भएकालाई प्राथमिकता दिइने छ।

– इकोसिस्टम (पारिस्थितिकी)– यहाँको समुदायसँग काम गर्ने मूल्य शृङ्खलाका हरेक पक्षसँग सुदृढ सम्बन्ध भएको हुनुपर्नेछ।

– अर्थतन्त्रमा योगदान– परियोजना/स्टार्ट अप्स आकर्षक र उच्च वृद्धि/विस्तारको सम्भावना, रोजगार सिर्जना गर्ने र सरकारले प्रथमीकरण गरेको उत्पादनमूलक क्षेत्र हुँदा राम्रो हुन्छ।

उक्त आवेदनमध्येबाट सयवटा परियोजना छनोट गर्ने अन्तिम अधिकार गरिखाने अभियानको सचिवालयमा निहित रहने छ भनेर कार्यक्रममा उपलब्ध गराइएको पर्चाबाट ज्ञात भयो।

निर्धारित समयभन्दा अत्यन्त ढिलो शुरू भएको यस कार्यक्रमबारे चर्चा गर्दा थुप्रै कुरा सम्झनामा आइरहेका छन्। २०१२ सालको नेपाली काङ्ग्रेस वीरगंज महाधिवेशनले नै सर्वप्रथम समाजवादलाई अङ्गीकार गरेको हो। त्यो समाजवादलाई महामानव स्व. विपी कोइरालाले नेपालको समाजवाद भनेको, प्रत्येक गरीब नेपालीको घरमा एउटा दूध दिने गाई होस् भनेर परिभाषित गरेका थिए। तर प्रजातन्त्र स्थापनापश्चात् दुई–तीन वर्ष सही दिशामा प्रयास भए पनि त्यसपछि राजनैतिक अस्थिरताका कारण यस दिशामा प्रयास भएन। नेपाली काङ्ग्रेसका नेताहरूले त्यस पछाडिका दिनमा माछा मार्ने प्रविधि सिकाउने कुरामा जोड दिन थाले र अन्ततः कलबलगुडी सम्मेलनबाट समाजवादलाई नेपालको सन्दर्भमा उन्नतिको समान अवसरको रूपमा परिभाषित गरेको देखिन्छ। तर यो परिभाषापश्चात् पनि यस दिशामा सही प्रयास भने हुन सकेको थिएन। २१ औं शताब्दी अर्थ–राजनीतिको शताब्दी भएको सबैले महसूस गरेको भए पनि नेपाली काङ्ग्रेसले नेपालकै राजनैतिक इतिहासमा पहिलोपटक यस्तो कार्यक्रमको थालनी गरेको छ। प्रदेश २ मा २५ प्रतिशत र कर्णालीमा ४५ प्रतिशत गरीबी अझै विद्यमान रहेको यो अवस्थामा गरीबीको राष्ट्रिय औसत १९ प्रतिशत भन्ने गरिए पनि अहिले कोभिडका कारण १६ लाख गरीबहरू थपिएको र करीब ६० लाख युवा रोजगारको अवसर पर्खिरहेको अवस्था हाम्रो देशको छ। गत वर्ष गरिएको औद्योगिक गणना अनुसार नेपालमा ९.५ लाख व्यावसायिक प्रतिष्ठानहरू रहेको र तीमध्ये पचास प्रतिशत मात्र आधिकारिक वा भनौं दर्ता भएको रहेको छ। यसमध्ये दर्ता भएका प्रतिष्ठानहरूमध्ये

४०–५० प्रतिशत नियमित सञ्चालनमा आउन नसकेका तथा विभिन्न समस्याका कारण बन्द भएको अनुमान छ भने दर्ता नभएका प्रतिष्ठानमा कति खुले, कति बन्द भए त्यसको कुनै आधिकारिक जानकारी छैन/हुँदैन ।

कार्यक्रममा सहभागीहरूलाई आफ्नो भनाइ राख्ने अवसर दिइएको क्रममा विभिन्न वक्ताहरूले आआफ्नो विचार राखेका थिइ । यस क्रममा सबभन्दा बढी बैंकहरूको व्यवहार चर्चामा रह्यो । नीति नियम भए पनि बैंकहरूले नव उद्यमलाई प्रोत्साहित गर्न नखोजेको र महिला उद्यमीहरूप्रति राखेको उपेक्षा पनि चर्चामा रहेको थियो । पड्क्तिकार पनि कार्यक्रममा सहभागी भएकोले मेरो ध्यान स्टार्ट अपहरूको सङ्ख्या र उद्यम व्यवसाय सञ्चालनको अनुभव भएकालाई प्राथमिकता भन्ने लाइनमा केन्द्रित भयो । यसै अनुरूप आफूले देशभरिको सातवटा प्रदेशबाट जम्माजम्मी सयवटा स्टार्ट अप छान्ने र त्यसमा पनि अनुभव भएकालाई प्राथमिकतामा राख्ने कुरा नेपाली काङ्ग्रेस जस्तो ठूलो जनाधार भएको पार्टीको लागि सुहाउँदो नहुने र यो लाभप्रदभन्दा प्रत्युत्पादक हुन सक्नेतर्फ ध्यान आकृष्ट गराएको थिएँ । मैले सुझावकै क्रममा सातवटै प्रदेशमा 'गरिखाने अभियान' को कार्यालय स्थापना गरी प्रत्येक गाउँपालिकामा ५, नगरपालिकामा १०, उपमहानगरपालिकामा २०–२५ र महानगरपालिकामा ४०–५० वटा स्टार्टअप स्थापना एवं नियमन र अनुगमन गर्ने गरी तन्त्र बनाउनुपर्ने सुझाव दिएको थिएँ । सुझावकै क्रममा महिलाहरूलाई यसमा ३३ प्रतिशत सहभागिता दिनुपर्ने कुरासमेत उठेको थियो ।

कार्यक्रमको अन्त्यमा आफ्नो मन्तव्य राख्ने क्रममा अभियानका संयोजक एवं प्रतिष्ठित उद्योगपति एवं पूर्वसांसद विनोद चौधरीले अभियानले सङ्ख्या निर्धारण नगरेको र अहिले नै ५ सय स्टार्टअपहरूलाई सहयोग गर्नेगरी वित्तीय संस्थाहरूसँग समन्वय भइसकेको जानकारी गराउँदै हेटौंडामा मात्रै दुई सय स्टार्टअपहरूको आवेदनबाट आफू अत्यन्त उत्साहित भएको बताउँदै देशको अर्थतन्त्र र विकासमा देखिएको अवरोधको लागि ब्युरोक्रेसी सबभन्दा ठूलो अवरोध रहेको बताए । उनले यस कार्यक्रमलाई सफल बनाइछाड्न आफ्नो टोली प्रतिबद्ध रहेको बताउँदै कार्यक्रमको समापन गरेका थिए ।

प्रदेश २ को हकमा बेमौसमी तरकारी खेती, शिक्षातर्फ प्लेग्रुप विद्यालय, स्वास्थ्य केन्द्रका साथै चिप्स तथा मसलाहरू गुणस्तरीयतासहित सुपथ मूल्यमा पैकेजिङका साथै आइटीसँग जोडिएका प्रतिष्ठानहरूको साथै एनसेलले काठमाडौंमा शुरू गरेको जबसम्बन्धी एप जस्तै सेवा प्रदायक एपहरू लाभदायक हुन सक्छन् । यसबाट लाभ उठाउन चाहनेहरूका लागि आवेदन फारम भर्न https://forms.gle/5pj7ygUyWyRj2vjX9 मा सम्पर्क गर्न एवं आवेदन फर्म भर्न कुनै कठिनाइ भएमा कर्मभूमि समाज, हात्तीवन, ललितपुरमा राजु नेपाल मो. नं. ९८०१०२००८८ र इमेल rajunepal@gmail.com उल्लेख गरिएको छ ।

२०७७ माघ २१ गते बुधवार

अगाडिको बाटो

नेपालको सर्वोच्च अदालतमा संसद् पुनर्स्थापना कि विघटन भन्ने मुद्दा चलिरहँदा अमेरिकामा २० जनवरीका दिन नवनिर्वाचित राष्ट्रपति र उपराष्ट्रपतिको शपथग्रहण पराजित राष्ट्रपतिको अनुपस्थितिमा भएपनि सम्पन्न भएको छ । चुनावको नतीजा आउने क्रममा आफू हार्ने सङ्केत देखा पर्न थालेदेखि नै निर्वाचनमा धाँधली भयो भनेर विभिन्न अदालत धाउँदै गरेका ट्रम्पले अदालतले मुद्दा नै खारेज गरेपछि अमेरिकी संसद्मैं अत्यन्त दुर्भाग्यपूर्ण हिंसात्मक आक्रमणलाई साथ दिएका उनले अन्ततः ह्वाइट हाउस छाड्नै पर्ने अवस्था आयो । यो अवस्था आउनुपछाडि त्यहाँको कर्मचारीतन्त्र र त्यसको मनोबल पनि जिम्मेवार छ ।

नयाँ राष्ट्रपतिको शपथग्रहण र ह्वाइट हाउस प्रवेशको लागि निर्धारित व्यवस्थाअनुरूप हाउस किपिङ, सुरक्षा संयन्त्रलगायतका सरकारीतन्त्रले कानूनले निर्धारित गरे अनुसार नवनिर्वाचित राष्ट्रपतिको शपथग्रहण कार्यको सहजीकरण तथा ह्वाइट हाउस प्रवेशको तयारी शुरू गरेपछि पूर्वराष्ट्रपतिसँग अन्य विकल्प नै भएन । नेपालमा भने वर्तमान अवस्थाको विश्लेषण गर्दा नेकपाका अध्यक्ष र वर्तमान प्रधानमन्त्री ओलीले माओवादीसँग एकीकरण सत्ता प्राप्त गर्न र त्यसपछि त्यसलाई निरन्तरता दिन योजनाबद्ध ढङ्गबाट अगाडि बढेको पाइन्छ । सरकारको सबैखाले नियुक्ति हुँदै तेस्रो वर्षमा गरिएको संवैधानिक परिषद्को नियुक्तिसम्मले यही दर्शाउँछ । तन्त्र साथमा, सुरक्षा निकायले सरकारको आदेश पालना गर्नुपर्ने बाध्यता र राष्ट्रपतिसमेत साथमा भएपछि ओलीको लागि चन्द्र दाहिने भए के लाग्छ भन्ने उखान नै चरितार्थ भएको छ ।

प्रम ओलीको कदम कति योजनाबद्ध छ– हेरौं र एकपटक विचार गरौं । सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापनाको निर्णय गरेमा ओली समूहका ८० र नेकाका ६० गरी १४० को सङ्ख्या पुग्ने देखिन्छ जबकि सरकार बनाउन १३८ जनाको सङ्ख्या भए पुग्छ । त्यसैगरी, सर्वोच्चले विघटनको फैसला सदर गरी चुनावमा जाने बाटो खोलिदिए आगामी निर्वाचनमा जीत हासिल गर्न सम्पूर्ण सरकारी शक्ति र पैसाको प्रयोग गरेर वर्तमान सङ्ख्या बराबर भएपनि जित्न सके सरकार यिनकै बन्ने देखिन्छ । नेकाका सभापतिको प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रम ओलीलाई साथ रहेको उनको विचार र कार्यले प्रस्ट भएको छ । सर्वोच्च अदालतमा भइरहेको बहस एवं न्यायाधीशहरूको प्रश्न र प्रम ओलीको अभिव्यक्तिलाई एक ठाउँमा राखेर विश्लेषण गर्दा सेटिङको शङ्का गरिए पनि वास्तविकता योभन्दा पनि डरलाग्दो हुने देखिन्छ । त्यो कसरी भने सर्वप्रथम त निर्वाचन आयोगबाट दुवै दलमध्ये कुन आधिकारिक भनेर निर्णय हुन विधिसम्मत ढङ्गले आवेदन गरेको मितिबाट अत्यन्त द्रुतगतिमा काम गर्दासमेत न्यूनतम ६० दिन लाग्ने, दोस्रो चरणमा चुनावमा भाग लिने दलहरूलाई आमन्त्रण र अन्य सबै प्रक्रिया पूरा गर्न २१ दिन तथा समानुपातिकको सूची प्राप्त गर्न २५ दिन गरी १०५ दिन र मतपत्र निश्चित गर्न र बन्दोबस्तीको लागि कम्तीमा ३० दिन गरी जम्मा १३५ दिन लाग्ने देखिन्छ । माघ ८ गते यो लेख लेख्दादेखि नै गणना गर्ने हो भने पनि निर्वाचन

आयोगसँग १३५ दिनको समय छैन भने निर्वाचन हुन्छ कसरी ?

अब नेपाली राजनीतिमा हुने गरेको चमत्कारकै कुरा गर्दासमेत केही समय थपेर निर्वाचन हुने नै भयो भने पनि ओली पक्षबाहेक प्रचण्ड–नेपाल पक्ष, समाजवादी दलहरूले नजाने घोषणा गरेमा नेकासमेत 'नरो वा कुञ्जरो वा अश्वत्थामा हतोहत:'को अवस्थाबाट बाहिर निस्केर एउटा पक्ष रोज्नुपर्ने हुन्छ र उसले ओलीसँग जाने वा नजाने जे निर्णय गरे पनि पूर्वराजा ज्ञानेन्द्रले गराएको स्थानीय निर्वाचनको परिणाति दोहोरिएला भन्न सकिन्न ।

एक त गरीब त्यसमा पनि प्रजातन्त्र आएपछि पहिलोपटक बनेको दुई तिहाइ सरकारको अवस्था कस्तो छ भने हाम्रो पररा‍ष्ट्रमन्त्रीलाई भारतीय प्रधानमन्त्रीले शिष्टाचार भेटको लागिसमेत समय दिएनन् । यसलाई कूटनीतिका विशेषज्ञहरूले नेपालको वर्तमान राजनीतिक अवस्थामा भारत कुनै पक्षसँग देखिन नचाहेको भनेर विश्लेषण गरेजस्तै सीमा विवादलाई पररा‍ष्ट्र सचिवस्तरीय संयन्त्रमा पठाएर राजनीतिकस्तरमा आफ्नो मनसाय स्पष्ट पारेको पनि त मान्न सकिएला ? किनभने कालापानी, लिपुलेक र लिम्पियाधुरा विवाद कर्मचारीतन्त्रबाट सुल्झिने विषय नै होइनन् । अमेरिकाको कुरा गर्दा उसको गुप्तचरी संस्थाले नेपालको उत्तरी सीमालाई संवेदनशील बनाइराख्न जातीय भेदभावलाई बढावा दिनुपर्ने सुझावअनुरूप आइएलओको प्रयोग गरेर यसको कन्भेन्सन १६९ लाई अनुमोदन गराइसकेकोले एमसिसी अनुमोदन भएपनि नभए पनि यसै अनुसार अगाडि बढ्ने देखिन्छ । प्रम ओलीको सरकारले स्पष्टरूपमा बिआरआईलाई प्राथमिकताको सूचीमा नराखेर देखाएको दूरीको लागि चीन सरकारले विभिन्न बहानामा उत्तरी सीमामा अघोषित नाकाबन्दी नै लगाइसकेको भएपनि सधैं स्वतन्त्र रहेको हामी नेपाली राष्ट्रवादी चुइँक्कसमेत बोल्न सकेका छैनौं । तीनवटै देशसँगको हाम्रो सम्बन्ध र हाम्रो आफ्नै अवस्थालाई समेत विचार गर्दा हामी एउटा अँध्यारो सुरुङभित्र प्रवेश गरेका छौं । हाम्रो विवेकको आँखामा पट्टि बाँधिएको छ । अब जसलाई जस्तो आवश्यकता हुन्छ, उसले टाउकोमा लट्ठी बजाउँदै हामीलाई आफू अनुकूल प्रयोग गर्न सक्ने सुवर्ण अवसर सबैको लागि खुला छ ।

आर्थिक वृद्धिदर ०.६ प्रतिशत छ । राज्यको ढुकुटीमा प्रयोगविहीन ७५ खर्ब रुपैयाँ छ । चुनावमा १२–१५ अर्ब पक्कै खर्च हुनेछ तर राजनीतिक अस्थिरताले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय लगानी अनुकूलको वातावरण नबनेपछि कोरोना सङ्क्रमणबाट थपिएका १६ लाख गरीबको सङ्ख्या अझ कति बढ्ने हो ? यस्तो पीडा कसले बुझ्ने ?

२०७७ माघ १४ गते बुधवार

हामीलाई के चाहिएको छ ?

नेपाल विचित्रको तरल अवस्थामा फसेको देखिन्छ । एकातिर सबै अनुमानविपरीत विप्रेषणमा वृद्धि भएको छ भने अर्कोतर्फ आन्तरिक ऋण आदिबाट उठाइएको करीब ७५ अर्ब रुपैयाँ सरकारी ढुकुटीमा प्रयोग नभएर बसेको छ । यसबाट विकास आयोजनाहरूमा रकम खर्च हुन नसकेको र सरकारको काम कर्मचारीलाई तलब खुवाउनमैं सीमित भएको बुझ्न सकिन्छ। विकासतर्फको यथार्थ यही नै छ भने राजनीतिकरूपमा प्रतिनिधिसभा विघटन भइसकेपछि पनि नेपाल सरकारले 'केयर टेकर' हैसियत किन प्राप्त नगरेको होला भनेर आश्चर्य लागिरहेको छ । अझ यस कुरालाई मन्त्रिमण्डलको विस्तारले सत्य साबित गरेको छ । यस सम्बन्धमा सर्वोच्चमा मुद्दा त चलेको छ तर संवैधानिक परिषद्बाट भएको नियुक्तिले ४५ दिन पार गरेपछि सम्पूर्ण कानूनविपरीतका नियुक्तिहरू संसदीय सुनवाइविना नै वैध हुन पुग्ने चिन्तातर्फ पनि ध्यान केन्द्रित हुनु अत्यन्त आवश्यक देखिन्छ ।

जहाँसम्म प्रतिनिधिसभा पुनर्स्थापनासम्बन्धी मुद्दा छ, यसको सुनवाइ संवैधानिक इजलासमा भइरहँदा एउटा अत्यन्त डरलाग्दो घटना र जानकारी उजागर भएको छ । घटना के हो भने सर्वोच्चबाट सरकारले मन्त्रिपरिषद्को सिफारिश र राष्ट्रपतिको विघटनसम्बन्धी सक्कलपत्र पुस २८ गतेभित्र फिर्ता गर्नेगरी लगेको जानकारी सार्वनजिक भएको छ । यो नितान्त कानूनविपरीतको काम हो र मुद्दाको फैसला नभएसम्म अदालतको सम्पत्ति मानिने यस्ता प्रमाणहरू सम्बन्धितलाई आवश्यक परे निवेदन दिएर प्रतिलिपि लग्न सक्ने व्यवस्थाविपरीत सर्वोच्च जस्तो कानूनको संरक्षण र व्याख्यासमेतको जिम्मेवारी बोकेको संस्थाबाट यस्तो कार्य हुनुले ठूलो षड्यन्त्रको आशङ्का जन्माएको छ। यस पत्रबाट के जानकारी सार्वजनिक भएको छ भने मन्त्रिपरिषद्बाट राष्ट्रपतिको कार्यालयलाई गरिएको सिफारिशमा संविधानको कुन धारा अनुसार विघटन गर्ने भन्ने कहींकतै उल्लेख छैन तर राष्ट्रपतिको कार्यालयले संविधानको धारा टेकेर विघटन गरेको उल्लेख गरेको छ। सर्वप्रथम त नेपालको राष्ट्रपतिलाई कुनै कार्यकारी अधिकार प्राप्त छैन, त्यसैले राष्ट्रपतिको अधिकार भनेको मन्त्रिपरिषद्को सिफारिश कानूनबमोजिम नभएको अवस्थामा पुनर्विचारको लागि एकपटक फिर्ता पठाउनेसम्मको हो । तर राष्ट्रपतिले त्यो जिम्मेवारी वहन गर्नुको साटो धारा उल्लेख नभएको सिफारिशमा धारा लागू गर्ने निर्णय नै कानून र संविधानविपरीत छ। दोस्रो कुरा मन्त्रिपरिषद्लाई सघाउने महान्यायाधिवक्तालगायतका सम्पूर्ण सरकारी संयन्त्र उपलब्ध हुदाँहुँदै कसरी यस्तो निर्णय लेखियो ?

यस्तो निर्णय पक्कै पनि मुख्यसचिवबाट लेखिएको हुनुपर्छ । उहाँले कसरी यस्तो निर्णय लेख्नुभयो ? यसले के देखाउँछ भने नेपालको सरकारीतन्त्र चाकडी उन्मुख छ र गलत एवं सहीको पहिचानमा विवेकको साटो लाभहानिको प्रयोग गर्दछ । प्रधानमन्त्री भनेको कानूनी व्यक्ति हो । उनले कुनै पनि कार्य गर्दा संसद्ले बनाएको संविधान र कानूनको परिधिबाहिर गएर कुनै पनि कार्य गर्नु वर्जित छ। यस्तो अवस्थामा प्रधानमन्त्रीको

सिफारिश र राष्ट्रपतिको संसद् विघटनसम्बन्धी दुवै कार्य गैरकानूनी हुन्।

यसैबीच, नेपालका पररराष्ट्रमन्त्रीले भारत भ्रमण गर्नुभएको छ। उहाँको भ्रमणपूर्व प्रम ओलीले गर्नुभएको 'ब्रेक थ्रु' हुने जस्तो केही भएको पाइएको छैन। यस भ्रमणमा संयुक्त विज्ञप्तिसमेत दुवै देशले अलग-अलग निकालेकोमा दुवै देशको विज्ञप्तिमा साझा परेका वा उल्लेख भएका कुराबाहेक अन्यमा सहमति भयो कि भएन भन्ने अन्योल कायमै रहेको मान्न सकिन्छ। त्यसैले कालापानी, लिपुलेक, लिम्पियाधुरा र सुरक्षा एवं इपिजी प्रतिवेदन जस्ता संवेदनशील र नेपाली जनताले निर्णय हेर्न चाहेका विषय यथास्थितिमै रहेको र झन् भारतीय प्रधानमन्त्रीले हाम्रो पररराष्ट्रमन्त्रीलाई शिष्टाचार भेटसम्मको समय नदिनाले 'काग कराउँदै छ पिना सुक्दै छ'को उक्ति चरितार्थ गर्दै हामीलाई काग नै बनाएको त होइन भन्ने प्रश्नसमेत गम्भीररूपमा उठेको छ।

राजनीति छाडेर सामाजिक क्षेत्रको कुरा गर्दासमेत बलात्कारका घटना बढेको बढ्दै छ भने बेपत्ताहरूको र मेलमिलाप गर्न बनाइएको आयोगको एक वर्षको कार्यकाल विनाकुनै उपलब्धि समाप्त भएको छ। त्यसैगरी, एक वर्ष बित्न लाग्दासमेत तराई र पहाड दुवै ठाउँका बाढीपीडितहरूलाई राहत एवं उद्धार तथा पुनर्वास जस्ताको त्यस्तै छ। शिक्षा क्षेत्र अव्यवस्थित नै छ। माध्यमिक शिक्षा परीक्षा (एसइई) कहिले हुने, नयाँ शैक्षिक सत्र कहिलेबाट सञ्चालनमा आउने ठेगान नलागेकै बेला नेपालमा परीक्षण सुविधा नै नभएको नयाँ स्ट्रेनको कोरोना भाइरसले आम जनजीवनलाई फेरि त्रस्त बनाएको छ भने जुम्लामा जारी गरिएको लोडसेडिङ तालिकाले कतै यो नेपालभरि त लागू हुनेछैन ? भनेर चिन्तित बनाएको छ।

पर्यावरणको कुरा गर्दा चुरेको निर्बाध दोहनबाट हाम्रा नेताहरूलाई मनग्गे आम्दानी भइरहेकोले रोक्ने कुरा भएन। सामुदायिक वनहरूमा भइरहेको अनियमितता छानबिन गर्न बनेको संसदीय छानबिन समितिको रिपोर्ट संसद् जीवित भएकै बेला कार्यान्वयन नभएकोले अहिले संसद् नभएको बेला चिन्ता लिनुपर्ने कुनै कारण नभए पनि पहिला पहिलाका चैत, वैशाखको गर्मी र हावाहुरीको बेला जङ्गलमा लाग्ने गरेको आगो यसपालि पुस, माघदेखि नै लाग्न शुरू हुने प्रक्रियालाई विकास हो कि विनाश ठम्याउन नसकिने भएको छ। स्वास्थ्यको क्षेत्रमा अत्यन्त राम्रो मानिएको स्वास्थ्य बीमा कार्यक्रमको आकर्षण घट्दै गई यसलाई व्यवस्थित गर्न नसके असफल नै हुने अवस्थामा आइपुगेको छ।

यो सबै घटनामा विचार गर्दा नयाँ संविधान लागू भएपछि संसद्माथि सरकार हावी भएको र संसदीय चाहना अनुसार काम गर्नबाट उन्मुक्ति खोजिरहेको भान पर्दछ। त्यसैले हाम्रा प्रमले भनेजस्तो संसद्ले उहाँलाई अप्ठेरोमा पारेको नभई सरकारले संसद्लाई काम गर्न नदिएको देखिन्छ। राजनीतिशास्त्रको भाषामा यसैलाई अधिनायकवाद भनिन्छ। यो अधिनायकवादबाट मुक्ति चाहिन्छ चाहे त्यो DEJURE (कानूनी) होस् वा DEFACTO (जनचाहना) किन नहोस्।

२०७७ माघ ०७ गते बुधवार

चर्चा : विदेशी हस्तक्षेपको

२०७६ सालको एउटा कार्यक्रममा "विगतमा यस्तो रिसको झोंकमा प्रधानमन्त्रीले संसद् विघटन गर्न नदिने गरी संविधानमा हामीले त्यो व्यवस्था नै राखेनौं" भन्ने पूर्वसभामुख सुवास नेम्वाङ अहिले मौन साधनामा लीन छन् भने नेकपाको विवाद समाधान गर्न आएको औपचारिक टोली फर्किसकेपछि पनि रसुवागढीको बाटो भएर आएको तीन सदस्यीय टोलीसहित चिनियाँ राजदूत सक्रिय रहेका छन्। औपचारिक र अनौपचारिक गरी दुवै टोली नेताहरूको व्यवस्थापन हुन नसकेको कारण विवाद बढेको निष्कर्षमा पुगेकाले यसैअनुरूप छलफल अगाडि बढाइरहेका छन्।

यसैबीच अर्को झस्काउने समाचार निर्वाचन आयोगबाट आएको छ। आयोगका प्रवक्ता राजकुमार श्रेष्ठका अनुसार नेकपा विवादमा राजनीतिक दलसम्बन्धी नियमावली २०७४ को नियम २५, उपनियम ४ बमोजिम दुवै पक्षले आफू नै संस्थापन पक्ष भएको दाबी पेश गरे पनि, प्रक्रिया अनुसार दाबी पेश नगरेकाले पुनः मागदाबी पेश गर्न सात दिनको म्याद दिई पत्र पठाएको छ। माथिका दुवै घटनाले के सङ्केत गर्छ भने नेकपा नेताहरू अहिले पनि पद व्यवस्थापन हुन सके मिल्न सक्नेगरी प्रतीक्षारत छन्। अब यहाँ प्रश्न उठ्छ सर्वोच्चमा विचाराधीन रहेको प्रतिनिधिसभा विघटनको निर्णय पक्षमा भए उनीहरूले के गर्ने र विपक्षमा भए के गर्ने ? संसद् पुनर्स्थापना भए फेरि मिलेर चिनियाँ सुझाव अनुसार पद व्यवस्थापन गर्ने कि नगर्ने ? र निर्णय संसद् पुनर्स्थापनाको पक्ष नभए मिलेर जाने चिनियाँ सुझावअनुरूप फेरि चुनावको लागि एकीकरण, मोर्चा वा चुनावी गठबन्धन गर्ने कि नगर्ने ?

यत्रो आन्दोलनको आँधीबेहरी ल्याउने कुरा गरिरहेको नेकपाले अब यो अवस्था रहन नदिन आफ्नो अडान स्पष्ट गर्न सक्नुपर्छ। यही कुरामा देखिएको अस्पष्टतालाई बुझेर नेपाली काङ्ग्रेसले संयुक्त आन्दोलनमा सहभागिताबाट अस्वीकार गरी आफ्नै ढङ्गले रणनीति बनाइ विरोध कार्यक्रम सार्वजनिक गरेको हो जस्तो लाग्छ। नागरिक समाजलाई समेत सहभागी गराउने गरी नेकपासँगको बैठकमा राजनीतिक दलले फोहोर गर्ने र नागरिक समाजले त्यसलाई कहिलेसम्म सफा गर्ने भनी उठेको प्रश्न अत्यन्त सान्दर्भिक छ।

अब प्रश्न के छ भने फोहोर कसरी हुन्छ ? हाम्रा दुई छिमेकी छन्। उत्तरमा चीन छ भने दक्षिणमा भारत। हामी अल्पविकसित राष्ट्र भएकोले सहयोगको नाममा दुवैतिरबाट सहयोग प्राप्त हुन्छ। तर भनिन्छ, 'मह काट्नेले हात पनि चाट्छ।' त्यो किन र कसरी चाटिन्छ हेरौं। सन् २००८ पछि भारतीय दूतावासले नेपालमा साना-ठूला २३७ आयोजनामा रु ३७ अर्ब ८१ करोडको लगानी गरिसकेको छ। हिमाली र पहाडी १५ वटा जिल्लामा रु ८ करोड ४१ लाख लगानी गरेको पाइन्छ। २०६० देखि शुरू भएको भारतीय दूतावासको साना विकास कार्यक्रममार्फत रु ३ करोडसम्मको परियोजनामा स्थानीयस्तरमा लगानी गर्ने गरेकोमा २०६८ मा यो रकम ५ करोड पुग्यो। २०७२ मा नयाँ संविधान जारी भएपछि रोकिएको यो परियोजना अब सङ्घीय तथा अर्थ

मन्त्रालयसमेतको संलग्नतामा २०८० सम्म चल्ने भएको छ। यसको लागि नेपाल सरकारले रु २ अर्ब ८६ करोड ३३ लाख लागत भएको ६७ आयोजनालाई मन्जुरी दिइसकेको छ। यस्तै, परियोजनामार्फत भारत तराई हुँदै हिमालसम्म उक्लिँदै छ । सोलुखुम्बुको खुमजुङ र कुन्देमा खानेपानी, ताप्लेजुङमा छात्रावास र सङ्खुवासभामा क्याम्पस भवन निर्माणाधीन छ। यही कार्यक्रम अन्तर्गत ताप्लेजुङमा एउटा विद्यालय र दुई छात्रावास र दार्चुलाको शङ्करपुरमा मावि भवन, मुस्ताङ–जोमसोममा कालीगण्डकी पुल, मुक्तिनाथमा खानेपानी आयोजना, हुम्लामा पुस्तकालय, जुम्लामा रिजर्भ्वायरसहितको जलविद्युत् आयोजनाका साथै ठूलो परियोजनामा रक्सौल–काठमाडौं रेलवे परियोजना रहेको पाइन्छ ।

त्यस्तै, चीनले पनि हिमाली भेगका जिल्लाहरूमा स्थानीय तहलाई निर्माण सामग्री सहयोग गर्न शुरू गरेको छ। चीनको 'सी' नेतृत्वको सरकारले साउथ–साउथ फन्डमार्फत दक्षिण एशियामा आफ्नो सहयोग केन्द्रित गरेको पाइन्छ । बारा–पर्सा औद्योगिक करिडरमा दुईवटा टचानरी चिनियाँ लगानीमा स्थापित भएका छन्। त्यस्तै, हिमालयन फूड इन्टरनेशनल र हिरोमिटमा समेत चिनियाँ लगानी रहेको छ । विपी कोइराला मेमोरियल अस्पताल र भरतपुर आँखा अस्पताल चीनकै सहयोगमा बनेका हुन् भने अब काठमाडौं र पोखरा केन्द्रित नीति जनस्तरमा पुग्ने गरी सञ्चालित भएको सङ्केत पाउन थालिएको छ । २०७४ सालको बाढीमा धनुषा र महोत्तरीमा राहत वितरणका साथै महोत्तरीको गौशाला नगरपालिकाले चीनको सान्सी प्रान्तको सिन्चउ नगरसँग भगिनी सम्बन्ध स्थापना गरी करीब ६० करोड डलरको लगानी भित्र्याउने योजना अगाडि बढाएको थियो । यसमा प्रदेश र सङ्घ दुवैको अवरोध भयो । नेपालमा गएको भूकम्पपीडितहरूको पूर्ण उद्धारमा पहाडी जिल्लासम्ममा पुनर्निर्माणको काममा आधिपत्य जमाएको भारतलाई चीनले कोरोनाकालमा क्वारेन्टाइन र आइसोलेशन बनाउने कार्यमा पहाडदेखि तराईसम्म काम गरेर आफ्नो सक्रियता देखायो ।

यति विधि सहयोग गरेपछि दुवैले आआफ्नो स्वार्थ अनुसार हस्तक्षेप गर्नु अस्वाभाविक हुने कुरा भएन तर यहाँ प्रश्न के उठ्छ भने नेपाल सरकारको विकास बजेट वास्तविकरूपमा २५–२८ प्रतिशतभन्दा बढी खर्च हुँदैन, जसको फलस्वरूप विकास योजना कार्यान्वयन विदेशी सहयोगमा हाम्रो निर्भरता बढ्दै गइरहेको छ । आफ्नै विकास योजनालाई समयमा सम्पादन गर्ने र बजेट सदुपयोग गर्ने अवस्था नल्याएसम्म यो अवस्थामा सुधार हुने देखिँदैन ।

हेर्नुस्, हाम्रो दुर्भाग्य दुई तिहाइ बहुमतको सरकारले यस क्षेत्रमा कदम चालेर केही राम्रा गर्नुको सट्टा संसद् नै विघटन गरेर निर्वाचनको मिति घोषणा गरेको छ । मुद्दा सर्वोच्चमा विचाराधीन छ । तर चुनाव हुने भयो भने सबै राजनीतिक दललाई खर्च, सवारीसाधन चाहिनेछ भने चुनाव आयोगलाई पनि गाडी, मतपेटिकालगायत अन्य सामग्रीको सहयोगको आवश्यकता पर्ला नै । यस्तो अवस्थामा विदेशी हस्तक्षेप भयो भनेर चिन्ता लिनुभन्दा आफ्नै घर सपार्नेतिर लाग्नु बेस होला । होइन भने 'घर फुटे गँवार लुटे' भन्ने उखान चरितार्थ भइ नै रहनेछ ।

२०७७ पुस २९ गते बुधवार

हामी सबै यस्तै छौं

६० वर्षमा सातौंपटक बनेको दक्षिण एशियाको सर्वश्रेष्ठ एवं विश्वकै उत्कृष्टमध्येको एक भनेर ठोकुवा गरिएको संविधानको मधेसवादी दलले विरोध गर्दासमेत अपरिपक्व मार्ग भनेर बेवास्ता गरिएको मधेसका ५४ युवाहरूको शहादत बेहोरेको यो संविधान तीन वर्ष नपुग्दै के गति बेहोर्दै छ, हामी सबै देखिमात्र होइन, भोगिसमेत रहेका छौं । आफ्नो दलको आन्तरिक खिचलो मिलाउन नसकेर अल्पमतमा परेका दुई तिहाई बहुमतको नेकपा संसदीय दलको नेताको रूपमा निर्वाचित भई देशकै प्रधानमन्त्री बनेका सम्माननीय केपी ओलीले आमजनताको बुझाइमा संविधानमा उल्लेख नभएको अधिकारको प्रयोग गरी विघटन गरेको संसद् पुनर्स्थापना गर्न नेकपाकै अर्को खेमा र समाजवादी दल सडक आन्दोलनमा छन्। प्रमुख प्रतिपक्षी नेकाले पुस १३ गते सबै निर्वाचन क्षेत्रमा विरोधसभा गरे पनि पार्टी मूलभूतरूपमा देउवा र पौडेल खेमामा विभाजित रहेकोले १९ गते हुने केन्द्रीय समितिको बैठकबाट निर्णय हुने भनिए पनि दुवै नेताको दृष्टि राष्ट्रिय राजनीतिभन्दा आत्मकेन्द्रित भएको देखिन्छ ।

निर्वाचनको पक्षमा लागेमा प्रम बन्न पाइने र महाधिवेशनसमेत टार्न सकिने देउवाको आशय बुझिन्छ भने महाधिवेशन जसरी पनि गराउन संसद् पुनर्स्थापना भए सजिलो हुने पौडेल पक्षको आशय देखिन्छ । त्यसैले यो लडाइँ नेकाको लागि आत्मघाती हुने बलियो सम्भावना बन्दै गएको देखिन्छ । यही पृष्ठभूमिमा यहाँ के पनि विचारणीय देखिन्छ भने नेकपाको दुईवटै समूहमध्ये कसैले पनि निर्वाचन आयोगमा दल दर्ता गर्न वा फुटाउन चाहिने पूर्ण कागजपत्र पेश नगरेको खबरहरू छापामा आइरहँदा विभाजित दुवै खेमाको नियतमाथि शङ्का गर्ने ठाउँ रहन्छ । आखिर किन उनीहरू स्पष्टरूपमा दल फुटाउने जिम्मेवारी लिन चाहिरहेका छैनन् । एउटा समूहले संसद् नै विघटन गर्ने र अर्कोले पुनर्स्थापनाको लागि सडक तताउने तर निर्वाचन आयोगमा कागजात पेश गर्न कसलाई पर्खेका हुन् रहस्यमय भएको छ । यस पृष्ठभूमिमा फेरि नेपाली काङ्ग्रेसका सभापति देउवाको 'पर्ख र हेर'को रणनीति नै ठीक हो कि भन्ने लाग्न थालेको छ ।

पूर्व एमाले र माओवादीबीच एकीकरण गराउन चीनले ठूलै लगानी गरेको कुरा अहिले देखिएको चीनको छटपटीबाट नै स्पष्ट हुन्छ । आफ्नो राजनैतिक प्रभाव विस्तार गर्ने सोचका साथ अगाडि बढेका महामहिम सी नेतृत्वको चीनले २०१७ मेमा नेपालसँग बिआरआईमा हस्ताक्षर गरेर नेपालको पूर्वाधार विकासमा ठूलै लगानी गरेर अगाडि बढ्ने सोच राखेकोमा ओलीको नेतृत्वमा सरकार गठन भइसकेपछि नेपाल सरकारले बिआरआईको सट्टा एमसिसीलाई वरीयता दिएको देखेपछि महामहिम सी स्वयं नेपाल आई नेकपासँग पार्टीस्तरमा सम्बन्ध विस्तार एवं प्रशिक्षण कार्यलाई समेत निरन्तरता

दिए पनि प्रम ओलीले बिआरआईलाई वरीयता नदिएकोले एमसिसी रोक्न प्रचण्डदेखि झलनाथ खनाल, कृष्ण महरा एवं वर्तमान सभामुख लागिपरेको घटना नेपालको राजनैतिक पटलमा स्पष्टसँगै देखिंदा पनि वर्तमान परिवेशमा चीन, ओली आए पनि गए पनि, पार्टी नफुटोस् र फुटेपनि स्थायित्व हुने आधिकारिक नेकपाको अवस्था के हुने भनी बुझ्न नै भारतीय कूटनीतिज्ञहरूको भ्रमणपश्चात् चिनियाँ टोलीको ओइरो लागेको हो। अमेरिकासँग भएको भारतको २+२ जोडको वार्ताबाट स्पष्टरूपमा दक्षिण एशियामा दुवै देशले चिनियाँ प्रभाव रोक्न मिलेर काम गर्ने सन्देश दिइसकेपछि चीनले नेपालको राजनीतिमा झन् चासो लिएको कुरा चिनियाँ राजदूतको सक्रियताबाट नै स्पष्ट देखिएको छ। यसपालिको चार दिन लामो बसाइबाट आफ्नो चाहनाबारे स्पष्ट सन्देश दिन खोजेको चिनियाँ टोलीले बोल्नेभन्दा सुन्ने काम धेरै गरेको टिप्पणी आएको छ। सम्भवतः नेकपाको रूपमा बलियो सहयात्री भेट्टाउन चीन यसको विभाजनबाट दुःखित छ नै, साथै अर्को विश्वासपात्रको खोजीमा समेत छ र यस भ्रमण टोलीको रिपोर्टिङपछि नेपाल नीति तय गर्नेछ।

अर्कोतर्फ नेपालका राजनीतिज्ञहरू चञ्चल भएकाले जहिले पनि चलाउन सकिने विश्वास राख्ने भारत र अमेरिकामध्ये भारतको स्पष्ट चाहना नै नेपालबाट हिन्दू राष्ट्र घोषणा गर्न लगाउने र अस्पष्ट चाहना राजतन्त्र पुनर्जीवित गर्ने पनि हुन सक्छ। यो अवस्थामा कोरोना वा राजनैतिक अस्थिरताको कुरा उठाएर सङ्कटकाल लगाउने र २०४७ सालको संविधान ब्युँताउने कार्यसमेत हुन सक्ने आशङ्का गर्न थालिएको छ। केही दिन पहिले वर्तमान प्रधानमन्त्रीबाट नेपाली काङ्ग्रेसका सभापति देउवाको नेतृत्वमा सरकार गठन हुन सक्ने भनाइ सार्वजनिक हुनुले पनि यस्तो खतरालाई सङ्केत गर्दछ। प्रतिनिधिसभा पुनर्स्थापित भएमा अवस्था सामान्य हुने र नेपाली काङ्ग्रेसले महाधिवेशन गर्नुपर्ने भई देउवा नेतृत्वलाई चुनौती हुने र ओली एवं राष्ट्रपतिसमेतलाई महाअभियोगरूपी कलङ्क लाग्ने सम्भावना भएकोले पनि अदालतमाथि ठूलै दबाब सृजना गर्ने काम भइरहेको र यसको प्रभावसमेत राजनीतिक प्रवृत्तिका मुद्दाहरू हेर्दहिँदैमा सार्न थालिएकोबाट देखिन्छ।

यता र उता अर्थात् सरकार र विपक्षबाट जे भए पनि संवैधानिक राजतन्त्र पुनर्स्थापित भए पनि नभए पनि, संसद् पुनर्स्थापित भए पनि नभए पनि, सबै अवस्थाले वैधानिकता पाउने चुनावबाट नै हो। फरक यति हो कि चुनाव अहिले कि दुई वर्ष पछि। यो समय नै सबैभन्दा महत्त्वपूर्ण भएको छ। अहिले चुनाव भएमा देश भड्खालोमा जाने र दुई वर्षपछि भएमा अवस्था सामान्य रहने मात्र हो। शासकहरूको रहर पुग्ने-नपुग्ने मात्र हो। यी सबै खेलमा नेपालको संविधानको सार्वभौमसत्ता सम्पन्न जनता निरीह वा भनौं चिडियाघरमा राखिएको टिकट काटेर हेर्न पाइने जीवजस्तो भएको छ। यस कुरामा कसैको विमति होलाजस्तो लाग्दैन।

२०७७ पुस २२ गते बुधवार

- विनोद गुप्ता

यही नै हो हाम्रो नियति

नेपालमा राणाकालदेखि हालसम्मको राजनीति अध्ययन गर्दा शासकहरू जहिले पनि शक्तिकेन्द्रित नै भएको पाइन्छ । राणाकालमा सत्ता हत्याउन भएका विभिन्न काण्डलगायत २००७ सालमा राजा त्रिभुवनको भारत पलायन होस् वा २०१७ सालमा राजा महेन्द्रले गरेको पञ्चायतको घोषणा । २०३६ सालको जनमत सङ्ग्रहमा समेत सत्ता जोगाउन भएका खेलहरू सबैको सम्झनामा नहोला। त्यसपछि २०४६ मा भएको आन्दोलनमा पहिलोपटक राजनीतिक दल एवं राजाबीच सत्ता साझेदारी गर्ने सहमति भयो र अन्तरिम सरकारको नेतृत्व गर्दै रहनुभएका तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको पालामा संविधान जारी भयो । संविधान जारी भएपछि भएको चुनावमा नेपाली काङ्ग्रेसले बहुमत ल्याइ सरकार बनायो र प्रमको स्वरूपमा पुनः कृष्णप्रसाद भट्टराई नै रहनुभयो । तर बहुमत प्राप्त गरेको यो सरकारलाई पनि नेकाका तत्कालीन महासचिव गिरिजाप्रसाद कोइरालाले स्थिर रहन दिनुभएन र संसद्भित्रै काङ्ग्रेस ७४ र ३६ को समूहमा विभाजित भयो । यसै रडाकोको कारण कृष्णप्रसाद भट्टराईले प्रमको पदबाट राजीनामा दिनुभयो भने गिरिजाप्रसाद कोइराला प्रम बन्न पुगनुभयो । काङ्ग्रेस त्यसपछि कोइराला र भट्टराई खेमामा विभाजित भयो । भट्टराई खेमाको नेतृत्व गर्दै शेरबहादुर देउवाले पार्टी नै फुटाउनुभयो । फुटको यो रोग काङ्ग्रेसमा मात्रै सीमित नरही कम्युनिस्ट, राप्रपालगायतका दलहरूमा पनि सरेको र अझै विद्यमान रहेको पाइन्छ । एक पक्ष सधैं सत्तामा बसिरहन आतुर र अर्को पक्ष सत्ता प्राप्त गर्न चुनाव वा महाधिवेशन कुर्न धैर्य गर्न नसक्ने कारणबाट देशले प्रजातन्त्र बहालीको ३० वर्ष पार गरे पनि विकासको मामिलामा कुनै फड्को मार्न सकेको छैन । हामी किन यस्तो छौं भन्नेबारे विचार गर्दा हामीले पाउने बौद्धिक जवाफ भनेको हामी भूपरिवेष्टित गरीब मुलुक र संसाधनसमेत नभएको एवं भूराजनीति अवस्थितिका कारण यस्तो भएको भन्ने जवाफ पाइने गरेको छ । तर विगतलाई हेर्दा चीनले सगरमाथामाथि आफ्नो दाबी प्रस्तुत गरिरहँदा नेकाका तत्कालीन प्रम विपी कोइरालाले सप्रमाण लिनुभएको अडानका कारण सगरमाथा नेपालको रहेको हो भने भारतीय संसद्मा नेपालको सार्वभौमिकताका सन्दर्भमा केही आपत्तिजनक वाक्यांशको प्रयोग भएको कारणले जवाहरलाल नेहरूले क्षमायाचना गर्नुपरेको प्रसङ्गलाई सम्झिंदा त्यति बेला नेपालमा गरीबी र संसाधन कता थिए अनि भूराजनीतिक अवस्थामा के फरक थियो भनेर सोच्न बाध्य भइन्छ । २००७ सालको क्रान्तिमा जसरी भारतीय सहयोग रहेको थियो, त्यस्तै सहयोग २०१७ मा प्रजातन्त्र सिध्याउनसमेत थियो । पञ्चायतकालमा भएको खम्पा विद्रोहमा अमेरिकी हात रहेको र सो दबाउन नेपाल सरकारले त्यति

रुचि नदेखाउँदा चीनले नेपालले नियन्त्रण नगरे आफूहरू सोझै नेपाल आउने सन्देश पाउनासाथ सेना परिचालन गरेर विद्रोह निस्तेज पारिएको दृष्टान्तबाट विदेशी हस्तक्षेप हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहनेछ भन्ने कुरामा दुई मत हुन सक्दैन।

प्रजातन्त्र बहालीपछि माओवादी आन्दोलन, राजा ज्ञानेन्द्रको कु, २०६२/६३ को पहिलो र दोस्रो जनआन्दोलनको अस्थिर पृष्ठभूमिमा पहिलोपटक सङ्घीय गणतन्त्र नेपालमा तीनवटै तहको निर्वाचन सम्पन्न भएर नेकपाको करीब दुई तिहाइको बहुमत रहेको सरकार गठन भएको हो। गणतान्त्रिक संविधान जारी हुँदाका बखत भारतीय पक्षको अडानको बेवास्ता गरेको कारण भएको तेस्रो नाकाबन्दीको समयमा वर्तमान प्रम केपीशर्मा ओलीले लिनुभएको अडानले नेपालको राजनीतिमा उहाँको कदको उचाइ बढ्न पुगेकोमा दुई मत हुन सक्दैन। यसै लोकप्रियताका कारण उहाँको अगुवाइमा भएको माओवादीसमेत सम्मिलित भई गठन भएको नेकपाले स्पष्ट बहुमत पाएको हो। माओवादी द्वन्द्वदेखि सम्झौतासम्ममा भारतको सर्मथन थियो भन्ने कुरा निर्विवाद छ। तर नेपालमा सरकारमा आइसकेपछि भारतप्रति उत्तरदायी हुन नसकेको माओवादी समूह भनिन्छ चिनियाँ प्रभावमा एमालेसँग मिल्न पुगेको हो। यो मिलनले चुनावको गणित यसरी परिवर्तन गऱ्यो कि आफ्नो परम्परागत ३२ प्रतिशतको हाराहारीमा नेकाले भोट पाए पनि प्रत्यक्षतर्फ जम्मा २२ सिटमा जीत हासिल गरेर 'बूढो बाघ' भएर बसेको छ।

दुई तिहाइको सरकारको नेतृत्व गर्न पाएपछि वर्तमान प्रमले नेपालीहरूलाई थुप्रै सपना जस्तैः पानीजहाज चलाउने, घरघरमा ग्यास पाइप पुऱ्याउने, आफ्नै पेट्रोलियम खानी उत्खनन गर्ने र काठमाडौंसम्म चीन र भारत दुवैतिरबाट रेलमा सर्रर पुग्न सकिने आस देखाउनुभयो तर वास्तवमा उनको पाँच वर्षमध्येको तीन वर्ष कार्यकाल मेलम्ची, वाइड बडी, सुन प्रकरण, ललिता निवास प्रकरण, गोदावरी रिसोर्ट प्रकरण हुँदै ओम्नी प्रकरणसम्म आइपुग्दा उहाँको सरकार सामाजिक र नैतिक धरातलमा पूर्ण असफल भएको देखियो भने २८-३० प्रतिशतसम्म मात्र विकास बजेट खर्च गर्न सकेर आर्थिक मोर्चामा समेत असफल हुन पुग्यो। माओवादीसँग एकीकरण हुँदा भएको आलोपालोको समझदारी पालन नभएको र जनअसन्तुष्टि बढ्दै गएको कुरालाई आधार बनाएर नेकपाभित्रकै समूह एकत्रित भएर ओलीको विरोध गर्दा आफू अल्पमतमा परेको हीन भावनाले ग्रस्त भई संसद् विघटनका प्रस्ताव ल्याएका हुन्। होइन भने पार्टीगत कुरा नमिले पार्टीभित्रै मिलाउने अग्रगामी सोच राखेर खेलको नियम स्वीकार गर्न तयार हुनुको सट्टा सत्तामा बसिराख्न संसद् नै विघटन गरी सत्तासीन हुन 'प्यार और जङ्ग में सब जायज' भन्ने परम्परागत नेपाली राजनीतिक सोचको पालना गर्नुभएको छ। उहाँको यस सोचमा जनता भन्ने तत्त्व कहींकतै छैन। विघटन उहाँको प्रतिद्वन्द्वी एवं आमनागरिकको बुझाइमा गैरसंवैधानिक छ, त्यसैले सर्वोच्चमा थुप्रै रीट निवेदनहरू परेका छन्, जसमाथि संवैधानिक इजलासमा सुनवाइ हुँदैछ। सम्मानित अदालतको

निर्णयको बारेमा प्रतीक्षारत रही विचार गरौं कि सम्मानित अदालतको निर्णय कि पक्षमा कि विपक्षमा आउन सक्छ । संसद् विघटनको विपक्षमा आए संसद् पुनर्स्थापित हुनेछ, नेकपाको पुनर्गठन हुने र कमरेड ओलीलगायत महामहिम राष्ट्रपतिको समेत राजनीतिक जीवन समाप्त एवं कलङ्कित हुनेछ । तर संसद् विघटनको पक्षमा आए पनि नेकपा फुट्ने, यसलगायत अन्य विपक्षी दलले सडक तताउने कारणले देशको राजनीति अस्थिर रहनेछ । चुनाव वैशाखमा भइहाले जित्ने दलले फेरि आफू सत्तामा बसिरहन यस्तै अस्त्रको प्रयोग गर्न यही नजीरलाई प्रयोग गर्ने र त्रिशङ्कु संसद् बनेमा पनि पुनः अस्थिरता हुने नै देखिन्छ । तर एउटा अकल्पनीय अवस्था पनि आउन सक्ने सङ्केत देखा परिरहेको छ । त्यो के हो भने जम्मा ८ दिन बाँकी रहँदासमेत राष्ट्रियसभाको बैठक आह्वान हुन सकेको छैन । भोलि वैशाखभित्र चुनाव हुन नसकेमा के होला भन्ने प्रश्न अगाडि आउँदा हामी फेरि विगतको नजीरलाई सम्झँदै कहीं रेग्मी सरकार जस्तै विकल्पमा पुग्नुपर्ने अवस्था नआउँला भन्न सकिन्न । सरकारलाई बाटो देखाउने अभिभारा बोकेको प्रतिपक्ष पनि नैतिक घरातलमा लडाइँ लड्नुभन्दा अवसरवादतर्फ उन्मुख देखिन्छ । आफ्नो यस्तो निर्णयलाई नसुधारेमा नेका अर्को निर्वाचनमा ओझेलमा पर्नेछ । आखिरमा यो द्वन्द्वले देशलाई के दिनेछ भन्ने सोच्दा गरीबी, अशिक्षा र दुर्गतिका साथै लिपुलेक एवं कालापानीका मुद्दा ओझेलमा पार्न मात्रै होइन सदाझैं निस्तेज पार्न ओलीको राजनीतिक जीवन समाप्त गर्ने खेल हो जस्तो लाग्छ जसको 'हनी ट्रयाप'मा हाम्रो प्रम पर्नुभयो । हुनत चिनियाँ पक्षले उद्धारको प्रयास गरिरहेको छ तर व्यूहरचना यति बलियो छ कि तत्कालै तोड्न सम्भव देखिंदैन । कालापानी विवादबारे अडान लिनेबेला कमरेड ओलीले फिर्ता ल्याउन सकिएला ? भनेर व्यक्त गर्नुभएको शङ्का भने सही साबित हुनेछ तर त्यसको मूल्य नेपाली जनताले लामो समयसम्म बेहोर्नुपर्ने देखिन्छ ।

कोरोनाले धराशयी बनेर २.५ प्रतिशतको गति लिने अपेक्षा गरिएको हाम्रो अर्थतन्त्रमा अब चुनाव भए ६ महीना र नभए भन्न नसकिने राजनीतिक अस्थिरताका कारण अर्थतन्त्रमा आउने गतिहीनता र चुनाव भए थप १५ अर्बको चुनाव खर्चले देशलाई भड्खालोमा धकेलेकै छ । यसबाट उन्मुक्तिको एकमात्र आशा भरोसाको केन्द्र सर्वोच्च नै बन्न पुगेको छ ।

२०७७ पुस १५ गते बुधवार

अधिनायकवादी 'कु'

प्रधानमन्त्री केपीशर्मा ओलीले अन्ततः नेकपाको आन्तरिक पार्टी विवादको समाधान गर्न देशलाई नै भड्खालोमा हाल्ने काम गर्दै राष्ट्रपतिसमक्ष संसद् विघटनको सिफारिश गर्नुभएको चार घण्टाभित्र नै महामहिमले मन्त्रिपरिषद्को सिफारिश सदर गर्दै प्रतिनिधिसभा भङ्ग गरेकी हुन् । वर्तमान संविधानमा हुँदै नभएको व्यवस्था वा भनौं भएको विघटनको व्यवस्थाको अपव्याख्या गरी चुनावको मितिसमेत घोषणा गरिएको छ । यो घटनाले मैले गताङ्कमा लेखेको 'यसरी रेटिदैंछ घाँटी प्रजातन्त्रको' भन्ने लेखमा स्टेवेन लेवस्की र डेनियल जिब्लाटको पुस्तक 'हाउ डेमोक्रेसी डाइ' पुस्तकको सन्दर्भ उल्लेख गर्दै प्रजातन्त्रको तेस्रो लहरको क्रममा थुप्रै मुलुकमा संविधानतः निर्वाचित नेताहरूले संविधानका विभिन्न धाराहरूको आफूअनुकूल व्याख्या गरी आफ्नो सत्ता टिकाउन अधिनायकवादतर्फ उन्मुख रहेको उदाहरण प्रस्तुत गरेको हप्ता दिन नबित्दै त्यही प्रकृतिको घटना आफ्नै देशमा दोहोरिएको छ । घटनापश्चात् नेपालको राजनीतिमा प्रत्यक्ष प्रभाव राख्ने दुवै छिमेकी देशको प्रतिक्रियातर्फ ध्यान दिंदा चीनमा दक्षिण एशिया सम्बन्धका राजनीतिक चिनियाँ विश्लेषक डा लोङले घटनालाई Serloun Set Back भन्दै नेपालका नेताहरूले आफ्नो खुट्टामा आफैं बन्चरो हानेको प्रतिक्रिया दिएका छन् भने चिनिया राज्य परिषद् अन्तर्गतको थिङ्क ट्याङ्क मानिने अन्तर्राष्ट्रिय सम्बन्ध अध्ययन संस्थानका प्राध्यापक हु सिसेङले संसद् विघटन गर्ने ओलीको कदमबाट नेपालमा देखिएको नयाँ सङ्कटले आफू एकदमै निराश भएको र नेपाल अब पुनः नयाँ संविधान जारी हुनुपूर्वको अवस्थामा पुगेको प्रतिक्रिया दिएका छन् ।

भारतको तर्फबाट भने भारतीय सेनाका पूर्व मेजर जनरल अशोक मेहताले प्रतिनिधिसभा विघटनसँगै ओलीको पतन हुने प्रतिक्रिया दिएका छन् भने नेपाल मामिलाका जानकार एसडी मुनीले पनि संसद्को विघटन ओलीको लागि घातक सिद्ध हुने भन्दै प्रम ओली केही दिनदेखि भारतीय गुप्तचर संस्थाको प्रभावमा रहेको भन्दै यो अवस्था भारत र नेपाल दुवैको हितमा नभएको बताएका छन् । दुवै छिमेकी राष्ट्रबाट आएका प्रतिक्रिया र घटनाक्रम हेर्दा भारतीय गुप्तचर संस्था रअका प्रमुख सामन्त गोयल, सेना प्रमुख नखमो, भारतीय विदेश सचिव शृङ्गला र अन्त्यमा भाजपाका विदेश विभाग प्रमुख विजय चौथाइवालको भ्रमण सम्पन्न भएको दुई सातामैं संसद भङ्गको घटनाक्रम विकसित हुनु र सामन्त गोयलको भ्रमणपूर्व नेकपा सङ्कट व्यवस्थापनमा अत्यन्त सक्रिय रहेकी चिनियाँ राजदूत खासै सक्रिय देखिएकी छैनन् ।

प्रम ओलीको घोषणाको राजनीतिकरूपमा विरोध शुरू भएको छ भने सर्वोच्च अदालतमा परेका ११ वटा रिटमा बुधवार सुनवाइ हुँदैछ । राजनीतिकरूपमा हेर्दा हुँदै नभएको अधिकार प्रयोग गरी संसद् भङ्ग गरिएकोले सर्वोच्चको निर्णय पक्ष वा

विपक्षमध्ये कुनै एकमा नै जानेछ । संसद् विघटन गर्नु कानूनसम्मत नभएको निर्णय आयो र संसद् पुनर्बहाली भयो भने प्रम ओलीका साथै महामहिम राष्ट्रपतिको पतन हुने र दुवैजना कलङ्कित हुनुपर्ने अवस्था आउनेछ भने संसद् विघटन ठीक हो भन्ने निर्णय भएर आएमा देशमा राजनीतिक आन्दोलन शुरू हुने खतरा देखिन्छ । यो आन्दोलनले देशलाई फेरि एकपटक अस्थिरतातर्फ धकेल्नेछ र हाम्रो कोरोनाग्रसित अर्थतन्त्र कहाँ पुग्ने हो अनुमान गर्न कठिन छ । कोरोनाका कारण २.५ प्रतिशत आर्थिक वृदिदर हुने प्रक्षेपण गरिएको हाम्रो अर्थतन्त्र झन् धराशयी हुने अवस्था बन्नेछ । अकल्पनीयरूपमा चुनाव हुने नै भयो भने गत आमनिर्वाचनमा करीब १५० बिलियन रुपैयाँ तीनवटै तहको निर्वाचनमा खर्च भएको अनुमान गरिएको थियो । अब हुने निर्वाचन प्रतिनिधिसभाको मात्रै हुने भएपनि सरकारी र गैरसरकारी स्तरमा समेत सबै दल प्रतिष्ठाको लडाइँमा होमिने भएकोले ठूलै रकम खर्च हुने अनुमान गर्न सकिन्छ । चुनावपश्चात् कुनै एक दलले बहुमत ल्याएर सरकार बनाउँदा पनि फेरि यस्तो हुँदैन भन्ने अवस्था पनि रहन्न र संसद्मा कुनै दलले बहुमत नल्याए फेरि अस्थिरताको राजनीति शुरू हुने देखिन्छ । त्यसैले नेपालमा घटेको यस दुर्भाग्यपूर्ण प्रजातन्त्रलाई कलङ्कित गर्ने यस घटनाको पृष्ठभूमिमा प्रजातन्त्रको चौथो लहर उठ्नु नै एकमात्र विकल्प हुन सक्छ । जनताले दिएको रगतको बलिदानको मूल्यमा स्थापित प्रजातन्त्र कसैको पेवा नभएकोले कार्यकारीले यसको अक्षर मात्र होइन भावनासमेत अक्षरशः पालना गर्नुपर्ने हो । प्रमले आफ्नो सम्बोधनमा काम गर्न नदिएको अड्डी थाप्नु निरर्थक हो । यो सत्य हो भने पनि यो उनको दलभित्रको समस्या थियो । अध्यक्ष एवं प्रम दुवै पदमा आसीन उनले आफ्नो दलकै विवाद मिलाउन नसकेर यो कदम चाले । उनी प्रजातन्त्रवादी भएको भए आफ्नो पार्टीको आन्तरिक विधानसम्मत प्रक्रियाबाट लडाइँ लड्न सक्नुपर्ने थियो । दुई तिहाइको बहुमत भएको प्रधानमन्त्री र प्रतिपक्षको अत्यन्त नगन्य प्रतिरोध भएको अवस्थामा प्रमले 'घर फुटे गवार लुटे'को उक्ति चरितार्थ गरेका छन् ।

मलाई यतिबेला संस्कृतमा पढाइने गरिएको 'असम्भाव्य चिन्ता परिणामः' भन्ने एउटा कथाको सम्झना भइरहेको छ । कथाका नायक हाम्रा प्रमजस्तै स्वप्नदर्शी हुन् र एक दिन सोच्न थाल्छन् मसँगै एउटा गाई छ र म अब यस गाईको दूध बेचेर बाख्रा किन्नेछु । बाख्राहरूले हरेक ६ महीनामा बच्चा दिनेछन् र १-२ वर्षमा मसँग थुप्रै बाख्राबाख्री हुनेछन् । अनि उनीहरूलाई बेचेर एउटा घोडा किन्नेछु र घोडामा खुट्टा उचालेर चढ्ने उपक्रममा माथि झुन्डयाइएको 'सत्तु' राखिएको माटोको भाँडो खुट्टा लागेर फुट्न गएछ र उनको घोडा चढ्ने सपना सबै चकनाचुर भएछ। देश कहीं जाँदैन यही रहनेछ, विकासको गति थामिएला, गरीबहरू अझ केही समय गरीब नै रहलान् तर यो कदम चाल्ने नायकको परिणाम पनि माथि लेखिएको दन्त्यकथाजस्तै नहोला भन्न सकिन्न । कार्यकारी र कानूनी निर्णय हाम्रो हातमा छैन तर नहुनुपर्ने चुनाव भइहाले पनि निर्णय त नेपाली जनताले नै दिनेछ । – २०७७ पुस ०८ गते बुधवार

यसरी रचिदैंछ प्रजातन्त्र नेपालमा

गणतन्त्रको प्रतीकको रूपमा रहनुभएकी हाम्री राष्ट्रपतिको जीवनशैली कुनै नयाँ उदाएको बादशाहभन्दा कम छैन । सरकारी तौरमा पनि पूर्वमा राजाले गर्दै आएका सम्पूर्ण सांस्कृतिक कार्य जस्ताको त्यस्तै राष्ट्रपतिबाट सम्पन्न भइरहनाले सांस्कृतिक राजतन्त्र आज पनि नेपालमा जीवित नै छ । तर राजनीतिकरूपमा संविधानको संरक्षकको निष्पक्ष भूमिकामा रहनुपर्ने राष्ट्रपति अहिले नेकपाको संरक्षकको रूपमा देखिइनुभएको छ ।

सङ्घीय सरकार पनि प्रदेश सरकार तथा स्थानीय सरकारलाई संविधानप्रदत्त अधिकारसमेत हस्तान्तरण गर्न चाहिरहेको छैन । नेपाली काङ्ग्रेसको ७४/३६ को संसदीय आँकडापश्चात् प्रजातन्त्र बहालीपछि विरलै कुनै सरकार औसतमा ९ महीनाभन्दा बढी कार्यकालको रह्यो । २०६२/६३ को जनआन्दोलनबाट स्थापित संविधानसभाले समेत तोकिएको समयमा संविधान बनाउन नसकेपश्चात् दोस्रो संविधानसभा गठन भयो । त्यसले बनाएको संविधान जारी भएपछि मधेसवादी दल र भारतको त्यसपछि विरोध रह्यो । जसको पृष्ठभूमिमा नेपालमा दोस्रो नाकाबन्दी भयो । भारतको यस कार्यको विरुद्ध दन्होरूपमा उभिनुभएका तत्कालीन प्रम केपीशर्मा ओलीमा नेपाली जनताले एउटा बलियो राजनीतिज्ञको छवि भएको महसूस गरेर अन्ततः नेपालमा भएको तीनवटै तहको निर्वाचनमा उहाँकै नेतृत्वमा एमाले र माओवादीको एकीकरणबाट बनेको दल नेकपाले सङ्घीय संसद्मा दुई तिहाइ बहुमत प्राप्त गऱ्यो र ७ मध्ये ६ प्रदेशमा नेकपाकै सरकार छ र स्थानीय सरकारमा उमेत नेकपाकै कब्जा छ । आफ्नो चुनावी घोषणापत्रमा जनतालाई नूनदेखि सुनसम्मको सुविधा उपलब्ध गराउने सपना देखाएको दलले त्यसपछि भने प्रेस, गुठी, सूचना, प्रविधिलगायतका कानूनहरूमा संशोधन गरेर वाक तथा प्रकाशन स्वतन्त्रतालाई कुण्ठित गर्ने कार्य शुरू गऱ्यो ।

यसका साथै प्रधानमन्त्री स्वयंले गत वर्ष मे महीनामा प्रदेशहरू सङ्घीय सरकारको एकाइ भएको मन्तव्य दिनुभयो भने यस वर्ष संसद्मै सरकारको नीति तथा कार्यक्रममाथि छलफल भइरहँदासमेत प्रदेश सरकारहरू सङ्घको प्रशासनिक एकाइ मात्र भएको कुरालाई नै दोहोऱ्याउनुभयो । गत अक्टोबरमा समेत उहाँले कर्णाली प्रदेशका मुख्यमन्त्रीलाई प्रदेशहरू सङ्घको प्रशासनिक एकाइ भएको स्मरण गर्दा बितेका तीन वर्षमा प्रमले तीनपटक यो कुरा भन्दा नेपालको संविधानको धारा ५६ (१)ले भने सङ्घीय प्रजातान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घीय, प्रादेशिक र स्थानीय तहको हुने भन्दै ५६ (२)मा तीनवटै तहले संविधानप्रदत्त अधिकार प्रयोग गर्न सक्ने व्यवस्था गरेको छ । यसभन्दाबाहेक अन्य क्षेत्रलाई समेत हेर्न सकिन्छ । कोभिडको निश्शुल्क उपचारका लागि सम्मानित सर्वोच्च अदालतले हस्तक्षेप गर्नुपऱ्यो भने राष्ट्रिय

मानव अधिकार आयोगले आफ्नो सिफारिश कार्यान्वयन सरकारबाट नभएको भन्दै एउटा लामो सूची नै सार्वजनिक गर्नुपऱ्यो । एसइईको अन्योल कायमै छ भने उच्च प्राविधिक शिक्षातर्फ डा गोविन्द केसीसँग भएको सम्झौता अनुसार कुनै कामकारबाई अगाडि बढ्न सकेको छैन ।

कृषि क्षेत्रको अनुदान सबै गैरकृषककहाँ पुगेको विवरण सार्वजनिक भएको धेरै भएकै छैन । भौतिक निर्माणका योजनाहरू खासगरी सडक र सिंचाइको बेहाल हामी सबैले देखी भोगिरहेकै छौं । बूढीगण्डकी विद्युत् आयोजना, पश्चिम सेती जस्ता कैयौं विद्युत् आयोजना विस्मृतिको गर्भमा पुगेका छन् । ३३ किलो सुन प्रकरण, वाइडबडी, सेक्युरिटी प्रिन्टिङ प्रेसलगायत बालुवाटार जग्गा प्रकरणमा के भइरहेको छ सबैको सामु छर्लङ्ग नै छ । प्रधानमन्त्रीले एक सुको पनि भ्रष्टाचार नभएको कुरा दोहोऱ्याइरहँदा ट्रान्सपरेन्सी इन्टरनेशनलको कन्ट्री इन फोकसका अनुसार 'नेपालमा व्यापक भ्रष्टाचार छ। नेपालका ५८ प्रतिशत जनताले विगत १२ महीनामा भ्रष्टाचार बढेको विश्वास गर्दछ। नेपालमा विशेषगरी सार्वजनिक खरीदमा भ्रष्टाचार हुने गर्दछ, जसमा राजनीतिकर्मी तथा कर्मचारीतन्त्र संलग्न हुन्छन्। नेपाली जनता केन्द्रदेखि स्थानीय तहसम्म सरकारको हरेक तहमा भ्रष्टाचार रहेको महसूस गर्दछ। दुर्भाग्यवश दैनिक जीवनयापनमा भ्रष्टाचारका प्रशस्त उदाहरण छन्। त्यसमध्ये हाइप्रोफाइलहरूले सरकारी जग्गा कब्जा गरेको तथा राज्यको सम्पत्ति अवैधानिकरूपमा व्यक्तिका नाममा गरेका केही उदाहरण हुन् । ग्लोबल करप्सन ब्यारोमिटर एशिया २०२० अनुसार सबैभन्दा कम कम्बोडिया १२ प्रतिशत र सबैभन्दा बढी नेपालमा ५८ प्रतिशत भ्रष्टाचार भएको तथ्य सार्वजनिक गरेको छ। सरकारले यो रिपोर्टलाई अस्वीकार गरेको छ भने ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका महासचिवले भने अन्य १७ वटा देशले कुनै प्रतिक्रिया नदिएको बेला हाम्रो (नेपालको) चित्त नबुझ्नुको कारण के हो भनेर हामीले प्रश्न गर्नुपर्ने बेला भएको भनाइ सार्वजनिक गर्नुभएको छ । ट्रान्सपरेन्सी इन्टरनेशनलको एशिया प्रतिवेदन २०२० मा "नेपालका प्रधानमन्त्री भ्रष्टाचारका आरोपी सहकर्मीको प्रतिरक्षामा आफैं उत्रिन्छन् भनिरहेको छ, जुन अन्य १६ देशका बारेमा बोलिएको छैन ।"

आफ्नै पार्टीभित्रको दबाब थेग्न नसकी विगत जुलाईदेखि बन्द भएको संसद् अझ चल्न सकेको छैन । सभामुखले सरकारले गर्नुपर्ने काम नगरेकोले बैठक नबोलाइएको भनिरहँदा समेत सरकार चुप छ । बुद्धिजीवीहरूले ओली सरकार सम्पूर्ण प्रजातान्त्रिक प्रणालीलाई चरणबद्धरूपमा भत्काउन संसद्लाई अकर्मण्य, संवैधानिक निकायलगायत अन्य सबै संयन्त्रलाई भत्काउन लागिपरेको आशङ्का व्यक्त गर्न थालेका छन् ।

माथिका घटनाक्रम एवं विश्लेषकहरूको विचारलाई मनन गर्दा हार्वर्ड विश्वविद्यालयका प्राध्यापकद्वय स्टेवेन लेवस्की र डेनियल जिब्लाटको प्रजातन्त्र कसरी मर्छ (How democracies die)को सम्झना आउँछ । उक्त पुस्तकमा उनले शीतलयुद्धको समाप्तिपछि प्रजातन्त्रको नाश सैनिक जर्नलहरूबाट नभई निर्वाचित सरकारहरूबाट हुन थालेको भन्दै

भेनेजुएला, जर्जिया, हङ्गेरी, निकारागुआ, पेरू, फिलिपिन्स, पोल्यान्ड, रूस, टर्की, युक्रेन र श्रीलङ्कालाई उदाहरणको रूपमा प्रस्तुत गर्नुभएको छ। लक्षणहरू मिल्दाजुल्दा छन् भने के नेपालमा पनि निर्वाचित सरकारले अधिनायकवादको विस्तार गरिरहेको छ ?

निर्वाचित सरकारले यस्तो गरिरहेको बेला प्रतिपक्षको प्रमुख जिम्मेवारी सरकारलाई सचेत गराउनु हो । तर आम नेपालीले अहिले प्रतिपक्ष आफ्नो भूमिकामा निरीह बनेको महसूस गरिरहेको छ । ८० वर्ष पुग्नै लागेका प्रजातान्त्रिक योद्धा एवं नेपाली काङ्ग्रेसका नेता रामचन्द पौडेलमाथि भएको दुर्व्यवहारको पृष्ठभूमिमा प्रमले आह्वान गर्नुभएको सर्वपक्षीय बैठकमा प्रतिपक्षका नेताले केही नबोली एक घण्टापछि बैठकबाट बाहिरिनुले यही अर्थ राख्दछ। प्रतिपक्षको भूमिका यस्तै रहने हो भने नेपालमा प्रजातन्त्रको घाँटी निर्वाचित सरकारबाट रेटिंदैछ भन्नु अतिशयोक्तिपूर्ण नहोला ?

२०७७ पुस ०१ गते बुधवार

राष्ट्र कि ओली ?

दुईतिहाई बहुमत प्राप्त सरकारले आफ्नो कार्यकालको तेस्रो वर्ष गरिरहँदा नेपालमा केही महत्त्वपूर्ण घटनाहरु भइरहेको पाइन्छ । पहिलो त नेकपाको आन्तरिक कलह नै हो। केन्द्रबाट भएको यो कलह स्थानीयस्तरमा समेत पुगेर अहिले केन्द्रमा समेत वारपारको स्थिति देखिएको छ । यसै अवधिमा चैतदेखि कोरोना महामारी शुरु भयो। जतिजति महामारीको प्रकोप बढ्यो, नेकलाको आन्तरिक कलह पनि कोरोनाझैं काठमाडौं केन्द्रित हुन पुगेको छ। वितेको सप्ताह नेपालका लागि वैदेशिक कूटनीतिज्ञहरुको स्वागत र भेटघाटमा व्यस्त समय रह्यो जसले गर्दा नेपाल कूटनीतिक क्रीडास्थल बन्न लागेको सङ्केतलाई बल पुग्न थालेको छ । इतिहास हेर्दा नेपालको राजनीतिक अवस्थामा उथलपुथल आएको बेला प्रायः दक्षिणी छिमेकीको उपस्थिति हुने गरेकोमा यसपटक भने उत्तरी छिमेकीसमेत सक्रिया सहभागी भएकोले अवस्था पक्कै फरक छ । विगतमा पञ्चायतविरोधी आन्दोलनको बेला भारतले आन्दोलनकारीलाई सघाउनुका साथै संस्थापनसँगसमेत गोप्य प्रस्ताव पठाएको र ती प्रस्ताव संस्थापन पक्ष अर्थात् राजा वीरेन्द्रबाट नमानिएकोले हिन्दू राष्ट्रको मान्यता र राजनीतिक दलहरुको अपरिपक्वताको मूल्याङ्कन गर्दै आफ्नै बाध्यतामा ती खम्बे प्रस्ताव अगाडि सारेर २०४६ सालको आन्दोलन रोकिएको हो । यस पृष्ठभूमिमा अहिले दुवैतर्फका भ्रमणले ओली सरकारलाई समर्थन दिएर टिकाइराख्न आआफ्नो प्रस्ताव अगाडि सारेको कुरा अपत्यारिलो मान्न सकिन्न ।

वर्तमान अवस्थामा क्षेत्रीय र वैश्विक राजनीतिक अवस्थाको मूल्याङ्कन गर्न चीनको विश्वशक्ति बन्ने महत्त्वाकाङ्क्षालाई असफल बनाउन अमेरिकाले यस क्षेत्रको लागि इन्डो-प्यासिफिक रणनीतिलाई आक्रामकरुपमा अगाडि सारेको पाइन्छ । भारत अझ पनि यसको सदस्य नभएको तर चीनको बिआरआईको विपक्षमा उभिएको अमेरिकालाई साथ दिएकोजस्तो देखिएको छ । ट्रम्प शासनकालको अन्तिम समयमा भारतसँग भएको २२ सम्झौताले यसलाई थप पुष्टि गर्दछ । चीनले अमेरिकी नीतिलाई राम्ररी बुझिसकेको हुनाले चीनको गतिविधि नेपाललाई भारतीय-अमेरिकी प्रभावबाट रोक्ने दिशामा केन्द्रित गर्ने बाध्यात्मक अवस्था आइपरेको बुझ्न सकिन्छ । चीनले पनि २०१५ मा नेपाललाई भारतजस्तै विश्वासमा नलिई लिपुलेक सम्झौता गरेको हो । अहिले विपक्षबाट सीमा विवादका कुराहरु उठ्ने गरेको भने चीनले कोरोना प्रभावबाट नाकाहरु बन्द राख्नुलाई हामीले नाकाबन्दी भनेर बोल्न सकेका छैनौं । यस पछाडिको मूल कारण भनेको तिब्बती शरणार्थीहरुलाई भारतमा पाउने गरेको आश्रय र स्वतन्त्र तिब्बत आन्दोलनलाई समर्थन दिनु पनि हो । अहिलेको राजनीतिको सबैभन्दा सबल पक्ष आर्थिक कूटनीति रहेकोले उसको दृष्टिकोणबाट हेर्दा एक्काइसौं शताब्दीको बजार

भनेको एशिया र त्यसमा पनि चीन र भारत नै हुन् । चीनसँग पर्याप्त पूँजी र प्रविधि छ। उसलाई विस्तार चाहिएको छ । त्यसैगरी अमेरिकालाई पनि विश्वशक्ति बनिरहन बजार चाहिएको छ । दुवैको बजार भारत नै हो । त्यसैले अमेरिका भारतलाई हातमा लिएर सीमा विवाद र लगानीको माध्यमबाट चीनलाई घेर्न चाहन्छ भने चीन पनि भारतमा लगानी र बजार दुवै बढाउन चाहन्छ । त्यसैले उसले भारतमा पटकपटक नियन्त्रित आक्रमण गरेर अमेरिकी खेमामा जानबाट रोक्न खोजिरहेको हो । तर पाकिस्तानसँगको उसको बढ्दो सम्बन्धले भारतलाई भने चीनभन्दा अमेरिका बढी रुचिकर लागिरहेको छ । चीनको लागि नेपाल भनेको गोटी हो । भोलि भारत–चीन सम्बन्धमा अपेक्षित सुधार आउन थालेमा उसले पहिलेजस्तै नेपाललाई भारतीय आँखाले हेर्न थाल्नेछ ।

विधिवत्रुपमा राजतन्त्र अन्त भएको १२ वर्षपछि देशमा पहिलोपटक सफलतापूर्वक सम्पन्न भएको तीनै तहको निर्वाचनको पृष्ठभूमिमा देशलाई हिन्दू राज्य बनाउने र राजतन्त्र फर्काउने आन्दोलनसमेत शुरु भएको छ । राजावादीहरुको प्रदर्शन भइरहँदा पूर्व राजा र राप्रपा दुवै मौन छन् । गणतन्त्र देशका लागि प्रत्युत्पादक भएको र सुशासन दिन नसकेको भनी शुरु भएको यो आन्दोलनको तीनवटा रोचक पक्ष देखिएको छ । पहिलो त कोरोनामा भीडभाडका कारण मठ–मन्दिर र स्कूल नखुलेका बेला यस्ता प्रदर्शन भइरहेका छन् । बदिंवास बलात्कार काण्डमा जायज माग गर्दा गोली प्रहार गर्न आदेश दिने सरकार यसमा मौन छ । दोस्रो उत्तर र दक्षिण छिमेकका उच्चस्तरीय कूटनीतिज्ञहरुको भ्रमण भइरहेको बेलायो हुँदैछ । तेस्रो नेकपाको कलह चरममा छ । बुद्धिजीवीहरुको एउटा पक्ष भने यसमा बाह्य नभई आन्तरिक संलग्नता नै छ भन्ने मान्यता राख्दछ । उसको विचारमा काडमाडौंमा 'इनफ इज इनफ' आन्दोलनमा भएको बर्बर प्रहरी दमनको घटना अगाडि सार्दै ओलीपक्षीय प्रदर्शन हुँदा प्रहरी र प्रशासनको भूमिका ठ्याक्कै अहिले राजावादीहरुको प्रदर्शनको बेलासँग मिल्दोजुल्दो र त्यो पनि अहिले केरोना आतङ्क राजधानीमा उच्चतम रहेको बेला । त्यसैगरी अलि नेपालमा हरेक स्थानीय तहमा पाँचदेखि १५ शय्याको अस्पतालको शिलान्यास गरिएको छ । तर कतिपय ठाउँमा जग्गाको ठेकान नभएको र नक्शासमेत तयार नभएको समाचार आइरहँदा कतै यो दुवै घटना नेकपाको आन्तरिक खिचलोबाट आम जनताको ध्यान हटाउन गरिएको कसरत त होइन भन्ने प्रश्न उब्जिएको छ । यस्ता अनुत्पादक काम गर्नुको सट्टा बहुमत प्राप्त सरकारले नियम कानूनसङ्गत ढङ्गले आफ्नो चुनावी घोषणापत्र अनुसारको कार्यक्रम अगाडि बनाएको भए प्राप्त बहुमतको सार्थकता सिद्ध हुने थियो । राष्ट्रिय शक्ति दलका संयोजक केशरबहादुर बिष्टका अनुसार उनीहरुको तीनवटा मुख्य माग रहेका छन्– १। संवैधानिक राजतन्त्रको स्थापना, २. हिन्दू राष्ट्रको स्थापना र ३. सङ्घीयताको खारेजी ।

संवैधानिक राजतन्त्रको स्थापनाको कुरा गर्दा अकल्पनीय अवस्था आइपरे पनि

सत्ता कसलाई हस्तान्तरण गर्ने पूर्व राजा ज्ञानेन्द्रलाई वा पारस शाहलाई यसको जवाफ चाहिन्छ । किनभने उनीहरु दुवैजना जनताबाट अस्वीकृत भइसकेका छन् । जहाँसम्म हिन्दू राष्ट्र स्थापनाको सवाल छ, त्यो भारतलाई रुचिकर हुन सक्छ । नेपाली जनताले पनि त्यसलाई स्विकार्ने छ तर युरोपेली शक्तिलाई यो प्रस्ताव स्वीकार्य होला ? मागै नभएको धर्मनिरपेक्षता उनीहरुकै दबाबमा आएको जगजाहेर छ । तेस्रो हो सङ्घीयता– यो काङ्ग्रेस, तत्कालीन माओवादी र मधेस आन्दोलनको शक्तिबाट स्थापित भएको हो। यसलाई पल्टाउन यी तीनै शक्तिलाई राजी वा पराजित गर्नुपर्ने हुन्छ । त्यसैले अहिलेको राजावादी आन्दोलनमा २ नं बाहेक अन्य मुद्दामा लड्न सक्ने दम नभएकोले यो ध्यान हटाउन गरिएको प्रयास हो भन्न सकिन्छ । यस्तो प्रयास गर्नुको सट्टा सत्ताधारी दल र त्योभन्दा पनि बढी त्यसका अगुव र विशेषगरी प्रधानमन्त्री ओलीले जनताको अपेक्षा अनुसार सरकारीतन्त्र चलाएको भए यस्तो कर्म गर्न आवश्यक नै पर्दैनथ्यो । त्यसमाथि अकर्मण्य प्रतिपक्षले झन् प्रधानमन्त्रीलाई आफूखुशी चल्न दिएको छ । आठ महीनादेखि सिंहदरबारस्थित कार्यालयसम्म पनि नगएका प्रधानमन्त्रीले अहिले पहिलो चौमासिक समीक्षा सकेर त्यसलाई तीव्र गति दिने समय भए पनि योलगायत दीर्घकालीन महत्त्वका कामहरु समेत प्रभावित भएका छन् जसले गर्दा न सरकार न पार्टी नै राम्ररी सञ्चालन हुन सकेको छ । प्रधानमन्त्रीलाई सुरक्षा थ्रेट छ भनी धुम्बाराहीबाट बालुवाटार सारिएको बैठकमा समेत प्रधानमन्त्रीको अनुपस्थितिले उनलाई अब देश छाडेर आफ्नो कुर्सी जोगाउने चिन्ताले ग्रस्त पारेको छ । नेकपाले यस्तो दुरवस्थाबाट देशलाई निकास दिनुपर्ने बेला आइसकेको छ। होइन भने भविष्यमा यसको ठूलै मूल्य चुकाउनुपर्ने देखिन्छ । एकजनाको इच्छा पूरा गर्न सम्पूर्ण देशलाई बन्दी बनाएर राख्न सकिदैन ।

२०७७ मङ्सिर २४ गते बुधवार

बेलैमा चेतना आओस्

सन् २०१६ को निर्वाचनमा अप्रत्याशितरूपमा भएको डोनाल्ड ट्रम्पको विजयले सन् २०१० देखि प्रारम्भ भएको दक्षिणपन्थी अनुदारवादको लहर क्रमशः विश्वभर फैलिँदै गएको थियो । हारभर्ड विश्वविद्यालयका प्राध्यापकहरूको स्टेभिन लिभित्स्की र डेनियल जिवलटको 'हाउ डेमोक्रेसी डाई: ह्वाट हिस्ट्रिरिभिल्स अबाउट आवर फ्युचर' नामक पुस्तकले दिएको उदार लोकतन्त्र हराउँदै गएको नतीजाले शोकाकूल लोकतान्त्रिक पक्षधरहरू बाइडेनको जीतपछि उदारवादी लोकतन्त्र अर्थात् लिबरल वर्ल्ड अर्डरको जीत भएको भन्दै खुशी भएको पाइएको छ । खुशीको त्यस्तो क्षणमा भने पराजित भएपछि ट्रम्पले विगत निर्वाचनभन्दा करीब १ करोड बढी मत हासिल गरेको तथ्य भने निल्नु न ओकल्नु भएको छ ।

नेपालमा अहिले कम्युनिस्ट सरकार छ र संविधानमा जेसुकै कुरा लेखिएको भए पनि आफ्नो आचरणबाट यो अनुदार सरकार हो भन्ने कुरा पटक-पटक सिद्ध भइसकेको छ । यो सरकारको निर्माण नै भारतको नेपालसम्बन्धी सात दशक लामो असफल नीतिका कारण नेपालमा बढेको भारतविरोधी भावनाको लहरलाई आगामी १५ वर्षभित्र विश्वकै सबैभन्दा ठूलो अर्थतन्त्र बन्ने लक्ष्य बोकेको चीनले आफ्नो क्षेत्रीय प्रभाव बढाउन प्रयोग गर्न सकेको हो । तीन वर्ष अगाडि सम्पन्न निर्वाचनमा चीनकै अग्रसरतामा एमाले र माओवादीको मिलन भएको हो भनिन्छ। तर तीन वर्ष नबित्दा नै दुवै पक्षबीच लडाइँ शुरू भएको छ । यो लडाइँको चीन र भारत दुवैले आआफ्नो ढङ्गबाट प्रयोग गरेको देख्न सकिन्छ। जहाँसम्म चीनको प्रश्न छ उसको अहिलेको पहिलो प्राथमिकता भनेको नेकपा फुट्नुबाट जोगाउनु नै हो । तर नेकपाको यो किचलोले चीनलाई नेकपाभित्र पनि चीनलाई मित्रशक्ति पहिचान गर्ने अवसर मिलेको छ । चीनसँग बिआरआई सम्झौता गरेको भएपनि अमेरिकी एमसिसी संसद्बाट पारित गराउन लागिपरेका वर्तमान प्रम केपी ओलीको तुलनामा लामो समयदेखि उक्त सम्झौताको संसदीय अनुमोदन टार्न सफल नेकपाकै अर्का अध्यक्ष प्रचण्ड बढी उपयुक्त पात्रका रूपमा देखा पर्नुलाई स्वाभाविक मान्न सकिन्छ ।

सम्भवतः यस प्रकारको अनुभूतिका कारण नै कालापानी सीमा विवादका कारण उग्र भारतविरोधी बनेका प्रम ओली एकाएक भारततर्फ ढल्के र सम्बन्ध सामान्य गर्ने दिशामा रअका प्रमुख सामन्त गोयलको भ्रमणबाट शुरू भएको भारतीय कूटनीति थल सेना प्रमुख नरवणे हुँदै अहिले विदेश सचिवकै स्तरमा हुँदैछ । यस अवधिमा चिनियाँ महामहिम अत्यन्त सक्रिय भएको देखिएकोले राजनैतिक एवं कूटनैतिक वृत्तमा गोयल यत्रो तामझामका साथ नेपाल-भारत सम्बन्ध र क्षेत्रीय राजनैतिक सम्बन्धबारे मात्रै काठमाडौं आएर मध्यरातमा नेपालका प्रमसँग परराष्ट्र मन्त्रालयको कुनै पनि

अधिकारीको उपस्थितिविना कुरा भयो होला भन्नेमा विश्वास गर्न सकिरहेका छैनन् । उनीहरूले त्यसै पश्चात्को घटनाक्रम नियाल्दा गोयलले ओलीलाई भारतको तर्फबाट मनै थाम्न नसक्ने कुनै प्रस्ताव गरेको हुन सक्ने आकलन गरिरहेका छन् । उनीहरूको विचारमा त्यसपछि बढेको चिनियाँ राजदूतको सक्रियता र चीनको मर्यादाक्रममा उच्च स्थानको मानिने स्टेट काउन्सलर एवं रक्षामन्त्रीको काठमाडौंको आकस्मिक आगमनको निर्णय तथा चिनियाँ महामहिमले प्रधानमन्त्री ओलीलाई सकेसम्म पार्टी फुट्नबाट जोगाउने र आवश्यक परे पद नै त्याग गर्न सुझाएको अपुष्ट समाचारले पनि त्यतै बल पुऱ्याएको देखिन्छ । यस्तो घटनाक्रमबाट नेपालका दुवै छिमेकी नेपालमा आफ्नो बलियो उपस्थिति देखाउन लागिपरेको स्पष्ट हुन्छ, तर नेपाल सरकार भने दुईतिहाई बहुमतको मृगतृष्णामा रुमलिएर आन्तरिक द्वन्द्वका कारण यस्तो अप्रिय अवस्था रोक्न सक्षम देखिएको छैन । यस्तो अवस्था देशकै लागि घातक हुन सक्छ ।

अमेरिकी निर्वाचन र त्यसपछि विश्व रङ्गमञ्चमा दुईवटा रोचक घटनाहरू भएका छन् । पहिलो त माथि उल्लेख गरिएझैं ट्रम्प पूर्व निर्वाचनभन्दा झन्डै १ करोड मत बढी प्राप्त गरेर पनि पराजित भएका छन् भने बाइडेनको सम्बोधनलाई प्रायः राजनीति र त्यो पनि वैदेशिक मामिलामा रुचि नराख्ने १ अर्ब चिनियाँ नागरिकले हेरेका छन् । १ करोड यथास्थितिवादी बढेपनि त्योभन्दा बढी मत ल्याएर लोकतान्त्रिक एवं उदारवादी शक्ति केन्द्रको रूपमा बाइडेनको जीत र चीनको १ अर्ब जनताले समेत बाइडेनको सम्बोधन हेर्नु यो दुवै घटनाक्रम परिवर्तनकारी शक्तिको बल बढेको उदाहरणको रूपमा लिन सकिन्छ । नेपालमा भने नेकपा एमाले र माओवादी संयुक्त भएर बनेको दल भएकोले अनुदारवादी शक्ति सत्तामा पुगेको र तिनको एकीकरण भावनात्मक नभई रणनीतिक भएको कारण आआफ्नो इच्छित फल प्राप्त नभएकोले कचिङ्गलमा फसेकोले भोलि पार्टी टुक्रिए पनि नटुक्रिए पनि अनुदारवादी शक्तिहरू एकापसमा द्वन्द्वरत रहने देखिन्छ ।

प्रतिपक्षको सबैभन्दा ठूलो दल नेपाली काङ्ग्रेस पराजित मनस्थितिमा भएपनि विगतको निर्वाचनमा उसले आफ्नो परम्परागत भोट प्रतिशतमा पाएकै हो । राजावादी राप्रपाले भने स्वस्फूर्त आन्दोलनको नाममा आफ्नो सक्रियता बढाएको छ । यो सक्रियताको आन्तरिक र बाह्य दुवै कारण हुन सक्दछ । आन्तरिक केही हो भने चिन्ताको कुनै कारण देखिँदैन । तर बाह्य कारण हो भने यो खतराको सङ्केत हो । चीनले राजावादीहरूलाई उचाल्ने कुनै कारण देखिँदैन । भारतमा भने हिन्दू धर्मप्रति समर्पित र नेपाल हिन्दू राष्ट्र हुनुपर्छ भन्ने मान्यता राख्ने भारतीय जनता पार्टीको सरकार छ । त्यसैले भारतीय समर्थनको सम्भावना बढी छ जस्तो लाग्छ । भारत प्रजातान्त्रिक देश हो र यसले रणनीतिक आवश्यकताभन्दा बाहेकको स्थितिमा अनुदारवादी शक्तिलाई समर्थन गर्ने कुरा विश्वासयोग्य नभएको र वर्तमान सरकार अनुदारवादी नै भएकोले रणनीतिकरूपमा ओलीलाई समर्थन दिएर नेकपा किचलोको लाभ उठाउँदै

राजा र राष्ट्रियताको नाममा आफूले प्रयोग गर्न सक्ने गरी मित्रशक्ति बनाउने प्रयोग गरेको हुन सक्छ । माओवादीहरूबाट अपेक्षित समर्थन नपाएको भारतले यसपालि राजाको नाम जोडेर राष्ट्रियताको कार्ड खेल्न सक्ने प्रबल सम्भावना देखिन्छ । उता अमेरिकाले तिब्बतमूलका आन्दोलनका अगुवाहरूलाई ह्वाइट हाउसमा प्रवेश दिएर चीनलाई थप सशङ्कित बनाएको छ। त्यही कारणले भारत र अमेरिकी सक्रियताको प्रत्युत्तरमा चिनियाँ रक्षामन्त्रीको आगमनलाई लिन सकिन्छ। नेपालमा स्थिर सरकार रहेमा चीनको सुरक्षा संवेदनशीलताको सम्बोधन हुन सक्ने र कम्युनिस्ट सरकारबारे सकारात्मक सन्देश जाने कुरातर्फ ध्यानाकर्षण गराउनु पनि उनको अभीष्ट हुन सक्छ।

नेपाल सैन्य शक्ति र कूटनीति दुवैमा कमजोर रहेको कारण नेपालको भूराजनैतिक अवस्थाको लाभ उठाउँदै भारत, चीन र अमेरिकाले आआफ्नो स्वार्थपूर्तिको लागि यसलाई क्रीडास्थल बनाउनु स्वाभाविक नै हो । हाम्रा नेताहरू व्यक्तिगत र गुटगत स्वार्थमा लिप्त भएका कारण हामी आफ्ना आवश्यकता र प्राथमिकताबारे नै स्पष्ट हुन सकेका छैनौं। त्यसै कारणले हाम्रो सम्बन्धमा बराबर उतारचढाव हुँदै आएका छन्। नेपालको हित सर्वोपरि रहनेगरी हामीले सन्तुलित र असल सम्बन्ध कायम राख्न सक्नुमा नै हाम्रो हित हुने देखिन्छ । यो हुन सकेन भने सम्भवतः आगामी निर्वाचनमा परिवर्तनको चौथो लहर नेपाल आइपुग्नेछ र यसबाट पूरै नभए पनि आंशिकरूपमैं हाम्रो अवस्थामा सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

२०७७ मङ्सिर १७ गते बुधवार

बाइडेन र अमेरिकाको नेपाल नीति

लामो समयसम्म अमेरिकी राष्ट्रपतिको चुनावमा धाँधली भयो भन्दै आफ्नो हार अस्वीकार गरिरहेका डोनाल्ड ट्रम्पले अन्ततः चुनावमा धाँधली भएको आरोप लगाउँदै हार भने स्वीकार गरेका छन् । ट्रम्पले हार सजिलै स्वीकार नगर्नु पछाडिको कारण पेस विश्वविद्यालयका संवैधानिक कानूनका प्राध्यापक व्यानेस गर्शम्यानले ट्रम्पमाथि बैंकिङ कसूर, कर छली, सम्पत्ति शुद्धीकरण एवं चुनाव धाँधलीको लागि फौज्दारी अभियोगमा कारबाई चलाउन सकिने र अभियोग प्रमाणित भएमा जेल सजायसम्म हुन सक्ने जोखिम रहेको बताएका छन् ।

अमेरिकी राष्ट्रपतिको निर्वाचनमा पूर्व राष्ट्रपति बराक ओबामाले बाइडेनलाई बधाई दिंदा आफूलाई गर्व लागेको भन्नुका साथै अमेरिकाको ४ वर्षे ट्रम्प शासनमा अमेरिकीहरूलाई विभाजित गर्ने सनकपूर्ण कार्य उल्टाउनुपर्ने बताएका छन् । उनले ग्रामीण र शहरी बीच बढ्दो आक्रोश, आप्रवासन समस्या, असमानता र सनकपूर्ण कार्यको सुझबुझपूर्ण समाधान गर्नुपर्ने बताएका छन् । नयाँ निर्वाचन परिणामले अमेरिका मात्र होइन, सम्पूर्ण विश्वलाई राहत दिएको मानिएको छ ।

बाइडेनलाई आन्तरिक र बाह्य दुवैतिर कडा चुनौतीको सामना गर्नुपर्ने देखिन्छ । आन्तरिकरूपमा पूर्व राष्ट्रपति ओबामाले औंल्याएको समस्याका साथै कोभिड १९ को प्रकोपको सफल व्यवस्थापन गर्न सक्नु र आर्थिक वृद्धिदरको गिरावट रोक्नु नै मुख्य चुनौतीको रूपमा देखा पर्दछ भने बाह्य रूपमा गैरराजनीतिक र राजनैतिक समस्याको सामना गर्नुपर्ने अवस्था छ । गैरराजनैतिक समस्या समाधानको हकमा जलवायु परिवर्तनसम्बन्धी सन्धिमा सामेल हुने र विश्व स्वास्थ्य सङ्गठनको सदस्यता परित्याग नगर्ने प्रतिबद्धता आइसकेको छ । राजनैतिकरूपमा ट्रम्प शासनका दौरान अस्तव्यस्त वैदेशिक नीतिका कारण गुम्न पुगेको अमेरिकी नेतृत्वको साख पुनर्स्थापित गर्नु पनि हुनेछ, किनभने चीनको बिआरआईको प्रत्युत्तरमा ल्याइएको इन्डो-पेसिफिक रणनीति, एमसिसी र ब्लुडार्टजस्ता नीतिहरू कार्यान्वयनमा रहँदारहँदै भर्खरै चीनले आसियनका दश राष्ट्रहरूलगायत चीन, दक्षिण कोरिया, अस्ट्रेलिया र न्युजिल्यान्ड गरी १४ वटा राष्ट्रले क्षेत्रीय बृहत् आर्थिक साझेदारी (आरसेप) मा हस्ताक्षर गरेका छन् । यस सम्झौताले सम्पूर्ण विश्वको एकतिहाई आर्थिक गतिविधिलाई समेट्ने छ ।

त्यसैले अमेरिका समक्ष दुईवटा ठूला चुनौती छन् । पहिलो हो, आफ्नो आर्थिक वृद्धिदर कायम राख्न एशियाली बजारमा प्रवेश र दोस्रो हो चीनको सामरिक एवं राजनीतिक प्रभाव नियन्त्रण गर्न सक्नु । एशियामा चीनपछिको सबैभन्दा ठूलो बजार भारत नै हो । तर आउँदा दिनमा बाइडेनको नेतृत्वमा भारतसँगको सम्बन्ध कस्तो रहन्छ विचारपूर्वक हेर्नुपर्ने हुन्छ । ट्रम्पकालमा पाकिस्तानलाई पूर्णरूपले उपेक्षा गरेर

भारतसँग बनेको सम्बन्धका कारण नै पाकिस्तान चीनतर्फ ढल्केको हो । त्यसैले अमेरिका समक्ष भारतसँग सम्बन्ध कायम राख्दै पाकिस्तानलाई चिनियाँ प्रभावमा पर्नबाट नियन्त्रित गर्नेतर्फ अमेरिकी नीति निकै चुनौतीपूर्ण हुनेछ । २०१४ देखि नै सार्कको कुनै सम्मेलन हुन सकेको छैन । सार्कले अपेक्षित गति लिन नसक्नुको पछाडि भारत र पाकिस्तानबीचको खराब सम्बन्ध नै हो । यस अवस्थामा भारतले अगाडि बढाएको कोभिड नियन्त्रणमा सहयोगको प्रस्ताव खासै प्रभावकारी हुन नसकेको बेला चीनले श्रीलङ्काको चिनियाँ दूतावासको सहजीकरणमा दक्षिण एशियाली देशहरूको दि फाइभ पार्टिज नामले सचिवस्तरीय बैठकको आयोजना गरेर कोभिड १९ विरुद्ध लडाइँमा विश्व स्वास्थ्य सङ्गठनलाई नेतृत्वदायी भूमिका खेल्न पूर्णरूपमा सहयोग गर्ने निर्णय गराएको छ भने आफूलगायत १४ अन्य राष्ट्रसँग विश्वकै सबभन्दा ठूलो व्यापारिक सहयोग गर्ने सहमति गरेको छ । यसले सम्पूर्ण विश्वको एकतिहाई आर्थिक गतिविधिलाई समेट्ने अनुमान गरिएको छ । यस सम्झौतामा आशियानका १० राष्ट्रलगायत दक्षिण कोरिया, अस्ट्रेलिया र न्युजिल्यान्डसमेत सहभागी छन् । सम्मेलन आयोजक समितिका अध्यक्ष भियतनामका प्रम नुहेला भुआन फुकले ८ वर्षको कडा परिश्रमस्वरूप यो क्षेत्रीय बृहत् आर्थिक साझेदारी (आरसेप) हुन सकेको बताएका छन् । यसरी आक्रामक व्यावसायिक रणनीतिमा लागेको चीनलाई बाँध्न प्रयोग हुने नीति नै बाइडेनको लागि ठूलो चुनौती हुने देखिन्छ ।

जहाँसम्म नेपालप्रति अमेरिकी नीतिको कुरा छ, अहिले त्यसको खास र बेग्लै नीति नहुने कुरा पढ्न र देख्न पाइएको छ। तर वास्तविकता यस्तो हो जस्तो लाग्दैन। नेपालमा खम्पा विद्रोह भएदेखि नै नेपालप्रति अमेरिकी खास नीति छ भन्न सकिन्छ, किनभने अहिले पनि चीन नेपाली सीमाबाट स्वतन्त्र तिब्बत अभियानको सञ्चालनप्रति अत्यन्त संवेदनशील छ । त्यसैगरी पूर्व अमेरिकी गुप्तचर अधिकारी जोन केनेथ न्याउसको orpham of the cold war पुस्तकमा नेपाल र तिब्बतसहितको क्षेत्रमा लोभ, लालच र व्यापारद्वारा मात्र पकड सम्भव नभएकोले स्थानीय जातिलाई विभाजन गर्नुपर्छ भन्ने प्रतिवेदन आफूले दिएको र त्यसपश्चात् नै नेपालले दक्षिण एशियामै सर्वप्रथम आइएलओ कन्भेन्सनको धारा १६९ सन् २००७ मा अनुमोदन गरेको हो। धारा १६९ मा प्रस्टरूपमा Government must consult the peoples concerned, establish mean by which people can freely participate at all level of decision making भनिएको छ ।

यही आधारमा टेकेर माओवादीहरूले जातीय आधारमा ११ वटा राज्य वा प्रदेश बनाउनुपर्ने प्रस्ताव अगाडि सारेका हुन् जुन सफल हुन सकेन । अहिले इन्डो पैसिफिक अगाडि छ । यो संसद्बाट अनुमोदन गराउने अवस्था निर्माण गराउने अमेरिकी चाहना छ । नेपालका प्रम केपी ओली खुलेरै एमसिसीको पक्षमा लागेका र अहिले नेकपाको आन्तरिक विवादलाई अमेरिकी चश्माबाट हेर्दा यो एमसिसीका पक्षधर एवं

विरोधीहरूबीच पनि हो भन्न सकिन्छ। यस्तो अवस्थामा चिनियाँ महामहिमको सक्रियता र उनले प्रधानमन्त्रीलाई दिएको अपुष्ट सुझाव सत्य हो भने यो विवादको पृष्ठभूमिमा एमसिसी र बिआरआई पनि हुन सक्छ। अमेरिकासँग नेपालको दौत्य सम्बन्ध स्थापनाको आधार नै भारत र चीन दुवैतर्फको दबाब थेग्न सक्ने विचारमा आधारित थियो। कालान्तरमा अमेरिका र सोभियत सङ्घबीचको शीतयुद्ध र रूसको विघटनपश्चात् समाप्तप्रायः भएको अवस्थामा अमेरिकालाई प्रतिस्पर्धा दिने गरी विश्व शक्तिको रूपमा चीनले उदाउन खोजेको हो। २१ औं शताब्दी एशियामा पनि दक्षिण एशियामुखी हुने र दक्षिण एशियामा भारत ठूलो बजार भएको कारण अमेरिकाले भारततर्फ झुकाव राख्नु स्वाभाविक भएकोले यसको प्रतिस्पर्धी चीनविरुद्ध भारतलाई खडा गरिराख्नु नै अमेरिकाको भारत नीति हुनुपर्ने हो। यसका लागि अदूरदर्शी राजनीतिज्ञहरूको हातमा सत्ता भएको देश नेपाल आफ्नो भौगोलिक अवस्थाका कारणसमेत कूटनैतिक क्रीडास्थल बन्न उपयुक्त हो भन्ने ठहर मान्ने हो भने अमेरिकाको नेपालबारे खासै नीति हुँदैन कसरी भन्न सकिन्छ ?

२०७७ मङ्सिर ०९ गते मंगलवार

नेपाल–भारत सम्बन्ध–न्यु नर्मल

भारतका थल सेनाध्यक्ष जनरल मुकुन्द नरवणे भारतका तर्फबाट नेपाल भ्रमण गर्ने सीमा विवादपछिको सबैभन्दा ठूला अधिकारी हुन् । घोषितरूपमा उनी मानार्थ सेनापतिको उपाधि ग्रहण गर्न नेपाल आएको भनिए पनि नेपाल–भारतबीच सीमाविवादका कारण उत्पन्न कटुतासँग पनि यसलाई जोडेर हेरिँदै छ र राजनीतिकस्तरमा सम्बन्ध सुधार हुने अवस्था नदेखिएकोले सैन्य कूटनीतिको प्रयोग भएको मानिएको छ । २०१५ मा नेपालका तत्कालीन प्रधानमन्त्री स्व. सुशील कोइरालाको आसन्न भारत भ्रमणको पूर्व सन्ध्यामा चीन र भारतबीच भएको लिपुलेक सम्झौता नेपाललाई अमान्य भएको र चीन एवं भारतको यो कदमको विरोध गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भएको वार्ताको फलस्वरूप उनको भारत भ्रमणको कार्यक्रम रद्द भएको थियो । सन् २००८ देखि निर्माण शुरू भएको कालापानी–मानसरोवर बाटोबारे २०१५ सम्म न नेपालले धेरै चासो लियो न चीनले नै यसबारे केही बोल्यो । तर गत वर्ष भारतले कश्मीरबाट धारा ३७० हटाउने र लद्दाखलाई अलग राज्य बनाउने घोषणा गरेर कालापानी, लिपुलेक, लिम्पियाधुरा भारतीय सीमा क्षेत्र भनेर देखाएपछि बल्ल नेपालको बोली फुऱ्यो ।

नेपालको बोली फुरेको बेला चीनले यो दुई देशबीचको समस्या भएकोले आपसी संवादबाट हल गर्नुपर्ने भनाइ सार्वजनिक गरे पनि चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणको पृष्ठभूमि र कूटनीतिक सक्रियताका कारण यसलाई चीनको इशारामा गरिएको भनिए पनि ढिलै सही नेपालले आफ्नो सार्वभौमिकता एवं भौगोलिक अखण्डताको लागि उभिनुलाई अन्यथा मान्न सकिँदैन । तर व्यवहारमा देखिएको फरकले आशङ्का भने जगाउँछ । चीनको तर्फबाट सीमा अतिक्रमण भएको छैन भन्ने परराष्ट्रमन्त्रीको भनाइको सम्बन्धमा नापी विभागको आधिकारिक भनाइ सार्वजनिक नहुनु र हिमाली एउटा गाउँको जनताले चीनमा बस्ने भनेकोले दिइएको भन्नु र हुम्लाको अर्को गाउँको जनताले नै चीनको भूभाग मिचेको र आफूहरूले बनाएको सडकसमेत चीनतर्फ पर्न गएको र ११ नं सीमास्तम्भ नयाँ भएको भनाइलाई नमान्ने आधार के ? आजको वैज्ञानिक युगमा गुगलको सहयोगबाट समेत विवाद समाधान हुन सक्छ । चीनतर्फबाट रसुवागढी, केरुङ र तातोपानी नाकाबाट बेलाबखत नियन्त्रित निकासी र अधिकांश समय कोरोनाको नाउँमा व्यापार ठप्प पारिंदा न सरकार न मिडियालाई यसको चिन्ता छ । उपरोक्त तीनवटै नाका नखोलिंदा दशैँदेखि तिहार, छठ र जाडोसम्मका लागि पुग्नेगरी मगाइएको सामान अलपत्र पर्दा, जसको मूल्य अर्बौं हुन सक्छ, कति नेपाली व्यवसायीको व्यापार र जीवन चौपट र धराशायी पार्छ, कोरोना सङ्क्रमित अर्थतन्त्रमा कति प्रतिकूल असर पार्छ त्यसबारे सरकार नै चिन्तित देखिएको छैन ।

नेपालप्रति चीनको व्यवहारको पृष्ठभूमिमा अब आगामी दिनमा हुने नेपाल–भारत सम्बन्धबारे चर्चा गरौं ।

भारतीय विदेशमन्त्री एस. जयशङ्करको हालै प्रकाशित The Indian Way : Strategies for an Uncertain पुस्तकलाई भारतीय राजनीतिक वृत्तमा भारत सरकारको अन्तर्राष्ट्रिय मामिलामा प्राथमिकताहरूको घोषणापत्रको रूपमा हेरिँदै छ । यस पुस्तकमा उनले प्रस्टरूपमा राष्ट्रिय महत्त्वका कुराहरू र अन्तर्राष्ट्रिय जिम्मेवारीबारे उल्लेख गर्दै भारतले गर्नुपर्ने सन्तुलित अभ्यास र त्यसबाट उत्पन्न परिस्थितिको जिम्मेवारीसमेत लिनुपर्ने धारणा प्रस्तुत गरेका छन् । भारत अब असंलग्न परराष्ट्र नीतिको भूमिकाभन्दा बदलिंदो परिस्थिति अनुकूल आफ्नो राष्ट्रिय हितलाई सर्वोपरि राखी अगाडि बढ्दै विश्वको राजनीतिक मञ्चमा बलियो स्थान बनाउन चाहन्छ । पुस्तकमा उनले 'राष्ट्रहरू ठूला अवधारणामा एकजुट हुनुको सट्टा ससाना धारणाहरूमा अल्झिएर एकबद्ध भइरहेको' चर्चा गर्दै–To a large extent, world affairs now looked like a global market place with less preconception and more transaction भनाइ अगाडि सारेका छन् । यसमा प्रयोग भएको transactional शब्दको पृष्ठभूमिमा हेर्दा यसले गहिरो अर्थ राख्दछ र भारतसँगको हाम्रो छलफललाई एउटा New Normal दिन सक्छ भन्ने अनुमान गर्न सकिन्छ ।

यता नेपालमा भने जनरलको भ्रमणलाई दुई प्रकारले हेरिएको छ । गैरसरकारी क्षेत्रमा नेपालले भारतीय mindset अध्ययन गरेर आफ्नो तयारी गर्नुपर्छ भन्ने भनाइ सार्वजनिक भएको छ भने सरकारीस्तरमा सीमा विवादका बावजूद भारतसँग नेपालको सम्बन्ध प्रगाढतातर्फ अग्रसर भइरहेको भनाइ बाहिरिएको छ । यी सबै घटनाक्रमलाई विचार गर्दा सैन्य कूटनीतिबाट icebrake भएपनि समस्या समाधानका लागि राजनीतिकस्तरमा समेत वार्ता अपरिहार्य छ । विभिन्न सूत्रहरूका अनुसार भारतीय विदेश सचिव पनि परिचयात्मक वार्ताका लागि नेपाल आउने सम्भावना छ भने नेपालका परराष्ट्रमन्त्री एवं सचिव भारत–नेपाल संयुक्त कमिशनको, छैठौं बैठक वा द्विपक्षीय सम्बन्धको क्रममा, भारत भ्रमणको चाँजोपाँजो मिलाइएको छ । तर यस्ता भ्रमणबाट वातावरण सहज बनेपनि सीमा समस्याको समाधान के होला भन्न सकिने अवस्था छैन । सीमा विवादकै मात्र कुरा गर्दा कालापानीसँगसँगै सुस्ताको पनि समस्या छ, जुन चर्चामै आएको छैन । स्ट्रिप नक्शामा समझदारी भएर हस्ताक्षर हुन मात्र बाँकी रहेको ९८ प्रतिशत नक्शामध्ये पनि करीब ७८ ठाउँमा सीमा विवाद छ । तर त्यहाँ पुग्नु अगाडि वातावरण सहज बनाउन EGP प्रतिवेदन, महाकाली पञ्चेश्वर, नोटबन्दीका कारण नेपालको बैंकमा थन्किएको भारतीय रुपियाँको व्यवस्थापनलगायत समस्याहरू पनि छन् । नेपालका प्रधानमन्त्रीका विदेश मामिला सल्लाहकार राजन भट्टराईका अनुसार भारतीय पक्षसँगको भेटमा भारतको तर्फबाट तीनवटा सन्देश प्राप्त भएको हो । पहिलो, नेपाल–भारत सम्बन्ध प्रगाढ र मैत्रीपूर्ण छ । दोस्रो–हामीबीच रहेको

समस्याको समाधान वार्ता र संवादबाट गर्नुपर्दछ । तेस्रो–दुवै बहालवाला प्रधानमन्त्रीले आफ्नै कार्यकालमा यसलाई नयाँ उचाइमा पुऱ्याउनुपर्छ ।

त्यसैले नेपालको भारतसँग, सीमा विवादका बावजूद, सबै परियोजना एवं व्यापारलगायत, कोरोना प्रभावबाहेक निरन्तररूपमा चलिरहेको अवस्थालाई, पहिलेको अवस्थाको भारतको कुरा नमान्दा नाकाबन्दी गरिदिने अवस्थाभन्दा उपलब्धिपूर्ण मानिएको छ ।

यो अवस्थामा भारतीय विदेशमन्त्रीको घोषणापत्रको रूपमा हेरिएको THE Indian Way पुस्तकमा भारतले अब राष्ट्रिय महत्त्वका कुराहरू र अन्तर्राष्ट्रिय सम्बन्ध वा जिम्मेवारीहरूबीच सन्तुलन कायम गर्ने र त्यसबाट उत्पन्न परिस्थितिको जिम्मेवारी लिनुपर्ने भनाइको सन्दर्भसँग जोडेर हेर्दा सीमा समस्या राष्ट्रिय महत्त्वको दायरामा पर्ने भएकोले हाल भारतले प्रयोग गरेको व्यवहार हेर्दा चीनसँग सीमावार्तामा पररा्ष्ट्रमन्त्री जयशङ्करको स्थानमा सुरक्षा सल्लाहकार अजित डोभालले भाग लिइरहेकोले नेपालसँग पनि वार्ता उनीमार्फत नै अगाडि बढ्ने हो भने सुरक्षा संवेदनशीलताले पहिलो प्राथमिकता प्राप्त गर्नेछ । जयशङ्कर नै बसे पनि यसमा परिवर्तन हुने सम्भावना र त्यसमा पनि त्यो क्षेत्र जुन अत्यन्त सामरिक महत्त्वको छ र भारतको ठूलो लगानी भइसकेको छ, त्यसबारे के होला भन्ने जिज्ञासाको सम्बन्धमा तीनवटा सम्भावना हुन सक्छ । पहिलो अत्यन्त आशावादी सोच, जसमा भारतले बङ्लादेशलाई गरेजस्तै सहृदयता देखाएर नेपाललाई फिर्ता गर्ने, जसको सम्भावना अत्यन्त न्यून छ किनकि यो सुरक्षा संवेदनशीलतासँग जोडिएको छ । दोस्रो अत्यन्त निराशात्मक सोच, जसमा भारतले नेपालको प्रस्ताव ठाडै अस्वीकार गर्न सक्छ । तेस्रो सम्भावना भनेको वास्तविकतामा आधारित हो, जस अन्तर्गत भारतले सीमा विवादमा वार्ता जारी राख्दै अन्य मागहरू सम्बोधन गरिदिन सक्छ ।

नेपालको भारतीय व्यवहारबारे बुझाइ कि सीमा विवादका बावजूद अन्य सबै कार्य यथावत् र निरन्तर चलिरहेको छ–भारतका विदेशमन्त्रीको राष्ट्रिय महत्त्वका कामहरू अन्तर्राष्ट्रिय जिम्मेवारीबीच सन्तुलनको नीति लिनुपर्ने र भारतीय प्रधानमन्त्रीको नेपाली समकक्षीलाई सबै समस्याको समाधान वार्ताबाटै गर्नुपर्ने भनाइसँग मिल्दोजुल्दो भएकोले वार्ताहरू भइरहे पनि सीमा विवादको समाधान तत्काल निस्कने वा समाधान भइहाल्ने अवस्था देखिँदैन । त्यसैले नेपाल–भारत सम्बन्धको New Normal भनेको वार्ता जारी राख्दै सम्बन्ध यथावत् राख्ने दिशामा अग्रसर छजस्तै लाग्दछ ।

२०७७ मङ्सिर ०३ गते बुधवार

प्रतीक्षा गरौं आउँदैछ परिवर्तनको चौथो लहर

व्यवस्थापन विज्ञानको भाषामा परिवर्तन राम्रोको लागि हुनुपर्दछ । यो परिवर्तन दुई प्रकारले हुने गर्दछ । एउटालाई आमूल परिवर्तन र दोस्रोलाई क्रमिक परिवर्तन भनिन्छ। परिवर्तनमा दुई प्रकारको बल प्रयोग हुने गर्दछ । परिवर्तनलाई रोक्ने बललाई अवरोधक बल र परिवर्तनलाई सघाउने बललाई वाहक शक्ति भनिन्छ । नेपालमा माओवादी जनयुद्ध आमूल परिवर्तनको उद्देश्य लिएर भएको थियो तर यसको अन्त्य भने क्रमिक परिवर्तनको रूपमा भयो । समाजको चरित्र पनि परिवर्तनशील हुन्छ र यसमा पनि दुवै प्रकारका बलले कार्य गरिरहेको हुन्छ । शान्ति सम्झौतापछि क्रमिक सुधारको चपेटामा परेका लडाकूहरूको सत्ता प्राप्ति गरेर शासक बन्ने मोह तह लगाउन कमरेड प्रचण्डलाई परेको अप्ठेरोलाई उनले आफू अभिमन्युसरह चक्रव्यूहमा परेको भन्दै यसबाट उम्किने प्रयासस्वरूप काङ्ग्रेससँग बनेको सरकारबाट अभीष्टहरू, खास गरेर सङ्क्रमणकालीन न्याय र बेपत्ता सम्बन्धमा रहेको असन्तुष्टि समेतलाई गाभेर एमालेसँग एकीकरण गर्न पुगेका हुन् । तर समस्या कहाँनेर भयो भने प्रजातन्त्र प्राप्तिपछि सबैभन्दा बढी समय नेपाली काङ्ग्रेस सरकारमा रहेकोले सत्ताको जति आवश्यकता प्रचण्ड कमरेडलाई थियो त्यत्ति नै प्रम ओली वा भनौं एमाले समूहलाई पनि थियो । जित्नको लागि दुवै सँगै बस्नु जरूरी थियो र त्यसैको लागि एक ठाउँमा बस्न पुग्दा 'एक म्यान में दो तलवार' को अवस्था पैदा भयो र आजको रँडाको मच्चिएको हो ।

अन्तर्राष्ट्रिय स्तरमा भारत र अमेरिकासँग सम्बन्धको स्तरमा गिरावट आउनु, बङ्गलादेशबाट मल आउन नसक्नु यो सरकारको असफलताको कारण हो भने राष्ट्रिय स्तरमा काण्डैकाण्डले भरिएको कार्यकाल, कोरोना उपचारको असफलता, खासगरी विकास बजेट खर्च हुन नसक्नु छँदै थियो, तर हद तब भयो जब शक्ति प्रदर्शनको लागि कर्णाली विवाद शुरू भयो । हदभन्दा बढी तब भयो जब वीरगंजमा नेकपाकै कार्यकर्ता मुकेश चौरसियाको हत्यापछि ८ दिनसम्म देशकै लागि कलङ्क हुने दुर्भाग्यपूर्ण नाटक मञ्चन भयो । नेकपाका पूर्व सभासद्को नाम राखेर उजूरी दिइएकोले जाहेरी नबुझ्ने पर्सा एसपीको अडान कानूनसम्मत थिएन । जाहेरी बुझ्दैमा पूर्वसभासद् अपराधी साबित हुने थिएनन् । सरकारी वकीलको कार्यालयमार्फत जाहेरी बुझेपनि पूर्वसभासद् फरार नै छन् । पहिले पनि त्यस्तै हुन्थ्यो । त्यो भएको भए कानूनको इज्जत जोगिने थियो । तर त्यो नभएर नेकपाका मातृका यादवलगायत नेताहरूको आन्दोलन र त्योभन्दा महाविजोग कमरेड प्रचण्डले जाहेरी यथावस्थामा बुझ्न सम्बन्धित निकाय अर्थात् स्थानीय प्रशासनसँग गुहार माग्नुपऱ्यो। माओवादी जनयुद्धका सर्वोच्च कमाण्डले स्थानीय सुरक्षा अधिकारीसँग जाहेरी दर्ता गर्न माग गर्नुपर्ने अवस्थाले प्रचण्डको स्थानका साथै देशको कानूनी राज्य

व्यवस्थाको दयनीय अवस्था दर्शाउँछ । ७–८ दिनसम्म प्रहरीको लागि गैरकानूनी भएको जाहेरी सरकारी वकीलको कार्यालयमा हुबहु त्यही स्वरूपमा पुगेर प्रहरी समक्ष आउँदा कानूनसम्मत हुन पुग्यो । आखिर किन ?

समाजको गति क्रमिक परिवर्तनको पक्षधर हुन्छ र समयसापेक्ष पनि हुन्छ, त्यो क्रमशः राष्ट्रभरि फैलिन्छ र त्यो अवस्थामा परिवर्तनकारी वा हाँक्ने बल क्रमशः बलियो हुँदै गएर अवरोधक बल कमजोर हुन पुग्छ र परिवर्तन हुन्छ । तर यस्तो परिवर्तनलाई समेत व्यवस्थित गर्न नेतृत्वको खाँचो पर्दछ । नेतृत्वले परिवर्तन पछाडि यसलाई स्थिरता र स्थायित्व प्रदान गर्ने काम गर्दछ । यस्तो नहुँदा अवरोध गर्ने समूहले परिवर्तनलाई स्थिर हुन दिँदैन र विकास हुन सक्दैन । विश्वको राजनैतिक इतिहासलाई हेर्दा सन् १८२८ देखि १९२६ सम्म लोकतन्त्रको लहर चलेको पाइन्छ, जसबाट पश्चिम युरोप हुँदै अमेरिका र अस्ट्रेलियासम्म पुगेको देखिन्छ । प्रजातन्त्रको दोस्रो लहर भने १९४५ देखि १९६२ सम्म चलेको थियो । यसले अफ्रिका र एशियाका अधिकांश मुलुकहरूमा पश्चिमा मोडेलको प्रजातन्त्र स्थापना भएको थियो । युरोपेली साम्राज्यको अन्त्य हुनुका साथै अफ्रिका र एशियाका धेरै मुलुक स्वतन्त्र भएका थिए । नेपालमा पनि राणा शासनको समाप्ति यसै बेला भएको हो ।

नेपाली काङ्ग्रेसको नेतृत्वमा भएको २००७ सालको क्रान्तिपश्चात् नेपालमा राणाकालको अन्त्य भएको थियो । तर फेरि १९५४ देखि १९७५ सम्म 'प्रतिगामी लहर' पनि चलेको पाइन्छ, जुन क्रममा नेपालमा राजा महेन्द्रले प्रजातन्त्र मासेर सत्ता आफ्नो हातमा लिए । यो 'कू' किन सम्भव भयो भने त्यति बेलाको नेकाको सरकारको नेतृत्व गर्ने नेता स्व. विपी कोइरालाले अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरमैं प्रजातन्त्र समर्थक बललाई स्थिरता र स्थायित्व दिन चुके । तेस्रो लहर सन् १९७४ देखि १९९० सम्म चलेको मानिन्छ । यो लहरले नै ९० को दशकमा गोर्वाचोभलाई 'ग्लास्नोस्त' र 'पेरेस्त्रोइका' ल्याउन बाध्य पारेको थियो । त्यसपछि सोभियत सङ्घको विघटन हुँदै लोकतन्त्र स्थापनाको शुरूआत भएको पाइन्छ ।

दोस्रो र तेस्रो चरणको सन् ८० को दशकसम्मको अवधिमा प्रायः सैनिक विद्रोह वा गृहयुद्धबाट सत्तापलट हुँदै आएपनि त्यसपछिको अवधिमा हतियारको प्रयोगबाट ल्याइने सत्ता परिवर्तनमा क्रमिक कमी आउँदै गएको र त्यसको सट्टा संविधानप्रदत्त अधिकारको आफूखुशी व्याख्या गरी एकलौटी ढङ्गले शासन सत्ता सञ्चालन गरी तानाशाहीको नयाँ नमूना प्रयोग गर्ने गरेको पाइन्छ । चौथो लहर ९० देखि नै निरन्तर स्वरूप परिवर्तन गरी चलिरहेको र यसैले नेपाललगायत दक्षिण अमेरिकी देशहरूमा प्रजातन्त्रको स्थापना भएको पाइन्छ । तर लोकतन्त्रको स्थापनापश्चात् परिवर्तनको वेगलाई रोक्ने केही अवरोधक बल पनि समाजमा हुन्छ जसले नियम कानूनको अपव्याख्या गरेर प्रजातन्त्रकै नाममा प्रजातन्त्रको खिल्ली उडाइरहेको हुन्छ । अहिले नेपालका प्रधानमन्त्री, भारतको नरेन्द्र मोदी, अमेरिकाका ट्रम्प, रूसका पुटिन र चीनका सी

जिनपिङ यसै श्रेणीका नेता हुन पुगेका छन् । यिनले बुझ्न नसकेको कुरा के हो भने प्रख्यात वैज्ञानिक न्यूटनले to every action there is equal and opposite reaction भनेजस्तै उनीहरूले गर्न खोजेको क्रान्तिकै गर्भमा प्रतिक्रान्ति लुकेको छ । परिवर्तन जहिले पनि राम्रोको लागि गरिने काम हो । त्यसैले यो लोक–लोभ्याउने हुन्छ । यस्तो लोक–लोभ्याउने नारा दिएर जब कुनै व्यक्ति वा दल अगाडि आउँछ त्यसले जनताको व्यापक समर्थन पाउँछ तर लोक–लोभ्याउने लक्ष्य प्राप्त नभएपछि सिर्जित असन्तोषबाट प्रतिक्रान्ति जन्मन्छ र यसको अप्रतिम उदाहरण हालै भारतको बिहार राज्यमा भइरहेको निर्वाचनका दौरान भारतीय जनता पार्टीका नेताहरू र स्वयं बिहारका मुख्यमन्त्रीसँग जनताले गरेको व्यवहारबाट स्पष्ट देख्न र बुझ्न सकिन्छ। हालसालै अमेरिकामा कालाहरूसँग भएको पुलिसिया व्यवहारले उत्पन्न 'ब्लैक लाइभ्स मैटर' आन्दोलन अमेरिकाबाट शुरू भएर, ब्रिटेन हुँदै न्युजिल्यान्डसम्म पुगेको मात्रै होइन कोलम्बस, चर्चिलजस्ता आधुनिक र प्रजातान्त्रिक राज्य निर्माण गर्ने, कहलिएका नेताहरूको स्मारक ढालिइएको छ । अमेरिकामा ट्रम्पले गोरा नश्लवादी सङ्गठनलाई छुट दिएको, कोरोना नियन्त्रणमा पूर्णतया असफल भएको र अर्थतन्त्रमा आएको ३१.४५ प्रतिशतको गिरावटका कारण उनको अस्वीकार्यता बढेको मत सर्वेक्षणबाट जानकारी प्राप्त भएकै थियो ।

यो लेख छापिंदासम्म अमेरिकी राष्ट्रपतिको निर्वाचन र बिहार राज्यको निर्वाचनको परिणाम सार्वजनिक भइसक्नेछ । बिहारमा समेत यसपालि जातपात र उचनीच छाडेर रोजगार र शिक्षाको मुद्दामा चुनाव भइरहेको छ । यस्तोमा अमेरिकामा ट्रम्पको हारले संसारभरिकै सामाजिक विभेद अन्त्य गर्ने र प्रजातन्त्रको चौथो लहरलाई ऊर्जा प्रदान गर्नेछ भने भारतको बिहार राज्यमा तेजप्रताप र उनको दलको बहुमतले सीमावर्ती नेपाली क्षेत्रको सोचलाई समेत प्रभावित गर्नेछ । नेपालमा मधेसको विकास नहुनुको पछाडि नीतिगत भेदभाव एवं मधेसी नेताहरूको सामन्तवादी सोच नैं कारक रहेको छ। यो सोचमा नेताहरूले परिवर्तन गर्नुपर्नेछ, अन्यथा सीमान्तकृत भारतीय निर्वाचन क्षेत्रहरूबाट पाठ सिकेको जनताले नेताहरूलाई पाठ सिकाउने छ ।

नेपालमा कमरेड ओली सरकारको तीन वर्षे कार्यकालको निष्पक्ष मूल्याङ्कन गरी अमेरिकाको निर्वाचनको दौरान उठेका मुद्दाहरूसँग तुलना गरी हेर्दा एउटा खास वर्ग वा समूहलाई छाडा हुन दिएको, कोरोना नियन्त्रणमा पूर्णतया असफल भएको र आर्थिक क्षेत्रमा समेत वृद्धिदर ०.६ प्रतिशतसम्म मात्र रहने प्रक्षेपण भइरहेको अवस्थामा अमेरिकाबाट चलेको हावा भारतको बिहार हुँदै नेपाल प्रवेश नगर्ला भन्न सकिंदैन । यसको वेगलाई कसले कसरी रोक्ने वा चौथो लहरले नेपाललाई पनि बेर्ने हो कि हेर्न प्रतीक्षा गरौं ।

२०७७ कात्तिक २६ गते बुधवार

राजनीतिक चक्रव्यूह–२ वा गोयल तरङ्ग

सीमा विवादका कारण चिसिएको नेपाल–भारत सम्बन्धमा गत हप्ता एकाएक ठूलो तरङ्ग पैदा भएको छ । यसको कारण भारतीय जासुसी संयन्त्र 'रअ'का प्रमुख सामन्त गोयलको नेपाल भ्रमण र प्रधानमन्त्री केपी शर्मा ओलीसँगको भेट हुन पुगेको छ। यहाँ यस कुरामा स्पष्ट हुन जरुरी छ कि प्रायः जासुसी संयन्त्रका प्रमुखहरू यति गोप्यरूपमा आफ्नो कार्य गर्दछन् कि अवकाशपछि उनीहरूको कथा दन्त्यकथा जस्तो लाग्दछ । तर भारतीय राजदूत विनयमोहन क्वात्रा दिल्ली भएको बेला 'रअ'का प्रमुख सार्वजनिकरूपमा पररा‍ष्ट्र मन्त्रालयको स्वीकृति लिएर आफ्नो ९ जना वरिष्ठ अधिकारीहरूका साथ नेपाल आउनु र यस भ्रमणको पृष्ठभूमिमा अमेरिकी विदेशमन्त्री माइक पम्पियो र रक्षामन्त्री मार्क इस्परको भारत भ्रमण हुनुका साथै चीनलाई एक्लो पार्न रक्षा सम्झौता हुनु पनि तरङ्ग पैदा गर्ने कारण हुन् भनेर मान्न सकिन्छ ।

भारतीय विदेशमन्त्रीको भर्खरै प्रकाशित 'द इन्डिया वे' नाम गरेको पुस्तकमा जसरी उहाँले भारतले हालसम्म अख्तियार गरेको विदेश नीति सबैको लागि ग्राह्य नभएको चर्चा चलिरहेको बेला यसको पुनरावलोकन गर्न र उत्पन्न परिस्थितिको जिम्मेवारीसमेत बोक्न भारत तयार हुनुपर्ने मनसाय व्यक्त गर्नुभएबाट पनि भारतको विदेश नीतिमा परिवर्तनका सङ्केतहरू मिल्दछ । भारतको चीनसँगको सीमा विवाद जगजाहेर छ तर यहाँ एउटा मनन गर्नुपर्ने कुरा के छ भने सीमा विवादसम्बन्धी सबै बैठकमा भारतीय पक्षको नेतृत्व कैबिनेट मन्त्रीको दर्जा प्राप्त राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले गर्नुहुन्छ । आजसम्म विदेशमन्त्री जयशङ्करले यस्तो बैठकमा भारतीय टोलीको नेतृत्व गर्नुभएको थाहा पाइएको छैन । उता विदेशमन्त्री जयशङ्कर २+२ (क्वाड)सँगको सम्बन्ध विस्तारमा व्यस्त रहनुभएबाट के अनुमान गर्न सकिन्छ भने भारतले आफ्नो विदेश नीतिका दुईवटा पाटो छुट्याएको छ । पहिलो छिमेकी राष्ट्र वा सीमा जोडिएका राष्ट्रहरूसँगको सम्बन्ध भारतीय प्रधानमन्त्रीको सचिवालय अन्तर्गतको सुरक्षा सल्लाहकार अजित डोभालले हेर्नुहुने र योबाहेक अन्य देशहरूको सम्बन्ध र नीति विदेशमन्त्री जयशङ्करले हेर्नुहुनेछ। भारतीय विदेश नीतिमा यो परिवर्तनको सङ्केत भारतको पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, भुटान र अब नेपालसँगकै सम्बन्धमा बढ्दो चिसोपनको कारण हुन सक्छ । पाँच ट्रिलियन डलरको सपना बोकेर हिंड्ने देशका छिमेकीहरू नै सबै असन्तुष्ट रहनु यो लक्ष्य प्राप्त गर्नमा बाधक हुने अनुभूति भारतले गरेको हुनुपर्दछ ।

नेपालसँगकै सम्बन्धमा समेत तीन स्तम्भ नीतिको समर्थनमा रहेको भारतले माओवादीलाई सहयोग गऱ्यो तर उनीहरूबाट अपेक्षित सहयोग प्राप्त भएन। नेपालमा राजतन्त्र समाप्त भएर गणतन्त्र स्थापना हुँदा मधेसीलाई साथ दिन पुगेको भारतले यस

क्रममा चालेका नाकाबन्दीलगायतका कदमहरू भारतकै लागि प्रत्युत्पादक भएपछि केही समयको लागि राष्ट्रिय स्वयंसेवक सङ्घमार्फत नेपाल नीति सञ्चालन गर्ने अभ्यास गऱ्यो तर त्यो पनि असफल भएपछि नेपालको २०१७ को चुनावपछि भारतीय विदेश नीति यति ओलीमय भयो कि नेपालमा अन्य खेलाडीहरू छन् भन्नेतिर भारतको ध्यान नै गएन । यसमा थप योगदान ट्रम्प रोमान्सकालको रह्यो, जसका कारण नेपाललगायत छिमेकी मुलुकहरू ओझेलमा पर्न गए र वर्तमान अवस्थाको सिर्जना भयो । प्राय: नेपालको राजनीतिमा देखिने उतारचढावका समयमा भारतीय राजदूतको सक्रियताको स्थान चिनियाँ महामहिममा स्थानान्तरित भयो र चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमण मात्र भएन उहाँले नेपालको भूमिबाट आफ्ना विरोधी देशहरूलाई धूलोपीठो पार्ने सन्देशसमेत दिनुभयो ।

कोभिडपछाडि अमेरिका र समर्थक देशहरू चीनलाई शक्तिराष्ट्र बन्न नदिन जी–७ र क्वाडको नामबाट एकबद्ध भएको बेला चीनले भने बिआरआईको माध्यमबाट छिमेकी हुँदै विदेशसम्म आफ्नो आर्थिक साम्राज्य विस्तारलाई सक्रियताका साथ अगाडि बढाइरहेको छ । पाकिस्तान र श्रीलङ्कापछि नेपालभित्रको सक्रियता यसैको परिणति हो । अमेरिका विश्व वा आफ्नो सर्वोच्चता छाड्न चाहँदैन त्यसैले होला अमेरिकी विदेशमन्त्रीले भारतीय पत्रकारहरूलाई Big Things are happening as our Democracies align to better protect the citizens of our two contries and indeed of the free world. Our leader and our citizens see with increasing clarity that the chinese communist party is no friend to democracy, the rule of law, transparency nor to freedom of navigation the foundation of a free and open prosperous Indo-Pacific.

नेपालमा एमसिसी अनुमोदन हुन सकेको छैन वा भनौं ओली सरकारले गराउन सकेको छैन । यस पृष्ठभूमिमा सामन्त गोयलको नेपाल भ्रमणको सन्देश जति लुकाए पनि के स्पष्ट छ भने नेपालको संसद्बाट स्वीकृत नक्शा र भारतविरोधी गतिविधि स्वीकार्य छैन । नेपालले पनि आफ्नो राजनीतिलाई भारत–अमेरिकातर्फ मोडेर चीनसँगको निकटतालाई स्वीकार्य दूरीमा राख्नुपर्नेछ । यो सुझाव नेपालले स्वीकार गऱ्यो गरेन भनेर वार्ताका सम्बन्धमा घुमाउरो पारामा सम्बन्ध सामान्य बनाउने स्वीकारोक्ति र चुच्चो नभएको नक्शाको प्रसङ्गले पनि बल पुऱ्याउँछ । सम्भवत: सरकार यो दिशामा हिंड्न खोजे पनि ओली विरोधी शक्तिहरूले हिंड्न अवरोध खडा गरे नेकपा विखण्डनतर्फ अग्रसर हुनेछ र त्यस बेला ओली–काङ्ग्रेस गठबन्धन वा प्रचण्ड–समाजवादी–काङ्ग्रेस ?) गठबन्धनको सरकार बनाउने गृहकार्य शुरू हुनेछ । सरकार कुन समीकरणको बन्ने भन्ने कुरा चिनियाँ वा भारत–अमेरिकी शक्ति सन्तुलनमा भर पर्नेछ । यसबाट यो स्पष्ट छ कि नेपाल दक्षिण एशियाको कूटनीतिक र रणनीतिक क्रिडाकेन्द्र बनिसकेको छ ।

२०७७ कात्तिक १९ गते बुधवार

राजनीतिको चक्रव्यूह

विश्वको कुनै असमान संसाधनयुक्त मुलुकहरूबीचको सम्बन्धलाई भय, धाक, धम्कीको आधारमा चलाउँदा निस्कने परिणाम सुखद नहुने तथ्य रूस र अमेरिका दुवैले अफगानिस्तानको घटनाबाट सिकिसकेको हुनुपर्छ। सम्भवतः यही सिकाइको फलस्वरूप यस्ता ठूला मुलुकहरूले सम्बन्ध विस्तारको एउटा नयाँ नमूना विकसित गरेको पाइन्छ। जसमध्ये अमेरिकाले यसलाई SMART POWER भन्ने गरेको पाइएको छ। यसलाई HARD र SOFT POWER को युक्तिपूर्ण प्रयोग जसबाट आफ्नो संसाधनले प्रभावकारी रणनीति बनाएर मित्रता बढाउने र जनतालाई प्रभावित गर्न सक्ने माध्यम मानिएको छ।

परम्परागतरूपमा चीनले पुरानो समयमा सांस्कृतिक र राजनीतिक समानताको आधार भनी छरछिमेकी राष्ट्रहरूसँग सम्बन्ध विस्तार गर्दै आए पनि नयाँ समयमा विश्वशक्ति बन्न प्रयोग गरेको रणनीतिलाई भने SHARP POWER मानिएको छ। यसमा आर्थिक सहयोग विस्तार, संस्कृति, शिक्षा प्रणाली र चौथो अङ्गलाई प्रभावमा पार्ने रणनीतिको प्रयोग हुने मानिएको छ। यसलाई 'अर्को मुलुकलाई विना भय, बल वा धम्कीको प्रयोग गरेर आफू इच्छित कार्य गराउने रणनीति' मानिएको छ।

भारतबाट फर्किने क्रममा गत वर्ष चिनियाँ महामहिमको नेपालको २० घण्टे बसाइका दौरान दुईवटा महत्त्वपूर्ण घटनाका हामी प्रत्यक्षदर्शी भयौं। यसमध्येको पहिलोले १४ बुँदे घोषणापत्र जसको सबैभन्दा महत्त्वपूर्ण अंशले चीन र नेपालको सम्बन्धलाई "रणनीतिक साझेदार"को हैसियतमा पुऱ्याउने प्रतिबद्धता व्यक्त भएको छ र दोस्रो, नेपाल र चीनबीच सन् १९५५ मा भएको सन्धिविपरीत नेपालमा प्रशिक्षण सञ्चालन भएको थियो। महामहिमको भ्रमणको वर्ष दिनपछि पनि चीनद्वारा नेपालमा सञ्चालित बिआरआई, रेलमार्ग जस्ता राष्ट्रिय महत्त्वका आयोजनालगायत सडक, विमानस्थल निर्माण जस्ता आयोजनाहरूमा समेत अपेक्षित प्रगति हुन सकेको देख्न पाइएको छैन। अरू त अरू तातोपानी एवं केरुङ नाकाहरूसमेत नियमित खुल्न सकेका छैनन्।

अर्कोतर्फ भारतका प्रधानमन्त्री स्व जवाहरलाल नेहरुले शुरू गर्नुभएको पञ्चशील र असंलग्न पररा‍ष्ट्र नीतिमा आधारित भएर वैदेशिक नीति सञ्चालन गर्दै आएको भारतमा समेत विदेश नीति असफल भएको र भारतले मित्र र छिमेकी गुमाउँदै गएको चर्चा चलिरहेको बेला चर्चित भारतीय विदेशमन्त्रीको "The India Way : Strategies for an uncertain world" नामक पुस्तक प्रकाशनमा आएको छ। यस पुस्तकमा लेखकको 'धेरै धारणाहरू जसको आधारमा हामी सञ्चालित थियौं' भन्ने भनाइले थुप्रै प्रश्न जन्माएका छन् र विदेश नीति निर्माता वा यसका प्रयोगकर्ताहरू सन्तोष मानेर बस्न सक्दैनन् किनभने त्यहाँ अन्य धारणाहरू रहेका छन्– (Momentous Shift Underway)। विश्वको अगुवाइमा कमजोर देखिएको अमेरिका र पश्चिमको चीनसँग बिग्रँदो सम्बन्धका बावजूद Bipolar World (पहिलाको जस्तै अमेरिका र रूस गरी दुई ध्रुवमा बाँडिने) बन्न सक्ने सम्भावना अत्यन्त

क्षीण छ बरु त्यसको सट्टा लेखकले PLURILATERALISM को परिकल्पना गर्दै भारत वा दिल्ली आफ्नै सिद्धान्तबाट मुक्त भएमा आफ्नो प्रभाव र प्रभुत्व बढाउन भारतको लागि प्रशस्त अवसर हुने मनसाय राख्नुभएको पाइन्छ । The India Way मा महाभारतको उदाहरण दिँदै विदेशमन्त्री जयशङ्करले "अगाडि आइपर्ने बाधाहरूको जिम्मेवारी वहन गर्दै पश्चिमोन्मुख नीति लिएर अगाडि बढ्नुपर्छ, विश्वव्यापीकरण अहिले दबाबमा छ तर यो परिष्कृत स्वरूपमा फेरि अगाडि आउनेछ" भनेका छन् ।

दुवै उदीयमान शक्तिराष्ट्रहरू आआफ्नो बाटो हिंडिरहँदा अमेरिका भने The Pacific Rim Strategy, Asia Pacific Economic Co-operation Initiative का साथै QUAD को माध्यमबाट चीनको विरुद्ध उभिनुभन्दा पनि सदस्य राष्ट्रहरूसँग सम्बन्ध बलियो बनाउनमा केन्द्रित रहेको छ । तीनवटै देशको अग्रगामी नीतिलाई हेर्दा आउँदा दिनहरूमा दक्षिण एशिया नै शीतयुद्धको केन्द्र बन्ने लक्षणहरू देखा परिरहेका छन् । एकातिर भारत–चीन र भारत–पाकिस्तानबीच तनाव बढिरहेको छ भने नेपाल भने चीनको SHARP POWER को प्रभावमा परिसकेको भारतको ठम्याइ छ । अहिले हुम्लाको ११ नं सीमास्तम्भबारे सरकारको सीमा नमिचिएको धारणा सार्वजनिक हुनु र स्थानीयहरूले वर्तमान सीमास्तम्भ चीनलाई सजिलो हुने गरी निर्माण गरिएको दाबीले विवाद बढाएको छ । यसको आधिकारिक निकाय नापी विभागले जसले अहिलेसम्म केही बोलेको छैन । यही अवस्था रहने हो भने भोलि भारतसँगको वार्तामा नेपालको Barganing Power कमजोर हुने निश्चित छ । यस सम्बन्धमा अर्को एउटा सम्भावना पनि के देखिन्छ भने कालापानी, लिपुलेक, लिम्पियाधुरा विवादमा चीनले दुई देश (नेपाल र भारत) बीचको समस्या उनीहरूले एकापसमैं मिलाउनुपर्ने तटस्थ अडान लिनुको पछाडि हुम्ला त थिएन र सन् २०१५ मा नेपाललाई जानकारी नदिई सम्झौता गरेजस्तै दुवै देशले निर्माण कार्य गरेका त होइनन् ? किनभने दुवै देशतर्फको निर्माण कार्य एक दिनमा भएको मान्न सकिदैन । नेपाल सरकारले सन् २००८ देखि नै थाहा पाएर नबोलेको हो । उता एमसिसी अड्किएकोले अमेरिकासँगको सम्बन्ध पनि सामान्य छ भन्ने अवस्था छैन ।

यस्तो कमजोर सरकार रहँदै आएको देशले अमेरिकाको SMART POWER चीनको SHARP POWER र भारतको विदेशमन्त्री जयशङ्करले अगाडि सार्नुभएको The India Way का बीच समन्वय राखेर आफ्नो राष्ट्रिय स्वाभिमान कसरी जोगाउने भनेर चिन्ता गर्नुपर्ने बेला भएको छ । भारतसँगको सम्बन्ध सामान्य बनाउने क्रममा भारतीय थलसेना प्रमुख नेपाली सेनाको मानार्थ महारथीको सम्मान ग्रहण गर्न नेपाल आउँदै हुनुहुन्छ तर यसले The India Way लाई परिभाषित गर्दैन । त्यसको लागि भारतसँग सीमा वार्तामा बस्नुअगावै चीनसँग ११ नं स्तम्भको सीमा विवाद तार्किक एवं सप्रमाण हल गर्न सकिए मात्रै भारतसँगको वार्ता अग्रगामी हुन सक्छ, अन्यथा भारतले चीन र चीनले भारत देखाउँदै लिपुलेक जस्तै हुम्ला पनि गुम्ला ?

हालै सम्पन्न 'रअ' प्रमुखको नेपाल भ्रमण र त्यसपछि देखिएका विवादले यस्तै यस्तै सङ्केत गरेको भान हुन्छ ।

२०७७ कात्तिक १२ गते बुधवार

कोरोना कहरः एक चर्चा

विश्व स्वास्थ्य सङ्गठनको आकस्मिक एकाइले जारी गरेको एक अनुमान अनुसार ७.६ अर्ब जनसङ्ख्या रहेको विश्वको १० प्रतिशत अर्थात् ७.६ करोड व्यक्ति र अर्को सरल शब्दमा भन्नुपर्दा प्रत्येक १० जनामा १ जना कोरोनाबाट सङ्क्रमित छन् । यस संस्थाको अध्ययनबाट पश्चिम प्रशान्त तथा अफ्रिकामा अवस्था सुधारोन्मुख रहेको छ भने युरोप र पूर्वी भूमध्यसागरका देशहरूमा मृत्यु दर बढ्दो छ र हाम्रो दक्षिण पूर्व एशियामा रोगीहरूको सङ्ख्यामा तीव्र गतिमा सङ्क्रमण बढिरहेको छ। ६ अक्टोबरसम्म भारतमा नै ७४४४२ नयाँ एवं ९०३ मृतक सङ्ख्याका साथै कुल सङ्क्रमितको सङ्ख्या ६६ लाख र मृतकको सङ्ख्या १०२६८५ पुगेको छ ।

नेपालमा कात्तिक ३ गतेसम्म सङ्क्रमित १,३२,२४६ र मृतक ७३९ पुगिरहँदा राजधानीमा आइसियु र भेन्टिलेटरमा उपचार गर्नुपर्ने रोगीहरूले सो सुविधा पाउन सकिरहेका छैनन् । स्वास्थ्य मन्त्रालयकै तथ्याङ्क अनुसार चैतमा देशभरि १५५१ आइसियु बेड र ७७० भेन्टिलेटर थियो अहिले यो क्रमशः २६०० र ९ सय पुगेको छ। तर कोभिड उपचारको लागि तोकिएको अस्पतालको हकमा भने आइसियु ५५९ बेड र भेन्टिलेटर २३९ रहेकोमा काठमाडौं उपत्यकामा आइसियु बेड १५४ र भेन्टिलेटर सङ्ख्या ६२ मात्र छ ।

चैतदेखि तयारी शुरू गरिएको भएपनि किन यस्तो भइरहेछ विचारणीय हुन आउँछ। केही दिन पहिले नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा. भगवान कोइरालाले विज्ञहरूको कुरा वा सल्लाहविना काम हुन थालेकोले आफूले बैठकमैं जान छोडेको बताएका थिए । यस्तै विज्ञहरूको एउटा समूह, जसले अन्तर्राष्ट्रिय सङ्घ-संस्थाबाट समेत अनुभव सँगालेका छन्, प्रधानमन्त्रीलाई भेट्न महीनौंदेखि प्रयास गर्दासमेत भेट्न पाएका छैनन् । लागत बढी लाग्ने पिसिआर आरटीको सट्टा Direct polymerase chain reaction test गर्न शुरू गरेमा भिटिएम र आरएनए extraction kit आवश्यक नपर्नुका साथै दुई घण्टामा परिणाम प्राप्त हुने तथा मूल्यसमेत तीन गुना सस्तो पर्ने प्रविधिका साथै कोभिड नियन्त्रणको योजनासमेत तयार गरेर प्रमलाई भेट्न प्रतीक्षारत छन् तर प्रमको सेवामा संलग्न निजी चिकित्सक एकजनासमेत १४४ जना सङ्क्रमित फेला परिसक्दासमेत प्रम तातोपानीसँग बेसार खाएर कोरोना मगाउने मन्त्रको जप गर्दैछन् । यो लेख लेखिरहँदा प्रमको कोरोना परीक्षण रिपोर्ट के छ भन्नेबारे कुनै जानकारी प्राप्त भएको छैन ।

प्रम मिर्गौंला प्रत्यारोपणको लागि भर्ना हुनुपूर्व कोभिड उपचारमा समन्वय गर्न उपप्रम एवं रक्षामन्त्री ईश्वर पोखरेल संलग्न एउटा उच्चस्तरीय समिति गठन भएको थियो । त्यसपछि यसै समिति मातहत कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र गठन भएको

थियो । तर २९ मार्च अर्थात् लकडाउनको छैठौं दिन कोभिड सङ्क्रमितको सङ्ख्या ४,३६४ पुगेपछि उच्चस्तरीय समिति भङ्ग गरी कोभिडको सम्पूर्ण उपचारको जिम्मेवारी सिसिएमसीलाई दिइएको सर्वविदितै छ । ६ अक्टुबरका दिन नेपालमा कोभिड सङ्क्रमितको सङ्ख्या ९० हजार ८१४ पुग्यो जुन चीनभन्दा बढी छ । प्रम ओली सफल शल्यक्रियापछि सक्रिय भएदेखि नै यो समितिको कुनै काम छैन । प्रायः सबै निर्णय मन्त्रिपरिषद्बाट भएको छ भने यसका संयोजक रक्षामन्त्री ईश्वर पोखरेलले सेनाले चीनबाट खरीद गरेको सामानको प्रक्रिया र गुणस्तरका कारण विवादमा पारेका छन्। कोभिड सङ्क्रमण परीक्षण र रोकथाम गर्न प्रयोग गरिएका नीतिकै कारण आज नेपाल र विशेषगरी काठमाडौं चौथो चरणमा प्रवेश गरेको खुलासा डा मरासिनीबाट भएको छ । सरकारले काठमाडौंको सरकारी अस्पताललाई कोभिड उपचार गर्ने केन्द्र बनाउने निर्णय गरे पनि आक्सिजन र भेन्टिलेटरको व्यवस्थापन भइहाले पनि त्यसलाई चलाउने जनशक्ति कहाँबाट ल्याउने भन्ने प्रश्न तेर्सिएको छ ।

भएकै चिकित्सक एवं चिकित्सा सहायकहरूमध्ये करीब दुई हजारभन्दा बढी स्वयं सङ्क्रमित भइसकेका छन् भने कोभिडबाट अहिलेसम्म तीन सहायक र एक चिकित्सकको मृत्युसमेत भइसकेको छ । तर यो तथ्याङ्क पनि अनुमानमा आधारित छ किनभने स्वास्थ्य मन्त्रालय यससम्बन्धी तथ्याङ्क अद्यावधिक राख्न बल्ल सफ्टवेयर बनाउनेतर्फ लागेको छ। काठमाडौंकै सरकारी अस्पतालहरूमा १ हप्ताभन्दा बढीका लागि नपुग्ने सामग्री मौज्दात छ भने उपत्यका बाहिरको अवस्थाको कल्पना गर्न सकिन्छ।

पहिल्यै कोभिडको डर र अस्पतालहरूले उपचार गर्न नमानेको कारण स्वास्थ्यतर्फको स्थिति प्रतिकूल रह्यो नै, लकडाउन भएको अवधिमा काम बन्द भएका कारण असङ्गठित क्षेत्रका कामदारहरू पूरै रोजगारविहीन भएर बस्नुपर्ने बाध्यता आइलाग्यो भने सङ्गठित क्षेत्रमा समेत उद्योगपति एवं श्रमिक दुवैलाई प्रतिकूल स्थिति सिर्जना भयो। यसले बैंकिङ क्षेत्रसमेत अछूतो रहन सकेन । यो सबै स्थितिले नेपालको अर्थतन्त्रलाई पार्न सक्ने असरबारे विश्व बैंकले प्रसारित गरेको 'साउथ एशिया इकोनोमिक फोकस' का अनुसार कोभिड सङ्क्रमणले व्यापार-व्यवसायमा बाधा परिरहे आर्थिक विकासको दर ०.१ प्रतिशत र खोप उपलब्ध भएर यसबाट उपचार हुन थालेपछि बढीमा २ प्रतिशतसम्म मात्र आर्थिक वृद्धि हुने उल्लेख छ । धानखेतीको क्षेत्रफल बढेको भए पनि मलको अनुपलब्धता र रोगको प्रकोपका कारण अन्य क्षेत्रजस्तै कृषि क्षेत्र पनि प्रभावित बन्नेछ । आर्थिक वृद्धिदर घट्दा व्यक्तिको आय स्थिर वा घट्न सक्ने भएकोले निम्न आयस्तरका जनतालाई यसले धेरै पिरोल्ने छ । नेपालमा असङ्गठित क्षेत्रको व्यवसाय व्यापार पनि ५० प्रतिशतको हाराहारीमा खस्केको छ । यस्ता फर्महरूसँग सञ्चिति अत्यन्त न्यून हुन्छ, जुन लामो लकडाउनका कारण समाप्त भइसकेकोले यिनले पुनः व्यवसाय शुरू गर्न अत्यन्त कठिनाइको सामना गर्नुपर्ने हुन्छ । यति सबै पक्ष नकारात्मक हुँदाहुँदै रेमिटचान्समा आश्चर्यजनकरूपले २५ प्रतिशतले वृद्धि

भएको छ । तर जे भएपनि अहिले नै सरकारलाई वित्तीय सङ्कट पर्न लागेको सङ्केत देखिन थालेको छ । कोभिड महामारीको यस्तो कुव्यवस्थापन किन र कसरी भयो भनेर विश्लेषण गर्दा करीब-करीब कोभिड सङ्क्रमण शुरू भएदेखि नै नेपालको राजनीतिमा दुईतिहाई बहुमतको सरकार बनाएको दलभित्र नै शुरू भएको सत्ता वा कुर्सीको लडाइँ मुख्य कारक देखिएको छ ।

पार्टीभित्रको खिचलोले सरकार प्रभावित नहुनुपर्ने हो तर कहीं नभएको जात्रा हाँडीगाउँमा भन्ने उखान प्रचलित रहेको यो देशमा संसदीय दलको नेता एवं प्रधानमन्त्रीले पार्टीको घोषणापत्र अनुकूल नतीजा दिन मन्त्रिमण्डल आफ्नो स्वविवेकमा गठन गर्न पाउनुपर्ने र वार्षिक वा मध्यावधि समीक्षामा त्यो लक्ष्य प्राप्त हुने दिशातर्फ उन्मुख नभए संसदीय दलको नेता र प्रमको विकल्प खोज्ने प्रजातान्त्रिक प्रणालीको अवहेलना गरी शक्ति बाँडफाँडको लागि गरिएको सम्झौता र त्यसपछि देख्न थालिएको विसङ्गति नै मूल कारण हो । यस्तो किन भएको छ भने एमाले र माओवादी दुवैले सत्ता प्राप्तिको लागि एकीकरण गरेका हुन्, सिद्धान्तको लागि होइन । त्यसैले यो अपवित्र गठबन्धन थियो र हो । यस्तो विसङ्गतिले पार्टी मात्रै होइन सम्पूर्ण देशलाई नै आहत पारिरहेकोले यसको विकल्प खोज्नु आवश्यक छ ।

२०७७ कात्तिक ०५ गते बुधवार

चर्चा रेल सङ्ग्रहालयको

नेपालको रेलवे कम्पनीका महाप्रबन्धकले इतिहास भइसकेको नेपालको नेरोगेज रेलको इन्जिनलगायतका संरचनालाई संरक्षण एवं संवर्द्धन गरी अवलोकनको लागि स्थानीय तहसँग समन्वय गरी धनुषामा सङ्ग्रहालय स्थापना गर्न पहल गरेको समाचारहरू आएका छन् । यो समाचार पढेर महाप्रबन्धकको बुद्धिमत्ताप्रति धन्यवाद नभनी रहन सकिन्न । उहाँको यस कदमको बारेमा सोचिराख्दा मेरो मनमा सबैभन्दा पहिला उठेको प्रश्न के हो भने नेपालको रेलसेवामध्ये रक्सौल-अमलेखगंज वा जयनगर, जनकपुर कुन चाहिं जेठो हो ? वीरगंज रेलवे स्टेशनको त हामीले पूर्णरूपमा सत्यानाश गरि नै सकेका छौं तथापि सोच्नुस् मुख्य सडकको क्रसिङमा जहाँ रेलको लिक रहेको थियो, त्यसलाई यथास्थितिमा राखेर घण्टाघरको गेटअगाडि देख्नसमेत गाऱ्हो पर्ने गरी राखिएको थीरबम मल्लको मूर्तिको सट्टा रेलवे क्रसिङमा गोलम्बर बनाएर चारैतिरबाट फूलले शृङ्गारेर बीचमा थीरबम मल्लको भव्य सालिक उनको योगदान उल्लेख भएको स्तम्भमाथि राख्न सकेको भए के हुन्थ्यो ? यो आज पनि गर्न सकिन्छ तर हामी गर्दैनौं। पुरानो रेलवे स्टेशनको भवन त भत्काइसकियो त्यसभन्दा उत्तरमा रहेको पानी भर्ने टयाङ्की र डोम तथा सिग्नलसमेत कबाडीलाई बेचियो । यसलाई जोगाएर आज विपी उद्यानमा नेरोगेज रेलको लिकमाथि वा छेउछाउ १-२ वटा स्टिम इन्जिन वा डब्बा राखेर वीरगंजमैं पानी रेल सङ्ग्रहालयको स्थापना रेल कम्पनी वा वीरगंज महानगरले समेत गर्न सक्छ । तर हाम्रो सोचमा यस्तो कुरा आउँदैन । त्यस्तै नेपाल टेलिकमको हालको भवन रहेकै स्थानमा पुरानो टेलिफोन भवन थियो, जसमा पूर्व नगरप्रमुख गणेशशरण रावलका पिता 'तारबाबू'को रूपमा काम गर्नुहुन्थ्यो । त्यस बेलाको ब्याट्रीबाट चल्ने टेलिफोन र टेलिग्राफको र आकाशवाणीको मेशिनलाई नयाँ भवनकै भुइँतलामा प्रतीक्षालय बनाइ त्यसैमा एकातर्फ राखेर नेपालको सञ्चार क्षेत्रको इतिहास प्रतिबिम्बित गर्न सकिन्थ्यो तर टेलिकमलाई समेत त्यो सोच आएन र अझै आएको छैन । भारततर्फ अर्थात् रक्सौलबाट वीरगंज आउँदा एउटा सिमेन्टको आकर्षक संरचना जसमा 'नेपाल-अमेरिका सहयोग रक्सौल-भैंसे सडक ४२ माइल' लेखिएको मलाई सम्झना छ । त्यो संरक्षणविना नदीको कटानबाट होला धेरै वर्षदेखि त्यहाँ देखिंदैन र अहिले त्रिभुवन राजपथ भन्ने बित्तिकै रक्सौल-काठमाडौं जोड्ने पुरानो मार्ग भन्ने बुझिन्छ । यस राजपथको भैंसेदेखि काठमाडौंसम्मको सडक मात्र भारतीय सहयोगमा बनेको हो ।

सङ्ग्रहकै कुरा गर्दा हजारीमल धर्मशालाको भवन जति कलापूर्ण थियो, त्यति पुरानै भएपनि महावीर धर्मशालासमेतको छैन । त्यो भवन अहिले त्यहाँ छैन । जग्गा छ तर कसको अधिपत्यमा छ, त्यो गर्भमा छ ।

पोखरीहरूकै कुरा गर्दा वीरगंजमा बजार क्षेत्रमैं छपकैया, नगवा, माईधिया, भगवतीटोल पोखरी र हाल अनमोल स्वीट्स रहेको भवन पछाडिको पोखरीमध्ये घडीअर्वा, नगवा र माईधिया बाँचेका छन् । छपकैयामा महानगरले अडान लिएको छ तर अनमोल स्वीट्स पछाडिको पोखरीमा निजी भवनहरू निर्माण भइसके । घडीअर्वा सार्वजनिक प्रयोगमा छ भने नगवा निर्माणाधीन छ । मधेसी संस्कृतिको इतिहास बोकेको माईधिया पोखरीको भविष्य के छ थाहा छैन । तीन बिघाको भगवतीटोलको पोखरी १३ कट्ठाको पार्कमा सीमित भएर पनि चल्न सकेको अवस्था छैन ।

अब कुरा गरौं पार्कको । वीरगंजमा एउटै पार्क थियो, श्री ५ वीरेन्द्र पार्क त्यहाँ अहिले घण्टाघर छ । त्यसबाहेक लक्ष्मणवामा रहेको पार्क बन्नै सकेको छैन भने विपी उद्यानको अवस्था हामी सबैलाई थाहा छ । बिर्तामा अहिले कोष तथा लेखा नियन्त्रण कार्यालय रहेको भवन नयाँ हो । पुरानो भवनमा भन्सार थियो र अहिले नगरपालिकाले छुट्याएको पार्किङस्थलमा नगरपालिकाको भवन थियो । त्यस भवन परिसरभित्रै एउटा पम्पिङ स्टेशन र फलामको टयाङ्की थियो, जसमा अङ्ग्रेजीमा धीर वाटर वर्क्स लेखिएको थियो । वस्तुतः धीर शम्शेरले बेलायतबाट मगाएको ठूलो पम्पिङ मेशिन थियो, जसबाट वीरगंजको १ र २ नं सडकमा रहेका सरकारी धाराबाट बिहान ५-९ र बेलुकी ४-७ बजेसम्म पानी वितरण हुन्थ्यो । त्यसलाई सङ्ग्रहित गरेर त्यस ठाउँमा सानै भएपनि एउटा पार्क बनाइदिने सोचको सट्टा पार्किङ गरेर पैसा कमाउन बढी उचित ठान्यौं हामीले । त्यसैले अब विपी उद्यान, लक्ष्मणवा पार्कसमेतमा व्यावसायिक भवन वा उद्योग नै लगाएर भाडा कमाउँदै गरेर बरु वीरगंजवासीलाई अन्यत्र जाँदा सङ्ग्रहालय, पार्क, तारामण्डल, सभाभवन र बाल उद्यान देखेर अलमल नपरोस् भन्नका लागि यी सबैको रिप्लिका बनाएर कुनै एक उपयुक्त स्थानमा राखिदिनु सर्वोत्तम उपाय हो जस्तो लाग्छ । एकै ठाउँमा राख्न गाह्रो हुने भयो भने बेग्लाबेग्लै ठाउँमा राखिदिए पनि हुन्छ । तर यसको अवलोकनको लागि शुल्क भने लगाउनुहुँदैन ।

हामी अधिकांश वीरगंजवासी प्राप्त सेवाको सकेसम्म शुल्क नतिर्ने र तिर्नै परे 'डिस्काउन्ट' खोज्ने खालका छौं । हाम्रो यो बानी बुझेर नै स्थानीय निकाय र व्यापारिक संस्थाहरूले मूल्य तोक्दा २-४ रुपैयाँ प्रतिएकाइ घटाउन सक्ने गरी तोकेका हुन्छन् । किनभने उनीहरूलाई थाहा छ, आन्दोलन वा विरोध हुन्छ र त्यसपछि त्यसलाई मत्थर पार्न १-२ रुपैयाँ प्रतिएकाइ घटाएर कुरा मिलाउन सिपालु भइसकेका छन् ।

यस सङ्ग्रहालय केन्द्रित लेखमा सबैको रिप्लिका बनाएर राख्ने कुरा गरे पनि वीरगंजमा दुई-तीन वटा यति ठूल्ठूला कार्यहरू भएका छन्, जसमध्ये दुईवटाको रिप्लिका बनाउनु ज्यादती हुनेछ भने एउटाको अत्यन्त आकर्षक । रिप्लिका बनाउन नमिल्ने दुईवटा योजनामध्ये पहिलो हो- फोहरमैला व्यवस्थापन केन्द्र, इटियाही र दोस्रो- एक करोड लिटर पानी प्रशोधन केन्द्र । फोहरमैला व्यवस्थापन एवं पानी प्रशोधन केन्द्रलाई त अन्तर्राष्ट्रियस्तरको अध्ययन-अनुसन्धान केन्द्र नै बनाउनुपर्छ, जहाँ आएर अन्तर्राष्ट्रिय

अनुसन्धानकर्ताहरूले योजनाकालदेखि निर्माण अवस्थासम्म योजना कुन प्रक्रियाबाट सञ्चालित भयो, जसले गर्दा निर्माण पूरा भएपनि यो काम गर्न नसक्ने भएको छ भन्ने विषयमा शोध गरी अनुसन्धान गर्नेछन् ।

तेस्रो रिप्लिका बनाउने भनेको वीरगंजमा हाल लागू गरिएको पार्किङ प्रणालीको हो। वास्तवमा चेन तानेर सडक साँघुरो पार्ने, चार चक्के साधन सडकमै पार्किङ प्रतिबन्ध गरिएको विपरीत दिशामा मिल्ने तर दुई पाङ्ग्रे फूटपाथमा राख्न सकिने व्यवस्था विश्वमै दुर्लभ मात्रै होइन हुँदै नभएको व्यवस्था हो। थोरै पढेलेखेकाले पनि फूट भनेको खुट्टा र पाथ भनेको बाटो बुझ्छ। यसको सरल अर्थ हुन्छ, पैदल हिंड्ने बाटो। हाम्रो वीरगंजमा पैदल हिंड्ने बाटोलाई पार्किङ अर्थात् वाहन रोक्ने स्थान बनाइएको छ। अब पैदल यात्रीको बाटो कुन ? स्थानीय निकाय वा प्रशासनको काम जनतालाई सुविधा दिने हो, सास्ती होइन । त्यसैले यस्तो नौलो प्रणालीको मोडेल बनाएर पर्यटन प्रवर्द्धन गर्न नेपाल सरकारको पर्यटन मन्त्रालयले भाग लिने अन्तर्राष्ट्रियस्तरको मेलामा समेत सामेल गराएमा हाम्रा यस्ता चटक देखेर पर्यटकहरू पनि नेपाल आउन आकर्षित हुनसक्ने भएकोले पनि यस्तै पार्किङ प्रणाली देशैभर लागू गर्नुसमेत उचित हुनेछ ।

२०७७ असोज २८ गते बुधवार

ज्येष्ठ नागरिक दिवस–२०२०

संयुक्त राष्ट्रसङ्घको सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्रपश्चात् वृद्धवृद्धाहरूकै लागि भनेर सन् १९९१ मा United Nations Principles for Older Person जारी भएपछि सन् १९९८ मा Macau Plan of Action on Ageing र Madrid International Plan of Action on Ageing 2002 बाट लगातार चासो देखाइएको कारणबाट संयुक्त राष्ट्रसङ्घका अधिकांश सदस्य राष्ट्रले यसलाई अङ्गीकार गर्दै कार्यान्वयनमा लग्ने क्रममा नेपालले पनि ज्येष्ठ नागरिक कार्ययोजना २०६२ लागू गरेको छ ।

परम्परागतरूपमा संयुक्तरूपमा बसोबास गर्दै आएको हाम्रो परिवार राजनीतिक अपरिपक्वताका कारण गाउँलाई कृषिको भरमा छाडेर शिक्षा, उद्योग, व्यापारिक कार्यहरूलाई शहर केन्द्रित बनाउन चालिएदेखि शुरू भएको संयुक्त परिवार विखण्डनको सिलसिला आज न्यूक्लियर परिवारसम्म आइपुगेको छ । प्राकृतिकरूपमा मानिस कि त सकारात्मक सोचको हुन्छ कि नकारात्मक । सकारात्मक सोचको हाम्रो पितृसत्तात्मक सोचका घरमुलीहरूले जहाँ यसलाई स्वाभाविकरूपमा ग्रहण गरे त्यहीं नकारात्मक सोच भएका घरमुलीहरूको परिवारमा विखण्डन रोक्न नसकिने भयो ।

भविष्यको निर्माण दुई प्रकारबाट हुन सक्छ । पहिलो जीवन बाँच्नु (Living of Life) र दोस्रो जीवन बनाउनु (Making of Life) । संसाधन नहुनेहरू यस दौडमा सामेल नै हुन सकेनन् भने संसाधन हुनेहरू पनि बजारको आवश्यकता (Product) बुझ्न नसकेर असफल भए । जसले बुझे उनीहरूले जागीर, व्यवसायलगायतका क्षेत्रहरूमा संलग्न रहेर आफ्नो भविष्य निर्माण गरे । अब जीवन बाँच्नेहरूले आफ्नो सन्तानलाई सुरक्षित भविष्यको लागि केही दिन सकेनन्, जसको फलस्वरूप सन्तानलाई आफ्नै जीवनयापनको लागि कठिनाइ बेहोर्नुपरिरहेको छ र त्यसमाथि आजको जीवनशैलीको प्रभावले थप पीडा दिएको छ । संसाधन भएर बजारको आवश्यकता बुझ्नेहरू सफल भए र उनीहरूसँग अहिले सन्तानलाई दिन पर्याप्त संसाधन छ । यस्ता परिवारका सन्तानहरू र त्यस परिवारका सदस्यहरूबीच भौतिक दूरी भएपनि प्रविधिले त्यसलाई भावनात्मकरूपमा जोडेर राखेको छ ।

तर नकारात्मक सोच भएका घरमुलीहरूको परिवार पूर्णरूपमा विखण्डनतर्फ अग्रसर पाइएकाले वृद्धवृद्धाहरूको सम्मानित जीवनयापन अत्यन्त कष्टकर हुँदै गएको पाइन्छ । यही समस्याको निरूपण एवं सचेतनाको लागि संयुक्त राष्ट्रसङ्घले प्रत्येक वर्ष १ अक्टुबरको दिन सरकारलाई र ज्येष्ठ नागरिकलाई समेत आफ्नो दायित्व तथा अधिकारप्रति सचेत बनाउन समसामयिक समस्यालाई उजागर गर्न एउटा नारा दिने गरेको छ । कोरोनाका कारण यस वर्ष अत्यन्त सामान्यरूपममा भएपनि "Pandemics

: Do they change how we address Age and Ageing" शीर्षक नारा दिएको छ।

विश्व अहिले ठूलो परिवर्तनको सँघारमा खडा छ । विश्व स्वास्थ्य सङ्गठनको अनुमान अनुसार आउँदो ५ वर्षमा ६५ वर्ष उमेर पुगेको जनसङ्ख्याले ५ वर्षे बालकको जनसङ्ख्यालाई उछिन्ने छ। घट्दो जन्मदर र बढ्दो जीवन अवधिका कारण २०१० मा ५२४ मिलियन रहेको ६५ वर्षेहरूको सङ्ख्या २०५० सम्ममा १.५ विलियन पुग्ने प्रक्षेपण रहेको छ । २०औं शताब्दीको प्रारम्भमा सङ्क्रमण एवं परजीवीजन्य रोगहरूले बढी मान्छेको ज्यान लिने गरेकोमा चिकित्सा क्षेत्रमा भएको प्रगति एवं स्वास्थ्य सेवामा आएको सुधारका कारण अब दीर्घ प्रकृति एवं सङ्क्रमण नहुने रोगहरू जस्तैः हृदयरोग, चिनीरोग, अर्बुद्ध रोग एवं उमेरजन्य रोगहरूले त्यसको स्थान लिएको पाइन्छ । यस्ता रोगहरूको सामाजिक एवं आर्थिक प्रभावका कारण आर्थिक वृद्धिदरसमेत प्रभावित हुने गरेको पाइएको छ ।

विश्व स्वास्थ्य सङ्गठनले न्यून तथा मध्यम आय भएका २३ वटा राष्ट्रमा गरेको एउटा अध्ययन अनुसार सन् २००६ देखि २०१५ सम्ममा ८३ विलियन अमेरिकी डलरको आर्थिक नोक्सानी बेहोर्नुपरेको पाइएको छ । युवा अवस्था एवं वृद्ध अवस्थामा हुने धेरैजसो रोग बाल्यकालको स्वास्थ्य अवस्थासँग सम्बन्धित रहेकाले न्यून आय भएका त्यस्ता मुलुक जहाँ राम्रो स्वास्थ्य सेवाको अभावमा बाल मृत्युदर बढी छ, त्यहाँ गरीबीमा जीवनयापन गर्ने बालक एवं युवाहरू वृद्ध वयमा प्रवेश गर्दा आउँदो दशकमा यस्ता राष्ट्रहरूले स्वास्थ्य क्षेत्रमा ठूलो दायित्व बोक्नुपर्ने अवस्था आउनेछ। वृद्धहरूको सङ्ख्या बढ्नुका साथै थप सामाजिक संरचनाहरूमा समेत परिवर्तन हुँदैछ । विश्वव्यापीकरणलगायत प्रविधि र सुविधाका कारण धेरैभन्दा धेरै मानिस शहरतिर पलायन हुनेछन्, जसको कारण घरमा वृद्धवृद्धाहरूको हेरचाह गर्ने व्यक्तिको सङ्ख्यामा ह्रास आउने र दुई वा तीनभन्दा बढी सन्तान नजन्माउने, ढिलो विवाह गर्ने र स्वतन्त्रताको नाममा वृद्धवृद्धासँग बस्न रुचाउनेहरूको सङ्ख्यामा झनै कमी आउने अनुमान गर्न सकिन्छ । यसरी परिवारबाट घट्दो समर्थनका कारण समाजमाथि यिनीहरूको रेखदेखको जिम्मेवारी थपिने देखिन्छ ।

यस्तो अवस्थामा खास गरेर गरीब राष्ट्रहरू र विशेषगरी नेपालकै कुरा गर्दा हामीकहाँ शुरू गर्ने भनिएको जेरियाट्रिक वार्डको सेवाहरू राजधानीसम्म मात्रै सीमित रहनुबाट हाम्रो सरकार यस समस्यातर्फ खासै सचेत नरहेको लाग्छ । अर्कोतर्फ २०६८ सालमा नेपालीको औसत आयु ६५ वर्ष रहेकोमा २०७८ को जनगणनामा ७५-७७ वर्ष पुग्ने अनुमान रहेको छ । यो एकातिर राम्रो सङ्केत हो भने अर्कोतर्फ यसले नयाँ समस्या पनि खडा गरेको छ । आजको बालकले भोलिको आफ्नो युवा अवस्थामा बुबाआमा, बाजेबजैका साथै बराजुहरूसँग समेत बस्ने सौभाग्य त पाउनेछन् तर जुन प्रकारको हाम्रो आर्थिक अवस्था छ, त्यसमा कमाउन विदेश जानुपर्ने बाध्यता, नेपालमै बसेर कमाउँदा पाउने पारिश्रमिकबाट तीन पुस्ताको भरणपोषणका साथै औषधिमूलोको खर्च जुटाउन

आइपर्ने कठिनाइ र स्वतन्त्र जीवन बाँच्ने आजको युवा पुस्ताको रोजाइका बीच द्वन्द्व आउनु स्वाभाविक हुनेछ । यस्तो अवस्थामा वृद्धवृद्धाहरूको अवस्था र हेरचाह कसरी हुने भनी प्रश्न उठ्छ। कुनै चमत्कार हुन्छ र यसको समाधान निस्कन्छ भनी चिताउनुपर्दैन, त्यसैले एकातिर परिवार र सरकार दुवैले बाल मृत्युदर घटाउनुका साथै युवा अवस्थासम्म स्वस्थ जीवनशैली प्रदान गर्न सकेमा वृद्धावस्थाका रोगहरूमा न्यूनीकरण हुन सक्ने देखिन्छ भने बढ्दो वृद्धवृद्धाको जनसङ्ख्या व्यवस्थापनका लागि सरकारले सामाजिक कानून निर्माण गरी सुरक्षित जीवन प्रदान गर्नुका साथै राम्रो स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था जरुरी छ । त्यहीं परिवारमा बालबालिकालाई वृद्धवृद्धाको सम्मान गर्न पाठ पढाउनुको सट्टा व्यवहारमा आफैंले गरेर देखाउन सके 'कल्चरल लर्निङ' भई समस्या समाधानमा केही सुगमता आउन सक्ने देखिन्छ । तर सबैको निष्कर्षमा भन्नुपर्दा न्यून आय पनि, खास गरेर मध्यम एवं न्यून आय परिवारको लागि, समग्रमा देशको आर्थिक विकास द्रुत गतिमा हुनु आवश्यक छ । यो विना कुनै सेवा सुविधा विस्तार गर्न असम्भव छ ।

अन्त्यमा, सारांशमा Pandemics (महामारी) भनेको रोगको विश्वव्यापीकरण हो । यसको उत्पत्ति भएपछि निदान खोजिन्छ र उपचार हुन्छ। तर बढ्दो उमेर (Ageing) निरन्तर चलिरहने प्रक्रिया हो, यसमा समस्याहरू स्वाभाविकरूपमा आउँछन् । तिनको पनि निदान खोजिन्छ, समाधान गरिन्छ । तर अन्तर के छ भने Pandemics यान्त्रिक हुन्छ र Ageing अर्गानिक हुन्छ । यसमा भावना हुन्छ, इमोशन र फिलिङ्स हुन्छ त्यसैले मेरो निष्कर्ष के हो भने– 'They do not change how we address age and ageing' ।

२०७७ असोज २१ गते बुधवार

कस्तो अपरिपक्वता ?

नेपालको भारतसँगको सीमा विवादका सम्बन्धमा सत्यतथ्य सङ्कलन गर्ने तथा ऐतिहासिक दस्तावेजको अध्ययन गरी नेपाललाई आफ्नो पक्ष बलियोसँग राख्ने गरी अध्ययन प्रतिवेदन तयार गर्न एउटा समिति गठन भएको थियो । यस सम्बन्धमा २२ सेप्टेम्बरको द काठमान्डु पोस्टमा प्रकाशित एक समाचार अनुसार त्यो प्रतिवेदन यसै महीना बुझाइने गरी तयारी भइरहेको छ । भारतले गत मे २० तारिखका दिन प्रकाशित गरेको भारतको नयाँ नक्शामा कालापानी, लिम्पियाधुरा र लिपुलेकलाई आफ्नो देखिने गरी नक्शा प्रकाशित गरेपछि चुलिएको यो विवाद त्यसपछि नेपाल सरकारले सर्वदलीय बैठकको सहमति अनुसार संविधान नै संशोधन गरेर नयाँ नक्शा जारी गऱ्यो। जसको भारतीय पक्षले नेपालको दाबी अस्वीकार गर्दै प्रत्यक्ष वार्ता कोभिड सङ्क्रमण कम भएपछि गर्ने सङ्केत दियो। वस्तुतः नेपाल र भारतबीच एउटा सचिवस्तरीय संयन्त्र छ, जसले नियमितरूपमा सीमा विवादको बारेमा विभिन्न चरणहरूमा वार्ता र छलफलबाट कालापानी र सुस्ताबाहेक अरू सबै क्षेत्रको स्ट्रिप नक्शामा सहमति जनाइसकेको थियो तर सुस्ता र कालापानीमा भने सहमति भइसकेको थिएन । सम्भवतः त्यस बेला गृहमन्त्री डा भीम रावल हुनुहुन्थ्यो र उहाँले कालापानी र सुस्ताबाहेक सहमति भइसकेको स्ट्रिप नक्शामा हस्ताक्षर गर्न मान्नुभएन । उहाँले बाँकी रहेको सुस्ता र कालापानीमा समेत सहमति भइसकेपछि एकैपटक हस्ताक्षर गर्ने अडान राख्नुभयो । सम्भवतः उहाँको बुझाइ अरू जम्मैमा हस्ताक्षर गरेपछि यी दुई क्षेत्रको विवादका बारेमा भारतले समाधानमा पहल गर्न आलटाल गर्ने रहेको हुनुपर्छ ।

नेपालजस्तै भारतमा पनि राज्यसत्ता (नोकरशाही) र राजनीतिक सत्ता नेपालझैं अस्तित्वमा छ । भारतको राजनीति राजनीतिक दलहरूले सञ्चालन गरे पनि रक्षा र परराष्ट्र मामिलामा त्यहाँका ब्रिटिश शासनकालबाट प्राप्त प्रशासकीय कूटिलतामा दक्ष ब्युरोक्रेट्सहरूले राजनीतिक सत्ताको एक चल्न नदिने कुरा भारतीय प्रधानमन्त्रीले इपिजीको रिपोर्ट ग्रहण गर्न हालसम्म समय नदिनु र वार्ताको लागि महामारीको निहुँ खोज्नुभन्दा अन्य राम्रो उदाहरण भेट्न सकिदैन। भारत-चीन सीमा विवादमा दुवैतर्फका सेनाधिकारीहरूको नियमित र प्रत्यक्ष भेटघाट भइरहेको सन्दर्भमा भारतको यो व्यवहारलाई उसले स्ट्रिप नक्शामा सही नगरेको जवाफ फर्काएको रूपमा बुझ्न सकिन्छ। विवाद चुलिएको समयमैं हाम्रा प्रधानमन्त्रीले प्रयोग गर्नुभएको केही गैरकूटनीतिक शब्दावली र त्यसपछाडि राम मन्दिरको प्रसङ्गले दुवै सरकारको बीचमा मौन पर्खाल खडा गरिदियो, जसलाई भत्काउन हाम्रा प्रमले १५ अगस्त र भारतीय प्रमको जन्मदिनका दिन संवादहीनता तोड्ने प्रयास भएपनि अवस्था सामान्य भइसकेको देखिंदैन । यस्तो अवस्थामा यो समितिले भने धेरै ठोस प्रमाण सङ्कलन गरेको तर त्यस कुरालाई

अन्तर्राष्ट्रियकरण गर्नुको साटो भारतलाई नै विभिन्न माध्यमबाट वार्तामा बस्न दबाब दिन पहल गर्नुपर्ने सुझाव दिने मनस्थितिमा रहेको बुझिएको छ । तर सरकारको यो कदमको औचित्यमाथि पूर्वसचिव द्वारिकानाथ ढुङ्गेलले देउवा सरकारको पालामा समेत सूर्यनाथ उपाध्यायको अध्यक्षतामा यस्तै अध्ययन गर्न गठित समितिको रिपोर्ट थन्काइएकोले योसमेत झारा टार्ने काम मात्र भएको आरोप लगाउनुभएको छ । तर समितिले भने नेपालको भूराजनीतिक अवस्था, त्रिदेशीय बिन्दु र रणनीतिक महत्त्वका साथै नेपालको भारत, चीन र अमेरिकासँगको सम्बन्धलाई समेत ध्यानमा राखेर रायसुझाव दिने मन बनाएको बुझिन्छ । यसबारे भारतसँगको सम्बन्धमा यो सीमा विवादबाहेक सुनकोशी उच्च बाँध, महाकाली सन्धिमा नेपालको अडानबाट समेत प्रभावित हुने अवस्था छ ।

जहाँसम्म चीनसँगको सम्बन्ध छ चिनियाँ महामहिमले संविधान दिवसको अवसरमा मीठो सन्देश पठाउनुभएको भएपनि अहिले केरुङ र तातोपानी नाका बन्द रहनु र उत्तरी सीमा क्षेत्रमा नेपाली भूभागमा चिनियाँ निर्माण हुनुका साथै नेपालीलाई नै प्रवेश निषेध गरेको अवस्थामा वार्तामा नेपाली पक्षको बार्गेनिङ पावर घट्न जाने उपेक्षा गर्न सकिन्छ । त्यसैले भारतसँग वार्तामा बस्नुअगाडि चीनसँगको यी मुद्दाहरूको समाधान जरुरी छ । जहाँसम्म अब अमेरिकाको कुरा छ, नेपालको संसद्ले एमसिसी अनुमोदन गरेमा भारत दबाबमा रहने भई धेरै आशावादी नतीजा ननिस्के पनि वार्ता शुरू हुने अपेक्षासम्म गर्न सकिन्छ ।

नेपाल यस्तो संवेदनशील घडीमा उभिरहेको बखत नेपालका शिक्षामन्त्रीले प्रस्तावना लेख्नुभएको माध्यमिक विद्यालयको सहायक पुस्तकको रूपमा नेपालको सीमा र क्षेत्रसम्बन्धी एउटा पुस्तकको वितरणमा मन्त्रिपरिषद्ले रोक लगाएको छ । ११० पृष्ठको यो पुस्तकलाई शिक्षामन्त्रीले १५ सेप्टेम्बरमा सार्वजनिक गर्नुभएको थियो । यो पुस्तकले नेपालको क्षेत्रफल १,४७,६४१.२८ वर्ग किलोमिटर उल्लेख गर्दै विवादित कालापानी क्षेत्रमा ४६०.२८ वर्ग किमी रहेकोसमेत दाबी गरेको छ । यो दाबीको आधार भने २० मेको मन्त्रिपरिषद्को निर्णय नै हो । तर यस पुस्तकबारे प्रशस्त त्रुटिपूर्ण छपाइ, शिक्षा मन्त्रालयको अधिकार क्षेत्रभन्दा बाहिरको कुरा, सीमा समस्या जस्तो संवेदनशील विषयमा शिक्षामन्त्रीले ६ पृष्ठको प्राक्कथन लेख्नु र आफूले २४ वर्षअगाडि भारतीय सेनालाई लखेटेको आफ्नै प्रशस्ती गान गाउनुका साथै पुस्तक प्रकाशनको समय एवं पुस्तकमा समेटिएका केही महत्त्वपूर्ण दस्तावेजका अंशहरू अहिले नै सार्वजनिक हुनु जस्ता कारणले रोक लगाइएको जानकारी प्राप्त भएपनि यो पुस्तक भारत सरकार वा यसका एजेन्सीहरूको हातमा नपुगेको होला भन्न सकिंदैन । यस कदमले बिग्रिएको अवस्थालाई झन् बिगार्ने काम गरेको छ भने भारतीय संस्थापन पक्षबाट नेपालले दाबी गरेजस्तो ४६० वर्ग किमी नभई ६० वर्ग किमी मात्रै हो भन्ने भनाइ आइरहेको अवस्थामा भारतलाई पुनः पुरानो धारणामा फर्काउने काम भएको छ ।

संवेदनशील कूटनीतिमा यस्तो लहड नेपालकै लागि नोक्सानदेह साबित हुन सक्छ । यस्तो संवदेनशील मुद्दालाई हामीले कति हलुका ढङ्गबाट लिएका छौं । यो यसबाट स्पष्ट हुन्छ कि गत १४ सेप्टेम्बरको मन्त्रिपरिषद् बैठकमा भूमि व्यवस्थापन मन्त्रालय, परराष्ट्र र न्याय कानून एवं संसदीय व्यवस्था मन्त्रालयका तर्फबाट यो कार्य हाम्रो कार्य क्षेत्रमा हस्तक्षेप भएको विरोध आएपछि प्रधानमन्त्रीले समन्वय गरेर अगाडि बढ्न निर्देशन दिनुभयो । यो सम्पूर्ण प्रक्रियाबाट के स्पष्ट हुन्छ भने हाम्रो सरकारले कार्य प्रणालीका साथै निर्णयसमेत लिन कुनै स्थापित आधारहरू छैनन् । जसले जहिले जे पनि गर्न सक्ने र विवाद भएपछि समन्वय गर्न सक्दो रहेछ । हाम्रा मित्र राष्ट्रहरूले हाम्रो यस्तै कमजोरीको फाइदा उठाउँदै हामीलाई प्रत्येक सन्धि सम्झौतामा चेपुवामा पार्दै लगेका हुन् र यसमा सुधार नभए यो क्रम रोकिनेछैन ।

२०७७ असोज १४ गते बुधवार

विकास किन हुँदैन ?

असोज १ गते खबर अनलाइनमा नेपाल सरकारले अबदेखि पिसिआर परीक्षणसँगै सिटी भ्यालु पनि दिने निर्णय गरेको समाचार पढें । यस सम्बन्धमा बितेका अङ्कहरूमा सिटी भ्यालु भनेको साइकल थ्रेसहोल्ड हो र यसको कट अफ लाइन २४ हुन्छ अर्थात् यो २४ भन्दा बढी छ भने खतरनाक र रोग सार्ने नहुने र २४ भन्दा घटी भएमा सावधानी अपनाउनुपर्ने जानकारी भारतको एम्सका एक चिकित्सकबाट युट्युबमार्फत् प्राप्त भएको जानकारी गराउँदै वीरगंजमा समेत पिसिआर परीक्षणसँगै सिटी भ्यालु पनि जानकारी गराउन फेसबूकमा पोस्ट राख्नुका साथै लेखबाट समेत जानकारी सार्वजनिक गरेपछि प्रजिअज्यूको पहलबाट करीब एक सातासम्म सिटी भ्यालुसमेत जानकारी प्राप्त भयो । तर त्यसपछि त्यो पुनः सार्वजनिक गर्न रोकियो । अहिले सार्वजनिक गर्ने नेपाल सरकारको निर्णय पढेपछि सम्भवतः कोभिड उपचारको राष्ट्रिय प्रोटोकलमा यो नभएकोले स्थानीयबाट सार्वजनिक गर्न रोकिएको हुन सक्छ जस्तो लाग्यो । तर यससँगै एउटा प्रश्न पनि के उठ्यो भने हाम्रा निर्णय र कामहरू दुवै ढिलो किन हुन्छ ?

असोज ३ गते हामीले संविधान दिवस मनाइरहँदा सम्माननीय प्रमज्यूको सम्बोधनबाट कोभिड दुष्प्रभावका बावजूद नेपालका सबै आर्थिक सूचकाङ्कहरू सन्तोषजनक नै रहेको जानकारी पाउँदा मन प्रसन्न भयो तर सँगै अन्तर्राष्ट्रिय वित्तीय संस्था र स्वयम् नेपालकै अर्थविद्हरूले नेपालको आर्थिक वृद्धिदर दुई प्रतिशतमा सीमित हुने भनाइले दिमागमा कुन चाहिं ठीक र कुन चाहिं बेठीक भन्ने प्रश्न उब्जाइदिएको छ । मौसमले राम्रो साथ दिएको कारण ९७ प्रतिशत धानखेती भएको खुशी लाग्ने समाचारको पृष्ठभूमिमा टेन्डर सकार गर्ने ठेकेदारले रासायनिक मल नै नल्याइदिएको समाचारले रोपाइँ करीब ३ प्रतिशत जमीनमा बढी भएको तथ्याङ्कले धानखेती कति प्रतिशतले घट्ने हो भन्ने प्रक्षेपण जान्न खोज्दा कतै केही फेला परेन ।

वर्तमान कृषिमन्त्रीज्यू सांसद भएका बखत वीरगंजमैं पाठशालाद्वारा आयोजित एक कार्यक्रममा उहाँको दार्शनिक एवं क्रान्तिकारी भाषण सुनेर मन्त्रमुग्ध भएको मेरो मन उहाँको यो असफलता देखेर खिन्न भएको छ । यसै लहलहैमा रासायनिक मल कारखाना बनाउने आवाज ठूलो स्वरमा उठेको छ । त्यो कति दिनसम्म रहने र कति दिनपछि सेलाउने हो भविष्यको गर्भमा नै रहनेछ । पश्चिम सेती ७०० मेगावाटको आयोजना १५-१६ वर्ष अस्ट्रेलियाली कम्पनीले झुलायो र अब चिनियाँ कम्पनीले झुलाउँदा-झुलाउँदै बन्दै नबन्ने हो कि भन्ने अवस्थामा आइपुगेको छ । महाकालीको त कुरै नगरौं २५ वर्षमा समेत डिपिआर बन्न नसकेको आयोजनाको बारेमा यही स्वरूपमा बन्न नसक्ने भएकोले मोडालिटी परिवर्तन गर्ने प्रस्तावसमेत भारतीय मन्त्री नीतीन गडकरीले गरिसकेकाले यो अब बन्ला र नेपालले यसबाट लाभ पाउँला भन्ने आशा गर्नु नै व्यर्थ छ ।

अन्नको भण्डारमा कृषि उपजका साथै आवतजावत सुगम गर्न र वैकल्पिक राजमार्गको समेत महत्त्व राख्ने हुलाकी सडक सम्पन्न हुने कुरालाई वीरबलको खिंचडी पाक्ने घटनासँग तुलना गर्न सकिने अवस्था छ भने अब आएर निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको

निर्माणमा समेत अवरोध भएका समाचारहरू बाहिर आएका छन् । सेक्युरिटी प्रेस खरीद, वाइडबडी, चिनियाँ जहाज खरीदका साथै ३३ अर्बको खारेज भएको रेलवेको ठेक्का, राष्ट्रिय गौरवका आयोजनाहरूको सुस्त प्रगति र कोभिड अवरोधमा भएको ४ महीने लकडाउनका बावजूद सबै आर्थिक सूचकाङ्क सन्तोषजनक राख्न सफल अर्थमन्त्रीले भने राजीनामा दिनुपरेको छ। उहाँले राजीनामा दिने एकमात्र कारण अब वामदेव गौतमलाई राष्ट्रियसभाको सदस्य बनाउनुपरेको कारण हो । कानूनविद्हरूका अनुसार राष्ट्रियसभामा उहाँको नियुक्ति नै कानूनविपरीत छ तर पार्टीको दबाबमा सरकारले सिफारिश गऱ्यो र राष्ट्रपतिबाट उहाँको मनोनयन भयो। पार्टी र सरकारले कानूनविपरीत कार्य गर्ने र त्यसलाई राष्ट्रपतिजस्तो सम्मानित संविधानको संरक्षक मानिने संस्थाले समेत अनुमोदन गर्नुबाट मलाई हाम्रा कानूनविद्हरूले कानूनको पूर्ण जानकारी नै नराखी विरोध गरेको जस्तो लाग्छ किनभने दुई तिहाइ बहुमतप्राप्त दल र त्यसको सरकारले कसरी गलती गर्न सक्छ र महामहिम राष्ट्रपतिबाट समेत कसरी कानूनविपरीतको सिफारिश हुन सक्छ ?

सरकार संविधान र कानून अनुसार नै चलेको छ । हाम्रो संविधानले धर्मनिरपेक्षता स्वीकार गरेकोले धर्मान्तरण कसरी कानूनविपरीत हुन सक्छ ? गौर, जनकपुर र नेपालगंजमा तोडिएका मन्दिरहरू सबै कानून अनुसार नै तोडिएका हुन् । त्यसो नहुँदो हो त गृहमन्त्रीले पुजारी हत्याको विरोध गर्नेहरूलाई तह लगाउने लिखित परिपत्र कसरी जारी गर्नुभयो ? २०७२/०७३ को जनआन्दोलनमा ५४ जनालाई ठेगान लगाउने सरकारलाई अहिले मधेसमा ८-१० जनालाई ठेगान लगाउँदा मानवीय समवेदनाको कुरा उठाउनेहरू मूर्ख हुन् । कानून व्यवस्था कायम गर्न यस्तो गर्नैपर्छ। यसबाट देशलाई ठूलो फाइदा पनि भएको छ । यसैबाट नेपालका मधेसवादी दलहरू आफ्नो स्तरोन्नति गरी राष्ट्रिय दल बन्न सफल भएका छन् । भारतले छोपेको कालापानी क्षेत्रमा धमाधम सुविधा विस्तार र निर्माण कार्य गरिरहेको छ भने अर्को अत्यन्त भरपर्दो उत्तरी छिमेकीले पनि नेपाली क्षेत्रमा निर्माण गरेर नेपालीलाई नै आवतजावतमा रोक लगाएको छ । दुवै हाम्रा मित्रराष्ट्र हुन् । झैंझगडा किन गर्ने ? विवादित क्षेत्रका जनताले जता बस्छु भन्छ, त्यो क्षेत्र उसैलाई दिएर सजिलै सल्टाउन सकिने कुरालाई व्यर्थमा विवादित बनाउनु कदापि बुद्धिमानी होइन । मानवीय समवेदनामा समेत हामी अब्बल छौं । एक वर्षअगाडि घटेको मुस्कान खातुनको घटनालाई सुरजसिंह ठकुरीले केही अन्य पीडितका साथै टिभी शो प्रस्तुत गरेपछि महान्यायाधिवक्ता महोदयको अग्रसरतामा प्रधानमन्त्री स्वयंले उनीहरूले अपेक्षा गरेभन्दा बढी ठूलो सहयोगी हात अगाडि बढाउनुभएकै छ । मधेसमा पनि मधेसी शहीदहरूको फोटो भऱ्याङमुनि डस्टबिनमा फालेको भएपनि शहीद दिवस त मनाए । त्यत्रो मेहनत गरी मनाएको शहीद दिवसमा मासुभात खायो भनेर लाञ्छना लगाउनु ठीक होइन । मह काढ्नेले हात चाट्नु त स्वाभाविकै कुरा हो ।

मलाई लाग्छ नेपालमा काम नपाउनेहरूको एउटा ठूलो समूह बन्दैछ, जसले सरकारले गरेका हरेक कामलाई गलत र नाजायज भनिदिन्छन् । नपत्याए सुदर्शन आचार्यको असोजमा नयाँ पत्रिकामा प्रकाशित लेख पढ्नुस् । उहाँ भन्नुहुन्छ, "वैज्ञानिक तथ्य अनुसार ज्येष्ठ प्राणी मानसिक र शारीरिक दुवै हिसाबले शिथिल हुन्छन् । अर्को तथ्य

के हो भने गतिशून्य हुँदा ऊर्जा पदार्थमा सीमित हुन जान्छ । त्यसैले शारीरिक गतिशून्यताका कारण नेपालका नेताहरूको पदार्थको अवस्था जडमा पुगिसकेको छ र यही कारणले देशको विकास सम्भव भइरहेको छैन ।" यो पढेपछि म रिसले रन्थनिएर नेपालको विगतका घटनाक्रमलाई सम्झिन थालें । युरोपमा त ४०-५० वर्षको उमेरलाई युवा अवस्था मानिन्छ । हाम्रा सबै नेता सत्तामा आएदेखि उच्चकोटिको युरोपेली जीवनशैलीमैं बाँचिरहेका छन् भने किन यस्तो कुतर्क उठाइँदैछ भनेर सोचिरहन बाध्य भएँ । नेपालमा पञ्चायतकालभरि पञ्च र कम्युनिस्टहरूले विपीको विरोध र अन्तर्राष्ट्रिय तत्त्व शब्दको प्रयोगको भरमा राजाको नाम लिएर शासन गरेको सम्झें भने प्रजातन्त्र बहालीपछि २०४६ सालदेखि २०७७ सालसम्म आइपुगदा काङ्ग्रेस र कम्युनिस्ट दुवैले क्रमशः विपी, गणेशमान र पुष्पलाल तथा मदन भण्डारीको नाम बेचेर राजनीतिक गुजारा चलाइरहेको सम्झना भयो । किनभने समाजवादको वकालत गर्ने काङ्ग्रेसले कलवलगुडी सम्मेलनबाट समाजवादलाई 'उन्नतिको समान अवसर'को रूपमा परिभाषित गरेर गाँस, बास र कपासको नैतिक जिम्मेवारीबाट मुक्त भयो भने कम्युनिस्टहरू जबज र २१औं शताब्दीको जनवादको खोल ओढेर अग्रजको स्मृतिलाई कमाइखाने भाँडोको रूपमा प्रयोग गरेको सम्झिन पुगें ।

यो सबै कुरा सम्झिरहँदा सुदर्शन आचार्यको आखिर विकास किन भएन भन्ने प्रश्न भने जायज हो जस्तो लागिरह्यो । त्यसैले यो चिन्तनबाट फुत्किन मेरा परम शुभचिन्तक वरिष्ठ चिकित्सक डा काशीकान्त झालाई सुदर्शन आचार्यको लेखको सारांश सुनाएर प्रतिक्रिया मागे । उनले त्यस्तो केही नहुने र बुढचौलीमा डिमेन्सियासम्म हुने भन्दै हाम्रा सबै नेता सक्रिय जीवनयापन नै गरिरहेको उदाहरण दिनुभयो । हुन पनि देउवा, दाहाल र ओली प्रारम्भको अवस्थामा उग्र क्रान्तिकारी रहनुभएको तर अहिलेको अवस्थामा उहाँहरूको सम्बन्ध हेर्दा अघोषित समझदारी भएजस्तै देखिन्छ । किन यस्तो भयो भनेर मन्थन गरिरहँदा तीनजनैमध्ये जोकोही प्रधानमन्त्री भएपनि अहिले जे भइरहेको छ, त्यसैलाई निरन्तरता दिनेबाहेक नयाँ नौलो कसैले केही गर्न नसक्ने आत्मबोध भएको हुन सक्छ जस्तो लाग्छ । यस्तो कहिले हुन्छ, जब व्यक्तिमा दूरदृष्टि हुँदैन । दूरदृष्टि नभएको व्यक्तिले लक्ष्य बनाउन सक्दैन किनभने उसमा लक्ष्य प्राप्त गर्न चाहिने पाँचवटा विशेषता, जसलाई व्यवस्थापन विज्ञानले SMART भन्छ, हुँदैन ।

S= Specifie
M= Measurable
A= Achievable
R= Rewarding
T= Timebound

यस्ता व्यक्तिहरू आफ्नो अक्षमता लुकाउन Rewarding भएर सत्ता सञ्चालन गर्न खोज्छन्, जसले कानूनी राज्यको उपहास हुन्छ र देशमा विकास हुँदैन ।

२०७७ असोज ०७ गते बुधवार

काङ्ग्रेस जाग्ला ?

यो शीर्षक श्री पुरञ्जन आचार्यको भदौ १९ गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशित लेखमा उल्लिखित एउटा प्रसङ्गबाट लिएको छु । एउटा युवकसँग भएको संवादमा युवकले उनीसँग सोधेको प्रश्न हो यो र यसको उत्तर आफैं दिंदै "हुनत सबै पार्टी लुटेरा नै हुन् तर काङ्ग्रेसले यसरी महीनौं काम नगरी खान कहिल्यै रोकेको थिएन ।" "सर अन्य देशमा पनि यस्तै बन्दाबन्दी छ ?" भन्ने युवकको प्रश्नको उत्तरमा श्री आचार्यले नेपालबाहेक भारत, श्रीलङ्का, पाकिस्तान र बङ्गलादेश सबैतिर बन्दाबन्दी भएपनि नेपालजस्तो कहीं भएन । चीनमा समेत वुहानबाहेक कहीं भएन"–भन्ने उत्तर फर्काएको प्रसङ्ग उल्लिखित छ । यसै प्रसङ्गमा उनले काङ्ग्रेसलाई अब अगाडि बढ्न आफ्नो आसन्न महाधिवेशनमा धर्मनिरपेक्षता, गणतन्त्र र सङ्घीयताको सम्बन्धमा स्पष्ट अवधारणा बनाउनुपर्ने समेत उल्लेख गरेका छन् ।

उनले उठाएको यस्तो गम्भीर मुद्दाबारे सोच्दै गर्दा भदौ २७ गतेको नयाँ पत्रिकामा 'काङ्ग्रेस महाधिवेशन सन्दर्भमा मधेस मुद्दा' शीर्षकको धर्मेन्द्र झाको लेख पढ्न पाइयो । यस विचारोत्तेजक लेखमा उनले मधेस २००७ सालको क्रान्तिपछि काङ्ग्रेसको आधार क्षेत्र रहेको र यसै क्रममा महेन्द्रनारायण निधि, भद्रकाली मिश्र, परशुनारायण चौधरी, वेदानन्द झा, रामचन्द्र मिश्र, रामजन्म तिवारीजस्ता नेताहरू नेपाली काङ्ग्रेसमा रहेका भएपनि उनीहरूले कहिले समुचित अवसर प्राप्त नगरेको तथ्य औंल्याएका छन् । यो सत्य पनि हो– पुरानो पुस्ता महामन्त्रीभन्दा माथि पुग्न सकेको छैन भने नयाँ पुस्तामा आइपुग्दा विमलेन्द्र निधि उपसभापतिसम्म पुगेका छन् र आफूलाई सभापतिको दाबेदारको रूपमा प्रस्तुत गरेका छन् । आजको दिनमा पूर्वदेखि पश्चिमसम्म नियाल्दा मधेसको १८–१९ जिल्लाबाट केन्द्रीय नेतृत्वमा पुग्ने मधेसी काङ्ग्रेस नेताहरूको सङ्ख्या औंलामा गन्न सकिन्छ । यस आधारमा मधेससँग विभेद भएकै हो तर के यसमा पार्टीको मात्रै दोष छ?

यसलाई केलाउँदा मलाई कान्तिपुरमा पढेको यससम्बन्धी एउटा लेखको सम्झना आयो तर आफूसँग त्यो उपलब्ध नभएकोले खोजी गर्दा २०७७ भदौ १९ गतेको कान्तिपुरमा प्रकाशित प्रमोद मिश्र र तुलानारायण साहको 'मधेसमा सम्भ्रान्तको (अ)सफलता' शीर्षक लेख एकजना पत्रकारको माध्यमबाट उपलब्ध भयो । यो लेख लेखकद्वयले २०१९ डिसेम्बर महीनामा पूर्व झापादेखि पश्चिम कैलालीसम्मको यात्राको क्रममा कोशी र गण्डकबीच मधेसमा गरेको अध्ययनको निष्कर्ष हो । यस लेखमा मधेसका यी भूभागका सम्भ्रान्त परिवारलाई जातीय सम्भ्रान्त, भूमि सम्भ्रान्त, शैक्षिक सम्भ्रान्त र राजनीतिक सम्भ्रान्त गरी चारवटा समूहमा विभाजित गरिएको छ ।

१) जातीय सम्भ्रान्त– जातीय जनसङ्ख्या र जमीनदारीको बलमा राजनीति गर्न

खोज्ने यो समूहले अवसर पाएको बेला नाता-कुटुम्बबारे मात्रै सोच्ने र नपाएको अवस्थामा भारतमा बेटी-रोटीको सम्बन्ध भएकोले स्वाभिमान तुष्टिको लागि जीविकोपार्जन गर्ने समूह ।

२) भूमि सम्भ्रान्त- भूमि सम्भ्रान्तहरूले दलितलाई मजदूर बनाएर जसरी पनि आफ्नो कृषि कर्म पूरा गराउने सोच राख्दै राजनीतिमा मनोनीत वा निर्वाचित भएर थप प्रभावशाली भएको ।

३) शैक्षिक सम्भ्रान्त- मधेसमा जातीय र भूमि सम्भ्रान्तहरूकै पहुँच शिक्षामा बढी भएकोले शिक्षण, प्राविधिक शिक्षा, बन्दूक (सुरक्षा क्षेत्र) र कलम (प्रशासन, न्यायालय)मा प्रवेशको लागि मात्र इच्छुक ।

४) राजनीतिक सम्भ्रान्त- यो तप्काका सम्भ्रान्तहरूले लामो समयसम्म मनोनीत हुने राजनीति मात्र गरे र पछि केही मात्रामा निर्वाचन जित्न थाले । वेदानन्द झादेखि भद्रकाली मिश्रसम्मले मन्त्री र अञ्चलाधीश बन्ने काम त गरे तर वैचारिक नेतृत्व दिन सकेनन् ।

प्रमोद मिश्र र तुलानारायण साहको यो वर्गीकरणमा एउटा अचूक समानता के पाइन्छ भने सबै सम्भ्रान्तले आफ्नै उन्नतिको कुरा मात्रै सोच्ने र गरीब, दलितहरूलाई सधैं थिचोमिचो गरेर राखेमा आफ्नो वर्चस्व कायम रहने औपनिवेशिक सोचबाट बाहिर निस्किन सकेनन् । राजनीतिमा पाएको दोस्रो दर्जाका व्यवहारका कारण यिनले आफ्नो सन्तानलाई डाक्टर, इन्जिनीयर जस्तो प्राविधिक शिक्षाको क्षेत्रमा मात्रै लगाए । राजनीति एवं सामाजिक शिक्षाको क्षेत्रमा अत्यन्त अपहेलित रह्यो, जसका कारण यिनको परिवारमा वैचारिक परिवर्तन हुन सकेन र औपनिवेशिक सोच आज पनि कायम छ ।

यसै कारण मधेसमा काङ्ग्रेसको जनाधार खस्कँदै गएको लाग्छ मलाई, किनभने प्रजातन्त्रको पुनर्बहाली र माओवादी आन्दोलनपछि जनचेतनाको स्तर केही बढेको छ । २०४६ सालको जनान्दोलनपश्चात् नेपाली काङ्ग्रेसको सरकारले केही क्रान्तिकारी कार्यको सुरुआत त गऱ्यो तर त्यसको नतीजाको वास्ता गरेन । जस्तै शिक्षा क्षेत्रमा ठूलो परिवर्तन भयो तर मध्य तराई र हालको २ नं प्रदेशमा एउटै विश्वविद्यालय खुलेन । प्रस्तावित वीरगंज विश्वविद्यालय संसद्को टेबुलमा नै छ भने राजर्षि जनक विश्वविद्यालयको अवस्थाबारे पनि केही भनिरहनुपर्ला जस्तो लाग्दैन । महामानव विपीले देशको योजना बनाउँदा हलो जोत्ने एउटा गरीब किसानलाई हेर्नु भनेर दिएको विम्बात्मक सन्देश (यो शब्दमा प्रदीप गिरीको नेपाली बहस अन्तर्वार्ताबाट साभार) समेत नबुझी स्थानीय निकायलाई बजेटको कमी हुन नदिन शुरू गरिएको ढुङ्गा, गिट्टी, बालुवाको दोहनले पूर्वदेखि पश्चिमसम्मको चुरे शृङ्खला विनाश हुने अवस्थामा पुग्नुका साथै त्यसको जल वितरण प्रणालीसमेत समाप्त भई प्राकृतिक सिंचाइ प्रणाली तहसनहस भएको छ भने काङ्ग्रेसले नै निजीकरणको नाममा मधेसमा सञ्चालनमा रहेका

नगदेबाली, कच्चा पदार्थको रूपमा प्रयोग हुने जुट, सुर्ती, चिनी र कागज उद्योग निजीकरण गरी सञ्चालन हुने व्यवस्थाको सट्टा बन्द गर्ने व्यवस्था मिलाएर नेपालको अन्नभण्डार भनिने तराईलाई आयआर्जनको कुनै विकल्प नदिई दरिद्रताको भुमरीमा धकेलेकोले तराई-मधेसका जनताले काङ्ग्रेसको विकल्पमा मधेसको नामबाट राजनीति गर्न आएका दलहरूलाई छनोट गरेको हो । त्यसैले मधेससँग विभेद भएकै हो तर त्यो जति राजनीतिक दलभित्रको जातीय वर्चस्वले भएको छ, त्यति नै मधेसी नेताहरूको कमजोरीबाट पनि भएको हो भन्ने लाग्छ ।

त्यसैले अब काङ्ग्रेस जाग्रत हुन सर्वप्रथम आफ्नो आधार क्षेत्र मधेसलाई आसन्न महाधिवेशनमा उचित प्रतिनिधित्व दिन जरुरी छ । त्यसपछाडि नेपाली काङ्ग्रेसको महाधिवेशनले प्रदेश २ र कर्णाली प्रदेशको प्रतिव्यक्ति आय र मानव विकास सूचकाङ्क कम्तीमा राष्ट्रिय औसतमा पुऱ्याउने ५ वर्षे कार्ययोजना पारित गर्नुपर्दछ । यसपछि श्री पुरञ्जन आचार्यको धर्मनिरपेक्षता, गणतन्त्र र सङ्घीयताबारे आफ्नो धारणा सार्वजनिक गर्नुपर्दछ । तर राष्ट्रिय एवं अन्तर्राष्ट्रिय परिस्थितिको आकलन गर्दा धर्मनिरपेक्षता पल्टाउन सकिने अवस्था नभएकोले धर्म परिवर्तन रोक्ने गरी तत्काल लागू हुने कडा प्रतिबन्धको प्रस्ताव अगाडि सार्नुपर्नेछ ।

गणतन्त्र र सङ्घीयतामा म कुनै दोष पाउँदिनँ । यो हामी मतदाताले गलत व्यक्तिलाई छानेर पठाएको प्रतिफल हो । त्यसैले देशभरिका सबै निर्वाचन क्षेत्रमा नयाँ पुस्ताले इमानदारलाई जिताउने अभियान थालेमा २०-२५ प्रतिशतसम्मको निर्वाचन क्षेत्रबाट निर्वाचित इमानदार जनप्रतिनिधिहरू पनि संसद् पुगेमा गैरइमानदारहरूलाई धेरै असजिलो पर्न सक्छ । त्यसैले गणतन्त्र र सङ्घीयतालाई दोष दिनुभन्दा लोभ, लालच र प्रपञ्चमा नपरी आफ्नो मताधिकार प्रयोग गर्दा जुनसुकै व्यवस्था राम्रो हुने थुप्रै उदाहरण हाम्रोसामु छ । भ्रष्टाचारबारे नबोल्नु नै जाती किनभने कुनै पनि राजनीतिक दलमा यसलाई नियन्त्रण गर्ने सामर्थ्य छैन । त्यसैले काङ्ग्रेसले आफ्नो सम्पूर्ण ध्यान मधेसमा गुमेको वर्चस्व स्थापित गर्न केन्द्रित हुन त्यत्तिकै जरुरी छ, जति राष्ट्रिय मुद्दाहरूमा छ । यसपालि पनि मधेसको उपेक्षा भयो भने नेपाली काङ्ग्रेसले आगामी निर्वाचनमा विजयको कल्पना नगरे हुन्छ ।

२०७७ भदौ ३१ गते बुधवार

कोरोना कहर !

रोबर्ट एफ केनेडी जुनियरले जर्मनीको बर्लिन शहरमा १०औं हजार जनसमुदायलाई सम्बोधन गर्दै भने- बिल गेट्सका Bio- security agenda, the rise of Authoritarean surveillance state and the big pharma sponsored coup d'etat against liberal democracy. The pandemic is a crisis of convenience for the elite who are dictating these policies.

इटलीमा पिसिआर परीक्षण प्रतिबन्धित गरिएको छ भने बुरुन्डीमा डब्लुएचओका प्रतिनिधिहरूलाई निष्काशित गरिएको छ । इटालीले कोभिड-१९ शुरू भएपश्चात् ९९ प्रतिशतको मृत्यु अन्य रोगले भएको दाबी गरेको छ । किटमैं 'नट फर मेडिकल युज' भनी लेखिएकोलाई कोरोना परीक्षण किटको किटान नतीजा दिने साधनको रूपमा प्रयोग गरी विश्वलाई नै धोखा दिइएको कुरा तान्जानियामा फलफूल र पशुपक्षीमा समेत केरोना पोजेटिभ भेटिएबाट पुष्टि हुन्छ । नेपालमा कोरोना बाहेक अन्य रोगबाट मृत्यु हुनेको सङ्ख्या औसत ३ हजार छ भने ६ महीनामा कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ३०० मात्र छ र लकडाउनका कारण आय आर्जन गर्न नसकी आत्महत्या गर्नेहरूको सङ्ख्या १८ सयदेखि २ हजारसम्म पुगिसकेको छ । यस्तो अवस्थालाई विचार गर्दा केनेडी जुनियरको भनाइ नै ठीक हो जस्तो लाग्छ ।

तर देश विदेश छाडी अब कुरा गरौं नेपालको । नेपालमा कोरोना महामारीको सम्बन्धमा बेलायतको अक्सफोर्ड विश्वविद्यालयको पोलिसी म्यानेजमेन्ट र अक्सफोर्ड पोलिसी एन्ड एनालाइटिक्स अफ द डिपार्टमेन्ट अफ मेडिसिनले नेपालमा कोभिड व्यवस्थापनबारे "Modelling of Covid-19 Strategies in Nepal शीर्षकको एउटा अध्ययन गराएको छ जसमा तीनवटा विकल्पलाई आधार बनाइएको छ ।

१. न्यून हस्तक्षेपकारी नीति,

२. मध्यम हस्तक्षेपकारी नीति र

३. उच्च हस्तक्षेपकारी नीति ।

१) न्यून हस्तक्षेपकारी नीति अन्तर्गत नेपालमा लकडाउन प्रथमको अन्त्यसँगै हात नधुने, सेनिटाइजर प्रयोग नगर्ने, सामाजिक दूरी कायम नगर्नेजस्ता पूर्ववत् सामान्य अवस्थामा कोभिडको प्रकोपको अवस्थाबारे अनुमान प्रक्षेपण गरिएको छ । हुनत यो अवधिपछि नेपालमा लकडाउन झन् कडाइका साथ लागू गरिएको छ ।

२) मध्यम हस्तक्षेपकारी नीति- यस अन्तर्गत शैक्षिक संस्थानहरूलाई १८ मईपछि २६ हप्ताको लागि बन्द गर्ने, हात धुनेलगायत सीमाबाट हुने सङ्क्रमण रोक्न १९ मईपछि २६ हप्ताको लागि लागू गर्ने र सामाजिक दूरी कायम राख्न नपर्ने एवं होम क्वारेन्टाइन र लक्षण भएकाहरूको सेल्फ आइसोलेशन गर्ने व्यवस्थाको अन्त्य गर्ने ।

३) उच्च हस्तक्षेपकारी नीति- यस अन्तर्गत हात धुने कामलाई १८ मईपछि २६

हप्ताको लागि निरन्तरता दिने र होम क्वारेन्टाइन र लक्षणसहितको सेल्फ आइसोलेशनलाई पनि १८ मईपछि १२ हप्ताको लागि निरन्तरता दिँदै सामाजिक दूरी कायम राख्ने, सीमा बन्द र शैक्षिक संस्था बन्द राख्नु मानिएको छ । यस सम्बन्धमा अनुसन्धानपत्रको टेबल यस प्रकार रहेको छ । (टेबल तल छ)

अर्कोतर्फ डब्लुएचओका नेपाल प्रमुख भान्देलारले भने विश्वका अन्य मुलुकहरूमा सङ्क्रमितको सङ्ख्या कुल जनसङ्ख्याको १-२ प्रतिशत रहेको भए पनि नेपालमा यो जनसङ्ख्याको ०.१ प्रतिशत मात्र रहेको र नेपालमा मध्यमस्तरको सङ्क्रमण रहेको भनाइ सार्वजनिक गरेको सन्दर्भ हेर्दा अक्सफोर्ड विश्वविद्यालयको अध्ययनको उच्च हस्तक्षेपकारी नीतिमा समेत कतै पूर्ण लकडाउन गर्ने कुरा उल्लेख नभएको अवस्थामा ६,६०० आइसियु बेड र १ हजार भेन्टिलेटरले उपचार धान्न सकिने तर मृत्युदर भने बढी भई वर्षको अन्त्यसम्म ३१ हजारसम्म पुग्ने प्रक्षेपण गरेको छ । अक्सफोर्ड र डब्लुएचओ दुवैको भनाइमा एउटा समानता के छ भने peak october मा आउने छ अर्थात् यसको प्रकोप अक्टोबरमा उच्च भई क्रमशः ओरालो लाग्नेछ तर समाप्त भने खोप निर्माण नभएसम्म हुन्छ भन्ने अवस्था छैन ।

यस्तो अवस्थामा अदूरदर्शितापूर्वक लागू गरिएको लकडाउनबाट नेपालको अर्थतन्त्रमा परेको प्रभावबारे आइएमएफले समग्रमा एशियन मुलुकहरूकै आर्थिक वृदिदर ० प्रतिशत रहने भनाइ सार्वजनिक गरेको छ । नेपालको पनि २ प्रतिशतभन्दा तल रहेकोले सरकारले सार्वजनिक नगरेको भनाइहरू बाहिरिएका छन् । नेपालको कुल गार्हस्थ्य उत्पादनमा २७.४२ प्रतिशत योगदान गर्ने रेमिटयान्स ३०-४० प्रतिशतले घटने अनुमानको आधारमा नेपालको विदेशी मुद्रा सञ्चिति पनि घट्न गई अवमूल्यनको खतरा बेहोर्नुपर्ने अवस्थासमेत आउन सक्छ । पर्यटनको १.५-३.६ प्रतिशत, यातायात, सञ्चार र भण्डारणको ७ प्रतिशत, शिक्षाको ७ प्रतिशत र बैंकिङ क्षेत्रको ६.५ प्रतिशत योगदान कुल गार्हस्थ्य उत्पादनमा रहँदै आएकोमा लकडाउनका कारण यी सबै क्षेत्र बन्दप्रायः रहेकाले र समग्रमा निजी एवं सरकारी क्षेत्रको योगदानको हिसाब गर्दा अर्थतन्त्रमा सरकारी योगदान २२.१ प्रतिशत र निजी क्षेत्रको ७७.९ प्रतिशत रहेको तथ्य पाइन्छ । लकडाउनको अवधिभरि निजी क्षेत्र पूर्णरूपमा बन्द र सरकारी क्षेत्र आंशिक सञ्चालित रहेको यो अवस्थामा भोलि नेपालसमेत भोकमरी र त्यसबाट सृजित कुव्यवस्थाको शिकार नहोला भन्न सकिन्न । मौसम राम्रो र अनुकूल भएकोले धान रोपाइँ ९७ प्रतिशतसम्म भएको खुशीले हँसिलो देखिएको नेपाली अनुहार समयमा मल नपाएर र अब रोग लागेर धानबाली बिग्रेको समस्याले पीडित भएको छ । यसको दुष्प्रभाव पनि हामीले नै बेहोर्नुपर्नेछ ।

नयाँ पत्रिकाबाट सुजित महतले पोस्ट गरेको एउटा महिलाको पीडाको विवरणमा दिइएको तथ्याङ्क अनुसार नेपालमा ३ करोडमध्ये २ करोड ८ लाख काम गर्न सक्ने समूहका छन् तर तीमध्ये १ करोड २३ लाख अर्थात् ६० प्रतिशतले गर्ने श्रम रोजगारको

परिभाषामा पर्दैन र रोजगार गर्ने भनिएका ८० लाखमध्ये ५७ लाख अनौपचारिक क्षेत्रमा छन् । अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अनुसार औपचारिक क्षेत्रको निर्माण, उत्पादन र व्यापारजस्ता क्षेत्रमा ३७ लाख मजदूर छन् जसमध्ये १५–२० लाखले रोजगार गुमाएका छन् । अब औपचारिककै २० लाख र अनौपचारिकको ५७ लाखको जीवनलाई छाक टार्नका लागि पनि सरकारले कुनै कार्यक्रम बितेको ६ महीनामा ल्याउन सकेको छैन । यस अवस्थामा लकडाउन लम्ब्याउने हो भने नेपालले भोग्नुपर्ने सङ्कट अकल्पनीय हुन सक्छ । त्यसैले अब सरकारले लकडाउन खोल्नुको विकल्प देखिन्न । तर खोल्नु भनेको छाडा हुन दिनु होइन । जतिसुकै बिओपी स्थापना गरेपनि सीमा सिल गर्न नसक्ने हाम्रो योग्यतालाई ध्यानमा राखी अनौपचारिक क्षेत्रमा संलग्न हुने श्रमिकको कार्य क्षेत्र खुला गर्ने, औपचारिक क्षेत्रलाई समेत खोल्दै जानुका साथै अगाडि बढ्नुपर्ने बाध्यता छ ।

किनभने प्रमले अब सरकारले निशुल्क उपचार धान्न नसक्ने भन्दा नेपालको रिकभरी दर ५६ प्रतिशत मात्रै छ । यो हुनुको अर्थ ०.५ प्रतिशत मृत्युदरलाई आधार मान्दा आइसोलेशन र उपचार (भेन्टिलेटर+आइसियु)मा ४४.५ प्रतिशत सङ्क्रमित छन् । यो विश्वमैं सबैभन्दा खराब रिकभरी रेट हो । त्यसैले सरकारले महँगो रेमिडेसिविरको मात्रै भर नपरी अन्य सस्तो मूल्यको भारतीय बजारमैं उपलब्ध औषधिहरूसमेत आयात गर्ने इजाजत दिएर रोकथाम विधि मात्रै प्रयोग गर्नुको साटो उपचारात्मक सेवा पनि सुलभ बनाउनेतर्फ ध्यान दिनु जरूरी छ । अहिले डब्लुएचओले नै मास्क सधैंभरि लगाइरहनु नपर्ने र लकडाउनसमेत खुकुलो बनाउन सकिने भनाइ सार्वजनिक गरेको बेला नेपालले मात्रै एकान्तवास गरिरहनु उचित छैन । कोरोना सम्बन्धमा नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा भगवान कोइरालाले विज्ञहरूको सल्लाहको बेवास्ता गरिएकोले बैठकमैं जान छाडेको अभिव्यक्ति दिएबाट हामी कुन स्तरको रेखदेख पाइरहेका छौं स्पष्ट हुन्छ । त्यसैले पाठकवृन्द ! सामाजिक दूरी कायम राख्दै साबुन–पानीले पटक–पटक हात धुने काम जारी राख्दै अन्य अनावश्यक प्रतिबन्ध हटाउन सरकारसँग जोडदार माग गर्नु आवश्यक छ ।

२०७७ भदौ २४ गते बुधवार

धर्मको नाममा राजनीति

नेपाल हिन्दू राष्ट्र थियो । २०४६ सालको जनान्दोलनमा यसलाई परिवर्तन गर्न एक शब्द कसैले कतै उच्चारण गरेन, तर देश धर्म निरपेक्षमा परिणत भयो । कट्टर हिन्दूवादीबाहेक कसैले खासै वास्ता गरेन, तर आजभोलि हुने गरेका गौर र जनकपुरजस्ता घटनाले भने सबैको कान ठाडो पारेको छ । यसका साथै नेपालको झन्डा जलाउनु र वाक् स्वतन्त्रताको नाममा गाईको मासु काटेर खान पाउनुपर्ने, सिन्धुबाट हिन्दू भएकाहरू लुटेरा समूह भएको कुरासमेत सामाजिक सञ्जालबाट व्यापकरूपमा प्रसारण भइरहेका छन् ।

सन् २००७ मा नेपालले अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ)को धारा १६९ अनुमोदन गरी दक्षिण एशियाकै पहिलो देश बन्न पुगेको हो । आइएलओको दक्षिण एशियाली कार्यालय भारतमा छ । आइएलओको धारा १६९ सन् १९५७ मा पारित कन्भेन्सन १०७ को संशोधित स्वरूप हो । कन्भेन्सन १६९ ले प्रस्टरूपमा आत्मनिर्णयको अधिकार Government must consult the peoples concerned, establish means by which people can freelly participate at all levels of decision making... जस्तो व्यवस्थाले यसले घुमाउरो पारामा आत्मनिर्णयको अधिकारतर्फ नै सङ्केत गर्दछ ।

विकिपेडियाका अनुसार १६९ "is the major international convertion concerning indigenous people and tribal people and a fore runner of the declaration on the rights of indigenous people कन्भेन्सन १६९ को Article 1 मा 1. this convertion applies to (a) tribal people in independent countries whose social, Cultural and economic conditions distinguish their from other section of the national community and whose status is regulated wholly or partially by their own custom or traditional by special laws... को लोकतान्त्रिक आन्दोलनपश्चात् पुनस्थार्पित प्रतिनिधिसभामा विजय सुब्बालगायत सांसदहरूले आइएलओ कन्भेन्सन १६९ अनुमोदन गर्नुपर्छ भनेर सङ्कल्प प्रस्ताव राखेका थिए र त्यसलाई सभामुख सुवास नेम्वाङले यो प्रस्ताव पारित भएको घोषणा गर्दछु भनेर प्रस्ताव पास भएको जानकारी दिएका थिए । हेर्दा सामान्य लाग्ने यो घटनाबारे सञ्जीव वाग्लेको सामाजिक सञ्जालमा प्रकाशित लेखमा पूर्व अमेरिकी गुप्तचर अधिकारी जोन केनेथ न्याउसको पुस्तक Orphans of the Cold War मा नेपाल र तिब्बतसहितको युद्ध क्षेत्रमा लोभ र व्यापारद्वारा मात्र पकड सम्भव छैन । यसका लागि स्थानीय जातिलाई विभाजन गर्नुपर्छ भनेर आफैले लेखेको काठमाडौं प्रतिवेदन सम्झन्छु भन्ने उल्लेख छ ।

अब प्रश्न उठ्छ अमेरिकाले किन यस्तो गर्छ ? अहिलेसम्म गरिएको संवादबाट राजा वीरेन्द्रको वंशनाशमा सिआइएको हात रहेको मानिएको छ । अमेरिका नेतृत्वको विश्व व्यवस्थाको जग एशियातिर सरेको अनुभूति हुन थालेको छ । २१औं शताब्दीको

बजार भनेर चीन र भारतको पहिचान बढ्न थालेपछि अमेरिका सशङ्कित हुन थालेको हो । यसै पृष्ठभूमिमा अमेरिकालगायत पश्चिमा मुलुकहरूले चीन र भारतलाई घेर्ने रणनीति अवलम्बन गर्न थालेका हुन् । यसको कार्यान्वयनमा दक्षिण र दक्षिण-पूर्व एशियामा रणनीतिक खेल मैदान बनाउन सबैभन्दा उपयुक्त भौगोलिक क्षेत्रको छनोट र अस्थिर राजनीतिक प्रणालीका कारण नेपाल छनोटमा परेको हो ।

छनोटमा परिसकेपछिको दोस्रो काम थियो नीति निर्माण तहमा जातीय समूहको वर्चस्व स्थापित गराएर राजनीतिक प्रभावले जातीय सङ्घर्ष सृजना गर्ने । यसै अनुसार माओवादीहरूले ११ वटा प्रदेशको संरचनाको परिकल्पना गरेका थिए । यो नभएसम्म नेपालमा बसेर चीनविरुद्ध गतिविधि सञ्चालन गर्न र भारतलाई समेत प्रभावित गर्न नसकिने विश्लेषणको आधारमा नेपालमा धर्म निरपेक्षताको अवधारणा अगाडि सारिएको हो । सन् २००७ मा आइएलओको धारा १६९ को अनुमोदन भएपछि जातीय आत्मनिर्णयको अधिकार र एकल जातीय राज्यको कुरा आउन थालेको हो । भौगोलिक हिसाबले नेपाल, बर्मा, पाकिस्तान, बङ्गलादेश, भूटान र भारतसँग तिब्बतकै माध्यमबाट चीनको सीमा जोडिएकोमा दक्षिणतर्फबाट तिब्बत छिर्ने ३७६ वटा बिन्दुमध्ये २७५ वटा नेपालमा पर्ने र तिब्बत चीनबाट छुट्टिने हो भने भारतलाई चीनविरुद्ध उभ्याउन सजिलो हुने पश्चिमाको बुझाइ भएको र चीनले यसलाई बुझेको हुनाले हत्केला र पञ्जाको रणनीति अगाडि सारेर भारतलाई सामरिक तनावमा अल्झाइराख्न उद्यत भएको बुझ्न सकिन्छ ।

नेपालमा अहिले त्यसैको प्रभाव देखिन थालेको हो । हिन्दूहरूलाई धर्म निरपेक्षताविरुद्ध उभ्याउने र अन्य धर्मावलम्बीहरूलाई हिन्दूत्वविरुद्ध उभ्याउने रणनीतिको उपज नै वर्तमान अर्थात् रौतहट-जनकपुर घटनाहरू हुन् ।

अमेरिका र पश्चिमा देशहरूको गतिविधिबाट चीन अनभिज्ञ छैन । त्यसैले उसले Agreession is the best defence को नीति अङ्गीकार गरेर माओत्से तुङको तिब्बत हत्केला र नेपाललगायत भारतका उत्तर-पूर्वी राज्यहरूलाई पञ्जा मान्ने रणनीतिअनुरूप भारत-चीन सीमामा सैन्य सक्रियता र नेपालमा कूटनीतिक सक्रियता बढाएको देखिदैछ । Global watch analysis मा Nepal: the new china's satellite state नामक लेखमा मलेसिया र मालद्विप्सपछि अब नेपालमा चीनले सक्रियता बढाएको र यसै क्रममा नेकपाका सदस्य एवं प्रमका विदेश नीति सल्लाहकार राजन भट्टराईबाट नेपाल-भारत सम्बन्धबारे रु १५ लाख खर्चेर Research on Nepal–India Relation नामक शोध वा अनुसन्धान गराएको उल्लेख गर्दै उनी नेपाल-भारत सम्बन्धलाई पुनर्व्याख्या गर्न बनेको इपिजी समूहको सदस्यसमेत रहेको उल्लेख गरेको छ ।

यो अध्ययनकै परिणाम हो भन्न नसकिए पनि दुईवटा महत्त्वपूर्ण सङ्केत भने देखिदैछ । पहिलो चीनको तर्फबाट अनौपचारिकरूपमा भारतलाई छाडेर चीनसमेत सम्मिलित अन्य सार्क राष्ट्र सदस्यहरूको क्षेत्रीय सङ्गठन गठन गर्ने र नेपालको तर्फबाट

परराष्ट्रमन्त्रीले केही दिनअगाडि नियमित छलफल भनेर डाकेको बैठकमा भारतसँग रहेको विद्यमान सम्बन्ध पुनर्व्याख्या गर्न भएको छलफलका कुराहरू । भारत पनि यस्ता कूटनीतिक कदमबाट अनभिज्ञ छैन । तथापि भारत नेपालसँग किन सम्बन्ध बिगार्न चाहन्छ, यसको उत्तर कसैलाई थाहा होला जस्तो लाग्दैन । भारतीय कर्मचारीतन्त्र अत्यन्त शक्तिशाली एवं राजनीतिज्ञहरूलाई राष्ट्रिय हितको कुरामा आफूअनुकूल डोऱ्याउन सक्षम छ । त्यसैले पटक-पटक दुवैतर्फबाट राजनीतिकस्तरमा वार्ताको कुरा उठे पनि फेरि परराष्ट्र सचिवस्तरीय संयन्त्रकै बैठक हुने जानकारी आउँछ र समस्या समाधानको साटो समस्यालाई निरन्तरता दिन खोजिन्छ । यही अवस्था रहिरहने हो भने जातपात र धर्मको नाममा भइरहेको राजनीतिबाट नेपाल र भारत दुवै हार्नु निश्चित छ । भारतमा ३७०, एनआरसीपछि उत्पन्न विवादले हिन्दू-मुस्लिम र हिन्दूभित्रै छूत-अछूतको भेदभावले देश लामो समयसम्म आक्रान्त रहेको हामीले देखेकै हौं । हाल कोरोनाका कारण यो अस्तव्यस्त छ । नेपालमा पनि हालसालै भएको हिन्दू पुजारीहरूको हत्याले कोरोनाकाल नभएको भए उग्ररूप लिने पक्का थियो । त्यसैले यो नेपालको लागि अभूतपूर्व सङ्कटको घडी हो । हामी आन्तरिकरूपमा कोरोनाबाट पीडित छौं भने बाह्यरूपमा शक्ति राष्ट्रको कूटनीतिक चालबाट । यसबाट जोगिन अति सतर्कता आवश्यक छ, जुन देखिइरहेको छैन ।

२०७७ भदौ १७ गते बुधवार

कोरोना कहर: कहाँ चुक्यौं, कहाँ चुक्दैछौं

साउन २९ गते बिहीवारको प्रतीक दैनिकमा प्रकाशित समाचार अनुसार साउन २८ गते बुधवार अपराह्न १ बजेसम्म नेपालमा सङ्क्रमितको सङ्ख्या २३ हजार ९ सय ४८ रहेकोमा ८७ जनाको मृत्यु भएकोले मृत्युदर ०.३६ प्रतिशत र प्रदेश २ मा ६ हजार ६८ सङ्क्रमितमध्ये ३३ जनाको मृत्यु भएकोले मृत्युदर ०.५४ र वीरगंजमा यो मृत्युदर १.७२ प्रतिशत रहेको समाचार प्रकाशित भएको छ। वीरगंजको हकमा कति सङ्क्रमितमा कति मृत्यु भयो भन्ने तथ्याङ्क खुलाइएको छैन भने यसबारे कतैबाट सोधखोज पनि भएको पाइँदैन । देशको सर्वाधिक राजस्व दिने शहर मृत्युदरमा सर्वाधिक हुनु पक्कै पनि हाम्रो लागि गौरवको कुरा हुनुपर्दछ।

२०७६ चैत ११ गतेदेखि शुरू भएको हाम्रो कोरोनायात्रा आजसम्म आइपुग्दा हिजो कहाँ चुक्यौं र आज कहाँ चुक्दैछौं भनेर हेर्नु आवश्यक छ। भनिन्छ, गलती सबैले गर्छन्, मूर्खले भने गलती दोहोऱ्याउँछन् । नेपाल सरकारको निर्णय अनुसार चैत ११ गतेदेखि हामी लगातार साउन ७ गतेसम्म लकडाउनमा बस्यौं । यस दौरान सीमा सिल भयो, आवतजावत बन्द गरियो। भएका २-४ मेशिनबाट परीक्षण थालियो तर काठमाडौंबाहेक अन्य ठाउँमा पठाइएको पिसिआर परीक्षणको रिपोर्ट भरपर्दो पाइएन । यसैबीच, ओम्नीको आरडिटी किटबाट परीक्षण थालियो, जसले कुनै नतीजा दिएन र सरकारले त्यो किटको स्टक समाप्त भएपछि आरडिटी परीक्षणमा नै रोक लगायो । पहिले पिसिआर भएन त्यसैले सोझै भारतबाट घर फर्किनेहरूलाई क्वारेन्टाइनमा राख्न थालियो, १४ दिनको लागि, तर यो भारसमेत थेग्न नसकेपछि विनापरीक्षण क्वारेन्टाइनबाट घर पठाउन थालियो । क्वारेन्टाइनको व्यवस्था यति अव्यवस्थित थियो कि मानिसहरू भाग्न थाले, दुष्कर्म पनि हुन थाल्यो । राहत बाँडियो र यसले अधिकांश जनप्रतिनिधिको भ्रष्ट चरित्र उदाङ्गो भयो।

त्यसपछि लकडाउन खोलियो, रोगीको सङ्ख्या शून्यमा झरेको भन्दै । यही अवस्था सबैभन्दा खतरनाक कदम सिद्ध भयो । आन्तरिकरूपमा देखा परेको सङ्क्रमण, लक्षण नदेखाउने तर घातक थिएन । तर जब लकडाउन खोलियो भारतबाट थाम्नै नसक्ने गरी भएको प्रवेश र पिसिआर परीक्षण र क्वारेन्टाइनको कुव्यवस्था तथा उद्योगहरू सञ्चालन गर्न सीमा बन्द भएपनि, गैरकानूनी तवरबाट नेपालको दक्षिणी सीमा क्षेत्रमा भित्रिएका, परीक्षण नगरी काममा लगाइएका मजदूर र सीमानाकाबाट दैनिक नेपाल भित्रिने मालवाहक सवारीसाधनका चालक र सहचालकलाई समेत विनापरीक्षण प्रवेश अनुमति दिएको कारणबाट नै नेपालमा लक्षणसहितको कोरोना भित्रिएको हो । यसको सट्टा भन्सार नाकाहरूमा भारतीय चालक र सहचालकका साथै भारतीय मजदूरहरूको प्रवेश परीक्षण गर्ने गरिएको भएपनि सङ्क्रमण फैलिन सक्थ्यो

तर त्यो लक्षण नदेखाउने खालको कम घातक हुने थियो। यसका साथै लकडाउन अवधिमा सरकारले यसविरुद्ध लड्ने तयारीसमेत गरेको पाइएन । केही पिसिआर मेशिन खरीद भए तर कहिले भिटिएम किट, कहिले आरएनए एक्स्ट्राक्शन किट नभएर त कहिले गुणास्तर नभएकोले स्वाब सङ्कलन र परीक्षण दुवै अभावग्रस्त रहयो। देशमा उपलब्ध १ हजार ७० भेन्टिलेटरमध्ये ८० वटा दान र दातव्यबाटै प्राप्त भएका हुन् । ९ सय ९० पहिलेदेखि नै थियो । यसमा पनि प्रदेशगतरूपमा हेर्दा प्रदेश १ मा ३४, २ मा १७, बागमती प्रदेशमा ५३, गण्डकीमा १६, प्रदेश ५ मा २८, कर्णालीमा १० र सुदूरपश्चिममा १६ गरी १७४ वटाले सरकारी अस्पतालमा सेवा प्रदान गरिरहेका छन् । त्यस्तै, आइसियू बेडको अवस्था हेर्दा सरकारीस्तरमा प्रदेश १ मा ११०, २ मा ४६, बागमतीमा १७०, गण्डकीमा १५, प्रदेश ५ मा ७७, कर्णालीमा १७ र सुदूरपश्चिममा १५ वटा उपलब्ध छन् ।

नेपाल सरकारले र खासगरी स्वास्थ्यमन्त्रीले अब सरकारले निश्शुल्क पिसिआर परीक्षण गर्न नसक्ने बताइरहेको बेला विगत ५ वर्षमा नेपाल सरकारले गाडी खरीदमा मात्र ४६ अर्ब र गत आवमा मात्र ६ अर्ब खर्च गरेको तथ्याङ्क सार्वजनिक भइरहँदा यो सरकार जनताको स्वास्थयप्रति कति सचेत छ बुझ्न गाऱ्हो पर्दैन । हाम्रा स्वास्थ्यमन्त्रीले नै केही दिनअगाडि पहिले मेशिनको हल्ला गरे, त्यो आयो, त्यसपछाडि किटको हल्ला गरे, त्यो पनि आयो र अब औषधिको हल्ला गर्दैछन् भनेर अत्यन्त असंसदीय शैलीमा दिएको अभिव्यक्तिले नै उनमा कति जिम्मेवारी बोध छ भन्ने कुरा छर्लङ्ग हुन्छ ।

पिसिआर मेशिन त आयो तर कहिले मेशिनको गुणास्तर, त कहिले किटको अभाव र खास गरी चीनबाट मगाइएका सामग्रीबारे उपप्रधानमन्त्री एवं सेना प्रमुखबीच मतान्तर सार्वजनिक हुनु र स्वयम् स्वास्थ्यमन्त्रीकै अग्रसरतामा खरीद भएको ओम्नी समूहको आरडिटी किट खपत गर्न विज्ञहरूको सुझावलाई बेवास्ता गर्दै गरिएको परीक्षणबाट नै उनीहरू कति लगनशील भएर आफ्नो दायित्व निर्वाह गरिरहेका छन्, त्यो हामी सबैले बुझेकै छौं । सरकारले केही अगाडि डा रुनाझाको संयोजकत्वमा कोरोनाको जिन अध्ययन गर्न एउटा कार्यदल गठन गरेको थियो । त्यसको रिपोर्ट आएको जानकारी अझै प्राप्त भएको छैन तर अब पुनः एनएचआरसीले कोरोनाको जिन सिक्वेन्सिङको अध्ययन गर्ने भएको छ । अध्ययन हुनु राम्रो हो तर नतीजाको विवरण जान्ने अधिकार आम नागरिकलाई हुनुपर्दछ ।

स्वास्थ्यमन्त्रीले औषधिको कुरा गरे। लकडाउन अवधिमा यो रोग बढ्यो भने रोकथामका साथै उपचार कुन औषधिले गर्ने भन्नेबारे बल्ल एक हप्ता पहिले नेपाल मेडिकल काउन्सिलको Interim Clinical Guidance for Covid–19 मा टेकेर रेमडेसिविर औषधि निर्यातको अनुमति दिने तयारी गरेको छ । यो इन्जेक्शन एक भाइलको भारतमैं भारु ५ हजार पर्ने र एकजना सङ्क्रमितलाई ५–७ भाइलसम्म दिनुपर्ने भएकोले भारु २५ हजारदेखि ३८ हजारसम्म खर्च लाग्ने भएकोले नेपाल मगाउँदा ६०–

७० हजारभन्दा घटी मूल्य नपर्ने देखिन्छ । कति प्रतिशत नेपालीले यो खर्च बेहोर्न सक्छन् ? अहिले भारतीय बजारमा 'फैविपिरावि्र' र 'कोभिहल्ट' टचाबलेट पनि उपलब्ध छ । फैविपिरावि्र ३४ चक्कीको भारु २२ सयले हिसाब गर्दा प्रतिचक्की भारु ७३ र कोभिहल्टको भारु ४९ रुपियाँ पर्ने भएकोले मध्यमवर्गीय एवं गरीब परिवारसमेत दु:ख–कष्ट गरेर भएपनि ज्यान जोगाउन सक्ने यी औषधितर्फ कसैको ध्यान गएको पाइँदैन । हुनत हाम्रा चिकित्सकहरूले Hydroxychloroquine, Azithromycin का साथै Dexona वा अवस्था अनुसार Ivermectin र Doxycycline का साथ Dexona को प्रयोग गरी ज्यान जोगाइराखेका छन् । उनीहरूको यस प्रयासको प्रशंसा नगरी रहन सकिन्न तर एडभान्स ड्रग उपलब्ध भएमा निको हुने प्रतिशत र गति दुवै बढ्ने थियो । यसै क्रममा अहिले नेपालमा आइसियू बेडको अभावको कुरा भइरहँदा नयाँ दिल्लीस्थित एम्सका एकजना चिकित्सकको युट्युब भिडियोबाट मलाई प्राप्त जानकारी अनुसार पिसिआर टेस्ट गराएपछि त्यसको सिटी भ्याल्यु कति छ भनेर आफ्नो प्याथोलोजिस्टलाई सोध्नुस् र त्यो २४ भन्दा बढी छ भने तपाईंबाट सङ्क्रमण अरूमा सर्दैन भन्ने जानकारीको लागि नारायणीका हृदयरोग विशेषज्ञ डा वीरेन्द्र प्रधानसँग बुझ्दा उनले सिटी भ्याल्यु भनेको साइकल थ्रेसहोल्ड हो । यो युरोपमा ३४ र भारतमा २४ मानिएको छ । अर्थात् ३४ र २४ भन्दा बढी सिटी भ्याल्यु पिसिआर टेस्टमा देखिन्छ भने तपाईंबाट यो रोग अरूलाई सर्दैन र त्यस अवस्थामा कन्टचाक्ट ट्रेसिङमा जानु नपर्ने र सङ्क्रमितसमेत आइसियूमा पुग्ने सम्भावना न्यून रहन्छ भनेपछि म आश्चर्यचकित र स्तब्ध भएको छु । यो नारायणी र नेपालमैं पनि भएको जानकारी सार्वजनिक हुन सकेकोमा । पिसिआरसँगै सिटी भ्याल्यु पनि परीक्षण गर्ने हो भने २४ थ्रेसहोल्ड वा सोभन्दा माथिको कन्टचाक्ट ट्रेसिङ गर्नु नपर्दा कति समय, साधन र स्रोत बचत हुँदो हो र आइसियूमाथिको भार पनि कुनै हदसम्म थेग्न सकिंदो हो ।

हाम्रै शहर वीरगंजमा ३० गतेको रिपोर्ट अनुसार १ हजार १ सय ६८ सङ्क्रमित रहेको र १९ जनाको मृत्यु भइसकेकोले मृत्युदर १.६२ प्रतिशत अर्थात् नेपालमैं उच्च रहेको छ किनभने राष्ट्रियस्तरमा मृत्युदर ०.३६ प्रतिशत र प्रदेश २ को ०.५४ प्रतिशत छ । आयुर्वेदबाट पनि सफल उपचार भइरहेका समाचारहरू सम्प्रेषण भइरहँदा यसलाई जिल्ला अस्पतालसम्म विस्तार गर्न सकिए राम्रो हुनुका साथै नेपालमैं अनुसन्धानबाट तयार भएको डा दासको कोरोना भ्याक्सिनको परीक्षणको अवस्थाबारे न कुनै जानकारी छ, न कतैबाट सोधखोज भएको छ ।

समग्रमा हेर्दा रोकथाम र उपचारमा केन्द्रित हुनुभन्दा रोकथाम र उपचारको लागि चाहिएको जिन्सी व्यवस्थापनमा हामी बढी केन्द्रित भएकोले यो अवस्था आएको भन्न सकिन्छ । त्यसैले कमसेकम भगवान् पशुपतिनाथले अब पनि चेत दिऊन् र त्यो दिन नसके हामीलाई भेंडा बनाइदिऊन् भनी प्रार्थना गर्दछु ।

२०७७ भदौ १० गते बुधवार

- तिनोद गुप्ता

मौद्रिक नीति र कोरोना सङ्कट : एक चर्चा

चालू आव २०७७/७८ को बजेटबाट असन्तुष्ट एवं निराश बनेका नेपालका उद्योगी-व्यवसायी अहिले नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मौद्रिक नीतिबाट भने उत्साहित बनेका छन्। Credit to Core Capital Deposit (CCD) अनुपातलाई ८० प्रतिशतबाट ८५ प्रतिशत गरिनु र Capital Ratioserve Ratio (CRR) ४ प्रतिशतबाट घटाएर ३ प्रतिशतमा पुऱ्याउने तथा Reporate घटाउने र Counter Cyclical Buffer Fund हटाउने निर्णयबाट बैंकहरूलाई करीब ३०० करोड रुपैयाँ वित्तीय प्रणालीमा लगानी गर्न उपलब्ध हुने भएको छ।

त्यसैगरी, कर्जाको साँवा र ब्याज तिर्ने समय ६ महीनादेखि दुई वर्षसम्म पुऱ्याइएको छ भने पुनर्कर्जा कोषलाई ६० अर्ब रुपैयाँबाट बढाएर एक खर्ब पुऱ्याइएको छ। यस कोषबाट बैंक तथा वित्तीय संस्थालाई १ प्रतिशत, निर्यातमुखी एवं रुग्ण उद्योगलाई २ प्रतिशत तथा लघु एवं साना उद्योगलाई ३ प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध गराइने भएको छ। साथै अति प्रभावित क्षेत्रको लागि ५० अर्बको बेग्लै पुनर्कर्जा कोष तयार गरिने भएको छ। यसबाट सङ्कटग्रस्त उद्योगहरूलाई ५ प्रतिशत ब्याजदरमा ऋण उपलब्ध गराइने योजना रहेको छ। त्यस्तै, मर्जरलाई प्रभावकारी बनाउन दबाबको सट्टा प्रोत्साहनमूलक नीति अवलम्बन गर्दै जाने र लघुवित्त कम्पनीहरूको ब्याजदर १५ प्रतिशतभित्र कायम गर्ने र कर्जाको सीमा ७ लाखबाट बढाएर १५ लाख पुऱ्याइएकोले लघुवित्त कम्पनी र यसका ग्राहक दुवैलाई लाभ हुने देखिन्छ।

नेपालको ऊर्जा भारतमा बिक्री गर्ने तथा तेस्रो मुलुकबाट हुने आयातमा ड्राफ्ट, टिटी, डिएपीलगायतको सुविधा विस्तार गरिएको छ। साथै प्रतीतपत्र र अग्रिम भुक्तानीको समयसीमा बढाइएको छ।

यति विघ्न सबै कदम चाल्दाचाल्दै एकपटक मौद्रिक नीतिको सैद्धान्तिक परिभाषातर्फ ध्यान दिनु आवश्यक जस्तो लाग्छ। विद्वान्हरूले भनेका छन् Monetary policy is regulation of currency in the market अर्थात् मौद्रिक नीतिको मुख्य उद्देश्य बजारमा तरलता अथवा सबैले बुझ्ने गरी भन्दा नगदको व्यवस्थापन तथा मुद्रास्फीति नियन्त्रण गर्नु हो। यो काम हामी सबै आआफ्नो घरमा पनि गर्दछौं। तलब प्राप्त हुनासाथ महीनाभरिको लागि आवश्यक सामग्रीको व्यवस्थापन गर्न रकम छुट्याइ बाँकी रहेकोबाट महीनाभरि घर कसरी चलाउने योजना बनाउँछौं। यो नै मौद्रिक नीति हो। आफ्नो आयले तत्काल नपुग्ने अवस्थामा ऋण लिने भरपर्दो स्रोत खोजिन्छ। अहिले राष्ट्र बैंकले सार्वजनिक गरेको मौद्रिक नीतिमा सरकारले पूरै भार बैंकहरूले बेहोर्ने गरी योजना सार्वजनिक गरेको छ।

सरकारले आफ्नोतर्फबाट गर्ने भनेको कोरोना प्रभावित क्षेत्रहरूको लागि दिने

घोषणा गरेको २ प्रतिशत बिन्दुको ब्याजदरको छुट अहिलेसम्म कार्यान्वयन गर्न सकेको छैन । राष्ट्र बैंकले अहिले अगाडि सारेका योजनाको कार्यविधि सार्वजनिक भएका छैनन् । तर पनि निजी क्षेत्रले यो घोषणाको अति उत्साहका साथ स्वागत गरेको छ ।

यस्तो हुनु पछाडिको कारणहरूको विश्लेषण गर्दा सन् २०१८ को राष्ट्रिय आर्थिक गणना अनुसार नेपालमा ९ लाख २३ हजार ३ सय ५६ व्यावसायिक प्रतिष्ठानहरू छन् । यसमध्ये ४ लाख ६० हजार ४ सय २२ दर्ता छैनन् र यसमा करीब ३४ हजार त फुटपाथे व्यवसाय गर्नेहरू छन् । ९ लाख २३ हजार ३ सय ५६ प्रतिष्ठानमा ३२ लाख कामदारहरू काम गर्छन् । र स्वभावतः करीब १६ लाख कामदार दर्ता नभएका प्रतिष्ठानमा कार्यरत छन् । अब दर्ता नभएका प्रतिष्ठान र त्यसमा काम गर्ने श्रमिकहरू नै कोभिडबाट अत्यन्त प्रभावित भएपनि सरकारको मौद्रिक नीतिबाट लाभान्वित हुने सम्भावना नै देखिंदैन । बाँकी रहेको ५० प्रतिशत दर्तावालहरूमध्ये पनि अधिकांश प्रतिष्ठान साना र मझौला खालका एवं अत्यन्त प्रभावित भएपनि लाभ उठाउन पाउने आशा छैन किनभने मौद्रिक नीतिको स्वागत गर्ने नेपालका ठूला घरानाका उद्योगी-व्यवसायीहरू हुन् । जुन व्यक्तिगत तवर र संस्थागत तवरबाट पनि बलियो छन् एवं सरकारले पनि उनीहरूकै आवाज सुन्छ र ध्यान दिन्छ । उनीहरूले आफ्नो पहुँचको आधारमा राहतको कार्यविधि आफ्नोअनुकूल बनाउने निश्चित प्रायः छ, जसले गर्दा बढी रोजगार दिने र अर्थतन्त्रमा योगदान दिने दर्तावाल एवं दर्ता नभएका साना एवं मझौला उद्योगहरू यसबाट वञ्चित नै रहनेछन् । यो कल्पना होइन तथ्याङ्क हो । नेपालका बैंकहरूको कुल लगानीको ५० प्रतिशत ऋण रहेको छ भने ऋणीहरूको हिसाब गर्दा यो पचास प्रतिशत ऋणको प्रयोगकर्ता १० प्रतिशत मात्र रहेबाट पनि लाभग्राही को हो भनेर स्पष्ट हुन आउँछ ।

ऊर्जा क्षेत्रमा भारतलाई बिजुली बेच्ने भनिएको छ । सामान्य सम्बन्ध भएको अवस्थामा त २५ वर्षमा महाकालीको डिपिआर नै बन्न सकेन भने झन् अहिले कालापानी विवाद नसुल्झिएसम्म एवं एमसिसी अनुमोदन नभएको अवस्थामा नेपालबाट विद्युत् निर्यात गर्ने र त्यो पनि यस वर्षको मौद्रिक नीतिमा कति व्यावहारिक छ, विचार गरौं । यसैले यो मौद्रिक नीति कर्पोरेट क्षेत्रको लागि लाभप्रद भएपनि साना तथा मझौला उद्योगीको लागि भने 'हात्ती आयो हात्ती आयो फुस्सा' नै ठहरिन्छ ।

तर 'आफू ताक्छु मुढो बन्चरो ताक्छ घुँडो' भने जस्तै मौद्रिक नीति सार्वजनिक हुन नपाउँदै कोरोना जुन वेगले बढेको छ, यसले देशलाई अत्यन्त गम्भीर मोडमा पुऱ्याएको छ । मौद्रिक नीतिको सुविधा प्रयोग गर्न पनि देशमा उद्योग-व्यवसाय सुहाउँदो वातावरण बन्नुपर्छ, जुन कोरोना आतङ्कका कारण बन्न नपाउँदै भत्किएको छ । निषेधाज्ञा र लकडाउनको दोस्रो चरण शुरू भएको छ । यसपालि कोरोना लक्षणसहित आएको छ । परीक्षणको दायरा जति बढाईंदै छ, त्यत्ति नै कोरोनाको बढी सङ्क्रमण पुष्टि हुँदैछ ।

खासगरी तराईका सिमाना जिल्लाहरूमा स्थिति भयावह छ । यसो हुनुको पछाडि सारिएका तर्कहरू एकदमै हास्यास्पद र गैरजिम्मेवारीपूर्ण पाइएको छ । लकडाउन खुलेपछि उद्योगहरूले भारतीय कामदारहरू ल्याएर काम गराउन थालेको रहस्य उजागर भएपछि प्रश्न उठ्छ, लकडाउन मात्र खुलेको थियो । सीमा त सिल नै थियो । अनि भारतीय कामदारहरू कसरी पसे त नेपालतिर ? कसैले अनुहार र लगाइ मिल्दोजुल्दो भएको भनाइ सारेका छन् भने कसैले बिओपी भएपनि खुला सिमानाका कारण रोक्न नसकेको भनाइ राखेका छन । प्रश्न के छ भने चैत ११ गतेदेखिको लकडाउनमा यो समस्या किन आएको थिएन ? वास्तवमा के भएको हो सबैलाई थाहा छ, भन्न मात्र नसकेको हो । यही डर, भय र त्रासको फल हामी भोरदैछौं । के अझै पिसिआरको दायरा बढेको छ त ? वीरगंजकै कुरा गर्दा तीव्र गतिमा भइरहेको मृत्युले सबै डराएका छन् । तर अझै पनि पिसिआर परीक्षण कि त सशुल्क हुँदैछ कि त कन्टयाक्ट ट्रेसिङको आधारमा निशुल्क । साउन १७ गते सहायक प्रजिअको पोस्टबाट १० हजार ४ सय १३ जनाको स्वाब सङ्कलन गरिएकोमा ९ हजार २ सय ९४ जनाको परीक्षण गर्दा ३ सय ९८ जना सङ्क्रमित भेटिएको ज्ञात भएको थियो । यो ४.२ प्रतिशत हुन आउँछ । तर साउन १८ गते भने ५ सयजनामध्ये ४५ जना सङ्क्रमित भेटिएको विवरणबाट परीक्षणको सङ्क्रमित अनुपात ९ प्रतिशत पुगेको र साउन १९ गतेको सामाजिक सञ्जालमा नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा मदनकुमार उपाध्यायले २० प्रतिशत पुगेको स्टाट्स राखेका छन्। साउन १७, १८ र १९ गतेको विवरण सत्य हो भने सङ्क्रमण दैनिक शतप्रतिशतले बढिरहेको छ। पूर्वदेखि पश्चिमसम्मका शहरहरू लकडाउन र निषेधाज्ञाको चपेटमा छन् । यस्तो अवस्थामा ज्यान जोगाउन नै धौधौ परेको अवस्थामा कुल रोजगारको ५० प्रतिशत रोजगार दिने दर्ता नभएका प्रतिष्ठानहरू धराशयी हुने निश्चित प्रायः छ । त्यसैले कोरोना नियन्त्रणपछि यस तप्कातर्फ पनि ध्यान पुऱ्याइएन भने आर्थिक विकासको गति अपेक्षाअनुरूप बढ्न सक्ने देखिंदैन । तसर्थ देशको विकासमा सङ्गठित क्षेत्र जत्तिकै योगदान पुऱ्याइरहेको असङ्गठित व्यावसायिक क्षेत्रलाई सुविधाको दायरामा ल्याउने गरी कार्ययोजना ल्याएमा सरकारको कर सङ्कलनको दायरा पनि बढ्ने र अपेक्षित गतिमा आर्थिक विकास पनि हुने अपेक्षा राख्न सकिन्छ ।

२०७७ साउन २८ गते बुधवार

मेड इन वीरगंज–२

आदरणीय ध्रुवदाइ, साउन ३ गतेको कान्तिपुरमा प्रकाशित तपाईंको लेख 'मेड इन वीरगंज' पढेर मलाई पनि 'मेड इन वीरगंज–२' लेख्ने जाँगर चलेर यो धृष्टता गर्दैछु। म हजुरजस्तो राष्ट्रियस्तरको साहित्यकार त के कुनै कार होइन। पूरै जीवन, अहिलेसम्मको नोकरीमा बिताएर अहिले एउटा सानो कलेजमा संलग्न छु। तपाईंजस्तै आदरणीय जगदीश शर्माजस्ता अग्रज दाजुको भय र प्रेरणा दुवैले प्रतीकमा अहिलेसम्म प्रत्येक बुधवार एउटा स्तम्भ लेख्दैछु र धन्य उहाँले छापी पनि दिनुहुन्छ।

वीरगंजमा सरस्वतीपूजा आज पनि धूमधामले नै मनाइन्छ। तर त्रिजुद्ध र ठाकुर रामको रौनक समाप्तप्रायः भएको छ। सबैभन्दा पहिले ठाकुर राममा हाम्रै बेला सङ्गमरमरको मूर्ति स्थापित भयो र त्यसपछि त्रिजुद्धमा। स्थायी मूर्ति स्थापनापश्चात् पूजा अझै हुन्छ तर रौनक हराएको छ। अन्य ठाउँहरूमा भने तपाईंले भनेजस्तै बाजा, गाँजा र मोजको रौनक रहन्छ तर अब मूर्ति पनि मेड इन वीरगंज नै हुन्छ।

दशैंको मेला अष्टमीको दिन अझै पनि लाग्छ। मन्दिरहरूमा प्रायः अब तबला, हार्मोनियमको लयमा गाइने भजनहरूको स्थान कर्कश तीव्रतामा बजाइने लाउड स्पीकरले लिइसकेको छ। तपाईंजस्तै म पनि बिर्तामाईको मन्दिरमा दाइले गाउनुहुने सुमधुर भजन सुन्न सधैं लालायित रहन्थे। तर अब समय फेरिएको छ। रक्सौलदेखि मान्छेहरूको आवतजावत जारी छ। तर भीडले गर्दा हो वा के कारणले अब फूलपातीको समाप्तिबाट नै माईको खोइच भर्ने चलन शुरू भएको छ र यो अनवरत् दशमीसम्म नै चल्छ। मेला ठूलो हुँदै गएको छ तर मौलिकता भने हराउँदै गएको जस्तो लाग्छ मलाई।

छठ पर्व बढ्दो जनसङ्ख्याको कारण अब घडीअर्वालगायत नगवा, छपकैया र श्रीपुरमा जोगिएका पोखरीहरूमा लागिरहेको छ। यसको महिमा भने अझै यथास्थितिमा छ। तर रौनक भने बढेको छ। तपाईंहरूको घुम्ने ठाउँ वीरगंज रेलवे स्टेशन अब वीरगंजमा छैन। यसको सिग्नल, पानी भर्ने टयाङ्की र मुख्य रेल भवन एवं ऐतिहासिक वीरगंज लेखिएको बोर्ड हामीले भत्काइसकेका छौं, पुराना वस्तुहरूको के काम ? टिकट काट्न रेलभवनको टिनको छानामा लागेको २००७ सालको गोलीको चिह्न र त्यस क्रान्तिमा आफ्नो प्राणको आहुति दिने थीरबम मल्लको मूर्ति पनि सङ्घीयता ल्याउन आन्दोलन गर्दा हामीले तोडिदियौं। त्यसैले वीरगंजमा तपाईंहरूको घुम्ने रेलवे स्टेशन अहिले विपी उद्यान र मधेसी शहीद पार्कको द्वन्द्वमा फसेकोले त्यहाँ हिले तरकारी बजार लाग्ने गरेको छ र टेम्पो, मिनीबसको स्टैन्ड छ। अहिले वीरगंजमा घुम्ने ठाउँ भनेको एसी रेस्टुरा वा कारमा बसेर टिभी हेर्नु नै हो।

एनजिआर (नेपाल गभरमेन्ट रेलवे) वीरगंजको रेलवेमा चढ्ने-उत्रने सौभाग्य मैले पनि पाएको छु र यसलाई म झन् यसको इन्जिनीयर र मेरै बिर्ताटोलका निवासी रामदास मानन्धरको नामले सबैले चिन्ने तर मैले काका भनेर सम्बोधन गर्ने उहाँसँगको एउटा भेटको विवरणले तपाईंलाई अहिलेको मेड इन वीरगंजबारे यथार्थ जानकारी दिनेछ। घटना २०२८ सालको हो। म काठमाडौंमा थिएँ। बेलुकीपख न्यूरोडमा उहाँसँग

भेट भयो । मैले नमस्कार गरें । उहाँले हाँस्दै हालचाल सबै सोध्नुभएपछि छुट्टिंदा मेरो हातमा रु एक सय हालिदिनुभयो । मैले नाइँनास्ती गरेपछि उहाँले 'तुम घर से बाहर हो इमर्जेन्सी के लिए चाहिए, रखो' भनेर जोड दिएर भनेपछि मैले राख्नुपऱ्यो । उहाँ मानन्धर, म मधेसी सोनार । अहिले त्यो आत्मीयता हराउँदै गएको लाग्छ मलाई किनभने अब सबै जातिले अलग-अलग आफ्नो जातीय समाज निर्माण गरिसकेका छन् ।

मैले थाहा पाएको नगरपालिकाको कार्यालय बिर्ताको अहिले पार्किङ बनाइएको ठाउँमा थियो र त्यसको सामुन्ने अहिले कोष तथा लेखा नियन्त्रणको कार्यालय रहेको स्थानमा वीरगंज भन्सार थियो । छपकैया गाउँ पञ्चायत थियो र वीरगंजको अस्पताल भनेको अहिलेको प्याथोलोजी भवन रहेको स्थानमा एउटा तीन कोठे भवन थियो, जसको मध्यमा एक्स-रे थियो, उत्तरतिर डाक्टरसाहबहरू बस्थे र दक्षिणतिर शायद डिस्पेन्सरी थियो । त्यस बेला मलाई टाइफाइडले ग्रस्त गर्दा बङ्गाली डाक्टर साहेबले "मांगुर माछ का झोल भात खवावो"जस्तो वाक्य बोलेको अहिले पनि सम्झन्छु । सडक तीन भागकै थियो तर मूल सडक पिच भइसकेको र दुई र तीन नं. सडक एक नं. सडकबाट दुई-तीन फिट तल र माटोको रहेकोले दशैंका बेला हथिया नक्षत्र भएकोले पानी पर्छ भनेर पण्डितजीहरूले भनिरहँदा कैयौंपटक हिले दशैं मनाएको पनि सम्झन्छु । पुरानो नगरपालिकाको भवनभित्र रहेको धीर वाटर वर्क्सको टयाङ्की र इन्जिनसमेतलाई ऐतिहासिक धरोहरको रूपमा जोगाउन हामीले कुनै कष्ट गरेनौं बरु कबाडीलाई कौडीको मोलमा बेचेर ठाउँ खाली गराएर अहिले त्यहाँ सशुल्क पार्किङ गराउँदैछौं ।

२०२२-२३ सालसम्म त गर्मीको महीनामा सम्पूर्ण वीरगंज नै घरबाहिर 'समेट' लगाएर सुत्ने गरेको तपाईंलाई पनि सम्झना छ नै होला । कीर्ति सिनेमा हलको बाटो भई घडीअर्वा पोखरी जान दुईवटा काठेपुल पार गर्नुपर्ने वीरगंज अब एउटै पक्की पुलमा घडीअर्वा पोखरीसम्म पुग्ने भएको यथार्थ दाइले भेउ पाउनुभयो कि भएन ?

तपाईंले आफ्ना पुराना साथीहरूलाई सम्झनुभएको छ र उहाँहरूसँग भेट्न पनि पाउनुभएको छ । भलाकुसारी पनि हुने गरेको रहेछ । तर म त यस मामिलामा ज्यादै अभागी परेछु । मेरा मित्रहरू प्रदीप प्रधान, रमेश र मुकेश मल्ल काठमाडौं निवासी भएका छन् भने परमेश्वर सिंह सिजापति माओवादीद्वारा दाङमा मारिए, तेस्रो आयामका कवि विनय रावल सिक्किम भ्रमणका क्रममा दुर्घटनामा परी स्वर्ग सिधारे, विनोद नेपालले ब्लड क्यान्सरको कारण ज्यान गुमाउनुपऱ्यो भने गोपाल गोपालीले पनि मृत्युवरण गरिसके । त्यस्तै, तपाईंले वीरगंज पहिलेभन्दा मौलिक मात्र होइन बौद्धिकरूपमा विकसित भएको छ भनी लेख्नुभएको छ । यो तपाईंको वीरगंजप्रतिको माया हो । तर वास्तविकता योभन्दा भिन्न छ । वीरगंजमा एउटा मेडिकल कलेज छ, डेन्टल कोमामा छ, वीरगंज विश्वविद्यालय संसद्मा टेबुल हुने पर्खाइमा छ, इन्जिनीयरिङ कलेजको ठाउँमा पोलिटेक्निकसम्म छ र उच्च शिक्षाको एक मात्र केन्द्र ठाकुर राम बहुमुखी क्याम्पसमा अटाउनेभन्दा बढी विद्यार्थी भर्ना भएकाले कलेज कक्षा-बोझमुक्त र आम्दानी राम्रो हुने भएकोले अत्यन्त प्रसन्नचित्त छ । अलि गाऱ्हो र साँघुरो भनेको एकैपटक २८०० देखि ३ हजार विद्यार्थीको परीक्षा लिंदाको हो, तर परीक्षा वर्षभरिमा

एकपटक मात्र हुने भएकोले चलेकै छ । सस्तो भएर हो वा पढाइ राम्रो भएर ठाकुर रामको बिब्एिसमा सात सयदेखि आठ सय विद्यार्थी भर्ना भएको सुनेकै छु । त्यसैले बौद्धिक स्तर राम्रो नै छ भन्नुपऱ्यो तर साहित्य र खेलकूदको कुरा गर्दा यहाँ पत्रकारिताबाहेक अरू केही फस्टाएको मैले देखेको छैन । त्यस्तै, खेलकूदको कुरा गर्दा पञ्चायतकालका अञ्चलाधीश लक्ष्यबहादुर गुरुङको अथक प्रयासले निर्मित नारायणी रङ्गशालाको अवस्थाबारे समाचार अखबारमा पढ्नुभएको छैन भने थाहा पाउनुस् दाइ, यो जीर्ण भएको छ । वीरगंजमा पहिलेजस्तो ब्याडमिन्टन, भलिबल र फूटबल हुँदैन, टेबुल टेनिस पनि हुँदैन, क्रिकेट झन्डै बाँचेको छ । नगरपालिकाले वर्षको एउटा मेयर कप गराएर आफ्नो जिम्मेवारी पूरा गरेको छ भने विद्यालयस्तरीय वीरेन्द्र शिल्ड गणतन्त्र आइसकेपछि हुने कुरै भएन । त्यसैले वीरगंजको अहिलेको पुस्ता अन्य ठाउँका जस्तै अनलाइन खेलहरूमा रमाउने गर्छ । वीरगंजमा स्पष्टतः दुईवटा वर्ग छ, साहु र श्रमिक । साहुका सन्तानहरू वीरगंजमा जन्मन्छन्, बाहिर पढेर हुर्किन्छन् र काठमाडौं बसेर वीरगंजमा व्यवसाय गर्छन् । दोस्रो श्रमिक छन्, जसको लक्ष्य भनेको जागीरे हुनु हो । त्यसैले कक्षा १२ पुगेदेखि नै दुई-तीन हजारको जागीर खोज्दै पढ्ने गर्छन् । स्नातक गरिहालेछन् भने लोकसेवामा पनि खरदार, सुब्बाभन्दा माथिको परीक्षामा सहभागी हुने चाहना राख्दैनन् । तथापि त्यसैमा पनि नाम निकाल्न गर्नुपर्ने सबैथोक गर्दा पनि नाम भने आक्कलझुक्कल नै आएको देखिन्छ । त्यसैले यहाँनेर भने म दाइको मतसँग फरक मत राख्दछु र मलाई यो वीरगंज तपाईंकै सत्तल सिंहको शहर र म त्यसको एक बासिन्दा जस्तो लाग्छ । वीरगंजमा अब फूटबल, भलिबल, ब्याडमिन्टनका प्रतियोगिता हुँदैनन् । त्यसैले वीरमा, लक्षुकाका, जगदीश कलवार र दिलीप दाइ, रूपाल शम्शेर, सुवर्ण र कञ्चन राणाजस्ता फूटबलर, रञ्जीत बनर्जी, कोहिनूर राणाजस्ता भलिबल र रामचन्द्र गुप्ताजस्ता ब्याडमिन्टन अनि टेबुल टेनिसका खेलाडी जन्मिएको थाहा छैन । शारीरिक सुगठनतर्फ वीरगंजमा जिमहरू धेरै खुले पनि अम्बिका क्षत्रीजस्तो प्रतिभावान् देख्न पाएको छैन । गणतन्त्रको यो युगमा आजकल अखबार पढ्दा वा समाचार सुन्दा गाउँघरका छोरीबेटीहरू बलात्कृत भएको र नयाँ बनाएको सडक भत्केको वा बन्दै नबनेको पिच उप्केको, ठेक्कामा बनाइएको भवनमा पानी चुहेको, समाचारबाटै दिन शुरू हुन्छ र समाप्त पनि । यो कोलाहल र कर्कश वातावरणमा म तपाईंको मेड इन वीरगंज-२ मा बाँचिरहेको छु । धूलो, धूवाँ र हिलोमा साससम्म त फेरेकै छु, नभए त जिउँदो कसरी हुन्थे ? राम्रो गर्नुभयो तपाईंहरूले वीरगंजसँग साइनो राखेर काठमाडौं जानुभयो, उन्नति र प्रगति गर्नुभयो । मैले वीरगंज छाड्न सकिनँ र त्यसैले यहाँ हिजो जस्तो थिएँ, आज पनि त्यस्तै छु ।

२०७७ साउन १४ गते बुधवार

उस्तै–उस्तैको कुरा

साउन दुई गते शुक्रवारको कान्तिपुरमा उज्ज्वल प्रसाईको नेकपा र भाजपा उस्तै–उस्तै लेख पढ्दा राम्रो लाग्यो । उक्त लेखमा लेखक मोदी र ओलीको विकासको सपना स्मार्ट सिटी तथा ठूलो भौतिक संरचना केन्द्रित छन् । ओलीले नेपालमा रेल, पानीजहाज र घरघरमा ग्याँसको पाइपलाइनको सपना बाँडे भने मोदीले सबैको खातामा १५ लाख र रोजगारको सपना बाँडेकै हुन् । त्यस्तो नागरिकतामा समेत दुवैको समान सोच पाइन्छ । भारतमा एनआरसी ल्याएर हिन्दुत्वलाई बढावा दिन खोजिएजस्तै नेपालमा पनि मधेस आन्दोलनले प्रदान गरेको सङ्घीयताको बुई चढेर मधेसीहरूलाई भाजपाले मुस्लिमहरूसँग शेरसरह व्यवहार गरेको हामीसामु छर्लङ्ग नै छ । उज्ज्वल प्रसाइकै शब्दमा हिन्दी भाषा बोल्ने, हिन्दू पुरुषको शासन र गेरूवा रङ्गको साम्राज्य स्वीकार गर्नेहरू नै हिन्दू हुन् । नेकपा भन्छ– मधेस र भारतलाई घोलमेल पारेर शङ्का गर्ने, पुरुषको शासन स्विकार्ने हिन्दू वर्णाश्रमलाई वैज्ञानिक पद्धति ठान्नेहरू नै असल नागरिक हुन् ।

दुवै दलका मुखिया आआफ्नो देशका प्रधानमन्त्री हुन् र आफ्नो सत्तामा अप्ठेरो आइपर्दा छिमेकीसँग विवाद बढाएर सत्ता जोगाउने खेलमा महारत हासिल गरेका छन् । नरेन्द्र मोदीको सर्जिकल स्ट्राइक र कोभिड नियन्त्रणमा प्राप्त असफलताबाट ध्यान हटाउन चीनसँग क्यालकुलेटेड विवादलाई लिन सकिन्छ भने प्रम ओलीको सिंहमेव जयते, भाइरस भारतबाट आएको र अहिले अयोध्या मुद्दाले पनि ओलीलाई प्रम हुन आइपरेको सङ्कटबाट जोगाउने र कोरोना व्यवस्थापनमा भएको भ्रष्टाचार, अनियमितता र असफलता लुकाउन अयोध्या विवादले राम्रै सघाएको सबैले देखेकै छन् । प्राप्त समाचार अनुसार नेकपाको सङ्कट अब भदौ महीनासम्मलाई टरेको छ । तर समस्या टर्नु समाधान होइन भन्ने कुरा जसरी मोदीले भारतमा बिर्सिए त्यसैगरी नेपालमा नेकपा वा अझ भनौं ओलीले बिर्सेजस्तो छ । तर फरक के छ भने भारतमा सत्ता परिवर्तन दुई तिहाइको सरकार भए पनि जनमतबाट मात्रै सम्भव छ, किनभने भाजपामा मोदीको नेतृत्वलाई कुनै चुनौती छैन । तर नेपालमा ओलीलाई आफ्नै पार्टीभित्र चुनौती छ र यसको पटाक्षेप भनिन्छ महामहिम चिनियाँ राजदूत महोदयाले चीनका राष्ट्रपति महोदयलाई पठाएको रिपोर्टका आधारमा हुनेछ । सम्भवतः अत्यन्त अनुभवी अनि तेजस्वी महामहिमले झलनाथ खनाल, प्रचण्ड र माधव नेपालसित भेटेपछि प्रम ओलीको नेतृत्वमा पार्टी र सरकार दुवै चल्न नसक्ने बुझेर त्यही अनुसारको विवरण जाहेर गरकी होलिन् भन्ने अपेक्षा सबैले गरेका छन् । किनभने विपरीत परिस्थितिमा प्रम ओलीकै नेतृत्वमा सरकार र पार्टी चलाउँदा पार्टी फुट्ने निश्चितप्रायः भएकोले चीनकै दबाबमा भएको दुई भिन्न धारका कम्युनिस्टहरूको एकीकरणबाट

बनेको यो पार्टी फुट्नु भनेको चीनको प्रतिष्ठासमेत जोडिएर आउँछ । दुवै धारले मार्क्सवादको अन्वेषण कति गरे त्यो त थाहा पाउन सकिएको छैन तर पञ्चायतकालमा काङ्ग्रेसलाई अराष्ट्रिय तत्त्व भनेर सरकार जोगाउने प्रपञ्च गर्ने र काङ्ग्रेसलाई गाली गरेर राजनैतिक अस्तित्व जोगाउन कम्युनिस्टहरू सत्तामा आउन आर्थिक समानता र मार्क्सवादका अन्य कुराहरू गरेनन् अपितु राष्ट्रवादलाई उचालेर सत्तामा पुगे । मोदी पनि भारतमा चर्को राष्ट्रवादी सोच राखेर नै सत्तामा पुगेका हुन् ।

समान सोच राख्ने दुवै देशका नेतृत्वकर्ताहरूबीच यत्रो ठूलो खाडल कसरी निर्माण भयो त ? यो त ठूलै अनुसन्धान र गहन अध्ययनको विषय बन्न पुगेको छ। दुवै देशका प्रधानमन्त्रीमा प्रचुर आत्मविश्वास देख्न पाइन्छ । भारतका प्रसिद्ध लेखक हरिशङ्कर परसाईंले आफ्नो 'सुलझा आदमी' शीर्षक निबन्धमा लेखेका छन्– "आत्मविश्वास सम्पत्ति, ज्ञान र सामर्थ्यबाट पैदा हुन्छ तर आत्मविश्वासको सबैभन्दा ठूलो स्रोत भने मूर्खता हो ।"

अब दुवै नेताले आत्मविश्वास वा भनौ अति आत्मविश्वासका कारण गरेका घोषणा र प्राप्तिको कुरा गरौं– नरेन्द्र मोदीले भारतको प्रधानमन्त्री निर्वाचित हुन गरेका केही महत्त्वपूर्ण एवं लोकप्रिय भाकाहरू जस्तैः

– सबैको खातामा १५ लाख जम्मा गर्ने

– रोजगार,–कृषकलाई नाफा हुनेगरी कृषि उत्पादनको समर्थन मूल्य कायम गर्ने, – समग्र आर्थिक विकास,

–प्रत्येक घरमा शौचालयको उपलब्धता

– घरघरमा बिजुली, – उजाला कार्यक्रम अन्तर्गत प्रत्येक गरीब परिवारलाई ग्याँस चुल्हो र सिलिन्डर, – र पेट्रोलियमको मूल्य घटाउने वाचाका साथ छिमेकी पहिलोको रणनीति लिएर हिंड्ने उद्घोष गरेका थिए। आजको वास्तविकता के हो भने पेट्रोलियम पदार्थको मूल्य छुनै नसक्ने गरी दिन प्रतिदिन बढ्दो छ ।

छिमेकभन्दा श्रीलङ्का, बङ्गलादेश, पाकिस्तानका साथै अब नेपालसँगसमेत भारतको तनावपूर्ण सम्बन्ध बनेको छ । यतिमात्र होइन लामो समयदेखि सधैं भारतको पक्षमा उभिने साउदी अरब र अब इरान पनि भारतबाट सम्बन्ध घटाउँदै छन् । भारतमा उजाला अन्तर्गत गरीब परिवारलाई ग्याँस सुविधा त प्रदान गरियो तर आर्थिक स्रोतको अभावमा एकपटक ग्याँस सिद्धिएपछि फेरि भराउन नसकी पुरानै बाटो लागेको छ भने विद्युत्को उपलब्धतामा प्रगति भएको छ तर कृषि क्षेत्र बीमालगायत समर्थन मूल्य र किसानको कर्जा माफीको घोषणा भएपनि उनीहरूले आत्महत्या गर्ने क्रम रोकिएको छैन। बेरोजगार बढेको बढ्दै छ भने खातामा १५ लाख राख्ने कुरा कसैको सम्झनामा छैन ।

नोटबन्दीले मझौला उद्योग र व्यवसायलाई चौपट गरेकै बेला कोरोनाले झन् उठ्नै नसक्नेगरी गरीबहरूलाई सुताइदिएको छ ।

नेपालको संसद्मा बुद्ध नेपालमा जन्मिएको उद्घोष गर्ने भारतीय प्रमले बोली फेर्दै अब बुद्ध भारतमा जन्मेको भन्न थालेका छन्। सत्य त सधैं सत्य हुन्छ। तर यस प्रकारको बोली फेराइबाट उनकै विश्वासनीयता घटेको छ। नोटबन्दीकालमा नेपालका बैंकमा रहेको भारु नसाट्ने, एक वर्षभित्र महाकालीको डिपिआर तयार गर्ने भनाइबाट फर्केर अब यो मोडालिटीमा यो प्रोजेक्ट निर्माण सम्भव छैन भनेर भनाउन सक्ने मोदीको विश्वसनीयता भारत र नेपाल दुवैमा राम्रैसँग खस्केको छ।

अब कुरा गरौं हाम्रै प्रम सम्मानीय ओलीको। उनले पनि चुनावताका र चुनावपछि दुईतिहाइको अभूतपूर्व बहुमत पाइसकेपछि गरेको वाचा स्मरण गर्दा पानी जहाज, घरघरमा ग्याँस पाइपलाइन पुऱ्याउने, नेपालमै खानी सञ्चालन गर्ने, आर्थिक क्षेत्रमा ठूलै फडको मार्ने कुरा आज कहाँ पुग्यो भनी मूल्याङ्कन गर्दा दुईतिहाई बहुमतको प्रमले विपक्षी काङ्ग्रेसको समर्थन रहँदासमेत आफ्नै दलको सभामुखबाट एमसिसी संसद्मा टेबुल गराउन सकेनन्। खानी, मेलम्चीको पानी र पानीजहाज अनि रेलको कुरा छाडौं कोभिड-१९ जस्तो महामारीमा समेत भ्रष्टाचारमा सरकार निर्लिप्त भएको आशङ्कामा संसदीय समितिले छानबीन थालेको छ भने चालू आवको बजेट रुटिनभन्दा फरक छैन, किनभने आन्तरिक राजस्वबाट चालू खर्चसमेत धान्न नसकिने भएको छ। वैदेशिक सहयोग घटेको छ र विकास बजेट २५-३० प्रतिशतभन्दा बढी खर्च गर्न असार पर्खिनुपरेको छ। तथापि मोदीझैं हाम्रा प्रमका भक्तहरू विकास भएको सुगा रटाइ गर्न छाडेका छैनन्। हुँदाहुँदा अवस्था कतिसम्म आइपुग्यो भने अफ्नै दलभित्रबाट उनलाई दुवै पद छाड्न दबाब आयो र यसलाई थेग्न उनका सहयोगीको रूपमा चिनियाँ महामहिम राजनैतिक रूपमा सक्रिय हुनुपऱ्यो। फरक यति हो नेपाली प्रमको राजीनामाको माग आफ्नै पार्टीभित्र उठेको छ र भारतीय प्रमको राजीनामाको माग सडक र विपक्षी दलबाट भइरहेको छ। समानता के छ भने दुवै 'वादा कर के भूल जाते हैं' टाइपका छन्। त्यसैले दुवै उस्तै-उस्तैको प्रसङ्ग आएको हो।

२०७७ साउन ०७ गते बुधवार

सीमा विवादले जन्म भएको नागरिकता विवाद

इतिहास हेर्दा नेपालका शासकहरूले सधैं कुनै एउटा देशसँग मात्र बलियो सम्बन्ध राखेको पाइन्छ । भारतको स्वतन्त्रतापूर्वसम्म नेपालका राणा शासकहरू ब्रिटिश राज्यसँग सम्बन्ध उच्च राख्न केन्द्रित पाइन्छन् भने भारतबाट अङ्ग्रेजहरू जाने अवस्था देखा पर्नासाथ नेपालका शासकहरूले अमेरिकासँग सम्बन्ध विस्तार एवं सुधार गरेको पाइन्छ। हुनत यसलाई नराम्रो मान्न सकिदैन किनभने स्वतन्त्र भारतका गृहमन्त्री सरदार बल्लभभाइ पटेलले नेपाललाई भारतमा गाभ्ने तयारी गरेका थिए। अमेरिकासँग राम्रो सम्बन्ध त्यसबेला नभइदिएको भए हाम्रो स्वतन्त्रता र सार्वभौमिकता दुवै गुम्न सक्ने थियो । सन् १९५९ मा नेपालमा अमेरिकी राजदूतावास खुलेपछि अमेरिकाले माओवादी प्रभावको विस्तार नेपाल हुँदै भारतसम्म पुग्न रोक्नको लागि नेपालमा प्रशस्त सहयोग गरेको हो । अमेरिकाले चीनविरुद्ध चलाएको खम्पा विद्रोहबाट हात झिकेर सन् १९७१ मा अमेरिकी विदेशमन्त्री हेनरी किसिंजरको चीन भ्रमणपछि अमेरिकीहरूको चीन र भारत हेर्ने नीति फरक हुन थाल्यो । अमेरिका भारतको विरोधमा पाकिस्तानसँग बढी आबद्ध हुन थाल्यो र त्यस अवधिमा नेपालको राजनीतिमा भारतीय प्रभाव बढेर सूक्ष्म व्यवस्थापनसम्मको अवस्थामा पुगेको पाइन्छ ।

सन् ९० को दशकमा सोभियत सङ्घको विघटनपछि विश्वको राजनीतिक पर्दाबाट सोभियत सङ्घ हराउनु र चीनमा राष्ट्रपति सीको उदय पूर्वसम्म, नेपाल अमेरिकी झोलामा रहिरहँदा, अमेरिकीहरूले नेपालमा बुद्धिजीवी र राजनीतिक दलका नेताहरूसँग सम्बन्ध विस्तार गरी सन् २००० सम्म नेपालमा एउटा ठूलो यस्तो वर्ग तयार भयो, जसलाई भुइँफुट्टा वर्ग भन्न थालियो । यो भुइँफुट्टा वर्गको शासनमा हालीमुहाली रहन थाल्यो । यो वर्गले चाकरी, आफ्नो मान्छे र बाहुनवादलाई प्रश्रय दियो । यो भनाइ अतिशयोक्तिपूर्ण लाग्न सक्छ तर २००७ सालपछि आजसम्म देशमा भएका प्रधानमन्त्रीहरूको नामावली मात्रैले पनि यसको यथेष्ट प्रमाण दिन्छ ।

चिनियाँ राष्ट्रपति सीको उदय र चीनको विश्वशक्ति बन्ने आकाङ्क्षाका साथ अमेरिकाको चीनसँग सम्बन्ध बिग्रन पुग्यो । भारतसँग सुधार हुने अवस्था आएपछि चीनले माओवादलाई हिमालय कटाउन अमेरिकाले खडा गरेको भुइँफुट्टा वर्गलाई नै प्रयोग गर्ने रणनीति बनाएर नेपालसम्बन्धी नीति परिचालित गर्न थालेको हो। हिजोसम्म माओवादी र एमाले एकीकरणमा चीनको संलग्नता छैन भनेर सुगा-रटाइ गर्नेहरू हिजो र आज प्रम ओली सङ्कटमा परेर पार्टीलाई विभाजनको खतराबाट जोगाउन चिनियाँ महामहिमको सक्रियतालै नै जवाफ फर्काएको छ । भारतले पनि लामो

समयदेखि हामीलाई गर्दै आएको सहयोगको मूल्य हामीले पनि नबुझिने गरी तिर्दै आएका छौं । त्यसैले सबै नेपालीले बुझ्नुपर्ने कुरा के हो भने विदेशी सहयोग निस्स्वार्थ हुँदैन । तर यसबाट विकास नै गर्न सकिँदैन भन्ने पनि होइन । यसबाट विकास गर्न स्वस्थ शासन प्रणाली चाहिन्छ, जुन देशमा छँदैछैन । त्यसैले जति सहयोग आए पनि त्यो लक्षित समूहसम्म पुग्न सकेको छैन र नेपालको विकास हुन सकिरहेको छैन । एमसिसीमा अमेरिकी स्वार्थ छ भने बिआरआईमा छैन भन्ने आधार के छ ? बिआरआईमा लाग्ने ठूलो धनराशिको सट्टा चीनले लिम्पियाधुराबाट मात्रै तीस किलोमिटरको दूरीमा रहेको सिल्क रोडसम्म पुग्न दिए त्यहाँबाट ६-७ घण्टामा कराँची बन्दरगाह पुग्न सकिन्छ तर यो विकल्पबारे कसैले सोच्दैन किनभने भुइँफुट्टा वर्गको इमानदारिता नै मालिकको चाकरीमा केन्द्रित हुन्छ ।

अब लागौं सीमा विवादकै पृष्ठभूमिमा जन्मिएको नागरिकता विवादतर्फ । दुई-अढाई वर्षदेखि निष्क्रिय रहेको नागरिकता विधेयक एकाएक जाग्यो । यस सम्बन्धमा वास्तविकता त गताङ्कमै लेखिसकें तर आजकल अत्यन्त चर्चित बनाइएको एउटा अङ्ग्रेजी शब्द Demographic Attack बारे चर्चा गर्नु उपयुक्त हुनेछ । यो शब्दको प्रयोग मुख्यत: भारतीयहरूले नेपालको नागरिकता विवादसँग जन्माएको भएपनि अहिले तथ्य केलाउँदा प्रयोगकर्ताहरूको लागि नै प्रत्युत्पादक हुने देखिन्छ । नेपालमा नागरिकता वितरण २००९ सालदेखि शुरू भएको हो । त्यसबेलादेखि अहिलेसम्मको अवस्था केलाउँदा द्वितीय विश्वयुद्धपछि बर्मामा जन्मेको असहज परिस्थितिका कारण त्यहाँका थुप्रै नेपालीभाषी बर्मेली नागरिकलाई नेपालमा पुनर्वास गराइएको कुरा ठाउँठाउँमा रहेका बर्मेली टोलहरूले स्मरण गराउँछन् । त्यस्तै, सन् १९६२ को भारत-चीन युद्धपछि आसाममा बसोवास गर्ने नेपालीलाई नेपालमा पुनर्वासको व्यवस्था गर्दै जग्गाका साथै वंशजको नागरिकता दिइएको कसैले नकार्न सक्दैन । त्यसैगरी सन् १९७६ को ३० जूनसम्म हङकङमा जन्मेका पहाडेमूलका ब्रिटिश नागरिकका सन्तानलाई नागरिकता दिइयो, जो नेपाल नआई बेलायतमै बसेर दोहोरो नागरिकताको लाभ प्राप्त गरिरहेका छन् । केही वर्षअगाडिसम्म पहाडबाट तराई झर्नेहरूको बसाइँसराइ एघार प्रतिशत र तराईबाट पहाड उक्लनेहरूको प्रतिशत एक मात्र रहेको छ । तराईमा गणना हुने नेपालका १९ सीमावर्ती दक्षिणातर्फका जिल्लाहरूले नेपालको कुल जनसङ्ख्याको ६२ प्रतिशत ओगटेको छ भने यसमा ३८.४० प्रतिशतसम्म पहाडीमूलकै नागरिक छन् । अब विचार गरौं Demographic Attack कताबाट भयो ? पञ्चायतकालदेखि नै नेपालमा सुकुमबासी आयोग र पुनर्वास कम्पनीहरू खडा भए । तराईको वनजङ्गल फँडानी गरी जग्गा बाँडियो तर तराईका कतिजना मुसहर समुदायले यसमा जग्गा प्राप्त गऱ्यो । नेपालमा रहेको मधेसी आयोग वा अन्य कुनै सरकारी निकायले तथ्याङ्क सार्वजनिक गरोस्, म मात्रै गर्दछु ।

पूर्वको तराई विजयपुर राज्य, मध्यतराई मकवानपुर र पश्चिम तराई पाल्पा

राज्य अन्तर्गत रहेको र पृथ्वीनारायण शाह तथा उनका सन्ततिले शुरू गरेको विजय यात्रा विसं १८६३ मा काँगडा युद्धमा हार बेहोरेपछि रोकिएको अवस्थामा नेपालको सिमाना सिक्किमदेखि पश्चिमको महाकाली र दक्षिणमा गङ्गा नदीवारिसम्मका राज्यहरू जितेर कायम भएको हो भने विराटनगर, कपिलवस्तु र जनकपुरको वर्णन त त्रेता युगमा नै भएको पाइन्छ भने यस क्षेत्रका बासिन्दा कसरी भारतीय मूलका नेपाली नागरिक भए ? यसबारे कसैले ऐतिहासिक तथ्य राखिदिए धन्य हुने थिएँ ।

यो भारतीय मूलको शब्दको विजारोपण २०६६ सालको जनमत सङ्ग्रहताका स्व. डा हर्क गुरुङको अनुसन्धानबाट निकालिएको शब्द हो । विसं १८६३ देखि २०७६ सम्म आइपुग्दा अहिले २१३ वर्ष पुगिसकेको छ भने अहिले भारतले सुगौली सन्धि नमान्ने हो भने ग्रेटर नेपाल कायम गर्नुपर्छ भनेर कुर्लनेहरूले तथाकथित भारतीय मूलको नेपाली (?) नागरिकलाई समाहित गरेर नेपाल भित्र्याउँदा कुल जनसङ्ख्याको २३ प्रतिशत मात्र रहेको शासक वर्गको के हविगत होला, बेलैमा सोचिराख्दा राम्रो हुनेछ । किन बेलाबेलामा यस्तो हल्ला उठाइन्छ त भनेर विश्लेषण गर्दा तथ्य के फेला पर्दछ भने नेपालको शासन व्यवस्थाको संरचना नै शुरूदेखि उच्च वर्गका ठूलो पदमा र मगर, राई, लिम्बूहरूलाई सैनिकलगायत सानो पदमा नोकरी दिने र आफ्ना भाइ-भारदारहरूलाई समथल तराईको उब्जाउ जग्गा बिर्ता बकस दिई स्थानीय तराईका जनतालाई भूमिहीन बनाउँदै श्रमिक र कमैया बनाउँदै लगेर सामन्तवादी व्यवस्था कायम गरेको पाइन्छ । अशिक्षाका कारण सिर्जित चेतनाको अभावमा श्रमिक र कमैयाहरूलाई आर्थिकरूपमा जर्जर बनाइ राज्यशक्ति भएकाहरूले सत्तामा आफ्नो साम्राज्य खडा गरेको पाइन्छ । समयचक्रसँग मधेसमा बढ्दै गएको चेतनाको कारण यो अभिजात्य वर्ग अब सत्ता बहिर्गमनको खतरा देख्न थालेको छ । त्यसैले करीब पचास प्रतिशत मधेसी र १७ प्रतिशत दलित र जनजातिको जनसङ्ख्या भएको यस देशमा करीब ३३ प्रतिशत उच्च वर्गकाले शासन गरिरहेका छन् । यो गणितीय सङ्ख्या वास्तविकतामा रूपान्तरित नहोस् भन्नका खातिर संसदीय सिटको बाँडफाँडदेखि बेलाबखत नागरिकताको थोत्रो बहस उठाएर तर्साउन खोजेको मात्रै हुन् । वास्तवमा यिनीहरूभित्र हीनभावना बसिसकेको छ र त्यसैले यस्तो असन्तुलित कर्म गर्न उद्यत भएका छन् । होइन भने कालापानी विवादमा समग्र देश एकजुट भएको बेला नागरिकताको काल्पनिक विवाद खडा गरेर मधेसको भावनामा चोट पुऱ्याउनुको अर्थ के हुन सक्छ ?

नेपाल सरकार र नेकपाका द्वन्द्व विशेषज्ञहरूलाई पनि परिवर्तनको लागि प्रतिरोधी बल कमजोर बनाउन सञ्चालन बल (Driving Force) बलियो बनाउनुपर्ने विश्वव्यापी मान्यताविपरीत Driving Force (एकजुट भएको नेपालको शक्ति)लाई रोक्न खोज्ने बल भारतका अगाडि आफैंले कमजोर बनाएर पस्किनुको के अर्थ हुन सक्छ, गम्भीर अध्ययनको विषय छ । भारतको चीनसँग विवाद छ, तर नरेन्द्र मोदी भारतको सीमा अतिक्रमण नभएको भन्छन्, भारतले आफ्नो सरकार ढाल्न लाग्यो भन्ने नेपाली प्रम

ओली र उनको सरकार नाकाबन्दी भएको बेला भारतीय गुप्तचर संस्थाका उच्चपदस्थ अधिकारीहरू नेपालमा रहेकोबारे चुँसम्म बोल्दैनन्, न खण्डन नै गर्छन् । त के प्रम ओलीले आफ्नो सरकार ढाल्न निम्तो दिएर भारतीय गुप्तचर संस्थाका अधिकारीहरूलाई निम्त्याएका हुन् ? उता चिनियाँ महामहिमको सक्रियता छोइ नसक्नु भएको छ । उनीबारे नबोले भारतबारे बोल्ने कुरा पनि भएन । यो सन्दर्भ हेर्दा चिनियाँ र भारतीय रेल काठमाडौं पुगेपछि साँच्चिकै नेपाल दशगजामा परिणत हुने सम्भावना देखिन्छ। हाम्रो दुर्भाग्य के भने नेपालका राणा शासक एवं शाहवंशले सत्ता जोगाउन देश चलाए।

प्रजातन्त्र प्राप्तिपछि बनेको बहुमतको काङ्ग्रेसी सरकारलाई सत्ता पचेन र अहिले दुई तिहाइ बहुमतको सरकारलाई समेत सत्ता नपचेको देखिँदैछ । किनभने काङ्ग्रेसको लडाइँ र अहिलेको नेकपाको लडाइँ सत्ताकै लागि हो । प्रदीप गिरीले यही सत्यलाई बुझेर नेपालमा सत्ताको हस्तान्तरण भएको तर रूपान्तरण नभएको मन्तव्य राखेका हुन् । उनीहरूको यो लडाइँमा जो जिते जो हारे पनि नेपाल नहारोस् किनभने नेपालबारे महामानव विशेश्वरप्रसाद कोइरालाको भनाइ यहाँ सान्दर्भिक हुन आउँछ–हाम्रा छिमेकीलाई चिढाउने काम हामीले गर्नुहुँदैन । म जहिले पनि जोड दिन्छु भारत र चीनबीच मित्रता होस् भनेर । हिन्दुस्तान वा चीनमा निर्भर रहेर कोही यहाँ राजनीति गर्न चाहन्छ भने त्यो सफल हुँदैन ।

वास्तवमा छिमेक फेर्न सकिन्न । तर यसो भन्नुको अर्थ आफ्नो हक छोड्नु होइन। समस्याको मर्यादित समाधान खोज्नुपर्छ जुन भइरहेको छैन ।

२०७७ असार ३१ गते बुधवार

हाम्रो सीमा विवाद

हामी दुई विशाल छिमेकी राष्ट्र भारत र चीनको बीचमा छौं। हामो यो भूराजनीतिक बनोटले हामीलाई रणानीतिक महत्त्व प्रदान गरेको छ। तथापि स्वतन्त्रतापूर्वक आफ्नो सार्वभौम सत्ताको रक्षा गर्दै बाँच्न पाउने अधिकार सबै देश र व्यक्तिलाई हुन्छ। यस विश्वव्यापी मान्यताको उल्लङ्घन कुनै पनि कारणबाट भयो भने विवाद उत्पन्न हुन्छ। यस्तै एउटा विवाद अहिले भारत र नेपालबीच कालापानी क्षेत्रको नक्शालाई लिएर उत्पन्न भएको छ। नेकपाका नेता नारायणकाजी श्रेष्ठका अनुसार भारतले कश्मीरमा धारा ३७० हटाएर लद्दाखलाई नयाँ राज्य बनाएर प्रकाशित गरेको पहिलो नक्शालाई सात दिनपछि परिवर्तित गरेर नेपालको लिम्पियाधुरा, लिपुलेक क्षेत्रलाई आफ्नो भनेर देखाएपछि यो विवाद सार्वजनिक भएको हो। यो क्षेत्र सन् १९६२ को भारत-चीन युद्धपछि नै नेपालको सहमतिमा भारतीय सेनाले उपयोग गर्दै आइरहेको क्षेत्र हो। भारतले नेपालको स्वीकृतिविना सन् २००८ अर्थात् २०६४ सालदेखि सडक निर्माण कार्य शुरू गरेको र समय-समयमा त्यहाँको स्थानीय प्रशासनले सरकारलाई सूचित गरेपनि वास्ता नगरिएको कुरा बाहिर आएको छ। यो सोच नै अत्यन्त राष्ट्रघाती छ, किनभने त्यो समय (२०६२/६३) आन्दोलनपछिको समय थियो र त्यस कारणले हामीले हाम्रो सीमा अतिक्रमणको बेवास्ता गरेका हौं भने हाम्रा जनप्रतिनिधिहरू (तत्कालीन) को मनोवृत्ति जसरी भएपनि सत्तामा बसिरहने लिप्साबाट ग्रस्त छ र त्यसैले हाम्रो सीमाको अतिक्रमण हाम्रै कमजोरीबाट भएको कुरा नकार्न सकिन्न।

नेपाल-भारत सीमा विवादलाई भारतीय सञ्चारमाध्यमहरूले अत्यन्त अतिरञ्जितरूपमा प्रस्तुत गरेर देखाइरहेका छन्। उनीहरूले बडाभाइ र लाल आँखें (रेड आइ)- नेपालले भारतलाई देखाउन खोजेको प्रसङ्ग पनि निकाले। यसै क्रममा केही दिन अगाडि अल जजिराका नेपाल प्रतिनिधि कञ्चन झाको अन्तर्वार्तासमेत भारतको एउटा टिभी च्यानलबाट प्रसारित भएको थियो जसमा सञ्चालकको पहिलो प्रश्न नै भारतले नेपाललाई २५ टन औषधि सहयोग गरेको प्रसङ्ग झिक्दै कञ्चन झालाई भारतविरोधी नेपाल सरकारको विरोध गर्न भनिएको सन्दर्भमा कञ्चनले अत्यन्त संयमित भएर उपयुक्त उत्तर दिएका थिए भने अन्तर्वार्ताको दोस्रो भागमा भारतीय एङ्करले नेपालमा प्रेस स्वतन्त्रता कुण्ठित भएको सन्दर्भमा प्रेस स्वतन्त्रताको सूचकाङ्कमा नेपाल भारतभन्दा धेरै माथि रहेको प्रसङ्ग अगाडि राखेर निरुत्तर बनाएका थिए। तर यो अन्तर्वार्ताले मलाई विचलित बनाइरह्यो र म यो लेख लेख्न बाध्य भएको छु। विचलित हुने कारण के हो भने भारतको अधिकांश मिडियालाई अहिले भारतीयहरूले नै गोदी मिडिया (मोदीले बोकेको मिडिया) भन्ने गरेको पाइन्छ। यस्तो अवस्थामा भारतको गोदी मिडियाका सञ्चारमाध्यमले नेपालले २५ टन औषधि सहयोग प्राप्त

गरेबापत भारतप्रति कृतज्ञ हुनुपर्ने र सीमाको कुरा गर्नैपर्ने भए एक याचकको रूपमा गर्नुपर्ने मानसिकता स्पष्ट देखिन्छ । अर्को शब्दमा भन्ने हो भने भारतलाई नेपालको सहयोगमा ठूलो घमण्ड छ र बिग ब्रदर एट्टिच्युडको एउटा र एउटामात्र कारण यही हो भन्ने लागेर मैले यसबारे केही अध्ययन र सोच गर्दा केही तथ्यहरू फेला परे, जसलाई सहयोगको र कृतज्ञताको तराजूमा राखेर हेर्नु उचित हुने जस्तो लाग्यो ।

१) सर्वप्रथम कुरा गरौं गोरखा सैनिकको । ३८ वटा बटालियन रहेको गोर्खा सैनिकले आजसम्म भारतको सुरक्षा चुनौतीमा दिदै आएको रगतको योगदान नै भारतले आजसम्म नेपाललाई गरेको सहयोगभन्दा भारी छ किनभने रगतको मूल्यलाई तलब र पेन्सनसँग तौल गर्न सकिदैन ।

२) भारतमा ३७ लाख नेपाली कार्यरत रहेको भन्दै आएको भारतीय सञ्चारमाध्यमले के हेक्का राख्नुपऱ्यो भने नेपालमा पनि १० लाख भारतीय कार्यरत छन् तिनले प्रत्येक वर्ष तीन अर्ब डलर भारत पठाउने गरेका छन्। नेपालको जनसङ्ख्याको अनुपातमा तीन करोडमा दस लाख र १३५ करोडमा ३० लाखको अन्तर उनीहरूले बुझ्नुपर्ने हो ।

३) इन्टरनेशनल बाउन्ड्री वाटर ट्रिटिएक्ट १९९० र संयुक्त राष्ट्र सङ्घको कन्भेन्शन अन द ल अफ द नन नेभिगेशन युजर्स अफ इन्टरनेशनल वाटर कोसैस १९९७ र अन्तर्राष्ट्रिय नदीहरूको पानी प्रयोगसम्बन्धी अभिसन्धि १९६६ को प्रतिकूल हुने गरी नेपालको पूर्व स्वीकृति नलिई भारतले नेपालको सीमावर्ती भूभाग डुबानमा पार्नेगरी २८ स्थानमा ठूला बाँध एवं तटबन्ध निर्माण गरेको छ। यसबाट पूर्व मेचीदेखि महाकालीसम्मका सीमावर्ती गाउँहरू वर्षात्मा डुबानमा पर्ने गरेको पीडाको तुलनामा भारतले आफू स्वतन्त्र भएदेखि नै नेपाललाई गरेको सहयोगको मूल्याङ्कन गर्दा मलाई त यहाँ पनि नेपालकै पलडा भारी भएको अनुभूति भइरहेको छ ।

४) भारतले डिमोनिटाइजेशनपश्चात् नेपाल राष्ट्र बैंकसँग रहेको प्रतिबन्धित हुन पुगेको भारतीय रुपियाँ साट्नेबारे दुई वर्ष बितिसक्दा पनि कुनै निर्णय नगरेर कस्तो सद्भाव प्रकट गरेको हो, त्यसको जवाफ नेपालविरुद्ध बोल्ने प्रत्येक व्यक्तिले दिन सक्नुपर्दछ ।

५) २०५२ सालमा अत्यधिक भारतीय दबाबमा सन्धि सम्पन्न गरिएको महाकाली सन्धि अहिले २६ वर्ष बितिसक्दा पनि कुनै डिपिआर नै तयार हुन नसक्नु र गत वर्ष आएर भारतीय मन्त्री नीतीन गडकरीले यसको मोडेल परिवर्तन नगरी कार्यान्वयन गर्न नसकिने भनाइ आउनुको रहस्य के हो ? कार्यान्वयन गर्न सकिदैन भने सन्धि खारेज गरे भइहाल्यो, भारत किन कागज ओगटेर बसेको छ ?

६) भारतीय सहयोगमा निर्मित कोशी र गण्डक नहरबाट नेपालमा कहिले समयमा पानी उपलब्ध नहुने र वर्षात्मा बाढीले बेहोर्नुपर्ने क्षतिले मात्र नपुगेर इस्ट-वेस्ट करिडर हाइवेका साथै बुँदा नं. तीनमा उल्लेख गरेजस्तै बाँध बनाएर मधेस र समग्र नेपालको जनतालाई कुन गुन लगाएको हो ? यसको जवाफ कसले दिने ? इस्ट-वेस्ट करिडर

हाइवे निर्माणपछि नै भारतले हुलाकी सडकको निर्माणबाट सक्रियता घटाएको स्पष्ट नै छ । टनकपुर बाँधसमेत यो समस्याबाट मुक्त छैन ।

७) भारतले पहिलोपटक पारवहन सम्झौताको म्याद समाप्त भएको बेला गरेको नाकाबन्दीको समयमा म युवक थिएँ । र अहिले मधेस आन्दोलनको समयमा भारतले गरेको नाकाबन्दीको समयमा ६० वर्षको थिएँ । तर त्यस बेलाका युवाहरूले भारतको सधैं यस्तै हेपाहा प्रवृत्ति हो भनेर सोध्दा हो बाबू भन्ने पुस्तासमेत गरी भारत आफैंले नेपालमा भारतविरोधी धारणा राख्ने दुई पुस्ता तयार गरिसकेको कुरा त्यहाँका सरकारी नीति निर्माता र मिडियाले बुझ्न नसकेको हामी सबैको अगाडि स्पष्ट छ ।

त्यसैले भारतीय मित्र एवं मिडियाले के बुझ्न जरूरी छ भने भारतकै मानव संसाधन मन्त्रालयले विगतमा गरेको इन्डिया टुडेमा प्रकाशित एउटा सर्भे अध्ययन अनुसार अहिलेको पुस्ताका युवाहरू Highly professional without committment मनोवृत्तिका छन् । कुनैपनि सरकार आफ्नो जनसङ्ख्याको ४०-४५ प्रतिशतलाई उपेक्षा गरेर हिंड्न सक्दैन र त्यसैको शक्तिले नेपाललाई, भारतले मिचेको सीमाबारे अडान लिन लगाएको हो । यो बेग्लै कुरा हो । यही आडमा सत्तारूढ प्रम ओली केही समयको लागि आफ्नो कुर्सी बचाउन सफल भए तर भारतले यसलाई चीनको आडमा चालेको कदम भन्नु महाभूल हुनेछ । भारतसँग प्रमाण छ भने जहिल्यै पनि वार्तामा बसेर समस्याको समाधान गर्न सकिन्छ । यो सामान्य कुरालाई राजनैतिक दाउपेच बनाएर शुरूमा भारतले वार्ताको वातावरण बिगाऱ्यो भने अहिले आएर नेपाल पनि यसै बाटोमा लागेको देख्दा अब हामीलाई पनि कहीं यो वास्तविक समस्या राजनीति गर्न थाती राख्न खोजिएको त होइन भन्ने लाग्न थालेको छ ।

सन्दर्भ नागरिकताको हो । २१/२ वर्षदेखि थाती रहेको यो विधेयक एकाएक संसद्मा प्रस्तुत हुनु र कानून विशेषज्ञहरूको रायमा संवैधानिक व्यवस्थाको प्रतिकूल गणितीय दम्भले यो राज्य व्यवस्था समितिबाट अनुमोदन भएपछि चुलिएको विवादले 'रोटी-बेटी'देखि 'एक हातमा सिन्दुर, एक हातमा नागरिकता किन' भन्ने विवाद चलिरहँदा केही तथ्यतर्फ ध्यान दिनु जरूरी छ । यसले हाम्रो दृष्टिदोष हटाउन ठूलो मदत गर्न सक्छ । सामाजिक सञ्जालमा अरुण सुवेदीको भनाइ सार्वजनिक भएको छ जस अनुसार नेपालको तीन करोड जनसङ्ख्यामा एक करोड ९६ लाख अर्थात् ६० प्रतिशतलाई नागरिकता वितरण भएको छ । नेपालको १८-१९ जिल्लामा मधेसीको बसोवास छ भने प्रदेश २ को जनसङ्ख्या नै ४५ लाख हाराहारीमा छ । त के अब हामीले यो मान्नुपऱ्यो कि प्रदेश २ को ४५ लाखमध्ये ४० लाख वा १८-१९ जिल्ला समेतको हिसाब गर्दा मोटामोटी अनुमान अनुसार ४५ लाख हो भने झन्डै मधेसको आधा जनसङ्ख्या हालको भारतीय नागरिक हो । अब यसलाई पनि मान्न सक्ने अवस्था किन देखिंदैन भने मधेसमा समेत ४० प्रतिशत पहाडे मूलका मानिसको बसोवास छ । यसलाई ७५ लाखबाट कटाउँदा करीब तीस लाख घट्न गई मधेसी मूलको सङ्ख्या ४५ लाख हुन आउँछ ।

त्यसो भए तराईमा रैथाने मूलका मधेसीको सङ्ख्या जम्मा ५ लाख हुनुपर्‍यो । यो सत्य हो भने त्यसरी नागरिकता वितरण गर्नेहरूलाई राष्ट्रद्रोहको मुद्दा चलाएर त्यस्ता नागरिकता खारेज हुनुपर्‍यो । जहाँसम्म अङ्गीकृत नागरिकताको कुरा छ–गृह मन्त्रालयको विवरण अनुसार हालसम्म तीन लाख मात्र वितरण भएको छ । यसमा अधिकांश वैवाहिक नै होलान् तर त्यो मधेसी मूलका मात्र नभई भारतको दार्जिलिङ, सिक्किम, आसाम र भारतीय राजघरानाका चेलीहरू पनि सम्मिलित छन् । यसबाट जहाँसम्म नेपाली चेलीको हक खोसिएको कुरा छ त्यो सरासर झूटो हो किनभने भारत सरकारको लोक सेवा आयोगको २०२० को सूचनामा समेत भूटान र नेपालका नागरिकले भाग लिन सक्ने उल्लेख भएको हेर्न सकिन्छ । यो नयाँ व्यवस्था होइन । मेरो सम्झनामा सम्भवतः कुलशेखर शर्मा भारतबाट जिएएस परीक्षा उत्तीर्ण गर्ने पहिलो नेपाली हुन् । अब जहाँसम्म भारतीय चेलीले नेपाली चेलीको भाग खोसेको तर्क छ त्यसको लागि के ध्यान दिनुपर्‍यो भने नेपाली चेलीहरू पनि विवाह गरी भारत जान्छन् । यिनको सङ्ख्या भने यकिन भन्न सकिँदैन । अब सात वर्षे प्रावधानको कुरा गरौं । भारतको संविधानमा सात वर्षे प्रावधान छ तर यहाँनेर के बुझ्न जरूरी छ भने भारतमा नागरिकता, कानूनको अभावमा लागू भएकै छैन । अहिले बिजेपी सरकारले एनसिआर देशभरि लागू गर्न खोज्दा भारतभरि भएको शाहिनबाग शैलीका विरोध प्रदर्शनमा पनि यो स्पष्ट देखिन्छ । त्यसैले भारतमा सात वर्ष भएकोले हामीले गर्‍यौं भनेर फेरि आफूलाई पिछलग्गु किन बनाउनू ? दस वर्ष र पन्ध्र वर्षदेखि दुईचार वर्षको अवधि राख्ने देशहरू पनि होलान् भारतबाहेक । हामी सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र राष्ट्र भएकोले जति पनि राख्न सक्छौं भन्ने आधार किन देखाइ रहनुपर्‍यो ?

असार पन्ध्र गतेका दिन प्रधानमन्त्री ओलीको, भारतले आफूलाई अपदस्थ गर्न खोजेको, अभिव्यक्ति आएको छ । भारतसँग सीमा विवाद शुरू हुँदा प्रमको 'सिंहमेव जयते' भनाइ र अहिलेको आफूलाई अपदस्थ गर्न लागिपरेको भनाइ कूटनैतिक मर्यादाभन्दा तल्लोस्तरका अभिव्यक्ति हुन् । यसमा भारत नै भनेर विदेशी राष्ट्र वा शक्ति पनि भन्न सकिन्थ्यो तर त्यो समेत नभन्नुबाट प्रमले नेकपा स्थायी कमिटीमा आफूतर्फ तेर्सिएको खतराबाट पार पाउन यो हतियार प्रयोग गरेका हुन् र त्यसैले यो समस्या आगामी चुनावसम्म नसल्टिने आकलन गर्न सकिन्छ ।

२०७७ असार २४ गते बुधवार

व्यवस्थित वीरगंज अभियान

वीरगंज अब व्यवस्थित हुने भयो र त्यसमा नेपाल प्रहरी, वीरगंज उद्योग वाणिज्य सङ्घ र वीरगंज महानगरपालिकाको सक्रिय सहयोग रहने कुरा सुन्दा हर्षले विभोर नहुने कुरै भएन। वीरगंज उपमहानगर भएको लामो समयपछि महानगरको उपाधिले विभूषित भएको हो। नयाँ सङ्घीय कानूनले स्थानीय सरकारको अवधारणा आएपछि कर लगाउनेदेखि न्यायिक निर्णयसम्मको अधिकार प्राप्त भएपछि यसको शक्ति झन् बढेको छ। महानगरले वीरगंजलाई व्यवस्थित गर्न के-के गर्ने र प्रहरी र वीउवासङ्घले के सहयोग गर्ने भन्ने कुरा अमूर्त राखिएपछि यसबारे चिन्तनमनन गर्ने स्थिति देखा परेको छ। सबैभन्दा पहिले कुरा गरौं महानगरपालिकाले व्यवस्थित गर्नुपर्ने दायित्वबारे।

वीरगंजवासीको सबैभन्दा ठूलो समस्या यहाँको मूल सडक फराकिलो नहुनु हो। यससम्बन्धी मुद्दा सर्वोच्च अदालतमा विचाराधीन भएकोले यसको व्यवस्थापन महानगरपालिकाबाट सम्भव छैन। त्यसो भए महानगरपालिकाले बजार व्यवस्थापनमा गर्न सक्ने भनेको तोकिएको ठाउँमा सशुल्क पार्किङ गर्नुस् भन्नेसम्म हो। बजार व्यवस्थापनको सन्दर्भमा आउने अर्को दायित्व हो, सरसफाइ र फोहोर-मैला व्यवस्थापन। सामान्यरूपमा ठेक्का प्रणाली लागू भएदेखि सफाइको स्तर सुधारोन्मुख देखिएको छ। सफाइ त हुँदैछ, तर फोहोर व्यवस्थापन नभई स्थानान्तरण मात्र भइरहेको छ।

फोहोर सङ्कलन एवं व्यवस्थापन केन्द्र र छपकैयास्थित नालाको पानी प्रशोधन केन्द्रजस्ता स्थानीय गौरवका आयोजना पूरा हुने कहिले र सञ्चालनमा आउने कहिले ? यिनीहरूलाई नियमित सञ्चालनमा ल्याएर आममानिसको जीवनमा सुधार ल्याउनु व्यवस्थापन हो। त्यस्तै, वीरगंज महानगरले अहिले वितरण गरिरहेको फोहोर सङ्कलन भाँडोको उपादेयता तबसम्म छैन, जबसम्म वीरगंजका नालाहरूमाथि ढक्कन हालिदैन। नालाहरू खुला रहेसम्म यसभन्दा सुविधाजनक डम्पिङ साइट, त्यो पनि निशुल्क, अरू केही हुन सक्दैन। यसतर्फ महानगरले के सोचेको छ र यो लक्ष्य कहिलेसम्म प्राप्त गर्ने भन्नेबारे केही उल्लेख नभएकोले वीरगंजको उपयुक्त व्यवस्थापनमा प्रश्नचिह्न लाग्ने अवस्था देखिन्छ।

त्यस्तै, तरकारी बजारको भीड र पशुवधशालाबारे अदालतको आदेशको कहिलेसम्म व्यवस्थापन गर्ने भन्ने कुरा पनि अमूर्त नै छ। शिक्षाको हकमा सामुदायिक विद्यालयहरूको भौतिक एवं स्तरीकरण र निजी विद्यालयहरूको भौतिक स्तरीकरणबारे महानगरले नै आयोजना गरेको कार्यक्रममा विभिन्न सुझावहरू दिइएकै हो। तीमध्ये सबै बकवास नै थिए भने भन्नु केही छैन, तर एउटा/दुई वटा पनि राम्रो भए त्यसबारे महानगरपालिकाको धारणा र योजना स्पष्ट आउनुपर्ने हो। हुनत उच्च शिक्षा महानगरको दायित्वभित्र पर्दैन तर त्यहाँ स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्याबाट कारणको अनुमान गर्न सकिन्छ। २५००-३००० विद्यार्थीको परीक्षा एकैपटक ठाकुर राम बहुमुखी क्याम्पसले कसरी लिंदो हो ? आफ्नो वर्तमान भौतिक संरचनामा त्यसतर्फ नसोच्दा अन्ततः बढ्ने बौद्धिक प्रदूषणले हामीलाई नै असर पार्नेछ। वीरगंज विश्वविद्यालयको

बिल संसद्को टेबुलमा आएको वर्षौं बितिसक्दा पनि त्यसतर्फ एक पाइला प्रगति नहुनु हाम्रो दुर्भाग्य नै हो ।

खेलकूद क्षेत्रको कुरा गर्दा यो क्षेत्र महानगरको सूचीमा नै छैन, त्यसैले यसको व्यवस्थापनको कुरै उठेन । अब वीरगंज महानगरको जिम्मेवारीमा रहयो के त ? कर असुली, एडिबी र वर्ल्ड बैंकका परियोजनाहरूको कार्यान्वयन । त्यो त भएकै छ । पानी परेपछि घरमा अलिअलि र सडकमा जाम लाग्नु त स्वाभाविक नै हो । एक/दुई दिनमा यो घटिहाल्छ, त्यसैले यसको व्यवस्थापनमा कुनै समस्या नै देखिएन । सुलभ शौचालय एक/दुई ठाउँमा छँदैछ, अन्य ठाउँमा जहाँ गरे पनि हुने भएकोले खासै समस्या महानगरले नदेखेको हो भने नेपालको जनसङ्ख्यामा पचास प्रतिशत महिला भएको र उनीहरूलाई यो व्यवस्था लागू हुन्न । तसर्थ त्यसको व्यवस्था कसरी गर्ने हो योजना सार्वजनिक हुनुपर्ने हो ।

अब कुरा गरौं, वीरगंज उद्योग वाणिज्य सङ्घको । लामो इतिहास बोकेको यो सङ्घले वीरगंजमा महेन्द्र आरोग्य भवन, ऐश्वर्य प्रसूति गृह, शङ्कराचार्य प्रवेशद्वारजस्ता सामाजिक उत्तरदायित्व वहन गर्ने निर्माण कार्य गर्दै आए पनि युवाहरूको प्रवेशपछि भने ग्रेटर वीरगंज र लिडरशिप समिटको आकर्षक नारामा सीमित हुन पुगेको देखिन्छ । यसको कार्यक्षेत्र कतिसम्म सङ्कुचित भएको छ भने यसले सञ्चालन गर्ने गरेको एउटा पुस्तकालय पनि विगत चार-पाँच वर्षदेखि बन्द छ भने स्वागत र बिदाइको व्यवस्थापन भने जारी राखेको छ ।

सबैभन्दा अन्तमा आयोजक नेपाल प्रहरीबारे । कोरोनाको दौरान प्रहरीको दुर्व्यवहारबाट दुःखी वीरगंजवासीको मनमा 'प्रहरी हाम्रो साथी' भन्ने छवि ध्वस्त भइसकेकोले आफ्नो छवि व्यवस्थापन (Impression Management) गर्न यो कदम चालेको बुझिन्छ। अहिले नेपाल प्रहरीका महानिरीक्षकबाट दुर्व्यवहारका थोरै घटनाको पृष्ठभूमिमा सहयोग र योगदान बिर्सन नहुने भनाइ आएको छ । यो अत्यन्त सान्दर्भिक हो । वीरगंजमैं पनि प्रहरीले बच्चाको लागि दूध र बिरामीका लागि औषधिको व्यवस्था गरेको कुरा बिर्सन सकिदैन । तर व्यवस्थापनमैं एउटा शब्द छ-'Critical Incident' । यस्तो घटना भएको बेला तपाईंको व्यवहार सद्भावपूर्ण र सहयोगी भएन भने सामान्य अवस्थामा गरिएका हजारौं सहयोगको अवमूल्यन हुन्छ र मान्छेले त्यसलाई बिर्सिदिन्छ ।

त्यसैले वीरगंज महानगरको व्यवस्थापनलाई अमूर्तबाट मूर्तता प्रदान गर्न महानगरले व्यवस्थापनसहितको लक्ष्य लिएर अगाडि आउनुपर्छ, होइन भने वीरगंजको विपी उद्यान, भगवती टोलको पार्क, बहुअरी पार्कजस्तो व्यवस्थापन पनि नाङ्गो हुँदै जान्छ । मलाई लाग्छ, तीनवटै निकायले आआफ्नो कार्यक्षेत्रभित्रको दायित्व मात्र पूरा गर्ने हो भने वीरगंज स्वयम् व्यवस्थित हुन्छ । त्यसैले यी तीनै संस्थाको अर्जुनदृष्टि पद धारण गर्दा जनतालाई दिएको वाचा पूरा गर्नेतर्फ केन्द्रित गर्नु बढी उपयुक्त हुनेछ ।

२०७७ असार १७ गते बुधवार

एमसिसी अन्तरकथा

एमसिसी सम्झौता गर्ने सोच अमेरिकामा सन् २००३ मा अलकायदाले गरेको हमलापछि गरीबी र आतङ्कवादप्रति बढ्दो संवेदनशीलताका कारण उत्पन्न भएको पाइन्छ । नेपालमा भने यसको प्रवेश नेपालकै निरन्तर प्रयासपछि सन् २०१२ मा सम्पन्न भएको ग्रोथ डायग्नोस्टिक स्टडीबाट श्रम, विद्युत् र यातायात गरी तीनवटा क्षेत्रको पहिचान गरी श्रम राजनीतिसँग सम्बन्धित भएको र नेपालमा छिटोछिटो सरकार परिवर्तन हुने गरेको तथ्यलाई विचार गरी यस क्षेत्रलाई थाती राख्दै पाँच वर्षभित्र आयोजना सम्पन्न हुने गरी विद्युत्को लागि प्रसारण लाइन बनाउन चालीस करोड डलर, सडक यातायातको लागि ५ करोड डलर र अर्को ५ करोड डलर व्यवस्थापनको लागि खर्च गर्ने गरी ५० करोड डलरको यो सम्झौता १४ सेप्टेम्बर २०१७ मा सम्पन्न भएको देखिन्छ । नेपाल हाल सम्झौताको पक्ष र विपक्ष गरी दुई खेमामा विभाजित छ ।

सत्तारूढ दल नेकपा नै विभाजित भएर असार १५ गतेभित्र संसद्बाट अनुमोदन भइसक्नुपर्ने यो सम्झौता गर्नु देश हितमा छ, छैन विचारणीय हुन आउँछ । यस सम्बन्धमा सबैभन्दा पहिला त संसदीय अनुमोदनकै चर्चा गर्दा अमेरिकाले संसद्बाट विश्वका अन्य २७ मुलुकसँग भएजस्तै संसदीय अनुमोदनको लबिङ गर्दै आएको भएपनि नेपालको अडानको कारण २०१७ मा भएको सम्झौतामा संसद्बाट अनुमोदन गर्नेबारे उल्लेख छैन । तर अमेरिकाले नेपालको राजनीतिक अस्थिरताको कारण देखाउँदै लबिङ जारी राखेपछि कानून मन्त्रालयसँग राय मागिएकोमा त्यहाँबाट एमसिसी अर्को मुलुकसँग गरिने सन्धिसरह भएकोले सन्धि ऐनको दफा ९ अनुसार सम्झौता गर्नुपर्ने राय दिएकोले यो गर्नुपरेको हो । नेपाल सन्धि ऐनको दफा ९.१ मा संसद्बाट अनुमोदन, ... एवं स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाँझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र सन्धिको व्यवस्था कानूनसरह लागू हुने उल्लेख छ । जहाँसम्म संविधानको कुरा छ, सन् २०१७ को एडमेमोरमा यो सम्झौता नेपालको संविधानमाथि हुनेछैन भनी लेखिएको पाइन्छ । एमसिसीको सन्दर्भमा यो विवाद उठाउनुभन्दा पहिला यस्तो सन्धि ऐन संसद्बाट किन बनेको भन्ने प्रश्न उठाउनुपर्ने अवस्था रहेको छ ।

त्यस्तै, एमसिसी कार्यान्वयन गर्न एमसिए गठन गर्ने प्रावधानको लागि मन्त्रिपरिषद्को २०१३ को विकास समिति ऐन अनुसार नै एमसिएको गठन भएको पाइन्छ । एमसिए सञ्चालन समितिको अध्यक्ष अर्थसचिव रहने, ऊर्जा र भौतिक योजना मन्त्रालयका सहसचिव, विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक, निजी व्यापारिक सङ्घसंस्थाबाट एकजना, नागरिकतर्फबाट एकजना र परियोजनाका कार्यकारी निर्देशक सदस्य-सचिव रहने र निर्णयार्थ यिनको मताधिकार रहने व्यवस्था गरिएको छ भने सञ्चालक समितिमा एमसिसी प्रतिनिधिको हैसियत मताधिकारविनाको आमन्त्रित सदस्यको मात्र रहेको छ । यो व्यवस्थाबाट एमसिएले अमेरिकाको निर्देशन वा उसको नियन्त्रणमा रहने प्रश्न कसरी उठाउन सकिन्छ ?

१) विवादित अन्य मुद्दाहरूमा दफा ६.८ मा नेपालको अदालती कारबाईबाट उन्मुक्ति २) दफा ३.२ मा बौद्धिक सम्पत्ति प्रयोग गर्न र हस्तान्तरण गर्न नेपालले अनुमति प्रदान गर्ने ३) धारा ५ मा अन्त्य निलम्बन वा समाप्तिको प्रावधानमा एक पक्षले अर्को पक्षलाई ३० दिनको पूर्वलिखित सूचना दिई समाप्त गर्न सक्ने व्यवस्था छ । अदालती उन्मुक्ति र अन्त्य वा निलम्बनको व्यवस्था नेपालसँगको सम्झौतामा मात्र नभई अन्य २७ देशसँग भएको सम्झौतामा पनि छ भने यो प्रचलन नै हो भनेर मान्नुपर्ने र नेपालसँगको सम्झौतामा मात्र हो भने अन्यथा लिनुपर्ने अवस्था आउँछ । जहाँसम्म बौद्धिक सम्पत्तिको हस्तान्तरणको सवाल छ, यसमा स्पष्ट बुझाइ के हुनुपर्‍यो भने यो अन्तर्राष्ट्रिय मान्यता हो वा होइन । नेपालको सम्बन्धमा विद्युत् ट्रान्समिशन लाइन खडा गर्ने र सडकसम्बन्धी काम अनुसन्धानको काम नभएकोले यस क्रममा केही नयाँ कुरा आविष्कार हुने सम्भावना शून्य नै छ भने यसमा विवाद गरिरहनुको कारण उहाँहरूले स्पष्ट गर्नुपर्ने हुन्छ ।

विरोधको अर्को कुरा भारतको स्वीकृतिको छ । अन्तरदेशीय प्रसारण लाइन निर्माण गरेर मात्र विद्युत् बिक्री गर्न सकिँदैन र यसरी भारतसँगको स्वीकृतिले विद्युत् बिक्रीको मार्ग प्रशस्त गर्ने र आयोजनाबाट नेपालले अपेक्षित लाभ पाउने कुराको सुनिश्चितताको लागि हो भनेर नबुझ्नु बुझ्न पचाउनुसरह हो । अहिले नेपालमा दैनिक करोड रुपैयाँको बिजुली खेर गइरहेको छ । नेपालको अहिलेको उत्पादन १००० मेगावाट भएकोमा दिउँसो ९०० मेगावाट र राति ६००–७०० मेगावाट मात्र खपत भइरहेको छ । नयाँ आवमा थप १३०० मेगावाट बिजुलीको उत्पादन थपिएर २३०० देखि २४०० मेगावाट पुग्नेछ । यो बिजुली के गर्ने ? विरोध गर्नेहरूसँग यसको समाधान छ भने प्रस्ट खाका प्रस्तुत गर्नुपर्‍यो ।

यसै सदर्भमा केही व्यक्तिले आफैंले बनाउने कुरा पनि उठाउनुभएको छ । यो गर्न सके यसभन्दा स्वागतयोग्य त अरू हुनै सक्दैन । तर यथार्थबाट आँखा चिम्लिंदा दुर्घटना टार्न सकिँदैन । नेपाल सरकारले यस आवको बजेटमा उठेको करको रकम ८९० अर्ब र चालू खर्च नै ९४९ अर्ब हुने अनुमान पेश गरेको छ भने वैदेशिक अनुदानको गत वर्षको अनुमानमा १०.५ अर्ब मात्रै प्राप्त भएको तथ्य हामी सबैको सामु छ । चालू खर्चकै लागि ऋण वा अनुदान बोक्नुपर्ने अवस्थामा यस्तो योजना आफैंले बनाउँछु भन्नु मृगतृष्णा नै हो । समग्रमा नयाँ आवको बजेटले कुल बजेट १४ खर्ब ७४ अर्ब ६४ करोडको ६० प्रतिशत मात्र आन्तरिक स्रोतबाट बेहोर्न सकिने र बाँकी ४० प्रतिशत आन्तरिक र बाह्य ऋण र अनुदानबाट बेहोर्नुपर्ने तथ्यलाई पनि ध्यानमा राख्न जरुरी छ ।

अब कुरा आउँछ बल त नेपालको कोर्टमा छ र बहुमतमा रहेको सरकारको दल यस सम्झौताप्रति विभाजित छ । त्यसो भए के होला त अब ? केही गरी एमसिसी पास भएन भने सर्वप्रथम त नेकपाले २०४९ सालमा अरुण तेस्रो खारेज गरेर गरेको गल्ती दोहोर्‍याउने छ । यसले नेपालको अर्थव्यवस्था र खासगरी व्यापारघाटालाई सधैं ऋणात्मक राख्नेछ भने अन्तर्राष्ट्रियजगत्मा नेपालको छविसमेत धमिलो हुने अपेक्षा गर्न सकिन्छ । आन्तरिक खपत तत्कालै नबढ्ने अवस्थामा पिपिए गरिसकेका आयोजनाहरू सञ्चालनमा आएपछि खेर जाने विद्युत्को भुक्तानीबापत या त नेपाल विद्युत् प्राधिकरण टाट

पल्टिनेछ वा विद्युत् महसूल दोब्बर गर्नुपर्ने बाध्यता आइपर्नेछ । यो दुवै अवस्था नेपालको लागि प्रत्युत्पादक नै हुनेछ ।

एमसिसी सम्झौता पारित भई लागू भएमा वर्तमानमा सीमा विवादका कारण चिसिएको नेपाल–भारत सम्बन्धमा अमेरिकी संलग्नताका कारण पनि भारतको स्वीकृति प्राप्त हुने सम्भावना बढ्ने र चिसिएको सम्बन्धमा आइस ब्रेक हुने अनुमान गर्न सकिन्छ । नेपाल र अमेरिका सम्बन्ध सन् १९४७ मा गाँसिएको हो । यो सम्बन्ध गाँसिनुपछाडि अमेरिका र नेपाल दुवै राष्ट्रको आआफ्नो पहिचान जोगाउनु नै मूल कारण रहेको पाइन्छ । दोस्रो विश्वयुद्धपछि अमेरिका र सोभियत सङ्घ दुई ठूला विश्व शक्तिको रूपमा देखा परेका हुन् । अमेरिका प्रजातान्त्रिक देश थियो भने रूसमा कम्युनिस्ट शासन । अमेरिका शक्ति प्रदर्शनको यो दौडमा अगाडि रहेर सोभियत प्रभाव घटेको हेर्न चाहन्थ्यो । यस क्रममा उसले नेपालको रणनीतिक महत्त्वलाई बुझेर तिब्बतमार्फत् नेपालमा अतिक्रमण भएमा वा आन्तरिकरूपमा कम्युनिस्टहरूले सत्ता हातमा लिएमा भारतमा समेत त्यसको प्रभाव पर्ने भएर नेपालसितको सम्बन्धलाई प्राथमिकतामा राखेको पाइन्छ भने नेपालमा त्यसबेला राणाशासन रहेकोमा दोस्रो विश्वयुद्धपछि उनीहरूमा सत्ता गुम्ने डर पलाएको थियो किनभने बेलायतको शक्ति घट्नेक्रममा थियो र भारतबाट पनि फर्किने अवस्था आइसकेकोले भारतका नयाँ सत्ताधारीहरूबाट सत्ता र सार्वभौमिकता दुवै गुम्ने भनेर सशङ्कित राणाहरूले विश्व शक्तिको रूपमा उदीयमान अमेरिकासँग सम्बन्ध गाँस्नु उपयुक्त हुने ठानेका थिए ।

७० वर्षपछाडि फेरि इतिहास दोहोरिँदै छ । नेपालमा चीनको प्रभाव क्षेत्र विस्तार भइरहेको छ र नेपालमा नेपाली कम्युनिस्टहरू नै शासनमा छन् । यस्तो अवस्थामा आज फेरि एकपटक दुवै छिमेकीबाट नेपाली सार्वभौमिकतामाथि प्रहार जारी छ । भारतले कालापानी, सुस्तालगायतका दर्जनौं ठाउँमा सीमा मिचेको छ भने चीनले पनि सीमा मिच्नुका साथै सम्पूर्ण सगरमाथा नै आफ्नो भएको दाबी बेलाबखत गर्दै आएको छ । सन् १९५४ मा र फेरि २०१५ मा भारतसित लिपुलेकबारे सम्झौता गर्दा यो नेपालको भूमि हो भनेर चीनले सम्झेन र आज पनि यसबारे बोल्दा नेपाल–भारतले यो समस्यालाई समाधान गर्नुपर्छ भनेर पानीमाथिको ओभानो बन्न खोज्दैछ । यसरी दुवैतर्फबाट चेपुवामा परेको नेपालको लागि फेरि एकपटक अमेरिकासँग सम्बन्ध सुधार गर्नुको विकल्प छैन । अहिले एमसिसीको अनुमोदन संसद्बाट नहुने हो भने भोलि नेपाल र चीन एक पक्ष तथा भारत र अमेरिका अर्को पक्ष भई नेपाल क्रिडास्थल बन्ने संवेदनशील अवस्थामा पुगेको छ । एमसिसीको कुनै धारामा सुरक्षा सेनाका रक्षासम्बन्धी कुनै बुँदामा टेकेर अमेरिकी सेना नेपाल आउन सक्छ भने यसका विरोधीहरूले यो कागजात सार्वजनिक गर्नुपर्‍यो होइन भने चाइना कार्ड खेलेर राष्ट्रकै सार्वभौमिकतामाथि खेलवाड गर्नु महाराष्ट्रघात हुनेछ ।

(लेखक वीरगंज कलेजका प्रिन्सिपल पनि हुन् ।)

२०७७ असार १० गते बुधवार

बजेट, वातावरण र कोरोना

नेपाल सरकारले गत जेठ १५ गते १४ खर्ब ७६ अर्ब ६४ करोडको बजेट आगामी आर्थिक वर्षको लागि पेश गरेको छ । यसमा चालू खर्च ९ खर्ब ४८ अर्ब ९४ करोड र पूँजीगत खर्च ३ खर्ब रुपैयाँ छुटचाइएको छ । कुल प्रस्तावित बजेटको ६० प्रतिशत अर्थात् ८ खर्ब ८९ अर्ब ६४ करोड करबाट उठाउने प्रस्तावना गरिएको छ भने नपुग बाँकी रकम आन्तरिक ऋण, वैदेशिक ऋण र अनुदानबाट पुऱ्याउने लक्ष्य लिइएको छ । यस बजेटमा शिक्षातर्फ १ खर्ब ८३ अर्ब, स्वास्थ्यतर्फ ९० अर्ब ६९ करोड र कृषितर्फ ४१ अर्ब ४७ करोड गरी कुल बजेटको २० प्रतिशत छुटचाइएको देखिन्छ ।

स्वास्थ्य क्षेत्रमा खासगरी क्रान्तिकारी संरचना प्रस्तावित छ । जस अनुसार केन्द्रमा ३ सय शय्यादेखि जिल्ला तहसम्म ५० शय्यासम्मको सङ्क्रमण उपचार अस्पताल छुट्टै बनाउने प्रस्ताव पेश गरिएको छ । यो सबै आकर्षण हुँदाहुँदै पनि बजेट दुलहा नभएको जन्तीसरह भएको छ । किनभने गत आर्थिक वर्षको पूँजीगत शीर्षकको खर्च अनुसार निकासबाहेक २५ प्रतिशतमाथि खर्च हुन नसकेको अवस्थामा आउँदो आर्थिक वर्षमा यो खर्च कसरी बढाउनेबारे केही उल्लेख छैन । राष्ट्रिय गौरवका योजना, हुलाकी सडकलगायतका गेम चेन्जर परियोजनाको प्रगति समग्रमा २०-२२ प्रतिशतभन्दा माथि जान सकेको छैन । शिक्षाको स्तर दलीय राजनीतिले गर्दा यसरी खस्केको छ कि एसइईबाट कक्षा ११ मा भर्ना हुन आउने विद्यार्थीहरू खासगरी ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयबाट आउनेहरूलाई अङ्कलाई अङ्ग्रेजी भाषाको अक्षरमा लेख्न समेत कठिनाइ हुने भएको पाइन्छ भने उच्च शिक्षाको दुर्गति पनि कम छैन ।

चुरे संरक्षण योजना सञ्चालन भइरहे पनि यसको दोहनले गर्दा तराईका कृषिजन्य जग्गा तीव्र गतिमा मरुभूमीकरणतर्फ अग्रसर छ । यस्ता समस्याको समाधान गर्ने लक्ष्य निर्धारण गरी कुनै कार्ययोजना यो बजेटमा समावेशमा छैन । गएको ५ जूनमा हामीले वातावरण दिवस मनायौं, किन मनायौं, त्यसको एकपटक समीक्षा गरौं । किनभने पाठकवर्गलाई बजेटको वातावरणसँग जोड्ने मेरो प्रयास अप्ठेरो लाग्न सक्छ । परिभाषाले वातावरणभन्दा जल, वायु र ध्वनि, जीव (वनस्पति एवं जीव)को सहज जीवनयापन गर्ने स्तरको हुनुपर्दछ भनिन्छ । त्यसैले चीनको मापदण्ड तयार गरेर विश्वव्यापीरूपमा कार्यान्वयन गर्ने गरिएको छ । नेपालको सन्दर्भमा पिउने पानीको पहुँच करीब ७० प्रतिशत जनतामा पुगेको भनिए पनि शुद्ध पिउने पानीको पहुँचको प्रतिशतबारे केही भन्न सकिदैन । किनभने यसको परीक्षण गरेर सार्वजनिक गर्ने चलन नेपालमा छैन । तर सामान्यतया गृष्म र वर्षयाममा नेपालमा फैलिने झाडाबान्ताको प्रकोपले यो नियन्त्रणमा छैन भनेर बुझ्न सकिन्छ । अब प्राकृतिक जलस्रोतको कुरा गर्दा सबै महानगर र नगरपालिका एवं उद्योगहरूले छेउछाउबाट बग्ने नदीलाई नालाको पानी विसर्जन गर्ने

उत्कृष्ट र निश्शुल्क केन्द्रको रूपमा प्रयोग गर्नाले यो समस्यासमेत विकराल बन्दै गएको अनुमान गर्न सकिन्छ । वायु, प्रदूषणको कुरा गर्दा लकडाउन अवधिमा नै नेपालभरिको प्रदूषण सूचक यन्त्रहरूले सफा वातावरणको सूचक हरियो बत्ती बलिरहँदा सिमरामा भने रातो बत्ती बलेको तथ्य छापाहरूबाट नै सार्वजनिक भएको हो । वायु प्रदूषणको लागि सबैभन्दा सरल र सस्तो विधि वृक्षरोपण हो ।

पञ्चायतको कुरा छोडी बहुदलकै ३० वर्षमा प्रत्येक वर्ष सरकारी र गैरसरकारीस्तरबाट जति वृक्षरोपण भयो, त्यसको मोटामोटी अनुमान अनुसार अहिले नेपालमा जनसङ्ख्या बराबरको थप बिरुवाहरूको रोपाइँ भइसकेको होला तर त्यसमध्ये कति हुर्के, त्यसको तथ्याङ्क राख्ने चलन हामीसँग छैन । त्यसैले वृक्षरोपणको कार्य निरन्तर जारी छ । २०४६ सालको अन्तरिम सरकारमा पूर्वप्रम झलनाथ खनाल वनमन्त्री रहेको बखत नेपाल टेलिभिजनलाई दिनुभएको अन्तर्वार्तामा नेपाल भने क्राउन हिडेड जङ्गल ५ प्रतिशत मात्र बाँकी रहेको भनेर चिन्ता व्यक्त गर्नुभएको थियो । अहिले कति छ थाहा छैन । तर सरकारले निजगढमा विश्वकै ठूलो वा ठूलोमध्येको एक हुनेगरी २२ लाख बिरुवा काटेर पूर्व-पश्चिम अवतरण सुविधा हुनेगरी अन्तर्राष्ट्रिय विमानस्थल बनाउने तयारी गरेको छ । हुनत यस वर्ष यसको लागि रकम विनियोजन गरिएको छैन तर सङ्घीय संसद्मा एकजना माननीय सांसदले पथलैयामा सेनाको ठूलो ब्यारेक निर्माण हुने भएको आफूलाई जानकारीमा आएको भनेपछि पथलैयाको सैनिक क्याम्प, पिलुवाको सशस्त्र प्रहरी, निजगढको विमानस्थलसमेत गरी खुम्चिसकेको चारकोसे झाडीको यो क्षेत्रमा कति जङ्गल बाँकी रहला र बाँकी रहेकोलाई पूर्व-पश्चिम रेलमार्गले झन् सङ्कुचित नगर्ला भन्न सकिदैन । औसतमा एक व्यक्तिले जीवनभरमा उत्सर्जन गर्ने फोहोर खासगरी कार्बनडाइअक्साइडको लागि ३ सय वयस्क बिरुवा आवश्यक पर्ने मानिन्छ । अमेरिकामा यो प्रतिव्यक्ति ५ सय, रूसमा ५ हजार र चीनमा २६ सय रहेको छ । नेपालमा कति छ, कसैलाई थाहा छैन । त्यसैले लक्ष्य बनाएर हिंड्ने कुरा भएन । तर बढ्दो तापक्रम र वातावरणीय असन्तुलनले चेतावनी भने दिइरहेको छ ।

जोखिमलाई अवसरको रूपमा प्रयोग गर्न सरकार साँच्चै चाहन्छ भने दक्षिणी सीमा क्षेत्रको सीमा विवाद नरहेको हरेक स्थानीय तहलाई आफ्नो क्षेत्रको दशगजाभित्र रूखबिरुवा रोपेर हुर्काउनेलाई अनुदान दिने व्यवस्था गर्नका साथै सुनकोशी-कमला डाइभर्सन जस्तै कमला-बागमती डाइभर्सन बनाइ बागमतीबाट जङ्गलको दक्षिणी किनाराबाट नारायणीसम्म १ देखि १ दशमलब ५ हेक्टर वा वास्तविक सर्वेक्षणबाट देखा पर्ने क्षमता अनुसारको मध्यम वा ठूलो खालको नहर प्रत्येक गाउँपालिकाले श्रमदानको साटो रोजगार पाउने गरी आआफ्नो सिमानाभित्र खन्न जोहो गराउन सकेमा यस क्षेत्रको मरुभूमीकरण नियन्त्रित हुने, अवैध बिन्दुबाट गिट्टी, बालुवाको दोहन र वन फँडानीसमेत हाम्रो इमानदारीको हदसम्म नियन्त्रण हुने सक्ने देखिन्छ ।

ध्वनि प्रदूषणको समस्या हाल नेपालमा टड्कारो छैन । तर उद्योगहरूमा भने यो

समस्या छ । लकडाउनपछिको समयमा यस्ता कार्यहरू शुरू गराउन सकियो भने भौतिक श्रम गर्नेहरूको लागि रोजगारको ठूलो अवसर बन्ने देखिन्छ । यहाँसम्म अर्थ र वातावरणको चर्चा भयो। अब चर्चा गरौं, कोरोनाको । यसलाई वातावरणको परिभाषाको पृष्ठभूमिमा हेर्दा यसले अन्य सबै प्राकृतिक स्रोतसाधनको दोहन गर्ने मान्छेको लागि बाँच्न कठिन बनाइदियो । यस कठिनाइका दौरान जल र वायु स्वच्छ भए ध्वनि स्वच्छ नै थियो । तैपनि मान्छेलगायत अन्य जीवहरूको लागि समेत बाँच्न कठिन परिस्थिति पैदा गरिदियो । ८३ दिनको लकडाउनमा १९ जनाले ज्यान गुमाए भने २ हजार प्रसूतिहरूको गर्भमा रहेका बच्चाहरू मरे । हजारभन्दा बढीले आत्महत्या गरे । तर उपचार नपाएर कोरोनाबाहेकका रोगबाट मर्नेको सङ्ख्याको जानकारी कतैबाट आएन । लकडाउन लागेको ४५-५० दिनसम्म कोरोनाका सङ्क्रमितहरू बिरलै भेटिन्थे। लकडाउन कडिकडाउ थियो । आर्थिक आम्दानीका सबै स्रोत एकाएक बन्द भए। तर जब भारततिरबाट नेपालीहरूको आगमन शुरू भयो र सरकारसँग त्यसको व्यवस्थापनको कुनै योजना भएन । अहिले आएर सङ्क्रमितको सङ्ख्या थेग्न नसक्ने गरी बढ्को बढै छ।

'बेनेफिट अफ डाउट'को आधारमा पहिलो लकडाउन उचित माने पनि यस अवधिको सङ्क्रमण दर हेरेर आर्थिक क्रियाकलाप चालू राख्न र अहिले भारतबाट नेपालीहरू फर्किने बेलामा पिसिआर परीक्षणको ठूलो क्षमताको मेशिनबाट परीक्षण गरी सङ्क्रमितलाई मात्र क्वारेन्टाइनमा राख्ने र नेपालभित्रको जाँच प्रक्रिया यथावत् राख्ने गरी जेठ-असारमा लकडाउन गर्न सकेको भए के हुन्थ्यो ?

तर यस्तो भएन, किनभने यसको पछाडि अर्थ थियो । ओम्नी प्रकरणबारे थप केही बोलिराख्नु आवश्यक छैन । तथापि सबैतिरबाट आरडिटीको औचित्य नभएको पुष्टि भएपनि फेरि आरडिटी किट खरीद हुँदैछ । पिसिआर मेशिन किन्ने होड नै चलेको छ। कोरोना शीर्षकमा १० अर्ब खर्च भइसकेको सरकारको भनाइ सार्वजनिक भइरहँदा अधिकांश स्थानीय तह रकम नै नपाएको रोइकराइरहेको सुनिएको छ । सहयोगको रकम लकडाउन परेर आउन नसकेको हो कि सुनकाण्ड र वाइड बडी बिर्सने बेला भइसक्यो ।

तर प्रधानमन्त्रीले काठमाडौंको वातावरणीय प्रदूषण हटाउने अभियान अन्तर्गत उद्घाटन गरिएको विद्युतीय बसले ग्यारेजको शोभा बढाउँदै वातारण प्रदूषण घटाउन जति योगदान पुऱ्याएको छ, त्योभन्दा बढी त अर्थमन्त्रीले न्यून भन्सारदरमा बढी भन्सार पास भएका विद्युतीय गाडीहरू काठमाडौं पुगेपछि कर बढाएर यस्तो विलासिताको वस्तुमा कर छुट दिन नमिल्ने रहस्योद्घाटन गर्नुभएको छ । यसबाट विदेशी मुद्राको ठूलो बचत हुने उहाँको भनाइ छ । नेपालका बैंकहरूको सरदर दिने ब्याजदर ५-६ प्रतिशत र लिने ब्याजदर १२-१५ प्रतिशत रहेको र नाफा ३० प्रतिशतसम्म पुग्नु के कम क्रान्तिकारी कदम हो ? यसले देशको आर्थिक विकासमा समेत ठूलो योगदान गरेको

छ। कृषितर्फ वा कुनै पनि ठूला आयोजनामा मन्त्रीसँगै आयोजना प्रमुख फेरिने परिपाटीदेखि लिएर आयोजना प्रमुखले ठेक्कामा विभिन्न शीर्षक जोडेर आयोजनाको लागत नै दोब्बर तेब्बर पुऱ्याए पनि माननीय अर्थमन्त्रीले आर्थिक वृद्धिदर घट्न (कोरोना वर्षबाहेक) नदिनु कम्ती साहसको कुरा होइन ।

शिक्षातर्फ शिक्षक भर्ना, प्रअ नियुक्तिदेखि सञ्चालक समितिको सदस्य हुनसमेत आर्थिक कारोबार हुने गरेको छ भने अन्य निकायमा समेत यसको दर मुद्रास्फीति घटे पनि हाकिम फेरिए सँगै फेरिने भएर चलायमान रहने गरेको तथ्य हामी सबैलाई सर्वविदितै नै छ । यसले हावा र पानी स्वच्छ भएपनि अर्थविना बाँच्न सकिदो रहेनछ भनेर सम्पूर्ण नेपालीले बुझ्नुपर्ने भएको छ । जसरी सरकार अर्थको सक्रियता बुझेर त्यसलाई गतिशील बनाउँदैछ, तपाई हामीले सरकारलाई रोल मोडेल मानेर आर्थिक सक्रियता नबढाए बाँच्न सकिनेछैन ।

मैले यसै अर्थमा बजेट, वातावरण र कोरोना शीर्षक दिएको हुँ । किनभने बजेटविना न बिरुवा रोपिन्छ, न कोरोनाको सामग्री खरीद । त्यसैले अर्थोपार्जन सर्वोपरि छ । यो छ भने जुनसुकै बेला गलैंचा फेर्न सकिन्छ । जिमखाना घरमा बनाउन सकिन्छ । फरक-फरक मोडेलका नयाँ गाडी पटक-पटक खरीद गर्न सकिन्छ । पानी अशुद्ध भएमा शुद्धीकरण यन्त्र र हावा प्रदूषित भएमा घरमा हावा शुद्ध गर्ने यन्त्रसमेत लगाउन सकिन्छ । त्यसैले वातावरण र कोरोना दुवैको लागि अर्थ नै सर्वोपरि छ। तर हाम्रो बौद्धिक दरिद्रताको कारण अर्थको सर्वोपरितालाई सीमित पारेर 'मैं खाउँ मैं लाउँ, मैं मोज गरम्, मैं सुखसयल गरम्' भन्ने तर्जमा प्रयोग गर्न थालेका छौं । यसलाई बौद्धिक प्रदूषणको श्रेणीमा राखिन्छ । जब बौद्धिकता अर्थात् बुद्धि र विवेक नै प्रदूषित नै छ भने त्यहाँ वातावरण र कोरोना दुवैलाई नियन्त्रण गर्न सम्भव छैन ।

(लेखक वीरगंज कलेजका प्रिन्सिपल पनि हुन् ।)

२०७७ असार ०३ गते बुधवार

लकडाउन अनन्त; लकडाउन कथा अनन्ता

यो लेख प्रकाशित हुँदा जेठ २० गतेपछि लकडाउन के गर्नेबारे निर्णय भइसकेको हुनेछ । तथापि विभिन्न स्रोतबाट सङ्कलन भएका केही तथ्यको पृष्ठभूमिमा कोरोना फोबियालाई हेर्नु रोचक भएकोले यस अङ्कमा योलगायत कोरोना प्रभावित नेपालको अर्थतन्त्र अर्थात् हाम्रो भोलिको नियतिको बारेमा चर्चा गर्नेछु । कोरोनाबाट सम्पूर्ण विश्वमैं जेठ २० गतेसम्मको तथ्याङ्क अनुसार करीब ६४ लाख मानिस सङ्क्रमण भएकोमा करीब २९ लाख मानिस निको भए जसमध्ये ८० प्रतिशतलाई कुनै लक्षण देखिएन, १५ प्रतिशतमा सामान्य लक्षण देखियो भने ३–५ प्रतिशतलाई आइसियु र भेन्टिलेटरमा राखेर उपचार गर्नुपरेको तथ्याङ्क भेटिन्छ । यस रोगबाट मर्नेको मृत्युदर ०.१ प्रतिशतदेखि बढीमा ४ प्रतिशतसम्म रहेको पाइन्छ । प्रचलित अन्य केही रोगहरूको मृत्युदर यस प्रकार रहेको पाइन्छ ।

रेबिज ९० प्रतिशत, एड्स ८० प्रतिशत, इबोला ८७ प्रतिशत, स्वाइन फ्लू २.१ प्रतिशत । तर पनि विश्व स्वास्थ्य सङ्गठनले कोरोनालाई विश्वव्यापी महामारी घोषणा गऱ्यो । कोरोनाविरुद्धको लडाइँमा सम्पूर्ण विश्व लकडाउन गर्ने र नगर्ने दुई वर्गमा विभाजित हुन पुग्यो । जापान, ताइवान, मेडागास्कर, भियतनाम, क्युबा, कम्बोडिया, उत्तर कोरिया, भूटान, बेलारूसले लकडाउन गरेनन् । लकडाउन नगर्ने यस्ता देशहरूको जनसङ्ख्या करीब ३० करोड पुग्छ, जसमा मृतकहरूको कुल सङ्ख्या ५,२११ मात्र छ । अब लकडाउन गर्ने देशहरूको हिसाब गर्दा मृतकहरूको सङ्ख्या ४० देखि ९० गुणासम्म बढी भएको पाइन्छ ।

सम्पूर्ण विश्वमा अन्य रोगबाट विगत ५ महीनामा मृत्यु हुनेहरूको सङ्ख्या यस प्रकार रहेको पाइएको छ–

मुटुरोग– ६६,६६,११२

क्यान्सर–२९,६२,४९३

श्वाससम्बन्धी– १५,७६,४८१

प्रसव– १२,४२,५७९

पेटसम्बन्धी रोग–७,९८,२४१

मधुमेह– ४,४४,२९६

बाल मृत्यु– ३,३१,१९५

उपरोक्त मृत्यु सङ्ख्याको तुलनामा कोरोनाबाट सोही अवधिमा मर्नेको सङ्ख्या ३,३०,३०४ रहेको छ ।

नेपालकै सन्दर्भमा कुरा गर्दा जेठ २० गतेसम्म पिसिआर प्रविधिबाट भएको जम्मा परीक्षण ७१,९१६ बाट फेला परेका सङ्क्रमित १,८११ र मृत्यु हुने ८ जनाको हिसाब

गर्दा सङ्क्रमणको दर २.५२ प्रतिशत र मृत्युदर ०.४४ प्रतिशत रहेको पाइन्छ । सम्मानीय प्रधानमन्त्रीज्यूले आफ्नो सम्बोधनको क्रममा कम्तीमा कुल जनसङ्ख्याको २ प्रतिशतको परीक्षणको लक्ष्य दिनुभएकोमा नेपालमा कम्तीमा ६ लाख नेपालीको परीक्षण गर्नुपर्ने देखिन्छ। अहिलेसम्म यस विधिबाट भएको परीक्षण सङ्ख्या ७२ हजार भएकोले बाँकी ५ लाख २८ हजारजनाको दैनिक एक हजारको दरले परीक्षण गर्दा पनि ५२८ दिन लाग्ने अवस्था छ । के तबसम्म नेपालमा लकडाउन आंशिक वा पूर्णरूपमा राख्ने हाम्रो रणनीति हो ? हो भने यसले देशको अर्थतन्त्रमा पारेको नकारात्मक असरबारे विचार गर्नुपर्ने अवस्था आएको छ।

नेपाल सरकार, योजना आयोग र अक्सफोर्ड विश्वविद्यालयको संयुक्त प्रयासबाट गरिएको नेपालको बहुआयामिक गरीबीको अध्ययन अनुसार प्रदेशगत अवस्था यस प्रकार रहेको छ–

१. प्रदेश नं. १ – १९.७५

२. प्रदेश नं. २– ४७.९५

३. बागमती प्रदेश– १२.२५

४. गण्डकी प्रदेश– १४.२५

५. प्रदेश नं. ५– २९.९५

६. कर्णाली प्रदेश– ५१.२२

७. सुदूरपश्चिम– ३३.६५ प्रतिशत

सरदर नेपालको बहुआयामिक गरीबी दर २९.८६ प्रतिशत रहेको छ। सन् १९९५ मा विप्रेषणको कुल गार्हस्थ्य उत्पादनमा योगदान १.५ प्रतिशत, सन् २०१० मा २३ प्रतिशत र हाल करीब ३० प्रतिशतसम्म पुगेर गरीबी वार्षिक २.२ प्रतिशतले घटाउन योगदान गरेकोमा अब आएर कोरोना लकडाउन कहरका कारण शहरी क्षेत्रमा ३५ प्रतिशत, ग्रामीण क्षेत्रमा ४८ प्रतिशतले गरीबी बढ्न सक्ने प्रक्षेपण गरिएको छ । योजना आयोगले भने नेपालमा गरीबी सरदर १८.७ प्रतिशत रहेकोले २ करोड ९२ लाख जनसङ्ख्यामा ५४ लाख २३ हजार गरीब रहेकोमा अब १ प्रतिशतले वृद्धि भई थप २९ हजार नेपाली गरीबीको रेखामुनि गइसकेको अनुमान प्रस्तुत गरेको छ ।

जेठ १५ गते लकडाउन ३१ गतेसम्मको लागि थपिएको समाचार प्राप्त भयो भने जेठ १५ गते अर्थमन्त्रीज्यूले नयाँ आवको बजेट पेश गर्दै कोरोना रोग व्यवस्थापनको लागि ६.५ अरब बजेट छुट्याउनुभएको समाचार आइरहच्यो। नेपालकै एउटा अस्पतालले दुईजना रोगीको उपचार गरेबापत करीब १५ करोडको भत्ता दाबी प्रस्तुत गरेको सन्दर्भमा छुट्याइएको बजेटबाट नेपालभरिमा ९ जना बिरामीको उपचार गर्न सकिने देखेर नै होला कोरोनाको हटस्पट प्रदेश नं २ र त्यसको समेत रेडजोनमा रहेका क्षेत्रहरूको लागि भिटिएम र टेस्टिङ किट पठाउँदा सरकारबाट क्वारेन्टाइनमा बसेकाको मात्र परीक्षण गर्ने र कन्टयाक्ट ट्रेसिङको नगर्ने भनी निर्देशन दिएको छ ।

त्यसमा पनि अब नयाँ आइपुगेको किटबाट गरिएको परीक्षणको विश्वसनीयता स्थापित हुन नसकेको तथ्य सेती अस्पतालबाट सार्वजनिक भइरहँदा नेपालमा लगाइएको शुरूको ३० दिनको लकडाउनलाई शङ्काको सुविधा दिन सकिने तर त्यसपछिको लकडाउन मेडिकल डिप्लोमेसीको जालमा परेर लम्बिरहेको भन्न मिल्छ कि मिल्दैन। समाचारहरूका अनुसार सन् २०१९ मा रहेको ३ ट्रिलियन डलरको यस क्षेत्रको व्यवसाय कोरोनाकालमैं ३० प्रतिशतले बढ्न गएको पाइएको छ। कोरोनाबाट जोगाउन प्रयोग भइरहेको एन-९५ मास्कको बारेमा विश्वकै सबैभन्दा सम्मानित मेडिकल जर्नलले यस मास्कमा कोरोना ७ दिनसम्म जीवित रहन सक्ने र मास्क लगाउँदा शरीरले विसर्जन गर्ने कार्बन डाइआक्साइडका साथै जीवाणुहरूलाई बाहिर निस्कन अवरोध हुनाले सामान्य श्वासप्रश्वास बाधित हुने गरेको र सधैं फेर्ने भएपनि एकै दिनमा वा दिनभरि प्रयोग गर्दा यसैबाट समेत सङ्क्रमण हुन सक्ने जानकारी दिएको समाचार सामाजिक सञ्जालमा पढ्न पाइएको छ। अब कुरा गरौं पिपिईको, उपचार गर्ने व्यक्तिलाई भयभीत गर्नुका साथै पूरै मेडिकल क्षेत्रलाई भयङ्कर आवरण दिई भयभीत बनाउन यो उपकरण पनि सफल भएको मान्नुपर्दछ।

हालसालै रेडियोमा सुनिएको समाचार अनुसार लकडाउन अवधिमा ३० जना सुत्केरीले समयमा उपचार नपाई ज्यान गुमाउनुपरेको छ भने कोरोना अवधिमा दैनिक १७ जनाले आत्महत्या गरेको पाइएको छ। सामान्य अवस्थामाभन्दा बढी भएको आत्महत्या लकडाउनले सिर्जना गरेको बेरोजगारीजन्य भोकमरीको कारण हो भन्न सकिन्छ। समयमा डायलोसिस नपाएर वीरगंजमैं छजनाको मृत्यु भएको छ भने देशभरि तिनको सङ्ख्या कति होला ? जेठ २० गतेसम्म अर्थात् देश लकडाउनको ७१औं दिनसम्ममा पिसिआर परीक्षण ७१,९१६ भेटिएको सङ्क्रमित १८११, निको भएका २२१ र मृत्यु भएको सङ्ख्या जम्मा ८ छ।

परीक्षणबाट सङ्क्रमणको दर २.५२ प्रतिशत मात्र भएको अवस्थामा लकडाउन गरेर सरकारले कुन औचित्य साबित गर्न खोजेको हो ? सरकारका तर्फबाट अर्थमन्त्रीले आर्थिक वृद्धिदरबाहेक अन्य सबै सूचकाङ्क दबाबमा भएपनि सकारात्मक भएको भनिरहँदाको नेपाली अर्थशास्त्र र त्यो पनि सरकारी बुझिनसक्नु भएको छ। त्यसैले 'हरि अनन्त हरि कथा अनन्ता'को नक्कल गर्दै यस लेखको शीर्षक पनि मिल्दोजुल्दो राखेको छु। विश्व बैंक र एडिबीले दिने सहयोगबारे सम्झौता भइसकेको र नेपालको आर्थिक अवस्था अर्थमन्त्रीज्यूको शब्दमा सन्तोषजनक भएकोले यो लकडाउन अनन्तसम्म चलोस्। शुभकामना।

२०७७ जेठ २१ गते बुधवार

कस्तो छ कोरोना प्रतिरक्षाको तयारी

चीनबाट प्रारम्भ भएको मानिएको कोरोना सङ्क्रमणले चीनलगायत विश्वका करीब २ सय देशलाई प्रभावित गऱ्यो र यतिविघ्न प्रभावित गऱ्यो कि कोरोनाकालपश्चात् सम्पूर्ण विश्व नै चरम गरीबी र भोकमरीको शिकार बन्ने अवस्था देखिएको छ । रोग नियन्त्रणमा सामाजिक दूरी सबैभन्दा प्रभावकारी औषधिको रूपमा देखा पऱ्यो । चीनपछि इटाली, स्पेन, बेलायत, अमेरिका र इरानलगायत भारत, पाकिस्तान र नेपालजस्ता देश पनि यसको असरबाट मुक्त रहन सकेनन् । भारतमा त झन् रोगीको सङ्ख्या बढ्दै गएपनि अर्थतन्त्रलाई जीवनदान दिने शर्तका साथ उद्योग सञ्चालन गर्ने तथा व्यापार व्यवसाय खुकुलो पारिदैछ । तर बजार खुले पनि ग्राहक नहुनु, उद्योग खोल्दा मजदूर पलायनका कारण सञ्चालन हुन नसक्नु वा आंशिक क्षमतामा सञ्चालन गर्नुपर्ने अवस्था देखा परेको छ । यस्तो किन भयो जबकि युरोपेली देशमा पलायन देखिएन । लकडाउनभरि जो जहाँ थिए, त्यहीं बसे र खुल्न थालेपछि आआफ्नो काममा लागे । तर भारतमा कमजोर प्रशासन प्रणालीका कारण मजदूरलाई राहत पुग्न सकेन, फलतः उनीहरू दूरीसमेतको परवाह नगरी पैदल नै घर फर्कन थाले । यो क्रम नरोकिएपछि सरकारले बाध्य भएर यिनीहरूको लागि रेलसेवाको व्यवस्था गऱ्यो र यो क्रम जारी छ । यही क्रममा भारतबाट नेपाल फर्किनेहरूको बिजोग हाम्रो अगाडि छ । अझ भारतबाहेकका मुलुक र खासगरी, खाडी मुलुकका कामदारहरूको अवस्थाबारे सामाजिक सञ्जालबाट प्राप्त सन्देश र नेपाल सरकारको भनाइमा ठूलो अन्तर देखिदैछ । भोलिका दिनमा वास्तविकता उजागर हुने नै छ ।

पश्चिमा विद्वान् र सामरिक विशेषज्ञहरू एवं सरकारले पनि कोरोनाको उत्पत्ति चीनबाट भएकोबारे उनीहरूसँग यथेष्ट प्रमाण भएको भन्दै चीनको यस कार्यको पछाडि उसको २०४९ मा कम्युनिस्ट शासनको सय वर्ष पूरा हुँदा विश्वको सर्वशक्तिमान राष्ट्र बन्ने चाहना हो भन्नेबारे पछिल्ला अङ्कहरूमा पनि चर्चा गरिएकै हो । तर अबको प्रश्न के हो भने कोरोनापछिको कालमा दुनियाँका विकसित मुलुकहरू र खासगरी जी–७ राष्ट्रहरूले चीनलाई सजिलै यस मार्गमा हिंड्न देलान् ? यस सम्बन्धमा ताजा समाचार के छ भने यस्ता देशमध्ये जापानले त आफ्ना बहुराष्ट्रिय कम्पनीहरूलाई चीनबाहिर जान चाहेमा अनुदान नै दिने घोषणा गरिसकेको छ भने अन्य देशहरूका बहुराष्ट्रिय कम्पनीहरू पनि एशियाली मुलुकहरूलगायत भारततर्फ मोडिने सङ्केत देखा पर्न थालेको छ । भारत सरकारले चालू आवको बजेट प्रस्तुत गर्दा नै कर्पोरेट टेक्सको दर ३० प्रतिशतबाट २५ गर्नुका साथै नयाँ उद्योगका लागि करको दर १५ प्रतिशत निर्धारण गरेको र अहिले महाराष्ट्र, गुजरात, राजस्थानलगायत राज्यले श्रम ऐनमैं संशोधन गरी वैदेशिक लगानी आकर्षित गर्न शुरू गरिसकेका छन् । चीनका ठूला उद्योगहरू

एशियाली देशलगायत भारतमा जतिजति स्थानान्तरित हुनेछन्, चीनको आर्थिक व्यवस्थामा त्यत्तिकै प्रतिकूल प्रभाव पर्ने र चीन विश्वको सर्वाधिक उत्पादन गर्ने देशबाट ओरालो लाग्ने अवस्था नआउला भन्न सकिदैन ।

चीन आफ्नो अर्थव्यवस्थामा नोक्सान हुनेगरी काम भएको हेरिरहन सक्दैन । त्यसैले चीनले सामरिक रणनीति अन्तर्गत दक्षिणी चीन समुद्रमा सैन्य सक्रियता बढाएको छ र अमेरिका उसको प्रभाव निस्तेज गर्न अत्याधुनिक हतियारसहित यस क्षेत्रमा उपस्थित भएको छ । चीनको भारतसँग ठूलो व्यापार छ । त्यो नघटोस् भन्ने उसको स्वाभाविक चाहना हो । यसको लागि भारत जति बढी समय अस्थिर रहन सक्यो चीनलाई आफ्नो देशबाट बहुराष्ट्रिय कम्पनीहरू बाहिरिन नदिने समय मिल्नेछ । त्यसैले भारत अत्यन्त तीव्र कोरोना महामारी भोगिरहेको बेलासमेत पाकिस्तानबाट एलओसी उल्लङ्घन र घुसपैठको समस्या भोगिरहेको छ। यसलाई भोग्नुभन्दा प्रतिकारमा उत्रनु राम्रो ठानेर भारतले चालेको पहिलो कदम घुसपैठियाहरूलाई मार्ने र शव परिवारलाई नसुम्पने र पाकिस्तान अधीनस्थ काश्मीरको मौसमसम्बन्धी भविष्यवाणी भारतीय मौसम विभागले दिन थालेको छ । अब प्रश्न उठ्छ, यसमा नेपालको के सम्बन्ध ?

संयोगवश भनौं वा नियतवश कालापानी सीमासम्बन्धी समस्या, भारतले जम्मु-काश्मीरमा धारा ३७० खारेज गर्ने घोषणा गरेपछि नेपालमा एकैपटक ठूलो स्वरमा चर्चामा आयो । नेपालमा २०१७ सालमा पञ्चायती संविधान जारी भयो। अनि २०४७ र २०७३ मा पनि संविधान जारी भयो । पञ्चायती संविधानमा देशको सम्प्रभुसत्ता राजाको हातमा थियो । पछिल्ला संविधानहरूमा सम्प्रभुसत्ता जनताको हातमा छ । सीमा नक्शा संविधानको अभिन्न अङ्ग हो भने तीनवटै संविधानमा भारतकै नक्शा मान्य हुने सामान्य प्राविधिक त्रुटि कसरी भयो ? यस अवधिमा नेका नेता एवं प्रधानमन्त्रीद्वय स्व. गिरिजाप्रसाद कोइराला र स्व. सुशील कोइरालाले कुरा उठाए पनि आफ्नोतर्फबाट नक्शा जारी गर्ने प्रयास कहिले भएन । अहिले यही आधार टेकेर नेपालको कूटनीतिक नोटको जवाफमा भारतको विदेश मन्त्रालयका प्रवक्ताले पुरानो नक्शामा कुनै परिवर्तन नगरेको स्पष्टीकरण दिएको स्मरणीय हुन आउँछ।

अहिले सडक विवाद शुरू भएको छ। यो सडकको निर्माण २००८ देखि शुरू भएको र गत वर्ष नै ABP Conclave मा भारतीय परिवहनमन्त्री नीतीन गडकरीले यसबारे विस्तारमा जानकारी दिएका थिए। भारतले प्रत्येक वर्ष यो सडक निर्माणको लागि बजेट विनियोजन गर्दै आएपनि नेपाल सरकारलाई एकाएक भारतले पाकिस्तान अधीनस्थ काश्मीरको मौसमी भविष्यवाणी गर्न थालेपछि थाहा भयो । यस सम्बन्धमा दार्चुलाका प्रजिअ यदुनाथ पौडेलले त अझ सन् १९९९ देखि नै सडक बनाउन थालेको, हामीले दाबी गरिराख्यौं तर उसले कहिले छाड्देन भनेका छन् । गृहका एक अधिकारीले सूचना पहिलेदेखि थियो तर सरकारले प्रतिक्रिया मात्र नदिएको भन्दा गृहकै हालका

प्रवक्ताले सडक बनाएको सूचना पहिले कुनै निकायबाट नआएको प्रतिक्रिया दिएका छन् । नेकपाकै वरिष्ठ नेता प्रदीप नेपालले सन् २००२ पछि प्रधानमन्त्री, गृहमन्त्रीले यसबारे नबोलेको बेस भन्ने प्रतिक्रिया दिएका छन् । नेपालको सत्तारूढ दल नेकपा अहिले आन्तरिक राजनीतिक उठापटकबाट ग्रस्त छ । यो समस्याको समाधान गर्न चिनियाँ राजदूतको सक्रियता सर्वविदित छ । यस्तैमा एउटा नेपाली पत्रिकामा चीनका नेता माओत्से तुङलाई कोरोनासँग आबद्ध गरिएको कार्टुन छापेको सजायस्वरूप सम्पादकले जागीर गुमाउनुपरेको सबैको सम्झनामा ताजै होला । नेकपामा स्थायी समितिको बैठक र 'एक व्यक्ति : एक पद'को खिचलो नमिलेको अवस्थामा चीनको तर्फबाट सगरमाथामाथि दाबी प्रस्तुत हुनु र चीन फिर्ता जान आफ्नो दूतावाससँग सम्पर्क गरी समाधान खोज्नुपर्ने चिनियाँ नागरिकहरूले सिंहदरबार अगाडि प्रदर्शन गर्नु र प्रदर्शनको क्रममा प्रहरीलाई कुटपीट गर्नेसम्मको अमर्यादित काम, अनुशासित चिनियाँ नागरिकबाट हुनुले यस्ता घटनामा कुनै न कुनै कूटनीतिक सन्देश निहित छ भन्ने सोच पलाएको छ । यहाँनेर महामहिम सी जिङपिङले काठमाडौंबाट गरेको चीन टुक्र्याउनेलाई धूलोपीठो पार्ने उद्घोष, चीन अब नेपालमा सक्रिय भूमिकामा रहने सन्देश हो र यो सन्देशको निहितार्थ नेपालको शासनप्रति बढ्दो अविश्वास पनि हो । चीन र भारतको कूटनीतिक क्रियास्थल बन्दै गएको नेपालले कोरोनाविरुद्ध दीर्घकालीन सोच नबनाएको हालका घटनाहरूबाट स्पष्ट बुझ्न सकिन्छ ।

भर्खरै संसद्मा प्रस्तुत नीति तथा कार्यक्रममा कोरोनाविरुद्ध कुनै प्रतिबद्धता नआउनु तर प्रमले नीति तथा कार्यक्रमका सम्बन्धमा उठेका प्रश्नहरूको जवाफ दिने क्रममा कोरोनाबाट कोही नेपालीलाई मर्न नदिने घोषणा गरेलगत्तै देशमा भएका तीनजनाको मृत्युमा उपचार त के उपचारको लागि १२ घण्टासम्म एम्बुलेन्स नपाएको वस्तुस्थिति विश्लेषण गर्दा सरकार कोरोना सङ्क्रमण रोक्न कति संवेदनशील छ भन्ने कुरा प्रस्ट हुन्छ । क्वारेन्टाइन स्थलहरूको निर्माण गर्दा प्रायः सबै स्थानीय, प्रादेशिक एवं सङ्घीय निकायको ध्यान सामग्री खरीदतर्फ बढी केन्द्रित रह्यो । यसको पुष्टि ती निकायहरूको, विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड अनुसार क्वारेन्टाइन नबनेको स्वीकारोक्तिबाट पुष्टि हुन्छ । क्वारेन्टाइनमा मापदण्ड अनुसार शौचालय, खानपान, स्वच्छ पिउने पानी, साबुन, मास्क र सेनिटाइजरको व्यवस्था छैन । यो सम्भवतः बजेट नभएकोले हुन सक्छ । तर क्वारेन्टाइनमा खटिया वा फलामे खाटको ठाउँमा जमीनमै सुकुल राखेर अन्य सुविधा उपलब्ध गराएको भए कुन चाहिं ठीक हुन्थ्यो भनेर प्रतिक्रिया दिनुपर्ने बेला आएको छ । सामाजिक सञ्जालबाट प्राप्त भइरहेका जानकारी अनुसार नेपालसँग अनुदानको १,१४,००० पिसिआर परीक्षण किट भएकोमा जेठ १२ गतेसम्म करीब ५२ हजारजनाको परीक्षण भएको र लकडाउन अवधि ६४ दिन बितिसक्दा करीब ६२ हजार किट कुन प्रयोजनको लागि कहिले प्रयोग गरिने थाहा छैन । आगामी बजेट करीब १७ खर्बको हुनुपर्ने र त्यसमा नेपालको कुल गार्हस्थ्य उत्पादन ३५ खर्ब हुने

प्रक्षेपणको आधारमा यसको ५ प्रतिशत अर्थात् १.७५ खर्ब कोरोनाको लागि खर्च गर्ने सुझाव सरकारलाई विज्ञहरूले दिएको समाचार आइरहँदा यस्तो सहयोग रकम कसरी प्रयोग हुने हो र यसले अपेक्षित नतीजा प्राप्त हुन्छ वा हुँदैन भन्ने अन्योल रहेको छ। लकडाउन लम्ब्याउँदा भइरहेको क्षतिको आकलन सरकारले कसरी गरेको छ थाहा छैन, तर नेपालमा कोरोनाका कारण ६४ दिनको लकडाउनमा चारजनाको मृत्यु भएको छ भने कोरोना आतङ्कले अस्तव्यस्त बनाएको नेपालको स्वास्थ्य प्रणालीका कारण कतिले ज्यान गुमाए, त्यसको तथ्याङ्क खोजीनीति कसैले गरेको जस्तो लाग्दैन। वीरगंजमा डायलोसिस गराउने सातजना रोगीको पुष्ट तथ्याङ्क रहेको आधारमा प्रक्षेपण गर्ने हो भने देशभरिमा कोरोनाबाहेक अन्य रोगहरूबाट उपचार नपाई मर्नेहरूको सङ्ख्या ठूलो हुन सक्ने मेरो अनुमान छ। त्यसैले देशमा कोरोना आतङ्क सृजना गर्नुको साटो आक्रामक रणनीति लिएर जेठ २० गतेभन्दा पहिले नै पिसिआर मेशिन, किट र भेन्टिलेटरसहितको आइसियुको व्यवस्थापन गरी लकडाउन खुलाउनैपर्छ। तथ्याङ्कले पनि यस्तै भन्छ। जेठ १३ गतेसम्म कुल सङ्क्रमित ६८२ र मृतकको सङ्ख्या ४ छ। यति जोखिमका लागि ६४ दिनको लकडाउन कति बुद्धिमत्तापूर्ण ठहर्छ, सबै सचेत नागरिकले विचार गरौं।

(गत बुधवार जेठ ७ गते प्रकाशित यसै स्तम्भमा **'किन खोल्नुपर्छ लकडाउन-३'** शीर्षक लेखको दोस्रो हरफको एघारौं लाइनमा **३-४ प्रतिशत मृत्युदर हुने** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ। -सं)

२०७७ जेठ १४ गते बुधवार

किन खोल्नुपर्छ लकडाउन–३

डा फाहेन युनुस, प्रमुख, सरुवारोग क्लिनिक मेरील्यान्ड, अमेरिकाले कोरोनाका सम्बन्धमा आफ्नो विचार राख्दै भनेका छन्, We will live with corona for months. Let's not deny or panic. Let's not make our life useless. Lets learn to be Happy and live will this fact.

अर्कोतिर विश्व स्वास्थ्य सङ्गठनले कोरोनाको खोप निर्माण भइसकेपछि पनि यसबाट छुटकारा पाइने सम्भावना न्यून रहेको जनाएको छ। यस पृष्ठभूमिमा कोरोनाविरुद्ध लडाइँमा हामीले अख्तियार गरेको रणनीतिको पुनर्मूल्याङ्कन गर्नुपर्ने देखिन्छ। रणनीति शब्दबाट नै के प्रस्ट हुन्छ भने यो युद्ध जित्न प्रयुक्त हुने नीति हो। कोरोनाविरुद्ध हाम्रो रणनीति यो रोगले १५ प्रतिशतसम्मलाई सङ्क्रमण गर्ने, २३.४ प्रतिशत मृत्युदर हुने र केही समय अर्थात् लकडाउन प्रभावकारी भएमा नियन्त्रणमा आउने र केही समयपछि समाप्त भएर जाने कुरामा आधारित थियो। तर अहिले यो छिट्टै नियन्त्रणमा नआउने भएकोले यसविरुद्ध रणनीतिक परिमार्जन आवश्यक ठानी इटाली, फ्रान्स, अमेरिकालगायत भारतले लकडाउन क्रमशः खुकुलो पार्दै जाने मनसाय लिएको देखिन्छ। यसपछाडिको मुख्य उद्देश्य अर्थतन्त्रलाई चलायमान राख्नु हो भनेर बुझ्न सकिन्छ। माथि उल्लेख गरिएका देशहरूमा सङ्क्रमित रोगीहरूमा कोरोनाको लक्षण देखिएको र उनीहरूलाई आइसियू र भेन्टिलेटरमा समेत राखेर उपचार गर्नुपरेको तथ्य हामी सबैलाई अवगत नै छ। यसैबीच, फेसबूकमा भारतको हरियाणा निवासी चिकित्सकको युट्युबमा Lockdown or not lockdown भन्ने एउटा भिडियो फेला पऱ्यो, जसमा विश्वमा २१ वटा यस्ता देशको विवरण सार्वजनिक गरिएको छ, जसलाई मिडियाले खबर नै बनाएन। यस्ता २१ देशमध्ये हामीले जानेसुनेका केही देशमा मृतक सङ्ख्या यस्तो रहेको उनको दाबी छ।

देश	मृतक सङ्ख्या
सिङ्गापुर	९
स्वीडेन	९९०
कम्बोडिया	०
बेलारूस	३३
जापान	१४३
हङकङ	४
भुटान	०
माल्दिभ्स	०

यस्तै, चीनको अत्यन्तै नजीक रहेको ताइवान, जहाँ बन्द नभएसम्म वुहानबाट नै दैनिक ३–४ वटा फ्लाइट हुने गरेको थियो। त्यहाँको तथ्याङ्क यस्तो छः

कुल सङ्क्रमित– ४४०

मृत – ७

यसमा ३४९ बाहिरबाट आएका, ५५ स्थानीय र ३६ जना नेभीका छन् । यस्ता तथ्याङ्क भेटिएपछि थप खोजीनीति जारी राख्दा के पाइयो भने रणनीति दुई प्रकारका हुन्छन्- एउटा आक्रामक र अर्को प्रतिरक्षात्मक । कुन पक्षले कस्तो रणनीति अख्तियार गर्नेबारे सामान्य प्रचलनमा बढी संसाधन भएकाहरूले कम संसाधन भएकाहरूसँग लड्नुपरे प्रतिरक्षात्मक रणनीति र बराबरी संसाधन भएकासँग आक्रामक रणनीति अख्तियार गर्छन् तर विजयी हुनको लागि रणनीतिलाई यथावत् राख्दै अवस्था अनुसार Tactics चाहिं परिवर्तन गर्दा रहेछन् ।

Stable Strategy + Flexible Tactics=Victory

भारतलगायत युरोपेली मुलुकहरूले प्रतिरक्षात्मक रणनीति अख्तियार गरे पनि अहिले आएर आआफ्नो अर्थतन्त्रलाई चलायमान राख्न आक्रामक रणनीति अख्तियार गरेको देख्न पाइएको छ । त्यसैले अब लकडाउनलाई विश्व स्वास्थ्य सङ्गठनको चेतावनीका बावजूद खोल्न थालेका छन् । आक्रामक शैली अँगाल्ने देशहरूमा सबैभन्दा आदर्श मान्न सकिने मुलुक सिङ्गापुर नै होला भनेर त्यहाँ कसरी रणनीति तयार गरिएको रहेछ भनी सामाजिक सञ्जाल खोतल्दा त्यस देशले आफूकहाँ आउन सक्ने मानिसको सङ्ख्या आकलन गरी क्वारेन्टाइन सेवाको व्यवस्था गर्नुका साथै क्वारेन्टाइन बस्ने सबैलाई आर्थिक क्षतिपूर्तिबापत प्रतिदिन १०० डलर दिने र क्वारेन्टाइनमा नबसी पछि लक्षण देखा परी उपचार गराउन आउनेलाई जुर्माना तिर्नुपर्ने व्यवस्था गरेको कारण त्यहाँ सङ्क्रमण नियन्त्रण भई जम्मा ९ जनाको मृत्यु भएको पाइन्छ ।

अब नेपालको सन्दर्भमा कुरा गर्दा करीब दुई महीनाको लकडाउन पुग्न लाग्दा एकजनाको (जेठ ३ गते) सङ्क्रमणको लक्षण देखिई मृत्यु भएको छ भने बाराका एकजना सुरक्षाकर्मीलाई कोरोना पोजेटिभसँगै ज्वरो आएकोले उपचार गरिएको छ । यी दुई रोगीहरूको कन्टयाक्ट ट्रेसिङलगायत प्रोटोकल सरकारले पूरा गर्ने नै छ । तर कोरोना उपचारको नामका साथ लकडाउन र निषेधाज्ञाबाट सृजित अवस्थाले कोरोनाभन्दा उपचार नपाएर अन्य रोगले धेरैको मृत्यु भएको पाइएको छ । यस्तो अवस्थामा नेपाल सरकारले अहिले अँगालेको उपचार पद्धति जारी राख्दै निम्न कार्य गर्ने सुझाव दिन चाहन्छु-

१) भारतलगायत अन्य देशबाट आउने नेपालीको लागि केही नाका खुला गर्ने र त्यहाँ क्वारेन्टाइन डेस्क स्थापना गरी इन्ट्री गर्नुका साथै स्थानीयस्तरको क्वारेन्टाइनमा पठाउने ।

२) क्वारेन्टाइनमा बस्न पठाउनेको सम्भव भएसम्म क्वारेन्टाइन डेस्क र सम्भव नभए क्वारेन्टाइन स्थलबाट स्वाब सङ्कलन गरी परीक्षणको लागि पठाउने ।

३) रिपोर्ट नेगेटिभ भएकालाई घर जान दिने र पोजेटिभलाई सङ्क्रमणको लक्षण नदेखिंदासम्म क्वारेन्टाइनमा र लक्षण अर्थात् ज्वरो देखिनासाथ आइसोलेशनमा राखी उपचार गर्ने ।

४) क्वारेन्टाइन र आइसोलेशन बसेको अवधिको दिन गणना गरी प्रतिदिन रु १ हजारको दरले सहुलियत उपलब्ध गराउने ।

यसरी अनुमानित ५ लाख व्यक्तिलाई उपचार गर्नुपरे पनि ५ लाख व्यक्ति X रु १

हजार प्रतिदिन = ५० करोड दिने ।
प्रतिदिन ५० करोडको दरले १४ दिनको ७ अर्ब हुन्छ ।

हालसम्म नेपालले भोगेको ३.५ अर्बको नोक्सानीको तुलनामा यो रकम एकदमै न्यून छ । साथै राहत वितरणमा समेत ठूलो धनराशि खर्च भएपनि जनता सन्तुष्ट नभएको स्पष्ट छ ।

५) लकडाउनमा कक्षा १० सम्मको विद्यालय र अन्तर्जिल्ला आवागमन (मान्छेको), रेस्टुराँ, बार तथा होटल बन्द राखी अन्य सबै क्षेत्रको लकडाउन १५ दिनको परीक्षण अवधिको लागि खोल्ने । १५ दिनपछिको मूल्याङ्कनको अवस्था हेरी अगाडिको निर्णय गर्ने ।

६) दक्षिण सिमानाबाट नेपालीलाई बाहेक अन्यलाई प्रतिबन्ध जारी राख्ने ।

डा फाहेन युनुसको सुझावको ५ नं. बुँदामा समेत प्याकेज कार्गो, ग्याँस पम्प, बजार, शपिङ कार्ट्स, एटिएम र फूड अर्डर्सलाई Do not transit corona भनी लेखेको पाइन्छ । यस अवस्थामा नेपालमा बढी भीड हुने तरकारी बजार व्यवस्थित गर्न बिक्री हुने स्थान अस्थायीरूपमैं भएपनि बढाउनुपर्ने र सानो वा मध्यमस्तरका दुग्धजन्य पदार्थ प्रयोग गर्ने मिठाइ तथा नास्ताका पसलहरूलाई होम पैकिङ गरी मात्र बिक्री गर्न पाउने व्यवस्था लागू गरी भीड नियन्त्रण गर्न सकिन्छ ।

भोलिका दिनमा लक्षणसहितका सङ्क्रमित नभेटिएलान् भन्न सकिंदैन तर त्यस्ता भेटिन्छन् भनेर आजलाई निमिट्यान्न पार्नु कदापि बुद्धिमानी होइन। सघन उपचार क्षमता वृद्धि गर्ने सबै उपाय अवलम्बन गर्दै लकडाउन खुलाउनुको विकल्प छैन । युनिसेफको रिपोर्ट अनुसार नेपालमैं आउँदो सात महीनामा कोरोनाका कारण कमजोर भएको स्वास्थ्य प्रणालीका कारण चार हजार बालकको मृत्यु हुनेछ भने दक्षिण एशियामा ५ वर्षमुनिका १२ लाख बच्चाको मृत्यु हुन सक्छ। सरकारी अस्पतालहरूले कोभिडको उपचार थालेपछि जनरल सेवा बन्द भएकोले गर्भवती महिला, खोप, दीर्घ रोगको उपचार एवं आकस्मिक सेवामा समेत गम्भीर प्रतिकूल प्रभाव परेको छ । आर्थिक क्षेत्रबारे सरकारले नै बोलिरहेको बखत थप केही भनी राख्नुपर्ने देखिंदैन ।

यो अङ्क लेख्दालेख्दै कोरोनाबाट दुईजना सङ्क्रमितको मृत्यु भएको आएको छ । दुवैको हकमा प्राप्त विवरण अनुसार लक्षण देखिएको केही घण्टामा नै मृत्यु भएको छ। यो ज्यादै डरलाग्दो अवस्था हो किनभने सङ्क्रमणको लक्षण देखिएपछि एकजनाले एम्बुलेन्स नै नपाई उपचारविना ज्यान गुमाउनुपरेको छ भने क्वारेन्टाइनमा कतै पनि विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड पालन हुन सकिरहेको छैन । यहाँसम्म कि स्वाब सङ्कलन गर्ने भाँडोसम्मको अभाव छ । त्यस अर्थमा पनि सरकारको लकडाउन मान्छे थुन्ने बहाना मात्र बन्न पुगेको छ । क्वारेन्टाइन बसेका व्यक्तिलाई सङ्क्रमणको लक्षण देखिंदा अस्पतालसम्म पुऱ्याउन सकिंदैन भने त्यस्तो लकडाउनको के काम ?

२०७७ जेठ ०७ गते बुधवार

किन खुलाउने लकडाउन–२

क्वारेन्टाइन शब्दको उत्पत्ति इटालीबाट भएको मानिन्छ। १८औं शताब्दीमा प्लेगको महामारीको दौरान एउटा जहाजलाई किनारमा आउनबाट रोक्न 'क्वारेन्तिनो जोर्नी' शब्द प्रयोग भएको थियो, जसमा 'क्वारेन्तिनो' भनेको ४० दिन र 'जोर्नी' भनेको रोक्नु हो। कालान्तरमा यही 'क्वारेन्तिनो' 'क्वारेन्टाइन'मा रूपान्तरित भएको हो। त्यसैगरी, आजभन्दा करीब सय वर्षअगाडि युरोपमा स्पेनिश फ्लुको महामारी रोक्ने कुनै औषधि नभएको बेला मास्क र सामाजिक दूरीको माध्यमबाट रोग नियन्त्रण भएको कुरा प्रकाशमा आइरहेको छ। महाभारतमा पनि एउटा प्रसङ्ग छ। अश्वस्थामाले नारायण अस्त्रको प्रयोग गर्दा कुनै पनि अस्त्र प्रभावी हुन नसकिरहेको बेला कृष्णले अर्जुनलाई आफ्नो सेनालाई अस्त्रशस्त्र त्याग गरी नारायण अस्त्रको सम्मुख हात जोडी चुपचाप बस्ने निर्देशन दिएर त्यसको पालना भएपश्चात् नारायण अस्त्रले युद्धमा पाण्डव पक्षलाई क्षति नपुऱ्याएको उल्लेख छ। प्रसङ्ग हो, हामी प्रकृतिसँग युद्धमा सय वर्ष अगाडि जहाँ थियौं, आज पनि त्यही छौं। आज पनि कोरोनाको महामारीसँग बच्ने उपाय मास्क लगाउने र सामाजिक दूरी कायम राख्नु नै हो।

प्रसङ्ग वीरगंजबाट शुरू गरौं। केन्द्रीय अस्पतालको मान्यता खोसिएको नारायणी अस्पतालमा पुनः पुराना सबै सेवा शुरू हुने मौखिक समाचार सुनेर प्रसन्नता नै भयो साथै पिसिआर पनि सञ्चालनमा आएकोले झनै खुशी लाग्नु स्वाभाविक थियो। आज यो लेख लेखिरहँदा ५१ दिनको लकडाउनमा जम्मा करीब १८ हजार पिसिआर परीक्षण भएको रहेछ। यस हिसाबले नेपालमा दैनिक ३५० वटा पिसिआर परीक्षण मात्र हुने गरेको आधारमा कम्तीमा ४० हजारको परीक्षण गर्न अब बाँकी २५ हजारलाई ३५० ले भाग गर्दा थप करीब ७१ दिन लाग्छ। ७१ दिन भनेको अढाई महीना अर्थात् साउनको मध्यसम्म पुग्छ। त्यसो भए नेपालमा लकडाउनको सम्बन्धमा के गर्ने भन्ने प्रश्न खडा हुन्छ। खोल्दा रोग बढ्ने र नखोल्दा चरम आर्थिक दुरवस्था भोग्नुपर्ने हुन्छ। यस विषयमा विभिन्न पत्रपत्रिका, न्यूज च्यानल र सामाजिक सञ्जालबाट पाएको जानकारी अनुसार केही कुरा पाठकसमक्ष राख्न चाहन्छु।

आज हामी कोरोना अर्थात् कोभिड- १९ विरुद्ध लड्दैछौं। चीन, भारत, युरोपेली तथा करीब दुई सयभन्दा बढी देशमा यो रोगको महामारीबाट लाखौं मानिसको ज्यान गएको छ। अमेरिकाजस्तो अतिविकसित देशमा समेत उपचार उपकरणको अभाव छ। यो सत्यतथ्य हाम्रोसामु छँदैछ। यसैक्रममा यस भाइरसको सङ्क्रमणबारे धेरै अध्ययन भयो र अझ पनि भइरहेको छ। तर हामीजस्ता सामान्यजनको लागि यतिमात्र जानकारी यथेष्ट छ कि छिमेकी भारत जहाँबाट हामीलाई सङ्क्रमणको बढी सम्भावना छ, त्यहाँ एल स्ट्रैन र एस स्ट्रैन भनेर दुई प्रकारका कोरोना भाइरस फेला परेको छ, यसमध्ये एल स्ट्रैनले कडा लक्षण देखाउँछ भने एसले अलि नरम, तर मृत्यु दुवैबाट भइरहेको छ। भारतले यसै अध्ययनको क्रममा के पनि फेला पाऱ्यो भने कुल सङ्क्रमितमध्ये ८० प्रतिशतमा रोगको कुनै लक्षण छैन र त्यस्ता बिरामी विना कुनै

उपचार आइसोलेशनमा बसेर ठीक भइरहेका छन्। यस प्रक्रियाको अध्ययन गर्ने वैज्ञानिकहरूको भनाइ छ, कोभिड-१९ को भाइरस शरीरमा प्रवेश गरेपछि प्रतिरक्षा प्रणाली बलियो भएका व्यक्तिको शरीरमा यसका कोषहरूको प्रजनन हुन नसक्ने भएकोले सङ्क्रमण बढ्न नसकी लक्षण देखा नपर्ने तर पिसिआर परीक्षणमा जीन परीक्षण गरिने भएकोले नतीजा पोजेटिभ हुन्छ। यस वर्गलाई नै A Symptomatic अर्थात् लक्षण नदेखिने रोगीको श्रेणीमा राखिएको छ। तर रोग प्रतिरोधी क्षमता कमजोर भएका व्यक्तिको शरीरमा यो भाइरसको सङ्क्रमण बढ्दै जाने भएकोले ७-१४ दिनको अवधिमा लक्षण देखा पर्ने र शरीरले यो भाइरससँग लड्न एन्टिबडी उत्पादन शुरू गर्ने र यसले भाइरसको सङ्क्रमण रोक्न खोज्नेक्रममा ज्वरो, खोकी, निमोनियालगायत लक्षण, एन्टिबडीले भाइरसको प्रकोप थाम्न नसकेको अवस्थामा देखा पर्ने हो। यही क्रममा शरीरले भाइरस रोक्न सक्ने अवस्थामा शरीरमा भाइरस सङ्क्रमित कोषहरूको मरम्मत सम्भार गर्न टी सेल्सको उत्पत्ति हुने र रोगीलाई सन्चो हुँदै जाने (त्यसमा औषधिले थप बल पुऱ्याउने)क्रममा टिएम सेल्सको पनि उत्पत्ति हुने गर्दछ। यस कोषले एन्टिबडीको संरचना जोगाएर राखेको हुन्छ र पुनः सङ्क्रमण हुँदा शरीरमा तुरुन्तै उपयुक्त एन्टिबडी निर्माण गर्न सघाउँछ। यसरी पहिलो र दोस्रो अवस्थामा शरीरले नै रोग नियन्त्रण गर्ने र सो नभए मात्र औषधि प्रयोग गर्नुपर्ने भएकोले यो भाइरसबाट हुने मृत्युदर ३-४ प्रतिशतभन्दा बढी नभएको पाइएको छ।

अब यही पृष्ठभूमिमा चर्चा गरौं नेपालको। १९१ जना रोगी पुगिसक्दा एउटामा पनि सङ्क्रमणको लक्षण नदेखिनु र एकजनाको पनि मृत्यु नभएको कारण दुईवटा कुरा स्पष्ट हुन आउँछ। पहिलो हामी नेपालीहरूको प्रतिरक्षा प्रणाली जुनसुकै कारणले भएपनि अत्यन्त बलियो छ वा दोस्रो नेपालमा देखिएको सङ्क्रमण कोभिड-१९ को कुनै परिवर्तित स्ट्रैन हो। ५१ दिनको लकडाउन बितिसक्दा पनि नेपालमा यस भाइरसको जीनको अध्ययन भएको छैन। नेपालमा अध्ययन गर्न कुनै स्रोत साधन छैन भने विदेशमा भाइरसको नमूना पठाएर नतीजा हासिल गर्न सकिन्थ्यो। तर सरकारीस्तरबाट यसतर्फ कुनै कदम चालिएको देखा परेको छैन। बरु निरन्तर लकडाउन बढाउनुलाई नै अन्तिम अस्त्रको रूपमा प्रयोग गरिएको छ। इम्पेरियल कलेज लन्डनले २६ मार्चमा प्रकाशित गरेको एउटा अध्ययन अनुसार नेपालमा लकडाउन नभएको अवस्थामा २.५ करोड मानिस सङ्क्रमित हुने र तीमध्ये ६ लाखलाई आइसोलेशनमा राख्नुपर्ने तथा १ लाखको मृत्यु हुन सक्ने थियो। अहिले लकडाउनले स्थिति नियन्त्रणमा रहेको भनिन्छ तर माथि उल्लेख गरे अनुसार नेपालमा कोरोना सङ्क्रमितको यकीन तथ्याङ्क ४५ दिनको लकडाउनपछि पनि सरकारसँग छैन र मृत्यु एकजनाको पनि भएको छैन। त्यसैले यस लकडाउनले मानवीय क्षतिभन्दा अन्य क्षेत्रमा कति क्षति पुऱ्यायो त्यो हेर्नुपर्ने हुन्छ।

युएनटिसिएडीको प्रक्षेपण अनुसार विश्वकै अर्थव्यवस्थामा २ प्रतिशतको सुस्ती आई करीब १० खर्ब डलरको क्षति हुनेछ भने नेपालमा सेवा क्षेत्रमा २७ अर्ब, उद्योगतर्फ ११ अर्ब र कृषि क्षेत्रमा करीब २ अर्ब रुपैयाँको क्षति हुने अनुमान छ। सेवा क्षेत्रमा होटल र रेस्टुराँले ६ अर्बको क्षति बेहोर्नेछन्। होटल क्षेत्रमा ३ लाख ७१ हजार, यातायातमा ३ लाख ८२ हजार र व्यापारतर्फ १२ लाख ४० हजार जनशक्ति कार्यरत रहेकामा

अहिले सबै बेरोजगारी छन् । विश्व बैंककै 'साउथ एशिया इकोनोमिक फोकस २०२०' अनुसार नेपालको आर्थिक वृद्धिदर १.५–२.८ प्रतिशतमा सीमित हुनेछ । चालू आवको संशोधित आर्थिक वृद्धिदर ६ प्रतिशत रहेकोमा कोरोनाका कारण २.३ प्रतिशत मात्र हुने राष्ट्रिय लेखा तथ्याङ्कको निष्कर्षको आधारमा अर्थमन्त्री स्वयंले नेपालको अर्थतन्त्रको आकार ३५ खर्बको भएकोले संशोधित अनुमान र प्रक्षेपण गरिएको अनुमानकै बीच ४ प्रतिशतको अन्तरले गर्दा १.५ खर्बको नोक्सानी भइसकेको र समग्रमा ३ खर्बको नोक्सानीको आकलन गरेका छन् । यस्तो अवस्थामा लकडाउन लामो गर्नुभन्दा कोरोना भाइरसको नेपाली स्वरूपको अध्ययन गरी यो A Symptomatic नै हो भने अहिले भारतमा आकलन गरे अनुसार मे–जूनमा यसको कुनै नयाँ स्वरूप वा लक्षण देखिएमा उपचार योजना तयार राख्ने गरी अहिलेको लागि अन्तर्राष्ट्रिय उडान र भारतसँग सीमानाका तथा होटल, कक्षा १० सम्मका विद्यार्थीहरूको पठनपाठन एवं लामो दूरीका सडक, यातायात बन्द राखी अन्य सबै सेवा सञ्चालन गरेर अर्थतन्त्रलाई जीवनदान दिन जरुरी छ । जहाँसम्म अर्थमन्त्रीले ३ खर्ब नोक्सानको कुरा उठाएका छन्, त्यसमा अहिले आर्थिक क्रियाकलाप खोल्नाले करीब १ खर्बको कारोबार सञ्चालनमा आउने र बाँकीको लागि नेपाल सरकारले निम्नलिखित पाइला चालेमा कर भार नबढाउँदै रकम व्यवस्थापन गर्न सकिन्छ ।

१. सङ्घीय सांसदहरूको ९ अर्ब र ७ वटै प्रदेशका प्रादेशिक सांसदहरूसमेतको थप ९ अर्ब गरी जम्मा १८ अर्ब नदिने ।

२. नेपाल प्रहरीको लागि प्रस्तावित हतियार खरीद रोक्ने ।

३. पानीजहाज कार्यालयको १.५ करोडलगायत अन्य सबै कार्यालयको योजना रोक्का गर्ने ।

४. सम्माननीय राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री तथा सङ्घीय एवं प्रादेशिक माननीयहरूको तलबभत्ताको २५–३० प्रतिशत रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गर्ने, र

५. दोस्रो चरणको राहत वितरण गर्दा चामल सरकारी खाद्य संस्थानसँगै लिनुपर्ने र सोको भुक्तानी सरकारले नै संस्थानलाई गरिदिने व्यवस्था लागू गर्नुपर्ने ।

साप्ताहिकरूपमा स्थानीय सरकार र प्रशासनले अवस्थाको निगरानी गरी लक्षणसहितको सङ्क्रमण देखिएको क्षेत्रमा लकडाउन र परीक्षण प्रक्रिया डब्लुएचओको मापदण्ड अनुसार सञ्चालन गर्ने र लगातार २–३ हप्तासम्म वर्तमानभन्दा फरक अवस्था नदेखिए अन्य क्षेत्र पनि क्रमशः खुला गर्दै जानुपर्दछ । तर यसो भनिरहँदा उपचारको विकास नभएसम्म क्वारेन्टाइन एवं आइसोलेशन तयारी अवस्थामा राखी सतर्क बस्दा जोखिमको अवस्था आए पनि त्यसको व्यवस्थापन गर्न सकिन्छ । यस प्रकारले अघि बढ्दा आर्थिक क्रियाकलाप नै क्रमशः बढ्ने र कोरोना उच्चतम बिन्दुबाट तल ओर्लिएपश्चात् प्रक्षेपण गरिएको भोकमरी र गरीबीसँग केही हदसम्म लड्न सकिनेछ ।

२०७७ वैशाख ३१ गते बुधवार

कोरोना प्रभावः एक चर्चा

नारायणी अस्पतालको बाह्य र आन्तरिक सेवा बन्द छ किनभने यसलाई दोस्रो चरणको कोभिड उपचार गर्ने अस्पताल सरकारले घोषणा गऱ्यो । घोषणाको लामो समय बितिसक्दा न भेन्टिलेटर छ, न पिसिआर मेशिन नै प्रयोगमा आएको छ । तर यहाँ सबै सेवा कोरोनाबाहेक बन्द छ । भरतपुर अस्पतालले पाटन चिकित्सा विज्ञान प्रतिष्ठान र धरानले आफ्नै हाताभित्रको भवन प्रयोग गरेर कोभिडका साथै अन्य सबै उपचार सेवा प्रदान गर्दै आइरहेका छन् भने वीरगंजमा मात्र यस्तो चमत्कार किन ? कोभिडबाहेकको अन्य सेवा बन्द गर्न सरकारले नै नारायणीलाई परिपत्र गरेको हो भने स्वास्थ्य मन्त्रालयको दैनिक ब्रिफिङमा प्रवक्ता डा विकास देवकोटाले अस्पतालहरूलाई अन्य रोगीहरूलाई दिइँदै आएको सेवालाई निरन्तरता दिन परिपत्र गरिसकिएको कुरा पटकपटक टेलिभिजनमा भनेको देखिएको छ । यो अवस्थामा नेपाल सरकारले राजनीतिक प्रतिशोधस्वरूप यो कारबाई गरेको भन्न सकिन्छ किनभने नारायणीलाई केन्द्रीय अस्पतालको मान्यता उपेन्द्र यादव स्वास्थ्यमन्त्री हुँदा निर्णय भएको थियो। दोस्रो अवस्थामा बन्द गर्ने निर्णय स्थानीयस्तरमा अस्पतालले मात्रै गरेको हो भने फेरि चलाउने व्यवस्था गर्न सकिन्थ्यो तर जसरी करीब दुई सय कर्मचारीको सेवा समाप्त गरियो र प्रसारित समाचारहरूमा कोभिड दोस्रो चरणको अस्पताल तोकेकोले केन्द्रीय अस्पतालको मान्यता नरहेकोले तलबभत्ता खुवाउन समितितर्फका कर्मचारीको हकमा असमर्थता प्रकट गरियो, त्यसबाट यो सरकारी राजनीति नै हो भन्ने तर्कमा बढी बल पुग्छ । वीरगंज महानगरपालिकाले गण्डक अस्पताललाई कोरोना अस्पताल बनाउने सम्झौता गऱ्यो र सञ्चालन स्वीकृतिको लागि स्वास्थ्य मन्त्रालयमा गरिएको आवेदनको फाइल घुमफिरमा व्यस्त छ । महानगरपालिकाले स्वीकृति लिई सम्झौता गरेको भए के नराम्रो हुने थियो ? यस्तो अवस्थामा जहाँ प्रदेश सरकार र स्थानीय सरकारका जनप्रतिनिधिहरू हैसियतविहीन भएका छन् । सरकारमा बसिरहनुको औचित्य पदको लोभबाहेक अरू केही होइन भनेर ठोकुवा गर्नु बेठीक नहोला । यिनलाई केन्द्रबाट नियुक्त भई आएका प्रशासक एवं सुरक्षा निकायले नटेरेको र एक अन्तर्वार्ता दिनेक्रममा नगरप्रमुखले नै स्वास्थ्यमन्त्री एवं सचिवले फोनसमेत नउठाएको प्रसङ्ग सार्वजनिक गर्दा मैले माथि लेखेको हैसियतको कुरा झनै ठीक हो जस्तो लाग्छ ।

अब राहत वितरणको कुरा गर्दा राम्रो, नराम्रो जे भयो वितरण भयो र हुँदैछ । तर सबैभन्दा चित्त नबुझ्ने दुईवटा कुरा नलेखी चित्तै नबुझ्ने भएकोले लेख्दैछु। पहिलो त राहत वितरणको क्रममा जनप्रतिनिधिहरू स्वयम् सहभागी भएर आफ्नो स्तरभन्दा तल ओर्लिएको जस्तो लागेको छ । मलाई लाग्छ, उहाँहरू निर्णय एवं अनुगमन गर्ने हैसियतधारी हुनुहुन्छ । उहाँहरूले नगद रकम वा वस्तु नै वितरण गरेपनि प्रत्येक टोल र

गाउँमा रहेका किरानापसलहरूबाट निर्धारित दररेटमा खाद्य सामग्री उपलब्ध हुने व्यवस्था गरी वडा कार्यालयबाट कुपन वितरण गरी राहत उपलब्ध हुने व्यवस्था गरी आफैं अनुगमनमा रहनुभएको भए उहाँहरूकै श्रीवृद्धि हुने थियो । राहत वितरणको क्रममा भएको भद्रगोलका कारण इमानदार जनप्रतिनिधिहरूसमेतको प्रतिष्ठामा आघात पुगेको छ ।

अब कुरा गरौं कोरोनाको । भारतमा तीव्र गतिमा फैलिरहेको कोरोना लकडाउनका कारण २५ मेसम्म ९७ प्रतिशत नियन्त्रण हुने र जूनको पहिलो सातासम्ममा ३ प्रतिशतमा झर्ने आँकडा सिङ्गापुरको एउटा विश्वविद्यालयबाट जारी भएको छ । भारतीय संस्थानहरूका अनुसार भारतमा एल र एस गरी कोरोना भाइरसका दुईवटा स्ट्रैन वा प्रकार भेटाइएको छ, जसमध्ये एल स्ट्रैन चीनको वुहान शहरबाट उत्पत्ति भई दिल्लीमा र दुबईमा सङ्क्रमण भई त्यहाँबाट गुजरात, मुम्बई र केरलामा आएको विवरण सार्वजनिक गरिएको छ भने एस स्ट्रैनबाट पनि मृत्यु हुने तर कडा लक्षण नदेखाउने प्रकृतिको भएको अनुसन्धानबाट देखिंदै गर्दा भारतमैं कुल सङ्क्रमितको ८० प्रतिशतलाई कुनै लक्षण नै नदेखिएको तथ्य पनि सार्वजनिक भएको छ । अमेरिकामा भने अहिले ब्रेन हेमरेजबाट प्रेसरसम्बन्धी रोग नै नभएका व्यक्तिहरूको रगतको परीक्षणमा कोरोना पोजेटिभ भेटिएकोले कुनै थप नयाँ स्ट्रैन विकसित भएको अनुमान गरी अनुसन्धान शुरू गरिएको छ । नेपालमा पनि अधिकांश सङ्क्रमितमा लक्षण नदेखिएको भएपनि योभन्दा बढी अध्ययन भए नभएकोबारे केही जानकारी छैन । तर हिजो १५ गते फेसबूक चलाउँदै गर्दा एउटा समाचारमा नेपालकै कुनै चिकित्सक (नाम बिर्सेकोमा क्षमाप्रार्थी छु)ले अमेरिकाको जोन हप्किन्स विश्वविद्यालयले नेपालको सर्लाही जिल्लामा कोरोना फेला परेको कारण अहिले नेपालीहरूमा यसविरुद्ध प्रतिरक्षा प्रणाली विकसित भइसकेकोले नेपालमा भयावह सङ्क्रमण नदेखिएको समाचार पढेको र कोरोनालाई ठीक हुन सक्ने भनेर टेकु सरुवा अस्पतालका चर्चित चिकित्सक डा शेरबहादुर पुनले समर्थन गरेको समाचारले भने स्तब्ध बनाएको छ । सन् २०१४ ताकाको यस्तो सङ्क्रमणको कुनै घटना मेरो स्मृतिमा छैन । २०१४ मा फेला परेको भए यसको उत्पत्ति र प्रकृतिको खोज पनि उक्त विश्वविद्यालयले गरेको हुनुपर्ने हो र यो त्यत्तिकै खतरनाक थियो भने यसविरुद्ध लड्ने के तयारी भएको थियो भन्ने कुरा विश्वविद्यालयको तर्फबाट सार्वजनिक भइदिए अहिले चीन र अमेरिकाबीच चलेको कोरोना कसले बनायो भन्ने लडाइँको समेत टुङ्गो लाग्ने थियो । चीनकै सर्वोत्कृष्ट साहित्यिक पुरस्कारबाट पुरस्कृत फांग फांगले आफ्नो डायरीमा चीनमा कोरोना डिसेम्बर महीनामैं फेला परेको भएपनि लकडाउन २३ जनवरीबाट मात्र लागू गरिएको उल्लेख गर्दै उहाँका मित्रहरूले पठाएका तस्वीरहरूमा चिहानवरिपरि प्रशस्त मोबाइलहरू छरिएर रहेको देखिएको र अस्पतालमा उपचार गर्ने अवस्था वा स्थान नभएको बखत शववाहन गाडीहरू पटकपटक अस्पतालमा आउने जाने दृश्य आफूले देखेको उल्लेख गर्नुभएपश्चात्

उहाँले अहिले ज्यानको धम्की बेहोरिरहनुभएको छ । कोरोनाको उत्पत्ति वुहानबाट जानीनजानी जे गरी भएपनि पश्चिमा विशेषज्ञ र खासगरी सामरिक विशेषज्ञहरूले आफ्नोतर्फबाट चीनले सन् २०४९ मा कम्युनिस्ट शासनको सय वर्ष पूरा भएको अवसर पारी आफूलाई विश्वको शक्तिमान राष्ट्रको रूपमा उभ्याउन जैविक र बौद्धिकस्तरमा लड्ने गरी तेस्रो विश्वयुद्ध शुरू गरिसकेको दाबी गर्दैछन् । उनीहरूको विचारमा चीनले दीर्घकालीन सामरिक रणनीति अन्तर्गत सन् ८०-९० को दशकसम्म खुला अर्थनीति अवलम्बन गरी आफ्नो बजारको आकर्षण देखाउँदै विदेशी पूँजी र प्रविधि दुवै भित्र्याएपछि ९०-२०० सम्म यही खुलापनको नाउँमा आफ्ना वैज्ञानिक र विद्यार्थीहरूलाई विकसित युरोपेली सङ्घ अन्तर्गतका मुलुकहरूको अनुसन्धान प्रयोगशाला र विश्वविद्यालयमा पठाइ उच्चस्तरको ज्ञान र प्रविधि हासिल गरी सन् २००० देखि २०१० सम्ममा चीनमा विश्वस्तरकै प्रविधिमा अनुसन्धान गर्ने संस्थाहरूको स्थापना र विकास गरी औद्योगिक उत्पादनमा विश्वमैं सर्वोत्कृष्ट स्थान प्राप्त गर्न सफल भयो । आज विश्वको कुल उत्पादनको २५ प्रतिशत चीनमा र १६ प्रतिशत मात्र अमेरिकामा हुने गरेको छ भने भारतको हिस्सा ३ प्रतिशत मात्र छ ।

आर्थिकरूपमा सबल भएपछि चीनले बिआरआईको अवधारणा अगाडि सार्नुका साथै अफ्रिकी मुलुकहरूका साथै दक्षिण एशियामा समेत आफ्नो प्रभाव बढाउन लगानी बढाउने र ऋण दिने कार्य शुरू गऱ्यो । उसको यो क्रम गरीब राष्ट्रहरूमा मात्रै सीमित रहेन । एक तथ्याङ्क अनुसार अमेरिकामा सबैभन्दा बढी ऋण लगानी जापानको ९२ लाख करोड र चीनको ८५ लाख करोड रहेको छ । कोरोनाबाट उत्पन्न परिस्थितिको पृष्ठभूमिमा चीन अब विकसित देशहरूको सङ्कटग्रस्त सेवा तथा उद्योगहरूमा लगानी गरी आर्थिक औपनिवेशिक साम्राज्य खडा गर्न चाहन्छ । यसलाई बुझेर नै होला अमेरिकासमेतका युरोपेली देशहरूले आफ्नो पिडिआई नीति पहिलेको भन्दा परिवर्तन गरी कडा बनाएका छन् । चीनमा आउँदो १९ वर्ष अर्थात् सन् २०४९ सम्ममा आर्टिफिशियल इन्टेलिजेन्सको अधिकतम प्रयोग गरी सबैखाले आविष्कारहरू चीनमैं गरी अधिपत्य जमाउने रणनीति अन्तर्गत अगाडि बढिरहेको मत अगाडि सारिएका छन् । तर चीनको यो नै सोच हो भने पूरा हुन भने सजिलो देखिदैन किनभने अहिले पनि जी-सेभेन मुलुकहरूको जिडिपीको योगदान २५ प्रतिशत र सम्पत्ति ५४ प्रतिशत रहेकोले कडा प्रतिस्पर्धा चीनले भोग्नुपर्ने देखिन्छ ।

अब कुरा गरौं कोरानाकालपछिको । विश्व बैंकको अध्ययन अनुसार समग्र विश्वको आर्थिक वृद्धिदर ३ प्रतिशतको हाराहारीमा रहनेछ । त्यस्तै, अक्सफामको अध्ययन अनुसार कोरोना महामारीभन्दा अगाडि सम्पूर्ण विश्वमा तीन सय करोड गरीब रहेकामा कोरोनाकालमा यसमा २० प्रतिशतले वृद्धि भइसकेको र सङ्क्रमण नियन्त्रणपश्चात् थप ३० प्रतिशत वृद्धि भई कुल ५० प्रतिशतले बढेर ४५० करोड पुग्ने भएको छ । आइएलओको प्रतिवेदन अनुसार सम्पूर्ण विश्वमा सङ्गठित र असङ्गठित

क्षेत्रका गरी करीब ४ सय करोड मानिस बेरोजगार हुनेछन् भने पूर्णकालिक कार्य गुमाउनेहरूकै सङ्ख्या १९.५ करोड पुगनेछ। भीषण अनिकाल, बेरोजगार र अव्यवस्थाको प्रक्षेपण गर्ने यसभन्दा बढी आधार के चाहिएला ? चीनमा भने सम्पूर्ण विश्वको धान उत्पादनको दुई तिहाइ सङ्ग्रह गर्ने क्षमता छ भने आफ्नो २०४९ को लक्ष्यलाई दृष्टिगत गरी चीनले विश्वकै सबैभन्दा बढी तेल भण्डारण गर्ने क्षमता विकास गरेको छ र अहिले तेलको भाउ शून्य वा ५.७ डलर प्रतिबैरल रहेको बेला तेल खरीद गरी भण्डारणसमेत गर्दैछ । यस्तो बेला हामी दक्षिण एशियामा बस्नेहरू विश्वको कुल जनसङ्ख्याको २२ प्रतिशत छौं तर अन्न उब्जनी हुने जग्गा हाम्रो भागमा सम्पूर्ण विश्वको दुई प्रतिशत मात्रै छ । यस्तो अवस्थामा हामी नेपालीहरू भोलि कहाँ खडा हुने र के खाने भन्ने चिन्ता गर्नुको साटो अझै पनि कोरोनाको 'रिजेन्ट' सिद्धिएर परीक्षण सुस्त गर्ने गुणस्तरहीन आरडिटी किटबाट परीक्षण गरी कोरोना नियन्त्रण भएको र काठमाडौं कोरोनामुक्त भएको घोषणा गर्न लागेका छौं । पिसिआर प्रविधिबाट भएको परीक्षण जम्मा १३ हजार हो र यो 'सैम्पलिङ'को सामान्य सिद्धान्त अनुसार ३५–४० हजार नपुगेसम्म कुनै घोषणा गर्नु दुर्भाग्य निम्त्याउनु हुनेछ। अहिले विशेषज्ञहरूले दिएको पुल परीक्षणको सुझाव किन कार्यान्वयन भइरहेको छैन बुझिनसक्नु छ । कोरोना सङ्क्रमण रोकथामको हाम्रो योजना विशेषज्ञको ठाउँमा राजनीतिज्ञहरूबाट बन्न थाल्यो भने झन् ठूलो दुर्घटना हुन सक्छ ।

२०७७ वैशाख २४ गते बुधवार

किन खुलाउने लकडाउन– १

गताङ्कमा असङ्गठित क्षेत्रलाई थोरबहुत खुकुलो बनाउन सुझाएको कुनै पनि बुँदा कार्यान्वयन भएको छैन । विश्वासको कुरा छोडौं आश त मलाई पनि थिएन । यसरी नियन्त्रितरूपमा आर्थिक क्रियाकलाप खोलिएमा राहत वितरण गरी मानवसेवा नै परमो धर्म ठानी गुणस्तरहीन खाद्य सामग्री वितरण गर्ने मनकारीहरूको ठूलै जमातलाई ठूलो पीर पर्न सक्छ । तर राहतको एउटा पक्ष राष्ट्रियस्तरमा र अर्को स्थानीयस्तरमा वीरगंज महानगरपालिकाले उजागर गरेको छ । नेपाल सरकारले ३ करोड जनता (भएपनि/नभएपनि)को लागि ८० करोड रुपैयाँको राहत वितरण गरिसकेको रहेछ अर्थात् २६.६७ रुपैयाँ प्रतिव्यक्तिको दरले। तथापि हाम्रो देशको नागरिकको चित्त बुझेको छैन भने सरकारले के नै गर्न सक्छ ? स्थानीयस्तरमा वैशाख ८ गते वीरगंज महानगरले जारी गरेको राहतको तथ्याङ्क यस्तो छ, करीब ३३ हजारजनालाई ३.५ करोडको राहत अर्थात् प्रतिव्यक्ति वा परिवारजन एकाइमा वितरण गरेपछि प्रतिएकाइ रु १०२६ एक व्यक्ति भए त २/४ छाक खान पुग्ला तर परिवार हो भने एक परिवारमा औसत पाँचजना सदस्य मान्दा पनि प्रतिव्यक्ति रु २ सय हुन आउँछ । कुन मापदण्डले यो राहत बाँडिएको हो र कति दिनको लागि हो, त्यो भने बुझ्न बाँकी नै छ । त्यसैगरी, बच्चाको दूध र परिवारको औषधि कहाँबाट आउँछ भन्ने मेरो प्रश्न अनुत्तरित नै छ । महानगरले रु २५ लाख मात्र अनुदान पायो ।

सरकारले ८० करोड रुपैयाँ अनुदान समानरूपमा बाँडेको अनुमान गर्दा पनि सातमध्ये प्रत्येक प्रदेशलाई करीब साढे ११ करोड पर्न आउँछ र यसलाई प्रदेश नं. २ को आठ जिल्लामा विभाजित गर्दा प्रतिजिल्ला करीब डेढ करोड पर्न आउँछ। यो रकम कहाँ गयो ? कसले अनुसन्धान गर्ने ? सरकारको कुरा गर्दा उसलाई बेमौसमी बाजा बजाउँदै फुर्सद छैन भनिए पनि सरकारका प्रमुख आफ्नो सत्ता टिकाइराख्ने खेलमा गम्भीररूपमा लागेको स्पष्ट प्रमाणहरू देखिँदैछ । जस्तै प्रम ओलीले लकडाउन कडाइका साथ लागू गर्ने निर्देशन दिएपछि पैदल यात्रुहरूलाई आमजनता, प्रहरी, प्रशासन र स्थानीयले खाना, बास र यातायातसमेतको प्रबन्ध गर्न थालेका समाचारहरू देख्न र सुन्न थालिएको छ। कष्टमा रहेका नेपालीहरूको लागि यो सुखद हो भने सरकारको असफलताको सङ्केत । त्यसै अवस्थालाई बुझेर होला प्रमले सत्ता जोगाउन दल फुटाउन अध्यादेश ल्याएको ।

अब कुरा गरौं स्वास्थ्य सङ्कटकै । स्थानीयस्तरमा गण्डकमा कोरोना रोगी सार्न सकिएको छैन । नारायणीको आइसोलेशन हावाहुरीले उडाएपछि कोरोना रोगीहरूको बास फेरि महेन्द्र आरोग्य भवनमैं कति दीर्घकालीन हुँदो रहेछ हाम्रो सोच । यसमा झन् बाह्य र अन्तरङ्ग विभाग बन्द गरी बारा, पर्सावासीको स्वास्थ्य हेरचाह गर्न पुऱ्याउनुभएको

योगदानको कदर नगरिरहनै सकिन्न । अब नेपाल सरकारले उच्च रक्तचाप, मधुमेह, क्षयरोग, प्रसूतिजस्ता सेवालाई कोरोना उपचारको नाममा बन्द गर्न नपाइने परिपत्र नै गरेको र नजीकको भरतपुरको सरकारी अस्पतालले कोरोना वार्ड बेग्लै राखेर अन्य सबै सेवा यथावत राखेको अवस्थामा पनि केही पाठ सिक्ने हो कि निजी अस्पतालको लागि 'रोगी मेला' आयोजना गर्ने चक्रव्यूहमा यहाँको प्रशासन र दलका नेताहरू फसिरहने हो ?

राष्ट्रियस्तरको कुरा गर्दा अहिलेसम्म नेपालमा ५४ जना सङ्क्रमित देखिसकेको अवस्थामा हामी सचेत हुन जरुरी त छ नै । तर यसका साथै परिपक्वता उन्मुख हुन पनि जरुरी छ । त्यो के हो भने छिमेकी देश भारतको चिकित्सा अनुसन्धान परिषद्ले सार्वजनिक गरेको निम्न लिखित तीनवटा तथ्याङ्कहरू १) ८० प्रतिशत रोगीहरूमा रोगको लक्षण देखिएको छैन । २) यो रोगले ७० प्रतिशत पुरुष अनि ३० प्रतिशत महिलालाई आक्रान्त गरिरहेको छ, र ३) ऱ्यापिड डाइग्नोस्टिक टेस्ट किटको नतीजाको सफलता ५.४ प्रतिशत मात्र रहेको छ । नेपालमा पनि यस्तो अनुसन्धान परिषद् त पक्कै होला । बुँदा नं. १ र २ का साथसाथै ३ नं.को सन्दर्भमा नेपालमा अध्ययन अनुसन्धान जरुरी छ । किनभने हामीकहाँ प्रयोग भइरहेको किटले पनि धमाधम नेगेटिभ देखाउँदा पिसिआर परीक्षणले पोजेटिभ पनि देखाएको छ । यस्तो हो भने कुरा अध्ययनबाट निर्क्योल हुन्छ भने श्रम, धन र गलत सूचना प्रवाहसमेत रोक्न ऱ्यापिड किटको प्रयोग रोक्न जरुरी हुनेछ । तर यो रोक्नुका साथै पिसिआरको परीक्षण दर बढाउनुपर्छ । नारायणीमा पठाइएको पिसिआर अहिलेसम्म सञ्चालनमा आउन नसक्नु त्यस्तै अन्य उपकरणहरूसमेत उपलब्ध नहुनु हाम्रोसामु रहेको चुनौतीको एक उदाहरण हो । यस्तै, अर्को उदाहरण कैलालीमा समेत देखा परेको छ, जहाँ पुरानो भेन्टिलेटर सप्लाई भएको समाचार बाहिर आएको छ । भारतको मेदान्ता अस्पतालका प्रमुख एवं भारतका ख्यातिप्राप्त चिकित्सक डा त्रेहानका अनुसार कोरोनाले आफ्नो गुण फेरिरहेको छ र अहिले यसका तीनवटा भेरिएन्टहरू भारतमै देखिएका छन् । पहिलो कडा लक्षण देखाउने, दोस्रो हलुका लक्षण देखाउने र तेस्रो कुनै लक्षण नदेखाउने । उनका अनुसार तेस्रो वर्गको भेरिएन्टले सबैभन्दा बढी थाहा नै नदिई सङ्क्रमण फैलाउन सक्ने भएकोले पनि अब घरमै बस्दा पनि मास्कको प्रयोग, स्वच्छता र साबुनले हात धुने बानीलाई यस भाइरसको खोप आविष्कार भई प्रचलनमा नआएसम्मको लागि जीवनशैलीकै रूपमा ग्रहण गर्न सुझाउँदै विदेशलगायत भारतमा समेत खोपको मानिसमाथि परीक्षण शुरू भइसकेको र यसको नतीजा मे महीनाभित्र आइसक्ने सम्भावना रहेको इङ्गित गर्दै त्यतिबेलासम्म लकडाउन सङ्क्रमण शून्य भएको ठाउँमा मात्र खुलाउन जोखिम लिन सकिने भनेको भएबाट नेपालले पनि भारत जति पनि चिकित्सा अनुसन्धान सुविधा नरहेकोले भारतको सिको गर्नुको कुनै विकल्प देखिँदैन । यस परिप्रेक्ष्यमा मे भन्नासाथ जेठको आधाआधी हुने भएकोले थप १५ दिनको सुरक्षा अवधि थप गरी वैशाख १६

गतेदेखि थप ४० दिन नेपाललाई लकडाउनमा कसरी राख्ने भन्नेबारे योजना बनाउनुपर्ने देखिन्छ । राहत प्याकेज असफल भइसकेकोले वैशाख १५ गतेदेखि–

१) जिल्लाभित्र तरकारी बिक्रीको लागि सामाजिक दूरी कायम राख्दै खुला गर्ने । उदाहरणको लागि भीड भयो भनेर मीनाबजार बन्द गर्नुको सट्टा नियन्त्रित प्रवेश अर्थात् ५ वा १० जनालाई प्रवेश दिइ अर्को द्वारबाट कम्तीमा ५ जना बाहिरिएपछि थप ५ जनालाई प्रवेश दिने मानव सञ्चालित वा लामबाट कूपन लिई प्रत्येक व्यक्ति बाहिरिएसँगै बैंकमा जस्तै प्रणाली जडान गराउनुका साथै श्रीपुर, आदर्शनगर र बिर्तामा पनि नियमित बजार सञ्चालन गराउन सकिए भीड स्वयम् नियन्त्रित हुन जान्छ ।

२) माछामासु र कुखुराको मासु विक्रेताको पिसिआर परीक्षणपछि सामाजिक दूरी कायम राख्ने शर्त र अनुगमनको व्यवस्था गरी खुला गर्ने ।

३) दुग्धजन्य व्यवसायलाई टेवा पुऱ्याउन मिठाइपसलहरू र तिनका कामदारहरूको पिसिआर जाँच गराइ प्याकिङ गरी मात्र बिक्री गर्ने शर्तमा मिठाइ बेच्ने होटलहरू मात्र खुला गर्ने ।

जेठ ३० गतेसम्मको अवस्था हेरी सङ्क्रमण नबढेको पाइएमा बारा र पर्साका उद्योगका कर्मचारी, कामदारको पिसिआर परीक्षण गरी परिचयपत्र वितरण गरी कारखानाको गाडी वा आफ्नै वाहन प्रयोग गरी कारखाना सञ्चालन गर्न दिने र पूरै असार महीनाको अवस्था तथा भारतको अवस्था हेरी निर्णय लिने योजना बनाउनुपर्दछ किनभने विश्व स्वास्थ्य सङ्गठनको 'नराम्रो दिन आउन अझै बाँकी रहेको' चेतावनीलाई हलुका ढङ्गबाट लिनुहुँदैन । मेरो सुझाव गताङ्कमा समेत प्रकाशित भइसकेको छ । सरकारले १० दिन थप गरी वैशाख २५ गतेसम्म लकडाउन अवधि बढाएको छ। सरकारले विवेक प्रयोग गरी लकडाउनमा गरीब वर्गलाई राहत दिलाउन सकेन भने सम्भवतः देश अर्कै दिशातिर मोडिन सक्ने सङ्केतहरू सार्थक सिद्ध हुन सक्नेछन् । आशा गरौं, राम्रो होस्, हामी सबैको जय होस् । मास्क लगाउन नछाडौं, सामाजिक दूरी कायम राखौं, साबुनपानीले हात धुन नबिर्सौं ।

दुर्भाग्यवश जेठ ३० गतेभित्र अवस्था बिग्रिंदो देखिएमा त्यसलाई नियन्त्रण गर्न सरकारले अहिलेदेखि नै विश्वमैं सफल मानिएको भारतको भिलवाडा मोडेल लगाउन तयार भएर बस्न आवश्यक छ। यस मोडेलमा हटस्पटको रूपमा विकसित भइरहेका शहरहरूलाई त्यहाँका डिस्ट्रिक मेजिस्ट्रेटको शब्दमा 'निरङ्कुश लकडाउन' कार्यान्वयन गर्न ४८ घण्टाको कर्फ्यू आदेश जारी गरी लकडाउन सफल बनाउन अन्न, औषधि, इन्धनलगायतका अत्यावश्यक वस्तुहरू घरघरमा पुऱ्याउन थालेकोले हटस्पट बन्न अग्रसर यो शहरको सङ्क्रमण अहिले शून्यमा झरेको छ। सुन्दा नै अपत्यारिलो लाग्ने यो मोडेल नेपालमा कार्यान्वयन गर्न सक्ने क्षमता छ वा छैन भन्ने कुरा आउँदा दिनहरूमा सङ्क्रमण बढ्यो भने मात्र पुष्टि हुन सक्नेछ । तसर्थ यो जोखिम मोल्नुभन्दा अहिले नै सतर्कता अपनाउनु बेस हुनेछ । २०७७ वैशाख १७ गते बुधवार

अब के गर्ने ?

विश्व बैंकले समग्रमा दक्षिण एशियाका देशहरूको आर्थिक अवस्था आजको ४० वर्षपछि धकेलिने र आउँदा वर्षहरूमा भारतकै आर्थिक वृद्धिदरमा औसतन २-३ प्रतिशतसम्म कमी आउने सङ्केत गर्नुको अर्थ भारतकै हाल ४.५ प्रतिशतको आर्थिक वृद्धिदर २.३ प्रतिशतमा र नेपालको पनि सम्भवतः सोही हाराहारीमा रहने अनुमान गर्न सकिन्छ । तर यसको लागि पनि कोरोनाको पूर्ण नियन्त्रण आवश्यक छ। भारतले जसरी लकडाउन र सील गरी अत्याधुनिक प्रविधिको प्रयोगबाट सेनिटाइजेशन र उपचारसमेत गर्दा स्थिति अझै नियन्त्रणमा आउन नसकेकोले अप्रिल महीनाभरि सशर्त लकडाउन बढाइने निश्चित प्रायः छ । यस अवस्थामा हामीकहाँ स्तरीय सेनिटाइजेशनको अभाव त छँदै छ, चिकित्सक र सुरक्षाकर्मीहरूलाई नै आवश्यक सुरक्षा सामग्री उपलब्ध गराउन सकिएको छैन भने भाषण जति गरे पनि कोरोनाको लागि डेडिकेटेड अस्पतालको तयारी नगरी सरकारी अस्पतालमैं उपचार शुरू गरिएबाट ओपिडी सेवाका साथै भर्ना बिरामीहरूको स्वास्थ्यसमेत सङ्कटग्रस्त अवस्थामा पुगेको छ । कोरोनाको दोस्रो चरण शान्तिपूर्ण ढङ्गबाट पूरा भयो भनेर सन्तोष मानिरहँदा भएका ८ जनाबाहेक थप अरूमा यो रोग पुष्टि भएबाट रोगको वास्तविक स्थिति पत्ता लगाउन व्यापक परीक्षण आवश्यक भएको र तेस्रो चरणमा प्रवेश भए नभएको निक्यॉल गर्न १३५ करोड जनसङ्ख्या भएको भारतले अहिलेसम्म जम्मा २ लाख परीक्षण गरेको आधारमा ३ करोड जनसङ्ख्या भएको हामीले कम्तीमा ४५ हजारजनाको र रेन्डम सैम्पलिङका हिसाबले पनि प्रत्येक प्रदेशमा ५० लाख हाराहारीमा जनसङ्ख्या भएको हिसाबले करीब २५ सय परीक्षण पुर्‍नुपर्ने देखिन्छ।

यतिसम्मको परीक्षण पूरा नभई हाम्रो अवस्था यकिन गर्न सकिदैन। हाल सरकारले प्रत्येक प्रदेशमा ५ हजार गोटा ऱ्यापिड डाइग्नोस्टिक टेस्ट किट पठाएकोमा भारतलाई आधार मान्दा थप १० हजार थान किट सातवटै प्रदेशमा बाँड्नुपर्ने र रेन्डम सैम्पलिङको नियम अनुसार पनि सबै भूगोल र जीवनस्तरको जनता समेटिने गरी परीक्षण गर्नुपर्ने हुन्छ । तर आज वैशाख ३ गतेसम्मको अवस्था नै हेर्दा पश्चिम, प्रदेश नं. २ का साथै काठमाडौं पनि उच्च जोखिममा रहेको अनुमान गर्न थालिएको छ । यस्तो अवस्थामा सरकारले जारी गरेको निर्देशिका अनुसार उपचारलाई स्टेज १, स्टेज २ मा विभाजित गरी नारायणी अस्पताललाई स्टेज २ को उपचार केन्द्र तोकिएको छ भने स्टेज १ को लागि सम्भवतः स्थानीय सरकारले ५० शैय्याको अस्पतालको खोजी गरिरहेको छ । अन्य बिरामीहरूलाई नेशनल मेडिकल कलेजमा स्थानान्तरण गर्न थालिएको छ । तर यहाँनेर बुझ्नै नसक्ने कुरा के छ भने प्रदेश सरकारले कलैया अस्पताललाई कोरोना डेडिकेटेड अस्पताल बनाउने घोषणा गरिसकेको छ । सङ्घीय सरकारले प्रदेश नं २

लाई दिएको एक थान पिसिआर जनकपुरमा जडान भयो भने केन्द्रले प्रदेशसँग समन्वय नगरी नारायणीलाई डेडिकेटेड अस्पताल बनाएको छ । यो खेलाँची देशको स्वास्थ्यको लागि राम्रो होइन । नारायणी स्टेज २ को अस्पताल तोकिएपछि सरकार एवं दाताहरूले अब यसमा भेन्टिलेटर, मोटिनर, आक्सिजनको व्यवस्थापन गर्नुका साथै हाम्रो सेवा र सुरक्षामा अहोरात्र समर्पित चिकित्सकलगायतका स्वास्थ्यकर्मीहरूको सुरक्षाको लागि सेनिटाइजेशन टनेलको व्यवस्थापन गर्न सकिए राम्रो हुने थियो । यो लेख प्रकाशित हुँदासम्म धेरै हदसम्म परीक्षण वैज्ञानिक तवरबाट जारी रह्यो भने नतीजा हाम्रोअगाडि रहने नै छ । त्यसपछाडि मात्र यसको भयावहताको अनुमान लगाउन सकिनेछ । ईश्वरसँग प्रार्थना र आफ्नो व्यवहारमा संयम राख्न सक्यौं भने अवस्था नियन्त्रण बाहिर नजाला भन्ने अपेक्षा गर्न सकिन्छ तर जुन प्रकारले पहिला तेस्रो मुलुक र अहिले भारतबाट आएकाहरूमा सङ्क्रमण देखिँदैछ, त्यसले के स्पष्ट सङ्केत गर्दछ भने कमसेकम भारतको सम्बन्धमा त्यहाँ लकडाउन भयो भने कति नेपालीहरू फर्किएलान् र क्वारेन्टाइनमा तिनको व्यवस्थापन कसरी गर्ने र शुरूबाट नै सुरक्षाकर्मी परिचालन गरी आवतजावत पूर्णरूपमा बन्द गर्न सरकार चूकेकै हो र त्यसको दुष्परिणाम सबैले भोग्नै पर्नेछ ।

यो त भयो रोगव्याधिको कुरा । अब कुरा गरौं उपचार र संसाधनको । उपचार र संसाधन दुवैको लागि पैसा चाहिन्छ । यो सरकार र जनता दुवैसँग हुनुपर्छ । तर हाम्रो देश गरीब भएकोले अधिकांश जनता गरीब छन् । श्रम गर्दछन् र परिवार पाल्छन् । लकडाउन भएदेखि सबै बन्द छ, काम छैन, भएको पैसा सकियो, अनि त जनता ४/५ सय किलोमिटर पैदल हिंडेर भएपनि घर पुग्न ताँती लागेका छन् । संवेदनहीन सरकारलाई जनता यसरी भोकभोकै पैदल हिंड्दा सङ्क्रमण नफैलिने या त भ्रम पालेर बसेको छ या यो जनताको सरोकार खास गरी गरीबको समस्यासँग सरोकार राख्दैन । सरकारसँग प्रशस्त पैसा छ, ऋण सहयोग पनि पाएको छ तर पनि अनुत्पादक क्षेत्रको खर्च कटौती गरी उपचारमा खर्च गर्न उन्मुख देखिँदैन । सांसद कोषबारे बल्ल मुख खुलेको छ तर अझ पनि कार्यकर्ता पोस्न बनाइएका सैकडौं समितिहरूमा खर्च भएको छ तर जनता भोकै छ । जेनतेन गरी उपचार त होला नै तर अहिलेको भन्दा विषम परिस्थिति अगाडि छ । कृषकहरूलाई कटाइका साथै आगामी बालीको चटारो छ भने तरकारीखेती गर्ने कृषकहरूलाई बजारको, अहिलेको बोटबिरुवा नष्ट भएपछि लकडाउन खुले पनि ती कृषकहरूले कुन स्रोतबाट फेरि खेती शुरू गर्ने, माछापालन गर्ने कृषकहरूले अहिले एकातिर बजार पाउन नसकेको अवस्था छ भने यसै कारणले नयाँ भुराहरू पोखरीमा राख्न सकिएको छैन । यस कारणले लकडाउनपछि यो व्यवसायका साथै कुखुरापालन, दुग्ध व्यवसाय, कलकारखाना सबैले यही समस्या भोग्नुपर्नेछ । यो अवस्थामा यो सरकारले केही गरिदेला भनी अपेक्षा गर्ने साहस कसैमा छ भने त्यो शक्ति केन्द्रका आसेपासेहरूमा मात्र छ, आमजनतामा त बिलकुलै छैन ।

नेपालको अर्थतन्त्रको अहिलेको अवस्था बिचौलिया अर्थतन्त्रको छ । यस्तो बेला व्यापारीहरूले अवसरको फाइदा उठाइ बढी नाफा खाने प्रवृत्ति हावी हुन्छ भने यसलाई नियन्त्रण गर्ने शासनसत्ता अर्थात् ब्युरोक्रेसी पनि कमिशनकै खेलमा रमाउने गर्दछ । यसलाई नियन्त्रण गर्नको लागि बलियो राजनीतिक सत्ता चाहिन्छ, जुन इमानदारिता र नैतिकताको धरातलमा दन्होसँग उभिएको होस् । तर दुर्भाग्य दुई तिहाइको दम्भ भएको सङ्ख्यात्मक आधारमा बलियो राजनीतिक सत्ता इमानदारिता र नैतिकता दुवै धरातलमा खरो देखिएको छैन । यस्तो अवस्थामा जतिसुकै गफ गरे पनि हाम्रो आर्थिक वृद्धिदर विश्व बैंकले अनुमान गरे अनुसार २.५-३.५ प्रतिशत रहने प्रक्षेपण गरे पनि भारतको अवस्थासमेत विचार गर्दा यति पुगनसमेत कठिन हुने देखिन्छ । त्यसैले अहिले प्रस्ताविक लकडाउनको अवधिसम्मको अवस्थालाई विश्लेषण गरी कृषि क्षेत्रलाई मास्क र सामाजिक दूरी राख्नैपर्ने गरी भएपनि खोल्नै पर्ने देखिन्छ । यसबाट असङ्गठित क्षेत्रका मजदूर र कृषकहरूको समस्या केही हदसम्म समाधान हुनेछ । अहिले सरकारले पनि माछामासु, अन्डा राम्रोसँग पकाएर खान सार्वजनिक प्रचार गरिरहेको बेला हरियो तरकारी नपकाइ खाने कुरा नहुने भएकोले बजारस्थल तोकी १/१ मिटरको दूरी बनाएर खरीद-बिक्रीको प्रक्रिया शुरू गर्नै पर्दछ । सङ्गठित क्षेत्रका मजदूरहरूलाई समेत सकेसम्म काममा लगाउने र नलगाउन सकिने भएपनि कारखाना सञ्चालनमा नआएसम्म तलब राहतस्वरूप सरकारी कोषबाट उपलब्ध गराउनु बुद्धिमानी हुनेछ । त्यस्तै, वैशाख १५ गतेसम्ममा सरकारले कम्तीमा सम्पूर्ण नेपालको भूगोल समेटिने गरी कम्तीमा ४५-५० हजारको सङ्ख्यामा र्‍यापिड टेस्ट र त्यसमा पोजेटिभ देखिए पिसिआर गरी हटस्पट क्षेत्र बने-नबनेको निक्यॉल गरी सोही अनुसार लकडाउनको क्षेत्र जिल्लाभित्र खुकुलो गर्ने, बैंकहरूमा भवनभित्रबाट सञ्चालन भएको कूपन प्रणालीलाई भवनको मुख्य द्वारबाट सञ्चालन गर्ने, स्कूल, कलेज, रेस्टुरेन्ट र बार पूर्णरूपमा बन्द गर्ने, लामो दूरीको यातायात बन्द गर्ने तर हटस्पट नबनेका जिल्ला वा प्रदेशमा आन्तरिक यातायात, खोल्ने काम अगाडि बढाउन सकिएन भने हाम्रो वास्तविक वृद्धिदर १.५-२ प्रतिशतभन्दा नबढ्ने देखिन्छ । त्यसैले स्थानीयस्तरको कोरोना कमान्ड पोस्ट र स्थानीय सरकारलाई निम्न सुझावहरू दिन चाहन्छु-

१. नेपालभित्रकै पर्सा र बारा जिल्लाका तरकारी कृषकहरूलाई स्थानीय बजारमा पहुँचको बाटो खोल्ने । यसका लागि मीनाबजार, आदर्शनगर र बिर्तामा बिहान-बेलुकी दैनिक बजारको व्यवस्था गर्ने र बिक्री गर्न आउने कृषकहरूको आरडिटी जाँच गरी पास वितरण गर्ने । नियमित बजार लाग्न थालेमा भीड कम हुने र सामाजिक दूरी व्यवस्थापन गर्न सजिलो हुनेछ ।

२. नेपालमैं माछामासुको बिक्री अन्य जिल्लामा खुला रहेको र सरकारसमेतले माछामासु राम्रोसँग पकाइ खाने प्रचार गरिरहेको अवस्थामा तरकारी व्यवसायीजस्तै पसल खोल्न चाहने मासु विक्रेतालाई आरडिटी गरी परिचयपत्र दिने र सामाजिक दूरी राख्ने गरी

बिक्री नगरेमा अनुमति रद्द गर्ने व्यवस्था हुनुपर्दछ। यस्तै व्यवस्था माछा व्यवसायको लागि समेत हुनु आवश्यक छ ।

३. मिठाइ र नास्ता बनाइ बिक्री गर्ने होटलहरूको हकमा पनि परीक्षणपश्चात् शुरू गर्न अनुमति दिने तर होटलबाट पैकिङ वितरण मात्र गर्ने अनुमति दिएर दुग्ध व्यवसायको सङ्कट हटाउन सकिन्छ।

प्रथम चरणमा चालिने यस कदमलाई ७-१० दिनसम्मको नतीजा अनुगमन गरी निरन्तरता दिने-नदिने निर्णय गर्नु उपयुक्त हुनेछ । यसबाट राम्रो नतीजा प्राप्त भएमा दोस्रो चरणमा निर्माण क्षेत्रका मजदूरहरूको परीक्षण गरी स्थानीय निकायबाट कार्य अनुमति दिने र त्यस्ता मजदूरलाई काममा लगाउन सकिने बन्दोबस्त मिलाउनु उपयुक्त हुनेछ । यस अगाडिको कुरालाई अहिले थाती राखौं। स्वच्छ सफा रहँदै साबुनपानीले हात पटकपटक धुँदै घरमा बसौं, निरोगी रहौं। साथै राहत वितरण गर्दा ध्यानमा राखौं। इन्धन, बच्चाको दूध र सबै वर्गको औषधि पैसाले किन्न पाइन्छ । राहतको रूपमा नगद उपलब्ध गराएमा जाउलो खाएर भएपनि बच्चाको दूध र औषधिको बन्दोबस्त गर्न सकिन्छ तर सामग्रीबाट सकिन्न ।

२०७७ वैशाख १० गते बुधवार

कोरोनाः अब के हुन्छ ?

तीनवटा महत्त्वपूर्ण समाचार सुन्न र हेर्न पाइयो। पहिलो थियो कैलाली कञ्चनपुरमा तीनजना नयाँ कोरोनाका बिरामी थपिएका र तीनमध्ये एकजना महिलालाई स्थानीय सङ्क्रमण भएको। नेपालमा यसभन्दा पहिले सबै बाहिरबाट आएकाहरूमा मात्र सङ्क्रमण भेटिएको थियो । उनीहरूको सम्पर्कमा रहनेहरूलाई यो रोग देखिएको थिएन । यो लक्षण रोगको दोस्रो चरणको हो । दोस्रो समाचार थियो मन्त्रिपरिषद्को बैठकले लकडाउनलाई थप कडा बनाउन गरेको निर्णयको प्रसारण । तर तेस्रो २२ गते शनिवार बेलुकी सात बजेको समाचारपछि प्रसारण हुने प्रदेश समाचारको । यस समाचारमा पूर्व झापादेखि पश्चिमसम्म कसरी स्थानीय पालिकाहरूको सिफारिशमा राजमार्गभित्र गाडीहरू चलिरहेको, राजमार्गमा सामान ढुवानी गरी खाली सवारीसाधनहरूले यात्रु ओसारपसार गरिरहेको दृश्य देखाइएको थियो। मन्त्रिपरिषद्को लकडाउन कडा गर्ने निर्णयलाई कान्तिपुरको प्रदेश समाचारको पृष्ठभूमिमा हेर्दा हाँसो लाग्नुको सट्टा चिन्ता लागेर आयो । चिन्ता किनभने वास्तविकता के रहेछ भने लकडाउन नेपालको शहरहरूमा, त्यो पनि मध्यम एवं विपन्नलाई मात्र लागेको रहेछ। यस्तो अवस्थामा पश्चिम नेपालतर्फ मात्रै करीब डेढ–दुई लाख नेपाली भारतमा काम गरी त्यहाँ लकडाउन भएपछि नेपाल प्रवेश गरेका छन् भने मध्यतराई र पूर्वी नेपालतर्फको त कुनै चियोचर्चा नै छैन। तर सत्य के हो भने मध्य र पूर्व गरेर पनि करीब–करीब त्यत्तिकै सङ्ख्यामा प्रवेश भएको अनुमान गर्न सकिन्छ। हुनत करीब ३० लाख नेपाली भारतमा कार्यरत रहेको मानिन्छ। अब विराटनगर र जनकपुरमा परीक्षण थालिएपछि दुर्भाग्यवश पश्चिमकै घटना दोहोरिएको पाइयो भने नेपालले सङ्क्रमणको दोस्रो चरणमा प्रवेश गरेको मानिनेछ र यस अवस्थामा कोरोना भाइरसको कलस्टर निर्माण भएर हटस्पटहरू देखा पर्न थाल्नेछन् । त्यस अवस्थामा नियन्त्रणको लागि सम्पूर्ण लकडाउन र उपचारबाहेक अन्य विकल्प हुँदैन । लकडाउनको जुन दुर्गति हामीले गरिरहेका छौं त्यसको भोगाइ त भोग्नै पर्नेछ तर माघ महीनामा नै सरकारले थालेको कोरोनाविरुद्ध अभियानमा भारतलगायत अन्य देशबाट नेपाल आउने आफ्ना नागरिकलाई क्वारेन्टाइन गर्नुपर्ने कल्पनासम्म गर्न नसक्नुले जहाँ सरकारको अकर्मण्यता देखिन्छ, र त्यस लापरवाहीको फल २२ गतेपछिको थप १४ दिन, अर्थात् वैशाख ५ गतेपछि देखिनेछ ।

यस अवधिमा दुई कुरा हुन सक्छन्। पहिलो देवाधिदेव महादेव हाम्रा आराध्यदेव भएकाले केही नहुन सक्छ, दोस्रो यो रोगको सङ्क्रमण वैशाख ५ गतेसम्म सामुदायिक सङ्क्रमणको स्थितिमा पुगिसक्नेछ । यस अवस्थामा सरकारले हाम्रो स्वास्थ्यरक्षाको लागि गरेको तयारीतर्फ हेरौं । नेपाल सरकारले माघ महीनामा सबैभन्दा पहिले

कोटेशनबाट स्थानीयस्तरमा सामान माग गरेको भनाइ छापाहरूमा आएको छ । तर स्थानीय आपूर्तिकर्ताहरूले स्थानीय स्तरमा यी सामान उपलब्ध हुन नसक्ने भनेपछि फागुन महीनामा ७ दिनको समय दिई टेन्डर आह्वान गरेकोमा फागुन मसान्तसम्म टेन्डरहरू उपर कुनै कारबाई नगरी, एकाएक वाणिज्य विभागमा दर्ता नभएको र मेडिकल सामग्री सप्लाईको कुनै अनुभव नभएको, कम्पनीलाई प्रचलित दरभन्दा उच्च मूल्यमा खरीद आदेश पारित गऱ्यो । यो महानिर्देशकले स्वास्थ्य सचिव र स्वास्थ्य सचिवले मन्त्रीलाई मन्त्रिपरिषद्बाट स्वीकृत गराउन दबाब दिएपछि स्वास्थ्यमन्त्रीले यो प्रस्ताव मन्त्रिपरिषद्मा लैजाँदा त्यहाँबाट स्वीकृत नभएको भनी आएको समाचार केलाउँदा, स्पष्टरूपमा राजनीतिक तहमा र त्यो पनि स्वास्थ्यमन्त्रीकै संलग्नतामा अनियमितता भएको देखिन्छ । यसलाई अझ किन ठोकुवा गर्न सकिन्छ भने मन्त्रिपरिषद्बाट अस्वीकृत भएपछि महानिर्देशकले आफ्नै निर्णयबाट यसलाई खारेज गरेको घोषणा गरेका थिए। अपुष्टरूपमा भने अब सेनाले G to G प्रक्रियाबाट यो सामान खरीद गर्ने भनिँदै छ। नैतिकता र कारबाईको कुरा थाती राख्दै अहिलेलाई के मात्र विचार गरौं भने दुर्भाग्यवश वैशाख ५ गतेसम्म नेपाल सामुदायिक सङ्क्रमणको अवस्थामा प्रवेश गऱ्यो भने के हाल उपलब्ध सामग्रीबाट यस रोगको रोकथाम सम्भव होला वा के त्यस बेलासम्म सेनाले आवश्यक सामानको जोहो गर्न सक्ला ? दुवै प्रश्नको उत्तर नकारात्मक नै आउँछ। अहिले नै प्रदेश नं. २ बाट वितरण गरिएको पिपिई गाउन भएको कुरा खुलेको छ । ऱ्यापिड टेस्ट किट गुणस्तरहीन नै छ । कोभिड भिजुअलाइजरबाट क्षणक्षणको तथ्याङ्क उपलब्ध भइरहेको छ, जस अनुसार आइतवार २३ गते बिहान ९:२२ बजेसम्म सम्पूर्ण विश्वमा ८,९०,५९९ सङ्क्रमित रहेकोमा २०.७९ प्रतिशतको दरले ६४,७२५ जनाको मृत्यु भइसकेको र २४६,६३८ जना अर्थात् ७९.२१ प्रतिशत निको भएको तथ्याङ्क देखाईँदै थियो ।

अब नेपालमा १५ प्रतिशत व्यक्ति पनि सङ्क्रमित हुने हो भने यो सङ्ख्या ४ लाख ५० हजार पुग्ने र यसमा ८० प्रतिशत क्वारेन्टाइनमा बसेर ठीक हुने अनुमान गर्दा पनि बाँकी २० प्रतिशतलाई आइसोलेशनमा राख्न करीब ९ लाख शैय्या र यसलाई १४ दिनको चक्रले ब्रेकडाउन गर्दा २ लाख २५ हजार आइसोलेशन शैय्या चाहिने देखिन्छ । अब यस पछाडि आइसियू कति र भेन्टिलेटर एवं आक्सिजन उपकरण कति लाग्छ भेउ पाउन कठिन छ । फेसबूकमा कतै कमसेकम हाल १५० थान रहेकोमा हजारौंको सङ्ख्यामा चाहिने भनेर पढेको थिएँ तर हिसाब निकाल्न हिम्मतले जवाफ दिइसक्यो । यतिविधि आउने कहाँबाट र आइहाले चलाउने कसले ?

लकडाउनबाट धेरै समस्या पनि उत्पन्न भइरहेको छ । उद्योगधन्दा बन्द हुँदैछन् । गरीबको लागि भर्खर सरकारले राहत वितरणको लागि तथ्याङ्क सङ्कलन गर्न उर्दी जारी गरेको छ । १४ दिन बित्न लागेपछि बल्ल घैंटोमा घाम लागेको छ । माघमै तथ्याङ्क सङ्कलन गरी लकडाउन शुरू भएसँगै राहत वितरण शुरू गर्न सकेको भए

सरकारप्रति आमजनताको भरोसा र विश्वास बढ्ने थियो । तर जसरी राहत वितरणमा अव्यवस्था देखिइरहेको छ, त्यसले गर्दा पर्सामैं आपसी झडपमा ८–९ जना घाइते भएका कुरा आएको छ । योक्रम लकडाउनको अवधि बढेसँगै कोरोनाजस्तै बढ्ने सङ्केत हो । यसले कानून व्यवस्था तोड्ने अवस्था आउँदैन भन्न सकिदैन । यसरी सबैतर्फबाट अत्यन्त भयानक एवं डरलाग्दो स्थिति देखा परिरहेको छ । भर्खरै फेसबूकमा इटहरीमा वितरण गरिएको चामलको फोटो देखाइएको छ । शिकायतहरूको अन्तहीन फेहरिस्त छ, निराशालाग्दो एवं डरलाग्दो ।

हाम्रो चरित्रको सूक्ष्म विश्लेषण गर्दा म के पाउँछु भने हामी बढी आत्मकेन्द्रित छौं । त्यसैले लकडाउन भनेजस्तो सफल हुन सकिरहेको छैन । तर यसलाई हामीले अवसरको रूपमा प्रयोग गर्दा परिवार र देशको पनि ठूलो उपकार हुनेछ । २०६२ सालपछि गठन भएको सरकारमध्ये सबैले भ्रष्टाचारलाई नै प्रश्रय दिएकाले राष्ट्रिय स्तरमा देशमा एउटा असन्तोष र निराशा फैलिएको छ । यो सरकारले हाम्रोलागि केही गर्न सक्दैन भन्ने भावनाले हामी सबैले आआफ्नो ढङ्गले सोच्न थालेका छौं तर अन्य सबै काममा अकर्मण्य भएपनि लकडाउन सरकारले सही दिशामा उठाएको कदम हो । त्यसैले आफ्नो लागि यसलाई प्रयोग गरौं । बाँकीको लागि जय पशुपतिनाथ !

२०७७ वैशाख ०३ गते बुधवार

एकान्तवासका केही कुराहरू

बितेका दुई सातादेखि एकान्तवास चल्दैछ । यस दौरान एकान्तवासको पहिलो दिनदेखि वर्ल्ड लिङ्कबाट प्राप्त इन्टरनेट र टेलिभिजन दुवैको सम्पर्क टुट्यो । मरम्मत सेवाका लागि स्थानीय कार्यालयमा सम्पर्क गर्दा फोन उठेन । पछि काठमाडौंमा सम्पर्क गर्दा अर्जेन्ट टिकटसमेत बूक गराउँदा पनि पूरै सप्ताह बितिसक्दा सेवा प्राप्त नभएपछि स्थानीय केबुलसँग सम्पर्क गरी टेलिभिजन सुचारु भएको छ तर नेटबाट भने वञ्चित नै छु । यसैक्रममा वर्ल्ड लिङ्कको गाडी गुडिरहेको देखेर विभिन्न परिचितमार्फत् सोर्स लगाउन खोज्दा वर्ल्ड लिङ्कले कर्पोरेट ग्राहकहरूलाई मात्र प्राथमिकता दिने भएकोले यस्तो भएको हो भन्ने थाहा पाएपछि बल्ल चित्त बुझाएको छु । यस अवधिमा सञ्चारको सहारा एफएम मात्र रह्यो । उहाँहरूले गर्नुभएको परिश्रम अत्यन्त प्रशंसनीय छ । रेडियोबाट प्रसारण भइरहेका केही समाचारहरूले भने मेरो ध्यान आकर्षित गऱ्यो । पहिलो त गरीब र श्रमिकहरूको लागि केन्द्र र प्रदेश सरकारका साथै स्थानीय तहहरूले देखाएको तत्परता सराहनीय त छ नै । तर यस प्रयासमा जसरी वीरगंजमा चामल, दाल, आलु, चाउचाउ र बिस्कुट वितरण गरियो, यस्तो खाद्यवस्तुहरूलाई तौलने, पोको पार्ने अनि वितरण गर्ने झन्झटिलो प्रक्रियाको सट्टा दैनिक मजदूरले पाउने ज्याला मानौं रु ६ सय प्रतिदिनले ७ दिनको गणना गरी ४ हजार दुई सय रुपैयाँ खाममा राखेर दिंदा श्रम र समय दुवैको बचत हुनुका साथै कुनै परिवारलाई औषधि वा बच्चाको दूध खरीद गर्नुपर्ने भए समेत सहुलियत हुने लाग्दछ । तसर्थ परिणामकै रूपमा भएपनि प्रयोग गरी हेर्नु उचित हुनेछ । दोस्रो महत्त्वपूर्ण कुरा वीरगंजकै तरकारी बजार व्यवस्थापनको छ । यसक्रममा हाम्रो पर्साकी प्रउ मैडमको अहोरात्र प्रयासको सराहना नगरी रहन सकिदैन । तथापि राति ९ बजेदेखि बिहानसम्मको लागि तोकिएको आपूर्तिको समय व्यावहारिक भने छैन । तसर्थ यसलाई बिहान ५ देखि १० बजेसम्म तथा १० बजेपछि बेलुकी ३-४ बजेसम्म मीनाबजारसमेत पश्चिम ढोकाबाट ५-५ जनालाई प्रवेश र दक्षिण ढोकाबाट त्यही अनुपातमा बाहिर पठाउने व्यवस्था भएमा आपूर्ति सहज हुने, कृषकले उत्पादनको उचित मूल्य पाउनुका साथसाथै खुद्रा विक्रेताहरूको समेत रोजगारको समस्या हल हुन सक्छ ।

तेस्रो राष्ट्रियस्तरको महत्त्वपूर्ण कुरा के छ भने भारतबाट फर्किने नेपालीहरूले सीमामा भोग्नुपरेको दुर्दशाको छ । के नेपाल सरकारको कोरोना नियन्त्रण गर्ने जिम्मेवार निकायलाई भारत र नेपालमा लकडाउन भएपछि यस्तो अवस्था आउँछ भन्ने अनुमान थिएन । आज नेपालको पश्चिमी सीमानाकाहरूमा जम्मा भएर बसेका नेपालीहरूलाई क्वारेन्टाइनमा राख्ने क्षमता नभएकोले रोक्नुपरेको तर्क के सरकारको लागि हास्यास्पद छैन । विप्रेषणको पैसा पाउँदा हर्षित हुने सरकारले के होश गर्नुपर्दछ

भने नदी तरेर वा पैदल चोरबाटोबाट पनि पस्नेहरू छन्, जसको लगत कसैसँग नहुन सक्छ । यस्तोमा सङ्क्रमित समूह नहोला भन्न सकिदैन । त्यसैले आउँदा दिनहरू थप भयावह हुने सङ्केत गरिरहेकोले सीमामा बसेका नेपालीहरूको लागि युद्धस्तरमा क्वारेन्टानको व्यवस्था गरी नेपाल भित्र्याउनुपर्दछ । यसपछि अर्को पाटो छ, समाचार फलोअपको । केही दिनअगाडि नारायणी अस्पतालमा मृत्यु भएका एकजनाको स्वाब नमूना परीक्षणको लागि टेकु पठाइएकोमा परीक्षणको नतीजा हालसम्म सार्वजनिक भएको छैन भने रेडियो समाचारले केही दिनअगाडि हरिवन नगरपालिकाको इँटाभट्टामा ८-१० दिन अगाडि भारतबाट छिरेका मजदूरहरूमध्ये चारजनालाई एक हप्तादेखि १०४ डिग्री ज्वरो भएकोले आइसोलेशनमा राखिएको तर त्यस पछाडिको फलोअप समाचार कतैबाट सम्प्रेषण नभएकोले प्रायः तराईका इँटाभट्टामा भारतको झारखण्डबाट मजदूरहरू ल्याइने भएकोले सम्पूर्ण इँटाभट्टाका मजदूरलाई क्वारेन्टाइन गर्नुपर्ने अन्यथा समग्र तराई नै कोरोनाको चपेटमा पर्ने सक्ने सम्भावनातर्फ पनि सचेत हुनु जरुरी छ ।

राष्ट्रियस्तरमैं वीरगंज हेपिएको चर्चाहरू चलिरहन्छन् । तर महामारीमा समेत यस्तै व्यवहार देखा पर्नु आश्चर्यलाग्दो भएको छ । नेपाल सरकारलाई प्राप्त कोरोना परीक्षण गर्ने मेशिनहरूमध्ये भएकाबाहेक एउटा स्टयान्डबाइ काठमाडौंमा राख्ने, अन्य प्रदेशहरूको हकमा अस्पतालहरूको नाम नै किटान हुनु तर प्रदेश नं २ को हकमा प्रदेश सरकारमाथि निर्णय थोपर्नु कति न्यायोचित छ ? प्रदेश नं २ को एकमात्र केन्द्रीय अस्पताल नारायणी अस्पताल हो। प्रदेश नं ३ को हकमा काठमाडौंबाहेक हेटौंडा प्रादेशिक अस्पतालले मेशिन पाउने तर वीरगंजको केन्द्रीय अस्पतालको हकमा प्रदेशलाई राजनीतिमा मुछ्नु अत्यन्त निन्दनीय कार्य हो । प्रदेश नं २ मा शुरूदेखि नै स्थानीय तह, प्रशासन, सांसद सबैको सहयोगमा नारायणीले फिवर क्लिनिक सञ्चालन गरी पाँच शैय्याको आइसोलेशनसमेत सुरक्षात्मक उपकरणको वैकल्पिक व्यवस्था गरी सेवा सञ्चालन गर्दै आएकोमा यस प्रकारको राजनीतिले समग्र स्वास्थ्य एवं सुरक्षाकर्मी र आमनागरिकको समेत मनोबल खसाएको छ ।

कोरोनाविरुद्धको हाम्रो तयारीको अवस्था र हाम्रो बानीबेहोरा र जीवनशैलीसमेत विचार गर्दा नेपालमा अब परीक्षण विस्तार हुन थालेपछि भारतजस्तै कोरोनाको सङ्क्रमण बढ्दै गएका सूचनाहरू प्राप्त हुनेछन् भन्ने अपेक्षा गर्नु अमानवीय भएपनि हिसाबकिताबले भने यस्तै सङ्केत गरिरहेको छ । त्यसैले समग्र नेपालीले सरकारको मात्र भर नपरी स्वयम् सुरक्षामा बस्ने बानी गर्नुका साथै लकडाउनको अवधि आठ दिन थप भइसक्दा आफूलाई मानसिकरूपमा दृढ बनाइ बस्नुपर्ने अवस्था आएको छ । हाम्रो तयारी मात्रै होइन, सरकारले पनि यसैअनुरूप तयारी बढाउनु उचित हुनेछ।

२०७६ चैत २६ गते बुधवार

भारतीय बजेट र नेपाली बजारमा प्रभाव

भारतीय महावाणिज्य दूतावासले हालै वीरगंजमा Key aspects of Indian union budget 2020-21; An opportunity for Nepalese Importers/Exporters and Investers शीर्षकमा आयोजना गरेको प्रस्तुतीकरण कार्यक्रममा डा दीपेन्द्र चौधरी र चार्टर्ड एकाउन्टेन्ट मुकेश साहले सविस्तार प्रस्तुतीकरण गर्नुभएको थियो । सङ्क्षेपमा यस प्रस्तुतीकरणबाट विश्वको ५औं ठूलो आर्थिक शक्तिको रूपमा रहेको भारत २०२४ सम्ममा ५ खर्ब डलरको आर्थिक शक्ति बन्ने बाटोमा अगाडि बढ्ने गरी यो बजेट प्रस्तुत भएको बुझिन्छ । वैदेशिक लगानी २०१४-१०१९ सम्म आइपुग्दा १९० अर्ब डलरबाट बढेर २८४ अर्ब हुन पुगेको र वर्तमानको ५ प्रतिशतको आर्थिक वृदिदर २०२०-२१ मा ६-६.५ प्रतिशत पुग्ने अपेक्षा राखिएको छ । तर यस प्रस्तुतीकरणको रोचक पक्ष मेरोलागि भने Opportunity for Nepalese Importers/exporters and Investers रहेकोमा त्यस शीर्षकमा प्रस्तोताले

1. Good opportunity for Nepalese students through : Study in India Scheme
2. Export of Soya Fiber, Palm Oil, Footwear, Cigarettes, Agro based Animal Product would decrease due to increase in custom duty &
3. Insurance Sector would be effected through LIC De-Investment भनेर आफ्नो भनाइ राख्नुभएको थियो । यसमा आफ्नो टिप्पणी गर्दै भारतीय वाणिज्यदूत कोट्रास्वामीले नेपाल र भारतबीच व्यापार सहजीकरणका लागि कार्यान्वयनमा रहेको सन्धिको धारा ४ अनुसार दुवैले एकअर्काको प्राथमिक उत्पादनको व्यापारमा पारस्परिक आधारमा सहुलियत दिने उल्लेख भएकोले यस्तो सहमति भएको वस्तुमा आधारभूत भन्सार महसूल र परिमाणात्मक प्रतिबन्ध नलगाउने व्यवस्था सन्धिले गरेको भनाइ राख्नुभएको थियो । तर तपाईंहरूको यो बजेट नेपालको लागि अवसरभन्दा चुनौती बढी हो भन्न सकिन्छ ? भन्ने मेरो प्रश्नमा वाणिज्यदूत महोदयले कृषि क्षेत्रमा सरकारले कायम गरेको अनुदान र उत्पादकत्वमा वृद्धिबाट भारतमा कृषिजन्य वस्तुको उत्पादन सस्तिने भई नेपालको कृषिजन्य उत्पादनको लागि त्यो चुनौती हुन सक्दैन भन्नु ढाट्नु सरह हुने भएकोले नेपालले आफ्नो कृषि क्षेत्रमा देखा परेको यो चुनौतीलाई सकारात्मकरूपमा लिई क्रान्तिकारी परिवर्तन ल्याउन सक्नुपर्दछ भन्नुभयो । उहाँकै यस भनाइबाट नेपालको कृषि क्षेत्रमा भारतको बजेटले नकारात्मक असर पर्ने प्रस्ट देखिन्छ । त्यसमाथि नेपालको कृषि क्षेत्रको लागि छुट्याइएको बजेट जसरी दुरुपयोग भएको छ र चुरे दोहनका कारण तराईको उर्वरा भूमिमा बढ्दो सिंचाइ सङ्कट एवं मलखादको मूल्य र अनुपलब्धताले हाम्रो चुनौतीलाई थप बढाउने निश्चित छ ।

अब उद्योग र व्यापार क्षेत्रको कुरा गर्दा निर्यातकर्तालाई यस बजेट केन्द्रीय, राज्य र स्थानीय स्तरमा लगाइएका सबै करहरू डिजिटल माध्यमबाट फिर्ता हुने व्यवस्था गरेको छ । त्यसैगरी, निर्भीक योजना अन्तर्गत निर्यातकहरूलाई बीमा सुरक्षा प्रदान गर्नुका साथै साना निर्यातकहरूको प्रिमियमको दरसमेत घटाइएको छ । वित्तीय बजारतर्फ भारतसँग हाल विदेशी मुद्राको सञ्चिति ४५७.५ अर्ब डलर रहेको छ भने पूँजीगत खर्च २१ प्रतिशतले बढेको र मार्च २०१४ मा ५२.२ प्रतिशत रहेको केन्द्रको ऋण भार मार्च २०१९ मा घटेर ४५.७ प्रतिशतमा आएकोले भारत सरकारले कर्पोरेट करको दर विश्वमैं सबैभन्दा सस्तो पारेको छ । १४.८ मिलियन अमेरिकी डलरसम्म टर्नओभर भएका नयाँ प्रतिष्ठानहरूले तीन वर्षसम्म निरन्तर करमा सय प्रतिशत छुट पाउने Dividend Distribution Tax खारेज गरेको छ । वैदेशिक लगानी आकर्षित गर्न मार्च २०२४ सम्ममा प्राथमिकता प्राप्त एवं पूर्वाधार आयोजनामा हुने लगानीको लागि ब्याज, लाभांश तथा पूँजीगत लाभमा शतप्रतिशत कर छुट दिनुका साथै हवाई उडान, मिडिया तथा बीमा क्षेत्रमा सय प्रतिशत वैदेशिक लगानी खुला गर्ने घोषणा गरेको छ । भारत सरकारको यस्तै खुला नीतिका कारण २०१९–२० मा भारतमा वैदेशिक लगानी २४.४ अर्ब अमेरिकी डलर पुगेको छ । भारत र चीनलाई २१औं शताब्दीको बजार भनेर पूरै विश्वले स्वीकार गरिसकेकै छ । यस अवस्थामा नेपालमा कति वैदेशिक लगानी भित्रिन्छ भन्दा पनि नेपालबाट भारतमा कति लगानी जाने सम्भावना छ, त्यसतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ । करैं करको भारले थिचिएको औद्योगिक, व्यापारी समूह अवसरको खोजीमा भारततर्फ नजाऊन् भनेर कदम चाल्नुपर्ने बेला हामीले घटाउन त कता हो कता उठेकै करको सदुपयोगसमेत गर्न सकेका छैनौं । भारतले आफ्नो बजेटमा आफ्नो राष्ट्रहित सोच्नु अत्यन्त स्वाभाविक हो तर त्यसबाट हामीमा पर्ने दुष्प्रभावबारे हामीले सोच्न नसक्नु हाम्रो दुर्भाग्य हुन्छ । त्यस कारणले दोष भारतलाई होइन हामीलाई नै लाग्नुपर्छ । तर हाम्रा वर्तमान अर्थमन्त्रीले नेपाल राष्ट्र बैंकद्वारा आयोजित International Conference on Economics & Finance लाई सम्बोधन गर्दै आव २०१९–२० को आर्थिक सूचकाङ्कहरू आर्थिक वृद्धिदर बढाउने गरी सकारात्मक छन् । हाम्रा कार्यक्रमहरू गरीबी निवारण तथा एसडिजी केन्द्रित रहेकाले दुई अङ्कको आर्थिक वृदिदर हासिल हुने कुरामा विश्वस्त रहन सबैलाई आग्रहसमेत गर्नुभयो । त्यसै अवसरमा बोल्दै आयोजक संस्था नेपाल राष्ट्र बैंकका गभर्नरले भने चीनमा कोरोना भाइरस सङ्क्रमणले चीनसँगको व्यापार र पर्यटनमाथिको नकारात्मक असरका कारण सम्भव नहुने मनसाय व्यक्त गर्नुभयो भने योजना आयोगका पूर्वअध्यक्ष स्वर्णिम वाग्लेले तीव्र आर्थिक वृद्धिदर हासिल गर्ने पूर्वाधार निर्माण नै नभएकोले हासिल हुन सक्ने अवस्था देखिदैन । त्यसै कार्यक्रममा अन्तर्राष्ट्रिय मुद्राकोषका प्रतिनिधि Luis E. Breuer ले वर्तमान अवस्थामा नेपालले उच्च आर्थिक वृदिदर हासिल गर्न सम्भव नभएको उल्लेख गर्नुभयो ।

नेपालको ८० प्रतिशत व्यापार आज पनि भारतसँग छ । 'आफ्नो छिमेकी पहिला' नीतिविपरीत भारत कहिले अदुवा, अलैंची त कहिले चिया जस्ता कृषिजन्य वस्तुको निर्यातमा अवरोध सिर्जना गर्दछ भने आफ्नो अक्षमताका कारण हामी ३६ अर्बको चामल पनि आयात गर्दैछौं । भारतको वर्तमान कृषि नीति अनुसार सरकारले उपलब्ध गराउने अनुदानलगायतका अन्य सहुलियतका कारण कृषि उत्पादन सस्तो हुने भई नेपाली कृषकलाई मर्का पर्ने त छँदैछ भारतले छिमेकी पहिलाको मर्मविपरीत प्याजको निर्यात बन्द गर्नुलाई कतिसम्म उचित मान्न सकिन्छ ? हुनत वैधानिक बाटोबाट नभएर अवैधानिक बाटोबाट आएको भारतीय प्याज आजसम्म हामी सबैले खाँदै आएका नै छौं । हुनत यस्तो अचम्मको व्यवहार भारतीय पक्षबाट मात्रै होइन नेपाली पक्षबाट समेत हुने गरेको छ । उदाहरणको लागि भारतको रक्सौलमा भारु ३० (नेरु ४८) प्रतिकिलोमा उपलब्ध लसुनको नेपाली भन्सार रु ७५ प्रतिकिलो रहेको छ । यस आधारमा नेपालमा लसुन औसत रु १५० प्रतिकिलोसम्ममा बिक्री हुनुलाई न्यायोचित नै मान्न सकिन्छ । तर के नेपाल सरकारलाई यो बोध छ कि एक हजार किलोमिटर लामो दक्षिणी सीमामा पहाडका केही क्षेत्रबाहेक करीब-करीब नेपालको आधा जनसङ्ख्या भारतीय बजारको पहुँचमा छ र उसले सीमावर्ती बजारबाट नेरु ४८ वा ५० प्रतिकिलोमा नै लसुन किनेर ल्याउन सक्छ । यस्तो अदूरदर्शितापूर्ण अव्यावहारिक नीतिका कारणले नै होला अब पोके तस्करहरूको डेलिगेशन जाने परिपाटी पनि शुरू भएको छ भने राष्ट्रियस्तरमैं देशमा प्रचलनमा रहेका नोटहरूको ६० प्रतिशत वैध कारोबार र बाँकी ४० प्रतिशत अवैध कारोबारमा रहेको समाचार छापाहरूमा पढ्न पाइएको छ । सरकारी स्रोतले यसको पुष्टि नगरेपनि स्वतन्त्र अर्थविद्हरू भने यससँग सहमत छन् । अन्त्यमा अब चार महीना मात्र बाँकी छ असार आउन, त्यसबेलाको अर्थमन्त्रीको बजेट र उपलब्धिले यो विवादको पक्कै समाधान गर्नेछ । तर असारे बजेट खर्च गरेर प्रदान गरिएको जीवन्तता वा आर्थिक वृद्धिले देश र जनता कसैलाई फाइदा नगर्ने भएकोले यो वास्तविकतामा आधारित हुनुपर्नेछ र त्यस्तो हुन्छ भने हाम्रा अर्थमन्त्रीज्यू धन्यवादका पात्र हुन् भन्नै पर्छ तथा उनको बुद्धि र विवेकको खुलेर प्रशंसा गर्नै पर्नेछ ।

२०७६ चैत १९ गते बुधवार

समाचार बन्न नसकेको समाचार

नेपाली काङ्ग्रेस, पर्सा क्षेत्र नं. ३ को आयोजनामा शनिवार फागुन १७ गते आयोजित 'वर्तमान राजनीतिक परिवेशमा नेपाली काङ्ग्रेसको चुनौती र समाधान' विषयक अगुवा कार्यकर्ताहरूको छलफल भेला आयोजना भएको थियो । कार्यक्रमको निम्तो प्राप्त गरेपछि आयोजकको नामबाट नै मनमा चिसो पसिसकेको थियो । तथापि कार्यक्रमस्थलमा पुगदा त्यहाँ जिल्ला सभापतिलगायत देउवा गुट भनेर आफूलाई चिनाउने समूह पूरै अनुपस्थित रहेको देख्दा मन झन् खल्लो हुन पुगेको थियो । प्रेस दीर्घा खाली नै थियो । पत्रकार बन्धुहरू अन्य दीर्घामा बसेर हो वा निमन्त्रण नपाएर हो भन्न सकिन्न तर आइतवारका धेरै स्थानीय पत्रिकामध्ये प्रतीकमा बहिष्कार र जनभन्डाफोरमा प्रमुख अतिथिलगायतका मन्तव्यहरू छापिएको पाएपछि आफूलाई मनपर्ने पार्टीको हविगत र हैसियत आकलन गरी तनावमा परेको छु ।

नेपाली काङ्ग्रेस प्रजातान्त्रिक दल हो । यसभित्र नेतृत्वको आकाङ्क्षी सबै आफूलाई योग्य ठान्नेहरू पार्टीको प्रत्येक पदको दावा गर्ने अधिकारी हुन्छन् । विश्वका सबैजसो प्रजातान्त्रिक देशको राजनीतिक दलमा गुटहरू छन् तर यस्ता गुट आन्तरिक निर्वाचनमा आआफ्नो उम्मेदवार खडा गर्छन्, दलभित्र र दल सरकारमा आएपछि गर्ने कार्यक्रमहरूको बारेमा कार्यकर्तालाई सुझाइ भोट मागने गर्दछन् । तर नेपाली काङ्ग्रेसमा भने अचम्मको राजनीतिक प्रणाली देखिँदैछ र त्यो हो बहिष्कारको । प्रतीक दैनिकमा प्रकाशित समाचारमा एकजना नेताको भनाइ उद्धृत गर्दै पहिलेदेखि छलफल र सहमति नगरी अचानक कार्यक्रम राखिएकोले एक गुटले कार्यक्रममा नजाने घोषणा गरेको हो भनिएको छ भने नवीन सिंहले पार्टीको कार्यक्रम नभएकोले एक समूह नगएको भनाइ छापिएको छ ।

कार्यक्रममा सहभागी सबै फेरि काङ्ग्रेसकै कार्यकर्ता हुन् भन्ने कुरामा विवाद हुन सक्दैन । तसर्थ पार्टीको कार्यक्रम कसरी आयोजना हुन्छ ? त्यस विधिबारे संसदीय अभ्यास प्रणाली अनुसार विचार गर्दा पार्टीको संस्थापन पक्षबाहेक अन्य कुनै गुट वा समूहले संस्थापन पक्षको पक्ष, विपक्ष वा अन्य कुनै विषयमा कार्यक्रम राख्न खोज्यो भने उसले पार्टी कार्यालयमा त्यससम्बन्धी विवरण जानकारीस्वरूप गराउनुपर्दछ र पार्टी कार्यालयले यस्तो नियम वा व्यवस्था नभएको खण्डमा केन्द्रीय समितिलाई जानकारी गराइ वा नियममा व्यवस्था छ भने सम्बन्धित ठाउँको जिल्ला कार्यसमितिलाई कार्यक्रम आयोजना गर्ने जिम्मेवारी सुम्पिने गरिएको पाइन्छ । तर यस कार्यक्रममा क्षेत्र नं. ३ आयोजक कसरी बन्यो । जिल्लाले क्षेत्र नं. ३ लाई तोक्नु बेग्लै कुरा हो तर जिल्लाको निर्देशन नभई यस्तो कार्यक्रम आयोजना गर्नु र गराउनु दुवै अनुशासनहीनता हो । तर यसको अर्को पक्ष के छ भने संस्थापन इतर समूहले वैधानिकरूपले केन्द्रमार्फत्

जिल्लालाई जानकारी गराउँदा गराउँदै जिल्लाले बहिष्कार गरेको हो भने यो जिल्लाको चरम अनुशासनहीनता हुन आउँछ । एउटा पक्ष अनुपस्थित भएको र त्यस पक्षबाट कुनै प्रेस वक्तव्यसमेत नआएकोले संशय कायमै छ । तर हामी जस्ता शुभेच्छुक कार्यकर्ताको लागि भने बन्चरोले फर्सी काट्नु र फर्सी बन्चरोमाथि खस्नु दुवै अवस्थामा घाइते फर्सी नै हुने जस्तो अवस्था आइपरेको नेताजीहरूलाई अवगत हुनुपर्दछ ।

वीरगंजको कार्यक्रममा स्वागत मन्तव्य दिँदै पूर्वसांसद रामेश्वर रौनियारले पनि काङ्ग्रेस कार्यकर्ता एवं आमनेपालीले काङ्ग्रेस एक र बलियो भएर हिंडेको देख्न चाहेको मन्तव्य राख्नुभएको थियो । सोही कार्यक्रममा डा रामशरण महतले सभापतित्व गर्नुभएको विभागको गठन नेकाको महाधिवेशनको मिति तय भएपछि गरिएकोले आचारसंहिताविपरीत भएको बताउनुभएको थियो भने वरिष्ठ नेता अर्जुननरसिंह केसीले नेकाको संसद्भित्रको भूमिकाबारे प्रश्न उठाउनुभएको थियो । कार्यक्रमका प्रमुख अतिथि एवं वरिष्ठ नेता रामचन्द्र पौडेलले भने अन्यायमा परेका काङ्ग्रेसीहरूलाई न्याय दिन पछि नपर्ने भन्नुहुँदै यो भेला ऐतिहासिक हुने दाबी गर्नुभयो । सबै वक्ताहरूको मन्तव्यबाट अगुवा भेलामा बहिष्कारको राजनीति कसरी प्रवेश गऱ्यो र संस्थापन इतर पक्षले महाधिवेशनमा सफलता प्राप्त गरे पार्टीलाई एक सूत्रमा बाँध्ने कार्यक्रमबारे केही प्रकाश पार्नुभएन । अर्कोतर्फ छापामा आएका समाचारहरूबाट के स्पष्ट छ भने पौडेल पक्षले नाम नदिए पनि देउवा पक्षले एकलौटी ढङ्गबाट विभागहरू गठन गरेको छ । इतरपक्षको भनाइ अनुसार यो आचारसंहिताविपरीत छ । यस घटनाबाट के बुझ्न सकिन्छ भने दुवै पक्ष आआफ्नो वर्चस्व स्थापित गर्न पार्टी एकतालाई तिलाञ्जलि दिँदै कुनैपनि हदसम्म जान तयार छन् । यस अवस्थामा महाधिवेशन त पक्कै हुनेछ र कुनै एउटा पक्षले जीत हासिल गर्नेछ तर पार्टीभित्र एकता र अनुशासन स्थापित हुन सक्नेछैन जसको फलस्वरूप अर्को निर्वाचनमा जीतको लागि मैदान तयार भएर पनि अहिले अर्धचेतमा रहेको काङ्ग्रेस त्यतिबेला अचेत अवस्थामा पुगिसकेको हुनेछ ।

इतिहासलाई स्मरण गर्दा २००७ सालको क्रान्ति, २०३६ सालको जनमत सङ्ग्रह, २०४६ सालको जनआन्दोलनको नेतृत्व गरेर नेकाले स्थापित गरेको प्रजातन्त्र २०६२ सालदेखि माओवादी जनयुद्धका कारण खतरामा परेर राजा ज्ञानेन्द्रको 'कु'समेत झेलेर आफ्नै नेतृत्वमा माओवादीसँग १२ बुँदे शान्ति सम्झौता सम्पन्न गराएर सबै नेपालीलाई सन्तोषको साँस फेर्दै मलिनोबाट हँसिलो अनुहार बनाउन सफल नेपाली काङ्ग्रेसको बौद्धिक र राजनीतिक स्तर कति स्खलित भएको छ, वस्तुतः यो अहिले भेन्टिलेटरमा छ ।

रामचन्द्र पौडेल नेकाका थिङ्क टयाङ्कमा गनिने व्यक्तित्व हुनुहुन्छ भने शेरबहादुर देउवाको प्रजातन्त्रप्रतिको समर्पणलाई कसैले नकार्न सक्दैन । यस्तो दुई विराट व्यक्तित्वको टकरावलाई सम्हाल्न सक्ने क्षमता नेपाली काङ्ग्रेसको कार्यकर्ताबाहेक कसैसँग छैन । त्यसैले महाधिवेशनको पूर्वसन्ध्यामा यो उठापटकको राजनीतिबाट कसरी निकास दिन

सकिन्छ भन्नेबारे सबै कार्यकर्ताले आत्मचिन्तन र गम्भीर आत्मचिन्तन गर्नुपर्ने बेला आएको छ। यसमा हामी चुक्यौं भने वीर गणेशमानजीले राजा वीरेन्द्रलाई सुनाउनुभएको 'राँड लागे चिच्याउन, बाघ लाग्यो घिच्याउन' चरितार्थ हुनेछ । तर त्यस बेला नेकपाको नेतृत्वमा नेपालमा अधिनायकवाद स्थापित भइसकेको हुनेछ र आम कार्यकर्ता फेरि एकपटक देश विकासको सट्टा प्रजातन्त्र तेस्रोपटक पुनर्स्थापनाको आन्दोलनमा होमिनुपर्ने अवस्था आउन सक्छ। के यही नेपाली काङ्ग्रेसको नियति हो, प्रारब्ध हो ? होइन भने अब गुट, उपगुट छाडेर युवा पुस्ताले आफैंले नेतृत्व नसम्हाले यो भवितव्यलाई घट्नबाट रोक्न सकिदैन । किमार्थ सकिदैन !! त्यसैले आगामी महाधिवेशनमा गुट, उपगुटमा नलागी सबैले युवा पुस्ताको सर्वाधिक सक्षम नेतृत्व दिने उम्मेदवारको हातमा काङ्ग्रेसको भविष्य सुम्पिनु नै उपयुक्त हुनेछ।

२०७६ चैत ११ गते मंगलवार

कोरोना : भ्रम र यथार्थ

वीरगंजमा फागुन २५ गते न्युज २४ टेलिभिजनले 'कोरोना भाइरस: भ्रम र यथार्थ' शीर्षकमा एउटा सूचना प्रवाह गर्ने उद्देश्यले संवाद कार्यक्रम आयोजना गरेको थियो । उक्त संवाद कार्यक्रममा सुरक्षात्मक उपायबारे प्रकाश पार्दै वयोधा अस्पतालका चिकित्सक डा अभिषेक सिंहले यस भाइरसको कारणले पाकाहरूको मृत्यु बढी भएको र त्यसमा पनि १३ प्रतिशत मधुमेहका रोगी र १८ प्रतिशत उच्च रक्तचापका रोगी भएकाले बचाव नै सर्वोत्तम विकल्प हुने र त्यसका लागि स्वच्छता र त्यसमा पनि पटकपटक हात धुने र अल्कोहलमिश्रित सेनिटाइजरको प्रयोग गर्ने सल्लाह दिनुभयो । अन्य वक्ताहरूले सेनिटाइजर र मास्कको कालाबजारी, मूल्यबारे सरकारी अनुगमनको माग गर्नुभयो भने उद्यमी गणेश लाठले सामान्य परिमाणमा आयात भइरहेका वस्तुको अचानक माग बढी हुन गएकाले यस्तो अवस्था आएको विचार राख्नुभएको थियो । यसै कार्यक्रममा वीरेन्द्र साहले चौथो अङ्गले डरलाग्दो गरी समाचार सम्प्रेषण गरेर मानसिक आतङ्क सिर्जना गरेको मन्तव्य राख्नुभएको थियो भने वरिष्ठ पत्रकार जगदीशप्रसाद शर्माले पत्रकार वा पत्रिकाले जे हो त्यो नै पस्केको र वास्तविकता नै भयावह भएकोले डरलाग्दो भएको हुन सक्ने तथ्य औंल्याउनुभएको थियो । यसै कार्यक्रममा नगरप्रमुख विजयकुमार सरावगीले यस रोगको उपचारको लागि नेशनल मेडिकल कलेजमा ५०, नारायणीमा ५ र अन्यमा ४ गरी ५९ शैय्या तयारी अवस्थामा रहेको जानकारी दिनुभएको थियो ।

पर्साका प्रजिअले भने खुला सिमानाका कारण सरकारको प्रयासले मात्रै यसको नियन्त्रण सम्भव नभएकोले जनचेतना र स्वयंको सुरक्षा नै यसको सर्वोत्तम उपाय हो भन्नुभएको सन्दर्भमा भारतले नेपालसँगको खुला सिमानालाई व्यवस्थापन गर्न १५ मार्चदेखि मुख्य नाकाबाहेक अन्य नाकाहरू बन्द गरेर सरकारीस्तरमा पनि प्रयास गरेमा रोकथाम गर्न सम्भव छ भनेर बुझाइ दिएको छ ।

कार्यक्रममा धेरै विद्वान्हरूले बोल्नुपर्ने र कार्यक्रम ढिलो शुरू भएकोले समय काम भएकोले आयोजकले नै बोल्ने मौका दिएको कारणले मलाई लागेका केही कुरा त्यहाँ राख्न नसकेकोले यहाँ सार्वजनिक गर्दैछु ।

१. भाइरस Ribonucleic acid (RNA) नामक प्रोटिनबाट बनेको हुन्छ ।

२. सामान्य तापक्रममा यो जिउँदो वा मर्दो भन्ने हुँदैन । निर्जीवको सम्पर्कमा यो निस्क्रिय हुन्छ भने जीवितको सम्पर्कमा भयो भने तुरुन्तै सक्रिय भइहाल्छ ।

३. प्रोटिन भएकोले ४० डिग्री सेल्सियसबाट यसको Denaturation शुरू हुन्छ र बढ्दो तापक्रमसँगै यसको मृत्यु हुन्छ ।

४. पटकपटक हात धुनाले सुरक्षा अवश्य प्रदान गर्दछ तर पानीको शुद्धता पनि आवश्यक हुन्छ ।

५. गरीब परिवार जसले चापाकलको पानी प्रयोग गर्दछ, उसको पानीको शुद्धतामा चिन्ता लिनुपर्ने हुँदैन ।

६. संस्थान र टचाङ्कीको पानीका प्रयोगकर्ताको लागि पनि यस्तो गर्न सकिन्छ:

(क) खानेपानी योजनाहरूले डब्लुएचओको सिफारिश अनुसार महामारीको समयमा प्रयोग हुने पानीमा क्लोरिनको मात्रा २००–२५० मिलिग्राम १ लिटरमा राख्ने । यसबाट लामखुट्टेको प्रकोप नियन्त्रणमा समेत मदत पुग्दछ ।

(ख) भूमिगत टचाङ्कीमा जल राखेर प्रयोग गर्ने उपभोक्ताहरूको लागि:

१) एउटा सानो माटोको भाडामा ब्लिचिङ पाउडर र बालुवा बराबर मात्रामा मिसाएर मुख प्लास्टिकले बाँधेर बन्द गर्ने ।

२) यसलाई यो अटाउने ठूलो माटोको भाडामा राख्ने र त्यसको पनि मुख प्लास्टिकले बन्द गर्ने ।

३) अब यसलाई डोरीको सहायताले पानीको टचाङ्कीमा झुन्डयाउने ।

करीब ५० ग्राम ब्लिचिङ पाउडर १५ दिनको लागि पर्याप्त हुन्छ ।

अन्त्यमा जानकारी र अर्थको अभावले गाउँका जनताले सेनिटाइजर त प्रयोग गर्न सक्दैनन् तर हात धुन पनि कीटाणुनाशक साबुनको सट्टा प्राय: लुगाधुने साबुन डिटरजेन्ट प्रयोग गर्दछन्। त्यसैले स्थानीय सरकारले एफएमबाट समेत यसको प्रचारप्रसार प्रभावकारी र स्थानीय भाषामा गराउनुपर्छ भन्ने मेरो सुझाव हो ।

अमेरिकामा गरिएको एक अनुसन्धानबाट के देखिएको छ भने साबुन लगाएपछि हात दलेर धुँदा ७० प्रतिशतसम्म स्वच्छता प्राप्त हुन्छ । तसर्थ साबुनले हात धुँदा नदलेर हात पानीमुनि राखेर मात्र सफा गर्ने बानी छ भने यसमा समेत परिवर्तन आवश्यक छ।

२०७६ चैत ०५ गते बुधवार

प्रमको जन्मदिन विवाद ?

गत महीना अध्यक्षद्वय ओली र प्रचण्डको हस्ताक्षरबाट ११ बुँदे आचारसंहिता जारी भएको थियो । आचारसंहिता अनुसार परिवारका सदस्य र अरूसँग बोलिने भाषा मर्यादित, सरल र मिठासपूर्ण हुनुपर्ने र कसैलाई पनि हेला–होचो, एकारान्त तथा 'तँ' भन्न पूर्णरूपले बन्द गर्नुपर्छ । छोरीछोराको विवाह सरल मितव्ययी बनाउनुपर्छ । जन्मदिन, व्रतबन्ध, पास्नीजस्ता परम्परागत संस्कार घर परिवारमा मात्र सीमित गर्नुपर्छ । यो आचारसंहिता जारी गरेको महीना दिनभित्रै प्रम ओलीले आफ्नो जन्मदिन १५ किलोको नेपालको नक्शाङ्कित केक काटेर ६ सय मान्छेलाई भोज खुवाउँदै सार्वजनिक बिदासमेत दिएर मनाएकोमा विभिन्न पत्रपत्रिकामा प्रकाशित टीकाटिप्पणी र सामाजिक सञ्जालसमेतमा यसको अनुमानित खर्च करीब रु १.५ करोड आँक्दै यसको विरोध भइरहेको छ । कुनै व्यक्तिले जन्मदिन मनाउनु उसको नितान्त व्यक्तिगत अधिकार हो । तर सार्वजनिक पदको अत्यन्तै उच्च आसनमा बसेर मनाइएको यो जन्मदिनको किन विरोध ?

राणा शासनको विरोध, उनीहरूका नातागोता, कृपापात्र र कर्मचारीहरू सुखी सम्पन्न हुने, जे गरेपनि हुने तर त्यो सब खर्च जुटाउन आम जनताले कर तिर्नुपरेको कारणबाट बढ्दै गएको वितृष्णाको फलस्वरूप उब्जेको थियो । फलतः २००७ सालमा प्रजातान्त्रिक आन्दोलन भयो र छोटो समय (१० वर्ष) को अभ्यास पुग्न नपाउँदै राजा महेन्द्रले प्रजातान्त्रिक शासन समाप्त गरेर पञ्चायती व्यवस्था ल्याए । प्रजातान्त्रिक व्यवस्थालाई राजा महेन्द्रले मन नपराउनुका पछाडिको कारणमा आफ्नो हातमा अधिकार केन्द्रित गर्नु थियो । यसलाई शक्ति र सम्पन्नताको लिप्सा भन्न सकिन्छ । किनभने ३० वर्षे पञ्चायती शासनमा समेत मुट्ठीभर व्यक्तिहरूकै हालीमुहाली भयो । पञ्चायती व्यवस्थालाई निर्विकल्प र देशको हावापानी सुहाउँदो व्यवस्था भन्दै जति लूट मचाएपनि, भ्रष्टाचार गरेपनि कुनै कानूनले छुने अवस्था थिएन । राजा महेन्द्रको 'गाउँ फर्क' र राजा वीरेन्द्रको 'विकासको मूल फुटाउने' नारा त्यस व्यवस्थाका सेवकहरूको मूल फुटाउने संयन्त्रमा परिवर्तित यस व्यवस्थाबाट जनता सन्तुष्ट नभएकोले २०४६ सालमा नेपाली कांग्रेसको अगुवाईमा कार्यगत एकता गर्दै वामपन्थीहरू समेतले आन्दोलन गरे । यसपश्चात् नेपालमा पुनः बहुदलीय प्रजातन्त्रको उदय भयो । देशमा पुनः प्रजातन्त्र आएको केही वर्ष आम नेपाली जनताले केही राहत पाए पनि २०४९ सालदेखि शुरू भएको अस्थिरता २०५२ को माओवादी जनयुद्ध हुँदै २०५८ मा राजा ज्ञानेन्द्रको 'कू'मा परिणत भएर अस्थिरताको भुमरीमा नै रह्यो । २०६२–०६३ को जनान्दोलनको क्रममा नेपालमा राजसंस्थाको अन्त्य नभई सही अर्थमा प्रजातन्त्र आउन सक्दैन भन्ने आम बुझाइ स्थापित हुँदै गएकोले गणतन्त्र स्थापना भयो । आज हामी गणतान्त्रिक

नेपालमा छौं । हाम्रो गणतान्त्रिक अभ्यासको १४–१५ वर्ष पूरा हुन लागेको छ । तर जनताको असन्तोष शमन हुनुको सट्टा झन्झन् बढ्दै गइरहेको छ । किनभने हामीकहाँ व्यवस्था र संविधान पटक–पटक परिवर्तन भएपनि मानसिकतामा राजावादी शक्ति र सामर्थ्यको लिप्सा हावी नै छ, यसमा कुनै परिवर्तन भएको छैन । यस गणतान्त्रिक व्यवस्थामा आज पनि नेतृत्व तहमा बसेकाहरूलाई कानून लागेको र कारबाईको दायरामा ल्याएको एउटै दृष्टान्त भेटिदैन । भ्रष्टाचार, यौन दुराचार, कमिशनको खेलका समाचारहरू छापा वा रेडियो, टेलिभिजनको लागि पाठक र श्रोता बढाउने माध्यममा सीमित हुन पुगेको छ।

अपार प्राकृतिक सम्पदा भएको यस देशमा बितेका तीसवटा प्रजातान्त्रिक वर्षहरूमा जलस्रोत र जडीबुटीहरूको मात्रै उत्पादन र व्यवस्थापन गर्न सकेको भए देशले ठूलो फडको मारिसक्ने थियो तर 'स्मल इज ब्युटिफुल'को वकालत गर्ने पक्षधरहरू कहिले मन पराइएनन् । हाम्रा नेताहरू सबै मेगा प्रोजेक्टको खोजीमा लागे । ठूलो योजना ल्याउने, ठूलो कमिशन खाने । उनीहरूले कमिशन खाए, अग्ला भवनहरू पनि बनाए र विलासिताको जीवन पनि बिताउँदैछन् तर राष्ट्रिय गौरवका आयोजना कहलिएका ती मेगा प्रोजेक्टहरूको प्रगतिको अवस्था के छ भने कार्यान्वयन राम्रो हुन नसकेर त्यस्ता योजनाहरूको लागत बढेर अब योजना कार्यान्वयन भएर सम्पन्न भएपनि अपेक्षित प्रतिफल दिने अवस्थामा छैनन्। नेताहरूको यो विकास र आफ्नो क्षमता अनुकूलको उन्नतिको अवसर नदेखेर राजनीति मन पराउनेहरू चाकडीबाज भए भने श्रम गर्ने इमानदारहरू विदेशिए। वार्षिक ७ सय जीवन उत्सर्ग गरेर लाशको रूपमा फर्कने गरेका लाखौं युवाहरूकै रेमिटयान्सको भरमा आज यो देश चलेको छ भने नेताहरूको योगदान के भनेर प्रश्न उठाउने ठाउँ खडा हुन्छ नैं । त्यसैले आज जनता सोच्न थालेको छ परिवर्तनको लागि बलिदान कसको लागि ? सबै जनताको लागि वा राजनीतिलाई उद्योग बनाउने केही व्यक्तिका लागि ।

पुराना सबै कुरा छाडेर यस वर्षको राजनैतिक घटनाक्रम मात्रै हेर्दा पनि सरकारले जनताको ध्यान राख्न नसकेको स्पष्ट छ । मुद्रास्फीति १० प्रतिशत पुगिसकेको छ भने पूँजीगत शीर्षकको खर्च १९ प्रतिशत माथि जान नसकी पैसा सबै ढुकुटीमा थन्किएको छ, तर सरकार वामदेव गौतमलाई राष्ट्रियसभामा लैजान संविधान संशोधनको तयारीमा थियो । यो प्रयास आजको अवस्थामा ब्याक फायर भएको छ । दोस्रो, सरकार राष्ट्रपतिको सङ्कटकालीन अधिकार थप्ने कसरतमा लागेको छ । सेरेमोनियल राष्ट्रपतिलाई कति शक्तिशाली बनाउने ? भोलि राष्ट्रपति पदलाई नैं कार्यकारी बनाउने खेल–मैदान तयार गर्न पो थालिएको हो कि ? तेस्रो र चौथो मुद्दा हो प्रदेशको जनसङ्ख्याको आधारमा राष्ट्रियसभाको सदस्य सङ्ख्या बढाउने र नागरिकतासम्बन्धी प्रावधानमा अङ्गीकृतसमेत राष्ट्रपतिसम्मको पदमा मनोनीत वा निर्वाचित हुन सक्ने व्यवस्थाको लोभ देखाई राजपाको समर्थन हासिल गरी दुईतिहाई सङ्ख्या पुऱ्याई आफू

अनुकूल संशोधन पास गराउने । मधेसमा समेत आफ्नो लोकप्रियता बढाउन कम्युनिस्टहरूको मूलमन्त्र 'धर्म अफिम हो' भन्ने मान्यताको तिरस्कार गर्दै प्रचण्ड अब मधेसमा मध्य परिक्रमाको डोलासमेत उठाउन थालेका छन् । किनभने उनले मधेसको लागि माथि उल्लिखित दुई संशोधन गराउन प्रम ओलीलाई राजी गराइसकेका छन् । के तपाईंलाई लाग्छ यो सब गरेर जनता सन्तुष्ट हुनेछ ? देशमा बहुआयामिक गरीबी ४२ प्रतिशत छ र प्रदेश २ मा त झन् ४९ प्रतिशत । कर्णालीमा कति होला ? यसको निराकरण नगरेर आआफ्नो राजनैतिक अभीष्ट पूरा गर्न संविधान संशोधन गराउन क्रियाशील हुने तर कालापानीको लागि तैं चुप मैं चुपको रणनीति अख्तियार गर्ने प्रणालीले जनताको असन्तोष घटाउने छ भनी मान्न सकिने अवस्था देखिँदैन ।

केही दिन पहिले चिनियाँ राष्ट्रपति सि नेपाल आएका थिए । हालसालै अमेरिकी राष्ट्रपति ट्रम्प भारत आएर फर्के । उनलाई सुनको जलप लगाइएको थालमा खाना पस्किएको थियो भने बसेको सुइटको एक दिनको भाडा भारु १२५ लाख थियो । उनीहरूले पनि त आफ्नो जन्मदिन मनाउँदा होलान् तर न भ्रमणमा, न जन्मदिनमै कुनै विवाद सुन्नमा आएको छ । ट्रम्पले अमेरिकाको लागि भारतीय निवेश आमन्त्रित गरे र ठूलो परिमाणमा रक्षा सौदा गरेर फर्के । त्यसले उनीहरूको भ्रमण र जन्मदिनको खर्चमा कतै विवाद सुनिँदैन । त्यसैले मलाई लाग्छ स्वास्थ्य र परिस्थितिप्रतिकूल अहोरात्र खट्ने प्रधानमन्त्रीले उपहार दिन नजानेको हो कि ? उनी देशको प्रधानमन्त्री थिए, त्यसैले आफ्नै पार्टीको आचारसंहिताको पालना गर्दै आम नागरिकले अनुभूति गर्न पाउने कुनै कामको शुरूआत गर्न सकेको भए यो वितण्डा र विरोध उठ्ने थिएन । किनभने बहुमतको सरकारले तेस्रो वर्षमा पनि आम नागरिकले सहज अनुभूति गर्ने कुनै काम गर्न सकेको छैन । जनताको हातमा केही परेको छ भने महराको डेटिङ, गोकुल बाँस्कोटाको सेटिङ र पौडेलजीको प्लटिङमात्र ।

२०७६ फागुन २१ गते बुधवार

परिवेश– २

बा रङ्गलाल भन्नुहुन्छ...

बेथिति निर्लज्ज सगबगाइरहेछ
नाकमा कुनै गन्ध गन्हाइरहेछ
बाटो बिस्ट्याउन कसैलाई रोक छैन
देशलाई नलागेको अब कुनै रोग छैन
बम र बन्दूकका कथा
कानमा ठोक्किंदा–ठोक्किंदा
यस्तो लाग्छ
अब कसैलाई कसैको मृत्युको पनि शोक छैन
सुन उम्रने माटोमा खुनै–खुन छ
मात्र आँखाले सुन्दर सपना देखेर के हुन्छ ?
यस परिवेशमा
मेरो बा रङ्गलाल भन्नुहुन्छ–
ए केशे तैले कविता लेखेर के हुन्छ ?

प्रसङ्ग २०७६ फागुन २ गते वीरगंजमा सम्पन्न गोपाल गोतामे प्रतिष्ठानको आयोजनामा सम्पन्न भएको सम्मान कार्यक्रमको हो । जसमा झापा निवासी बहुआयामिक प्रतिभाका धनी श्री केशव आचार्यज्यूलाई सम्मानित गरिएको थियो । त्यसै कार्यक्रममा वितरण गरिएको उहाँको कविताको पुस्तकको पृष्ठ ५४ मा छापिएको यो कविता वर्तमान नेपालको वास्तविक तर कारुणिक दृश्य प्रस्तुत गर्दछ ।

नेपाल सरकारले भर्खरै वार्षिक बजेटमा संशोधन गरेको छ । किनभने विगत सात महीनामा केन्द्रकै विकास खर्च जम्मा १९ प्रतिशत र प्रदेशको औसत १६ प्रतिशत मात्र छ । प्रदेश १ मा २५.१९ प्रतिशत, प्रदेश २ मा ४.१५ प्रतिशत, प्रदेश ३ (बागमती)मा १९ प्रतिशत, गण्डकीमा १९ प्रतिशत, प्रदेश ५ मा २२.५८ प्रतिशत, कर्णालीमा ५ प्रतिशत र सुदूरपश्चिममा १३.९७ प्रतिशत मात्र रहेको तथ्याङ्क पनि सार्वजनिक भएको छ । नेपालको संविधानको सङ्घीय आर्थिक कार्यप्रणालीको दफा ११९ मा राजस्व र व्ययको अनुमान र दफा १२१ मा पूरक अनुमानमा समेत बजेट घटाउने गरी संशोधन गर्ने कुनै व्यवस्था नभएको अवस्थामा सरकारले दुवै सदनबाट पारित बजेटलाई संशोधन गर्ने कार्य गर्नु उचित हो वा होइन यसमा कानूनविद्हरूको बीच व्यापक छलफल हुन जरुरी छ । यसरी एकलौटी ढङ्गले सरकारले संशोधन गर्दा संसद् महत्त्वहीन हुने र आर्थिक अनुशासनसमेत घट्ने देखिन्छ । नेपालमा बहुआयामिक गरीबी ४२ प्रतिशत रहेको तथ्य पनि प्रकाशमा आएको छ । बिरामी पर्दा उपचार गराउन सक्ने नसक्ने क्षमतामा बढी आधारित यस बहुआयामिक गरीबी सबैभन्दा बढी प्रदेश नं. २ मा ४९ प्रतिशत र त्यसमा पनि रौतहट र महोत्तरी सबैभन्दा बढी प्रभावित जिल्लाका रूपमा देखिएका छन् । प्रदेश २ मा त नेकपाको सरकार बन्नेबित्तिकै तराईको विकास गर्न विशेष प्याकेज नै

ल्याइएको थियो । मलाई लाग्छ, यसबाट त्यो कार्यक्रम तराईमा लागू भयो भएन वा भयो भने कति प्रभावकारी भयो स्पष्ट हुन आउँछ। जहाँ सङ्घीय सरकार नै संविधानको व्यवस्थाविपरीतको कार्य गर्न तल्लीन छ, त्यहाँ सुशासनको कुरा गर्नु नै हास्यास्पद हुन आउँछ । संसदीय समितिले गरेको एक अध्ययन अनुसार नेपालमा कानूनविपरीत आफूखुशी निर्देशिका बनाइ जथाभावी दण्ड जरिवाना असुल्ने परिपाटी पनि बढ्दै गएको पाइएको छ । अहिले आएर एशियाली विकास बैंकले दक्षिण एशियामा सबैभन्दा कम खर्च गर्ने क्षमता भएको मुलुक नेपाल भएको सार्वजनिक गरेको छ । उसको कुल सहयोगको ६४ प्रतिशत खर्च गर्न नसकेको तथ्य प्रकाशमा आएको छ । आफ्नै बजेटको १९ प्रतिशत मात्र खर्च गर्न सक्ने क्षमता भएको सरकारको लागि यो कुनै ठूलो कुरा होइन तर जसरी प्रधानमन्त्रीले आफ्नो दुई वर्षे कार्यकालको उपलब्धि संसद्मा प्रस्तुत गर्नुभयो, त्यो वस्तुपरक छ, छैन हेर्नैपर्ने हुन आउँछ ।

१) भैरहवा विमानस्थल निर्माण- काम चालू
२) काठमाडौंमा विद्युत् वाहन सञ्चालन- छैन
३) सिन्डीकेट र कार्टेलिङ अन्त्य- छैन
४) तुइनलाई झोलुङ्गे पुलबाट विस्थापित- छैन
५) राष्ट्रिय एवं गरीबी परिचयपत्र- छैन
६) सबै श्रमिक एवं कर्मचारीलाई सामाजिक संरक्षण- छैन
७) भूकम्प र बाढी-पहिरो पीडितलाई घर निर्माण सहयोग- राम्रो प्रगति
८. सबै वडा केन्द्रमा ब्रोडब्यान्ड इन्टरनेट- छैन
९. नापी, भूमिको अभिलेख अद्यावधिक र वैज्ञानिक भूमिसुधार लागू- खासै प्रगति छैन
१०. पूर्व-पश्चिम राजमार्गको समानान्तर र रसुवागढी-काठमाडौं-वीरगंज ६५ केभी प्रसारण लाइन निर्माण- छैन
११. शिक्षामा बजेटको २० प्रतिशत लगानी- छैन
१२. विद्यालय जाने उमेरका सबैलाई भर्ना- छैन
१३. केन्द्र, प्रदेश र स्थानीय तहमा दक्ष जनशक्ति आपूर्ति केन्द्र स्थापना- छैन
१४. द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनर्स्थापन एवं परिपूरण- छैन
१५. स्वतन्त्र पररा‍ष्ट्र नीति अवलम्बन, बाह्य हस्तक्षेप अस्वीकार- सफल
१६. भारतसँग सन् १९५० को सन्धि पुनरावलोकन, सीमानाका व्यवस्थापन- छैन

नेपाल सरकारकै केन्द्रीय तथ्याङ्क विभागले गरेको गणना अनुसार यस आवको पहिलो त्रैमासिकको आर्थिक वृद्धिदर ४.६ प्रतिशत मात्र छ । सरकारी लक्ष्य भने बजेटको आकार घटाएपछि ८.५ प्रतिशतमै कायम छ । केन्द्रीय तथ्याङ्क विभागको यो रिपोर्ट राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई पठाइसकेको तर उपलब्धि निराशाजनक भएकोले सरकारकै निर्देशनमा तथ्याङ्क सार्वजनिक गरिएको छैन । चालू आवको पहिलो ६ महीनामा व्यापारघाटा ६४२ अर्बभन्दा बढी हुन पुगेको छ, जुन कुल गार्हस्थ उत्पादनको २० प्रतिशत हुन आउँछ । दैनिक खरीद हुने उपभोक्ता सामग्रीको मूल्य मुद्रास्फीति १० प्रतिशतभन्दा बढी हुन गएकोले महँगी अकासिएको छ । अहिले सरकारसँग खर्च हुन नसकेको स्थानीय सरकारको ५८ अर्बसहित २ खर्ब ४१ अर्ब रुपैयाँ ढुकुटीमा थन्किएको

छ । गत वर्षको ६ महीनामा बैंकहरूले निजी क्षेत्रतर्फ २३.२ प्रतिशतले कर्जा विस्तार गरेकोमा चालू आवमा यो १४.९ प्रतिशतमा सीमित भएको छ । वैदेशिक रोजगारमा जानेको सङ्ख्या बढे पनि रेमिट्यान्स बढ्न सकेको देखिदैन । रेमिटयान्स वृद्धि नहुँदा उपभोगमा कमी आई मुलुकको आयात नै घट्न गएको छ ।

एकातिर यसरी सङ्कलन भएको करको रकम र वैदेशिक सहायता खर्च हुन नसकेर थन्किएर बसेको छ भने अर्कोतर्फ सरकारको कर प्रणाली अनुसार ७ लाख रुपैयाँभन्दा बढी वार्षिक आय भएका व्यक्तिहरूले ३० प्रतिशत कर तिर्नुपर्दैन । २० लाख रुपैयाँभन्दा बढी वार्षिक आम्दानी गर्नेले ३६ प्रतिशत कर तिर्नुपर्दछ, जुन दक्षिण एशियामा सबैभन्दा बढी हो । कानून तीन प्रकारका हुन्छन्- (१) व्यावसायिक (२) सामाजिक र (३) फौजदारी । व्यावसायिक कानून कति प्रभावकारी छ, यस लेखकै अवस्थाले वर्णन गर्दछ र सार सङ्क्षेपमा ८० प्रतिशत व्यापारको लागि भारतमाथि निर्भर नेपाल त्यहाँ मूल्यवृद्धि, आर्थिक वृद्धिदर र मुद्रास्फीति नियन्त्रण नभई यहाँ गरिहाल्छु र त्यो पनि हातखुट्टा नचलाइ असम्भव प्रायः हो । सामाजिक कानूनको चर्चा यहाँ सान्दर्भिक नभएकोले फौजदारीको कुरा गर्दा बालुवाटार प्रकरणमा मुद्दा दर्ता गरिएका नेपालको राजधानी काठमाडौँमै रहेका अनुहारहरूलाई फरार लेखेर गिरफ्तारीबाट बचाउँदै मुद्दा दायर गर्नुबाट नै स्पष्ट हुन्छ ।

गताङ्कको परिवेश-१ पछि यो २ पढ्दा गम्भीर हुनुभएका पाठकहरूको लागि-

सम्माननीय सभामुख महोदय,

कुमारजी आज्ञा गर्नुहुन्छ- हे विष्णु ! अबदेखि कसैको चोरीको सामान किन्दा सकेसम्म लोकले थाहा नपाउने गरी किन्नु । थाहा पाइहाले, होइन भन्नु । चित्त बुझाउन नसके अप्ठेरो पर्ने भए, हतपत चोरीको सामान फर्काउनु र दुईपटक विष्णु विष्णु भन्नु । त्यसमा पनि लोकले चित्त बुझाएन भने गोकुलधाम गएर खड्ग उचाल्नु र चारपटक विष्णु-विष्णु भन्नु ।

त्यसको प्रभावले तिम्रो हाम्रो अनुहारमा लागेको दाग लोकले देखे पनि देख्नुपर्नेले देख्नेछैनन् । (कुमार-विष्णु संवाद इतिश्री, अख्तियार पुराणे श्री स्वस्थानी व्रतकथानाम, बालुवाटार प्रकरणः) प्रथम अध्याय वर्णनमः समाप्तः ।

(सांसद गगन थापाले सङ्घीय संसद्मा पढेको कथा)

आफैले लेखेको यो परिवेश-२ पढिसकेपछि मलाई पनि के लाग्न थालेको छ भने मेरो बाले पनि यो लेख पढ्नुभएको भए भन्नुहुन्थ्यो-

ए बबुआ तोहरा लिखला से का होई ?

२०७६ फागुन १४ गते बुधवार

परिवेश– १

विश्व बैंकले हालसालै Federalism Capacity Needs Assessment शीर्षकमा आफ्नो अध्ययनको रिपोर्ट सङ्घीय सरकार, सातवटै प्रदेश तथा ११५ स्थानीय तहलाई नमूनाको रूपमा समावेश गरेर सातै प्रदेशका मुख्यमन्त्रीलगायत सङ्घका विशिष्टहरूको उपस्थितिमा सार्वजनिक गरेको छ । यो अध्ययन सङ्गठन, संस्था, कार्यान्वयन र भौतिक पूर्वाधारमा आधारित रहने गरी अन्तर्वार्ता र प्रश्नावलीको माध्यमबाट सम्पन्न गरेको जनाएको छ । अध्ययनको निष्कर्षमा भनिएको छ, प्रादेशिक एवं स्थानीय सरकारहरूले कुल राष्ट्रिय खर्चको ३४ प्रतिशत भाग खर्च गर्न सक्षम भएबाट सरकारले वित्तीय सङ्घीयतालाई अति महत्त्व दिएको निष्कर्ष निकालेको छ। तर के वास्तविकता यस्तै छ ? मलाई लाग्छ, ३४ प्रतिशत खर्चमध्ये १०–१२ प्रतिशत कर्मचारी र कार्यालय खर्चमा गयो होला, २० प्रतिशत गाडी र डोजरको खरीदमा र बाँकी १–२ प्रतिशत धर्मशाला र मन्दिर निर्माणमा । यसो नहुँदो हो त राष्ट्रिय अर्थतन्त्रमा यसको प्रभाव देखा परेर आर्थिक वृद्धिदर लक्ष्य अनुसार हुनुपर्ने थियो र नेपालको प्रमुख भन्सारबाट सङ्कलन हुने राजस्व पनि लक्ष्यअनुरूप उठ्नुपर्ने हो । तर त्यसो नहुनुबाट नेपालमा व्यापार, व्यवसायको अवस्था उत्साहजनक छैन र यसबाट प्रत्यक्ष करसमेत प्रभावित हुने देखिन्छ । तर यस सबका बावजूद सरकार आर्थिक प्रगति गौरव गर्ने लायकको छ भन्ने दाबी भने गरि नै रहेको छ ।

अब यसकै अर्को पाटो हेरौं । एमनेस्टी इन्टरनेशनल नेपालले सन् २०१९ मा नेपालको मानव अधिकारको अवस्था सन्तोषजनक नभएको रिपोर्ट सार्वजनिक गरेको छ । यसमा शान्ति सम्झौता भएको १३ वर्ष बितिसक्दा समेत सशस्त्र द्वन्द्वका पीडितलाई न्याय उपलब्ध गराउने प्रतिबद्धताको प्रगति निराशाजनक भएको, सङ्क्रमणकालीन न्यायका लागि सर्वोच्च अदालतको आदेश, अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुसार बेपत्ता पारिएकाहरूको छानबीन, सत्य निरूपण एवं मेलमिलाप आयोग ऐन २०७१ संशोधन हुन नसकेकोतर्फ ध्यान आकृष्ट गर्दै हरेक वर्ष कामका लागि विदेश जाने श्रमिकलाई शोषणपूर्ण भर्ना अभ्यासबाट संरक्षण प्रदान गर्न नसकेको भनिएको छ । त्यस्तै, २०१९ मा विद्युतीय कारोबार ऐन, मिडिया काउन्सिल विधेयक, आमसञ्चार विधेयक र सूचना प्रविधि विधेयकका साथै मानव अधिकार आयोगको स्वतन्त्रतालाई समेत कुण्ठित गर्न खोजेको उल्लेख गरिएको छ ।

सरकारले २०७५ मा ल्याएको नागरिकता विधेयक विभेदकारी र कार्यान्वयन असहज भएको भन्दै व्यापक विरोध भएपछि संसद्मा विचाराधीन अवस्थामा नै छ । २०७५ पुसमा विज्ञापनसम्बन्धी कानून बनाउन विधेयक ल्यायो । यसमा विज्ञापन

प्रकाशनमा हुने त्रुटिलाई फौजदारी अभियोग लगाउन खोजेको भन्दै विरोध भएपछि संसद्मैं विचाराधीन छ ।

२०७५ माघमा शान्ति सुरक्षासम्बन्धी कानून बनाएर नागरिकको शान्तिपूर्ण भेलाको अधिकारलाई सङ्कुचित पार्न खोजेको छ भने २०७५ फागुनमा ल्याइएको सूचना तथा प्रविधि विधेयकमार्फत् सामाजिक सञ्जालमा लेखेबापत ५ वर्ष कैद र रु १५ लाखसम्मको जरिवाना गर्न सकिने तथा इन्टरनेट र सामाजिक सञ्जालको मुद्दाको न्यायिक निरूपण सरकारद्वारा नै निर्माण गरिएको संयन्त्रबाट गर्ने व्यवस्था समावेश रहेको छ। त्यस्तै, २०७६ मा ल्याइएको मानव अधिकार विधेयकमा मानव अधिकार आयोगले महान्यायाधिवक्ताको अनुमतिपछि मात्र मुद्दा चलाउन पाउने व्यवस्था, नेपाल विशेष सेवा विधेयकमार्फत् आमनागरिकको फोन टचापिङ गर्ने र राष्ट्रिय अनुसन्धान आयोगले हरेक नागरिकको निगरानी गर्न पाउने व्यवस्था, नेपाली सेनाले छापामारी गर्ने र गुप्तचरी गर्न पाउने व्यवस्था जस्ता गतिविधि हेर्दा यो सरकार गणतन्त्रको आवरणमा निरङ्कुश अधिनायकवादको अभ्यास गर्न लागेका सङ्केतहरू लाग्न थालेको छ । सङ्केतको रूपमा गोकर्ण रिसोर्ट, शिवपुरी, निर्मला हत्या प्रकरण, वाइड बडी काण्ड र भर्खरैको ललिता निवास जग्गा प्रकरणहरू नै हुन् । योभन्दा बाहेक सरकारको नियत साँच्चै प्रजातान्त्रिक अभ्यास गर्ने हुँदो हो त सरकारले सङ्घीयतालाई बलियो बनाउन स्थानीय र प्रदेशलाई जनमुखी बनाउन विधेयक ल्याउनुपर्ने थियो । शिक्षामा सबैको पहुँच हुने गरी उद्यमशील र स्वरोजगारमुखी स्तरीय शिक्षा नीति बनाउनुको साटो उपकुलपतिहरूलाई सरकारको इशारामा चल्ने कर्मचारी नबनाउनुपर्ने हो । आमनागरिकको स्वास्थ्यप्रति सचेत हुँदै सर्वप्रथम त रोग लाग्नै नदिन स्वच्छ खानेपानी र दुई छाक पेटभरि खाने व्यवस्थाका साथै रोगी सरकारी अस्पतालहरूको उचित उपचारको व्यवस्था गर्नुपर्ने थियो भने अर्थतन्त्रलाई गति प्रदान गर्न आर्थिक क्षेत्रको प्राथमिकता निर्धारण गरी निजी क्षेत्रसमेतको सहभागितामा अगाडि बढ्नुपर्नेमा ठीक त्यसको विपरीत हिंडेको छ। सरकारले देशको मौद्रिक नीति तर्जुमा गर्ने राष्ट्र बैंकका गर्भनरलाई पनि आफ्नो लाचार छाया बनाउन निहुँ गर्न थालेको छ ।

सर्वप्रथम नेपालमा हालसम्म ६-७ वटा संविधान (अन्तरिमसमेत) बनिसकेका छन्। तर तिनको आयु नागरिक र राज्यबीच अलिखित समझदारी कायम रहेसम्म तिनले काम गरे । जनताको अपेक्षाअनुरूप हिंड्न नसकेपछि जनताले उखेलेर पटक-पटक फ्याँकिदिएको उदाहरण नेपालमैं यथेष्ट छ । सर्वत्र आलोचित भएर पनि यो सरकार जनताको अपेक्षाविपरीत कानून बनाउन र काम गर्न उद्यत छ। यस सहस्त्राब्दीको राजनीति भनेकै अर्थराजनीति र नागरिक स्वतन्त्रता हो । यो नभएमा वा प्रजातान्त्रिक संस्थाहरूलाई मासेर निर्देशित शासनतर्फ उन्मुख भएकै कारणले भारतको आर्थिक वृद्धि अहिले ४.५ प्रतिशतमा झरेको हाम्रोसामुन्ने नै छ । यसका साथै प्रजातान्त्रिक संस्थाहरूको सबलीकरणले प्रतिव्यक्ति प्रतिवर्ष आर्थिक वृद्धिदरलाई २० प्रतिशतसम्मले

बढाउँछ भनेर विश्वव्यापीरूपमा अर्थविद्हरूको विचार आइरहेको बेला यो सरकारको घाँटीमा कसले घण्टी बाँध्ने भन्ने प्रश्न खडा भएको छ ।

गत बुधवारको मेरो स्वतन्त्र विचारमा गणेशमान सिंह, शहीद गङ्गालालको 'डु नट फरगेट माइ ब्लड' भन्ने शब्दबाट आजन्म प्रेरित भई अनवरत् प्रजातन्त्रको लागि सङ्घर्ष गर्दै एशियाकै नोबेल पुरस्कार भनिने म्यागसेसे अवार्डबाट सम्मानित हुनुभयो । नेपाली काङग्रेसकै अर्को ठूलो नेता स्व. गिरिजाप्रसाद कोइरालाले आफ्नो अन्तिम समयमा कमरेड प्रचण्डलाई देशलाई अगाडि बढाउने अभिभारा सुम्पिनुभएको कुरा पटक-पटक उहाँबाट नै चर्चामा आएको हो । तर खोई उहाँले गणेशमानजी जस्तो जुझारूपन, सादा जीवन र उच्च विचारको प्रदर्शन गर्न सक्नुभएको ? त्यसैले होला नियम मात्रैले केही हुँदैन, त्यसको लागि सफा नियत र पात्रता पनि आवश्यक छ ।

२०७६ फागुन ०७ गते बुधवार

डु नट फरगेट माइ ब्लडः
गणेशमान दाइ

अत्यन्तै भावुक बनाउने माथिका शीर्षकका शब्दहरू शहीद गङ्गालालले भद्रगोल जेलबाट उनलाई फाँसी दिन लगिंदा पर्खालतिर मुख फेरेर उभिन बाध्य बनाएका आस्थाका अन्य बन्दीहरू साथ उभिएका वीर गणेशमानजीको नजीकबाट जाँदै गर्दा भन्नुभएको शब्द हो र यही शब्दले उनलाई आजन्म प्रजातन्त्रको लडाइँ लड्ने प्रेरणा प्रदान गरिरहयो । यो भनाइ हो नेकाका नेता प्रकाशमान सिंहको । उनले माघ महीनाको २० गते गणेशमान चोकमा जनान्दोलन २०४६ का सर्वोच्च कमान्डर स्व. गणेशमान सिंहको सालिक पुनः आवरण कार्यक्रममा सहभागी हुन प्रमुख अतिथिको हैसियतले आफ्नो मन्तव्य राख्ने क्रममा भनेका हुन् ।

पुनः आवरण शब्दले मन अत्यन्त खल्लो त थियो नै । यसले सोच्न बाध्य बनायो, कसले तोड्यो र किन तोड्यो उनको सालिक ? मधेस आन्दोलनको क्रममा केही अवाञ्छित तत्त्वद्वारा यो गैरजिम्मेवारीपूर्ण गरिएको कार्य हो वा यो मधेस आन्दोलनको क्रममा नियोजित थियो । किनभने त्यस दौरान वीरगंजमा गणेशमान सिंहको मात्र नभई शहीद थीरबम मल्ल, लक्ष्मीप्रसाद देवकोटा र स्व. गिरिजाप्रसाद कोइरालाको सालिकसमेत तोडिएको थियो । महाकवि लक्ष्मीप्रसाद देवकोटाको सालिक त निम्न सोचका व्यक्तिहरूको जातीय विद्वेषको उपज हो तर समग्र नेपालको प्रजातन्त्रको लागि प्राणको आहुति दिने उल्लिखित नेताहरूप्रति यो घृणित आक्रोश बुझ्न सकिएन । थीरबम मल्लले घण्टाघर चोकमा रहेको रेलवे क्रसिङमा शहादत प्राप्त गरेका थिए । वीरगंजबाट २००७ सालको क्रान्तिको प्रारम्भ भने स्व. तेजबहादुर अमात्यले गोली नभएको स्टेनगन तेर्स्याएर तत्कालीन बडाहाकिमको सुरक्षामा खटेका सेनालाई आत्मसमर्पण गराएर बडाहाकिमलाई नियन्त्रणमा लिन थीरबम मल्ललाई सघाएको तथ्य नेपालको क्रान्तिको इतिहासमैं उल्लिखित छ । स्व. गणेशमान सिंहको कर्म क्षेत्र नै नेपालको तराई रहेको थियो र राणाकालमा निर्मित हुलाकी राजमार्गलाई तराईको लाइफलाइन भनेर निर्माणको योजना अघि बढाउने अग्रणी व्यक्तित्व हुनुका साथै मधेसीहरूलाई उपल्लो दर्जाको राष्ट्रभक्त मान्दथे। स्व. गिरिजाप्रसाद कोइराला जतिसुकै विवादित भएपनि माओवादी आन्दोलनलाई शान्ति प्रक्रियामा ल्याएर पहाड मात्र होइन, मधेसलाई पनि शान्त बनाउन पुऱ्याएको योगदान के नेपालको इतिहासले बिर्सन सक्छ ?

प्रसङ्ग गणेशमानजीको सालिक पुनः अनावरणको हो, त्यसैले त्यतै केन्द्रित हुँदा

मेरो स्मरणमा २०३२ साल आउन थाल्छ । त्यस वर्ष म दिल्लीमा कुनै कार्यवश पूर्णियाबाट राज्यसभाका निर्वाचित माननीय गुणानन्द ठाकुरकहाँ आउनेजाने क्रममा एक दिन यस्तो सुयोग बन्यो कि महामानव स्व. विपी कोइरालासँग भेट भयो। त्यतिबेला उनले वीरगंजका प्रायः सबै नाम कहलिएका काङ्ग्रेसी नेताहरूको हालखबर बुझ्नुका साथै उनीहरू बस्ने गुलमोहर पार्कमा आई तरुण पत्रिका वीरगंजका साथीहरूसम्मुख पुऱ्याइदिन अऱ्हाए । म गुलमोहर पार्कको उनको निवासमा पुग्दा जुन सादगीपन देखें, त्यो अचम्भित पार्ने खालको थियो । खाना शैलजा आचार्यले बनाइदिन्थिन् र नेताजीहरू खाएको थाल, गिलास आफैं धुने चलन थियो । सुविधाको नाममा गणेशमानजी नजीक एउटा पङ्खा राखिएको थियो । खैर, त्यो त काङ्ग्रेस सत्तामा नपुगेको बेला थियो । विपीको स्वर्गारोहणपछि पार्टी चलाउने जिम्मेवारी गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाबाबूमा आइपरेको थियो। नेतृत्व काङ्ग्रेसको तर्फबाट गणेशमानजीले गर्ने कुरा तय नै थियो । तर त्यस घडीमा पनि उनले चिराचिरा परेका कम्युनिस्टहरूलाई एक ठाउँमा वाममोर्चा बनाएर मात्र आन्दोलनमा सहयोग लिने र त्यो पनि 'कार्यगत एकता' मात्र गरेको इतिहास साक्षी छ । आज २०४६ सालको जनान्दोलनलाई संयुक्त जनान्दोलन २०४६ भनेर भ्रमित पार्न खोजिएको छ। वस्तुतः एमालेको जन्मको आधार नै वाममोर्चा बनाउन लगाएर गणेशमानजीले नै खडा गरिदिएका हुन् । जनान्दोलन सफल भएपछि तत्कालीन राजा वीरेन्द्रबाट प्राप्त प्रधानमन्त्री बन्ने प्रस्ताव अस्वीकार मात्रै नगरी जनताको प्रधानमन्त्री जनताको तर्फबाट हुनुपर्ने भन्दै किसुनजीको नाम प्रस्तावित गरेका थिए। यस घटनालाई हामी सामान्यरूपमा उनको त्यागको रूपमा लिन्छौं । तर यो असाधारण घटना थियो, किनभने जनान्दोलनभन्दा पूर्व पञ्चायतको आउटपोस्ट कब्जा गर्ने रणनीति लिएर राजालाई भेट्न पुगेका नेता वीर गणेशमानले कुरा नमिलेर फर्किंदा, राजाले देखाएको अस्वाभाविक व्यवहारको पृष्ठभूमिमा सरकार पछि 'जब बाघ लाग्यो घिच्याउन, राँड लागी चिच्याउन' जस्तो अवस्था आउने भन्न सकेको पृष्ठभूमिमा उनको कथन सर्वथा असाधारण र शासनसत्ता जनतामा अन्तर्निहित गर्ने चेतावनीसमेत थियो ।

गणेशमानजीबारे पुग्ने गरी लेख्ने ममा न क्षमता नै छ, न त्यस्तो घृष्टता नै गर्न सक्छु । तथापि उनको मूर्ति किन तोडियो भन्ने प्रश्नले सधैं घच्घचाइरहेको हुन्छ । राणाकाल र महेन्द्रकालको कठोर अवधिमा समेत मधेसलाई केन्द्रबिन्दु बनाएर क्रान्ति सञ्चालन गर्ने नेता र २०१३ सालमा सुवर्ण शम्शेरले नेपालको पहिलो पञ्चवर्षीय योजनाका साथ नेकाले भूमिसुधार र हुलाकी सडक निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । तर यस्ता लोकप्रिय कार्यक्रम कार्यान्वयन हुन नपाउँदै २०१७ सालमा राजा महेन्द्रले पञ्चायत ल्याएर बहुदलमाथि जे गरे, त्यो सबैलाई थाहा नै छ । २०१७ सालदेखि अनवरत् युद्धमा, आन्दोलनमा होमिएर बल्लतल्ल २०४६ सालमा नेपाली काङ्ग्रेसको नेतृत्वमा भएको (कम्युनिस्टहरूसँग कार्यगत एकता) जनान्दोलनले प्रजातन्त्र

पुनर्स्थापित भयो। यसमा आन्दोलनको नेतृत्व पनि गणेशमानजीले नै गरेका थिए। तत्पश्चात् २०६० सालमा राजा ज्ञानेन्द्रले सत्ता आफ्नो हातमा लिएपछि २०६२-६३ मा मधेस आन्दोलन भयो। यो कुनै न कुनै रूपमा अनवरत् चलिरह्यो र पुनः २०७२-०७३ मा भयो। संविधानको विवाद आफ्नो ठाउँमा कायमै होला तर पहिलो संविधानसभा जसमा माओवादी र मधेसवादी दलले महत्त्वपूर्ण स्थान प्राप्त गरे पनि संविधान किन बनेन? दोस्रो, संविधानसभाबाट संविधान जारी भएपनि विरोध यथावत् राखेका दलहरूको मुख्य माग सङ्घीयता प्राप्त भएपनि के शासन मधेसको दलित, जनजाति, महिला समुदायमा पुग्न सकेको छैन। विभिन्न अध्ययनहरूले देखाए अनुसार आज पनि मधेसी नेताहरू सत्तामा आफ्नो पकड बनाइराख्न आआफ्नै वर्गका नातागोता, इष्टमित्र र समर्थकहरूबीच शासन र सत्ता कसरी टिकाइराख्ने भन्ने खेलमा लागेका छन्। सम्भवतः नेपाली काङ्ग्रेसले परिकल्पना गरेको भूमिसुधार कार्यान्वयनमा आएको भए आजका नेताहरूको अवस्थामा थोरै भएपनि फरक पर्ने थियो कि ? हुनत पैतृकभन्दा अथाह सम्पत्ति यिनले सत्तामा बसेरै जोडेका छन्। यी सबै कुराहरू राजनीतिक पाटो हुन्। तर जहाँसम्म मूर्ति तोड्ने कुरा आउँछ, यो सामाजिक पाटोसँग पनि जोडिन पुग्छ। जस्तोसुकै विध्वंशकारी कार्य होस्, त्यो निन्दनीय हो। यस कार्यले समाजमा एउटा यस्तो पुस्ता जन्माएको छ, जो आफ्नोबारे मात्रै सोच्छ। उसलाई समाज र राष्ट्रसँग मतलब छैन, स्वयं केन्द्रित छ र आफ्नो इच्छापूर्ति गर्न जुनसुकै बाटो अवलम्बन गर्न तयार छ। वृद्धतन्त्रको हातमा रहेको आजको शासनसत्ता युवा पुस्ताको हातमा केही गरी गए पनि हामीमा पलाएको व्यक्तिवादी सोचले गर्दा शासन र सत्ताको सञ्चालन आजकै अवस्थाबाट हुनेछ भन्ने लाग्दछ। राम्रो काम गर्न कहिले ढिलो हुँदैन भनेझैं सामाजिक सद्भाव बढाउन र आजको युवा पुस्तालाई व्यक्तिवादी सोचबाट मुक्त गर्न मूर्ति तोड्नेहरूकै सक्रियतामा तोडिएका मूर्तिहरू पुनर्स्थापित गर्न सके अत्यन्त राम्रो सन्देश समाजमा जान्छ जस्तो लाग्छ। यो हुन नसकेमा सरोकारवालाहरूले ढिलो वा चाँडो तोडिएका मूर्ति त प्रतिस्थापित गर्लान् नै। तर समाज भने सद्भाव र व्यक्तिवादी सोचबाट मुक्त हुन सक्ने छैन।

२०७६ माघ २९ गते बुधवार

बलिदानी दिवसः एक चर्चा

नेपालमा मधेसको मुद्दाले २०६२/०६३ मा जनआन्दोलनको स्वरूप ग्रहण गरे पनि मधेसबाट २००७ सालको क्रान्तिदेखि नै नेतृत्व गर्ने, आन्दोलन गर्ने र क्रान्ति गर्नेहरूको कमी रहेको पाइँदैन। राष्ट्रियस्तरमैं सम्झना गर्दा महेन्द्रनारायण निधि, भद्रकाली मिश्र, रामराजाप्रसाद सिंह हुँदै गजेन्द्रनारायण सिंहसम्म आइपुग्दा मधेसले समग्र नेपालको विकास र प्रजातन्त्र स्थापनाको लागि सङ्घर्ष गरेको इतिहास छ। तर यो इतिहासलाई सम्झँदा उहाँहरूमध्ये कसैले पनि सत्ता प्राप्त भएपछि नेतृत्व गर्न पाउनुभएन। नेतृत्व नै नपाए पनि आजन्म उहाँहरू आफ्नो सिद्धान्तप्रति अडिग र अटल रहनुभयो। उहाँहरूको यो त्याग र तपस्याको पृष्ठभूमिमा राजनीतिक दलमाथि पञ्चायतकालमा प्रतिबन्ध भएका कारण मधेसकेन्द्रित राजनीति गर्न र मधेसलाई राष्ट्रिय राजनीतिक मूलधारसँग जोड्न गजेन्द्रनारायण सिंह 'सद्भावना परिषद्'को परिकल्पना लिएर अगाडि बढ्नुभयो, जुन बहुदल प्राप्त भएपछि दलको रूपमा रूपान्तरित भयो। दलको रूपमा रूपान्तरित भएपछि पनि मधेसमैं पनि खासै राजनीतिक प्रभाव छोड्न नसकेको कारण उहाँको राजनीति पनि मिलीजुली सरकारमा मन्त्री पद पाउने होडमैं सीमित रहेको पाइन्छ। उहाँको मृत्युपश्चात् सद्भावना पार्टी टुक्रिदै गयो र नयाँ मधेसी दलहरू पनि थपिँदै गए। यस्ता दलहरूको बढ्दो राजनीतिक सक्रियताका कारण १६ जनवरी २००७ मा केही मधेसवादी बुद्धिजीवीहरूले मधेसी जनअधिकार फोरमका उपेन्द्र यादवको नेतृत्वमा अन्तरिम संविधान जलाएर प्रारम्भ भएको यो विरोध सम्पूर्ण मधेसमैं फैलियो र शासनको दमनको क्रममा १९ जनवरीका दिन लहान प्रदर्शनको दौरान १७ वर्षीय रमेश महतो गोलीको शिकार भई मृत्युवरण गरे। ततपश्चात् मधेस आन्दोलनको प्रथम शहीद घोषणा भएको उनको स्मृतिमा प्रत्येक वर्ष 'बलिदानी दिवस' मनाउने गरिएको छ। यसपश्चात् सन् २००८ र विसं २०६२/६३ मा दोस्रो र २०७२/०७३ मा तेस्रो मधेस आन्दोलन भएको इतिहास छ। २०६२/६३ को मधेस आन्दोलनको मुख्य माग सङ्घीयता त देशले प्राप्त गऱ्यो तर समग्र मधेस एक प्रदेशको माग पूरा हुन सकेन। २०६२/०६३ को जनआन्दोलनपछि अत्यन्त सशक्त देखिएका मधेसी दलहरू २०७२/०७३ को आन्दोलन समाप्त हुँदासम्म 'हात्ती आयो हात्ती आयो फुस्सा' हुन पुगे। यसैको फलस्वरूप अहिले २ नं. प्रदेशमा मात्र सरकार बनाउन सक्षम देखिएका छन्।

यस्तो हुनुपछाडिको कारणको विश्लेषण गर्दा ठूला राजनीतिक दलमा रहेका महत्त्वाकाङ्क्षी कार्यकर्ताहरूले त्यहाँ बसिरहेर आफ्नो उन्नति नहुने देखेर मधेसवादी दलको बढ्दो प्रभावबाट लाभ लिने उद्देश्यले विभिन्न मधेसी दलहरूमा प्रवेश गरेर अगाडि बढ्ने मौका पनि पाए तर दुर्भाग्य राष्ट्र वा मधेसको लागि सोच्नुभन्दा अगाडि व्यक्तिगत स्वार्थलाई सर्वोपरी राखेर काम गर्न थालेजस्तो गर्दा मधेसवादी दलका नेताहरू भ्रष्टाचारमा मुछिदै गए। तथापि देशको जनताले पहिलो संविधानसभाको निर्वाचनमा मधेसी दल र माओवादीलाई राम्रो साथ दिएर निर्वाचित गरेको इतिहास साक्षी छ। तर पहिलो संविधानसभाबाट संविधान निर्माण हुन नसकेपछि दोस्रो

संविधानसभाको निर्वाचनमा दुवैलाई धरातलको बोध गराइदिएको हो। माओवादीहरूको त चेत खुल्यो र एमालेमा समाहित भई आज सबैभन्दा ठूलो दलको रूपमा सत्ता सुख भोग गर्दैछन् भने मधेसी दलहरू आज पनि संविधान संशोधनको नाउँमा सत्तामा जाने-आउने क्रम जारी छ। मधेसमा भएको तीन वटा जनआन्दोलनले जनताको चेतनाको स्तर त बढायो तर सामाजिक रूपान्तरणको लागि आवश्यक सामाजिक-राजनीतिक परिवर्तनको जिम्मा उनै माथिल्लो जातिका भनिने पुरुष नेताहरूको हालीमुहालीमा नै रह्यो र महिला, दलित, मुस्लिमहरू नारा र चुनावमा पैसा खर्च गरेर वा बल र शक्तिको प्रदर्शनको आधारमा आफ्नो पक्षमा गर्न सकिने वस्तुको रूपमा रहन गए। यसले गर्दा शासन सञ्चालनमा उनीहरूको सहभागिता नगण्य रह्यो र फाइदाहरू जम्मै माथिल्लो जातिका नेता, उनका परिवारका सदस्य र आसेपासेहरूलाई मात्र भयो। त्यसैले मधेसी दलहरूले क्रमशः आफ्नो जनाधार गुमाउँदै गएको देखिन्छ। यसै कारणले गर्दा मधेसी दलहरू संविधान संशोधनको मुद्दालाई जीवित राखेर सत्ताको खेल खेल्न उद्यत छन्। वर्तमान सरकारलाई संविधान संशोधनको दुई बुँदे शर्त राखेर समर्थन दिएका राष्ट्रिय जनता पार्टी र समाजवादी पार्टीमध्ये राष्ट्रिय जनता पार्टीले संविधान संशोधनको मुद्दा अगाडि नबढ्ने देखेर रेशम चौधरी प्रकरण अगाडि सार्दै आफ्नो समर्थन फिर्ता लियो भने समाजवादी पार्टीले पनि आफ्नो अध्यक्ष उपेन्द्र यादवको सरुवाबाट उपेक्षित महसूस गरे पनि अन्ततः संविधान संशोधनकै मुद्दा अगाडि सारेर सरकारबाट बाहिरियो। यो दल बाहिरिनासाथ अब राजपाले राष्ट्रियसभा र उपसभामुख पदको लोभमा र सत्ता पाउने लालसालाई रोक्न सकिरहेको छैन। अहिलेको एउटा अर्को पक्ष विचार गरौं- त्यो के भने मधेसबाट राजनीति शुरू गरेका सबै मधेसी दलले आफ्नो नामबाट मधेस शब्द हटाइसकेका छन्- यो केको सङ्केत हो ? राष्ट्रिय दल बन्ने चाहना वा यसमा अन्तर्निहित कुनै गूढ अर्थ छ ?

२०७२/०७३ कै जनआन्दोलनमा ५४ जनाको हत्या भयो, हामी भन्छौं उनीहरूले शहादत प्राप्त गरे। ठीकै छ तर के मधेसवादी (?) दलहरू शहीदहरूको बाटोमा हिंडेका छन्। बलिदानी दिवसको उपलक्ष्यमा यहाँ दुईवटा प्रसङ्ग कोट्याउन चाहन्छु। पहिलो त लाल आयोगको रिपोर्ट सार्वजनिक गरी दोषीलाई कारबाई चलाउने माग राखेर दलहरू किन आन्दोलन गर्दैनन्, सत्याग्रह गर्दैनन् र अन्तर्राष्ट्रिय अदालत वा संयुक्त राष्ट्रसङ्घमा यो मुद्दा किन उठाउँदैनन्। दोस्रो, मेरो स्मरणशक्ति ठीक छ भने त्यसताका सर्वोच्च अदालतले आन्दोलनकारीलाई छाती, घाँटी र टाउकोमा ताकीताकी गोली हिर्काएको सन्दर्भमा सर्वोच्चबाट कानून अनुसार चेतावनी दिएर कम्मरमुनि गोली प्रहार गर्न दिएको आदेशको अवज्ञा भएकोले सर्वोच्चमैं आजसम्म मधेसवादी (?) दल, कुनै नागरिक अगुवा वा समाज, मानव अधिकार हननविरुद्ध लड्ने सङ्घसंस्थाले अदालतको अवमाननाको मुद्दा किन नहालेको होला ?

यो सबै प्रश्नको जवाफ खोज्दा मधेसको नाममा लाभको खेल खेल्ने राष्ट्रिय दल बन्न लालायित उच्च कुलीन वर्गका मधेसी नेताहरूको लागि मधेस आन्दोलनमा शहादत प्राप्त गर्नेहरूको रगत मात्र रातो रङ्ग हो, जसले फागुमा जस्तै उनीहरूलाई बलिदानी दिवसका दिन सत्ताप्राप्तिको खुशी प्रदान गर्दछ, यसभन्दा बाहेक अरू केही होइन।

२०७६ माघ २२ गते बुधवार

- तिनोद गुप्ता

निर्वाचित तानाशाही ?

विकसित प्रायःजसो देशका इतिहासलाई हेर्दा त्यहाँका कुनै न कुनै नेताले आफ्नो नेतृत्वमा देशलाई अगाडि बढाएको भेटिन्छ । व्यवस्थापन विज्ञानले नेतृत्वकर्तालाई तीन वर्गमा विभाजित गरेको छ । पहिलो हो, Autocratic अर्थात् तानाशाही खालको नेतृत्व, दोस्रो हो, प्रजातान्त्रिक नेतृत्व । यसलाई Consultative र Participative भनेर दुई वर्गमा विभाजित गरिएको छ । Consultative मा नेतृत्वकर्ताले सबैको परामर्शमा निर्णय आफैं गर्दछ भने Participative मा सामूहिक निर्णय गर्ने गरिन्छ । तेस्रो वर्ग हो, Free Rein or Lassez-Faire नेतृत्वशैली । यो भनेको क्षमताविहीन नेतृत्वशैली हो, जसमा नेताले अरूले भने-सुनेको आधारमा निर्णय गर्दछ । आफ्नो विवेकको प्रयोग गर्दैन । यसमा सन् १९६४ मा व्यवस्थापनविज्ञ Rensis-Likert ले एउटा सुधार गरे । उनले Autocratic मा एउटा उपवर्ग थपेर Autocratic-Benevolent राखे । यो व्यवस्था अझैसम्म कायमै छ ।

यो चियोचर्चा गर्नुको मुख्य कारण एउटा समाचार हो, जसमा हालै अर्थमन्त्रीले हाम्रो आर्थिक अवस्था गौरव गर्न लायकको छ भनिरहँदा पाम आयलको बन्द निर्यात एवं घट्दो रेमिटेन्सको कारण व्यापारघाटा बढ्ने प्रक्षेपण गर्न थालिएको छ । वस्तुतः भनाइ र गराइको यो अन्तर नेतृत्व क्षमताकै कमजोरी हो । त्यसैले पञ्चायतका ३० वर्ष र त्यसपछिका थप तीस वर्षमा हाम्रो अपेक्षित विकास हुन नसक्नु पछाडि कहीं नेतृत्वशैलीको दोष त होइन भनेर अध्ययन गर्न खोजिएको हो । राजा महेन्द्रले २०१७ सालको 'कु'बाट तानाशाही व्यवस्था ल्याएका थिए । यो निर्विवाद छ । त्यसैले त्यस कालमा अपेक्षित सुधार वा विकास भएन तर राजा वीरेन्द्रले राज्यसत्ता सम्हालेपछि उनले Autocratic-Benevolent (दयावान तानाशाह) शैलीको नेतृत्व देखाउँदै पञ्चायती व्यवस्थालाई केही खुकुलो पार्दै २०३६ सालको जनमतसङ्ग्रह र २०४६ को आन्दोलनपश्चात् आफूलाई Consultative नेतृत्वशैलीमा ढालेको देखिन्छ । योक्रम चलि नै रहँदा २०५८ मा ज्ञानेन्द्र शाहको अभ्युदयले पुनः तानाशाहीस्वरूप ग्रहण गरेको जसको फलस्वरूप २०६२/०६३ को आन्दोलन र राजतन्त्रबाट संवैधानिक राजतन्त्रमा परिणत भएको राजाशाही समाप्त भएको देखिन्छ । त्यस पर्यन्त नेपालको शासन निर्वाचित कार्यकारी प्रधानमन्त्री एवं सदनबाट सञ्चालन भइरहेको छ ।

त्यसैले २०४६ साल पर्यन्त बहुदल स्थापना भई नयाँ संविधान जारी भइसकेको र त्यसमा राजाले संविधानमा तोकेभन्दा बाहेक सबै काम मन्त्रिपरिषद्को सिफारिशमा गर्ने व्यवस्था रहेकाले त्यसपछिका प्रधानमन्त्रीको कार्यशैली र नेतृत्वशैलीको विवेचना पनि आवश्यक हुन जान्छ । २०४६ सालमा स्व. कृष्णप्रसाद भट्टराई नेपालको प्रधानमन्त्री भई अन्तरिम संविधान समयमैं जारी गराउँदै आमनिर्वाचन सम्पन्न गराएर नेपालको

प्रधानमन्त्री बन्नुभएपछिदेखि नै स्व. गिरिजाप्रसाद कोइरालासँग उहाँको मतभिन्नता बढ्दै गएर अन्ततः यसले ७४/३६ को स्वरूप ग्रहण गऱ्यो र किसुनजीले आफ्नो पदबाट राजीनामा दिनुभयो । तदुपरान्त शुरू भयो नेपालमा अस्थिर सरकारको खेल जसले २०५२ सालबाट देशले माओवादीको द्वन्द्व हुँदै २०५८ सालमा राजा ज्ञानेन्द्रको 'कु' पुनः भोग्नुपऱ्यो । अन्ततः माओवादीसँग शान्ति सम्झौता गराएर मूलधारमा फर्काउन सफल नेकाका नेता स्व. गिरिजाप्रसाद कोइरालालाई नै जान्छ । तर २०४६ सालपश्चात् मृत्युपर्यन्त उहाँको शासनकालमा धेरै राम्रा कामहरू भएपनि शासनशैली र त्यो पनि खासगरी पार्टीभित्र आफूलाई निर्विकल्प बनाइराख्ने शैलीकै रह्यो, जसको मूल्य आज नेकाले चुकाउनुपरिरहेको छ । २०६२/०६३ को आन्दोलनपश्चात् तीव्र वेगमा मधेसवादी दलहरूको उदय भएकै हो । यसमध्येका एक चर्चित अनुहार उपेन्द्र यादव हुन् । दिल्ली रेलवे स्टेशनबाट उपेन्द्र यादवलगायत सुरेश आलेमगर र मातृकाप्रसाद यादवलाई भारतीय सुरक्षा निकायले गिरफ्तार गरेर मातृकाप्रसाद यादव र सुरेश आलेमगरलाई नेपाल सरकारलाई सुम्पे पनि उपेन्द्र यादवलाई सुम्पेको थिएन । भनिन्छ, त्यस मधेस आन्दोलनको सारथि उहाँ नै हुनुहुन्थ्यो । आन्दोलन सफल भयो तर त्यसपश्चात् आजसम्म मधेसी दलका नेताहरूको कर्मकाण्ड हेर्दा 'मैं खाउँ, मैं लाउँ, मैं मोज गरूँ, मैं सुखसयल गरूँ' भन्दा भिन्न देखिँदैन ।

नेपालमा पहिलो संविधानसभाको निर्वाचन भयो । पहिलो संविधानसभा बन्यो तर संविधान बनेन । दोस्रो संविधानसभाको निर्वाचन भयो, संविधान बन्यो तर संविधानसभामा नभई केही ठूला नेताहरूको बैठक र सहभागितामा बन्यो र जारी भयो, जसले मधेसका ५४ जना सपूतको बलिदान लियो । तत्पश्चात् तीनवटै तहको निर्वाचन भयो र नेपाल सङ्घीय गणतन्त्र युगमा प्रवेश गऱ्यो । यी तीनवटै तहको निर्वाचनमा नेकपालाई ठूलो बहुमत प्राप्त भयो र देशले अब स्थिर एवं प्रजातान्त्रिक अधिकार पाउने आशा पलाउन थालेको थियो । तर वर्तमान प्रम केपी शर्मा ओलीको नेतृत्वमा समेत आफूलाई नै निर्विकल्प राख्ने गरी अगाडि सारिएका विधेयकहरू तथा संवेदनशील विभागहरूको पुनर्गठनले यसमा सुधार हुने आशा जगाउँदैन । अहिले दुई तिहाइको सरकार चलाइरहेको नेकपाको सरकारले नेपालमा राजनीतिक स्थिरता आइसकेकोले संविधान संशोधनको आवश्यकता नभएको भन्दैछ भने अर्कोतिर संविधानप्रदत्त अधिकारलाई सूचना, मिडिया तथा सूचना प्रविधि जस्ता विधेयकहरूबाट वाक र प्रकाशन स्वतन्त्रताको अधिकार कुण्ठित गर्न खोजेको पाइन्छ । त्यसभन्दा पनि बढी अब मानव अधिकार आयोगले महान्यायाधिवक्ताको स्वीकृतिबाट मुद्दा चलाउनुपर्ने व्यवस्था गर्न उद्यत छ । यस्तोमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने प्रतिपक्षी काङ्ग्रेसले सबल भूमिका निर्वाह गर्नुको सट्टा आफ्नै आन्तरिक कलहमा नराम्ररी अल्झिएको छ । जहाँसम्म मधेसवादी दलको कुरा छ, त्यसबारे केही बोलिरहनुपर्ला जस्तो लाग्दैन । तर समग्रमा सबै दलमा केही समानता छन् । सबैले प्रजातन्त्रको लागि लडाइँ लडेका छन् । सबै वृद्ध भइसके तर आफ्नो दल

वा शासनमा सहभागी भएपछि प्रजातन्त्रलाई 'मागीखाने भाँडो' बनाएर जनताको सट्टा आफ्नो सत्ता टिकाइराख्न दलीय गुटबन्दीलाई बढावा दिँदै सत्ता टिकाइराख्न कुनै पनि नैतिक धरातललाई भत्काउन सक्षम छन् ।

आखिर किन यस्तो भइरहेछ भनेर विचार गर्दा लामो समयसम्म पञ्चायतविरुद्ध लडाइँ लडेका धेरै नेताहरूको ठूलो समूह खडा हुनु र आन्दोलनपश्चात् सबैमा राजालाई हराएकोले 'म के कम' भन्ने अहम् पलाएको देखिन्छ । तर यो अहम्लाई वास्तविकताको कसीमा घोटेर हेर्दा सङ्घीय गणतन्त्रमा समेत हाम्रा नेताहरूको नेतृत्वशैली राजा वीरेन्द्रले २०४६ को परिवर्तन स्वीकार गरेर बनाएको Consultative Democracy बाट उल्टो फर्केर Autocratic-Benevolent तर्फ फर्किएको देखिन्छ । यो नेतृत्वशैली आफूलाई खुशी तुल्याउन सक्नेहरूको लागि मात्रै दयावान् हुन्छ । नियम कानून र व्यवहार सबै आफ्ना प्रजातिको हितको लागि मात्र प्रयोग गर्दछ र स्थापित मान्यता एवं व्यवस्थालाई आफ्नो हितअनुकूल व्याख्या पनि गर्दछ । आज नेपालमा यही भइरहेको छ ।

तालिकामा दक्षिण कोरिया तथा जापान जस्ता देशहरू Flawed Democracy को वर्गमा परेका छन् भने उत्तर कोरिया Authoritarian Regime मा छ । एशियामा Flawed Democracy भएका मुलुक १२ र Hybrid Regime भएका ५ र तानाशाही शासन भएका ५ वटा देश छन् । जसमा उत्तर कोरिया सबैभन्दा अन्तिम १६७औं स्थानमा रहेको छ । नेपालको बारेमा केही नलेखिए पनि भारत नै ग्लोबल रैङ्किङमा १० स्थान तल खसेको भन्ने उल्लेख भएको देख्दा हामी Hybrid Regime (वर्णाशङ्कर शासन)को पुछारतिर कतै परेको हुन सक्ने आशावादी सोच्न राख्न सक्छौं ।

के यसै प्रवृत्तिले नेपालको विकास अवरुद्ध छ ? हालसालै प्रकाशित विभिन्न जानकारीहरूले भारत प्रजातन्त्रमा तल खसेको सङ्केत आएको छ भने वस्तुतः विभिन्न अर्थशास्त्रीहरूको अध्ययनले भारतको आर्थिक वृदिदर ४.५ प्रतिशतभन्दा माथि उक्लन सकेको छैन । यस सम्बन्धमा 'Restoring Democracy Back to Default' शीर्षकको अजयभद्र खनालको लेखले यो अंश हाम्रो र हाम्रा नेताको लागि Eye Opener हुन सक्छ । विभिन्न अध्ययन र खासगरी अर्थशास्त्री Daron Acemoglu ले प्रजातन्त्र र सामाजिक दुर्भावबीचको सम्बन्धलाई प्रस्ट गरेका छन् । राजनीतिक दलहरू आफ्नो वर्चस्व बनाइराख्न अल्पकालीन लाभ दिने योजना बनाएर निम्न र अन्तरिम वर्गलाई खुशी पार्दछन् र चुनाव जित्दछन् तर दीर्घकालमा लाभ प्रजातन्त्रले नै दिन्छ । अध्ययनहरूका अनुसार प्रजातन्त्रको साँचो अर्थमा स्थापनाले राष्ट्रको प्रतिव्यक्ति जिडिपीमा २० प्रतिशतसम्मको योगदान गर्दछ । त्यसैले एशियाको वर्गीकरणमा अस्ट्रेलिया र न्यूजील्यान्ड मात्र Full Democracy को सूचीमा र दक्षिण कोरिया एवं जापान Flawed Democracy भएको मुलुकमा परेका छन् । आर्थिक वृद्धिमा कुनै कमी नभएको हङकङ यसको प्रत्यक्ष उदाहरण हो ।

२०७६ माघ १५ गते बुधवार

- तिनोद गुप्ता

एमसिसी र राजनीति ?

एमसिसी अमेरिकाको हिन्द–प्रशान्त रणनीतिसँग जोडिएको र नजोडिएकोबारे अहिले देशमा विवाद बढ्दै गइरहेको देखिन्छ । एमसिसीको इतिहास १८ वर्ष पुरानो भेटिन्छ । जबकि हिन्द–प्रशान्त रणनीति ट्रम्प शासनको उदयपछि भएको मानिन्छ । संयुक्त राष्ट्रसङ्घले सहस्त्राब्दी विकास लक्ष्यलाई दिगो विकास लक्ष्यमा परिवर्तन गरेपछि अल्पविकसित देशहरूको आवश्यकता झनै ठूलो हुन पुगेकोले यसको समाधानको लागि संयुक्त राष्ट्रसङ्घले मेक्सिकोको मन्टरेमा सन् २००२ मा 'इन्टरनेशनल कन्फ्रेन्स अन फाइनान्सिङ फर डेभलपमेन्ट' नाम गरेको अन्तर्राष्ट्रिय गोष्ठीको आयोजना गरेको थियो । यो कन्फ्रेन्स सन् २००८ मा कतारको दोहामा आयोजना भएको थियो भने तेस्रो इथियोपियामा सन् २०१५ मा आयोजना भएको थियो । ९/११ पछि आतङ्कवादको एउटा कारक तत्त्व अल्पविकास पनि हो भन्ने कुराले महत्त्व पाउँदै गएकोले अमेरिकामाथि यसमा सहयोग गर्ने दबाब बढ्दै गएकोले अन्ततः अमेरिकाले विकासको नाममा तानाशाही प्रवृत्तिलाई बढावा नदिने गरी सहयोग गर्न तीनवटा प्रमुख मापदण्ड बुश प्रशासनले तय गरेको थियो ।

१) स्वास्थ्य, शिक्षातर्फको खर्च–
   प्राकृतिक स्रोत र साधनको संरक्षण
   बालबालिकालाई नियमित खोप
   शिशु स्वास्थ्य र प्राथमिक शिक्षाको व्यवस्था
२) आर्थिक स्वतन्त्रता–
   आर्थिक क्रियाकलापमा महिला सहभागिता
   भूमि स्वामित्वको अवस्था
   र, स्टार्टअप अवस्था
३) विधिको शासन–

एमसिसीको औपचारिक सुरुआत सन् २००४ बाट भएपनि नेपालमा सन् २०११ मा डा शङ्कर शर्मा अमेरिकाको राजदूत भएको बेला नेपालमा यसबारे अध्ययन थालिएको हो । संसद्बाट अनुमोदन पर्खिबसेको यस एमसिसी सम्झौताबारे नेकपाका वरिष्ठ नेता भीम रावलले केही धारा नेपालको राष्ट्रियता र सार्वभौमसत्ताविपरीत रहेको कुरा उठाउनुभएको छ, जसलाई अत्यन्त संवेदनशील नै मान्नुपर्दछ । उहाँले इङ्गित गर्नुभएको मुख्य कुराहरू यस प्रकार छन्–

१) धारा ३ को उपदफा ३ (२) (च)मा सम्पूर्ण बौद्धिक सम्पत्तिमा अमेरिकाको पूर्ण अधिकार हुनेछ...
२) धारा ३ को उपदफा (३) (८) (क)मा परियोजनाको लेखापरीक्षण अमेरिकाको कम्पनीले मात्र गर्न सक्नेछ...
३) धारा ५ को (क) (ख)मा अमेरिकी सरकारले चाहेमा परियोजना कुनै पनि बेला रद्द गर्न सक्नेछ...

(४) धारा ७ को उपदफा ७ (क)मा प्रस्तुत सम्झौता लागू भएपछि प्रस्तुत सम्झौतामा उल्लिखित र नेपालको राष्ट्रिय कानून बाझिएमा प्रस्तुत सम्झौता लागू हुनेछ...

(५) अनुसूची १ (ग)को (२)मा यस परियोजनामा नेपाल सरकारले राज्यको कुनै निकायलाई खटाउनुपर्दा एमसिसीको स्वीकृति लिनुपर्नेछ ।

(६) अनुसूची ४ (क)मा नेपाल सरकारले एमसिसीलाई चित्तबुझ्दो योजना तयार गरी पठाउनुपर्नेछ र योजनामा भारत सरकारको समर्थन हुनुपर्नेछ ।

नेता रावलले उठाउनुभएको बुँदाहरूका बारेमा थप अध्ययन गर्दा यस कार्यक्रमसँग प्रत्यक्षरूपमा नेका सरकारका समयमा संलग्न रहनुभएका योजना आयोगका उपाध्यक्ष स्वर्णिम वाग्लेको भनाइ भने यस्तो रहेको पाइन्छ । सन् २०१२ देखि नेपाल आएर नेपालको विकासका बाधकहरूको अध्ययन थालेको एमसिसी टोलीले 'ग्रोथ डाइग्नोस्टिक स्टडी' गरेर सन् २०१४ मा एउटा प्रतिवेदन तयार गरेको थियो । जसमा चारवटा विकासका बाधकहरूको पहिचान भएको हो । १) विद्युत् (२) सडक (३) नीतिगत निरन्तरताको अभाव र (४) श्रम समस्या । यसमध्ये ३ र ४ छिटोछिटो सरकार परिवर्तनसँग सम्बन्धित भएको र संविधान निर्माणको क्रममा रहेकोले यो लागू भएपछि क्रमशः समाधान हुँदै जाने आधारमा (१) विद्युत् र (२) सडकलाई विकासको मुख्य बाधकको रूपमा पहिचान गरिएकोले नेपालमा एमसिसीको कार्यक्षेत्र यी दुई क्षेत्र मात्रै हुन् । यसको लागि सन् २०१५ मा 'अफिस अफ मिलेनियम च्यालेन्ज नेपाल' स्थापना गरी कार्यको शुभारम्भ गरिएको थियो । नेपालमा विद्युत् उत्पादनमा राम्रो काम भइरहे पनि प्रसारण लाइनको अभाव निकै खड्किएकोले अन्तरदेशीय प्रसारण लाइनको लागि ४०० केभिएको प्रसारण लाइन नै चाहिने भएकोले यसको लागि ३ सय किलोमिटर हाइभोल्टेज प्रसारण लाइन बनाउन ४० करोड डलर र बाँकी रकम ३ सय किलोमिटर सडक सम्भार एवं नीतिगत कुराको लागि व्यवस्थापन गरिएको छ । विद्युत्तर्फ नेपाल विद्युत् प्राधिकरणकै मास्टर प्लानलाई सहयोग गर्ने गरी लप्सीफेदी–रातमाटे, रातमाटे–दमौली, दमौली–बुटवल र बुटवलबाट भारतको सीमासम्म प्रसारण लाइन बनाउने योजना छ । उताबाट भारतले आफ्नो प्रसारण लाइन ल्याउनेछ, जसबाट नेपालको अतिरिक्त बिजुली भारत निकासी गर्न सकियोस् । अब भारतको स्वीकृति र सहमति नभए यो लाइन बनाउनुको के अर्थ रहन्छ । नेपालको पहिलो अन्तरदेशीय प्रसारण लाइन ढल्केबर–मुजफ्फरपुर नबनेको भए नेपालबाट लोडसेडिङ हटाउन सम्भव थिएन । त्यसैले दोस्रोमा बुटवल–गोरखपुर, तेस्रोमा अन्तरिया–बरेली, चौथोमा लम्की–बरेली र पाँचौं चरणमा इनरुवा–पूर्णिया प्रसारण लाइन बनाउने योजना छ । यो अन्तरदेशीय र भारतसँग सम्बन्धित भएकोले भारतको सहमतिबेगर कसरी निर्माणको कल्पना गर्न सकिन्छ । त्यस्तै, बौद्धिक सम्पत्तिको कुरामा समेत सडक मरम्मत र प्रसारण लाइन निर्माणमा सामान्यतः बौद्धिक सम्पत्तिको प्रश्न जोडिएको हुँदैन । यी दुवै कार्यमा आधुनिक प्रचलित प्रविधिको प्रयोग हुने भएकोले यसले समेत राष्ट्रियता र सार्वभौमिकतामा बाधा पर्ने देखिंदैन । जहाँसम्म लेखापरीक्षणको कुरा छ कम्प्याक्टको दफा ३.८ मा एमसिसीले अन्तर्राष्ट्रिय मापदण्ड पूरा गरेको अडिटर प्रस्ताव गर्ने भनिएको छ र साथै त्यसमा प्रस्तुत दफा ३.८ (क) मा उल्लेख भएबमोजिमको शर्तले नेपालको महालेखा

परीक्षकको कार्यालयलाई एमसिसी–नेपालको लेखापरीक्षण गर्न रोक लगाउने छैन भनेर स्पष्ट उल्लेख छ ।

सबै कुरा यति स्पष्ट उल्लेख हुँदाहुँदै पनि किन यसको विरोध भइरहेको छ भनेर बुझ्न डा. स्वर्णिम वाग्लेलाई चीनका एक सिनियर प्राध्यापकले "डा. वाग्ले, सित्तैमा भन्ने केही कुरा हुँदैन" भनेको प्रसङ्ग उल्लेखनीय छ । वस्तुतः एमसिसीमा अमेरिकाको केही न केही आफ्नो स्वार्थ छ भने त्यो कुरा नै चीनको बिआरआईमा लागू हुँदैन ? हुन्छ भने बिआरआईमाथि नै पुनर्विचार किन नगर्ने ?

यहाँनिर किन एमसिसी भन्ने प्रश्नमा निम्न कुराहरू विचारणीय हुन आउँछः

१. एमसिसीको सहयोग ५० करोड डलर अनुदान हो ऋण होइन ।
२. ५ वर्षमैं आयोजना पूरा गरिहाल्ने उद्देश्य भएकोले केही शर्तहरू कडा छन् । जस्तैः कानूनसँग बाझिएको हदसम्म एमसिसी सम्झौता लागू हुने । यसमा संविधान भन्ने कहीं उल्लेख छैन र त्यसैले संसदीय अनुमोदन खोजिएको हो ।
३. नेपालसँग आफ्नो व्यापारघाटा न्यूनीकरणको दिगो व्यवस्थापन गर्न दीर्घकालीनरूपमा पर्याप्त परिमाणमा निर्यात गर्न सकिने वस्तु विद्युत्बाहेक केही छैन । ५ वर्षमा नै प्रस्तावित अन्तरदेशीय लाइन निर्माण भएपछि नेपाली जनता र देश दुवैले यसको फल पाउनेछन् । नेपालको मेलम्ची र राष्ट्रिय गौरवका आयोजना जस्तो दुर्गति र नियति भोग्नुपर्नेछैन ।

विद्युत्बाहेकको दोस्रो क्षेत्र हो, सडक मरम्मतसम्भार । यस सम्बन्धमा अमेरिकी राष्ट्रपति जोन एफ केनेडीको भनाइ "हामी धनी छौं किनभने हामीसँग सडक छ"लाई मात्र सम्झे पुग्छ । सडक नभएका कारण प्रतिकूल मौसममा हवाई यात्रा पर्खेर बस्नुपर्ने बिरामीहरू मृत्युवरण गर्नुपर्ने अवस्था के मानवीय संवेदना र आधारभूत आवश्यकताको विषयवस्तु होइन । समग्रमा सडक र भएका सडकको दुरवस्थाले ढुवानी खर्च र समय मात्र होइन गाडीहरूको वियर टियर एवं इन्धनको खपत समेत बढ्दै जानुले पनि राष्ट्रिय ढुकुटीमा ठूलो बोझ छ, जसको बोध हुन जरुरी छ । त्यसैले यसको विरोध मात्रै गर्नुभन्दा संसद्मा पेश भइसकेपछि खुलेर छलफल गरी यसबारे निर्णय लिनु नै बुद्धिमानी हुनेछ ।

२०७६ माघ ०८ गते बुधवार

कान्तिपुर इकोनोमिक समिटः २०२०

२०७६ पुस २४ गते काठमाडौंमा आयोजित कान्तिपुर इकोनोमिक समिट–२०२० को विस्तृत विवरण २५ गतेको कान्तिपुरमा पढ्न पाइयो । सम्पूर्ण समाचार, अद्योपान्त पढ्दा सरकार र निजी क्षेत्रले आआफ्नो समस्या त राखे तर आफ्नै अडानमा कायम रहेकाले यस समिटबाट नेपालको आगामी चीनमा आर्थिक गतिविधि उक्लिने सङ्केत पाउन सकिएन । सरकारको तर्फबाट निजी क्षेत्रको मनोबल टुट्न नदिने प्रतिबद्धता व्यक्त भयो भने निजी क्षेत्रले नीतिभन्दा नियतले समस्या भएको भन्दै वित्तीय क्षेत्र नै नियन्त्रणमा रहेको अवस्थामा लगानी जुटाउन सम्भव नहुने भनाइ राखेको पाइयो ।

बैंकिङ क्षेत्रको समाचारबारे नेपाल राष्ट्र बैंकको तथ्याङ्कको आधारमा गत वर्षको पहिलो चार महीनामा बैंकहरूले रु २०१ अर्ब ऋण प्रवाह गरेकोमा यस वर्षको सोही अवधिमा रु १३६ अर्ब मात्र ऋण प्रवाह गरेको देखिन्छ । Trade and Export Promotion Centre को तथ्याङ्कले यस आवको पहिलो चार महीनामा आयात ६.९ प्रतिशतले घटेकोले समेत बैंकहरूको लगानीमा प्रतिकूल असर परेको छ । सरकार स्वयम्ले अन्तःशुल्कबाट यस वर्ष रु १७० अर्ब उठाउने लक्ष्य राखेकोमा यो लक्ष्य पूरा हुने सङ्केत देखा परेको छैन । सरकारले पूँजीगत खर्च बढाउन नसक्नु पनि एउटा मुख्य कारण रहेको देखिन्छ । पूर्वाधार निर्माणका कामहरू जोडतोडले भएर अगाडि बढ्दा सिमेन्ट, छड, इँटा जस्ता निर्माण सामग्रीको व्यापार उभो लाग्ने र यसबाट प्रशस्त रोजगारसमेत सिर्जना हुन्छ । तर सरकारी तथ्याङ्क अनुसार नै डिसेम्बर १७ सम्ममा पूँजीगत शीर्षकमा छुट्याइएको कुल बजेटको ९.९ प्रतिशत मात्र खर्च हुन सकेको छ । यस सम्बन्धमा अर्थमन्त्रीले पूँजीगत खर्च विस्तार गर्न अझ कानूनी सुधार र कार्यशैलीमा परिवर्तन आवश्यक रहेको औंल्याउँदै काम गर्ने कर्मचारीतन्त्र केही तर्सिएको हो कि भन्दै अब उनले असल नियतले गरेको कामको संरक्षण जरुरी भएको भन्दै झारो टारेकोमा चिन्ता गर्ने ठाउँ छँदैछ ।

यस आवको चार महीनामा आयात ६.९ प्रतिशतले घटेको छ भने गत वर्ष ३५.८ प्रतिशतले बढेको थियो । आयात भारतबाट १०.९ प्रतिशत अन्यबाट १०.७ प्रतिशत र ८.७ प्रतिशतले घटेको छ भने चीनबाट १२.८ प्रतिशतले बढेको छ । वस्तुगत आधारमा कच्चा पाम आयल, मेशिनरी पार्टपुर्जा, हटरोल, विद्युतीय उपकरणलगायतको आयात बढेको देखिन्छ । निर्याततर्फ २३.९ प्रतिशतले वृद्धि भएको छ । निर्यात भारततर्फ ४५.६ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फ ६ प्रतिशत र अन्यतर्फ ४.७ प्रतिशतले कमी आएको छ । समीक्षा अवधिमा पाम आयल, पोलिस्टर धागो, अलैंची, जुटका सामान र आयुर्वेदिक औषधि बढेको छ तर जस्तापाता, तयारी पोशाक, जुस, ऊनी, गलैंचा

जस्ता वस्तुको निर्यात भने घटेको छ । त्यस्तै, समीक्षा अवधिमा वैदेशिक रोजगारमा जानेको सङ्ख्या ५.६ प्रतिशतले बढेको देखिए पनि रेमिटचान्स २.३ प्रतिशतले घटी रु ३०५ अर्ब भएको देखिन्छ । निर्याततर्फ सबैभन्दा बढी योगदान पाम आयल र सोयाबिनकै देखिन्छ । प्रकाशित तथ्याङ्कहरूका अनुसार चालू आवको पहिलो ५ महीनामा पाम आयलको निर्यात विगतको सोही अवधिको तुलनामा आठ गुणाले बढेर ११.५ अर्ब पुगेको छ । विश्व बैंकको रिपोर्टको आधारमा दक्षिण एशियाभन्दा बाहिरका मुलुकहरूमाथि पाम आयलमा ५४ प्रतिशत र सोयाबिन आयलमा ४५ प्रतिशत टेरिफ लाग्ने गर्दछ । तर साफ्टाको सदस्य राष्ट्र भएको नाताले नेपाललेे यसबाट छुट पाएकोले यी दुवै तेलको निर्यातमा ठूलो वृद्धि भएको हो । तर यसै आधारमा नेपालको निर्यातमा ठूलो वृद्धि भएको हो । तर यसै आधारमा नेपालको निर्यात बढेको मान्न सकिँदैन । पुस २३ गतेको द काठमान्डू पोस्टमा प्रकाशित तालिकाले यथार्थ स्पष्ट गर्दछ ।

माथि उल्लिखित वस्तुहरू Nepal Trade Integration Strategy 2016 अन्तर्गत निर्यातयोग्य वस्तु भनी पहिचान गरिएका वस्तु हुन्, जसको निर्यात वृद्धिबाट नेपालको निर्यात व्यापार उभो लाग्न सक्दछ । तर ठूलो अलैंचीबाहेक हरेक निर्यात योग्य वस्तुको निर्यात घटेकोतर्फ नेपालको चिन्ताको कतै चियोचर्चासम्म भएन ।

गत आवमा १४ खर्ब १८ अर्बको आयात भयो । त्यसमध्ये रेमिट्यान्सबाट रु ८ खर्ब ७९ अर्ब, पर्यटनबाट ७३ अर्ब र निर्यातबाट ९७ अर्ब गरी जम्मा आर्जन १० खर्ब ४९ अर्ब रुपैयाँ हुँदा आयातको बिल तिर्न रु ३ खर्ब ६९ अर्ब अपुग भयो, जुन हाम्रो व्यापारघाटा हो । यसपालि भर्खरै भारतले पाम आयलको मलेसियाबाट आयातमा रोक लगाएपछि नेपालबाट भारतमा हुने यसको निर्यातसमेत रोकिएको छ । खुल्ने अपेक्षा त गरिएको छ तर खुलेन भने निर्यातमा पर्ने प्रतिकूल असरका साथै करीब रु ६ अर्बको लगानी निरर्थक हुनेछ । यस अवस्थामा चालू आवको पहिलो चौमासिकमा रेमिट्यान्स २.३ प्रतिशतले घटेको र वर्तमानमा इरान-अमेरिका युद्धले पनि अमेरिकाले लगाउने भनेको कडा आर्थिक प्रतिबन्धका कारण रेमिट्यान्स जति घट्छ, त्यसै अनुपातमा व्यापारघाटा बढ्ने सङ्केतहरूलाई नकार्न सकिन्न । भारत स्वयम्को घट्दो आर्थिक वृद्दिदरका कारण महँगी बढ्नेक्रम जारी नै रहनेछ । त्यस अवस्थामा एकअर्कामाथिको दोषारोपणबाट देशको अर्थतन्त्रमा सुधार आउने अपेक्षा गर्न सकिँदैन । यो गम्भीर समस्याबाट कसरी उन्मुक्ति पाइने हो भनेर ठोस कार्ययोजना नबनाएमा देश आर्थिक सङ्कटको भुमरीमा फस्ने निश्चित छ ।

२०७६ माघ ०१ गते बुधवार

पोखरी र सौन्दर्यीकरण

अहिले वीरगंजमा सौन्दर्यीकरण भएको एकमात्र घडीअर्वा पोखरी रहेकोमा अब नगवा पोखरीको नामसमेत आउन थालेको छ । प्रदेश २ सरकारले करीब ३ करोड रुपैयाँको लागतमा यसको निर्माण कार्य थालेको समाचार सगौरव प्रकाशित भइरहेका छन् । यसको मुख्य उद्देश्य पर्यटक आकर्षण हो भनेर महिमामण्डन गरिँदैछ । तर वास्तविकता भने अर्कै छ । पर्यटकको आकर्षण त 'बाई प्रोडक्ट' मात्र हो । मैले जानेको वीरगंजमा रक्सौलतर्फबाट प्रवेश गर्दा पहिले पोखरी अध्यागमन कार्यालयको छेउमा थियो र त्यसपछि आउँथ्यो छपकैया पोखरी । यी दुवै पोखरी अहिले पुरिइसकेको अवस्थामा छन् । त्यसपछि आउँथ्यो बिर्ताको माईराम पोखरी नामकरण गरिएको हालको भगवतीटोलको पोखरी जुन ३ बिघाबाट घटेर १३ कट्ठामा सीमित भएर पार्कको स्वरूप ग्रहण गरेको छ । पोखरीको नामोनिशान छैन । त्यसपछि महावीर मन्दिरनजीक हाल अनमोल स्वीट्स रहेको घरपछाडि ठूलो पोखरी थियो । अब्दुल हकिम टेलर मास्टर साहेबकहाँ २०२८–३० सालसम्म पाइन्ट सिलाउन जाँदा त्यहाँ बसेर घाम तापेको सम्झना छ । अहिले त्यहाँ ठूलठूला महलहरू बनिसकेका छन् । पोखरी छैन । हालको बाइपास रोडनजीक रहेको दुवै नगवा पोखरी र अर्को माईधिया पोखरीको आफ्नै ऐतिहासिक महत्त्व छ । दुवैमध्ये नगवा पोखरी अब जोगिने पक्का भइसक्यो तर २ नं. बाइपास रोडको कारण ऐतिहासिक माईधिया पोखरीको संरक्षण पनि आवश्यक छ । मैले आफ्ना बाजेहरूबाट थाहा पाए अनुसार तराईको प्रचलन अनुसार वीरगंज नगर र आसपासका क्षेत्रमा छोरीको बिहे गरेका आमाबुबाले छोरी भेट्न आउँदा छोरीको घरको दानापानी कन्यादान गरेकाले नखाने परम्परा रहेकाले तत्कालीन राणा शासकहरूले त्यहाँ एउटा गुठी राखेका थिए, जसबाट दाउरा र अन्न आगन्तुकहरूलाई उपलब्ध गराइन्थ्यो । वीरगंजमा विवाहित भएर बसेका बुहारीहरूलाई उनको आमाबुबालाई भेट्ने थलोको रूपमा रहेको यो पोखरी कालान्तरमा माई (आमा) धिया (छोरी/सन्तान) पोखरीको नामबाट चिनिन गएको हो । समग्र मधेसकै परम्परा निर्वाह गर्ने जिम्मेवारी बोकेको यो पोखरीको ऐतिहासिक महत्त्व स्थानीय र प्रदेश सरकारले कसरी बुझेन ? आश्चर्य लाग्छ।

अब अर्को पक्षतर्फ विचार गरौं । प्रायः सबै ठूला पोखरी र सम्पूर्ण इनार पुरिइसकेको अवस्थाले वीरगंजलाई के प्रभाव पार्छ ? बढ्दो शहरीकरण एवं नाला निर्माणका कारण वर्षाको समयमा पर्ने पानी र घरायसी प्रयोगबाट समेत निस्किने पानीले नाला ओभरफ्लोका साथै तल्लो भूभागमा पानी जम्ने र Water Holding Area घटेको कारणले भूमिगत जल recharge हुन सक्दैन, जसको कारण Watel Lable वा भूमिगत जलको सतह घट्न थाल्छ । वीरगंजका धेरै क्षेत्रमा पर्याप्त वर्षा भएको वर्षमा

समेत गर्मी मौसममा चापाकल वा बोरिङ सुक्ने प्रक्रिया तपाईं हामी सबैले भोगेकै हो । यसको प्रमुख कारण माथि उल्लिखित नै हुन् । अहिले वीरगंजमा श्रीपुर, मुर्ली, नगवा र आदर्शनगर केन्द्रबाट खानेपानी वितरण हुने गरेको छ । मुर्ली केन्द्रले सम्भवत: दैनिक ६४ लाख लिटर र अन्य केन्द्रहरूको औसत ५० लाख लिटर मात्रै मान्ने हो भने पनि अनुमानित २ करोड लिटर पानी खानेपानी योजनाको माध्यमबाट वितरण हुन्छ । जबकि छपकैया, नगवा, पिपरा र रेलवेलाइन सडकमा यसको सेवा उपलब्ध छैन । नयाँ निर्माण भएका घरहरूले आफैं बोरिङ गरेर पानी प्रयोग गर्ने गरेकाले मोटामोटी खानेपानीको २ करोड लिटर पानी गरी दैनिक ४ करोड लिटर (अनुमान) पानी वीरगंजबाट दोहन हुँदैछ। अब यतिकै मात्रामा पानी रिचार्ज गर्न सकिएन भने भूमिगत जलको स्तर खस्कने र माटोको भारवहन क्षमता कम भएको क्षेत्रमा जग्गा भासिने सम्भावनासमेत बढेर जान्छ ।

वीरगंजलाई यस भयावह सङ्कटबाट जोगाउने हो भने त्यसको एकमात्र उपाय भूमिगत जल प्रयोगको भर्पाइ गर्नुको कुनै विकल्प छैन र त्यसका लागि–

१. पुराना पोखरी र इनारहरूलाई पुनर्जीवित गर्ने र सो गर्न नसक्ने अवस्था भए नयाँ निर्माण गर्ने ।

२. वैज्ञानिक अध्ययन अनुसार १ हजार स्क्वायर फिटको छतबाट वर्षात्को एउटा मौसममा औसतमा १ लाख लिटर पानी खस्दछ । यो पानीलाई घरधनीहरूले जम्मा गरी घरको कुनै कुनामा खाल्डो खनेर कोइला, बालुवा र गिट्टी राखेर जम्मा गरेर वा बोरवेल छ भने वर्षात्को पानीलाई त्यही खसाएर वा कसैको घरमा सुकेको धारा छ भने त्यसको पाइपबाट वर्षात्को पानी जमीनमुनि पठाएर रिचार्ज गर्न सकिन्छ ।

त्यसैले स्थानीय वा प्रदेश सरकारले यस दृष्टिकोणबाट समेत सोचेर वीरगंज महानगरसमेतको भविष्यको चापलाई दृष्टिगत गरी कमसेकम १० करोडको Holding क्षमता हुने गरी थप पोखरीको निर्माणलाई प्राथमिकता दिनुपर्दछ । जनस्तरमा सबै भूमिगत जल प्रयोग गर्ने घरधनीहरूले यस लेखमा उल्लेख गरिए अनुसार आआफ्नो घरमा रिचार्ज प्रणाली बनाएमा पानीको सङ्कट कहिले भोग्नु नपर्ने र शहरले समेत वर्षाको पानीले हुने बाढीबाट छुटकारा पाउनेछ । पर्यटक पनि स्वच्छ, सफा खाने र नुहाउने पानी पाउने ठाउँमा आकर्षित हुन्छन् । भारतको मुम्बई महानगरमा यो प्रयोग अत्यन्त सफल भएको छ ।

२०७६ पुस २३ गते बुधवार

नेपालमा समाजवाद–१

नेकपाका उपाध्यक्ष वामदेव गौतमले नेपालमा पाँच वर्षमा आधारभूत समाजवादको निर्माण गरेर अर्को पाँच वर्षभित्र चीनको स्थानसम्म पुग्न सकिने दाबी गर्नुभएको छ । 'विश्व व्यवस्था र चीन र नेपालमा समाजवादको सम्भाव्यता' शीर्षक कार्यशालामा यसरी १५–२० वर्षमा नेपाल समृद्धिको बाटोमा लाग्न सक्ने मन्तव्य राख्नुभएको पाइन्छ। उहाँको विचारमा 'साम्यवाद रूपान्तरणको चरमसम्म जाने समाजवाद हो ।'

२१ नोभेम्बरको द काठमान्डू पोस्टको पृष्ठ ७ मा प्रकाशित Prosperity sharing in changing world शीर्षक लेखमा पूर्व अर्थमन्त्री डा. रामशरण महत लेख्नुहुन्छ– राष्ट्रसङ्घको मिलेनियम सम्मेलन २००० ले आठवटा सहस्राब्दी विकास लक्ष्य निर्धारण गरेको थियो । जस अनुसार सन् २०१५ सम्ममा गरीबी निर्मूल, विश्वव्यापी प्राथमिक शिक्षा, लैङ्गिक समानता, मातृ तथा शिशु मृत्युदर घटाउने र वातावरण संरक्षण गर्ने लक्ष्य लिइएको थियो । तर २०१५ मा नै संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले दिगो विकास लक्ष्य सन् २०३० सम्ममा प्राप्त गर्ने गरी निर्धारण गरियो । १७ वटा लक्ष्य समावेश यसमा भोकमरी तथा गरीबी निर्मूल गर्ने, स्तरीय शिक्षा, लैङ्गिक समानता र आर्थिक असमानता न्यूनीकरण मुख्य रहेका छन् । यस क्षेत्रमा नेपालले समेत उल्लेख्य प्रगति गरेको उल्लेख गर्दै डा महत लेख्नुहुन्छ– न्यून आर्थिक वृद्धिदरका बावजूद नेपालले मातृशिशु मृत्युदर घटाउने, गरीबी निवारण र समावेशिताको क्षेत्रमा दक्षिण एशियाको औसतभन्दा राम्रो प्रगति हासिल गरेको छ । नेपालको बाँच्ने औसत आयु ७०.६ वर्ष पुगेको छ जबकि दक्षिण एशियाको औसत ६९.३ वर्ष रहेको छ । नेपालले सहस्राब्दी विकास लक्ष्यको सबै लक्ष्यहरू समयअगावै पूरा गरेको दाबी गर्नुभएको छ । सन् २०१७ मा दक्षिण एशिया Global Hunger Index मा सबैभन्दा माथि रहेकोमा सन् २०१८ मा नेपाल ७७ मुलुकमध्ये २२औं स्थानमा पुग्न सफल भएको छ । गैरआयमूलक मानव विकास सूचकाङ्कमा समेत नेपालको प्रगति युएनडिपीको रिपोर्टबाट देखिन्छ भने गिन्नी को–इफिसिएन्टमा समेत सन् २००३ को ४३.८ बाट २०१९ मा ३२.८ मा पुगेको र न्यून आयवर्गका ४० प्रतिशत जनसङ्ख्याको खपतको स्तर झन्डै दोब्बरले बढेको दाबी गर्नुभएको छ ।

अगाडिको बाटोको सम्बन्धमा ख्यातिप्राप्त अर्थशास्त्री जगदीश भगवतीको Double Barreled सुधारको बाटो अङ्गीकार गर्नुपर्ने उल्लेख गर्नुभएको छ । यसको पहिलो प्राथमिकता समावेशिताको आधारमा दिगो विकास गर्ने जसबाट रोजगार सिर्जना भएर गरीबी निवारण होस् र दोस्रोमा गरीबलाई प्रत्यक्ष लाभ पुग्ने वितरण प्रणाली (Redistributing Approach) लिनुपर्छ । नेपालको सन्दर्भमा भौतिक पूर्वाधार, सडक,

सिंचाइ, विद्युत्, खानेपानीलगायत अन्य सामाजिक–आर्थिक क्षेत्रहरूमा मनग्य लगानी हुनुपर्दछ। यो हुन सकेमा डा महतको प्रक्षेपणले वामदेव गौतमज्यूको सपना पूरा हुने देखिन्छ ।

तर Foundation for critical Discource Nepal ले World Order and china: Prospect of Socialism in Nepal शीर्षकको श्री खगेन्द्र प्रसाईको अनुसन्धानपत्रमाथि आयोजना गरेको छलफल कार्यक्रममा भने विद्वान् वक्ताहरूले अहिले नेपालले हिंड्ने बाटो टुङ्गो लगाउनुपर्ने भएको छ किनभने सम्पूर्ण विश्व पूँजीवादको पथमा अग्रसर भइरहेको छ भने चीन समाजवाद उन्मुख छ । अनुसन्धानकर्ता प्रसाईले नेपालको सम्बन्धमा आफ्नो विचार प्रस्तुत गर्दै चीनको समाजवादले आउँदो दिनमा कुन स्वरूप ग्रहण गर्ने हो निक्यॉल नभएसम्म नेपाललाई पनि आफ्नो बाटो निर्धारण गर्न कठिन भएको धारणा राख्नुभएको थियो भने पूर्व महान्यायाधिवक्ता युवराज सङ्ग्रौलाले नेपाललाई प्रजातान्त्रिक समाजवाद उन्मुख भनिए पनि नेपालले समाजवादको लक्ष्य हासिल गर्न सक्ने अवस्था छैन ।

नेकपाका स्थायी कमिटी सदस्य एवं पूर्व अर्थमन्त्री श्री सुरेन्द्र पाण्डेको भनाइले भने नेपालमा वामदेव गौतमले भनेजस्तो ५ वर्षमा चीनजस्तो उपलब्धि हासिल हुने भनाइको विपरीत निष्कर्ष निकाल्न सकिन्छ । उहाँले बेरोजगारीको सरकारी तथ्याङ्क ८–९ प्रतिशत मात्र रहेको भनिए पनि वास्तविक तथ्याङ्क २२ प्रतिशत रहेको भन्नुहुँदै यस आधारमा देशको ३ करोड जनसङ्ख्यालाई आधार मान्दा ६६ लाख जनता बेरोजगार भएकाले उनीहरूलाई रोजगारको अवसर दिनुपर्ने धारणा राख्नुभएको छ । रोजगार बढाउन उद्योगधन्दा खुल्नुपर्छ तर नेपालमा ठीक यसको उल्टो भई उद्योगपतिहरू व्यवसाय उन्मुख हुन थालेको पाइएको छ भने पूँजीगत खर्च नबढेर भौतिक पूर्वाधारका योजनाहरू कार्यान्वयन हुन नसकेर रोजगार झन् सङ्कुचित भएको छ । युवाहरूले विदेश गएर पठाएको पैसा र ऋण अनुदानको भरमा देशको अर्थव्यवस्था टिकेको छ । गणतन्त्रको स्थापनापश्चात् स्थानीयदेखि प्रदेश सरकारसम्म विकास योजना कार्यान्वयन गर्ने ठाउँमा विलासितापूर्ण गाडीको खरीद र मठमन्दिर तथा धर्मशालाको निर्माण मात्रै भएको पाइएको छ । भ्रष्टाचारबारे भन्नु नै बेकार भइसकेको छ । राजनीतिकरूपमा २०६२ देखि अस्थिर देश अब आएर तीनवटै तहको निर्वाचन सकेर राजनीतिकरूपमा स्थिर भएको छ तर भने अनुसार आर्थिक क्रान्ति गर्नु त परै जाओस् क्रान्तिको बाटोमा वामे सर्नसमेत सकेको छैन । किन यस्तो भइरहेछ भनेर हेर्दा मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले दण्डहीनता राज्य प्रणालीको अङ्ग भइसकेको तथ्य औंल्याउनुहुँदै एकै दिन १६ वटा कानून आयो, संसद्ले यसमा बृहत् छलफल गर्न कसरी सम्भव छ भनेर प्रश्न उठाउँदै प्रेस, मानव अधिकारसम्बन्धी ऐन ल्याउन सरोकारवालाहरूसँग छलफल नै नगरिएको, त्यस्तै गुठी ऐनको पनि व्यापक विरोध भएपछि फिर्ता भएको, प्रेसबारे छलफल हुँदैछ तर मानव अधिकारबारे भने जानकारी नभएको भनाइ राख्नुभयो ।

त्यस्तै सरकारले सेना परिचालनबारे र अहिले आएर संवैधानिक परिषद्बारे चाल्न खोजेको कदमहरूको अध्ययन गर्दा के लाग्दछ भने नेपालमा राजनीतिक स्थायित्व होइन शासकीय स्थायित्व मात्रै आएको हो र त्यसैले देश आर्थिक विकासतर्फ अग्रसर हुन सकिरहेको छैन । राजनीति भनेको राज्य सञ्चालनको नीति हो तर सरकारको अहिलेसम्मको कार्यकाल सरुवा र प्रजातन्त्रविरोधी विधेयकहरू सङ्ख्याको बलमा संसद्बाट पास गराउने जुन विधि अँगालेको छ, त्यो अधिनायकवाद हो र यसले आर्थिक विकास हुँदैन । समाजवादको प्राप्ति त झन् नेपालीहरूको लागि 'मृग मरिचिका' नै हो भन्न सकिन्छ ।

राजनीतिमा दुईथरीका सत्ता हुन्छन् । एउटा राज्यसत्ता र अर्को शासनसत्ता । दुवै एउटै लक्ष्य लिएर अगाडि बढेमा देशको विकास हुन्छ तर नेपालमा भने राज्यसत्ता नेकपाको दुई तिहाइले स्थापित भएको छ । दुई वर्ष बित्यो ३ वर्ष बाँकी छ । तर शासनसत्ता अझसम्म स्थिर हुन सकेको छैन । त्यसैले नेपालमा राजनीतिक स्थिरता आएको छैन भन्न मिल्दैन र यो नआएसम्म आर्थिक क्रान्ति कसरी हुन्छ ? त्यसैले समाजवाद नेपालीहरूको लागि मृग मरिचिका नै हो ।

२०७६ मङ्सिर २४ गते मंगलवार

नेपालमा समाजवाद–२

नेपाल राष्ट्र बैंकका गभर्नर डा चिरञ्जीवी नेपालले नीतिगत सुधारका कारण मुलुकको अर्थतन्त्र सकारात्मक दिशातर्फ बढिरहेको कुरा नेपाल आर्थिक पत्रकार समाजको २२औं स्थापना दिवसको अवसरमा व्यक्त गर्नुभएको छ। सोही कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले पनि शोधनान्तर घाटामा सुधार भएको र व्यापारघाटासमेत न्यूनीकरण हुने दिशामा केन्द्रित रहेकोले आर्थिक क्षेत्र सबल बन्दै गएको मन्तव्य राखे।

अर्कोतर्फ चालू आवको पहिलो चौमासिकको सबै मन्त्रालयको रिपोर्ट कार्ड पनि प्राप्त भएको छ। जस अनुसार गृह मन्त्रालयको प्रगति ९४.४ प्रतिशत रहेको छ भने ०.५ प्रतिशत काम मात्रै शुरू नभएको र ५.१ प्रतिशत कार्य भइरहेको देखिन्छ। दोस्रो स्थान सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ८५.३ प्रतिशत प्रगति हासिल गरेको छ। रक्षा मन्त्रालयले पनि ८५ प्रतिशत प्रगति हासिल गरेको छ। वर्गीकरण गर्दा दोस्रो पङ्क्तिमा खानेपानी ६९.२ प्रतिशत, राष्ट्रिय योजना आयोग ७० प्रतिशत, श्रम ७०.५ प्रतिशत, सञ्चार ७२.६ प्रतिशत र भूमि व्यवस्था एवं सहकारी ७४.६ प्रतिशतमा पर्दछन् भने तेस्रो पङ्क्तिमा शिक्षा ५५ प्रतिशत, भौतिक पूर्वाधार ६१.४ प्रतिशत, कृषि ६५.७ प्रतिशत, उद्योग ६७.१ प्रतिशत र शहरी विकास ६५.८ प्रतिशत रहेका छन्। यस्तै, ४० देखि ५५ प्रतिशतसम्म उपलब्धि हासिल गर्नेमा युवा तथा खेलकूद, ऊर्जा, महिला तथा बालबालिका, प्रधानमन्त्री कार्यालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रहेका छन्। र, सबैभन्दा कम ११.१ प्रतिशत उपलब्धि हासिल गर्ने पुनर्निर्माण प्राधिकरण रहेको छ भने पर्यटन १७.४ प्रतिशत, परराष्ट्र २५ प्रतिशत, कानून ३४.५ प्रतिशत र वन मन्त्रालयको ४१.८ प्रतिशत रहेको छ। मोटामोटी अनुमान गर्दा समग्रमा प्रगति ५० प्रतिशतभन्दा घटी रहेको छ।

अब अर्कोतर्फ कोष तथा लेखा नियन्त्रण कार्यालयको तथ्याङ्क अनुसार २५ नोभेम्बरसम्ममा प्रथम चौमासिकमा पूँजीगत खर्च ७.२ प्रतिशत मात्र रहेको छ। गत वर्षको यसै अवधिमा यो रकम विनियोजन गरिएको बजेटको १०.७४ प्रतिशत रहेको थियो। नेपाल मानव अधिकार आयोग २२, मधेसी आयोग २३.३, थारू आयोग २५.९ र खेलकूदले ३३.७ प्रतिशत खर्च गरेका छन् भने श्रम तथा रोजगार, शिक्षा, विज्ञान तथा प्रविधि, उद्योग, वाणिज्य तथा आपूर्ति, विज्ञान एवं प्रविधि र वन मन्त्रालयहरूले विनियोजित बजेटको ५ प्रतिशत मात्रै खर्च गर्न सकेको देखिन्छ। भौतिक पूर्वाधारसँग जोडिएका भौतिक पूर्वाधार एवं यातायात, ऊर्जा, जल तथा सिंचाइ, संस्कृति एवं नागरिक उड्डयनले ७–७.५ प्रतिशतसम्म मात्र खर्च गर्न सकेको उल्लेख छ। यस्तो अवस्थामा अन्य मन्त्रालयको त कुरा छाडौं तर भौतिक पूर्वाधार र यातायात एवं

पर्यटन मन्त्रालयको मात्रै चर्चा गर्दा पनि देशभरिमा सडक र पुनर्निर्माणमा जुनसुकै कारणले भएपनि प्रगति न्यून रहेको देखिन्छ भने सन् २०२० सम्म २० लाख पर्यटक भित्र्याउने सपना बोकेको पर्यटन मन्त्रालयसमेतको दुई क्षेत्रीय र एउटा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणमा प्रगति देखा पर्दैन भने सिंचाइसमेतको अवस्था यस्तै देखिन्छ।

अर्कोतर्फ राष्ट्रिय योजना आयोगले राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति समीक्षा सम्बन्धमा प्रकाशित गरेको गत वर्षको तथ्याङ्क भने चमत्कारिक नै छ। ७-७.५ प्रतिशत मात्र यस आवको प्रथम चौमासिकमा खर्च गर्न सकेका भौतिक पूर्वाधार एवं यातायात, ऊर्जा, संस्कृति, पर्यटन एवं नागरिक उड्डयन मन्त्रालय एवं सिंचाइतर्फको गत वर्षको उपलब्धिमा सिक्टा सिंचाइ योजना ८०.७९, बबई सिंचाइ ४६.४१, रानीजमरा ८२.७३, भेरी बबई डाइभर्सन १०० प्रतिशत छ भने माथिल्लो तामाकोशी ७१.५६, बूढी गण्डकी ९१.५० प्रतिशत रहेको उल्लेख छ भने भैरहवा क्षेत्रीय विमानस्थलको ९६, पोखराको १०० र निजगढको भौतिक प्रगति १०० प्रतिशत रहेको उल्लेख छ। मध्य पहाडी लोकमार्ग ९७.४, हुलाकी लोकमार्ग १००, कोशी लोकमार्ग १०० र द्रुतमार्गको समेत १०० प्रतिशत भौतिक प्रगति भएको उल्लेख छ। योजना आयोगको यस रिपोर्टलाई हेर्दा समग्रमा पहिलो चौमासिकमा काम नभएपनि वर्षको अन्तसम्ममा न्यून रहेको मन्त्रालयहरूको समेत गत वर्षको प्रगति नराम्रो हो भन्न मिल्दैन। तर एउटा कुरा के सम्झनुपर्ने हुन्छ भने गत वर्षसमेत पूँजीगत बजेटको कुल ७८ प्रतिशत र त्यो पनि असारे खर्च जोडेर भएको थियो। यस्तो अवस्थामा कुल बजेटको औसत ५० प्रतिशत मात्रै खर्च गरेर कमसेकम भौतिक पूर्वाधार, सिंचाइ एवं पर्यटन मन्त्रालयले लक्ष्यको अन्तिम हदसम्म उपलब्धि प्राप्त गरेको देखिन्छ। त्यसैले मैले यसलाई चमत्कारिक भनेको छु। जहाँसम्म पहिलो चौमासिकमा न्यून खर्चको कुरा छ, त्यसमा प्रम कार्यालयका प्रवक्ताले वर्षात् र चाडपर्वको कारण तथा भुक्तानीमा ढिलो हुनुसमेतको कारणले गर्दा पूँजीगत खर्च न्यून देखिएको भनाइ राख्नुभएको छ भने अर्थशास्त्री विशाल चालीसेको विचारमा सरकारले आव शुरू हुनुभन्दा एक-डेढ महीनाअगाडि नै बजेट प्रस्तुत गर्ने कारण नै प्रथम चौमासिकमा न्यून खर्चको रोग हटाउन शुरू गरिएको हो। विना पूर्वतयारी बजेट व्यवस्था गर्ने र बजेट खर्चिने बेला कार्ययोजना तयार गर्नाले काम ढिलो हुने गरेको छ। नयाँ योजना नयाँ आवबाट थालनी गर्नुपर्ने र बजेट व्यवस्थापछि बोलपत्र आह्वान गर्ने र कार्य सम्झौता गर्ने, मुआवजा वितरणको कार्य आदिले पनि योजना ढिलो भइरहने उहाँको भनाइ रहेको छ। त्यस्तै, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष शङ्करप्रसाद शर्माको भनाइमा बजेटमा समावेश गर्दा कार्यक्रमबारे यथेष्ट गृहकार्य नहुनु, भूमि अधिग्रहणमा स्थानीयको अवरोध, सम्बन्धित मन्त्रालयको स्वीकृति प्राप्त गर्न हुने ढिलाइ, अप्ठेरो भूबनोट, स्थानीय ठेकेदार एवं श्रमिकलाई उचाल्ने राजनीतिक दलहरूको व्यवहार जस्ता कारण पनि यसमा उत्तरदायी छन्। तर यसको साथै उनको विचारमा सरकारले डिपिआर पूरा नभएको योजनालाई बजेटमा समावेश नगर्नु नै सर्वोत्तम

विकल्प हुन सक्छ । त्यस्तै, नेपालमा सार्वजनिक खरीदका लागि लागू गरिएको व्यवस्थासमेत प्रभावकारी भएको पाइएको छैन । सरकारको यो नियम सबै मन्त्रालय एवं विकास योजनाहरूको लागि एउटै छ, जबकि सामान्य ज्ञानले नि सडक निर्माणको प्रक्रिया र ऊर्जा उत्पादनको प्रक्रियाको अलग आवश्यकता हुन सक्दछ । त्यसैले सरकारले अन्य देशहरूमा यस समस्यालाई कसरी सम्बोधन गरिएको छ, त्यसको अध्ययन गरेर वर्तमान व्यवस्था परिमार्जन गर्नसमेत आवश्यक देखिन्छ । यसका साथै दण्ड तथा सजायको प्रावधानसमेत आवश्यक देखिन्छ ।

तर दुर्भाग्य देशको के भने मन्त्री र सचिवहरूसँग भएको कार्यसम्पादन सम्झौताको अवधि नपुग्दै सचिवहरूको सरुवा भयो र मन्त्रिपरिषद् पुनर्गठन भयो। राम्रो उपलब्धि हासिल गरेका मन्त्रीहरूको पदसमेत गुम्यो । यसबाट नेपालको व्यवस्थामा के सन्देश गयो भने यहाँ प्रणाली होइन रोजाइ र सन्तुलनको हिसाबले काम हुन्छ । त्यसैले काम गर्ने परिपाटी हतोत्साहित भएर रिझाउने परिपाटीले नै निरन्तरता पायो । यस प्रणालीले शासकीय सत्तामा स्थिरता आउँदैन र नेपालमा पनि विगत दुई वर्षमा यो आइनसकेकोले नै मैले राजनीतिक सत्ताको स्थिरता मात्र स्थापित भएको र यस आधारमा नेपालमा राजनीतिक स्थिरता स्थापित भएको भन्न नमिल्ने र यो नभएकोले आर्थिक प्रगति हुन नसक्ने अवस्था विद्यमान छ । जुन देशमा प्रजातन्त्र स्थापनाको तीस वर्षपछि समेत शासकीय सत्तामा स्थिरता छैन । त्यहाँ आर्थिक क्रान्ति गर्ने र समाजवाद स्थापित गर्ने लक्ष्यलाई दिवास्वप्न नै भन्नुपर्ने हुन्छ ।

२०७६ पुस ०१ गते मंगलवार

नेपालमा समाजवाद–३

२३ वर्षपछि नेपाल भ्रमणका लागि पाल्नुहुने चिनियाँ राष्ट्रपतिको भ्रमणको समयमा धेरैको अपेक्षा महामहिमबाट केरुङ–काठमाडौं रेलमार्ग निर्माण र ठूलो आर्थिक सहायता घोषणाको रहेको थियो । तर यसको साटो महामहिमले नेपाललाई भूपरिवेष्ठित अवस्थाबाट उन्मुक्ति दिने, सहयोग गर्ने तथा नेपालसँग रणनीतिक साझेदारीको महत्त्वपूर्ण घोषणा भयो । उहाँको भ्रमणकालमा जारी भएको संयुक्त वक्तव्यमा भनिएको छ– दुवै देशले शान्तिपूर्ण सहअस्तित्वको संयुक्त राष्ट्रसङ्घको पाँचवटा सिद्धान्तअनुरूप राम्रो छिमेकीपनका साथै नेपाल–चीन सम्बन्धलाई रणनीतिक साझेदारीको रूपमा विकसित गर्न सहमत भएका छौं । उहाँले नेपालको लागि ५६ विलियनको सहयोग राशिको घोषणा गर्नुभयो, जुन अमेरिकाको ५ सय मिलियन अमेरिकी डलरसँग मिल्दोजुल्दो छ । हुनत नेपाल र चीनबीच २० वटा व्यापारिक सम्झौता भएपछि उत्तरी छिमेकी नेपालको आर्थिक विकासमा ठूलो साझेदार हुने सम्भावना बढेको ठान्नेहरूको कमी छैन तर नेपाल सरकारका पूर्व उद्योग सचिव पुरुषोत्तम ओझाको विचारमा The use of China's transit route for our trade can only have strategic value, not commercial value at this moment. उहाँको भनाइबाट के स्पष्ट छ भने 'रणनीतिक साझेदारीको समझदारीको अहिलेको लागि व्यावसायिक महत्त्व छैन ।' उहाँको यो भनाइको पुष्टि नेपालमा बढ्दै गरेको अमेरिका र भारतको सुरक्षा चासोबाट पनि स्पष्ट हुन्छ ।

अमेरिकी रक्षा सहायकमन्त्री स्काइभरले हिन्द प्रशान्त रणनीतिको महत्त्वपूर्ण पाटो सैन्य सहकार्य भएको र यो प्राथमिकतामा समेत भएको स्पष्ट गर्नुभएकै छ । उहाँले नेपालमा हिन्द–प्रशान्त रणनीति प्रतिरक्षाको विषयमा भएको विवादबारे अमेरिका छलफल गर्न तयार रहेकोसमेत स्पष्ट पार्नुभएको छ । अमेरिकाले ग्लोबल पिस इनिसिएटिभमार्फत् १२ वटा हिन्द–प्रशान्त क्षेत्रका देशहरू नेपाल, बङ्गलादेश, कम्बोडिया, फिजी, इन्डोनेसिया, मलेसिया, मङ्गोलिया, फिलिपिन्स, थाइल्यान्ड र भियतनाम जस्ता देशहरूलाई समेटेको छ । यस्ता देशहरूको शान्ति सेना, रक्षा व्यवसायीकरण, स्थलसेनाको क्षमता अभिवृद्धि, प्रकोप व्यवस्थापन र प्रतिआतङ्कवादको क्षेत्रमा कार्य गर्ने उल्लेख गरेको छ । हिन्द प्रशान्त रणनीति कार्यान्वयनको लागि स्टेट पार्टनरशिप प्रोग्राममा नेपालसमेत सामेल हुनेबारे रक्षामन्त्री र परराष्ट्रमन्त्रीले सकारात्मक जवाफ दिएकै कारणले स्क्राइभरले नेपाल सरकारले यसमा रुचि देखाएकोले नेपालसँग हामी यसमा अघि बढ्न सक्छौं भन्नेमा विश्वस्त छु भन्नुभएको छ ।

त्यस्तै, खुला सिमाना भएका कारण नेपालमा हुने भारतविरोधी गतिविधि नक्कली नोटको कारोबार, आतङ्कवाद र चीन र अमेरिकासँगको प्रभावले नेपालमा भारतको

समेत सुरक्षा चासो बढेको अनुभव गरिंदैछ । यसरी नेपालमा एकैपटक चिनियाँ, भारतीय र अमेरिकी सुरक्षा चासो बढ्नु अलि अस्वाभाविक लागे पनि राजनीतिक स्थिरता आएको भनिए पनि नेकपाभित्रको आन्तरिक शक्ति सन्तुलन, शासनसत्ताले स्थायी स्वरूप ग्रहण गर्न नसक्नु र प्रतिपक्षीको कमजोर भूमिकाका कारण छिमेकीहरू सेनासँग नजीकिन चाहेको एउटा कारण हुन सक्छ। यसको अर्को कारणको रूपमा नेकपा र चिनियाँ कम्युनिस्ट पार्टीबीचको बढ्दो सम्बन्धले भारत र अमेरिकासँगको कूटनीतिक सम्बन्धमा प्रभाव पर्ने देखेर पनि भारत र अमेरिकाको चासो नेपालमा बढेको हुन सक्छ। अमेरिका नेपाललाई आफ्नो पक्षमा राखेर फ्रि तिब्बत मुभमेन्टलाई आयु दिन चाहन्छ भने चीन यसलाई रोक्न चाहन्छ। यो परस्परविरोधी सोचको लडाइँ वा Conflicting Interest को लडाइँ हो भने भारत र चीन नेपालमा एकार्काको वर्चस्व कायम राख्न चाहन्छन्। यो प्रतिस्पर्धाको लडाइँ वा Competing Interest हो भन्न सकिन्छ।

अमेरिका र चीन तथा भारत र चीनको आआफ्नो पक्ष रहेको र नेपालले आफू चीन, अमेरिका र भारतसँग सहकार्य गर्दै कसैको पक्षमा नउभिने, नलाग्ने सङ्केत गरिरहेको बेला नेकपाबाट क. मदन भण्डारीको जनताको बहुदलीय जनवादबाट अब २१औं शताब्दीको साम्राज्यवाद हुँदै साम्यवादलाई नै अङ्गीकार गर्ने गरी आफ्नो विधान संशोधन गर्ने समाचारहरू आएका छन्। अन्ततोगत्वा यसले नेकपाले चीनको समाजवादी मोडेललाई आत्मसात् गर्ने रणनीति भन्न सकिन्छ । नेकपाको यो भनाइबाट पनि चिनियाँ राष्ट्रपतिको रणनीतिक साझेदारको भनाइप्रति पुरुषोत्तम ओझाको टिप्पणी अत्यन्त सटीक रहेको बुझ्न सकिन्छ । सुरक्षाविज्ञहरूको भनाइमा अहिले नेपालमा तुलनात्मकरूपमा भारतको भन्दा चीनको प्रभाव बढी देखिएकोले अमेरिकाले नेपालमा आफ्नो सुरक्षा चासोलाई बढाएको छ। अमेरिकी सुरक्षा चासो नेपालमा बढ्नुको अर्थ सेनामार्फत् लोकतान्त्रिक पद्धतिलाई सघाउनु नै हो। यस अर्थमा नेकपाको यो विधान संशोधनपछिको निर्णयले नेपालमा अनिश्चितताको स्थिति निम्त्याउन सक्दछ।

नेपाललाई भारतको आँखाले हेर्ने गरेको अमेरिका आज भारतलाई पछि राख्दै स्वयम् सैनिक सहकार्यमा अगाडि सर्नुको कारण मधेस आन्दोलनताका भएको नाकाबन्दीबाट नेपालको पहाडी भूभागका युवा पुस्तामा जन्मेको नकारात्मकताको सन्दर्भमा भारतको सहकार्यले अपेक्षित नतीजा दिन नसक्ने अनुमान पनि हुन सक्छ। हुनत भारतीय सेनामा प्रशस्त नेपालीहरू कार्यरत छन् र दुवै देशका प्रधानसेनापति एकार्को देशका मानार्थ सेनापति रहने प्रचलन छ। क. प्रचण्ड प्रधानमन्त्री भएको बेला रूक्माङ्गत कटुवाल प्रकरणमा नेपाल–भारतको सैन्य सम्बन्ध कति बलियो छ, त्यसको उदाहरण देखिएकै हो। वर्तमान समयमा नेपालमा प्रजातन्त्र भएकोले भारतको सबैभन्दा महत्त्वपूर्ण चासो सुरक्षा मात्रै रहने गरेको छ । तर अब प्रणाली नै परिवर्तन हुने देखेपछि भारतको सक्रियता बढ्ने र नेपालमा लोकतन्त्रलाई सबल राख्ने रणनीति

जनस्तर एवं सैन्यस्तरमा पनि शुरू गर्ने बाध्यता नै आइपर्ने देखिन्छ । आसन्न यस्तो रणनीतिक सङ्कटको संघारमा सरकारले प्रेस, मानव अधिकार, गुठी, सेना परिचालनपछि अब लोकसेवा आयोग संशोधन विधेयक ल्याएको छ । यसबाट नै सरकार लोकतान्त्रिक संस्थाहरूको सरकारीकरण गर्दै अधिनायकवादतर्फ उन्मुख रहेको ठोकुवा गर्न सकिन्छ र यो सबै कर्मकाण्डपछाडि साम्यवाद स्थापना गर्ने 'ग्रयान्ड डिजाइन' नै रहेको हुनुपर्दछ। यस्ता कथनी र करणीले नै नेपालमा नेकपाको दुई तिहाइको बहुमत भएपनि राजनीतिक स्थिरता नभएको सन्देश अन्तर्राष्ट्रियजगत्मा पुगेको कारणले वैदेशिक लगानी विगतभन्दा २५ प्रतिशत न्यून भएको, पूँजीगत खर्च यस आवको पहिलो ५ महीनामा ८ प्रतिशत मात्र भएको तथ्याङ्क सार्वजनिक भएको छ । पूँजीगत शीर्षकको न्यून खर्चलगायतका अन्य कारणले विश्व बैंकले चालू आवको आर्थिक वृद्धिदर सरकारी प्रक्षेपणभन्दा घटी हुने भएको तथ्य सार्वजनिक भएपछि अर्थमन्त्रीले असन्तोष पोख्नुभएको छ ।

गत आवमा असारे बजेट खर्च गरेर ७८ प्रतिशत पूँजीगत बजेट खर्च गरिएकोमा त्यसबाट भएका उपलब्धिहरूलाई हेर्दा विद्युत् प्राधिकरणबाहेक भौतिक पूर्वाधार र राष्ट्रिय गौरवका आयोजनाहरूको जुन दुर्गति देखिएको छ, त्यसले ७+ प्रतिशतको आर्थिक वृदिदर आउने हो भने त्यो अर्थशास्त्रको लागि नयाँ आविष्कार नै हुनेछ । यो गन्थन जति गरे पनि अन्ततोगत्वा नेकपाको दुई तिहाइ सरकारले पहल गरेको साम्यवाद स्थापनाको लक्ष्यले नेपालमा समाजवाद त थाहा भएन तर राजनीतिक अस्थिरताको चरण जुन अहिले शासन सत्तामा सीमित छ, त्यसलाई राजकीय सत्तामा समेत प्रवेश गराउने छ। लक्षणको रूपमा भारतले हालै श्रीलङ्कालाई चीनको पक्षबाट आफूतर्फ आकर्षित गर्न प्राप्त गरेको सफलताबाट समेत पाठ लिन सकिन्छ । अस्थिरताको यस्तो भुमरीमा न विपी, न चिनियाँ समाजवाद सम्भव हुनेछ । समाप्त

२०७६ पुस ०९ गते बुधवार

बिजुलीको अर्थ

तीन वर्षअघिसम्म लोडसेडिङ खेपिरहेको नेपालीलाई त्यस्तो कहालीलाग्दो अवस्थाबाट अहिले मुक्ति पाइएको छ भने यसले विद्युत् प्राधिकरणको टाउको दुखाइ बढाएको छ।

नेपाल विद्युत् प्राधिकरणको १ नं. प्रादेशिक कार्यालय विराटनगरले एक सूचना प्रकाशित गरी ग्राहकहरूलाई घर तथा उद्योगहरूमा सहजताका साथ लाइन लिन पाउनुका साथै पुरानो लाइनको क्षमता बढाउनसमेत आह्वान गरेकोबाट प्राधिकरण देशभित्रै विद्युत् खपत बढाउन दबाबमा रहेको बुझिन्छ। नेपाल विद्युत् प्राधिकरणको व्यवहारमा यस्तो परिवर्तनको बारेमा चासो राख्दा हाल नेपालको पिक डिमान्ड करीब १२ सय मेगावाट भएकोमा ५३५ मेगावाट आफ्नै आयोजनाबाट र ४२५ मेगावाट निजीस्तरका आयोजनाबाट गरी ९६० मेगावाट नेपालमैं उत्पादन भएको छ भने भारतबाट ८० मेगावाट आयात र करीब २६ मेगावाट निर्यात भइरहेको छ। नेपाल विद्युत् प्राधिकरणको प्रक्षेपण अनुसार यसै आवको अन्त्यसम्ममा माथिल्लो तामाकोशीको ४५६ मेगावाटसमेत गरी करीब ५० वटा नयाँ आयोजनाहरूबाट १५ सय मेगावाट विद्युत् उत्पादन थालिनेछ, जसले गर्दा प्राधिकरणसँग दुईवटा विकल्प मात्र रहन जान्छ र त्यो हो सर्वप्रथम आन्तरिक खपत बढाउने र दोस्रो निर्यातको।

आन्तरिक खपतको कुरा गर्दा विद्युत् खपत गर्न कि ठूला योजना वा उद्योगहरूको सुरुआत हुनुपर्‍यो वा विद्युतीय रेल र विद्युतीय बसहरू ठूलो सङ्ख्यामा सञ्चालन हुनुपर्‍यो। तेस्रो विकल्प भनेको घरायसी प्रयोग हो। विद्युत् खपत गर्ने ठूलो उद्योगको श्रेणीमा पर्ने खाद कारखाना चर्को विद्युत् शुल्कले गर्दा नेपालमा सम्भव हुन सकिरहेको छैन भने ठूलो उद्योगमा दरिन सक्ने वैदेशिक लगानीका सिमेन्ट, मिनीट्रक र मोटरसाइकल उद्योगहरूको स्थापनालाई इजाजत नदिएर सरकारले वैदेशिक लगानी भित्र्याउने आफ्नो घोषणाको खिल्ली उडाइरहेको छ। दोस्रो विकल्पमा विद्युतीय रेल हो, जसको गति नौ दिन चले अढाई कोसको छ भने न त सरकारले काठमाडौंमा ट्रलीबस सेवालाई पुनर्जीवित गर्न सकेको छ, न विद्युतीय बसहरूको सञ्चालन। यस क्षेत्रमा कमसेकम सरकारले राजमार्ग र सहायक राजमार्गमा चल्ने यात्रुवाहक बसको रूपमा विद्युतीय बसलाई प्रोत्साहित गर्ने नीति ल्याउन सकेमा डिजलको आयातलाई केही हदसम्म घटाउन सकिने अनुमान गर्न सकिन्छ। घरायसी खपतको कुरा गर्दा विद्युत् नपुगेको क्षेत्रमा विद्युतीयकरण गर्ने त छँदैछ तर त्यसमा पनि भइरहेको ग्राहकको घरमा खपत बढाउनु पनि पर्दछ। एक अनुमान अनुसार नेपालमा खाना पकाउने ग्यासको मासिक खपत करीब २९.५ लाख सिलिन्डर रहेको छ। यस अनुसार नेपालको दैनिक खपत नै करीब ९८ हजार सिलिन्डर पर्न आउँछ। यस हिसाबले वार्षिक करीब ३ करोड ५८ लाख सिलिन्डर अर्थात् एक वर्षमा प्रतिसिलिन्डर रु १४४० को हिसाबले

मोल करीब रु ५२ अर्ब हुन आउँछ । यसमा सरकारले प्रतिसिलिन्डर रु ९० अनुदान दिने गरेको छ । अनुदानबापत नै सरकारले वार्षिक करीब सवा ३ अर्ब रुपैयाँको भार बोक्नुपरिरहेको छ । ग्यासलाई सर्वसुलभरूपमा उपलब्ध गराउन अमलेखगंजबाट चितवनको लोथरसम्म पाइप ओछ्याउने योजना बनाइएको छ, जसको लागि करीब भण्डारण र पाइपलाइन निर्माणसमेत गरी रु १५ अर्ब खर्च हुने अनुमान गरिएको छ भने झापाको चारआली र जनकपुरमा समेत भण्डारण र बोटलिङको योजना अगाडि बढाइएको छ र मोटामोटी यसमा पनि करीब रु १० अर्ब लाग्ने अनुमान अनुसार निगमको करीब रु २५ अर्बको आयोजनामा हात हाल्ने मनसाय रहेको बुझ्न सकिन्छ । गत वर्ष ग्यासबापत मात्रै रु ३५.५ अर्ब खर्चिनुपरेको सन्दर्भमा नेपालको कुल व्यापारघाटामा यसले पार्ने असरलाई विद्युत् ऊर्जाले विस्थापित गर्न सकियो भने देशको हितमा हुने देखिन्छ । आयल निगम अनुसार बर्सेनि १५ प्रतिशतले बढ्दै गरेको ग्यासको खपत विद्युत् सहजता बढेपछि १ प्रतिशतले घटेर १४ प्रतिशतमा झरेको छ । यसलाई सकारात्मक मान्नुपर्दछ तर यो निजीस्तरको प्रयास हो । यसमा प्राधिकरण वा सरकारको कुनै प्रयास छैन । ऊर्जाविद् डा. जगन्नाथ श्रेष्ठका अनुसार १ सिलिन्डर ग्यास खरीद गर्न रु १४ सय खर्च हुन्छ भने इन्डक्शन हिटरको प्रयोग गरी खाना पकाउँदा रु ९ सय मात्र खर्च हुने देखिएको छ । यस हिसाबले सरकारले कार्यदल नै बनाएर सुहाउँदो योजना कार्यान्वयनमा ल्याउने हो भने यसले देशको हितमा ठूलो भूमिका खेल्न सक्नेछ ।

गुणस्तरका हिसाबले नेपाली उद्योगहरूमा बोटलिङ गरिएको सिलिन्डरको गुणस्तरबारे कुरा गर्दा तौलमा कमीका साथै ग्यास सिलिन्डरलाई सिलिन्डर बम नै भन्न सकिने कुराहरू पटकपटक छापामा आइसकेका छन् । यसबाट हुने दुर्घटना न्यूनीकरणको लागि आवश्यक सुरक्षाको साधनसमेत नेपालमा उपलब्ध छैन । नेपालमा अग्निनियन्त्रणको रूपमा सामान्यरूपमा पानी छर्कने कार्य नै गर्दै आएको पाइन्छ । तर पेट्रोलियम पदार्थमा लाग्ने आगोलाई 'क्लास ए' आगोमा वर्गीकरण गरी Dry ear don Powder ले नियन्त्रण गर्नुपर्ने र यसको लागि २५-५० किलोको Fire Extinguisher Trolly हरू केही उद्योगहरूमा मात्र उपलब्ध रहेकाले यसको संवेदनशीलता झन् बढ्न जान्छ । पेट्रोलियम पदार्थ भण्डारण गर्ने ठाउँमा भएको दुर्घटनाको तुलनामा जहाँ पनि विद्युतीय दुर्घटनाबाट हुने क्षति न्यून हुन्छ । तसर्थ संवेदनशीलता र आर्थिक दुवै दृष्टिकोणबाट ग्यासको लागि प्रस्तावित योजनाको सट्टा विद्युत् खपत बढाउने र उत्पादन लागत घटाउनेतर्फ प्राधिकरण र सरकारको ध्यान जानु उचित हुनेछ । तत्कालको लागि घरेलुको सीमा २५० युनिटबाट बढाएर ३५० युनिट पुऱ्याउने र युनिट चार्जमा २५ प्रतिशतसम्मको छुट दिन सकिने हो भने यसले विद्युत् खपत बढाउन उल्लेख्य योगदान पुऱ्याउँछ जस्तो लाग्छ ।

विद्युतीय बसको व्यापक प्रयोग र एलपिजीको सट्टा विद्युत्को प्रयोग गर्नेलाई

इन्सेन्टिभको रूपमा इच्छुक सबै घरेलु ग्राहकलाई गुणस्तरीय इन्डक्शन हिटर उपलब्ध गराउने र ग्राहकले छुट सीमाभित्र शुल्क बुझाउँदा पाउने छुट र किस्तासमेत विद्युत् महसूलमा समावेश गरी बुझाउन सक्ने योजना प्रस्तावित गर्न सकिएमा यसले पेट्रोलियम पदार्थको आयातमा १५–२५ प्रतिशतसम्मको फरक तत्कालै पार्न सक्ने देखिन्छ । तर भन्सार विभागको चालू आवको पहिलो तीन महीनाको विद्युतीय उपकरणहरू (भान्सामा प्रयोग हुने)को आयातलाई गत आवको तीन महीनासँग तुलना गर्दा ५ प्रतिशतले ऱ्हास भएको देखिन्छ । यसबारे प्रतिक्रिया बुझ्दा आमउपभोक्ताको समस्या आर्थिक नै रहेको बुझिन्छ । त्यो के हो भने इन्डक्शन चुलोमाथि प्रयोग गर्न सकिने भाँडाहरू महँगो हुनु र महँगो हुनुका साथै चाँडै अनुपयोगी वा प्रयोग गर्न नसक्ने हुनु नै महत्त्वपूर्ण कारण रहेको बुझिन्छ। यसबाट उच्च आय वर्गलाई धेरै भार नबुझिए पनि मध्यम आय वर्गको लागि महँगो भाँडा किन्नु र पटकपटक फेरिरहनुले बोक्न नसक्ने आर्थिक भार दिने भएकोले हाल स्टोभ, दाउरा वा एलपिजी स्टोभमा प्रयोग गरिने भाँडाहरू नै प्रयोग हुन सक्ने खालका इन्डक्शन वा सामान्य हिटरहरू प्रचलनमा नै जोड दिनुपर्ने देखिन्छ ।

२०७६ मङ्सिर १८ गते बुधवार

पानी काला कि मन ?

भारतसँग नेपालको सीमा १८५० किमि छ भने चीनसँग १४१४ किमि रहेको छ। नेकपाका नेता भीम रावलका अनुसार चीनसँग लिपुलेकसमेत गरी जम्मा तीन ठाउँमा विवाद छ भने भारतसँग करीब ७७ ठाउँमा सीमा विवाद छ। तत्काल चर्केको विषय कालापानी हो। यसैको सेरोफेरोमा अन्य ठाउँका कुराहरू पनि उठ्दैछन् र उठ्नु पनि पर्छ किनभने यो राष्ट्रिय स्वाभिमान र अखण्डतासँग जोडिएको छ। मङ्सिर १ गतेको नागरिक दैनिकको पृष्ठ ६ मा 'अहिले नभए कहिले हुँदैन' शीर्षकको भैरव रिसालको लेखमा सन् १८१६ मार्च ४ मा रक्सौलको सुगौलीमा सम्झौता भयो। नेपाल सरकारका तर्फबाट चन्द्रशेखर उपाध्याय र ब्रिटिश इन्डिया कम्पनी सरकारका तर्फबाट प्यारिस ब्राउनले हस्ताक्षर गरे। यो सन्धिलाई बेलायतका गर्भनर जेनरल अक्टर लोनीले मात्र अनुमोदन गरेका छन्। नेपालका तर्फबाट तत्कालीन श्री ५ गीर्वाण वीर विक्रम शाहबाट अनुमोदन भएको छैन भन्दै सन्धिको वैधतामाथि नै प्रश्नचिह्न लगाइएको छ। तथापि नेपालले यो सन्धि अनुसार आफ्नो सिमाना मानिआएको छ। उक्त सन्धिपश्चात् व्यास प्रगन्नाका भोटियाहरू ब्रिटिश शासन अन्तर्गत कुमाउ प्रान्तको अङ्ग भएर बस्न चाहेर पत्राचार गरेपछि कम्पनी सरकारका कावा मुख्य सचिव जे आदमले काठमाडौंस्थित ब्रिटिश रेजिडेन्टलाई लेखेको पत्रमा सुगौली सन्धि अनुसार कालीपूर्वको व्यास प्रगन्ना नेपालको हो भनेको उल्लेख छ।

जे आदमले नै २२ मार्च १५१७ मा कुमाउका कार्यवाहक कमिश्नरलाई लेखिएको पत्रमा 'कालीपूर्वको व्यास प्रगन्नाका भोटियाहरू ब्रिटिश शासन अन्तर्गत कुमाउ प्रान्तको अङ्ग भएर रहन चाहे पनि सुगौली सन्धि अनुसार कालीपूर्वको व्यास प्रगन्नामा नेपालको हक रहने भएकोले त्यसो गर्न सम्भव छैन' लेखिएको उल्लेख गर्नुभएको छ। यसैक्रममा अन्तर्राष्ट्रिय सर्भेयर सम्मेलनमा भाग लिनेक्रममा सीमाविद् बुद्धिनारायण श्रेष्ठले बेलायत र अमेरिकाको पुस्तकालय र सङ्ग्रहालयबाट नेपालको आधिकारिक नक्शा प्राप्त गर्नुभयो, जुन १८५०, १८५६ का नक्शा हुन् र यिनले सक्कली काली लिम्पियाधुराबाट निस्कने कुटियाङ्दी नै महाकाली नदी हो भन्ने दरो प्रमाण हो। यसैक्रममा उहाँले दार्चुला जिल्ला मालपोत कार्यालयबाट १९९७ मङ्सिर २७ गतेको टिंकर, गुञ्जी, बुदी, छाङ्रु र नाबी गाउँको तिरो फछ्र्योट गरिएका रसीदहरू नेपालसँग सुरक्षित रहेको उल्लेख गर्नुका साथै बनारस हिन्दू विश्वविद्यालयका भूगोल विज्ञ प्रो. आरएन सिंहको पुस्तकको ४५०औं पृष्ठमा प्रकाशित नक्शा र त्यस्तै वाल्टर हेमिल्टनद्वारा लिखित ए जोग्राफिक्स स्टाटिकल एन्ड हिस्टोरिकल डिस्ट्रप्सन अफ हिन्दुस्तान एन्ड एडजस्टमेन्ट कन्ट्रिज भोलुम १,२ (१९७१) को अरियन्ट पब्लिसर्सद्वारा प्रकाशित पुस्तकको 'द किंगडम अफ नेपाल' भन्ने अध्यायमा नेपालको पश्चिमी सीमा काली नदीको गोग्रा

भनेर उल्लेख गरिएको छ।

अब प्रश्न उठ्छ, यति विघ्न स्पष्ट प्रमाण हुँदाहुँदै लिपुलेक मात्र होइन भारतसँगको ७७ ठाउँमा सीमा विवाद किन रहन गयो ? प्रजातन्त्र स्थापनाको ३० वर्ष पुग्दा पनि सीमा सुरक्षाको जिम्मेवारी बोकेको निकाय सशस्त्र प्रहरीले क्रमशः दक्षिण सिमानामा प्रत्येक १७ किमिको दूरीमा आफ्नो पोस्ट राखेको छ । यस अवस्थामा भारतसँग कालापानीबाहेक चर्चा सुनिएको सुस्ता क्षेत्र थियो तर अहिले भद्रपुर, सिरहा, पर्सालगायतका क्षेत्रमा यो विवाद देखिएको छ भने कि त सशस्त्रले आफ्नो सीमास्तम्भको रक्षा गर्न नसकेको हो वा सीमास्तम्भबारे सशस्त्रले समयमैं सूचना गरे पनि स्थानीय प्रशासन र केन्द्रले बेवास्ता गरेको हो । यसको पनि निक्र्योल हुनु जरूरी छ । बहुदलको स्थापनापश्चात् जिडिपी प्रणाली र पारम्परिक प्रविधिको प्रयोग गरी जिपिए प्रणाली र पारम्परिक प्रविधिको प्रयोग गरी नेपाल–भारत सीमाको स्ट्रिप नक्शा तयार भएको र विवादित केही ठाउँबाहेक अन्य समाधान भएको सन्दै आएको परिप्रेक्ष्यमा नेकपाका तत्कालीन गृहमन्त्री भीम रावलले विवादित भूभागको समस्या समाधान नभएसम्म हस्ताक्षर नगर्ने भनी फर्काउनुभएको भनाइ आएको छ । यो राम्रो कुरा हो तर त्यसपछाडि यो विवादको समाधान नगरी यसलाई थाती किन राखियो ? के नेपाल सरकारको गृह मन्त्रालय नागरिकता बनाउने र नापी विभाग कित्ताकाट गर्ने निकाय मात्र हो ? त्यसैले भारतसँग त कालापानीलगायत विवादित सबै ठाउँको समस्या समाधान गर्नुलाई प्रथम प्राथमिकता त दिनैपर्छ तर लिपुलेकबारे चीनको मौनतालाई कसरी लिने ? भारतसँग सीमा विवाद वार्ताबाट खोज्नुपर्छ भनिरहँदा चीन लिपुलेकको एउटा पक्ष भएर पनि एक शब्द पनि नबोल्नु रहस्यमय छ । विभिन्न पत्रपत्रिकामा चीनले पनि नेपालको भूभाग मिचेको कुरा उठ्दा सरकारीस्तरबाट यसको आधिकारिकताबारे कुनै धारणा (हो/होइन) नआउनु पनि शङ्कास्पद लागिरहेछ । सशस्त्र प्रहरीको स्रोत अनुसार १४ हजार दरबन्दी थप गर्न पाएमा प्रत्येक ५ किमिमा एउटा पोस्ट राखी बढी संवेदनशीलताका साथ सीमाको निगरानी गर्न सकिनेछ । तर आजको आधुनिक युगमा Global Positioning प्रणाली प्रयोग भइरहेको अवस्थामा दुई पोस्टको दूरी १७ किमि हुनु कुनै धेरै ठूलो बाधा र त्यो पनि तराईमा हो भनेर मान्न अठेरो भएपनि प्राविधिकरूपमा सम्भव नभए १४ हजार थप सशस्त्र भर्ना गर्न सरकार पछि पर्नुहुँदैन । किनभने यस्तो विवादले देशको भौगोलिक अखण्डता र सार्वभौमिकता मात्र नभई जनस्तरको सम्बन्धसमेत बिग्रँदै गएको आभास पाउन थालिएको छ ।

तर जुन समयमा यो समस्या उठेको छ, त्यसले यसको जटिलता झन् थपेको छ । चीन र भारत लिपुलेकबाट व्यापार सम्झौताबाट सम्बन्ध बढाउन चाहिरहेका छन् भने भारत अमेरिकाको इन्डो प्यासिफिक रणनीतिको साझेदार बनेको छ, जसलाई नेपालले भने संसद्बाट एमइई अनुमोदन गरेको छैन । मुख्यतः काली नदीको मुहान विवादको केन्द्रमा रहिआएको छ । भारतले सीमा मिचेको विरोधमा प्रदर्शन भइरहँदा

सङ्खुवासभा, रसुवा, सिन्धुपाल्चोक र हुम्लामा चीनले पनि सीमा मिचेको विरोधमा नाराहरू लागेका छन् । चीनसँग उत्तरी सीमाको प्रस्तावित सबै नाका खुला भएर अन्तर्क्रिया बढ्यो भने भारतसँग जस्तै समस्या नउठ्ला भन्न सकिन्न । खासगरी भारतसँगको डोक्लाम विवाद र फ्रि तिब्बत मुभमेन्टका कारण चीन र भारत दुवैको नेपालमा सुरक्षा चासो बढेको छ ।

अब यसको समाधानको कुरा गर्दा (क) भारतले नेपालले प्रस्तुत गरेको प्रमाणलाई अधिकारिक मानेर यो समस्याको सम्बोधन गर्न सक्छ । यस्तो अवस्थामा नेपालले कालापानीका साथै सुस्ताको समस्यासमेत समाधन हुने गरी अगाडि बढ्दै दुवै देशबाट तयार भएको स्ट्रिप नक्शामा हस्ताक्षर गरी सीमालाई व्यवस्थापन गर्न सक्नुपर्छ । (ख) भारतले लिपुलेकमा चिनियाँ पक्षसमेत सहभागी भएको कुरा उठाएर यस मुद्दालाई लम्ब्याउन सक्छ (ग) भारतले आफूसँग भएको प्रमाण नै आधिकारिक भएको दाबी गर्न सक्छ । यस अवस्थामा नेपालसँग अन्तर्राष्ट्रिय अदालत जानुको विकल्प नहुन सक्छ र यो समस्याका कारण सरकारका साथै जनस्तरमा समेत नेपाल–भारतको सम्बन्धमा समेत प्रतिकूल असर पर्न सक्छ । नाकाबन्दीको भारतीय अनुभवले उसलाई यो बाटो जान रोक्न सक्ने सम्भावनाहरू देखिन्छन् । तसर्थ उपलब्ध विकल्पमा पहिलोलाई भारतले रोज्ने सम्भावना सामरिक हिसाबले भारतको पक्षमा नहुने भएकोले उसले दोस्रो विकल्पलाई नै उत्तम ठान्ने सम्भावना बढी छ । यस विवादमा चीनको प्रतिक्रियाले पनि यही लाइन समातेको बुझिन्छ । भारतसँग पाकिस्तानको काश्मीर विवादमा आफ्नो अर्थव्यवस्थालाई सर्वोपरी महत्त्व दिँदै जसरी चीनले पाकिस्तानको खुलेर समर्थन नगरी सन्तुलित अर्थात् भारतलाई प्रतिकूल नहुने गरी प्रतिक्रिया दियो जबकि पाकिस्तानमा आर्थिक कोरिडोर निर्माणमा उसको ठूलो लगानी छ) । त्यसैगरी, नेपालको सम्बन्धमा समेत चीन सोही बाटो हिंड्ने सङ्केत देखिन्छ । तसर्थ सकेसम्म छानबीन प्रक्रिया लामो पार्ने प्रयासमैं सबै तल्लीन हुने सम्भावना बढी छ ।

२०७६ मङ्सिर १० गते मंगलवार

विश्व हिन्दू आर्थिक मञ्चः नयाँ विस्तार

कात्तिक २५ गते सोमवारका दिन दिउँसो २ बजे होटल मकालुको सभाकक्षमा वर्ल्ड हिन्दू इकोनोमिक फोरमको तर्फबाट यसका सञ्चालक स्वामी विज्ञानानन्दजीको प्रस्तुतीकरण एवं अन्तर्क्रियामा सहभागी हुने निमन्त्रण ख्यातिप्राप्त उद्योगपति अशोक बैधको तर्फबाट प्राप्त भएको थियो । कार्यक्रममा सहभागी हुन समयमा पुग्दा हाम्रो चलन अनुसार श्रोताहरूभन्दा प्रस्तोता नै अगाडि आइपुगनुभएको थियो । वैचारिक एवं बौद्धिक कार्यक्रम भएकोले होला श्रोताहरूको उपस्थिति पनि ठूलो नै थियो । अन्ततोगत्वा एक घण्टा ढिलो गरी कार्यक्रम करीब तीन बजे प्रारम्भ भयो र आसन ग्रहण एवं स्वागत मन्तव्यपछि स्वामी विज्ञानानन्दले आफ्नो भनाइ राख्नेक्रममा सङ्गठनको दर्शनमाथि प्रकाश पार्दै यस सङ्गठनको मार्गदर्शक सिद्धान्तको रूपमा विश्वविख्यात हिन्दू दार्शनिक एवं अर्थविद् चाणक्यको भनाइ 'धर्मस्य मुलम् अर्थः' र अथर्ववेदको 'सय हातले धन कमाउनुस् र यसलाई एक हजार हातले उपयोग गर्नुस्' भन्ने उक्तिहरू रहेको प्रस्ट पार्नुभएको थियो।

उहाँले संस्थाको नाम र उद्देश्यमाथि प्रकाश पार्नेक्रममा हिन्दूहरू विश्वभरि नै छरिएर रहेका तर तिनको राष्ट्रियता भारत मात्र नरहेकोले सङ्गठनलाई व्यापक स्वरूप दिन हिन्दू शब्दको प्रयोग गरी यस समुदायको बीचमा समावेशिता र समृद्धि बढाउन व्यावसायिक ज्ञान, सीप र संसाधनलाई बढीभन्दा बढी व्यक्तिहरूको पहुँचमा पुऱ्याउँदै सम्पूर्ण समुदायलाई समृद्धितर्फ डोऱ्याउने भएको स्पष्ट पार्दै वस्तुतः परापूर्वकालमा वा अझै १५औं शताब्दीसम्म हिन्दू समुदायमा भारतकै जिडिपीमा योगदान करीब ३३ प्रतिशत रहेको थियो, जुन मुगलहरूको अधिपत्यपछि क्रमशः घट्दै गएर आज ३ प्रतिशतमा आइपुगेको छ । त्यस कालको एउटा सम्प्रदायविशेषको उदाहरण प्रस्तुत गर्दै उहाँले दक्षिण भारतका चेट्टियारहरू जसबाट नेपालको नेवार समुदायको श्रेष्ठ, भारतको पञ्जाबका भाटिया एवं राजस्थान र गुजरातको सेठिया जातिहरूको उत्पत्ति भएको मानिन्छ भनी बताउनुभयो । उनीहरूले वर्तमानको अग्रपङ्क्तिमा रहेका सिङ्गापुर, इन्डोनेशिया, मलेशिया जस्ता देशहरूको व्यवसाय नियन्त्रण गर्दथे भने चिनियाँ मूलका नागरिकहरू सन् १९६० सम्म यिनीहरूको व्यवसायमा पेटी कन्टयाक्टर वा नोकरी गर्ने गरेकोमा यो स्थिति बिस्तारै उल्टिदै गएर आज यस क्षेत्रमा हिन्दूहरूले रोजगार गर्ने र चिनियाँ मूलका मानिसहरू रोजगारदाता बन्न पुगेको तर्क गर्नुभएको थियो । यस्तो हुनुको पछाडि हिन्दू समाजको "Individually we are smart but together we stand no where" भन्ने सोच हावी रहेको छ । यसलाई व्यक्तिवादी सोचको संज्ञा दिनुहुँदै हिन्दू

धर्ममा पूजापाठको कर्मकाण्डले गर्दा यो संस्कार आएको चर्चा गर्नुभएको थियो। तर हिन्दूहरूको पुनर्जागरण अभियान सन् १८६० मा श्रीलङ्काबाट शुरू हुँदै भारतमा श्री दयानन्द सरस्वती एवं स्वामी विवेकानन्दबाट विस्तारित हुँदै आज १५० वर्ष बितिसकेपछि पनि विश्वका सम्पूर्ण हिन्दूहरूको कुल सम्पत्ति ४ सय ट्रिलियन मात्र भएको अनुमान गरिएको छ । तुलनात्मकरूपमा हेर्दा दुई हजार वर्षसम्म आफ्नो कुनै राज्य नभएको यहुदीहरूको आन्दोलन हिन्दू जागरणभन्दा ४०-५० वर्षपछि शुरू भएको भएपनि उनीहरूको समाजका अग्रजहरूले "Each one teach one" को नारा दिएर अर्थको महत्त्वलाई सर्वोपरी राखेकाले आज विश्वको व्यापार जगतमा बैंक एवं वित्तको क्षेत्रमा विश्वमा नै अग्रणी स्थान हासिल गरेर आफ्नो राज्यसमेतको स्थापना गरी ४४ वटा नोवेल पुरस्कार विजेता समुदायको रूपमा स्थापित भएको छ यहुदी समुदाय । विश्वमा ५८ वटा मुस्लिम देशहरू भएको र ५ समयको नमाजी भएपनि ५८ वटै मुलुकको समग्र अर्थव्यवस्था युरोपको एकमात्र मुलुक जर्मनीको अर्थव्यवस्थासँग दाँज्न नसकिने भएकोले धर्म र पूजापाठको आडम्बरले हिन्दू र मुस्लिमहरूलाई अर्थको मूल्य बुझ्न नदिएको आफ्नो अध्ययनले देखाएकोले विश्वको हिन्दू समुदायहरूको बीचमा-

१) बजार अभिमुखीकरण (Market Access)

२) पूँजीको व्यवस्थापन (Capital)

३) अत्याधुनिक वातावरणमैत्री प्रविधिको प्रयोग (Technology)

४) मानव पूँजी व्यवस्थापनको कार्य क्षेत्र (Human Capital) लाई निर्दिष्ट गरिएको बताउनुभयो ।

यस क्षेत्रमा विश्वका अन्य व्यावसायिक समूहहरूको वित्तीय सञ्जाल रहेको छ, जस अन्तर्गत परिवारप्रति सदस्यका दरले व्यवसाय गर्न उद्यत व्यक्तिहरूलाई रकम उपलब्ध गराइने र निजी क्षेत्रका अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू जस्तै १-३ प्रतिशतभन्दा बढी ब्याज नलिने प्रचलन रहेको जानकारी दिनुहुँदै त्यहाँ वित्तीय लगानी Pilot, Boost, Growth का साथसाथै Distress Financing को समेत व्यवस्था भएको र समुदाय वा संस्थाका विज्ञहरूले यस्ता उद्योग एवं व्यवसायको लागि विज्ञ परामर्शसमेत उपलब्ध गराउने गरेको जानकारी गराउनुभएको थियो । त्यस्तै, प्रविधिको क्षेत्रमा भारतका एक लेखक तरुण खन्नाको पुस्तक "How India can overtake china ?" पुस्तकको चर्चा गर्नुहुँदै पुस्तकको प्रकाशनपश्चात् कुनै भारतीय पदाधिकारी वा नेताले यसबारे चासो नदिएको तर चीनको डेपुटी प्राइम मिनिस्टरले उहाँसँग यसबारे चासो राख्दा लेखकले भारतसँग विश्वविद्यालयबाहेक IIM, IIT जस्ता विश्वस्तरीय जनशक्ति उत्पादन गर्ने संस्थानहरू रहेको र २१औं शताब्दी ज्ञानको शताब्दी हुने भएकोले भारतले यस क्षेत्रको माध्यमबाट चीनलाई उछिन्न सक्ने सम्भावना व्यक्त गर्नुभएपछि चीनले आफ्नो विश्वविद्यालय एवं अनुसन्धान संस्थानहरूमा लगानी हवात्तै बढाएको सन्दर्भमा प्रस्तुत गर्नुभएको थियो । हुन पनि सांस्कृतिक क्रान्तिबाट आर्थिक उन्नति हासिल गर्न नसकेको

चीनले त्यसपछि अमेरिकासँग व्यापारिक सम्बन्ध विस्तार गर्दै पहिला लगानी र प्रविधि भित्र्यायो र अब आफ्नै लगानी र प्रविधिको प्रयोग गरेर अमेरिकासँग व्यापार युद्ध गरिरहेको छ । ३०-३० वर्षसम्म अमेरिकासँग लडाइँ गरेको भियतनाम पनि अब यही बाटोमा लागेको छ ।

यस्तो प्रगति हासिल गर्न सरकार र समाजको भूमिका पनि अपरिहार्य हुन्छ । महाभारतमैं Factor of Production उत्पादनका तत्त्वहरू) Land, Labor र Capital को ध्यान राख्दै १६ प्रतिशतभन्दा बढी राख्न नहुने उल्लेख रहेको चर्चा गर्नुहुँदै यसका साथसाथै उद्यमशीलता विकासको लागि समाज र सरकारले उद्यमी व्यवसायीहरूलाई आदर दिनुपर्ने सोचलाई अगाडि बढाउनुपर्ने मन्तव्य राख्नुभएको थियो ।

उहाँको मन्तव्य सुनिरहँदा नेपालको पुरानो मुलुकी ऐनमा उल्लिखित १० प्रतिशतभन्दा बढी ब्याज लिन नपाइने व्यवस्थालाई बैंकिङ क्षेत्रले जसरी धज्जी उठायो, त्यसैगरी करमैत्री प्रशासनको नाममा राजस्वमा लूट मचाउन पूर्वाधार नै नभएको ठाउँलाई नगरपालिका र महानगरपालिका बनाइ करवृद्धि गर्दै प्रत्यक्ष करको दायरा नै ३०-३५ प्रतिशतको हाराहारीमा पुऱ्याउन कटिबद्ध सरकार र सम्पत्ति हस्तान्तरण करबाट निजी सम्पत्ति अघोषितरूपमा राष्ट्रियकरण गर्न उद्यत सरकारलाई यो व्यवस्थाले समानान्तर अर्थव्यवस्थाको चुनौती दिन सक्छ जस्तो लाग्छ । यस प्रणालीको विपक्ष पनि हुन सक्छ जस्तो लाग्छ तर अहिलेलाई अर्थतन्त्रमा नयाँ सोच र नयाँ प्रणाली विकसित गर्ने सोच भएकोले यसको स्वागत त गर्नैपर्छ। हाम्रा उद्यमीहरू यसबाट लाभान्वित हुन सकून् भनेर कामना गर्नु उपयुक्त नै हुनेछ ।

२०७६ मङ्सिर ०४ गते बुधवार

हाम्रो अर्थतन्त्रका सङ्केतहरूको अर्थ

नेपालको भन्सार विभागले चालू आवको पहिलो तीन महीना अघिल्लो वर्षको सोही अवधिको तुलनामा निर्यातको आकार बढेको र आयात घटेको देखिन गएकोले व्यापार घाटा पहिलेको तुलनामा खुम्चिएको छ। विभागका अनुसार चालू आवको असोजसम्ममा रु तीन खर्ब ६२ अर्ब ११ करोड छ, जुन गत आवको रु ३ खर्ब ३७ अर्ब ३३ करोडभन्दा ८.८६ प्रतिशतले घटेको छ। त्यसैगरी, आयात पनि समीक्षा अवधिमा गत वर्षको सोही अवधिमा रु ३ खर्ब ७३ अर्ब ५८ करोडबाट घटेर रु ३ खर्ब ३४ अर्ब ९४ करोड भएको छ भने निर्यात रु ३३ अर्ब १४ करोडबाट बढेर रु २७ अर्ब १६ करोड पुगेको छ। अर्थात् यसमा १४.४१ प्रतिशतको वृद्धि भएको देखिन्छ।

अब नेपालको कुल वैदेशिक व्यापारमा आयातको अंश ९२.५ प्रतिशत रहेको छ भने निर्यातको ७.५ प्रतिशत मात्र छ। यस आधारमा नेपालको वैदेशिक व्यापारमा निर्यातको अंश नगण्य छ भने कुल व्यापार घट्नुको मुख्य कारण आयात १०.४ प्रतिशतले घट्नुलाई मान्न सकिन्छ । किनभने १४.४१ प्रतिशतले बढेको निर्यात रकम जम्मा रु ३ अर्ब ४४३ करोड हुन्छ भने १०.३४ प्रतिशतले घटेको आयात रकम रु ३८ अर्ब ३४ करोड पुग्न जान्छ। त्यस कारणले सैद्धान्तिकरूपमा निर्यात बढेर व्यापार घाटा घट्नु अर्थतन्त्रको राम्रो सङ्केत मानिन्छ तर नेपालको व्यापार घाटा आयातमा सङ्कुचन आएर घटेकोले तनत्कालिकरूपमा लाभप्रद देखिए पनि दीर्घकालीनरूपमा यसले राजस्वमा प्रतिकूल असर पार्ने निश्चित नै हुन्छ। त्यस्तै, जहाँसम्म निर्यात बढेको कुरा छ, त्यो स्पष्टतः पाम आयल र सोयाबिन कच्चा तेल वा प्रशोधित नै आयात गरी त्यसैलाई भारतमा निर्यात गरिएकोले भएको स्पष्ट छ। तर वनस्पति घ्यू जस्तै जुन दिन भारत सरकारले त्यहाँ लाग्दै आएको कर घटाउँछ, त्यसै दिनदेखि यो बन्द हुने भएकोले यसलाई दीर्घकालीन मान्न सकिदैन। र, यसले आर्थिक सूचकाङ्क सप्रेको अर्थ्याउनसमेत मिल्दैन। यस्तो हुनु गलैंचा, चिया, अदुवा, सुकुमेल, रुद्राक्ष र जडीबुटीको निर्यात बढेको तथ्याङ्कमा देखिनुपर्छ।

दोस्रो सङ्केतको रूपमा विश्व बैंकको डुइङ बिजनेश इन्डेक्समा भएको सुधारलाई मानिएको छ। गत वर्ष ११०औं स्थानमा रहेको नेपाल अहिले १९० वटा देशमध्ये ९४औं स्थानमा उक्लेको छ । यो सत्य हो तर त्यही प्रतिवेदनले यसको साथसाथै व्यवसाय नियमनका १० शीर्षकमा गरिएको मूल्याङ्कनमा नेपालले ५ शीर्षकमा सुधार गरेको छ भने तीनवटा शीर्षकमा स्थिति झन् बिग्रेको छ। सुधार भएका क्षेत्रहरू निर्माण, विद्युत् सेवा, बैंक कर्जा, सीमापार व्यापार र ठेक्का कार्यान्वयन रहेका छन् भने बिग्रेका क्षेत्रमा सम्पत्ति शुल्क बढाइनु, व्यवसायको आरम्भ झन्झटिलो बनाएको र सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत कामदार कर्मचारीहरूको सहभागितालाई अनिवार्य गर्नु रहेका छन्।

यस अर्थमा ११० बाट उक्लेर ९४ स्थान उक्लँदैमा देशमा लगानीको ओइरो लाग्ने कुरा हुँदैन। किनभने लगानीकर्ताले लगानीको जोखिम, करको दर र प्रशासनिक रवैया, भौतिक पूर्वाधार, शान्ति सुरक्षाको स्थितिसमेतलाई हेर्दछन्। नेपालको व्यापार घाटा कम गरेर निर्यातमा हेर्नलायक प्रभाव पार्न सक्ने एउटा मात्र तत्त्व जलविद्युत् हो। तर दुर्भाग्य देश २ हजार मेगावाट उत्पादनको अवस्थामा रहँदासमेत पिकलोड ११ सय

निर्यात भएका प्रमुख वस्तु	मूल्य	आयात भएका प्रमुख वस्तु	मूल्य
पाम आयल	५ अर्ब ७५ करोड	डिजेल	२० अर्ब १६ करोड
सोयाबिन आयल	१ अर्ब ४७ करोड	एलपिजी	६ अर्ब ६३ करोड
गलैंचा	१ अर्ब ९५ करोड	मोबाइल	७ अर्ब १९ करोड
धागो	२ अर्ब १९ करोड	पेट्रोल	९ अर्ब ३२ करोड
चिया	८१ करोड ७२ लाख	कच्चा पाम आयल	५ अर्ब २६ करोड
		साभार: गोरखापत्र (कात्तिक १६ गते)	

मेगावाटभन्दा बढ्न सकेको छैन भने भारत वा बङ्गलादेशमा बेच्ने पूर्वाधार र समझदारी नै अझैसम्म टुङ्गिन सकेको छैन।

त्यस्तै, कृषि क्षेत्र जलवायु परिवर्तनको कारण धरापमा पर्न थालेको सङ्केत स्पष्ट छन्। हाम्रो भूबनोट हिमाल, पहाड र तराईलाई जलवायु परिवर्तनले असर गरिरहेकोले कृषिसँग जोडिएको जीवनयापन चौपट हुँदै गएको छ, जसले कृषिजन्य वस्तुको आयातसमेत बढेको छ। यसलाई कसरी नियन्त्रित गर्ने हो भन्नेतिर वित्तीय नीतिमार्फत् नै सम्बोधन गर्नुपर्ने बेला भइसकेको छ। आइएमएफले नेपालजस्तो विकासोन्मुखको समावेश आर्थिक वृदिका लागि संरचनागत सुधारका लागि तीनवटा क्षेत्रको पहिचान गरेको छ–

१. भइरहेको लगानीबाट उच्चतम प्रतिफल
२. निजी क्षेत्रको विकास।
३. प्रत्यक्ष विदेशी लगानी भित्र्याउने।

अब भइरहेको लगानीको कुरा गर्दा सरकारी क्षेत्रका अधिकांश उद्योग बन्द रहेको र भएका १–२ वटा मात्र नाफामा सञ्चालनमा रहेका छन् भने समग्रमा देशको निजी क्षेत्रसमेतका उद्योगहरूको क्षमता उपयोग ६० प्रतिशतभन्दा माथि बढ्न सकेको छैन। यस्तो अवस्थामा लगानीको उच्चतम प्रतिफलको अपेक्षा गर्न सकिदैन। दोस्रो हो, सरकारको पूँजीगत शीर्षक अन्तर्गतको खर्च। यो खर्च लामै समयदेखि लाज लाग्ने गरी न्यून खर्चको अवस्थामा रहेकोले लगानी नै नभएपछि प्रतिफल आउने अपेक्षा गर्न सकिन्न। दोस्रो निजी क्षेत्रको विकासको छ। सेवा क्षेत्रमा यसको प्रगति राम्रो भएपनि उद्योगीहरू क्रमशः व्यवसायतर्फ लाग्ने गरेकाले निजी क्षेत्रको समग्ररूपमा विकास भइरहेको मान्न सकिने अवस्था छैन।

तेस्रो हो, प्रत्यक्ष लगानी भित्र्याउने– यसको लागि जतिसुकै प्रयास गरेपनि लगानी भित्रिन सकेको छैन। यसमा लगानीकर्ताभन्दा सरकार नै बढी दोषी देखिन्छ। उदाहरणको लागि सिमेन्ट, मोटरसाइकल र कोरियन मिनीट्रक उत्पादन उद्योगहरूसँग सम्बन्धित घटनालाई लिन सकिन्छ भने एकमात्र आशाको ठूलो केन्द्र जलविद्युत्को क्षेत्रमा भारतको भूमिकाले यसलाई समेत तुषारापात गरिदिएको अवस्था छ।

तसर्थ समग्रमा विश्लेषण गर्दा आर्थिक क्षेत्रमा उफ्रिनुभन्दा गम्भीर हुनुपर्ने अवस्था छ। आइएमएफले सुझाएको तीनवटा माथि उल्लिखित क्षेत्र र विश्व बैंकले बिग्रेको क्षेत्र भनेर औंल्याएको सम्पत्ति शुल्कवृद्धि, व्यवसाय आरम्भको झन्झटिलो प्रक्रिया र सामाजिक सुरक्षा कार्यक्रमको क्षेत्रमा सुधार गर्न कदम चाल्न जरुरी छ।

२०७६ कात्तिक २७ गते बुधवार

सी भ्रमणको इतिवृत्त

हात मिलाएर चीन र भारतसँगै उभिए, अजिङ्गर र हात्तीको नृत्य शुरू भयो । भारतका लागि चिनियाँ राजदूतको ट्वीटमाथि नेपालका पूर्व परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले प्रश्न गर्दै लेख्नुभएको छ– वेगवान लय र तेज गतिमा हुने दक्षिण अमेरिकी नृत्य रेंगोमा रमाउन थालेको हात्ती र अजिङ्गरबीच बसेको नेपाल नृत्यमा सहभागी हुन्छ वा निरपेक्ष दर्शक बनेर बस्छ भन्ने प्रश्न उठाउनुभएको छ ।

चीन विश्व आर्थिक महाशक्तिको रूपमा आफूलाई स्थापित गर्न चाहन्छ भन्ने कुरा कसैसँग लुकेको छैन । तर उसको यस प्रयासमा बाधक अमेरिका छ किनभने अमेरिका पनि महाशक्तिका लागि आफ्नो निर्णायक हैसियत राखिराख्न चाहन्छ । २१औं शताब्दीका दुईवटा महत्त्वपूर्ण विशेषताहरू छन्– १) महाशक्तिको रूपमा स्थापित हुन आर्थिक महारथ हासिल गर्नु र (२) एशियाको बजारमा आफ्नो प्रभुत्व स्थापित गर्नु । भारतमा चीनका एक हजार कम्पनीहरू सक्रिय छन्, करीब ८ अर्ब डलरको लगानी छ र दुई लाख हाराहारीको रोजगार उपलब्ध भएको छ । नेपालसँग कनेक्टिभिटी बढेमा भारतका तीन राज्यहरू बिहार, उत्तरप्रदेश र पश्चिम बङ्गालसँग चीनको सोझो बजार सम्बन्ध स्थापित हुन सक्छ । त्यसैले नेपाललाई चीन दक्षिण एशियाको प्रवेशद्वार बनाउन चाहेको बुझ्न सकिन्छ । तर बजार विस्तारका साथै चिनियाँ राष्ट्रपतिको "भारत र चीनले एकार्काको विकासलाई सहीरूपमा लिनुपर्छ र सामरिक पत्यारलाई बढाउनुपर्छ" भन्नु र प्रत्युत्तरमा भारतका प्रम मोदीले "भारत र चीनबीच सामरिक सञ्चार सम्पर्क बढेको" भन्नुबाट दुवै नेताहरू एकार्काको सामरिक सोचलाई सहयोगी बनाउने सोचमा रहेको बुझ्न सकिन्छ । नेपाल आगमनपछि महामहिम सीले नेपाललाई भूपरिवेष्टित हुनुको पीडाबाट मुक्ति हुने नेपालको सपना पूरा गर्न सहयोग गर्ने प्रतिबद्धता एउटा दूरगामी महत्त्वको घोषणा हो ।

यसै सम्बन्धमा सेन्टर अफ इन्डियाज स्टडिज, चाइना वेस्ट नर्मल युनिभर्सिटीका निर्देशक लङ सिङचुन भन्नुहुन्छ– "नेपाल–चीन सम्बन्ध थप उचाइमा पुऱ्याउन सकिने सम्भावना छ । तर यसरी विकसित हुने सम्बन्धमा भारत सशङ्कित देखिन्छ । भारत दक्षिण एशियालाई आफ्नो प्रभाव क्षेत्र मान्दछ, त्यसैले नेपाल र चीनबीचको गहिरिंदो सम्बन्धले आफ्नो प्रभाव क्षेत्र कमजोर हुने आशङ्कामा छ । तसर्थ चीनले भारतको संशय हटाउन आफ्नो दक्षिण एशियाली नीतिलाई थप प्रस्ट पार्नुपर्दछ ।" चीनले यस दिशामा यसपटक गरेको प्रयत्न उत्साहप्रद रहेको बुझिन्छ । राष्ट्रपति सीको यसपालिको भ्रमणपूर्वसम्म नेपालको बिआरआई सहभागिताबाट सशङ्कित रहँदै आएको भारत एशियन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैंकको दोस्रो ठूलो प्रवर्द्धक हुन पुगेको छ । यस संस्थाले सबैभन्दा बढी लगानी बिआरआई र सिल्क रोड फन्डमा गरिरहेको छ ।

एशियालाई २१औं शताब्दीको बजार बनाउन भारत र चीनको व्यापारिक अन्तरनिर्भरताविना सम्भव नभएकोले नै होला यसपालिकै भ्रमणक्रममा दुवै देशले उच्चस्तरीय अर्थ एवं व्यापार सम्बन्ध बढाउने संयन्त्र बनाउन सहमत भएका छन्, जसले दुवै देशबीच लगानी बढाउनुका साथै उद्योगधन्दा एवं व्यापार बढाउन आवश्यक कार्ययोजना बनाउनेछ । यसबाट दुवै देश यस क्षेत्रको भविष्य उनीहरूबीचको बढ्दो व्यापारिक सम्बन्ध र अन्तरनिर्भरतामा निहित छ भन्ने कुरा बुझेको भान हुन्छ । चीनको अमेरिकासँगको बढ्दो व्यापारिक द्वन्द्व एवं चीनको भारतसँग २०१८–१९ मैं करीब २० बिलियन अमेरिकी डलरले घटेको निर्यात एउटा कारक तत्त्व हो भने भारतको चीनसँगको बढ्दो व्यापारघाटा दोस्रो प्रमुख कारण हो । सन् २०१७–१८ मा चीनको भारततर्फको निर्यात करीब ९० बिलियन अमेरिकी डलर थियो भने भारतको चीनतर्फको निर्यात १६.६ बिलियन अमेरिकी डलर मात्र रह्यो । यसको फलस्वरूप दुवै राष्ट्रको आर्थिक वृद्धिदरले अपेक्षित गति लिन सकेन । त्यसैले भारतले चीन, पाकिस्तान आर्थिक कोरिडोरको कुरा थाती राख्यो भने चीनले जम्मु कश्मीरको मुद्दालाई थाती राखेर दुवै नेताले 'विश्वव्यापी एवं क्षेत्रीय महत्त्वका रणनीतिक विषय'बारे मात्र चर्चा गरे । दुवै नेताको यो परिपक्वताले भ्रमण अत्यन्त सौहार्दपूर्ण र सफल भएको मानिदैछ । तर नेपाल भ्रमणका दौरान चिनियाँ राष्ट्रपतिले Anyone attempting to split china in any part of the country will end as crushed bodies and shallered bones. Any external forces backing such attempts dividing china will be deemed by the chinese people as pip dreaming भन्दै दिनुभएको थ्रेट विश्व समाचारजगत्कै प्रमुख समाचार बन्न पुग्यो । वस्तुतः उनको यो भनाइ फ्री तिब्बत आन्दोलन, ताइवान र हङकङमा भइरहेको प्रदर्शनमा पश्चिमाहरूको संलग्नताप्रति लक्षित थियो ।

नेपाल, भारत र चीनबीचको सुमधुर सम्बन्धको जतिसुकै प्रशंसा गरेपनि अङ्काउने कुरा अमेरिकाको हिन्द–प्रशान्त रणनीति छ, जसमा अमेरिकी भनाइ अनुसार भारत र नेपाल संलग्न छन् र भनिन्छ सभामुख महरा नाटकको पटाक्षेप संसद्बाट यससम्बन्धी सम्झौता राष्ट्रपति सीको भ्रमणपूर्वसम्म नगराउनु नै हो । यो हो भने अमेरिकाको नेपालमा हस्तक्षेप गर्ने शक्तिको आकलन गर्न हामीलाई गाह्रो पर्नेछैन । तसर्थ अब नेपालसँग विकल्प के छ त ? भन्ने प्रश्नको उत्तरमा नेपालका पूर्वप्रम डा बाबुराम भट्टराईको विकल्प सोचनीय छ । उहाँको विचारमा नेपालसँग अब दुईवटा विकल्प छन्– पहिलो अमेरिका वा चीनमध्ये एउटालाई छानी त्यही बाटो हिंड्ने, जुन सम्भव देखिदैन । त्यसैले नेपालले स्वीट्जरल्यान्ड जस्ता देशहरूको सिको गर्दै आफ्नो राष्ट्रहितमा रहने दुवैको कार्यक्रममा सहभागी हुँदै अन्त्यमा तटस्थ रहन सक्ने असंलग्न परराष्ट्र नीति अख्तियार गर्नुपर्छ । यो गर्न कति सम्भव छ आगामी दिनमा स्पष्ट हुने नै छ । तर सीको भ्रमण सन्देशको साँचो अर्थ कमरेड प्रचण्डले चाहिं पक्कै बुझ्नुभएको हो । त्यसैले उहाँले राष्ट्रपतिसँग कुरा गर्दा हामी भ्रष्ट र झूटो कम्युनिस्ट भएजस्तो लागेको भन्नुभएको

हो। महामहिम सीले सर्वप्रथम नेपालले निर्धारित लक्ष्य समयमा पूरा गर्ने प्रणालीको विकास गरोस् भन्नुभएको हो भने दोस्रोमा विपक्षी दलका नेता नेकाका सभापति शेरबहादुर देउवालाई चीन निम्त्याउनु भएर चीनको नेपाल नीति सरकार वा दलको परिवर्तनबाट नफेरिने सङ्केत गर्नुभएको हो भने तेस्रोमा विकासको लागि मगन्ते हुनुभन्दा आफैंले समयानुकूल प्रविधिको प्रयोग एवं कडा परिश्रम गरेमा चीनको सधैं साथ रहने भन्नुभएको हो। यही सन्दर्भलाई लिएर द काठमान्डू पोस्टको २६ सेप्टेम्बरको अङ्कमा नेपालका दुवै दल अर्थात् नेकपाले केही गर्न नसकेर जनतालाई झुक्याउन 'सी'वाद भित्र्याउन खोजेको आरोप लगाइएको छ भने नेपाली काङ्ग्रेसमाथि मोदीपथ अख्तियार गरी हिन्दू राष्ट्रको आवरणमा प्रस्तुत भएर चुनाव जित्ने रणनीति बनाउन खोजेको आरोप लगाइएको छ। नेकपालाई अन्ध सीवाद भित्र्याउने सम्बन्धमा महामहिम स्वयंले के गरेर सीवाद आउने सङ्केत गरिसक्नुभएको छ। नेकपाले ३ बुँदे महामहिमको सुझाव र प्रचण्डको आत्मालोचनालाई आत्मसात् गरी अगाडि बढेमा कुनै वादको नाराले उसलाई छेक्न सक्दैन। तर नेकाको हिन्दू राष्ट्रको नारालाई मोदीपथ भन्न सुहाउँदैन। भाजपा वा राष्ट्रिय स्वयंसेवक सङ्घको त्यो चाहना हुन सक्छ र नेपाली जनताको चाहना पनि त्यही हो भने नेकाले चुनाव जित्ला ? तर त्यही आधारमा मोदीपथ भन्न मिल्दैन किनभने जनआन्दोलनमा कहिले पनि कसैले पनि 'धर्मनिरपेक्ष' राज्यको 'ध' पनि उच्चारण गरेको इतिहास भेटिंदैन। हिजो नेपाल हिन्दू राज्य थियो र आज त्यो माग फेरि उठ्दैमा त्यो मोदीपथ कसरी हुन सक्छ ? वर्तमान राजनीतिमा त देउवाभन्दा प्रम ओली नै मोदीको बढी नजीक देखिनुहुन्छ।

२०७६ कात्तिक २० गते बुधवार

किन हुँदैन नेपालमा विकास ?

प्रजातन्त्र प्राप्तिको समेत ४० वर्ष बितिसक्दा पनि किन हुन सकेन हाम्रो विकास भनेर सबै सचेत नागरिक चिन्तित भइरहेको यथार्थ कसैसँग लुकेको छैन । हाम्रो देशको कुरा गर्ने हो भने हामीसँग भएका सम्पदालाई प्राथमिकताको आधारमा वर्गीकरण गर्दा सर्वप्रथम कृषि, दोस्रोमा प्राकृतिक सम्पदा र तेस्रोमा उद्योग व्यवसाय तथा चौथोमा सेवालाई लिन सकिन्छ । सर्वप्रथमकै कुरा गर्दा जम्मा क्षेत्रफलको २० प्रतिशत मात्र कृषियोग्य भूमि भएको नेपालमा २०३४-०३५ सालसम्म धान निर्यात गर्ने गरेको सबैलाई थाहा नै छ । त्यसपछि नेपालमा जनसङ्ख्याको बढ्दो चाप, मलखाद र उन्नत बीउको अभाव एवं सिंचाइको कमीले उत्पादकत्व बढेन भने छिमेकी भारतमा कृषि क्रान्ति सफलतापूर्वक सम्पन्न भएकोले आजको स्थितिमा हामी ३६ अर्बको चामल आयात गर्ने स्थिति पुगेका छौं भने बहुदल स्थापनापश्चात् निजीकरणको नाउँमा जुटमिल, जनकपुर चुरोट कारखाना, वीचिकालि, भृकुटी कागजजस्ता नगदे बाली प्रयोग गर्ने कारखाना सत्यानाश गरिएकोले अन्नको भण्डार तराईमा अब आफ्नो प्रयोगको लागि मात्र धान, गहुँ उत्पादन गर्ने, उखु बाली लगाउने क्षेत्रमा समेत चिनी कारखानाको शोषणको शिकार हुन परेकोले किसानको दुर्गति नै छ । नेपाल सरकारसँग आजको दिनमा सिंचाइ सुविधा बढाउने न कुनै योजना छ, न निर्माणाधीन ठूला सिंचाइ आयोजनाहरू कहिले पूरा हुने भन्ने कुनै लक्ष्य छ । चुरेको दोहनभन्दा पनि विकासले प्राकृतिक स्रोतहरू सुक्दै गएकोले सम्पूर्ण तराई क्षेत्र नै मरुभूमिकरणतर्फ उन्मुख छ ।

दोस्रो प्राकृतिक सम्पदामा वन जङ्गलको कुरा गर्दा 'हरियो वन नेपालको धन' भन्ने उक्ति भन्न लाज लाग्ने अवस्था छ । चारकोसे झाडी, जुन नेपालमा आकाशे पानी पार्ने ठूलो स्रोतको रूपमा रहेको थियो, आज विनाशतिर लाग्दा नेपालले पनि जलवायु परिवर्तनको मार भोग्नुपरेको छ । यति हुँदाहुँदै पनि चेत खुलेको छैन । पूर्व-पश्चिम राजमार्गसँगै रेल दौडाएर कुन अभीष्ट पूरा हुन्छ बुझ्न सकिन्न । पर्यावरण संरक्षण र विद्युत् खपतकै लागि हो भने हुलाकी राजमार्गकै छेउछेउमा वा हुलाकी सडकमै विद्यतीय बस वा ट्रलिबस पनि चलाएर वन जङ्गल जोगाउन सकिन्थ्यो । तर त्यत्तिले पनि नपुगेर अब २४ लाख रूख काटेर निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउँदै छौं । यसको जलवायु परिवर्तनमा के असर पर्छ त्यो त आउँदा दिनमा हामीले भोग्नैपर्छ । भनिन्छ नेपालको कुल भूभागको ४० प्रतिशत मात्र वन क्षेत्रले ढाकेको छ । यो सत्य हो भने नेपालको वातावरणमा हरितगृह प्रभावको प्रतिकूल असर नपर्नुपर्ने हो । तर जे छ, सबैको सामु छ । वन र जङ्गलको नेपाली परिभाषा पनि कही नभएको जात्रा हाँडीगाउँमा भनेजस्तै छ ।

प्राकृतिक सम्पदा अन्तर्गतको वन जङ्गल भन्नाले त्यस्तो क्षेत्रलाई जनाउँछ जहाँ विभिन्न प्रकारको ट्री भनिने ठूला रूखहरूको सान्निध्यमा शब्र्स र हब्र्स अर्थात् जडीबुटी पनि उम्रिरहेका छन् । तर नेपालमा उपभोक्ता समूहद्वारा लगाइएका एकै प्रकारका व्यावसायिक प्रयोजनका बिरुवाहरूलाई समेत वन जङ्गलको क्षेत्रमा समावेश गरिएको छ । एकताका नेपालमा सिसौको रुख रोप्ने लहर नै चलेको थियो तर जैविक विविधता नमिलेको कारण रोग लाग्न थालेपछि सिसौ रोप्ने रोगपनि नियन्त्रणमा आयो । नेपालमा नाम चलेका सखुवा, भीम सखुवाजस्ता अग्ला रूखहरूले आफ्नो उचाइका कारण वर्षा आकर्षित गर्ने भूमिका खेल्दै आएका थिए तर आज विदेशबाट सखुवा नेपालमा आयात हुन थालेपछि मनसुन पनि सखुवाजस्तै हराउन थालेको छ । रहे बाँचेका जङ्गलहरूबाट जडीबुटी त उत्पादन हुन्छ, तर त्यसमा भ्यालु एडिसन गर्न नसकिने भएकोले निर्यात भएपनि राजस्व सङ्कलनमा यथेष्ट योगदान पुऱ्याउन सकेको पाइँदैन । खानी–खनिजको कुरा गर्दा पेट्रोलियम अन्वेषण शुरू भएको समाचार सुन्दा म बालक थिएँ, अहिले ६० पार पुगेको छु । अन्वेषण अझै हुँदैछ । हामी शिर उठाएर हिंड्ने यस्तो राष्ट्रवादी छौं कि भारतले भनेकोले अन्वेषणमा अगाडि बढ्न नसकेको लाजमर्दो र भ्रामक प्रचारमा लीन छौं, तर अन्वेषण भने जारी नै छ ।

अब कुरा गरौं हाम्रो आशाको एकमात्र र नेपालको लागि सेता सुन (ह्वाइट गोल्ड) भनेझैं हाम्रो जल सम्पदाको । ४३ हजार मेगावाट उत्पादन गर्ने हाम्रो क्षमता छ । पञ्चायतकालसमेत जोड्ने हो भने ६० वर्ष मा ११ सय मेगावाट उत्पादन गर्न सफल भएका छौं । आउँदा दिनमा यो २ हजार मेगावाट पुग्ने आशा छ तर दुर्भाग्यवश नेपालको पिकलोड १३ सय मेगावाटभन्दा माथि पुग्न नसकेकोले बढी विद्युत् के गर्ने ठेकान छैन । यस विषयका विज्ञ मानिने विकास थापाका अनुसार तल्लो अरुण ब्रजीलियन कम्पनीले १५ वर्ष ओगटेर राख्यो, माथिल्लो कर्णाली ९ सय मेगावाट, पश्चिमी सेती ७५० मेगावाट, माथिल्लो मर्स्याङ्दी ६ सय मेगावाट, तामाकोशी तेस्रो ६५० मेगावाट, विभिन्न विदेशी कम्पनीहरूले लाइसेन्स लिए, तर लगानीको अभाव नभई बजारको सुनिश्चितता नभएकोले, हातसम्म हालेनन् ।

भारतले त ५० सेन्टमा पनि पश्चिम सेतीको विद्युत लिन नमानेको उल्लेख गर्दै निकासीमूलक जलविद्युत् योजनाको सपना नेपालमा पूर्णतया असफल भइसकेको तथ्य औल्याएका छन् भने प्रश्न उठ्छ रहेको एउटै यो आश पनि सेलायो । अब उद्योग व्यावसायको क्षेत्रको कुरा गर्दा विद्युत् प्राधिकरणकै तथ्याङ्कको आधारमा पनि नेपालमा उद्योगधन्दाको स्थापना स्थिर छ भन्ने कुरा पिकलोडको तथ्याङ्कबाट नै स्पष्ट हुन्छ । तर योबाहेक पनि नेपालमा डङ्गेटे सिमेन्ट, कोरियन मिनी ट्रक एसेम्बली, मोटरसाइकल एसेम्बलीजस्ता मूल्य अभिवृद्धिबाट हुने उत्पादनलाई नेपाल सरकारले स्वीकृति दिन गरिरहेको विलम्बले वैदेशिक लगानीकर्ताहरूमा पर्न गएको नकारात्मक सोचको परिणाम नै हो, लगानी सम्मेलनको असफलता ।

जतिसुकै एकद्वार प्रणालीको घोषणा गरौं कार्यान्वयनमा सुगमता नभएसम्म लगानी आउँदैन र सुगमता ल्याउन झूटो राष्ट्रवादको सट्टा साँचो राष्ट्रवाद र सफा नियत पनि आवश्यक छ । नियतकै कुरा गर्दा विकास थापाको लेखमा तमोर ७६२ मेगावाट १०० भन्दा बढी घरधुरीलाई मुआब्जा दिनु नपर्ने, लागत बूढीगण्डकीभन्दा आधा र उत्पादन बूढी गण्डक सरह नै भएको नेपाल र नेपाली आफैले निर्माण गर्न सक्ने अत्यन्त आकर्षक योजना सबै थोक निर्माणकर्ताले नै गर्नेगरी विनाटेन्डर विदेशीलाई दिने चाँजोपाँजो मिलाइरहेको उल्लेख भएको पढ्दा देशको राजनैतिक सत्ता नै पूर्ण रूपले लाइसेन्स राजमा परिवर्तित भएको बुझेर देशको विकास विगत ३०–३० वर्षमा पनि किन हुन सकेन बुझेर पूर्णतया चिन्तामुक्त भएको छु । तपाईंहरूले पनि बुझ्नुभएको छैन भने बुझ्नुस र बुझ पचार बस्नुस् । अन्ततगत्वा महामहिम सीको भ्रमणबाट तमोर चीनको पोल्टामा गयो नै ।

२०७६ कात्तिक ०६ गते बुधवार

गाँधीवाद कि पपुलिजम

महात्मा गाँधीले कल्पना गरेको राज्य व्यवस्थाको स्वरूप 'स्वराज'मा आधारित थियो र छ । हुन त स्वराजको गाँधीवादी बुझाइ विकेन्द्रीकरणको नीति अनुसार गाउँलाई सबैभन्दा बढी अधिकार दिने हो । तर भारतमैं पनि यो लागू हुन सकेन किनभने उनको व्यवस्थामा जनता सर्वोपरि थियो र गरीबी एवं निर्धनताबाट मुक्ति, महिला सशक्तीकरण, पर्यावरण संरक्षण एवं कृषि समस्या समाधानलाई प्राथमिकतामा राखिएको थियो । उनको स्वराज भनेको व्यक्तिको स्वयं अनुशासन हो । यस्तो अनुशासित जमातले प्रत्येक गाउँस्तरमा जब गरीबी निवारण, पर्यावरण संरक्षण, नारी सशक्तीकरण एवं कृषि समस्याको समाधानलाई आफ्नो कर्तव्य ठानेर गर्छ भने जनता आत्मनिर्भर बन्न सक्छ र स्वराजको कल्पना साकार हुन सक्छ । तर भारतीय स्वतन्त्रता सङ्ग्रामपछि बनेको नेहरूको सरकारले समेत भारतमैं महात्मा गाँधीको विचारलाई पुस्तकको स्वरूप दिँदै अध्ययन र अध्यापन एवं अनुसन्धानको विषय बनायो भने स्वयं गाँधीलाई वर्षमा एकपल्ट सम्झनेगरी मूर्ति र सङ्ग्राहलयमा सीमित राख्ने काम भयो जुन आज पर्यन्त जारी छ ।

यस क्रममा भारतमा नेहरूदेखि इन्दिरा गाँधी हुँदै नरेन्द्र मोदीसम्म आइपुग्दा एउटा तथ्य के स्पष्ट देखिएको छ भने जनताले व्यक्तित्वको प्रभावबाट पार्टीलाई भोट दिने गरेको छ । अर्थात् व्यक्ति ठूलो भएर दल त्यस व्यक्ति वा नेताको छत्रछायामा बाँच्न सकेको छ । भारतकै आजको काङ्ग्रेस आई यसको ज्वलन्त उदाहरण हो । यस्तो अवस्थामा आम जनता सचेत नागरिक नरही दलको कार्यकर्तामा परिवर्तित भइदिन्छ र नागरिक समाजले सरकारबाट पूरा गराउनुपर्ने उत्तरदायित्व पूरा गराउन सक्दैन । तर दलको नेतृत्व कमजोर हुँदै गएमा देशमा घूसखोरी, कमिशनतन्त्र, व्यभिचार बढ्ने हुनाले शासनप्रति जनविश्वास घट्न जान्छ र जनताको मनको कुरा उठाएर अर्थात् शासनमा रहेकालाई भ्रष्ट र राष्ट्रविरोधीको संज्ञा दिएर मुलुक हाँक्ने भन्दै स्वर्ण महल खडा गरिदिने वाचा गर्ने नेतृत्व अगाडि आउँछ । यस्तै वर्गका नेताहरूलाई पपुलिस्ट भनिएको छ । जुन दक्षिण एशियाबाट सरेर सम्पूर्ण विश्वमैं फैलिँदै छ ।

हुन त पपुलिज्म सन् १९५० देखि नै राजनैतिक दलका नेताहरूले आम नागरिकलाई धोखा दिने गरेको कारण बलियो हुँदै गएको पाइन्छ । सूक्ष्म विश्लेषण गर्दा पपुलिस्ट नेताहरूले समाजलाई व्यक्तिवादी बनाउँदै लगे, जसको फलस्वरूप निर्वाचनमा चलखेल गर्ने अवसर प्राप्त हुन थाल्यो र पपुलिस्टहरूले यस अवस्थालाई क्यास गर्दै लगेको पाइन्छ । यसबाट लोकतान्त्रिक प्रणालीमैं पनि जनता दलहरूभन्दा व्यक्तिको पछि लागेर दललाई चुन्ने प्रक्रिया बढेको छ जसको उदाहरण नेपाल र भारतमा भर्खर सम्पन्न निर्वाचन परिणामबाट हेर्न सकिन्छ । अब प्रश्न उठ्छ के हो पपुलिज्म ? अन्नपूर्ण पोस्टबाट साभार गरिएको चन्द्रशेखर अधिकारीको पपुलिज्म राज्यको प्रभाव लेख अनुसार जर्जिया विश्वविद्यालयका प्राध्यापक कयास मेद्रेको शब्दमा पपुलिज्म एउटा लुरे विचारधारा हो, जसले राजनैतिक एजेन्डाको ससाना भागलाई सम्बोधन गर्छ

जस्तो विरोधीहरूलाई भ्रष्ट, विकास विरोधी, काम नलाग्ने संज्ञा दिएर निर्वाचन जित्छन् र अर्को पक्षलाई झारपात ठान्दै आफ्नो दलका कार्यकर्ता र त्यसमा पनि आफ्नो निकटलाई मात्रै जनता ठान्दै आफ्नो कार्यकर्ताको दस्ता तयार गरेर कामभन्दा सपना बाँड्ने, भाषण, उद्घाटन र सभा समारोह र भ्रमणमा रमाउँछन् । हाम्रो नेपाली समाजको आजको वास्तविकता के हो भने पपुलिज्म नेतृत्वले गर्दा देश वा नेपाली समाज गहिरोसँग राजनीतिक मायाजाल (साभार: रवीन्द्र मिश्र)मा फसेको छ । जहाँ-जहाँ राजनीति हुनुपर्ने थियो त्यहाँ भएन र नहुनु पर्ने हरेक ठाउँमा राजनीति भयो । राजनीति हुनुपर्ने संसद् खाली रह्यो र नहुनुपर्ने स्कूल, कलेज, विश्वविद्यालय, अस्पताल, व्यापार, व्यवसाय, खेलकूद, सङ्घसंस्थामा आफ्नो निकटको कार्यकर्तालाई स्थान दिलाए । त्यहाँ प्रवेश गरिसकेपछि लाभको स्वाद चाख्न पाएको कार्यकर्ताहरूको आफ्नो नेताको पछि लाग्ने एउटा दस्ता तयार भयो जसले राष्ट्रहितको उपेक्षा गर्दै नेता पोस्ने कामको थालनी भयो । नेताका लागि आफ्ना कार्यकर्ता मात्रै नागरिक भइदिए । यसकारण नेपाली जनता आफूमात्र होइन आफ्नो सन्ततिको भविष्यसमेत अँध्यारो पार्नेगरी देशकै भविष्य बिगार्ने नेताहरूलाई नै पटक-पटक भोट दिएर जिताउँछन् र आफू दुःखमैं रमाएर बस्छन् । यस्तो अवस्थालाई रवीन्द्र मिश्रले 'स्टक होम सिन्ड्रोम' शब्दावली प्रयोग गरेका छन् । यस्तो समाज परपीडक हुन्छ, आफ्नो सुखमा रमाउनुभन्दा अरूको दुःख देखेर रमाउँछ। यस्तै समाजलाई Downward Social Mobility भएको समाज भनिन्छ जहाँ अवसरको अभावमा जनता जे छ त्यसैमा रमाएर बसिरहेको हुन्छ ।

पपुलिज्म शब्दकै किटानी परिभाषा त केही भेटिन्न तर बेलायतको ब्रेक्जिट जनमत सङ्ग्रह र अमेरिकामा डोनाल्ड ट्रम्पको चुनावी जीतले यसको चर्चा बढाएको हो । तथापि सन् ४० देखि ९० को दशकसम्म विश्वको नेतृत्व गर्ने नैतिक धरातलमा उभिएका नेताहरूको सट्टा सन् २००० पछाडि त्यस्ता नेताहरूको अभ्युदय भयो, जसले पपुलिस्ट विचारधारा अँगाले। रूसमा पुटिन, अमेरिकामा ट्रम्प, जापानमा सिन्जो आबे र भारतमा मोदीजस्ता नेताहरूको उदयमा मिडियाको पनि ठूलो भूमिका रहेको पाइन्छ । यस्तो अवस्थाको विश्लेषण गर्दा राष्ट्रले दलभन्दा व्यक्तिलाई र त्यसमा पनि चमत्कारी क्षमता भएका बलियो व्यक्तिलाई खोजिरहेको भान हुन्छ । यो अवस्थाबाट नेपाल पनि फरक छैन । विगत जे भए पनि झूटो राष्ट्रवादको गाथा गाएर जनतालाई भ्रमित गर्ने कार्यमा पपुलिस्टहरू माहिर हुन्छन् । नेपालका दुवै छिमेकी राष्ट्रको बितेको ५० वर्ष र हाम्रो ५० वर्ष केलाउने हो भने सत्यतथ्य स्वयं उजागर हुन्छ । मलाई लाग्छ यही सत्यलाई बुझेर होला नेकाका विद्वान् नेता प्रदीप गिरीले अब देशलाई सम्हाल्न नागरिकले सरकारले गरेको चित्त नबुझ्दो निर्णयमा प्रत्यक्ष हस्तक्षेप गर्न जरूरी भएको मन्तव्य दिने गरेका छन् । यो परिपाटी शुरू नभएसम्म राजनैतिक मायाजालबाट निस्कन सम्भव हुने छैन । तबसम्म गाँधीवाद अध्ययन-अनुसन्धान सङ्ग्राहलयमा थन्किरहने छ ।

२०७६ असोज २९ गते बुधवार

सि दीक्षा

नेपाल कम्युनिस्ट पार्टी र चिनियाँ कम्युनिस्ट पार्टीबीचको संयुक्त विचार गोष्ठी सोमवार काठमाडौंमा सम्पन्न भएको छ । उक्त कार्यक्रममा नेपालका प्रधानमन्त्रीले नेपाली क्रान्तिको आफ्नै मोडेल तथा नेपाली कम्युनिस्ट पार्टीको आफ्नै मौलिक सिद्धान्त रहेको चर्चा गर्दै चीनमा सि विचारधारामा आधारित विकास मोडेलले आश्चर्यजनकरूपमा गरेको प्रगतिले विश्वभर बहस एवं चर्चा पाइरहेको भन्दै विश्वमा दोस्रो आर्थिक एवं औद्योगिक राष्ट्रको रूपमा उदाएको चीनको विकास मोडेल नेपालको लागि उदाहरणीय हुन सक्ने विचार व्यक्त गरेका थिए । यसै कार्यक्रममा बोल्दै नेकपाका अर्का अध्यक्ष प्रचण्डले राष्ट्रपति सिको कार्यकालमा चीनले हासिल गरेको दोहोरो अङ्कको आर्थिक वृद्धिदरको प्रशंसा गर्दै चीनको बिआरआई नेपालको विकासको लागि अपरिहार्य भएको टिप्पणी गरे । यही अवसरमा चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुख सोझ ताओले आफूहरू हिमाल पार गरेर नेपालमा वैचारिक छलफलको लागि आएको बताउँदै दुवै देशका कम्युनिस्ट पार्टीहरूले मिलेर मुलुकलाई विकासको नयाँ उचाइसम्म पुऱ्याउन सक्ने धारणा व्यक्त गरे । वैचारिक छलफलको कुरा अगाडि बढाउँदै उनले नेकपाको जबज र २१ औं शताब्दीको जनवाद र सिको विचारले पनि शान्तिपूर्ण विकास गर्दै जनतालाई अगाडि बढाउने भएकोले चीन सिकाउन र सँगै आएर काम गर्न तयार रहेको बताए ।

नेतृ साहना प्रधानको पाँचौं स्मृति दिवसको अवसरमा नेकपाको केन्द्रीय कार्यालय धुम्बाराहीमा बोल्दै आदर्शबाट च्युत भइरहेको छ छैन भनेर पार्टीले समीक्षा गर्नुपर्ने बेला आएको भन्दै पार्टी एकता गरेपछि वा शासन सत्ता सञ्चालन गर्ने ठाउँमा पुगेपछि आदर्श र विचारबाट थाहै नपाई स्खलित हुँदै जाने प्रक्रिया शुरू भएकोले नाम त कम्युनिस्ट पार्टी नै छ तर हामी साँच्चै कम्युनिस्टजस्तै छौं त भन्ने प्रश्न गर्दै भन्न त हामीले समाजवादको यात्रा शुरू गर्ने भनेका छौं तर के हामी समाजवादी योद्धाजस्ता छौं वा हिजोको निरङ्कुशतावादी वा काङ्ग्रेसजस्तो पद–प्रतिष्ठाको योद्धा हुन पुगेका छौं सोच्नुपर्ने बेला भएको छ भने। समाजवादी क्रान्ति स्थापना गर्न एकताबद्ध भएर विशाल फौज तयार पार्नुपर्ने र सो गर्न नसकेकोमा युरोपको पार्टीहरूभन्दा नेकपा फरक नहुने टिप्पणी गरे ।

वरिष्ठ लेखक एवं साहित्यकार खगेन्द्र सङ्ग्रौलाले भने नेपालमा सि विचारधाराको प्रशिक्षण नेकपाको हनुमानगिरी भएको टिप्पणी गरेका छन्। यस अवस्थामा चेतनशील र राजनीति बुझ्ने जनताले यसलाई कुन रूपमा बुझ्ने भन्ने प्रश्न खडा भएको छ । क. प्रचण्डको प्रशिक्षण र नेतृ साहना प्रधानको स्मृति दिवसको अवसरमा व्यक्त गरिएका विचारहरूलाई मान्ने हो भने नेकपा मार्क्सवाद, लेनिनवाद र माओवाद हुँदै आज कहाँ

जाने कहाँ नजाने दोसाँधमा उभिएकोले अब सिको नीति अनुसरण गरी समाजवाद उन्मुख फौज खडा गर्ने सोचमा रहेको बुझिन्छ तर नेकपाकै अध्यक्ष एवं प्रम ओलीको विचारबाट नेकपा जबजमा रहेर चीनको आर्थिक मोडेललाई आफ्नो विकासको लागि प्रयोग गर्न चाहन्छ भन्ने बुझिन्छ। त्यसैले राष्ट्रिय स्तरमा नै नेकपा विभाजित मनस्थितिमा रहेको तर चीनसँगको निकटता अपरिहार्य भएकोले सि विचारधारा गोष्ठी आयोजना गरेको बुझ्न सकिन्छ। तर यसबाट संशय के उत्पन्न हुन्छ भने नेकपाले अब अख्तियार गर्ने रणनीति कस्तो हुन्छ । नेकपाले लोकतन्त्रको माध्यमबाट समाजवादमा जाने घोषणा गरिसकेको बेला सि विचारधारा र लोकतन्त्र एकैसाथ जान नसक्ने एवं चीनले अवलम्बन गरेको खुला अर्थनीतिलाई नेपालको कम्युनिस्टहरूले स्वीकार गरिहाल्ने अवस्था नभएको र स्वीकार गर्न चाहेपनि अवलम्बन एवं कार्यान्वयन गर्न असम्भव भएकोले यसलाई विश्लेषकहरूले नीतिगत शून्यताको परिणाम ठानेको तथ्य सार्वजनिक भइ नै सकेको छ।

अब कुरा गरौं अन्तर्राष्ट्रियतर्फको । नेपालमा अहिले शक्ति राष्ट्रहरूको चासो बढेको कुरालाई नकार्न सकिदैन । जसरी चीनसँग नेपालले सि विचारधाराको लागि संयुक्त गोष्ठी गऱ्यो, त्यस्तै गोष्ठी गर्ने मनसाय अमेरिकाले आफ्नो रणनीतिबारे गर्न खोज्यो वा भारतीय राष्ट्रपतिको भ्रमणको अवसर पारेर भारतीय जनता पार्टी वा भारत सरकारले नै हिन्दू राज्यबारे नेपालमा प्रशिक्षण दिन खोज्यो भने यो सरकारले के गर्ने ? चीन विश्वको उदीयमान शक्ति राष्ट्र हो भने भारत त्यसको पछाडि-पछाडि हिंडेको छ तर अमेरिका त शक्ति राष्ट्र हो भन्ने कुरामा कुनै संशय नै छैन। अब एउटा शक्ति राष्ट्रको अन्ध अनुसरणले अन्य छिमेकी वा शक्ति राष्ट्रलाई सशङ्कित गर्ने काम भयो भने त्यसको प्रत्युत्तर राजनैतिक दबाब र आर्थिक असहयोगको रूपमा आउन सक्छ । नेपालले भारतको पुनामा भएको सैनिक अभ्यासमा चीनकै दबाबमा सामेल नभएर उत्पन्न गराएको शङ्काको वातावरण कमरेड प्रचण्डको वक्तव्य र अहिले नेकपाको स्कूल विभागको सहभागितामा प्रशिक्षण गोष्ठी सञ्चालन गरेर त्यसलाई झन बल पुऱ्याएको छ। यस किसिमको खेलले कूटनैतिक अपरिपक्वता देखिनुका साथै देशको राष्ट्रियता कमजोर हुन्छ। साथै देश शक्ति राष्ट्रहरूको क्रीडास्थल बन्न पुगदछ। अहिले कै कुरा गर्दा भारतकै कारण पेट्रोलियम उत्खनन रोकिएको र अहिले आएर निजगढ अन्तर्राष्ट्रिय विमानस्थलसमेत बन्न नदिने प्रयास भइरहेको हल्ला भइरहेको समयमा यस्तो कार्यक्रम हुनुलाई कार्यक्रम गराउन यस्तो हल्ला प्रायोजित गरिएको भनेर बुझ्नेहरू पनि हुन सक्छन्।

अमेरिकाले त प्रचण्डको वक्तव्यको सम्बन्धमा नेपाल सरकारसँग आधिकारिक धारणा बुझ्न खोजेको कुरा सार्वजनिक भइ नै सकेको छ। संयुक्त गोष्ठीपछि नेपालको कूटनीतिमा कस्तो असर पर्दछ त्यो आउने दिनमा स्पष्ट हुँदै जानेछ । तर सङ्केत आशावादी हुने खालको पक्कै छैन । किनभने इतिहास हेर्दा मार्क्सवादको स्थापनार्थ

लेनिनले बहुमतको विपक्षी सत्तालाई हत्या र हिंसाको बलबाट ढाले भने उनीपछि सत्तामा पुगेका स्टालिनले साम्यवाद निर्यात गर्ने रणनीति लिएर अगाडि बढे, फलस्वरूप १९९० सम्म रूसका शासकहरूले २५ देशमा कम्युनिस्ट शासन स्थापित गराए । तर यिनै देशहरूमा मार्क्सको विचारलाई एकापट्टी थन्काउँदै चीनमा माओ, भियतनाममा हो चिमिन्ह, उत्तर कोरियामा किम इल सुङ, क्युबामा फिडेल कास्त्रो, युगोस्लाभियामा मशर्सल टिटो तथा कम्बोडियामा पोलपोटको सत्ता स्थापित भयो । तर १९९० को दशकमा सोभियत रूसको विखण्डन हुँदै पोल्यान्डको लेब वालेसा नेतृत्वको मजदूर आन्दोलनको दबाब थेग्न नसकी बर्लिनको पर्खाल भत्किनुलगायत क्युबाबाहेक अन्य देशहरूमा सत्तामात्र होइन राज्य व्यवस्था नै परिवर्तन भएको हो । चीनमा भने माओत्से तुङ्गले समृद्धि दिन नसके पनि सांस्कृतिक क्रान्तिको नाउँमा कम्युनिस्ट व्यवस्था टिकाइराख्न सफल भने भएका थिए । चीनको नयाँ आर्थिक नीति वस्तुतः देङ सायो पेङको देन हो, जसले चीनलाई आज शक्तिशाली राष्ट्रको रूपमा उभ्याउन सफल भएको छ । तर क्रूरता त देङ्गले पनि छाड्न सकेनन् । तियान मेन चोकमा स्वतन्त्रताको पक्षमा उभिएका हजारौं विद्यार्थीमाथि बुलडोजर चलाएर कलङ्कको टीका थापेकै हुन् । बलियो आर्थिक आधार पाएका सिले आन्तरिकरूपमा सबल भएपछि राजनैतिकरूपमा आफ्नो र चीनको वर्चस्व बढाउन बिआरआई प्रोजेक्टलाई कनेक्टिभिटीको नाउँमा अगाडि ल्याएका हुन् ।

यता नेपालमा कम्युनिस्टहरूकै दुई तिहाईको सरकार छ । यसमा पुष्पलाललाई समर्थन गर्नेदेखि उनको विरोध गरेर हत्या हिंसाबाट सत्ताप्राप्त गर्न उद्यत जमातपनि छ, जसले मदन भण्डारीको जनताको बहुदलीय जनवादको आवरण लगाएर बहुदलीय लोकतन्त्रलाई स्वीकार गरेको छ । उता अर्को समूह कमरेड प्रचण्डको छ जो २१ औं शताब्दीको सामन्तवादको लागि फौज तयार गर्ने सोच राख्छ । वस्तुतः दुवै सोच नेपालको लोकतान्त्रिक पद्धतिबाट मेल खाँदैनन् र जनतालाई स्वीकार्य छैन। तर सत्तामा टिकिराख्न प्रम ओली र कमरेड प्रचण्डलाई एक ठाउँमा उभ्याउन एउटा बलियो शक्ति केन्द्रको आवश्यकता थियो जुन यो संयुक्त गोष्ठीबाट पूरा भएको छ । नेकपा सत्तामा रहिरहन यसले हाललाई बल पुऱ्याएपनि देशको लागि कदापि हितकर हुन सक्दैन ।

२०७६ असोज १५ गते बुधवार

चिन्ता विकासको

विश्व बैंकका नेपालको लागि देशीय व्यवस्थापक (Country Manager) हदाद-जरवसको १० सेप्टेम्बरको द काठमाडौं पोस्टमा Expanding job opportunities for all शीर्षकमा प्रकाशित लेख अनुसार विश्व बैंकको Human capital index अनुसार आज नेपालमा जन्मिने एउटा बालक वयस्क हुँदा आफ्नो क्षमताको ४९ प्रतिशत मात्र अवसर स्वास्थ्य, शिक्षा र रोजगारको क्षेत्रमा पाउने देखिएको छ । अर्को शब्दमा आजको नेपाली बालकको भविष्य उसले पाउने पोषण, स्वास्थ्य र शिक्षामा भर पर्नेछ र एउटा पूर्ण वयस्कले यो पूरा पाउने सम्भावना भने ४९ प्रतिशतमात्र छ । नेपालको श्रम बजारमा अहिले करीब ९ लाख युवा रोजगारको खोजीमा छ जसमध्ये १५-३५ वर्ष उमेर समूहको सङ्ख्या करीब ७५ प्रतिशत छ । यसमध्ये अधिकांश भारत वा विदेशमा रोजगारका लागि जाने गर्दछन् । किनभने देशमा रोजगारको पर्याप्त अवसर उपलब्ध छैन । विदेशमा काम गर्न जाने यस्ता युवाहरूको कमाइले हाम्रो कुल गार्हस्थ्य उत्पादनको २५ प्रतिशतसम्म धानेको छ । यसले आन्तरिक खपत त बढाएको छ तर उनकै शब्दमा Nepal Needs home grown supply of meaningful job यो कसरी हुन सक्छ ?

नेपालमा भएकै आयोजनाहरू जस्तैः राष्ट्रिय गौरवका आयोजना, विद्युत् आयोजना, सडक र पुल निर्माण गर्न अगाडि बढाइएको आयोजना कार्यान्वयनको गतिलाई चरणबद्ध रूप दिन सकियो भने नेपालको श्रम बजारमा प्रवेश गर्ने अदक्ष श्रमिकहरूलाई देशमैं रोजगार उपलब्ध गराउन सकिन्छ भने निजी क्षेत्रका उद्यमीहरूको सहभागिता र सम्बन्धमा उत्पादन एवं कृषि क्षेत्रको व्यवसायीकरण गर्न सकिनेछ । उत्पादनको क्षेत्रमा होङ सिमेन्ट, मोटरसाइकल एवं कोरियन मिनी ट्रक र एसेम्बली एवं उत्पादन गर्ने उद्यमीहरूले लामो समयदेखि इजाजत नपाउनुले वैदेशिक लगानीकर्ताहरूमा नकारात्मक सन्देश गएको छ जसले गर्दा लगानी मेलाको मूल नै फुटाए पनि लगानी भित्रिने सम्भावना न्यून बन्दै गएको छ ।

माथि लेखिएका समस्याहरू आन्तरिक कारणले उत्पन्न राजनैतिक-व्यावसायिक वातावरणीय समस्या हुन् जसको हल देशकै सरकारले गर्न सक्छ । यसमा विदेशी हस्तक्षेप हुँदैन । तर आज देशमा स्थायी र हल्लाउन नसकिने स्थिर सरकार स्थापना भएको डेढ वर्ष बितिसक्दा पनि यस दिशामा पाइलासमेत चाल्न सकिएको छैन ।

सन् १९७२ को भारत-पाकिस्तान युद्धमा जन्मेको सार्क राष्ट्रकै हाम्रो छिमेकीले हामीजस्तै लामो समयसम्म राजनैतिक अस्थिरता एवं गरिबी भोग्दै आइरहेको हामी सबैलाई थाहा छ । तर विगत १० वर्षदेखि शेख हसिना वाजेद बङ्लादेशको प्रधानमन्त्री छिन् र यो १० वर्षमा बङ्लादेशको कुल गार्हस्थ्य उत्पादन नेपालभन्दा दस गुणा बढेको

छ । यस कारणले बङ्गलादेश अहिले विश्वको समृद्ध राष्ट्रहरूको सूचीमा ४० औं स्थानमा रहेको छ भने सन् २०३० मा २५ औं स्थानमा पुग्ने लक्ष्य लिएको छ । बङ्गलादेशको निर्यात ५० बिलियन अमेरिकी डलर पुगेको छ । यसमा तयारी पोशाकको सबैभन्दा बढी निर्यात भारतमा भएको छ । एक समय नेपाल र बङ्गलादेश दुवैले अमेरिकी कोटा अन्तर्गत अमेरिकामा तयारी पोशाक पठाउने गर्दथे । तर कोटा प्रणाली समाप्त भएपछि नेपाली तयारी पोशाक उद्योगहरू धराशायी बन्न पुगे भने बङ्गलादेशले अमेरिकालगायत भारतमा लागत र स्तरीयता दुवै कायम राखेर अग्रणी स्थान लियो जसको फलस्वरूप तयारी पोशाक उद्योगले राष्ट्रिय उद्योगकै स्थान पायो । चीनबाट तयारी पोशाकको कच्चा पदार्थ मगाएर गुणवत्ता कायम राख्दै प्रतिस्पर्धी बजार रहेको अमेरिका र भारतमा दखल राख्नु चानचुने कुरा होइन। यही मुकाम हामीले हासिल गर्न सकेनौं । अहिले विश्वकै आर्थिक जगत्मा चर्चाको विषय भनेको बङ्गलादेशले भारतभन्दा बढी आर्थिक वृद्धिदर हासिल गर्नु र सन् २०३० सम्म प्रतिव्यक्ति आय पनि भारतभन्दा माथि पुग्ने प्रक्षेपण हुन पुगेको छ ।

बङ्गलादेशमा विद्युत् आपूर्ति पर्याप्त मात्रामा छैन । त्यसैले ऊ नेपालसँग विद्युत् खरीद सम्झौता गर्न अग्रसर छ । प्राविधिक शब्दावलीमा 'विद्युत्को भोको देश'को श्रेणीमा रहेको बङ्गलादेशको अहिलेको अवस्था नै यस्तो छ भने नेपालका अन्य कुनै क्षेत्रबाट त्यहाँ विद्युत्को नियमित आपूर्ति हुन थालेपछि विकासले कस्तो गति लिने होला ?

४२ हजार मेगावाट उत्पादन गर्ने सम्भावना भएको हाम्रो देशमा प्रजातन्त्र प्राप्तिपछि पनि जम्मा ३० वर्षमा ५-६ सय मेगावाटभन्दा बढी उत्पादन गर्न सकेको छैन । ठूला आयोजनाहरू नेपाललाई पुग्ने गरी उत्पादन गरेर निर्यात गर्न कहिले सक्षम हुने हो भन्न कठिन छ। परम्परागत खेतीबाट सिंचाइ सुविधा र मलखाद एवं अन्य विविध कारणले आम्दानी हुन नसक्ने अवस्थामा यसलाई मूल्य अभिवृद्धिमा आधारित कृषितर्फ कसरी रूपान्तरण गर्ने हो कुनै ठोस योजना र कार्यक्रम छैन । मुस्ताङ र जुम्लाको स्याउ रु १००-१४० प्रतिकिलो नेपालगंजमा बिक्री हुँदैमा रमाउने हामीहरू यसलाई त्यहाँको पर्यावरण र अर्गानिक पहिचान दिएर अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउनेतर्फ सोच्न सकिरहेका छैनौं । अदुवा, अलैचीजस्ता उत्पादनहरूलाई पेस्ट, धूलो वा सामान्य स्वरूपमै अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने कुनै सार्थक प्रयास देखिनेगरी भएको छैन । भन्नुको कुल तात्पर्य के हो भने नेपालको वर्तमान सरकारले-

१) विदेशी एवं स्वदेशी उद्योगहरूको स्थापनालाई प्राथमिकतामा राख्नुपऱ्यो ।

२) निर्यातको लागि विद्युत् र कृषि उत्पादन एवं बजारीकरणलाई लक्ष्य निर्देशित बनाई काम गर्नुपऱ्यो र

३) सडक सञ्जाल एवं भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिनुपऱ्यो ।

बङ्गलादेशकी प्रम महामहिम शेख हसिना वाजेदले १० वर्षमा यही गरेर आफ्नो

देशलाई आजको स्थान दिलाउन सफल भएकी छन् भने त्यस्तै दृढ इच्छाशक्ति राखेर कार्य गरियो भने हामी सफल किन नहुने ?

सन् २०१४–१५ मा नेपालको व्यापारघाटा करीब ६९० बिलियन थियो भने सन् २०१८–१९ मा यो बढेर १.३२ ट्रिलियन पुग्यो भने निर्यात २५ प्रतिशतले मात्र बढेको पाइन्छ । तर प्रतिव्यक्ति आयमा भएको वृद्धिको फलस्वरूप खर्च सन् २००० मा ३४९ बिलियन रहेको थियो भने २०१८ मा ६८९ बिलियन हुन पुगेको छ । यस्तो अवस्थामा सरकारले मूल्य अभिवृद्धि बढी भएका केही उत्पादनहरूको छनोट गरेर वैदेशिक साझेदारी वा लगानीमा नेपालमैं उत्पादन शुरू गरेर केही हदसम्म आयात प्रतिस्थापन गर्दै व्यापार घाटालाई स्थिर गर्न सकिन्छ तर अन्ततोगत्वा बङ्गलादेशलाई रोल मोडेल मानेर प्रगति गर्ने हो भने निर्यात गर्न सकिने वस्तु जसमा नेपालमा विद्युत्, पस्मिना, कार्पेट, चिया, अलैची र अदुवा पर्दछन् । यिनलाई प्राथमिकतामा राख्दै तयारी पोशाकलाई समेत लक्षित गर्दै अगाडि बढ्नुको विकल्प छैन ।

२०७६ असोज ०८ गते बुधवार

नेपाली अर्थतन्त्रः एक चर्चा

२५ प्रतिशत जनता गरीबीको रेखामुनि रहेको हाम्रो देश नेपालको ६६ प्रतिशत जनसङ्ख्या कृषिमा आधारित छ भने वैदेशिक रोजगारले कुल गार्हस्थ्य उत्पादनमा ३० प्रतिशतको योगदान पुऱ्याइरहेको छ । हामी सन् २०२२ सम्म विकासशील र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रको श्रेणीमा दरिन २०२१ सम्म १० प्रतिशतका दरले लगानी बढाउन आवश्यक छ । यसका लागि अहिले उपभोग्य वस्तुमा आधारित एवं वैदेशिक रोजगारीको आयमा आधारित अर्थ व्यवस्थाबाट लगानी र निर्यात वृद्धितर्फ केन्द्रित हुनुपर्ने देखिन्छ । यसको लागि नेपालले सर्वप्रथम कृषि एवं खनिज, दोस्रो प्राथमिकतामा उत्पादनशील क्षेत्र, तेस्रो प्राथमिकतामा सेवा क्षेत्र र अन्त्यमा चौथो प्राथमिकतामा अनुसन्धानमूलक उद्योगहरूको स्थापनाको आवश्यकता पर्ने देखिन्छ ।

प्रथम प्राथमिकताको कुरा गर्दा कृषि क्षेत्रमैं ६ खर्बको आयात गर्नुपर्ने तथ्य सार्वजनिक भइसकेको छ । मुलुकको कुल क्षेत्रफलको २० प्रतिशतभन्दा पनि कम जग्गा खेतीयोग्य छ, त्यसमा पनि गुणस्तरीय र उब्जाउ सिंचाइ सुविधा पुग्ने जग्गा ज्यादै न्यून छ । प्रजातन्त्र स्थापनाको ३० वर्ष बितिसक्दासमेत एउटा गतिलो सिंचाइ योजना कार्यान्वयनमा आउन सकेको छैन, एउटा पनि खाद कारखाना खुल्न सकेको छैन । त्यसैले कृषि क्षेत्रको उत्पादकत्व न्यून भएर खाद्यान्न आयात गर्नुपरिरहेको छ । खानी, खनिज उत्खननको त कुरै नगरौं । हात्ती आयो हात्ती आयो फुस्साभन्दा बढी उपलब्धि हासिल हुन सकेको छैन । दोस्रो क्षेत्र हो उत्पादनशील क्षेत्र भएका उद्योगहरूले पनि अहिलेसम्म जडित क्षमताको ६० प्रतिशत काट्न सकेका छैनन् । वैदेशिक लगानी अपेक्षा गरिएभन्दा अत्यन्तै कम छ । निजी क्षेत्र उद्योगधन्दाभन्दा व्यवसाय गर्न उद्यत रहेको अवस्थामा करको दर र दायरा दुवै बढाएर कसरी उत्पादन क्षेत्रलाई अगाडि बढाउने सोच छ त्यसको कार्ययोजना सार्वजनिक हुन सकेको छैन । तेस्रो सेवा क्षेत्र हो । यस क्षेत्रमा निजी क्षेत्रले सक्रिय सहभागिता देखाएकोले स्कूल, कलेज, अस्पतालहरूमा प्रशस्त लगानी भएको र त्यसको प्रतिफल पनि प्राप्त भइरहेको छ । सरकारी क्षेत्रले पनि खास गरेर सञ्चार र पर्यटनको क्षेत्रमा राम्रो प्रगति गरेको भन्नैपर्ने हुन्छ। अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घ नेपालमा इन्टरनेट सेवा प्रयोगकर्ता सन् २०१८ मा ६३ प्रतिशत रहेको छ । नेपाल दूरसञ्चारले २०२५ सम्म इन्टरनेट प्रयोगकर्ताको सङ्ख्या ७९ प्रतिशत र मोबाइलधारक १२४ प्रतिशतसम्म पुऱ्याउने लक्ष्य राखेको छ भने नेपाल विद्युत् प्राधिकरणले लोडसेडिङ हटाएर मुनाफा उन्मुख भएर देशलाई ठूलो गुन लगाएको छ । तर पश्चिम सेती, बूढी गण्डकी, नलसिंहगाड, जस्ता परियोजना र खानेपानीतर्फ मेलम्चीको दुर्दशाले यो पूर्णरूपमा राम्रो नै भइसकेको भन्न मिल्दैन । सन् २०१८ मा नेपालको पर्यटन क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा ७.५ प्रतिशतको योगदान

पुऱ्याएको हो । सरकारी कार्य योजना अनुसार बर्सेनि ४.३ प्रतिशतको दरले बढेर यस क्षेत्रले सन् २०२७ सम्म कुल गार्हस्थ्य उत्पादनमा ८.३ प्रतिशतको योगदान दिनेछ। वनको बढ्दो विनाश र यसका साथै दुर्लभ वन्यजन्तुको घट्दो वासस्थानका साथै पर्यटकहरूको बसाइ लम्ब्याउने आधारहरू खडा गर्न नसकिएको कारण सन् २०२० सम्म २० लाख पर्यटक भित्र्याउने योजनामाथि प्रश्नचिह्न खडा हुने अवस्था छ ।

यस्तो अवस्थामा जहाँ सेवा, उद्योग र व्यवसायबाट मनग्गे आम्दानी हुँदैन र उद्योगी-व्यापारी करको डरले त्रसित हुन्छन् र आम जनता महँगो बजारका कारण पीडित हुन्छन्, त्यहाँ चौथो प्राथमिकताको अनुसन्धानमूलक उद्योगहरू स्थापनाको कल्पना पनि गर्न सकिँदैन । त्यस्तै व्यक्तिगत करको दर ३५ प्रतिशत र विलासिता वस्तुमा १०० प्रतिशतभन्दा बढी कर लागेको कारण बजार विस्तारको सम्भावनासमेत न्यून नै देखिन्छ। यस्तो अवस्थामा अर्थमन्त्रीले ठूलो लगानी गरेर उच्च आर्थिक वृद्धिदर हासिल गर्ने र बिओपीको लागि निर्यात बढाउने एवं तामाकोशीको विद्युत् आएपछि भारतबाट विद्युत् आयात र पेट्रोलियम पदार्थको आयातसमेत घट्ने र त्यसबाट बिओपीमा सुधार हुने अपेक्षा गरेका छन् । पूँजीगत शीर्षकमा छुट्याइएको रकम नै पचास प्रतिशतसम्म खर्च गर्न, असारे विकास गर्न बाध्य भएको सरकार र लगानी सम्मेलनबाट अपेक्षा गरे अनुसार बाह्य लगानीसमेत नबढ्ने अवस्थामा कसरी ठूलो लगानी गरेर अर्थमन्त्रीले उच्च आर्थिक वृदिदर हासिल गर्छन् बुझ्न नसकिने भएको छ । त्यस्तै तामाकोशी आएपछि त्यसबाट जति विद्युत् आपूर्ति हुन्छ, त्यस अवधिमा मन्त्रीकै शब्दमा ठूलो लगानीमा उद्योग धन्दा खुल्ने हो भने विद्युत्को माग बढ्न जानेछ र भारतबाट आयात घट्ने नभई बढीमा स्थिर हुन सक्ने देखिन्छ । जहाँसम्म पेट्रोलियम पदार्थको कुरा छ, हवाई इन्धन र डिजेल घट्ने सम्भावना छँदैछैन भने काठमाडौंमा विद्युतीय वाहन प्रयोग सफल भयो भने पेट्रोल मात्रैको खपत १०-२० प्रतिशतले घट्न सक्छ । तर एलपी ग्याँसको खपत घटाउन विद्युत् प्राधिकरणले विद्युत् दरलाई ग्याँससँग प्रतिस्पर्धी बनाउन सक्नुपर्दछ । भर्खरै नाफा उन्मुख रहेको प्राधिकरणको क्षेत्रभित्र रहेको निर्माणाधीन आयोजनाहरूको निर्माण अवधि लम्बिएर भइरहेको मूल्यवृद्धि र निजी क्षेत्रका उत्पादकहरूसँग भएको खरीद सम्झौताभन्दा तल झरेर विद्युत् प्राधिकरणले विद्युत्को मूल्य समायोजन गर्ला र एलपी ग्याँसको आयात घट्ला भनेर आशा गर्न सकिने अवस्था देखिँदैन। सङ्घीय संरचनाका कारण एक त सरकारको खर्च बढिरहेको छ भने अर्कोतर्फ विनियोजित रकम विकासतर्फ खर्च हुन नसकेर सरकार दोहोरो मारमा परेको छ । यही खर्च धान्न आफ्नो संयन्त्रलाई क्षमतावान् बनाउनुको सट्टा दुईतिहाईको दम्भमा कर थोपर्न लागिपरेको छ । यसले अमेरिका, चीनबीचको व्यापार विवादको कारण सन् २०२० सम्म अपेक्षित आर्थिक मन्दी र भारतमा समेत घटेको आर्थिक वृदिदरको दुष्प्रभाव नेपालमा सबभन्दा पहिलो चोट वैदेशिक रोजगारीको आयमा नै पर्नेछ भन्ने भेउ राख्न जरूरी मात्रै होइन, त्यसको ठोस व्यवस्थापनको नीतिमा लाग्नु

जरूरी भइसकेको छ।

भदौ २४ गते देशले १०६ औं विपी दिवस मनाएको छ। २००७ सालदेखि गणना गर्ने हो भने २०७६ सालसम्म करीब ७० साल बितिसक्यो तर अझै हरेक गरीबको झुपडीमा एउटा गाईको सत्य हाम्रा नेताहरूले बुझ्न सकेका छैनन्। वा भनौं बुझेर पनि बुझ पचाएका छन्। जबसम्म कृषि उन्नत हुँदैन, देशको कायाकल्प हुन सक्दैन। तर दुर्भाग्य हाम्रा सबै सरकारहरू लाइसेन्सको खेलमा व्यस्त रहने गरेकाले यसतर्फ ध्यानै दिन सकेका छैनन्। यस्तो अवस्थामा यो देशलाई कसले मार्ग-दर्शन गर्ने हो बुझ्न कठिन भएको छ।

२०७६ असोज ०१ गते बुधवार

नेपालको आर्थिक चिन्ता

द हिमालयन टाइम्स अङ्ग्रेजी दैनिकमा ३ सेप्टेम्बरमा मुखपृष्ठमा निर्यात (Merchandise Export) सन् १९७५ मा ५.४ प्रतिशत थियो, जसको साधारण अर्थ देशमा उत्पादित रु एक सयको वस्तु र सेवाबाट रु ५.४० को निर्यात भइरहेको थियो । तर सन् २०१९ मा यो अनुपात नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार २.५ प्रतिशत भएको छ । यो तथ्याङ्कले आउँदो ५ वर्षसम्म औसत ९.६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने सरकारको लक्ष्यसामु थप चुनौती प्रस्तुत गरेको छ । यसका साथै सन् २०३० सम्म यस्तै वा दुई अङ्कको आर्थिक वृदिदर हासिल गर्दै विकासशील देशहरूको सूचीमा पुग्ने बाटोमा समेत व्यवधान खडा हुन सक्ने देखिन्छ । एशियाकै चीन, जापान, कोरिया, मलेशिया, सिङ्गापुर, ताइवान तथा थाइल्यान्ड जस्ता देशहरूले निर्यातबाट ७ प्रतिशतको हाराहारीमा आर्थिक वृद्धिदर हासिल गरेका हुन् । नेपालले पनि विगत ३ वर्षदेखि करीब ६ प्रतिशतको हाराहारीमा आर्थिक वृद्धिदर कायम राख्न सकेर पनि अपेक्षित आर्थिक विकास भने गर्न सकेको पाइँदैन । किन यस्तो भयो भन्नेबारे अर्थविद् पोषराज पाण्डेको विचारमा आन्तरिक खपत बढेर भएको आर्थिक वृद्धिदर दीर्घायु नहुने भएकोले निर्यात वृद्धि नै यसको एक विकल्प हुन सक्छ ।

तर वास्तविकता के छ भने नेपालको निर्यात अपेक्षाभन्दा १५ गुणाले कम छ । सन् २००० ताका नेपालबाट तयारी पोशाक, गलैंचा र पश्मिनाको निर्यात बढी भएको थियो । तर त्यसपछि ड्युटी फ्रि कोटा समाप्त हुनु र गुणवत्तामा हामीले भारत र बाङ्लादेशसँग प्रतिस्पर्धा गर्न नसक्नुको कारण यो घट्दै गएको छ । कृषिजन्य वस्तुको निर्यात पनि हालै सम्पन्न प्रमाणीकरणको समझदारी पूर्व भारतको इच्छामा निर्भर रहने गरेकोले संयमित थिएन । त्यसै कारणले नेपालको सबैभन्दा ठूलो निर्यात भनेकै युवाहरू हुन् । मरणासन्न हुने गरी काम गर्ने ती युवाहरूको २०१९ मा जिडिपीमा २५.४ प्रतिशत योगदान रहेको छ । यसले नेपालीहरूको खर्च गर्ने क्षमता बढाएको छ । यसले आयात बढाएर घरेलु बजार ठूलो बन्न गयो तर यसले गर्दा ज्यादारी लागत, सम्पत्तिको मूल्य र उत्पादन लागत बढ्न गएर नेपालको निर्यातको क्षमतामा ऱ्हास आएको छ भने आयात बढेको छ । यसका साथै वैदेशिक लगानीमा आएको २५ प्रतिशतको ऱ्हाससमेतका कारण नेपालले यस वर्ष Balance of Payment ऋणात्मक हुन पुगेको छ ।

नेपाल यो समस्याले ग्रसित भइरहेकै बेला भारतीय अर्थतन्त्रमा समेत प्रतिकूल सङ्केतहरू देखा पर्न थालेका छन् । केही वर्षदेखि ७ प्रतिशतको हाराहारीमा रहेको आर्थिक वृद्धिदर पछिल्लो तीन त्रैमासिकमा लगातार घट्दै गएर ५ प्रतिशतमा पुगेको छ । हुनत ५ प्रतिशतको वृद्धिदर आफैंमा कम पनि होइन तर आर्थिक शक्तिको रूपमा उदीयमान हुन चीनसँग भारतको तुलना गर्दा भने चीनको ६.२ प्रतिशतको तुलनामा

भारतको ५ प्रतिशत रहनुले प्रश्न त उठाउँछ नै। दोस्रो महत्त्वपूर्ण कुरा मोदी सरकारको पहिलो कार्यकालमा उनकै आर्थिक सल्लाहकार रहनुभएका अरविन्द सुब्रमण्यमले २०१९ को आफ्नो एउटा शोधपत्रको निष्कर्षको आधारमा आधिकारिक तथ्याङ्कभन्दा वास्तविक वृद्धिदर निकै कम अर्थात् २०११-१७ सम्मको वृद्धिदर ७ प्रतिशत देखाइए पनि यो औसतमा २.५ प्रतिशतले कम भई ४.५ प्रतिशत मात्र रहेको जानकारी दिनुभएको छ। पूर्वप्रधानमन्त्री डा. मनमोहन सिंहले पनि नोटबन्दीको समयमा यसले २ प्रतिशतले वृद्धिदरलाई घटाउने प्रक्षेपण गर्नुभएको थियो, जुन आज सही साबित हुँदैछ। नोटबन्दीका साथै सरकारी बैंकहरूको खराब कर्जाको स्थितिले बजारमा पर्याप्त कर्जा प्रवाह हुन सकेन र उत्पादनशील क्षेत्रको विस्तारमा कमी आयो। चीनको आर्थिक वृद्धिको प्रमुख स्रोत निर्यात हो तर भारतको भने निर्यातका साथै ठूलो भाग आन्तरिक खपत पनि हो। भारतमा अहिले कार, मोटरसाइकल, टिभी मात्र नभई घर निर्माण, आन्तरिक पर्यटनसमेत घटेको छ। यसमा भारतमा लागू भएको जिएसटी र अमेरिका एवं युरोपमा आएको आर्थिक मन्दीलाई पनि कारक मानिएको छ।

नेपालको अर्थतन्त्र जेजस्तो अवस्थामा छ, त्यो त छ नै, भारतको समस्याले नेपाललाई सर्वप्रथम निर्यातमै असर पर्ने देखिन्छ। नेपालबाट निकासी योग्य ठानिएका कृषिजन्य वस्तुलगायत अन्य वस्तुहरूको माग तथा भारतीय पर्यटकहरूको सङ्ख्यामा उल्लेख्य कमी आउन सक्ने अनुमान गर्न सकिन्छ। त्यस्तै, भारतमा रोजगारका लागि जाने नेपालीहरूको सङ्ख्यामा हुन सक्ने कटौती र भारतबाट आउने सामानहरू महँगो हुने भई नेपालको उपभोक्तालाई असर पर्न सक्छ। भदौ १५ गते बुधवारको प्रतीक दैनिकको प्रथम पृष्ठको समाचार अनुसार देशको सबैभन्दा बढी राजस्व असुली गर्ने वीरगंज भन्सारको आयात १५ प्रतिशतले घटेको छ। यसबाट साउन महीनाको राजस्व असुलीको लक्ष्य २८ प्रतिशतले घट्न जाने देखिन्छ। योक्रम जारी रहन सक्छ। किन हुँदैछ यसरी व्यापार-व्यवसाय धराशयी भन्दा अहिलेको सरकारको मूल उद्देश्य नै कर सङ्कलनबाट देशको अर्थनीति चलाउने रहेको देखिन्छ। व्यक्तिगत तथा कर्पोरेट आयमा ३५ प्रतिशतसम्मको कर विश्वमै दुर्लभ मानिन्छ भने अन्तर्राष्ट्रिय व्यापारमा विलासिताका सामग्रीमा दरिएका वस्तुहरूमाथि पनि सय प्रतिशतभन्दा बढी कर विरलै हेर्न पाइन्छ। दैनिक आवश्यकताका सामानहरूमा मूल्य अभिवृद्धि करसमेत जोड्दा औसतमा २५ प्रतिशत कर भार पर्न जाने देखिन्छ। सबै क्रियाकलापलाई करको दायराभित्र पार्दै जाने नियतका कारण नेपालको Tax-GDP अनुपात २५ प्रतिशत रहेको छ भने यही अनुपात बङ्गलादेशको ९ प्रतिशत र भुटानको १४ प्रतिशत र भारतको १८ प्रतिशत रहेको छ। कर बढाउने निरन्तर प्रयासबाट नै देशको आर्थिक वृद्धि स्थिर हुन लागेको

देखिन्छ। सरकारले करको दायरा बढाउनेतिर लागेर देशलाई अधोगतितर्फ धकेल्नुभन्दा करको दायरा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार राखेर उत्पादनशीलता अर्थात् सरकारी योजनाहरूको चरणबद्ध कार्यान्वयन एवं योजना निर्माणमा देखा परेको ढिलासुस्ती हटाउनेतर्फ आफ्नो ध्यान केन्द्रित गऱ्यो भने आर्थिक वृद्धिले कर सार्थकता पाउने आश गर्न सकिन्छ। होइन भने ओरालो लागेका हाम्रा आर्थिक सूचकाङ्कहरू भारतीय मन्दीको प्रभावले झन् ओरालोतर्फ लाग्ने देखिन्छ।

२०७६ भदौ २५ गते बुधवार

जेरोन्टोक्रेसी अर्थात् वृद्धतन्त्रको चर्चा

नेपालका प्रखर बौद्धिक एवं चर्चित स्तम्भकार श्री अच्युत वाग्लेको अत्यन्तै विचारोत्तेजक वार्धक्यतन्त्रका भडखालाहरू शीर्षकको लेख पढेपछि यही सेरोफेरोमा आफूलाई लागेको विचार लेख्न मन लाग्यो । पाश्चात्य दर्शनको प्रसङ्ग कोट्याउँदै उनी लेख्छन्- पश्चिमा दर्शन : दार्शनिक राजालगायत राज्यका आदर्श अवधारणाहरूको जग स्थापित गर्ने श्रेय प्लेटोले पाएका छन् । उनैको वृद्धतन्त्रको अवधारणालाई भने आधुनिक राजनीतिशास्त्रले सबभन्दा बढी आलोचना गरेको छ । ... मेडिकल सोसियोलोजीका अमेरिकी प्राध्यापक एर्डमन बी पाल्मोर लेख्छन्- 'वृद्धतन्त्रले वृद्धहरूको समूहद्वारा गरिएको शासन वा हालीमुहालीलाई बुझाउँछ । आम प्रयोगमा वृद्धको वर्गीकरण सामान्यतया निन्दात्मक अर्थमा लिइन्छ, जसमा बूढो उमेरलाई पुरातनपन्थी र रूपान्तरित हुन नखोज्ने नेतृत्व पद्धतिको कारकको रूपमा अर्थ्याइन्छ ।

पूर्वीय दर्शनमा वैदिक वर्णाश्रम धर्मले परिभाषित गरेको मानिसको उमेर र सांसारिक-शारीरिक अवस्था अनुसार मनुष्य जीवनलाई चार भूमिका (१) ब्रह्मचर्य (२) गृहस्थ (३) वानप्रस्थ र (४) सन्यासमा विभाजित गरेको छ । पूर्वीय दर्शनमा चाणक्यले पनि सन्यासी राजाको उल्लेख गरेका छन् । यसको अर्थ पद, वैभव र अहम्को स्वार्थभन्दा माथि रहने व्यक्ति मात्र राजकाजमा संलग्न हुन पाइन्छ। वृद्धावस्थामा सबै जिम्मेवारी पछिल्लो पुस्तालाई सुम्पेर पाको वयकाहरू सन्यासी बन्ने परम्परा नै पूर्वीय दर्शनको सार हो ।

वैज्ञानिक अर्थमा वृद्धतन्त्र त्यस्तो समाज हो, जसको नेतृत्वमा पाका मानिसहरूको सहभागिता हुन्छ । तर अब प्रश्न उठ्छ पाका मानिसहरूको परिभाषा के ? पाका मानिसहरू परिवर्तनविरोधी हुन्छन् भन्ने जुन आम धारणा छ त्यसको विपक्षमा पाकाहरूको लाइन नै खडा गर्न सकिन्छ । जस्तै भारतकै महात्मा गाँधी, जवाहरलाल नेहरू, वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदी, चीनका माओत्से तुङ पाको उमेरमा पनि के यी महारथिहरूले आआफ्नो देशकालमा शान्तिपूर्ण ढङ्गले ठूला-ठूला परिवर्तन ल्याएको तथ्यलाई नकार्न सकिन्छ ?

उनी नेपालको सन्दर्भमा वृद्धतन्त्रको कुरा राख्दै भन्छन्- नेपालको वर्तमान राजनैतिक नेतृत्वको उमेर, प्रवृत्ति र प्राथमिकताको अवश्यमभावी परिणतिस्वरूप मुलुकले भोगिरहेको दुर्दशाको प्रकाशमा हेरिनु आवश्यक छ । नेपाल किन बनेन ? लोकतन्त्र किन संस्थागत हुन सकेन ? यी आदि प्रश्नहरूको कसीमा परीक्षण गर्नु आवश्यक भएको उल्लेख गर्दै नेकपामा भएको वरीयता परिवर्तनको सन्दर्भमा प्रम एवं माधव नेपालबीचको जुहारीका साथै नेकामा शेरबहादुर देउवा र रामचन्द्र पौडेललगायत अन्य करीब-करीब सबै दलभित्र निरन्तर चलिरहने दाउपेच, आपसी अरुचि, अहङ्कार र आत्मश्लाघाको उपज भएको उल्लेख गरेका छन् । यसको कारण उल्लेख गर्दै अगाडि लेख्छन्- यो मुलुकले अनेकौं कारणले प्रश्रय दिएको वृद्धतन्त्रको अत्यन्तै स्वाभाविक परिणामहरू हुन् । मूल समस्या वृद्धतन्त्र आफैं हो । त्यसैले सबै विचार, आकार र

भूमिकामा राजनैतिक शक्तिहरूबीच उही रोग फैलिएको छ । त्यो फैलावटलाई पैसठ्ठी वर्ष काटेका नेताहरूको हालीमुहालीले सहज बनाएको हो । यसका पछाडि दुईवटा मुख्य कारण छन् । पहिलो, वर्तमान मुलुकको राजनैतिक नेतृत्व पङ्क्तिले मुलुकले बेहोरेको आर्थिक, राजनैतिक एवं सामाजिक जोखिमबारे चर्चा, बहस गर्ने, मत-विमत राख्ने जानकारी र हैसियत राख्दैन र दोस्रो यो नेताहरूले पाउने सम्मानको आधार त्यो पद मात्रै हो । उनका यी दुवै कुरालाई आधार मान्ने हो भने सम्पूर्ण वृद्ध नेतृत्वमाथि बात लाग्छ । यसो हो भने यही देशमा जन्मेका विपी, सुवर्ण शम्शेर, गणेशमान र किसुनजी कुन श्रेणीका वृद्धमा पर्छन् ? के किसुनजी, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारीपछि बनेको सरकारमा बसेका युवामन्त्रीहरू सबै अध्ययनशील र चोखो छन् भनेर मान्न सकिन्छ ?

समस्याको मूल समाजमा छ । हामी भोट दिन्छौं-कि पैसा कि जातीय आधारमा । सिद्धान्त आधारित भोट कति प्रतिशत जनताले दिन्छ ? यो प्रणाली नै स्वयं सामन्तवाद सोचको उपज हो । पैसा खर्च गरेर चुनाव जित्ने वा जातीय आधारमा चुनाव जित्नेलाई अर्को चुनाव जित्न फेरि बढी पैसा र बढी जातीय समर्थन चाहिन्छ । यो पाउन उसले फेरि पैसा नै खर्च गर्नुपर्ने भएकोले चुनावमा पैसाको महत्त्व बढेको छ । परापूर्वकालदेखि नै हाम्रो समाजको मानसपटलमा ठूलो मान्छे भनेको गाडी, बङ्ला र बैंक ब्यालेन्स भएको मान्छे हो भन्ने जुन छाप छ, त्यसैले प्रत्यक्ष वा परोक्ष यो देशको राजनीति र अर्थनीति दुवै सञ्चालन गरेको छ । हामीले भोट दिएको मान्छेसँग जसरी भएपनि मेरो काम हुनुपऱ्यो भन्ने गरेकै छौं । यो सरल शब्दले देशमा भ्रष्टाचारलाई संस्थागत गर्न कति ठूलो योगदान पुऱ्याएको छ त्यसको यकीन गर्न सकिंदैन ।

वृद्धतन्त्रले देशको अर्थ एवं राजनीतिलाई कसरी प्रभाव पार्दछ भन्नेबारे व्यापक खोज एवं अनुसन्धान भएको छ । यस अनुसार वृद्धतन्त्रले सिर्जना गर्ने समस्यालाई चार श्रेणीमा विभाजित गरिएको छ । यसलाई सङ्क्षेपमा 'फोर डी' पनि भन्ने गरिन्छ ।

१) डिसइन्फ्रेन्चाइजमेन्ट (मतभिन्नता)
२) डेमोक्रेटिक डेफिसिट (अपर्याप्त लोकतन्त्र)
३) डिरेल्ड डेभलपमेन्ट (बरालिएको विकास)
४) मास डिसइन्चैन्टमेन्ट (आम विरक्ति)

पहिलो अवस्थामा वृद्धतन्त्रले युवा भावनालाई अङ्गीकार नगरेर अगाडि हिंडेमा युवाहरू मतदानप्रति उदासीन भएर भाग लिंदैनन् । यस्तो अवस्थालाई मत विरक्ति भनिन्छ ।

दोस्रो अपर्याप्त लोकतन्त्र हो जुन पहिलो अवस्थाका कारण सिर्जना हुन्छ । तेस्रो युवाहरूको प्रतिनिधित्व नभएको कारणले युवा केन्द्रित विकास योजनाहरू नबन्ने भई उनीहरू विकासको अवसरबाट वञ्चित हुन्छन् र चौथो आम विरक्ति हो, जुन उपलब्धिशून्य प्रणालीको कारण जन्मन्छ । उनको आलेखको विषय सर्वथा उपयुक्त छ, तथापि ६५-७० प्रतिशत भोटले, जहाँ पाकाहरूको सङ्ख्या कुल जनसङ्ख्याको ५-१५ प्रतिशत मात्र छ, अर्कोतिर डोऱ्याउँछ । त्यो हो प्रणाली । अमेरिकामा प्रजातन्त्र छ भनिन्छ । तर प्रजातन्त्र मर्दैछ भन्ने अभियन्ताहरूले समेत अमेरिकामा ४ प्रतिशत मात्र स्वतन्त्रता छ भनिरहँदा त्यहाँ वाल-स्ट्रिट विद्रोह भयो । यस पछाडि खुला अर्थनीतिको

दोष देखाउँदै त्यहाँ मिश्रित अर्थ व्यवस्था ल्याउने विचार अर्थशास्त्रीले प्रस्तुत गरे। राजनैतिक मञ्चमा ट्रम्पको विजयपश्चात्को अवस्थाको विश्लेषण गर्दा त्यहाँको प्रणालीमा राजनीतिको लागि चन्दा दिने छुट कर्पोरेट हाउसहरूलाई भएकोले उनीहरूले आफ्नो इच्छा अनुसार उम्मेदवार खडा गर्ने र सबै युक्ति प्रयोग गरेर आफू समर्थित उम्मेदवार जिताउने परिपाटीको नतीजा ट्रम्पको अभ्युदय हो भनेर निकालिएको छ। बेलायतकी महारानी, जापानका सम्राट् पनि त युवा छैनन्, तर तिनको देश के वृद्धतन्त्रको रोगले ग्रसित छ ? व्यक्ति युवा होस् वा वृद्ध, उमेरले सक्रियतामा फरक पारेपनि सोचमा इमानदारी छ भने वयले केही गर्दैन। दुर्भाग्य, हाम्रो देशका शासकहरूको एकमात्र उद्देश्य आफ्नो गद्दीको रक्षा गर्नु थियो जुन प्रजातन्त्रकालमा सत्ताको रक्षा गर्नुमा रूपान्तरित भएको छ। भोजपुरीमा एउटा उखान छ जसले वृद्धतन्त्रमाथि लागेको दोषको खण्डन गर्दछ–

लइका मन्त्री, बूढ देवान
मामिला बिगडे साँझ–बिहान

अर्थात् केटा (जवान, नवयुवक)हरू मन्त्री र बूढाहरू चौकीदार भए समस्या बल्झिरहन्छ। भन्नुको तात्पर्य अनुभवहीन मन्त्रीहरूले गलत निर्णय गर्दछन् र बूढाहरूलाई चौकीदार बनाएमा सुरक्षा हुन नसक्ने भएकोले समस्या बिहान–बेलुकी बल्झिरहन्छ। त्यसैले एकपल्ट यता पनि ध्यान दिने कि ?

यतातिर ध्यान दिंदा दृष्टिमा व्यवस्थापन विज्ञान आउँछ। यस विज्ञानको बुझाइ अनुसार शतप्रतिशत समस्या संवादको कारण उत्पन्न हुन्छ। सङ्क्रमणकालीन संवादले आमाबुवा, वयस्क र केटाकेटी भनेर व्यक्तिका तीनवटा व्यक्तित्वका सम्बन्धमा चर्चा गर्दा अभिभावकीय संवादलाई टेप रेकर्डेड, वयस्क–वयस्कलाई लगानी बराबर उपलब्धि संवाद तथा केटाकेटीलाई रचनात्मक भनेर मान्यता दिएको छ। यसमध्ये अभिभावक–केटाकेटी संवादलाई अत्यधिक महत्त्व दिइन्छ। किनभने यस संवादमा दुवै पक्षलाई एकअर्काको सूचना सय प्रतिशत प्रवाह हुन्छ। हाम्रो गाउँघरमा पनि बाजेबजैलाई छोराछोरीभन्दा नाति–नातिना प्यारो हुने उदाहरण सजिलै देख्न पाइन्छ। यसको अर्थ के भने वृद्धहरूले देश चलाउँदैमा देश बिग्रने होइन। वृद्धहरूले देश चलाउँदा युवा कार्यकर्ता र जनताको मनोभाव बुझी उनीहरूको उपयुक्त चाहनाका सम्बन्धमा संवाद स्थापित गरेर राज्य सञ्चालन गरेमा काग कराउँदैछ पिना सुक्दैछको उक्ति चरितार्थ नभई समग्रमा देशको युवाशक्ति देश निर्माणमा अत्यधिक उत्साहका साथ लाग्न सक्दछ। हो, नेपालमा यही भइरहेको छैन। संवादहीनताले एकलौटीतन्त्र चलेको भान भइरहेको छ। यो संवाद राम्रो नभएको स्थिति हो। यसलाई तोड्नुपर्छ। यो टुटने बित्तिकै वृद्धतन्त्र जस्तो केही रहने छैन।

२०७६ भदौ १७ गते मङ्गलवार

बल्झिंदा राजनीतिक आयामहरू

दोस्रो विश्वयुद्धपछि विश्व सामरिक रूपमा दुई ध्रुवमा विभाजित भयो । एउटाको नेतृत्व नाटोको नाउँबाट अमेरिकाले गरिरहेको थियो भने अर्को वार्सा प्याक्टको नामबाट सोभियत रूसले। यस दौरान शस्त्रको होडबाजीमा दुवै समूहका अगुवाहरू लागिपरेकाले शीतयुद्ध कालको सिर्जना हुन पुगेको हो । तर ९० को दशक आइपुग्दासम्म सोभियत सङ्घ र पूर्वी युरोपेली देशहरूमा कम्युनिस्ट शासनको पतन भएर प्रजातन्त्रको स्थापना भयो । विश्व एक ध्रुवीय बन्न पुग्यो र अमेरिका यसको अगुवा बन्यो । त्यस दौरान चीनको खुला अर्थनीति र पूर्वी युरोपेली एवं सोभियत सङ्घबाट छुट्टिएका रूसलगायत राष्ट्रहरूमा आर्थिक विकासको गति तीव्र हुन थाल्यो र विश्व आर्थिकरूपमा फेरि दुईवटा ध्रुवमा विभाजित भयो जसमा एउटा शक्ति राष्ट्र अमेरिका कायम रह्यो भने अर्को ध्रुवमा चीनको उदय भयो । यसका साथै जापान र पुटिनको नेतृत्वमा रूसले पनि राम्रै आर्थिक उपलब्धि हासिल गऱ्यो । बढ्दो आर्थिक समृद्धिले आर्थिक वृद्धिदरलाई घट्न नदिन सामरिक अगुवाइको आकाङ्क्षाले जन्म लियो ।

यो आकाङ्क्षा अमेरिकाबाट हिन्द-प्रशान्त रणनीतिको रूपमा प्रकट भयो । यो रणनीतिमा मालद्विप्स नजीक रहेको भारतको लक्ष्यद्वीप र त्यसभन्दा पूर्वमा अवस्थित अन्डमान निकोबार द्वीप समूहमा भारतीय नौसेनाको स्थायी अड्डा छ । यहाँबाट अरब सागर हुँदै हिन्द महासागारलाई प्रशान्त महासागरसँग जोड्ने मलक्का स्टेटदेखि कतारसम्मको जलमार्ग अति व्यस्त जलमार्गमा पर्दछ । यो जलमार्गको भारतीय नौसेनाले निरन्तर गस्ती गर्दछ । यस कार्यमा भारतीय नौसेनालाई मालेभन्दा १३ सय किलोमिटर दक्षिणमा पर्ने डिएगो गार्सिया टापूले, जुन अमेरिकी सेनाको आधार क्षेत्र हो, मदत गर्दछ । कतारमा अमेरिकी सेनाको सेन्ट्रल कमान्ड नै छ । यी दुवै ठाउँबाट भारतीय नौसेनालाई आवश्यक संयोजन उपलब्ध गराउने रणनीति नै हिन्द प्रशान्त रणनीति हो । यसलाई विश्व सामु प्रस्तुत गर्न मानवीय सहायता विपद प्रतिक्रिया, प्रतिआतङ्कवाद केन्द्रित स्थलसेनाको क्षमता अभिवृद्धि र कनेक्टिभिटीको लागि साझेदारी बढाउने रणनीति भनिएको छ । एशिया-प्रशान्त भनिने यस क्षेत्रलाई हिन्द-प्रशान्त क्षेत्र भनेर भारतलाई चीनविरुद्ध उभ्याउने सोच अमेरिकाले राखेको छ ।

भारत र अमेरिकाको सहकार्यले दबाब महसूस गरेको चीनले अफ्रिकी देशको जिबुटीमा जल परिवहनको सुरक्षाको लागि आधार शिविर निर्माण गऱ्यो भने श्रीलङ्काको हम्बनटोटा बन्दरगाहलाई ९९ वर्षको लागि लिजमा प्राप्त गऱ्यो र माल्दिभ्समा अर्को आधार शिविर निर्माण गर्ने तय भइसकेको बेला माल्दिभ्सलाई भारतको प्रभाव क्षेत्रबाट बाहिर जान नदिन त्यहाँ मोहम्मद सोलीलाई भारतलगायत पश्चिमी देशहरूले समर्थन गरी आफ्नो समर्थनको सरकार बनाउन लगाए । यसबाट माल्दिभ्सदेखि

पाकिस्तानको ग्वादर हुँदै पूर्वी अफ्रिकी तट जिबुटीसम्मको सम्भावित चिनियाँ सैनिकको उपस्थिति रोक्ने प्रयासको रूपमा हेरिएको छ । तर चीनले पनि यस क्षेत्रमा आफ्नो प्रभाव बढाउन आफ्नो बेल्ट एन्ड रोड इनिसिएटिभ कार्यक्रमलाई अगाडि बढाउन लागिपरेको छ । यस योजना अन्तर्गत चीन–पाकिस्तान आर्थिक करडोर, भारतीय दाबी रहेको पाकिस्तान अधीनस्थ आजाद कश्मीर भएर निर्माण हुने भएकोले भारत–चीनसँग सशङ्कित र असन्तुष्ट छ ।

विश्व दुई ध्रुवमा विभाजित रहँदासम्म पश्चिमा दबाबमा आफूलाई असंलग्न राष्ट्रको अभियन्ता, चीनसँगको सम्बन्धको हकमा एक चीन नीतिको समर्थन र भारतसँगको सम्बन्धमा विशेष सम्बन्ध भनेर पुग्ने हाम्रो विदेश नीति अबको समयमा निरर्थक भइसकेको छ । अहिले चीनलाई दबाबमा पार्ने सफ्टभेली तिब्बत मात्रै रहेकोले फ्री तिब्बत मुभमेन्टलाई गति दिन नेपाल अमेरिकी हिन्द–प्रशान्त रणनीतिको राडारभित्र पर्न गएको हो । नेपाल यस रणनीतिको हिस्सा बन्नुपर्छ भनेर जापानका प्रधानमन्त्रीसमेतले अभिव्यक्ति दिइसकेका छन् । भारतले पनि विदेश मन्त्रालयमा हिन्द–प्रशान्त रणनीति हेर्ने बेग्लै विभाग खडा गरेको छ ।

अब जहाँसम्म भारतसँगको सम्बन्धको कुरा छ, त्यो परीक्षणकालमा छ भन्न सकिन्छ । भारतमा प्रधानमन्त्री नरेन्द्र मोदी, विदेशमन्त्री जयशङ्कर र सुरक्षा सल्लाहकार अजित डोभालको कार्यशैलीलाई नजीकबाट जान्नेहरू प्रम मोदीको पहिलो कार्यकाल लर्निङ र दोस्रो एक्शन हुने भनाइ राख्दै गर्दा नेपालतर्फ भारतको नीति के हुने भन्ने विषयमा चारैतिर कौतूहलता देखिँदैछ ।

नेपालमा माओवादी द्वन्द्वको अन्त्य गरी शान्ति स्थापनार्थ दिल्लीमा भएको १२ बुँदे समझदारीलगायत शान्ति प्रक्रिया अगाडि बढाउने कुरामा भारतले पश्चिमा राष्ट्रहरूको हस्तक्षेप र पश्चिमा राष्ट्रहरूले भारतले नेपालको आन्तरिक मामिलामा हस्तक्षेप भनेर विरोध गर्ने गर्दथे । सम्झौतामा गणतन्त्र स्थापनाको मार्गचित्र गोप्य राख्दै संविधानसभाबाट नयाँ संविधान बनाउने योजना राखिएको थियो । तर संविधान निर्माण हुँदा नेपाली जनताले उच्चारणसमेत नगरेको तर पश्चिमी राष्ट्रहरूबाट माओवादीमार्फत दबाबको रूपमा युरोपेली देशको दबाबलाई भारतले १२ बुँदे सम्झौतामा माओवादीहरूको समर्थन जुटाउन मौन स्वीकृति दिएको मानिन्छ । भारतको बिजेपी सरकारको स्वीकृतिलाई अक्षम्य गल्ती भन्दै बैंगलोरमा लगत्तै बसेको बैठकले 'विश्वको एकमात्र हिन्दू राष्ट्र नेपाललाई धर्म निरपेक्ष' घोषित गरेर हिन्दू धर्मलाई बेवारिसे बनाउने दुष्प्रयासको घोर भर्त्सना गर्दै हिन्दू राष्ट्र पुनर्स्थापित गर्न सबै प्रकारको उपाय अवलम्बन गर्ने सङ्कल्प गरेको थियो । यस घटनापछि नै जयशङ्कर भारतीय प्रधानमन्त्रीको विशेष दूतको रूपमा नेपाल आएर संविधान निर्माण सबैलाई स्वीकार्य बनाउन शान्त कूटनीतिको आशय व्यक्त गरेकोलाई नमान्दा नेपालले भारतबाट नाकाबन्दी बेहोर्नुपरेको हो । यस अर्थमा आउँदो दिनमा नेपालको भारतसँग सम्बन्ध राजनैतिक स्तरमा हिन्दू

राष्ट्रको स्थापना र हिन्द–प्रशान्त रणनीतिमा सहभागितामा निर्भर हुने देखिन्छ ।

यस क्रममा एउटा व्यक्तिको नामबारे चर्चा गर्नु आवश्यक छ र उनी हुन्–नेपालका वर्तमान प्रम केपी ओली । महाकाली सन्धि गराउन नायकको भूमिकामा रहेका उनले संविधान प्रक्रिया लम्ब्याउने भारतको सल्लाह नमानेर नाकाबन्दी निम्त्याए तर राष्ट्रियताको नारा दिएर चीनसँग पारवहन सम्झौता गरेर भारतलाई नरम तुल्याउँदै दुई तिहाईको बहुमतबाट प्रमको पदमा आसीन भए । पदासीन भएपछि अहिलेसम्म दुवै देशसँग सम्बन्ध राम्रै राखेका छन् । तर समय गतिशील छ र आउँदो दिनहरूले यथास्थिति स्वीकार नगर्न सक्छ । त्यसको लागि भारतले उनलाई कुन रूपमा लिएको छ त्यो आउने दिनमा थाहा हुनेछ, तर एउटा कुरा के स्पष्ट छ भने वर्तमान भारत सरकार आफ्नो राष्ट्रिय स्वार्थ र राष्ट्रिय स्वयंसेवक सङ्घबाट कहिले अगग्गिन सक्दैन । राष्ट्रिय स्वयंसेवक सङ्घ बिजेपीको जननी हो भने भारतको शक्तिशाली ब्युरोक्रेसी राष्ट्रहितमा सरकारी नीतिको सञ्चालक हो ।

अहिले नेपालको संसद्मा प्रस्तुत भएका विवादास्पद विधेयकहरूमध्ये पर्ने गुठी सम्बन्धी विधेयक मिडिया बिल, मानव अधिकार आयोग बिल, सुरक्षा परिषद्को बैठकविना सेना सञ्चालनसम्बन्धी प्रस्ताव, विज्ञापन तथा खरीद ऐन संशोधन बिल र transitional justice bill लगायत प्रदेशहरूसँग सङ्घको मतैक्यताले सरकारको शक्तिको दम्भ दर्शाउँदैछ जुन अस्थिरता पैदा गर्न चाहनेहरूको लागि उर्वर भूमि हुन सक्छ । यस्तो अवस्थामा संविधान बनेपनि, तीनवटै तहको निर्वाचन सम्पन्न भएपनि, जनताको लागि सुखका दिन आएकै छैन, त्यसैले देशमा जनसन्तोष बढ्दैछ। आगामी दिनमा सरकारले र सरोकारवालाहरूले यसको समाधान कसरी गर्छन्, जान्नका लागि समय पर्खिनुपर्छ ।

२०७६ भदौ १० गते मङ्गलवार

नयाँ आवको बजेटः एक चर्चा

नयाँ आव शुरू भइसकेको छ । नेपाल सरकारले १५ जूनमा राष्ट्र बैंकले प्रकाशित गरेको तथ्याङ्क अनुसार वैदेशिक सञ्चिति चालू खाता घाटा र ब्यालेन्स अफ पेमेन्ट सबै प्रतिकूल नै रहेको देखिन्छ। तसर्थ बाह्य व्यापार, सरकारले यथेष्ट कदम चालेको भनेपछि नियन्त्रण बाहिर जाने अवस्थामा पुगेको छ भने आन्तरिकतर्फ समेत २१ वटा राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति गत आवमा विनियोजित ८८.५५ बिलियन मध्ये करीब ९० प्रतिशत खर्च भएरपनि उपलब्धिमूलक छैन। सेती जलविद्युत् आयोजना, बूढीगण्डक, मेलम्ची खानेपानीका साथै सिक्टा सिंचाइ योजना अहिलेसम्म अनिर्णयको बन्दी भएर बसेका छन् । गत आवको पूँजीगत शीर्षकको खर्च सरकारले आवको अन्तिम तीन दिनमा ८० बिलियन विभिन्न मन्त्रालयमा विभिन्न शीर्षकमा खर्च विनियोजन गरेपनि ५० प्रतिशतभन्दा माथि हुन सकेन । यस्तो अवस्थामा अर्थमन्त्रीले नयाँ आव जिडिपी ८.५ प्रतिशत रहने उद्घोष गरेको सर्वविदित नै छ ।

नेपालको यस्तो आर्थिक अवस्थाको सेरोफेरोमा रिपब्लिका अङ्ग्रेजी दैनिकको ७ अगस्तमा सुखदेव साहको Budget fake economics शीर्षकमा एउटा लेख प्रकाशित भएको छ जसमा उनी भन्छन्- "आर्थिक वृद्धि भन्नाले इकोनोमी एक ठाउँबाट अर्को बिन्दुतर्फ क्रमशः तलबाट माथितिर हिंड्नुलाई मानिन्छ । अर्को शब्दमा आर्थिक वृद्धि भन्नाले वर्ष १ देखि वर्ष २ सम्म आइपुगदा वस्तु (goods) र सेवा (Service) को आयतनमा ८.५ प्रतिशतको वृद्धि हुनु हो । अथवा वृद्धिको लागि आवश्यक पर्ने भौतिक पूँजी मानव संसाधन प्राकृतिक संसाधन एवं प्रविधिको सहयोगले श्रमको उत्पादकत्वमा वृद्धि गर्दछ ।

नेपालको सन्दर्भमा सबभन्दा पहिले श्रमको कुरा गर्दा नेपालमा श्रमको माग बर्सेनि दुई-तीन प्रतिशतले बढ्ने अपेक्षा राख्दा पनि अहिले वैदेशिक रोजगारका लागि युवाहरू विदेशिने क्रम त्योभन्दा बढी हुने भएकोले यस क्षेत्रबाट जिडिपीको वृद्धिमा खासै योगदान पुग्न सक्ने देखिँदैन। तसर्थ अब पूँजी, प्राकृतिक संसाधन, प्रविधि र व्यवस्थापकीय उत्कृष्टता मात्र बाँकी रहन जान्छ । यसमध्ये पूँजीको कुरा गर्दा ८.५ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्न कति पूँजी चाहिन्छ भन्ने प्रश्न उठ्छ। विचार फरक-फरक भएपनि पूँजीमा ५ प्रतिशतको वृद्धिले जिडिपी एक प्रतिशतले बढ्न मदत गर्छ मान्न सकिन्छ । आव २०१९/२० को लागि Gross fixed investment ३५ प्रतिशत (जिडिपीको) हुने प्रक्षेपण गरिएको छ। तर यो तब मात्र सम्भव हुन्छ जब लगानीको लक्ष्य पूरा हुन्छ र पूँजी उत्पादनशील क्षेत्रमा मात्र लगानी हुन्छ, अर्थात् कुनै अनुत्पादक क्षेत्र (कमिशन, भ्रष्टाचार)मा प्रयोग हुँदैन। नेपालमा हाल निर्माणाधीन सडक, पुल, नहर, पावर ग्रीड र पानी तथा अन्य भौतिक संरचनाहरूको निर्माण र भुक्तानीको अवस्था हेर्दा पूरा हुँदासम्म बजेट दोब्बर हुने र आयोजनाको जीवन अपेक्षितभन्दा ५० प्रतिशत कम हुने गरेको यथार्थलाई दृष्टिगत गरेर पनि अत्यन्त राम्रो अवस्थाको कल्पना गर्दा कुल लगानी अर्थात् ३७.५ प्रतिशतको आधी अर्थात् २० प्रतिशत मात्र उपलब्धिमूलक हुने

गरेको पाइन्छ । अब प्रविधि र व्यवस्थापकीय उत्कृष्टताले नेपालको वर्तमान अवस्थामा खासै योगदान पुऱ्याउन सक्ने देखिदैन । त्यसैले २०१९/२० को आर्थिक वृदिदर ४-५ प्रतिशतभन्दा बढी नहुने दाबी गरेका छन् ।

माथि उल्लिखित तथ्याङ्कबाट निम्बस ग्रुपका अध्यक्ष जगदीश अग्रवालले निजी क्षेत्रको लगानी रहेको दूरसञ्चार, टिभी, ऊर्जा, अस्पताल तथा विश्वविद्यालयतर्फ राम्रो प्रगति भएको तर सडक (?), हवाइअड्डा, रेल र औद्योगिक क्षेत्र जसमा सरकारी लगानी छ, खासै प्रगति नभएको उल्लेख गरेका छन् । उनका अनुसार २०६४/०६५-२०७४/०७५ सम्म सरकारको वार्षिक औसत लगानी पूर्वाधार विकासतर्फ ३० बिलियन रुपियाँ रहँदै आएको अवस्थामा २०७४/०७५ को लागि १५० बिलियनको प्रस्तावना दोस्रो विश्वयुद्धपछि युरोपको पुनर्निर्माणको लागि मार्शल योजना अन्तर्गतझै कुनै न कुनै रणनीतिक सोच अन्तर्गत आएको हुनुपर्दछ भन्ने रहेको छ । राष्ट्रिय योजना आयोगले २०३० को 6 DGS लक्ष्य प्राप्त गर्न प्रतिवर्ष २० बिलियन रूपियाँको भौतिक पुर्वाधार योजना निजी क्षेत्रको ३७ प्रतिशत लगानी हुनेगरी सञ्चालनको प्रस्तावना गरेको छ । यस सम्बन्धमा सुखदेव साहले आफ्नो लेखमा यस्तो निजी क्षेत्रबाट हुने लगानीको कुनै तथ्याङ्क नभएकोले विश्वासयोग्य नभएको भनी उल्लेख गरेका छन् । तर जगदीश अग्रवालको आलेखको टेबुलले निजी क्षेत्रबाट निवेश भएको देखिन्छ ।

वास्तविकता के हो भने निजी क्षेत्र जहिले पनि Pay Back Period कम भएको सेवा वा वस्तुतर्फ लगानी गर्दछ भने सरकारी क्षेत्रले जिम्मेवारी लामो समयमा रिटर्न दिने Natural Monopoly क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ । यो क्षेत्रको वास्तविकता सुखदेव साहले धेरै प्रस्ट पारेका छन् भने निजी क्षेत्रको लगानीको वास्तविकता जगदीश अग्रवालले प्रस्ट पारेका छन् ।

दुवै विद्वान्हरूको लेख मनन गर्दा एउटा कुरा के स्पष्ट हुन आउँछ भने एकैपटक १५० बिलियन रुपियाँ भौतिक पूर्वाधारका योजनाहरूमा खर्च गर्ने बजेटले जमीन टेकेको छैन । गत वर्षकै बजेटको पूँजीगत शीर्षकको ५० प्रतिशत खर्च गर्न नसकेको सरकारले यस वर्ष मार्शल योजना बनाएर काम गर्ने कुरा मिथ्या लाग्छ । त्यसैले निजी क्षेत्रको लगानी उत्साहवर्धक रह्यो भने जिडिपी ५.५-६.५ प्रतिशत रहने अन्यथा ४.५-५.५ प्रतिशतभन्दा बढी हुन सक्ने अवस्था देखिदैन ।

२०७६ भदौ ०४ गते बुधवार

क्षेत्र	२०६४/०६५	२०७४/०७५
सडक	१८००० किमि	३१००० किमि
हवाइअडडा	३३	३५
दूरसञ्चार ग्राहक	३६ लाख	४० लाख
सञ्चार (टेलिमिजन)	७ च्यानल	४७ च्यानल
विद्युत् उत्पादन	५६० मेगावाट	११४२ मेगावाट
अस्पताल	९४	१२५
विश्वविद्यालय	५	११
सौजन्यः New Business age "the Nepali Private seefer and intrastsucture Investment– Jagdish Agrawal		

महानगरः शैक्षिक भविष्य

वीरगंज महानगरपालिकाले महानगरको शिक्षा भोलिको दिनमा कस्तो हुने र यसमा महानगरबाट शिक्षाविद्हरूको अपेक्षा बुझ्न एउटा कार्यक्रमको आयोजना गरेको थियो जसमा मपनि सहभागी थिएँ । बैठकमा प्रायः बेथिति, गुणस्तर, इमानदारी र समस्या प्रस्तुतीकरणमैं बढी समय लागेको भएपनि संवाद प्रारम्भ भएकोले यसलाई उपलब्धिमूलक नै मान्नुपर्दछ । स्थानीय तहलाई शिक्षासम्बन्धी केही आधारभूत अधिकारहरू प्राप्त भएपनि यसको अर्थ यसले उच्च शिक्षामा महानगरको दृष्टि पुग्नुहुँदैन भन्ने मान्यता सर्वथा अनुचित हो । यस क्रममा मैले सुझाव दिंदा सर्वप्रथम त महानगरको शिक्षा शाखा जिल्ला शिक्षा कार्यालयलाई गाभेर बनाइएको हुनाले यसको कार्यक्षेत्रको पहुँच कानूनतः +२ सम्मको विद्यालयसम्म हुने नै भयो । तर यसको प्रभावकारिता बढाउन यसलाई प्राथमिक र माध्यमिक दुईवटा महाशाखामा परिणत गर्नु जरूरी छ । प्राथमिक शाखाले सामुदायिकलगायत निजी विद्यालयहरूमा नेपाल सरकारको मापदण्ड अनुसार भौतिक सुविधा, शिक्षक-विद्यार्थी अनुपात र शिक्षकको योग्यता भए नभएको डाटा बेस तयार गर्नुपर्ने देखिन्छ ।

भौतिक पूर्वाधारको हकमा प्रत्येक विद्यालयलाई समय सीमा तोकेर चरणबद्ध रूपमा पूर्वाधार पूरा गर्ने अवसर प्रदान गर्नुपर्छ भने सामुदायिक र निजी विद्यालयका शिक्षकहरूको human resource inventory तयार गरेर अद्यावधिक गर्न जरूरी छ। यसबाट त्यस विद्यालयमा योग्यता पुगेका शिक्षकहरूबाट अध्ययन अध्यापन भइरहेको छ छैन भन्ने यकीन गर्न सकिन्छ र यसले शैक्षिक गुणस्तरको निरन्तरतामा योगदान पुऱ्याउँछ। यो प्रणाली निजी विद्यालयहरूलाई केही असजिलो लाग्न सक्छ तर सामुदायिक विद्यालयहरूको लागि वरदान साबित हुन जान्छ । छलफल कार्यक्रममा स्नातकोत्तर गरेका शिक्षकहरू प्राथमिकमा पठनपाठन गर्ने गरेका र प्रावि, निमाविका शिक्षकहरूले कक्षा ८, ९ र १० मा अध्यापन गराउने गरेको समस्या जति ठूलोरूपमा उठाइएको थियो त्यसको समाधानको एकमात्र विकल्प यही नै हुन सक्दछ ।

दोसो चरणमा महानगर क्षेत्रको सबै प्राथमिक तहमा मन्टेसरी शिक्षा प्रणाली अनिवार्य र अंग्रेजी भाषा अनिवार्य गर्न जरूरी छ। खुला बजार र विश्वव्यापारीकरणको यो युगमा अंग्रेजी ज्ञान हुनुको विकल्प नै छैन । तेस्रो चरणमा प्रयोगशालाको स्थापनामा समेत जोड दिनुपर्ने देखिन्छ । माथि लेखिएका कार्यहरू लेखिए जति गर्न सजिलो छैन तर यसको विकल्प पनि छैन किनभने गुणस्तरहीन शिक्षाले जुन जनशक्ति उत्पादन गर्नेछ त्यसले बेरोजगारहरूको फौज बन्ने सम्भावनालाई नकार्न सकिदैन ।

अर्को महत्त्वपूर्ण क्षेत्र छ उच्च शिक्षाको । यस क्षेत्रको अनुगमन र नियमन गर्ने

अधिकार नगपालिकासँग छैन। तर नेपालमैं भक्तपुर उपमहानगरपालिकाले इन्जिनीयरिङ कलेज नै सञ्चालन गरिरहेको उदाहरणबाट उत्प्रेरणा लिएर वीरगंज महानगरपालिकाले Facilitator को भूमिका खेल्नुपर्दछ भन्ने मलाई लाग्छ। महानगरले यस सोचका साथ अगाडि बढ्ने हो भने एउटा उच्च शिक्षा सहयोग समिति बनाउनु आवश्यक हुनेछ। यस समितिलाई सामान्य एवं प्राविधिक उच्च शिक्षा हेर्ने गरी दुईवटा उपसमितिको आवश्यकता पर्नेछ। सामान्यतर्फको पहिले चर्चा गर्दा वीरगंजको ठाकुर राम बहुमुखी क्याम्पसको चर्चा नगरी रहन सकिन्न। २०२४-२५ सालमा निर्माण सम्पन्न भएको यो कलेजको मूल शैक्षिक भवन पछाडि २०२९-३० सालतर्फ थप गरिएको एउटा भवन सिवाय शैक्षिक प्रयोजनको लागि कुनै भौतिक पूर्वाधार थप भएको छैन। हालसालै बिबिएको लागि एउटा भवन भने थप भएको छ। ४-५ सय विद्यार्थी पढ्न पुग्ने यस कलेजको त्यसबेलाको भवनमा अहिले पुग नपुग अढाई-तीन हजार विद्यार्थी कसरी अध्ययन गर्छन् र परीक्षा दिन्छन् हाम्रा शैक्षिक अगुवाहरूको चिन्तनको विषय बन्न सकेको छैन। त्यसैले सबभन्दा पहिले यस कलेजको लागि आवश्यक भौतिक पूर्वाधार, विश्वविद्यालय स्थापनाको लागि पुग्नेगरी योजना बनाएर जनसहयोगसमेत लिएर एउटा दीर्घकालीन योजना र रोजगार उन्मुख स्नातक एवं स्नातकोत्तर तहका केही विषयहरूको अध्यापन सकेसम्म छिटो प्रारम्भ गर्ने गरी कार्ययोजना बनाउनु उपयुक्त हुनेछ।

वीरगंज विश्वविद्यालयको प्रस्तावमा ठाकुर राम बहुमुखी क्याम्पसलाई बेस क्याम्पस बनाउने उल्लेख भएकोले आवश्यक पूर्वाधार खडा गर्ने र राजनैतिक लबिङसमेत सँगसँगै भएमा विश्वविद्यालयको सपना पूरा हुन सक्छ। यसमा सम्पूर्ण महानगर र राजनैतिक दलको ऐक्यबद्धता आवश्यक पर्नेछ। प्राविधिक शिक्षातर्फ निजी क्षेत्रबाट सञ्चालित वीरगंज इन्स्टिच्युट अफ टेक्नोलोजीले सिटिइभिटीबाट सम्बन्धन लिएर लामो समयदेखि प्रमाणपत्र तहको इन्जिनीयरिङ तथा कम्प्युटर कक्षा सञ्चालन गर्दै आएको छ। यस संस्थाले लामो समयदेखि प्रयास गरेको भएपनि स्थातक तहको कक्षा सञ्चालन गर्ने अनुमति प्राप्त गर्न सकेको छैन। वीरगंजमा स्नातक एवं स्नातकोत्तर तहको अध्यापन हुने मेडिकल कलेज छ तर इन्जिनीयरिङ कलेज छैन। यो महानगरपालिकाको कार्यक्षेत्र बाहिर परेपनि महानगरको सर्वाङ्गीण विकासको लागि वीमनपाले सहजकर्ताको भूमिका खेल्न सक्नुपर्दछ।

२०७६ साउन २९ गते बुधवार

वीरगंज लाइफ–सिटी

सपना देख्नु अप्ठ्यारो होइन । हामी वीरगंजवासीले लामो समयदेखि ग्रेटर वीरगंजको सपना देख्यौं । त्यसपछि पालो आयो लिडरशीप समिटको । मधेस आन्दोलन २०६५ ताका वीरगंजलाई प्रादेशिक राजधानी बनाउने सपना देखाइयो । वीरगंज विश्वविद्यालयको सपना अझै आइ नै रहन्छ । औद्योगिक करिडर बाटोमा कतै अल्झेजस्तो छ भने सेज त तयार नै भइसक्यो । बस उद्योगमात्र स्थापित भएको छैन । यही क्रममा वीरगंजमा एउटा नयाँ सपना बाँडिएको छ–निजगढ विमानस्थल बनेपछि वीरगंज लाइफसिटी बन्छ । मानौ वीरगंज अहिले डेड सिटी हो भनेर हाम्रा अगुवाहरूले मानिसकेका छन् । हुन पनि हो, न एउटा पार्क, न एउटा म्युजियम, न चिडियाघर । दिनभरिको मेहनतपछि आफू वा परिवारसँग बस्ने–हिंड्ने ठाउँ भनेकै वीरगंजका होटल घरको एयर कन्डिसन्ड रेस्टुरेन्टबाहेक यहाँ अरू के पो छ र !

निजगढ विमानस्थलको लागि सरकारले यस वर्ष बजेट छुट्याएको छैन । बजेट छुट्याएर निर्माण भयो भने यो विमानस्थल करीब २४ लाख रूख काटेर निर्माण हुनेछ र निर्माणपछि जीवजन्तुहरूको वासस्थलमा यसले कस्तो प्रभाव पार्नेछ त्यसबारे त कुनै विशेषज्ञ वातावरणविद्ले नै आधिकारिकरूपमा भन्न सक्छ तर २४ लाख रूखको कटाइबाट नेपालको वायु प्रदूषणको स्तर के हुन्छ, अत्यन्त गम्भीर चिन्ताको विषय हो । विश्व वातावरण दिवस (५ जून) को आफ्नो लेखमा मैले एउटा व्ययस्क र झाङ्गिएको रूखले १० टन एसी बराबरको शीतलता प्रदान गर्नुका साथै ३.५ केजी कार्बन डाइअक्साइड आफ्नो श्वास प्रणालीबाट वातावरणबाट ग्रहण गरी २.५ केजी अक्सीजन वातावरणमा छोड्छ भनेर लेखेको थिएँ । २४ लाख रूख काटेपछि नेपालको वायुमण्डलमा हाल रहेको कार्बन डाइअक्साइडको मात्रामा करीब ८४ लाख केजी थप हुने र अक्सिजन करीब ६० लाख केजी प्रतिदिन घट्ने निश्चितप्रायः छ । यसले तापक्रम वृद्धिमा पर्ने प्रतिकूल असर घटाउन हामीले त्यतिकै सङ्ख्यामा वृक्षारोपण गर्‍यौं भने पनि ती रूख बिरुवाहरू हुर्के र वयस्क नहुँदासम्म वायुमण्डलीय क्षति भइ नै रहन्छ । यस विमानस्थलले वार्षिक ६ करोड पर्यटक भित्र्याउने भनिएको छ । सम्भवतः यो पूर्ण क्षमता होला, किनभने नेपालले सन् २०२० सम्म २० लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको छ । ५० लाखबाट ६ करोडको यात्रामा कति समय लाग्ला भन्न कठिन छ । तर सौभाग्यवश यो लक्ष्य छिट्टै प्राप्त भयो भनेपनि एउटा मान्छेले जीवनकालमा गर्ने प्रदूषण हटाउन झन्डै ३०० रूख–बिरुवा आवश्यक पर्ने यथार्थको आधारमा नेपालले थप रोप्नुपर्ने बिरुवा कसले र कहाँ रोप्ने भन्ने प्रश्न यथावत् छ ।

निजगढ विमानस्थल निर्माण भयो भने एटलान्टामा निर्माण भइरहेको ११० मिलियन

यात्रु ओसारपोसार गर्ने विमान स्थलभन्दा पनि ठूलो हुने अनुमान गरिएको छ । यसमा तीनवटा जहाज एकसाथ भारतीय सीमामा प्रवेश नगरी अवतरण र उडान गर्न सक्ने जनाइएको छ । यो विमानस्थलको निर्माण भएपछि पोखरा र भैरहवा क्षेत्रीय विमानस्थलहरूको अवस्था कार्यभारको हिसाबले के हुन्छ, अर्थात् उनीहरू कति क्षमतामा सञ्चालन हुनेछन् भन्ने कुरा सोध्न पनि आवश्यक छ । किनभने लगानी त्यहाँ पनि भएको छ । २१ औं शताब्दीसम्म नेपालले कति पर्यटक भित्र्याउन सक्छ भन्ने प्रक्षेपणमा सामान्य वृद्धिले पनि गर्दा १ करोड भन्दामाथि जाने अवस्था नहुने भएकोले विराटनगर र सिमरा विमानस्थललाई क्षेत्रीय स्तरको विमानस्थलमा रूपान्तरणमा गरिए नेपाल भीषण वायुमण्डलीय चापमा पर्नबाट जोगिन सक्छ ।

अब कुरा गरौ वीरगंज लाइफसिटीको । यो न हिजो थियो, न आज छ, न भोलि नै बन्ने सम्भावना देखिन्छ । निजगढ विमानस्थल बनेपछि कुन पूर्वाधार हेर्न यात्री वीरगंज आउनेछन् ? सिम्रौनगढ, गढीमाई कि पारसनाथ ? गढीमाईबाहेक धार्मिक एवं ऐतिहासिक महत्त्व बोकेको दुवै मन्दिरघर जीर्ण छन् । यात्रु घरको लागि कुनै सुविधा उपलब्ध छैन । ऐतिहासिक घटनाको गवाही दिने अलौ काण्डको अलौ र पर्सागढीमा हेर्न लायक के छ ? अब बाँकी रहन्छ, एउटा पर्सा वन्यजन्तु आरक्ष । यसको आकर्षणले तान्ने पर्यटक निजगढमा विमानस्थल निर्माण भएपछि खुल्ने स्तरीय होटल र सिमरामा खुल्ने होटलमा कोठा नपाए वीरगंज अवश्य आउनेछन् । उद्योग व्यवसायसँग सम्बन्धित सबै घरानाहरूको कार्यालय काठमाडौंमा नै रहेकोले उनीहरू निजगढबाट द्रुतमार्ग भएर वा आन्तरिक उडानबाट काठमाडौं जाने सम्भावना बढी देखिन्छ । केही प्रतिशत भने व्यावसायिक कामले केही दिनका लागि वीरगंज आउन सक्नेछन् । पर्यटनको प्रयोजनले वीरगंजमा हेर्न आउनुपर्ने केही छैन भने त्यसको आधारमा धारणा बनाउनु पनि सपना देख्नु नै हो । त्यसैले निजगढ विमानस्थल बने पनि, नबने पनि, वीरगंजको आफ्नै मौलिक जीवनशैली छ । यो देशकै सबभन्दा बढी राजस्व सङ्कलन गर्ने केन्द्र, त्यो पनि भौगोलिकरूपमा कोलकाता बन्दरगाहको सबभन्दा नजीक परेको कारणले हो । यही अवस्थालाई ध्यानमा राखेर यहाँ उद्योगधन्धाहरू खुलेका हुन् । त्यसमा श्रमिकहरू काम गर्दछन् । सम्भवतः चोभारको सुक्खा बन्दरगाह सञ्चालनमा आएपछि यो गौरव पनि खोसिने निश्चितप्रायः छ । तर के वीरगंज त्यसपछि मर्ला त ? मर्दैन, किनभने यो उद्योगी व्यवसायीहरूको शहरभन्दा पनि श्रमजीवीहरूको शहरमा रूपान्तरण भइरहेको छ र यो चक्र निरन्तर चलिरहने छ । यसका लागि वीरगंजलाई कसैको दया र आशिष चाहिँदैन ।

यो लेख निजगढ विमानस्थल अन्यत्र सारियोस् वा नबनाइयोस् भन्ने मनसायबाट बिल्कुलै प्रेरित छैन । यसबाट आग्रह खोजिएको कुरा के हो भने नभइ नहुने अवस्था न आएसम्म २४ लाख रूख काटेर समाप्तप्रायः अवस्थामा रहेको चारकोसे झाडी र मरुभूमीकरणतर्फ उन्मुख चुरे क्षेत्र र प्रदेश नं. २ को ८ वटै जिल्लालाई मसान

नबनाइयोस् । विराटनगर र सिमरा विमानस्थलको स्तरोन्नति गर्दै २४ लाख बिरुवा चारकोसे झाडी क्षत्रेमा रोपेर हुर्काउँदै गर्दा निजगढ विमानस्थलको निर्माण भयो भने वातावरणीय क्षति न्यूनीकरण गर्न सकिएला तर त्यसबाट पनि लाइफ वीरगंज चाहिं अरू नाराजस्तै सपना नै बनि रहनेछ ।

लाइफ सिटी बन्न चाहिने पूर्वाधारहरू–जस्तै सार्वजनिक शौचालय, ढक्कनसहितको नाला, फोहोर व्यवस्थापन प्रविधि, स्तरीय शिक्षा प्रणालीका साथै रोजगार उन्मुख उच्च शिक्षा केन्द्र, सुविधासम्पन्न अस्पताल, व्यवस्थित तरकारी बजार, पशुवधशालाजस्तो पूर्वाधारहरू नै नभएको अवस्थामा वीरगंज लाइफसिटी बन्न सक्दैन र यो बन्न मलाई लाग्छ निजगढ अन्तरराष्ट्रिय विमानस्थलको कुनै भूमिका हुनेछैन ।

२०७६ साउन २१ गते मङ्गलवार

नेपालमा समाजवादको खोजी

गत साप्ताह स्व. विपी कोइरालाको ३७ औं र स्व. पुष्पलाल श्रेष्ठको ४१ औं पुण्यतिथिको अवसरमा पाठशाला वीरगंजले नेपाली राजनीतिका तीन प्रखर चिन्तक– माओवादीतर्फबाट श्रीराम कार्की, एमालेतर्फबाट घनश्याम भुसाल (हुन त उहाँहरू दुवै नयाँ परिवेशमा नेकपा भइसकेका छन्) र नेकातर्फबाट प्रदीप गिरीको सहभागितामा नेपालमा समाजवाद: एक विमर्श कार्यक्रमको आयोजना गरेको थियो । वीरगंजको नगरसभा भवन भनिने टाउनहल पार्टी प्यालेसमा आयोजित कार्यक्रममा मोटो सहभागिताले राम्रो आस जगाएको थियो। वीरगंजको लागि यो निकै राम्रो बौद्धिक प्रयास मानिनुपर्छ । यस कार्यक्रममा सबभन्दा पहिले आफ्नो मन्तव्य राम कार्कीले व्यक्त गरेका थिए ।

मन्तव्यको क्रममा उनले प्रारम्भमा नै वर्तमान राजनैतिक आर्थिक र सांस्कृतिक प्रणालीसँग आफ्नो असहमति भएको र वर्तमानभन्दा फरक समाज निर्माण गर्न सम्भव भएको आधारमा आफ्नो विचार राख्ने स्पष्ट गरेका थिए। हाम्रो समाजको संरचना 'म'मा आधारित भएकोले यसमा प्रतिस्पर्धा छ, भेदभाव छ र असमानता छ भन्दै बुद्ध, गार्गी र मैत्रेयीले फरक समाजवाद बनाउने सोच राखेको तर पूर्वीय सभ्यताको समाज अलौकिक सोचले ग्रस्त भएकोले अगाडि बढ्न नसकेको तर पश्चिमाहरूले स्वप्नदर्शी समाजको परिकल्पना गर्दै अगाडि बढिरहेकोले उनीहरूको समाजमा प्रतिस्पर्धा, भेदभाव र असमानता नरहेको उल्लेख गरेका थिए । क्युबा र फिनल्यान्डको उदाहरण दिदै उनले त्यहाँ 'हामी' भन्ने सोचबाट समानताको समाज बनाउन अग्रसर भएकोले हरेकको प्रतिभाको पहिचान गरी अवसर प्रदान गर्ने प्रणाली विकसित गरिएकोले त्यहाँ प्रतिस्पर्धाविनाको समाजको निर्माण सम्भव भएको छ भने। नेपालको सन्दर्भमा चर्चा गर्दै उनले माओवादीको २१ औं शताब्दीको समाजवाद, एमालेको जबज र नेकाको प्रजातान्त्रिक समाजवाद ठीक थिएन वा त्यसलाई ठीक ढङ्गले अँगालिएन, प्रयोग गरिएन त्यसको गहन विश्लेषण हुनुपर्छ । मार्क्सवाद आफैंप्रति आलोचनात्मक भएपनि यसका शिष्यहरू यसलाई अपरिवर्तनीय ठान्दछन् र वैचारिक राजनैतिक आधारमा दलभित्र गुट, उपगुटको निर्माण नगरी लाभको आधारमा निर्माण गर्ने परिपाटीले सिद्धान्त एकातिर र व्यवहार अर्कोतिर हुन पुगेको प्रसङ्ग राखे। समाजवादको अगुवाइ गर्ने प्रसङ्गको चर्चा गर्दै उनले कार्लमार्क्सले सर्वहाराको उन्नतिबाट समाजवाद ल्याउने परिकल्पना गरेका थिए भन्दै नेपालमा नेपाली कांग्रेसले व्यवस्थासँग असन्तुष्टि राख्दै त्यसको परिवर्तनबाट समाजवाद ल्याउने, कम्युनिस्टले मजदूर, किसानको जागरणबाट समाजवाद ल्याउने र माओवादीले फौजी सङ्गठनबाट

र मालेले वर्ग शत्रुको रगत बगाएर समाजवादको स्थापनाको लक्ष्य लिएको भएपनि विगतमा सम्पन्न चुनावपश्चात् सबै दलमा सङ्घर्षको चेतना हराएर सत्ताको चेतना जागृत भएकोले नेपालमा समाजवाद आउन नसकेको भन्दै नेपालमा समाजवाद स्थापनाको मूलमन्त्र शिक्षानीतिमा रहेको र यसको परिवर्तन जनचाहना अनुसार गरेर राज्य सत्तामा सबैको भागीदारी कायम गरेर समाजवादको लक्ष्यतर्फ अग्रसर हुन सकिने भएकोले क्युबाको शैलीमा जनचाहना अनुसारको नीति बनाई कार्यान्वयन गर्नुको विकल्प नभएको भन्दै आफ्नो भनाइ राखेका थिए ।

दोस्रो वक्ता नेकपाका घनश्याम भुसालले विचार र चिन्तनको हिसाबले समाजवाद सबैभन्दा राम्रो प्रणाली हो भन्दै सबैलाई समान दु:ख र सुख हुनु नै समाजवाद हो भन्ने आफ्नो मान्यता भएको चर्चा गर्दै नेपालमा विशाल वैभवको सिर्जना भएको तर एक प्रतिशतसँग ९९ प्रतिशत बराबरको वैभव थुप्रिएकोले वितरणमा समस्या भएर समाजवाद कार्यान्वयन हुन नसकेको भनाइ राखेका थिए । उनले स्व. पुष्पलाल श्रेष्ठले नेपालामा दुई प्रतिशत साक्षर भएको बेला समाजवादको लागि शुरू भएको उनको अभियान आज ७० वर्षपछि पनि जहाँको त्यही छ । बर्सेनि ४०–५० लाख युवा रोजगारको लागि विदेशमा नारकीय जीवन बिताउन बाध्य भएको बताउँदै कम्युनिस्टहरूले दुईतिहाईको थेगो पाएको अवस्थामा पनि कुनै तात्त्विक अन्तर नभएको बताएका थिए । २००७ सालको क्रान्तिपश्चात् पनि बलियो जमीनदारी प्रथाले सामन्तहरूको प्रभावले स्थिर हुन सकेन भने अर्कोतर्फ विपीको विचारलाई उनकै पार्टीले बोक्न नसकेर पनि राजा महेन्द्रले २००७ सालमा कू गरेर सत्ता हात पारेको विश्लेषण गरे । नेकाले लागू गरेको भूमिसुधारलाई पञ्चायतले पंगु बनाएर आफ्नो सत्ता टिकाइराख्न सामन्तहरूलाई खुशी पार्न स्वदेशी उद्योग धन्दा विकास गर्ने बाटोमा नगएर बन्द व्यापार शुरू गरेर दलाल पूँजीवादको विकास गरियो जसलाई २०४६ सालको प्रजातान्त्रिक संविधानपछि स्थापित सरकारहरूले समेत निरन्तरता दिइरहे । यहाँसम्म कि कम्युनिस्टहरू पनि शासनमा गएर दलाल पूँजीवादसँगै आबद्ध हुन पुगे । राजनैतिकरूपमा समाजवाद आयो तर त्यसले आम जनताको जीवनलाई छुन सकेन । अहिले हामी एक खर्बको निर्यात र १२ खर्बको आयात गरेर उत्पन्न अन्तरलाई रेमिटयान्सको आम्दानीबाट धान्दैछौं ।

नेपालमा तीनथरीको पूँजीवादी वर्ग छ । पहिलो दलाल पूँजीपति हो जसले बन्द व्यापारबाट आर्जन गर्छ, केही टैक्स तिर्छ तर रोजगार दिँदैन । दोस्रो उत्पादनशील पूँजीपति हो जसले उद्योगधन्दा खोल्छ, रोजगार दिन्छ र टैक्स तिर्छ । यो राष्ट्रिय पूँजीवादी वर्ग हो, जुन दलाल पूँजीवादी वर्गको प्रभावले दबाबमा छ र असङ्गठित छ । समाजवादको लागि यसलाई अगाडि बढाउनुपर्छ तर सकिएको छैन । तेस्रो वर्ग हो– मध्यम वर्ग– यो वर्ग आफै पनि काम गर्छ र अरूलाई पनि काममा लगाउँछ । यसबाहेक नेपालमा चालीस लाख सङ्गठित क्षेत्रका श्रमिकहरू छन् जो मुश्किलले बाँचिरहेका छन् । यस पछाडि सीमान्त श्रमजीवीको एउटा विशाल वर्ग छ । असङ्गठित क्षेत्रमा कमजोर

अवस्थामा रहेका यिनीहरूलगायत श्रमिक, राष्ट्रिय उत्पादनशील पूँजीपति वर्गलाई उन्नतिको अवसर प्रदान गर्नुपर्दछ–समाजवाद स्थापनाको लागि । तर हाम्रो दुर्भाग्य के छ भने भ्रष्टाचार मिलाउने कुरामा हामीबीच सर्वदलीय सहमति हुन्छ तर समाजवाद स्थापना गर्ने कुरामा सहमति त के चर्चासम्म गर्न नभ्याइने भएकोले समाजवादको स्थापना हुन नसकेको हो ।

अन्त्यमा तेस्रो वक्ताका रूपमा आए नेकाका प्रदीप गिरी । उनले दुवै नेताको सादा जीवन र उच्च विचारको चर्चा गर्दै दुवैको योगदान अतुलनीय भएकोले उनीहरूको भनाइलाई मार्गदर्शनको रूपमा लिनुपर्ने भन्दै आजको विश्व परिवेश फरक भइसकेकोले उनीहरूको सिद्धान्तमा समेत समयानुकूल परिवर्तनको खाँचो रहेको बताए । सोभियत सङ्घको विघटन र विश्वव्यापीकरण दुवै नेताको मृत्युपश्चात्को घटना भएकोले यी दुवै महत्त्वपूर्ण घटनापछि मार्क्सवादको भौतिक सोचमा चेतना र नैतिकता समाहित नभएकोले सोभियत सङ्घको विघटन भएको आफ्नो बुझाइ प्रस्तुत गर्दै नेपालमा पार्टीको निर्माण भएको तर पार्टीले बलियो नागरिक समाज बनाउन नसकेकोले नेपालमा गणतन्त्रमा दल अनिवार्य भएपनि पर्याप्त नभएकोले नागरिक समाज अगाडि बढ्नुपर्ने तर्क राखेका थिए । विपी वा पुष्पलालको शास्त्रबाट नडराई नागरिकले आफ्नो स्थानबाट राजनैतिक हस्तक्षेप गर्नु नै समाजवाद हो भन्दै 'जो डर गया वह मर गया' यही नै समाजवाद भएको भनाइ प्रस्तुत गरेका थिए । स्व. पुष्पलाल सर्वहाराको अधिनायकत्व स्थापित गर्न सरिक थिए भने विपी संसदीय व्यवस्थालाई–**त्वमेव माता च पिता त्वमेव त्वमेव, बन्धुश्च सखा त्वमेव । त्वमेव विद्याः द्रविणम् त्वमेव, त्वमेव सर्वमम देव देवः** मान्नुहुन्थ्यो भने आजको सबै राजनैतिक दलले 'त्वमेव सत्ता च द्रविणम् त्वमेवः' मान्न थालेकाले समाजवादको स्थापना हुन नसकेको चर्चा गर्दै आफूले आउँदो दिनमा नागरिक समाजको बढ्दो चेतनाले नेपालमा राजनैतिक दलको नेतृत्वमा नभई नागरिक समाजको अगुवाइमा अर्को आन्दोलन हुने देखिरहेको भनेर आफ्नो मन्तव्यको अन्तिम चरणमा हुँदा सभाहलका सहभागी नागरिकमध्ये करीब दुईतिहाई नाश्ताको अगुवाइ गर्न उठेर हिंडेको देख्दा भने अचम्म लागेको थियो ।

अत्यन्तै बौद्धिक स्तरको यो विमर्शबाट के बुझियो भने दुवै नेका र नेकपामा दुईवटा जमात स्पष्ट छ– एउटा सत्तामा बसिरहन छटपटाइरहेको छ भने अर्को समाजवादको लागि छटपटाइरहेको छ । तर सत्तामा बस्न इच्छुक समूह बलियो भएकोले परिवर्तनको वाहक बन्न खोजेको समूह निरीह भएर बसेको छ । यो समूह बलियो भएर सत्तामा पुगेर 'त्वमेव द्रविणम चः सत्ता त्वमेवः' बाट अछूतो रहन सक्यो भने मात्रै नेपालमा समाजवाद कार्यान्वयनको दिशामा उन्मुख हुन सकिनेछ । तत्कालै केही हुने सम्भावना भने छैन ।

२०७६ साउन १५ गते बुधवार

फर्केर हेर्दा

विस २०२६ वा सन् १९७० मा नेपालीको प्रतिव्यक्ति आय १७० अमेरिकी डलर थियो भने चीनको पनि त्यत्ति नै थियो । पहिलो जनान्दोलनको समय अर्थात् २०४६ सालमा यो २५० डलर र त्यसको १६ वर्षपछि माओवादीहरूसँग शान्ति सम्झौता सम्पन्न हुँदा ५ सय अमेरिकी डलर पुगेको हो । अर्थात् ५० वर्षमा प्रतिवर्ष ६.६ डलरले बढेर ५ सय डलर पुगेको हो । सन् १९७० ताका १ अमेरिकी डलर बराबर नेपाली रु २५ हुँदो हो र अहिले १ डलर बराबर नेपाली रु ११० पर्ने हिसाबले हेर्दा हाम्रो अवस्था ६८० डलरको हुन आउँछ । यसबाट के बुझिन्छ भने हामी आज पनि सन् १९७० अर्थात् २०३० कै दशकमा छौं । सन् १९७० देखि कै अनुमान गर्दा सन् २०१९ सम्मको ४० वर्षमा अर्बबाट शुरू भएर हाम्रो बजेटको आकार खर्बमा पुगिसकेको छ । तथापि जनताले विकासको भेउ पाउन सकेको छैन । यही उकुसमुकुसले निर्विकल्प भनिएको पञ्चायती व्यवस्थालाई ३० वर्षपछि परिवर्तन गऱ्यो । यो परिवर्तनको पनि ३० वर्ष बितेर हामीले गणतन्त्र दिवस मनाइराखेका छौं । तर विकास भने हराएको हरायै छ ।

२०१५ सालमा विपी कोइरालाको शासनकालदेखि राजा महेन्द्र र वीरेन्द्र हुँदै गणतन्त्रसम्म आइपुग्दा नेपालले सातवटा संविधान र ३५ वटा सरकार बेहोर्नुपरेकोबाट पनि यो पूरै अवधि नेपाल राजनैतिक अस्थिरताको चपेटामा नै रहेको बुझिन्छ । तथापि यो अवधिमा पनि नेपालको औसत आर्थिक वृदिदर ५-६ प्रतिशतको औसतमा नै रहेको पाइन्छ । यसको अर्थ के हुन्छ भने यस अवधिमा समेत जुनसुकै कारणले भएपनि सरकारहरूले सकारात्मक कदम चाल्न सकेनन् जसले गर्दा गुणात्मक विकास प्रभावी हुन सकेन । किन हुन सकेन भनेर विचार गर्दा व्यवस्था र संविधान बदलिए पनि मानसिकता र कार्यप्रणाली बदलिएन । पञ्चायतकालमा समेत कानून कर्मचारीहरूले तर्जुमा गरी दरबारमा पठाउने र त्यहाँबाट स्वीकृत भएपछि राष्ट्रिय पञ्चायतमा पेश हुने परिपाटी लोकतन्त्रमा समेत परिवर्तन भएको पाइँदैन । अहिले पनि निर्माण भएर सदनमा प्रस्तुत भएका सबैजसो विधेयक सत्तापक्षको निर्देशनमा कर्मचारीबाट तयार गराउने परिपाटी चल्दै आएको छ । यसमा बौद्धिक वर्गको सहभागिता न्यून हुने भएकोले यस्ता विधेयक र कानून आलोचित हुँदै आएका छन् । यस प्रवृत्तिले नेपालमा कर्मचारीतन्त्रीय लोकतन्त्र कायम भएको छ । त्यसैले सत्तापक्षको निर्देशनमा तयार हुने विधेयकमा जनताको सहमति नभए पनि दल र त्यसको हवीपको नाउँमा जनप्रतिनिधिहरूले त्यसको रक्षा गर्दै पास गरिदिने गरेका छन् । कर्मचारीतन्त्रमै पनि रोग लागेको छ । केही कर्मचारीहरूले राष्ट्रहितमा यस्तो कार्यशैली वा कानूनको विरोध गर्दा दण्ड सजायको भागीदार बनाउने गरिएको प्रसङ्ग सबैलाई थाहा नै छ । त्यस कारणले पनि अधिकांश कर्मचारी शक्तिकेन्द्र नजीक बसेर बढुवा लाभको स्थानमा सरुवा तथा अवकाशपछि कुनै न कुनै पदमा बसेर लाभ दिने ठूलै जमात तयार भइसकेको छ । यो समूह यति बलियो भइसकेको छ कि सरकारका केही कल्पनाशील वा महत्त्वकाङ्क्षी आयोजनाहरू जसको कार्यान्वयनको जिम्मेवारी कर्मचारीहरूको नै हुन्छ त्यसमा हुने

ढिलासुस्ती वा कार्यान्वयन नभएको अपजस निर्वाचित सरकारले बेहोर्नुपरिरहेको तथ्य सबैको सामु छ । कर्मचारीतन्त्र यस्तो मौकामा चुप लागेर बसिदिए पुग्ने भएको छ । यसैको फलस्वरूप पूँजीगत शीर्षकको बजेट २५ प्रतिशतभन्दा बढी खर्च हुन सकेको छैन तर यसको लागि कोही कारबाहीको भागीदार हुनु नपर्ने किनभने यसको मूल्य त संविधानमा 'सम्प्रभु सत्तासम्पन्न' भनिएको निमुखा गरीब जनताले बेहोरिरहेको हुन्छ ।

राजा महेन्द्रले २०१५ सालको जननिर्वाचित सरकारलाई २०१७ सालमा हटाएर आफैले शासन सम्हाल्दा उनलाई त्यस शासनलाई वैधानिकता प्रदान गर्न निर्वाचित प्रतिनिधिहरूको खाँचो थियो । त्यस बेलादेखि नै उनको यस कार्यमा साथ दिने कर्मचारीहरूको एउटा फौज खडा गर्ने कार्य शुरू भएको थियो । यसमा राजाप्रति वफादार नहुनेहरूलाई क्रमशः पजनी गर्दै अलग्याइएको उदाहरण नै छ। राजा वीरेन्द्रको शासनपर्यन्त यही प्रणाली कायम रह्यो । २०४६ सालको जनान्दोलनपछि बहुदलीय व्यवस्थाको थालनी हुँदा राजनैतिक दलहरूले परिवर्तन गर्ने आश पलाएको थियो । त्यसबेला सर्वमान्य नेता स्व. गणेशमान सिंहले प्रधानमन्त्री पद अस्वीकार गर्दै नेपाली कांग्रेस र राजालाई शिशु प्रजातन्त्रको राम्रो स्याहारसुसार गर्न आह्वान गरेका थिए । तर उनको यो गम्भीर सल्लाहको वास्ता गरिएन र कर्मचारीतन्त्र यथावत् जसको शक्ति उसको भक्ति शैलीमा मात्रै चलिरहेन वरन् निष्पक्ष, स्वतन्त्र र योग्य व्यक्तिलाई कर्मचारीतन्त्रमा ल्याउनुको सट्टा दलीय स्वार्थ हेरेर भर्ना नियुक्तिको प्रक्रिया थालियो जुन अद्यावधि कायम छ । सरकारको निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी बोकेको यो तन्त्र गतिशील नभएको कारण प्रजातन्त्र स्थापनाको ३० वर्ष पुग्दा पनि यो कुपोषणको शिकार भएको छ । यसमा राजनैतिक दलहरूको मानसिकतासमेत कम दोषी छैन । यसै सोचले २०६२ र २०७२ लाई जन्म दियो। तर पनि कुनै न कुनै रूपमा केन्द्रीकृत सत्ताको लोभबाट दलहरू मुक्त हुन सकेनन्। यसलाई टिकाइराख्न अन्ततोगत्वा सांस्कृतिक राष्ट्रवादको मुकुण्डो खडा गरेर संविधानमा जे लेखिएपनि शक्ति केन्द्रमैं रहनुपर्ने धारणाको आधारमा प्रदेशहरूको संरचना खडा भयो । तर यसले पनि जनताको लागि केही गर्न सकिरहेको छैन किनभने विभेदले प्रजातन्त्रलाई आम नेपाली जनताको मनमा स्थापित गर्न सकेको छैन। डा. तुलसी गिरीको 'सार्वभौमसत्ता अविभाज्य हुन्छ र यो राजामा निहित छ' भन्ने भनाइ र वर्तमान प्रधानमन्त्री केपीशर्मा ओलीको प्रदेश सरकार सङ्घको एकाइ हो भन्ने भनाइमा शब्दको अन्तर छ तर आशय एउटै छ भन्ने कुरा स्पष्टतः बुझ्न सकिन्छ । पञ्चायतको प्रशस्तीगानमा पञ्चहरूले यो व्यवस्था 'माटो र हावापानी सुहाउँदो' भन्ने गर्दथे अहिले पनि प्रजातन्त्र 'माटो र हावापानी सुहाउँदो' नै छ तर त्यसबेला जसरी आम जनतालाई हामी र हामीजस्ताको एउटा वर्ग र बाँकीको अर्को वर्ग थियो आज पनि छँदैछ । यो पञ्चायतमा थियो, प्रजातन्त्रमा कम थियो तर गणतन्त्रमा छैन भनेर छुट्याउने कसरी ? सातवटा संविधान र ३५ वटा सरकार फेर्नु परिवर्तन हो भने त्यो त भएकै छ । तर यसले जनताको मन आश्वस्त हुन सकेको देखिदैन । त्यसैले प्रजातन्त्र सुक्दैछ, मरणासन्न हुन अग्रसर छ ।

२०७६ साउन ०८ गते बुधवार

वायु प्रदूषण र नेपालमा यसको जोखिम

राष्ट्रसङ्घका लागि मानव अधिकार तथा वातावरणमा प्रतिवेदक डेभिड वोइडका अनुसार 'वायु प्रदूषण शान्त, अदृश्य तर भयानक, घातक समस्या हो, जसले हरेक वर्ष झन्डै सत्तरी लाख मानिसको ज्यान लिन्छ । वायु प्रदूषणका कारण हरेक पाँच सेकेन्डमा एउटा मानिसको मृत्यु भइरहेको छ र विश्वको झन्डै ९० प्रतिशत जनसङ्ख्या प्रदूषित हावामा सास फेरिरहेको छ । सबैभन्दा बढी कार्बन-डाइ-आक्साइड उत्सर्जन गर्ने देश चीनले भने वायु प्रदूषण संयन्त्रमा राम्रो सफलता हात पारेको छ । चीनले राजधानी बेइजिङकै वायु प्रदूषणलाई पाँच प्रतिशतले घटाएको छ । नेपालमा भने वायु प्रदूषणको तथ्याङ्क काठमाडौंबाहेक कतैको उपलब्ध छैन । २०१८ मा रत्नपार्कको वायु प्रदूषण मापन केन्द्रले काठमाडौंको हावामा पिएम (पार्टिकुलेट म्याटर) को मात्रा प्रतिघनमिटर १२६ एमजी रेकर्ड गरेको थियो । यो विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड २५ एमजीभन्दा पाँच गुणाले बढी छ । WHO कै एक प्रतिवेदन अनुसार नेपालमा बर्सेनि ३७ हजार मानिसको मृत्यु वायु प्रदूषणको कारण हुने गरेको छ, जसमध्ये करीब १५ सय बालबालिका पर्दछन् । WHO कै अनुसार घरायसी प्रदूषणका कारण ३८ लाख मानिसको ज्यान जाने गरेको छ ।

उद्योग क्षेत्रमा प्रयोग गरिने इन्धन-जस्तै कोइला, दाउरा, खनिज तेल आदिले कार्बन उत्सर्जन गर्ने गरेका छन् भने सवारी साधनहरूले पनि करीब २५ प्रतिशतकै हाराहारीमा वायु प्रदूषण गरिरहेको उल्लेख छ । कृषि क्षेत्रबाट निस्कने एमोनिया र मिथेनले पनि प्रदूषणमा करीब २४ प्रतिशत योगदान दिइरहेको उल्लेख छ । त्यस्तै शहरी क्षेत्रको विकास र उपभोक्तावादी संस्कृतिको बढ्दो क्रमसँगै फोहर विसर्जन पनि बढ्दो छ । यसमध्ये करीब ४० प्रतिशत फोहर खुला स्थानमा जलाइनुले पनि हानिकारक र सस्पेन्डेड पार्टिकलहरूको मात्रा हावामा बढाएर प्रदूषणलाई योगदान पुऱ्याइरहेको पाइएको छ ।

नेपालको तराईमा समेत भइरहेको चुरे दोहन र वन विनाशका कारण पानीको मुहान सुकेर तराईको वाटरटेबल घट्दै जानु, वायुमण्डलीय तापक्रम बढ्नु र सुख्खा वा अतिवृष्टिजस्ता घटनाहरूले वायु प्रदूषणको अवस्था राम्रो नरहेको सङ्केत गरिरहेकै बेला HImalayan Ecology at Risk को कुरा उठ्न थालेको छ । अफगानिस्तानबाट शुरू भएर पश्चिम चीनसम्म ३५०० किलोमिटर क्षेत्रफलमा फैलिएको हिमालयन शृङ्खलामध्ये करीब ८०० किलोमिटर नेपालमा पर्दछ । जसमा ६००० मिटरभन्दा बढी उचाइको एक हजार तीन सय चुचुराहरू पर्दछन् । त्यसैले यस क्षेत्रको हिमशृङ्खलामा हुने परिवर्तनले नेपाललगायत सम्पूर्ण क्षेत्रलाई असर पार्ने कुरा निश्चित नै छ ।

पर्वतारोहीहरूकै अनुसार हिमालयमा ट्रफिक जामका साथै बरफरहित चट्टानहरू बढ्दो क्रममा देखिन थालेको छ । बरफ पग्लेर त्यस क्षेत्रमा करीब ३ हजारभन्दा बढी ताल बनेको पाइएको छ भने करीब त्यति नै हिमताल पहिलेदेखि अस्तित्वमा छ । त्यस कारणले हिमतालबाट हुने दुर्घटनाको खतरा नेपालमा बढ्दै गएको छ । यसका साथै

हिम पहिरो जाने र चट्टानहरू खस्ने खतरा पनि बढ्दै गएको छ। समग्रमा हेर्दा तराईदेखि मध्य पहाड हुँदै हिमाली भेगसमेत गम्भीर प्रदूषणको चपेटामा रहेकोले नेपालको इको-सिस्टममाथि नै ठूलो खतरा मडारिन थालेको छ। हुनत नेपालले पनि २०२० सम्म उद्योग क्षेत्रमा २० प्रतिशत नवीकरणीय ऊर्जा प्रयोग गर्ने र २०२५ सम्म वायु प्रदूषणको दर घटाउनुका साथै २०५० सम्म खनिज इन्धनको प्रयोग ५० प्रतिशतले घटाउने लक्ष्य राखेको छ। तर नेपालका महत्त्वाकाङ्क्षी योजनाहरूको प्रगति दरलाई हेर्दा यो लक्ष्य हासिल हुने अवस्था देखिँदैन। नेपालको प्रतिबद्धतामा वायु प्रदूषण घटाउने भनिएपनि कसरी भन्ने कुरा खुलेको पाइँदैन।

हाल नेपालमा वनजङ्गलको विनाश गर्ने केही ठूला योजनाहरू सञ्चालित हुन गइरहेका छन्। जसमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल र पूर्व-पश्चिम रेलमार्ग पर्दछन्। बसाइँसराइ र दाउरा प्रयोगको लागि हुने वन विनाशलाई जोगाउन नसकिरहेको अवस्थामा उल्लिखित दुई ठूला आयोजनाबाट हुने वातावरणीय क्षतिको पूर्ति कसरी गर्ने भन्ने कुनै मार्गचित्र सरकारसँग छैन। यस सम्बन्धमा ५ जूनका दिन भारतीय टेलिभिजन एवं फेसबूकमा राखिएको केही तथ्याङ्कहरूले रोचक जानकारी दिएका छन्। जसको प्रयोगबाट वायु प्रदूषणलाई नियन्त्रण गर्न सकिन्छ।

आजको उपभोक्तावादी युगमा एकजना व्यक्तिले जीवनभरिमा गर्ने प्रदूषणलाई थेग्न तीन सय रूखबिरुवा आवश्यक पर्दछ। जनसङ्ख्याको हिसाबले रूखको अनुपात रूसमा प्रतिव्यक्ति करीब पाँच हजार, अमेरिकामा पाँच सय र चीनमा तीन हजार छ भने भारतमा ४० मात्र छ। नेपालमा यसको अद्यावधिक तथ्याङ्क कति छ मलाई जानकारी भएन। माथिको तथ्याङ्कले रूसमा प्रदूषणको समस्या नभएको र चीनले वायु प्रदूषणलाई नियन्त्रणमा ल्याइसकेको तर भारत भने प्रदूषणको चपेटामा रहेको स्पष्ट पार्दछ। एक हजार वयस्क रूख बिरुवाले प्रतिवर्ष ३.५ टन कार्बन-डाइ-आक्साइड सोसेर २.५ टन अक्सिजन वायुमण्डलमा छोड्छ भने वायुमण्डलमा कार्बनडाइआक्साइडको मात्राको अध्ययनबाट पनि वायुमण्डल स्वच्छ राख्न कति रूखबिरुवा चाहिन्छ भनेर यकीन गर्न सकिन्छ। यसमा थप एउटा रोचक तथ्य के छ भने एउटा ठूलो वयस्क रूखले (वर वा पीपल वा अन्य) १० टन एयर कन्डिशनरले प्रदान गर्ने शीतलता प्रदान गर्दछ। यसले ३ प्रतिशतसम्म तापक्रममा घटाउन सघाउ पुऱ्याउँछ। माथि उल्लिखित समस्या र तथ्याङ्कहरूको आधारमा नेपालमा गणतन्त्र आइसकेको अवस्थामा प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रमा प्रतिव्यक्ति तीन सयको हाराहारीमा रूख बिरुवा रहोस् भन्ने उद्देश्य राखेर काम गर्न सम्भव छ। यो बाटो नै नेपालको वायु प्रदूषणमा निदानको सजिलो र भरपर्दो विकल्प हुन सक्छ। किनभने एउटा रूखले ६० लाख बराबरको बर्सेनि प्रदूषण नियन्त्रण गर्दछ भने ६ लाखको जल रिसाइक्लिन र तीन लाख बराबर बाँध बनाउने खर्च जोगाउँछ। विकल्प खुला छ र छनोटमा हाम्रो भविष्य भर पर्छ।

२०७६ साउन ०१ गते बुधवार

समृद्धि सपना, प्रादेशिक विकास बहस

'समृद्धि सपना, प्रादेशिक विकास बहस' नामक एक कार्यक्रम गत वैशाख ८ गते वीरगंजको नगरसभागृहमा एभिन्युज टेलिभिजनको अग्रसरतामा आयोजित भएको थियो । कार्यक्रमलाई तीन खण्डमा विभाजन गरिएको थियो। यस अन्तर्गत प्रथम चरणमा सहभागीहरूको विचार सुन्ने गरिन्थ्यो भने दोस्रो चरणमा एभिन्युज टेलिभिजनको केन्द्रीय स्टुडियोमा रहेका अर्थविद्ले त्यसमा आफ्नो प्रतिक्रिया दिने व्यवस्था थियो । अन्त्यमा मञ्चमा आसीन प्रदेश नं. २ का मुख्यमन्त्री, उद्यमी जगदीश अग्रवाल, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोपाल केडिया र एभिन्युज टेलिभिजनका अध्यक्ष भास्कर राजकर्णिकारको टिप्पणी मिश्रित मन्तव्य दिने कार्यक्रम थियो ।

कार्यक्रमको शुभारम्भदेखि नै सहभागीहरूले आआफ्ना व्यवसायसँग सम्बन्धित समस्या र गुनासो प्रस्तुत गर्दै जाँदा कार्यक्रम 'प्रि बजेट' छलफल हो कि भन्नेसमेत भान पर्न थालेको थियो। तर यही क्रममा केही सहभागीहरूले कार्यक्रमको विषयवस्तुतर्फ पनि कार्यक्रमलाई आफ्नो सुझावले डोऱ्याएका थिए । वस्तुतः म पनि सहभागी भएकोले मलाई पनि यस्तै अनुभूति भइरहेको थियो । समृद्धि त वास्तवमा हाम्रो लागि सपना नै भएको छ । पञ्चायतको ३० वर्ष र प्रजातन्त्रको ३० वर्ष गरी ६० वर्षसम्म हाम्रा नेताहरूले कहिले पूरा नहुने सपना नै बाँडेका हुन् । पञ्चायती व्यवस्था तानाशाही थियो। प्रजातन्त्रको ३० वर्षमा २६ पटक सरकार फेरियो राजनैतिक अस्थिरता नै थियो । तर अहिले त दुईतिहाईको एउटा स्थायी सरकार छ । राजनैतिक स्थिरता आइसक्यो अब आर्थिक क्रान्ति गर्न मात्रै बाँकी छ भनेकोसमेत १४ महीना बितिसकेको छ । १४ महीनामा आर्थिक क्रान्ति पूरा हुँदैन तर गर्ने बाटोमा हिंड्ने तयारी त गर्न सक्छ नैं ।

प्रसङ्ग समृद्धिकै हो । आर्थिक गतिविधि क्रियाशील भए बजारमा पैसा हुन्छ । बजारमा पैसा हुँदा तरलता सुधार हुन्छ, बैंकसँग पैसा हुन्छ र स्वभावतः ब्याजदर घट्न जान्छ । आम जनताको क्रयशक्ति बढ्छ र त्यसबाट उपभोग्य वस्तुको खपत र विशेषगरी विलासिताको श्रेणीमा पर्ने सामानहरूको बजारमा समेत सकारात्मक प्रभाव पर्दछ । यसबाट व्यवसायीको कारोबार बढ्ने, नाफा हुने र कर तिर्ने क्षमता पनि बढ्छ। तर बजारमा पैसा नै छैन भने यो पूरै आर्थिक चक्र अवरुद्ध हुन्छ र उल्टो प्रतिफल प्राप्त हुन थाल्छ । नेपालमा विगत केही वर्षदेखि यही प्रक्रिया चलिरहेको छ। आन्तरिक राजस्वबाट तलब भत्ता आदि धान्न नै धौधौ परिरहेको हुन्छ भने अनुदान, ऋणबाट प्राप्त सहयोगबाट सञ्चालित हुन्छ विकास आयोजनाका कामहरू । तिनका लागि पनि छुट्याइएको बजेटको सरदर २५–३० प्रतिशतसम्म मात्र खर्च हुन्छ जसले गर्दा बजारमा तरलताको अभाव हुन्छ । यसको दोस्रो भार भने विकास आयोजनाबाट प्राप्त हुने प्रतिफलबाट राष्ट्र वञ्चित हुन्छ र समयानुकूल विकास हुँदैन।

नेपालमा समेत यही भइरहेकोले आयोजना मुख्यरूपमा समृद्ध नेपाल बनाउने छलफलमा केन्द्रित हुनुपर्ने थियो र हुनुपर्छ पनि । तसर्थ सबभन्दा पहिलो कुरा समस्याको पहिचान हो र समस्या अर्थको होइन, मानव संसाधन, अर्थात् सरकारी ब्युरोक्रेसीको हो । यसबाट दुई-तीनवटा प्रश्न जन्मन्छ । पहिलो के नेपालको ब्युरोक्रेसी अक्षम छ ? दोस्रो छ भने सम्पूर्ण ब्युरोक्रेसीलाई कसरी उत्प्रेरणा दिएर लक्ष्यतर्फ हाँक्न सकिन्छ र तेस्रो- के नीति निर्माताहरूले बनाउने गरेका लक्ष्य वास्तविकताको धरातलमा आधारित छ। यसको एउटा बान्की यस्तो छ-नेपाल सरकारले आउँदो ५ वर्षमा ९.६ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्न रू ९२,४६, ३९ लाख आवश्यक पर्ने औंल्याएको छ । यो हाम्रो २०१७-१८ को जिडिपीको तेब्बर रकम हो । यो गणना प्रत्येक थप पूँजी वा लगानीले थप एकाइ उत्पादन गर्छ भन्ने मान्यतामा आधारित छ र गुयानामा यसको प्रतिफल देखिसकिएको छ । सन् १९८०-१९९० मा गुयानामा लगानी ३० प्रतिशतबाट बढेर ४२ प्रतिशत पुगेपछि जिडिपी घट्न पुग्यो। यस्तो प्रणाली हामीले किन अवलम्बन गऱ्यौं होला भने हामीसँग उत्पादकत्व, मूल्यलगायत आर्थिक सूचकाङ्कहरूको भरपर्दो तथ्याङ्क नहोला । यस्तो अवस्थामा हचुवाको भरमा ९.६ प्रतिशतको वृदिदर प्रक्षेपण गर्नुभन्दा बितेका १४ महीनामा यथार्थपरक तथ्याङ्क सङ्कलन गर्ने सञ्जाल विकसित गरेको भए बढी सार्थक हुने थियो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको एक अध्ययन अनुसार अहिले नेपालमा १ खर्ब १८ अर्ब लागतका एक हजारभन्दा बढी आयोजनाहरू अलपत्र परेका छन् । यस्ता आयोजनामा पेश्कीस्वरूप ठेकेदारहरूलाई २४ खर्ब रुपियाँ भुक्तानसमेत भइसकेको छ । यसको कारणतर्फ स्थानीय विवाद, जग्गा अधिग्रहणमा समस्या र समस्या समाधान गर्ने संयन्त्रको अभाव, राजनैतिक पहुँचको आधारमा योजना छनोट, लो-बिडिङ्ग सब कन्ट्र्याक्टर नियमनको अभाव औंल्याइएको छ । यो सबै कारणको पछाडि कर्मचारीतन्त्रमा मनोबलको अभाव भएको बुझिन्छ । यो नभएको भए जग्गा अधिग्रहण र डिपिआरपछि बोलपत्र गर्ने लो-बिडिङ हुन नदिन डिपिआरमा आधारित मूल्यलाई आधार बनाउने कार्य गर्न सकिन्थ्यो तर कर्मचारीतन्त्रले राजनैतिक पहुँचमा हुने योजना छनोटलाई प्रभावित पार्न सक्दैन। यसको परिणाम बितेका १४ महीनामै एउटा मन्त्रालयमा ४-४ पटकसम्म सचिवको सरुवा, कर्मचारी समायोजनमा भइरहेको भद्रगोल र केन्द्रीय सरकारको कर्मचारीतन्त्र राजनीतिकरण गर्ने प्रयास नै हो । हालसालै संविधानविपरीत प्रदेशको लागि गरिएको कर्मचारी समायोजनको सट्टा यो अधिकार प्रदेश सरकारलाई दिएर केन्द्रमा आवश्यकता अनुसार बढी भएका कर्मचारलिाई भिआरएस प्रणाली अन्तर्गत अवकाश दिंदा मात्र कर्मचारीको तलब भत्ताको भार मनग्ये घट्न जाने थियो ।

तर दुईतिहाईको दम्भमा सत्तामा आफू मात्र रहिरहूँ भन्ने शैलीमा अदालत, मानव अधिकार आयोग, बेपत्ता आयोग जस्ता प्रजातान्त्रिक सङ्घसंस्थाहरूको मान मर्दन

गरेर शक्ति सञ्चय गर्न लागेको हुनाले कर्मचारीतन्त्रको मनोबल घटेको छ र त्यसैले विकास आयोजना मात्रै होइन, राष्ट्रिय गौरवका विकास योजनासमेत अलपत्र छन् । अलपत्र परेका योजनालाई परिपत्र होइन, उत्प्रेरणाले अगाडि बढाउन सकिन्छ भन्ने हेक्का वर्तमान सरकारलगायत सबै राजनैतिक दलका नेताहरूले राखेर कर्मचारीतन्त्रलाई प्रयोग नगरुन्जेल समृद्धिको सपना यथार्थमा परिणत हुन सक्दैन ।

कार्यक्रमको दोस्रो पक्ष प्रादेशिक विकास बहस थियो । विभिन्न पत्रपत्रिकामा प्रकाशित जानकारीलाई आधार मान्ने हो भने २०१७-१८ मा नेपाल सरकारले पाएको कुल वैदेशिक सहयोगको ५२ प्रतिशत ३ नं. प्रदेशमा मात्र उपयोग भएको छ भने अन्य ६ प्रदेशको औसत ८ प्रतिशत रहन जान्छ । यति लगानीबाट प्रदेश विकासको छलफल निरर्थक हुन्छ । देशको कुल भूभागको ६ प्रतिशत ओगटेको यो प्रदेशले जनसङ्ख्या भने २२ प्रतिशतसम्म थेगेको छ । यस्तो अवस्थामा प्रत्येक प्रदेशको आआफ्नो बेग्लै आवश्यकताहरू प्राथमिकतामा पर्न सक्छन् । तदनुरूप केन्दले बजेट बाँडफाँड गर्दा गोला लगाएर जस्तो नगरी त्यहाँको मानव विकास सूचकाङ्कलाई आधार बनाएर गर्नुपर्दछ । तर शिक्षक नियुक्तिदेखि प्रदेशको अधिकारमा रहेको सबै योजना केन्द्रमा तान्न उद्यत यो सरकारले प्रदेशलाई विकासको लागि बजेट उपलढध गराउँदासमेत येन-केन प्रकारेण प्रादेशिक ढाँचालाई जिउँदो राख्नसम्म मिल्नेगरी मात्र बजेट प्रदान गर्ने तारतम्य मिलाइरहेको देखेर यो छलफल हालको लागि अनुपयोगी नै होला भन्ने लाग्दछ । तर यतिबिधि घोत्लिंदा पनि अन्त्यमा एउटै प्रश्न दिमागमा आउँछ- who will bell the cat ?

२०७६ जेठ २९ गते बुधवार

सन्दर्भ विश्व वातावरण दिवस र नेपाल

५ जूनमा प्रत्येक वर्ष विश्व वातावरण दिवस मनाउने गरेको सन्दर्भमा यस वर्षको अवस्थाबारे चर्चा गर्दा संयुक्त राष्ट्रसङ्घको गत अक्टोबर महीनामा सार्वजनिक भएको १८०० पृष्ठको प्रतिवेदन मानव जातिको लागि कलङ्कसरह देखिन्छ । रिपोर्ट अनुसार विगत ५० वर्षमा विश्वको जनसङ्ख्या दोब्बर भएको छ । मानिस लामो समय बाँच्ने हुनुका साथै बढी उपभोग पनि गर्ने भएका छौं । मानिसले अहिले प्रकृतिबाट बर्सेनि ६० बिलियन टन संसाधनको दोहन गरिरहेको छ, जसको कारण चार सय मिलियन टन भारी धातु तथा विषाक्त पदार्थ समुद्र, नदी तथा सतहमा जम्मा हुने गरेको छ । यस कारण ७५ प्रतिशत भूमि अर्थात् जमीन, ४० प्रतिशत समुद्र र ५० प्रतिशत नदीहरू प्रदूषित भइसकेका छन् । विकसित मुलुकको उपभोग्य क्षमता विकासशील र अल्पविकसित मुलुकहरूको तुलनामा चार गुणा बढी रहेको पाइएको छ । जहाँ गरीब देशमा बसोवास गर्ने सम्पूर्ण विश्वको आबादीको ४० प्रतिशतले सफा पिउने पानीसम्म पाउन सकेका छैन । त्यही युरोप र उत्तरी अमेरिकी देशहरूमा प्रोटिन, कार्बोहाइड्रेट र चिल्लो पदार्थको खपत बढेको बढ्दै छ ।

यस प्रकारको उपभोक्तावादी संस्कृतिको औद्योगिक, कृषि र वन विनाशको अवस्था निम्त्याएको छ । यसले गर्दा ग्रीन हाउस ग्याँसहरूको उत्सर्जन बढेको छ । हरित गृह ग्याँसहरूमध्ये कार्बन डाइआक्साइडको उत्सर्जन ६५ प्रतिशत जुन औद्योगिक क्षेत्र र जैविक इन्धनको प्रयोगबाट निस्किन्छ । वन क्षेत्र र जमीनको प्रयोगबाट कार्बन डाइआक्साइड ११ प्रतिशत, मिथेन १६ प्रतिशत, नाइट्रस आक्साइड ६ प्रतिशत र फ्लोरिनेटेड ग्याँसले करीब २ प्रतिशतको योगदान गर्दछ । पृथ्वीको तापक्रम वृद्धिमा हरित गृह र ग्याँसको महत्त्वपूर्ण भूमिका हुन्छ । जलवायु परिवर्तनसम्बन्धी अन्तर्सरकारी प्यानल (आइपिसिसी)ले तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियससम्म सीमित पार्न सन् २०३० सम्म कार्बन डाइआक्साइड ग्याँसको उत्सर्जन ४५ प्रतिशतले कटौती गर्नुपर्ने प्रस्ताव गरेको छ । यो गर्न सकिएन भने १ डिग्री सेल्सियसले बढिसकेको पृथ्वीको तापक्रमलाई १.५ डिग्री सेल्सियस सम्ममा नियन्त्रण गर्न सकिएन भने यो शताब्दीको अन्त्यसम्म विश्वको तापक्रम ३ डिग्री सेल्सियसले बढ्ने र यसले अकल्पनीय प्राकृतिक प्रकोप निम्त्याउने अनुमान गरिएको छ । रूख बिरुवाहरूले सामान्यतया जीवजन्तुभन्दा विपरीत वायुमण्डलको कार्बन डाइआक्साइड सोसेर आक्सिजन वायुमण्डलमा फ्याँक्ने गर्छन् जसले जीवजन्तुहरूको प्राण बाँचिरहन्छ । यो प्रकृतिमा वन विनाशका साथसाथै उद्योगीकरणले जलवायु परिवर्तन र ग्लोबल वार्मिङको जुन स्थिति निम्त्याएको छ त्यसले मानव जाति सँगसँगै हजारौं प्रकारका जीवजन्तु एवं वनस्पतिको लागि सङ्कट खडा गरेको छ । यसका साथै इको सिस्टममा पर्न गएको प्रतिकूल प्रभावले प्राकृतिक

सन्तुलन बिग्रेर तातो हावा, सुक्खा, अतिवृष्टि, बाढी, पहिरो, आगलागी, हिमपातजस्ता घटनाहरू असमय घट्न थालेका छन् । मानवजनित यस्ता क्रियाकलापबाट विश्वका १० लाखभन्दा बढी जीव र वनस्पति लोप हुने अवस्थामा पुगेका छन् । नासाका पूर्व वैज्ञानिक एवं यस प्रतिवेदनका संयोजककर्ता रोबर्ट वाटसनका अनुसार अध्ययनका निष्कर्षहरू वनस्पति र जनावरको संरक्षणबारे मात्रै नभएर मानिसको लागि समेत कष्टपूर्ण हुँदै गइरहेको, संसार बचाउन प्रकृति विनाशको प्रवृत्ति उल्टयाउन यो प्रतिवेदन एउटा सशक्त आह्वान हो । प्रतिवेदनका सहभागी जर्मनीका प्रोफेसर जोसेफ सेटलका अनुसार अल्पकालमा यो मानव जातिको लागि जोखिमपूर्ण छैन तर लामो अन्तरालसम्म यही अवस्था रहिरहे मानव जाति पनि विलुप्त हुन सक्छ । यस्तो भयो भने यो डायनोसोरहरू ६६ मिलियन वर्ष अघि लोप भएपछि पहिलो सामूहिक अस्तित्वनाशको घटना हुन सक्छ।

सम्पूर्ण विश्व नै यस्तो गम्भीर वातावरणीय समस्यामा जेलिएको बेला नेपालको अवस्था पनि राम्रो देखिँदैन । राष्ट्रपति विद्यादेवी भण्डारी र सरकारसमेतले विश्व मञ्चमा हरित गृह ग्याँसको उत्सर्जनमा नेपालको भूमिका नगण्य भएकोले नखाएको विष लागेकोले जलवायुजन्य प्रकोप बेहोर्नुपरेको भनेर आवाज उठाउँदै आएको बेला नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धिलाई प्रत्येक चार वर्षको अन्तरालमा बुझाउनुपर्ने प्रतिवेदन तयार गर्न गठित कार्यदलले सन् २०१४–१५ मा ०.०२७ प्रतिशत रहेको हरितगृह ग्याँसको उत्सर्जन नेपालमा समेत बढेको सङ्केत दिएको छ । कार्य दलले बढ्दो सवारी साधन र सिमेन्ट उद्योगका कारण हरितगृह ग्याँस उत्सर्जन बढेको ठहर गरेको छ । विस्तृत प्रतिवेदन आइ नसके पनि परोक्षरूपमा के भन्न सकिन्छ भने सवारीसाधन र उद्योगबाट उत्पादन हुने कस्तिमा कार्बन डाइआक्साइड ग्याँसको प्रयोग गर्न सक्ने सङ्ख्यामा नेपालमा रूखबिरुवा छैनन् । यसको प्रत्यक्ष अर्थ वनजङ्गलको विनाश हो भन्नुमा कुनै विवाद छैन । दोस्रो महत्त्वपूर्ण कुरा विश्वमा सबैभन्दा बढी कार्बन उत्सर्जन गर्ने मुलुक चीन हो । उसले कुल उत्सर्जनको ३० प्रतिशत, दोस्रोमा अमेरिकाले १५ प्रतिशत, युरोपियन युनियन आबद्ध मुलुकहरूले ९ प्रतिशत र भारतले ७ प्रतिशत गर्दछ । हाम्रा दुवै छिमेकीहरूको वायुमडलीय प्रभाव प्रत्यक्ष वा परोक्षरूपमा नेपालमा पर्ने नै भएकोले हामी दोहोरो मारमा छौं ।

यस्तो गम्भीर अवस्था भएपनि संयुक्त राष्ट्र सङ्घीय समितिले यस प्रकारको जोखिमको पाँचवटा मूल कारक फेला पारेको छ ।

१. जङ्गल, घाँसेमैदान र अन्य क्षेत्रहरू खेत, शहर र अन्य आयोजनामा उपयोग गरिनु । यसले जीव र वनस्पतिलाई वासस्थानको अभाव हुँदै गएको छ ।

२. तीनचौथाई भूमि जलमग्न हुनुका साथै समुद्रको दुईतिहाइ भागसमेत अतिक्रमित भएर प्रजातिहरूको लागि बस्न अयोग्य भएको छ ।

३. हरित गृह प्रभाव वा बढ्दो वायुमण्डलीय तापक्रमका कारण पनि केही प्रजातिहरू

विलुप्त भएका छन् ।

४. बढ्दो प्रदूषण अर्को महत्त्वपूर्ण कारक हो ।

५. विश्वमा मानव प्रजातिको जनसङ्ख्याका साथै आयुसमेत बढ्नु र आय आर्जन बढ्नुका साथै खपत गर्ने क्षमता अस्वाभाविकरूपमा बढ्नुले यसको निराकरणका लागि समितिले (१) खपत घटाउने (२) वन विनाश रोक्ने (३) विलासी सामग्रीको खपत निरुत्साहित गर्ने (४) सब्सिडी प्रणालीको अन्त्य र (५) Embrace concept of low growth economy अर्थात् आर्थिक वृद्धिदर घटाउने सुझाव दिएको छ ।

विश्वमा सबै देशहरू सम्पन्नताको लागि आर्थिक वृद्धिदर बढाउने कुरामा निरन्तर लागिरेको बेला देश चलाउने राजनीतिज्ञहरूलाई यो कति पाच्य होला भन्न सकिंदैन । तर उपाय यही हो, नगरे मनुष्य जाति पनि लोप हुने प्रजातिमा लामै समयपछि भएपनि दरिने सम्भावनाबाट इन्कार गर्न सकिंदैन ।

२०७६ जेठ २२ गते बुधवार

के यही सङ्घीयता हो ?

नेपालको संविधान २०७२ लागू भइसकेपछि नेपालमा भएको तीनवटै तहको निर्वाचनबाट नेकपाले दुईतिहाई बहुमत प्राप्त गरी केन्द्र, प्रदेश र स्थानीय तहमा बलियो पकड बनाएर स्थापित भएको जगजाहेर छ । संविधानसम्मत ढङ्गले नेपाल सङ्घीय गणतन्त्र हो । त्यसैले सङ्घीय सरकारका तीन अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको गठन भइसकेको छ र तीनवटै अङ्ग कार्यरत छन् । सबैभन्दा पहिलो र महत्त्वपूर्ण कानून बनाउने अङ्ग व्यवस्थापिका अर्थात् सङ्घीय संसद् हो । व्यवस्थापिका अर्थात् सङ्घीय संसद्ले गणितीय आधारमा चिकित्सा शिक्षा विधेयकलाई स्वीकृति दिइसकेको छ भने प्रेससम्बन्धी बिल दर्ता हुने क्रममा विवादमा छ । सङ्घीय संसद्ले संविधानको मर्मविपरीत गणितीय आधारमा भोलि प्रेससम्बन्धी कानून पनि पास नगर्ला भन्न सकिन्न । यस्तो भयो भने संविधानको मर्म अनुसार काम भए-नभएको हेर्ने एकमात्र निकाय सर्वोच्च अदालतको संवैधानिक पीठ हो । हालसालै जन्मसिद्धको सन्तानलाई वंशजको नागरिकता दिने र नदिने गरी सर्वोच्चबाटै भएको निर्णय विवादास्पद भएको कानूनविज्ञहरूको टिप्पणीलाई आधार मान्ने हो भने न्यायपालिकामाथि समेत विश्वासको सङ्कट खडा हुने अवस्था देखिन्छ । प्रजातान्त्रिक देशमा न्यायपालिका सबैको लागि सर्वमान्य हुनै पर्दछ । तर किन यसो भइरहेको छैन भनेर हेर्दा सर्वोच्चलगायत अन्य संवैधानिक निकायमा संसदीय सुनवाइ पछि हुने नियुक्तिको प्रक्रियातर्फ हेर्नुपर्ने हुन्छ । एक त संसदीय सुनवाइ स्वयं विवादास्पद छ किनभने यसमा सुनवाइ नै नभएपनि कार्यपालिकाले सिफारिश गरेको व्यक्ति निश्चित समयपछि नियुक्ति पाइहाल्ने प्रावधान छ । के प्रजातन्त्रको संसदीय सुनवाइ अन्य प्रजातान्त्रिक देशमा यसैगरी हुने गरेको छ ? सर्वोच्चबाट विगतमा कर तथा विदेशी पूँजी सम्बन्धमा भएका निर्णयहरू पनि विवादको घेरामा परेका छन् । यस्तो हुनुको जिम्मेवारी लिने कसले ?

अब जहाँसम्म कार्यपालिकाको कुरा छ, दुईतिहाईको वर्तमान सरकार बनेदेखि नै राष्ट्रिय अनुसन्धान विभाग, राजस्व अनुसन्धान र Money Landering जस्ता विभागलाई प्रधानमन्त्रीको कार्यालय मातहत ल्याउनुको साथै सेना परिचालनको अधिकार पनि प्रधानमन्त्री मातहत राख्नेदेखि चिकित्सा विधेयक र अब प्रेसलाई नियन्त्रित गर्ने प्रयास संविधान अन्तर्गतको सरकारले गणतन्त्रमा नियामक संस्थाहरूलाई बलियो एवं स्वतन्त्र बनाउने ठाउँमा केन्द्रीकृत गरिरहेको छ ।

अब चर्चा गरौं प्रदेशको । नेपालको संविधानले ७ वटा प्रदेशको परिकल्पना गरे अनुसार तिनको निर्वाचन र गठन भइसकेको छ । शान्ति सुरक्षा, नागरिकता, राहदानीलगायत महत्त्वपूर्ण कार्यहरू केन्द्र मातहतका प्रमुख जिल्ला अधिकारी र शान्ति

सुरक्षासँग सम्बद्ध प्रहरीले गर्ने भएपछि प्रदेशको जिम्मामा विकास निर्माणको कामबाहेक केही रहने देखिँदैन । त्यसमध्ये पनि प्रदेशमा परेको विकास निर्माणको कार्य पनि केन्द्रले नै हेर्ने र स्थानीय तहको सोझो सम्पर्क सङ्घ सरकारको मन्त्रालय अन्तर्गत चलिरहँदा प्रदेशको कार्यपालिका, विधायिका र न्यायपालिकाको अस्तित्व के भन्ने प्रश्नचिह्न खडा भएको छ । सङ्घ अन्तर्गतको प्रदेश सरकार यसरी केन्द्राश्रित भएर चल्ने हो भने सङ्घभन्दा पूर्व रहेका विकास क्षेत्रको अवधारणाबाट यिनीहरू कसरी भिन्न भए ? भिन्न छैनन् भने प्रदेशमा तीनवटै अङ्गको स्थापना र सञ्चालनमा भइरहेको खर्चको पुष्टि हुने सन्तोषजनक आधार के हुन सक्छ ?

जहाँसम्म स्थानीय तहको कुरा छ नेपालमा विकेन्द्रीकरण पञ्चायतकालदेखि नै लागू भएको हो । प्रजातन्त्र प्राप्तिपछि नेकाको ग्रामीण स्वावलम्बन हुँदै तात्कालीन नेकपा एमालेको आफ्नो गाउँ आफैं बनाऊसम्म विकेन्द्रीकरणकै पाइलाहरू हुन् । तर सत्ता विकेन्द्रीकरणको नाउँमा अहिले स्थानीय तहको कार्य अवलोकन गर्दा डोजरतन्त्र, विलासी गाडी र मोटरसाइकल एवं भत्तान्त्रको बिगबिगी देखिन्छ । घरमा सिंहदरबार पुऱ्याउन यसले के सहयोग गरेको छ ? सफा पिउने पानी, शिक्षा, स्वास्थ्यतर्फ कुल विनियोजित बजेटको कम्तीमा ६० प्रतिशत खर्च गर्ने व्यवस्था गर्न सक्नुको साटो भ्रष्टाचार गर्ने खुला छुट दिएर अखितयारको छापाबाट यो क्रम रोकिएला ? बाटो छैन भने बनाउन डोजर चाहिन्छ नै । तर डोजर गाउँपालिकाले नै किनेर सडक बनाउनुको अन्य विकल्प छैन र ? जथाभावी सडक बनाउँदा वातावरणीय सन्तुलन बिग्रेको समाचार चारैतिरबाट आइराख्दा समेत सरकार र संसद् दुवै मौन छ । सिंहदरबारलाई घर-घरमा पुऱ्याउने यही सोचका साथ नेपाली जनताले सङ्घीयता र गणतन्त्र रोज्दै नेकपाको सरकारलाई दुईतिहाई बहुमत दिएको हो त ?

केन्द्रीय स्तरमैं यो सरकार बनेदेखि प्रकाशनमा आएको ३३ किलो सुन प्रकरण, निर्मला हत्याकाण्ड, वाइडबडी, अख्तियार आयुक्त प्रकरण, ललिता निवास प्रकरणजस्ता भ्रष्टाचारका प्रकरणहरूमा सरकारले जनतालाई साहसिक भर दिने गरी कुनै पाइला चाल्न सकेको छैन । त्यसैले शासकीय जिम्मेवारी पूरा गर्न र यो सरकार अहिलेसम्म अक्षम देखिएको छ भने राजनैतिक स्थिरता आइसकेकोले अब आर्थिक विकास गर्ने नारासमेत खोक्रो साबित भइसकेको छ। कुल बजेटको ४३ प्रतिशतसम्म मात्र खर्च गर्न सकेको यो सरकार विस्मयकारी कदम चाल्न भने अत्यन्त सिपालु छ । ५१ प्रतिशत बजेट खर्च हुन बाँकी रहेको अवस्थामा भुक्तानीको लागि आन्तरिक ऋण उठाउने प्रस्ताव ल्याएको छ। यसबाट सरल ढङ्गले के बुझ्न सकिन्छ भने बाँकी ५१ प्रतिशत बजेट अबको बाँकी २ महीनामा जथाभावी खर्च गरेर प्रतिशतमा सामर्थ्य देखाउने कसरतमा सरकार जुटिसकेको छ ।

समग्रमा के भन्न सकिन्छ भने दुई तिहाईको बलमा प्रधानमन्त्री, सरकार र पार्टी दुवैमा आफूलाई शक्तिशाली बनाउने कसरतमा जुटेका छन् । पार्टीमा त नेतृत्वतर्फ

प्रधानमन्त्री, प्रचण्ड र माधव नेपालको भागबण्डा तेतीस प्रतिशतमा मिल्न गएको वा मिलाइएकोले उनले पालैपालो एकको समर्थन लिएर अर्कोलाई तह लगाउँदै आफ्नो बहुमत कायम राख्ने सुविधा प्राप्त गरेका छन् । सरकारमा पनि केन्द्रीकृत शासन प्रणालीको सोच उनले आफूलाई बलियो बनाउन नै ल्याएका हुन् । पार्टीको लागि होइन। अर्थात् नेपालको शासन पद्धतिमा विदेशी लेखकहरूले लेख्ने गरेको 'नेपाली शासकहरूको मनोवृत्ति सधैं देश विकासको सट्टा आफ्नो शासन कायम राख्नमा केन्द्रित रहन्छ' भनाइ सत्य हो जस्तो लाग्न थालेको छ। यही सत्य हो भने यहाँनेर अर्को प्रश्न जन्मन्छ के यही सङ्घीयता हो ?

२०७६ जेठ ०८ गते बुधवार

के यही सङ्घीयता हो ? (२)

वि.सं. १९९७ माघ ६ गते शुक्रराज शास्त्रीलाई सर्वस्व हरणसहित फाँसीको सजाय सुनाइएको थियो । फैसलापछि तिम्रो अन्तिम इच्छा के छ भनेर राजाहरूले सोध्दा उनले प्रतिक्रियामा 'जय नेपाल' मात्र भनेका थिए । राणाहरूले फेरि दोहोऱ्याएर होइन तिम्रो अन्तिम इच्छा के छ भनेर दोस्रोपटक सोध्दा उनले फेरि 'जय नेपाल' शब्द नै दोहोऱ्याएका थिए । २००३ माघ १२ गते आफ्नो स्थापनाको पहिलो दिन कांग्रेसले नेपालका चार महान् सपूतहरूलाई श्रद्धाञ्जलि अर्पण गर्दै जय नेपाललाई कांग्रेसको आधिकारिक अभिवादन मान्ने परम्पराको थालनी गरेको हो ।

२००७ सालको क्रान्तिपश्चात् राजा त्रिभुवनले पहिले अल इन्डिया रेडियो र दोस्रोपटक नेपाल प्रजातन्त्र रेडियोबाट सन्देश दिंदा अन्त्यमा जय नेपाल शब्द नै प्रयोग गरेका थिए भने २००७ साल मङ्सिर २८ गते बिहान तारिणीप्रसाद कोइराला संस्थापक रहेको प्रजातन्त्र नेपाल रेडियो (हालको रेडियो नेपाल)ले पहिलो प्रसारण वाक्यमैं जय नेपाल शब्दको उद्घोष गरी नेपाली जनताको अभिवादन गरेको थियो । २००७ सालको क्रान्ति सम्पन्न भएपछि कांग्रेसको मुक्ति सेना 'रक्षा दल' हुँदै नेपाल प्रहरीमा समावेश भएपछि नेपाल प्रहरीको पनि आधिकारिक अभिवादन जय नेपाल नै रहन गएको हो । कालान्तरमा यो शब्द राजा र सेनाले समेत प्रयोग गर्दै आएका छन् । राष्ट्रकविको राष्ट्रभक्ति गीत 'गाउँछ गीत नेपालीको दोस्रो पङ्क्तिमा जय जय जय नेपाल, सुन्दर शान्त विशाल' शब्द प्रयोग भएको छ भने प्रजातान्त्रिक नेपालको राष्ट्रगानमा अग्रगामी राष्ट्र हाम्रो जय जय जय नेपाल उल्लेख छ । यस राष्ट्रगानलाई नेपाली कांग्रेसले मात्र स्वीकार गरेको हो ? मति बिग्रेर कम्युनिस्ट पार्टीहरूले त्यतिबेला स्वीकार गरेका हुन् भने अहिलेको दुईतिहाईले परिवर्तन गरे भइगयो नि । किनकि दुई तिहाईको दम्भमा नेपालको गणतान्त्रिक सरकारले गर्न लागेको केही कामहरूको फेहरिस्त यस्तो छ ।

नेपाल मिडिया काउन्सिल विधेयक संसदबाट स्वीकृत भएपछि सर्वप्रथम त नेपाल सरकारको सचिवको मातहतमा एउटा समिति गठन हुनेछ जसले मिडिया काउन्सिललाई सुझाव दिनेछ र त्यस पछाडि गरिएको दण्ड जरिवानाको प्रावधानले यो काउन्सिल नै सूचना तथा प्रविधि मन्त्रालयको एउटा शाखाको रूपमा स्थापित हुनेछ ।

त्यस्तै मानव अधिकार आयोग सम्बन्धी विधेयकमा Autonomous र Independent (स्वतन्त्र) शब्द हटाएर मानव अधिकार आयोगले मानव अधिकार उल्लङ्घनको घटनामा मुद्दा चलाउन महान्यायाधिवक्ताको सहमति लिनुपर्नेछ । यसको सोझो अर्थ के हुन्छ भने महान्यायाधिवक्ताले नचाहेमा जस्तोसुकै मानव अधिकारको घटनामा समेत मानव अधिकार आयोगलाई रोक्न सक्नेछ । त्यसो हुने हो भने स्वतन्त्र मानव अधिकार आयोगको औचित्य नै के रहन जान्छ ? अहिले स्वतन्त्र हुँदा त

सरकारले यसको निर्देशनहरूको पालना गरेको छैन भने झन् महान्याधिवक्ताको कार्यालयको शाखाको हैसियतमा झरेपछि यसको औचित्य समाप्तप्रायः हुनेछ । त्यस्तै सुरक्षा परिषद् विधेयकमा समेत कुनै कारणवश सुरक्षा परिषद्को बैठक बस्न नसकेमा प्रधानमन्त्रीले सेना परिचालन गर्न सक्ने व्यवस्था थपिन लागेको छ ।

राष्ट्रमा गम्भीर सङ्कट खडा भएको बेला बस्न नसक्ने सुरक्षा परिषद्को कल्पना नै गर्न सकिदैन । सेना परिचालन सामान्य अवस्थामा हुँदैहुँदैन । असामान्य अवस्था सेना परिचालन गर्न गठित सुरक्षा परिषद्को बैठक बस्न नसक्ने परिकल्पना कसरी यो सरकारलाई भयो बुझिनसक्नु भएको छ । सुरक्षा परिषद्मा प्रमलगायत विपक्षी दलका नेता र सेना प्रमुख अनिवार्यरूपमा रहने व्यवस्था संसारभरि नै छ । प्रमले अवस्थाको जानकारी गराउँदा प्रजातान्त्रिक चलन अनुसार विपक्षी दललाई समेत विश्वासमा लिने चलन भएको हो किनकि सेना परिचालन राष्ट्रको अखण्डता, राष्ट्रियताविरुद्ध विद्रोह जस्तो अवस्थामा मात्र सञ्चालन हुन्छ र सेनापतिले प्राविधिक पक्ष ध्यान राखेर निर्णय गर्ने चलन छ । तर प्रजातान्त्रिक प्रणालीलाई त्यागेर एक्लैले सेना परिचालन गर्ने अधिकार प्राप्त गर्न खोज्नु कस्तो गणतन्त्र र सङ्घीयता हो बुझ्न कठिन छ ।

यसैबीच केन्द्र तानाशाह भयो, अधिनायकवादी भयो भनेर नथाक्ने प्रदेश नं. २ को सरकारले समेत प्रेस विधेयक ल्याएको छ । यसमा १ करोड रुपियाँसम्मको जरिवानाको प्रावधान राखिएकोमा मुख्यमन्त्रीबाट प्राविधिक त्रुटि भएकोले सच्याउने वचन सदनलाई दिइएको छ तर प्रश्न के छ भने संसद्मा टेबुल हुने विधेयकमा समेत मोफसलका पत्रकारिता गर्ने संस्था वा व्यक्तिले तिर्ने नसक्ने गरी जरिवानाको रकम किटान गर्नु उपयुक्त हुन्छ ? मुख्यमन्त्रीले यसलाई भोलि २५ लाख वा ५० लाख नै गर्लान्,। तर यति पैसा तिर्ने हैसियत प्रदेश नं. २ को कुन पत्रिकासँग छ उनी भन्न सक्छन् ? दोस्रो कुरा विधेयकमा प्रदेशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा राष्ट्रियतामा आँच आउने विषयमा समाचार लेखेमा भन्ने उल्लेख छ । सबभन्दा पहिलो कुरा गरौं सार्वभौमसत्ताको । नेपालको संविधान बमोजिम यो नेपाली जनतामा निहित छ । भलै यो लेखेर जनतालाई बलिको बोका नै किन नबनाइएको होस्, प्रदेशको सार्वभौमसत्ता भनेको के हो ? के प्रदेशहरू नेपालको संविधान अन्तर्गत नचल्ने हुन् र बेग्लैबाट सार्वभौमसत्ताको कुरा आएको छ । यो हो भने त्यही संविधान टेकेर प्रदेश नं. २ ले प्रादेशिक लोकसेवा, प्रहरी र ब्युरोक्रेसीदेखि विधेयक किन संसद्मा धमाधम दर्ता गराउँदैछ । यसलाई स्पष्ट गर्न जरूरी छ । दोस्रो कुरा भौगोलिक अखण्डताको हो । यो शब्द विधेयकमा पर्नुले के स्पष्ट गर्दछ भने प्रदेश नं. २ को सत्ता पक्षले मधेस भनेको प्रदेश नं. २ को आठ जिल्ला मात्र हो, पहिलेदेखि भनिंदै आएको १९ जिल्लामध्ये प्रदेश नं. २ भन्दा बाहिर रहेको ११ जिल्ला होइन भन्ने स्वीकारोक्ति हो । तेस्रो राष्ट्रियताको हो । हाम्रो राष्ट्रियता के हो ? नेपाली हो भने नेपालको राष्ट्रियतामा आँच पुऱ्याउने कार्य गरेबापत नेपाल कानून अनुसार कारबाई नबढाएर प्रादेशिक कानून बनाउनु आवश्यक छ र ? प्रदेश नं. २ सरकारले

केन्द्रको सङ्घीयताविरोधी कामको विरोधस्वरूप प्रादेशिक संसद्मा पेश गरेको विधेयकहरूलाई ठूलो जनसमर्थन प्राप्त थियो नै । तर अहिले आएर केन्द्रको तालमा ताल मिलाउँदै प्रस्तुत भएको प्रादेशिक प्रेस विधेयकले भने केही दिन अगाडि क. प्रचण्डले प्रदेश नं. २ को नेतृत्व फेर्ने भनी गरेको उद्घोषले डरको काम गरेजस्तो लाग्न थालेको छ।

मधेस आन्दोलन सङ्घीयतामा स्वशासन र देशको मूलधारमा प्रवेश गर्नको लागि थियो र त्यो नै हुनुपर्दछ रहनुपर्दछ। तर कहिलेकाहीं देशको सर्वमान्य संस्था न्यायपालिकाका कारण समेत मधेसको भावनामा चोट पुगेको देख्न सकिन्छ । अप्रिल ३, २०१९ मा गृह मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयलाई जन्मसिद्ध नागरिकता प्राप्त व्यक्तिका सन्तानलाई वंशजको नागरिकता दिने परिपत्र गरेदेखि सर्वोच्च अदालतले तीनपटकसम्म बेग्लाबेग्लै बेन्चबाट रोक्ने र दिने आदेश जारी गरेपछि ठूलो समस्या उत्पन्न भएको छ। नेपालको संविधानले तीन वर्षभित्र संविधानको पूर्ण कार्यान्वयनको लागि सम्पूर्ण कानून बनाउने समय निर्दिष्ट गरेकोमा मार्च २०१९ सम्म सरकारले नागरिकतासम्बन्धी कानून ल्याइसक्नुपर्नेमा नल्याएको दोषको भागीदार नेपालकै नागरिकलाई बनाइराख्नु उचित देखिँदैन। अतः कि सरकारले यससम्बन्धी स्पष्ट कानून बनाएर लागू गर्नुपऱ्यो कि कानून विशेषज्ञहरूले सर्वोच्चको संवैधानिक पीठबाट यस सम्बन्धमा अन्तिम किनारा लगाएर लाखौं लाखलाई सन्त्रासबाट मुक्ति दिनुपर्छ । यो नै सङ्घीयता र गणतन्त्रको मर्म हो ।

२०७६ जेठ १५ गते बुधवार

कस्तो होला नव वर्ष २०७६

नेपाल सरकारले नयाँ वर्ष २०७६ मा ७ प्रतिशतभन्दा बढी आर्थिक वृद्धि हुने भन्दै १७ खर्बभन्दा बढीको लगानी प्रस्ताव गरेको सर्वविदित नै छ । यसै वर्ष १ हजार मेगावाट बिजुली थप हुने, मेलम्ची आयोजना पूरा हुने र भैरहवा एवं पोखरा क्षेत्रीय विमानस्थलबाट जहाज उडाउने तयारीले पर्यटन विकासका लागि भिजिट नेपाल २०२० मा २० लाख पर्यटक भित्र्याउने लक्ष्य हासिल गर्न सघाउने र भेरी–बबई डाइभर्सनबाट ४८ मेगावाट बिजुली र ५१ हजार हेक्टर भूमिमा बाह्रै महीना सिंचाइ सुविधा उपलब्ध गराउने लक्ष्य लिएको छ । प्रतिव्यक्ति नेपालीको आय २०१६ मा ८६६.०० डलर र २०१७ १००३.०० डलरबाट हुँदै १५ औं योजनाको अन्त्यसम्म यो १४०० डलर पुग्ने प्रक्षेपण गरिएको छ । योजना आयोगको Multi Dimensional poverty Index Report अनुसार नेपालमा अहिले पनि गरीबहरू २८.५ प्रतिशतको हाराहारीमा छन् । यसको मूल कारण शिक्षा, स्वास्थ्य, खानेपानी एवं रोजगारमा पहुँच हुन नसक्नु नै हो । यसका साथै राज्यले समेत विकास योजनाहरू सञ्चालित गर्दा यस वर्गलाई लक्षित गरेर सञ्चालन गर्न नसक्नु पनि अर्को कारण हो । १४०० डलर प्रतिव्यक्ति आय पुऱ्याउन योजना आयोगले ९४ प्रतिशत आर्थिक वृदिदर हासिल गर्ने लक्ष्य लिएको छ जुन सम्भव छ, छैन केलाउनुपर्ने हुन्छ ।

सरकारी खर्चकै कुरा गर्दा पूँजीगत शीर्षकको रकमको खर्च एक चौथाई पनि हुन नसकेको अवस्थामा महालेखा परीक्षकको प्रतिवेदन अनुसार बेरूजु झन्डै ७ खर्ब पुगेको छ, जुन २०७३–०७४ को तुलनामा ३६.७१ प्रतिशतले बढी छ । पूँजीगत शीर्षक र वैदेशिक लगानीले रोजगारको अवसर सिर्जना गर्दछ । सरकारी ढुकुटीको रकम खर्च हुन नसकेर बजारमा तरलता छ भने ठूला आयोजनाहरू सञ्चालन हुन नसकेर नयाँ रोजगार सिर्जना हुन सकेको छैन ।

लगानी सम्मेलनबाट १७ खर्ब आउने अनुमान गरिएपनि विगतको लगानी सम्मेलनको अनुभव र विश्व बैंकको २०१९ को Ease of Doing Business Report अनुसार नेपाल विश्वका १९० राष्ट्रमध्ये ११० औं. स्थानमा रहेकोले आशातीत लगानी प्राप्त भइहाल्ने अवस्था देखिँदैन । त्यसैले सरकारले पूँजीगत खर्च बढाउन के चमत्कार गर्ने हो जसले नेपालमा रोजगारको ढोका खुल्नेछ हेर्नको लागि कुर्नुपर्ने नै हुन्छ । अर्को अत्यन्त आशा गरिएको निजी क्षेत्र हो । नेपालको निजी क्षेत्र पनि उद्योगधन्दाभन्दा व्यवसायतर्फ बढी आकर्षित हुन थालेको पाइन्छ ।

तीव्र आर्थिक विकासको लागि नेपालको धन भनेको वनबाट सरेर सेतो सुन अर्थात् पानी बन्न पुगेको छ । ४२ हजार मेगावाट व्यावसायिक उत्पादन गर्ने क्षमता भएको नेपालले यस वर्षसम्म ४५६ मेगावाटको तामाकोशी र थप ३ सय मेगावाट अन्य स्रोतबाट गरी बिजुली उपलब्ध भएपनि सरकारले कुनै जलाशययुक्त आयोजना अघि नबढाएकोले २५०–३०० मेगावाट बिजुली भारतबाट खरीद गरिरहनुपर्ने बाध्यतात्मक स्थिति एकातिर छ भने पश्चिम सेतीलाई अनिर्णयको बन्दी बनाइएको छ भने आकर्षक

योजनाहरू जस्तै बूढी गण्डकी, गेजुवालाई र तमोर पनि विदेशीलाई नै दिने तयारी गरी 'नेपालको पानी जनताको लगानी'को नारा दिंदै छनोट गरिएका १९ आयोजनामध्ये तामाकोशी पाँचौं र त्रिशूली ३ बीबाहेक बाँकीका १७ आयोजना डेस्क स्टडीमा रहेकोमा मात्र नेपालीको ४९ प्रतिशत लगानीको ढोका खोलिएको छ ।

अध्ययन पूरा भएर आयोजना सञ्चालन भई लगानी आउँदासम्म यी आयोजनाहरूको ठेगान छैन । यस अवस्थामा नेपालमा निर्माण हुने आयोजनाहरूको सुस्त गति र त्यसकारणले बढ्ने लागतले विद्युत् उत्पादन बढाएर इन्धनको आयात घटाएर विदेशी मुद्राको सञ्चिति बढाउने र नेपाललाई विद्युतीकरण गर्ने, रेल, मेट्रो जस्ता आयोजना सहयोगी हुन सक्ने देखिंदैन । यसले पनि आर्थिक लक्ष्य हासिल गर्न कठिनाइ उत्पन्न हुनेछ । नेपालले हालसम्म ११ सय मेगावाटको जडित क्षमता पुऱ्याएको छ भने थप ७ सय मेगावाट यस वर्ष थप हुन सके १८०० मेगावाट जडित क्षमता पुग्दा हिउँदमा फेरि उत्पादन घटेर १०००-११०० मेगावाटमा झर्ने नै छ ।

अर्को क्षेत्र भनेको पर्यटन हो । २०२० सम्म २० लाख पर्यटक भित्र्याउने लक्ष्य अनुसार प्रगति हुन सक्यो भने राम्रै हो तर हाम्रै राष्ट्रिय गौरवका आयोजनाहरूको दुर्गति हेर्दा शङ्का गर्नुपर्ने ठाउँ रहन्छ । विगत वर्षमा हामीले र अझ भनौं यो सरकारले अन्य कार्यहरूको विवेचना गर्न छाडेर सुशासनमात्रै स्थापित गर्न सकेको भए केही होला कि भनेर आशा गर्न सकिन्थ्यो । तर बितेको वर्षलाई रिपब्लिका दैनिकले The year was one of the weakest in terms of the rule of law, combatting corruption and mantaining law and order भनेको छ । हुन पनि हो वर्ष बित्न लाग्दा पनि निर्मला पन्त हत्याकाण्डको दोषी फेला पर्न सकेन भने अख्तियारका उच्चपदस्थ अधिकारीमाथि नै भ्रष्टाचारको मुद्दा लाग्यो, न्यायालय अलमलमा गयो भने ललितानिवास जग्गाकाण्डमा सत्तारूढ दलकै ठूला नेताहरूको संलग्नता देखिएको छ ।

अन्तर्राष्ट्रिय क्षेत्रतर्फ विचार गर्दा प्रधानमन्त्रीको भारत र चीन भ्रमणका दौरान भएका सम्झौताहरूमा भारतसँग भएको महाकाली सन्धिमा कुनै प्रगति भएको छैन भने चीनसँग भएको सम्झौतामा समेत खासै प्रगति भएको देखिंदैन । भारतसँग सीमा विवाद यथावत् छ भने दुईतिहाईको सरकारले लिपुलेकबारे दुवै छिमेकीसँग कुरासमेत राख्न सकेको छैन । अमेरिकासँगको सम्बन्ध तुलनात्मकरूपमा पहिलेभन्दा चीसिएको नै छ ।

समग्रमा हेर्दा गत वर्षको हाम्रो उपलब्धिको अनुभवबाट के लाग्दछ भने कुरा जतिसुकै गरेपनि वर्ष २०७६ पनि नेपालीको लागि एउटा सामान्य वर्षकै रूपमा बित्नेछ । उल्लेख्य उपलब्धि केही हासिल हुने देखिंदैन । निराशाको यस्तो चित्र अगाडि हुँदाहुँदै पनि अन्त्यमा नव वर्ष २०७६ ले सबै नेपालीमा सुख, सुस्वास्थ्य र समृद्धि पुऱ्याओस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

२०७६ वैशाख ११ गते बुधवार

नव वर्ष २०७६ (२)

सङ्घीय संसद्को दुईतिहाई बहुमत, सातवटा प्रदेशमध्ये छवटा प्रदेशको प्रादेशिक सरकार र ७५३ स्थानीय तहमध्ये ४ सय स्थानीय तहमा पकड भएको नेकपाका अध्यक्ष केपीशर्मा ओलीले प्रधानमन्त्रीको हैसियतमा आर्थिक क्रान्ति, गरीबी निवारण र दिगो विकासको कुरा गर्दा नपत्याउनेलाई पनि पत्याउनैपर्ने अवस्था सिर्जना भएको थियो। तर सरकार बनेको डेढ वर्षभन्दा बढी भइसक्दा पनि जनताले परिवर्तनको अनुभूति भने गर्न सकिरहेको देखिँदैन ।

सर्वप्रथम त गत वर्षको सरकारको क्रियाकलाप नियाल्दा सरकारले प्रादेशिक सरकारको मुख्य सचिव, सचिव र स्थानीय तहको प्रशासकीय अधिकारीको नियुक्तिको अधिकार केन्द्रमा राखेर प्रादेशिक सरकारलाई पङ्गु बनाउने कार्य गऱ्यो भने अर्कोतर्फ प्रादेशिक र जिल्लाका प्रहरी अधिकारीहरूले केन्द्रबाट नियुक्त हुने प्रमुख जिल्ला अधिकारीको निर्देशनमा काम गर्नुपर्ने व्यवस्था ल्यायो । विकास निर्माणतर्फ समेत पूर्वाधार निर्माणका योजनाहरू प्रदेश र स्थानीय सरकारलाई सुम्पेर क्रियाशील बनाउनुको साटो प्रदेश अन्तर्गतको विकास निर्माण योजनालाई समेत केन्द्र मातहत सार्ने कसरत प्रारम्भ गऱ्यो । यसबाट सङ्घीय ढाँचामा खडा भएका संस्थाहरू मृतप्रायः बन्न पुगेका छन् । यही अवस्था रहिरहेमा नेपालको सङ्घीय संरचना हात्तीको देखाउने दाँतसरह साबित भएर जनताले विकास निर्माणमा प्रत्यक्ष संलग्नता अनुभूत गर्न सकिरहेको छैन।

यस्तो किन भइरहेको छ ? सरकार किन यस्तो नियम नीति ल्याउँदैछ भन्ने कुरा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको 'नेपालमा सुशासन र भ्रष्टाचार २०१९' नामक रिपोर्ट अनुसार ३०.४ प्रतिशत जनताको विचारमा नीति निर्माताहरू यस्ता कानून निर्माण गर्दछन् जसबाट उनीहरू आफै वा चाहेको व्यक्ति लाभान्वित हुन सकोस्। जन चाहनाको उनीहरूलाई वास्ता छैन । त्यस्तै २३.१ प्रतिशतको विचारमा राजनैतिक दलहरूको कारण र दबाबमा सरकारका उच्चपदस्थ अधिकारीहरूसमेत सामेल भएर भ्रष्टाचार गर्न मिल्ने नीति र नियम बनाउँछन् । सुशासनको कुरा गर्दा अपराधको कुरा छाड्न सकिँदैन । नेपाल प्रहरीले सार्वजनिक गरेको तथ्याङ्क अनुसार २०१६-१७ भन्दा २०१७-१८ मा अपराध २४ प्रतिशतले बढेको छ । चर्चामा नआएको घटनाबारे कुरा नगर्दा पनि भएका चर्चित घटनासमेतको अपराधी पत्ता लाग्न नसक्नु वा अनुसन्धान समाप्त नहुनुले दण्डहीनता बढेको छ। निर्मला बलात्कार तथा हत्याकाण्ड, सनम शाक्य हत्या तथा ३३ केजी सुन प्रकरण, पूर्व राजदूत केशव झा हत्याप्रकरण जस्ता अन्य थुप्रै घटनालाई उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ ।

आर्थिक क्रान्ति र दिगो विकासको कुरा गर्दा गत आवको विकास बजेटको १७ प्रतिशत र कुल खर्च २८ प्रतिशत मात्रै रहेकोबाट आर्थिक क्रान्ति गरीबी निवारण र नेपालीको आय १४०० डलर प्रतिव्यक्ति पुऱ्याउन दोहोरो अङ्कको आर्थिक वृदिदर हासिल गर्ने लक्ष्यलाई गिज्याइरहेको आभास हुन्छ । पर्यटन क्षेत्रमा एक वर्ष १ करोड

पर्यटक भित्र्याउने ८ वर्ष पुरानो लक्ष्य पूरा भएको आधारमा २०२० सम्म २ करोड पर्यटक आउने-नआउने अडकल गर्न कठिन छ । तर नेपालमा दूध किसानहरूले मिल्क होलीडे मनाइरहँदा धूलो दूधको आयात बढेकै छ। त्यसैगरी मलेशियामा रोजगारमा पठाउन ढिलाइ भएको कारण वैदेशिक रोजगारको अवसर समग्रमा घटेको छ । जलाशययुक्त आयोजना बनाउनेतर्फ सक्रिय हुन नसकेको कारण यस वर्ष ११ सय मेगावाट पुगेको उत्पादन नयाँ वर्ष २०१७ मा १८ सय मेगावाट पुगेपनि भारतबाट विद्युत् आयात घट्ने सम्भावना देखिदैन भने नेपालीको लगानीको लागि छुट्याइएको १९ मध्ये १७ वटा आयोजनाहरू डेस्क स्टडीबाट नै १५ वर्षपछि मात्र प्रतिफल दिने देखिएको छ। अन्य आकर्षक योजनाहरू-बूढीगण्डक र तमोर विदेशीकै हातमा जाने निश्चित छ। १९ वटा राष्ट्रिय गौरवका आयोजनाको खर्च कुल बजेटको २५ प्रतिशत मात्र छ भने कृषि क्षेत्रमा उब्जनी बढेको दाबी गरिए पनि कृषि वस्तुको आयात बढ्दो छ । यहाँनेर चिनी आयात र मूल्यमा भएको घोटाला, जसलाई महालेखा परीक्षकको प्रतिवेदनले समेत औंल्याएको छ उल्लेखनीय हुन आउँछ । राष्ट्रको दुईवटा संस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल प्रहरीको अध्ययन एवं तथ्याङ्कलाई ट्रान्सपरेन्सी इन्टरनेशनलको करप्शन परसेप्शन इन्डेक्समा नेपाल पहिलेभन्दा दुई अङ्क झरेर १८० मध्ये व्यापक भ्रष्टाचार हुने मुलुकको १२४ औं स्थानमा परेबाट पनि पुष्टि हुन्छ।

लगानी सम्मेलन सम्पन्न भयो । १७ खर्ब मात्रको प्रस्तावमा पहिलेको लगानी सम्मेलनहरूले ल्याएका ३३ प्रतिशत पनि आउँछ, आउँदैन यकीन साथ भन्न सक्ने अवस्था छैन । किनकि विश्व बैंकले नेपाललाई पाँच स्थान तल झारेर पूँजी लगानीको लागि आदर्श राष्ट्र नभएको मध्ये ११० औं स्थानमा राखेको छ । लगानीकर्ता हाम्रोभन्दा विश्व बैंकको भाषा बढी बुझ्दछन्, त्यसैले अमेरिकी राजदूतले पनि भ्रष्टाचार छ भने लगानी आउँदैन भनेर खुलस्त भनेका छन् ।

देशको अहिले Debt. Servicing ratio GDP को ३० प्रतिशत मात्र भएको बेलामा पूर्व-पश्चिम रेलमार्ग, हुलाकी सडक, निजगढ विमानस्थल, काठमाडौं-तराई फास्ट ट्र्याकलगायत ठूला आयोजना सञ्चालन गर्नेबारे बोल्नुको सट्टा वृद्ध भत्ता आगामी वर्षदेखि रु ५ हजार पुऱ्याउने, भोटरलाई लोभ्याउने योजनामा बढी केन्द्रित भएको छ । यस्तो हो भने यस वर्ष पनि मनसुनको कारण काम शुरू हुन सक्नेछैन र त्यस पछाडि कार्य थालनी हुँदा उत्पादकत्व बढीमा स्थिर रहने वा घट्ने सम्भावना नै देखिन्छ ।

समग्रमा गत वर्षको घटनाक्रम केलाउँदा मूर्धन्य विद्वान् प्राडा लोकराज बरालको एउटा टिप्पणी सम्झना आउँछ जसमा उनले 'प्रचण्ड बहुमतले प्रम ओलीले आफूलाई निर्विकल्प ठान्न थालेकोले आफूखुशी गर्न थालेको' भनेका छन् । त्यसैले सत्तामा रहिरहन विकासको सट्टा प्रजातान्त्रिक संस्था र नियम कानून बनाउनुको सट्टा अधिकार केन्द्रित गर्नेतर्फ लागेका छन् । यसै सन्दर्भलाई सम्झेर गताङ्कमा मैले वर्ष २०७६ नेपालीको लागि औसत वर्ष नै रहने अनुमान गरेको छु ।

२०७६ वैशाख १८ गते बुधवार

नव वर्ष २०७६ :
दीर्घकालीन सोच (२)

भर्खरै सम्पन्न भएको दुई दिने राष्ट्रिय विकास परिषद्को बैठकमा नेपालको योजना आयोगले प्रस्तुत गरेको 'दीर्घकालीन सोच २१००' का साथै पन्ध्रौं पञ्चवर्षीय योजनाको आधारपत्रमाथि छलफल गर्दै पन्ध्रौं योजनाको आधारपत्र पारित गरेपनि 'दीर्घकालीन सोच २१००' भनिएको २५ वर्षीय योजना पारित भएन।

आयोगले प्रस्तुत गरेको २५ वर्षीय योजनामा हाल १८.७ प्रतिशतमा रहेको गरीबी शून्यमा झार्ने, आव २०७४-७५ मा ५.९ प्रतिशत रहेको आर्थिक वृद्धिदर २१००-२००१ मा १०.५ प्रतिशत पुऱ्याउने महत्त्वाकाङ्क्षी लक्ष्यसमेत रहेको छ । त्यसैगरी आव २०७४-७५ मा २७.६ प्रतिशत रहेको कृषि तथा हालको उद्योग एवं सेवा क्षेत्र क्रमशः १४.८ र ५७.६ रहेकोमा यसलाई बढाएर ३० र ६१ प्रतिशत पुऱ्याउने ५ वर्षभन्दा कम उमेरका बालबालिकामा कुपोषणको शिकार भई न्यून तौलमा परेका ३७ प्रतिशतलाई २ प्रतिशतमा ल्याउने, बेरोजगारीलाई ११.११ बाट ३ प्रतिशतमा, औपचारिक क्षेत्रको हिस्सा ६.५ प्रतिशत रहेकोमा त्यसलाई ७० प्रतिशत पुऱ्याउने, इन्टरनेट प्रयोगकर्ताको सङ्ख्या ५४ प्रतिशतबाट बढाएर १०० प्रतिशत गर्ने तथा शून्य द्रुतमार्गलाई २००० किमि एवं ४२ किमि रेलमार्गलाई २२ सय किमि पुऱ्याउने लक्ष्य प्रस्तावित गरेको थियो र यो योजना पूरा भएपछि नेपालीको प्रतिव्यक्ति आय २१५०० अमेरिकी डलर पुग्ने प्रक्षेपण गरेको थियो।

योजनामा गृहकार्य नपुगेको भनेर आलोचना भएपछि पुनः गृहकार्य गरी स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश गर्न प्रधानमन्त्रीले निर्देशन दिएका छन् ।

योजना निर्माणका लागि तीनवटा मुख्य कारक तत्त्व मानिन्छन् । ती हुन्- संसाधन, कार्यान्वयन र समय । अब उपरोक्त तीनवटै आधारमा २५ वर्षे योजनाको मूल्याङ्कन गर्दा नेपाल सरकारको गत वर्षको खर्च क्षमता सङ्क्षेपमा यस्तो रहेको छ-

शीर्षक	विनियोजित रकम	खर्च
पूँजीगत	३१३.९ अर्ब	१०९ अर्ब
आयगत	८४५.५ अर्ब	४४६ अर्ब
वित्तीय	१५५.७ अर्ब	४६.४ अर्ब

नयाँ आव समाप्त हुन तीन महीना मात्र बाँकी रहेको अवस्थामा पूँजीगत शीर्षकमा कुल विनियोजित रकमको ३४.८७ प्रतिशत मात्र खर्च हुन सकेको छ भने आयगत खर्चमा तलब-भत्ता, सामाजिक सुरक्षाजस्ता खर्चहरू पर्ने भएकोले ५० प्रतिशतको हाराहारीमा खर्च भई कुल बजेटको ४७.३६ मात्र खर्च हुन सकेको छ । त्यस्तै महालेखा परीक्षकको प्रतिवेदन अनुसार विकास योजना र राष्ट्रिय गौरवका आयोजनाहरूतर्फ एक चौथाईभन्दा पनि कम रकम खर्च हुन सकेको छ । यसबाट दुईवटा निष्कर्ष

निस्कन्छ–पहिलो अब बाँकी ६५ प्रतिशत पूँजीगत शीर्षकको बजेट असारभित्र जथाभावी खर्च हुनेछ र दोस्रो हाम्रो ब्युरोक्रेसी उत्पादनमूलक छैन । अब सरकारले आफ्नो २५ वर्षे योजनाको कार्यान्वयनका लागि संसाधन जुटाएपनि कुन र कसको क्षमताको आधारमा कार्यान्वयन गर्ने हो भन्ने प्रश्न खडा हुन्छ । अहिलेकै अवस्था र क्षमतामा गर्ने हो भने हालजस्तै कुनै पनि योजना समयमा पूरा हुनेछैन, फलतः यसबाट अपेक्षित लाभ प्राप्त हुनेछैन ।

संसाधनकै कुरा गर्दा पनि राष्ट्र बैंककै तथ्याङ्क अनुसार बैलेन्स अफ पेमेन्ट यस आवको आठ महीनाको अवधिमा ५८.९९ अर्ब रुपियाँ पुग्यो जुन गत वर्षको सोही अवधिमा २४.७३ अर्ब थियो । चालू खाता घाटा यस आवको आठ महीनामा १९१.१३ अर्ब रूपियाँ रहेको छ, जुन गत वर्षको सोही अवधिमा १५४.९९ अर्ब थियो । यस अवधिमा नेपालको व्यापार घाटा २४.५ प्रतिशतले बढेर ८८७.८८ अर्ब रुपियाँ पुगेको छ । वैदेशिक लगानी १४.२४ बाट ६.६६ अर्ब रुपियाँमा झरेको छ ।

त्यस्तै वैदेशिक रोजगारमा जानेको सङ्ख्या ३८.३ प्रतिशतले घटेको छ तर रेमिटचान्स २३.४ प्रतिशतले बढेको पाइएको छ । यो बढेपनि यसको अधिकांश भाग उपभोग्य वस्तु र ऋण तिर्न खर्च हुने भएकोले यसले देशको समग्र अर्थतन्त्रमा योगदान पुऱ्याउन सकेको छैन । बढ्दो आयातले गर्दा विदेशी मुद्राको सञ्चिति खस्कँदो छ र यही अवस्था रहिरहे देशले ३ महीनाभन्दा बढीको आयात खर्च धान्न सक्ने अवस्था रहँदैन ।

माथि उल्लिखित सबै तथ्याङ्कहरू सरकारी स्रोतबाट नै उपलब्ध गराइका हुन् । यस्तो अवस्थामा योजना आयोगले कुन आधार र प्रक्रियालाई टेकेर २१५०० डलर प्रतिव्यक्ति आय र शून्य प्रतिशत गरीबीको परिकल्पना गऱ्यो स्पष्ट हुन जरूरी छ । योजना आयोगको काम नै नीति निर्माण गर्ने हो तर त्यसको आधार भने वास्तविकताको धरालतमा टिकेको हुनैपर्छ । यसै परिप्रेक्ष्यमा एउटा अर्को महत्त्वपपूर्ण प्रश्न पनि के उठ्छ भने आयोगले हालसम्म नीति निर्माण गर्दा निर्धारित गरेको लक्ष्यलाई सरकारले कति हदसम्म आत्मसात् गरी इमानदारीपूर्वक कार्यान्वयन गरेको छ । राष्ट्रिय गौरवका आयोजनाहरूकै लागि विनियोजन गरिएको र प्रधानमन्त्री कार्यालयबाट अनुगमन हुँदै गरेको योजनाहरूको प्रगतिले त २५ प्रतिशत काट्न सकेको छैन भने अरूको के कुरा ?

महालेखा परीक्षकको प्रतिवेदनमा परेको सुझावहरूको कार्यान्वयन बाध्यकारी भएर पनि सरकारले मान्दैन भने योजना आयोग जसको सुझाव मान्नुपर्छ र कार्यान्वयन गर्नुपर्छ भन्ने कुनै कानून छैन, त्यसको कार्यान्वयन सरकारी निकायबाट होला ? जहाँसम्म निजी क्षेत्र र PPP को कुरा छ, त्यस बैठकमा निजी क्षेत्रको सहभागितासमेत न्यून रहेको थियो । सरकारी क्षेत्रले नै नमान्ने योजनाको कार्यान्वयन निजी क्षेत्रले उत्साहका साथ गरिदेला भनेर विश्वास गर्ने आधार पनि कतै देखिंदैन । त्यसैले यो २५ वर्षे योजना मन्त्रिपरिषद्बाट पारित भएपनि नेपाली जनताको लागि नहर्ष न बिस्मात्जस्तै हुनेछ । नेपालको अर्थजगत्को प्रतिष्ठित मासिक NEW BUSINESS AGE ले सम्पादकीय लेख्दै यो सम्पूर्ण कसरतलाई WASTED EFFORT भनेको छ ।

२०७६ वैशाख २५ गते बुधवार

उडायो सबै हुरीले

प्रदेश नं. २ को बारा र पर्सा जिल्लामा आएको हावाहुरीबाट त्यहाँका जनतालाई परेको दुःखलाई हामी सबैले साझा ठानी सहयोग गर्यौं र गरिरहेका छौं । तर त्यसले मच्चाएको वितण्डाको चर्चा नगरी रहन सकिन्न । प्रारम्भमा पोखराबाट उठेको ५० किमि प्रतिघण्टाको हावाहुरी चितवनसम्म आइपुग्दा काठमाडौं र तराईको बारा, पर्सातिर लागेको र उत्तरप्रदेशबाट आएको तातो हावासँग बारा जिल्लाको प्रभावित क्षेत्रसम्म पुग्दा बवण्डरको रूप लिएर ६० किमी प्रतिघण्टाको गतिमा यत्रो विधि क्षति गरेको अनुमान गरिएको थियो भने अहिले आएर भूउपग्रहको चित्र र स्थलगत अध्ययनबाट यो बवण्डर नभएर टर्नेडो भएको राय मौसमविद्हरूबाट प्राप्त भइरहेको र यसको रफ्तार करीब दुई सय किमी प्रतिघण्टा भएको अनुमान गरिएको छ । नेपालको इतिहासमैं यो पहिलो टर्नेडो भएको विषयले झन् चिन्ता थपेको छ । यो टर्नेडो नै थियो र हो भने पनि अहिले आएर मात्रै यो किन देखा पऱ्यो त्यसको अध्ययन हुनु जरूरी छ । किनभने काल पल्किनुलाई काल आउनुभन्दा खतरनाक मानिन्छ । त्यसैले विज्ञहरूले यसको उत्पत्तिको कारण र निराकरणको उपाय खोज्न जरूरी छ । यो टर्नडो आउने क्षेत्र भएको भए पहिले पनि आउनुपर्ने थियो, होइन भने अहिले यसको उत्पत्ति हुनुको पछाडिको कारण के हो ? यो प्राकृतिक विपत्ति हो र त्यसैले यसको कारण प्रकृतिमैं खोज्दा सबैभन्दा ठूलो कारण वन विनाश नै हो भन्ने पनि लाग्छ । आउँदा दिनहरूमा निजगढ विमानस्थलको लागि रूख कटान, पूर्व पश्चिम रेलमार्गको लागि गरिने रूख कटानको यसमा भूमिका हुन सक्छ कि सक्दैन ? वन विनाश र चुरेको दोहनबाट प्राकृतिक जलको मुहान सुक्नु र नेपाल तराईमा बढ्दो मरुभूमीकरणको पनि यसमा भूमिका छ कि छैन भन्ने विषयपनि अनुसन्धानको क्षेत्रमा समेटिनुपर्ने हो जस्तो लाग्छ ।

विश्व स्वास्थ्य सङ्गठनको आर्थिक एवं प्राविधिक सहयोगमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सार्वजनिक गरेको प्रतिवेदनमा १९८७ देखि २०१६ सम्मको मौसमी तथ्याङ्कले देशको दक्षिणी भेगमा गर्मी बढ्दै गरेको, अग्रिम मनसुनको आगमन र मनसुनको समयमा वर्षा बढी हुने गरेको प्रारम्भिक निष्कर्ष निकालिएको छ । प्रतिवेदनमा केही दिन अघि पर्सा र बारा जिल्लामा केही स्थानमा हावाहुरीले गरेको अकल्पनीय क्षतिको कारण पनि यही रहेको कुरा औंल्याउँदै यसको सम्बोधन जरूरी छ भनेको छ । तर सम्बोधन कसरी गर्ने भन्ने बारे भने केही उल्लेख छैन । सामान्यतया वन विनाशको कारण नै विश्वभर औसत तापक्रम वृद्धि भइरहेको परिप्रेक्ष्यमा नेपालमा पनि वन विनाश नै यसको मूल कारण हो भन्न सकिने देखिन्छ । त्यसैले आएको टर्नेडोबाट भएको क्षति न्यूनीकरणको लागि सबैतिरबाट आएको सहयोगको लागि जहाँ आभार

व्यक्त नगरी रहन सकिन्न त्यही यो पनि चिन्ता गर्ने ठाउँ छ कि फेरि तराईमा त्यही वा अन्य कतै यस्तै टर्नेडो आयो भने हाम्रो समृद्धिले कति थेग्न सक्ला ! अहिलेको अध्ययनले यस टर्नेडोले आफ्नो बाटोमा परेका गरीबहरूको कच्ची एवं सामान्य रूपमा निर्माण भएको पक्की घरलाई उखेलिदिएको छ जबकि यो लामो समयको थिएन । केही बेर अझ लम्बिएको भए सम्भवतः आरसिसी भवनहरू पनि क्षतिग्रस्त हुने थियो । त्यसकारण काल पल्किनबाट रोक्न यस अध्ययनले ठोस समाधान दिनुपर्छ र सरकारले त्यसलाई दृढताका साथ कार्यान्वयन पनि गर्नुपर्नेछ।

मानवीय संवेदनालाई ध्यानमा राखेर जतिसुकै राहत सामग्री पुऱ्याएर घरसमेत बनाइदिंदा पनि हामी भौतिक क्षतिमा सहयोगी भइरहेका हुन्छौं । तर जुन परिवारले आफन्त गुमायो उसको दुःख बेग्लै किसिमको हुन्छ जसको न्यूनीकरण सम्भव छैन । त्यसैले नेपालमा पहिले इतिहासमा नदेखिएको घटना पुनः नहोस् भन्नेतर्फ सोचाइ राख्नु नै उचित हुनेछ । राहत सामग्री जति पुगेपनि नपुग भएको समाचार आइरहेकै छ । भोजन सामग्री पुग्दा भाँडाकुँडा र इन्धनको अभावको कुरा आउँछ भने डिग्निटी किट बाँडिदा पानी र शौचालयको अभावको कुरा आएको छ । पिउनको लागि बोतलको पानीले कति दिनसम्म थेग्छ होला ! त्यसैले दाताहरूले सार्वजनिक शौचालय र हाते चापाकल लगाइदिनेतर्फ ध्यान दिए बहुतायतको भलो हुने थियो । त्यहाँबाट राहत सामग्री चोरी र लुटपाटका घटना भएको खबर र भिडियोहरूमा पनि देख्न पाइएको छ। चरम अभावमा यस्ता घटनाहरू हुन्छन् । यो मानवीय कमजोरी हो तर प्रशासनले गरेको सहयोग अत्यन्त प्रशंसनीय रहेपनि शान्ति सुरक्षाको स्थिति बलियो बनाउने तथा बारा जिल्ला प्रशासनले लागू गरेको एकद्वार वितरण प्रणालीलाई सबै प्रभावित क्षेत्रतिर कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यो चुनौतीपूर्ण छ तर पनि यसलाई गर्न सकिन्छ किनभने हाम्रो देशको सुरक्षा बलले जसरी अहोरात्र त्यसमा परिश्रम गऱ्यो त्यो क्षमताबाट यो सम्भव छ भन्ने लाग्छ । माइती नेपालले बाबुआमा गुमाएका १० जना नानीहरूको अध्ययनको जिम्मा लिएर जुन प्रशंसनीय कार्य गरेको छ त्यो अरू सामाजिक संस्थाबाट पनि हुनेछ भन्ने अपेक्षा राख्नु अनुचित नहोला ।

अन्त्यमा घटना भइसकेपछि बिरामी ओसार्न एम्बुलेन्स चालकहरूको तदारुकता र बिरामी अस्पताल पुगेपछि अस्पतालका चिकित्सकलगायत स्वास्थ्यकर्मीहरूले देखाएको मानवीय भावना स्तुत्य कार्य हो । यस दौरान नारायणी अस्पतालमा प्राकृतिक विपदासँग जुध्न भौतिक संरचनाको अभाव अत्यन्तै खटकिएको पक्ष रह्यो। रक्तदाताहरूले जसरी अगाडि आएर जीवनदानमा मदत पुऱ्याए, त्यो पनि अतयन्तै प्रशंसनीय कदम हो। तर यी सबैका बावजूद हाम्रो लक्ष्य अब अर्को टर्नेडो तराईमा नआओस् भन्नेतर्फ नै केन्द्रित हुनुपर्छ किनभने पटक-पटक यस्तो आएमा सधैंभरि यस्तै सहयोग जुटाउन र व्यवस्थापन गर्न सजिलो हुनेछैन ।

२०७६ वैशाख ०४ गते बुधवार

- तिनोद गुप्ता

तेस्रो लगानी सम्मेलन

नेपालमा चैत १५-१६ गते लगानी सम्मेलन भएको छ । यस आयोजनाबाट ४६ सरकारी र १७ निजी गरी ६३ आयोजनाको लागि ३० खर्बको लगानी जुटाउने लक्ष्य लिइएको थियो । सम्मेलन समाप्त हुँदासम्म सरकारको ५० मध्ये ११ आयोजनामा १२ खर्ब र निजी क्षेत्र, दातृ निकाय र सरकारबीच १७ आयोजनामा ५ खर्ब १३ अर्ब गरी करीब १७ खर्बको प्रस्ताव आएको समाचारहरू प्राप्त भएको छ । वर्तमान राजनैतिक अवस्थामा हाम्रो प्रस्तावको ५० प्रतिशत मात्र लगानी आकर्षित हुनुलाई नराम्रो त भन्न सकिन्न तर यथार्थमा कति लगानी भित्रिन्छ त्यसको लागि कुरेर बस्नुबाहेक अरू उपाय छैन ।

यस्तो लगानी सम्मेलनको आवश्यकता किन पऱ्यो भन्दा सन् २०२२ मा नेपालले अति कम विकसित मुलुकबाट दोहोरो अङ्कको आर्थिक वृद्धिदर हासिल गर्दै मध्यम आय भएको मुलुकमा दरिने लक्ष्य लिएको छ भने सन् २०३० सम्ममा संयुक्त राष्ट्रसङ्घको दिगो विकासको लक्ष्य पूरा गर्नुपर्ने अवस्था छ । हाम्रो बचत १० प्रतिशत मात्र छ र हाम्रो अर्थतन्त्रको आकारसँग दाज्दा यो करीब ३ सय अर्बको हुन आउँछ जुन अहिलेको हाम्रो बजेटको पूँजीगत खर्च बराबर हो । अर्थशास्त्रीहरूका अनुसार सरकारले वार्षिकरूपमा करीब १८-२० खर्बको बजेट विनियोजन गर्नुपर्ने अनुमान प्रस्तुत गर्ने गरेका छन् । तर हामीले हाम्रो आर्थिक वृद्धिदर ८ प्रतिशत हुने अनुमान गरेपनि विश्व बैंकले यो ६.५ प्रतिशतभन्दा बढी नहुने प्रक्षेपण गरेको छ । अर्कोतर्फ बजेट प्रभावकारीरूपमा खर्च हुन नसकेको कारण अर्थतन्त्र स्थिर भएर बसेको अवस्था छ । यस्तो अवस्थामा बाहिरबाट लगानी भित्र्याउन सकियो भने मुलुकभित्र सिर्जना हुने रोजगारले अर्थतन्त्रलाई चलायमान बनाउन सक्छ । त्यसैले लगानी सम्मेलन आवश्यक ठानिएको निश्चित कुरा हो ।

तर यसभन्दा पूर्व पनि दुईवटा लगानी सम्मेलन देशले आयोजना गरिसकेको हो र त्यो सम्मेलनबाट प्रतिबद्धता अनुरूपको लगानी भित्रिन भने सकेन । लगानी वैदेशिक होस् वा स्वदेशी त्यसको मूल उद्देश्य नै नाफा कमाउनु हुन्छ । विकसित मुलुकबाट लगानी आउन सस्तो श्रमशक्ति, सस्तो जमीन त्यो पनि पूर्वाधारसँगै जोडिएको र छिमेकभन्दा तुलनात्मकरूपमा उत्पादन सस्तो हुनुका साथै नाफा लैजान सहज र सरल हुन जरूरी छ । राष्ट्र बैंकको एक प्रतिवेदन अनुसार २०१५-१६ को अन्त्यसम्म नेपालको कुल वैदेशिक लगानी १३७.७ अर्ब छ जसमा २०१४-१५ मा ७.२१ अर्ब र २०१५-१६ मा ६.२५ अर्ब र २०१६-१७ मा १७.२४ अर्ब अर्थात् १० प्रतिशतभन्दा कम नाफा गरेको देखिन्छ । त्यसमा पनि नाफा लैजाने प्रक्रियामा राष्ट्र बैंकले सहज नगरिदिएको गुनासो यथावत् छ ।

यसबाहेक ऊर्जा, उद्योग र खानीमा हाम्रो लगानीको सामर्थ्य पुऱ्याउन सम्भव थिएन तर कृषि, शिक्षा, स्वास्थ्य, खुद्रा व्यापार र वैदेशिक व्यापारमा समेत विदेशी लगानी गुहार्नुको सट्टा हाम्रो कुल राजस्वको ८५ प्रतिशत चालूमा गइरहेको छ त्यसलाई नियन्त्रण गरी आन्तरिक स्रोत र साधन जुटाउनुपर्नेमा त्यो नगरेर वैदेशिक लगानीमा

आधारित पूँजीवाद भित्र्याउन खोजेको मान्नुपर्ने हुन्छ । यस्तो पद्धतिले संविधानको समाजवादको नीतिलाई लत्याउन खोजेको अनुभूति भइरहेको छ ।

गत आर्थिक आवमा नेपालमा वैदेशिक लगानी करीब ३५ अर्ब थियो जुन चालू आवको आठ महीनामा ६८ प्रतिशतले घटेर ११ अर्ब २५ करोड मात्र छ । यस्तो अवस्थामा लगानी बढाउन सम्मेलन गर्नु तर्कसङ्गत हो तर किन घट्यो भन्ने विश्लेषण नै नगरी त्यसतर्फ होमिनु कदापि बुद्धिमत्तापूर्ण होइन ।

लगानी बोर्डको स्थापनापछि अफ्रिकी देशको डङ्गोटे सिमेन्टले झन्डै ५५ अर्बको लगानी अनुमति प्राप्त गरेको थियो । यो घटनाको ८ वर्ष बितिसक्दासमेत लगानी आउन सकेन । किन भनेर चियो गर्दा त्यस कम्पनीले मकवानपुर भीमफेदीमा खरीद गरेको चुनढुङ्गा खानीमा गुणस्तर नपुगेपछि अर्को खानीका लागि खानी विभागले लामो समयसम्म बोलपत्र नै निकाल्न र गत वर्ष निकालेको बोलपत्रमा डङ्गोटा असफल हुनेगरी मापदण्ड निर्धारण गरिएको थियो । यस्तो गर्नु पछाडिको मूल उद्देश्य उसले नेपाली लगानीकर्तासँग साझेदारी नगरी कम्पनी खोल्न खोजेकोले नेपाली लगानीकर्ताहरूको षड्यन्त्रको शिकार भयो । यस्तो अवस्था रहुन्जेल लगानी सम्मेलनको के औचित्य हुन्छ ? सरकार र लगानी बोर्ड दुवै यस घटनाबारे जानकार छन् तर कसैले सहजीकरण नगरिदिएकोले यो अवसर मात्रै होइन भारतको रिलायन्स कम्पनी ४ वर्ष पहिले ३० अर्ब लगानीको स्वीकृति लिएरपनि नेपाल आएन । यस्ता घटनाहरूले अन्तर्राष्ट्रिय स्तरमा नेपाल लगानीको लागि उपयुक्त देश होइन भन्ने सन्देश जान्छ र लगानी आउन सक्दैन । सम्भवतः त्यसैले होला १४ अर्बको लगानी जुटाउन गरिएको पहिलो सम्मेलनबाट हालसम्म करीब ३ खर्ब १२ अर्ब र ३० खर्ब लगानी जुटाउन गरिएको सम्मेलनबाट विगत ३ वर्षमा ३७ अर्बको लगानीमात्र भित्रिएको छ । हो अहिले सरकारले नेपालमा राजनैतिक स्थिरता छ भनेपनि लगानी सम्मेलनको मुखमा विप्लव समूहमाथि भएको कारबाई, एनसेल कर प्रकरण, सुमार्गी प्रकरणका साथै निजी क्षेत्रपनि विदेशी लगानीमा बाधक रहेको देखिन्छ ।

एकाधिकार राखी आफूले कमाइरहेको क्षेत्रमा वैदेशिक लगानी भित्रिने देखेपछि आफू असुरक्षित हुने भयले विरोध गर्ने र बाधा व्यवधान उत्पन्न गर्ने सोच निजी क्षेत्रमा हावी छ भने सरकारी संयन्त्र पनि त्यसै लहैलहैमा लाग्ने गरेको माथि उल्लिखित घटनाका साथै अन्य थुप्रै उदाहरण भेट्न सकिन्छ । वस्तुतः जबसम्म समग्र राष्ट्रकै सोचमा यस दिशामा परिवर्तन हुँदैन र हामी लगानीको लागि बङ्गलादेश, भूटान, श्रीलङ्काभन्दा राम्रो गन्तव्य हौं भन्ने कुरामा आश्वस्त पार्न सकिँदैन तबसम्म अपेक्षित लगानी भित्रिने सम्भावना बन्दैन । विगतका दुई लगानी सम्मेलन जस्तै एकतिहाई उपलब्धिमूलकसम्म हुन सक्ने अनुमान गर्न सकिन्छ । अर्थात् ३० अर्बको एकतिहाई १० खर्बसम्म त्यो पनि वर्तमान अवस्थामा नियमले मात्रै होइन, नियतले समेत सहयोग गरेमा आउन सक्ने अपेक्षा नै बढी व्यावहारिक होला जस्तो लाग्दछ ।

२०७५ चैत २० गते बुधवार

पानी कि परमाणु ?

नेपालको संसद्मा नुक्लियर बिल पेश गरिएको छ जसमा युरेनियम उत्खनन, प्रशोधनलगायत नुक्लियर चक्रका सबै चरण पूरा गर्ने, आयात र निर्यात गर्ने र नेपाललाई रेडियोधर्मी वस्तुको ट्रान्जिट देश बनाउनेसमेत उल्लेख छ । नेपाल लगानी बोर्डको वेबसाइटमा 'मुस्ताङको माथिल्लो क्षेत्रको १० किमि चौडाइ भएको क्षेत्रमा उच्चस्तरको युरेनियम खानी फेला परेको र यसको सत्यापन International Atomic Energy Agency लेसमेत गरिसकेको छ । नेपालकै परमाणुशास्त्रीहरूका अनुसार नेपालले आउँदो १५-२० वर्षसम्म नुक्लियर रिएक्टर स्थापना, सञ्चालन र रेखदेख गर्न सक्ने क्षमता विकसित गर्न लाग्न सक्छ । तथापि बिलमा यो अवस्था उल्लेख गर्नुको अर्थ युरेनियमको उत्खनन गर्ने मनसाय हुन सक्दछ । तर युरेनियमको उत्खनन कार्य गर्न यसबाट उत्पन्न हुने रेडियोधर्मिताले हाम्रा छिमेकी देशहरू भारत र चीनसँग अन्तरसीमा रेडियोधर्मी प्रदूषणको समस्याको निराकरण कसरी गर्ने सम्बन्धमा कुनै उल्लेख भएको पाइँदैन। परमाणु बिलको उद्देश्य नेपालमा परमाणविक अनुसन्धान केन्द्र खोल्ने उल्लेख भएपनि यसको स्वरूपबारे कतै केही उल्लेख छैन । न त यसको उद्देश्य माथि नै कुनै प्रकाश पारिएको छ । यसले आफ्नो केन्द्र युरेनियम प्रशोधनको लागि केन्द्रित गरेको छ, जबकि मार्च २३ को रिपब्लिकामा प्रकाशित महेश मास्केको Cuase of Uranium शीर्षक लेखमा अब दुनियाँमा योभन्दा सुरक्षित र सस्तो साइक्लोट्रोन उपलब्ध छ, जसबाट रेडियो आइसोटोप उत्पादन गर्न सकिन्छ र परमाणविक अनुसन्धानपनि । अर्को विकल्प विद्युत् उत्पादन हुन सक्छ । वर्तमान सरकारको योजना अनुरूप नै नेपालले केही वर्षमा नै जलविद्युत्मा आधारित सफा विद्युत् निर्यात गर्नसम्म पुग्ने बिजुली उत्पादन गर्न सक्नेछ भने बाँकी एउटा विकल्प युरेनियमको बिक्री गर्न उत्पादन गर्नु हुनेछ । हाम्रो भूराजनैतिक अवस्थाका कारण नेपालको यस्तो कदमले दुवै छिमेकीलाई हामीप्रति सशङ्कित बनाउने वा हामीले कुनै एकको सहयोगबाट यो कार्य गरेमा अर्कोसँग हाम्रो सम्बन्ध बिग्रिने सम्भावना बढ्न जान्छ ।

आफ्नो हातमा भएको विकास बजेट नै दुईतिहाई बहुमतका बावजुद खर्च गर्ने क्षमता जुटाउन असमर्थ सरकारले त्यसैले पारमाणविक नेपालको सपना अहिल्यै देख्नुभन्दा अत्यधिक अप्रत्यक्ष कर तिर्ने र सफा पानीसम्म पहुँच नभएको नेपाली जनताको यो आवश्यकता पूरा गर्नेतर्फ कदम चाल्नु उपयुक्त हुनेछ । डब्लुएचओ/युनिसेफको तथ्याङ्क अनुसार प्राकृतिक प्रकोपबाट विश्वमा बर्सेनि ६३ हजार, द्वन्द्वबाट ७५ हजार मान्छेको मृत्यु हुन्छ भने असुरक्षित पानीको प्रयोगबाट बर्सेनि ७ लाख ८० हजार मान्छेको मृत्यु हुन्छ । यो तथ्याङ्क नै पानी र परमाणु भट्टीमा नेपाललाई कुन नभई नहुने हो भनेर छुट्याउने आधार हुन सक्छ ।

संसारभरि नै विश्व पानी दिवस मनाइएको छ । यस अवसरमा विश्व स्वास्थ्य सङ्गठनको दिल्लीस्थित क्षेत्रीय कार्यालयको विज्ञप्ति अनुसार एनटिडी

(Neglected Tropical Disease) हटाउन स्थानीय स्वास्थ्य अधिकारी र डब्लुएचओको संयुक्त प्रयासबाट २०१६ मा माल्दिभ्स र श्रीलङ्कामा फाइलेरिया र थाइल्यान्डले २०१७ मा सोही रोगबाट मुक्ति पाइसकेको छ भने बङ्गलादेश, भारत र नेपालले यस क्षेत्रमा कालाजार नियन्त्रणमा राम्रो सफलता प्राप्त गरेको उल्लेख छ भने २०१८ मा नेपालले ट्रकोमा रोगको उन्मूलनमा सफलता पाएको उल्लेख गरिसकेको छ । विज्ञप्तिमा यसका साथै के समेत उल्लेख छ भने थप प्रयास जरूरी छ । हालै उपलब्ध तथ्याङ्कहरूले यो क्षेत्र विश्वकै दोस्रो एनटिडी प्रभावित क्षेत्रमा पर्दछ किनभने विकासको अभावमा यस क्षेत्रमा पहुँच नभएको जनताको सङ्ख्या बाक्लो छ । यस्ता समुदायहरू सफा र सुरक्षित पानी एवं सरसफाइको सुविधाबाट वञ्चित छन् । दक्षिण एशियाको लागि यो विज्ञप्ति आशलाग्दो हुन सक्छ तर नेपालकै सन्दर्भमा कुरा गर्ने हो भने भौगोलिक विकटता र राजनैतिक इच्छाशक्ति नभएको कारण विकासमा समयानुकूल फडको मार्न नसकेको नेपालको ग्रामीण र विकट ग्रामीण क्षेत्रको कुरा छाडी, पहुँच भएको र विकसित क्षेत्रमा नै गनिने नेपालको राजधानी काठमाडौंको कुरा गर्दा ३० वर्षमा समेत मेलम्चीको पानी काठमाडौं आउन सकेको छैन । तर उपभोक्तावादी संस्कृतिका कारण राजधानीकै वाटर टेबुल घट्दै गई भास्सिने खतरा बढेको विद्वान्हरूको भनाइ छापाहरूमा बेलाबखत देखिने गरेको छ । काठमाडौंको कति प्रतिशत जनताले डिप बोरिङ गरेर भूमिगत जलको प्रयोग गर्ने हैसियत राख्दछ ?

स्पष्ट छ यो सुविधा धनाढ्य वर्गले मात्र उपभोग गरेका छन् । मध्यम वर्गीय टचाङ्करको पानी किनेर खान बाध्य छन् भने निम्न वर्गीय नेपाल खानेपानीको पानी आउने रूटिन कुरेर पानी थाप्न बाध्य छन् । हाम्रै शहर वीरगंजको कुरा गर्दा यहाँ पानीको समस्या छैन । समथर भूमि भएकोले हातेधाराको पाइप गाडेर मोटर जडान गरेर सजिलै मध्यमवर्गसम्मको परिवारले व्यक्तिगत वा न्यून आय वर्गकाले सामुदायिक हिसाबले पानी पाएका छन् । तर खानेपानीको हिसाबले हेर्दा वीरगंजको छपकैया, इनर्वा, नगवा, रानीघाट, बहुअरीजस्ता महानगरमा गाभिएका गाउँघरमा खानेपानीको पानी पुग्न सकेको छैन र निकट भविष्यमा पुग्ने सम्भावनापनि देखिएको-सुनिएको छैन । तर गर्मीयाममा वीरगंजमा समेत धाराको पानी सुक्ने समस्या बढ्दै गएको छ । चुरेको दोहन र स्थानीय पोखरीको अतिक्रमणका कारण वाटर रिचार्ज हुन नसकी यो समस्या देखिएको हो । यस्तो अवस्थामा सरकार न आफैंले पानी पुऱ्याउन सकिरहेको छ, न भूमिगत जलको प्रयोगलाई करको दायरामा ल्याएर यसबाट उठ्ने राजस्वलाई सफा एवं सुरक्षित पानी उपलब्ध गराउने कुनै योजना ल्याउन सकेको छ । नेपालमा सम्पन्न वर्गले भन्दा मध्यम र निम्न आयवर्गले तिरेको अप्रत्यक्ष करको अंश अत्यधिक बढी भएपनि सुख सुविधा सम्पन्न वर्गलाई नै बढी उपलब्ध गराउने सरकारी नीति सङ्घीय गणतन्त्र र नेपालको संविधानको मौलिक हक विपरीत छ । त्यसैले विश्व स्वास्थ्य सङ्गठनलगायत सबै सरोकारवालाले सरकारलाई यसतर्फ सोच्न बाध्य पार्नुपर्ने बेला आइसकेको छ ।

२०७५ चैत १३ गते बुधवार

शुभकामना

वीरगंज उद्योग वाणिज्य सङ्घको ४३ औं अध्यक्षको रूपमा गत माघ १४ गते युवा व्यवसायी एवं नेपाल जेसीजका कर्मठ सदस्य गोपाल केडियाको शपथ ग्रहण कार्यक्रम सम्पन्न भएको छ । शपथग्रहण कार्यक्रममा आफ्नो कार्यकालको लागि नवनिर्वाचित अध्यक्षबाट चारवटा प्रतिबद्धता व्यक्त भए । उनको पहिलो प्रतिबद्धता डर्टी कार्गो भण्डारण गर्ने, दोस्रोमा सिमरा विमानस्थलको स्तरोन्नति, तेस्रोमा अग्नि नियन्त्रण गर्न रासायनिक वारुणयन्त्रको व्यवस्था र वीरगंज-पथलैया करिडोरमा सिसिटिभी जडान गराउने रहेको थियो। चारवटै प्रतिबद्धता अत्यन्त आवश्यक र सुरक्षाको प्रत्याभूतिसँग सम्बन्धित रहेका छन् । सिमरा विमानस्थलको स्तरोन्नतिको सम्बन्धमा भने थप स्पष्टता आवश्यक थियो। वास्तवमा भैरहवा, पोखरामा अन्तर्राष्ट्रिय स्तरको क्षेत्रीय विमानस्थल निर्माणाधीन अवस्थामा रहेको र विराटनगरको विमानस्थलबारे पनि चर्चा चलिरहँदा सिमरा विमानस्थललाई समेत अन्तर्राष्ट्रिय स्तरको क्षेत्रीय विमानस्थलमा विकास गर्न सकेमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको आवश्यकता नै देखिदैन। प्रस्तावित निजगढ विमानस्थल विश्वमै सबैभन्दा ठूलो मानिएको अमेरिकाको एटलान्टा विमानस्थलभन्दा पनि ठूलो हुने प्रस्तावना गरिएको छ ।

एटलान्टा विमानस्थलले वर्षभरिमा ११० मिलियन पर्यटकलाई सेवा प्रदान गर्दछ भने हाम्रो लक्ष्य २०२० सम्म जम्माजम्मी २० लाख पर्यटक अर्थात् २ मिलियन भित्र्याउने लक्ष्य रहेको छ । यस हिसाबले गणना गर्दा निजगढ विमानस्थल ५० औं वर्षसम्म पनि पूर्ण क्षमतामा सञ्चालन हुन सक्ने अवस्था देखिदैन । तसर्थ गरीब जनताको कमाइ यस्तो परियोजनामा लगाइराख्नुको कुनै अर्थ हुने देखिदैन । यसका साथै वन विनाशका कारण वातावरणीय दुष्प्रभाव र वन्यजन्तुमाथि पर्ने प्रतिकूल असरले यो झन् अनाकर्षक रहेको छ। यस तथ्यलाई वीरगंज उद्योग वाणिज्य सङ्घले महासङ्घसँगको समन्वयमा समेत जोडदार ढङ्गले अगाडि बढाउन सक्नुपर्छ। यसका साथै रसायन प्रयोग गर्ने वारुणयन्त्र पनि राख्न ढिलो भइसकेको छ। ग्याँस, स्प्रिटलगायत ज्वलनशील पदार्थ प्रयोग हुने उद्योगहरूमा आगलागी हुँदा पानी प्रयोग गर्ने वारुणयन्त्र निष्प्रभावी हुन्छ। यस्ता आगोहरूलाई 'क' वर्ग (Class A Fire) मा राखिएको हुन्छ र यसलाई कार्बन डाइआक्साइड ग्याँसको प्रयोग गरेर मात्र नियन्त्रण गर्न सकिन्छ। त्यसैले यो प्रतिबद्धताका लागि अध्यक्ष गोपाल केडियालाई धन्यवाद दिनैपर्दछ ।

यही कार्यक्रममा महासङ्घका उपाध्यक्ष किशोर प्रधानले भारतको गुजरातमा ३ मिनेटमा अनलाइन उद्योग दर्ता हुने र १ मिनेटमा बैंक कर्जा स्वीकृत हुने अनुभव सुनाउँदै व्यापारी उद्योगीलाई नेपाली समाजले सद्भाव र सम्मान दिने परिपाटी नबसालेसम्म यो क्षेत्रले प्रगति गर्न नसक्ने विचार व्यक्त गरेका थिए, भने प्रथम

उपाध्यक्ष शेखर गोल्छाले नेपालको औद्योगिक व्यावसायिक वातावरणको सम्बन्धमा केही सारगर्भित कुरा राखेका थिए । उनले उत्पादकत्व नभई नाफा नहुने र नेपालमा उत्पादकत्व बढाउन (१) Cost of doeing Business उच्च भएको (२) यातायात खर्च अत्यन्त महँगो भएको (३) बैंकहरूले भद्र सहमतिको नाउँमा ब्याजदर उच्च राखेको (४) पूर्वाधारको अभाव भएको र (५) लोडसेडिङ घटेपनि विद्युत् आपूर्ति गुणस्तरीय नभएकोले नेपालमा उद्योगहरू फस्टाउन नसकेको र त्यसै कारणले व्यापारीहरू उद्योगधन्दाभन्दा व्यवसायमुखी हुन थालेको प्रसङ्ग प्रस्तुत गरेका थिए ।

सरकारबाट हुने अनुगमनहरूको चर्चा गर्दै उनले नेपालमा अनुगमन तीन प्रकारको हुने गरेको प्रसङ्ग कोट्याउँदै पहिलो अनुगमन राजनैतिक प्रकृतिको हुने गरेको जसमा सरकार वा यसका संयन्त्रहरू आफू जनता नजीक भएको अनुभूति दिलाउन गरिने, दोस्रो अनुगमन लेनदेनको लागि गरिने सवालको भएको र तेस्रो साँच्चीकै corrective अर्थात् सच्याउने प्रकृतिको हुने गरेकोमा व्यापारी उद्योगीहरूले तेस्रो खाले अनुगमनको सधैं स्वागत गर्ने तर पहिलो र दोस्रो खालको अनुगमनले लगानीको वातावरण बन्न नसक्ने किटान गरेका थिए । उनको मन्तव्यमा Cost of Bussiness र ब्याजदरमा त सरकारले तत्कालै सम्बोधन गर्न सक्ने देखिन्छ । बैंकहरूले गर्ने ब्याजदर निर्धारणको भद्र सहमति वास्तवमा व्यापारशास्त्रको हिसाबले कार्टेलिङ हो ।

खुला बजार अर्थनीति अवलम्बन गरेको देशमा यो खुला प्रतिस्पर्धा अर्थात् बजारको अवस्थाबाट निर्धारित हुनुपर्ने हो तर वास्तविकता के छ भने बैंकहरूको पहुँच अहिले पनि ३० प्रतिशतभन्दा बढी जनतामा पुग्न सकेको छैन । जसका कारण नाफा कमाउने तीव्र प्रतिस्पर्धामा बाँच र बाँच्न देउको सिद्धान्त अवलम्बन गरेर बैंकहरू ब्याजदरमा कार्टेलिङ गर्छन् र सरकार मूकदर्शक भएर बसेको छ । Cost of Business घटाउन जतिसुकै One window पोलिसी पास गरिएपनि वैदेशिक लगानीहरू वस्तुतः कहाँबाट कसरी आयो भन्ने कुरा स्वीस बैंकको खातामा जम्मा रहेको र भर्जिन आइल्यान्डबाट आएको रकमसम्बन्धी समाचारबाट खुलासा भइसकेकै छ । वरिष्ठ उपाध्यक्ष गोल्छाले अन्त्यमा भने नेपालमा व्यवसायीहरूले तिर्ने प्रत्यक्ष कर दक्षिण एशियामैं सबैभन्दा उच्च रहेको भन्दा मलाई भने नेपालमा अहिले पनि कुल राजस्वको ७० प्रतिशत अप्रत्यक्ष करबाट र ३० प्रतिशत मात्रै प्रत्यक्षकरबाट उठ्ने तथ्याङ्क सम्झनामा आइरहेको थियो । आयातित कच्चा पदार्थ तथा तयारी वस्तु व्यावसायिक प्रयोजनकै लागि आउने र आउने परिणाममा नै राजस्व उठाइने हुँदा अनुपातमा सन्तुलन हुनुपर्ने हो जस्तो लाग्छ ।

अन्त्यमा प्रदेश नं. २ का मुख्यमन्त्रीले आफ्नो भोगाइ एवं पीडा आक्रोशको रूपमा व्यक्त गर्दै आजको अवस्थामा वर्तमान संविधानको विरोध गर्ने हामीहरू यस्तो सङ्घीय स्वरूपलाई, आफ्नो विरोधको बावजूद सफलतापूर्वक कार्यान्वयन गर्न लागिपरेका छौं भने संविधान जारी भएको दिन दीपावली मनाउनेहरू भने यसको कार्यान्वयन विरोधी हुन पुगेकाले जति नियम बनाएपनि नियत सफा नभएसम्म देशको विकास सम्भव

नभएको दाबी गरेका थिए ।

प्रायः सबै वक्ताले शुभकामना र सफलताको मन्तव्य दिइराख्दा मलाई भने वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्षहरू हीरालाल केडिया र बाबुलाल चाचानको उपस्थिति र उनीहरू तथा पुरानो पुस्ताको अध्यक्षलगायत कार्यसमिति सदस्यहरूको बेला वीरगंज उद्योग वाणिज्य सङ्घले निर्वाह गरेको सामाजिक उत्तरदायित्व निर्वाह गर्ने सोच नयाँ पुस्तामा आउन नसकेको अनुभूति भइरहेको थियो । किनभने ऐश्वर्य प्रसूतिगृह र शङ्कराचार्यद्वारजस्तो निर्माण कार्य गराएर सामाजिक क्षेत्रमा समेत अग्रणी स्थान लिएको यस सङ्घले आफ्नो प्रतबिद्धतामा यस क्षेत्रलाई समेत सामेल गर्न सके सुनमा सुगन्ध हुने थियोजस्तो लागिरहेको छ । नवनिर्वाचित अध्यक्षको कार्यकालको सफलताको शुभकामनाका साथ यस क्षेत्रमा समेत ध्यान पुगोस् भन्ने आग्रह छ ।

२०७५ माघ २३ गते बुधवार

वीरगंजमा ट्राफिक आइल्यान्ड

वीरगंजको घण्टाघर चोकमा जगदम्बा स्टिलको सौजन्यबाट ट्राफिक प्रहरी भाइ बस्ने एउटा ओडार ठड्याइएको छ जहाँबाट उनीहरू घाम र पानीमा समेत बस्न सक्छन् । यसलाई स्थानीय छापाहरूमा ट्राफिक आइल्यान्ड भनेर नामाकरण गरिएको देखेपछि यसबारे बुझ्न मन लाग्यो । ट्राफिक प्रहरी भनेको त वाहनहरूको आवतजावत र गति नियन्त्रण गर्ने भाइहरू हुन् भनेर थाहा थियो त्यस्तै आइल्यान्ड भनेको समुद्रबाट चारैतिरबाट घेरिएको टापू हो भन्ने पनि थाहा भएको आधारमा ट्राफिक आइलयान्डको अर्थ चारैतिरबाट ट्राफिक को आवतजावत नियन्त्रण गर्ने स्थान हो भनेर ट्राफिक आइल्यान्ड हेर्न पुगें । वास्तवमा बडो सुन्दर सौर्य ऊर्जाचालित आइल्यान्ड रहेछ तर आइल्यान्डमा ट्राफिक भाइ देखिएनन् । उनी नदेखिएपछि बत्तीबाट स्वनियन्त्रण गर्ने खालको पो हो कि भनेर एउटा कुनामा उभिएर हेरें तर त्यस्तो केही देखिएन । घण्टाघर चोकमा पाँचवटा सडकको क्रसिङ छ र ट्राफिक लाइट छैन । यस्तो अवस्थामा आइल्यान्डमा कमसेकम Stop-see-go सङ्केत गर्ने पहेंलो बत्ती पनि नदेखिएपछि मन खिन्न भयो । चारैतिर वाहनहरूको बीच एक्लिएको वीरगंजको ट्राफिक आइल्यान्डले मलाई वीरगंजमा मात्रै किन यस्तो हुन्छ भनेर सोच्न बाध्य पारेपछि यस शहरको विविध पक्षबारे सोच्न थालें ।

सोच्दै जाँदा सबभन्दा पहिले शिक्षा क्षेत्रकै सम्झना भयो । प्रशस्त सरकारी र गैरसरकारी स्कूल भएको यस शहरमा पहिले-पहिले एसएलसीको बोर्डमा वर्षैपिच्छे स्थान पाउने विद्यार्थीहरू हुन्थे रे । तर अहिले बोर्ड छैन तर हुने गरेको कक्षा १० को परीक्षामा उत्कृष्टता पाएर १-१० सम्म स्थान प्राप्त गर्नेमा हाम्रो शहरको नाम पाइँदैन । उच्च शिक्षातर्फ तराईकै पहिलो कलेजको रूपमा दरिएको ठाकुर राम कलेज २०२५ सालदेखि आजसम्म पुरानै भौतिक पूर्वाधारबाट आजको विद्यार्थीको सङ्ख्याको चाप थेग्दैछ । यहाँ राजनीतिशास्त्र, इतिहास, ग्रामीण विकास, समाजशास्त्र तथा व्यापार शास्त्रतर्फ स्नातकोत्तर तहको अध्यापन हुँदै गरेको भएपनि न यो केन्द्रीय क्याम्पस हुन सकेको छ, न विश्वविद्यालयको स्वरूप नै ग्रहण गर्न सकेको छ । जसले स्थानीय युवालाई रोजगारोन्मुख शिक्षा प्रदान गर्न सकोस् । यस अर्थमा समयको विकासक्रम र माग जे भएपनि यो कलेज पनि ट्राफिक आइल्यान्डजस्तै शिक्षाको अझ भनौं उच्च शिक्षाको आइल्यान्डकै रूपमा रहेको मान्नुपर्ने हुन्छ ।

दोस्रो कुरा गरौं स्वास्थ्य क्षेत्रको । राजधानीको वीर अस्पतालकै जुम्ल्याहा वीरगंजको पृथ्वीवीर अस्पताल, वीर अस्पताल NAMS भइसक्दासमेत २०० शय्याको उपक्षेत्रीय अस्पतालमा सीमित छ । जटिल रोगहरूको उपचार भएको यदाकदा सुनिएपनि

अस्पतालको अधिकांश समय सामान्य उपचारमै व्यतीत भएको देखिन्छ । स्थापनाको १२९ वर्षपछि दाताले निर्माण गरिदिएको भवनबाहेक सरकारको वार्षिक अनुदानबाहेक उपेक्षाको शिकार बनेको वीरगंजको अस्पताल भौतिक पूर्वाधार र जटिल रोगको उपचारमा आफूलाई असमर्थ पाउँदै स्वास्थ्य क्षेत्रमा बिरामी आउने र रेफर भएर अन्यत्र जानुपर्ने बाध्यताले आइल्यान्डसरह नै भएको महसूस गरेको छु ।

यसपछि ध्यान गयो यहाँको व्यापार व्यवसायतर्फ । उद्योगपति र उद्योग वाणिज्य सङ्घले जतिसुकै आर्थिक नगरी र आर्थिक करिडोर कराएपनि नेपाल सरकारको औद्योगिक गणना २०७५ को आधारमा प्रदेश नं. २ को कुल लगानी कर्णाली प्रदेशभन्दा घटी भएकोले नाक फुलाउने ठाउँ यहाँपनि भेटिएन । औद्योगिक करिडोरको भविष्य यस क्षेत्रमा हिंड्ने मालवाहक गाडीहरूले ३० टनभन्दा बढी भार बोक्न नपाउने र अन्य नाकाहरूमा भने ६० टन बोक्न पाउने सरकारी व्यवस्थाले किन वीरगंज-पथलैया ६ लेन सडकको यो हविगत छ भन्ने कुरा स्पष्ट पारेकै छ । वीरगंजका उद्योगी, व्यापारीले सबैभन्दा बढी राजस्व वीरगंज भन्सारबाट हुने भनी सरकारलाई घुर्की लगाइराख्दा यसको पनि ठोस जवाफ सरकारले वीरगंजलाई दिएकै छ ।

चोभारमा निर्माणाधीन सुक्खा बन्दरगाह बनेपछि नेपालमा आयात हुने कुल वस्तुमध्ये ५०-६० प्रतिशतको बजार काठमाडौं नै भएकोले कलकत्ताबाट हिंडेको कन्टेनर काठमाडौंमै भन्सार जाँचको लागि खोलिने, व्यवस्थाबाट वीरगंज भन्सारको राजस्वको साख झर्ने पनि निश्चित छ । यसैगरी अहिले वीरगंज भन्सारले पेट्रोलियम पदार्थबाट प्राप्त गरेको राजस्वपनि अब पाइपलाइन परियोजना पूरा भएपछि अमलेखगंजमै असुल उपर हुने व्यवस्था स्वाभाविक नै भएकोले वीरगंजको राजस्व असुलीको साख पनि रहने देखिंदैन । सबै मालवाहक गाडीहरू वीरगंजबाट नै गएपनि वीरगंज भन्सारको भविष्यपनि वीरगंजको ट्राफिक आइल्यान्डजस्तो नै हुने देखेको छु ।

सामाजिक क्षेत्रतर्फ हेर्दा पनि भएकै एउटा समाज कल्याण केन्द्र बन्द गर्ने निर्णयले २४ प्रतिशत गरीब रहेको प्रदेश नं. २ को वीरगंजमा निस्सहाय कोही छैन भन्ने भान सरकारलाई परेको छ । निजी क्षेत्रले यस परिप्रेक्ष्यमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको भएपनि सरकारी सहयोग शून्य हुनु आफैंमा आश्चर्यजनक छ ।

त्यस्तै खेलकुद क्षेत्रलाई लिऔं । पुरानो वीरगंजमा महेन्द्र गोल्डकपको खेल प्रतियोगिता वीरगंजको ब्यारेक मैदानमा हुने गरेको थियो भने आधुनिक नारायणी रङ्गशालाको निर्माणपछि शहीद तेजबहादुर अमात्य गोल्डकपले फूटबल खेललाई धानेको थियो । अहिले पनि कुनै न कुनै रूपमा फूटबल र क्रिकेट जीवित छ तर उचाइमा पुग्न सकेको पाइँदैन । वीरगंजमा एउटा त्रिभुवन क्लब थियो, जसको जग्गा कसले कता खायो थाहा भएन, तर त्यहाँ एउटा खुला तर पक्की बैडमिन्टन कोर्ट थियो र छेउमा घाँसे मैदानमै भलिबल पनि खेलिन्थ्यो । त्यतिबेला भलिबल र बैडमिन्टनमा वीरगंजका खेलाडीहरूले राष्ट्रिय प्रतिस्पर्धामा समेत भाग लिन्थे तर दुर्भाग्य वीरगंजमा आजसम्म एउटा स्तरीय

कभर्ड हल बन्न सकेन र यी खेलहरू हराउँदै गए । एथलेटिक्सको त नामै सुन्न छोडिएको छ । राष्ट्रिय प्रतियोगिताहरूमा वीरगंजको कतै नाम देखिदैन । प्रादेशिक रङ्गशालाको विवादकै टुङ्गो लागिसकेको छैन । यस्तो अवस्थामा वीरगंज खेलकूदको दृष्टिकोणबाट पनि आइल्यान्ड नै बन्न थालेको लाग्दछ । यसरी राष्ट्रिय मूलधारबाट कटेर बाँच्न थालेको वीरगंजको युवा पुस्ताको सोचबारे एउटा मसँगै भएको रोचक घटना प्रस्तुत गर्नु सामयिक होला । ठाकुर राम कलेजमा पढाउँदै गर्दा आफ्नो पिरियड सकेपछि बाहिर निस्कन लाग्दा एकजना छात्राले यो कुन ठाउँ हो भनी सोधिन् । मैले यो वीरगंज वडा नं. १३ आदर्शनगर हो भनी बताएँ र लगत्तै सोधें पनि– नानी तिम्रो घर कहाँ हो ? उनले क्याम्पस अगाडिको एउटा घरतिर औं ठड्याउँदै–उ त्यो हो मेरो घर भनिने । कस्तो उदेक ! आदर्शनगरमा बस्ने एउटी क्याम्पस पढ्ने छात्रालाई आफ्नै शहरबारे केही जानकारी रहेनछ । के वीरगंजको सामाजिक जीवन पनि ट्राफिक प्रहरीको आइल्यान्डजस्तो बन्दै गइरहेको त छैन ?

२०७५ माघ १५ गते मङ्गलवार

श्वेत पत्रः नाउक्षे अस्पताल हाम्रो

अनुभव-१

बितेको साउन १२ गतेभन्दा १२९ वर्ष पहिले काठमाडौंको वीर अस्पताल र वीरगंजको पृथ्वी वीर अस्पताल तत्कालीन राजा पृथ्वी विक्रम शाहको एउटै सनदबाट स्थापना भएको हो । त्यति पुरानो अस्पताल कहाँ र के गरी सञ्चालन हुन्थ्यो थाहा छैन । तर पुरानो स्मृति केलाउँदा २०२०-२०२२ सालसम्म नारायणी अस्पतालको हालको प्रयोगशाला रहेको ठाउँमा एउटा ३ कोठे भवन, जसको बीचको ठूलो हल एक्सरेको लागि र दक्षिणातर्फको कोठाको उपयोग स्मरण भएन, तर उत्तरतर्फको कोठामा डाक्टर साब बस्ने गरेको सम्झना छ । त्यसमा बस्ने बङ्गाली डाक्टर साबहरूले, म टाइफाइडको उपचार गराउन बाजेसित जादाँ, माँगुर माछेर झोल भात ख्वाबे भनेको चैं अझै स्मरण छ । २०२२ सालमा महेन्द्र आरोग्य भवन जनसहयोगबाट बनेपछि ५० शय्यामा रूपान्तरित यस अस्पताल भवनको निमार्णमा 'साइला राजा' तत्कालीन साहेबज्यूको योगदान सम्झनै पर्ने हुन्छ । २०२६-२७ सालतिर एकाएक मेरो सम्पर्क अस्पतालसँग बढ्न गयो । पहिलो त कलेजमा पढने भएकोले परिचितहरूलाई उपचारको लागि ल्याउने क्रम बढेर, दोस्रो त्यसताका अस्पतालमा बालरोग विशेषज्ञ वीरगज, छपकैया निवासी डा. महम्मद अमिन थिए भने सर्जन डा. ए.हई खान वीरगंज आएका थिए । उनी कृष्णानगर निवासी थिए र उनका पिता मेरा पिताजीका परिचित भएकोले हामीबीच राम्रो परिचय थियो । चेन-स्मोकर डा खान आउँदा मेडिकल सुपरिन्टेन्डेन्ट डा. पीताम्बर झा थिए । उनीभन्दा पहिले सम्भवतः डा. इन्द्रबहादुर खत्री मे.सु थिए ।

त्यस्तै २०२७-२८ साल पछि फिजिसियन डा. डम्बरबहादुर कार्की, सर्जन डा. विश्वराज दली, गाइनो डा सानुमैया दली कार्यरत रहेको स्मरण छ । यो अवधि अस्पतालको स्वर्णकाल थियो । २०४२ सालमा ऐश्वर्य प्रसूति गेहको निर्माण वीरगंज उद्योग वाणिज्य सङ्घको अगुवाइमा भएपछि महेन्द्र आरोग्य भवन अपहेलित हुन पुग्यो र यसको हेरचाह, मरम्मत-सम्भारमा चासो दिनुको सट्टा प्रसूतिगृहलाई नै सम्पूर्ण अस्पताल बनाइयो । यसले गर्दा समयमा प्रसूतहरू आवश्यक उपचार पाउन वञ्चित हुन थाले र यो परम्परा अझै जीवित छ । पछि सर्जरी र मेडिकलको चाप बढ्न थालेपछि नगर प्रमुख स्व माधवदास श्रेष्ठको कार्यकाल र अस्पतालका तत्कालीन चिकित्सक डा. काशीकान्त झाको सक्रियतामा एउटा तल्ला थप गरी मेडिकल वार्ड सञ्चालन भयो । महेन्द्र आरोग्य भवन बनेको ५३ वर्ष र प्रसूति गृह बनेको ३३ वर्षसम्म अस्पतालमा दाताहरूबाट इएम इमरजेन्सी, बर्नवार्ड , पेडियाट्रिक वार्ड निर्माण भयो र सेवा चल्दैछ तर न सरकार, न वीरगंजका राजनैतिक अगुवा, न नागरिक समाजमा अस्पतालको विस्तार गर्नुपर्छ भन्ने सोच पलायो । यो अस्पताल पृथ्वी वीरबाट अञ्चल अस्पताल हुँदै उपक्षेत्रीयसम्म आइपुग्दा यसलाई २०० शय्याको मात्र स्वीकृति प्राप्त छ, तर यसले ३०० शय्या धानेको छ । प्रथम श्रेणीको १६ चिकित्सकको दरबन्दीमा एकजना मात्र

कार्यरत छन् भने अस्पतालमा उपचारको मेरुदण्ड ठानिने नर्सहरूको दरबन्दी स्वीकृत ४५ -४६ भए पनी ११-१२ जना मात्र कार्यरत छन् ।

यस्तो विषम परिस्थितिमा २०७३ साल फागुन ९ गते मैले विकास समितिको अध्यक्ष र सुशील खेतान तथा कृष्णा चौधरी सदस्य पदमा नियुक्त भयौं । नियुक्तिपश्चात् अस्पतालको आर्थिक पक्षको अध्ययन थालियो । यस क्रममा सरकारले वार्षिक अनुदान ५.८५ करोड दिंदै आएकोमा सोलाई घटाएर ४.८५ गऱ्यो, जसमा झन्डै ३.७५ करोड सरकार तर्फको कर्मचारीको तलब भत्तामा खर्च हुने गरेको र विकास समितिको मासिक सरदर आम्दानी ३६ लाख र खर्च ४३ लाख जति भएको पाएपछि सबैभन्दा पहिले भरतपुर र पोखरा अस्पतालको शुल्क र नाउक्षे अस्पतालको सेवा शुल्कको अध्ययन गर्दा विगत ७-८ वर्षदेखि यहाँ कुनै शुल्क वृद्धि नगरिएकोले शुल्क वृद्धि गर्ने प्रस्ताव गरियो जुन करीब एक वर्षपछि लागू भयो र आज अस्पतालको विकास समितितर्फको औसत आम्दानी ६० लाख प्रतिमहीना पुगेको छ ।

नियुक्त भएकै दिन २०७४ फागुन ९ गते बेलुकी अस्पतालको अवस्था हेर्न सर्वप्रथम गाइनो विभागमा पुग्दा सम्पूर्ण विभाग तीनजना नर्सको सहारामा रहेको पाएँ । ड्युटीमा डाक्टर किन बस्दैनन् भन्ने प्रश्नको उत्तरमा ड्युटी रूममा शौचालय नभएको जवाफ पाएपछि शौचालय भएको कोठामा ड्युटी रूम किन नबनाएको भनेर सोध्दा शौचालय जाम भएको जानकारी प्राप्त भयो । गाइनो, मेडिकल तथा सर्जिकल तीनवटै वार्डको शोचालयमा EXHAUST fan समेत थिएन । भोलिपल्ट सफाइ इन्चार्ज रामकिशोरसँग बुझ्दा एउटा डरलाग्दो तथ्य उजागर भयो । २०४२ सालमा निमार्ण भएपछि सेफ्टी टयाङ्कहरू २०७४ सालसम्म सफा भएको छैन र सफाइ गरेर जाम खुलाउनुको सट्टा ड्रेन पाइप फुटाएर मलमूत्र नालीमा बगाइँदो रहेछ । पछि नगरपालिकाको सहयोगमा टचाङ्कीलगायत नालीको सफाइ गराइयो । अस्पताल अवलोकनको क्रममा एक दिन मेसु डा चितरञ्जन साह, प्रजिअ, तथा म N.I.CU र बालरोग विभागको अवलोकन गर्न पुग्यौं । NICUमा आमाहरूको प्रतीक्षा कक्षको छतमाथि चारैतिरबाट घामपानी केही रोक्न नसक्ने गरी बनाइएको टिनको छाना थियो र NICU मा Ventilator मेशीन भएपनि रु ६० लाख पर्ने Oxygen plant नभएकोले जडान नगरेको आश्चर्यजनक जानकारी प्राप्त भएपछि हप्ताभित्र Oxygen cylinder बाटै लाइन जडान गरी N..I.CU र भेन्टिलेटर सञ्चालनमा ल्याइयो । यसबाट धेरै बच्चा र नवजात शिशुहरूको ज्यान जोगाउन अस्पताल सफल भएको छ । बालरोग विभागको हाल सबैभन्दा माथिल्लो तल्लामा भएकोले गर्मीले बेहाल थियो । तत्काल समितिबाट NICU र बालरोग विभागमाथि टिनको छाना हाल्ने कार्य सम्पन्न गराइयो भने उपलब्ध बजेटबाट आमाहरूको लागि Retrofitting प्रविधि प्रयोग गरी प्रतीक्षालय तथा प्याथोलोजी प्रयोगशालाबाट कल्चर सेवा शुरू गर्न कोठा निर्माण गराइयो । प्याथोलोजी सेवालाई थप सुदृढ बनाउन CLIA मेशीन खरीद गरी त्यसबाट थाइराइड, क्यालशियम , भिटामिन डी , टर्च टेस्ट जस्ता अत्याधुनिक सेवा विस्तार गरियो ।

म कार्यरत रहँदा सबैभन्दा बढी फोन डायलिसिस सेवामा पालो मिलाइदिन आउने गर्दथ्यो । यसको अध्ययन गर्दा अस्पतालसँग पाँचवटा डाइलोगीस मेशीन रहेको तर

स्थान नभएकोले ICU को ६ वटा बेडमध्ये दुईवटा बेड प्रयोग गरी चारजनाको दैनिक डायलिसिस हुँदै आएकोमा ठाउँ व्यवस्थापन गरी तीनवटा मेशिन सञ्चलान गरेर छजनाको उपचार थालियो भने तीनवटा मेशिन तीन शिफ्टमा सञ्चालन गरी दैनिक ९ जनाले यो सेवा प्राप्त गरिरहेका छन् तर स्थानाभावले थप दुई मेशिन सञ्चालन हुन सकेको छैन ।

अब हाम्रो ध्यान केन्द्रित भयो सेवा विविधीकरणतर्फ । यस अनुसार समितिबाट अस्पतालमा मेडिकल, छाती, हृदयरोग, मधुमेह, आँखा र कानको विभागका साथै जोर्नी फेर्ने विभागसमेत खडा गर्ने निर्णय भयो । यसमध्ये मेडिकल विभाग थियो नै, आँखा विभागलाई स्थानाभावले स्थगित गर्ने निर्णय भयो । चिकित्सकको अभावमा बन्द रहेको अत्याधुनिक उपकरणले लैस कान विभाग सञ्चालन गरियो । गैस्टोलोजी, कार्डियोलोजी विभाग पनि बेग्लै सञ्चालन हुन थाल्यो तर छाती र मधुमेह रोग विभाग आन्तरिक राजनीति र असहयोगले सञ्चालन हुन सकेन । जोर्नी फेर्ने विभागपनि हड्डी विभागको राजनीतिको शिकार बन्यो । कार्डियोलोजी विभागमा जगदम्बा स्टिल्सको सहयोगमा ECHO मेशीन जडान भइसकेको छ । त्यस्तै रेडियोलोजी विभागमा दुईवटा भिडियो एक्सरे मेशिनबाट सेवा सञ्चालन भइरहेको छ भने एक्सरेतर्फ डिजिटल एक्सरे सेवाका साथै ठूलो एक्सरे मेशीन समेत सञ्चालनमा ल्याइएकोले रोगीहरूलाई ठूलो राहत पुगेको छ । अस्पतालमा डेन्टल एक्सरे मेशिन भएपनि स्थानाभावको कारण सञ्चालन गर्न सकिएन ।

गर्भवती महिलाहरूलाई प्रसूति गृहबाट आरोग्य भवन आएर भिडियो एक्सरे गराउनुपर्ने कष्टसाध्य अवस्था हटाउन ओपिडी भवनमा एक थान भिडियो एक्सरे जडान गर्ने र इमरजेन्सी भवनमा रहेको एक्सरे सञ्चालनमा ल्याउने समितिको तयारी प्रशासनिक असहयोगले पूरा हुन सकेन । अस्पतालको आन्तरिक विभागका रोगीहरूको सुविधालाई ध्यानमा राखी पोर्टेबल एक्सरे मेशिनको मरम्मत गरी चालू अवस्थामा ल्याइयो ।

२०७५ माघ ०८ गते मङ्गलवार

नाउक्षे अस्पताल हाम्रो अनुभव–२

नाउक्षे अस्पतालको बहिरङ्ग सेवा विभागमा दैनिक ८००–१००० मानिस उपचार गराउन आउने र त्यो अनियन्त्रित भीडलाई व्यवस्थित गर्न महानगर प्रमुख एवं बोर्ड सदस्य विजय सरावगीको पहलमा महेन्द्र आरोग्य भवन तथा प्रसूति गृहतर्फ NIMBUS समूह को सहयोगमा Queing M/C जडान गरिएको छ । र प्रसूति गृहको सबै तलामा स्वच्छ र चीसो पानीको मेशिन जडान भएको छ ।

अस्पतालको लागि सबैभन्दा महत्त्वपूर्ण योगदान पूर्व सांसद विचारी यादवले रु २४ लाख मा २०० केभीको अटो चेन्जरसहितको जनरेटर सहयोग गरेका थिए । अर्को महत्त्वपूर्ण उपलब्धि अस्पतालको आफ्नै फार्मेसी सञ्चालन एवं अस्पताल भवनमा सञ्चालित निजी औषधी पसलहरू बन्द गराउनु हो । समग्रमा हामीले गर्न नसकेका कार्यहरूको कारण केलाउँदा केन्द्रीकृत अधिकार एवं भ्रष्ट मानसिकता हो भन्ने लाग्छ ।

अहिलेसम्म कुरा भयो विकास समितिले गरेको र नगरेको कामहरूको सम्बन्धमा । अब प्रवेश गरौ अस्पतालको आन्तरिक स्थितितर्फ । अस्पतालमा लोक सेवा उत्तीर्ण गरेर आउने नर्सको अभावमा यो क्षेत्र अस्पताल प्रशासनको दुहुनो गाई बनेको छ । मेसुपिच्छे १०–२० जना नर्स भर्ना गर्ने परिपाटी छ । मेसुहरू सरुवा भएर जाँदा गुपचुप ज्यालामा १०–२० जना भर्ना गरी हाल्दारहेछन् । नाउक्षे अस्पतालको २०७३–०७४ को बजेटमा सेवा तथा परामर्श खर्च रु ६५ लाख देखेपछि हामीले के के थप सेवा र परामर्श रोगीलाई दिइयो भनेर खोतल्दा यो जम्मै रकमबाट दरबन्दीबाहेक डोर र ज्यालामा भर्ना भएका मान्छेहरूलाई तलब खुवाउने परम्परा रहेछ । आश्चर्य लाग्छ प्रत्येक वर्ष अस्पतालको लेखा परीक्षण हुन्छ तर यसतर्फ कसैको ध्यान जाँदैन । डोर हाजीरी र दैनिक ज्यालादारी मा यसरी भर्ना भएकाहरूबाट स्तरीय सेवा नभइरहेको थाहा पाएपछि यस्ता सबै कर्मचारी र अन्य योग्यता पुगेका उम्मेदवारले भाग लिन पाउनेगरी खुला प्रतियोगिताबाट छनोट गरी नियुक्ति दिने कुरा उठाउँदा अस्पतालमा हल्लाखल्ला भयो र मन्त्रालयले मान्दैन भन्ने निहुमा समय बिताइयो ।

अस्पतालको गाइनो वार्डमा छजना डाक्टर कार्यरत छन् । तीमध्ये एकजना नेपाल सरकारको दरबन्दीमा रही ९ तहमा वढुवा भएका छन् भने अन्य सबै डाक्टर साहेबहरू १०–१५ वर्ष विकास समितिको दरबन्दीमा मेडिकल अधिकृतको पदमा कार्यरत छन् । श्रम र दक्षता शोषणको यो अप्रतीम उदाहरण हो । डाक्टर साहबहरू भने निजी क्लिनिकको बोर्डमा वरिष्ठ कन्सलटेन्ट लेख्ने गर्छन् । गाइनोलगायत मेडिसिन र सर्जरीका चिकित्सकहरूलाई विकास समितिको नियमावली अनुसार तह ९ को विशेषज्ञ पदमा ६ महीनाको करारमा नियुक्ति दिने प्रावधानको प्रयोग गरेर यो समस्याको समाधान गर्ने प्रयास तथा ३ र ४ तहमा २०६४ सालदेखि हालसम्म एउटै तहमा कार्यरत पारामेडिकलहरूको हकमा समेत बढुवा कारबाई अगाडि बढाउन समितिको बैठक बोलाउन मे.सु. लाई बारम्बार मौखिक एवं लिखित ताकेदा गराउँदासमेत उनले

बैठक बोलाएनन् । समितिको बैठकको सम्बन्धमा विकास समिति नियमावलीले मे.सु. ले वर्षको कम्तीमा छपल्ट बैठक बोलाउने वा अध्यक्षले बैठक बोलाउन चाहेमा तुरुन्त बोलाउने व्यवस्था भएपनि नबोलाउँदा के गर्ने भन्ने व्यवस्था नभएकोले अस्पताल विकास समिति नियमावली र अहिलेको प्रदेश सरकारको अधिकार एकैनासको देखिन्छ ।

गाइनो वार्डमा ६९ बेड छ र छजना चिकित्सक छन् भने मेडिकल वार्डको ४४ बेडमा १४ जना । नेपाल सरकारले मेडिकल अधिकृतको तह ८ मा नियुक्त भएर आएका यस्ता चिकित्सक सबै स्नात्तकोतर भएकाले O.P.D. मा मात्रै बस्ने call मा नआउने र Night Duty नगर्ने बानी बसेको छ । प्रशासन यसलाई निरीह भएर हरेर बसेको छ । सर्जरी विभागमा एउटा युनिटमा दुईजना कन्सलेन्ट छन् । हप्तामा एक दिन दुवैले मिलेर १–२ अप्रेशन गर्छन् । प्रशासन लाचार र चिकित्सकहरू लापरवाह हुँदा तल्ला स्टाफ रोगीहरूलाई निजी क्लिनिक, प्याथल्याब र एक्सरेका लागि रोगीलाई पठाएर मनग्गे आम्दानी गर्दा रहेछन् । नाउक्षेको एउटा गार्डको स्टीङ्ग अपरेशन गराउँदा उसका साथै अस्पतालको गेट अगाडि ठेला लगाउनेहरूसमेत यस्तो कार्यमा संलग्न भएको पाइएपछि यस तर्फ केही हदसम्म कडाई सम्भव भयो तर निमूर्ल भने हुन सकेन । फिजियोथेरापी विभागको एउटा दरबन्दीमा पाँचजना कार्यरत छन् तर यस विभागको आम्दानी शून्यप्रायः छ किनभने यहाँ आउने अधिकांशलाई आआफ्नो निजी क्लिनिकमा पठाउने परम्परा नै बसिसकेको छ ।

त्यस्तै रेडियोलोजी विभागमा एकजना मात्र रेडियोग्राफर छन् । उनी २४ घण्टा ३६५ दिन ड्युटी गर्छन् । यस्तो कसरी सम्भव छ भनी बुझ्दा उनले आफ्नो ओटीबाट अन्य स्टाफलाई खटाउँछन् । रेडियालोजीजस्तो संवेदनशील विभागमा र त्योपनि सरकारी अस्पतालमा यस्तो लापरवाहीले मेशीन बिग्रने र रोगीको स्वास्थ्यमा समेत प्रतिकूल प्रभाव पर्दापनि यो परम्परा निर्वाध चलिरहेको छ । यसैले अस्पतालको इमरजेन्सी विभागको एक्सरे सञ्चालन हुन सकेको छैन ।

समितिको पद धारक रहँदा एक दिन आफ्नो मोटरसाइकलमा प्रसूतिगृह पुगे। पार्किङमा मोटरसाइकलसँगै हेलमेट राख्न खोज्दा उनले ठेक्का मोटरसाइकलको मात्रै पाएकोले हेल्मेट आफै लैजान भने । मैले विनम्र शब्दमा पार्किङमा यस्तो हुँदैन भन्दा प्रशासनमा जानु भनेर मलाई थर्काए। म हेल्मेट बोकेर घुमफिर गरी अस्पतालको प्रशासकीय भवनमा आएर पार्किङ ठेकेदारको फाइल माग्दा भागमभाग भयो । अड्डान नै लिएर फाइल निकाल्दा २०७१ सालदेखि प्रत्येक महीना रु.११,००० शुल्क बुझाउनुपर्नेमा २०७४ सालसम्म एक पैसापनि जम्मा गरेको रहेनछ ।

पाकिस्तानबाट सहयोगस्वरूप प्राप्त एम्बुलेन्सको आफ्नै कथा छ । मेरा मित्र डा. काशीकान्त झा सार्क क्षयरोगको निर्देशक हुँदा एक दिन अकस्मात् स्वास्थ्य मन्त्रालयमा भेट भयो । त्यस वर्ष शबाना आजमी AIDS को Brand Ambassador बनेर नेपाल आएकी रहिछन् र त्यही दिन Ambulance हस्तान्तरण कार्यक्रम थियो । मैले एउटा वीरगंजलाई दिनुपर्छ भनेर अनुरोध गर्दा पाइयो । त्यस एम्बुलेन्सबारे बुझ्दा एम्बुलेन्स त ठोकिएर गराजमा थन्केको थाहा भयो । यसको मरम्मतगर्न ११ लाख खर्च हुने तर अस्पतालसँग त्यत्रो रकम नभएको थाहा पाएँ । गाडीको मरम्मत सम्भार त दुर्घटना

गराउने पक्षले गर्नुपर्ने हो हामीले किन पैसा लगाउने भनेर खोजतलाश गर्दा अस्पतालका कर्मचारीहरूले अस्पतालले मरम्मत सम्भार गरी बिल भाउचर पेश गरेपछि बीमाबाट भुक्तानी प्राप्त भएपछि पाउने गरी कागज गरेर आएका रहेछन् । यस प्रसङ्गमा सम्बन्धितलाई कारबाई गर्न फाइल मागदा मे.सु.ले प्रजिअकहाँ आफूले निवेदन दिएको भनेर कुरा अन्तै मोड्न खोजे । प्रजिअसमेत बोर्डको सदस्य भएकाले उनले कारबाई गर्न नभई ठक्कर दिने पार्टीबाट मरम्मत गराइदिने सम्बन्धमा रहेछ । नाउक्षे अस्पतालमा हप्ताको पाँचवटा सिएफएल चीम खरीद हुँदो रहेछ । तर चीममा एक वर्षको ग्यारेन्टी हुन्छ भनेर खोजतलाश गर्ने क्रममा सप्लायरसँग बुझ्दा उनले अस्पतालबाट नै मिति उल्लेख नगर्ने निर्देशन भएको बताए । पछि हामीले मिति उल्लेख गर्न लगायौं र पछि Panel light जडान गराउने निर्णयमा पुग्यौं । यो लाइट इमरजेन्सी र गाइनोमा मात्र जडान गराउन खटाइएका इलेक्ट्रिसियनलाई भित्रका कर्मचारीहरूले धम्की देखाउँदै सामान चोरेर त्रस्त पारेपछि सिडिओ कार्यालयको इलेक्ट्रिसियन खटाएर बल्लतल्ल काम गराउन सकियो ।

अस्पतालमा चालू हालतमा रहेको एक मात्र एम्बुलेन्स बेथितीको शिकार छ । यसको शुल्क ड्राइभरले जथाभावी असुल्ने र हिसाब पछि बुझाउने गरेको गुनासो आएपछि काउन्टरमा रकम बुझाएपछि मात्र एम्बुलेन्स पठाउने निर्णय कहिले कार्यान्वयन भएन । अस्पताल विकास समितिको स्वीकृतिबेगर मेसुबाट औषधि एवं केमिकल र उपकरण खरीद प्रक्रिया अगाडि बढाइयो यसलाई नियमानुसार अगाडि बढाउन दिएको लिखित आदेशको बेवास्ताव गरियो । विकास समितिको नियमावलीमा नेपाल सरकारबाट प्राप्त अनुदान तथा विकास समितिको आम्दानी लगायत अन्य सबै स्रोत साधनबाट प्राप्त रकम एकमुस्ट बजेट तर्जुमा गर्ने उल्लेख भएपनि अस्पतालमा नेपाल सरकारको अनुदान, बजेटमा समावेश नै नगरी खर्च गर्ने स्वेच्छाचारी प्रवत्ति हटाउन बारम्बार लिखित र मौखिक निर्देशन दिएपनि त्यसको पालना भएन । विकास समितिका अध्यक्ष र सदस्यहरू मेसुको लाचार छायाको रूपमा स्थापित गरिएका छन् । नेपाल सरकारको स्वीकृति अनुसार नै २०७ शय्याको अस्पतालमा प्रशासनतर्फ वरिष्ठ कर्मचारी ४ तहको हुनु नै यस अस्पतालमा प्रशासन कति फितलो छ अनुमान गर्न सकिन्छ । मेरो विचारमा नाउक्षे अस्पतालको आन्तरिक बेथितिको एकमात्र कारण योग्य प्रशासक नहुनु हो । त्यसैले सरोकारवालाले यस अस्पतालको लागि कम्तीमा राज्यपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत नखटाएसम्म मनपरी ड्युटी र हाजिरी गर्ने, ओटी गर्ने, सरसफाइ, वृत्ति विकास र सुरक्षा व्यवस्थालगायतका कार्य सुव्यवस्थित तवरले सञ्चालन हन सक्नेछैन ।

नाउक्षे अस्पतालको ठूलो आवश्यकता हो नाउक्षे अस्पतालको भौतिक पूर्वाधार विस्तार । यो नभएसम्म र दक्ष जनशक्ति आपूर्ति नभएसम्म अस्पतालको दुरवस्था अन्त्य हुने देखिन्न । तत्कालीन स्वास्थ्यमन्त्री गगन थापालाई अनुरोध गर्दा उनले ५०० शय्याको नयाँ भवन निर्माण गर्न नक्सा तयार गराई बजेट व्यवस्थाको पहल गरिरहँदा सरकार परिवर्तन भएर यो कार्य हुन सकेन । त्यसपछि ५०० शय्याको भवनलाई कहिले १०० र कहिले ३०० भन्दाभन्दै अब भवनको लागि बजेट नै विनियोजन नभएको थाहा पाएका छौं । अस्पताल अहिले प्रदेश सरकारको मातहत आएको र यसको लागि रु २०

करोड रकम निकासा भएको थाहा पाएको छु । यसमा नयाँ भवन निर्माणको कुरा कतै आएको छैन । सम्भवतः अब १००० शय्याको नयाँ भवन नयाँ स्वास्थ्यमन्त्रीको असीम निगाहबाट राजविराज जान लागेको सङ्केत पाइएको छ । जनकपुरमा अञ्चल अस्पताल विस्तार गर्ने प्रदेश नं. २ को सरकारको तयारी छ तर वीरगंजको अस्पतलबारे केही सुन्न पाइएको छैन । वर्तमान सत्तारूढ दलका वीरगंजका कार्यकारी नेताहरूले यसलाई कुन रूपमा लिन्छन् त्यो उनीहरूको विवेकमा भर पर्ने कुरा हो । तर हाम्रो अनुभवमा नाउक्षे अस्पताल पहिले पनि उपेक्षाको शिकार थियो र अबपनि बनाइँदैछ । अब आउने जिम्मेवार पदाधिकारीहरूले यसतर्फ र विशेषगरी प्रदेश नं. २ का मुख्यमन्त्रीले विचार पुऱ्याउनेछन् भन्ने अपेक्षा राख्दै हाम्रो कार्यकालमा अस्पतालको विकासमा सहयोग पुऱ्याउने सबै समिति सदस्य, चिकित्सक, कर्मचारी, व्यवसायी, राजनैतिक दल एवं समाजका आगुवाहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

अध्यक्ष : विनोद कुमार गुप्ता

सदस्यहरू सुशील खेतान, कृष्ण चौधरी

२०७५ माघ ०९ गते बुधवार

खतरामा प्रजातन्त्र

मानवीय जवाफदेहिता अनुगमन अभियान (अक्सफाम) नेपाललगायत संस्थाहरूले गरेको एक अध्ययन अनुसार नेपालले अङ्गीकार गरेको नवउदारवाद नीतिका कारण धनी झन् धनी र गरीब झन् गरीब हुँदै गएको पाइएको छ । नेपालको १० प्रतिशत धनी वर्गको आय ४० प्रतिशत गरीबहरूभन्दा ३ गुणा बढी छ । अर्को शब्दमा भन्दा नेपालको ३० लाख जनसङ्ख्याको आय नेपालकै १ करोड २० लाख जनसङ्ख्याको कुल आयभन्दा ३ गुणा बढी छ । यो १० प्रतिशत धनी वर्गसँग ४० प्रतिशत गरीबहरूको तुलनामा २६ गुणा बढी सम्पत्ति भएको दाबी गरिएको छ ।

बढ्दो गरीबीको अर्को कारक तत्त्व असमान भूस्वामित्व पनि भएको उल्लेख गरिएको छ । देशका ७ प्रतिशत धनीवर्गसँग कुल खेतीयोग्य जमीनको एक तिहाई अर्थात् करीब ३३ प्रतिशत स्वामत्वि छ भने करीब ५० प्रतिशत किसानसँग पुग नपुग आधा हेक्टर जग्गा र २९ प्रतिशतसँग त आफ्नो भन्नलायक जग्गा नै छैन । प्रजातन्त्रको स्थापनापछि खुला बजार अर्थनीतिको नाउँमा उदारवाद र निजीकरणले गर्दा सरकारी उद्योगहरूको निजीकरणको नाउँमा यस्तो दुर्गति गराइयो । जसको कारण हजारौंले आफ्नो रोजगार गुमाएर गरीबीको मार खेप्नुपरेको छ भने अर्कोतिर शिक्षा र स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रलाई दिइएको प्रोत्साहनबाट दुई तहको प्रणाली उत्पन्न भयो जसमा धनी वर्गले बढी पैसा खर्चेर स्वास्थ्य र शिक्षा दुवैमा उच्चस्तरको सेवा प्राप्त गर्न सक्दछ भने बहुतायत अल्प आयवर्ग सरकारी शिक्षा र स्वास्थ्य सेवामा आश्रित हुन्छ, जहाँ ज्ञान र उपचार दुवैको अवस्थाबारे चर्चा गरिरहनु नै व्यर्थ छ । यो अव्यवस्थाको कारण नै प्राथमिक विद्यालयमा भर्ना हुने १७ प्रतिशत ५ कक्षासम्म पनि पुग्दैनन् र कक्षा १० मा अध्ययन गर्नेको सङ्ख्या एक तिहाईभन्दा पनि कम हुन्छ ।

त्यस्तै ५० प्रतिशत महिला अशिक्षित छन् भने भर्ना भएका गरीब नानीहरूमध्ये ६ प्रतिशतमात्र प्राथमिक विद्यालय जान्छन् । त्यस्तै स्वास्थ्य क्षेत्रमा एक चिकित्सकमाथि १७३४ रोगी भ्याउनुपर्ने बाध्यता एकातिर छ भने अर्कोतिर सरकारले उपलब्ध गराएको निशुल्क औषधि गरीबहरूको पहुँचबाहिर रहेको तथ्य सर्वविदितै छ ।

यस्तो अवस्थामा राज्यले सुलभ शिक्षा र स्वास्थ्य सेवा पुऱ्याउन यथेष्ट राजस्व उठाउनुपर्ने हुन्छ । तर नेपालको कर प्रणालीलाई अधोगति उन्मुख भनिएको छ किनभने नेपालमा कुल कर सङ्कलनमा अप्रत्यक्ष करको योगदान करीब ६८ प्रतिशत छ भने प्रत्यक्ष करको योगदान ३० प्रतिशत जति छ । प्रत्यक्ष कर तिर्नेहरूले अनेक उपाय र हतकण्डा अपनाएर सके कर नतिर्ने र तिर्नै परे सकेसम्म न्यून तिर्ने व्यवस्था जगजाहेर छ । यस प्रणालीका कारण नै सरकारले शिक्षा र स्वास्थ्य दुवैमा लगानी बढाउनुको सट्टा घटाउँदै लग्नुपरेको छ । २०११-१२ देखि २०१६-११७ सम्म आइपुग्दा स्वास्थ्यको

बजेट ७.८ प्रतिशतबाट घटेर ४.७ प्रतिशत या शिक्षाको १८.३ प्रतिशतबाट घटेर ११.४ प्रतिशतमा आइपुगेको छ । सत्य यस्तो हुँदाहुँदै पनि जनताको आँखामा छारो हाल्न सरकार सबैतिर अस्पताल र अनिवार्य शिक्षा, सबै प्रदेशमा मेडिकल कलेज, विश्वविद्यालयको कुरा गर्छ भने यो या त आम नेपाली जनताको लागि मृगतृष्णा हुनेछ या निजी क्षेत्रबाट सञ्चालन गर्ने बाध्यता आइपर्नेछ । जसले गरीबहरू अहिलेजस्तै पछि पनि स्वास्थ्य र शिक्षाबाट वञ्चित रहनुपर्नेछ । यस्तो दुर्दान्त अवस्थाबाट हिंड्दै गर्दा नेपालीहरूको देशमा रहेको प्रजातान्त्रिक संस्थाहरूबारे के सोचाइ छ भन्ने कुरा १३ जनवरीको रिपलब्लिकामा नारायण मानन्धरको Symptoms of delay शीर्षकमा प्रकाशित लेख र तालिकाले दर्शाएको छ जुन सत्य तर डरलाग्दो छ।

२००४ मा दक्षिण एशियामा 'प्रजातन्त्रको अवस्थाबारे गरिएको एउटा सर्भेले नेपालमा जनताले अत्यन्त विश्वास गरेको संस्थामा न्यायालय, चुनाव आयोग र स्थानीय सरकार छ भने विश्वासयोग्य नठानिएको तीन प्रमुख संस्थामा मन्त्रिपरिषद्, संसद् र राजनैतिक दलहरू छन् । २००८ मा गरिएको यही सर्भेले चुनाव आयोग, न्यायपालिका र सरकारलाई विश्वासयोग्य ठानेको छ भने विश्वास गर्न नसकिनेमा प्रहरी, राजनैतिक दल र माओवादीलाई छानेको छ । २००६ र २०१४ मा गरिएको Nepal Contemporary Political opinion Survey ले विश्वासयोग्य संस्थामा मिडिया, अख्तियार र धार्मिक संस्थाहरूलाई छानेको छ भने विश्वास गर्न नसकिनेमा निजामती सेवा, मन्त्रिपरिषद्, संसद, युवा सङ्घ र सङ्गठनहरूलाई राखेको देखिन्छ । २०१८ मा स्टाफ कलेज नेपालले गरेको Nepal National Governance Survey ले समेत विश्वासयोग्य संस्थामा मिडिया, सेनालाई प्राथमिकतामा र अविश्वासयोग्य वा भनौं न्यून विश्वास गर्न सकिने संस्थामा संसद्, राजनैतिक दल र मन्त्रिपरिषद्लाई राखेकोबाट पनि २००४ देखि नै आम नेपाली जनमानसमा नेपालको राजनैतिक दलहरूप्रति मोहभङ्ग हुन थालेको र यो क्रम घट्नुको सट्टा बढ्दै गरेको देखिन्छ । प्रजातान्त्रिक शासन जनताको लागि जनताबाट गरिने शासन प्रणाली हो भन्ने सैद्धान्तिक मान्यता रहेको सन्दर्भमा नेपालको प्रजातन्त्र खतरामा छ भन्नु अतिशयोक्तिपूर्ण नहोला । किनभने गरीब र धनीबीचको बढ्दो खाडलले भोलिको दिनमा आर्थिक, सामाजिक र राजनैतिक अस्थिरता ननिम्त्याउला भन्न सकिंदैन । यो अवस्थाले देशमा आन्तरिक द्वन्द्व सिर्जना हुन सक्दछ । त्यसैले दुईतिहाईको बहुमतप्राप्त कम्युनिस्ट सरकारले पहिलो प्राथमिकतामा प्रगतिशील कर प्रणाली लागू गर्नुपर्ने देखिन्छ जसले अहिलेको ७०:३० को अप्रत्यक्ष र प्रत्यक्ष करको अनुपातलाई कम्तीमा ६०:४० वा ५०:५० को लक्ष्य प्राप्त गर्नतर्फ उन्मुख गराओस् । यसपछि राजस्व बढ्नुका साथै बहुतायत गरीब जनतामाथिको करको भार कम हुने भई उनीहरूको खर्च गर्ने क्षमता बढ्नेछ भने अर्कोतर्फ सरकारले शिक्षा र स्वास्थ्य क्षेत्रको खर्चलाई कमसेकम २०११-१२ को स्तरसम्म पुऱ्याई सामुदायिक

विद्यालय र सरकारी स्वास्थ्य संस्थाबाट नै गरीबहरूलाई भरपर्दो सेवा दिन सक्नेछ। गरीब र धनीबीचको खाडल पुर्ने सबै भन्दा महत्त्वपूर्ण स्तम्भ नै स्वास्थ्य र शिक्षा भएकोले यसतर्फ बढाइने लगानीबाट अवसरको असमानता घट्नुका साथै समाजमा Upward social mobility बढ्ने र जीवनस्तर उकास्ने अवसर उपलब्ध हुनेछ जसबाट समाज समृद्धितर्फ उन्मुख हुन सक्छ ।

राष्ट्रवादको नारा दिएर दुईतिहाई बहुमत प्राप्त गरेको वर्तमान सरकारले यो गर्न नसकेमा भविष्यमा चाँडै भइहाल्ने सम्भावना देखिदैन । किनभने राजनैतिक दल, सरकार र संसद्प्रति बढ्दै गएको अविश्वासको पृष्ठभूमिमा सिर्जना हुने द्वन्द्व आन्तरिक भएपनि यमसा नेपालको भौगोलिक अवस्था र चिनियाँ र अमेरिकी रुचिका कारण वैदेशिक शक्तिको हात हुनेछैन भन्न सकिने अवस्था देखिदैन ।

२०७५ माघ ०२ गते बुधवार

हाम्रा अर्थतन्त्रका चुनौतीहरू

द्वितीय विश्वयुद्धको समाप्तिपछि अमेरिका र सोभियत गुटमा विभाजित राष्ट्रहरू गोर्वाचोभकालमा युएसएसआरको पतनपछि बजारमुखी अर्थतन्त्र र उदारवादी अर्थनीतितर्फ लागेर पश्चिमा देशहरू जस्तै प्रजातन्त्रको अभ्यासमा लागेका हुन् । तर सधैं बजारमुखी अर्थतन्त्र, उदारवाद र प्रजातन्त्रको पक्षमा रहेका पश्चिमा देशहरूले समेत आर्थिक मन्दीलगायत नयाँ दौरमा वाल स्ट्रिट प्रोटेस्ट, टेन्ट सिटी मुभमेन्ट हुँदै फ्रान्सको येलो भेस्टसम्म आइपुग्दा अध्ययनहरूले प्रजातान्त्रिक, उदारवादी र खुला बजार अर्थनीति भएपनि विश्वमा करीब ५ सय मिलियन मान्छे सधैं गरीबीको रेखामुनि रहिरहनेछन् । अत्यधिक जनसङ्ख्या वृद्धिदर भएका यस्ता देशहरू कमजोर सरकार, आन्तरिक र बाह्य द्वन्द्व र तीव्र वातावरण परिवर्तनका कारण विकासलाई गति दिन असमर्थ पाइएका छन् ।

नेपाल अल्पविकसित मुलुक भएपनि हामी यस्ता देशहरूभन्दा राम्रो अवस्थामा रहेका छैनौं । स्वास्थ्य र शिक्षाको क्षेत्रमा गुणात्मक नभए पनि सङ्ख्यात्मक सुधार भएको छ । रोजगारको अवसर आन्तरिकरूपमा सिर्जना गर्न नसकेपनि वैदेशिक रोजगारले यो समस्या धेरै हदसम्म थामेको छ । १० वर्षको द्वन्द्वबाट बाहिर निस्केपछि पनि अर्को १० वर्षको अस्थिरताको अवधि काटेर तीनवटा तहको निर्वाचन सम्पन्न गरेर भर्खर राजनैतिक स्थिरतातर्फ पाइला चालेको अवस्थामा सङ्घीय अवधारणा र आर्थिक विकासको लागि चाहिने वचनबद्धता, धैर्य र त्यागको भावनाको सरकारमा कमी देखिएको छ । सम्पूर्ण विश्वभरि नै प्रजातन्त्र सङ्कटमा रहेको अवस्थामा नेपालमा यो प्रयोग कति हदसम्म सफल होला भनेर प्रश्न उठाउने ठाउँ पाइन्छ । यस्तो अवस्थामा सरकारहरू तानाशाह बन्ने प्रवृत्ति विश्वव्यापीरूपमा देखिन थालेको छ र यो नेपालमा हुनेछैन भन्न सकिदैन । हाम्रो अर्थतन्त्र रेमिट्यान्स, पर्यटन, पेन्सनमा धेरै हदसम्म निर्भर रहेकोले यस्तो अवस्थामा आन्तरिक द्वन्द्व भएमा ठूलो नोक्सानी बेहोर्नुपर्नेछ ।

पर्यटन आन्तरिक द्वन्द्वले ध्वस्त नै हुन सक्छ भने अहिले पनि यसको अवस्थाराम्रो मान्न सकिदैन । नेपालले २०२० सम्म २० लाख पर्यटक भित्र्याउने लक्ष्य लिएर काम गरिरहेको भएपनि यस क्षेत्रको तथ्याङ्कले २०१६-१७ मा प्रतिपर्यटक प्रतिदिन खर्च ५२ अमेरिकी डलर र २०१७-१८ को पहिलो ६ महीनामा ५४ अमेरिकी डलर रहेको देखिन्छ भने यही खर्च सन् २००७-०८ मा ७३ अमेरिकी डलर रहेको देखिन्छ । यस अर्थमा पर्यटन क्षेत्र अहिले पनि उन्नतितर्फ अग्रसर रहेको मान्न सकिदैन । जहाँसम्म रेमिट्यान्सको कुरा छ, अमेरिकालगायत पश्चिमा देशहरूमा समेत वैदेशिक रोजगारमा प्रतिबन्ध लगाउने कुरा भइरहँदा मध्यपूर्व र भारतमैं समेत यस्तो कुरा नउठ्ला भन्न

सकिदैन । भारतसँग त झन् इपिजी कार्यान्वयन र भारतीय ठूला नोट नेपालमा बन्द गर्ने सरकारी निर्णयको पृष्ठभूमिमा यो अपेक्षित नै छ ।

त्यसैले हाम्रोजस्तो देश जहाँ ठूलो लगानीको सम्भावना न्यून छ, त्यहाँ नीति निर्मातहरूले साना तथा मझौला उद्योग र सेवा प्रदायक संस्थाहरूको विकासतर्फ आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ । नेपालमा साना तथा मझौला उद्योगहरूको जिडिपीमा २२ प्रतिशतसम्मको योगदान छ र यसले करीब १८ लाख रोजगार पनि प्रदान गरिरहेको छ । विश्व बैंकको एउटा अध्ययनले नेपालमा साना तथा मझौला उद्योगमा २.५ बिलियन डलरको लगानीको अवसर रहेको देखाएको छ । यो नेपालको बैंकिङ क्षेत्रकै लागि पनि अत्यन्त ठूलो अवसर हो । त्यस्तै सेवा प्रदायक क्षेत्रतर्फ अस्पतालहरू खास गरेर भारतसँग सीमा जोडिएको क्षेत्रमा विशेषज्ञ सेवासहितको अस्पताल जहाँबाट हृदयरोग, जोर्नीहरू फेर्ने, क्यान्सरजस्ता रोगविरुद्ध उपचार सेवा प्रदान गर्नेगरी कार्यहरू अगाडि बढाउँदा नेपालबाट भारतमा उपचारको लागि जाने बिरामीहरूको सङ्ख्या घट्नुका साथै सीमावर्ती भारतका बिरामीहरूलाई समेत आकर्षित गर्न सकिनेछ । अहिले आँखा, मिर्गौला प्रत्यारोपण र क्यान्सर रोगको उपचारमा भारतीय रोगीहरूको बढ्दो सङ्ख्याले यसको पुष्टि गर्दछ । त्यसैगरी मेडिकलका साथै अन्य क्षेत्रका शिक्षामा समेत गुणस्तरीयता ल्याएर यसको विकास गर्न सकिन्छ भने धार्मिक पर्यटन पनि एउटा यस्तो क्षेत्रको रूपमा देखा पर्दछ जसमा हाम्रो लगानी न्यून छ । योजनाबद्धरूपमा सीमा क्षेत्रका प्रसिद्ध धार्मिक स्थलहरूको विकासबाट पनि यस क्षेत्रमा ठूलो योगदान पुऱ्याउन सकिन्छ । विगत लामो समयदेखि रोजगार सिर्जना गर्नमा हाम्रो असफलता र बढी राजस्व उठाउन आयातलाई बढावा दिने हाम्रो नीतिका कारण नेपालको अर्थतन्त्र अत्यन्त जोखिमपूर्ण अवस्थामा छ । त्यसैले पेट्रोलियम पदार्थको आयात नियन्त्रित गर्न आन्तरिक ऊर्जा खपत बढाउन विद्युतीय रेलका साथै अन्य विद्युतीय उपकरणको प्रयोगलाई प्रोत्साहित गर्ने नीति र अन्न भण्डार मानिएको तराईलाई मनग्य सिंचाइ सुविधा उपलब्ध गराउनुबाहेक सरकारसँग अन्य विकल्प नै छैन ।

२०७५ पुस २५ गते बुधवार

येल्लो भेस्ट कि 'कू'

फ्रान्समा भएको डिजलको मूल्यवृद्धिको विरोधमा शुरू भएको जन आन्दोलन मूल्यवृद्धि फिर्ता भएपनि रोकिएको छैन र आजभोलि 'येल्लो भेस्ट मुभमेन्ट'को नामले विश्वव्यापीरूपमा चर्चित हुन पुगेको छ । मूल्यवृद्धि फिर्तासँगै रोकिनुपर्ने आन्दोलन अहिलेसम्म जारी रहनु पछाडिको रहस्य केलाउँदा सामाजिक लगानी कटौतीको नाममा आम जनतामाथि थोपरिएको आर्थिक बोझविरुद्धको आक्रोश नै यसको मुख्य कारणको रूपमा देखा पर्दछ । आर्थिक सङ्कटसँग सामना गर्न फ्रान्स सरकारसँग विभिन्न उपायहरू भएपनि उसले सामाजिक लगानी कटौतीलाई नै किन रोज्यो भन्ने कुरा मुख्य हो ।

युरोपेली सङ्घको नियमानुसार सदस्य राष्ट्रहरूले वित्तीय घाटा ३ प्रतिशतभन्दा बढी राख्न मिल्दैन र सङ्कटको समयमा उत्पादन र रोजगार दुवै घट्ने हुनाले सरकारसँग तीनवटा विकल्प मात्र बाँकी रहन्छ । त्यो हो, कि सरकारी खर्च नियन्त्रण कि चालू घाटा नियन्त्रण गर्न आयात कटौती । तेस्रो विकल्प भनेको धनी वर्गमाथि कर लगाउनु हो । युरोपेली सङ्घमा आबद्ध देशहरूले आयातमा नियन्त्रण गर्न पाउँदैनन् । यस्तो अवस्थामा फ्रान्स सरकारसँग दुईवटा विकल्पमात्र बाँकी रहन जान्छ । त्यो हो खर्च कटौती वा धनी वर्गमाथि कर । तर फ्रान्सका राष्ट्रपतिले धनी वर्गमाथि कर लगाएर वित्तीय घाटा सन्तुलनमा ल्याउने योजना त्यहाँका धनी वर्गलाई अस्वीकार हुने भएकोले त्यसको सट्टा खर्च कटौतीको अप्रिय निर्णय रोजेका हुन् । तर यो रोजाइ त्यहाँका ठूलो समूहलाई मन नपरेकोले आन्दोलन अझ चर्किदै गएको छ ।

यो आन्दोलनमा लागेकाहरूको बुझाइमा बलियो राष्ट्रपतीय प्रणाली अन्तर्गतको कमजोर संसदीय व्यवस्थाबाट फ्रान्समा चलेको राजनैतिक प्रणालीले उनीहरूलाई मौन बनाइसकेकोले प्रत्यक्ष प्रजातन्त्रको पक्षमा उभिदै गएको पाइन्छ। उनीहरूको भनाइ छ France wake up ! Stop being sheap त्यसैले उनीहरूले पहेंलो रङ्गलाई रोजेका छन् जसले Revolt अर्थात् विद्रोहको सङ्केत गर्दछ । यस्तै विद्रोह भारतको महाराष्ट्र, दिल्लीका किसानहरूबाट पिन आयोजित भएको थियो । इजरायलको राजधानी तेलअभिभबाट टेन्ट सिटीको रूपमा शुरू भएको यो मध्यमवर्गको आन्दोलन अमेरिका हुँदै युरोपयसम्म वालस्ट्रिट प्रोटेस्टको रूपमा समेत देखापरेको थियो। जसको मूल आधार मध्यम वर्ग आधारित थियो ।

अहिलेको बजारमुखी अर्थतन्त्रले अमेरिकाजस्तो समृद्ध देशलाई समेत उपभोक्ता र उत्पादक दुई वर्गमा मात्रै पुऱ्याएको हुँदा सम्पूर्ण अमेरिकीहरूको सम्पत्ति बराबरको सम्पत्ति अमेरिकाको दुई सय परिवारको हातमा मात्र सीमित हुन पुगेको अवस्थाका कारण उत्पन्न स्थिति भन्दै अर्थविद्हरूले अब मिश्रित अर्थनीति अँगाल्नुपर्ने आवश्यकता औंल्याएका थिए । तर अमेरिकालगायत युरोपेली सङ्घका सरकारहरूले त्यसको बेवास्ता गरेकै कारण अहिले फ्रान्समा समेत यस्तो अवस्था देखापरेको अनुमान गर्न सकिन्छ । छिमेकी देश भारतमा समेत Demonity gahon पछिको अवस्थालाई लिएर भारतीय रिजर्भ बैंकका गर्भनर र सरकारबीचको द्वन्द्वका कारण अजित

पटेलको राजीनामाका साथै भर्खरै मध्यप्रदेश, राजस्थान र छत्तीसगढमा सम्पन्न चुनावमा कांग्रेसको जीत पनि कमोवेश यही परिदृश्यमा आधारित छ। भारतीय जनता पार्टीको सरकारले दुईतिहाई बहुमत हासिल गरेर सरकार चलाएको साढे चार वर्ष बितेपनि रोजगारको अवसर सिर्जना हुन नसक्नु, किसान आत्महत्या घट्न नसक्नु र जिएसटीका कारण व्यापारधन्दा नमौलाउनुलाई नै मुख्य कारणको रूपमा लिनुपर्दछ।

नेपालमा पनि दुईतिहाई बहुमतको सरकार छ। सरकार चलेको एक वर्षभन्दा बढी हुन लाग्यो तर उत्पादनशील क्षेत्रमा खर्च हुन सकिरहेको छैन । केन्द्र सरकारको कामबारे २० डिसेम्बरको अङ्ग्रेजी दैनिक रिपब्लिकामा विशाल प्रताप शाहको Watch your Democracy शीर्षक लेखको यो अंशभन्दा बढी स्पष्ट व्याख्या हुन सक्दैन जसमा उनले लेखेका छन्– 'यो धेरैलाई आश्चर्यजनक लाग्न सक्छ तर निर्वाचित प्रतिनिधिहरू नै प्रजातन्त्रलाई निष्क्रिय बनाउँछन् । उनले भनेका छन्– प्रजातन्त्रको घाँटी निमोठ्ने काम भोटबाट शुरू हुन्छ किनकि अशिक्षित र अल्पसूचित मतदाताहरू प्रत्येक पाँच वर्षमा भोट हाल्न पाउनुलाई नै प्रजातन्त्र हो भन्ने ठान्दछन् जसका कारण वास्तवमा राजनैतिक दलका त्यस्ता तानाशाहहरू विजयी हुन्छन् जसले प्रजातन्त्रको घाँटी निमोठ्न प्रजातन्त्रको मुखौटा ओढेका हुन्छन् । यस्ता प्रजातन्त्रवादीहरूले सेनाको जनरलहरूजस्तै संविधानलाई निलम्बित गर्दैनन् तर राजनैतिक हस्तक्षेपले यसलाई निस्क्रिय बनाइदिन्छन्। यदि राज्यले नागरिकलाई सरकारविरुद्ध आफ्नो आक्रोश पोख्दा प्रताडित गर्दछ र सजाय दिन थाल्छ भने हामीले बुझ्नुपर्छ कि प्रजातन्त्र अब अधिनायकवादतर्फ अग्रसर हुँदैछ।

नेपालमा अहिले यही स्थिति कायम छ र यस्तो स्थितिको सन्दर्भमा राजनैतिक विश्लेषण गर्दै अन्तर्राष्ट्रिय पिस इन्स्टिच्युटका कार्यकारी निर्देशक प्रमोद काफ्लेले नयाँ पत्रिकाको पुस ५ गतेको अङ्कमा '२०१७ फेरि दोहेरिन सक्छ' भन्दै २०१७ सालजस्तै अहिले दुईतिहाईको कांग्रेसको सट्टा कम्युनिस्टको सरकार रहेको, जनताको चेतनाको स्तर बढेको, आर्थिक कङ्गालीका कारण लाखौंको सङ्ख्यामा नागरिक विदेशिनुपरेको, सरकारले सामान्य सरकारसरह पनि काम गर्न नसक्नु र सरकारको नेतृत्व चुर्लुम्म भ्रष्टाचारमा डुबेको हुनुका कारण मलाई किनकिन फेरि पुस १ गतेको स्मरण गराउँछ भनेर उल्लेख गरेका छन्।

नेपालमा अहिले राजतन्त्र छैन, तसर्थ 'कू' कसले गराउँछ भन्ने प्रश्न उठ्नु स्वाभाविक छ। विश्व राजनीतितिर विचार गर्दा अहिले १७ वर्षपछि नेपाल र अमेरिकी सरकारबीच उच्चस्तरीय वार्ता हुँदैछ। यो वार्ताको पृष्ठभूमिमा अमेरिका र चीनबीचको व्यापार युद्ध छ। यसमा चीनले बिआरआइमार्फत देखाएको सक्रियतालाई रोक्न अमेरिकी सरकारले इन्डो–प्यासिफिक क्षेत्रका राष्ट्रहरूको लागि ठूलो सहयोग राशि उपलब्ध गराएर चीनको प्रभाव रोक्न खोजेको छ । यसमा भारतको समेत सहभागिता र सहमति भएकोले नेपालको चीन वा अमेरिकातर्फको विदेश नीतिले नेपालको राजनीतिक अभीष्ट के हुने हो भनेर निश्चित गर्ने देखिन्छ । परिवर्तनको यो आन्दोलन येल्लो भेस्टको रूपमा पनि आउन सक्छ वा पुस १ गतेको रूपमा पनि आउन सक्छ।

२०७५ पुस १८ गते बुधवार

सुक्दै गएको वीरगंज

२००७ सालको क्रान्तिको शुरूआत वीरगंजबाटै भयो भने २०१२ को नेपाली काङ्ग्रेसको सम्मेलनदेखि नेपालका हरेक राजनैतिक घटनाको केन्द्रबिन्दु रहेको यो शहर वीरगंजलाई सबैले आआफ्नो लाभको लागि मात्र प्रयोग गरेको पाइन्छ। पञ्चायतकालमा सबै जिल्लास्तरीय कार्यालय वीरगंजमा भएपनि पर्सा जिल्लाको घोषित सदरमुकाम पोखरिया नै थियो। २०४६ सालको जनान्दोलनपश्चात् उँभो लाग्ने आशा गरिएकोमा झन् कृषि औजार कारखाना र वीरगंज चिनी कारखाना बन्द गरेर यस क्षेत्रको प्रत्यक्षका साथै अप्रत्यक्ष रोजगार र समग्रमा बारा र पर्सा जिल्लाको आर्थिक मेरुदण्ड भाँचिने गरी प्रहार भयो। सामाजिक क्षेत्रमा वीरगंज विश्वविद्यालय स्थापनाको प्रस्ताव प्राणहीन भएर कता बसेको छ, थाहै छैन भने मधेसको ८ जिल्लाको आशाको केन्द्र मानिएको नारायणी उपक्षेत्रीय अस्पतालको ओपिडीमा दिनहुँ १८०० रोगी आउने भएपनि समग्रमा यसको उपचारको स्तर र सेवाको विशिष्टीकरण जिल्ला अस्पतालहरू बराबर छ भन्नु अतिशयोक्ति नहोला।

मधेस आन्दोलन २०६२ र २०७२ मा समेत वीरगंजको जमेर उपयोग भयो। २०७२ मा वीरगंज नाका ठप्प पारेर काठमाडौं गलाउने अभियानमा लागेका नेताहरूले पुग नपुग ६ महीनासम्म वीरगंजको आर्थिक मेरुदण्ड भाँचिनेगरी आन्दोलन गरे। जनकपुर, भैरहवा, जोगबनी, नेपालगंज बन्द भएनन्। आन्दोलनले सरकार गलेन तर आन्दोलन भने गल्यो। यस आन्दोलनले भावनात्मक रूपमा मधेसवादी दलका नेताहरूप्रति सहानुभूति जगायो र उनीहरू आज सत्ताको स्वाद चाख्दैछन्। यसको प्रतिफल स्वरूप वीरगंजले सामाजिक क्षेत्रमा के पायो भनेर विश्लेषण गर्दा १००० शय्याको अस्पताल वीरगंजमा र ५०० शैय्याको जनकपुरमा बन्ने भयो। वीरगंज विश्वविद्यालयको अत्तोपत्तो छैन, तर जनकपुरमा राजर्षि जनक विश्वविद्यालय बन्ने भयो। प्रादेशिक राजधानी जनकपुर भएपछि त्यहाँ केही नबनोस् भन्ने चाहना राख्नु मूर्खता हुनेछ। तर वीरगंजमा केही नहुनुमा रमाउनु पनि उत्तिकै मूर्खता हुनेछ।

अब कुरा गरौं आर्थिक क्षेत्रको। वीरगंज उद्योग वाणिज्य सङ्घले लिडर्स समिट औद्योगिक नगरी र औद्योगिक करिडोरको जति कुरा गरेपनि वास्तविकता के छ भने माओवादी द्वन्द्व, भूमिगत गिरोह, भारतीय आपराधिक समूहको आतङ्क अनि नाकाबन्दीसम्म आइपुग्दाको दुई दशकमा बारा र पर्साका ३२ वटा ठूला उद्योग बन्द भइसकेका छन्। वीरगंज उद्योग वाणिज्य सङ्घले वीरगंजमा कुल औद्योगिक लगानीको ७० प्रतिशत अंश छ भन्ने गरेपनि नेपाल सरकारको आर्थिक सर्वेक्षण २०७४–०७५ ले देशभरिका उद्योगहरूमा प्रदेश नं. २ मा जम्मा ८३ अर्ब मात्र लगानी भएको उल्लेख गरेको छ। ओमप्रकाश खनालको २०७५ असोज २८ गते प्रतीक दैनिकमा प्रकाशित 'किन सुनिँदैन वीरगंज ?' लेखमा उल्लेख भए अनुसार सबैभन्दा बढी उद्योग प्रदेश नं. ३ मा खुलेका छन्। त्यहाँ ५ खर्ब ६ अर्बको लगानीमा ४ हजार ९ सय उद्योग सञ्चालनमा छन् भने १ नम्बर प्रदेशमा ३ खर्ब ४२ अर्बको लगानीमा ६७३ उद्योग स्थापित भएका

छन्। प्रदेश नं. ४ मा ५५६ उद्योगमा २ खर्ब ५९ अर्बको लगानी छ भने ५ नं. प्रदेशका ५०८ उद्योगमा १ खर्ब ५५ अर्बको लगानी भएको छ। २ नं. प्रदेश भने लगानीको आकारमा कर्णाली प्रदेशभन्दा पनि पछाडि रहेको छ। कर्णाली प्रदेशमा १ खर्ब ९ अर्बको लगानीमा छ भने प्रदेश नं. २ मा ८३ अर्बको लगानीमा ४११ वटा उद्योग मात्र सञ्चालनमा छन्। केन्द्रीय तथ्याङ्क विभागको आर्थिक गणना २०७५ले यही दर्शाउँछ। अब यहाँनेर प्रश्न के उठ्छ भने वीरगंज उद्योग वाणिज्य सङ्घले सारेको तथ्याङ्क भ्रामक कि नेपाल सरकारको ? यो द्विविधाको पटाक्षेप हुनैपर्दछ। मलाई लाग्छ उल्लिखित तथ्याङ्कहरूलाई हेरेर नै होला नेपाल सरकारले २० प्रतिशत सामग्री ढुवानी गर्ने भैरहवा र विराटनगरलाई ६ लेनको सडक बनायो तर ८० प्रतिशत ढुवानी हुने वीरगंज–पथलैया सडकखण्डमा सरकारको ध्यान नपुग भयो।

अहिले पनि वीरगंजबाहेक अन्य नाकाहरूबाट ६० मेट्रिक टनसम्म बोक्न सक्ने तर वीरगंजदेखि पथलैयासम्म टुक्र्याउन नसकिने मालसामानबाहेक अन्यको हकमा ३० मेट्रिक टनभन्दा बढी बोक्न नपाइने निर्णय भएपछि भारतीय ट्रकहरूले अत्यधिक भाडा माग गर्नु र ढुवानीसमेत नगर्ने अवस्था सिर्जना गरेर सरकारले प्रदेश नं. २ को भएका उद्योगहरूलाई समेत विस्थापित गराउन खोजेको योजनाबद्ध चाल हुन सक्छ। यसलाई थप के कुराले पनि बल पुऱ्याउँछ भने निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको विवादले। यस सम्बन्धमा डिसेम्बर ४, २०१८ को द हिमालयन टाइम्स अङ्ग्रेजी दैनिक पत्रिकामा New Airport in Nijgadh शीर्षक लेखले पनि पुष्टि गर्दछ। जितेन्द्र रानाको यो लेखमा निजगढमा बनाउन लागिएको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल विश्वकै अहिलेसम्मको ठूलो अमेरिकाको एटलान्टा हवाई अड्डाभन्दा चार गुणा ठूलो हुनेछ। अमेरिकाको यो विमानस्थलले वार्षिकरूपमा ११० मिलियन यात्रुलाई सेवा प्रदान गर्दछ। नेपालमा २०११ मा सात लाख ३६ हजार २१५ पर्यटक भित्रिएका थिए भने २०१८ मा १०,०१,९३० भित्रिएका छन् र २०२० सम्ममा नेपाल सरकारले २० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य लिएको छ। हाल १ मिलियनबाट ११० मिलियन पर्यटक पुऱ्याउन नेपाललाई कति वर्ष वा शताब्दी लाग्ला ? चितवनको दक्षिणी भागमा हवाई अड्डा बनाउने पुरानो प्रस्तावलाई चितवन राष्ट्रिय निकुञ्जको जीवजन्तुलाई हवाईजहाजको आवाजले प्रतिकूल असर पार्ने भनेर रद्द गरिएको हो भने यही नियम निजगढको घना जङ्गलमा किन लागू हुँदैन, जहाँ विलुप्तप्रायः भइसकेको चारकोसे झाडीको मध्यवर्ती भागबाट २४ लाख रूख बिरुवा कटान गरी बनाइनेछ। विकल्प के त भने पोखरा र भैरहवामा निर्माण भइरहेका दुईवटा क्षेत्रीय विमानस्थलकै अवधारणामा सिमरा विमानस्थललाई दक्षिणतर्फ विस्तार गरी बनाउने योजनाले आगामी ५० वर्षको लागि नेपालको आवश्यकता धान्न सक्नेछ। त्यसैगरी मध्य चुरेबाट निकाल्न खोजिएको सडक र जङ्गल हुँदै विचरण गर्ने परिकल्पना गरिएको पूर्व–पश्चिम रेलमार्ग तराईको प्राकृतिक संसाधनको विकास होइन विनाश गर्न ल्याइएका योजना हुन्। समग्र मधेसमा आआफ्नो दलगत राजनैतिक स्वार्थबाट माथि उठेर सिमरा विमानस्थलको विस्तार, चुरे लोकमार्गको पूर्ण विराम र पूर्व–पश्चिम रेलमार्गलाई हुलाकी सडकसँग हिंडाउनेतर्फ अग्रसर हुन जरूरी छ।

२०७५ पुस ११ गते बुधवार

- तिनोद गुप्ता

प्रदूषणमुक्त वीरगंज

मङ्सिर २८ गते शुक्रवारको सम्पादकीयमा 'कसरी हुन्छ प्रदूषणमुक्त वीरगंज' भन्ने टिप्पणी पढें । पढेपछि आफू पनि यस क्षेत्रमा रुचि राख्ने विद्यार्थी भएकोले केही कुरा राख्न चाहन्छु । वीरगंज महानगरको पहिलो समस्या भनेकै ठोस फोहरको व्यवस्थापन हो भन्ने लाग्दछ। सम्पादकीयमा उल्लिखित डम्पिङ साइट काठमाडौंको डम्पिङ साइटजस्तै फोहर थुपार्ने ठाउँ हो भने यसले समस्या समाधान गर्दैन । यसका साथै वीरगंज शहरको बौद्धिक स्तर, मान्छेको आचारविचारलाई गहिरिएर हेर्दा यहाँ झट्ट घरधनीहरूले जैविक फोहर र अजैविक फोहर बेग्लाबेग्लै रङ्गको झोलामा राखेर निर्धारित समयमा ढोका अगाडि राखिदेलान् भनेर तत्कालै विश्वास गरिहाल्ने अवस्था देखिदैन । तर यसको शुरूआत भने गर्नै पर्दछ । यसका साथै डम्पिङ साइटमा एउटा Vibrating conveyer हुनुपर्दछ जसले क्रमशः फोहरको अवयवहरू जस्तै शीशा, फलाम, प्लास्टिक र जैविक फोहर छुट्याउन सकोस् । जैविक फोहरलाई जैविक मल बनाउन प्रयोग गर्न सकिन्छ भने शीशा, फलाम, प्लास्टिकजस्ता अजैविक फोहरलाई बेग्लाबेग्लै जम्मा गरी कबाडीहरूलाई बिक्री गर्न सकिन्छ । तर यस कार्यमा सबैभन्दा ठूलो बाधा भनेकै वीरगंजको खुला नालाहरू हो । चरणबद्ध रूपमैं भएपनि महानगरको नालाहरूलाई छोप्ने कार्य भएन भने ठोस फोहरको व्यवस्थापनमा आशातीत सफलता हासिल गर्न सकिंदैन । उपभोक्तावादी संस्कृति प्रभावी भएको यस युगमा प्लास्टिक प्रयोग (झोला)मा रोक लगाएर कहिले सफलता प्राप्त होलाजस्तो लाग्दैन । नालाहरू छोपिएपछि नाला जाम हुने रोगबाट जोगिन सकिनेछ र नालाको पानी उपचार गरेर नदीमा पठाउँदा नदीको पानी समेतको स्तरमा हालको भन्दा बढी सुधार आउँछ भन्ने अपेक्षा गर्न सकिन्छ । तर ठोस व्यवस्थापनको एउटा बिल्कुलै उपेक्षित तर संवेदनशील पक्ष छ अस्पतालजन्य फोहर । यसमा प्लास्टर, रगत, सिरिन्ज, निडिलदेखि शल्यक्रियामा काटिएका अङ्गहरू र सुत्केरीहरूको Placenta वा नजन्मिएका मृत बच्चाहरूसमेत पर्दछन् । वीरगंजको नारायणी उपक्षेत्रीय अस्पतालमा एउटा इनार छ जहाँ यस्ता जम्मै अवयव थुपारेर नुन राखेर गलाइन्छ तर यो वैज्ञानिक विधि भने होइन । किनभने खुला भएको कारण यसको दुर्गन्धले अस्पताल वरिपरि बसि नसक्ने गरी दुर्गन्ध फैलिन्छ । प्लास्टिकबाहेक अन्य पदार्थहरू नष्ट गर्न यस अस्पतालमा एकताका incinerator समेत जडान भएको थियो जसको प्रयोगबाट निस्कने धूवाँको दुर्गन्ध असह्य भएर छपकैया निवासीहरूको विरोधको कारण यो एकाइ बन्द गरियो र अब त पूरै जीर्ण भइसकेको हुनुपर्दछ । तर वीरगंज महानगरभित्र यस अस्पतालबाहेक मेडिकल कलेज, निजी अस्पताल र क्लिनिकहरूसमेत सञ्चालनमा छन् । यिनीहरूबाट निस्किने यस्ता फोहरहरूको व्यवस्थापन कहाँ र कसरी भइरहेको छ यो व्यापक जनसरोकारको मुद्दा हो किनभने यसबाट सधैं सङ्क्रमणको खतरा रहन्छ । अतः महानगरले यस क्षेत्रमा विज्ञहरूबाट अध्ययन नै गराएर सशुल्क सेवा शुरू गर्नु अपरिहार्य भइसकेको छ । अझ यस सेवाले माछामासुको बिक्री गर्दा उत्पन्न फोहरको क्षेत्रलाई समेत समेट्न सक्नु

दीर्घकालीनरूपमा महानगरको लागि उपलब्धिमूलक हुन सक्छ ।

दोस्रो क्षेत्र हो, वायु प्रदूषणको । कुनै पनि शहरको वायु श्वासप्रश्वासको लागि उपयुक्त हुन उद्योगहरूको चिम्नीबाट निस्किने धूवाँ कम्तीमा ३० मिटरको उचाइबाट निस्कनुपर्ने र यसमा धूलोको कण नियन्त्रण गर्ने उपकरण जडान भएको हुनुका साथै कुल क्षेत्रफलको ४० प्रतिशत भूभाग रूखबिरुवाले ढाकिएको हुनुपर्दछ । महानगरको क्षेत्र निर्धारण भइसकेकोले महानगरपालिकाले सरकारी वा ऐलानी जग्गाको निक्र्योल गर्नुका साथै पूर्वमा सिंघा र पश्चिममा श्रीसिया खोलाको किनारमा हरितपट्टी (ग्रीन बेल्ट) निर्माण गर्ने योजना शुभारम्भ गर्नुपर्दछ। यसले सवारी साधन, एयरकन्डिशन, रेफ्रिजेरेटरलगायतका सुख सुविधाका उपकरणहरूबाट उत्सर्जन हुने कार्बन डाइआक्साइड ग्याँसलाई सोसेर ग्रीन हाउस इफेक्ट उत्पन्न हुनबाट जोगाएर वातावरण परिवर्तन हुनबाट जोगाउँछ । यसतर्फ प्रभावकारी कदम भनेको सवारी साधनको नवीकरण गर्दा नगरपालिकाबाट ग्रीन स्टिकर लिने प्रावधान राखेर थप बल पुऱ्याउन सकिन्छ। त्यस्तै नगर क्षेत्रभित्र नै वृक्षरोपण गर्दा बोगन बेलियाको बढीभन्दा बढी प्रयोग गर्न सकिन्छ । यस बिरुवामा वायुमण्डलमा रहेको कार्बन डाइआक्साइड ग्याँस सोस्ने अद्भूत क्षमता पाइएको छ ।

धूलो नियन्त्रण त सडक र फूटपाथको निर्माणपश्चात् समाधान हुने आशा गर्न सकिन्छ । हाम्रो काम गर्ने संस्कृति अनुसार राष्ट्रिय महत्त्वका योजनाहरू नै कछुवा गतिमा हिंडिरहेका छन् भने राजनैतिक उपेक्षाको शिकार यस शहरको सडक छिटो बन्ला भनेर आश गर्न खासै ठाउँ देखा पर्दैन ।

प्रदूषणको अर्को क्षेत्र हो जल प्रदूषण एवं ध्वनि प्रदूषण । जल प्रदूषणको कुरा गर्दा श्रीसिया नदीबारे सबैलाई थाहा भएकोले लामो गन्थन आवश्यक छैन । तर महानगरले श्रीसिया र सिंघा खोलामा महानगरको नालाको पानी छाड्दा उपचार गरेर छाड्दा दुवै नदीको प्रदूषणको स्तरमा उल्लेखनीय सुधार आउँछ । थप सुधारको लागि उद्योगहरू चनाखो हुनुपर्ने वा बनाउनुपर्ने आवश्यकता छ । ध्वनि प्रदूषणबारे वीरगंजमा कुनै खास अध्ययन भएको जानकारी छैन । तसर्थ हर्न निषेध र लाउडस्पिकर निषेधका साथै साइलेन्सरमुक्त वाहनहरूलाई पनि निगरानीको सूचीमा राख्नु बेस हुनेछ । यसका साथै आधार तयार गर्न महानगरको व्यस्त ठाउँहरूमा ध्वनि प्रदूषणको स्तरको अध्ययन गराई आवश्यक कदम चाल्नु नै बेस हुनेछ ।

त्यसैगरी नगरमा सञ्चालन हुने ससाना होटल, खाद्यान्न बिक्री गर्ने ठेला र खाजा पसलवालाहरूलाई तालीमका साथै सेवाको स्तर खासगरी पानीको गुणस्तर र खाना छोपेर राख्न अनिवार्य व्यवस्थाप्रति सचेत गराउनु पनि उत्तिकै जरूरी छ । यसको लागि महानगरपालिकाको खाद्य विभागलाई सक्रिय एवं जनशक्तियुक्त बनाउन आवश्यकता पर्नेछ ।

तर माथि उल्लिखित सबै कार्यभन्दा महत्त्वपूर्ण हामी उपभोक्ता वा नागरिकमा सचेतना जरूरी छ । नागरिकलाई सचेत बनाउन सफाइसम्बन्धी प्रशिक्षण चाहिन्छ अन्यथा कुनै कार्य सफल हुनेवाला छैन । त्यसैले आजको यक्ष प्रश्न नै के छ भने– 'नागरिकलाई प्रशिक्षित कसले गर्ने ?'

२०७५ पुस ०४ गते बुधवार

- तिनोद गुप्ता

श्री ५ ओली सरकार

देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सिपी गजुरेलले प्रयोग गरेको शीर्षक शब्दको सार्थकता खौज्दा देशमा अहिले गणतान्त्रिक संविधान कार्यान्वयनमा रहेको यथार्थ स्वीकार गर्नैपर्छ। प्रजातन्त्र वा गणतन्त्रलगायत शासन प्रणालीमा मुख्यतया तीनवटा अङ्ग रहेकै हुन्छ। ती हुन् (१) विधायिका (२) कार्यपालिका र (३) न्यायपालिका। तीनवटै अङ्गको काम भनेको जनताको लागि लोककल्याणकारी राज्यको स्थापना गर्नु हो।

यसै सन्दर्भमा नेपालमा पनि तीनवटै तहको सङ्घीय संरचना अनुसार सात प्रदेश र एक केन्द्रमा सरकार मतदानबाट गठन भइसकेको छ। यो सरकार नेकपाको हो र यसले सङ्घीय संसद्मा दुईतिहाई बहुमत हासिल गरेको छ। जहाँसम्म कामको कुरा छ आम जनतालाई उद्वेलित गर्नेगरी सरकारले आफ्नो कार्यकालमा तीनवटा महत्त्वपूर्ण कामहरू गरेको मान्नैपर्ने हुन्छ। त्यसमा पहिलो हो निर्मला पन्तको बलात्कारी र हत्यारा नसमाउनु। लामो समय बितिसक्दा पनि आन्दोलन नथामिएर रन्थनिएको सरकारले शान्तिपूर्ण प्रदर्शन र पोस्टर टाँस्नसमेत निषेध गरेपछि अहिले मृतकको समर्थनमा युवालगायत समाजका हरेक वर्गले समर्थन जनाउनुको साथै युवाहरूले पिठ्यूँ, छाती र स्कूल ब्यागमा समेत उनको तस्वीर राखी 'सरकार भेटियो, न्याय भेटिएन' स्लोगन राखी हिंड्न थालेपछि लाजै नमानेर चुपचाप बसेको छ सरकार भने 'सत्य, सेवा र सुरक्षा'को प्रत्याभूति दिन जनताको करबाट तलब भत्ता खाने प्रहरी भने एक-दुई केसको आधारमा समग्र प्रहरी सङ्गठनको मूल्याङ्कन गर्न नहुने तर्क राख्दै हिंडेको छ। सामान्यरूपमा हेर्दा वाहियात देखिए पनि यो भनाइ गहिरिएर विचार गर्दा गम्भीर छ। यसबाट के अर्थ निकाल्न सकिन्छ भने यो घटनामा अपराधी पत्ता नलाग्ने वा नलगाउने मनस्थितिमा नेपाल प्रहरी पुगिसकेको छ। यो बुझेर नै होला जागिर खोसिएका सा'बहरू पुनर्बहालीको लागि जुर्मुराउन थालिसकेका छन्।

दोस्रो महान कार्य हो, महामहिम राष्ट्रपति महोदयाको लागि नयाँ कार केड र हेलीप्याड बनाउन स्वयं भवन विस्तार गर्न प्रहरी प्रतिष्ठानको उठिबास लगाउने। हुन पनि हो, घुँडा टेकाएर दर्शन भेट दिने राष्ट्रपति महोदयाको लागि सुविधा नपुग हुन सक्छ तर यसैको अर्को संवेदनशील पक्ष के पनि हो भने घनाबस्ती क्षेत्रमा राष्ट्रपति र अतिथि भवन बनाउनुभन्दा प्रहरी प्रतिष्ठान नयाँ बनाउने ठाउँमा नै सार्दा के होला ? तर राष्ट्रपति निवासबाट देशको सर्वोच्च संस्थालाई विवादमा नतान्ने उर्दी जारी भइसकेकोले यस उपलब्धिलाई यही विराम दिनु उपयुक्त हुन्छ। तेस्रो बहुचर्चित अन्तर्राष्ट्रिय स्तरको कार्य भनेको युनिभर्सल पिस फाउन्डेशन नामक विवादास्पद धर्म प्रचारक गैरसरकारी संस्थाको सम्मेलनको सरकारी खर्चमा र त्यो पनि सुरक्षामा मात्रै बिमस्टेक सम्मेलनमा भएको राष्ट्रप्रमुखहरूको सुरक्षा खर्चलाई उछिन्ने गरी भएको सुरक्षालगायत अन्य खर्च गरी आयोजित सम्मेलनले, जसले हाम्रो प्रधानमन्त्री केपी ओलीलाई आफ्नो भाषण सङ्कलन गरिएको पुस्तक बाँड्ने अवसर दियो र

उनलाई 'नेपालको लोकतन्त्र र सुशासनको नेतृत्व गरेबापत' लिडरसीप एन्ड गुड गर्भनेन्स अवार्डबाट सम्मानित गरेको छ । पूर्व प्रम माधव नेपालबाहेक सबै प्रमहरूबाट बहिष्कृत यस कार्यक्रमको नेपाली क्रिश्चियन समाजले समेत विरोध गरेको छ । यसभन्दा पनि ठूलो कुरा के भने नेकपा पार्टीको बहुमत सदस्यसमेत यसप्रति असन्तुष्ट छन् । नेकपाकै भीम रावलले कुनै व्यक्ति र निजी संस्थाको निहित स्वार्थमा सरकार र पार्टीको दुरुपयोग गर्न मिल्दैन भन्दै सम्मेलन गर्नेहरूले यत्रो पैसा कहाँबाट आयो जनतालाई भन्नुपर्छ भन्दै असन्तुष्टि पोखेका छन् भने चर्चित नेता घनश्याम भुसालले विगत केही दिनमा नेताहरूको सांस्कृतिक अद्यपतन र नग्नताको जुन राष्ट्रिय परेड प्रदर्शन भयो त्यसको मूल्य यस मुलुकका सन्तान दर सन्तानले लामो समयसम्म तिर्नुपर्नेछ भनेका छन् ।

अब जहाँसम्म विधायिकाको कुरा छ, गजुरेलले भनेजस्तै, प्रतिपक्ष सङ्ख्यात्मकरूपमा कमजोर भएपनि जनताको आवाजलाई प्रखररूपमा राख्न र विरोध प्रदर्शन गर्न नसकी रुझेको बिरालोजस्तो भएको छ । विगत संसद् सत्रभरि र अहिले संसद् नचलेका बेलासमेत प्रतिपक्ष आफ्नै आन्तरिक व्यथाले अस्तव्यस्त छ। त्यसपछि आशाको त्यान्द्रो झुन्डिएकोमध्ये बाँकी रहन जान्छ न्यायपालिका ।

सोमवार मङ्सिर १७ गतेको कान्तिपुर दैनिकको मुखपृष्ठमा प्रकाशित एउटा समाचारको शीर्षक 'हिंड्ने बेला रुचिको मुद्दा' रहेको छ । यो समाचार पढेपछि वर्तमान प्रधान न्यायाधीश ओमप्रकाश मिश्रको अवकाशमा एक महीनामात्र बाँकी भएकोले ठूलो आर्थिक र व्यापारिक मुद्दाहरू पेशी चढ्ने क्रम बढेको ज्ञात भयो । एनसेलको विवादास्पद कर छली मुद्दाजस्तै गोविन्दप्रसाद जोशी र मीनबहादुर जोशी जोडिएको भ्रष्टाचारको मुद्दाका साथै ६ वर्ष अघिको नक्कली बिल प्रकरणमा आन्तरिक राजस्व विभागको पक्षमा फैसला भएको १६ मुद्दालगायत शङ्कर आक्सिजन ग्याँससँग सम्बन्धित पाँच, महेश बानियाँ सम्बद्ध दुई, भाटभटनीका सात र अरुण इन्टरकान्टिनेन्टलका दुईवटा मुद्दा पनि अस्वाभाविकरूपमा हेर्दहिर्दैको सूचीमा परेका छन् । यसमा सर्वोच्चकै एक स्रोतले पछिल्ला केही साता यस्ता अस्वाभाविक काम कारबाई दिनहुँ देख्नुपरेको गुनासो गरेकोसमेत उल्लेख छ । सरकारका तीनवटै अङ्गको उपलब्धिपछि अब प्रत्यक्ष र अप्रत्यक्ष कर तिरेर तीनवटै अङ्गको भरणपोषण गर्ने जनताको उपलब्धि पनि हेरौं । ग्रामीण बासिन्दा प्राथमिक स्वास्थ्य सेवाबाट वञ्चित छ भने सरकारी ठूला अस्पताल पनि अव्यवस्थाले नै ग्रस्त छन् । त्यसैले होला सर्लाही चक्रघट्टा औरहीका रमेश मल्ली डोमकी पत्नी शल्यक्रियाको लागि मलङ्गवाको एक स्वास्थ्य संस्थामा शल्यक्रियाबापत २३ हजार तिर्न नसकेर समस्यामा परेको, राधा मल्लीको चन्दा उठाएर पनि नपुग्ने भएपछि स्थानीय केही भलामानसहरूले उक्त रकम भुक्तान गरिदिएका छन् । यस्ता कतिपय रमेश र राधिकाहरू उपचारमात्र होइन खानै नपाई पनि सुत्दा होलान्, जीउ ढाक्न एकसरो लुगासमेत नहोला, तर नेपालको संविधानको प्रस्तावनामा यस देशको सार्वभौम सत्ता जनतामा छ भन्ने उल्लेख भएको देखेर दङ्ग परेर जात्रा हेर्न बानी नै परिसकेको छ हामीलाई । त्यसैले होला कहीं नभएको जात्रा हाँडी गाउँमा भन्ने उखान नेपालमा प्रसिद्ध भएको ।

२०७५ मङ्सिर २६ गते बुधवार

नेपाल–अमेरिका सम्बन्ध

गताङ्कमा 'राष्ट्रियता र एकताको कुरा' शीर्षक लेखमा नेपालको भारत र चीनका साथै अमेरिकाको पनि उल्लेख रहेपनि भारत र चीनसँग नेपालको सम्बन्धमा बढी केन्द्रित थियो । तर विभिन्न समाचारपत्रहरू एवं द रिपलिब्लकाको २९ नोभेम्बरको अङ्कमा 'American in watching' शीर्षकमा महावीर पौड्यालको लेखबाट नेपाल अमेरिका सम्बन्धमा भइरहेको परिवर्तनबारे समेत ध्यान दिनुपर्ने तथ्य बोध भयो ।

नेपालले भारततर्फबाट भएको २०१५ को नाकाबन्दीपछि चीनसँग घनिष्ट हुन लागेको देखिए पनि पश्चिमाहरू यसलाई विगतमा नेपालले खेल्दै आएको चिनियाँ र इन्डिया कार्डकै निरन्तरता मान्दछन्। यसै क्रममा नेपालले चीनसँग ९०० बिलियन डलरको BRI सम्झौता गरेर केरुङ, काठमाडौं, पोखरा र लुम्बिनी रेल सेवा शुरू गर्ने पूर्व सम्भाव्यता अध्ययन शुरू गरेदेखि नै अमेरिकीहरूले नेपाल–चीन सम्बन्धमा विशेष रुचि राख्न थालेका छन् । अमेरिकीहरू पनि दुई खेमामा विभाजित देखिन्छन् । महावीर पौड्यालका अनुसार जोन हकिन्स विश्वविद्यालयका प्राध्यापक Dr Joshuwat White अमेरिका भारतीय बुझाइबाट नेपाललाई हेर्दै अहिलेको बढ्दो नेपाल–चीन सम्बन्धलाई नजीकबाट हेरिरहेको छ । अमेरिकीहरू नेपाललाई श्रीलङ्काको जस्तो Debt-trap मा नपर्न चनाखो हुनुपर्ने धारणा राख्दछन् भने अर्को समूह RAND'S Centre for Asia Pacific Policy का विज्ञहरू यस तर्कलाई मान्दैनन् । उनीहरूको विचारमा Debt-Trap माथि विशुद्ध अध्ययन भएको छैन, त्यसैले यसलाई सही मान्न सकिँदैन भन्दै लैटिन अमेरिकाको उदाहरण दिन्छन्, जहाँ चीनले प्रशस्त लगानी गरेको आयोजनाहरू सफलतापूर्वक सञ्चालन भइरहेको छ ।

अमेरिका डोनाल्ड ट्रम्पको नेतृत्वमा आक्रामकरूपमा प्रस्तुत हुनेछ भन्ने कुरा उनको चुनाव प्रचारदेखि नै आभास मिलिरहेकै थियो । उनले चीनसँग बराबरीको व्यापार सम्बन्ध राख्ने आफ्नो नीति अनुरूप नै हिंड्न खोजेका हुन् जसलाई Trade war को संज्ञा दिइएको छ । तर इस्ट–वेस्ट सेन्टरका फेलो डा. क्रिस्टोफर मिनेलीको विचारमा People see US and China clashing with each their. The truth is that U.S. has gone closer to Chine under Trump. कसरी भने अमेरिका चीनलाई निजी क्षेत्रको बढी सहभागिताका साथ खुला बजार अर्थनीति अनुसार चिनियाँ लगानी पनि बढोस् भन्ने चाहना राख्दछ । तर चीन आफ्नो विकासको अनुभव अर्थात् शासन व्यवस्था र विकासको मोडेललाई छाड्न चाहँदैन । यो नै ग्लोबल महाशक्ति र चीनबीचको मूल द्वन्द्व हो जस्तो लाग्दछ । चीनको अल्पविकसित र विकासशील मुलुकहरूसँग बढ्दो घनिष्टता घटाउन नै ट्रम्प प्रशासनले 'इन्डो पैसिफिक रणनीति' अन्तर्गत भारतलाई केन्द्रमा राखेर Better utilization of investment

leading to development Act (BUILD ACT 2018) स्वीकृत गरेको छ।

यसले इन्डो–पैसिफिक क्षेत्रमा अमेरिकी लगानी बढाउन मदत गर्नेछ । तर तथ्याङ्क हेर्दा विश्व व्यापार सङ्गठनले २०१७ मा सार्वजनिक गरेको विवरण विश्वभरको निर्यातको तुलनामा भारतको भागिदारी १.६८ प्रतिशतमात्र थियो भने चीनको १२.७७ प्रतिशत र वर्ष २०१७ मै भारतको अमेरिकासँगको व्यापार ४८ अर्ब ६० करोड डलरको थियो भने अमेरिकाको चीनसँगको व्यापार ५ सय ५ अर्ब ५० करोड अमेरिकी डलरको थियो। यो तथ्याङ्कको आधारमा चिनियाँ बजार घटाएर भारतसँग व्यापार बढाउन तत्कालै नसक्नु अमेरिकाको बाध्यता छ भने भारतले हालसालै रूससँग अमेरिकी चाहनाविपरीत गरेको सैन्य आयुध खरीद सम्झौताका कारण अमेरिका–भारत सम्बन्ध अलि चीसो हुन पुगेको महसूस हुन थालेको छ । त्यसैले अमेरिकाले चीनमाथि नियन्त्रित दबाब मात्र सृजना गर्न सक्ने अवस्था छ ।

नेपालले अमेरिकालगायत युरोपियन युनियनका देहरूसँगको सम्बन्धमा २०१५ को भारतीय नाकाबन्दी छिटो खुलाउन कुनै पहल नगरेको पृष्ठभूमिमा आफ्नो उपस्थिति पनि कमजोर नै जनाउँदै आएको छ । यस अवस्थामा नेपालले अब चीनको BRI र अमेरिकाको BUILD ACT मध्ये कसलाई रोज्ने भन्ने चुनौती आउने नै छ । यस सम्बन्धमा हाम्रो प्रधानमन्त्रीले Amity with all enemity with none मा नेपालको पररा्ष्ट्र नीति आधारित हुने घोषणा गरेपनि भूराजनैतिक अवस्थितिका कारण अमेरिकाले स्वतन्त्र तिब्बत आन्दोलन र युरोपियन युनियनले धर्मान्तरणको कार्य रोक्ने छैन भने Build Act को दबाबलाई रोकेर पूर्णतया चीनमुखी भएर BRI मा लाग्ने सहज वातावरण नेपालको लागि हुने अवस्था देखिंदैन । यस अवस्थामा महावीर पौड्यालकै लेखमा प्राध्यापक डा. क्रिस्टोफर मेनेलीको सल्लाह Nepal is seen by china as a extremely important bridge Country to allow China to access to South Asian market. China offer Nepal many opportunities. तर नेपाल यसमा सचेत भएन भने साँढेको जुधाइमा बाच्छाको मिचाइ हुन सक्छ र यस अवस्थामा नेपाल चीनको ऋणको भार बोक्दै भारतमाथि कूटनैतिक र आर्थिकरूपले निर्भर बन्ने अवस्था आउन सक्छ । यस अवस्थामा भारतले नेपाललाई अहिलेभैं अविश्वास गर्न सक्छ। अर्थात् नेपालको नीति यति नापतौल गरेर बन्नुपर्‍यो कि दुवै छिमेकीसँग समदूरी बनिरहोस् ।

२०७५ मङ्सिर १९ गते बुधवार

विकल्पको खोजी

आम नेपाली जनताका साथै दुईतिहाई मत हाल्ने जनतामध्ये पनि अधिकांश अब सरकारी रवैयाप्रति अविश्वास गर्दै आशङ्का र वितृष्णाले ग्रस्त हुन थालेको सङ्केतहरू पाइन थालेको छ । निर्वाचनको समयमा ओलीको राष्ट्रवादको नारा र घूस खाँदा पनि खान्न र खान पनि दिन्न भन्ने अभिव्यक्तिले बनाएको इमानदार छविको विरोधमा कुरासमेत सुन्न नचाहने मतदाता अहिले छटपटिएको छ । तीनवटै तहको निर्वाचनपछि बनेको तीन तहको सरकारको गाडी र डोजर आतङ्का साथै गरिब जनताले, तीनवटै तहबाट लादिएको कर भोग्नुपरेको एकातिर छ भने ठूलाबडा र तिनका कम्पनीहरूलाई मनपरी कर छुट दिएर ढुकुटी रित्तिएको हेर्नुपरिरहेको द्वन्द्व छ । चिनीको खेलमा एक अर्ब ५९ करोड जोसुकैले कमाए पनि आफूले ७०–८० रुपियाँ प्रतिकिलो चिनी किन्नुपरेको चिन्ता एकातिर छ भने दशैंको मुखमैं किनमेलको सबै वस्तुमा भएको मूल्यवृद्धिको चिन्ताले पनि छटपटी बढाएको छ । सामाजिकताको कुरा गर्दा निर्मला पन्तको बलात्कारपछि हत्याकाण्डको प्रमाण जोगाउने जिम्मेवारी भएका प्रहरीहरूको घोर लापरवाही प्रमाणित भइसक्दा पनि निर्मलाको बुवाआमाको अगाडि दोषीलाई जसरी पनि कठघरामा उभ्याउने भन्न भ्याउने गृहमन्त्री नै फेरि अनुसन्धानमा १२ वर्ष पनि लाग्न सक्ने भन्न भ्याएका छन् र यस्तो अनैतिक अपराधको जरो पूँजीवादी व्यवस्थामा देख्छन् । तर प्रधानमन्त्रीले अमेरिकामा बोल्दा बलात्कार राज्यले नगरेको हुनाले यसलाई दोषी मान्न मिल्दैन भन्दै यसको समर्थनमा भएको आन्दोलनलाई राजनीतिकरण गर्ने प्रयास मान्छन् । उनको यस भनाइले अन्तर्राष्ट्रिय क्षेत्रमा माओवादी द्वन्द्वको सफल रूपान्तरण गरेर कमाएको ख्यातिमाथि नै प्रश्नचिह्न खडा गरिदिएको छ । हिंसक द्वन्द्वपछि शान्ति प्रक्रियामा प्रवेश गरेर संविधानको निर्माणपश्चात् तीनवटै तहको सफल निर्वाचन गरेर आकर्षक द्वन्द्वोत्तर (Post Conflict Economy) अर्थतन्त्रको रूपमा पाउँदै गरेको चिनारी कमजोर बनेको छ । द्वन्द्वकालमा बेपत्ता पारिएकाहरूको लागि गठित आयोगको निकम्मापनले कमजोर पारेको द्वन्द्वोत्तर राज्यको हाम्रो छवि झन् साँघुरिएको छ । २१ औं शताब्दीको मुखमा दुईतिहाई बहुमत हासिल गरेको देशको प्रधानमन्त्रीले अन्तर्वार्तामा यस्तो शब्द प्रयोग गर्न सुहाउँछ ? प्रधानमन्त्रीको यो भनाइले दुईतिहाईको यो सरकार राज्य वा जनताप्रति नैतिकरूपमा जिम्मेवारी बोध गर्न नसकेको सरकार हो भन्ने स्पष्ट हुन आउँछ । दोस्रो संयुक्त राष्ट्रसङ्घमा सम्बोधनको क्रममा 'शान्ति प्रक्रिया र रूपान्तरण'मा विश्वलाई नै बाटो देखाउन अग्रसर नेपालको रूपमा देशलाई प्रस्तुत गर्दा सरकार आम जनताको सरोकारसँग सम्बद्ध नभएर भौतिक बलबाट संविधान कार्यान्वयन गराउन कटिबद्ध रहेको मानसिकता पनि सार्वजनिक भएको छ ।

३३ किलो सुन प्रकरणको अनुसन्धानको मुख्य अभियुक्तको सियो राजनीतितिर फकँदा आयोगको म्याद नै थप नगरी अनुसन्धान र छानबिन रोकिनुका साथै न्यायालयको राजनीतीकरण गर्नुका साथै अहिले आएर महान्यायाधिवक्ताले प्रदेश सरकारलाई प्रदेश प्रहरी ऐन कार्यान्वयनमा नल्याउन दिएको निर्देशनले समेत थुप्रै नैतिक प्रश्न जन्माएको छ । प्रदेश सरकार के महान्यायाधिवक्ता मातहतको निकाय हो ? महान्यायाधिवक्ताले निर्देशन प्रादेशिक महान्यायाधिवक्तालाई दिने हो कि प्रदेश सरकारलाई ? यस्ता काम कारबाईबाट नै सरकार, कानून र राज्य, त्यसैले जे पनि गर्न सकिन्छ भन्ने सर्वसत्तावादी र अधिनायकवादी सोचको द्योतक हो । जहाज खरिद प्रकरण र बूढीगण्डकी जलविद्युत् योजनालाई आफ्नै स्रोत साधनमा ल्याउन छाडेर फेरि चिनियाँ कम्पनीलाई आर्थिक नियमविपरीत दिने भनी गरिएको निर्णय पनि भ्रष्टाचारकै श्रेणीमा पर्दछ । जनता यी सबै घटनाहरूसँग परिचित छ र आफ्नो रोजाइ गलत भएको निष्कर्षमा पुगेको छ । यस्तो बेला आमरूपमा चल्ने चर्चा विकल्प हो । अब नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनेपछि दलगत स्तरमा यसको एकमात्र विकल्प काङ्ग्रेस देखा पर्दछ ।

आन्दोलनमा सधैं सफल तर सरकारमा असफल रहँदै आएको नेका यतिखेर आफ्नै आन्तरिक समस्याले ग्रस्त छ । यस्तो बेलामा नेकाले एकातिर आफ्नै विधान संशोधनदेखि साङ्गठनिक संरचना बनाउनुपर्ने गुरुतर जिम्मेवारी छ भने अर्कोतर्फ सङ्घीय संसद्मा गर्नुपर्ने प्रतिपक्षको भूमिका छ । यो दुवै भूमिका निर्वाह गर्न काङ्ग्रेसले अहिलेसम्म कुनै ठोस कदम चाल्न सकेको देखिदैन । यस्तो अवस्थामा आम मानिसले के गर्ने ? भन्ने प्रश्नले सबैलाई छटपटी भएको छ ।

पहिलो विकल्प त काङ्ग्रेसले आन्दोलन गरेर सरकार परिवर्तन गर्ने वा पाँच वर्षे कार्यकाल पूरा भएपछि मतदानबाट परिवर्तन हुन सक्छ । अहिलेको अवस्थामा काङ्ग्रेसले आन्दोलन गर्न नसक्ने र पाँच वर्षपछि चुनाव हुँदा काङ्ग्रेसले वर्तमान पृष्ठभूमिमा सबै ठीक पारिदिने कुरामा विश्वास गर्न सकिने कुनै आधार देखिदैन । हो लोकतन्त्र खतरामा नहुने कुरा मात्र ग्यारेन्टी गर्न सकिन्छ ।

दोस्रो विकल्पको रूपमा सबैले आआफ्नो लागि आफैंले सोच्ने वा अर्को शब्दमा व्यक्तिवादी सोच राख्ने प्रवृत्ति बढाउनेतर्फ सोच्न सकिन्छ । यसले हुनेखाने मौलाउने र गरीब झन् गरीब हुने आजको अवस्थाभन्दा झन् विषम अवस्थामा हामीलाई उभ्याइदिन्छ किनभने यो अवस्थामा कसैलाई दायित्वबोध हुँदैन । गरीबले सरकारले आफूलाई नहेरेको गुनासो गरिरहन्छ भने हुनेखानेहरू कर र बाध्यताले नियम मान्दछन् । जस्तै हामी टैक्स चोरीमा समातिने डरले सकेसम्म न्यून कर तिर्छौं । भ्रष्टाचारमा समातिने डर भए पनि यतिविधि संलग्न हुन्छौं कि अख्तियारको खोर नै भरिन्छ । यी केही यस्ता उदाहरणहरू हुन् जसबाट हाम्रो घट्दो नागरिक दायित्वबोध र कर्तव्यको अनुमान गर्न सकिन्छ । यस्तो अवस्था तब मात्र आउँछ जब आम जनताको मनमा सरकारप्रति विश्वास घटिरहेको हुन्छ । यो व्यक्तिवादी सोचले हामीलाई दुष्चक्रको अनवरत

शृङ्खलातर्फ धकेल्छ ।

तेस्रो विकल्प आफूले खोजेको चाहेको जस्तो नेता बन्नु हो । तर तपाईं यस्तो सोच नभएको पनि हुन सक्नुहुन्छ । तपाई पारिवारिक भएर जीवन व्यतीत गर्न चाहन सक्नुहुन्छ । समाज अनि देश यस्तै व्यक्तिहरूबाट बनेको हुन्छ । त्यसैले तेस्रो विकल्प जो जहाँ जे अवस्थामा छ त्यहींबाट ससानो समूहमा सङ्गठित भई सामूहिकताको अवधारणामा अगाडि बढ्न सकिन्छ । तर बाध्यता के छ भने समूहमा पनि एउटा नेतृत्वकर्ता पाउन सकियोस् र देशले आजको विषम परिस्थितिबाट पार पाउन सकोस् । यस्तो नेतृत्वकर्ताले सत्तासीन राजनीतिज्ञहरूलाई जनताले चाहेजस्तो विकास गर्न बाध्य पार्न सकोस् ।

२०७५ कात्तिक ०७ गते बुधवार

सङ्घीयता र अधिकार

विगत हप्ताभित्र मधेसका दुईवटा घटनालाई प्रतिनिधि पात्रको रूपमा लिन सकिन्छ। मधेसका राजेन्द्र महतोको वीरगंजको अभिव्यक्ति र गौरमा सिके राउतको गिरफ्तारी। यी दुवै घटनालाई जोडेर हेर्दा नवनियुक्त प्रधानसेनापतिले आफ्नो पहिलो सम्बोधनमा आन्तरिक सुरक्षालाई लिएर व्यक्त गर्नुभएको चिन्ता स्वाभाविक हुन आउँछ। यस्तो अवस्थाको उत्पत्ति नेपालको हालको सङ्घीय संरचनाबाट उत्पन्न भएको मान्न सकिन्छ। सङ्घीयताको लागि प्रदेशको गठन गर्दा सैद्धान्तिक तवरमा बहुजातीय समाजमा यस प्रकारले हुनुपर्ने थियो, जसबाट अल्पसङ्ख्यकहरू प्रदेशमा बहुमतमा रहेर स्वशासन गर्न सकून्। हाम्रो सङ्घीय संरचनामा यो हुन सकेको छैन। तसर्थ यसले पर्याप्त अधिकार र प्रादेशिक स्वतन्त्रताको अभावमा द्वन्द्व उत्पन्न गर्ने निश्चित प्रायः छ। केन्द्रले यस्तो नभएको भने पनि पोखरामा भएको सातवटै प्रदेशका मुख्यमन्त्रीहरूको बैठक र जारी भएको ९ बुँदे घोषणापत्रबाट यो समस्या उजागर भइ नै सकेको छ। यस सम्बन्धमा गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङको केन्द्रले प्रदेश नं २ को कारणले अन्य प्रदेशलाई पनि संविधानप्रदत्त अधिकारसमेत प्रयोग गर्न नदिन चाहेको भन्ने भनाइले केन्द्रको मानसिकतालाई उजागर गरेको छ। यसबाट के समेत स्पष्ट हुन्छ भने केन्द्रका राजनीतिज्ञ र नीति निर्माताहरू प्रदेश नं २ लाई 'संविधानप्रदत्त अधिकार प्रयोग गर्न दिएमा यसले सङ्घीय सरकारको लागि चुनौती खडा गर्न सक्छ' भन्ने मानसिकताबाट ग्रस्त छन्।

यस्तो किन ? के खस-आर्यहरू मात्रै राष्ट्रवादी हुन्। मधेसको तिलाठीमा मधेसीले प्रदर्शन गरेको राष्ट्रियता लिपुलेकको सम्बन्धमा खस-आर्यहरूले किन प्रदर्शन गर्न सकेनन् ? त्यसैले प्रश्न राष्ट्रियताको हो भनेर देखाउन खोजे पनि वास्तविकता पद, सत्ता र यसबाट प्राप्त हुने सुख सयलको हो। तर यस्ता राजनीतिज्ञहरूले बुझ्नुपर्ने कुरा के हो भने द्वन्द्वपछि स्थापित सङ्घीय संरचना भएका देशहरूमा अल्पसङ्ख्यकहरूले केन्द्रलाई राज्यको स्वयम् निर्णय गर्ने माध्यमको रूपमा मात्रै स्वीकार गरेको पाइएको छ। यो भएन भने अन्तरसङ्घर्ष शुरु हुन्छ, जुन प्रधानसेनापतिको चिन्तासँग मेल खान्छ। हालै प्रदेश नं २ को सरकारले प्रदेशसभामा प्रादेशिक प्रहरी र प्रशासनसम्बन्धी विधेयक प्रस्तुत गरेको छ र यसमाथि छलफलका दौरान मुख्यमन्त्रीले यो विधेयक संविधानसम्मत भएकोले चित्त नबुझ्नेहरूलाई अदालत जान भन्नुभएको छ। यो द्वन्द्वको प्रारम्भिक सुरुआत हो। छलफलको क्रममा नेकपा र नेकाले यसको विरोध गरेछन्। यसलाई नै भनिन्छ द्वैध चरित्र। संयुक्त सरकारमा भएको नेकपा र फोरमको सरकारलाई समर्थन गर्ने ठूलो दलको विरोधमा विपक्षी पनि विरोधमा हुँदा त्यहाँ सरकार प्राविधिकरूपमा अल्पमतमा परेको देखिन्छ। तर घटनाको अर्को पाटो नेकपा र

नेकाको एकता पनि हो । यो घटनाको सूक्ष्म विश्लेषण गर्दा दुवै दलका नेताहरूको खस-आर्यको सामन्तवादी मानसिकता र यही नै दुवै दलका मधेसी सांसदहरूको यो निर्णयलाई स्वीकार गरेर बस्नुलाई दास मानसिकताको रूपमा हेर्न सकिन्छ । कमसेकम नेकपा र नेकाबाट निर्वाचित प्रदेशसभाका सांसदहरूले संविधानप्रदत्त अधिकारको प्रयोगको लागि आआफ्नो पार्टीभित्र नै नैतिक धरातलमा टेकेर आवाज उठाउनुपर्ने हो। यो नभएको अवस्थामा अब के हुन्छ त भन्ने प्रश्न उठ्न सक्छ ।

सङ्घीय शासनको यही रवैयाबाट उत्पन्न विरोधाभासले मधेसलाई अलग राज्यको रूपमा माग गर्ने सिके राउतको आन्दोलनले मलजल पाइरहेको छ । सातवटै प्रदेशका मुख्यमन्त्रीको बैठकको नौ बुँदे घोषणापत्र र त्यसपछि प्रधानमन्त्रीसँगको भेटघाट कार्यक्रम नहुनुलाई नै आधार बनाएर जनकपुरको सभामा राउतले अलग राज्यको आफ्नो मागलाई जायज बताएका हुन् । प्रदेश नं २ लाई केन्द्रले उपेक्षाको शिकार बनाएकै कारणले पनि आमजनतामा बढ्दै गएको निराशालाई टेक्दै उनले नेपालभित्र रहेको मधेस एक अलग राज्य भएको दाबीसमेत गर्दै उनले खस-आर्यहरू सत्तासाझेदारी गर्न अनिच्छुक भएको र मधेसवादी नेताहरूसमेतले मधेसको वास्तविक समस्याको लागि आवाज नउठाउने भएकाले अलग राज्यले मात्रै मधेसको समस्या समाधान हुन सक्ने तर्क राख्दै आएका छन् । उनले नेपालभित्र नभए पनि बाहिरबाट यस समस्याको अन्तर्राष्ट्रियकरण गर्न भ्याएका छन् र अन्तर्राष्ट्रिय समूहहरूले यसमा रुचि पनि राखेका छन् । तर सिके राउतको आन्दोलनले Momentum Gain (गति लाभ) लिन नसक्नुको पछाडि चीन तथा भारत दुवैको समर्थन हुन सक्ने सम्भावना देखिँदैन । चीन स्वयम् फ्रि तिब्बत मुभमेन्टका कारण यसमा संलग्न हुन सम्भव छैन भने भारत पनि कश्मीरको समस्या बल्झिन सक्ने सम्भावनालाई दृष्टिगत गरी नेपाललाई यस समस्याको समाधानमा प्रोत्साहित नै गर्नुपर्ने अवस्थामा छ । यस्तो अवस्थामा समेत प्रदेश नं २ लाई संविधानप्रदत्त अधिकारको प्रयोग गर्न दिएमा केन्द्र सङ्कुचित हुने मानसिकता उचित होला जस्तो लाग्दैन । किनभने मधेसको अलगाववादी सोचलाई भारतले कमसेकम कश्मीर समस्याको हल नभएसम्म समर्थन दिनै सक्दैन र दिन खोजेमा पनि चीन यसलाई हेरेर बसिरहन सक्दैन । यस आधारमा विश्लेषण गर्दा वर्तमान खस-आर्य शासकहरूको सोच राष्ट्रवादी नभएर सत्तालिप्साको हो भन्नु अतिशयोक्ति पूर्ण नहोला ।

बडादशैं २०७५ को पूर्वसन्ध्यामा निर्मला र सम्झनाका दोषीलाई सजाय गर्ने र प्रदेशलाई संविधानप्रदत्त अधिकार निर्विघ्न प्रयोग गर्न दिने मानसिकता शासकहरूमा पलाओस् भनेर आशीर्वाद दिन माता दुर्गा भवानीसँग प्रार्थना गर्दै सबै नेपालीको समुन्नति र सुस्वास्थ्यको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

२०७५ असोज २४ गते बुधवार

सुझाव नेपाली काङ्ग्रेसलाई

सङ्घीय संरचनामा प्रवेश गरेको झन्डै तीन वर्षपछि नेकाले आफ्नो पार्टी सङ्घीय संरचना अनुकूल हुनेगरी निर्माण गर्न पहल गरेको छ। प्रस्तावित प्रदेश संरचनामा सातै प्रदेशको आकार फरक हुने भए पनि न्यूनतम एकतिहाई अर्थात् ३३ प्रतिशत महिलासहित सबै वर्ग र समुदायको प्रतिनिधित्व हुने भनिएको छ। सबै प्रदेशमा समावेशी कोटाबाट १४ र खुलाबाट १३ जना निर्वाचित हुने र समावेशी कोटाबाट महिला अनिवार्य रूपमा ५० प्रतिशत हुनुपर्ने व्यवस्था गरिएको छ। यसका साथै जिल्ला सभापति, प्रदेश संसदीय दलका नेता र केन्द्रीय कार्यसमितिबाट सदस्यहरू पदेन सदस्य हुने व्यवस्थासमेत रहेको छ । छलफलपश्चात् यसलाई कुन स्वरूप दिने टुङ्गो लाग्नेछ । तसर्थ अब नेपाली काङ्ग्रेसको स्वरूप सङ्घीय संरचना अनुरूप हुनेछ भन्नेमा चिन्ता लिनुपर्ने कुनै कारण देखिँदैन। तर यहाँनेर एउटा यक्षप्रश्न के खडा हुन्छ भने यी संरचनाले के अब नेकालाई आउँदो निर्वाचनमा विजयोन्मुख बनाउन सक्नेछ ?

विगत निर्वाचनमा आफ्नो हारलाई प्राविधिक मानेपनि अब दुई कम्युनिस्ट पार्टी परस्पर विलय भएर झन् बलियो भएको बेला अब यो प्राविधिक गठबन्धन र मधेसी दलसँग कसरी जुध्ने भन्ने रणनीति काङ्ग्रेसको लागि अत्यन्त जरूरी भइसकेको छ। यस्तो रणनीति बनाउन सबभन्दा पहिलो कदम हुनेछ पार्टीभित्रको असन्तोष, गुटबन्दी र अन्तर्घातको कारण बुझ्नु । केन्द्रमा बसेका नेताहरूसँग देशभरिकै तीनवटै तहका आकाङ्क्षी उम्मेदवारहरूको क्षमताबारे जानकारी हुन सम्भव नहुने हुँदा सबैले आआफ्नो नजीक रहेकासँग सल्लाह र भनाइमा भर परेर टिकट दिनुको विकल्प हुँदैन । यो वैज्ञानिक पद्धति नभएकोले नेकामा अन्तर्घात र गुटबन्दी बढ्दै गएको हो । यस समस्याको समाधान जरूरी छ। यसको लागि अधिकारको विकेन्द्रीकरण सर्वोत्तम विकल्प हो । यस अनुसार पार्टीको सङ्घीय संरचना तयार भइसकेपछि स्थानीय, प्रादेशिक र सङ्घीय निर्वाचनको लागि स्थानीय तहको उम्मेदवारी स्थानीय जिल्ला कार्य समितिबाट प्रदेशको स्थानीयबाट एउटा पदको लागि तीनजनाको नाम सिफारिश गराई प्रदेश कार्यसमितिबाट र सङ्घको लागि स्थानीय र प्रदेशको सिफारिश अनुसार केन्द्रले निर्णय गर्ने व्यवस्था लागू गर्नु सबैभन्दा उपयुक्त हुनेछ।

तर नेकामा अझै पनि खल्तीबाट वा घरबाट पार्टी कार्यालय सञ्चालन गर्ने परिपाटी विद्यमान रहेको र सदस्यता शुल्कसमेत केन्द्रलाई बुझाउनुपर्ने व्यवस्था रहेकोले प्रत्येक जिल्लामा (१) क्रमशः पार्टी कार्यालयको आफ्नै भवन बनाउने (२) सो व्यवस्था नभएसम्म घरभाडा, कार्यालय सचिव-१ र परिचर-१ जनाको तलब केन्द्रबाट नै भुक्तानी दिनेगरी पार्टी कार्यालयमा कार्यकर्ताको अभिलेख राख्ने प्रणाली शुरु गर्ने र पार्टी एवं तहगत चुनावको लागि टिकट दिंदा निकायहरूले सिफारिश हुने उम्मेदवारको

अभिलेखसहित सिफारिश पठाउने व्यवस्था कायम नभएसम्म साङ्गठनिक अव्यवस्था नियन्त्रण गर्न सकिने छैन र गुटबन्दी एवं अन्तर्घात माथि नियन्त्रण पनि हुनेछैन । यसका साथै पार्टीमा एउटा छुट्टै अनुसन्धान एकाइ खडा हुनु आवश्यक छ, जसले कुन नेतृत्वकर्ताको सिफारिशमा चुनावमा के कति हारजीत भयो त्यसको विश्लेषण गरी तथ्याङ्क राख्न र चुनाव अगाडि सम्बन्धित तहको टिकटको सिफारिश र निर्णय गर्ने नेतृत्वकर्ता समक्ष पठाउने व्यवस्था गर्न सकोस् ।

योबाहेक रणनीतिकरूपमा नेकाले हिमाली र पहाडी क्षेत्रमा व्याप्त झूटो राष्ट्रवादको नाराको प्रतिकार गर्न सक्ने संयन्त्र विकास गर्नु जरूरी छ भने काङ्ग्रेसको उर्वरभूमि मानिएपनि हार्न पुगेको तराई–मधेस क्षेत्रको मनोविज्ञान बुझ्न जरूरी छ । मधेसमा ठूलो पार्टीमा दरिएको सङ्घीय समाजवादी फोरम र राजपाको चरित्र र जनताको मनोभावना बुझ्दा यो अहिले चार कित्तामा विभाजित छ भन्ने चन्द्रकिशोर झाको मनोविज्ञान एकदम उचित छ । एउटा कित्ता समर्पणवादीहरूको छ । यो समूहको राजनीतिज्ञहरू सत्ताबाट टाढा रहन सक्दैन । जे जस्तो आदेशको सुगा रटाइ गरे पनि यिनको एकमात्र ध्येय राजनीति गरेर सुख सुविधा र मोज गर्नु हो । दोस्रो कित्ता सम्झौतावादीहरूको हो जुन 'नरो वा कुञ्जरो वा अश्वथामा हतोहत: को सिद्धान्त मानेर हिंडिरहेको छ । तेस्रो धार सौदाबाजहरूको हो जसले निर्वाचन पश्चात् जित्ने पक्षसँग मसँग यति छ यसको म पनि कति पाउँछु भनेर भाग मिलाउन खोज्दछ । चौथो वर्ग स्वायत्ततावादीको हो जसले अलग राष्ट्रको कुरा उठाउँदै आएको छ । वस्तुत: चारमध्ये माथिका तीनवटैको राष्ट्रवाद वा मधेसको उन्नतिसँग केही लिनुदिनु छैन । यिनीहरूको प्रवृत्ति मूलत: अवसरवादी हो । मधेसको जनताले यिनीहरूलाई नाकाबन्दीदेखि आजसम्म गरेका कामले चिनिसकेकोले यस विज्ञानलाई परास्त गर्न हिमाल र पहाड भन्दा बेग्लै एउटा रणनीति बनाउनु आवश्यक छ । यस रणनीतिको केन्द्र मधेसको आर्थिक समृद्धि केन्द्रित हुनुपर्दछ। यसको लागि मधेसमा पूर्वदेखि पश्चिमसम्म कृषिमा आधारित उद्योगधन्दा र महामानवको प्रत्येक गरिबको झुपडीमा एउटा गाईको दर्शनमा आधारित हुनुपर्नेछ । नेकाको कलवलगुडी सम्मेलनको उन्नतिको समान अवसरको सिद्धान्त तबमात्र सार्थक हुनेछ र राष्ट्रिय रूपमा नेका एउटा सबल पक्षको रूपमा खडा हुन सक्नेछ ।

२०७५ असोज १७ गते बुधवार

बेटर हाफको चिन्ता

विश्व स्वास्थ्य सङ्गठनको अनुमान अनुसार प्रत्येक ६ मृत्युमा एउटा क्यान्सर रोगको कारण हुने गरेको छ र आउँदो २० वर्षमा यसमा ७० प्रतिशतसम्म वृद्धि हुन सक्ने सम्भावना देखापर्दैछ । नेपालको एनएचआरसीको अनुमान अनुसार बर्सेनि ३०-४० हजार नयाँ क्यान्सरका रोगी थपिँदै गएका छन् । नेपालमा भरतपुर क्यान्सर अस्पताल र भक्तपुर क्यान्सर अस्पताल छ, जसमध्ये भरतपुरको अस्पतालमा २२८ र भक्तपुरमा १५० वटा बेड छ । दुवै अस्पताल गरी पुग-नपुग ३७५ शय्या क्षमताले पुरानोको साथै बर्सेनि नयाँ ३०-४० हजारको हाराहारीमा रहेका रोगीहरूको उपचार नभ्याउने भएकोले नै होला भारतको र खासगरी दिल्लीको राजीव गाँधी मेमोरियल क्यान्सर अस्पताल नेपालीहरूको रोजाइमा रहेको छ ।

अपौष्टिक आहार, स्वयं निर्देशित डायटिङ्ग, रक्सी, चुरोट, जर्दा, गुटखा, सुपारी आदिको सेवनलाई हानिकारक मानिएको छ । यस्तै पाश्चात्य जीवनशैली, जङ्कफूडको सेवनले पनि यसमा थप योगदान पुऱ्याएको मानिन्छ । नेपालमा फोक्सोको क्यान्सरका सबैभन्दा बढी रोगीहरू भेटिएका छन् भने ४०-५० वर्ष मुनिका महिलाहरूमा स्तन क्यान्सर पनि ठूलो समस्याको रूपमा देखिएको छ । तर चिकित्सकहरूका अनुसार नेपालमा अन्य क्यान्सरको प्रकारबाहेक इएनटीको क्यान्सर पनि बढिरहेको पाइएको छ। पान, जर्दा, सुपारी, रक्सीका साथै नमिलेका कृत्रिम दाँतका कारण पनि इएनटी क्यान्सर बढ्दै गएको पाइएको चिकित्सकहरूको भनाइ छ । यो असाध्य रोगको प्रारम्भिक पहिचान गर्न नसके यसको उपचार कठिन र महँगो दुवै हुने भएकोले पहिचानतर्फ नै बढी केन्द्रित हुनुपर्नेतर्फ विशेषज्ञहरूको भनाइ छ। विश्वव्यापीरूपमा यस रोगविरुद्ध विभिन्न अध्ययन अनुसन्धान भइरहेको क्रममा १४ सेप्टेम्बरको द रिपलब्लिकामा Nature world new लाई उद्धृत गर्दै छापिएको एक समाचार अनुसार वैज्ञानिकहरूले क्यान्सरको एउटा खोपको विकास गरेका छन् जसको मुसामाथि गरिएको परीक्षणबाट सय प्रतिशत सफल नतिजा प्राप्त भएको छ । मेलानोमा नाम गरेको छालाको क्यान्सर रोगको उपचारमा Diprovocin को molecule थपेर co-therapy को रूपमा प्रयोग गर्दा यसले रोगलाई पूर्णतया निको पार्ने देखाएको उल्लेख गरिएको छ। यतिमात्र होइन यसको प्रयोगपछि रोग नदोहोरिने तथ्य पनि विभिन्न वैज्ञानिक परीक्षणबाट स्थापित भएको र यसलाई मांसपेशीमा सजिलै इन्जेक्ट गर्न सकिने उल्लेख छ । यस औषधिको थप अनुसन्धान एवं परीक्षण जारी छ तर पनि यस्तो आधुनिक प्रविधि नेपाल भित्रिन कम्तीमा १० वर्ष लाग्नेछ ।

नेपालमा भएको अध्ययनले फोक्सोको क्यान्सर सबभन्दा बढी र महिलाहरूको स्तन क्यान्सरले तेस्रो स्थान ओगटेको छ भने तम्बाकू, गुटखा आदिको बढ्दो सेवनले कान, नाक र घाँटीको क्यान्सरका रोगीहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको पाइएको छ। अन्य क्यान्सरहरूको उपचार जटिल छ, परीक्षण पनि जटिल छ। तर ३० अगस्त २०१८ को द न्यूयोर्क टाइम्सको नेपालबाट प्रकाशित हुने अन्तर्राष्ट्रिय संस्करणको

ओपिनियन पृष्ठमा A new way to detect Breast Cancer शीर्षकको लेख अत्यन्त रुचिकर लागेर पढ्दा यो जटिल रोगलाई प्रथम चरणमैं सजिलै पत्ता लगाउने विधिबारे उल्लेख गरिएको रहेछ । भारतका एक कम्प्युटर इन्जिनियर मिहिर शाहको २००७ मा बिहे निश्चित हुँदा उनले आफ्नी हुने सासुलाई स्तन क्यान्सर भएको जानकारी पाए र यसतर्फ उनको रुचि जाग्यो । अध्ययनबाट उनलाई के जानकारी प्राप्त भयो भने विकासशील मुलुककै ९० प्रतिशत महिलाहरू यस रोगको पहिचान र उपचार सेवाबाट वञ्चित छन् किनभने यसको परीक्षणको लागि गरिने मोनोग्राफी अत्यन्त महँगो र प्राविधिकहरूको कमीले अनुपलब्ध छ। त्यस कारणपनि रोगीहरू रोग तेस्रो चौथो चरणमा पुगेपछि मात्र उपचार गराउन आउँछन् । यस अवस्थामा रोगीको उपचार सम्भव नै हुँदैन ।

एक तथ्याङ्क अनुसार अमेरिकामा यस रोगले ग्रस्त ९० प्रतिशत महिला ५ वर्ष बाँच्दछन् भने भारतमा ६६ प्रतिशत मात्र । नेपालमा यसको तथ्याङ्क छैन तर १५ प्रतिशत महिलालाई यो रोग छ भन्ने जानकारी छ । विश्वमा सबैभन्दा बढी ७० हजार भारतीय महिलाको क्यान्सरबाट मृत्यु हुने गरेको डरलाग्दो तथ्याङ्क देखेर इ. शाह मेमोग्रामबाहेक स्क्रिनिङ्गको अन्य विधि विकास गर्न सकिन्छ कि भनेर सोच्न थाले । यस क्रममा उनले उपकरण सस्तो, मध्यमस्तरको प्राविधिकले प्रयोग गर्न सक्ने, विद्युत् नभएको ठाउँमा काम गर्न सक्ने र सजिलै एक ठाउँबाट अर्को ठाउँसम्म लान सकिने पूर्वाधार तय गरेर अनुसन्धान शुरु गरे । शाह र उनका साथी अनुसन्धानकर्ता मैथ्यु कैम्पिसीले अन्ततः 'सेरामिक सेन्सर प्रविधि' प्रयोग गरेर ब्याट्रीद्वारा सञ्चालित यस्तो वायरलेस मेशीन विकास गरे जसले स्तनका मांसपेशीहरूको लचकता परीक्षण गर्न सक्दछ । यसलाई चलाउन पारामेडिकलहरूलाई बढीमा आठ घण्टामा प्रशिक्षित गर्न सकिन्छ । यस मेशीनले हरियो सङ्केत गर्दा सामान्य र रातो सङ्केत देखाउँदा असामान्य वा गिर्खा भेटिएको इङ्गित गर्दछ । रातो सङ्केत देखिएपछि तुरुन्त थप परीक्षण गर्न रोगीलाई सल्लाह दिने गरिन्छ । यस विधिबाट उपचार गर्दा एउटा स्क्रिनिङ्गको नेपाली १५० देखि ४५० रुपियाँ मात्र पर्दछ भने एउटा मेमोग्रामको भारतमैं रु २ हजार देखि २५ सयसम्म लाग्दछ । यस उपकरणबारे यति विशद लेखन गर्नुको मूल तात्पर्य के हो भने लेखमैं यो मेशीन अहिले मेक्सिको, म्यान्मा, बोत्स्वाना, इन्डोनेशियालगायत नेपालमा पनि प्रयोग भइरहेको उल्लेख गरिएको छ ।

वीरगंजमा क्यान्सरको र खास गरेर स्तन क्यान्सरको परीक्षण गर्ने सुविधा उपलब्ध छैन । प्राप्त जानकारी अनुसार यो उपकरण नेपालमा समेत कतै प्रयोगमा छ भनेर उल्लेख भएबाट यसबारे पत्ता लगाई नारायणी उपक्षेत्रीय अस्पताल अहिले यतिसम्मको लगानी गर्न सक्षम रहेकोले अस्पताल वा वीरगंजमा कार्यरत विभिन्न समाजसेवी सङ्गठन र स्वयं महिलाहरूकै सङ्गठनको अग्रसरतामा यो उपकरण खरिद गरी प्रयोग गर्ने व्यवस्था गर्न सकिएमा स्तन क्यान्सरको प्रथम चरणमा पहिचान एवं रोकथामको लागि अत्यन्त प्रभावकारी कदम हुनेछ भन्ने लागेको छ । लायन्स, लायन र रोटरी र रोट्रयाक्ट क्लबजस्ता सङ्घसंस्थाले पनि यसमा अगुवाइ लिन सक्छन् ।

२०७५ असोज १० गते बुधवार

वायु प्रदूषणः समस्या र समाधान

विश्वको जनसङ्ख्या अहिले करिब ७५ प्रतिशत बिलियन रहेको छ । यो सङ्ख्या विश्वका दुई सय देशमा बस्ने गर्छ, जसमा धनी र गरीब दुवै पर्दछन् । यसमध्ये करिब त्यत्ति नै गरीबको श्रेणीमा पर्दछ । बाँकी जनसङ्ख्या मध्यम आयवर्गमा पर्दछ जसको आकाङ्क्षा धनी बन्ने रहेको छ । गरीबबाहेक धनी र मध्यम वर्गको उपभोक्तावादी संस्कृतिको आवश्यकता परिपूर्ति गर्न ऊर्जा, यातायात र उद्योगधन्दाहरू यथेष्ठ मात्रामा स्थापना भई सञ्चालित छ । यसको लागि कोइला, पेट्रोलियम र ग्याँसको व्यापक प्रयोग भइरहेको कारण वायु पदूषण बढेको छ। यसै कारणले ग्रीन हाउस इफेक्टको प्रभावले वातावरणको तापक्रम गत शताब्दीमा १ डिग्री सेल्सियसले बढेको भनाई सार्वजनिक भएको छ । यस तापक्रमको वृद्धिले विश्वमा ताप प्रवाह, जङ्गलमा डढेलो, आँधीबेरी, बाढी तथा सुक्खाको प्रभाव हामी सर्वत्र देखी र भोगिरहेका छौं । यस प्रकोपको नियन्त्रण गर्नका लागि नै पेरिसमा भएको जलवायु परिवर्तनसम्बन्धी सम्झौतामा यस्तो कुप्रभाव रोक्न तापक्रमलाई सकेसम्म १.५ डिग्री सेल्सियस र बढीमा २ डिग्री सेल्सियसभन्दा बढ्न नदिने सम्झौता गरिएको हो । २ डिग्री सेल्सियस तापक्रम बढेर भएको परिवर्तनबारे विभिन्न ठाउँमा अध्ययन र अनुसन्धान भइरहेको छ । त्यसबाट सार्वजनिक गरिएका तथ्यहरू अत्यन्त डरलाग्दो छन् । वायु मण्डलीय प्रदूषणबारे याले र पेकिङ विश्वविद्यालयले नेशनल एकेडेमी अफ साइन्स जर्नलमा प्रकाशित गरे अनुसार वायु प्रदूषणले मुटु, फोक्सो मात्र नभई दिमागलाई पनि प्रतिकूल असर पार्दछ । वाशिंगटनस्थित इन्टरनेशनल फूड पोलिसी रिसर्च सेन्टरका अनुसार वायु प्रदूषणले लामो समयमा मान्छेको बोल्ने तथा गणितको दक्षतामा अत्यन्त प्रतिकूल प्रभाव पार्दछ। यो प्रभाव महिलाभन्दा पुरुषमा बढी र झन् वृद्धहरूलाई अत्यधिक घातक हुने देखिएको उल्लेख छ । चीनमा करिब ३२ हजार नागरिकमाथि सन् २०१० देखि २०१४ सम्म गरिएको अनुसन्धानबाट वायु प्रदूषणको प्रतिकूल प्रभाव गणितभन्दा बढी बोलीमा देखियो र यो प्रतिकूलता उमेरसाथ बढ्दै गएको पाइएको उल्लेख छ ।

भारतमा पनि सन् २०१५ मा वायु प्रदूषणजनित रोगहरूको कारण १५ लाख मान्छेको मृत्यु भएको दाबी गरिएको छ। विश्व परिदृश्यमा ४.२ मिलियन मान्छे बर्सेनि हृदयरोग, फोक्सोको क्यान्सर र श्वास प्रश्वाससम्बन्धी रोगबाट मर्ने गरेको तथ्याङ्क पाइन्छ । वायुमण्डलमा पाइने जीवन नै लिन सक्ने वा मार्न सक्ने अवयवहरूमा Particulate Matter (PM) Ozone (O_3), Nitrogen Dioxide (No_2) र Sulpher Dioxide (So_2) लाई मानिएको छ । यसमध्ये पिएमले फोक्सोभित्र प्रवेश गरेर रगतमा मिसिन सक्ने क्षमता राख्दछ, जसले हृदय, मस्तिष्क र फोक्सोलाई रोगग्रस्त बनाउँछ।

यी सबै तथ्याङ्क विश्वको तापक्रममा १ डिग्री सेल्सियस बढ्न गएर उत्पन्न अवस्थाको हो भने झन् यस शताब्दीमा थप १ डिग्री वा ०.५ डिग्री सेल्सियस बढ्दाको प्रभाव झन् विनाशकारी हुने अवस्था एकातिर छ भने अर्कोतर्फ मध्यम आयवर्ग र गरीबलाई क्रमशः उच्च आय र मध्यम आयमा उकास्न सकियो भने उनीहरूको आवश्यकता

परिपूर्ति गर्न चाहिने ऊर्जा यातायात र उद्योगधन्दाको स्थापनाबाट वायु प्रदूषण कति बढ्ने हो र यसको प्रभाव के हुने हो अनुमान गर्न गाऱ्हो छ । तर एउटा अध्ययन अनुसार २ बिलियन मध्यम आय वर्गलाई मात्रै माथिल्लो तहमा उकास्न सकियो भने उनीहरूको आवश्यकता परिपूर्ति गर्न चाहिने ऊर्जा, यातायात र उद्योगले गर्ने वायु प्रदूषणका कारण वायुमण्डलीय तापक्रम ३ डिग्री सेल्सियस बढ्न सक्ने अनुमान गरिएको छ । सामान्य विवेकले पनि के भन्न सकिन्छ भने त्यति बेला विनाश पनि अहिलेको भन्दा तीन गुणा बढी हुनेछ ।

तर यसै कारणले निम्न आय वर्ग र मध्यम आय वर्ग माथि उक्लने आकाङ्क्षा रोक्न पनि सकिदैन । २१ औं शताब्दीको प्रजातन्त्र पर्याय नै आर्थिक असमानता घटाउनु हो भन्दा अतिशयोक्ति नहोला । यस दिशामा वैकल्पिक ऊर्जाको कुरा पनि नआएको होइन । सौर्य ऊर्जा, वायु ऊर्जा, बायोडिजललगायत विकल्प अगाडि आएको छ । तर यस सन्दर्भमा भएको एउटा अध्ययनबाट गरीबको घरमा बत्ती बल्ने, मोबाइल चार्ज गर्ने सुविधा हुनेगरी सौर्य ऊर्जाको व्यवस्था गरे पनि उसको उत्पादकत्व र आम्दानीमा खासै असर गरेको पाइएन भने परम्परागत ऊर्जाको सुविधा उपलब्ध गराउँदा उत्पादकत्व बढ्न गई आयआर्जन बढ्न गएको पाइयो । यो अध्ययनलाई आधार मान्ने हो भने वैकल्पिक ऊर्जा र गरीबी निवारणबीच खासै सम्बन्ध स्थापित भएको देखिदैन । यस्तो अवस्थामा आर्थिक विकास रोक्न सकिदैन र यसको लागि ऊर्जा नै प्रारम्भिक आवश्यकता भएको बेला वायु प्रदूषण नियन्त्रण गरी पेरिस सम्झौता अनुसार वायुमण्डलीय तापक्रमलाई १.५–२ डिग्री सेल्सियसभन्दा बढ्न नदिने सोचमा परिवर्तन ल्याउनु आवश्यक देखिन्छ ।

आजसम्म सौर्य ऊर्जा वा ऊर्जाका अन्य वैकल्पिक स्रोतहरू गरीबको लागि र गाउँघरमा सञ्चालित कार्यक्रमको रूपमा रहेकोमा अब सौर्य ऊर्जा शहरी क्षेत्रको प्रत्येक घरको लागि अनिवार्य गर्ने, सरकारी कार्यालय, स्कूल, अस्पताल, कर्पोरेट हाउसमा समेत बत्ती, पङ्खा एवं पकाउने कार्यको लागि सौर्य ऊर्जाको प्रयोग अनिवार्य गर्न सकिन्छ । यस्तै सडक बत्तीलाई पनि सौर्य ऊर्जा आधारित बनाउन सकिन्छ । यसमा कार्बन उत्सर्जन नहुने भएकोले सरकारले केही हदसम्म अनुदान दिएर यसलाई प्रोत्साहित समेत गर्न सक्दछ । व्यापकरूपमा र खास गरेर विश्वको ग्रीष्मकाल अधिक रहने क्षेत्रहरूमा यस्तो विकल्पको विकास गर्न सकियो भने र वनजङ्गलको संरक्षण जारी राख्न सकियो भने पेरिस सम्झौताको लक्ष्य प्राप्त गर्न सकिन्छ र यसले निम्न एवं मध्यम आयवर्गको विकासको बाटोलाई पनि वायु प्रदूषणलाई बढ्न नदिएर मानव जीवनको हानि नोक्सानीबाट जोगिन सकिन्छ । यसको विकल्पको रूपमा परमाणु ऊर्जा पनि देखापरेको छ । तर त्यसको लागि चाहिने धनराशि र प्रविधि दुवै अल्पविकसित र अधिकांश विकासशील देशहरूसँगसमेत नभएकोले परम्परागत ऊर्जा र वैकल्पिक ऊर्जाको सम्मिलनबाट मात्र सन्तुलन कायम हुन सक्ने देखिन्छ ।

२०७५ असोज ०३ गते बुधवार

विपीको समाजवाद र नेपाल

सेप्टेम्बर ८, १९१४ मा विपीको जन्म भएको थियो। भारतको काशी विश्वविद्यालयमा शिक्षित विपीले सन् १९४७ मा नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापना गरेर संस्थापक अध्यक्ष छानिनुभयो। उहाँको प्रस्ट विचार प्रजातान्त्रिक समाजवादको स्थापना थियो। यो उहाँको भारतीय नेताहरू आचार्य नरेन्द्र देव, आचार्य कृपलानी, जयप्रकाश नारायण र डा. राममनोहर लोहिया जस्ता नेताहरूको सान्निध्य र सम्पर्कको उपज थियो। समाजवादको सम्बन्धमा विपीले सधैं भन्ने गर्नुभएको थियो– नेपालमा समाजवाद भनेको हरेक गरीबको झुपडीमा कम्तीमा एउटा गाई हुनु हो। उहाँले विसं २००७ सालमा नेपालमा प्रजातन्त्र स्थापना भएदेखि नै आफ्ना नेता, कार्यकर्ताहरूलाई गाउँगाउँमा बस्ने गरीब जनतालाई सम्झेर काम गर्न प्रोत्साहित गर्नुहुन्थ्यो। उहाँको विचारमा पूँजीवाद टिक्न नसक्ने र कम्युनिज्म काम नगर्ने व्यवस्था हो भन्ने ठान्नुहुन्थ्यो।

विश्वमा समाजवादलाई 'बजार अर्थव्यवस्था' अनुकूल नभएको टिप्पणी गरिंदै आएको छ। प्रजातन्त्रको अग्रणी मानिने अमेरिकामा नै पनि समाजवादलाई राम्रो दृष्टिकोणले नहेर्ने चलन रहेको थियो। तर 'वाल स्ट्रीट प्रोटेस्ट'पछि र सन् २०१८ मा अमेरिकामा गरिएको एक अध्ययन अनुसार ४३ प्रतिशत अमेरिकी परिवार घर, खाना, यातायात र औषधोपचार जस्ता मूलभूत सुविधाबाट वञ्चित रहेको देखिएको छ। यसले अमेरिकामा नै पूँजीवादी व्यवस्थामाथि प्रश्न उठाउन थालिएको छ भने वाल स्ट्रीट प्रोस्टेटपछि अमेरिकाले अब मिश्रित अर्थव्यवस्थाको बारेमा सोच्नुपर्छ भन्ने अर्थशास्त्रीहरूको आवाज बलियो हुँदै गएको छ। सन् १९८९ मा अर्थात् विपीको मृत्यु भएको ७ वर्षपछि नै समाजवादको स्वरूपको रूपमा प्रचारित गरिएको सोभियत सङ्घको पनि विघटन भयो। सोभियत सङ्घले लोककल्याणकारी राज्य, उद्योगको राष्ट्रियकरण र निर्देशित बजार व्यवस्थापनको सिद्धान्तलाई अँगालेको थियो। यसले व्यक्तिगत स्वतन्त्रतालाई नियन्त्रित गरेको थियो र भ्रष्टाचार अनियन्त्रित थियो। माथिका दुई घटनाक्रम मात्रै पनि विपीको दूरदृष्टिको उदाहरणको रूपमा लिन सकिन्छ। र, यसबाट उहाँको Capitalism unsustainable and Communism unworkable भन्ने मान्यतासमेतको पुष्टि गर्दछ।

नेपालको सन्दर्भमा विपीको समाजवादलाई गरीबको झुपडीमा एउटा गाई हुनु हो सँग दाज्दा सन् १९९० मा बनेको नेपाली काङ्ग्रेसको सरकारले गरेको सबभन्दा पहिलो आर्थिक कार्य निजीकरण र खुला अर्थनीति थियो। यो कार्य खुला बजार नीतिको पहिलो खुड्किलो हो। त्यसपछि बनेको एमालेको स्व. मनमोहन अधिकारीको सरकारले वृद्धभत्ता र आफ्नो गाउँ आफैं बनाउँ भनेर अत्यन्त लोकप्रिय नारा दिएर देशभरिको स्थानीय निकायमा अग्रता हासिल गरेको थियो। यी दुवै कार्य प्रजातान्त्रिक समाजवादको

प्राथमिकतामा पर्ने कार्य हुन् । हुनत तत्कालीन गाविसहरूलाई स्वायत्तता दिने नाउँमा नेकाको सरकारले नै 'ग्रामीण स्वावलम्बन' कार्यक्रम भनेर यसको शुभारम्भ गरेको थियो । तर क्लीस्ट र गाउँघरमा नबुझिने 'इलाइट' नाम र थोरै रकमको कारणले गर्दा एमालेले विनियोजित गरेको रु ५ लाख प्रतिगाविस र सबैले सजिलै बुझ्ने नामले गर्दा भएभरिको जस एमालेले पायो । त्यसपश्चात् २०५२ बाट शुरु भएको माओवादी आन्दोलन र २०५८ मा राजा ज्ञानेन्द्रको 'कु'पछि स्थिररूपमा अहिले मात्र नेपालमा राजनीतिकरूपमा स्थिरता ल्याएको देखिन्छ । यस अवस्थामा अहिले रूसमा बजारमुखी अर्थव्यवस्था छ भने चीनमा राज्यको पूँजीवाद हावी छ । युरोपेलीहरू प्रजातान्त्रिक समाजवादतर्फ अग्रसर छन् भने अमेरिकीहरू मिश्रित अर्थव्यवस्थाको वकालत गर्दैछन् । यस अवस्थामा नेकाका नेताहरूले विपीलाई महामानवको रूपमा प्रतिष्ठित गरे पनि नेपाली प्रजातान्त्रिक वा अब भनौं राज्य गणतान्त्रिक भइसकेकोले गणतान्त्रिक समाजवादको कुन स्वरूप नेपाली काङ्ग्रेसको मार्गचित्र हो भन्ने स्पष्ट रेखाचित्र आइसकेको छैन । नेकाले 'आर्थिक समानता'को आफ्नो नारालाई कलबलगुडी सम्मेलनबाट 'उन्नतिको समान अवसर'मा रूपान्तरित गरे पनि यसको मार्गचित्र सार्वजनिक गर्न सकेको छैन । यस पुस्ताका नेकाका विचारक खास गरेर रामचन्द्र पौडेल र प्रदीप गिरी तथा युवा पुस्ताका गगन थापाजस्ता प्रखर वक्ता एवं बुद्धिजीवीबाट यस दिशामा नेकालाई हाँक्न सकिए अझ पनि नेपाल र नेपालीको भलो सम्भव देखिन्छ ।

विपीको भनाइ थियो– युगको माग नबुझ्ने पार्टी इतिहासबाट विलय भएर जान्छ । विपीले जनताको मन बुझ्नुभयो र २०३६ सालमा जनमतसङ्ग्रह भयो । २०४६ सालमा प्रजातन्त्र आयो । राजालाई काँध नथापेर गणतन्त्र स्वीकार गरेको कारणले आज काङ्ग्रेस जीवित छ । तर इतिहास बोकेको यो ठूलो पार्टीले वा भनौं यस पार्टीका नेताहरूले जनताको मन नबुझेकै कारण आज निरीह भएर प्रतिपक्षी बेन्चमा बस्नुपरेको छ । प्रजातन्त्रमा प्रतिपक्षमा बस्नु निरीह होइन तर त्यसका लागि प्रतिपक्ष सङ्ख्याको हिसाबले सबल हुनुपर्दछ । आज नेकामा त्यो सामर्थ्य देखिएको छैन । विपी जयन्तीको यस पावन अवसरमा महामानवप्रति यति श्रद्धासुमन अर्पण गर्दै नेकाका विचारक, नेता, अगुवा र कार्यकर्ता सबैलाई उहाँकै पथ अनुसरण गर्ने प्रेरणा मिलोस् भन्ने कामना गर्दछु ।

२०७५ भदौ २७ गते बुधवार

स्मार्ट सिटी–मेगा सिटी

नेपालमा तीनवटै तहको निर्वाचन सम्पन्न भइसकेपछि स्मार्ट सिटी र मेगा सिटीको बरोबर चर्चा परिचर्चा सुनिइरहन्छ । सुन्दासुन्दै के हो स्मार्ट सिटी भन्ने जान्न रहर लागेपछि स्मार्ट भनेको त छिटो, छरितो र आकर्षक हो भन्ने आफ्नो बुझाइप्रति संशय उत्पन्न हुन थाल्यो । यो संशयको एउटा ऐतिहासिक कारण पनि छ । प्रसङ्ग अत्यन्त पुरानो हो । २०२७ सालमा वीरगंजमा एउटा क्रिकेट क्लब थियो जसलाई सबैले बिसिसी भन्ने गर्दथे । यस क्लबको अध्यक्ष स्व. ताराशम्शेर जबरा र सचिव वीरेन्द्रलाल नेपाली र खेलकूद सचिव म स्वयं थिए । हाम्रो लागि यो वीरगंज क्रिकेट क्लब थियो भने तत्कालीन पञ्चायती प्रशासकहरूले यसको नामाकरणमा वीरगंज काङ्ग्रेस क्लब गरेका थिए । यही क्लबमा विभिन्न चर्चा परिचर्चाको क्रममा क्लब खोल्दा क्रिकेट शब्दको अर्थ खोज्न डिक्शनरी खोतल्दा CRIKET शब्द फेला पारेर त्यसको अर्थ बुझ्फेपछि यो कस्तो क्लब हो भनेर तारा दाइकहाँ बुझ्न जाँदा यो CRICKET हो भनेर थाहा पाएको भनेर हामीलाई मरणासन्न हुनेगरी वीरेन्द्र दाइले हँसाउनु भएको प्रसङ्ग पनि स्मृतिमा थियो । यो समेत राखेर बुझ्दै जाँदा स्मार्ट सिटी भन्नाले विद्युतीय तथ्याङ्कहरूको सङ्कलन एवं प्रशोधन गरी शहरी क्षेत्रमा ट्राफिक व्यवस्थापन, विद्युत् आपूर्ति, जल आपूर्ति, कानून कार्यान्वयन, स्वास्थ्य सेवा एवं पुस्तकालयलगायत सामुदायिक सेवा प्रदान गर्दै शहरी जीवनलाई प्रभावकारी ढङ्गले व्यवस्थापन गरी आम नागरिकसँग समन्वय गर्दै उच्चकोटीको सेवा प्रदान गर्नु हो भनेर बुझ्न सकिन्छ ।

३ अगस्तको द काठमान्डू पोस्टमा पूर्वाधार विशेषज्ञ श्री दिनेश मल्लको First thing First आलेखमा सिङ्गापुर, दुबई र बार्सिलोनाको केही उदाहरण प्रस्तुत गरिएको छ जुन मननयोग्य छ ।

सिङ्गापुरले २०१४ मा स्मार्ट नेशन आयोजनाको रूपमा यस्तो सेवाको शुभारम्भ गरेको थियो, जसले अन्य सुविधाहरूका साथ जनघनत्व, सरसफाइ, ट्राफिक व्यवस्थापनजस्ता सुविधाहरू प्रदान गर्न तथ्याङ्कहरू भर्चुअल सिङ्गापुर नामक अनलाइन प्लेटफर्ममा सङ्कलन गरेर सरकारलाई जनता र शहर कसरी कार्य गर्दैछन् भन्ने जानकारी गराउँछ । त्यस्तै दुबईमा २२ वटा सरकारी निकायले ५० खाले स्मार्ट सेवा प्रदान गर्दछन् । यसमा टिकट, टैक्सी, एटिएम, वाहन नवीकरण, भिसा स्टाटस, बिल भुक्तानीजस्ता सुविधाहरू रहेका छन् भने बार्सिलोना स्मार्ट स्ट्रिट लैम्प जडान गरिएका छन् जुन गतिविधि नभएमा निभ्ने र गतिविधिका दौरान बल्दछ भने पार्किङ्ग सेन्सरले पार्किङ्ग व्यवस्थापन गर्न मदत पुऱ्याउँछ ।

अब कुरा गरौं नेपालको । यो स्तरमा स्मार्ट सिटी बनाउने गरी पूर्वाधार पुगेको

एउटै शहरको नाम मैले सम्झन सकिनँ। हाम्रा महानगरहरू अशुद्ध पिउने पानी, शून्यप्रायः ढल निकास र फोहर व्यवस्थापनका साथै व्यवस्थित यातायात प्रणालीबाट ग्रस्त छौं। अझ यसमा थप के भने अझै हाम्रा महानगरहरू नै खुला दिसा पिसाब गर्ने बानीबाट मुक्त नभएको अवस्थामा नेपालमा स्मार्ट सिटीको परिकल्पना साकार गर्न सक्ने सबभन्दा सरल उपाय नेपालको परिवेशमा स्मार्ट सिटीको परिभाषा परिवर्तन गरी नेपालको लागि स्मार्ट सिटी भनेको हामीसँग जे छ त्यही नै हो भनेर भन्न सक्नुपर्दछ। होइन, साँच्चै हामी स्मार्ट सिटीको अवधारणातर्फ अग्रसर हुन चाहन्छौं भने सर्वप्रथम हामीले आफ्ना शहरहरूमा व्यवस्थित यातायात प्रणाली, बस बिसौनी, यात्रीको चाप धान्न सक्ने फराकिलो सडक, ट्राफिक बत्ती जेब्रा क्रसिङ, राति मात्र बल्ने बत्ती, पिउने शुद्ध पानी र विद्युत्को निरन्तर सप्लाइ, ढल निकास र ठोस फोहरको उचित व्यवस्थापन प्रणाली, पार्किङ स्थल, पार्कहरू, प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्थापनमा आफूलाई केन्द्रित गर्न सक्नुपर्दछ। यस आधारमा मूल्याङ्कन गर्ने हो भने राजधानी काठमाडौं तथा हाम्रै महानगर वीरगंजको कुरा गर्दा (१) दुवै शहरमा अव्यवस्थित यातायात प्रणाली विद्यमान छ भने शहरको भित्री भागमा फराकिलो सडकको चरम अभाव भएकोले मूल सडकमा अत्यधिक चाप विद्यमान छ र शुद्ध पिउने पानीको त कुरै परै जाओस् लुगा धुनेसमेत पानीको व्यवस्था छैन काठमाडौंमा।

वीरगंजमा पनि महानगरभित्रै खानेपानीको सप्लाइ नपुगेको ठाउँ छ र भएकै ठाउँमा पनि शुद्धताको परीक्षण गर्ने परिपाटी छैन। विद्युत् आपूर्तिमा निरन्तर सुधार हुँदै आए पनि निर्वाध आपूर्ति हुन सकेको छैन। सडक बत्ती चौबीसै घण्टा बल्ने परिपाटी कायम नै छ। ढल निकास र फोहर व्यवस्थापनको त कुरै गर्नु बेकार छ। फोहरबाट मोहर निकाल्ने कामनपाको योजना अधरमा अड्केको छ भने वीरगंजको समस्या पनि यथावत् छ। प्रभावकारी स्वास्थ्य सेवा अन्तर्गत दुवै महानगरमा न उपचार, न एम्बुलेन्स, न वाहन सेवाकै उचित व्यवस्था छ। पार्किङ स्थल र पार्कहरू खास गरेर वीरगंजको अवस्था लाजमर्दो नै छ। वीरगंजको मूल सडक नै फराकिलो पार्न नसकिएको दशक बित्न थाल्यो। बाइपास रोडको हविगत वीरगंज बस स्टैन्डबारे बोल्नुको कुनै अर्थ छैन। यो नै गर्न नसकेको अवस्थामा स्मार्ट सिटी र मेगासिटीबारे किन हाम्रा नेताजीहरू चर्चा गर्छन् भन्ने सम्बन्धमा दिनेश मल्लकै आलेखमा-"हाम्रो शहरहरूलाई स्मार्ट सिटी बनाउन सबैभन्दा पहिले स्मार्ट मान्छेको आवश्यकता पर्नेछ जो सभ्य होस्, खुला दिमाग, आधुनिक सोचका साथ सुसंस्कृत पनि होस्। दुर्भाग्यवश हामी त्यस्तो छैनौं"- लेखिएको छ। हो पनि, हाम्रा नेताजीहरू हाम्रा प्रतिनिधि त हुन्। हामीजस्ता छौं त्यस्तैलाई छानेर पठाएका छौं भने फल पनि त्यस्तै पाइन्छ। बकम्फुसे गफ सुनेर भोट दिएर जिताएका नेताजीहरूले कुरा पनि त बकम्फुसे नै गर्छन् भने आश्चर्य मान्नुपर्दैन। अनि तिनका स्मार्ट सिटी पनि बकम्फुसेबाहेक के होला ?

२०७५ भदौ २० गते बुधवार

- तिनोद गुप्ता

गलत संविधान

वीरगंजको होटल भिस्वामा साउन १६ गते 'मुद्दामा हराएको मधेस र मधेसमा हराएको मुद्दामा नागरिकको चासो र सरोकार विषयक बृहत् नागरिक बहस कार्यक्रम'मा मधेस आन्दोलनको एक दशक : कहाँ चुक्यौं, कहाँ झुक्यौं, के पायौं, के गुमायौं शीर्षकमा विभिन्न वक्ताहरूले आआफ्ना विचार व्यक्त गरेका थिए ।

विषय प्रवेश गराउँदै सानो पाइलाका तर्फबाट कञ्चन झाले नयाँ संविधान बन्दा सङ्घीयताको भागबण्डा भएको नेपालको आशङ्का भए पनि सङ्घीयता प्राप्त भएको तर आन्दोलनको मर्म अनुसारको उपलब्धि प्राप्त नभएकोले यसले अर्थात् संविधानले आफ्नो लक्ष्य प्राप्त गर्न नसकेकोले विकास मधेस भएर नेपालमा आउने तर मधेसको लागि नरोकिने भएकोले शिक्षा र स्वास्थ्यमा अन्य प्रदेशको तुलनामा हामी निकै पछाडि रहेको, नागरिकताजस्तो संवेदनशील मुद्दा सम्बोधन हुन नसकेको र तराई वैदेशिक रोजगारमा युवाहरूको निर्यात गर्ने कारखानाको स्वरूप ग्रहण गर्दै गएकोले यस प्रकारको बहस आवश्यक रहेको मन्तव्य राखेका थिए भने नेकाका पूर्व सांसदद्वय अजय द्विवेदी र अनिल रूँगटाले पहिलो मधेस आन्दोलन आम जनताको स्वस्फूर्त आन्दोलन थियो, जसमा सबै राजनैतिक दलहरू समावेश थिए । त्यसैले यो आन्दोलनले मधेस र मधेसीलाई राष्ट्रको मूलधारमा स्थापित गर्न सफल भएको थियो तर दोस्रो मधेस आन्दोलन राजनीति प्रेरित र सत्तालिप्साका कारण राजनैतिक नेतृत्वको अगुवाइमा भएकोले यसले इच्छित फल दिनु अगाडि नै राजनैतिक स्वार्थले गर्दा तुहिएको र त्यसैकारणले गणतन्त्र स्थापित भए पनि मधेसले आफ्नो हक पाउ नसकेको मन्तव्य राखेका थिए । फोरम लोकतान्त्रिकबाट रामनरेश यादवलगायत मधेसी दलका प्रतिनिधिहरूले अधिकार प्राप्त नभएको कुरामा सहमति जनाए पनि अन्य कुरामा खासै प्रतिक्रिया दिएको पाइएन । तर राजपाका महासचिव राजेशमान सिंहले भने फरक विचार राख्दै पछिल्लो अवस्था अर्थात् पछिल्लो आन्दोलनमा मधेसी दल चुक्यो र झुक्यो भन्ने भनाइ राख्दै दलगत स्वार्थभन्दा माथि नउठेसम्म मधेसको कल्याण नहुने तर्क प्रस्तुत गरेका थिए । उनले यो भनाइ राखिरहँदा ६ महिनासम्म चलेको मधेस आन्दोलन र त्यसै क्रममा भएको नाकाबन्दीलगायत प्रदर्शनको क्रममा काठमाडौंमा प्रदर्शनकारीहरूमाथि पानीको फोहरा प्रयोग गर्ने सरकारले मधेसमा ५४ जनाको हत्या गरेको र त्यो पनि कानूनविपरीत बिना चेतावनी छाती, टाउको र घाँटीमा ताकेर गोली प्रहार गरेको कारण सफलता प्राप्त गर्ने उचाइमा पुगिसकेको यो आन्दोलन एकाएक तुहिएको घटनाक्रम त्यसै कार्यक्रममा प्रदर्शित अल जजिरा न्युज च्यानलको वृत्तचित्रजस्तै मेरो मानसपटलमा समेत चलिरहेको थियो । राजपाकै अर्का

नेता शिव पटेलले त झन् बढी आक्रामक हुँदै मधेसी नेताहरू ओलीको चरणमा झुकेको भनाइ राख्दै चुनावमा मधेसी दलले टिकटको वितरणमा पैसालाई आधार बनाएकाले चुनाव जित्ने नेताहरूलाई आफ्नो तहलाई प्राप्त अधिकार समेतको समुचित ज्ञान नभएको अवस्था हेर्दा मधेसको विकास र समृद्धि होला भन्ने कुरा शङ्कास्पद भएको भनाइ राखेका थिए ।

यस सबभन्दा फरक विचार राख्दै उद्योगपति जगदीश अग्रवालले सबै कुरा नकारात्मक भएको सोच राख्न नहुने तर्क गर्दै कमसेकम अहिले मधेसलाई पहिचान प्राप्त भएको कुरा र यसले मधेसलाई राष्ट्रको मूलधारसँग जोड्ेको कुरा सकारात्मक पक्ष हो भन्दै तर सामाजिक, आर्थिक र सांस्कृतिक समृद्धि प्राप्त गर्ने दिशामा आशानुरूप प्रगति नभएको चर्चा गरेका थिए ।

कार्यक्रममा प्रमुख वक्ता सिके लालले भने नेपालको संविधान नै गलत किसिमले बनेकोले मधेसमा अहिले पनि द्वन्द्व र असन्तुष्टि रहेको मन्तव्य व्यक्त गरेका थिए ।

संविधान भन्ने शब्दको रचना नै सम्मति र विधान दुई शब्दको संयोजनबाट बनेको हो । संविधान निर्माताहरूले नै शब्दको अर्थ नबुझेर निर्माण गरेको विश्वको उत्कृष्टमध्येको एक र दक्षिण एसियाको उत्कृष्ट संविधानले जारी हुनासाथ ५४ जनाको ज्यान लियो । आन्दोलन दबाउन जुन प्रकारको बल प्रयोग भयो त्यसलाई रोक्न सर्वोच्चबाट नियमानुसार बल प्रयोग गर्ने आदेश पनि भयो तर न त्यसको पालना भयो, न शहादत प्राप्त गरेका ५४ जनाको हत्यारालाई कहीं कतैबाट कुनै कारबाई भयो । सरकारबाट त आशा नै थिएन तर मानव अधिकार आयोगले पनि मौन धारण गऱ्यो र राजनैतिक दलहरू जसको नेतृत्वमा यो आन्दोलन भएको थियो तिनीहरू पनि कहिले नआउने सरकारी रिपोर्ट कुर्दै सत्ता प्राप्त भएपछि शहीद परिवारलाई परिचरको जागिरी दिई सेवाको असीम आनन्द भोगिरहेका छन् । के यी राजनैतिक दलहरूले शहीदको पोस्टमार्टम रिपोर्ट लिएर सर्वोच्च जाने बाटो थिएन ? बाटो पनि थियो कानून पनि थियो । आदेशको अवहेलना र हत्याको मुद्दा चल्न सक्थ्यो तर मर्नेहरूलाई बलिको बोका बनाएर सत्तालिप्सा पूरा गर्न उद्यम मधेसी नेताहरूले नजानिंदो किसिमबाट आन्दोलनलाई तुहाए र त्यसबापत नै उनीहरूले राजनीतिलाई उद्योगको रूपमा स्थापित गर्ने अवसर पाएका छन् । तीनै चरणको चुनावपछि विभिन्न स्रोतहरूबाट प्राप्त जानकारी अनुसार चुनावमा पैसाको व्यापक प्रयोग भएको देखिएकै हो र अहिले निर्वाचनपछि सांसद कोषको रकम बढाउनेदेखि गाडी, मोटरसाइकल किन्नेदेखि भत्ताका कुराहरू त्यही खर्च भएको रकम असुलीको करामात हो भन्न लाज मान्नुपर्ला जस्तो लाग्दैन । जब लक्ष्य नै चुनाव जितेर कमाउनु छ भने विकास कसरी प्राप्त हुन सक्छ ? यसरी हामी आफै आफ्नो विनाश गर्न उद्यत छौं र अर्कोतर्फ देशको राजनैतिक र राज्यसत्ता दुवै मधेसलाई मूलधारमा ल्याउन चाहिरहेको छैन । यस्तो अवस्थामा विकास कसरी सम्भव होला । यसका अनेक उदाहरणहरू छन् । जस्तै नयाँ बजेटमा नाउक्षे अस्पतालको

प्रस्तावित नयाँ भवनको बजेट समावेश छैन, ८० प्रतिशत माल ढुवानी हुने वीरगंज नाकाको ६ लेनमा स्तरोन्नति गर्ने योजना कार्यान्वयन हुन सकेको छैन जबकि बाँकी २० प्रतिशत माल ढुवानी हुने अन्य मुख्य नाकाहरूजस्तै भैरहवा, जोगबनीको भइसकेको छ। वीरगंज विश्वविद्यालयको प्रस्ताव संसद्मा टेबुलमुनि बसेको बस्यै छ र हुलाकी राजमार्ग बने नबने पनि पूर्व-पश्चिम राजमार्गलाई चार लेन एक्सप्रेस वे बनाउने डिआरपी बन्दैछ। कुनै मधेसी नेताको हिम्मत छ जसले मधेसका लागि यी कार्यहरू गराउन सकोस् ? लामो समयदेखि दास भएर बसेको कारण शारीरिकरूपमा मुक्त भए पनि हामी मानसिकरूपमा दासताबाट मुक्त हुन सकेका छैनौं । त्यसैले शासक वर्गले हाम्रो आशक्ति बुझेको छ । रिंगमास्टरझैं बाँदरलाई नचाउँदै र चन्दा, दान पाइहाल्ने आसमा हामी पनि नाच्दैछौं। त्यसैले मुद्दा हराएको छैन। हामी झुक्यौं हामी चुक्यौ तर नजानेर होइन । जानी जानी किनभने हामीलाई राजनीतिलाई पैसा कमाउने भाँडो बनाउनु थियो र त्यो बन्यो पनि ।

२०७५ साउन ३० गते बुधवार

गरिबी र गर्मी

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको अनुमान अनुसार सन् २०३० सम्म विश्वव्यापी श्रमिक उत्पादकत्वको रूपमा २ ट्रिलियन अमेरिकी डलर बराबरको नोक्सानी हुनेछ। यसको कारण विश्वको बढ्दो तापक्रम अर्थात् ग्लोबल वार्मिङलाई बताइँदैछ। भारतको २८३ वटा मौसमी केन्द्रहरूबाट लिइएको तथ्याङ्क अनुसार सन् १९५१ देखि २०१० सम्मको प्रत्येक दशकमा दिल्लीको तापक्रम मानक (Heat Index) गर्मीमा ०.६ सेल्सियम र वर्षायाममा ०.५५ सेल्सियसले बढिरहेको पाइएको छ। त्यसैगरी भारतकै हैदराबादको तापक्रम मानक सन् १९५१ देखि २०१० सम्म प्रतिदशक ०.६९ डिग्री सेल्सियसले बढिरहेको पाइएको छ। हुनेखाने अर्थात् धनाढ्य वर्गले कार्यालय, घर, गाडीमा वातानुकूलन प्रणाली प्रयोग गरेर यसबाट त्राण पाउँछन् तर यसबाट निस्किने तातो हावा फेरि वायुमण्डलमैं गइरहेको हुन्छ र यसको प्रभाव फेरि मध्यम र न्यून आय वर्गलाई नै परिरहेको हुन्छ। यसप्रकार बढिरहेको तापक्रमले मध्यम र न्यून आयवर्गका श्रमिक र कार्मिकहरूको स्वास्थ्यमा जोखिम थपेर उनीहरूको जीविकोपार्जनमा प्रतिकूल असर पारिरहेको छ। दक्षिण एसियाको मौसमी अध्ययनले यसरी ठूला-ठूला शहरहरूमा यही गतिले तापक्रम बढ्दै गरेमा यस शताब्दीको अन्त्यसम्म बढीमा ६ घण्टासम्म वाह्य वातावरणमा काम गर्ने मान्छेहरू बाँच्ने छैनन्। भारतकै विपद व्यवस्थापन संस्थाको एउटा अध्ययनले अहमदाबादको पश्चिमी भागमा मे २०१० मा तापक्रम ४८ डिग्री सेल्सियस पुगदा त्यहाँको मृत्युदर अघिल्लो वर्षको त्यही अवधिको तुलनामा ४३ प्रतिशतले बढेको प्रकाशित गरेको छ।

भनिन्छ ग्लोबल वार्मिङको एउटा महत्त्वपूर्ण कारण कोइलाको प्रयोग पनि हो। अहिले सम्पूर्ण विश्वकै दुई तिहाईभन्दा बढी विद्युत्शक्ति कोइलाबाट र २७ प्रतिशत आणविक एवं जलस्रोतबाट र ९.८ प्रतिशत सौर्य र वायु तथा अन्य स्रोतबाट उत्पादन हुन्छ। अर्कोतर्फ ऊर्जा र गरिबीबीच अत्यन्तै नजिकको सम्बन्ध देखिएको छ। बङ्गलादेशमा गरिएको एक अध्ययनबाट ग्रीड विद्युत् जडित परिवारको आम्दानी २१ प्रतिशतले बढेर उनीहरूको गरिबीमा १.५ प्रतिशत प्रतिवर्ष ह्रास आएको देखिएको छ भने सोलार प्यानल जडान गरेर विद्युतीकरण गरिएको परिवारको एक अध्ययनले यसबाट औसतमा एउटा व्यक्तिले वर्षमा १७० Kwh ऊर्जा प्राप्त गर्ने गरेको र यसबाट बत्ती बाल्ने र मोबाइल चार्ज गर्ने भन्दा बढी सहयोग नपुगने भएकोले उनीहरूको आय पनि नबढेको र गरिबी समेत नघटेको तथ्य सार्वजनिक भएको छ।

दुवै अध्ययनलाई हेर्दा अब गरिबहरूको आयआर्जन बढाउन सामान्य जीवनशैली दिनुपर्ने र यसको लागि ऊर्जाको गरिबीसँग लडाई गर्नुपर्ने हुन्छ। सफा ऊर्जाको

उत्पादन बढाएर उद्योगीकरण र उच्च आय वर्गको जीवनशैली धान्न सकिंदैन भने भूमिगत स्रोतको उपयोग गरेर वातावरण जोगाउन सकिने अवस्था छैन । लाग्छ यो लडाइँ अनवरत चलिरहनेछ ।

यही सन्दर्भमा अब नेपालको कुरा गरौं । हिट इन्डेक्सको अध्ययन हाम्रो मौसम विभागले गरे–नगरेको थाहा छैन तर यस्ता तथ्याहरू नेपालमा आजसम्म प्रकाशित भएको जानकारी छैन । तथापि नेपालको शहरी क्षेत्रको तापक्रम क्रमशः बढिरहेको छ यो किटानसाथ भन्न सकिन्छ। वीरगंजमै दशैंको घटस्थापना आउँदाआउँदै गरिबको बच्चाले 'गाँती' बाँध्न शुरु गर्ने र हुनेहरूले हाफ स्वेटर लगाउन शुरु गरेर छठघाट जाँदासम्म त सुट वा चादर नै ओढेर जानुपर्ने स्थिति आज नभएबाट पनि नेपालमा पनि ग्लोबल वार्मिङको असर परिरहेको मान्न सकिन्छ। २४–२५ प्रतिशत जनता गरिबीको रेखामुनि रहेको यो देशमा तापक्रम बढेर कति उत्पादकत्व घट्छ वा तापक्रम, खासगरेर तराई क्षेत्रमा बढ्दा मृत्युदर कति प्रतिशतले बढ्दो रहेछ भनेर अध्ययन गर्ने कुनै निकाय होला जस्तो लाग्दैन ।

तथापि हामी भाग्यमानी के मानेमा छौं भने हामीकहाँ Fossil Fuel आधारित विद्युत् गृहहरू छैनन् । तथापि इन्धनको बढ्दो प्रयोगले भने वातावरणलाई असर पारिरहेको छ। भनिन्छ हाम्रो कुल निर्यातभन्दा बढीको हामी इन्धन नै आयात गरिरहेका छौं । वातावरण परिवर्तनको अर्को कारण वन जङ्गलको विनाशलाई पनि मानिएको छ । हरियो वन नेपालको धनबाट अब हामी बर्सेनि १०–१५ अर्बको काठ आयात गर्ने अवस्थामा पुगिसक्यौं । नेपालको तापक्रम बढ्नुको पछाडिको मुख्य कारण नै वनजङ्गलको विनाश हो । यसको ज्वलन्त उदाहरण त चारकोसे झाडी नै हो । मानव बस्ती विस्तार, मध्य पहाडी लोकमार्ग, उच्च पहाडी राजमार्गको परिकल्पना, पूर्व–पश्चिम रेलमार्गजस्ता योजनाहरूले यो जोखिम दिन प्रतिदिन बढ्दो छ । केही वर्ष पहिले अर्थात् २०४६–४७ सालसम्म नेपालको वनक्षेत्र कुल भूभागको नेपाली तथ्याङ्क २२ प्रतिशत रहेको बेला अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूले १९ प्रतिशत मान्दै आएका थिए भने नेकपाका पूर्व प्रम झलनाथ खनाल २०४६ सालको मन्त्रिमण्डलमा वनमन्त्री हुँदा वनजङ्गल २९ प्रतिशत र घना जङ्गल ३ प्रतिशत मात्र छ भनेको सम्झना छ । आज नेपालमा ४५ प्रतिशत वन क्षेत्र भएको भनिंदैछ भने चुरे संरक्षण योजना चलाउनुपर्‍यो ?

किन नेपालको वातावरणमा पानी पहिलेजस्तो पर्दैन र किन दशैं लाग्नासाथ जाडो आउँदैन भन्ने प्रश्नको उत्तर खोज्नुपर्ने हुन्छ । हामीले पाउने यसको रेडिमेड जवाफ हुन्छ आकाशले देशको सीमा मान्दैन । भारतको बढ्दो उद्योगीकरणाको प्रभाव नेपालमा परिरहेको छ, भर्खरै भारतको धूलो उडेर आएकोले नेपालमा हिले वर्षा भयो । तर यहाँनेर सम्झनुपर्ने कुरा के छ भने नेपालसँग सीमा जोडिएको बिहार औद्योगिकरूपमा विकसित छैन र उत्तरतर्फ हिमाल वा सगरमाथा नै अत्यन्त नजिक भए पनि जाडोको

अवधि किन छोटिँदैछ ?

भन्नुको तात्पर्य के हो भने झारा टार्ने अवस्था अब नेपालको छैन । गरिब देशको गरिब जनता अब बढ्दो तापक्रमको मारले पनि डिहाइड्रेशन, हिट स्ट्रोकको कारणले काम गर्न नसक्ने भएमा उनीहरूको जीविकोपार्जन कसरी होला ? यस प्रश्नलाई गम्भीरताका साथ नलिई अगाडि बढेमा गरिब र धनीबीचको खाडल झन् बढ्ने र यसबाट सामाजिक विभेद बढ्दै गएर द्वन्द्व सिर्जनाको अवस्थामा नयाँ कारण थपिन सक्छ ।

यो लेख लेख्दालेख्दै साउन चार गतेको प्रतीकमा 'कार्बन व्यापारबाट नेपाल पाँच अर्ब आम्दानी गर्दै' शीर्षकको समाचार प्रकाशित भएको छ । यस समाचार अनुसार वन तथा वातावरण मन्त्रालयले २०१४ सम्ममा तराईका बारा, रौतहट, चितवन, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरको जङ्गलमा विभिन्न कार्यक्रम सञ्चालन गरी २०२८ सम्म एक करोड मेट्रिक टन कार्बन सञ्चिति बढाइनेछ र यसबापत् ५ डलर प्रतिटनको हिसाबले नेपालले भुक्तानी पाउनेछ । यो कार्यक्रम सफल भए पक्कै पनि नेपालमा ग्रीन हाउस इफेक्टको कारण बढिरहेको वातावरणीय तापक्रमको वृद्धिदर घट्ने र वर्षा राम्रो हुने अपेक्षा गर्न सकिन्छ । रूख बिरुवाहरूले वातावरणमा भएको कार्बन डाइआक्साइड ग्रहण गर्ने र आक्सिजन बाह्य वातावरणमा पठाउने गर्दछ । वायुमण्डलमा कार्बन डाइआक्साइडको मात्रा बढ्दा यसले सौर्य तापलाई सोस्ने र पछि रेडिएशन प्रक्रियाबाट वायुमण्डलमा छाड्ने भएकोले कार्बन डाइआक्साइडको वायुमण्डलमा बढ्दो परिमाणसँगै तापक्रम बढ्ने मान्यता छ । यसै प्रक्रियालाई ग्रीन हाउस इफेक्ट भनिन्छ । तर प्रचुर मात्रामा वनजङ्गलको संरक्षण गर्न सकिए कार्बन डाइआक्साइडको भण्डारण क्षमता वृद्धि हुन्छ र वायुमण्डलीय कार्बन डाइआक्साइडको परिणाम घटे अनुसार तापक्रम पनि न्यून हुन्छ । अपेक्षा र प्रार्थना गरौं यस्तै होस् । यस्तो भएन भने गरिब मर्ने एउटा नयाँ कारण फेला परेको भनेर गर्व त पक्कै गर्न नसकिएला ।

२०७५ साउन १६ गते बुधवार

के प्रजातन्त्र मर्दैछ ?

केही दिन अगाडि भारतीय एबिपी न्यूजबाट सम्भवतः मास्टर स्ट्रोक कार्यक्रममा नै 'प्रजातन्त्र के मर्दैछ ?' शीर्षकमा प्रसारित समाचार सुनेर यसबारे थप अध्ययन गर्ने र लेख्ने मन बनाएर सम्बन्धित लेखहरूको खोजी र अध्ययन गर्ने क्रममा अङ्ग्रेजी दैनिक रिपब्लिकाको १२ जुलाईको अङ्कमा मुकेश बरालको Endangering Democreacy शीर्षक लेख पढ्न पाइयो । एबिपीले प्रसारित समाचारमा केही वर्ष अगाडिसम्म विश्वको २५ प्रतिशत देशहरूमा प्रजातन्त्र वास्तविक अर्थमा जिउँदो रहेकोमा अहिलेको अध्ययनमा ४.५ प्रतिशतमा सीमित हुन पुगेको र प्रजातान्त्रिक देशको पर्यायवाची बनेको अमेरिका र भारतको प्रजातन्त्र पनि अब दोषपूर्ण हुन पुगेको उल्लेख गरिएको थियो । यस्तो हुनुमा चारवटा अवस्थाले महत्त्वपूर्ण भूमिका खेल्ने उल्लेख थियो । (१) कुनै पनि प्रकारको आन्तरिक कलहको स्थितिमा कुनै एउटा दल वा दलको व्यक्ति मसिहाको रूपमा प्रकट हुने (२) कलहको समाधान खोज्ने नाममा बहुमत प्राप्त गर्ने (३) बहुमत प्राप्त गरेपछि सत्तालिप्साले अधिनायकवादी हुँदै जाने र (४) आफ्नो सत्ता कायम राख्न प्रजातान्त्रिक संस्थाहरू तहसनहस गर्ने ।

मुकेश बरालले आफ्नो लेखमा हारवर्डका राजनैतिक विद्वान् डेनियल जिब्लाट र स्टीवेन लेबिस्टस्कीको हालै प्रकाशित पुस्तक "How Democracy Dies" को हवाला दिँदै भेनेजुएला, रूस, जर्मनी, श्रीलङ्का अनि ट्रम्पको उदाहरण दिँदै निम्नलिखित चारवटा गुणहरूको उल्लेख गरेका छन् – (१) Rejects, in words in action the democratic rule of the game अर्थात् बोली र व्यवहार दुवैमा प्रजातन्त्रको नियमहरूको खिल्ली उडाइन्छ । (२) Denies the logitimacy of the opponent (विरोधीहरूको वैधानिकतालाई मान्यता दिंदैन (३) Tolerates or encourages Violence द्वन्द्व सहन्छ वा यसलाई बढावा दिन्छ र (४) Curtails civil liberties of opponents including media सञ्चार क्षेत्रलगायत विरोधीहरूको स्वतन्त्रताको कटौती गर्छ ।

यही चारवटा आधारहरूमा अमेरिकी प्रजातनत्र किन आजको अवस्थामा आइपुगेर यो ट्रम्पिज्ममा परिणत भयो भन्ने तथ्यको विश्लेषण गर्दै २०१० को अमेरिकी सर्वोच्च अदालतको सङ्गठनहरूले जनताको रूपमा काम गर्न सक्ने र रकम खर्च गर्न सक्ने तर नागरिकहरूले राजनैतिक चन्दा दिन नसक्ने निर्णयले अमेरिकी कर्पोरेट जगत्लाई राजनीतिमा प्रवेश गर्ने अवसर प्रदान गर्दै आम जनतालाई राजनीतिबाट टाढा राख्ने प्रचलन ल्यायो । अमेरिकी प्रजातन्त्रमा अब जनतासँग प्रत्यक्ष सरोकार राख्ने राजनीतिज्ञहरूको सट्टा कर्पोरेट संसारसँग सान्निध्य भएका राजनीतिज्ञहरूको प्रवेश हुन थाल्यो जसले राजनीति आम जनताको पहुँचबाट टाढा हुन थाल्यो । तर जीतको लागि

आम जनताको आवश्यकता भने हटेन । तसर्थ भोट दिन जनतालाई प्रजातान्त्रिक तरिकाबाट आकर्षित गर्नुको सट्टा 'They are talking your guns" or "they are taking your Jobs" जस्ता मतदातालाई डराएर (Scare your Constituants) आकर्षित गर्ने परिपाटीको शुरुआत भयो र यसले गर्दा आम अमेरिकी प्रजातन्त्रलाई समेत दोषपूर्ण प्रजातन्त्र भन्न थालिएको छ ।

अब नेपालको सन्दर्भमा विचार गर्दा २०१५ सालको पहिलो प्रजातान्त्रिक निर्वाचनपछि बनेको संस्कारलाई राजा महेन्द्रले अपदस्थ गरेपछि माथि उल्लिखित चार बुँदाको अक्षरशः पालना गरेर पञ्चायती व्यवस्था टिकाएको इतिहास साक्षी छ भने २०५८ सालमा राजा ज्ञानेन्द्रले माओवादी आन्दोलनको हाउगुजी देखाएर सत्ता हातमा लिएर प्रजातन्त्र सखाप पार्न उद्यत भएको देखिन्छ । त्यसपश्चात् नेपालको संविधान जारी भएपछि उत्पन्न परिस्थिति (द्वन्द्व)को लाभ उठाउँदै भारतीय नाकाबन्दीको आडमा खोक्रो राष्ट्रवादको नारा दिएर भर्खरै सम्पन्न निर्वाचनमा माओवादीसँग एकजुट भएर बनाएको नेपाल कम्युनिस्ट पार्टीले सबै तहको निर्वाचनमा दुईतिहाई बहुमत प्राप्त गरेको छ ।

यस पृष्ठभूमिमा यसको विश्लेषण गर्दा र चीनका राष्ट्रपति र रूसका भ्लादमिर पुटिनले लामो समयसम्म सत्तामा रहन गरेको बन्दोबस्त सम्झँदा वर्तमानको ओली सरकार पनि (१) दुईतिहाई बहुमतको आडमा कार्यकारी राष्ट्रपतीय प्रणालीमा जान तयारी गरिरहेको सार्वजनिक भइ नै सकेको छ भने 'निषेधित क्षेत्रको घोषणा, संस्कृत विश्वविद्यालयका उपकुलपतिको मानमर्दन र डा. गोविन्द केसीको अनशनलाई 'केही व्यक्तिको उक्साहटमा भोकै बसेको' भनेर प्रजातन्त्रको खिल्ली उडाइएकै छ । गङ्गामाया प्रकरणले सरकारको यस व्यवहारलाई थप स्पष्ट गरेको छ ।

(२) शेरबहादुर देउवा सरकारको पालामा गरिएका नियुक्तिहरूको मूल्याङ्कन र वैधानिकतामा विचार नपुऱ्याई एकैपटक खारेज गर्नु र आफ्नै सरकारले निरन्तरता दिएको अध्यादेशलाई संसद्मा टेबुल गर्दा अध्यादेशमा निषेध गरिएका कामहरू गर्न पाउने प्रावधान चिकित्सा क्षेत्रमा नेपाल कम्युनिस्ट पार्टी राजनैतिक कार्यकर्तालाई कर्पोरेट बनाउने लक्ष्यसँग सम्बन्धित देखिन्छ भने विरोधीलाई बहुमतको बल देखाई आफ्नै प्रस्तावनाको स्वरूपमा पास गराउने दम्भ देखाउनु र सभामुख, उपसभामुख पदको विवादमा कानुनसम्मत विपक्षको मागलाई बेवास्ता गर्नु विपक्षीको वैधानिकतालाई मान्यता नदिनु नै हो ।

(३) ढुङ्गेल माफी प्रकरण, सत्य निरूपण तथा बेपत्ता पारिएकाहरूको सम्बन्धमा हालसम्म टुङ्गो नलाग्नु, मैना सुनुवार प्रकरण तथा तराई–मधेसको समस्या समाधान गर्नेतिर सरकारको रवैयाले यो द्वन्द्व सहने र यसलाई आफ्नो लाभको लागि प्रयोग गर्ने पक्षमा रहेको देखिएकोले तेस्रो बुँदा 'द्वन्द्व सहन्छ वा बढावा दिन्छ' भन्ने भनाइको समेत पुष्टि हुन्छ ।

(४) सञ्चार माध्यमलगायत नागरिक स्वतन्त्रताको कटौती गर्दछ भन्नेतर्फ फेरि निषेधित क्षेत्र घोषणा गर्ने र अदालतले स्थगन आदेश गरे पनि यो हुँदैन भन्नुले चौथो बुँदाको पनि पुष्टि हुन्छ । समग्रमा भननुपर्दा परिवेश अमेरिकाभन्दा अलग भए पनि How Democracies Dies को कसीमा हामी पनि शतप्रतिशत उस्तै देखिदैछौं । यस अर्थमा अब गणतान्त्रिक नेपालको प्रजातन्त्र पनि कर्पोरेट प्रजातन्त्रको रूपमा फस्टाउनेछ जसले गर्दा यो आम नेपालीको चाहनाबाट टाढा हुँदै जानेछ । तर हरेक ५ वर्षमा जनताको भोट चाहिने भएकोले रगत तताउने खालका नारा दिएर जनतालाई आकर्षित गरिनेछ र चुनाव जितिनेछ । साराशंमा गणतान्त्रिक नेपालको ओली सरकारको प्रजातन्त्र धनीलाई झन् धनी र गरिबलाई झन् गरिब बनाउन सफल हुनेछ भन्नु अतिशयोक्तिपूर्ण नहोला । त्यसैले प्रश्न उठ्छ के प्रजातन्त्र मर्दैछ ?

२०७५ साउन ०९ गते बुधवार

नेपाली अर्थतन्त्रको मार्गचित्र

संयुक्त राष्ट्रसङ्घले सन् २०५० सम्म विश्वको जनसङ्ख्या १० बिलियन पुग्ने अनुमान गरेको छ भने अन्तर्राष्ट्रिय श्रम सङ्गठनले विश्वको रोजगार बजारमा बर्सेनि २ मिलियन बेरोजगारी थपिदै जाने अनुमान गरेको छ। अहिले युएनएफपिए को अनुमान अनुसार निर्भरताको सूचक ५२.५ प्रतिशत रहेको छ। अर्थात् सक्रिय आधी जनसङ्ख्याले अर्को आधी जनसङ्ख्याको भरणपोषण गरिरहेको छ। आउँदो दिनमा यस्ता बेरोजगारीहरूको लागि काम कहाँबाट आउँछ भन्ने ठूलो चिन्ताको विषय बन्न पुगेको छ। यसको अध्ययन गर्दा आगामी दिनमा विश्व 'ज्ञानको विश्वै हुने अपेक्षा गर्दै विकसित देशहरूले आफ्नो आवश्यकता अनुसार राष्ट्रिय रोजगार नीति बनाउन थालेका छन्।

अर्कोतर्फ विकासशील र अल्पविकसित मुलुकहरू छन्। यसमा विकासशील देशहरूले अझै पनि म्यानुफ्याक्चरिङ्ग सेक्टरलाई नै रोजगारको स्रोत मानेर आफ्नो नीति तर्जुमा गरेका छन् भने केही अझै पनि कृषिमा नै निर्भर रहेको पाइन्छ। अहिले पनि निर्माण क्षेत्रलाई रोजगारको स्रोत मान्नेहरूले अब रणनीतितक उद्योगीकरण तथा सही शिक्षा एवं रोजगार नीति बनाउनुपर्ने बेला भएको छ। रणनीतिक उद्योगीकरण अन्तर्गत अब यस्ता देशहरूले (१) उत्पादनमुखी (२) साझेदारी वा (३) Niche Marketing को अवधारणा अवलम्बन गर्नुपर्ने देखिन्छ। यसमा उत्पादनमुखीमा ठूल्ठूला कम्पनीहरूको ब्रान्च प्लान्ट खोलेर उद्योगीकरण गर्नुपर्दछ भन्ने साझेदारीमा ठूल्ठूला कम्पनीसँग व्यावसायिक साझेदारी गरी अन्तर्राष्ट्रिय बजारमा उपस्थिति जनाउन सकिन्छ। यस्तै Niche Marketing मा विकासशील देशहरूले विकसित देशहरूको बजारको अध्ययन गरी सम्भ्रान्त ग्राहकहरूको लागि वस्तु उत्पादन गरी बजारमा पुऱ्याउनुपर्दछ। यस्तै अर्को विकल्पको रूपमा सही शिक्षा र रोजगार नीति अपनाउनुपर्ने भनिएको छ। विकासशील र अल्पविकसित मुलुकहरूको शिक्षा प्रणाली बजारोन्मुख नभई उच्च शिक्षामुखी भएको कारणले पनि यस्ता देशहरूमा रोजगार बजारमा दक्ष जनशक्तिको ठूलो अभाव देखिएको छ। यस प्रक्रियालाई सपार्न यस्ता देशहरूको शिक्षा प्रणालीलाई व्यावसायिक वा रोजगारोन्मुख बनाउन आवश्यक छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठनले सबैखाले कामलाई ४३६ वर्गमा विभाजित गरेको छ र विकसित देशका शिक्षण संस्थाहरूले आफ्ना विद्यार्थीलाई यस वाभित्र पर्ने कुनै न कुनै दक्षता पाउनेगरी आफ्नो पाठ्यक्रमको विकास गरेको हुनाले पनि उनीहरू कहाँ बेरोजगारी समस्या विकराल छैन। विश्व अहिले विश्वव्यापीकरणको तेस्रो अवस्थाबाट गुज्रिरहेको छ जसमा जेनेटिक इन्जिनियरिङ्ग र कृत्रिम बुद्धिमत्ता (आर्टिफिसियल इन्टेलिजेन्स) पर्दछ भने हामी अझै विश्वव्यापीकरणको पहिलो र दोस्रो चरणमा नै छौं।

विश्वको यस परिदृश्यमा अब सार्कको कुरा गर्दा सार्क डेभलपमेन्ट फन्ट पार्टनरशीप कनक्लेभ २०१८ लाई सम्बोधन गर्दै भारतीय नीति आयोगका प्रमुखले राजनीतिज्ञहरूले

जे भनून् तर दक्षिण एसियाको विकास युरोप र अमेरिकाबाट आउने छैन । तसर्थ यस क्षेत्रको विकासको लागि जबसम्म दक्षिण एसियाली मुलुकहरूले सार्कभित्र लगानी, व्यापार तथा पर्यटन प्रवर्द्धनको लागि ठोस प्रयास गर्दैनन् तबसम्म यस क्षेत्रको प्रगति सम्भव छैन। उनले यस क्षेत्रको विकास अरूको कारणले नभई आफ्नै कारणले बाधित भएको प्रसङ्ग कोट्याउँदै अन्य क्षेत्रीय सङ्गठनको अध्ययन गर्दा त्यहाँ व्यापार र पर्यटन प्रवर्द्धन गर्ने क्षेत्रकै ठूलो भूमिका रहेको छ भने सार्कमा हामीले नै एकअर्कासँग व्यापार नगर्ने, पर्यटनलाई बढावा नदिने तथा लगानी नबढाउने कार्य गरेका छौं"– भनेका छन् ।

विश्व र त्यसपछि सार्कको समेत परिदृश्य विचार गरेर अब हामी नेपालतर्फ फर्कौं । नेपालमा उद्योगीकरणको अवस्था जेजस्तो छ त्यसमा धेरै ठूलो चर्चा–परिचर्चा गरिरहन आवश्यक छैन । न हामीसँग सही शिक्षा नीति छ न रोजगार नीति नै । हाम्रो विश्वविद्यालय र उच्च माध्यमिक शिक्षा परिषद्ले अन्तर्राष्ट्रिय श्रम सङ्गठनले वर्गीकरण गरेको ४३६ वर्गको दक्षतालाई पाठ्यक्रममा समावेश गर्ने प्रयास गर्नुको सट्टा नेपालको शिक्षा प्रणाली सधैं अन्वेषण अवस्थामा रह्यो र यो अवस्था यति लामो हुन पुग्यो कि विकसित अवस्थामा नपुगी एकैपटक घोषित अवस्थामा प्रवेश गर्न पुगेको छ ।

यस्तोमा 'रणनीतिक उद्योगीकरण' अन्तर्गत उत्पादन अभिमुखी सीमित मात्रामा नेपाली बजारकै लागि सफल भए पनि अन्तर्राष्ट्रिय बजारमा जाने अवस्था निकट भविष्यमा बनिहाल्ने कुनै सम्भावना देखिंदैन । त्यस्तै नेपालको लगानी पार्टनरसीपको रूपमा बाहिर जानेभन्दा Tax Heaven बाट नेपालमा पार्टनरशील अन्तर्गत लगानी भित्रिएको छ । त्यस्तै Niche मार्केटिङको कुरा गर्दा गलैंचा, पस्मिना र मूर्तिबाहेक विकसित देशका High End ग्राहकलाई लोभ्याउने हामीसँग केही छैन । यस्तो अवस्थामा डब्लुटिओले नेपालको व्यापार नीतिको मूल्याङ्कन गरिरहेको र दोस्रो चरणको छलफलको लागि डब्लुटिओको टोली जुलाईमा आउने भएको छ । पहिलो चरणको छलफलमा टोलीले नेपालले गरेको वाचा अनुसार टयारिफ घटाउन सुझाव दिएकोमा अर्थ मन्त्रालयले यसतर्फ कुनै ध्यान नदिएको समाचार आएको छ। नेपालले आफ्नो व्यापारिक क्षमता बढाउन Aid for trade अन्तर्गत आर्थिक एवं प्राविधिक सहयोग प्राप्त गरिसकेको छ । नेपालले uppon र lower bound Tarrif Rate मा ५–१० प्रतिशत बिन्दुभन्दा बढी फरक नगर्ने प्रस्ताव गरेकोमा डब्लुटिओले सबै टयारिफ रेटलाई Lower bound मा राख्नुपर्ने अडान राख्दै आएकोले डब्लुटिओ टोलीको पुनरवलोकन रिपोर्ट सकारात्मक जाने सङ्केत देखापरेको छैन ।

अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय अवस्था यति गम्भीर भएपनि देशका राजनीतिज्ञ र नीति निर्माताहरू यसतर्फ कति सचेत छन् भन्ने कुरा व्यवहारमा हामीले देख्दै–भोग्दै आएका छौं ।

२०७५ असार २७ गते बुधवार

नेपाली अर्थतन्त्रको मार्गचित्र–२

नेपालको योजना आयोगमा United nation economic & social Comission for Asia & Pacific (UNESEA) को तर्फबाट Asia Pacific Countries with special Needs Development Report प्रस्तुत भएको छ, जसमा अल्पविकसित मुलुकको रूपमा नेपाललाई मानव एवं प्रकृतिजन्य प्रकोप, द्वन्द्व र सामाजिक आर्थिक विभेदका साथै पूर्वाधार र संस्थागत क्षमतातर्फ ध्यान केन्द्रित गर्ने सुझाव दिइएको छ।

यसै सन्दर्भमा रिपोर्टमा नेपाल विकासशील देशको श्रेणीमा उक्लिन सक्ने अवस्था रहे पनि नेपाल आफैंले यसलाई २०२१ सम्म स्थगित राख्न अनुरोध गरेको तथ्य उल्लेख गर्दै यसको प्रमुख कारणको रूपमा सामाजिक, आर्थिक विभेदको अत्यन्त उच्च स्तरलाई कारण देखाइएको छ । नेपाललाई द्वन्द्वको बढी जोखिम भएको मुलुकमा रहेको उल्लेख गर्दै विकास लक्ष्य हासिल गर्न वा गर्दा यसको दिगोपन र फेरि पछाडि नफर्किने अवस्थामा विचार पुऱ्याउनुपर्ने भन्दै रिपोर्टले यसको लागि 'शान्ति' आधारभूत तत्त्व भएको भन्दै यो अवस्था सिर्जना हुन नसके आन्तरिक मात्रै नभई छिमेक र अन्तर्राष्ट्रिय स्तरमा नै सुरक्षा संवेदनशीलता बढ्नेतर्फ सचेत गराइएको छ ।

शान्तिको लागि आर्थिक सम्पन्नता राम्रो हुन जरुरी छ । यसको लागि उद्योगधन्दा र व्यापार, व्यवसाय फस्टाउनु पनि त्यत्तिकै जरुरी छ । यही कुरा बुझेर भारत र पछि सन् १९९० मा नेपालले पनि डब्लुटिओको सदस्यता लिएको हो । यो सदस्यता लिनु पछाडिको मूलभूत उद्देश्य गरिब, भूपरिवेष्ठित र अनुदानमा निर्भर नेपाललाई Most Favored Nation–(MFN) को समूहमा सामेल गराएर निर्यात बढाउनु थियो । तर २००४ मा सदस्यता प्राप्त गरेको नेपालले करिब डेढ दशक बितिसक्दा पनि खासै उपलब्धि हासिल गरेको पाइँदैन । निर्यात बढ्नुको सट्टा आयात बढेर निर्यातभन्दा १३ गुणा बढी हुन पुगेको छ । चीनमा नेपालबाट कुल निर्यातको जम्मा २.८ प्रतिशत उपयोग भएको छ भने भारतको ५ वटा राज्यसँग खुला सिमाना रहेको करिब ४० करोड जनसङ्ख्याको लागि समेत केही उत्पादन गरेर निर्यात गर्न सकेको छैन । यसको कारण के हो भनेर खोतल्दा बितेका डेढ दशकमा हामीले चीन वा भारततर्फ निकासी गर्न सक्ने कुनै वस्तु वा उत्पादन ठम्याएर बनाउन सकेनौं । तर बङ्गलादेशले टेक्सटाइलको क्षेत्रमा २०१६ मा विश्वकै दोस्रो निर्यातकको रूपमा आफूलाई स्थापित गराउन सफल भयो । सन् २००० सम्म अमेरिकामा उच्चस्तरको ४५० वटा प्रतिष्ठानबाट गार्मेन्ट निर्यात गर्ने हामी कोटा प्रणाली हट्ने बित्तिकै लम्पसार पऱ्यौं र अब हामीसँग जम्माजम्मी ८–१० वटा उद्योग बचेका छन् । यसको कारणबारे अन्वेषण गर्दा हामी गुणवत्ता र प्रविधिमा निरन्तरता दिन असफल भयौं जसले गर्दा प्रतिस्पर्धामा हाम्रो गार्मेन्ट उद्योग टिक्न सकेन । यस्तो अवस्थामा नेपालसँग दुईवटा वस्तुमात्र रहन जान्छ–पहिलो हो जलविद्युत् र दोस्रो जनशक्ति । जलविद्युत्को विकासको लागि प्रयासहरू भइरहेका छन् जुन सराहनीय छ र आउँदो केही वर्षमा यसको असर लक्ष्य अनुसार काम गर्न सकियो भने देख्न सकिनेछ । दोस्रो शक्ति भनेको दक्ष जनशक्ति हो । अहिले पनि नेपालबाट

युवाहरू रोजगारको लागि विदेश जान्छन् तर तिनीहरूसँग सीप नभएकोले निम्न स्तरको रोजगार गर्दछन् । हुन त त्यसैबाट पनि देशको अर्थतन्त्रलाई ठूलो टेवा पुगेको छ। तर सरकारले नेपालबाट विदेशिने युवाहरूको लागि अन्तर्राष्ट्रिय श्रम सङ्गठनले वर्गीकरण गरेको ४३६ प्रकारको सीपमध्ये श्रम सम्झौता भएको देशहरूको आवश्यकता अनुसारको ट्रेड कोर्स गराएर विदेश पठाउने श्रमनीति कार्यान्वयन गर्नु नितान्त आवश्यक भइसकेको छ । डब्लुटिओको सदस्यता लिएर अफ्रिकाका अल्पविकसित मुलुकहरूले अमेरिका र युरोपको कृषि अनुदानमा रोक लगाउन उठाएको आवाज २००१ मा स्वीकृत भए पनि सन् २०१८ सम्म आइपुग्दा यसको कार्यान्वयन नभएको पीडा अफ्रिकी देशहरूले भोगिरहेकै छन् । त्यस्तै एसियाको नेपाल, भूटान, बङ्गलादेश र अफगानिस्तानको लागि १९९६ को मन्त्रीस्तरीय बैठकबाट एउटा 'कार्ययोजना' स्वीकृत भयो । जस अनुसार ट्रेन्ड र टयारिफमा सहुलियत दिने कुरा स्वीकृत भयो तर आजसम्म लागू हुन सकेको छैन । अफ्रिकी देशहरू यस्तो अवस्थामा क्षेत्रीय व्यापार अभिवृद्धि गर्नेतिर लागेर राम्रै सफलता हात पारेका छन् । तर दुर्भाग्यवश हाम्रो क्षेत्रीय सङ्गठन सार्क यसमा पूर्णरूपले असफल रहेको छ । हाम्रो कुल व्यापारको ६५-७० प्रतिशत व्यापार भारतसँग हुन्छ र १९९६ देखि २००२ सम्म ३० प्रतिशत रहेको व्यापारघाटा २०१६ सम्म आइपुग्दा ६० प्रतिशत पुगेको छ र निर्यात १.२३ प्रतिशतमा झरेको छ । स्पष्ट छ, हामीसँग हाइ-इन्ड प्रोडक्ट छैन । त्यसैले हाम्रो ध्यान सर्वप्रथम आयात प्रतिस्थापनमा हुनु जरुरी छ। यसको लागि प्रभावकारी Strategic Industrealization को नीति अन्तर्गत जलविद्युत्लाई निर्यात र कृषिजन्य उत्पादनहरू एवं कृषिमा आधारित उद्योगहरूलाई प्रोत्साहित गर्ने नीति अगाडि सार्नुपर्ने आवश्यकता बोध हामी सबैलाई हुनुपर्दछ । त्यसैगरी सबल अर्थतन्त्र निर्माण गर्न अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धन गर्ने योजना कार्यान्वयन हुनुपर्दछ। हाम्रो असफलताको मुख्य कारण नै के हो भने (१) न हामीले उपलब्ध आन्तरिक स्रोत साधनको समुचित प्रयोग गर्न सक्यौं न (२) विदेशी सहयोगको। प्राध्यापक चैतन्य मिश्र र प्रा. पीताम्बर शर्माको 'फरेन एन्ड सोसल स्ट्रक्चरः नोट्स अन इन्ट्रास्टेट रिलेशनसीप' कार्यपत्रमा विदेशी सहयोगले नेपालको अर्थतन्त्रमा पारेको प्रभावबारे २२ असारको कान्तिपुर दैनिकको पृष्ठ ७ मा युग पाठकको समृद्धिको रेल दर्शन लेखमा (१) वैदेशिक सहायता अर्थतन्त्रको सबै क्षेत्र भित्र घुस्न सफल भएको (२) यसले परम्परागत शक्ति संरचनालाई झन् बलियो बनाएको (३) पूर्वाधार विकासले नेपालको अर्थतन्त्रलाई विदेशी बजारको कब्जामा पुऱ्याएको (४) वैदेशिक सहायता केन्द्रित विकास परियोजनाले ग्रामीण अर्थतन्त्रलाई झनै कमजोर बनाएको र (५) वैदेशिक सहायता परिचालन गर्ने अनुत्पादक शहर केन्द्रित उच्च वर्गलाई बलियो र तल्लो वर्गलाई झन् कमजोर बनाएको उल्लेख छ ।

यस्ता तथ्यहरूलाई आत्मसात् गरेर आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न (१) रणनीतिक उद्योगीकरण (२) पर्यटन (३) कृषि (४) जल स्रोतको साथै रोजगारोन्मुख शिक्षा योजनाले मात्र नेपाल र नेपालीलाई सम्मान दिन सक्नेछ ।

२०७५ साउन ०२ गते बुधवार

बेथितिको यो रूप

प्रधानमन्त्री केपी ओली र उनका चिनियाँ समकक्षी ली खछ्याङको वार्तापश्चात् चीनमा १० वटा समझदारीपत्र र चारवटा लेटर अफ एक्चेन्जमा हस्ताक्षर भएको समाचार सार्वजनिक भएको छ । यसमा अधिकांश जलविद्युत् आयोजना रहेको छ भने एउटा तीन हजार मेट्रिक टनको सिमेन्ट उद्योग र फलफूल प्रशोधन, पस्मिना खरिद तथा पूर्वी तराईको सिंचाइ प्रणाली व्यवस्थित गर्न सहयोग पुऱ्याउने रहेको छ । तर यहाँ चर्चाको विषय यो नभई बहुचर्चित रेलमार्ग हो । नेपालले ट्रान्स हिमालयन मल्टी डाइमेन्शनल कनेक्टिभिटी नेटवर्कको खाकाभित्र रहेर सघाउन नेपालले गरेको आग्रह स्वीकार गर्दै चिनियाँ राष्ट्रपति सीले नेपाली प्रतिनिधिमण्डललाई भेट्ने क्रममा "हामीले बनाएको रेलमार्ग ल्हासाबाट सिंगात्से पुगेको छ र मलाई विश्वास छ त्यो चाँडै काठमाडौं पुग्नेछ" भनेबाट यस आयोजनाको कार्यान्वयनलाई थप बल पुग्ने भएको छ । हाम्रा पररा्ष्ट्रमन्त्री प्रदीप ज्ञवालीले आयोजनाबारे जानकारी दिँदै करुङ-काठमाडौं रेलमार्गको चलिरहेको पूर्व सभाव्यता अध्ययन अगस्तभित्र सकिने र त्यस पछाडि अर्को सम्भाव्यता अध्ययनतर्फ नलागी सोझै विस्तृत परियोजना प्रतिवेदन तयार गर्नेतर्फ लग्ने सङ्केत गरेका छन् । उनले करिब १.५ वर्षमा डिपिआर तयार भएपछि काम थालनी भएको ५-६ वर्षमा यो आयोजनाले मूर्त रूप लिने भनाइ सार्वजनिक गरेका छन् भने चीनका उपविदेशमन्त्रीले चिनियाँ रेल पहिले केरुङबाट नेपालको रसुवागढी भएर अनि काठमाडौं ल्याउने योजना भएको खुलाएका छन् । केरुङबाट नेपालतर्फको भूभाग करिब ३०° भिरालो रहेकोले सुरुङ र पुलको सङ्ख्या निकै बढी हुने भएकोले विस्तृत इन्जिनियरिङ सर्भेपश्चात् मात्र लागतको सम्बन्धमा अनुमान हुने बताएका छन् ।

यसै सम्बन्धमा अङ्ग्रेजी दैनिक रिपब्लिकाको २० जूनको प्रथम पृष्ठमा No clear strategy in big infrastructure projects experts शीर्षकमा रुद्र पङ्नीद्वारा प्रेषित समाचारसँगै प्रकाशित एक ग्राफिक्समा काठमाडौं-गल्छी-त्रिशूली-रसुवागढी १३२ किमी सडक निर्माणको अनुमानित लागत ५ बिलियन रुपियाँ देखाइएको छ भने काठमाडौं-केरुङ १०० किमी रेलमार्ग निर्माणको अनुमानित खर्च ३०० बिलियन रुपियाँ देखाइएको छ । यस सन्दर्भमा समाचारमा चिनियाँ सहयोगमा प्रस्तावित मात्रै हैन, भारतीय सहयोगमा प्रस्तावित रेलमार्गका सम्बन्धमा पनि अत्यन्त संवेदनशील कुराहरू सम्मिलित गरिएको छ ।

उदाहरणको लागि पूर्व-पश्चिम रेलमार्ग र काठमाडौं-रक्सौल रेलमार्गलाई सम्झौता भएकै पूर्व-पश्चिम राजमार्गमा ट्राफिक भार कति छ त्यसको कति विचार नपुऱ्याई राजमार्ग सँगसँगै रेलमार्ग निजगढसम्म ल्याई त्यहाँबाट हेटौंडा हुँदै पश्चिम दौडाउने योजना छ । यो रेलमार्ग मालवाहन र सवारीको लागि प्रयोग हुन थाल्यो भने सडकमा कति बस र ट्रक गुड्ने र यो रेलमार्गको पे ब्याक पिरियड कति हुने त्यसको लागत नै तयार भएको छैन । हुलाकी राजमार्ग निर्माणाधीन भएकोले तराईको मान्छे रहरले रेल चढ्न एक-दुईपटक यता पसे पनि नियमित प्रयोग चाहिं हुलाकी राजमार्गकै गर्नेछन्

भने चुरे फेदमा बसोवास गरेको जनसङ्ख्याको प्रयोगबाट सडक र रेल दुवै साधनहरू नाफामूलक अवस्थामा चल्न सक्ने अवस्था छैन ।

कमोबेस यही कुरा चिनियाँ सहयोगमा निर्माण हुने रेलमार्गको लागि पनि भन्न सकिन्छ । चिनियाँ रेल काठमाडौं र लुम्बिनीको लागि पर्यटक बोकेर ल्याउन सक्छ र लैजान सक्छ तर यो रेल परियोजनाको मुख्य उद्देश्य त्रिपक्षीय ट्रान्जिट हो । चीनबाट मनग्गे सामान नेपाल आउन सम्भव छ, आउला पनि, तर नेपालबाट के बोकेर चीन जाने ? खाली रेल फर्किएपछि विद्युतीय भए पनि बिजुली खर्च दोब्बर पर्दा ढुवानी कति किफायती हुन्छ विचार गर्नुपर्ने देखिन्छ । जहाँसम्म भारतको सामान ढुवानी गर्ने कुरा छ त्यसबारे भारतले ओबोरमा हस्ताक्षर नगरेर स्पष्ट पारिसकेकोले नै नेपालले यो सहमति ट्रान्स हिमालयन मल्टि डाइमेन्शनल कनेक्टिभिटी नेटवर्कको खाकाभित्र भएकोले भारत यसमा असहमत छ भन्ने कुरा स्पष्टरूपमा दुवै देश अर्थात् नेपाल र चीनका नेताहरूले बुझेका कारण नै चीनबाट फर्केपछि प्रम ओलीले रेल सम्झौताबारे अझ थुप्रै बुँदाहरूमा छलफल हुन बाँकी रहेकोले यसलाई क्रमशः कार्यान्वयनमा लैजाने भनेका हुन् । यस भनाइको मनसाय यस पालिको प्रमको भ्रमणमा त्रिपक्षीय सहयोगमा छलफलको त कुरा पर जाओस् शब्दसम्म उच्चारण भएको पाइँदैन ।

पूर्व अर्थमन्त्री डा. महतले भारत र चीन दुवैको रेल परियोजना, अनुदानमा बनोस् भन्ने भनाइ पनि अप्रासङ्गिक लाग्दछ । अनुदानमा बनेको रेल चलाउन पनि खर्च चाहिन्छ र त्यो खर्चको जोहो हुन सकेन भने त्यस्ता परियोजनाहरू केही दिनमै सेतो हात्ती बनेर राष्ट्रको अर्थतन्त्रलाई तहसनहस गर्न थाल्छन् । उदाहरणको लागि निजगढ–काठमाडौं फास्ट ट्र्याकलाई लिऔं । यसमा ट्राफिक चाप नपुग्ला भनेर भीमफेदी–काठमाडौं सुरुङसहितको आयोजना ओझेल भयो । अब यही ट्र्याकको समानान्तर रक्सौल–काठमाडौं रेल दौडिने हो भने फास्ट ट्र्याकमा सवारी चाप पुग्ला ? वा पुग्यो भने रेलको आर्थिक अवस्था के होला ?

यो सबै अवस्थालाई विचार गर्दा देशमा योजना पर्याप्त गृहकार्यबिना जथाभावी निर्माण भइरहेको छ जसमा करदाताको पैसा बरबाद हुने निश्चित छ। महज २०–२५ किलोमिटर भित्र एक अर्काको समानान्तर हुनेगरी कनेक्टिभिटीको नाममा पूर्व–पश्चिम राजमार्ग, पूर्वपश्चिम रेलमार्ग र हुलाकी सडक कुन जनसङ्ख्यालाई लक्षित गरी बनाइँदैछ बुझ्न कठिन छ । यस्तै भखंरै चौडा पारिएको नारायणगढ–मुग्लिन सडकको अर्कोतर्फबाट पनि एउटा सडक बनाउने योजना बनिरहेको प्रकाशमा आएको छ । नौबिसे–नागढुङ्गा सुरुङमार्ग निर्माणाधीन छ । कान्ति राजपथ बन्नै आँटेको छ र फास्ट ट्र्याक पनि बनिरहेको अवस्थामा यस्तो परिकल्पनाको अर्थ के हुन्छ ? के यो सडकमा पहिरो खसेर यो बाधित नहोला ? कोही नागरिक विकास विरोधी हुँदैन तर मध्यपहाडी लोकमार्गपछि अब उच्च पहाडी राजमार्गसमेतको परिकल्पना गरिएको सन्दर्भमा वातावरणविद्हरूको एउटा मार्मिक भनाइ यहाँ राख्न चाहन्छु । त्यो के भने प्राकृतिक संरचनालाई लम्बवत् विध्वंस गर्नुहुँदैन । यसलाई ठाडो दिशामा प्रयोग गर्नु तुलनात्मकरूपमा कम विध्वंशकारी हुन्छ । विचार गरौं हामी के गर्दैछौं !

२०७५ असार २० गते बुधवार

ज्येष्ठ नागरिकप्रति दुर्व्यवहार

ज्येष्ठ नागरिक सङ्घ, पर्साको शुक्रवार असार १ गतेका दिन होटल पूजनमा ज्येष्ठ नागरिकप्रति दुर्व्यवहारविरुद्ध १३ औं विश्व चेतना दिवसको अवसरमा आयोजित कार्यक्रममा डा. सुषमा तिवारी र डा. राम अवतार प्रसाद खेतानले आआफ्नो कार्यपत्र प्रस्तुत गरेका थिए। डा सुषमा तिवारीले आफ्नो कार्यपत्रमा-२१ औं शताब्दीमा विश्वभर जनसङ्ख्याको मृत्युदर घट्दै जानु अनि स्वास्थ्य सेवा बढ्दै जानुको कारणले २१ औं शताब्दीलाई ज्येष्ठ नागरिकको शताब्दी भन्न थालिएको छ। विश्व स्वास्थ्य सङ्गठनले र नेपालमा पनि ज्येष्ठ नागरिक ऐन २०७३ ले ६० वर्ष वा सोभन्दा माथि उमेर पुगेकालाई ज्येष्ठ नागरिक भनेर परिभाषित गरेको छ। उमेरले गर्दा मानिस शारीरिकरूपमा शिथिल हुँदै गएपछि उसलाई परिवार तथा समाजले उपेक्षाको दृष्टिले हेर्न थाल्छ। ज्येष्ठ नागरिकप्रति यस्ता हिंसा प्राचीन समयदेखि नै हुँदै आए पनि विश्वको ध्यान सन् १९७५ मा ब्रिटिश साइन्टिफिक जर्नलमा प्रकाशित Mistreatment of older people refered to on 'elder abuse' शीर्षकमा प्रकाशित भएपछि गम्भीर रूपमा यस मुद्दामा केन्द्रित भएको खुलासा गर्दै सन् २०११ देखि विश्वभरि नै १५ जूनमा The world Abuse Awarness Day को रूपमा मनाउने परम्पराको शुरुआत भएको उल्लेख छ। नेपालमा बुटवलमा सन् २०१५ मा गरिएको एक सर्वेक्षण अनुसार ४९.१ प्रतिशत ज्येष्ठ नागरिकसँग कुनै न कुनै रूपमा दुर्व्यवहार भएको भेटिएकोमा ४७.२ प्रतिशत वास्ता नगर्नु, ११.८ प्रतिशत आर्थिक हिंसा, १०.८ प्रतिशत मानसिक र करिब २ प्रतिशत शारीरिक यौनिक हिंसा भएको देखिएको छ भने सन् २०१६ मा पूर्वाञ्चल विश्वविद्यालय एवं Population Association of Nepal द्वारा गरिएको अनुसन्धानमा ४७.४ प्रतिशत ज्येष्ठ नागरिकले दुर्व्यवहार भोगेको तथ्य सार्वजनिक गरिएको छ। अविकसित मुलुकहरूमा पुरुषभन्दा महिलाहरू सम्पत्तिमा अधिकार नभएकोले बढी उपेक्षित एवं आश्रित छन् भने विधवा तथा एकल महिला अझै बढी सबैखाले हिंसाको चपेटामा रहेको विभिन्न अध्ययनहरूको निष्कर्ष छ-भन्ने तथ्यको खुलासा गरेकी छन्।

यही कार्यक्रममा अर्को कार्यपत्र प्रस्तुत गर्दै डा. खेतानले दुर्व्यवहारको कारणहरूबारे चर्चा गर्दै यसको प्रमुख कारण (१) आफ्नो संस्कृति, मूल्य र मान्यतालाई छाड्दै जानु (२) सरकारले ज्येष्ठ नागरिक भत्ता तोक्नेभन्दा बाहेक समस्या समाधानको लागि केही गर्न नसकेको (३) ज्येष्ठ नागरिकको उपचारको उचित प्रबन्ध नहुनु जस्ता कारणहरू उल्लेख गरेका छन्।

ज्येष्ठ नागरिकमाथि हुने दुर्व्यवहार कम गर्न अँगालिएका उपायहरूको चर्चा गर्दै डा. सुषमा तिवारीले सर्वप्रथम वि.सं. २०५१ सालमा तत्कालीन अर्थमन्त्री भरतमोहन

अधिकारीले वृद्धहरूलाई मासिक रु १००।– दिएर शुरु भएको वृद्धभत्ता २०५२–५३ मा ७५ वर्ष नाघिसकेकालाई रु १०० दिँदै आएकोमा सन् २०१५ मा तत्कालीन अर्थमन्त्री डा. रामशरण महतले रु एक हजार दिने व्यवस्था गर्नुको साथै औषधि उपचारको लागि Gereatic ward को स्थापना गरेर स्वास्थ्य सुविधा उपलब्ध गराउने कुराहरू राखिएको थियो । नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण र सामाजिक सुरक्षाको हक हुनेछ भनेर उल्लेख छ भने ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ मा ज्येष्ठ नागरिकलाई पालनपोषण र गर्नुपर्ने कर्तव्य परिवारको सदस्य, नातेदार वा हकवालाले गर्नुपर्ने र सो नगरेमा सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको वडाध्यक्ष समक्ष उजुरी दिन सक्ने व्यवस्था रहेको उल्लेख छ ।

अब प्रश्न उठ्छ संवैधानिक व्यवस्था र ऐनको । दुवै व्यवस्था आफैमा अमूर्त एवं झाराटार्ने खालका छन् । कार्यक्रममा अधिकांश वक्ताहरूले भत्ता बढाउनुपर्ने जस्ता कुराहरू राखे भने जिल्ला अदालत, पर्साका माननीय न्यायाधीश नागेन्द्र कर्णले इच्छापत्रको व्यवस्थाको कुरा उठाए । उच्च अदालत वीरगंजका मा.न्या. कुमार पोखरेलले समाजको एउटा अत्यन्त संवेदनशील पक्ष उठाउँदै आमाबुबालाई अत्यन्त माया गर्ने छोरीहरू बुहारीको रूपमा प्रायः परिवर्तित सन्दर्भमा देखिने पक्ष उजागर गरेका थिए । साथै अन्य वक्ताहरूले पनि आआफ्नो ढङ्गबाट समस्या प्रस्तुत गरेको तथ्य केलाउँदा ज्येष्ठ नागरिकहरू पनि अब आफ्नो मागप्रति सचेत हुने अवस्था आएको जस्तो अनुभूति भयो। सरकारले नै सबै व्यवस्था गर्न नसक्ने भएकोले सङ्घीय संरचनामा हरेक सरकारले सङ्घीय स्तरबाट अमूर्त कानूनलाई मूर्त बनाउँदै इच्छापत्रको अनिवार्य व्यवस्था लागू गर्नुपर्ने टडकारो अवस्था देखिन्छ । यो व्यवस्थाबाट आंशिक रूपमैं भए पनि समस्या सहजीकरण हुन सक्छ भने नेपाल सरकारले नै 'स्वास्थ्य बिमा योजना' अन्तर्गत ज्येष्ठ नागरिकहरूको निशुल्क बिमा एवं मृत्युपर्यन्त रु १ लाखसम्मको सावधिक बिमाको व्यवस्था गर्न सके धनकै लोभले गर्दा भए पनि ज्येष्ठ नागरिकको हेरचाह थप सहज हुने मेरो धारणा छ भने अब प्रादेशिक एवं स्थानीयस्तरमा समेत सरकार बनिसकेकोले सरकारको सिंहदरबार घरघरमा भन्ने नारालाई सार्थक रूप दिन यस्तो सरकारले ज्येष्ठ नागरिकको लगत राखी आफ्नो मातहतको अस्पतालमा उपचार हुने अवस्थाका साथै उनीहरूको लागि निशुल्क फिजियोथेरापी केन्द्र र टोलटोलमा टिभी र अखबारहरू उपलब्ध हुनेगरी सामुदायिक केन्द्रहरूलाई वडा कार्यालयहरूसँगै स्थापित गर्नुपर्दछ भन्ने मेरो मान्यता हो ।

अहिलेसम्म हामीले अर्ति उपदेशको कुरा गऱ्यौं तर ज्येष्ठ नागरिक स्वयंको स्वभाव, जीवन र बोली व्यवहार कस्तो छ भन्ने कुरामा पनि दुर्व्यवहारको Intensity भर पर्छ। मानव संसाधन विभागले जीवनको अन्तिम समय जसलाई Decline Stage भनिन्छ र जुन ५५ वर्षपछि प्रारम्भ हुन्छ त्यसलाई दुई वर्गमा विभाजित गरेको छ । पहिलोलाई Making of Life र दोस्रोलाई Living of Life भनिएको छ । Making of Life मा

तपाईंले आफ्नो जीवनमा उत्कृष्ट कार्यहरू गर्दै सामाजिक र भौतिक सम्पन्नता प्राप्त गर्नुभएको छ भने तपाईंको Declair Stage पनि सुखी हुन्छ तर आफ्नो जीवन (Career)लाई उत्कृष्ट बनाउन नसकी भरिया (Carrier) को जीवन बिताउनुभएको छ भने सामाजिक र भौतिक सम्पन्नताको कमीले तपाई र तपाईंको हेरचाह गर्ने आफन्त, नाता र हकवाला सबैलाई संसाधनको अभाव भएर कमीले गर्दा इमानदारीपूर्वक चाहेर पनि तपाईंको राम्रो हेरविचार गर्न सकिरहेको हुँदैन । त्यसैले तपाईंको Decline stage को जीवन कष्टकर बितिरहेको हुन्छ। यसैलाई Living of Life पनि भनिएको छ । यस्तो छ भने It is never too late of start भनेझैं अहिलेदेखि आफ्नो परिवारजनको कष्ट कम गर्न सकेसम्म प्रयास गरिएमा सहजता बढ्न सक्छ भन्ने मेरो अपेक्षा हो ।

२०७५ असार ०६ गते बुधवार

राजतन्त्र कि गणतन्त्र

तीनवटै तहको निर्वाचन सम्पन्न भइसकेपछि शुरू भएको राजनैतिक स्थिरताको सुगारटाइको आवाज सुक्न नपाउँदै यसमा फेरि तरङ्ग उत्पन्न हुन थालेको छ । नेकपाका तर्फबाट कमरेड प्रचण्डले दुईतिहाई बहुमतको आडमा कार्यकारी राष्ट्रपतीय प्रणाली संविधान संशोधन गरेर लागू गर्ने कुरा उठाउनासाथ नेकपाकै नेता, कार्यकर्ताहरूले यसमा पार्टीगतस्तरमा कुरा नभएको भन्दै आफ्नो विचार राख्न थालेका छन् । भनिन्छ पात नहल्लिकन हावा चलेको अनुभूति हुँदैन । यस सन्दर्भमा राजनैतिक वृत्तका महारथिहरूले सम्भवतः वर्तमान प्रधानमन्त्री केपी ओलीले आफ्नो कार्यकाल शान्तिपूर्ण ढङ्गले पूरा गरी प्रचण्डलाई सत्ता हस्तान्तरण गर्ने बेला कार्यकारी राष्ट्रपतिको संशोधन प्रस्ताव अगाडि सार्ने लख काट्न थालिएको छ । यसै सन्दर्भमा फोरमको तर्फबाट उपेन्द्र यादवलाई सत्ता साझेदार बनाउनेबित्तिकै उनको पार्टीलाई समेत नेकपामा विलय गर्ने वा समाहित गर्ने कुराहरू उठ्न थालेका छन् । नेकपामा विलय हुनु नहुनु उक्त पार्टीले निर्णय गर्ने कुरा भए पनि तराईको जनताले राजपाभन्दा बढी विश्वास गरेर दबाब समुहको रूपमा रोजेको यस पार्टीको अस्तित्व नै समाप्त हुने निश्चितप्रायः हुनेछ । सरसर्ती हेर्दा कुनै ठूलो कुरा नदेखिए पनि पर्दा पछाडि धेरै ठूल्ठूला तरङ्ग चलेको अनुभूति हुन थालेकोले केही प्रसङ्ग यहाँ कोट्याउन चाहन्छु ।

२९ मईको रिपब्लिकाको सातौं पृष्ठमा प्रकाशित पि खरेलको Will Monarchy Return ? शीर्षकको लेखले २०७७ को निर्वाचनपछि नेपाली काङ्ग्रेस र अन्य प्रजातान्त्रिक समूहले धर्म निरपेक्ष गणतन्त्रको माओवादी एजेन्डालाई बोकेर हिंडेकोमा कोर्स करेक्सनको लागि यो सहमति उल्टाउँदा के हुन्छ भनेर मूल्याङ्कन गर्न थालेका छन् । लेखमा भनिएको छ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, महाराजसँग भेट्न पहिले गरेको केही गोप्य वाचा पूरा गर्न नसकेको कारण असहज महसुस गर्छन् भने चीनले आफ्नो सामान्य कूटनीतिमा शासनबाट हटाइएका व्यक्ति वा दलसँग भेटघाट नगर्ने नीतिविपरीत पूर्वराजा ज्ञानेन्द्र आफ्नो दोस्रोपटकको चीन भ्रमणमा चिनियाँ राष्ट्रपतिलाई समेत भेटेर चीनलाई All weather friend को विश्वास दिलाएको अनुमान गरिएको छ। नेपालको राजनीतिमा देखापरेको यस्तै अनिश्चितताका कारण भारत र चीनले नेपालमा एउटा स्थायित्व भएको विश्वसनीय राजनैतिक संस्थाको रूपमा नेपालको राजनीतिमा राजाको स्थान हुनुपर्ने सोच बनाउन थालेको उल्लेख गरिएको छ ।

यसै सन्दर्भमा त्यस लेखमा पूर्व अमेरिकी विदेशमन्त्री डा. हेनरी किसिंगरले आफ्नो गत भारत भ्रमणमा केही ठूलाबडाको बैठकमा The Ranas and king Mahendra know Nepali geo-politics and strategic inforest the best भनेर उल्लेख

भएकोबाट नेपालको सम्बन्धमा अमेरिकी सोच पनि केही हदसम्म उजागर हुन्छ । नयाँ दिल्ली, बेइजिङ र वाशिंगटनबीच भइरहेको द्विपक्षीय वार्तामा यस सम्बन्धमा कुराहरू भइरहेको र पश्चिमा देशहरूले नेत्र विक्रम चन्द समूहको विरोध कार्यक्रमलाई रुचिपूर्वक हेरिरहेको र सेल्फ डिप्लोमेसी मार्फत् जापानको समेत यसमा सहमति रहेको उल्लेख गरिएको छ ।

अर्कोतर्फ जेठ १८ गतेको कान्तिपुर दैनिकमा प्रकाशित श्रीकृष्ण अनिरुद्ध गौतमको के गणतन्त्र असुरक्षित छ ? भन्ने लेखमा निश्चय नै संसद्को परिधिबाहिर गणतन्त्र असफल होस् भन्ने कामना गर्नेहरू नभएका होइनन् भन्दै उनी लेख्छन्–'तर यस्तो कामना गर्नेहरू कसैमा पनि दम छैन, स्वयं अस्वीकृत छन्...खतरा बाहिरबाट होइन रिङ्गभित्रका खेलाडीहरूबाटै छ । लोकतन्त्रको शासन सत्ता कम्युनिस्टहरूको हातमा पुगेको छ। ओलीको नियत राम्रो हुन सक्छ तर उनकै कतिपय साथी र भर्खरै उनीसित मिसिन आएको समूहको पाठशालाले लोकतान्त्रिक मूल्य पद्धतिको मर्म पढाएको छैन । अर्को शब्दमा उनको मान्यता के छ भने गणतन्त्रलाई आन्तरिक खेलाडीहरूबाट खतरा हुन सक्छ । यसलाई थप गम्भीरताका साथ लिनुपर्ने कुरा के छ भने प्रचण्डको राष्ट्रपतीय प्रणालीको उपेन्द्र यादवले पनि गर्न सकिने भनेर वक्तव्य दिएका छन् । यसबाट के बुझ्न सकिन्छ भने भित्रभित्रै पक्कै केही पाकिरहेको छ । काङ्ग्रेस यसको विरोधमा छ । भोलि सत्ताधारी दलले दुईतिहाईको सामर्थ्यमा यस्तो प्रस्ताव ल्यायो भने के होला ? एउटा कुरा त पक्का के छ भने ओलीले सम्भवत: आफ्नो कार्यकालमा यसलाई संसद्मा ल्याउने छैनन् । उनी पक्कै पनि भारतको २०१९ को चुनावको प्रतीक्षा गर्नेछन्। तर चुनावी नतिजा बिजेपीको पक्ष वा विपक्ष जेमा भए पनि नेपालको संसद्मा यस्तो प्रस्ताव दर्ता हुनासाथ स्वदेशी मात्र होइन, विदेशी शक्तिहरूले पनि सधैँझैं नेपालको राजनीतिमा खेल्न थाल्नेछन् । विदेशी शक्ति भन्ने बित्तिकै भारत, चीन र अमेरिकाले साँच्चै नेपालमा कुनै न कुनै रूपमा राजतन्त्र फर्काउन चाहेको हो भने राजा वा हिन्दू राष्ट्र वा दुवै नामबाट नेपालमा फेरि अस्थिरताको सिर्जना हुन सक्ने यथार्थलाई नकार्न सकिन्न ।

त्यसैले अहिले नेपाली गणतन्त्र स्थिर राख्नुछ भने वर्तमान सरकारले अधिनायकवादी शैली परित्याग गरी आफ्नो निर्णयहरू प्रजातान्त्रिक र पारदर्शी बनाउन अत्यन्त आवश्यक छ । संसद्मा सङ्ख्यामा प्रतिपक्ष (काङ्ग्रेस) कमजोर भए पनि नेपाली जनतामा प्रतिपक्ष अर्थात् नेकाको पकड अझै यथास्थितिमैं रहेकोले यसले समेत विवेकशील प्रतिपक्षको भूमिका निर्वाह गर्दै सत्ता पक्षलाई राजनैतिक स्थिरताको बाटोमा डोऱ्याउने गुरुतर जिम्मेवारी वहन गर्न सक्नुपर्छ ।

२०७५ जेठ ३० गते बुधवार

वीरगंज महानगर नियाल्दा

वीरगंज महानगर भइसकेको छ । जनसङ्ख्याको हिसाबले ग्रामीण क्षेत्रहरूलाई गाभेर यसलाई यस स्तरमा पुऱ्याइएको हो । तर महानगरमा बस्ने नागरिकको लागि स्वस्थ जीवन बाँच्न चाहिने पूर्वाधारहरू के हुन भनेर केलाउँदा अत्यन्त निराशाजनक स्थिति देखा पर्दछ। तर आधारभूत आवश्यकता अर्थात गाँस, वास र कपासकै आधारमा केलाउँदा पनि वीरगंजको स्थिति के छ र भविष्यको योजनामा स्थानीय सरकारले के-के कुराहरूमा जोड दिनुपर्छ भन्नेतर्फ ध्यान दिँदै त्यसको लागि स्रोत र साधन कहाँबाट र कसरी जुटाउन सकिन्छ भन्नेबारे मन्थन गर्नु आवश्यक भइसकेको छ । सबभन्दा पहिलो कुरा गरौं- स्वास्थ क्षेत्रकै। वीरगंजमा अवस्थित एकमात्र सरकारी अस्पतालमा ती सय शय्याको व्यवस्था भए पनि सामान्यदेखि जटिल रोगको उपचार एकै थलोमा गर्नुपर्ने बाध्यताले यसले जति काम गरे पनि, एकातर्फ जस नपाउने अवस्था छ भने अर्कोतिर अस्पतालले विशेषज्ञस्तरको सुविधा, साधन र जनशक्ति दुवैको अभावले, दिन सकिरहेको छैन। आजको वीरगंज महानगरको आवश्यकता एक हजार शय्याको नारायणी अस्पतालको छ भने अर्कोतिर महानगरलाई विभिन्न क्षेत्रमा विभाजित गरि ८-१० वटा स्नातक चिकित्सकको सेवा उपलब्ध हुनेगरी स्वास्थ्य केन्द्रहरू सञ्चालनमा ल्याउनुपर्ने देखिन्छ । जसले गर्दा नारायणी अस्पतालको चापलाई व्यवस्थित गर्न सकियोस् ।

जनस्वास्थसँग सम्बन्धित अर्को क्षेत्र खानेपानी र ढलको छ । एडिबीको योजना ढिलै भए पनि सम्पन्न भएमा यो समस्याको समाधान हुनेमा आशावादी हुन सकिन्छ । तर खानेपानीको कुरा गर्दा नेपाल खानेपानी संस्थानको सेवा नै महानगरको शहरी क्षेत्र छपकैया, नगवा, इनर्वा, पिपरामा पुग्न नसकेको अवस्थामा गाभिएका ग्रामीण क्षेत्रमा कहिले पुग्ला कल्पना गर्न कठिन भएको अवस्थामा महानगरपालिकाले खानेपानी सेवाको विस्तार नेपाल सरकारबाट सम्भव भए त्यहाँबाट र सम्भव नभए उपभोक्ता समिति गठन गरी पूरा गर्नुपर्ने दायित्व बोक्नुपर्ने देखिन्छ ।

यस पछिको दायित्व गुणस्तरको हो। वीरगंजमा समान्यतया ढल, खानेपानीमा मिसिइरहेको दृश्य देख्न पाइन्छ । यसतर्फ पनि समन्वय गरेर गुणस्तरको सूचना नै १५-१५ दिनमा महानगरपालिकाको खाद्य प्रयोगशालाले गरे जनचेतना बढ्नुको साथै खानेपानी संस्थानमाथि पनि गुणस्तर व्यवस्थापनको लागि जनदबाब सृजना भई स्थितिमा केही सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

यसैगरी स्वास्थ्यसँग नै जोड्न सकिने अर्को क्षेत्र शौचालय हो । यहाँ सार्वजनिक शौचालय केही ठाउँमा भएपनि अधिकांश फोहर र अत्यन्त अव्यस्थित छ र नपुग त छँदैछ । त्यसैले सार्वजनिक शौचालयको थप व्यवस्थाका साथै तिनको सरसफाइको नियमितताको अनुगमन गर्ने संयन्त्रको विकास र प्रणाली दुवैको टडकारो अभाव सबैले महसुस गरेकै हुनुपर्छ ।

त्यसैगरी जनस्वास्थ्यमैं असर गर्ने क्षेत्रमा पशुबधशाला र बजार अनुगमन पनि

पर्दछ । हाम्रो महानगरमा पशु बधशाला छैन । बजार अनुगमनको संयन्त्र भएपनि प्रभावकारी छैन । भर्खरै निर्माण सम्पन्न भएर सञ्चालनमा आएको मीनाबजार सरसफाइको दृष्टिकोणले हेर्दा उपयुक्त छैन। तर एउटा मीनाबजारले सम्पूर्ण वीरगंजलाई धान्न नसक्ने भएकोले ब्यारेक नजिकको कृषिबजारको शैलीमा ८-१० वटा मिनी मार्केट बिर्ता, छपकैया, नगवा, श्रीपुर, रानीघाटजस्ता ठाउँमा बनाइदिएर सेवा सुलभ पार्न सकिन्छ । अब कुरा गरौं महानगरको स्कूल र उच्च शिक्षाको । स्कूलस्तरीय शिक्षा विभिन्न सामुदायिक एवं निजी विद्यालयहरूले दिइराखेको भए पनि स्तरीयतामा ऱ्हास आएको कुरा हामी सबैले महसुस गरेको छौं । तसर्थ शिक्षा क्षेत्रमा अल्पकालीन र दीर्घकालीन योजना बनाई अल्पकालीनमा खस्कँदो गुणस्तर नियन्त्रण र सुधार प्रक्रिया थालनी गर्ने र दीर्घकालीन अन्तर्गत सबै सामु दायित्व एवं निजी विद्यालयहरूलाई भौतिक पूर्वाधार निर्धारित मापदण्ड अनुसार २/३ चरणमा पूरा गर्नुपर्ने योजना तर्जुमा एवं कार्यान्वयन आवश्यक देखिन्छ। उच्च शिक्षातर्फको कुरा गर्दासमेत वीरगंजको एकमात्र त्रिविविको अङ्गीकृत ठाकुरराम क्याम्पसले बारा, पर्सा, रौतहटसमेतको निम्न आय भएका वर्गको विद्यार्थीको चाप थेग्न सक्ने अवस्था देखिंदैन । त्यसैले महानगरले एकातर्फ यसको भौतिक सुविधाको विस्तारको साथै अर्को सामुदायिक महाविद्यालयको स्थापनातर्फ पहल गर्नुपर्ने देखिन्छ । यसमा रोजगार उन्मुख शिक्षा प्रदान गर्न सकिन्छ । वीरगंज महानगर भइसकेको छ र यो औद्योगिक नगरी पनि हो । त्यसैले यसको शिक्षाको स्तर बढाउन संसद्मा थन्किएर बसेको वीरगंज विश्वविद्यालयको बिल संसद्मा टेबुल गराएर पास गराउने अवस्था ल्याउन सक्नुपर्छ । यसका साथै पोलिटेक्निक कोर्षसमेत गराउने गरी एउटा इन्जिनियरिङ्ग महाविद्यालय पनि यस क्षेत्रका लागि आवश्यक भइसकेको छ । आर्थिक राजधानी र औद्योगिक नगरीको रूपमा चर्चित यस शहरमा एउटा डिपार्टमेन्टल स्टोर छैन । मल्टिप्लेक्सको त कुरा छाडौं, वातानुकूलित एउटै सिनेमा हलसमेत छैन। महानगरपालिकाको आदर्शनगरको पुरानो बसपार्कको आधा जग्गा प्रक्रिया पूरा गरी कुनै व्यावसायिक समूहलाई २५-३० वर्षको लागि लिजमा बुट प्रणाली अन्तर्गत निर्माण गरेर मल्टिप्लेक्ससहितको डिपार्टमेन्टल स्टोर सञ्चालन गर्न लगाउन सक्नुपर्छ । त्यसैगरी छपकैया पोखरी, माइधिया पोखरी, नगवा पोखरीलगायत अन्य सार्वजनिक पोखरीहरूको संरक्षण एवं पार्कको रूपमा विकास गर्नु आवश्यक छ ।

महानगरले प्रत्येक वार्डमा एउटा बालपार्क कमसे कम झुला र स्कीड राखेर भएपनि स्थापनाको लागि पहल गर्नु स्वस्थ वीरगंजको भविष्यका लागि उचित हुने देखिन्छ । ढल निकास र आन्तरिक सडक निर्माणमा महानगरले गरेको पहल प्रशंसनीय छ । आशा गरौं ठोस फोहर व्यवस्थापनको योजना पूरा भएपछि वीरगंज बढी स्वच्छ र सफा सुग्घर रूपमा देखा पर्नेछ । तर यो सबै महानगरमात्रले चाहेर हुन नसक्ने भएकोले यसमा केन्द्रीय र प्रदेश सरकार, राजनीतिक दल एवं नागरिकसमेतको समझदारी आवश्यके देखिन्छ । यति भएपछि सम्भवतः नेपाली साहित्यका मूर्धन्य विद्वान् अग्रज ध्रुवचन्द्र गौतमको सत्तल सिंहको रूपान्तरण हुने आशा गर्न सकिन्छ ।

२०७५ जेठ २३ गते बुधवार

छिमेक र नेपाल

तीनतिर भारत र एकतर्फ चीनसँग सिमाना जोडिएको नेपालको जनसङ्ख्या ३ करोडको हाराहारीमा छ भने भारतको १३५ करोड र चीनको १४१ करोड छ । भारतको प्रतिव्यक्ति आय १७०९ अमेरिकी डलर छ भने चीनको ८,१२३ डलर छ । स्मरणीय के छ भने सन् १९७० मा नेपाल र चीनको प्रतिव्यक्ति आय समान अर्थात् १७० अमेरिकी डलर थियो । अहिले नेपालको प्रतिव्यक्ति आय ८ सय अमेरिकी डलर छ ।

नेपालको भारत र चीनसँगको सम्बन्धको कुरा गर्दा भारत र चीन सम्बन्धको चर्चा नगर्नु त्रुटिपूर्ण हुन्छ । भारत र चीनबीच १९६२ को युद्धपश्चात् सीमा विवाद रहँदै आएकोमा सन् १९९३ मा भारतीय प्रधानमन्त्री पिभी नरसिंहा रावको अग्रसरतामा सन् १९९३ मा Peace and tranquility सन्धि भयो जस अनुसार Line of Actual Control लाई नै दुवै देशले सीमा स्वीकार गरेर व्यापार अभिवृद्धि गर्नतर्फ लागेर सय खर्ब डलरभन्दा बढी पुगिसकेको छ। दुवै देश आफूलाई आर्थिक शक्तिको रूपमा उभ्याउन चाहन्छन् र यसैको परिणति हो भारत र चीनले कनेक्टिभिटीको मुद्दालाई प्राथमिकता प्रदान गर्नु । भारतले पनि समुद्री एवं सडक सञ्जालबाट व्यापारिक मार्गहरूलाई जोड्ने कसरत गरिरहेको छ भने चीनले सिल्क रोडको नामले ख्यातिप्राप्त स्थलगत व्यापारिक केन्द्रहरूलाई जोड्ने परम्परागत सञ्जाललाई नै विस्तार गरी Belt and road Initiative आयोजनालाई अगाडि सारेको छ । दुवै शक्ति राष्ट्रको यो दौडमा हामी चीनबाट लुम्बिनी र भारतबाट काठमाडौं जोड्ने कुरा गर्दैछौं ।

हाम्रो भूराजनैतिक अवस्थाले चीन र भारतले हामीलाई सहयोगको ओइरो लगाइदिन्छ भन्ने सोच लिएर अगाडि बढ्दैछौं भने CAADS भनिने अमेरिकी अनुसन्धान समूहको एक अध्ययनले Belt and Road Intitcative आयोजना आजीवन चिनियाँ राष्ट्रपति सि जिनपिङको Signature Foreign Policy आयोजना भएको टिप्पणी गर्दै यसले दक्षिण पूर्व एसिया, युरोप तथा अफ्रिकालाई सडक, रेल, बन्दरगाह एवं विद्युत्गृह र अन्य भौतिक पूर्वाधारहरूबाट समेट्ने प्रयास हो भनेको छ । यस आयोजना ३० देशलाई जोड्दै विश्वको ६५ प्रतिशत जनताको पहुँचमा चीन पुग्नेछ भन्दै संस्थाले चिनियाँ लगानीको १५ वटा बन्दरगाहको अध्ययनबाट यस्ता आयोजनाहरू ती देशलाई आर्थिक लाभ पुऱ्याउने वा चीन सम्बद्ध देशलाई विन-विन अवस्थामा पुऱ्याउनुको साटो चीनको राजनैतिक र सामरिक प्रभाव बढाउने तथ्य फेला परेको जनाएको छ । यस्ता सञ्जालहरू दक्षिण चीन सागरको मुहानमा नै पारेर शुरु गरिएको छ, जसले भविष्यमा चीनविरुद्ध नाकाबन्दी भयो भने त्यसको असर नगण्य भएर जाओस् । तर अस्ट्रेलियाको

लोवी इन्स्टिच्युटका पिटर काईको विचार भिन्न छ । उनी यति धेरै राष्ट्रहरू संलग्न भएको आयोजना भएकोले यसको सामरिक प्रयोगप्रति शङ्का व्यक्त गर्दै तर यो आयोजना आर्थिक प्रभाव वृद्धि गर्ने निश्चित भएको इङ्गित गर्दै आर्थिक प्रभावबाट राजनीतिलाई समेत प्रभावित गर्ने कुरामा भने सहमति व्यक्त गर्नुहुन्छ । दुवै पक्षको भनाइलाई दृष्टिगत गर्दै हालै श्रीलङ्काको 'हा वन्टोटा' बन्दरगाहको आर्थिक सङ्कट टार्न चीनले ९९ वर्षको लागि लिजमा लिएको घटना र CAADS ले अध्ययन गरेको १५ वटा बन्दरगाहहरूको आर्थिक अवस्था विचार गर्दा पिटर काईको विचारसँग सहमत हुन सकिँदैन ।

यस आयोजनामा अब नेपाल र भारतलाई जोड्दा भारतले यसमा सहभागी नहुने जनाइसकेको छ भने नेपालले यो सम्झौतामा हस्ताक्षर गरिसकेको छ । सम्झौताको मोडालिटी बाहिर आउन बाँकी छ । चीनबाट काठमाडौं हुँदै लुम्बिनी पुग्ने रेलमार्गको खर्च र यसको व्यापारिक लाभ र त्यसैगरी रक्सौलबाट काठमाडौं पुग्ने रेल र त्यसको व्यापारिक लाभको लेखाजोखा गरेर मात्रै यसतर्फ कुनै पनि काम गर्नु बेस हुन्छ । नेपालको जनसङ्ख्या ३ करोड मात्रै छ भने चीन र भारतको नेपालसँग सीमा जोडिएको क्षेत्रमैं मात्रै ४-५ करोड भन्दा बढी मान्छे बस्ने अवस्था छ । अत्यधिक ज्ञान र सीपले गर्दा उनीहरूले, भारत र चीन दुवै, हाइ भ्यालु प्रोडक्ट उत्पादन गर्दछन् भने अविकसित भएको कारणले उनीहरूको पहुँचले हाम्रो Indigenous उद्योगहरूलाई ध्वस्त पार्ने सम्भावना पनि उत्तिकै छ । चीनको लागि नेपालको उपादेयता भनेकै तिब्बतको स्थायित्व हो, किनभने चीन फ्री तिब्बत मुभमेन्टप्रति संवेदनशील छ भने भारत पनि नेपालबाट भारत लक्षित विरोधी गतिविधि नहोस् भन्ने कुरामा मात्रै संवेदनशील छ । यो संवेदनशीलता सम्बोधन गर्नुको साटो अन्य कुनै विकल्पको न भारत, न चीनको लागि नेपालको सन्दर्भमा महत्त्वपूर्ण देखिन्छ । हो दक्षिण एसियामा भने चीन, भारतको व्यापारिक दखल घटाउन आक्रामक रूपमा लागेको छ । त्यसै योजना अनुरूप अहिले पाकिस्तान, बङ्लादेश, माल्दिभ्स र श्रीलङ्का हुँदै नेपालमा समेत आफ्नो सक्रियता बढाएको छ । तर कनेक्टिभिटीको कुरा स्वाङ्ग मात्रै हो । रेल बने पनि, सडक नै बने पनि जुनसुकै अवस्थामा चीनभन्दा भारतको पहुँच नेपालमा छिटो हुन्छ भन्ने निर्विवाद तथ्यलाई आत्मसात् गरेर वस्तुगत सुविधा अन्तर्राष्ट्रिय र द्वीपक्षीय सन्तुलनको लागि सार्वभौम राष्ट्रको रूपमा माग्नुपर्दछ । यसलाई 'नेपालको स्ट्रयाटिजिक भ्यालु'को रूपमा अतिरञ्जित गरेर प्रस्तुत गर्न सुहाउँदैन भन्ने हेक्का राख्न जरुरी छ ।

२०७५ वैशाख २५ गते मङ्गलवार

प्रमको भारत भ्रमण सफल कि असफल

प्रधानमन्त्रीको राजकीय भारत भ्रमण सफल कि असफल भन्ने चर्चा नेपालको राजनैतिक वृत्तमा चलिरहेको छ । राणाकालको चन्द्र शम्शेरदेखि गणतान्त्रिक नेपालको केपी ओलीसम्म आइपुग्दा हरेक प्रधानमन्त्रीले पहिलो विदेश भ्रमण भारत गर्दैआएको सन्दर्भमा ओलीजीको यो भ्रमण पनि त्यसैको निरन्तरता हो भन्न अतिशयोक्ति नहोला । तथापि भ्रमणबाट सरकारी स्तरको मित्रता कति बढ्यो, कति घट्यो र नेपाल वा भारतले आआफ्नो देशको लागि के पाए, के पाएनन् भन्ने कुरा नै विश्लेषणको मुख्य विषय हुनुपर्दछ ।

भारतले नेपाललाई यस भ्रमण क्रममा दिने भनेर सहमति गरिएका तीनवटा मुख्य एजेन्डाहरू छन् । जसमध्ये सबभन्दा पहिलो रक्सौल-वीरगंज हुँदै काठमाडौंसम्म रेल सेवा दिने भन्ने हो । दोस्रो प्रस्ताव भारतले एक सय पन्ध्र वर्ष अगाडि नै दिएको रेल सेवा अमलेखगंजसम्म मात्र विस्तार गर्न दिइएको थियो र त्यति बेला कान्तिपथ (अझै पिन निर्माणाधीन)को सट्टा स्तरोन्नति नगरी जङ्गल फडानी गरेर पूर्व-पश्चिम राजमार्ग किन बनाइयो भन्ने कुराको पछाडि सामरिक रणनीति लुकेको भेउ धेरै नेपालीलाई छैन । तथापि चीनले काठमाडौं हुँदै लुम्बिनीलाई रेलले जोड्ने सम्झौता गरेको दुई वर्षमा नै भारतसित पनि सम्झौता भएको छ । त्यसैले दुवै देशले गर्ने काठमाडौं जोड्ने रेल लाइनको निर्माणको सामरिक महत्त्व र यसको निर्माण नेपाल-चीन वा नेपाल-भारतको सम्बन्धभन्दा पनि भारत-चीनको सम्बन्धमा बढ्ी भरपर्ने भएकोले यसले नेपाल र नेपालीलाई तत्कालै ठूलो गुन लगाइहाल्ने स्थिति देखा पर्दैन । साथै फास्ट ट्रयाक सडकको निर्माण भारतलाई दिने निर्णयको विरोध गर्ने एमाले र माओवादी दुवै अहिले त्यसै भेगमा निर्माण हुने रेलसेवाको लागि सहमति हुनु पछाडिको कारणको विश्लेषण पनि हुनै पर्दछ ।

दोस्रो कुरा जलमार्गको छ । जलमार्गको रूपमा पहिलो सम्भावना कोशी नदीको छ । यसमा चतरासम्म फिडर भेसल ल्याउन सबभन्दा पहिले कोशीको बाँध भत्काउनुपर्नेछ । र यो काम सम्पन्न गर्न सप्तकोशी हाइ ड्यामको निर्माण आवश्यक हुनेछ । यस उच्च बाँध परियोजनाको घोर विरोधी एमाले र माओवादीले यो गर्नुपर्छ भनेर थाहा हुँदाहुँदै जलमार्गको माग गरेर नेपाली झन्डा बोकेको जहाज देख्नु के भारतकै चाहना परिपूर्ति गर्नु होइन ? अझ त्यसभन्दा बढ्ी सप्तकोशीमा डाइभर्सन बनाई सिंचाइको लागि कमला नदीमा जोड्ने कार्यले भारतलाई बाढी र सिंचाइ दुवैको लागि अभयदान दिनु सरह नै हुन्छ । यो नगरी सुख नै छैन भनेर बुझेर नै घुमाउरो पारामा जलमार्गको माग आएकोजस्तो लाग्छ तर आयोजनाको विशालता हेर्दा यो तुरुन्त भइहाल्ने प्रकृतिको पनि छैन । जलमार्गकै दोस्रो विकल्प गङ्गा नदी हो । कोलकाताबाट पटनासम्म यो सेवा सञ्चालन भएमा पटनाबाट नेपालले तत्कालै (२-४ वर्षभित्र) लाभ भने लिन सक्छ ।

तेस्रो क्षेत्र भनेको कृषि आधुनिकीकरण गर्ने कुरा छ । नेपालमा बीउ बिजन र खाद सबै भारतमा प्रयोग हुने नै प्रयोग हुने गरेको सन्दर्भमा यस क्षेत्रको विकासको लागि

दुईवटा मुख्य आवश्यकता रहेको बुझिन्छ । पहिलो सिंचाइ र दोस्रो यन्त्रीकरण । अन्नको भण्डार मानिने तराईमैं गण्डक र चतराबाट भोग्नुपरेको सिंचाइको समस्या यस सहमतिमा समेटिएको छैन । निर्वाहमुखी देखापरेको कृषिक्षेत्र आर्थिकोपार्जन गर्ने क्षेत्र नबनेसम्म यन्त्रीकरणको सम्भावना पनि हुँदैन । त्यसैले यस क्षेत्रबाट पनि केही होला भनेर आश गर्ने अवस्था देखिंदैन। चौथो सहमति निर्माणाधीन आयोजनाहरूको निर्माणको सुस्त गतिबारे भएको छ । यसमा सबैभन्दा ठूलो आयोजना भनेकै हुलाकी राजमार्ग र पञ्चेश्वर योजना पर्दछन् ।

२०५२ सालमा नेपालका तत्कालीन प्रम शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री पिभी नरसिंहा रावबीच महाकाली सन्धि भएको थियो जस अनुसार पञ्चेश्वर परियोजना र महाकाली नदीको एकीकृत विकास गर्न उक्त सन्धिको धारा २ को उपधारा २ (क) मा भारतले टनकपुर बाँधबाट नेपाललाई सुक्खा याममा महाकालीको ३ सय क्युसेक तथा वर्षायाममा १ हजार क्युसेक पानी उपलब्ध गराउन हेड रेगुलेटर र नेपालको सीमासम्म नहर निर्माण गर्नुपर्ने उल्लेख छ । तर भारतले पानी नदिने मनसायले नै होला, अहिलेसम्म यसको निर्माण कार्य नै थालनी गरेको छैन भने नेपालले २०११ मैं पञ्चेश्वरको डिपीआर तयार गरे पनि भारतले हालसम्म नगरेको तथ्य हेर्दा पञ्चेश्वर/महाकाली मुद्दासमेत थाती नै रहने लक्षण देखापर्दछ । अब रह्यो हुलाकी सडक तथा आयोजना, यसको गति नौ दिन चले अढाई कोसको अवस्थाबाट उभो लाग्न सकेको छैन ।

भारतले नेपाललाई कसरी हेर्छ ?

धेरैको भनाइ छ भारतले नेपाललाई बिग ब्रदर्स एटिच्युडले हेर्छ । तर वास्तविकताले र घटनाक्रमहरूको मूल्याङ्कनले के भन्छ भने भारतको नेपालतिर घोषित कुनै प्रस्ट नीति नै छैन। सत्तारूढ हुँदा मोदीले ल्याएको 'छिमेकी पहिले'को नीति प्रयोग भएको भए नाकाबन्दीको स्थिति नै आउने थिएन । त्यसैले भारत, नेपालले उसको केही प्राथमिकता र सुरक्षा चासो सम्बोधन गरिदिन्छ भन्ने नीतिमा केन्द्रित छ । यसै सेरोफेरोमा नाकाबन्दीपछि चीनको काखमा पुगेको नेपाललाई भारतपरस्त बनाउन भारतका विपक्षी दलहरूसमेतले आवाज उठाउन थालेपछि २०१९ को चुनावलाई ध्यानमा राखेर नरेन्द्र मोदी सरकारले उत्तरप्रदेश, उत्तराखण्ड, बिहार र पश्चिम बङ्गालमा भाजपालाई असजिलो पर्ने बुझाइको आधारमा भारतले नेपाल–भारत सम्बन्ध नाकाबन्दी पूर्वको अवस्थामा देखाउनुपर्ने बाध्यता थियो । नेपालमा पनि ओलीको भारतविरोधी छवि सार्वभौम अडानभन्दा पनि नेपालको पहाडी भागमा नाकाबन्दीपछि देखापरेको भारतविरोधी भावना क्यास गरेर सत्तामा पुग्ने रणनीति मात्र थियो । किनभने चीनसँग भएको सम्झौताको दुई वर्षमा ओलीले पनि नेपालको भूराजनैतिक अवस्था र सामरिक बनोटका कारण भारतीय सहयोगबिना काठमाडौंबाट राज्य सञ्चालन गर्न कठिन हुने बुझि नै सकेको हुनाले प्रमको तीन दिने भारत भ्रमण उपलब्धिमूलक हुनुको सट्टा दुवै प्रम (ओली र मोदी)को सत्तारक्षा गर्ने कूटनीतिमा रूपान्तरित हुन पुगेको छ। यस भ्रमणबाट दुवै देशले जनस्तरमा कुनै उपलब्धि हासिल गर्ने छैनन् ।

२०७५ वैशाख १९ गते बुधवार

प्रधानमन्त्रीको भारत भ्रमण

भारतको प्रतिष्ठित दैनिक Times of India ले २८ मार्चमा नेपालका प्रधानमन्त्री ओलीको भारत भ्रमणको समाचार छापेको छ । समाचारमा नेपाल–भारत सम्बन्धको चर्चा गर्दै भारतले नेपालको प्रधानमन्त्रीको स्वागतका लागि भव्य तयारी गरेको चर्चा गर्दै सन् २०१५ को भारतीय नाकाबन्दीपश्चात् एमाले–माओवादी गठबन्धनले नेपालमा प्राप्त भएको विजय भारतको लागि झटका भएको उल्लेख गरेको छ । नेपालको यस चुनावी नतिजाले भारतमुखी शक्तिलाई चीनमुखी शक्ति वा पक्षले परास्त गरेको बुझिन्छ । यस अवस्थामा पहाडी समुदायमा नाकाबन्दीको कारण खस्केको भारतीय साख मधेसमा समेत नाकाबन्दीपछि भारतले मधेसी दलहरूलाई बिनाकुनै उपलढिध चुनावमा भाग लिन दबाब दिएको कारणले मधेसमा समेत खस्केको कुरा स्विकार्दै यस तथ्यलाई बुझेर नै होला भारत सरकारले नेपाललाई दिने सहयोगमा २०१७ भन्दा २०१८ मा ७३.३८ प्रतिशत वृद्धि गरेको उल्लेख गरिएको छ । तथापि नेपालमा २०१७ मा PDI मा चीनको लगानी ८० मिलियन अमेरिकी डलर छ भने भारतको ३६ मिलियन डलर मात्र छ ।

अर्कोतर्फ २८ मार्चकै The Repblica मा नेपालका लागि अमेरिकी राजदूत टिपलिजको Be Bold Nepal शीर्षकमा प्रकाशित लेखमा महामहिमले नेपालसँग अन्य अल्पविकसित मुलुकहरूसित नभएको आर्थिक अवसर रहेको उल्लेख गर्दै नेपालमा बेरोजगारी न्यून र दर न्यून कर्जाले गर्दा आर्थिक उन्नति गर्ने प्रशस्त सम्भावना रहेको उल्लेख गरेकी छन् । तर नेपालमा न्यून बजेट खर्च ठूलो समस्याको रूपमा रहेको भए पनि अहिले सङ्घीयतामा प्रवेशका कारण बजेट शीर्षकको रकम खर्चेर विकास निर्माणका आयोजनाहरूलाई गति दिएर आर्थिक उन्नतिको मार्गमा हिंड्न अवसरसमेत नेपालले पाएको उल्लेख गरेकी छन् । विश्व बैंकको रिपोर्ट अनुसार भारतको आर्थिक वृद्धिदर ७.४, बङ्गलादेशको ६.२ र श्रीलङ्काको ५.९ रहेकोमा नेपालको ४ प्रतिशत मात्र रहेको उल्लेख गर्दै ब्रूकिंग्स इन्स्टिच्युटको एउटा रिपोर्ट उधृत गर्दै सन् २०३० सम्म एसिया विश्वकै तीव्र गतिमा बढ्दो आर्थिक बजार रहने र विश्वकै दुईतिहाई मध्यम वर्गको जनसङ्ख्या ओगटने भारत ५ वर्षभित्र अमेरिकालाई उछिन्दै विश्वकै दोस्रो ठूलो मध्यम वर्गीय बजार हुन पुगेछ र यस अवस्थामा नेपालले भारतसँग निर्यात बढाएर एवं नेपालको दक्षिण सीमासँग जोडिएका भारतीय बजारका ४०० मिलियन जनसङ्ख्यामा आफ्नो उत्पादन पुऱ्याउन सके नेपालमा चमत्कारी आर्थिक विकास हुन सक्छ भन्ने विश्वास लिएकी छन् । यसका लागि नेपाली नीति निर्माताहरूले कृषि क्षेत्रमा वैदेशिक लगानी भित्र्याउनेगरी मूल्य समाहित उत्पादन गर्ने नीति लिनुपर्ने आफ्नो भनाइ सार्वजनिक गरेकी छन् । त्यसैगरी वैदेशिक रोजगारबाट नेपाललाई लाभ भए पनि दीर्घकालीनरूपमा यो दिगो नहुने भनाइ राख्दै नयाँ संरचनामा भौतिक पूर्वाधार निर्माण कार्यलाई बढावा दिएर स्वदेशमै रोजगारको अवसर सिर्जना गर्नुपर्छ भन्ने मान्यता व्यक्त गरेकी छन् ।

आर्थिक विकासको विचार १९५० देखि लोकप्रिय हुँदै आएको हो र समयसँगसँगै मानव संसाधन विकासका लागि स्वास्थ्य र शिक्षा विस्तारको मान्यता स्थापित भएको हो । यसै आधारमा अहिले विश्वमा नै विकसित अर्थ व्यवस्था भएका मुलुहरूले विशाल ज्ञान भण्डारको उपयोग गर्दै उच्च मूल्य उत्पादन गर्दै आएका छन् भने अविकसित अर्थ व्यवस्था भएका मुलुकहरू उपलब्ध सीमित ज्ञानको आधारमा न्यून मूल्य उत्पाद गर्दै आएका छन् । जस्तै नेपाल, एउटा कृषि प्रधान देश भएकोले एकैपटक ठूला-ठूला उद्योग स्थापना गर्ने थलो बन्न सक्दैन । यसका लागि हामी रूवान्डालाई उदाहरणको रूपमा लिन सक्छौं । कृषि उत्पादनीमा आधारित यो देश लामो गृहयुद्धपछि अब कृषिजन्य उत्पादन एवं पशुपालन र त्यसमा आधारित उद्योगहरू स्थापना गरेर विकासतिर लम्किरहेको छ । त्यसै गरेर पूर्वी एसियाली देशहरू पनि कृषिबाट नै उद्योगीकरणतर्फ लागेका हुन् भने दक्षिण कोरिया पनि यही बाटोमा लागेर अगाडि बढेको हो । यस अर्थमा नेपालले अहिले रेल, जहाज चलाउने सपना हेर्नुको सट्टा आफ्नो व्यापारघाटा न्यूनीकरण गर्न पहाडी क्षेत्रमा पशुपालन एवं तराई-मधेसमा सिंचाइको व्यवस्था सुदृढ गरी कृषिको आधुनिकीकरण गर्दै कृषि उबजनी बढाउने र कृषिमा आधारित उद्योगहरू, जस्तै नेपाली सुर्तीबाट उत्पादन हुने चुरोट, जुट, मरमसला, तरकारी, माछापालनजस्ता व्यवसायका साथै विद्युत् उत्पादन र निर्यातमा केन्द्रित हुन जरुरी छ । पशुपालन एवं कृषिजन्य उत्पादनले आयात प्रतिस्थापनलाई घटाउन सक्छ भने निर्यातयोग्य बिजुलीको उत्पादन हुन सकेमा नेपालमैं औद्योगिक वातावरण निर्माण हुने र विद्युत्को निर्यातबाट समेत व्यापार घाटा न्यूनीकरण गर्न सहयोग मिल्नेछ ।

तर यस प्रकारको विकास गर्न राजनैतिक स्थिरता चाहिन्छ । हुनत राजनीतिक स्थिरता नभए पनि बङ्गलादेशले गरेको प्रगति सबैको सामु नै छ । तथापि निर्वाचनपछि एमाले-माओवादी पार्टीको एकीकरण लम्बिनुले विभिन्न प्रकारका संशयको उत्पत्ति गराएकोमा नेपालका वरिष्ठ पत्रकार आदित्यमान श्रेष्ठको Two of a Kind लेखले अनेकौं शङ्का जन्माएको हुनुपर्दछ । उनले यस लेखमा नेपालमा १३०० वर्ष पुरानो इतिहास दोहोरिएको प्रसङ्ग उल्लेख गर्दै वर्तमान प्रधानमन्त्री ओलीको तुलना सातौं शताब्दीका राजा अंशुवर्मासँग गर्दै लेखेका छन्-"भारतका राजा हर्षवर्द्धनले नेपालमा आफ्नो प्रभाव विस्तार गर्न खोजेपछि अंशुवर्माले तिब्बतसँग सम्बन्ध बढाएर भारतीय प्रभाव नियन्त्रणमा लिएझैं अहिले प्रधानमन्त्री ओलीले चीनसँग १६ बुँदे सम्झौता गरेर भारतसँग आफ्नो बार्गेनिंग शक्ति बढाएका छन् । आन्तरिकरूपमा समेत ओलीको वर्तमान शक्ति र अवस्थालाई अंशुवर्माले त्यति बेला राजा शिवदेवसँग सत्ता साझेदारी गरे पनि अन्ततः आफू शक्तिशाली भएपछि राजा शिवदेवसँग सत्ता खोसेजस्तै आन्तरिक राजनीतिमा बलियोगरी स्थापित हुन भोलिका दिनमा कमरेड प्रचण्डलाई राजा शिवदेवजस्तै सत्तासुखबाट वञ्चित गर्ने अवस्था नआउला भन्न सकिन्न । समान साझेदारी र ३० प्रतिशत साझेदारीको द्वन्द्व कहीं यसै अन्तको शुरुआत नबनोस् । आशा गरौं यस्तो नहोला र वर्तमान सरकारले यही सेरोफेरोमा आफ्नो नीति नियम एवं देशी-विदेशी सहयोग परिचालन गर्नेछ ।

२०७५ वैशाख ०५ गते बुधवार

अल्पविकसितको अल्पविकसित नै

नेपालले अल्पविकसित राष्ट्रबाट विकासशील देशमा उक्लने प्रयासलाई स्थगित गर्ने निर्णय गरेको छ, जबकि राष्ट्रले तीन सूचकाङ्कमध्ये दुईवटामा पूर्णता प्राप्त गरिसकेको छ । नेपालले मानव संसाधन र Economic... मा पूर्णता प्राप्त गरेको छ भने कुल राष्ट्रिय आयको सूचकाङ्कमा अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन । यसलाई हासिल गर्ने एक मात्र उपाय उत्पादकत्व बढाउनु हो । अब यसको लागि नेपालले के गर्नुपर्छ भन्नेतर्फ विचार गर्दा नेपालीहरू अझै ७० प्रतिशतको हाराहारीमा कृषि केन्द्रित रहेको भए पनि कृषि क्षेत्रका लागि थुप्रै आयोजना बनाएर धन खर्चे पनि कृषि उत्पादकत्व बढ्न सकेको छैन । बर्सेनि किसानहरूले बीउ, मलखादको समस्याका साथै सिंचाइको समस्याबाट पिरोलिएको देख्नु-सुन्नुपरेको छ । त्यसैले कृषि क्षेत्र र त्यो पनि अन्न भण्डार मानिने तराई-मधेसमा सिंचाइलगायत बीउ-बिजन र मलखादका साथै बजारसमेतको व्यवस्थापन कमसेकम छिमेकी मुलुक बङ्गलादेशकै मोडेलमा गर्नु अपरिहार्य छ। त्यस्तै दोस्रो क्षेत्र जलविद्युत्को छ । जलविद्युत्को क्षेत्रमा आन्तरिक र बाह्य स्रोतबाट अहिले मनग्गे लगानी भए पनि खास गरेर सरकारी स्तरका ठूला आयोजनाहरूको निर्माणमा भइरहेको ढिलासुस्तीका कारण आयोजनाको लागत दोब्बर-तेब्बर हुन गई लाभ दिन सक्ने अवस्था छैन । छिमेकी राष्ट्र भुटानले भारतलाई विद्युत् निर्यात गरेर राष्ट्रिय आयमा ठूलो योगदान पुऱ्याइरहेको परिप्रेक्ष्यमा नेपालले पनि यस्तै प्रकारको व्यवस्था गर्न नसक्ने होइन । तेस्रो क्षेत्र भनेको पर्यटन हो र यसमा पहिलेभन्दा अहिलेको प्रगतिलाई उत्साहजनक मान्न सकिन्छ । तर नेपालमा रेमिटयान्सले जिडिपीमा ३० प्रतिशत योगदान गरिरहेको भए पनि यस क्षेत्रको अधिकांश रकम सही व्यवस्थापनको अभावमा रियल स्टेट र उपभोक्तामुखी शीर्षकमा खर्च भइरहेको छ ।

नेपाल भूकम्प र राजनीतिक सङ्क्रमणको मारबाट पीडित रहेकोले आर्थिक क्षेत्रमा प्रगति हुन नसकेको भनिए पनि १४-१५ घण्टाको लोडसेडिङ बेहोरिरहेको देश व्यवस्थापनबाट मात्र लोडसेडिङमुक्त भएको छ । बङ्गलादेशमा राजनीतिक सङ्क्रमण नभए पनि अस्थिरताबाट पीडित देश हो । तर पनि त्यहाँ प्रगति त भएकै छ । किनभने त्यहाँ छाडापनलाई नियन्त्रण गर्ने प्रयास भयो । हामीकहाँ त छाडापन नियन्त्रण गर्ने निकायले नै छाडापन मौलाउने संस्कृतिको विकास गरिरहेको पाइन्छ । एउटा अन्तरिम आदेशबाट ६१ अर्ब प्रभावित आर्थिक मुद्दामा कर निर्धारणमा चित्त नबुझे आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष र त्यहाँबाट पनि चित्त नबुझे उच्च अदालतको माननीय न्यायाधीश संयोजक रहेको राजस्व न्यायाधिकरणमा जाने र त्यहाँबाट पनि चित्त नबुझे सर्वोच्चमा जान अनुमति माग्ने कानूनी व्यवस्था हुँदाहुँदै करदाता सोझै सर्वोच्चमा रिट हाल्न पुग्ने र सर्वोच्चले आदेश दिने कार्य भएको देखिएको छ ।

अर्कोतर्फ सरकारको विकास बजेट खर्च हुन सकिरहेको छैन भने अन्तरिम आदेशले ठूलो रकम विदेशिएबाट बैंकहरूको लागि वित्तीय सङ्कट उत्पन्न भएको छ । सङ्घीयता कार्यान्वयनकै अवस्थामा रहेको बेला यसले स्थिरता प्राप्त गर्न एक-दुई वर्ष लाग्नु स्वाभाविक नै हो । राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति नगण्य नै छ भने कसरी सरकारले दुई-चार वर्षमैं चमत्कार गरेर जिएनआई बढाएर एलसिडीबाट उम्कन सक्ला ? यसैका लागि भए पनि स्थिरता र दुवै छिमेकीको सहयोग अपरिहार्य हुन्छ । तर वर्तमान सरकारले भारतसँग सद्भावपूर्ण सहयोग राख्ने सुगारटाइ गरे पनि हालै सम्पन्न भएको पाकिस्तानी प्रधानमन्त्रीको १८ घण्टे भ्रमणको पूर्वसन्ध्यामा पाकिस्तानी विदेश मन्त्रालयले भ्रमणलाई 'प्रो-एक्टिभ र आउटरिच' शब्दावली प्रयोग गरी अर्थपूर्ण बनायो भने केपी ओलीले रसुवागढी पुगेर औंला ठढ्याएर गरेको सङ्केतले समेत नेपालको विदेशनीतिमा 'चीन फ्याक्टर'को उदय भएको सङ्केत गर्दछ । यसले दक्षिणाको संवेदनशीलतालाई बढाउने छ । दक्षिणसँग ९० प्रतिशत उपभोग्य सामानका लागि निर्भर हामीले नै सबभन्दा बढी नोक्सानी बेहोर्नुपर्ने निश्चित छ । यस अर्थमा सरकारले अत्यन्तै सन्तुलित विदेशनीति विकसित गरेर कार्यान्वयन गर्नुको कुनै विकल्प देखिदैन । आजको विश्वव्यापीकरणको समयमा आत्मनिर्भरताभन्दा अन्तर्निर्भरता नै विकासको मन्त्र हुन पुगेको बेला सधैंभरि आफ्नो विकासको अधोगतिलाई भूपरिवेष्ठित भनेर बाँच्न खोज्ने हामीसँग सम्बन्ध भएकै दुई विशाल छिमेकीको विकासबाट कति लाभान्वित हुन सक्छौं भनेर मनन गर्दा अनुत्तरित रहनुपर्ने अवस्थाबाट कसैले इन्कार गर्न सक्दैन । तसर्थ यस गरीब देशको जनतालाई कमसेकम हरेक गरीबको झुपडीमा 'एउटा गाई' नै नेपालका लागि समाजवाद हो भन्ने महामानव विपी कोइरालाको भनाइ स्मरण गर्दै आर्थिक क्रान्तिको शुरुआत गर्नु नै वर्तमान सरकारको प्रथम एवं मूल दायित्व हो भन्ने लाग्दछ ।

२०७४ चैत १४ गते बुधवार

इयु र नेपालको राजनीति

केही दिन अगाडिसम्म युरोपियन युनियन निर्वाचन परीवेक्षण आयोग नेपालले सार्वजनिक गरेको रिपोर्टले नेपालको राजनीतिमा तरङ्ग नै ल्यायो । एमाले, माओवादी, काङ्ग्रेसले यसको तीव्र आलोचना गरे भने मधेसवादी दलले समर्थन । देशभरिका बुद्धिजीवीहरू यसको पक्ष र विपक्षमा उभिए । वास्तवमा इयुले नेपालको चुनाव आयोगले निष्पक्ष चुनाव गराएको भए पनि सम्पूर्ण चुनाव प्रक्रियामा पूरै पारदर्शिता अपनाउन नसकेको उल्लेख गर्दै 'खस आर्य' ले नेपालमा यथेष्ट प्रतिनिधित्व उपभोग गरिहेकोले यसलाई संविधानको समानुपातिक सूचीबाट हटाउन विचार गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।

१९५७ को अन्तर्राष्ट्रिय श्रम सङ्गठनको धारा १०७ मा जनजातिको परिभाषा 'as those who are backward and need to be included in national mainstream' भनिएको छ । तर इयुको भनाइ नेपालले अनुमोदन गरेको १९८९ को अन्तराष्ट्रिय श्रम सङ्गठनको धारा १०७ लाई इङ्गित गर्दछ जसमा यस धाराले 'guarantees rights to indigenous people with recognition of seperate culture, unique life style and tradition' भनेर उल्लेख छ। नेपालका विद्वान्हरू यसलाई नेपालका जनजातिहरू कहिले औपनिवेशिक शासनमा नरहेको, कसैद्वारा शासित नभएको र नेपालको सीमा यो अभिसन्धि अनुमोदन हुनु धेरै पहिले भइसकेकोले यसको अर्थ नहुने भन्छन् भने पश्चिमा विद्वान्हरू खस आर्य नेपालको शासक वर्ग भएको र तिनले अन्य जाति जनजातिको अत्यधिक शोषण गरेको कुरा अघि सार्दै ९०-९५ प्रतिशत शासनमा प्रतिनिधित्व भएको वर्गलाई आरक्षण किन भन्ने प्रश्न अघि सार्छन् ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको कुनै धारामा जेसुकै लेखिए पनि नेपालको ध्रुव सत्य के हो भने यहाँ राजनीतिक सत्ता र शासन सत्ता दुवैमा खस आर्यकै बाहुल्य छ र यसको विरोध विश्वकै सर्वोत्कृष्ट एवं ९० प्रतिशत जनप्रतिनिधिले अनुमोदन गरेको भनिएको संविधान जारी हुने बित्तिकै देशको तराई मधेसमा ५७ जना आम नागरिकको ज्यान जाने गरी आन्दोलन भयो । यो आन्दोलन केका लागि थियो र यो अनावश्यक थियो भने तत्कालै त्यही बेला सर्वोत्कृष्ट संविधानमा संशोधन किन भयो र अहिले फेरि फोरम र राजपालाई सरकारमा ल्याउन किन संविधान संशोधनको तयारी भइरहेको छ । त्यसैले अहिले गणतन्त्र स्थापनापश्चात् कमसेकम हामी सबैले सत्यबोध गर्नुपर्‍यो । नेपालको संविधानको धारा ८४ मा जनसङ्ख्याको अनुपातमा खस आर्यले पनि अन्य जनजाति सरह प्रतिनिधित्व गर्न पाउने भनेर स्पष्ट लेखिएको भए पनि इयुको रिपोर्टको विरोध हुनुको एक मात्र कारण यसले खस आर्यको आरक्षणाको मुद्दा उठायो, जुन भोलि नेपालमा द्वन्द्वको कारण बन्न सक्छ । नेपालमा विदेशी शक्तिलाई दन्हो जवाफले

झूटो राष्ट्रवादको माहोल बनाएर ठूलो शक्ति प्रदान गर्ने गरेको तथ्य हालै सम्पन्न तीनै तहको निर्वाचनमा एमाले–माओवादी गठबन्धनको 'भारत विरोधी राष्ट्रवाद'को जीतले पनि स्पष्ट पार्दछ ।

तर ओली सरकार के कुरामा स्पष्ट छ भने भारतसँग सम्बन्ध बिगारेर नेपालको विकास हुन सक्दैन । त्यसैले भारतसँग सम्बन्ध सुधार गर्न आतुर सरकार समाजवादी फोरमसँगको सरकारमा सहभागिताको प्रश्नलाई पनि भारतको इच्छा बुझ्नेर गर्ने मनस्थितिमा पुगेको छ भने भारतलाई नै पनि १९५० को सन्धि पुनर्लेखन र भारत भ्रमणको पूर्व सन्ध्यामा पाकिस्तानी प्रधानमन्त्रीको भ्रमण गराएर बदलिंदो विदेशनीतितर्फ इङ्गित गरेको छ । युरोपियन युनियनको रिपोर्टको विरोध त आफैंमाथि परेपछिको दुखाइ मात्र हो। होइन भने नेपालको कुन आन्दोलनकारीले कुन आन्दोलनमा 'धर्म निरपेक्ष' राज्यको कुरा उठाएको थियो र त्यसलाई संविधान संशोधनमा पारियो । हाम्रा नेताहरूले औला छामेका थिए तर इयुले नाडीको चाल थाहा पाएर ऐले पूरै हत्केला नै समाएकोले दुःख बढता भएर चर्चा बढी भएको हो । युरोपियन युनियनको प्रभाव नेपालमा बढ्न थाले पछि नै नेपालमा धर्मान्तरणको समस्या बढेको छ । सरकार धर्म परिवर्तनको अभियानबारे किन बोल्दैन ? के इयुले खस आर्यको विरोध नगरेको भए हामी धर्मान्तरण अभियानविरूद्ध आवाज उठाउने थियौं। अर्को कुरा खस आर्य समुदायलाई आरक्षणबाट हटाउने भनाइबाट उत्पन्न तीव्र प्रतिक्रियामा भोलि इयुलाई धर्मान्तरण गर्ने कार्यलाई नरोक्नेगरी मोलमोलाइमा टुङ्गिने त होइन ?

नेपालीहरू कहिले गुलाम नभएको, नेपालमा बाहिरी शासक नआएको र सीमाङ्कन पनि अन्तर्राष्ट्रिय श्रम सङ्गठन अस्तित्वमा आउनुभन्दा धेरै अगाडि भएको भन्दै The Ripublica को ४ अप्रिलको अङ्कमा उमेश भट्टराईको Divide and Defame शीर्षक लेखमा उल्लेख छ। उनको आशय इयुको भनाइ तथ्यपरक छैन भन्ने हो। तर अप्रिलकै रिपब्लिकामा Pride and Prejudice शीर्षक लेखमा मनजीत मिश्रले लेखेका छन्– Traditionally establishment has been promoting unity in diversity and social cohesion among verious ethnic groups without acknowledging structural discremination that Madhesis, Janjatis etc has been subjected to. सत्य के हो त ? नेपालमा बाहुन, क्षत्री, मधेसीको जनसङ्ख्या प्रतिशत ०.८, निजामती सेवामा प्रतिनिधित्व ३३ प्रतिशत र समानुपातिक प्रतिशत ४१३ छ । खस आर्यको जनसङ्ख्या प्रतिशत ३१.२, निजामती सेवामा प्रतिनिधित्व ६१.५ प्रतिशत र समानुपातिक प्रतिशत १९७, नेवारको क्रमशः ५, ७.९ र १५८ छ भने मधेसी र अन्यको १४.५, ९.७ र ६७ छ। त्यस्तै आदिवासी, जनजाति, थारू, मुस्लिम र दलितको जनसङ्ख्या क्रमशः २३.५, ६.५, ४.४ र १२६ प्रतिशत छ भने निजामती सेवामा प्रतिनिधित्व क्रमशः १३.६, ३, ०.७ र १.४ र समानुपातिक प्रतिशत ५८, ४६, १६ र ११ छ। यस आधारमा कान्तिपुर दैनिकको पृष्ठ ७ मा 'आरक्षणको नयाँ मोडेल'

शीर्षकमा प्रकाशित डा. रमेश सुनामको लेखको आधारमा निजामतीतर्फ कुल खुला सिटको मधेसीतर्फ ५, आदिवासी जनजाति १०, थारू ४, मुस्लिम ४ एवं दलिततर्फ ११ छुट्याउनुपर्ने देखिएको छ ।

माथि उल्लेख भएझैं राज्यसत्तामा दलित, जनजाति, मुस्लिम, थारूको पहुँच केही हदसम्म सुधार भए पनि शासन सत्ताको तथ्य यसबाट उजागर हुन्छ । जबसम्म यो वर्गले नीति निर्माण गर्ने स्तरसम्म सम्मानजनक पहुँच बनाउन पाउँदैन देशमा 'राष्ट्रियता' बलियो नहुने र विकास पनि नहुने निश्चित छ ।

तर भारत भ्रमणको पूर्व सन्ध्यामा सरकारको इयुप्रतिको सक्रिय विरोध नेपालको bargaining power कम नहोस् भन्नका लागि पनि हुन सक्छ । तर सत्य त उजागर हुन्छ नै । त्यसैले भ्रमको खेती गरेर देश विकास सम्भव छैन भनेर बुझ्दै अगाडि बढ्नु उचित हुन्छ । यस्ता कार्यहरूले अपरिपक्व राजनीति उजागर गर्दछ जुन देश हितमा कदापि हुँदैन । अहिले नेपालको पररा‍ष्ट्रमन्त्रीले 'सुस्ता र कालापानीको विवाद नसल्टेसम्म सरकारले कुनै पनि नयाँ सम्झौतामा हस्ताक्षर गर्दैन भन्नु र प्रधानमन्त्री ओलीले "यसको मतलब नयाँ सम्झौता हुँदैन भन्ने होइन" भन्नु पनि अपरिपक्व कूटनीतिको परिचय ठहरिन्छ ।

२०७४ चैत २८ गते बुधवार

प्रचण्ड बधाई : ओलीजीलाइ

सङ्घीय संरचनाको पहिलो निर्वाचनमैं केन्द्र र प्रदेश दुवै तहमा दुईतिहाइभन्दा बढी मत प्राप्त गरेर एमाले–माओवादी गठबन्धनको तर्फबाट केपी ओली शक्तिशाली प्रधानमन्त्री बनेका छन् । उनले अब देशलाई एकजुट भएर अगाडि बढाउने सङ्कल्प व्यक्त गरेका छन् । वस्तुतः यो एउटा परम्परा नै बनेको छ । दलविहीन पञ्चायत प्रणालीदेखि २०४६ साल हुँदै २०७४ सालसम्म आइपुग्दा सत्ता सम्हाल्ने अवसर पाउने हरेक प्रधानमन्त्रीले यस्तै घोषणा गर्दै आएका छन् । तसर्थ यसमा नयाँपन केही नभए पनि वातावरण चाहिं बिल्कुलै नयाँ छ । पहिले असन्तुष्टि पोख्न केन्द्रसम्म पहुँचवालहरू मात्र पुगन सक्थे भने अहिले थप सातवटा प्रदेशको राजधानी पुगन सक्ने पहुँचवाला हरूको सङ्ख्या पक्की बढी हुनेछ । यसले गर्दा दबाब बढ्नु अवश्यम्भावी छ । यस चुनावबाट सत्तासीन दलले राजनीतिक स्थिरता प्राप्त गरेकोले अब आर्थिक विकासतर्फ लाग्ने आश्वासन बाँडेको सन्दर्भमा नेपालको आर्थिक क्षेत्रका सम्भावना एवं चुनौती केलाउनु उपयुक्त हुनेछ ।

आव २०१६–१७ मा हाम्रो आर्थिक वृद्धिदर ७.५ प्रतिशत रहेबाट उत्साहित भएर सरकारले २०१७–०१८ को आवमा समेत आर्थिक वृद्धिदर ७.२ प्रतिशत हुने प्रक्षेपण गरेको छ । तर सरकारको मध्यावधि मूल्याङ्कनबाट यो ६ प्रतिशत मात्र रहने अनुमान छ । नयाँ सरकार वा नवनियुक्त अर्थमन्त्रीले बजेट कार्यान्वयनमा देखिएको रकम अभावको व्यवस्थापन बजेट खर्च घटाएर गरिने भन्ने उद्घोष गरेपछि सरकारले बजेट खर्चलाई १२७८.९९ बिलियनबाट घटाएर १०४२.९९ बिलियनमा झारेको छ । बजेटको यस कटौतीबाट कार्यान्वयनको पहिलो चरणमा भएको आयोजनाहरू नै प्रभावित हुनेछन् । अर्को शब्दमा नयाँ योजनाको कार्यान्वयमा कटौती हुनेछ । गत आर्थिक वर्षमा सरकारले पूँजीगत शीर्षक अन्तर्गत विनियषेजना गरिएको कुल बजेटको ६५ प्रतिशत मात्र खर्च गर्न सकेको छ भने चालू आर्थिक वर्षको फागनु (मार्च ७) सम्म जम्मा २३.१ प्रतिशतको रकम खर्च भएको छ । यसले गर्दा सरकारले विनियोजित बजेटको ७० प्रतिशत खर्च गर्न सक्ने लक्ष्य पूरा हुने देखिंदैन । तसर्थ यस अवस्थामा हाम्रो आर्थिक वृद्धिदर ७म्द्य र ६द्य ले प्रक्षेपण गरेजस्तै ४.५ प्रतिशतभन्दा बढी हुने अनुमान गर्न गाऱ्हो छ ।

आन्तरिकरूपमा नेपालले आर्थिक विकासको लागि पर्यटन, कृषि, साना तथा मझौला उद्योग र जलस्रोतलाई प्राथमिकताको क्षेत्रमा राखेको छ । पर्यटन क्षेत्रको कुरा गर्दा नेपाल आउने पर्यटकहरूको सङ्ख्या नौ लाख ४० हजार दुई सय १८ भए पनि यो क्षमताको २० प्रतिशत मात्रै हो । अर्थात् नेपालको पर्यटन क्षेत्रले बर्सेनि ५० लाख पर्यटकहरूलाई सेवा पुऱ्याउन सक्छ । यसैले यो क्षेत्रले पनि ठूलो प्रयासतर्फ औंल्याइरहेको

छ भने अर्कोतर्फ पर्यटन व्यवसायीहरू पर्यटकको घट्दो दैनिक खर्चबाट चिन्तित छन् । नेपाल आउने पर्यटकहरूको वर्ष २०१५–१६ मा औसत दैनि खर्च ६८. ५७ अमेरिकी डलर थियो भने यो २०१६–१७ मा ५२.०७ डलर रहन गएको छ । त्यस्तै कृषि क्षेत्रको लागि जति नारा दिए पनि अन्नको भण्डार मानिने तराई क्षेत्र चुरेको दोहन, आकाशको पानीको भर र भएका नहरहरूबाट पनि समयमा पानीका साथै सरकारी अव्यवस्थाका कारण बीउबिजन र मलखादको अव्यवस्थाले ग्रसित नै छ । समग्रमा भन्नुपर्दा कृषि क्षेत्रमा पनि एकातिर अव्यवस्थापनको मार छ भने अर्कोतिर प्लटिङ र नगरपालिका निर्माणले गर्दा प्रशस्त कृषियोग्य जग्गा नाश भइरहेको छ । त्यसैले यस क्षेत्रको प्रगति पनि उत्साहवर्द्धक छैन । केही वर्ष पहिलेसम्म निर्यातबाट घटेर चाममा आत्मनिर्भर नेपा आज यसैको आयातकर्ता बन्न पुगेबाट पनि स्थिति कति भयावह छ भन्ने कुरा स्पष्ट हुन्छ । त्यसैगरी अर्को प्राथमिकतामा परेको क्षेत्र साना तथा मझौला उद्योग हो । गर्त वर्षसम्म विद्युत् कटौतीको मार झेलिरहेका यी उद्योग भने यस वर्ष बैंकको बढ्दो ब्याजदरका कारण पनि मारमा परेका छन् । लामो समयदेखि सरकार वा मौद्रिक नीति बनाउने राष्ट्र बैंकले यस समस्याको कुनै समाधान दिन सकेको छैन । अब रहच्य नेपालको सेतो सुन भनिने जलविद्युत्को । यस क्षेत्रमा पुग नपुग दुई हजार मेगावाट क्षमताको आयोजनाहरूको निर्माणाधीन भए पनि विदेशी कम्पनी र त्यसमा पनि विशेष गरेर चिनियाँ कम्पनी संलग्न विद्युत् अयोजनाहरूको निर्माण अवधि लम्बिएर दोब्बर हुनुका साथै आयोजनाको लागतसमेत बढेर यिनीहरू सञ्चालनपछि नोक्सान बेहोर्नुपर्ने अवस्थामा पुगिसकेका छन् भने १९९६ मा सम्झौता भएको ५ हजार मेगावाट क्षमताको पञ्चेश्वर आयोजनाको झ्क्ल्ल नेपालले ११ वर्ष लगाएर सन् २०११ मा पूरा गरे पनि भारतले अझ पूरा नगरेकोले म्एच्ल पनि अधरमा झुन्डिएको छ । यस्तो अवस्थामा नेपाल बढ्दो व्यापार घाटा, जुन न्म्ए को २५ प्रतिशत पुगिसकेको छ, घट्ने सम्भावना अत्यन्त न्यून देखिन्छ ।

एकातिर सरकारले नयाँ योजनाको कार्यान्वयन कटौती गर्नुपर्ने अवस्था छ भने अर्कोतिर अपर्याप्त पूर्वाधार विकासको कारण पनि आर्थिक विकासको बिन्दुसम्म निम्नस्तर आयवर्गको पहुँच हुन नसकेकोले पनि हाम्रो आर्थिक विकास पछाडि परेको छ । तीनचौथाईको प्रचण्ड बहुमतले सरकारलाई आर्थिक विकासको प्रचण्ड जिम्मेवारी पनि दिएको छ । राष्ट्रिय गौरवका योजनाहरूको कार्यान्वयनका साथै करको दायरा फराकिलो पार्नुबाहेक सरकारसँग पूँजी जुटाउने विकल्प छैन । स्थानीय तहसम्मका लागि संसाधन जुटाउनु, त्यो पनि १८० राष्ट्रहरूमा १२२ औं स्थान ओगटेको हाम्रो देशको प्रधानमन्त्री र उनको सरकारको लागि फलामको च्यूरा चबाउनु साबित हुने कुरा निर्विवाद भए पनि निराश नहुँदै सही दिशामा यस सरकारले कदम चाल्नेछ भन्ने अपेक्षा त कमसेकम प्रमुख प्रतिपक्षी नेपाली काङ्ग्रेसको भनाइलाई मान्नैपर्ने देखिन्छ ।

२०७४ फागुन ३० गते बुधवार

- तिनोद गुप्ता

वर्तमान राजनीति र प्रम देउवा

नेपालमा राष्ट्रिय र प्रदेशसभा निर्वाचन समापन हुनासाथ यस निर्वाचनमा पराजय बेहोर्नुपरेको प्रधानमन्त्री देउवाको आफ्नै दल नेपाली काङ्ग्रेस हारको जिम्मेवारी बेहोर्नुपर्ने भन्दै खनिएको देखिन्छ भने प्रतिपक्ष पनि प्रम सत्ता लम्ब्याउने खेलमा लागेको भनी खनिएको देखिन्छ । यो अवस्थाले एउटा उखानको सम्झना गराउँछ– ओरालो लागेको मृगलाई बाछोले खेद्छ । तर प्रम देउवाको राजनैतिक यात्रा हेर्दा वास्तविकता ठीक यसको विपरीत देखिन्छ । नेकाको सक्रिय राजनीतिमा प्रवेश गरेदेखि उनको यात्रामा थुप्रै उतारचढाव देखिन्छ तर प्रत्येक उतारपछि उनको राजनैतिक यात्रा चढावतर्फ नै उन्मुख भएको देख्न पाइएको छ । नेकाबाट अलग भएर जाँदा धेरैजसोले उनको राजनैतिक यात्रा समाप्त भएको अडकल गरे पनि फेरि उनले मूल नेकामा सम्मानजनक प्रवेश पाए । नेका प्रजातान्त्रिकको र अझ स्पष्ट शब्दमा भन्ने हो भने देउवाको अभाव नेकालाई किन खड्कियो ? रामचन्द्र पौडेल, ढुण्डीराज शास्त्री, रामशरण महतजस्ता नेता त थिए नै । प्रम देउवाको नेतृत्व क्षमताको आकलन गरेर नै तत्कालीन प्रम एवं नेका सभापति स्व. गिरिजाप्रसाद कोइरालाले पार्टी एकीकरण गरेर देउवालाई सम्मानजनक स्थान प्रदान गर्नुभएको हो । त्यसैगरी राजा ज्ञानेन्द्रले उनलाई अक्षम भन्दै प्रधानमन्त्रीबाट हटाएको सबैलाई स्मरण नै छ । यो घटनाको विचार गर्दा, देउवा आज पनि देशको प्रधानमन्त्री पदमा आसीन छन् भने राजतन्त्र देशबाट समाप्त भइसक्यो। नेका र माओवादीको संयुक्त सरकार हुँदा पूर्व प्रम प्रचण्डले देउवाजीसँग मेरो अत्यन्त घनिष्ठ सम्बन्ध छ भनी रहँदाको कुरा सम्झिदा क. प्रचण्डले घनिष्ठ राजनैतिक मित्र देउवालाई सुइको नै नदिई वाम एकता गर्नुदेखि पछाडिको पृष्ठभूमि हेर्दा माओवादी आन्दोलनको शुरुआतमै डेडलाइन समाप्त हुनु एक दिन अगावै आन्दोलन शुरु गर्ने कार्य हुनु र वार्ता असफल भएपछि दाङको ब्यारेकमा आक्रमण गरेको तथ्यलाई समेत विचार गर्दा प्रम देउवाले पटक–पटक माओवादीबाट पनि धोका पाउनुभए पनि विद्यमान राजनैतिक अवस्थाको आकलन गरी हरेकपटक उनीहरूलाई साथ लिएर हिंडनुभएको देखिन्छ । यस्तो अवस्थामा विपक्ष उनीमाथि खनिनुको कारण के होला ? मेरो विचारमा एमालेलाई उसको वास्तविक आकारमा– राजनैतिक एवं वैचारिक धरातलमा ल्याउन सक्ने कोही देखिएको छ भने त्यो नेका पार्टी होइन बरु नेकाका सभापति शेरबहादुर देउवा नै हुनुपर्छ ।

स्थानीय तहको निर्वाचनकै बेलादेखि एमाले पार्टी र विशेष गरेर एमाले अध्यक्ष केपी ओली देउवामाथि चुनाव बिथोल्ने षड्यन्त्र गरेको आरोप लगाउँदै आए पनि अहिले स्थानीय एवं प्रादेशिक र राष्ट्रिय स्तरको गरी तीनवटै चुनाव सम्पन्न भइसकेपछि यो लाटो लाञ्छना लगाउन नपाएपछि विपक्षीले नयाँ अत्तो थापे 'सरकार लम्ब्याउने खेल' भनेर । यस देशका पढेलेखेका सबै नागरिकले सङ्घीय नेपालमा प्रदेशसभा र राष्ट्रियसभा गठन प्रक्रिया बुझेकाले एमालेको भनाइलाई कसैले ध्यान दिएन। यसले गर्दा एमाले झन् आत्तिएको छ र आगोमा घ्यू थप्ने काम नेकाको पक्षमा परेको

समानुपातिक तर्फको मतसङ्ख्याले गरेको छ । यस सङ्ख्याबाट के स्पष्ट भएको छ भने नेका प्राविधिकरूपमा एमाले र माओवादीको संयुक्त भोटले हारेको हो । जनताले नचाहेर होइन ।

हो, एउटा सत्य के हो भने यो संयुक्त लडाइँलाई कसरी जित्ने भन्ने योजना बनाउन नसक्नु नेकाको कमजोरी हो । तर देउवाको विरोध यहाँसम्म मात्र सीमित छैन । जुन शक्तिले एमाले र माओवादीलाई एक ठाउँमा उभ्यायो त्यो शक्तिले पनि देउवालाई पदबाट हटाउन खोजेको भान हुन्छ । त्यो शक्ति चीन हुन सक्छ । किनभने नेपालमा वाम गठबन्धनको जीत हुनासाथ नेकाको सरकारकै कार्यकालमा नेपाल–चीन सीमामा संयुक्त कमान्ड बनाएर सीमा गस्ती गर्ने जुन प्रस्ताव आएको छ त्यसमाथि वर्तमान सरकारको जवाफ नकारात्मक नै होला, तर नयाँ बन्ने एमाले माओवादीको सरकारले त्यसलाई कुन रूपमा स्वीकार वा अस्वीकार गर्छ त्यसबाट धेरै कुराहरू स्पष्ट हुनेछ । त्यसैगरी लाभ–हानिको कुरालाई विचार गरेरै चीनको प्रस्तावित बिआरआई आयोजनाप्रति नेपालको प्रतिक्रियाले समेत धेरै कुरा स्पष्ट गर्नेछ ।

एउटा के कुरा यहाँनेर स्पष्ट हुन जरुरी छ भने अहिले स्पष्टरूपमा नेपाल व्यापारको लागि भारतमाथि निर्भर छ । यसको सन्तुलनका लागि चीनसँगका नाकाहरू सञ्चालन र नेपालको व्यापार विविधीकरणबाट भारततिरबाट हुने व्यापार घटेर चीनतर्फ जानुपर्‍यो । यसो भएन भने चीनसँग नाका खोलिनुको सामरिक महत्त्व मात्र स्थापित हुनेछ । जसले गर्दा भारतको सुरक्षा संवेदनशीलता बढेर जानेछ र यसै कोणबाट उसले नेपालसँग व्यापार सम्बन्ध एवं १९५७ सन्धिलाई समेत हेर्नेछ । त्यसबेला भारतसँग सम्बन्ध सुधार गर्न फेरि नेपाली जनताले खोक्रो राष्ट्रवादको अमिलो फल खाइसकेको हुनाले नेकालाई नै सम्झने छन् ।

यो अवस्थालाई प्रतिपक्षले होइन नेका पक्षधरहरूले बुझ्नुपर्ने हुन्छ । त्यसैले नेका प्रजातान्त्रिक पार्टी भएकोले सबैभन्दा पहिले परिवर्तनको लागि यसको प्रणालीमा सुधार आवश्यक छ । त्यसैले आउँदो केन्द्रीय वा महासमिति बैठकमा नेकाले देशका सबै जिल्लामा समितिको कार्यालय राख्ने र सदस्यहरूको अभिलेख खडा गर्ने परम्परा बसाल्नुपर्‍यो । यसको बर्सेनि नवीकरण गर्ने, कोष खडा गर्ने र कोषको आम्दानी ६०–४० वा ७०–३० प्रतिशतको अनुपातमा केन्द्र र जिल्ला अनि अब बन्ने प्रदेश समितिमा रहने व्यवस्था गर्नुपर्‍यो । त्यस्तै स्थानीय तहदेखि केन्द्रीय तहसम्म सङ्गठन वा सरकारमा उम्मेदवारी दिनेको हकमा पार्टीको सदस्य भएको अवधि र आधार बोकेर मात्र उम्मेदवारीको लागि आवेदन दिने र आवेदन दिंदा न्यूनतम योग्यता नपुगेकाको आवेदन खारेज गर्ने र पुगेकाहरूको हकमा कारबाई अगाडि बढाउने प्रक्रियाका साथ नेतृत्व परिवर्तनको कुरा अगाडि बढेमा मात्र पार्टी शुद्धीकरणतर्फ उन्मुख हुनेछ । अहिलेको जस्तो केन्द्रीय नेतृत्व मात्र फेर्ने अनि पार्टी चलाउने प्रणाली अहिलेकै जस्तो हुने हो भने जानी नजानी एमाले–माओवादी गठबन्धनको चाहनालाई बल पुर्‍याएको जस्तो हुन जानेछ ।

२०७४ माघ १० गते बुधवार

बदलिंदो क्षेत्रीय राजनीति र नेपाल

नेपालको वर्तमान चुनाव र भारत एवं चीनबीचको राजनैतिक उतारचढावले 'समाजवाद' शब्दलाई फेरि एकपटक बुझ्नुपर्ने बनाएको छ । चुनावको पूर्वसन्ध्यामा एक्कासि नेपालमा माओवादी र एमालेको वाम एकता स्थायित्व र विकासको नाममा हुनासाथ नेपाली काङ्ग्रेसले पनि स्थायित्व र विकासको लागि गठबन्धनको निर्माण शुरु गरेकै हो। पूर्व प्रम एवं एमाले अध्यक्ष ओलीले हालसालै लोकतन्त्रको प्रमाणपत्र लिन सानेपा जानुपर्दैन भन्ने अभिव्यक्तिबाटै वाम गठबन्धनको आगामी दिनको कार्यदिशा बुझ्न सकिन्छ । चीनले वस्तुतः रणनैतिकरूपमा आफूलाई विश्वशक्तिको रूपमा स्थापित गर्न सर्वप्रथम त कूटनैतिक रूपमा भारतलाई घेरा हाल्ने प्रयास शुरु गरेको हो, जसमा श्रीलङ्कामा सैनिक अड्डाको स्थापना, पाकिस्तानसँगको सुमधुर सम्बन्धलाई झन् सुमधुर बनाउन आर्थिक करीडोरको निर्माण र बङ्गलादेशमा समेत भारतविरोधी आवाज हिन्दू विरोधी स्वरकै रूपमा भए पनि उठ्न शुरु भइसकेको छ । अब बाँकीमा भूटान र नेपाल मात्र पर्ने भएकोमा डोकलाम विवादमा कूटनैतिक पराजय बेहार्नुपरेकोले नेपालबाहेक ऊसँग अन्य विकल्प नै थिएन । चीनले सानो समयमा उल्लेख्य प्रगति गरेको तथ्यलाई नकार्न सकिन्न । आन्तरिकरूपमा यथेष्ट प्रगति गरेर शक्ति र सामर्थ्य सञ्चय गरिसकेको चीनले त्यसपछाडि विश्वलाई नै प्रभावित पार्नेगरी ५० वर्षमा समाजवादको लक्ष्यलाई पूर्णता दिने गरी बिआरआई योजना अगाडि सारेको हो ।

यस पछाडि चीनको उद्देश्य के हो भनी बुझ्नु आवश्यक छ । २१ औं शताब्दीमा प्रायःजसो सबै विकसित मुलुकहरूसँग एकअर्कालाई समाप्त पार्न सक्ने सैन्य क्षमता विकसित भइसकेको छ । सन्तुलनको यो क्षमताले गर्दा नै राजनैतिक एवं सैन्य लडाइँ अब विस्तारै बजारको लडाइँमा परिणत हुँदैछ किनभने विकसित देशहरूमा आउँदो दशकमा आर्टिफिसियल इन्टेलिजेन्सको विकासका कारण करिब ५० प्रतिशत जागिरमा रोबोटले मान्छेलाई विस्थापित गरिसक्नेछ । यसले मनुष्यको आम्दानीलाई ठूलो प्रभाव पार्न सक्छ । त्यसैले आजको युगको लडाइँ क्रमशः हार्ड पावरबाट सफ्ट पावरतर्फ जाँदैछ । यसको स्पष्ट अर्थ विकसित देशहरूको ध्यान अब अमेरिका र युरोपबाट एसियातर्फ केन्द्रित हुँदैछ । एसिया भन्नासाथ दुई देश मात्रै सम्झन सकिन्छ; भारत र चीन ।

विश्व दोस्रो युद्धपछि अमेरिकी नेतृत्वको नेटो र रूसी नेतृत्वको वार्सा पैक्ट समूहमा विभाजित भएजस्तै फेरि एकपटक विश्वका देशहरू भारत र चीनको समर्थनमा खडा हुँदै दुई खेमामा विभाजित हुने सङ्केत देखापरिसकेको छ ।

फिलिपिन्सको मनिलामा आसियान देशहरूको सम्मेलनमा सहभागी हुँदै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी भारत, जापान र अमेरिकाले संयुक्तरूपमा चीनले यस क्षेत्रमा

देखाउन खोजेको आफ्नो आधिपत्य वा प्रभावलाई निस्तेज गर्न क्षेत्रीय सुरक्षाको अवधारणा निर्माण गरी अगाडि बढ्नुपर्ने मन्तव्य व्यक्त गरेका छन् । उनले यस क्षेत्रको समस्या भनेको अतिवाद र आतङ्कवाद भएकोले क्षेत्रीय विकासको लागि शान्ति आवश्यक भएको र शान्ति स्थापनाको लागि क्षेत्रीय सुरक्षा अवधारणाको विकल्प नरहेको दोहोऱ्याएका छन् । चीनको बिआरआइको प्रत्युत्तरमा भारतीय प्रधानमन्त्रीले आदिकालदेखि भारत र आसियान मुलुकहरूबीच रहेको व्यापार प्रवर्द्धनको लागि थप गृहकार्य आवश्यक रहेको प्रसङ्ग उठाउँदै भारतले समुद्री बाटोबाट भारत एवं आसियान राष्ट्रहरूलाई जोड्ने प्रस्ताव पहिले नै अगाडि सारिसकेको दोहोऱ्याए। यो समुद्री बाटो प्रयोग गर्दा निर्माणमा समय र खर्च दुवै नलाग्ने भएकोले चीनको विआरआइ प्रस्तावभन्दा सस्तो र छरितो हुने देखिन्छ। भारत र आसियान राष्ट्रहरूको सम्बन्धलाई थप प्रगाढ बनाउन उनले भारतको नयाँ दिल्लीमा २०१८ को २५ जनवरीमा आयोजना हुने 'india-Asean special commemorative summit' मा सहभागी हुने आमन्त्रण दिदै सबै आसियान राष्ट्रका प्रमुखहरू भारतको 'गणतन्त्र दिवस' समारोहको मुख्य अतिथि रहने उद्घोषसमेत गरे ।

उनको यस भनाइले अप्रत्यक्षरूपमा भारतले सार्कको विकल्पको रूपमा अन्य क्षेत्रीय सङ्गठनहरूलाई प्रयोग गरेझैं आसियानलाई पनि हिन्द महासागरको क्षेत्रमा चीनको प्रभाव बढ्न नदिन खोजेको बुझिन्छ । नरेन्द्र मोदी प्रधानमन्त्री बन्दा आफ्नो शपथ ग्रहण समारोहमा सबै सार्क राष्ट्रका प्रमुखहरूलाई आतिथ्य दिएर सार्कमार्फत् नै गराउन खोजेको भारत एवं अन्य सार्क राष्ट्रहरूको विकास भारत र पाकिस्तानको बिग्रदो सम्बन्ध र सार्क राष्ट्रको सम्मेलनमा द्विपक्षीय समस्या उठाउन नपाइने व्यवस्था अनुसार काठमाडौंपछि सार्कको सम्मेलन नै हुन नसकेको परिप्रेक्ष्यमा भारतले विकल्प खोज्नुबाहेक अर्को बाटो पनि देखिदैन । पाकिस्तान र चीनसँगको बढदो आर्थिक र सामरिक सम्बन्धका कारण भारत-पाकिस्तान सम्बन्ध निकट भविष्यमा सप्रिने सङ्केत पनि देखिदैन भने यही निकटताका कारण अमेरिकासँग पनि पाकिस्तानको सम्बन्ध जति विशेषबाट सामान्य हुँदैछ त्यति नै भारतसँग सामान्यबाट विशेष भइरहेको छ ।

दुई शक्ति राष्ट्रको शक्ति परीक्षण एवं त्यसमा संलग्न राष्ट्रहरूसँग नेपालको सम्बन्ध कस्तो रहने हो चिन्ताको विषय बन्न थालेको छ । यस्तो घटनाक्रमले नेपालको राजनीति एवं आर्थिक विकासमा प्रभाव नपार्ला भन्न सकिने अवस्था आज विश्वव्यापीकरणको युगमा सम्भव छैन । नेपालजस्तो देशले अन्तरनिर्भरता र अन्तरक्रियाको यो युगमा देशमा शान्ति स्थापना गरी आर्थिक विकास गर्न अत्यन्त सन्तुलित विदेश नीतिको आवश्यकता पर्नेछ ।

२०७४ मङ्सिर १३ गते बुधवार

चुनाव र वर्तमान राजनीति

लामो समयको अन्तरालपछि फेरि एकपटक लेख्ने प्रक्रियालाई शुरु गर्ने प्रयास गर्दैछु। समय अत्यन्त बलवान हुँदो रहेछ। यसले अवसर पनि प्रदान गर्छ र चुनौती पनि। व्यक्तिमा अवसरबाट लाभ लिन सक्ने क्षमता र चुनौतीलाई अवसरमा रूपान्तरित गर्ने क्षमता पनि चाहिंदो रहेछ। यो नै जीवन हो जस्तो लाग्छ र यसैमा जीवन र समय दुवै बित्दछ। जीवन समाप्त हुन्छ, समय अमर छ, अजेय छ, सधैं चलिरहन्छ। समयको प्रतिकूलताले यस वर्ष बडादशैंको शुभकामनासमेत दिन नपाएकोमा मन खिन्न छ। तर देशमा भने दशैं राम्रैसित मनाइएको खबरले भने केही शान्ति प्राप्त भएको छ। यस अवधिमा देशमा थुप्रै राम्राराम्राहरू भए। राम्रा कामहरूमध्ये स्थानीय तहको प्रदेश नं. २ को निर्वाचन पनि थियो, जुन सफलतापूर्वक सम्पन्न भयो। संविधानको सफल कार्यान्वयन स्थापित गर्न यसले दिएको योगदान त आफ्नो ठाउँमा छँदैछ। तर मेरो विचारमा यस निर्वाचनले दुईवटा अत्यन्त महत्त्वपूर्ण सन्देश दिएको छ। पहिलो त ७७ प्रतिशत जनताले शान्तिपूर्वक मतदान गरेर राष्ट्र निर्माणको आकाङ्क्षालाई व्यक्त गऱ्यो भने दोस्रो राज्यको नीति निर्माण गर्ने र तिनको पृष्ठपोषक तथा कथित बुद्धिजीवीहरूलाई छक्क पार्दै रद्दको भोटको प्रतिशत न्यून राखेर 'आफूहरू पनि बुझ्ने' भएको सन्देश दिएको छ। मतदाता शिक्षा प्रभावकारी नभएको र अन्तिम घडीमा उम्मेदवारको छनोट भएर उम्मेदवारहरूले समेत प्रभावकारी मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न नपाएको अवस्थामा समेत त्यति न्यून प्रतिशत मत रद्द हुनु प्रदेश नं. २ को मतदाताको सचेतनाको प्रतीक हो भन्नै पर्दछ। तेस्रो नम्बरमा भने मतदानको परिणामले नेकालाई १ नं., फोरमलाई २ नं., राजपा ३ नं., माओवादी ४ नं. र एमालेलाई ५ नं.मा राखेर दिएको निर्णयले देशकै राजनीतिमा यस्तो तरङ्ग ल्यायो जुन बाँकी ६ प्रदेशको निर्वाचनले ल्याउन सकेको थिएन। कुरा जतिसुकै पुरानो हो भन्ने राग अलापे पनि एमाले, माओवादी र नयाँ शक्तिको एकीकरण २ नं. प्रदेशको निर्वाचन परिणामकै असर हो भन्ने कुरा निर्विवाद छ। तर यो परिणामको प्रभाव जति निर्विवाद छ त्यत्तिकै निर्विवाद अर्को तथ्य के हो भने यो एकीकरणमा बाह्य शक्तिको भूमिका नेपालको भूराजनैतिक अवस्थाले गर्दा दुवै छिमेकी राष्ट्रहरू नेपालको आन्तरिक मामिलामा भारतले पहिलेदेखि नै र चीन अब आएर प्रशस्त रुचि राख्न थालेको पाइन्छ।

भारत र चीनबीच डोकलाम विवादमा चीनले कूटनैतिक पराजय बेहोरेर भुटानलाई आफ्नो प्रभाव क्षेत्रमा लिन नसकेपछि नेपाललाई प्रभावित पार्नु चीनको रणनीति हो। अहिले नेपालमा नेका नेतृत्वको सरकार रहेको र त्यसको प्रधानमन्त्रीको भारत भ्रमण र त्यसपछि विकसित राजनैतिक घटनाक्रममा भारतीय संस्थापन पक्षले नेपालसँग

चिसिएको सम्बन्धलाई पुनर्ताजगी दिनुपर्ने धारणा पलाउँदै आएको फलस्वरूप भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको अरुण तेस्रो उद्घाटनको लागि प्रस्तावित नेपाल भ्रमणले यस्तै सङ्केत दिइरहेको छ। आउँदा दिनहरूमा नेपाल दुवै शक्ति राष्ट्रको शक्ति परीक्षणको क्रीडास्थल बन्ने प्रबल सम्भावना देखिन थालेको छ । भारतमा नोटबन्दी र जिएसटी लागू भएपश्चात् देखापरेको आर्थिक मन्दीबाट उन्मुक्ति दिन ल्याइएको बुलेट ट्रेन परियोजनाले समेत भारतीय जनता पार्टीको छविमा प्रतिकूल प्रभाव परिरहेको बेला प्रस्तावित नेपाल भ्रमणले पक्कै पनि राजनैतिक महत्त्व राख्नेछ । उता चीनको लागि पनि उसको स्थापित 'तिब्बतको स्थायित्वको लागि नेपालसँगको सम्बन्ध' भन्ने मान्यताविपरीत स्वतन्त्र तिब्बतको आन्दोलनले पनि उसलाई नेपालको राजनीतिमा वाम वर्चस्व कायम राख्न हात हाल्नुपर्ने बाध्यता छ । यसका साथै डोकलाम विवादमा चीनले बेहोर्नुपरेको कूटनैतिक पराजय पछाडि भारतलाई दबाब दिन नेपालबोहक अन्य कुनै राष्ट्र विकल्पको रूपमा चीनसँग थिएन । श्रीलङ्का, पाकिस्तान पहिलदेखि नै चीनको प्रभाव क्षेत्रमा रहेका छन् ।

राष्ट्रिय परिप्रेक्ष्यमा हेर्दा माओवादी र नयाँ शक्तिलाई त सञ्जीवनी बुटी बाँच्नकै लागि भए पनि चाहिएको थियो। त्यसैले 'मरता क्या नहीं करता' झैं उनले यसमा सहमति जनाए पनि एमालेले यसबाट कति लाभ लिन सक्छ त्यसको लेखाजोखा हुनु जरुरी छ । स्थानीय तहको निर्वाचनमा एमालेले राष्ट्रिय स्तरमा १ नं. स्थान प्राप्त गरेको निर्विवाद छ। तर ४० र ६० प्रतिशतको सहमतिपछि एमालेले आफ्नो कार्यकर्तालाई छाडेर माओवादीलाई ४० प्रतिशत सिट दिंदा त्यसको पार्टीको आन्तरिक राजनीतिमा पर्ने प्रभाव र आम जनतामा पर्ने प्रभाव समेतको आकलन नगरिएको जस्तो लाग्दछ । नयाँ संसद्को निर्वाचनपश्चात् एमालेको बहुमतको सरकार बनेपछि मधेसको मुद्दा सम्बोधन गर्ने कि नगर्ने भन्ने सवाल उठछ भने नेकाले बहुमत प्राप्त गरेपछि २/३ पुऱ्याउन माओवादीले तथा एमालेले त्यो प्रस्तावलाई समर्थन गर्ने कि नगर्ने ? दुवै अवस्थामा माओवादीले तराईको २२ वटै जिल्लामा नैतिकताको सामना गर्नुपर्नेछ । केही गरी चुनावी घोषणापत्रमा एमालेले सम्बोधन गर्ने वाचा गरे पनि उसको कुरा पत्याउन मतदाताले गाह्रो नै मान्नेछ । त्यसैगरी एमालेसँग चुनावी गठबन्धन गर्ने माओवादी अब सरकारमा बस्ने कि नैतिक धरातल टेकेर सरकारलाई दिएको समर्थन फिर्ता लिंदै मन्त्रिमण्डलबाट बाहिरिने ? यस क्रियामा माओवादीले देखाउने भूमिकाले उसको चरित्र र मतदाताको रुचि वा अरुचि निर्धारण गर्न सक्छ । स्थानीय तहमा माओवादीले प्राप्त गरेको मत अनुसार यस माओवादी दलले आफ्नो विश्वसनीयता कायम राख्न सकेको देखिंदैन । झन् त्यसमाथि सरकारमा बसेर एमालेसँग गरेको गठबन्धनले विश्वसनीयता उकास्नेभन्दा खस्काउने कार्य नै गर्नेछ । यी सबै कुरा दृष्टिगत गर्दा आसन्न निर्वाचनको पूर्वसन्ध्यामा एमालेले ठूलै कचिङ्गल बेहोर्नुपर्ने देखिन्छ। हुनत यही तर्क नेका पक्षीयहरूमा समेत लागू हुन्छ तर नेकाले प्रतिशत नतोकिसकेको र

बनाइएको कार्यदलले स्थानीय तहको निर्वाचन परिणाम र दोस्रो संविधानसभा निर्वाचन परिणामलाई आधार बनाएर सहमति खोज्न सकेमा यो कचिङ्गलबाट जोगिन सक्ने सम्भावना अझै बाँकी छ ।

आन्तरिकरूपमा कुल ७५३ स्थानीय तहमा एमालेले २९४ र माओवादीले १०५ गरी जम्मा ३९९ सिट प्राप्त गर्न पुगेकोबाट दुवै पार्टीका नेताहरू यो गठबन्धनको पक्षमा खडा भएको बुझ्न सकिन्छ । यो गठबन्धनले एमालेलाई माओवादीको नेकासँगको गठबन्धन टुटाउन सहयोग गऱ्यो भने ४० प्रतिशत सिट पाएर माओवादीले वा भनौ प्रचण्डले आफ्नो पार्टीभित्र आफ्नो साख जोगाएका छन् । स्थानीय तहको चुनावी नतिजाकै पुनरावृत्ति भएमा यो गठबन्धनले सिद्धान्ततः ५ वर्षको लागि सरकार चलाउन पाउनेछ । तर इतिहासले प्रचण्डको कटुवाल प्रकरणदेखि अहिले नेकासँगको १० वर्षसम्म गठबन्धन नतोडने वाचा समेतलाई लत्याउँदै एमालेसँग भएको गठबन्धनमा यो क्रम नदोहोरिएला भन्न सकिन्न । नेपालमा भूमिगत राजनीतिबाट बाहिरिएदेखि नै किङ्गमेकरको भूमिका निर्वाह गर्न खोजेका प्रचण्डले यसपटक पनि यही कार्ड खेलेका हुन् । तर यसमा उपेन्द्र यादव र महन्थ ठाकुरको चुनावी तालमेलले यो भूमिका अब यस गठबन्धनको हातमा नजाला भन्न सकिँदैन । बहुमत कुनै पनि दलको नभएको अवस्थामा सरकार नेकाको वा एमालेको भन्ने गणित अब राजपा र फोरमको गठबन्धनले गर्ने समर्थनमा समेत भर पर्नेछ । एमालेले समर्थन लिनको लागि मधेसको मुद्दा सम्बोधन गर्ने कि नगर्ने भन्ने कुरामा आफ्नो अडान चुनाव अघि नै स्पष्ट गर्नुपर्नेछ । यो प्रस्टीकरण सकारात्मक भए सत्ताको लागि र नकारात्मक भए राजपा–फोरम गठबन्धन सामु समर्थक किन ? भन्ने प्रश्न खडा हुनेछ । नेकालाई समर्थन गर्दा भने यो प्रश्न खडा हुनेछैन किनभने यसले संविधान संशोधनको लागि आफ्नो धारणा सार्वजनिक गरिसकेको छ ।

२०७४ असोज २५ गते बुधवार

कुरा फेरि मधेसकै

प्रधानमन्त्री पुष्पकमल दाहालले मधेसी मोर्चालाई सीमाङ्कनबाहेकका अरू मुद्दालाई सम्बोधन गर्नेगरी स्थानीय चुनावमा भाग लिन गरेको आग्रहले मोर्चालाई रनभुल्लमा पारेको बुझिन्छ । सप्तरी घटनापछि मोर्चाले समर्थन फिर्ता गर्ने अल्टिमेटम दिएपछि आफ्नो सरकारलाई सङ्कटबाट जोगाउन राप्रपालाई मन्त्रिमण्डलमा समावेश गरेर सुस्ताउन भ्याएका प्रधानमन्त्रीको प्रस्ताव मान्ने हो भने कुन गणितबाट संसद्मा बहुमत दिएको सुनिएको छैन । तर पनि समस्याको समाधान त हुनैपर्छ । यसको लागि प्रमुख राजनैतिक दलहरूसँग तीनवटा विकल्प हुन सक्छ ।

पहिलो संविधान संशोधन गरेर मधेसी मोर्चालाई समेत सहभागी गराएर चुनाव गराउने, दोस्रो संविधान कार्यान्वयनको नाममा बल प्रयोग गरेर मधेसी जनताको भावनाको बेवास्ता गर्दै चुनाव गराउने र तेस्रो मधेसका जनतालाई वर्तमान संविधानबारे आश्वस्त पारी मूलधारमा ल्याउने । यी तीनवटा विकल्पमध्ये पहिलो विकल्पको सबभन्दा ठूलो बाधक एमाले नै भएकोले उसको रणनीति परिवर्तन नभएसम्म यो सम्भव देखिँदैन । तेस्रो विकल्पलाई पनि एमालेले मेची-महाकाली अभियान शुरु गरेपछि यो पनि असफल साबित भएको छ । अब बाँकी रहन्छ दोस्रो विकल्प । एमाले यही पक्षमा छ । तर यो विकल्पबाट आसन्न सङ्कटको उसले मूल्याङ्कन गर्न सकेको बुझिँदैन । यस्तो अवस्थामा आइपर्ने चुनौतीको मूल्याङ्कन अपरिहार्य हुन्छ । आन्तरिक चुनौतीको मूल्याङ्कन गर्दा मधेसवादीहरूमा दुईवटा धार देखा पर्दछ । पहिलो धारमा मध्यमार्गीहरू छन् जुन नेपाली राष्ट्रिय राजनीतिको मूलधारमा समान हक प्राप्त गरेर बस्न चाहन्छन् । दोस्रो धार अतिवादीहरूको छ जो काठमाडौं र मधेसी मध्यमार्गी दलबीचको अन्तर देखाएर मधेसलाई अलग देश बनाउन चाहन्छन् । यस्तो समूहको वर्चस्व मधेसमा ठूलो नभए पनि बढ्दो भने छ । यस्तो सोचलाई इतिहास र वर्तमान दुवैले बल पुऱ्याइरहेको छ । ऐतिहासिकरूपमा चन्द्र शम्शेरले मधेसी मसुदायका श्री अनिरुद्धप्रसाद सिंहलाई वकिल मुकर्रर गर्नेदेखि लिएर स्व. विपी कोइरालाले स्व. महेन्द्रनारायण निधि हुँदै पञ्चायतकालका भगवतीप्रसाद सिंह, गुञ्जेश्वरीप्रसाद सिंहलगायत पुनर्स्थापित प्रजातन्त्रमा विजय गच्छदार, जयप्रकाश गुप्ता, राजेन्द्रनारायण सिंह, भद्रकाली मिश्र, परशुनारायण चौधरी, फत्तेसिंह थारूको इतिहास हेर्दा सबैको बहिर्गमन उपेक्षाबाट नै भएको देखिन्छ भने वर्तमानमा भारतीय सुरक्षा बलको गोली लागेर मृत्युवरण गरेका गोविन्द गौतमलाई सरकारले शहीद घोषणा गरेको छ भने करिब ६ वर्ष पहिले यस्तै परिस्थितिमा मृत्यु वरण गरेका वासुदेव साहलाई राज्यले पूर्णरूपमा उपेक्षा गरेको देखिन्छ । भेदभावको यस्तो रवैयाले अलगावादी सोचलाई पक्कै बल पुऱ्याउँछ ।

वर्तमान अवस्थामा समेत अति राष्ट्रवादी सोचले प्रतिनिधित्व गर्ने दोस्रो विकल्पमा जाँदा जुन प्रकारले एमालेले भारतप्रति विषवमन गरेको छ त्यसले भारतलाई यस्तो कार्यविरुद्ध उभिन पक्कै बाध्य पार्नेछ, किनभने भारतले संविधान घोषणा भएदेखि नै असन्तुष्ट पक्षलाई समेटेर लिएर जानुपर्ने धारणा राख्दै आएको छ र यसमा अमेरिका, बेलायतलगायत युरोपेली देशहरूको समेत समर्थन रहेको छ । त्यसैले यस्तो स्थितिमा दोस्रो विकल्पसमेत सम्भव हुने अवस्था छैन । यस्तो अवस्थामा के नेपाल भोलि अतिवादीहरूको हातमा धकेलिने छ भन्ने संशय बढ्दो छ । भारतमा भर्खरै सम्पन्न निर्वाचनपछि अत्यन्त बलशाली र प्रभावशाली बन्न पुगेका मोदीको भारत हालका दिनमा चीनभन्दा युरोप र अमेरिकाको नजिक पुगेको अवस्थामा भारत र चीन आर्थिक साझेदारको सट्टा प्रतिद्वन्द्वीको स्वरूपमा देखिन थालेको अवस्थामा एमालेलाई चीन र मधेसी अतिवादीलाई भारतले समर्थन गर्न थालेकोमा नेपाल गृहयुद्धको भुमरीमा पस्ने खतराको आकलन गरेर त्यो बेला संविधान कार्यान्वयनको अवस्था के हुनेछ विचार पुऱ्याउनुपर्ने देखिन्छ ।

'वाद' वा राजनैतिक सिद्धान्तको कुरा गर्दा नेपालका माओवादीहरू माओवादी सिद्धान्तविपरीत एक जातीय पहिचानको कुरा गर्छन् । समाजवादी नेपाली काङ्ग्रेस निजीकरण र उदारीकरणको झन्डा बोकेर हिंडेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी समाप्त भएको राजतन्त्रको कुरा गर्छ भने एमाले वेस्ट मिनिस्टर प्रणालीको संसदीय प्रणालीको समर्थक बनेको छ । यसबाट वाद र सिद्धान्त अब झुन्ड्याउने पाटीसरह भएको र वास्तविक राजनीति जनताको समस्याको समाधान हो, सिद्धान्त होइन भन्ने मान्यताले स्थान पाइरहेको २१ औं शताब्दीमा हाम्रा राजनीतिक दलहरूले पनि यस्तै सोचको विकास गर्न सके मात्रै देशले राजनैतिक स्थायित्व प्राप्त गरी समृद्धितर्फ उन्मुख हुनसक्ने तथ्य आत्मसात गर्न जरुरी छ ।

२०७३ चैत ०९ गते बुधवार

असल छिमेक

जागृत नेपालले आयोजना गरेको Nepal India Relations: Across the Border दुई दिने अन्तर्क्रिया कार्यक्रम वीरगंजको होटल भिस्वामा सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटनसत्रमा सहभागीको हैसियतले केही महत्त्वपूर्ण ज्ञान प्राप्त भयो जसलाई यस आलेखमार्फत् सार्वजनिक गर्न उपयुक्त होला भन्ने लागेर यो प्रयास गर्दैछु । उद्घाटन सत्रको शुरुआत गर्दै कार्यक्रमको उद्देश्यमाथि जागृत नेपालका अध्यक्ष प्रा. विजय कर्णले प्रकाश पारेका थिए भने दुवै देशको सम्बन्धबारे चर्चा गर्दै भारतीय राजदूत महामहिम रञ्जित रेले पुरानो विशिष्ट सम्बन्धलाई प्रगाढ बनाउनुका साथै भारतको आर्थिक विकास, असल छिमेकीको नीति, सुरक्षा संवेदनशीलताका साथै सहज व्यापार पारवाहन नीति अङ्गीकार गरी अगाडि बढिरहेकोले भारतसँगको सम्बन्धलाई अब यस दृष्टिकोणबाट बुझ्नुपर्ने अवस्था रहेको भनाइ राख्दै भारतको व्यापार अहिले २०० ट्रिलियन पुगेको र यसलाई प्रतिवर्ष १० प्रतिशतले अर्थात् २ सय बिलियन डलरले बढाउने उद्देश्य रहेको जानकारी दिएका थिए । यसैले भारतले यस नीति अन्तर्गत पञ्चेश्वर, अरुण तेस्रो, कोशी उच्च बाँध परियोजनालगायत क्षेत्रमा १० बिलियन डलर खर्च गरेर ७ हजार मेगावाट बिजुली उत्पादन गर्न नेपाललाई सघाउने जानकारी दिएका थिए । यसै क्रममा उनले हुलाकी सडकको निर्माण अब नयाँ स्वरूपमा हुने भएकोले यसमा ढिलाइ गर्न नहुने मनसाय राखेका थिए । यस्तै ५ बिन्दुमा रेलसेवा पुऱ्याउनुका साथै सञ्चारसेवालाई समेत सुगम बनाइने जानकारी दिएका थिए ।

उद्घाटन सत्रकै अर्का वक्ता प्राध्यापक एनके चौधरीले भने– राजदूत महोदयको राम्रो र असल छिमेकीको तर्क ग्राह्य नभएको भन्दै नेपाल र भारतबीच आजको सम्बन्ध सरकारी र जनस्तर दुवैमा राम्रो नरहेको र यो टर्निङ प्वाइन्टमा पुगिसकेकोले यसलाई राम्रो बनाउन पुनर्परिभाषित गर्नुपर्ने आवश्यकता औंल्याउँदै ठूलो देश भएकोले यस सम्बन्धलाई कहाँ लिएर जाने भन्ने निर्णय समेत भारतले नै गर्नुपर्ने बताउँदै यसलाई सपार्न भारतले Big Brother Attitude छाडेर Twin Brother Attitude अँगाल्दै समव्यवहार दिन सकेमा मात्रै यो सम्बन्ध राम्रो हुन सक्ने बताए ।

भारतले छिमेकी देशहरूलाई नवउपनिवेश बनाउने सोचमा भारतका ठूला दलहरूबीच सहमति रहेको तर साना दलहरू यसमा असहमत भए पनि सम व्यवहारको धारणाले बल पाउन नसकेको भनाइ राखेका थिए । Digital Connectivity तर्फ कटाक्ष गर्दै उनले विगतमा काठमाडौं–पटनाबीच रहेको हवाइसेवाको स्मरण गराउँदै आफू आज पटनाबाट रक्सौल आइपुग्दा देखिएको सडकको बेहालीतर्फ इङ्गित गर्दै यस्तो नीतिले सीमान्त क्षेत्रका जनताबीच परस्पर सद्भाव वृद्धि कसरी हुन सक्छ भनी प्रश्न गरेका

थिए । Digital Connectivity आम नागरिकको र खास गरेर भारत-नेपाल सीमा क्षेत्रको गरिब जनताको पहुँच बाहिर रहेको र आवश्यकताको प्रथम प्राथमिकतामा सडक सञ्जाल पछाडि भएको तथ्य नकार्न नसकिने कुरामा विमति राख्न सकिदैन। उनले जोगबनी, भिठ्ठामोड, जनकपुरलगायत सम्पर्क सडकका साथै सीमा क्षेत्रका गुनासाहरूको समाधान हुनुपर्ने भन्दै नेपाल-भारतको सम्बन्ध रोटीबेटीको मात्र नभएर क्रान्तिको समेत भएको सम्झना गर्दै भारतको स्वतन्त्रता सङ्ग्राममा नेपाली नेताहरू र नेपालको स्वतन्त्रता सङ्ग्राममा भारतीय नेताहरूको योगदानको सम्झना गर्दै त्यस योगदानको कदर दुवै पक्षबाट नभएको अनुभव सुनाएका थिए ।

यसै क्रममा प्रा. डा. लोकराज बरालले सीमा क्षेत्रमा सामाजिक क्रान्तिको आवश्यकता औंल्याएका थिए भने भारतबाट आएका सांसद सञ्जय जयसवालले सीमा क्षेत्रको समस्यालाई मधेस केन्द्रित मात्रै नराखी सम्पूर्ण सीमा क्षेत्रलाई नै समेट्नुपर्ने मन्तव्य दिएका थिए । साथै नेपालका सांसद एवं अन्तर्राष्ट्रिय सम्बन्ध समितिका अध्यक्ष प्रभु साहले सीमा क्षेत्रमा हुने गरेको वैवाहिक सम्बन्ध हालका दिनमा ५० प्रतिशतले घटेको तथ्याङ्क प्रस्तुत गर्दै यसैबाट जनस्तरमा सम्बन्ध खस्कँदो भएको सङ्केत देखिएको भन्दै जुन कारणले दुवैतिर यस्तो नकारात्मक विचार पलाउँदैछ त्यसको विश्लेषण गरी मोडालिटीमा परिवर्तन गर्नुपर्ने तर्क राखेका थिए ।

राजनीतिज्ञहरूका तर्फबाट बोल्दै सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोले नेपाल-भारतको जनसम्बन्ध नेपाल र भारत राज्यको निर्माण हुनुभन्दा पनि अगाडिको भएकोले अहिलेको सरकारले चाहेर वा नचाहेर यो सम्बन्ध बिगार्न नसक्ने भनाइ राखेका थिए । त्यस पछि बोल्दै तमलोपाका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ महन्थ ठाकुरले यस अवसरमा राखेको विचारले नेपाल-भारतको सम्बन्धलाई हेर्ने सरकारी दृष्टिकोण र त्यसबाट उत्पन्न परिस्थितिहरूको सूक्ष्म विश्लेषण गरेर नेपाली बुद्धिजीवी, नीति निर्माता तथा विश्लेषकहरूलाई नयाँ दिशा प्रदान गरेका थिए । नेपाल-भारत सम्बन्धको चर्चा गर्दै उनले सबभन्दा पहिले राष्ट्रियता र सुरक्षा संवेदनशीलताको चर्चा गर्दै राष्ट्रिय भावना हुन्छ तर नेपालमा राष्ट्रियतालाई भौतिक स्वरूप दिने प्रयास गरेर यसलाई सिमाना, भाषा र कपडामा देख्ने शासकहरूको बानी भएको भन्दै सुरक्षा त प्रत्येक एकल व्यक्तिले समेत खोज्ने विषयवस्तु भएकोले राष्ट्रले यसलाई नखोज्ने प्रश्नै नउठ्ने भन्दै भारतसित नेपालको सुरक्षा सन्धिसमेत भएको परिप्रेक्ष्यमा भारतबाट सिमाना मिचिएर राष्ट्रियतामाथि खतरा आइपरेको भन्ने नेपाली विगत र वर्तमानका शासकहरूको सोच नै गलत भएको बताएका थिए । आजको युगमा र त्यसमा पनि नेपाल-भारत सन् १९५० को सन्धि, सुरक्षा सन्धि, गोर्खा सैनिक एवं विश्व परिवेशको कारण कसैले कसैको सिमाना सहजै मिच्ने अवस्था नरहेको भन्दै अहिले पनि नेपाली शासकहरू यही मानसिकताबाट ग्रस्त रहेका र यस्तो कुरा उठाएर जहिले पनि सत्ता हत्याउने खेल खेल्ने र त्यसमा सफल पनि हुने गरेको भनाइ राखेका थिए । यही सोचले

नेपाल–भारत सम्बन्ध बिग्रेको र अझ अगाडि यस्तो सोचमा परिवर्तन नआए बिग्रिने आशङ्का उनले व्यक्त गरेका थिए। उनले मधेसका नागरिकसँग दोस्रो दर्जाको नागरिकको व्यवहार हुने गरेको र मधेसलाई उपेक्षा गरिएको, संधिवानद्वारा प्रदत्त संवैधानिक अधिकार पनि सरकारले बेवास्ता गरेको भन्दै हालै भएको न्यायाधीश र प्रहरीको नियुक्तिमा समावेशी सिद्धान्तको प्रयोग नभएको भन्दै सरकारको आलोचनासमेत गरेका थिए।

दिनभरिको मथिङ्गलबाट मैले दुइटा धार स्पष्टरूपमा देखें। पहिलो धारमा वक्ताहरूको विचार सरकारी सम्बन्धलाई नै स्विकार्दै यसैमा समयानुकूल परिवर्तन गर्ने सोच हो। दोस्रो धारमा भारतीय प्रा. श्री एनके चौधरी र नेपाली नेता एवं तमलोपाका अध्यक्ष महन्थ ठाकुरको पर्दछ। दोस्रो धारका दुवै विद्वान्हरूको भनाइको विश्लेषण गर्दा नेपालको नेता महन्थ ठाकुरको विचार अनुसार तराईका नेपालीहरू सामाजिक एवं सांस्कृतिक रूपमा भारतीय जस्ता भएकाले यिनीहरूलाई राष्ट्रियताको दायराभन्दा बाहिर राखेर सिमाना, लुगा र भाषामा राष्ट्रियता खोज्नुको सट्टा मधेसको जायज हक र सम्मान दिएर भावनामा राष्ट्रियताको विकास गर्नु र प्रा. चौधरीको भनाइ अनुसार भारतीय ठूला दलले छिमेकीलाई नवउपनिवेश बनाउने सोचको सट्टा सबै भारतीय दलहरूलाई विश्वासमा लिएर Big Brother को सट्टा Twin Brother Attitude निर्माण गरेमा दुवै देशमा Content neighbourhood को भावना विकसित भएर सुरक्षा संवेदनशीलता समाप्त नभए पनि न्यून हुन गएर नेपाल–भारत सम्बन्ध नयाँ उचाइमा पुग्ने निश्चित छ।

२०७३ फागुन ०४ गते बुधवार

यस्तो छ २ नं. प्रदेशको सामर्थ्य

माघ २२ गतेको कान्तिपुर दैनिकको आलेख पृष्ठमा डा. खिमलाल देवकोटाको 'कस्तो छ प्रदेशहरूको सामर्थ्य ?' शीर्षकको लेख अत्यन्तै उपयोगी लागेकोले त्यसमा २ नं. प्रदेशको सामर्थ्य कस्तो छ भन्ने जिज्ञासा लागेर अध्ययन गर्दा भेटिएका तथ्यहरूमा आधारित छ यो लेख ।

कुल गार्हस्थ्य उत्पादन तथा रोजगार:

नेपालको मानव विकास प्रतिवेदन २०१४ अनुसार प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनमा २ नं. प्रदेशको योगदान १६.२ प्रतिशत र ३ नं. प्रदेशको ३२ प्रतिशत रहेको छ। समग्रमा २ नं. प्रदेशमा पनि बारा र पर्साको योगदान ३५ प्रतिशत र बाँकी ६ जिल्लाको ६५ प्रतिशत रहेको छ। त्यस्तै आर्थिक सवेक्षण २०७२-०७३ अनुसार कृषिको योगदान ३१ प्रतिशत छ तर हालसम्म तराईलाई अन्नको भण्डार भन्ने गरिए पनि मुलुकको कृषि तथा पशु क्षेत्रको उत्पादनमा २ नं.प्रदेशको योगदान जम्मा १३ प्रतिशत मात्र छ। यस क्षेत्रको उत्पादनमा ३ नं. प्रदेशको कृषिमा २६ र पशुमा २० प्रतिशत छ। त्यसपछि १ र ५ नं. प्रदेश ६ र २ नं. प्रदेश चौथो स्थानमा रहन पुगेको छ । २०७३ कात्तिक मसान्तसम्म उद्योग विभागमा दर्ता भएको उद्योगको सङ्ख्या ६७२५६ र यिनमा १२४२ अर्ब रुपियाँ लगानी भएको छ भने यी उद्योगहरूले ५३०००० रोजगार सिर्जना गरेको छ। यसमध्ये सबभन्दा धेरै अर्थात् ६८ उद्योग ३ नं. प्रदेशमा पर्दछ भने २ नं. प्रदेशमा जम्माजम्मी ७ प्रतिशत उद्योग मात्र रहेका छन् । अब त तराई अन्नको भण्डार भनिएको ६ नं. उद्योगधन्दाकै हिसाबमा अगाडि छ । त्यसैले २ नं. प्रदेशको आर्थिक नगरी, वीरगंजको समेत नयाँ उपनाम खोज्नुपर्ने बेला हुन लागेजस्तो छ।

मानवीय पूर्वाधार विकास:

मानव विकास सूचक कमजोर हुनु भनेको शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ र आम्दानीलगायतको क्षेत्र कमजोर हुनुलाई मानिन्छ । यीमध्ये पनि शिशु मृत्युदरलाई विकासको मापदण्डको रूपमा लिने विश्वव्यापी चलन छ । यस मापदण्डमा २ नं. प्रदेशको शिशु मृत्युदर अन्य सबै प्रदेशभन्दा बढी छ। २ नं. प्रदेशमा प्रतिहजार ५८ हजार शिशुको १ वर्ष नपुग्दै मृत्यु हुन्छ भन्ने अत्यन्त विकट जिल्लाहरू रहेको ५ र ६ नं. प्रदेशमा पनि यो दर क्रमशः ५४ र ४८ मात्र छ। योभन्दा बढी लज्जाजनक वास्तविकता के हुन सक्छ ? त्यस्तै २ नं. प्रदेशको साक्षरता ५० मात्रै छ भने ६ र ७ नं. प्रदेशमा यो क्रमशः ६० र ६३ प्रतिशत छ। २ नं. प्रदेशमा ७४ प्रतिशत घरमा शौचालय सुविधा छैन भने ६ र ७ नं. प्रदेशमा ५५ र ५० प्रतिशत मात्र घरधुरीमा शौचालय सुविधा छैन । त्यसैले सुगम कहलिएको २ नं. प्रदेश मानव विकास पूर्वाधार वा सामाजिक आर्थिक विकास पूर्वाधारमा साह्रै दयनीय अवस्थामा छ ।

स्रोत साधनको उपलब्धता र राजस्व सङ्कलन:

नेपालको प्राकृतिक स्रोत र साधन भनेकै पानी, जङ्गल, खनिज, हिमाल, पहाडहरू हुन् । यीमध्ये हाल जडित जलविद्युत्को रोयल्टीबाट मात्रै सरकारले २०७२–७३ मा ३ खर्ब ८ करोड रुपियाँ राजस्व सङ्कलन गरेको छ । त्यस्तै पर्वतारोहण पदयात्राबाट रु १ अर्ब ३५ करोड, खानी रोयल्टीबाट रु ८४ करोड सङ्कलन गरेको छ । तर २ नं. प्रदेशमा जलविद्युत्, पर्वतारोहण एवं पदयात्रा र खनिजबाट कुनै राजस्व सङ्कलन हुने अवस्था छैन भने भएको एउटा जङ्गलबाट पनि सरकारले २०७२–७३ मा रु २ अर्ब २२ करोड राजस्व सङ्कलन गरेकोमा २ नं. प्रदेशको राजस्वमा योगदान जम्मा १.३१ प्रतिशत मात्रै छ ।

कृषि उत्पादनको बिक्रीकर, घरजग्गा रजिस्ट्रेसन दस्तुर, सवारी साधन कर र प्राकृतिक साधन र स्रोतबाट सङ्कलित कुल रोयल्टी रु २६ अर्ब ८४ करोड मात्र हो । जसमा सबभन्दा बढी योगदान ३ नं. प्रदेशको ६३.६० प्रतिशत छ भने २ नं. प्रदेशमा ६.०९ प्रतिशत छ । प्रशासनिक खर्चतर्फ पनि सबैभन्दा धेरै प्रशासनिक खर्च ४९.४४ प्रतिशत ३ नं. प्रदेशको छ भने २ नं. प्रदेशको ११ प्रतिशत छ ।

उपलब्ध तथ्याङ्कहरूको अध्ययन गर्दा स्पष्टरूपमा दुईवटा कुरा देखिन्छ । पहिलो २ नं. प्रदेशको गठन अत्यन्त सुनियोजित तवरबाट मधेसलाई देशभित्रै उपनिवेश बनाएर आश्रित बनाइराख्न भएको हो र ३ नं. प्रदेशलाई त्यसमा पनि भैरहवालाई वीरगंजको स्थान दिन योजनाबद्ध ढङ्गले नेपालको राजनैतिक र राज्य सत्ता दुवै लागिपरेको तथ्य स्पष्ट हुन आउँछ । यसै कारणले हुन सक्छ एमाले संविधान संशोधन गरेर ३ नं. प्रदेशलाई मधेस बनाउन नखोजेको । तर यहाँनिर स्पष्ट रूपमा बुझ्नुपर्ने एउटा तथ्य के छ भने मधेसलाई नेपाल र नेपालको लागि मधेस अपरिहार्य छ र आउँदो दिन जतिजति शिक्षाको विकास हुनेछ जनचेतनाको स्तर बढ्दै जानेछ अनि मधेसको जनता रैती बनेर बस्नेछैन भन्ने बोध शासकहरूलाई हुनु जरुरी छ । यो सोचमा बदलाव आएन भने आउँदा दिनहरू नेपाल र नेपालीको लागि कष्टप्रद हुनेछ ।

२०७३ फागुन ११ गते बुधवार

तातेको तराई

कलैयाबाट मालपोत कार्यालयको सेवा विस्तार वा सार्ने भन्ने अनिर्णयको सेरोफेरोमा भएको कलैया आन्दोलन र लगत्तै सिमरामा भएको जवाफी आन्दोलनको राप सेलाउन नपाउँदै गौरमा फेरि यस्तै घटनाक्रम दोहोरिएको छ । गौरमा ३० दलीय मोर्चा, नागरिक समाज, लेखापढी कानुन व्यवसायी र गौर उवासङ्घले विगत समयबाट गर्दै आएको विरोधको पाँचौं दिनमा सरकारले निर्णय फिर्ता लिए पनि सशस्त्र प्रहरी बलको गाडीको ठक्करबाट मृत्यु वरण गर्न पुगेका रामाशीष ठाकुरको कारण मत्थर भएको आन्दोलन फेरि तातेको हो ।

यो आन्दोलनपश्चात् विगत शनिवार नेपाल रेडक्रसको अगुवाइमा भएको वार्तामा मृतकलाई शहीद घोषणा, क्षतिपूर्ति, घटनाको न्यायिक जाँच, चपुरमा रहेको कार्यालय गौरमा पुनर्स्थापना र मृतकको परिवारबाट एकजनालाई सरकारी नोकरी दिने माग सम्बोधन गर्न गृह मन्त्रालयलाई पत्र पठाइएको जानकारी प्रजिअबाट प्राप्त भएको छ । तर उद्योग वाणिज्य सङ्घले हडताल फिर्ता लिए पनि राजनैतिक दलहरूको अगुवाइमा यो आन्दोलनले फेरि गति लिँदैछ । आन्दोलनको छैठौं दिनमा आन्दोलनकारीहरूले रौतहटको लक्ष्मीपुर बेलबिछवामा रहेको सशस्त्र प्रहरीको आउट पोस्टमा पहिले पेट्रोल बम र तत्पश्चात् भारतीय सीमातर्फको दशगजातर्फबाट पहिले पाँच राउन्ड र पछि करिब ५० जनाको समूहमा रहेको एउटा जत्थाले करिब ३० राउन्ड गोली प्रहार गरेको समाचार पनि प्राप्त भएको छ । यो अन्त्यन्तै संवेदनशील मुद्दा हो । नेपाली सुरक्षा निकायले यसको सूक्ष्म छानबिन गरी दोषीलाई कारबाई गर्नु जति जायज छ, त्यति नै जायज रौतहटको घटनाक्रममा भएको हिंसाको छानबिन पनि जरुरी छ । नेपालको राष्ट्रिय मानव अधिकार आयोगले रामाशीष ठाकुरको मृत्युबारे स्वतन्त्र जाँच गराउनुपर्ने विज्ञप्ति जारी गर्दै प्रजातन्त्रमा 'ढोकामा सेवा' पाउने अधिकार सबैको हो भन्दै जनसङ्ख्या, भौगोलिक स्थिति, जनचाहनाको ध्यान राख्दै निर्णय लिनुपर्ने मनसाय सार्वजनिक गरेको छ । यसबाट यस आयोगको भूमिका नै संदेहास्पद हुन पुगेको छ । मानव अधिकार आयोगले रौतहट घटनाको जाँचबुझ गर्दा त्यहाँको सुरक्षा निकायको बल प्रयोगबाट मानव अधिकारको उल्लङ्घन भए-नभएको जाँच गर्नुका साथै रामाशीष ठाकुरको मृत्यु दुर्घटना हो वा घटाइएको घटना भएको आफैंले स्वतन्त्ररूपमा जाँचबुझ गरी प्रेस विज्ञप्ति निकाल्नुपर्नेमा घुमाउरो पारामा सेवा केन्द्र स्थापनाको मुद्दालाई समर्थन हुने गरी मानव अधिकार उल्लङ्घन भए नभएको सम्बन्धमा मौन रहेकोबाट यसको भूमिका पनि संदेहास्पद हुन पुगेको छ । अर्कोतर्फ पूर्वप्रम डा. बाबुराम भट्टराईको सरकारको पालामा भएको यो निर्णय हुँदा सरकारमा समावेश

रहेका मधेसवादी दलहरूले अहिले आएर यसको उग्र विरोध पनि संदेह उत्पन्न गर्ने खालको छ । नेपालकै पश्चिम तराईमा यस्ता सेवा केन्द्र स्थापना भई सञ्चालन भइरहँदा त्यहाँका जनता खुशी भएको समाचार छापामा आइरहँदा पूर्वतर्फ वा मध्यका जनताले यसको उग्र विरोध थाल्नु पछाडि के कारण हुन सक्छ त्यसको निर्क्योल हुनु जरुरी छ । कलैयाको सन्दर्भमा निर्णय त्रुटिपूर्ण भएको यस मानेमा भन्न सकिन्छ कि सिमरामा मात्र सेवा केन्द्र नराखी कलैया बजार पूर्वका १-२ ठाउँमा समेत यस्तै सेवा केन्द्र वा एकाइ प्रशासन कार्यालय खोलेको भए सम्भवतः यस्तो घटनालाई रोक्न सकिन्थ्यो । त्यस्तै गौरको घटनामा पनि एकातर्फ सरकारले सत्य तथ्य बुझ्न खोजेन, न तथ्य सार्वजनिक गऱ्यो भने अर्कोतर्फ तराईमा दोस्रो संविधानसभामा पराजित मधेसवादी एवं माओवादी दलहरूले यसलाई नै जनता नजिक पुग्न सक्ने मौकाको रूपमा प्रयोग गर्ने रणनीति अख्तियार गरेका हुन् ।

सन्देहै-सन्देहको घेरामा रहेको गौर आन्दोलनका कारण भारतीय सीमावर्ती क्षेत्रबाट गोली प्रहार हुनुले यसलाई सन्देहभन्दा माथि उकाल्दै रहस्यको घेरामा पुऱ्याएको छ । सरकार चपुरमा सेवा केन्द्र मात्रै रहने, सदरमुकाम भने गौर नै कायम रही जिल्लास्तरीय कार्यालय रहन्छ भनेर जनतालाई विश्वास दिलाउने काममा असफल भएको छ । अङ्ग्रेजीमा एउटा उखान छ ब्लिंभल नबपभ ष्कतबपभ दगत यलथि ग्ययि चभउभबत तजभ्क । कलैयाको त्रासदी भोगिसकेको सरकारले तराईको जनचाहना नै नबुझी, वास्तविकता बोध नगराई गौरमा त्यही काम गर्नु अङ्ग्रेजीको उपरोक्त उखानसँग मेल खान्छ ।

अन्त्यमा बितेको वर्ष हामीले भोग्नुपरेको कष्ट, अनिर्णयको स्थिति, गरिबी, दमन एवं जालझेलबाट नव वर्ष २०७२ मा मुक्ति मिलोस्, सबै नेपालीमा भ्रातृत्व, प्रेम र स्नेह अङ्कुरित होस् भन्दै हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

२०७२ वैशाख ०९ गते बुधवार

महाभूकम्पलाई सम्झिदा

२०७२ साल शनिवार दिनको ११:५५ बजे खाना खाएर खाटमा पल्टिरहेको बेला खाट तलमाथि गरी उफ्रिन थाल्यो र यो भूकम्प नै गएको हो भन्ने चेतना हुनासाथ छेउको कोठामा खेलिरहेकी नातिनीलाई लिएर बाहिर निस्कन छोरीलाई अन्हाउँदै पत्नीलाई लिएर घर बाहिर निस्कें । यस क्रममा करिब १ मिनेट बितिसकेको थियो । घरबाहिर निस्किंदा बिजुलीको खम्बा र त्यसमा तानिएको तारसमेत वृत्ताकार घुमिरहेको थियो भने छेउछाउको अनि आफ्नै घर पनि हल्लिरहेको थियो । रेलवे लाइन रोडमा नाली खनिएकोले त्यता जाने सम्भावना नभएकोले घर अगाडिकै खाली ठाउँमा पत्नी, छोरी र नातिनीलाई अँगालो हालेर उभिइरहें । करिब अर्को डेढ मिनेटपछि भूकम्पको कम्पन रोकिएपछि छरछिमेकीलाई यो पुनः आउने सम्भावना भएकोले अर्को १–२ घण्टा घर बाहिरै बस्ने सल्लाह र आत्तिएकाहरूलाई सान्त्वना दिंदै घरबाहिरै बसिरहें । यसरी बसिरहने क्रममा काठमाडौंमा इष्टमित्रहरूलाई सम्झिदै फोन गर्ने प्रयास गर्दा बल्लतल्ल डा. अनवर अन्सारीसँग सम्पर्क भयो । तिमीहरूलाई कस्तो छ भनेर सोध्दा अत्यन्तै अत्तालिएको आवाजमा उनले पछि कुरा गरौंला भन्दै फोन काटेपछि काठमाडौंमा ठूलै क्षति भएको लख काटे । यतिबेला घर बाहिर कुर्सीमा बसिरहँदा सम्झेका कुराहरू अहिले लेख्ने साहस जुटाएको छु । विगत हप्ता लेख्ने प्रयास गर्दा आँखा रसाउने र हात काम्ने गरेर लेख्न सकिनँ । सबभन्दा पहिले सम्झे दिनलाई । दिन त शनिवार हो र समय दिउँसोको । बिदाको दिन नभएर कार्य दिन भएको भए घरमा बूढाबूढी र गृहिणीबाहेक कोही हुने थिएन । बच्चाहरू स्कूल र वयस्कहरू कार्यालय भएको बेला परेको भए कति क्षति हुन्थ्यो भन्नेबारे गत वर्ष लगातार २ पटकसम्म यस्तै स्तम्भमार्फत् लेखेको पनि सम्झें । तर मैले वा कसैले प्रतीकमा लेखेर देश जाग्ने, सचेत हुने प्रवृत्ति छैन हामीकहाँ । आवासीय ढङ्गले बढीभन्दा बढी कोठा अटाउने हिसाबले जेनतेन प्रकारले ठड्याइएका घरहरूमा खोलिएका स्कूलमा भएका बच्चाहरूको के हविगत हुन्थ्यो होला । अहिले त यस्तो छ दुर्गति झन् त्यो अवस्था वा रातिको बेला भएको भए अनुमान गर्नै कठिन छ ।

करिब करिब बेलुकाको ६ बजिसकेको थियो । एकै छिनमा बत्ती पनि आयो । बच्चाहरूलाई बरन्डामा नै राखेर आफू बैठक कोठामा राखेको टिभी खोल्ने बित्तिकै भारतको आजतक र एबिपी अनि नेपालको च्यानलहरूले देखाइरहेको दृश्यहरू हरेर स्नातक तहको विद्यार्थीहरूलाई व्यापार प्रबन्धन ९द्यगकष्लभकक :बलबनझभलत० पढाउँदा सधैं व्यापारलाई नाफा र नोक्सानको जोखिम भएको आर्थिक क्रियाकलाप भनी पढाउने गरेको प्रसङ्ग सम्झिन पुगे । यसै प्रसङ्गमा जोखिमको व्याख्या गर्दा जोखिम भनेको के गर्ने हो थाहा भएको तर त्यसपछि के हुन्छ (नाफा/नोक्सान) भन्न नसकिने भएकोले व्यापारमा जोखिमको न्यूनीकरण गर्नुपर्छ । यो जोखिम दुई प्रकारको हुन्छ । एउटा देखिने र अर्को नदेखिने । देखिने जोखिम भनेको त्यस्तो जोखिम हो जसलाई बिमाद्वारा सुरक्षण प्रदान गर्न सकिन्छ जस्तै भवन, गाडी, मेसिनरी आदि । देखिने (

त्बलनष्दभि) जोखिमलाई बिमा सुरक्षा प्रदान गरेमा नदेखिने जोखिम (क्ष्लतबलनष्दभि) जोखिमको मात्र खतरा बेहोर्नुपर्छ भनेर पढाइरहँदा पटक-पटक हामीले आआफ्नो घरको, मेसिनको बिमा अनिवार्यरूपमा गराउनुपर्ने भनेर पढाएको प्रसङ्गको पनि सम्झना भयो । यसै क्रममा काठमाडौंको ठूल्ठूला घरहरू ढलेको देख्दा ठूलाबडाले आफ्नो घर प्राय: बैंकबाट कर्जा लिई बनाउने वा व्यापारको लागि बैंकमा राख्ने गरेकाले बैंकबाट बिमित भई ठूलाबडालाई नोक्सान नहुने तर जीवनभर रगत पसिना एक गरेर ब्याज तिर्नुपर्ने डरले आफ्नै पौरखले बनाएको २-४ कोठाको घर ढल्दा घरधनीहरूलाई नै प्रत्यक्ष असर परेर बेघर भएको थिति सम्झिन पुगें। यस्तो अवस्थामा ती दाजुभाइ-दिदीबहिनीहरूले जीवन कसरी गुजार्ने हुन् ?

भूगर्भ वैज्ञानिकहरूको मतले नेपाल उच्च भूकम्पीय जोखिम भएको क्षेत्रमा पर्ने भएकोले छिट्टै नगए पनि फेरि पनि यस्तो अवस्था नआउँला भनेर यकिनसाथ भन्न सकिने अवस्था छैन । त्यसैले अर्को पटक यस्तो विपत्ति आइलागे क्षति कमभन्दा कम होस् भनेर नगर वा गाविसहरूले भवन विभागबाट भूकम्प प्रतिरोधी भनेर निर्धारित गरिएको मापदण्ड अनुसारको निर्माणको अनुमति नदिने र यसरी निर्माण हुने घरहरूको नगरपालिका वा गाविसले घर जग्गाकर बुझ्दा बिमाको रकमसमेत अनिवार्यरूपमा समावेश गरी नवीकरण गर्ने व्यवस्था लागू गर्नेतर्फ विचार गर्नु उचित हुनेछ। निजी घरहरूको लागि यस्तो व्यवस्था गर्दा अस्पताल, विद्यालयलगायत सार्वजनिक भवनको लागि समेत यो व्यवस्था लागू गर्नु उपयुक्त हुनेछ । तर यति मात्र पर्याप्त नहुने भएकोले सरोकारवालाहरूले थप कदम चाल्न आवश्यक छ । १९९० सालको भूकम्प आएको १०० वर्षभित्र अर्को ठूलो भुइँचालो आउने नाममा अन्तर्राष्ट्रियस्तरको सभा गोष्ठी, सेमिनारहरू जति भए पनि तयारीको अवस्थाबारे यहाँ लेखेर लज्जित हुन आवश्यक ठान्दिनँ । धन्न नेपाली सेना, सशस्त्र र जनपद प्रहरीले साधन र स्रोत नभएको अवस्थामा समेत उद्धार कार्यमा अहोरात्र लागिरहे । पछि उद्धार टोली आएपछि उनीहरूसँगको समन्वयमा बालकदेखि वृद्धसम्मको उद्धारमा पाएको सफलता अत्यन्त प्रशंसनीय छ । तर जनता यस्तो विधि दु:खमा परिरहँदा पनि माथिल्लोस्तरमा भइरहेका उठापटक जस्तो सेना प्रमुख प्रमको बैठकमा २ घण्टा ढिलो पुग्नु, मुख्य सचिवले जिम्मेवारीबाट हात झिक्नुजस्ता प्रसङ्गहरूले मन खल्लो भएको छ । प्रशस्त मात्रामा जम्मा भएको सहयोग सामग्री नवौं, दसौं दिनमा बल्ल केही भूकम्प पीडित क्षेत्रमा पुग्न थाल्नुले हाम्रो क्षति न्यूनीकरणको तयारी तथा हाम्रो संवेदनाहीनतालाई जनाउँछ । बोर्ड राखेर भूकम्प दिवस मनाएर भूकम्पको व्यवस्थापन भयो भनेर आत्मरतिमा बस्ने हाम्रो देशका जमातको चेत खुल्यो खुलेन निर्णय गर्न गाह्रो भइरहेको छ । तथापि असीम दु:ख र कष्टको यो घडीमा आफ्नो सम्पूर्ण बुद्धि-विवेक एवं सामर्थ्यले म पीडित सबै नेपालीहरूका साथ शासकहरूको चेतमा पनि कमसेकम ७.९ रेक्टर स्केलको भुइँचालो जाओस् र चेत खुलोस् भनेर देवाधिदेव महादेवसँग प्रार्थना गर्दछु।

२०७२ वैशाख २३ गते बुधवार

भूकम्पमा राजनीति

नेपालमा गएको महाभूकम्पपछिका घटनाक्रमहरू केलाउँदा भूकम्पमा पनि राजनीति हुन थालेको आभास हुन थालेको छ । भूकम्पपश्चात् उद्धारका लागि सबैभन्दा पहिले र ठूलो उद्धार टोली भारतबाट र त्यसपछि चीनलगायत देशहरूबाट आएको हो । यस्तो उद्धार टोली नआउँदो हो त मृतकसङ्ख्या अझै बढ्ने थियो होला । तर उद्धारकै क्रममा खासगरी उद्धार कार्य र राहत कार्यको समन्वय गरिरहेको नेपाली सेनाकै तर्फबाट पनि अनौपचारिक तवरबाट भारतीय दल उत्तरी सीमा क्षेत्रतिर बढी सक्रिय हुन खोजेको, विमानस्थललाई आफ्नै प्रयोजनका लागि मात्र प्रयोग गर्न खोजेकोजस्ता आरोपहरू लागिरहे । यस्ता विवादहरूका बावजुद दुवैतर्फको उद्धार टोलीले सेनासँगको समन्वयमा अत्यन्त विकट अवस्था मानिएको भूकम्पछिको ७२ घण्टा अनवरत ज्यान जोगाउने कार्यमा लागिरहे । भारतीय सेनाका टोली प्रमुखले आफ्नो एकसूत्रीय उद्देश्य उद्धार रहेको मनसाय स्पष्ट गरे भने चिनियाँ टोलीले भारतसँग सहकार्य गरेर भूकम्प पीडितलाई राहत पुऱ्याउने आफ्नो टोलीको मूल उद्देश्य रहेको स्पष्ट गरे । तापनि वास्तविकता दुवै पक्षबाट भनिएजस्तै मात्र हुन सक्दैन ।

भारत र चीनको बढ्दो आर्थिक सहयोगमा पनि एउटा रणनीति लुकेको छ । चीन नयाँ शताब्दीको शक्तिराष्ट्रमा आफ्नो पहिचान बनाउन लागिपरेको छ भने भारत पनि अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गरेर आर्थिक लगानी र आधुनिक प्रविधि भित्र्याएर आफ्नो अनुकूल स्थान खोज्न लागिपरेको तथ्यलाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको विदेश भ्रमणको क्रमबाट नै स्पष्ट हुन्छ । यस प्रतिस्पर्धाको कारण पनि नेपालको महाभूकम्पपछिको उद्धार कार्यलाई भारत र चीन दुवैले अत्यन्त महत्त्व दिए र अहिले पनि उद्धारकार्यको अत्यन्त सूक्ष्म अनुगमन गरिरहेकै छन् ।

उद्धार कार्यकै दौरान भारतीय उद्धार टोलीले उत्तरी सिमानातर्फ उडान भर्ने काममा बढी रुचि देखाउनु र चीनले पनि त्यही गर्नुको पछाडि पीडित जनतामा आआफ्नो देशबारे राम्रो धारणा बनोस् भन्ने नै हो । यसको एउटा अत्यन्तै महत्त्वपूर्ण अर्को कारण पनि छ । नेपालमा भएको कुनै पनि घटना र त्यसमा पनि अस्थिरिताले भारत र चीन दुवैको सुरक्षा र स्थिरतामा ठूलो असर पर्न सक्ने हुन्छ । शक्ति राष्ट्र बन्ने प्रतियोगितामा रहेका दुवै राष्ट्र त्यसैले एक अर्कालाई सम्बन्ध विस्तार गरेर प्रभावित गर्ने होडमा लागिपरेका छन् भन्नु अतिशयोक्ति नहोला । चीनले पाकिस्तान, नेपाल हुँदै श्रीलङ्कासँग लिट्टे उन्मूलनमा सहयोग गरेर विस्तार गरेको सम्बन्धपछि भूटानसँग सम्बन्ध सुमधुर बनाउन गरेको प्रयासलगत्तै भारतले पनि छिमेकीसँग सम्बन्ध विस्तार गर्ने अभियानको शुरुआत वर्तमान प्रधानमन्त्रीको नेतृत्वमा नेपालबाटै शुरु भएको हो ।

यस्ता घटनालाई अतिरञ्जित वा हस्तक्षेप भन्न मिल्दैन । यसमा घोडामा चढ्ने लड्छ वा मह काट्नेले हात चाट्छ भन्ने उखान मात्र चरितार्थ हुन्छ । परदेशी हुन्, सहयोग गरेबापत पक्कै केही अपेक्षा राख्छन् । अरू केही नभए पनि धन्यवाद त अपेक्षित नै हुन्छ । तर आश्चर्य के छ भने भूकम्पको संवेदनशील अवधिभरि एकढिका रहेका नेताहरू चीन र भारतकै शैलीमा जनताको मन जित्न कति बढी सहयोग रकम दिलाउन सकिन्छ भन्ने दौडमा लागेका छन् ।

हाइटीमा गएको भूकम्पको बेला अमेरिकाले करिब ६ महिनासम्म खाद्यान्न, लत्ता-कपडा र औषधिलगायत आधारभूत आवश्यकताको बन्दोबस्त गरेपछिको तीतो वास्तविकता के बोध भयो भने हाइटीमा आम मानिस दुई छाक खानका लागि कडा परिश्रम गर्ने गर्थे एकाएक परिश्रम गर्न बिर्से । त्यसैले अहिलेको विषम परिस्थितिमा सरकार सहजकर्ता मात्र बन्नुपर्दछ, दाता होइन । नेपाली जनताले अभूतपूर्व संयम एवं सामुदायिक भाव प्रदर्शन गरेको बेला यो नै ठीक मार्ग हुनेछ । सरकारले अहिले दाताबाट आउने सहयोग आफूमार्फत् खर्च गर्न खोज्नु अपराध होइन । किनभने विदेशबाट आएर एनजिओ/आइएनजिओ र यस्तै प्रतिनिधि निकायबाट हुने खर्चमा २५/३० प्रतिशत परामर्शदाता, ३०/३५ प्रतिशत प्रशासनिक खर्च कटाएर बाँकी रहेको ३०/३५ प्रतिशत मात्र प्रत्यक्षरूपमा प्रभावितकहाँ पुग्ने गरेको तथ्य विवादरहित भएकोले यसमा झमेला गर्नुको सट्टा यस नीतिलाई सबैले समर्थन नै गर्नुपर्दछ ।

हो सरकारी निकायबाट खर्च गर्दा भ्रष्टाचार न्यून (शून्य त असम्भव नै छ) हुने प्रक्रिया अपनाउनुपर्दछ । जहाँसम्म भूकम्पमा सरकार कतै देखिएन भन्ने सुगारटाइ छ सेना, प्रहरी, सशस्त्र सबै कर्मचारीहरूको समन्वित रूप नै सरकार होइन र ? कोइराला सरकारप्रति लक्षित यो सुगारटाइ भारतीय सञ्चारमाध्यमहरूले नेपालको भूकम्पको रिपोर्टिङको क्रममा 'यहाँ कोइ सरकारी अधिकारी या सहयोग अभी तक नहीं पहुँचा है' भन्ने गरेजस्तै भएन र ?

२०७२ वैशाख ३० गते बुधवार

कुरा फेरि भूकम्पकै

वैशाख १२ गते तदनुसार २५ अप्रिल शनिवारका दिन नेपालमा भएको महाभूकम्पको १८ औं दिनमा ठूलो त्रास उत्पन्न गरेकै छ । यसलाई झन् लगातार गइरहेको पराकम्पनले थप बल पुऱ्याएको छ । वैशाख १२ गते गएको ७.६ रेक्टर स्केलको महाभूकम्पको तुलनामा ६.८ रेक्टर रेक्टर स्केल ५.५ गुना सानो शक्ति हो । तर यसलाई पनि ठूलो भूकम्पमैं गणना गर्न सकिन्छ । सामान्यतया ऐतिहासिक आधारमा ठूलो भूकम्प गएपछि ससाना भूकम्पहरू केही समय अर्थात् ३–६ महिनासम्म गइरहन्छन् तर तिनको तीव्रता घट्दो क्रमको हुन्छ । हुनत दोस्रो भूकम्पलाई नेपालका भूगर्भविदहरूले पराकम्पन नै मानेका छन् तर पराकम्पन वा भूकम्पको अन्तर के हो बुझि नसक्नु भएको छ । सामान्य रूपमा अहिलेका भूगर्भविदहरूको भनाइ र अन्तर्वार्ता अध्ययन गर्दा क्षति पुऱ्याउने गरी भएको भौगोलिक हलचल भूकम्प हो भनेर बुझ्न सकिन्छ भने त्यसपश्चात् त्यसै क्षेत्रमा ठूलोभन्दा सानो तीव्रताको हलचललाई पराकम्पन भनेर । भौगोलिक हलचलको अनुगमन गर्ने विशेषज्ञहरूका अनुसार मङ्गलवारको भूकम्प पराकम्पन नै थियो किनभने १२ गतेको भूकम्प गोरखाबाट शुरु भएर पूर्वतर्फ लागेको थियो भने दोस्रो भूकम्पको केन्द्रबिन्दु पहिलेको समाप्ति बिन्दु एउटै हुन पुगेको छ । यसका साथै ठूलो तीव्रताको भएकोले यसले आफ्नै पराकम्पन उत्पन्न गरिरहने भनाइ पनि भूगर्भविद्हरूको रहेको छ । भूउपग्रहबाट लिइएको चित्रहरूबाट २५ अप्रिलको भूकम्पले जति क्षति पुऱ्याए पनि पृथ्वीको सतह फाटेर तल सञ्चित भएको शक्ति बाहिर निस्कन नसकेको कारणले हो । बेलायतको अक्सफोर्ड विश्वविद्यालयको प्रा. डा. जोन इलियटका अनुसार २५ अप्रिलबाट भएको क्षतिको अध्ययन गर्दा काठमाडौंभन्दा दक्षिण र पश्चिमतर्फको भागमा तुलनात्मकरूपमा कम क्षति भएको छ । तसर्थ आउँदा दिनमा पुनः एउटा भूकम्प जाने सम्भावनालाई नकार्न नसकिने उनको भनाइ रहेको छ र यो भूकम्प काठमाडौंभन्दा दक्षिण वा पश्चिममा जाने सम्भावना देखिन्छ । यसमध्ये पनि पोखराभन्दा पश्चिमका भागहरूमा लामो समयदेखि भूकम्प नगएकोले र यस क्षेत्रको खासगरी पहाडी भागलाई फल्ट लाइनहरू दक्षिणभन्दा लामो रहेको कारणले ८ रेक्टर स्केल तीव्रताको भूकम्प जान सक्ने प्रबल सम्भावनालाई नकार्न सकिदैन । यसो भन्दैमा दक्षिण पूरै सुरक्षित भने हुनेछैन । वीरगंज स्वयं पनि ८.५ रेक्टर स्केलसम्मको तीव्रता भएको भूकम्प आउन सक्ने क्षेत्र हो ।

माथि लेखिएका सबै कुराहरू सम्भावना हुन् जुन ऐतिहासिक अनुभवमा आधारित छन् । तसर्थ यस्तो अवस्थामा आम जनता एवं सरकार सचेत भएर बस्न जरुरी छ । भूकम्प गएको बेला घरबाहिर खुला ठाउँमा बस्नेदेखि माथिल्लो तलामा भए बाहिर

आउन नभ्याउने भए घरको बिम, चौकठ, टेबुल, कुर्सीको सहारा लिएर ज्यान जोगाउने उपायहरू त सुनाउन सकिन्छ । तर भूकम्प दिउँसै आउन जरुरी छैन । यो राति आएमा ? त्यसैले अमेरिकी भूगर्भविद्हरूले औल्याएको यो सम्भावना घटित नभएसम्म वा टरेर नगएसम्म सरोकारवाला निकायहरूले सम्भावित क्षेत्रमा उद्धार टोली तयार गर्ने, उद्धार उपकरणको व्यवस्था गर्ने, चिकित्सक, एम्बुलेन्स चालक र आम जनतालाई यस्तो भवितव्य भएमा स्वास्थ्य लगायतका अन्य सेवाहरू उपलब्ध हुन सक्ने स्थानहरू, जहाँ नेपाल प्रहरी, नेपाली सेना र सशस्त्रले आफ्नो शिविर सञ्चालन गर्नेछ, तोकेर आमजनतालाई सुसूचित गर्नु जरुरी छ ।

यसका साथै सरोकारवाला निकायहरूले अब १०–१२ फुटको चौडाइ भएको बाटो बनाएर प्लटिङ गरी बिक्री गर्न लागिएको जग्गाहरूमा अनिवार्यरूपले रोक लगाएर सडकको मापदण्ड, तला अनुसार भूकम्प प्रतिरोधी घरको मापदण्ड बनाउने मात्र होइन, कार्यान्वयन गर्ने तथा यसरी नक्शा पास गर्दा नै घरको र घरका सदस्यको सामूहिक दुर्घटना बिमा गराउने अनिवार्य व्यवस्था गर्नु जरुरी छ। मेरो अनुमानमा करिब ५० प्रतिशतलाई त बिमा केको र यसको लाभ के हो भन्ने हेक्का नै रहेको हुँदैन भने करिब २५ प्रतिशतले जे हुनुछ भइहाल्छ भन्ने सोचले बिमा गराएका हुँदैनन् । अब बाँकी रहेका २५ प्रतिशतमध्ये अधिकांश मध्यम वर्गीय र उच्च आय वर्गका हुन्छन् । मध्यम वर्गीयहरूले घर बनाउन प्रायः केही न केही रकम बैंकबाट लिएको हुनाले उनीहरूको घर र उच्च आयवर्गले बैंकबाट नै घरजग्गा धरौटी राखेर व्यवसाय सञ्चालन गर्ने भएकोले घरको बिमा त गरेकै हुन्छन् । तर व्यक्तिगत वा दुर्घटना बिमाको क्षेत्रमा यो वर्ग पनि प्रायः पछाडि रहने गरेकोले समय रहँदै सरकार, व्यक्ति, समाजसेवी संस्थाहरूले आवश्यक पहल गरेर क्षति न्यूनीकरण गर्नेतर्फ कदम चालिहाल्नु आवश्यक छ । महासङ्कटको यस घडीमा संयम र धैर्य र विवेकले मात्रै हाम्रो साथ दिन सक्छ । विपत्तिको बेला होश पुऱ्याएर, आफूले जानेको उपाय अवलम्बन गरेर संयम देखाउँदा हानि बेहोर्नुपर्दैन ।

२०७२ जेठ ०६ गते बुधवार

भूकम्प र बालबालिका

१९ मई २०१५ को दि हिमालयन टाइम्सको पृष्ठ ३ मा Female Casualties outnumber male शीर्षकमा गएको महाभूकम्पमा हालसम्म ८५८५ जनाको मृत्यु भएको तथ्याङ्क नेपाल प्रहरीबाट सार्वजनिक भएको समाचार प्रकाशित भएको छ । यस अनुसार कुल मृतकहरूमध्ये ५६ प्रतिशत महिला भएको र बाँकी ४४ प्रतिशत मात्र पुरुष भएको पुष्टि भएको छ । समाचारमा जापानको सुनामी, इन्डोनेसियाको भूकम्प र बङ्गलादेशको आँधी, भारतको सुनामीजस्ता घटनाहरूमा पनि महिलाहरू बढी हताहत भएका तथ्य सार्वजनिक भएको छ । तर नेपाल प्रहरीको यो तथ्याङ्कलाई उमेरको आधारमा गरिएको वर्गीकरणले हेर्दा अर्को पक्ष पनि सामुन्ने आउँछ जुन देशका कर्णधार भनाउँदा बालबालिकाहरूको हो। यो प्रतिवेदन अनुसार उमेरको आधारमा १० वर्षसम्म उमेर समूहको केटाको मृत्यु प्रतिशत २८ र ११-२० वर्षको १२ प्रतिशत रह्यो भने केटीहरूतर्फ १० वर्षसम्ममा यो प्रतिशत २४ र ११-२० वर्षको उमेर समूहमा १३ प्रतिशत रह्यो । बढ्दो उमेर समूहसँगै यो प्रतिशत क्रमशः १२ प्रतिशतबाट घट्दै गएको छ। महिलातर्फ ५१-६०, ६१-७० र ७१-८० उमेर समूहका मृतकहरूको प्रतिशत झन्डै पुरुषकै बराबर छ । तर २१-३०, ३१-४० र ४१-५० उमेर समूहमा मृतक महिलाको सङ्ख्या पुरुषभन्दा बढी छ । जेहोस् बालबालिकाहरूले बढी क्षति बेहोर्नुपरेको तथ्य सर्वविदित नै छ ।

गएको महाभूकम्पपश्चात् ५ हजार पूर्णरूपमा क्षतिग्रस्त एवं ११ हजार विद्यालय आंशिकरूपमा क्षतिग्रस्त भई करिब २० लाख विद्यार्थीहरूको पठनपाठन प्रभावित भएको छ । बालबालिकाको भविष्यबारे चिन्ता गर्दै बेलायतका पूर्व प्रम गोरडन ब्राउन लेख्छन्- महाभूकम्पको हप्तौं बितिसक्दा पनि अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूले दिने प्रतिबद्धता देखाएको रकमको सानो अंश मात्रै नेपाल पुगेको छ । युनिसेफ अस्ट्रेलियाका अनुसार १७ लाख बच्चाहरूलाई नेपालमा तत्काल राहतको आवश्यकता छ । धेरै बच्चाहरू चोटपटक र भयले ग्रस्त छन् । यस्तालाई समयमै स्कूल पठाउन सके Group Dynamics ले उनीहरूको स्कूलको समय प्रेरणादायी बन्न सक्ने अवस्था भए पनि भत्किनबाट जोगिएका स्कूलहरू आश्रयस्तलमा परिणत भएका छन् । यो अवस्थाको अन्त्य हुनुपर्दछ । प्रायः प्राकृतिक विपदामा प्राप्त हुने सहयोगको १ प्रतिशत मात्र शैक्षिक प्रयोजनका लागि हुन्छ । त्यसैले एउटा शैक्षिक कोषको बेग्लै व्यवस्था गर्नु जरुरी छ । अहिले विश्वभरिका करिब २ करोड ८० लाख बच्चाहरू द्वन्द्व, युद्ध र प्राकृतिक विपदामा रहेका छन् । र यस्तो कोषले कमसेकम यस्ता ५० प्रतिशत बच्चाहरूलाई सहयोग गर्न सक्नुपर्दछ । नेपालको सन्दर्भमा सबै सहयोगका साथै विद्यालय सञ्चालनलाई पनि प्राथमिकता

दिनुपर्दछ । नेपालको भूकम्पको Retrofitting गरी ८-१० लाखसम्मको लागतमा बनाइएका विद्यालयहरू क्षतिग्रस्त हुनबाट जोगिएका छन् । त्यसैले यस्तो अनुभवको लाभ नेपालले लिनै पर्दछ । नेपाल आफैंले पनि नर्वेजियन सरकारले ७ जुलाईमा शिक्षा सम्बन्धमा आयोजना गर्न लागेको सम्मेलनमा अन्य राष्ट्रहरूका साथै नेपालले पनि शैक्षिक आकस्मिकता (educational Emergency) को अन्तर्राष्ट्रिय नेटवर्क बनाउनेतर्फ नेतृत्वदायी भूमिका निर्वाह गर्न अघि सर्नुपर्दछ । अहिलेको अवस्थामा नेपालको बोलीको मोल हुनेछ। विद्यालयले विद्यार्थीलाई सामान्य जीवनमा फर्काउने सबैभन्दा सजिलो विधि सिकाउँछ। यो ग्रुप डाइनामिक्स हो । अन्त्यमा पूर्व बेलायती प्रम एवं संयुक्त राष्ट्र सङ्घको Special, Envoy for Global Education Mr. Gordon Brown को केही शब्द भाव फरक नपरोस् भनेर अङ्ग्रेजीमै राख्न चाहन्छु - A disaster happens. Bilateral aid is Promised. Then the waiting game begins. It is a pattern that is all too common and it is one that, sadly is being repeated in Nepal.

अहिले नेपाललाई सहायता गर्न पनि यस्तै Waiting game चलिरहेको छ। त्यसैले यो खेलको पर्खाइमा मूर्ख बनी बस्नुभन्दा आफ्नै पौरखको संयम र विवेक पूर्ण तरिकाबाट महाविनाशको सामना गर्न अगाडि सर्नुपर्दछ । खेलाँचीहरूलाई आफ्नो अस्तित्व देखाउन पछि नलागी सुखै छैन ।

२०७२ जेठ १३ गते बुधवार

विनाशकारी भूकम्प र वैदेशिक सहयोग

२५ अप्रिलको ७.९ रेक्टर स्केलको भूकम्प गएपछिको पहिलो ७२ घण्टामा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले देखाएको तत्परताको सराहना नगरी रहन सकिन्न। यस दौरान सरकार कतै देखिएन भनेर तीव्र आलोचना भए पनि वास्तविकता के हो भने यस्तो प्राकृतिक विपदा भइसकेपछि सरोकारवालाहरूले क्षति न्यूनीकरणबाहेक अन्य केही गर्ने अवस्था रहँदैन। तथापि सरकारलाई क्लिन चिट भने दिन सकिदैन। किनभने लामो समयदेखि स्वीकृत भएर रहेको भवन निर्माणसंहिता देशको कुनै महानगर, उपमहानगर वा नगरपालिकाले नक्शा पास गर्दा र भवन निर्माण गर्दा पालना भए नभएको वास्ता गरेन। पुराना निर्माणलाई त केही गर्न सक्ने अवस्था थिएन, नयाँ अर्थात् निर्माणसंहिता लागू भइसकेपछि त्यसको पालना एवं अनुगमन गरिएको भए यति विघ्न क्षति हुने थिएन। भर्खरै जापानमा गएको ७.८ रेक्टरको भूकम्पले त्यहाँ कुनै क्षति नहुनुको पछाडि उनीहरूको पूर्वतयारी नै हो। भूकम्प गएपछि उद्धार, सहायता र पुनर्निर्माण गरी ३ चरणमा भौतिक क्षतिको व्यवस्था हुन्छ तर मानसिक क्षतिको भरपाइ कहिल्यै हुँदैन। त्यसैले भूकम्प प्रतिरोधी निर्माणलाई मात्रै कडाइका साथ पालना गरिएको भए पनि करिब ५० प्रतिशत क्षति न्यूनीकरण त पक्कै गर्न सकिन्थ्यो। तर यहाँनेर एउटा प्रश्न मेरो मनमा के उठिरहन्छ भने सरकारमा बस्नेहरू पनि नेपाली नै हुन् र त्यसैले हाम्रोजस्तै सामाजिक, आर्थिक परिवेश भएकोले हामीभन्दा धेरै भिन्न सोचाइ कसरी हुन सक्छ ? नक्शा पास गराउँदा होस् वा निर्माण गर्दा अहिलेसम्म नेपाली समाजको प्रथम लक्ष्य सुरक्षा बनेको छैन। सम्भवतः गरिब भएकोले होला सुरक्षालाई बाइपास गरेर कम पैसामा काम चलाउने मनोवृत्तिले हामीले यति विघ्न क्षति बेहोर्नुपरेको हो। अङ्ग्रेजीको एउटा उखान छ– A Stitch in time saves nine. हामीलेभन्दा जनताले र जनताले छानेर पठाएका प्रतिनिधि र तिनबाट सञ्चालित निकायले यसको पालना गरेन। यो वास्तवमा हाम्रै दोष पनि हो। तर लर्निङ्ग बाइ डुइङ्ग भनेजस्तै १२ मईको दोस्रो भूकम्पपछि सरकार बढी उत्तरदायी देखियो। तर यति हुँदा पनि टेन्ट बिक्री र चोरी तथा जस्तापाताको मूल्यवृद्धि एवं सहायता सामग्री चोरेर बेच्ने कार्यहरू भइरहेको पनि समाचारहरू आइरहेको छ भने अर्कोतिर यसै समाजका मान्छेहरू एकल वा समूहगतरूपमा साइकल, मोटरसाइकल, गाडी र यहाँसम्म कि हेलिकप्टरको प्रयोग गरेर भए पनि सहयोग गर्न लागि परेका पनि छन्। त्यसैले भनिन्छ हरेक सिक्काको दुईटा पाटा हुन्छ।

नेपालको २५ अप्रिलको विनाशकारी भूकम्पपछि सहयोग घोषणाको वेग यति तीव्र भयो कि त्यसलाई थेग्न सरकारले सबै बैंकमा जम्मा हुने सहयोग रकम स्वतः प्रधानमन्त्री रिलिफ कोषमा जम्मा हुने निर्णय गऱ्यो। यस निर्णयपछि अन्तर्राष्ट्रिय सङ्घसंस्था र

निकायहरूले सहयोग सङ्कलनको कार्य नै रोकिदिए । द टेलिग्राफका डियर नेल्सनले यसलाई सत्तारूढ नेपाली काङ्ग्रेसको 'Sieze control of million of pounds of aid donation being sent from around the world' भन्दै आक्रोश पोखे भने यही विचारको हवाला दिँदै संयुक्त राष्ट्र सङ्घका एच उच्च अधिकारीले There is no way they are going to co-opt any one's funds. They might think that but donors will never allow it to happen भन्ने प्रतिक्रिया दिए । यस्ता प्रतिक्रियाले देशको सरकारप्रति विश्व समुदायको धारणा के छ भन्ने बुझ्न सकिन्छ । तर प्रधानमन्त्री राहत कोषमा दाखिला भएको रकमको महालेखा परीक्षकबाट लेखा परीक्षण भएर संसद्मा पेश हुन्छ तर के अन्तर्राष्ट्रिय दातृ निकायहरूले आफ्ना एजेन्ट, एनजिओ र आइएनजिओमार्फत् गरेका खर्चहरूको लेखा परीक्षण एवं सार्वजनिकीकरण हुन्छ ? हुँदैन भने प्रधानमन्त्री राहत कोषबाट हुने खर्च नै अहिलेको अवस्थामा अत्यन्त भरपर्दो मान्न सकिन्छ । एनजिओ/आइएनजिओहरूमार्फत् सञ्चालन हुने आयोजनाको प्रतिफल विगतमा हेर्दा कुल बजेटको प्रशासनिक खर्च नै करिब ६० प्रतिशत पुग्न गई ४० प्रतिशत रकम मात्र लक्षित समूहमा पुग्ने तथ्यलाई नकार्न सकिँदैन । यसको तुलनामा सरकारी संयन्त्रबाट सञ्चालन गर्दा प्रशासनिक खर्च २० प्रतिशतभन्दा बढी नहुने भई ८० प्रतिशत सहयोग लक्षित समूहमा पुग्ने निश्चित हुन्छ । यस्तो समयमा दाता राष्ट्रहरूमा संयुक्त राष्ट्र सङ्घले ४२३ मिलियन डलर अर्थात् करिब ५० अर्ब रुपियाँ सहयोगको अपिल गरेकोमा जम्मा ९० मिलियन डलर जम्मा भएबाट अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको नियतमा शङ्का गर्नुपर्ने ठाउँ छ । र अझ प्रस्ट भन्नुपर्दा विगतको अनुभवले युरोपियन युनियनका देशहरूसँग सम्बद्ध राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको पहुँचले नेपालमा भित्र्याएको धर्मान्तरणको लहरले झन् तीव्र गति नलेला भन्न सकिन्न ।

जनताले माग्दै नमागेको धर्म निरपेक्ष राज्य कसरी आयो भन्ने कुरा नै आजसम्म बुझ्न सकिएको छैन भने पूर्वराजा वीरेन्द्रको वंशनाशको तथ्य पनि रहस्यमै रहेको सन्दर्भमा अहिले नेपाली जनताले सरकारलाई अविश्वास गर्ने भन्दा सरकारलाई सचेत गराइरहने गरी आफ्नो स्वाभिमान र देशको गौरव र पहिचान बनाइराख्ने गरी मात्र कुनै पनि कदम चाल्नुपर्दछ । म भारतपरस्त होइन, तर भूकम्पपछि अहिलेसम्मको घटनाक्रम हेर्दा भारतीय मिडियाविरुद्ध पोखिएको आक्रोश कतै षड्यन्त्र त थिएन ? भन्ने पनि लाग्न थालेको छ । किनभने सिन्धुपाल्चोकमा पीडितहरूले हतियार नै उठाए भने रौतहट र मकवानपुरमा सामान्य जनता विरोधमा देखिए । पीडितलाई अखाद्य तेल, चामल लगायत सामानहरू वितरण भए । कति सडेगले कति सड्दै छन् । अन्तर्राष्ट्रिय संस्थाले वितरण गरेको चामल नै पनि अखाद्य भेटियो त्यसैले विदेशीले गरेको सबै राम्रो भन्ने मनोवृत्तिबाट मुक्त भएर देशी वा विदेशी जो भए पनि चनाखो हुनु नै सबैभन्दा उत्तम उपाय हुनेछ ।

२०७२ जेठ २० गते बुधवार

कसरी भयो होला यो चमत्कार

२०५२ सालदेखि शुरु भएर २०६२ मा समाप्त भएको माओवादी जनयुद्ध र त्यसपछि पहिलो संविधानसभापछि दोस्रो समेतबाट संविधान बन्न सक्ने अवस्था नदेखेर छोपेको निराशा र तत्पश्चात् आएको महाभूकम्पको विनाश लीलाले आक्रान्त नेपाली जनताको लागि ८ प्रदेशको मोडेल स्वीकार गर्दै चार राजनैतिक दलहरूबीच भएको सहमति चमत्कारस्वरूप हुन पुगेको छ । आखिर यस्तो चमत्कार कसरी भयो ? यसको समग्र विश्लेषण गर्दा अन्तर्राष्ट्रिय, राष्ट्रिय, पार्टीगत एवं व्यक्तिगत कारकतत्त्वहरू समेतको विश्लेषण गर्नुपर्ने हुन्छ ।

अन्तर्राष्ट्रिय अवस्थाको विचार गर्दा २०६२ देखि नै चीन-भारत र अमेरिकाले नेपालको सन्दर्भमा समान धारणा बनाएर काम गर्दै आएको स्पष्ट नै छ । यसै क्रममा नेपाल, भारत र चीन गरी त्रिपक्षीय सहयोगको कुरा चिनियाँ कम्युनिस्ट पार्टीका सहायकमन्त्री आइपिङबाट उठाइएको र प्रचण्डले यसलाई भारतसमक्ष राख्दा भारतको युपिए सरकारले यसलाई अस्वीकार गरिदिएको थियो । तर गत वर्ष भारतमा भएको निर्वाचनपश्चात् नरेन्द्र मोदीको कार्यकालमा चीनसँग भएको सम्बन्ध सुधारका कारण नेपालको आर्थिक विकासको कार्यमा चीन र भारत दुवैले सहकार्य गर्न थालेकोले नेपालसँगको कार्ड खेल्ने भूमिका समाप्त भएको र दुई ठूला राष्ट्र मिल्दा सानो मुलुकलाई कस्तो अप्ठेरो पर्दोरहेछ भन्ने कुरा लिपुलेक नाका प्रकरणबाट नेपाली राजनेताहरूले बुझेको हुनुपर्ने हो । यस घटनाले नेपालमा संविधान निर्माण गर्न ढिलाइ गरिरहेको राजनैतिक शक्तिहरूलाई पक्कै पनि ब्युँझाएको हुनुपर्ने हो । त्यसैगरी महाभूकम्पपछि प्रतिबद्धता व्यक्त गरिएको सहयोग रकम राजनैतिक नियन्त्रणमा रहेको सरकारीतन्त्रको अविश्वासनीयताको कारणले प्राप्त नभएको बुझाइ पनि नेपाली नेताहरूलाई भएको हुनुपर्छ । र यो नभएमा पुनर्निर्माण एवं भूकम्प पीडितहरूको व्यवस्थापन असम्भव छ भन्ने चेत खुलेको हुनुपर्छ ।

राष्ट्रिय स्तरमा विचार गर्दा गत संविधानसभा चुनावमा पराजित भएपछि टुक्रिन पुगेको बलियो माओवादी सङ्गठन कमजोर हुन पुगेको छ । राजनैतिक क्रान्ति छाडेर अब उनीहरू आर्थिक क्रान्तिका कुरा गर्न थालेका छन् । तर काङ्ग्रेस, एमाले संयुक्त सरकारले उनीहरूलाई किनारा गर्दै लगेपछि ३० दलीय संयन्त्र बनाएर प्रभावकारी बन्न खोजेको यो दल संविधान सम्बन्धी आफ्नो आन्दोलन फिर्ता लिएर आफैं मात्र कमजोर भएन बरु ३० दलीय मोर्चामा पनि चिरा परेर गयो । झन् महाभूकम्पपछि चिरा परेको ३० दलीय संयन्त्रसँग संविधानबारे हुने कुनै सहमतिको विरोध गर्ने अवस्था नहुने बुझाइले कमरेड प्रचण्ड र विजय गच्छेदारलाई कम्प्रोमाइज गर्ने निर्णयमा पुग्न सहयोग गरेको हुनुपर्छ । किनभने यसबाट संविधान निर्माणपछि बन्ने राष्ट्रिय सरकारमा

सम्मानजनक भूमिका पाइने अपेक्षा क. प्रचण्डको रहेको हुनुपर्छ भने विजय गच्छदारले कुनै एक शक्तिशाली मन्त्रालयका साथ उपप्रधानमन्त्री बन्ने अपेक्षा राख्नु वा आश्वासन पाउनुलाई असान्दर्भिक मान्न सकिदैन । काङ्ग्रेस, एमाले, माओवादी र फोरम लोकान्त्रिक मिल्दा २/३ बहुमत पुग्ने भएकोले सरकार बन्ने र संविधान पारित पनि हुने भएकोले इतिहासमा नाम राख्ने इच्छाशक्तिले पनि उनीहरूलाई प्रेरित गरेको हुन सक्छ ।

यस सहमतिमा एमालेका अत्यन्त शक्तिशाली मानिएका नेता केपी ओलीको पनि महत्त्वपूर्ण भूमिका देखिन्छ । आफ्नै पार्टीको ६ प्रदेश मात्र बनाउने निर्णय विपरीत संविधान निर्माणमा सहमति बनाउन उनले आठ प्रदेशको खाका स्वीकार गरे । यसको तीनवटा कारण छ । सव्रप्रथम त ओली स्वयं प्रधानमन्त्री बन्न इच्छुक छन् र संविधान बन्ने बित्तिकै वर्तमान प्रम सुशील कोइरालाले नेतृत्व छाड्ने र लगत्तै उनकै नेतृत्वमा सरकार बन्ने निश्चितप्रायः छ । उनले उठाएको राष्ट्रिय सहमतिको सरकार बनाउने अभियान वस्तुतः दबाबको राजनीति थियो। किनभने उनलाई पनि थाहा थियो कि काङ्ग्रेसको समर्थनबेगर संसद्बाट संविधान पारित गराउन सकिदैन र माओवादी संलग्न ३० दलीय मोर्चाको मागलाई एक्लै एमालेले थेग्न सक्दैन । दोस्रो काङ्ग्रेसको समर्थन नभएको अवस्थामा पार्टीभित्रकै नेपाल समर्थित समूहले उनलाई अस्थिर बनाउने प्रयास तीव्र पार्नेछन् र तेस्रो सम्भावना के पनि थियो भने ३० दलीय संयन्त्रको कुरा नमान्दा भोलि इतिहास दोहोरिने गरी काङ्ग्रेस र ३० दलीय मोर्चा एकबद्ध भई एमालेलाई एक्ल्याउन सक्थे । तसर्थ नेपाली काङ्ग्रेससमेत समर्थनमा रहनेगरी एमालेभित्रको नेपाल समूहलाई लो प्रोफाइलमा राख्न पनि सकिने र प्रधानमन्त्री बन्ने मार्ग पनि प्रशस्त हुने भएकोले उनले यो बाटो रोजेको प्रामाणित तथ्य देखिन्छ ।

यीबाहेक बेग्लै दुईवटा महत्त्वपूर्ण कारक तत्त्व अझै छ, यस चमत्कारी सम्झौताको पछाडि । महाभूकम्पमा सेनाको अनुकरणीय उद्धारकार्य र राजनैतिक दलहरूको उदासीनता त्यसमध्ये एक हो । विश्वमा जहाँ पनि लामो समयको राजनैतिक अस्थिरता एवं अल्पविकासले अधिनायकवाद र त्यसमा पनि Rightist Dictatorship स्थापना हुने सम्भावना बलियो देखिएको छ । साथै सामाजिक सञ्जाल, विद्युतीय सञ्चार, छापा एवं आमजनताबाट, दलहरूबाट उपेक्षित भूकम्पपीडितलाई प्राप्त हुन थालेको सहयोगका साथै जसरी विद्यार्थी, डाक्टर, कर्मचारीका साथै सबै नेपालीले एकअर्काको पीडा बाँड्न थाले त्यसले राजनैतिक दलहरूलाई आफूहरू असान्दर्भिक हुँदै गएको बोध हुनु दोस्रो कारण भएको हो । त्यसैले सबैले आफ्नो कार्यकर्ता परिचालन गर्नुका साथै संविधान निर्माणमा समझदारी देखाएको हुनुपर्छ । २०५२ साल देखि निरन्तर विपत्ति भोग्दै आएको नेपाली जनताको नियति परिवर्तन हुने यो दुर्लभ अवसर सदुपयोग गर्न हामी सबै चनाखो हुनुपर्दछ ।

२०७२ असार ०२ गते बुधवार

संविधान र साम्प्रदायिकता

सर्वोच्च अदालतको फैसलाले देशको राजनीतिमा तरङ्ग ल्याएको छ । यस तरङ्गलाई सबैले आआफ्नो ढङ्गले बुझेको र व्याख्या गरेका छन् । यो स्वाभाविक पनि हो, किनभने हरेक व्यक्ति र समूहले निर्णय आआफ्नो सामाजिक, आर्थिक परिवेश अनुसार नै लिने गर्दछ । यस अर्थमा नेपालको तीन ठूला राजनैतिक दलहरूको सम्बन्धमा 'काठमाडौं पोष्ट' को २५ जूनको छैठौं पृष्ठमा 'Southern Gale' शीर्षकमा प्रकाशित लेखमा 'While Nepali Congress and CPN UML were were in crucible of antifeudal, anti-autocratic politics and raised in the fire of stuggle against the absolution of Shah and Rana rule, the Maoists were clever and wise in combining ideologies of identity and economics' लेख्दै सङ्घीयताका सवालमा 'even the Moists have ditched fundamental issues of federalism and enclusion' लेख्दै घुमाउने पाराले नेका, एमाले र माओवादीसमेतले सङ्घीयता र समावेशी वरपरका सवालमा जनतालाई झुक्याएको तर्क अगाडि सारिएको छ भने सर्वोच्च अदालतकै फैसलाका सम्बन्धमा 'सर्वोच्चको फैसलालाई मधेसवादीले किन समर्थन गरे' शीर्षकमा मोहन विक्रम सिंह लेख्नुहुन्छ ' यो स्पष्ट छ कि त्यो फैसलाको कार्यान्वयन भयो भने लोकतान्त्रिक संविधानको निर्माणमा बाधा पुग्ने मात्र होइन, संविधान निर्माणको कार्य ढिलो वा अनिश्चित बन्नेछ । १६ बुँदे सहमतिसित हाम्रा कैयौं गम्भीर मतभेदहरू छन् तैपनि संविधान निर्माणमा मदत पुग्ने र छिट्टै संविधान बन्ने आशाले हामीले त्यसलाई गम्भीर प्रकारको मतभेद र आलोचनासहित समर्थन गरेका छौं । मधेसवादीहरूले एउटै उद्देश्य राखेर काम गरिरहेका छन्– तराईलाई नेपालबाट अगल गर्ने । उनीहरू भित्री मधेससहित सबै भूभागलाई नेपालबाट अलग गराउन चाहन्छन् । यो कुनै लुकेको कुरा होइन कि त्यसका पछाडि उनीहरूको उद्देश्य प्रथम चरणमा तराईलाई स्वतन्त्र बनाउनु र दोस्रो चरणमा भारतीय सङ्घमा मिलाउनु हो । १८ बुँदे सहमतिले लोकतान्त्रिक संविधानको निर्माण भयो भने त्यसबाट उनीहरूको राजनीतिमा बाधा पुग्ने देखिन्छ । त्यसैले उनीहरूले सर्वोच्च अदालतको फैसलाको समर्थन गरेका हुन् ।

माथिका दुई विश्लेषणमाथि विचार गर्दा प्रमोद मिश्राको विचारमा काङ्ग्रेस, एमाले र एमाओवादी धोखेबाज हुन् भने मोहन विक्रम सिंहको विचारमा मधेसवादी । त्यसो भए सच्चा राष्ट्रवादी को हो त ? समस्या तेऱ्स्याएर मात्र हुँदैन, समाधान पनि दिनुपर्ने हुन्छ । समाधान दिदै मिश्रा भर्खरै उपेन्द्र यादव र अशोक राईले मिलेर बनाएको फेडरल सोसलिस्ट फोरम नेपाललाई आशा र भरोसाको किरणको रूपमा प्रस्तुत गरेका छन् । मधेस आन्दोलन २०६२ को कर्ताधर्ता मानिएका उपेन्द्र यादवले

त्यसको जस पाए पनि उनीलगायत कुनै पनि मधेसी नेताले राष्ट्रियस्तर प्राप्त गर्न सकेनन् । प्रमोद मिश्रा यसलाई संरचनाको दोष र संरचनामा हावी खस समुदायको प्रभाव मान्छन् । उनको यो तर्क सरकारी सेवा र नेका, एमाले, माओवादीलगायतको दलमा मान्न सकिन्छ, छ पनि, तर मधेसी दल भित्रको संरचनामा पहाडी मूलकाहरू कहाँ छिरेर दबदबा बनाएका छन् जसले गर्दा मधेसी नेताहरू एक ठाउँमा बसेर बलियो सङ्गठन बनाउन सकिरहेका छैनन्। पहिलो संविधानसभा निर्वाचनमा दोस्रो बलियो पक्षको रूपमा देखा परेको मधेसी दल र तिनको मोर्चा दोस्रो संविधानसम्म आइपुग्दा खोजेपछि भेटाउने स्थानमा आइपुगे । त्यस दौरान उनीहरूले देखाएको सत्ता लिप्साका कारण मधेसी जनताको तिनैसँग मोहभङ्ग भयो र आज उनीहरू न घर को न घाटको स्थितिमा छन् । त्यस्तै मधेसी नेताहरू भित्री मधेससहितको मधेस भारतमा विलय गर्न चाहन्छन् भन्ने जुन प्रश्न खडा गरेका छन् त्यसबाट के स्पष्ट हुन्छ भने उनले पनि साम्प्रदायितालाई मात्र बढावा दिन खोजेका छन् । राजनीतिमा र खास गरेर राष्ट्रिय वा क्षेत्रीय राजनीतिमा कुनै प्रभाव देखाउन नसकेका मोहन विक्रम सिंहलाई राजनीतिमा आफू पनि छु भनी जनाउ दिन यो वक्तव्य दिएको जस्तै लाग्छ । किनभने वर्त्तमान नेपालको भूराजनीतिक बनोट र शक्ति समीकरणाको हिसाबले पनि भारतले आफ्नो छिमेकी परराष्ट्रनीतिमा परिवर्तन गर्न अपरेशनमैत्री शुरु गरेको छ । सामरिक रूपमा अझ पनि चीन बर्मा, श्रीलङ्का, भुटान र पाकिस्तानसँग सम्बन्ध सुधार गरेर भारतलाई एकल्याउन चाहन्छ भने भारत चाहिं बर्मा, श्रीलङ्का र बङ्गलादेशसँग सम्बन्ध समधुर बनाएर चीनसँग बराबरीमा उभिन चाहन्छ । यस्तो समयमा भारत र चीन कुनै सार्वभौम राष्ट्रको कुनै भूभाग विलय गर्ने कल्पना गर्न कठिन छ । त्यसैले मुर्धन्य विद्वान् मानिएका महारथीहरूले संविधान निर्माणको यस्ता संवेदनशील घडीमा विष वमन गर्न छाडेर, साम्प्रदायिक सद्भावको भावना अगाडि बढाउनुपर्छ । महाभूकम्पले यो सद्भावना पुनर्स्थापित गरेको छ । त्यसैले मधेसी नेताहरूले पनि राष्ट्रिय छवि र पहिचान भन्दा राष्ट्रिय मुद्दाहरूमा बहस गर्नु बुद्धिमानी हुनेछ । मधेस त गरिब छ, तर पहाड पनि गरिब छ र मधेसी र पहाड दुवै धनी पनि छन् भन्ने कुरा बिर्सनुहुँदैन । त्यसैले राष्ट्र निर्माणको आज कठिन घडीमा जब संसाधनहरू न्यून छन्, सबैले नेपाली भएर बाँच्नुपर्ने भएको छ । किनभने मधेसी, पहाडी सबैको पहिचान नेपाली हुनुमा छ ।

२०७२ असार १६ गते बुधवार

कहिले सप्रिने हो ?

संविधान बन्ने भयो तर कस्तो बन्ने भन्ने कुरामा फेरि असहमति देखिँदैछ । राजनीति पनि विज्ञान हो । यो सत्य बुझ्न झन्डै एक दशक नै कुर्नुपऱ्यो । अन्तरिम संविधानमा गणतन्त्र र सङ्घीयता शब्द पर्ने बित्तिकै प्राविधिकहरू खटाएर सीमाङ्कनको टुङ्गो लाग्ने प्रश्नै भएन । अहिले प्रदेशको सङ्ख्यामा कुरा मिले पनि सीमाङ्कन टुङ्गो लाग्ने प्रश्नै भएन । समयले झटारो हान्यो । तर सबैभन्दा आश्चर्यजनक कुरा के छ भने चारै ठूला दलका नेताहरू महाभूकम्पपछि एकाएक सबै बुँदामा सहमत भई संविधान निर्माण गर्न लागिपरे । यसलाई तीनवटा कुराले बल पुऱ्याएको हुनुपर्छ । पहिलो– महाभूकम्पपछि राजनैतिक दलहरू प्रतिसमता र अन्तर्राष्ट्रिय समुदायबाट व्यक्त वितृष्णा, छिमेकीहरूको राजनैतिक दबाब र नेताहरूको आफूलाई स्थापित गर्ने चाहना ।

तर नेपालको सन्दर्भमा चौथो आयाम पनि छ र त्यो हो माथि लेखिएको ३ वटै कारणहरू । दुई थरीको दबाब र आफ्नो चाहनाले संविधान छिटोभन्दा छिटो जारी गर्ने विधि खोजियो । यसैको प्रतिफल हो, संविधानको पहिलो मस्यौदा । यसले सङ्घीयता र सङ्घको प्रदेशको ग्यारेन्टी गर्छ तर सीमाङ्कनपछि हुनेगरी । सीमाङ्कन नभएसम्म स्थानीय निर्वाचन फेरि नहुने । नहुने किनभने मधेसी दलहरूले यही मुद्दा लिएर चर्को विरोध गर्नुका साथै संविधान च्यात्ने, आन्दोलन गर्ने तथा राजधानी घेराउ गर्नेसम्मका कुराहरू अगाडि आएको छ । यसबाट महाभूकम्पबाट पीडित जनता एकातिर भयभीत छ भने राजनीतिक दलहरू यसलाई उत्सवको रूपमा मनाउन खोजिरहेका छन् । विरोध गर्नेहरूले पनि बुझ्नुपर्ने कुरा के हो भने प्रजातन्त्रमा विरोध सदनमा सरकारको काम कारबाई रोकेर गरिन्छ भने सडकमा आम जनताको ध्यान आकृष्ट गर्न । तर ध्यान आकृष्ट गर्न जनतालाई कष्ट दिने काम गर्नुहुँदैन ।

पहिलो संविधानसभा निर्वाचनसम्म जनताले भयभीत भएर माओवादीलाई भोट दिए तर भयको अवस्था समाप्त हुनासाथ दोस्रो संविधानसभा निर्वाचनमा माओवादीले आफ्नो वास्तविक धरातल देखे भने मधेसवादी दलहरूलाई २०६२ को आन्दोलनको सफलताको श्रेय दिँदै विजयी बनाए । तर माओवादीसँगको संयुक्त सरकारमा रहँदा मधेसी नेताहरूले गरेको बन्दरबाँटले आजित भएर दोस्रो संविधानसभा निर्वाचनमा यिनीहरूलाई पनि माओवादीसँगै उभ्याइदिए । यथार्थ बुझेर माओवादी अहिले शक्ति समीकरणको प्रयोग गर्ने रणनीतिमा लागेर संविधान निर्माणमा मधेसवादी दलहरूलाई धोका दिएर सामेल भयो । यस्तो अवस्थामा मधेसी दलहरूले केही नपाउने देखेपछि वितण्डा मचाउनु स्वाभाविक नै हो ।

तर यसो भन्दैमा १६ बुँदे सहमति गर्ने दलहरूले सबै राम्रै गरेको भन्न पनि मिल्दैन ।

संविधानको प्रारम्भिक मस्यौदा प्रस्तुत भएपछि मधेसवादी दलहरूको विरोधका कारण नै चार ठूला दलहरू अहिले सीमाङ्कन विवाद सुल्झाउन दबाबमा परेका छन् । यसका दुईवटा विकल्पहरू अगाडि आएको छ । पहिलो प्राविधिक टोली गठन गरेर सीमाङ्कन गराएर मात्रै संविधान पारित गर्ने र दोस्रो संविधानसभालाई प्रदेशको सीमाङ्कन पूरा नभएसम्म जीवित राख्ने । दुवैमध्ये जुन विकल्प धेरैजसोलाई मान्य हुन्छ, त्यही गर्नु उपयुक्त हुन्छ किनभने संविधान भनेको सम्मतिको विधान हो ।

तर वस्तुतः अहिले नेका, एमाले र माओवादी अध्यक्ष प्रचण्डको प्रस्तावित भारत भ्रमणले भने विभिन्न आशङ्का जन्माएको छ । किनभने राजनैतिकरूपमा उपेन्द्र यादवको भारतभक्ति समाप्त भएपछि भारत पनि नेपालमा एउटा पात्रको खोजीमा छ । नेकाका अमरेश सिंह काङ्ग्रेस सम्मिलित सरकारका बेला अगाडि देखिए पनि मधेसै हाँक्ने क्षमता देखाउन सकेनन् । वर्तमान मधेसी दलका नेताहरू भारतको मापदण्डमा नपुगेका हुन् वा पुगेका हुन् यसको आकलन १६ बुँदे दलका हस्ताक्षरकर्ताहरूको भारत भ्रमणपछि मात्र निक्र्योल गर्न सकिन्छ । तर अहिले सन्तोष मान्ने अवस्था किन छैन भने नेपालको आन्तरिक राजनैतिक अस्थिरतालाई भारतले लिपुलेक प्रसङ्गसँग जोड्न सक्छ ।

अर्थात् १६ बुँदेका हस्ताक्षरकर्ताहरू लिपुलेकबारे मौन बसेका मधेसी दलहरूलाई भारतले आंशिक सहयोग वा असहयोग गरेर मिलाउने र त्यो नभएमा मधेसी दलहरूलाई शक्ति प्रदान गर्ने रणनीति पनि अपनाउन सक्छ। किनभने लिपुलेक प्रसङ्गमा चित्र पनि सम्मिलित छ । अर्थात् अहिले नेपालसँग चीन वा भारतीय कार्ड प्रयोग गर्ने समय छैन र त्यस्तो परिस्थिति पनि छैन । त्यसैले काङ्ग्रेसी हुन्, मधेसी हुन्, एमाओवादी वा एमाले सबैले राष्ट्रियता, समावेशीतन्त्रको हेक्का राख्नैपर्ने हुन्छ । होइन भने घर फुटे गँवार लुटेको उक्ति चरितार्थ हुन बेर लाग्ने छैन ।

२०७२ असार २३ गते बुधवार

कस्तो हुनुपर्छ संविधान ?

जीवन परिवर्तनशील छ । मान्छेको रहनसहन सोचविचार आदि सबैमा अग्रगामी परिवर्तन भइरहन्छ । जुन राष्ट्र वा व्यक्तिले यसलाई मनन गर्छ त्यो सफल हुन्छ र जसले मनन गर्दैन त्यो असफल । यस प्रक्रियालाई व्यवस्थापन विज्ञानले पनि प्रयोग गर्छ, जसलाई प्रणाली वा सिस्टम भनिएको छ । प्रणालीमा दुई तहमा निरन्तर अन्तर्क्रिया हुनुपर्दछ । एउटा आन्तरिक र दोस्रो बाह्य । आन्तरिक अन्तर्क्रिया फितलो भयो भने बाह्यको आवश्यकता पूरा हुँदैन र बाह्य अन्तर्क्रिया फितलो भयो भने संस्थाको बाह्य संसारसँग सम्बन्ध समाप्त हुँदै संस्था मरेर जान्छ । तसर्थ बाँच्नको लागि दुवै तहको अन्तर्क्रियामा अन्तर्निर्भरता हुनु आवश्यक छ । देश पनि संस्था हो र यसलाई जीवन्त हुनु छ भने सरकार र जनताबीच आन्तरिक अन्तर्क्रिया र बाह्य संसारसँग अर्को अन्तर्क्रिया निरन्तर चलिरहनुपर्छ । राज्य वा सरकारको आन्तरिक अन्तर्क्रिया जनता र तिनका प्रतिनिधि र विज्ञताका प्रतिनिधि (सरकारी संयन्त्र र स्वतन्त्र बुद्धिजीवी) बीच निरन्तर चलिरहनुपर्छ भने बाह्य अन्तर्क्रिया विश्वका अन्य देशहरूलगायत संयुक्त राष्ट्र सङ्घसँग निरन्तर चलिरहनु पर्दछ ।

प्रसङ्ग संविधान निर्माणको हो । संविधानको मस्यौदा सार्वजनिक भएलगत्तै यसको चौतर्फी विरोध शुरु भएको छ । प्रेस, न्यायपालिका, अल्पसङ्ख्यक र नागरिकका साथै सीमाङ्कनका कुराहरू अत्यन्त गम्भीर तवरले उठेका छन् । प्रेसको भनाइ छ– अन्तरिम संविधानमा रहेको पूर्ण स्वतन्त्रतालाई स्वतन्त्रता मात्रै राखेर अङ्कुश लगाउने प्रयास हुँदैछ । न्यायपालिकाको कुरा संवैधानिक अदालतको व्यवस्थाबाट अधिवक्ता र न्यायाधीश दुवै पक्ष असन्तुष्ट छ भने अल्पसङ्ख्यक प्रतिनिधित्व र समावेशीकरणका कारण असन्तुष्ट छन् । महिलालगायत अन्य नागरिकताको व्यवस्थाबाट असन्तुष्ट छन् । प्रेस स्वतन्त्रतामा पूर्ण लेख्दै वा नलेख्दै केही बिति नहाल्ने भए पनि अग्रगामी सोचले पूर्ण स्वतन्त्रता उल्लेख गर्नैपर्ने देखिन्छ । त्यस्तै न्यायपालिकाको हकमा विशेषज्ञ पक्ष (वकिल र न्यायाधीश) दुवै आन्तरिक विरोधमा भएकाले बाह्य अन्तर्क्रियाबाट अन्य देशहरूमा संविधान निर्माण गर्दा गरिएको व्यवस्था कायम गर्न सकिन्छ । अल्पसङ्ख्यक र समावेशीकरणको मुद्दामा यो पनि हुनुपर्दछ तर यहाँ एउटा नैतिक प्रश्न पनि उठ्छ र त्यो के भने यसको माग गर्ने राजनैतिक दलहरूले स्वयं कतिसम्म यस व्यवस्थाको पालन गरेका छन् । राजनैतिक दलहरू पनि जनताको प्रतिनिधि भएकाले सरकारी नोकरी मात्रै होइन, राजनीतिमा समेत महिला, अल्पसङ्ख्यक समावेशीकरणको लागि संवैधानिक व्यवस्था गर्नुपर्दछ । यो नहुनु भनेको 'दियोमुनि अँध्यारो' जस्तै हो ।

जहाँसम्म नागरिकताको कुरा छ ११ जून २०१५ को The Kathmandu Post को प्रथम पृष्ठमा Citizenship from either of parents शीर्षकको समाचारमा Agree-

ment to replace 'and' conjuction with 'or' भनेर नेपालको नागरिकता सम्बन्धी ऐन र अन्तरिम संविधानले नेपाली आमा–बुबाबाट जन्मेको बच्चालाई वंशजको नागरिकता दिन सकिने प्रावधान भए पनि पहिलो संविधानसभाले आफ्नो मस्यौदामा आमा र बुबा दुवै नेपाली नागरिक हुनुपर्ने प्रावधान राखेको छ । ततपश्चात् दोस्रो संविधानसभाले पनि त्यही प्रावधान राख्न खोज्दा चौतर्फी विरोध भएपछि माथि उल्लिखित व्यवस्था गर्न सहमति गरियो तर मस्यौदामा भने फेरि पुरानै व्यवस्था कायम गरिएको छ । यो अग्रगामी सोच होइन । आन्तरिक सरोकारवालाले एकातिर विरोध गरिरहेका छन् भने विशेषज्ञ समूहको धारणा बाहिर आएको छैन । तर बाह्य समूहजस्तै संयुक्त राष्ट्र सङ्घले पनि यसमा लबिङ शुरु गरेको छ । अधिकारवादी र संयुक्त राष्ट्र सङ्घको विचारमा 'and' को व्यवस्था Convention on the elimination of all forms of discrimination against women & Child right Convention को विपरीत छ जसको नेपाल पनि हस्ताक्षरकर्ता रहेको छ ।

यस सम्बन्धमा सबैभन्दा पहिले विचार पुऱ्याउनुपर्ने सामान्य ज्ञानका कुराहरू हुन् । जस्तै नागरिक शब्दले पुरुष र स्त्री मात्रै होइन समलिङ्गीलाई पनि जनाउँछ । यसो हो भने पुरुषलाई नागरिक भएको प्रमाणपत्र दिन सकिन्छ भने स्त्रीलाई किन नसकिने ? नागरिक भएको प्रमाणपत्र दिन नसक्ने अवस्थाको अर्को विकल्प हुन सक्छ अनागरिक भएको प्रमाणपत्र दिनु । राज्यले यस्तो गर्न सक्छ ? कदापि गर्न सक्दैन । नसक्ने भए के गर्ने ? संयुक्त राष्ट्र सङ्घले यस सम्बन्धमा सुझाव दिँदै प्रस्ताव गरेको छ – 12 (IB) Should be changed as a person born in Nepal to a Nepali citizen married to foreign citizen, and has permanent domicile in the country and has voluntarily declaired about not acquiring foreign citizenship shall acquire Nepali Citizenship by discent बेटी रोटीको सम्बन्ध भएको भारतबाट विवाह गरेर ल्याइने स्त्रीहरूले आजसम्म जसरी वैवाहिक सम्बन्धले नागरिकता प्राप्त गर्दै आएका छन् त्यो त्यसैगरी रहनुका साथै भारतबाहेक विदेश (तेस्रो मुलुक)को सम्बन्धमा संयुक्त राष्ट्र सङ्घले दिएको सुझाव समावेश गर्नु उत्तम विकल्प हुन सक्छ ।

आखिर संविधान सम्मतिको विधान हो । यसमा सकेसम्म सबैको मुद्दा र चासो सम्बोधन हुनुपर्दछ । यसलाई यसै रूपमा हेर्दै सीमाङ्कनको मुद्दा पनि विशेषज्ञहरूको टोलीबाट टुङ्ग्याई पूर्ण संविधान नै जारी गर्नुपर्छ । हुनत छोटो राजनैतिक सोचले यसले सुशील कोइरालालाई नेकाको अधिवेशन भ्याउन सजिलो हुने र ओलीजीलाई प्रम हुन परेको आतुरीको जोखना मिल्ने नभए पनि गरिबी र महाभूकम्पले त्रस्त देशलाई आन्दोलनको रापले भने जोगाउन सक्छ ।

२०७२ असार ३० गते बुधवार

शुभकामना

१५ अगस्त शनिवार अर्थात् साउन ३० गते छिमेकी मित्र राष्ट्र भारतले आफ्नो ६९ औं स्वतन्त्रता दिवस मनायो। यो दिन भारतीय जनताका लागि जति खुशीयालीको दिन हो त्यतिनै नेपाली जनताको लागि पनि हो। यसको कारण बेटी-रोटीका सम्बन्ध मात्रै नभई भारतको स्वतन्त्रता आन्दोलनमा नेपालीहरूको योगदान र त्यसैगरी तिनै नेपाली महामनाहरू स्व. विपि कोइराला, स्व. कृष्णप्रसाद भट्टराई र स्व. गणेशमान सिंहलगायत नेताहरूबाट नेपाललाई पनि राणाशासनबाट मुक्ति दिलाउने आन्दोलनको शुरुआत भएर पनि हो। जहाँसम्म बेटीरोटीको सम्बन्धको सवाल छ, त्यो अनन्त कालदेखि नै रहँदै आएको हो र नेपाल एकीकरण गरी सिमाना विस्तार गर्ने क्रममा गढ़वारिका प्रदेशहरू जित्ने क्रममा स्व. पृथ्वीनारायण शाहले बनारसलाई ससुराली भएकै कारण आक्रमण नगरेको तथ्य सर्वविदित नै छ। कालान्तरमा नेपाल पराजित भएर सुगौली सन्धिपश्चात् हालको सीमा कायम भएको पनि यथेष्ट प्रमाण हुँदाहुँदै नेपाल तराईका बासिन्दालाई २०३६ सालमा केही तथाकथित बुद्धिजीवीहरूले भारतीय मूलको नेपाली नागरिक भनेर सम्बोधनको थालनी गरेपश्चात् नै आज संविधान निर्माणमा नागरिकताको खिचलो प्रारम्भ भएको हो।

नेपाल-भारत सम्बन्ध जनस्तरमा सधैं प्रगाढ रहे पनि यसले कहिले सरकारी संरक्षण भने प्राप्त गर्न सकेन। भारतीय प्रम स्व. जवाहरलाल नेहरू र तत्कालीन नेपाली प्रम स्व. विश्वेश्वरप्रसाद कोइरालाबीचको चिसो सम्बन्धले नेपालमा २०१७ साल निम्त्याएको सत्यबोध प्रायः सबैलाई छ। स्व. इन्दिरा गाँधी प्रम भएपछि शुरु भएको भारतको ठूलो दाइ प्रवृत्ति काङ्ग्रेसको शासन चलेसम्म रह्यो र राजीव गाँधीको कार्यकालमा नै नेपालले भारतीय नाकाबन्दी भोग्नुपरेको यथार्थ अझै हाम्रो मानसपटलबाट विस्मृत नभएको हुनुपर्ने हो। ०४९ हुँदै २०६२-६३ को जनान्दोलनसम्म आइपुग्दा भारतमा रहेको काङ्ग्रेस सरकारले आजसम्म राजतन्त्र टिकाउन गरेको प्रयास पनि हामीले बिर्सेका छैनौं। तर भारतको विगतको निर्वाचनमा भारतीय जनता पार्टीको विजय र भारतको प्रधानमन्त्रीको पदमा नरेन्द्र मोदीको कार्यकाल शुभारम्भ भएपछि एकैपटक नयाँ मोड आएको हामी सबैले नै अनुभूत गरेका छौं। भारतको विकासको लागि नेपालको विकास नभई नहुने उहाँको मान्यता राजनीति महत्त्वकै भए पनि नेपालको विकासका लागि अत्यन्त उत्साहजनक छ। कर्णाली योजना, साफ्ट क्रेडिट, महाभूकम्पमा त्वरित सहयोग यसका उदाहरण हुन्। तर यही बेला पूर्णता पाउन नसकेको हुलाकी राजमार्गको पनि सम्झना आउने गर्दछ। भारत स्वयंले ठेक्का दिइसकेको यो योजना बनाउन नसक्ने भई पुनः नेपाल सरकारलाई जिम्मा लगाउनाले एकातर्फ एउटा सन्देश दिन्छ भने अर्कोतर्फ भारतले आफ्नो भूमिमा अत्यन्त तीव्रताका

साथ निर्माण गरिरहेको 'ईस्ट-वेस्ट कोरिडोर हाइवे' ले हामीलाई सशङ्कित पनि बनाएको छ । भारतीय महावाणिज्यदूत अञ्जु रञ्जनको विशेष सक्रियतामा गत वर्ष वीरगंजमा एउटा कार्यशाला पनि आयोजित गरिएको थियो जसको मुख्य उद्देश्य जनस्तरमा नेपालभारत मैत्री प्रगाढ बनाउनु रहेको थियो । यस कार्यक्रममा मुर्धन्य विद्वान् प्राडा लोकराज बराल जस्तो सम्मानित व्यक्तिको टोलीद्वारा तयार पारिएको कार्यपत्र प्रस्तुत भएको थियो भने अर्कोतिर सीमा क्षेत्रमा भारतीय सुरक्षाकर्मीद्वारा महिलाहरूको झोला चेकजाँचका कुरा पनि उठेको तर अत्यन्त महत्त्वपूर्ण कुरा के उठेन भने नेपालको गण्डक नहरमा समयमा पानी आएमा नेपालतर्फका यस नहरको दक्षिणतर्फ बस्ने कुल जनसङ्ख्याको ८० प्रतिशत किसानले सन्तोषको साँस फेर्न पाउने थिए । त्यसैगरी बिहारको सीमासँग जोडिएका नेपाली शहर र गाउँबाट एक अर्काको सिमानामा आवतजावत गर्दा सडक पुलको दुर्दशाले भोग्नुपर्ने सास्तीको कुरा उठेन र त्यस्तैगरी गण्डक विद्युत्गृह पुनर्निर्माणको कुरा उठेन। यी कुराहरू यस्ता हुन् जसले जनस्तरमा जीवन सहज बनाउने थिए र पारस्परिक प्रेम झन् प्रगाढ हुने थियो ।

आशा गरौं ६९ औं स्वतन्त्र दिवसको यस्तो अवसरमा जनस्तरमा यस्ता कार्यक्रम सञ्चालन गर्नेतर्फ पनि भारत सरकारको ध्यान जानेछ । तर यसभन्दा पनि महत्त्वपूर्ण सहयोग भारत सरकारले मधेसका ८ जिल्लाका लागि, जसलाई एउटा अलग प्रदेशको रूपमा प्रस्तावित गरिएको र यसको विशेषतामा न्यून साक्षरता देखाइएको छ, एउटा विश्वविद्यालय र रोजगारोन्मुख जनशक्ति उत्पादनको लागि एउटा पोलिटेक्निक स्कूल स्थापनामा आफ्नो महत्त्वपूर्ण सहयोग गरोस् भन्ने छ। भनिन्छ माछा मारेर ख्वाउनुभन्दा माछा मार्ने प्रविधि सिकाउनु बेस हुन्छ ।

माथि जे गन्थन गरे पनि अन्ततः भारतका जनता एवं सरकारलाई स्वतन्त्रता दिवसको उपलक्ष्यमा उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना दिन चाहन्छु ।

साथै मेरो यो लेख प्रत्येक बुधवार 'स्वतन्त्र विचार' शीर्षकमा प्रकाशित गर्ने राष्ट्रिय स्तरको 'क' वर्गमा वर्गीकृत प्रतीक दैनिकले पनि आफ्नो स्थापनाको २९ वर्ष पूरा गरेको उपलक्ष्यमा पत्रिकाका प्रधान सम्पादक एवं मेरा अग्रज श्री जगदीश शर्मा र प्रतीक परिवारसँग सम्बद्ध सबैलाई पनि हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

२०७२ भदौ ०९ गते बुधवार

शान्ति, सहनशीलता र संयम

टीकापुर घटनाले देश स्तब्ध छ। प्रहरीका साथै २ वर्षे अबोध बालक समेतको हत्या गर्ने निरङ्कुश कार्यको जति निन्दा गरे पनि पुग्नेछैन भने वीरगति प्राप्त गर्ने प्रहरीको परिवारलाई पुग्न गएको अपूरणीय क्षतिको जति भरपाई दिए पनि पुग्ने छैन। घटना भयो घटनापछि सबै स्तब्ध एवं चनाखो भएका छौं। स्थिति साम्य पार्न सेनाको सहयोग लिइएको छ। यो क्रमशः सामान्य हुँदै पनि जाला तर एउटा यक्ष प्रश्न के खडा भएको छ भने यत्रो ठूलो घटनाको पूर्वानुमान किन हुन सकेन ? यो देशमा सेना, प्रहरीको आआफ्नो गुप्तचर एकाइ कार्यरत छ र यसका साथै बेग्लैबाट एउटा गुप्तचर संस्था पनि छ। कसैलाई कुनै संस्थालाई यस्तो घटना घटाउने तयारी हुँदैछ भन्ने पूर्वानुमान नहुनुलाई के भन्ने ? यो चरम लापरवाही र गैरजिम्मेवारीपन होइन ?

सदीऔंदेखि सधैं सँगै बस्दै आएका मधेसी, थारू र पहाडी समुदायबीच वैमनस्य ल्याउने कार्य कताबाट भएको छ भन्ने विचार गर्दा सरकार एवं विपक्ष दुवै बराबरै दोषी देखिन्छन्। सरकार यस अर्थमा दोषी देखिन्छ कि उसले प्रदेशको सीमाङ्कनमा बल मिच्याइ गर्नुका साथै देशभरिकै गरिब एवं निमुखा जनतालाई सत्तामा साझेदारी दिन निर्धारित गरिएको प्रतिनिधित्वको प्रतिशतका साथै मौलिक हकको धारा एवं नागरिकताको विवाद खडा गऱ्यो। यो मुद्दामा मधेस आन्दोलन भइरहँदा प्रदेशको सङ्ख्या ८ बाट एकैपटक ६ मा घटाएर आगोमा घ्यू थप्ने कार्य गऱ्यो। ६ प्रदेशको सीमाङ्कनको आधार हेर्दा यसमा स्पष्टरूपमा पूर्वमा केपी ओली र कृष्णप्रसाद सिटौलाको अनुहार देखिन्छ भने पश्चिममा शेरबहादुर देउवा, भीम रावलजीको। पूर्व र पश्चिममा पहाड र मधेस मिलाएर प्रदेश बन्ने तर प्रदेश नं ६ मा तराईका ८ जिल्ला मात्र समावेश गरेर आफ्नो निर्णयलाई सही ठहऱ्याउने आधार सरकारले गुमाएकै हो। यो अवस्थाले विपक्षलाई झन् बल दियो। दोस्रो संविधानसभा निर्वाचनमा बहुपहिचानको प्रदेशको नारा दिने नेका र एमालेले प्रदेश नं. ६ मा यो नारा बिर्सेर आफ्नो निर्णय जोगाउने नैतिक अधिकार गुमाउनुका साथै मधेसमा आफ्नो राजनैतिक अस्तित्व समाप्त गर्ने महाभूल गर्न पुगे। यो महाभूल आकस्मिक संयोग हो वा सुनियोजित भन्ने प्रश्न पनि स्वाभाविकरूपमा उठ्छ। अब यो आन्दोलनलाई शान्त पार्न 'थरूहट' दिने वा 'अखण्ड सुदूर पश्चिम' राख्ने ? पश्चिमको समतल भूभागमा थरूहट दिए पूर्वको समतल भागमा बेग्लै प्रदेश नदिने आधार के हुन्छ भन्ने प्रश्न खडा हुन्छ र अब ७ बाट ८ प्रदेश बनाउँदा मधेसको भाग सम्बोधन हुन्छ कि हुँदैन भन्ने कुराहरू सरकारको टाउको दुःखाइ हुन पुगेको छ। यति मात्र होइन, अब नेका र एमाले नेतृत्वले आफ्नो गल्तीबाट दोस्रो संविधानसभामा हस्ती गुमाएका मधेसी नेताहरूको लागि राजनैतिकरूपमा स्थापित हुने उर्वर भूमि तयार गरिदिएका छन्। संविधान जारी भएपछि हुने निर्वाचनमा यी दुवै दलले मधेसका जनतासँग कुन आधारमा मत माग्नेछन्, आउने समयले नै बताउँला तर विपक्ष कुन मानेमा दोषी छ भने यसले सर्वप्रथम संविधान मस्यौदाबारे राय सङ्कलन गर्न आयोजित कार्यक्रममा सहभागी नभएर जुन प्रकारले विरोध गऱ्यो त्यो राजनैतिक

मर्यादाविपरीत थियो । त्यसको सट्टा बहुसङ्ख्यकले आफ्नो राय दिएको भए आज संविधानसभाले अधिकांश जनताको राय ग्रहण गरेको सुगा रटाइ गर्न पाउने थिएन । दोस्रो, मधेसमा लामो समयदेखिको बन्द र हडतालले अन्ततः ६ नं. प्रदेशकै उद्योगधन्दा, विद्यार्थी, यातायात, व्यवसायी, सामान्य व्यवसायी र दैनिक कमाइ गरेर गुजारा गर्ने जनसाधारण नै सबैभन्दा बढी मर्कामा परेका कारण कैयौं ठाउँमा बन्दको विरोधसमेत हुन थालेको छ । यही क्रममा टीकापुरको घटनाले मधेस आन्दोलनको ओजलाई केही हदसम्म धुमिल पारेकै छ । त्यसैले अब मधेसवादी दलहरूले आफ्नो कार्यक्रमलाई निरन्तरता दिन बन्दको स्वरूप फेर्नु आवश्यक भएको छ । परिवर्तित स्वरूपमा जिल्ला प्रशासन कार्यालयमा शान्तिपूर्ण धर्ना दिँदै संविधान लेखिने स्थल अर्थात् संसद्लाई शान्तिपूर्ण तवरले आफ्नो मागहरू पूरा गराउन सांसदहरूलाई दबाब दिन प्रदर्शन गर्नु उपयुक्त हुनेछ । यस कार्यबाट जहाँ लामो समयदेखि कष्टकर जीवन भोग्दै आएको गरिब जनताले शान्तिको साँस फेर्न पाउने छ भने सांसद्हरूले लगातारको प्रदर्शनबाट नैतिकता बोध गर्न सक्छन् । आखिर सांसद्हरूले चाहे ती जुनसुकै दलका हुन्, मधेस आन्दोलनको समर्थन त गरेकै छन् । तिनलाई भोलि भोट माग्न जानुपर्ने ठाउँ पनि थाहा नै छ । त्यसैले सांसद्हरूले व्यक्त गरेको विचारलाई सम्बल प्रदान गर्न पनि आन्दोलनको स्वरूप परिवर्तन जरुरी भएको छ । सांसद्हरूको नैतिक बल बढ्न गएबाट अहिले नेताहरूको दबाबमा रहेका सांसद्हरूको सट्टा नेताहरूमाथि दबाब बढ्न जाने भई कि त नेताहरूले आफ्नो अडान परिवर्तन गरी आन्दोलनको पक्षमा निर्णय दिनुपर्नेछ वा जनतासँग प्रत्यक्ष सम्पर्कमा रहनुपर्ने कारणले सांसद्हरूले दलगत निर्णयभन्दा माथि उठ्दै संशोधन प्रस्ताव ल्याएर बहुमतबाट आन्दोलनको माग सम्बोधन हुने गरी निर्णय गर्नुपर्ने अवस्था आउनेछ । यो मार्ग शान्ति, सहनशीलता र संयमको मार्ग हुनेछ । छिमेकी राष्ट्र भारतमै महात्मा गाँधीले शान्तिपूर्ण आन्दोलनबाट नै अङ्ग्रेज सरकारलाई तह लगाएको इतिहास नै छ ।

टीकापुरमा मारिने प्रहरी जवान र अबोध बालक जति नेपाली हुन् त्यति नै नेपाली भारदह र रौतहटमा मारिने युवकहरू पनि हुन् । यस्तो हत्या शृङ्खलाले देश गृहयुद्धको भूमरीमा धकेलिँदै गएको सम्भवतः हामीलाई पत्तो छैन तर यो सत्य हो । यहाँ जसले हिन्दू राष्ट्रको माग उठाउन लगाएको छ उसैले धर्म निरपेक्षताको कुरा पनि अगाडि सारेको प्रसङ्ग सबैको सामु स्पष्ट नै रहेकोले पनि बुद्धिजीवी, विद्यार्थी एवं शान्तिप्रेमी आम नागरिकले देशलाई सोमालिया र सुडान हुनबाट जोगाउन अगाडि सर्नु आवश्यक छ भने सबै दलका जनप्रतिनिधिहरूले शासन जनताको लागि हुन्छ र जनतालाई मन परेर स्विकार्ने राज्य प्रणाली नै शासन हो, त्योबाहेक सबै व्यवस्था कुशासन हो भन्ने बोध हुनु जरुरी छ । त्यसैले (३ स) शान्ति, सहनशीलता र संयम जसले देखाउन सक्यो उसैले जनताको मन जित्न सक्नेछ । भोलिको चुनाव त्यसैले जित्नेछ र शासन गर्नेछ भन्ने बोधका साथ राजनीति गर्नु आजको परिस्थितिको माग हो ।२०७२ भदौ १३ गते २०७२ भदौ १६ गते बुधवार

मुस्कानसहितको सेवा

नेपाल प्रहरीसँग मेरो परिचय २०२६–२७ सालताकाको हो । ठाकुर राम कलेजमा अध्ययनरत रहँदा हुने गरेका विद्यार्थी आन्दोलनमा तत्कालीन डिएसपी पञ्चकुमार लामाको दुर्व्यवहार अत्यन्तै घिनलाग्दो थियो । उनले केही विद्यार्थीहरूलाई राति सिमरा लगी नाङ्गो पारी सडकमा छाडिदिएका थिए । यस घटनाको पञ्चायतको त्यो अवधिमा समेत व्यापक निन्दा भएपछि उनलाई यहाँबाट सरुवा गरिएको थियो । २०२७–२८ सालताका वीरगंजमा श्री वनमाली भट्टराई डिएसपी भएर आए । आन्दोलनकै क्रममा एक दिन विद्यार्थीहरूलाई पक्राउ गरियो । पक्राउ पर्नेमा उनका आफ्नै छोरा एवं नेकाका युवा नेता मनमोहन भट्टराई पनि थिए । उनीहरूलाई भेट्न जाँदा प्रहरीको व्यवहार अर्कै थियो । त्यसपछिको नेपाल प्रहरीसँगको मेरो चिनजान डिएसपी मोतीलाल बोहरासँग भएको हो । यो ०३५–३६ सालताकाको कुरा हो । म शिक्षण पेशामा माईस्थान विद्यापीठ स्कूलमा विज्ञान शिक्षकको पक्षमा कार्यरत थिए । मेरो घर बिर्तामा भएको र उनको निवास पनि बिर्ता बजारमा भएकोले परिचय बढ्दै गएर अलि घनिष्ठ हुन पुगेको थियो । उनले मलाई मास्टर साहेब भन्नुहुन्थ्यो र म उनीलाई सर । त्यस बेला विद्यार्थी आन्दोलनमा सडकमा जुलुस निस्किदा उनले प्रहरी खटाउनु पूर्व मैले आफ्नै कानले सुनेको र प्रत्यक्ष देखेको घटना हो यो – उनले आवासमा लठ्ठी बजार्नु, विद्यार्थीलाई नहिर्काउनु भनेर आदेश दिएको प्रसङ्ग सम्झेर हालै वीरगंजमा भएको आन्दोलनका क्रममा प्रहरीले गरेको व्यवहार देख्दा र सुन्दा कुन चाहिं मुस्कानसहितको प्रहरी सेवा हो बुझ्न कठिन भएको छ । पछिल्लो घोषित हो र पहिलो अघोषित ।

माओवादी आन्दोलनका दौरान नेपाल प्रहरीले 'अपरेशन किलो शेरा टु' नामक अभियान चलाएको थियो, माओवादीलाई नियन्त्रणमा लिन । तर प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले चलाएको यो अपरेसन असफल भयो । त्यसको दुईवटा कारण थियो । पहिलो छापामार युद्ध गर्ने प्रशिक्षण प्रहरीसँग नहुनु र दोस्रो थ्रीनटथ्री राइफल । दोस्रो विश्वयुद्धताका आधुनिक भनिएको यो हतियार अहिले बैरेल तातो भयो भने गोली पड्काउँदैन । यति बेला मलाई लागेको थियो कि प्रहरीको असफलता पक्कै यिनै दुई कारणले भएको हो र नेपाल प्रहरीसँग आधुनिक हतियार भए प्रभावकारी हुन सक्छ । तर प्रजातन्त्र बहालीपछि आंशिक आधुनिकीकरण भएको नेपाल प्रहरी र त्यसपछि स्थापित सशस्त्र प्रहरीले आन्तरिक हुलदङ्गा नियन्त्रण गर्न देखाएको सक्रियता र प्रभावकारिताबाट म मात्रै होइन, सम्पूर्ण देशवासी नै चकित भएको हुनुपर्दछ । हाम्रो प्रहरीले हवाइफाइर गर्दा गोली छातीमा लाग्छ, रबरको गोली प्रयोग गर्दा सडकमा धातुको खोका फेला पर्छ र कम्मरमुनि गोली हान्दा आन्दोलनकारीको अनुहारमा

लाग्छ ।

यही नै हो मुस्कानसहितको प्रहरी सेवा । आन्दोलनका दौरान आन्दोलनकारीहरूले पनि संयम अपनाउनुपर्ने कुरा निर्विवाद छ, तर राज्यले प्रहरी सुरक्षाको लागि राखेको हुन्छ र त्यसको अन्तिम अवस्था सुरक्षा निकायले नै ज्यान जोगाउनुपर्ने अवस्था आइपरेमा वा सशस्त्र आन्दोलन दबाउनुपरेमा मात्र गोली प्रयोग गरिन्छ । अन्य अवस्थामा लाठीचार्ज, पानीको फोहरा, अश्रुग्याँस र त्यसपछि पनि नियन्त्रण नभए कम्मरमुनि रबरको गोली प्रहार गर्ने अन्तर्राष्ट्रिय चलन रहेको छ । यस आन्दोलनका दौरान यो सबै मान्यताहरूको उल्लङ्घन भएको छ । मानव अधिकार आयोगले वीरगंजको घटनामा अत्यधिक बल प्रयोग भएको भन्दै यसका लागि सुरक्षा निकायका प्रमुख एवं प्रमुख जिल्ला अधिकारीले दुःख प्रकट गरेको अभिव्यक्ति आएको छ । यो आमजनतालाई Emotionally Diffuse गर्ने द्वन्द्व व्यवस्थापनको एउटा तरिका हो । मानव अधिकार आयोगको टोलीसँग भएको अन्तर्क्रियामा प्रशासन प्रमुख एवं प्रहरी प्रमुख दुवैले एउटै स्वरमा केही ज्यादती भएको छ भने त्यसको जाँचबुझ हुने र आफूहरूले चालेको कदमलाई आफूमाथिको निकायले हेर्ने भनेर माथिको आदेशबाटै यस्तो अमानवीय निर्णय आएकोजस्तो लाग्दछ । यस्तो हुनुको पछाडि दुईवटा कारण हुन सक्छ ।

पहिलो त टीकापुर घटनाको पृष्ठभूमिमा सरकारलाई जनता र आन्दोलनकारीहरूको मनमा प्रहरीप्रति भय सिर्जना गर्नुपर्ने स्थिति आइपरेको थियो र दोस्रो यसमा मधेस र थारूहरूप्रति खस शासकहरू र त्यसमध्ये पनि विशेषतः गृहमन्त्री यस्तो पदमा आसीन व्यक्तिको शासनमा सहभागिताप्रति अरुचि । तर केही व्यक्तिहरूको यस्तो सनकको मूल्य राष्ट्रले चुकाउनुपर्नेछ । राजनैतिकरूपमा दोस्रो संविधानसभाको निर्वाचनताका काङ्ग्रेस र एमालेले पाएको जनसमर्थन त समाप्त भएकै छ । यस कार्यले नै अब मधेसवादी दलहरूलाई आफ्नो राजनैतिक पकड बलियो बनाउने अवसर पनि प्रदान गरेको छ ।

काङ्ग्रेस र एमालेले राजनीति गर्ने हो अब मधेसमा, यी दलका मधेसबाट निर्वचित सांसदहरूले मधेसवादी दलका सांसद्हरूका साथ हातेमालो गरी संविधानसभामा नै सरकारी संविधानमा संशोधन हुने वातावरण बनाई थरूहट र मधेसको मुद्दा सम्बोधन गर्नु सिवाय अरू विकल्प छैन । संविधानमा दफावार छलफल भई मतदात गर्न ह्वीप लाग्दैन र लाग्ने भए पनि दलको ह्वीपभन्दा जनताको ह्वीप ठूलो हुन्छ किनभने संविधानको प्रस्तावनामा नै नेपालको सार्वभौम सत्ता जनतामा निहित छ भन्ने उल्लेख रहेको छ ।

२०७२ भदौ २३ गते बुधवार

मेलमिलापबिनाको संविधान ?

नेपालको राजनीतिमा महामानव मानिएका स्व. विश्श्वेश्वरप्रसाद कोइरालाको सम्झनामा नेपाली राजनीतिले मेलमिलाप दिवस मनाइरहेको पृष्ठभूमिमा सार्वभौमसत्ता सम्पन्न जनताद्वारा निर्वाचित संविधानसभाले गणितीय आधारमा संविधान जारी गर्ने निश्चितप्रायः भएको छ। यसरी जारी भएको संविधानलाई मधेसको जनताले स्विकार्छ वा स्विकार्दैन भन्ने यक्षप्रश्न खडा भएको छ । संविधानको मस्यौदामाथि जनताको सुझाव लिने नाटक शुरु भएदेखि नै यसको विरोध शुरु भएको थियो। तर मधेसवादी दलले विरोधको जुन शैली प्रयोग गरे त्यो नै अत्यन्त नाटकीय एवं तराई-मधेसको सहिष्णु संस्कृतिसँग मेल नखाने थियो । तर यस दौरान प्रस्तुत गरिएका मुद्दाहरू भने अत्यन्तै जायज थिए । त्यसपछि प्रारम्भ भयो आन्दोलन, जसमा सबैभन्दा पहिले कैलालीको टीकापुरमा एक बालकसहित ९ जना प्रहरीको ज्यान गयो। वस्तुतः यही घटनाले एकातिर मधेसवादी दलहरूको आन्दोलनको कान्तिक्षय गऱ्यो भने अर्कोतर्फ सरकारी पक्षलाई आन्दोलनमा बल प्रयोग गर्ने नैतिक बल प्रदान गऱ्यो । सरकार समक्ष नेपाल प्रहरी र सशस्त्र प्रहरीको प्रभावकारिता बनाइराख्न बल प्रयोग गरेर आन्दोलन नियन्त्रण गर्ने सिवाय अन्य विकल्प पनि थिएन । तर यसो हुँदैमा सरकारी कदम जायज भने थिएन। बल प्रयोगको लागि स्वीकृत मान्यताको उल्लङ्घन गरियो र बिनापूर्व चेतावनी गोली प्रहार गरियो जसको सर्वत्र भर्त्सना भयो। मानव अधिकारको टोली आयोग अन्तर्क्रिया भयो र उत्तर त्यही आयो जुन अपेक्षित थियो । अर्थात् भावनात्मकरूपमा मधेसको घाउमा पट्टी गर्ने काम भयो। प्रहरी बलद्वारा अत्यधिक बल प्रयोग भएको र यसको लागि सम्बन्धित अधिकारीहरूले दुःख प्रकट गरेको विज्ञप्ति प्रकाशित गरेर सम्पूर्ण दुःखद घटनाको इतिश्री गरियो ।

नेपालमा मानव अधिकार आयोगको प्रभावकारिता कति छ भन्ने बुझ्न मधेसको एउटै घटना पर्याप्त छ । २०६२-६३ को आन्दोलनमा धनुषा हत्याकाण्डमा दोषी ठहरिएका नेपाल प्रहरीका तत्कालीन महानिरीक्षक कुबेर सिंह रानालगायत अन्यलाई कारबाई गर्न मानव अधिकार आयोगले बारम्बार गरेको पत्राचारलाई सरकारले अहिलेसम्म टेरपुच्छर नलगाएबाट स्पष्ट हुन्छ । त्यसपछि पनि आन्दोलन भइरहे र यसलाई नियन्त्रणमा लिन कर्फ्यु आदेश जारी भयो । यस अवधिमा आपूर्ति व्यवस्था सहज बनाउन स्कर्टिङबाट सामान पठाउन थालियो तर अहिले आएर भन्सार क्लियरिङ एजेन्ट सङ्घको असहयोगपछि यो पनि बन्द भएको छ। संविधानसभाले असोज ३ गते संविधान घोषणा गर्ने भएको छ । अहिलेको मौज्दातले ५-१० दिन धान्न पुग्ला तर त्यसपछि ? त्यस्तै पेट्रोलियम ढुवानी सङ्घले पनि असहयोग गरेर झन् समस्या थपेको छ । यसबाहेक नेपालको भलो चिताउन प्रत्येक बुद्धिजीवी, सांसद्हरू लगायत दुवै मित्रराष्ट्रका सरकारले समेत मधेसको समस्या सम्बोधन गर्नुपर्ने सुझाव दिएपछि भनिन्छ प्रम सुशील कोइराला र तमलोपाका अधयक्ष महन्थ ठाकुरबीच भएको अनौपचारिक छलफलबाट वार्तामा बस्ने सहमति बनिसकेको अवस्थामा एमाले अध्यक्ष केपी ओलीको समर्थनमा ए माओवादी अध्यक्ष क. प्रचण्डले नेकाभित्रका समेत

सांसद्हरूको समर्थनबाट वार्ता भए पनि नभए पनि संविधान निर्माण प्रक्रिया अघि बढाउने निर्णय गर्न लगाए । यति मात्र होइन संविधान निर्माण प्रक्रियामा एमाले अध्यक्ष ओली र कमरेड प्रचण्डको मन्तव्यले प्रतिक्रियालाई बढावा दिने खालको अथवा Reactive नै रह्यो ।

प्रधानमन्त्रीले अलि सन्तुलित अर्थात् Proactive मन्तव्य दिनुभएको छ । तर उहाँहरूको मन्तव्यबाट समस्या समाधानका उपायहरू जसलाई द्वन्द्व व्यवस्थापनमा Healing Process भनिन्छ कतै सुनिएन । यस प्रक्रियामा दुवै पक्षको क्षतिको आकलन कति आएको हानिप्रति दु:ख प्रकट गर्दै द्वन्द्व अगाडि नबढाउने अपिलका साथै सम्भव भए जतिको नोक्सानीको क्षतिपूर्ति दिने प्रतिबद्धता आएको भए सम्भवत: द्वन्द्व समझदारी (Reconcilation) बाट समाधानतर्फ अग्रसर हुने थियो । यसका लागि दुवै पक्षबाट पश्चात्ताप, सद्भावना एवं प्रेम प्रकट हुनुपर्ने थियो । अब यसलाई सरल शब्दमा भन्ने हो भने वार्ताका लागि सरकारले सहज वातावरण बनाउन एकै पटक दुवै पक्षले दु:खद घटनाको लागि क्षमा माग्दै, क्षतिपूर्ति दिने र देशको समृद्धिको लागि नयाँ सम्बन्ध विकास गर्ने प्रतिबद्धता प्रकट भएको भए वा स्वयं समझदारी (Self motivation for Reconcilation)को आधारमा राज्य पक्ष नै बढी जिम्मेवार हुने भएकोले अग्रसरता देखाउन सकेको भए आजको स्थिति आउने थिएन । आधुनिक समयमा द्वन्द्वको व्यवस्थापनको उत्कृष्ट उदाहरण १२ बुँदे शान्ति सम्झौता हो, जुन स्व. गिरिजाप्रसाद कोइराला र प्रचण्डबीच सम्पन्न भएको थियो । यस्तो सम्झौतालाई Win–win रणनीति भनिन्छ ।

नेपालको द्वन्द्वको लागि सरकारी पक्षले अख्तियार गरेको नीतिलाई द्वन्द्व विज्ञानमा Containment वा Conflict suppression भनिन्छ । यसमा आन्दोलनरत पक्षको सहभागिता न्यून रहने भएकोले यो दीर्घकालीन हुँदैन । अहिले सरकारले लिएको रणनीतिको विश्लेषण गर्दा यसले संविधान जारी गर्न प्रतिक्रियामूलक रणनीति प्रयोग गरेर आन्दोलनलाई दबाउन वा यसको प्रभावकारिता न्यून गर्न बल प्रयोग गर्नेछ र संविधान जारी भएपछि ३ वटै राजनैतिक दलले संविधानसभामा घोषणा गरे अनुसार स्वयं समझदारीको अग्रसतरता देखाउँदै प्रदेशको सीमाङ्कनबाहेक अन्य मागहरूलाई सम्बोधन गर्ने रणनीति लिएको छ । यो सरकारको बाध्यता पनि हो । किनभने आन्दोलन जुन गतिमा विस्तारित हुँदै थियो, त्यसलाई नियन्त्रण गर्न नसक्ने भए सरकारसमक्ष घुँडा टेक्नुको विकल्प हुने थिएन र यस्तो अवस्था आएको भए नेका र एमालेको राजनीति मधेसबाट समाप्तप्राय: नै हुने थियो । त्यसैले सरकारी पक्षले मधेसमा आफ्नो राजनीति कायमै राख्न यस्तो चाल चलेको हुनुपर्दछ । यो एमाले, काङ्ग्रेस र ए माओवादीका तर्फबाट Floor Cross गर्न तयार भएका ६८ सांसद्हरू सबै 'पुन: मुषिको' हुनुबाट पनि स्पष्ट हुन्छ । हिजोको राजेन्द्र महतोको होटल मकालुको पत्रकार सम्मेलनमा व्यक्त प्रतिक्रिया एवं उपेन्द्र यादवको अन्तर्वार्ताका दौरान Facial Expression बाट उहाँहरूले यो रणनीति बुझ्नुभएको जस्तो लाग्दथ्यो । तपसिलको कुरा जे होस् द्वन्द्व व्यवस्थापनको सिद्धान्त अनुसार सरकारको प्रतिक्रियामूलक रणनीतिमा उभय पक्षको सहभागिता न्यून हुने भएकोले यो दीर्घकालीन हुने छैन । तसर्थ देशले आउँदो दिनमा अझै आन्दोलनको भार बोक्नुपर्ने निश्चितप्राय: छ ।

२०७२ भदौ ३० गते बुधवार

कसरी आयो यस्तो संविधान ?

मुलुक ऐतिहासिक कालखण्डमा प्रवेश गरेको छ । १४४० कार्य दिन अर्थात् ४ वर्षमा पहिलो संविधानसभाले निर्माण गर्न नसकेको नेपालको संविधान दोस्रो संविधानसभाले ५७१ दिन र ३८ अर्ब रुपियाँ खर्चेर बनाएको छ । संविधानसभाका कुल ६०१ सदस्यमध्ये निलम्बित १, निधन भएको १ र मन्त्रिपरिषद्ले मनोनीत गर्न बाँकी २ सदस्यबाहेक ५९७ मध्ये प्रक्रिया बहिष्कार गर्ने ५७, मतदानमा भाग नलिएर हस्ताक्षर गर्ने ५ र प्रक्रियामा सहभागी दलका अनुपस्थिति सदस्य ३ बाहेक ५०७ सभासद्ले पक्षमा र २५ सभासद्ले विपक्षमा मतदान गरेपश्चात् सभामुखबाट प्रमाणित भएर असोज ३ गते अपराह्न ६ बजे सम्मानीय राष्ट्रपतिबाट नेपालको संविधान २०७२ जारी भई लागूसमेत भइसकेको छ ।

यो नेपालको सातौं संविधान हो । नेपालको संविधानको इतिहासलाई हेर्दा २००४ मा राणा शासक पद्मशम्शेरले जारी गरेको 'वैधानिक कानुन २००४' लाई पहिलो मूल कानून मानिन्छ भने २००७ सालमा प्रजातन्त्रको बहाली भएपछि 'हाम्रा प्रजाको शासन अब उपरान्त निजहरूले निर्वाचन गरेको एक वैधानिकसभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधान अनुसार होओस् भन्ने हाम्रो इच्छा र निर्णय भएकोले' भन्ने घोषणापश्चात् सङ्क्रमणकालीन व्यवस्थाको लागि २००७ मा अन्तरिम शासन विधान जारी भयो तर विधानसभाको निर्वाचन भएन । राजा त्रिभुवनको मृत्युपछि महेन्द्र राजा भए र उनले गणतान्त्रिक संविधान बन्न नदिन संसद्को निर्वाचन गराउनेतर्फ बढी जोड दिँदै २०१४ माघ १९ गते संविधान मस्यौदा समिति बनाए जसले २०१५ फागुन १ गते नेपालको तेस्रो संविधान जारी भयो । यही संविधानको धारा ५५ प्रयोग गरेर राजा महेन्द्रले २०१७ पुस १ को घटना घटाए र २०१९ पुस १ मा नेपालको चौथो एवं पञ्चायती संविधान जारी भयो । ३० वर्षे पञ्चायती शासनको अन्त्यसँगै २०४६ को जनान्दोलनपश्चात् २०४७ कार्तिक २३ गते प्रजातान्त्रिक नेपालमा पाँचौं संविधान जारी भएको हो । त्यसपश्चात् २०५२ देखि शुरु भएको माओवादी आन्दोलन र २०५८ मा दरबार हत्याकाण्डको पृष्ठभूमिमा ज्ञानेन्द्रबाट सक्रिय शासन चलाउने प्रयासको पृष्ठभूमिमा २०६२ को जनान्दोलन भयो र यसैको फलस्वरूप राजनैतिक दलहरूको सहमतिमा नेपालको छैठौं अन्तरिम संविधान २०६३ माघ १ गते जारी भयो । अहिले जारी भएको नेपालका सातौं संविधानले नेपाली काङ्ग्रेसको र माओवादी दुवैको संविधानसभाबाट संविधान बनाउने मागलाई सम्बोधन गरेको छ । तर के यो सातौं संविधानले नेपालको बहुमत जनताको माग सम्बोधन गरेको छ भन्ने प्रश्न स्वाभाविकरूपमा उठ्दछ । किनभने असोज ३, २०७२ का दिन काठमाडौं लगायत पहाडी भेगमा खुशीयाली र विजयोत्सव मनाइँदै थियो भने तराईमा गोली चल्यो, केही मरे केही घाइते भए, संविधान जलाइयो र १ घण्टा ब्ल्याक आउट पनि भयो । तसर्थ एउटै देशको दुई क्षेत्रमा दुई प्रकारका बिलकुलै भिन्न प्रकारका प्रतिक्रिया आउनु पछाडिको कारण खोज्नुपर्ने हुन्छ । २०६२/०६३ को जनान्दोलनले ल्याएको अन्तरिम संविधानलाई मधेसले अस्वीकार गरेर पूर्वी तराईमा ठूलै आन्दोलन शुरु भयो । जसलाई सम्बोधन गर्दै तत्कालीन सरकारले नेपाल सङ्घीय

हुने घोषणा गरेपछि आन्दोलन रोकिएको थियो । २०६४ मा संविधानसभा निर्वाचन नहुने अवस्था भएपछि मधेसी मोर्चासँग वार्ता गरेर केही प्रतिबद्धताहरू गरेको थियो जसलाई आठ बुँदे सहमति भन्ने गरिन्छ। त्यसपछाडि पहिलो संविधानसभा निर्वाचन भयो । पहिलो संविधानसभा निर्वाचनबाट ए माओवादी सबैभन्दा ठूलो दलको रूपमा स्थापित भयो र मधेसी दलहरूको समर्थनमा यसले संयुक्त सरकार बनाएर संविधान लेखन कार्य शुरु गऱ्यो तर ४ वर्षको कार्यकाल बितिसकेपछि पनि संविधान त बनेन-बनेन, माओवादी र स्वतन्त्र मधेसी दलहरूले समेत आठ बुँदे सम्बोधनमा कुनै चासो नदेखाएको तथ्य यो अझै मागकै रूपमा रहेकोबाट स्पष्ट हुन्छ । पहिलो संविधानसभा विघटनपछि विभिन्न अवरोह-अवरोह बेहोर्दै देशले दोस्रो संविधानसभा निर्वाचन सम्पन्न गऱ्यो जसमा काङ्ग्रेस र एमालेले प्रथम र द्वितीय स्थान प्राप्त गरे भने एमाओवादी तेस्रो र मधेसी दलहरू चौथो स्थानमा पुगे। त्यसपछि निष्पक्ष निर्वाचन भनेर आफैंले स्वागत गरेका प्रचण्डले धाँधली भएको वितण्डा मचाए, बहिष्कारको धम्की दिंदै अन्ततोगत्वा दोस्रो संविधानसभा निर्वाचन परिणामलाई स्वीकार गरेर अन्ततोगत्वा मधेसवादी दलहरूबाट अलग हुँदै १६ बुँदे सहमतिमा आइपुगे । यहाँसम्मको घटनाक्रमलाई नियाल्दा प्रचण्डको रणनीति सत्तालोलुप एवं अवसरवादी हो भन्ने प्रमाणित हुन्छ। पहिलो संविधानसभामा मधेसी दलहरूले पाएको मतको समर्थनबाट आफ्नो अनुकूल संविधान बनाउन सकिने सपना बोकेका क. प्रचण्ड कटुवाल प्रकरणका कारण प्रधानमन्त्रीको पद छाड्नुपरेकोमा र त्यसपछि माओवादीकै तर्फबाट प्रधानमन्त्री बनेका डा. भट्टराईको भारतसँगको निकटता र दोस्रो संविधानसभामा आपसी लुछाचुँडी एवं सत्तालोलुपताका कारण अल्पमतमा परेका मधेसीहरूलाई साथ लिंदा आफ्नो अभीष्ट पूरा नहुने देखेका प्रचण्डले अत्यन्तै चतुरतापूर्वक प्रधानमन्त्रीलाई राष्ट्रपतिको सपना र प्रधानमन्त्रीको सपना बोकेको एमाले अध्यक्ष केपी ओलीलाई समर्थन गर्दै यस्तो बाटो रोज्न लगाए जसबाट नेपालमा सत्तामा पकड भएका खस-आर्य जत्तिकै जनसङ्ख्या भएका आदिवासी जनजाति र मधेसीलाई फेरि एकपटक शासन प्रणालीबाट बाहिर राख्न सकियोस् । प्रचण्डले यो स्विकार्ने छैनन् तर तथ्यले यो स्पष्ट गर्छ । २०६४ मा निर्वाचन प्रणालीमा संशोधन गरेर निर्वाचन क्षेत्रको सङ्ख्या २०५ बाट बढाएर २४० पुऱ्याइयो र ४० प्रतिशत प्रत्यक्ष एवं ६० प्रतिशत समानुपातिक व्यवस्था भएबाट संविधानसभामा ६०१ मध्ये २०१ मधेसी सभासद् हुन पुगेका थिए । जनजाति, दलित र महिलाको समेत प्रतिनिधित्व बढेको थियो । २०५ निर्वाचन क्षेत्र हुँदा समेत तराई मधेसमा ८५ सिट थियो र ६०१ मा पनि मधेसी सांसद्हरूको सङ्ख्या २१० नै रहनुबाट पनि यसले एकतिहाई अर्थात् ३३ प्रतिशतको अङ्क काट्न नसकेको स्पष्ट छ । अब गणितीय आधार लिने हो भने ५२ प्रतिशत जनतालाई ३३ प्रतिशत सिट कसरी भन्ने प्रश्न पनि खडा हुन्छ । र यही हो मधेसको असन्तुष्टिको कारण। शिक्षित बन्दै गएको मधेसी समाजले आज नीति निर्माणमा सहभागिता खोजेको छ जसलाई हुन नदिन नेपालको संविधानमा अब ६० प्रतिशत प्रत्यक्ष र ४० प्रतिशत समानुपातिकको व्यवस्था गरिएको छ । अन्तरिम संविधानमा तोकिएको समावेशीको प्रतिशतलाई Subjective बनाउँदै समावेशी हुनेछ भनेर बङ्ग्याइएको छ । १६ बुँदेले ८-१० प्रदेशको माग गरिरहेका ३ दलले सङ्घीयताबिनाको संविधान जारी गर्ने प्रयास गरे जुन सर्वोच्च अदालतको आदेशले तुहिन पुग्यो । वस्तुतः ८ प्रदेशलाई ६ मा सीमित गरेर ७ जिल्लाको २ नं. प्रदेश

बनाउनुको पछाडि ३ दलको क्षणिक आवेगका साथै मधेस–तराईको पूर्वी र पश्चिमी थरूहटलाई तराई मधेसको मूलधारबाट अलग गर्नु पनि थियो । यसो गर्दा पश्चिममा शेरबहादुर देउवा र भीम रावल जस्तोको साम्राज्य र पूर्वमा केपी ओली र कृष्ण सिटौलाको साम्राज्य स्थापित हुने भई बहुमतको शासन सधैं खस र आर्यहरूको हातमा सीमित पार्ने निहित स्वार्थ पनि लुकेको छ । साथै यसबाट सबै मधेसी नेताहरू एउटै प्रदेशमा सीमित भई आआफैमा लड्ने–भिड्ने आकलन पूर्वको घटनाबाट तीन दलको रहेको हुनुपर्छ ।

संविधान जारी गर्दा वार्ताको ढोका खोलेको नाटक गरेर प्रम कोइराला र महन्थ ठाकुरबीच लगभग सहमतिमा पुग्न लागेको अवस्था कसरी भाँडियो भन्ने प्रसङ्गमा असोज २ गतेको कान्तिपुरको प्रथम पृष्ठमा प्रकाशित समाचारको एक अंश यहाँ उद्धृत गर्न चाहन्छु– 'मधेस र थरूहटका ५ जिल्ला' शब्द समझदारीमा राख्न नमानेपछि गच्छदारले फेरि थरूहट मधेसलगायत देशका विभिन्न भागमा भन्ने सुझाएपछि तीन दलका नेताले 'देशका विभिन्न ठाउँमा' उल्लेख गर्नुपर्ने अडडी लिएपछि अत्यन्त भावुक र उत्तेजित हुन पुगेका गच्छदारले प्रमलाई भने– मैले लिएको रिस्कलाई मेरो कमजोरी नठान्दिनुस् । त्यसपछि कोइरालाले देउवा, रावल, ओली र सिटौलालाई सम्झाउन खोजे तर ती नेताहरू टसमस भएनन् । त्यसपछि गच्छदारले भने– लौ सुशील दा, म त संविधानसभामा जान सकिनँ, तपाईंहरूलाई मेरो शुभकामना छ । सबैको मन राख्ने संविधान ल्याउनुहोला । सहमति गराउन नसकेका प्रधानमन्त्रीले उनकै अगाडि आँसु खसाले, वनमन्त्री महेश आचार्यका आँखा रसाए र ए माओवादी अध्यक्ष दाहाल केही नबोली बसिरहे भने देउवा, रावल, ओली र सिटौलाले एक अर्कालाई हेरिरहे । यति मात्रै पनि अहिलेको नेपालको राजनीति र शासनको स्वरूप बुझ्न पर्याप्त छ । यसैबाट के निष्कर्ष निकाल्न सकिन्छ भने २०६२–६३ को आन्दोलनबाट स्वतन्त्र नागरिकको हैसियतमा उभेका मधेसी, थारू र जनजातिलाई पुनः रैति बनाउने खेल शुरु भएको छ। ३ दलका नेताहरूले बोलेका कुरा पूरा नगरेसम्म विश्वास गर्न कठिन छ । त्यसैले अहिलेको मधेस आन्दोलनको महत्त्व बढेको छ । तर यसै बेला भने आन्दोलनबारे पनि विभिन्न कुराहरू सुन्न थालिएको छ भने केही देख्न पनि थालिएको छ । मधेसी दुई दलका आन्दोलनकारीसँग प्रशासनको दुईथरी व्यवहारका कुरा छापामा सार्वजनिक भएका छन् भने अर्कोतर्फ मधेस मोर्चाकै एक नेताले हाम्रो माग समग्र मधेस एक प्रदेश भएको भन्दै उपेन्द्र यादवलाई २–३ चाहिने, विजय गच्छदारलाई जति भए पनि हुने र राजेन्द्र महतोलाई सत्ता मात्र चाहिने प्रतिक्रिया दिएको सुनेर यो आन्दोलन दिग्भ्रमित त हुने होइन भन्ने आशङ्का पनि लाग्न थालेको छ । कुनै कोणबाट पनि यो आन्दोलन आफ्नो गन्तव्यतर्फ पुग्न सकेन भने मधेसीहरूको आजको पुस्ताले कहिले पनि सम्मानको साँस फेर्न पाउने छैन । तसर्थ सबै आन्दोलनकारी शक्तिहरूलाई एकजुट भएर पूर्णतया अहिंसक एवं शान्तिपूर्ण आन्दोलनमा लाग्नुको विकल्प छैन । तोडफोड, आगजनी, ढुङ्गामुढा प्रजातान्त्रिक विरोधको बाटो होइन । अहिले नै दक्षिण एसियाको सर्वोत्कृष्ट संविधान जारी गर्ने शक्ति कति प्रजातान्त्रिक छ भन्ने तथ्य मधेस आन्दोलनको दौरान गरिएको बल प्रयोगबाट स्पष्ट भएकै छ । यो आन्दोलन अझ बढी संयमित, शान्तिपूर्ण र अहिंसक हुने हो भने शासकहरूसँग समर्पण सिवाय अन्य विकल्प हुने छैन ।

२०७२ असाजे ०६ गते बुधवार

संविधानमा सङ्घीयता र विदेशी चासो

नेपालको संविधान–२०७२ को घोषणासँगै देशले अकल्पनीय एवं दुःखद परिस्थिति बेहोर्नुपरेको तथ्य हामी सबै सामु स्पष्ट नै छ । मधेसवादी दलहरू मधेस र थरूहटसँग विभेद भएको कुरा उठाइरहेका छन् भने तीन ठूला दल अधिकांश माग सम्बोधन भइसकेको कुरा लिएर देशव्यापी प्रचारप्रसार अभियान चलाउने कार्यक्रम तर्जुमा गर्दैछन् । यस्तोमा वास्तविकता के हो भन्नेबारे विचार गर्दा ८ प्रदेश दिन तयार भएको काङ्ग्रेस, १४ प्रदेशको माग गरिरहेको ए माओवादी र ८–१० प्रदेशमा तयार रहेको एमाले कसरी एकाएक ६ प्रदेश अनि ७ प्रदेशमा पुगे, बुझ्नैपर्ने भएको छ । वास्तवमा संविधानको प्रस्तावनामा नेपालको सार्वभौमसत्ता जनतामा निहित रहने लेखिए पनि त्यस्तो व्यवहारमा नदेखिनुले स्पष्ट गर्दछ । उदाहरणको रूपमा हाल बनाइएको ७ प्रदेशको जनसङ्ख्यालाई एकपटक गहिरिएर हेर्दा प्रदेश नं. १ कायम गरिएको तराईको तीन जिल्ला र पूर्वी पहाडका ११ जिल्लामा पहाडी समुदायको जनसङ्ख्या ३१ लाखमध्ये उच्च जाति १३ लाख, राई र लिम्बू करिब ९ लाख र मधेसी १२ लाख छन् । त्यस्तै प्रदेश नं. २ को ८ जिल्लामा मधेसी ४८ लाख र पहाडी ६ लाख छन् । प्रदेश नं. ३ मा काठमाडौं समेत १३ वटा पहाडी जिल्ला गरी उच्च जाति करिब २०–२१ लाख र नेवार एवं तामाङ पनि त्यत्ति नै सङ्ख्यामा रहेका छन् ।

त्यस्तै प्रदेश नं. ४ पोखरासमेत ९ पहाडी जिल्लाहरूमा उच्च जाति ८ लाख एवं मगर र गुरुङ करिब ७ लाख रहेका छन् । प्रदेश नं. ५ मा पहाडी समुदायको जनसङ्ख्या ३० लाख र मधेसी–थारूको जनसङ्ख्या करिब १९ लाख छ । प्रदेश नं. ६ जम्मा जनसङ्ख्या १४ लाखमध्ये उच्च पहाडी जाति करिब ९ लाख रहेको छ भने प्रदेश नं. ७ मा कुल जनसङ्ख्या करिब २६ लाखमा पहाडी उच्च जाति करिब १५ लाख रहेको देखिन्छ । यो तथ्याङ्कबाट नै के स्पष्ट हुन्छ भने प्रदेश नं. २ बाहेक अन्य सबै प्रदेशहरूको सीमाङ्कन यस प्रकार भएको छ कि बाँकी ६ वटै प्रदेशमा पहाडी उच्च जातिको वर्चस्व स्थापित होओस् । थारू, मधेसी र मगरात समर्थकहरूलाई छिन्नभिन्न पारेर उच्च जातिको एकात्मक शासन प्रणाली स्थापना गर्ने गरी भएको यो प्रयासको लागि थप केही प्रमाण दिइरहनु पर्ला र ? कोइराला, ओली, प्रचण्ड, देउवा र सिटौलाले यही एक बुँदामा कसरी २०७२ को संविधान समावेशी भयो भनेर जनताको चित्त बुझाउन चुनौती नै दिन्छु ।

त्यत्ति मात्रै होइन जनसङ्ख्यासँग भूगोल जोडिएका कारण क्षेत्र नं. २ बाट मधेसीहरूले ५ स्थानमा निर्वाचित हुने स्थान पाउने छन् भने भूगोलको आधारमा प्रदेश नं. ६ र ७ बाट करिब १० जना सदस्यहरू निर्वाचित हुनेछन् । प्रतिनिधिसभाको हुने निर्वाचनमा मधेसमा कुल ६५ र हिमाल, पहाड गरी १०० निर्वाचन क्षेत्र हुनेछन् । ३ ठूला दलका नेताहरूले ५२ प्रतिशतका लागि ६५ प्रतिशत र ४८ प्रतिशतका लागि १०० सिट राख्नु पछाडिको कारण मधेसमा आएर आमजनतालाई बुझाउन सके पक्कै मधेस आन्दोलन शान्त हुनेछ । उनीहरू राष्ट्रियस्तरका नेता हुन् भने यो चुनौती स्वीकार गर्न सक्नुपर्‍यो ।

आन्दोलनको दोस्रो महत्त्वपूर्ण पक्ष छ विदेशी चासोको । नेपालको संविधान २०७२ को भारत र संयुक्त राष्ट्र सङ्घबाहेक चीन, अमेरिका, रूस, जापान, युरोपियन युनियनलगायत देशहरूले स्वागत गरिसकेका छन् । भारतबाट स्वागत नगरिनुलाई हामीले हाम्रो राष्ट्रियता र सार्वभौमिकतामा हस्तक्षेप हो भनेका छौं भने संयुक्त राष्ट्र सङ्घप्रति भने मौन छौं । यस्तो किन ? अहिले संविधान २०७२ को निर्माण प्रक्रियाका ५ खम्बाहरू सुशील कोइराला, ओली, देउवा, सिटौला र प्रचण्डमध्ये ओली, देउवा र सिटौलाको राजनैतिक पृष्ठभूमि हेर्दा २०५३ को महाकाली सन्धिका लागि अग्रणी भूमिका निर्वाह गर्ने एमालेका नायक हुन् ओली । त्यस्तै देउवाको पछिल्लो भारत भ्रमणपश्चात् उनको पनि भारतसँग सुमधुर सम्बन्ध नै छ भने सिटौला त झन् १२ बुँदे सहमतिदेखि काङ्ग्रेसको महामन्त्री हुनसम्मका लागि भारतसँग सुमधुर सम्बन्धका धनी मानिएका नेता हुन् । यी तीनै नेता आज उग्र भारत विरोधी भएर प्रस्तुत हुनु अत्यन्तै रहस्यमय भएको छ नेपाली राजनीतिको लागि । यसै सम्बन्धमा भारतीय प्रम नरेन्द्र मोदीको विशेषदूतको रूपमा नेपाल आएका भारतीय विदेश सचिव जयशङ्करले तराई मुद्दा सम्बोधनको लागि पहल गर्न अनुरोध गर्दा एमाओवादी नेता डा. बाबुराम भट्टराईले उनैसँग यी मुद्दामा तपाईंहरूकै मानिस भनेर चिनिएकाहरूको अडान कारण सहमति नभएको हो । सम्बोधन गर्ने निर्णायक स्थानमा उनीहरूलाई नभनेर समर्थन जनाउने हामीसँग किन भनिरहनु भएको छ भनेर प्रतिप्रश्न गरेको प्रसङ्ग पनि स्मरणीय छ ।

त्यस्तै चीनले संविधान जारी हुनु अगाडि भारतमैं मधेस मुद्दाको सम्बोधनमा चासो देखाएको थियो भने संविधान जारी भएपछि पूर्ण स्वागत गर्न कुनै विलम्ब गरेन । प्रजातान्त्रिक देशको अगुवाइ गर्ने अमेरिकाले पनि स्वागत नै गरेको छ । माथिका प्रसङ्गहरूमाथि विचार गर्दा विगत केही वर्षदेखि नेपालको मुद्दालाई अमेरिका, चीन र भारतले एउटै आँखाले हेर्ने गरेको प्रसङ्ग पटक-पटक सार्वजनिक भएको पृष्ठभूमि र लिपुलेक सम्झौता भारत र चीनबीच सम्पन्न हुँदा दुवैमध्ये कुनै मुलुकले नेपाललाई नटेर्नु कुनै सङ्केत हो भने अहिलेको भारतको मुख्य सरोकार पनि प्रदेशको सीमाङ्कन मात्रैको हो भन्ने बुझ्न सकिन्छ । किनभने भारतसँग जोडिएको पूर्वदेखि पश्चिमसम्मको मधेसले भारतको सुरक्षा संवेदनशीलतालाई जसरी सम्बोधन गर्दै आएको छ, त्यो अब रहला, नरहला उसको चिन्ताको विषय हुन सक्छ । मधेसको संवेदनशीलता सम्बोधन हुने अवस्था आएपछि सम्भवतः भारतले पनि नेपालसँगको ऐतिहासिक सम्बन्धको हवाला दिंदै हात तान्नेछ । त्यसैले आन्दोलनकारी शक्तिले निरपेक्ष भाव र अहिंसात्मक तरिकाबाट आन्दोलनलाई सञ्चालन एवं नेतृत्व प्रदान गरिराख्नुको विकल्प देखिएको छैन ।

२०७२ असोज १३ गते बुधवार

के पायौं के गुमायौं १

विगत ८ वर्षदेखि संविधान नबनेर आक्रान्त र अस्थिर रहेको नेपालले २०७२ सालमा महाभूकम्पको मार खेप्दै संविधान जारी गरेपश्चात् पुनः मधेस आन्दोलनको राप विगत ५० दिनदेखि झेल्दै आएको छ । यस क्रममा विगत २० दिनदेखि नाका पूरै ठप्प भएकोले सामान्य जीवन झन् बढी दुःखदायी हुन पुगेको छ । कान्तिपुर, सोमवार १८ गते असोजको पृष्ठ ३ मा दुईवटा समाचार एकैसाथ प्रकाशित भएको छ। पहिलो समाचार 'कोइराला नै दोहोऱ्याउने काङ्ग्रेसको चाहना' अन्तर्गत काङ्ग्रेसका प्रवक्ता दिलेन्द्र बडुले-"आन्दोलनरत पक्षको माग सम्बोधन गर्नेबारे तीन दलका नेताहरूले नै प्रतिबद्धता गरेका थिए । तर त्यस अनुसार संविधान संशोधन विधेयक अगाडि बढाउन एमाले अध्यक्ष केपी ओलीले रोक्नुभएको छ" उल्लेख छ भने अर्को समाचारमा 'राष्ट्रिय सहमति भत्काउन ठूलो कसरत' शीर्षकमा प्रकाशित समाचारमा एमाओवादी अध्यक्ष प्रचण्डले एकथरी शक्ति र प्रवृत्तिले हिजो संविधानसभाबाट संविधान बनाउने प्रक्रिया रोक्न चाहेको थियो । तर तिनीहरू सफल भएनन् । संविधान त तिमीहरूले बनायौं तर सरकार बनाउने बेला तिमीहरूलाई देखाइदिन्छौं भनेर फेरि भित्रबाहिर जतातैबाट तिनै शक्तिहरू पार्टीहरू नमिलून् भनेर लागिपरेका छन् भन्नुभएको प्रकाशित भएको छ । अब ३ अक्टुबर २०१५ शनिवारको पृष्ठ ९ मा प्रकाशित समाचारको शीर्षक यस्तो छ- Ethnic strife raises question if the Himalayan Nation is going Afganistan way– India big looser in divided Nepal शीर्षकमा केशव प्रधानको समाचार विश्लेषणको पहिलो प्याराग्राफमा नेपालमा माओवादी द्वन्द्व चलिरहेको बखत पाकिस्तान नेतृ बेनजीर भुट्टोले केशव प्रधानसँग Is nepal going Afganistan way ? भनेर सोध्नुभएको प्रसङ्ग उल्लेख गरिएको छ भने अन्तिम पाराग्राफमा Not ready to bow before India's pressure, Nepalese politician and media are celebrating the support extended by china in their undeclared face oft with India. Perhaps a little restraint would have stopped india and Nepal from starting a fight where both will be ultimate loosers.

संसद्बाट जोसुकै प्रधानमन्त्री बने पनि बितेका ५० दिनको दुःख-कष्ट र ४० जनाको जीवन यो जुनीमा फेरि कहिले फर्केर आउने छैन । भोलिको दिनमा हामीले के गुमायौं के पायौं भन्ने कुराको मूल्याङ्कन अवश्य नै हुनेछ । संविधान जारी हुनुपूर्वदेखि नै मधेस आन्दोलित हुने सङ्केत पाइसकेका राजनीतिज्ञहरूले संविधान जारी गर्दासम्म यसमा नमिलेका कुराहरू संशोधनबाट मिलाउने बोल्दै आएका थिए । अब प्रश्न के छ भने जब संशोधन गरेर मिलाउनु नै थियो भने जारी हुनुपूर्व किन मिलाइएन र संविधान केही दिन अझ ढिलो भएको भए के हुन्थ्यो ? संविधान जारी नभएको अवस्थामा अन्तरिम संविधान त थियो नै । ८-८ वर्षदेखि यसैबाट चलेको देश अर्को ८-१० दिन थाम्नै नसकिने के त्यस्तो असामान्य अवस्था आइपरेको थियो । वस्तुतः त्यस्तो केही पनि थिएन र राष्ट्रिय स्वार्थमाथि व्यक्तिगत स्वार्थ हावी भएकोले हामीले यस्तो हविगत भोग्नुपरेको हो । झूटो राष्ट्रवादको नारा दिएर हामीले चीनतर्फको दुईवटा

नाका त खोल्यौं तर के त्यस नाकाबाट इन्धन नेपाल ल्याउन सकिन्छ ? सकिन्न भने अन्य सामानहरू इन्धनको अभावमा कसरी ल्याउने ? भूकम्पपछि सामान्य क्रममा यी दुवै नाका खुलेको भए कुनै मुद्दा बन्ने थिएन तर भारतको अघोषित नाकाबन्दीको कारण देखाएर खोलिएको कारण यो सम्बन्ध बिगार्ने मुद्दा बन्न पुग्यो । हामीसँग इन्धनको आफ्नै उत्पादन छैन तर अन्तर्वार्ताको क्रममा राजनीतिज्ञ हिरण्यलाल श्रेष्ठले एबिसी टेलिभिजन अन्तर्वार्तामा सिमरा, सुनसरी र दाङमा पेट्रोलियम भण्डार भेटिएको तर दक्षिणी छिमेकीको बहाव रोकिएला भन्ने डरले नेपालले यसको दोहन गर्न नसकेको अति संवेदनशील मुद्दा उठाउनुभएकोले हाम्रो राष्ट्रवादमाथि प्रश्नचिह्न लागेको छ । भण्डार आर्थिक रूपमा दोहन गर्न नसक्ने हुनु वा दोहन गर्ने स्रोत र साधन नजुट्नु एउटा कुरा हो तर कतैतिरको बहाव कम होला भनेर आफ्नो स्रोत साधनको प्रयोग नगर्नु हास्यास्पद हुन्छ । हामी इन्धनकै लागि भारतमाथि निर्भर छौं त्यसैले भारतले हामीलाई प्रभावित गर्ने गरी निर्णय लिन सक्छ । यसो भन्दैमा भारतले मात्र यसो गर्छ भन्नु कदापि ठीक हुँदैन । चीनकै कुरा गर्ने हो भने वर्तमान राष्ट्रपतिको निर्वाचन हुँदा नेपालबाट प्रचण्ड र डा. बाबुराम भट्टराईले नेपाललाई चीन र भारतबीचको ट्रान्जिट प्वाइन्ट बनाउने प्रस्ताव भारतले त समर्थन गरेन–गरेन, चीनले पनि चीनबाट नेपाल भएर भारत पुग्दाको योजना खर्चको पेबैक १०० वर्ष र बर्मा भएर भारत पुग्दा ४० वर्ष मात्र हुने कारण देखाएर नेपालसँग चीनको सम्बन्ध तिब्बतको स्थायित्वसँग मात्र आधारित हुनुपर्ने नीतिगत निर्णय गरेको तथ्य सर्वविदित नै छ । यसै परिप्रेक्ष्यमा माओवादीहरूको एकल पहिचानको जातीय राज्य स्थापनाको मुद्दा ओझेलमा परेको हो । त्यसैगरी चिनियाँ कम्पनीहरूबाट नेपालमा निर्माणाधीन योजनाहरूतर्फ एक नजर हेर्दा योजना ढिलो गर्दै मूल्य बढाउने कार्य प्रायः सबै योजनामा भइरहेकोले नेपालको विद्युत् सङ्कट झन् बढ्दै गएको सन्दर्भलाई पनि कुनै न कुनै परिप्रेक्ष्यमा हेरेर बुझ्नुपर्ने नै हुन्छ । इन्धन सङ्कट भोगिरहेको नेपालमा चिनियाँ उडान स्थगित गरेर सहयोग गरेको हो भन्न कठिन छ । नेपाललाई चीनले दशैंको लागि भए पनि इन्धन आपूर्ति गरेर सदाशयता देखाएमा चीनको मित्रता खरो मान्न सकिन्थ्यो । त्यस्तो हुँदो हो त नेपाल आयल निगमले ग्लोबल टेन्डर आह्वान गर्ने आवश्यकता नै पर्ने थिएन र त्यो पनि तीन दिनको समय दिएर । मैले यहाँ यत्रो लामो गन्धन गर्नुको मूल तात्पर्य के हो भने आर्थिक समृद्धिको यो दौरमा चीनले भारतसँगको आफ्नो व्यापारलाई जोखिममा राखेर नेपालको सहयोग कदापि गर्न सक्दैन । त्यसो भन्दैमा देश वा सरकारले भारत सामु आत्मसमर्पण गरोस् भन्ने पनि होइन। तर कमसेकम मधेसका मुद्दालाई नलम्ब्याएर शीघ्रातीशीघ्र समाधान खोज्न सकिए सम्पूर्ण नेपाली एकजुट हुन सक्ने थिए र बेनजीर भुट्टोको भनाइ नेपालको सन्दर्भमा असान्दर्भिक ठहर हुने थियो । यो लडाइँबाट के पायौं के गुमायौं भन्ने कुराको यथार्थ मूल्याङ्कन हुँदा मधेसी, आदिवासी, जनजाति, दलितले पक्कै पनि अब देशको नीति निर्माणमा भागीदारी पाउने छन् । हुन त त्यो पनि त्यति सजिलो भने छैन । जेहोस् मधेसी, दलित, आदिवासी एवं जनजाति अब राष्ट्रिय मूलधारमा प्रवेश गर्ने भने पक्का छ । के गुमायौंभन्दा सबैभन्दा टडकारो सत्य के हो भने देशको अर्थव्यवस्था चौपट हुँदै वार्षिक वृद्धिदर ३.५ प्रतिशतसम्म मात्र हुन सक्ने अनुमान छ । विकास निर्माणका कार्यको त कुरै छाडौं भूकम्पपछिको पुनर्निर्माण पनि शुरु हुन सकेन । विकास बजेट पनि १५/२० प्रतिशतभन्दा बढी खर्च नभएको हुनुपर्ने हो ।

तर यस आन्दोलनमा भारतले देखाएको समर्थनले के स्पष्ट पारेको छ भने संवैधानिक राजतन्त्र हुँदासम्म दुई खम्बे रणनीति लिएर हिंडेको भारत नेपालमा गणतन्त्रको स्थापनापश्चात् नेपाल नीतिमा आमूल परिवर्तन गरेको छ । पञ्चायतकालमा राजा, बहुदलकालमा राजा र नेता स्याहार्दै हिंडेको भारतले अब भने आफ्नो दक्षिणी सीमाको सुरक्षा संवेदनशीलतालाई जनस्तरबाट बलियो र दिगो बनाउने नीति लिएको छ । स्वभावतः यसबाट सत्तामा पकड भएका इलाइटहरू आहत हुने नै भए । यसका साथै भोलि भारतसँगको सम्बन्धको आधारमा कर्णाली र अरुणाको भाग्यको निर्धारण हुनेछ भने चीनसँग मोटामोटी यथास्थिति नै कायम हुनेछ । चीनसँग हामीले उठाउनुपर्ने मुद्दा लिपुलेक हो र त्यो अब शासक वर्गले पक्कै उठाउने छैनन् भने भारतसँग पनि अब त्यो मुद्दा ओझेलमा नै पर्ने निश्चित छ ।

एमाले नेता ओली प्रधानमन्त्री निर्वाचित हुनुभएलगत्तै समकक्षी भारतीय प्रधानमन्त्रीको बधाइ र निम्तो दुवै आयो । चीनबाट पनि आयो । परम्परागत कूटनीतिको पालना गर्दै प्रम ओली पहिले भारत गएर मधेस आन्दोलनको सम्मानजनक समापनको बाटो खोलिदिए यो समाप्त हुनेछ र सम्पूर्ण जस भारतले पाउने छ किनभने निर्वाचनपूर्वको आफ्नो बोलीबाट ओलीको छवि मधेसविरोधी बनिसकेको छ । अब यहाँ विचार गरौं यही काम ओलीजीले भारतीय नाकाबन्दी शुरु हुनुभन्दा अगावै गर्न सकेको भए पनि उनी प्रधानमत्री बन्नु गणितीय आधारमा निश्चित नै थियो र देश पनि भावनात्मकरूपमा विभाजित हुने थिएन र आन्दोलन समाप्त भएको कारणले भारतले नेपालको अस्थिरतालाई दोष लगाउँदै नाकाबन्दी गर्ने परिस्थिति नै निर्माण हुने थिएन । राष्ट्रियता, स्वाभिमानको रक्षा नै हुने थियो । बस जनताले दुःख पाउने थिएन र उधारो व्यापार चौपट हुने थिएन र दशैंमा सबैले खुशीयाली मनाउने थिए । यस्तै घडीमा नेताहरूको दूरदृष्टिको परीक्षा हुन्छ । हाम्रा नेताहरू चाहे काङ्ग्रेस, एमाले वा एमाओवादी हुन्, सबै यहाँ असफल नै देखिएका छन् । सफलताको मूल्य चुकाउनुपर्छ तर एउटा मूल्य win win situation बनाएर हुन्छ भने अर्को win-loose situation बनाएर हुन्छ । वर्तमान अवस्थामा भारतसँग नेपालको सम्बन्ध win-loose अवस्थामा भयो भने त्यो ओलीको लागि प्रत्युत्पादक ठहर्ने छ । दशैं शुरु भएको छ । खुशी साटासाट गर्ने यस घडीमा एकअर्कालाई स्वीकार गर्ने सम्बल र विवेक माता दुर्गा भवानीले सम्पूर्ण नेपालीलाई प्रदान गरून् !

२०७२ असोज २७ गते बुधवार

लम्बिदो मधेस आन्दोलन र नेपालको भविष्य

दशैं सिद्धियो तर हाम्रो दशा सिद्धिएन। यो कहिले सिद्धिने हो भन्न सकिने अवस्था समेत देखिइरहेको छैन। दशा दुई प्रकारको हुन्छ। एउटा आन्तरिम र अर्को बाह्य। आन्तरिक दशा आफैंले व्यवस्थापन गर्न सकिन्छ भने बाह्य दशाको व्यवस्थापन गर्न आफैंलाई बाह्य दशा अनुकूल बनाउनुपर्छ भन्ने विश्वव्यापी मान्यता छ। व्यवस्थापनको मूलभूत सिद्धान्तलाई आधार मानेर देशको वर्तमान अवस्थाको मूल्याङ्कन गर्दा हामीले भोगिरहेको वर्तमान अवस्था हाम्रो आन्तरिक कारणले उत्पन्न भएको भन्न सकिन्छ। महाभूकम्प बाह्य कारण थियो। त्यसमा हामीले गर्न सक्ने भनेको क्षति न्यूनीकरण थियो। त्यो अपेक्षा अनुरूप हामीले गर्न सकेनौं किनभने त्यस्तो आपदाको लागि सेमिनार र कार्यशाला प्रशस्त भए पनि कार्यगत तयारी थिएन। त्यसैले सेना र प्रहरीको अनिवार्य अङ्गको रूपमा रहेको विपत व्यवस्थापन अनुसारकै कार्यहरू मात्रै हुन सके।

तर वर्तमान समस्या विशुद्ध आन्तरिक हो किनभने यसको उत्पत्ति नेपालभित्र नै भएको छ। एउटै देशको नागरिकसँग दुईथरी व्यवहार गर्ने मानसिकताले यो समस्या डाकेको हो भन्दा फरक नपर्ला। किनभने संविधानको मस्यौदामा नै जनमत सङ्कलन गर्ने कार्यक्रमकै दौरान यसको उग्र विरोध भइसकेको थियो। यस्तो विरोध हुन्छ भनेर थाहा हुँदाहुँदै यसको समाधान गर्नुको सट्टा पेलेर लैजाने मानसिकताले नसमेटिएको मुद्दा पछि सम्बोधन गर्दै जाने भनेर संविधान संसद्बाट स्वीकृत गराई जारी भयो। सत्तारूढ दलका नेताहरूले आन्दोलनलाई केही मुठ्ठीभरका मधेसीको आवाज भनेर प्रदर्शनलाई अमानवीय स्तरमा टाउकोमा गोली हान्दै दमन गर्ने प्रयास गरे पनि आन्दोलन निस्तेज हुन सकेन। यसै दौरान दुईवटा संविधान संशोधन प्रस्ताव दर्ता भए पनि त्यस सम्बन्धी कुनै कारबाई अगाडि बढाइएन र पहिलो दिनदेखि नै सीमाङ्कनको मुद्दालाई ओझेलमा राखेर वार्ता गर्ने प्रयासको थालनी भयो जसले गर्दा वार्ता आजसम्म सार्थक हुन सकेन। यी सबै अवस्थाको विश्लेषण गर्दा केही स्वाभाविक प्रश्नहरू उठ्छन् जसको जवाफ कसले दिने हो थाहा छैन। जस्तै असोज ३ गते नै संविधान जारी नभएको भए के हुन्थ्यो ? संविधानसभा विघटन हुने थिएन र केही समय लिएर संविधान जारी हुनुपूर्व मधेसको मुद्दा समाधान गरेको भए के अनिष्ट हुन्थ्यो ? ८-८ वर्षसम्म देश अन्तरिम संविधानबाट नचलेको हो र ? केही दिन अझै त्यसैबाट चलेर मधेसको मुद्दा सम्बोधन भएर संविधान जारी भएको भए देशमा आज सबै उद्योगधन्दा चलेका हुन्थे, विद्यालय सञ्चालित हुन्थे, इन्धनको अभाव हुने थिएन, औषधिमुलोको समेत अभाव हुने थिएन। तर त्यस्तो भएन। के हाम्रा शासकहरू परपीडक हुन् ? यत्रो लामो समयसम्म जनतालाई कष्टमा राखेको देखेर यो नै त सत्य होइन भनेर समेत सोच्नुपर्ने बेला आएको छ। किनभने मधेस आन्दोलनको उपेक्षा हुन थालेपछि भारतले नाकाबन्दी लगाएको हो। मधेसको आन्दोलनलाई संविधान जारी हुँदा नै सम्बोधन

गरिएको भए भारतले नाकाबन्दीको निहुँ नै पाउने थिएन। त्यसैले यो घटनाक्रमको अर्को पक्ष भारतलाई हस्तक्षेपको आमन्त्रण दिनु नै हो भन्ने शङ्का समेत लाग्न थालेको छ । अहिलेको आन्दोलनमा पूर्वदेखि पश्चिमसम्म देखिएको अभूतपूर्व एकताबाट के स्पष्ट भएको छ भने मधेसको मुद्दाको सीमाङ्कनसहितको सम्बोधन गर्नु सिवाय सत्ताधारीहरूसँग अन्य कुनै विकल्प छैन । समय जति लम्बिंदो छ पहाड र मधेसको जनतासँगको आपसी सम्बन्धमा तिक्तता बढ्ने सिवाय अरू केही हुने अवस्था देखिदैन । यस्तो अवस्थामा मधेसको जनताको आस्थाकेन्द्र दक्षिणमुखी हुनेछ र सङ्घीय राज्य संरचनामा प्रदेशसित केन्द्रको सम्बन्धमा चिसोपना रहने अवश्यम्भावी छ । यस्तो सम्बन्धको बीजारोपणबाट सङ्घीय संरचनामा राष्ट्रिय एकता कसरी बलियो हुन सक्छ ? अहिले केही नेताहरूले राष्ट्रियता, स्वाभिमानका कुरा उठाएका छन् । नेपालको इतिहास हेर्दा २००७, २०१७, २०३६, २०४६, २०६२ मध्ये कुन आन्दोलनमा भारतको भूमिका रहेको छैन ? २००७ सालमा राणाहरू, नेपाली काङ्ग्रेस र राजा त्रिभुवनसमेतको मिलापत्र दिल्लीमैं भएको थियो । २०१७ सालमा नेपाली काङ्ग्रेसको सरकार अपदस्थ गरेर पञ्चायत ल्याउन राजा महेन्द्रलाई पण्डित नेहरूको समर्थन भएको कसैसँग लुकेको छैन । २०३६ सालको जनमत सङ्ग्रह र २०४६ सालको आन्दोलन त्यसैगरी नेपाल र भारतको शासकहरूको अहम्को लडाइँको ठूलो भूमिका थियो । १२ बुँदे सम्झौता दिल्लीमैं भएको र २०६२/०६३ को आन्दोलनमा समेत भारतको भूमिका रहेकै थियो भने २०७२ सालको संविधान निर्माणमा भारतले आफ्नो भूमिका खोज्नु कसरी नाजायज भयो ? प्रभुजी मलाई प्रधानमन्त्री बनाऊ भन्दै दौडाहा लगाउने नेताहरूमा एकैपटक राष्ट्रियता र स्वाभिमान कसरी पलायो बुझि नसक्नु भएको छ । भारतले नेपाललाई हिन्दू राज्य बनाउन दबाब दिएको कुरा कसैबाट लुकेको छैन । उसको दबाबलाई संयमित गर्न नै धर्मनिरपेक्षतालाई संविधानमा व्याख्या गरिएको हो। यसबाट भारतको चित्त बुझेन, त्यसैले थप दबाब दिन जयशङ्करलाई पठाएर उसले मधेसीलाई उचालेको हो भन्ने बुझाइ सत्तापक्षको रहेको छ । यो नै हो भने मधेसको माग जायज छ, यसको बोध सबैलाई छ भने यसको सम्बोधन शीघ्रातीशीघ्र गरेर भारतलाई नाकाबन्दी खुलाउन बाध्य पार्नु नेपालको कूटनीतिक सफलता हुनेछ । होइन भने सरकारले स्पष्टरूपमा यो-यो आधारमा माग नाजायज भएकोले पूरा गर्न नसकिने भन्नुपर्‍यो । वार्ता टोली बनाएर वार्ता लम्ब्याएर सरकारले मधेस आन्दोलनको Stress Test लिन खोजेको छ जसले एउटा समयपछि आजभन्दा २० वर्ष पूर्व पाकिस्तानी प्रधानमन्त्री स्व. बेनजीर भुट्टोले भनेको Is Nepal Going the Afganistan way टिप्पणी सत्य हुनेछ । अनि राष्ट्रियता र स्वाभिमान खोज्ने अवस्था सिर्जना हुन सक्छ । र नेपालले Indian Factor व्यवस्थापनबाट मुक्त हुनेबाहेक कुनै लाभ पाउने छैन र १०० वर्ष पछाडि धकेलिने छ ।

२०७२ कात्तिक ११ गते बुधवार

चुरो मधेस आन्दोलनकै

विगत ८ वर्षदेखि बन्दै गरेको संविधानको सबैभन्दा जल्दोबल्दो मुद्दा थियो–'समग्र मधेस एक प्रदेश' दिंदा मधेसले कुनै पनि बेला राजधानीको नाकाबन्दी गरी अप्ठेरो खडा गर्न सक्छ। तर विडम्बना के भने समग्र मधेस एक प्रदेश नदिएर ९८ प्रतिशत जनताले स्वीकृत गरेको दाबी गरिंदै आएको दक्षिण एसियाकै उत्कृष्ट (?) भनिएको यो संविधानले मधेसलाई ८ जिल्लामा खुम्च्याउँदा पनि नाकाबन्दीको नियतिबाट मुक्ति पाउन सकेन। चलिरहेको वार्ता समाधानतिर उन्मुख हुने सङ्केत देखा परिरहेको छैन। सत्तारूढ दलका नेताहरूको बोली र छापामा आएका समाचारहरूले पनि यस्तै इङ्गित गरेका छन्। नेपालले आइओसीका एकाधिकार तोड्दै कुल खपतको ३० प्रतिशत चीनबाट मगाउने गरी सम्झौता गरेलगत्तै बरौनी डिपोबाट तेल भर्न खुकुलो पारिएको र रूट परमिट प्रणाली पनि खारेज भएकोले रक्सौल–वीरगंज नाका बन्द भए पनि आपूर्ति सहज हुँदै जाने अपेक्षा गरेर एमालेले जस्तोसुकै दबाबको अगाडि पनि नझुक्ने अडान लिएको छ भने ए माओवादी थरूहट प्रदेशको निर्माण गरेर समस्या समाधान गर्ने पक्षमा देखिएको हुँदा वार्ता निष्कर्षविहीन नै हुने आशा सबैलाई भइसकेको छ।

एमालेको अडान हिजो जे थियो आज पनि त्यही छ। एमाले आन्दोलनलाई पेलेर समाधान गर्ने मानसिकतामा छ भन्ने कुरा आन्दोलनको दौरान एमाले गृहमन्त्री वामदेव गौतमको बोली र सुरक्षा फौजको गोली दुवैले यति स्पष्टसँग बोले कि – ह्युमन राइट्स वाचले Like we are not Nepali: prostest and police crack down in the Terai region of Nepal शीर्षकको ४४ पृष्ठ लामो प्रतिवेदन प्रकाशित गर्दै सारांशमा Human Rights watch found no evidence that any of those victims were posing a threat at the time that they were killed भनेर निष्कर्ष निकाल्दै वीरगंजको नारायणी उपक्षेत्रीय अस्पतालमा अकारण भएको गोली प्रहारका साथै जनकपुरमा १४ वर्षीय बालिका नितु यादव ज्यान जोगाउन झाडीमा लुकेको बेला तानेर Point Blank range बाट अनुहारमै गोली प्रहार गरेको घटना उल्लेख गर्दै सरकारले बल प्रयोग नगर्नुपर्ने मनसाय व्यक्त गरेको छ भने सरकारले सुरक्षा फौजले अधिकतम लचिलो भई बल प्रयोग नगरेको भनाइ सार्वजनिक गरेको छ। सरकारकै रेकर्ड अनुसार बल प्रयोग नगर्दा ४२ जनाले वीरगति प्राप्त गरे भने त्यो कस्तो बल थियो र बल प्रयोग भएको भए कतिले वीरगति प्राप्त गर्ने थिए त्यसको अनुमान गर्नै डरलाग्ने भएको छ। सरकारको यस्तै करतुत र बोलीले आन्दोलनको आगोमा घ्यू थप्ने कार्य गऱ्यो। सन् १९८८ मा भारतले गरेको नाकाबन्दी जुन बेला राजीव गाँधी भारतका प्रधानमन्त्री थिए, नेपालले चीनबाट हतियार किन्ने प्रसङ्गसँग

जोडिएको थियो भने माओवादीलाई समर्थन र ज्ञानेन्द्रको पतन पनि चीनसँगको दुवै शक्तिहरूको बढ्दो सम्बन्धको उपज थियो ।

विगत र वर्तमानलाई हेर्दा विगतमा झैं अहिले पनि राजतन्त्र समर्थक, भारत विरोधी राष्ट्रवादी र कम्युनिस्ट सबै एक ठाउँमा छन् र तिनको चीनसँग घनिष्ठ सम्बन्ध छ । मधेस आन्दोलनमा भारतको समर्थनको यही मुख्य कारक तत्त्व हो अन्य सबै कुराहरू इत्यादिको श्रेणीमा पर्दछन् । नेपाली शासकहरूले पेलेर आन्दोलन दबाउन खोज्ने यो अवस्थामा भारतलाई नाकाबन्दी गरी नेपालको राजावादी, भारतविरोधी राष्ट्रवादी र कम्युनिस्टहरूको गठबन्धन तोडेर चीनसँगको निकटता घटाउन नेपाली शासकलाई बाध्य पार्ने योभन्दा अर्को उपयुक्त अवसर थिएन र भारतको यो नाकाबन्दीबाट मधेस आन्दोलनले ठूलो आधार पाएर सन्तोषको साँस फेर्न सफल भयो । मधेसको जनताले लामो समयदेखि खस-आर्य शासकले आफूलाई दोस्रो दर्जाको नागरिक बनाएको यथार्थलाई तोड्न नै २०६३ को आन्दोलन गरेर सङ्घीयतालाई अन्तरिम संविधानमा स्थान दिलाएका थिए । तर फेरि २०७२ को संविधान जारी हुँदा सङ्घीयता भए पनि मधेसको लागि 'कौवालाई बेल पाक्यो हर्ष न विस्मात' को अवस्थामा पुऱ्याइदिएकोले आन्दोलनबाहेक उनीहरूसँग कुनै विकल्प नै नभएको अवस्था आइपरेको हो । यो मधेसको बाध्यता हो, रहर होइन भन्ने कुरा शासकहरूले बुझ्नुपर्दछ । त्यस्तै बाध्यता भारतको पनि हो ।

तर हामीले बुझ्नुपर्ने कुरा के हो भने राजनीति लहर होइन विज्ञान हो र विज्ञानले के भन्छ भने चीन नेपालको विकासमा ठूलो सहयोगी हुन सक्छ तर भारतसँगको व्यापारको मूल्यमा यसले नेपाललाई सहयोग गर्न सक्दैन । चीनको नेपालसितको सम्बन्ध तिब्बतको स्थायित्वमा मात्र आधारित छ र चीनले दिन थालेको तेलको अनुदान र बिक्री उत्तरी भेगको जनताको दुःख कम गरी उत्तरी सीमा शान्त राख्न मात्र लक्षित छ भन्ने कुरा हेक्का राख्न जरुरी छ । केपी ओली प्रधानमन्त्रीमा जित्नुभएको छ र विद्या भण्डारीलाई राष्ट्रपति नै बनाउनु भए पनि देशलाई जिताउने ठूलो चुनौती उहाँको अगाडि छ । देशलाई जिताउन मेरो गोरुको बाऱ्है टक्का नीति छाडेर उहाँले विमति र विभेद सुन्ने विविधतायुक्त मानसिकता स्वीकार गर्ने राजनीतिज्ञको रूपमा आफूलाई विकास गर्न सक्नुपर्दछ । देशको वर्तमान अवस्थालाई निकास दिनु नै सर्वोत्तम विकल्प हुन्छ । आज विश्वभरको राजनीति 'तिमी, तिम्रो लागि'को दर्शनमा चल्न थालेको बेला 'म हाम्रो लागि' भन्ने राजनैतिक दर्शन बोकी हिंड्नु पाखण्ड हो, खोक्रो राष्ट्रवाद हो । त्यसैले जिब्रो टोक्दै भए पनि मधेस समस्याको समाधान नै सबै बाधा व्यवधान फुकाउने सर्वोत्तम उपाय हो ।

२०७२ कात्तिक १८ गते बुधवार

नाकाबन्दीको राजनीति

नेपालका नवनियुक्त प्रधानमन्त्री ओलीले भारतले नेपालविरुद्ध युद्धमा पनि नगरिने अमानवीय व्यवहार प्रदर्शन गरेको वक्तव्य दिएलगत्तै भारतले धर्ना प्रदर्शन नभएको नाकाबाट समेत पेट्रोलियम पदार्थको आपूर्ति बन्द गरेको छ । परराष्ट्रमन्त्री कमल थापाले राष्ट्रसङ्घको मानव अधिकार सम्बन्धी जेनेभा बैठकमा दिनुभएको वक्तव्य लगत्तै बेलायती संसद्मा यसबारे चासो व्यक्त हुन थालेको छ । नेपाल सम्बन्धी बहसमा भाग लिँदै लर्ड ह्यारिसले नयाँ संविधानमा आफूहरूको उल्लेख्य प्रतिनिधित्व नभएको भन्दै नेपाली जनसङ्ख्याको १३ प्रतिशत दलित र अरू सीमान्तकृत वर्ग खिन्न भएकोबारे प्रश्न उठाउँदा बेलायतीमन्त्री एनिलले यो गम्भीर विषय भएको जनाउँदै बेलायत सरकारको नेपालका दलितलगायत तराईका विभिन्न समूह र समस्त नेपाली जनताको अधिकार सुनिश्चित गर्ने खालको संविधान हुनुपर्ने मनसाय व्यक्त गर्नुभएको थियो भने संयुक्त राज्य अमेरिकाले 'नेपाल-भारत सीमामा बढ्दो अस्थिर अवस्थाका कारण मानवीय सङ्कट आउन सक्ने भन्दै गम्भीर चिन्ता व्यक्त गरेको छ । यो त भयो अन्तर्राष्ट्रियकरणका साथै व्यक्त भएका चिन्ताहरू । नेपालभित्रको चिन्ताको छनक सरकारबाहेक नेपालको पहाडी भेगमा बस्ने केही बुद्धिजीवीको चिन्ता रिपलब्लिकाको ७ नं.को सम्पादकीय पृष्ठमा प्रकाशित महावीर पौड्यालको Hobsons choice शीर्षकको लेखको एउटा अंशमा Morcha protestors were not forced to flee. They chose to go to No Men's Land to block supplies after agitation failed to gain momentum. They hurl stones at Nepal Police from across the border They provoke police, at times, police responds by openeng fire randomly.

माथि उल्लिखित अन्तर्राष्ट्रियकरण र पौड्यालको भनाइलाई मनन गर्दा समस्या समाधान किन नभएको हो भन्ने कुरा एकदमै स्पष्ट हुन आउँछ । बेलायत र अमेरिकाले स्पष्ट शब्दमा अधिकारको कुरा सम्बोधन गर्नुपर्ने कुराभन्दा त्यसलाई हामीले सरकारी नीतिको समर्थन भन्ठान्यौं किनभने महावीर पौड्यालहरूको जमात मधेस आन्दोलन असफल हुन लागेकोले दबाब बनाउन नाकाबन्द गरेको आत्मरतिमा छन् । उनीहरूको बुझाइमा आन्दोलनकारीहरूले ढुङ्गामुढा प्रहार गरेपछि पुलिसले यदाकदा जथाभावी गोली चलाउने गरेको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीको जथाभावी गोली प्रहारले मधेसका ४०-४५ जना युवकको टाउको, घाँटी र छाती मात्र छेड्यो । यो कस्तो संयोग हो ? संयोग पनि बराबर हुन थालेमा त्यो नियमित हुन आउँछ । यो नियमित हो भन्ने कुरा भारतीय नागरिक आशीषको हत्याबाट स्पष्ट भएको छ । आशीष घुसपैठिया वा आन्दोलनकारी नै थिए भने कुन कानुनले उसलाई टाउको वा छातीमा गोली हान्ने अधिकार दियो ? कानुन त आन्तरिक हुलदङ्गा दबाउन कम्मरमुनि गोली हान्नेसम्म

हो। तर नेपालमा सर्वोच्च अदालतको आदेशपश्चात् पनि टाउको, छाती र घाँटीमा गोली हान्ने काम भयो। यो कुन आयोग, अदालत वा निकायले हेर्ने हो। पौड्यालजीहरूलाई बोध होस् मधेस आन्दोलनको शक्ति एक दिनको मानव शृङ्खलाले नै देखाएको थियो। त्यसैले मधेस समस्याको समाधानको एक सूत्रीय मूलमन्त्र यसको सम्बोधन मात्र हो र यो सम्बोधन हुने बित्तिकै भारतको घोषित/अघोषित नाकाबन्दी स्वतः समाप्त हुन्छ किनभने भारतले नै पटक-पटक नेपालभित्रको तरल राजनैतिक स्थितिले यस्तो अवस्था आएको भन्दै आएको छ। तर हामी यसलाई लम्ब्याउन चाहन्छौं। किन ? भूपू भारतीय प्रधानमन्त्री स्व. राजीव गाँधीको समयमा नेपालमा नाकाबन्दी हुँदा राजा र कम्युनिस्ट एकै ठाउँमा थिए र बहाना बन्यो नेपालको चीनसँग हतियार खरिद । आज पनि राजावादी, कम्युनिस्ट एकै ठाउँमा छन् चीनको सहयोग छ र भारतले मधेस आन्दोलनको निहुँमा नाकाबन्दी गरेको छ। के यो ओलीजीले बुझ्नुभएको छैन । चीन तातोपानीको सट्टा केरूङ सडक सिल्करोडको भाग पनि हो र केरूङलाई २०२० सम्म रेलबाट सिगात्सेसँग जोड्ने चीनको योजना छ । यो योजना सफल भएमा रसुवा गढीबाट चितवन हुँदै भारतलाई अत्यन्त छोटो दूरीले जोड्न सकिने र भारतीय बजार खासगरी बिहार र उत्तर प्रदेशमा सजिलै प्रवेश पाइने उसको अपेक्षा रहेको बुझिन्छ। चीन सरकारको मनमा नेपालप्रति सदभाव नै भएको भए केरूङको साथै तातोपानी नाका खुलाइदिएको भए आज चीनबाट नै आउने पेट्रोलियम पदार्थलगायत तातोपानीमा रहेका सैकडौं कन्टेनरहरू नेपाल प्रवेश गर्ने थिए र तेलको यस्तो मारामार हुने थिएन। चीनले भावनात्मक सदाशयता त देखायो तर कार्यात्मक सदाशयतामा उसले मौकाको फाइदा उठाएकै हो। यस सत्यलाई महावीर पौड्यालहरूले बुझ्न जरुरी छ। यो बुझाइले काठमाडौंका इलाइटहरूलाई आत्मरतिबाट मुक्ति मिल्नेछ ।

यसै प्रसङ्गमा एउटा अनौठो कुरा पनि नेपालमा भएको छ। त्यो के भने तराईका मधेसीहरूले भारतको पक्षमा कुरा गर्नासाथ भारतपरस्त हुने तर पहाडका बासिन्दाहरूले चीनको पक्षमा जति बोले पनि चीनपरस्त नहुने। मधेसीले राष्ट्रवादी हुन शासकहरूको बोली नै बोल्नुपर्ने होइन भने गद्दार हुने। २१औं शताब्दीमा ९० प्रतिशत सत्ता ओगटेका शिक्षित, कुलीन र घरानिया राष्ट्रवादीहरूले यस्तो सोच राख्नु भएन। तपाईंहरूले बाटो नबनाए पनि, स्कूल नखोले पनि, स्वास्थ्य चौकीमा औषधि नै नपठाए पनि छिमेकको भारतीय शहरमा पैदल नै हिंडेर भए पनि शिक्षित हुँदै आएको मधेसी युवालाई शिक्षाले आफ्नो जिम्मेदारी र राष्ट्र निर्माणमा पाउनुपर्ने भूमिका खोज्ने विवेक प्रदान गरिसकेको छ। त्यसैको परिणाम हो मधेस आन्दोलन।

मधेस आन्दोलन मधेसको लागि मात्र होइन समग्र राष्ट्रको लागि हो भनेर बुझाउने मान्छेको कमी भएकै हो । अन्तरिम संविधानमा भएको 'समानुपातिक समावेशी र २०७२ को संविधानमा लेखिएको 'समावेशी' को विभेद मधेसकाले बुझे

तर पहाडका गरिब, अशिक्षित, दलित, जनजातिमध्येका अधिकांशले बुझ्केनन् । समानुपतिक समावेशीभन्दा अन्यलाई जत्तिकै दलित, जनजाति, आदिवासी मधेसी थारू र मुस्लिमलाई पनि दिनुपर्ने हुन्छ भने समावेशी मात्र भन्दा जसलाई जति दिए पनि हुने भनेर खेल्ने ठाउँ मिलाइएको हो । तराई मधेसमा ५२ प्रतिशत जनता र पहाडमा ४८ प्रतिशतका लागि १०० निर्वाचन क्षेत्र कसरी न्यायोचित छ ? त्यसैले दक्षिण एसियाकै उत्कृष्ट संविधान जारी गर्नेहरू अहिले भेन्टिलेटरमा पुगेका छन् । मधेसमा मधेसी मात्र होइन पहाडिया पनि बस्छन् । सिटको अनुकूल वितरणबाट सत्तामा उनीहरूको सहभागिता पनि बढ्नेछ । मधेसमा २ प्रदेशको स्थापनाबाट सुशासनमा मधेसीको आवाज र पहुँच बढ्नेछ । यही नै शासकहरूको लागि सबैभन्दा ठूलो काँडा भएको छ । ननिल्नु नओकल्नु । तर समय धेरै परिवर्तित भइसकेको छ । आज कही पनि कोही पनि मधेसको माग नाजाजय छ भन्ने अवस्थामा छ भने अगाडि आउन समग्र मधेस आह्वान गर्दछ । होइन भने मधेसलाई राष्ट्रको मूलधारमा प्रवेश गराएर देशको विकास गर्ने अवसरबाट वञ्चित गर्नेहरूलाई समयले, नियतिले र जनताले उठ्नै नसक्ने गरी यसरी हुत्याउने छ कि उनीहरूको नालीबेलीको अत्तोपत्तो नै हुनेछैन ।

२०७२ कात्तिक २५ गते बुधवार

धराशयी अर्थतन्त्र : चुच्च राष्ट्रवाद

नेपालको अर्थतन्त्र पूर्णतया धराशयी हुने अवस्थामा पुग्न लागेका समाचारहरू छापामा आउन थालेका छन् । भारतीय नाकाबन्दीका कारण इन्धनको आयात ७५ प्रतिशतले घटेको कारण उद्योगधन्दा, पर्यटन, शिक्षा र स्वास्थ्य, यातायातलगायतका सबै क्षेत्र प्रभावित हुन थालेका छन् । कृषि क्षेत्रमा पनि उत्पादन १५ प्रतिशतले घट्नेछ भने बैंक तथा वित्तीय क्षेत्रसमेत प्रभावित भएका छन् । गरिबीको रेखामुनि अर्थात् दिनको २ सय रुपैयाँ मात्रै कमाउने जनसङ्ख्या ५७.३ प्रतिशत अर्थात् करिब १.५ करोड रहेको विश्वबैंकको 'भिजन फर नेपाल' नामक अध्ययन प्रतिवेदनमा उल्लेख छ। लामो समयको नाकाबन्दीले यो समूह निरपेक्ष गरिबीको रेखामुनि अर्थात् १ डलर वा १ सय रुपैयाँ प्रतिदिन कमाउने समूहमा धकेलिएको छ । विनाशकारी भूकम्पको कारण ७ लाख जनसङ्ख्या थप गरिबीको रेखामुखि पुगिसकेकोले नै विज्ञहरूले अर्थतन्त्र डिप्रेसनमा जान लागेको अर्थात् ऋणात्मक हुने अवस्थामा आउन थालेको औंल्याएका छन् । यस्तो आर्थिक दुरावस्थाबाट देशलाई जोगाउन राजनीतिक निर्णय आवश्यक हुन्छ । यस्तो राजनीतिक निर्णय लिने नेताहरू व्यक्तिगत महत्त्वाकाङ्क्षाविहीन हुन्छन् । अहिले नेपालको राजनीतिक नेतृत्वको कुरा गर्दा प्रधानमन्त्रीले हालै राष्ट्रको नाममा सम्बोधन गरे । यसबारे तपाईंको आफ्नै प्रतिक्रिया होला तर प्रतिपक्षमा रहेको नेपाली काङ्ग्रेस र आन्दोलनरत मधेसी दलहरू निराश छन् । नेपाली काङ्ग्रेसका प्रवक्ताले प्रधानमन्त्रीको भाषण समाधानविहीन समस्याको पोको हो भनेका छन् । मधेसवादी दलको तर्फबाट उपेन्द्र यादवले यसमा मधेस समस्या समाधानको कुनै चर्चा नरहेको र छिमेकीमाथि गरिएको टिप्पणी सम्बन्ध बिगार्ने खालको भएको भनेका छन् । आखिर प्रधानमन्त्री ओली आफ्नो बोलीमा गोली मात्र किन छाड्छन् भन्नेबारे अङ्ग्रेजी दैनिक रिपब्लिकाको सोमवार १६ नोभेम्बरको सम्पादकीय पृष्ठमा विद्वान राजनीतिक विश्लेषक सीके लालको 'Cost of Obduracy' शीर्षकको लेखको केही अंश यहाँ राख्न चाहन्छु । भारतको प्रसङ्ग उल्लेख गर्दै उनी लेख्छन्– सन् १९४० सम्म महम्मद अलि जिन्नाह हिन्दू–मुस्लिम एकताका पृष्ठपोषक थिए, तर १० वर्ष नबित्दै उनले अर्को राष्ट्र नै जन्माए । त्यसैगरी शेख मुजिबुर रहमान पाकिस्तानका कट्टर समर्थक एवं राष्ट्रवादी नेता थिए । तर उनले नै पृथकतावादी आन्दोलनको नेतृत्व गर्दै बङ्गलादेशको निर्माण गरे । आज भारत होस् वा बाङ्गलादेश धार्मिक असहिष्णुताबाट पिरोलिएकै छ । बङ्गलादेशमा त झन् सैनिकवाद र धर्मवादले गहिरो जरा गाडेको छ । श्रीलङ्कामा समेत मध्यमार्गी तमिल नेताहरूको माग अस्वीकार भएपछि तमिल टाइगरको जन्म भयो । यसको राप श्रीलङ्काले वर्षौंसम्म खेप्नुपऱ्यो । किन राजनीतिमा लागेका केही अत्यन्त विद्वान महिला र पुरुष राजनीतिज्ञ देशको अवस्थालाई अधोगतितिर जान दिन्छन् भन्ने प्रश्न गर्दै लेख्छन्– यसको उत्तर

सजिलो छैन तर व्यक्तिगत उत्प्रेरणा एउटा महत्त्वपूर्ण कारण हुन सक्छ । नेहरु र जिन्नाह दुवैको अङ्ग्रेज शासकहरूले भारत छोडेपछि राजनीतिको शीर्ष पुरुष बन्ने चाहनाले भारतको विभाजन भएर पाकिस्तान बन्यो र पाकिस्तानको विभाजनबाट बाङ्गलादेश बन्यो । श्रीलङ्काको विभाजन त भएन तर तमिल टाइगर र श्रीलङ्कालीहरूले अत्यन्त कष्ट भोग्नुपऱ्यो र तमिल टाइगर्सको पनि अन्त्य भयो ।

अब यही परिप्रेक्ष्यमा हाम्रा प्रधानमन्त्रीलाई बुझ्न खोज्दा प्रथम दृष्टिबाट उनको राजनीतिक उत्पत्ति समावेशी र सङ्घीयता अनि गणतन्त्र विरोधी हो । तर लामो राजनीतिक यात्रापछि उनकै काँधमाथि यी सबैलाई लागू गर्नुपर्ने गुरुत्तर अभिभारा आइपरेको छ । यो उनको अग्निपरीक्षा पनि हो । तर अहिलेसम्मको उनको बोली र कामले उनलाई लामो राजनीतिक यात्राले कुनै परिवर्तन नल्याएको भान हुन्छ । देश चलाउनु पनि एक प्रकारको सेवामुखी व्यावसायिक प्रतिष्ठान चलाउनु सरह नै हुन्छ । यसको लागि उद्यमशीलता चाहिन्छ । उद्यमशीलता शिक्षाले मात्र होइन ज्ञानले चल्छ । उद्यमीहरू चार प्रकारका हुन्छन्– १) Innovative (२) Imitative (३) Drone (४) Fabian Innovative ले समस्या समाधानको लागि नयाँ सोच नयाँ कार्यक्रम ल्याउँछ भने Imitative ले अरूले जसरी जे गरी कमाएको छ म पनि त्यसरी नै गर्छु भनेर यथास्थितिवादी सोच राखेको हुन्छ । ३ नं.को Drone ले नाफा घाटाको वास्ता नगरी टाट नपल्टेसम्म आफ्नै पारा आफ्नो परम्परागत व्यवसाय फेर्दैन र ४ नं.को Fabian ले टाट नपल्टेसम्म आफ्नो गति र मति दुवै परिवर्तन गर्दैन र आफू र आफ्नो व्यवसाय दुवै सती जान्छ । उद्यमीको यो वर्गीकरणको परिप्रेक्ष्यमा विश्लेषक सीके लालको प्रश्न Why do some of the most Intelligent men & women in Politics let events detoriate ot the point of disintegration ? को जवाफ लुकेको छ । राजनीतिज्ञहरू दक्षिण एसियामा प्रायः Drone वा Fabian नै भेटिन्छन् । एकपटक सत्ता पाएपछि देश रसातलमा पुगे पनि जबसम्म जनताले भोटबाट फेर्दैनन् सत्ता छाड्दैनन् । उद्यमीसँग परिवर्तनको लागि जनताजस्तो संवाहक हुँदैन र त्यसैले उसले नियति आफैंले भोग्दछ । राजनीतिमा जनता संवाहक हुन्छ, त्यसैले चित्त नबुझे फेरिदिन्छ । त्यसैले हाम्रा प्रधानमन्त्री पनि Drone वा Fabian मध्येको एक हुनुपर्छ । उनको सोच र शैलीलाई जनताले मात्रै फेर्न सक्छ । यसको दुईवटा मात्र तरिका हुन्छ कि भोट कि आन्दोलन अहिले नेपालमा भोट हुने अवस्था नभएकोले आन्दोलन गर्नुपरेको हो । यो आन्दोलनलाई मधेस आन्दोलन भनिए पनि यो वस्तुतः समग्र देशको लागि हो । नागरिकताको मुद्दा मधेस मात्र होइन, पहाडमा पनि लागू हुन्छ । समावेशी सिद्धान्त पनि मेचीदेखि महाकालीसम्मकै लागि हुन्छ । जहाँसम्म सीमाङ्कनको कुरा छ, मधेसमा दुई प्रदेश दिंदा राष्ट्रियता गुम्ने र एक प्रदेश हुँदा नगुम्ने कुतर्क मूर्खहरूको मात्रै हुन सक्छ । राष्ट्रियता भनेको भावना हो र तबमात्रै जागृत हुन्छ, जब सबै देशवासीलाई मेरो हेरविचार गर्ने कोही छ भन्ने भाव पलाउँछ । एउटै देशको ५२ प्रतिशत जनताको

मानमर्दन गरेर के यो भाव पलाउँछ ? र, राष्ट्रियता बलियो हुन्छ । सबै विमति र विभेद पन्छाएर नेपालको संविधान २०७२ कै पनि कुरा गर्ने हो भने यसको प्रस्तावनामा नै देशको सार्वभौमसत्ता जनतामा निहित छ भनिएको छ । ५२ प्रतिशत जनताले नमानेको संविधान कसरी दक्षिण एसियाको सर्वोत्कृष्ट संविधान हुन सक्छ ? संसद्मा यसले ९८ प्रतिशत भोट पाउनु यसको प्राविधिक पक्ष हो । कार्यान्वयनको लागि स्वीकार्यता चाहिन्छ । त्यो ५२ प्रतिशतको भाव यसमा समावेश नभएसम्म सम्भव छैन । राजनीतिको यो प्रारम्भिक ज्ञान हाम्रा नेताहरूलाई नभएको होइन तर प्रेम अन्धो हुन्छ भनेझैं उनीहरू सत्तामोह वा लिप्सामा यति विधि बौलाएका छन् कि उनीहरूको यस मोहले देशलाई नै नोक्सानी पुऱ्याउन थालेको छ । यस मोहलाई उनीहरूले देशभक्तिको नाम दिएका छन् । अहिलेको मधेस आन्दोलन राजतन्त्र हटाउने आन्दोलनभन्दा कम क्रान्तिकारी छ वा अर्को अर्थमा भनौं मध्यमधारको छ । यसले नेपालभित्रै गणतन्त्रको 'तिम्रो लागि तिमी' भन्ने सिद्धान्तलाई आत्मसात् गरेर निकासको बाटो खोज्दा देश धराशयी हुने अनि ४८ प्रतिशत जनताको लागि १०० सिट दिएर ५२ प्रतिशतलाई ६५ सिट पाएर अल्पमतमा बसे मधेसी राष्ट्रवादी हुने अलगाववादी नहुने सोच २१ औं शताब्दीमा राख्ने हाम्रा राजनीतिज्ञ महामानवहरूको विद्वताको बारेमा बोल्नु नै व्यर्थ छ । मधेसमा दुई प्रदेश दिंदा शासनमा जनताको पहुँच सुलभ र पहाडी प्रदेशझैं बराबरीको हुनेछ भन्ने बुझिदिएर समस्याको सम्बोधन गर्ने विवेक आइदिए भर्खरै विनाशकारी भूकम्पको पीडाबाट अनि अब चिसो मौसमको त्रासदी भोग्न बाध्य उनकै पहाडे जनताले पनि त राहत पाउने थिए ।

२०७२ मङ्सिर ०९ गते बुधवार

को कहाँबाट भाग्छ त्यसको सङ्केत देखिंदैछ

२६ नोभेम्बरको काठमाडौं पोष्टमा प्रमोद मिश्राको Shiftenig identies शीर्षक भएको लेख प्रकाशित भएको छ। यस लेखमा उनले नेपालको ख्यातिप्राप्त गोल्छा घरानाका उद्योगपति शेखर गोल्छाको पीडा उल्लेख गरेका छन् जसमा एउटा डेलिगेसनमा जाने कुरामा नेपाली भनिने एक अर्का व्यवसायीले रगतले नेपाली भएको भए राम्रो हुने थियो भन्ने प्रसङ्ग उठाएका थिए र शेखर गोल्छाले कान्तिपुरकै मध्यमबाट ३-४ पुस्ता बिताइसकेका हामीले नेपालमा आधुनिक उद्योग प्रवेश गराएपछि अब नेपाली हुन के गर्नुपर्छ भन्ने प्रश्न गरेका थिए । त्यस्तै प्रसङ्ग २४ अगस्तका दिन भारदहमा भएको घटना र राजविराजको अस्पतालमा भएका घटना जसमा नेपाली सुरक्षा बल (प्रहरी र सशस्त्र)ले त्यहाँका मधेसीलाई बिहारी र धोती भन्दै जहाँबाट आएको त्यही जा भनी गाली गरेको प्रसङ्ग पढेपछि को यहाँका हुन्, को बस्नुपर्ने र को जानुपर्ने भनी जान्न-बुझ्न कौतुहल लागिहाल्यो । आफ्नो भनेर बसेको देशमा 'जहाँबाट आएको त्यही जा' भनेको सुनेर कहाँ जानुपर्ने खोज्नतिर लागें । यस क्रममा मैले जान्न बुझ्न सकेको कुरा यहाँ कोर्दैछु । गल्ती वा त्रुटि भए सच्याीदिनु हुन विज्ञ पाठकहरूमा विनम्र अनुरोध गर्दछु ।

पहिले कुरा गरौं नेपालको । काठमाडौं उपत्यका एउटा पोखरी थियो र चोभारको डाँडा काटेर नेमुनिले पानी बगाएपछि यहाँ बसोवास शुरु भएको तथ्य नेपालको इतिहासमा उल्लिखित छ । 'ने'मुनि बस्ने ठाउँ अर्थात् 'पाल' बनाएकोले यसको नाम नेपाल पर्न गएको बुझेको छु । यस अर्थमा नेपाल भनेको काठमाडौं नै हो भन्ने बुझाइ त्रिभुवन राजपथ नबनेसम्म कायमै थियो भने व्यावहारिकरूपमा अद्यावधि कायम नै छ भन्नुमा कुनै अतिशयोक्ति नहोला ।

दोस्रो प्रसङ्ग मधेसको हो । यस शब्दको विश्लेषणबाट मध्य देशबाट अपभ्रंश भएर मधेसी शब्द बनेको हो । मध्य देश भन्नाले दक्षिणमा समुद्र र उत्तरमा पहाडको बीच रहेको समथर भूभागलाई जनाउँछ । स्वभावतः मधेसमा बस्नेहरू मधेसी हुने भए । भारतसँग नेपाल-तराईको संस्कृति मिल्नु पछाडिको कारण बुझ्न खोज्दा पृथ्वीनारायण शाहले नेपाल राज्य खडा गर्न एकीकरण गर्नुपूर्व जम्बुद्वीप अन्तर्गतको सम्पूर्ण भारतखण्ड ससाना राज्यमा विभाजित भएर रहेकोले दक्षिणतर्फ बनारस आफ्नै ससुराली पर्ने भएकोले त्योबाहेक गङ्गा नदी वारिको सम्पूर्ण ससाना राज्यहरूलाई जितेर नेपाल बनाएको दस्तावेज नै छ । त्यसपश्चात् दोस्रोपटक नेपालको सीमाङ्कन अङ्ग्रेजहरूसित पराजित भएपछि सन् १८१५ मा भएको हो जसले वर्तमान नेपाल राज्यलाई आफ्नो स्वरूप प्रदान गरेको हो । यस आधारमा विचार गर्दा मधेसी अनादिकालदेखि नै मधेसमा बस्दै आएको प्रमाणित हुन्छ भने नेपालमा शासन गर्ने खस आर्यहरूको उत्पत्ति

हेर्दा प्रायः सबै भारतखण्डबाट आएर बसोवास गरेको देखिन्छ । नेवारहरू मङ्गोल र द्रविणको वंशज भएर वर्तमान दक्षिण भारतबाट आएका हुन् र त्यसैगरी ब्राह्मणहरू पनि कुमायु र गढवाल र उडिसाबाट नै आएको देखिन्छ । संस्कृतिकै कुरा गर्दा दक्षिण भारत र खासगरी तमिल संस्कृति र विशेषगरी बाजागाजा तथा नाचगान नेवारी संस्कृतिसँग मिल्दोजुल्दो छ भने ब्राह्मणहरूले भारत र नेपालमा गर्ने पूजाआजा, चारधाम आदि मान्ने चलनले खस आर्यहरू भारतीय संस्कृतिका अभिन्न अङ्ग होइनन् भनी प्रमाणित गर्ने कुनै आधार देखिंदैन । हो थारूहरू र पहाडका अन्य जाति-जनजाति चाहिं यहीकै हुन् । यस्तो इतिहास हुँदाहुँदै कसरी खस र आर्य मात्रै नेपाली भए र मधेसीहरू यहाँबाट भाग्नुपर्ने ? यो त वस्तुतः मधेसीहरूकै भूमि अझ भनौं मातृभूति हो र खस-आर्यहरूले आफ्नो चतुराईले लामो समयदेखि सत्ताको नजिक रहेर शिक्षा र सम्पत्ति आर्जन गरेर शासक बन्न पुगेका हुन् । यस्तो अवस्थामा यहाँबाट भाग्नुपर्ने नै स्थिति आयो भने को भाग्ने धोती कि सुरुवाल तपाईंहरू आफैं विचार गर्नुस् । पाठकवृन्द ! म साम्प्रदायिकताको समर्थक होइन । मेरो ठूलो बुबा (मैले मानेको) वीरगंजको पहिलो नगरपिता केशरमान मानन्धर हुनुहुन्छ । आफूले होश सम्हालेदेखि अहिलेसम्म उहाँले कमिज र धोतीबाहेक अन्य कुनै वस्त्र धारण गरेको देखेको छैन । के अब यिनीहरूले धोती भन्दै उहाँलाई पनि लखेट्ने छन् ? म पृथ्वीनारायण शाहको चार वर्ण छत्तीस जातको फूलवारीको समर्थक हुँ र मेरो सोचाइ के हो भने नेपालका शासकहरूको लागि यो गुरुमन्त्र हुनुपर्छ तर भइरहेको छ ठीक यसको विपरीत । यस्तै दुर्भाग्यपूर्ण सोचाइ नै मधेस आन्दोलनको जरा हो । त्यसैले यस्ता मानसिकता भएकाहरूले के बुझ्नुपऱ्यो भने यो देश मधेसका मधेसीकै पनि भएकोले उनीहरू अन्त कतै जानुपर्ने छैन र बाध्यतावश जानैपर्ने स्थिति आए मधेसी होइन आफूलाई शासक ठान्ने जमातले नै कहाँ जाउँ भन्ने सोच्नुपर्ने हुन्छ । २१औं शताब्दी सहिष्णुता विकास र अन्तर्निर्भरताको शताब्दी हो । यसमा प्रगति गर्नुछ भने आत्मनिर्भरताको आत्मरति त्यागेर आफ्नो स्वाभिमान र पहिचान कायम राख्दै एक अर्कासँग काँधमा काँध मिलाएर अगाडि बढ्ने सोच राख्नु आवश्यक छ, होइन भने यसले निम्त्याउन सक्ने परिणामको सङ्केत देखा पर्न थालेको छ । अङ्ग्रेजीमा भनिन्छ Preventin is better than cure र आफू बाँच्नको लागि अरूलाई पनि बाँच्न दिनुपर्छ ।

२०७२ मङ्सिर १६ गते बुधवार

चर्चा फेरि नाकाबन्दीकै

८ डिसेम्बरको दि हिमालयन टाइम्सको मुखपृष्ठमा एउटा समाचारको शीर्षक छ– Swaraj hopefal of a political solution within a week. समाचारमा भारतको राज्यसभामा नेपालमा भएको नाकाबन्दीको चर्को विरोध भएको कुरा सबै समाचारपत्रको प्रमुख समाचार नै बनेको छ । विपक्षी सबै सांसद्हरूले नाकाबन्दी भारतले गरेको भन्दै त्यसको विरोध गरेका छन् भने काङ्ग्रेस आईका प्रभावशाली नेता मणिशङ्कर अय्यरले नाकाबन्दी भारतले होइन, मोदी सरकारले गरेको भनाइ राख्नुभएको छ । राज्यसभामा उठेको प्रश्नको जवाफ दिने क्रममा भारतीय विदेशमन्त्री सुषमा स्वराजले भने नेपाल मामिलासँग सम्बन्धित तथ्यहरू प्रस्तुत गर्दै सांसदहरूलाई आफैं निर्णय गर्न अनुरोध गर्नै भारतीय जनता पार्टीको सरकारले १७ वर्षसम्म भारतको तर्फबाट कुनै प्रधानमन्त्रीको भ्रमण नभएको अवस्था चिर्दै मोदीले नेपालको भ्रमण गर्नुभएको र बितेको २३ वर्षपछि पहिलोपटक विदेशमन्त्रीको हैसियतमा काठमाडौं पुगेर आफूले मन्त्रीस्तरीय बैठक सम्पन्न गरेको तर्क प्रस्तुत गरिन् । साथै गत वैशाखको महाभूकम्प र प्रधानमन्त्री मोदीकै भ्रमण समयमा गरिएका सहयोगका वाचाहरू स्मरण गराउँदै नेपालमा भारतको यतिविघ्न हाईहाई भइरहेको अवस्थामा त्यहाँ बाईबाई गर्ने मूर्खतापूर्ण कार्य कसले गर्ला भन्ने प्रश्न राख्नुभएको थियो । सबै कुरा यस्तो राम्रो हुँदा कसरी नाकाबन्दी भयो भन्ने कुरा चाहिं खोतल्नुपर्ने नै भएको छ ।

इतिहास साक्षी छ, नेपाल र भारतको सरकारीस्तरको सम्बन्ध सधैं उतारचढावले भरिएको छ । वर्तमान अवस्थामा भारतसँगको मुख्य मुद्दा सूचीकृत गर्दा लिपुलेक, भुटानी शरणार्थी, जलविद्युत् आयोजना नै मुख्य मान्नुपर्दछ । यसबाहेक सीमा संवेदनशीलता पनि अत्यन्त महत्त्वको छ । नेपालमा अहिले चलेको मधेस आन्दोलनले पहाडी र मधेसीबीच बढेको मनको दूरी र पहाडीको चीनसँग र मधेसीको भारतसँगको प्रेमले लिपुलेक मुद्दालाई ओझेलमा पक्कै पारेको छ । नेपालले अब सबल ढङ्गले लिपुलेकको मुद्दा कहिले उठाउन सक्ने छैन ।

दोस्रो भुटानी शरणार्थीको मुद्दामा अमेरिकालगायत देशहरूले शरणार्थी लगिदिएर नेपाल र भारत दुवैलाई होलो पारिदिएकोले पनि अहिले महत्त्वमा छैन । तेस्रो मुद्दा जलविद्युत्को हो । कमरेड प्रचण्ड नेपालको प्रधानमन्त्री भएपछि भएभरिका ठूला विद्युत् आयोजनाहरू भारतीय कम्पनीहरूको पोल्टोमा पर्न गए पनि उहाँ लामो समयसम्म रूक्माङ्गत कटुवाल प्रकरणमा मुछिएपछि भारतीय हस्तक्षेपका कारण सत्ताबाट बाहिरिन पुगेपछि कुनै पनि आयोजनालाई आफ्नो कार्यकर्ताको हस्तक्षेपका कारण अगाडि बढ्न नदिएको पृष्ठभूमिमा भारतीय प्रम मोदीले नेपाललाई भारतमय गर्न खोज्नुभएको प्रसङ्ग हामी सबैले बुझ्नुपर्दछ । पहाडको पानी र जवानी सधैं अरूलाई काम लाग्छ भन्ने

प्रसङ्गको अर्थ अहिले स्पष्ट हुन थालेको छ ।

३० नोभेम्बरमा पेरिसमा भएको सम्मेलनको पूर्वसन्ध्यामा संयुक्त राष्ट्र सङ्घमा प्रकाशित केही तथ्याङ्कहरूको अध्ययन गर्न जरुरी छ । बितेको दुई दशकमा मौसमी प्रतिकूलताका कारण उत्पन्न प्रकोपबाट मात्रै ६ लाख मानिसको मृत्यु भएको छ । संयुक्त राष्ट्र सङ्घको प्रतिवेदन अनुसार गएको एक दशकमा प्रतिवर्ष ३३५ वटा मौसमसँग सम्बन्धित दुर्घटनाहरू भए जुन यसभन्दा पहिलेको दशकभन्दा दोब्बर हो । मौसमी प्रकोपमा बाढी एक्लैले ५० प्रतिशत स्थान ओगटेको छ भने आँधीबेरीबाट २ लाख ४२ हजार मानिसको मृत्यु भएको छ, सुख्खाबाट करिब ५ लाख, तापक्रमबाट ४८ हजार । त्यसैले ग्लोबल वार्मिङ्गलाई २१ औं शताब्दीको अन्त्यसम्म ६ डिग्री सेल्सियस बढेर विनाशलीला मच्चिनबाट रोक्न २ सेल्सियस मात्र बढ्न दिने कार्यक्रम तय गर्न बसेको बैठकमा भारतमाथि सबैभन्दा बढ्ी दबाब थियो किनभने भारत नै विश्वमा तेस्रो सबैभन्दा ठूलो कार्बन उत्सर्जन गर्ने देश हो। २१ औं शताब्दीमा पुग्न भारतलाई थप १३०० गीगावाट विद्युत् आवश्यक पर्दछ। भारतले यसको एक चौथाई मात्र जलविद्युत्बाट उत्पादन गर्न सक्दछ र अरू थपको लागि कार्बन उत्सर्जन गर्ने पदार्थ-जस्तै कोइला र डिजलमैं भर पर्नुपर्ने अवस्था छ। यस अवस्थामा नेपालको कर्णाली र कोशी बेसिनबाट भारतले करिब ५५-६० गीगावाट विद्युत् पाउन सक्छ र अन्य ठूला आयोजना बनेमा अत्यन्त आशावादी हुँदा १०० गीगावाटसम्म भारतले पाउन सक्ने अवस्था देखिन्छ । त्यसैले नरेन्द्र मोदीले नेपाल भ्रमणको समयमा कर्णाली पञ्चेश्वर परियोजनालगायतको कुरा उठाउँदै पहाडको जवानी र पानीको कुरा उठाएर भारतसँग सहयोग गर्न आग्रह गर्नुभएको थियो ।

उहाँको यो आग्रह नेपालको संविधान २०७२ मा समेटिएन । अन्तरिम संविधानमा उल्लिखित समावेशीको प्रतिशत ६० वाट घटाएर ४० प्रतिशतमा झार्ने तथा निर्वाचन क्षेत्र बनाउँदा मधेसमा ६० र पहाडमा १०० सिटको व्यवस्था कायम भएको अवस्थामा जल, जङ्गल र जमिन केन्द्रमा रहने संवैधानिक व्यवस्था अनुसार भारतलाई प्रचण्ड सरकारको पृष्ठभूमिमा काम गर्न अप्ठेरो हुने ठानेर मधेसवादीहरूले हकको आन्दोलन भनेर चलाइरहेको अवसरलाई उपयोग गरेर आफ्नो अनुकूल संवैधानिक व्यवस्था बनाउन खाजेको हो । युरोपियन युनियनले गरेको सहयोगबापत हामी हिन्दू राष्ट्रबाट धर्मनिरपेक्ष हुन सक्छौं र राष्ट्रिय स्वाभिमानको कुरा उठ्दैन भने सबैभन्दा ठूलो सहयोगी देश भारतले नेपालभित्रैकै नेपाली नागरिकको हक अधिकारको लागि समर्थन जनाउँछ भने राष्ट्रिय स्वाभिमानको कुरा कहाँबाट उठ्छ ? शान्तिपूर्ण आन्दोलनमा ताकीताकी कानूनविपरीत छाती र टाउकोमा गोली हान्ने विषयमा बोल्न अप्ठेरो मान्ने सरकारले पेरिस हत्याकाण्डको निन्दा गर्न सुहाउँछ ? भारतको विरोध गर्दै हामी चीनको नजिक पुग्यौं । हात लाग्यो शून्य । भारतसँगको व्यापारलाई ताकमा राखेर चीनले नेपाललाई कहिले सहयोग गर्दैन र यो उसको तिब्बतको स्थायित्वको लागि मात्र

नेपालसँग सम्बन्ध राख्ने घोषित नीतिविपरीत हुन्छ भन्ने कुरा यसै पत्रिकाको विगतको अङ्कमा पटक-पटक लेखिएकै हो ।

बेलायत, अमेरिका र चीन र संयुक्त राष्ट्र सङ्घसमेतले नेपालको नाकाबन्दीमा चासो देखाए पनि मधेस आन्दोलनको उपेक्षा गर्न सकेनन् । यस प्रसङ्गमा टाइम्स अफ इन्डियाको २४ नोभेम्बरको अङ्कमा प्रकाशित एउटा समाचारले स्पष्ट गर्दछ । जसमा India will work with countries in the region and beyond including U.S. and Russia to ensure common ocean, space and cyber for shared prosperity भन्ने समाचारले वस्तुगत तथ्य स्पष्ट पार्दछ ।

सबै कुरा यति छर्लङ्ग भए पनि बुझ पचाएर ओली सरकारले राष्ट्रघाती काम गर्दै आन्दोलनलाई लम्बिन दिएर देशको विकास र अर्थतन्त्रलाई अधोगति लगाएर पनि केही गर्न नसक्ने देखेर अन्ततोगत्वा उपप्रम कमल थापालाई उनका गुरु रविशङ्करकहाँ पठाएर भारतीय नेताहरूसमक्ष आत्मसमर्पण गरेको तथ्य विस्तारै उजागर हुँदैछ । अब कहाँ गयो राष्ट्रियता, स्वाभिमान र आत्मनिर्भरता । आजको युग अन्तर्निर्भरताको युग हो । आफूसँग भएको दिने र नभएको लिने विश्वव्यापी सोच हो भने तिमी तिम्रै लागि भन्ने २१ औं शताब्दीको गणतन्त्रको सोच हो । ओली सरकारले तिमी तिम्रै लागि भन्ने राजनैतिक दर्शन नबुझे पनि कम्तिमा अन्तरिम संविधानको प्रगतिशील दफाहरूको दिशा फर्काउने काम नगरेको भए ३-३ महिनासम्म सम्पूर्ण देशवासीले यति कष्ट र पीडा सहनुपर्ने थिएन ।

२०७२ मङ्सिर २३ गते बुधवार

जनता नै अघि सर्नुपर्छ

नेपाली काङ्ग्रेसले उसको सरकारको पालामा दर्ता गराइएको संशोधन विधेयक पेश नगरेको भन्दै संसद् अवरुद्ध गर्दै आएकोमा काङ्ग्रेसकै बैठकमा यस कार्यबाट पुनर्निर्माण विधेयक पास गर्न नसकिएको भन्दै चर्को विरोध भइरहँदा सरकारले नेकासमक्ष चारवटा विकल्प प्रस्तुत गरेको छ । यसमा पहिलो विकल्पमा मधेसी मोर्चाको विरोधको बेवास्ता गर्दै दुवै विधेयक संसद्मा पेश गर्ने, दोस्रो विकल्पमा दुवै विधेयक प्रस्तुत गर्ने तर संविधान संशोधन विधेयकलाई सभाध्यक्षको आदेशबाट कारबाईबाट रोकी पुनर्निर्माण विधेयकमा मात्र कारबाई गर्ने, तेस्रो दुवै विधेयकलाई बेग्लाबेग्लै १५–३० मिनेटको अन्तरालमा संसद्मा पेश गर्ने र चौथो पुनर्निर्माण विधेयक मात्र पेश गर्ने । चारवटैमध्ये काङ्ग्रेसले कुनै विकल्प पनि रोजेमा कौआलाई हर्ष न विस्मातको स्थिति नै मधेसको लागि बन्ने निश्चितप्रायः छ । किनभने काङ्ग्रेसको संविधान संशोधन विधेयकलाई सिमानासमेतको प्याकेज डिल नभएसम्म यथास्थितिमा नमान्ने कुरा मधेसी मोर्चाले स्पष्ट पारिसकेको छ । यहाँनेर काङ्ग्रेसले चौथो विकल्प रोजेर मधेसी मोर्चासँगका सम्बन्ध सुमधुर बनाइराख्नुपर्ने सर्वोत्तम विकल्प देखिन्छ ।

तर उपप्रम एवं परराष्ट्रमन्त्री भारतबाट फिर्ता भएलगत्तै गुरु रविशङ्करको प्रयासबाट देखापरेको खुशीका साथ उजागर भएको ३ बुँदे रोडम्याप कतै मेटिन थालेको त होइन भनी शङ्का पनि लाग्न थालेको छ । किनभने एकातर्फ मधेसी मोर्चाका तर्फबाट राजेन्द्र महतोले दिनुभएको वक्तव्य अनुसार अब उहाँहरूले मोर्चाको आन्दोलनलाई थप सशक्त बनाउनुहुनेछ भन्ने आशय व्यक्त भएको छ भने त्यसै अनुरूप हिजोदेखि सुख्खा बन्दरगाहमा धर्नासमेत थालिएको छ । साथै मोर्चाका जनपरिचालन समितिका संयोजक प्रदीप यादवले पुस ३ गतेदेखि यातायात, कलकारखाना, शैक्षिक संस्था एवं बजारसमेत बन्द गराउने निर्णय भएको सार्वजनिक गर्नुभएको छ भने अर्कोतर्फ एमालेका वरिष्ठ नेता एवं पूर्व प्रम माधवकुमार नेपालले केही नेताहरूको स्वार्थको कारण मधेसलाई बाधक बनाइएको भन्दै ९० प्रतिशतको बहुमतले पारित संविधानलाई अलोकतान्त्रिक भन्न नमिल्ने भन्दै यसले मधेसको अधिकार सुनिश्चित गरेको भन्दै दोहोरो नागरिकता बोक्नेहरू मधेसको लागि खतरा बनिरहेको र यसको छानबिन हुनुपर्ने माग अगाडि सार्नुभएको छ । यस भनाइले राष्ट्रिय सोच अझै साझा बन्न नसकेको र दुवैले एक अर्कालाई शङ्काको दृष्टिकोणले हेरिरहेको प्रस्ट हुन्छ । माधवजी सरकारमा प्रत्यक्ष सहभागी नभएको र एमाले प्रधानमन्त्रीको विरोधी खेमाको नेता हो भन्ने आधार लिएर उहाँको भनाइलाई महत्त्व नदिने हो भने पनि राष्ट्रपतिले बोलाउनुभएको बैठकमा प्रधानमन्त्री ओलीले मोर्चा नेता महन्थ ठाकुरलाई इङ्गित गर्दै "नचिनेको घोडामा चढेकोले अब हामीले नै ओराल्नुपर्ने" व्यङ्ग्य गर्नुभएबाट माधवजीको भनाइको अर्थ

ठ्याक्कै मिल्ने भएकोले आउँदा दिनहरू सुखद हुने छैन भन्ने भान पर्न थालेको छ । गुरु रविशङ्करको पहलमा बनेको समझदारी पछि देखा परेको दृश्यले दुईवटा अर्थ निकाल्न सकिन्छ । सरकार सकारात्मक हो भने यसले प्रमको भनाइ जस्तै सेफ ल्यान्डिङ गर्न मधेसलाई दिने सोच बनाएको हुन सक्छ । तर यस्तो अवस्थामा आन्दोलनलाई थप सशक्त बनाउने कुनै अर्थ रहँदैन । सरकार नकारात्मक सोचमा छ भने यसले अहिले खुकुलो नाकाबाट आएको इन्धनको भण्डारण गरेर मोर्चालाई थकाउने योजना बनाउन सक्छ किनभने मधेसको जनता अहिलेको समयमा कृषि कार्यमा व्यस्त रहन्छ । त्यसैले अब सशक्त हुने भनिएको आन्दोलनमा जनसहभागिताको अवस्था देखेर यसले आफ्नो रणनीति बनाउने सोच लिएको हुन सक्छ । यस्तो अवस्थामा भने मोर्चाका नेता राजेन्द्र महतोले भनेजस्तै आन्दोलन हिंसक हुन सक्छ वा जातीय विद्वेष फैलाएर यसलाई साम्प्रदायिकतातर्फ उन्मुख गराउन सकिन्छ वा अलगाववादी शक्ति हावी हुन सक्दछ । यो तीनै अवस्था देशको लागि अत्यन्त घातक हुने निश्चितप्रायः छ । मधेसी मोर्चाको आन्दोलन कमजोर साबित भएमा सिके राउत प्रवृत्ति हावी हुन सक्छ र त्यस अवस्थामा सेना परिचालन गर्ने स्थिति बनाउन सरकार स्वयंले मगरात र लिम्बूवानको मुद्दा उठाएर मधेसको दुई प्रान्त वा प्रदेशको मागलाई निरस्त गर्न भएकै ७ प्रदेशमा 'गोर्खाल्यान्ड' मोडेलको प्रयोग गर्न सक्छ भन्ने कुरा सत्तारूढ नेताहरूबाट बारम्बार ७ प्रदेशको खाकाभित्रै समाधान खोज्ने भनाइबाट पनि स्पष्ट हुन थालेको छ । यस्तो कार्यले देश रसातलमा जाने र गृहयुद्धको भुमरीमा फस्ने निश्चित भएकोले यस्तो स्थिति आउन नदिन अब नागरिक समाजले नै अगुवाइ गर्नुपर्ने बेला आएको भान पर्न थालेको छ । नेपाल राष्ट्र बैंकको एक अध्ययन अनुसार महाभूकम्पले करिब १० लाख थप नेपालीलाई गरिबीको रेखामुनि पुऱ्याएको छ भने मधेस आन्दोलनले अर्को १० लाखलाई गरिबीको रेखामुनि पुऱ्याउने छ । अहिले नै करिब २४ प्रतिशत जनता प्रतिदिन १.२५ डलर वा सोभन्दा घटी आम्दानीमा बाँचेको छ र ५६ प्रतिशत २ डलर प्रतिदिन कमाएर जीवन धान्दैछ । विगत ८ महिनाभित्र उत्पन्न यो परिस्थितिमा पहाड भूकम्प र मधेस आन्दोलनले पीडित छ । १९ प्रतिशत गरिबी भएकोले तुलनात्मकरूपमा समृद्ध मानिएको प्रदेश नं. २ को ८ जिल्लाको वर्तमान अवस्थामा २२०० उद्योग बन्द छन् जसबाट करिब २,२०,००० मानिस बेरोजगारी भएका छन्, कृषिको लागि डिजेल र खाद छैन, शिक्षण संस्था बन्द छन्, औषधि नपाइने अवस्था छ ।

मधेसीले त सत्ता खोस्न आन्दोलन गरेकोले सत्तासीनहरूले रिस साध्ने सोच्न सक्छन् किनभने यिनीहरू नेतृत्वमा हुनुपर्ने गुण नै छैन भने पनि भूकम्पपीडित वृद्ध, युवा र बालकसमेतलाई चिसोमा कठ्याङ्ग्रिएर मर्न छाड्ने यो सरकार अब न पहाड न मधेसको लागि उपयोगी छ । त्यसैले अब पहाड–मधेस दुवैले एकजुट भएर समस्याको समाधान खोज्ने हो भने सरकारकै विकल्प खोज्नु उचित हुनेछ ।

२०७२ पुस ०१ गते बुधवार

- विनोद गुप्ता

के लेखुँ के नलेखुँ !

लामो समय करिब एक महिनाको अन्तरालपछि पुनः लेख्दैछु । के लेखुँ, के नलेखुँ भइरहेको छ । २४ डिसेम्बर २०१५ का दिन कामविशेषले दिल्ली प्रस्थान गर्दा वीरगंज वा भनौं नेपालमा जेजस्तो स्थिति थियो कमोवेश त्यही स्थिति आज पनि छ । २५ डिसेम्बर राति दिल्लीमा रहँदा अफगानिस्तानलाई केन्द्रबिन्दु बनाएर शक्तिशाली भुइँचालो मध्यरातमा गएको थियो, तथापि दिल्ली आफ्नै गतिमा निरन्तर चलिरहेको थियो । हामी बसेको अजमल खाँ रोडका होटलहरूमा प्रायः नेपाली अनुहारहरू देखिन्थे तर एकअर्कासँग संवाद गरिहाल्नेतर्फ अरुचि नै पाए । तर पनि बुझ्दै जाँदा अधिकांश त इन्डक्सन हिटर, चामललगायतका सामानहरू नेपाल पठाउने तयारीमा महिनौंदेखि बसिरहेका जानकारी प्राप्त भयो । नेपालका मधेसी नेताहरू तथा उपप्रम कमल थापा दिल्लीबाट फर्केलगत्तै पलाएको नाका खुल्ने र आन्दोलन समाप्त हुने आशा मृतप्रायः भइसकेको छ । यसक्रममा नाका खुल्ने र आन्दोलनका कार्यक्रमको विश्लेषण गर्दा रक्सौलबाहेक अन्य सबै नाका सुचारु भइसकेपछि पनि नेपाल सामान्य हुन सकेको छैन । भनिन्छ, रक्सौल नाकाबाट ७० प्रतिशत आयात र अन्य नाकाबाट ३० प्रतिशत मात्र हुने भएकोले अझै अभावको स्थिति छ । तर रक्सौलमा रहेका अधिकांश गाडीहरू रिरुट भइसकेका र व्यापारीहरूले मालसामान सुक्खा बन्दरगाह वा अन्य नाकाबाट आयात गरिरहँदा पनि अझै ७०/३० को तथ्याङ्क समातेर बसिरहनु आत्मरतिबाहेक अरू के हुन सक्छ । विगत ३/४ महिनाको सुक्खा बन्दरगाहको आयातको तथ्याङ्क हेर्दा पनि यो पुष्टि हुन्छ ।

त्यसैगरी पत्रपत्रिका एवं रेडियोहरूबाट प्रसारित समाचार अनुसार काठमाडौं र अमलेखगंज तेल डिपोमा तेल राख्ने ठाउँ छैन तर तेल र ग्यासको हाहाकार यथावत् छ । यस सम्बन्धमा मानव अधिकार आयोगले सरकारको ध्यानाकर्षण गराएको छ भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि अभाव हटाउन निर्देशन दिइसकेको छ । यहींनिर बुझ्नुपर्ने कुरा के छ भने भारतले आफूमाथि परेको नाकाबन्दीको अन्तर्राष्ट्रिय दबाब थेग्न आफूले नाकाबन्दी नगरेको देखाउन मञ्चन गरेको नाटक सफल भयो । अन्य सबै नाका खुलेर रक्सौल मात्र बन्द हुँदा दोष आन्दोलनकारीको पोल्टामा पर्दा भारत, अन्तर्राष्ट्रियजगत् र नेपाल सरकार पनि दङ्ग । मरे र मर्दैछन् नेपाली जनता । पहाडकाहरू महँगी र जाडोले तथा तराईकाहरू पनि महँगी र जाडोले नै मर्दैछन् ।

अब कुरा गरौं आन्दोलनको । लगभग आधा वर्ष नै पूरा हुने छाँटकाँट देखिंदैछ आन्दोलनको । गजबको आन्दोलन र गजबको सरकार छ नेपालमा । सरकार इन्धन तथा खाद्य सामग्री स्टक गरेर आन्दोलनकारीलाई थकाउने तयारीमा छ भने आन्दोलनकारीहरू सुस्ताएर पुनः ऊर्जावान हुँदैछन् । यत्रो लामो समयको बन्दले उत्पन्न बेरोजगारीको समस्या समाधान खोज्दै तस्करीतर्फ उन्मुख भएको सङ्केत विभिन्न माध्यमहरूबाट प्राप्त भइरहेका छन् । त्यसैगरी तराईका युवाहरू विदेशिने क्रम पनि बढेको छ । भोलि आन्दोलन समाप्त भएमा अन्य श्रमका मान्छेहरू त आफ्नो बाटो

फर्केलान् तर तस्करीमा मात्र पल्केकाहरू कहाँ जालान् ? र, आफ्नो खर्च धान्न उनीहरूले समाउने बाटो केन्द्र वा प्रदेशकै लागि पनि ठूलो टाउको दुखाइ हुने निश्चित छ । यस अर्थमा यस समस्याको समाधान जति छिटो हुन्छ, त्यति नै राम्रो भन्नुमा कुनै अतिशयोक्ति नहोला । यस विषयको गम्भीरतालाई बुझेर नै होला सरकारी पक्ष एवं मधेसी मोर्चाले कार्यदल गठन गरे र कार्यदलले समेत प्रशंसनीय काम गर्दै विवादित विषयहरूलाई सहमतिनजिक पुऱ्यायो तर शीर्ष बैठकमा प्रमको प्रस्तुति र लगत्तै घटेको रड्गेली घटनाबाट 'नौ दिन चले अढाई कोस' भन्ने उक्ति चरितार्थ गरायो । यहाँनिर के स्मरणीय हुन आउँछ भने जब जब दुवै पक्षबीचको वार्ता सहमतिनजिक पुग्छ, यस्ता घटना दोहोरिन्छन् र सहमतिको वातावरण भाँडिन्छ । यसबाट के अर्थ निस्किन्छ भने या त राजनीतिक सत्ताले नै यस्तो होस् भन्ने चाहेको छ या राज्यसत्ता (ब्यूरोक्रेसी) सहमतिको विरोधमा छ । यस्ता घटना चाहे त्यो वीरगंज, भारदह वा रड्गेलीको होस् आमजनतालाई लक्षित गरी गोली प्रहार गरिएको पाइएको छ, जसले गर्दा आन्दोलनको वातावरण भयग्रस्त होस् । देशको शान्ति सुरक्षा र अमनचैनको लागि यो राम्रो सङ्केत होइन । बिग्रिएको यस्तो वातावरणमा मधेसी दलको विरोधको बावजुद नेपाली काङ्ग्रेसले आफू नेतृत्वमा रहेको बेला प्रस्तुत गरेको दुईवटा संशोधन प्रस्ताव संसद्बाट पारित भएको छ । यसले आंशिकरूपमै भएपनि सुरुआत भएको मान्न सकिन्छ । तर बीबीसीले प्रस्ताव पारित भएकै दिन राति प्रसारित आफ्नो समाचार बुलेटिनमा भारतको तीव्र दबाबका कारण दुईवटा संशोधन प्रस्ताव पारित गरिएको समाचार प्रसारित गर्नु र भारतको विदेश मन्त्रालयले संशोधनको स्वागत गर्दै सीमाङ्कनको मुद्दा पनि संशोधन हुने अपेक्षा व्यक्त गरेबाट भारत पनि मधेस समस्याको मधेसी मोर्चाले चाहेजस्तो प्याकेजमै सहमति चाहँदैन भन्ने स्पष्ट नै भएको छ । साथै भारत नेपाली प्रम केपी ओलीको भारत भ्रमण छिटो होस् भन्ने चाहन्छ । नेपालको भारतसँगको पारवहन सन्धि पनि छिट्टै समाप्त हुने भएकोले प्रादेशिक सिमानाको मुद्दालाई प्रयोग गरेर प्रमको भ्रमणका दौरान केही महत्त्वपूर्ण सम्झौता गर्ने र सो नभए मधेस आन्दोलनको नाममा फेरि प्रदेशको माग उठाएर आन्दोलन हुन सक्ने दबाब भारतीय शासकवर्गको रहेको बुझिन्छ । यो वास्तविकता अब मधेसी मोर्चा र नेपाली शासकसमेतले बुझिसक्नुपर्ने हो । २१ औं शताब्दीको शासन 'तिमी तिम्रो लागि' भन्ने सिद्धान्तमा आधारित छ भन्ने कुरा बुझेर तराईमा दुई प्रदेश दिएर नै राष्ट्रियता एकता बलियो हुन्छ र अमनचैन, शान्ति, सद्भाव एवं स्थिरता स्थापित हुन्छ भने आपत्ति गर्ने कुरा के हो ? राष्ट्रियता के शेरबहादुर देउवा, भीम रावल, कृष्ण सिटौला र केपी ओलीको निजी सम्पत्ति हो ? राष्ट्रियता भावना हो र यो तब मात्रै जागृत हुन्छ, जब जनतालाई आफूलाई हेर्ने, आफ्नो समस्याको सम्बोधन गर्ने कोही छ भन्ने अनुभूति हुन्छ । के विगत ५ महिनादेखि पहाडका भूकम्पपीडित र मधेसका आन्दोलित जनताले यो अनुभूति गर्न पाएका छन् ? छैनन् भने यस्तो राष्ट्रियता खोक्रो हो, बेकम्मा हो र अनुभूतिसम्म पनि दिलाउन नसक्ने यो सरकार हुनु र नहुनुको कुनै औचित्य छैन ।

२०७२ पुस १३ गते बुधवार

फेरि मधेस आन्दोलनकै कुरा

मधेमसा दुई धारमा विभाजित भएर आन्दोलन गर्दै आएका दलहरू अन्ततः महागठबन्धन बनाएर आन्दोलनलाई पुनर्जीवन दिन सहमत भएको तथ्य सार्वजनिक भएको छ । महागठबन्धन गठन गर्न दुईवटा आधार देखिन्छ । पहिलो त समयसँगै र खास गरेर संशोधन प्रस्ताव संसद्बाट पास भएपछि कमजोर हुँदै गएको आन्दोलनलाई प्रभावकारी बनाउन तथा दोस्रो नाका केन्द्रित आन्दोलनबाट तराईमा नै बढ्दै गएको नकारात्मक प्रभाव निस्तेज पारी आन्दोलनलाई परिवर्तित तर प्रभावकारी स्वरूप प्रदान गर्न । सैद्धान्तिकरूपमा दुवै सोच अत्यन्त राम्रो देखिए पनि यसमा केही अत्यन्तै विवादास्पद पक्ष पनि देखिन्छ । खासगरी विराटनगरमा प्रहरी भीडन्तमा चोटग्रस्त भएका नेता राजेन्द्र महतो र उपेन्द्र यादवबीच समय-समयमा चल्ने जुहारीले एकतामा कति बल पुऱ्याउँछ भन्ने कुरा सन्देहास्पद देखिएको छ । दुवैको वक्तव्यबाजीबाट दुवै नेता मधेसमा आआफ्नो वर्चस्व कायम हुने गरी मधेस आन्दोलनलाई उपयोग गर्न थालेको बुझिन्छ । अहिले मधेस आन्दोलनको जर्जर अवस्था यस्तै आन्तरिक द्वन्द्वको उपज हो भन्न सकिन्छ । त्यसपछिका कुराहरूमा पर्दछ भारतीय भूमिका । उपप्रधानमन्त्री कमल थापाको दोस्रो पटकको दिल्ली भ्रमणबाट अनुमोदन भई आएको रोडम्याप र मधेसी नेताहरूको प्याकेज डिलको बुलन्द आवाजपछि संसद्बाट जुन दुईवटा प्रस्ताव अनुमोदन भयो त्यसलाई मधेसी मोर्चाले अपूरो भन्दै अस्वीकार गरेपछि भारतको प्रतिक्रियाले भारत पनि प्याकेज डिलको पक्षमा नरहेको स्पष्ट भएपछि मधेसी दलहरूलाई सेफ ल्यान्डिङ भन् आवश्यक देखिकोले महागठबन्धन बनाउनुका साथै सरकारसँग वार्ताको लागि तयार हुनुको विकल्प छैन । मधेसवादी दलहरूलाई समर्थन गर्दै आएको भारतले आंशिक समर्थन जनाएर प्रक्रिया लम्ब्याउनु पछाडि पनि निहित उद्देश्य रहेको बुझ्न सकिन्छ ।

परम्परागतरूपमा नेपालका प्रधानमन्त्रीहरूले पहिलो विदेश भ्रमणमा भारतलाई प्राथमिकता दिने सम्बन्धमा वर्तमान अवस्थामा नाकाबन्दी कायम रहेको र प्रम ओलीले नाका नखुलाई भारत भ्रमणमा नजाने निर्णय सार्वजनिक गर्नुभएकोले भारतले यसलाई नेपालको विदेशनीतिको एसिड टेस्टको रूपमा लिएर मिति समाप्त हुन गइरहेको व्यापार तथा पारवहन सन्धिबारे धारणा तय गर्न सक्छ । वरिष्ठ कूटनीतिज्ञ डा. भेषबहादुर थापाको अनुभवमा सुरक्षा एवं विदेश नीतिमा प्रायशः भारतको ब्युरोक्रेसी नै निर्णायक हुने गरेकोले भारतले १९५० को सन्धिलाई सकेसम्म अपरिवर्तनीय राख्ने दूरगामी सोच लिएको हुन सक्छ । त्यसैले भारत- नेपाल सम्बन्ध मधेस आन्दोलनसँग मात्रै सरोकार नराखी समग्र नेपालको भूराजनीतिक अवस्थासँग सरोकार राख्दछ

भन्नु अतिशयोक्ति नहोला । नाकाबन्दीपछि फैलिदै गएको भारतविरोधी भावना र त्यो पनि विशेष गरी पहाडी भेगमा भारतको लागि ठूलो चिन्ताको विषय हुन सक्छ किनभने भारतीय सेनामा गोरखा बिग्रेडका अधिकांश सैनिक नेपालको हुने भएकोले पहाडको भावनाको पूरै उपेक्षा गरेर भारतले नेपालको मधेस आन्दोलनलाई समर्थन गर्न सक्दैन। यस अवस्थालाई बुझेर नै होला मधेसी नेताहरू अहिले बिहारका राजनैतिक नेताहरूसँग भेट्न पुगेका छन् । तर अहिले भारतको केन्द्रमा भारतीय जनता पार्टीको सरकार छ र बिहार एवं उत्तरप्रदेशमा बिजेपी विरोधी दलहरूको । त्यसैले यो प्रयास त्यति सार्थक होला भन्न सकिदैन किनभने भारतको बिहार र उत्तरप्रदेशको सीमा क्षेत्रको व्यापार मधेस आन्दोलनले नराम्ररी प्रभावित भएको छ । त्यहाँको राज्य सरकारलाई पनि जनताको साथ चाहिन्छ। जनता नाका खुलोस् र पहिलेझैं निर्वाध आवागमन र व्यापार होस् भन्ने चाहना राख्दछ ।

आन्दोलनले झन्डै आधा वर्ष पूरा गर्न गइरहेको छ । देशको आर्थिक वृद्धि ऋणात्मक हुँदोछ भने वर्तमान संविधानमा प्रदेश नं. २ का ८ जिल्लाहरूमा २०६८ को जनगणना अनुसार २४ प्रतिशत जनता गरिबीको रेखामुनि छ। २०५८ को जनगणनामा यो १९ प्रतिशत थियो । २०७२ को आन्दोलनले यसलाई कहाँ पुऱ्यायो पछि थाहा होला तर सड्केतहरू सतवरियाबाट आउन थालेको छ । जिल्ला सदरमुकाम वीरगंजबाट २० किलोमिटर टाढा सतवरियामा दुई महिनामा २६ जनाको मृत्यु भयो । आन्दोलनरत देशमा यो प्रमुख समाचार बन्न सकेन । सरकार र राजनैतिक दल कसैको ध्यान पुगेन र पुग्ने कुरा पनि भएन । महाभूकम्प र आन्दोलनको आँधीबेरी झेल्न सक्ने ६-६ जना उपप्रधानमन्त्री भएको यो बलियो सरकारलाई २६ जनाको मृत्युले असर पारोस् पनि कसरी ? जति रिसाए पनि खुशाए पनि देश आफ्नै, हो माया लाग्छ नै । त्यसैले सबैमा सत्ताको राजनीति गर्न छाडेर सबैको सास्ती सधैंको लागि समाप्त गर्ने विवेक पलाओस् भन्ने कामना गर्दछु।

२०७२ पुस २० गते बुधवार

अलबिदा सुशीलदा

३ फरवरी १९३८ मा जन्मेर हलिउडमा नायक बन्ने सपना बोकेका सुशील कोइराला १९६० मा राजा महेन्द्रले नेपाली काङ्ग्रेसको सरकार ढालेपछि भारतमा १६ वर्षसम्म निर्वासित जीवन बिताउनुपरेको कोइराला परिवारको खर्च धान्न स्व. विपी कोइरालाको सल्लाहमा काम खोज्नुपरेको कारण जागिर र राजनीतितर्फ धकेलिएका हुन् । सन् १९६० देखि १९८० सम्म निर्वासनमा हुँदै १९७३ मा नेपाली विमान अपहरणकाण्डमा मुछिएर भारतीय प्रहरीसमेतको निर्मम यातना भोगेका स्व. कोइराला १९८८ मा नेकाको केन्द्रीय सदस्यबाट २००८ मा कार्यवाहक सभापति, २०१० मा सभापति र २०१४ मा नेपालको प्रधानमन्त्री बन्न पुगे। ईसन् १९८२ मा विपी कोइरालाको देहावसानपछि नेपाली काङ्ग्रेसको राजनीतिमा अन्तिम समयसम्म स्व. गिरिजाप्रसाद कोइरालालाई सफलता र असफलता दुवैमा विश्वसनीय सहयोगीको रूपमा रहेर सार्वजनिक पद धारणा गर्ने विभिन्न अवसर नभनीकनै पाइने अवस्था छाडेर नेकालाई सुदृढ गर्ने काममा लागिरहेका थिए । सम्भवत: यही समर्पणले उनको भाग्यमा हलिउडको स्टारडमको सट्टा देशको सबैभन्दा ठूलो पार्टी नेपाली काङ्ग्रेसको सभापति एवं देशको प्रधानमन्त्री हुने स्वर्णीम अवसर प्रदान गऱ्यो । उनले प्राप्त गरेको दुवै पद नेपाल र नेपालीको लागि अविस्मरणीय भयो किनभने उनकै प्रधानमन्त्रित्वकालमा देशले ७० वर्षदेखिको बहुप्रतीक्षित संविधान प्राप्त गऱ्यो । यो संविधान विवादास्पद देखिएर ऐतिहासिक मधेस आन्दोलन पनि भयो ।

जसलाई फेरि प्रतिपक्षी नेताकै भूमिकामा रहेर उनकै नेतृत्वमा संसद्मा दर्ता गराइएका दुईवटा संशोधन प्रस्ताव केही थपघट गरी पास भएपछि मधेस आन्दोलनले आफ्नो स्वरूप परिवर्तन गऱ्यो र नाकाहरू पनि खुले । नेपालको संविधान जारी हुने बेला विशेषगरी एमालेका तर्फबाट उनलाई सत्ता छाड्न नचाहने व्यक्तिको रूपमा चित्रित गर्न थालियो । जसले उनलाई असोज ३ गते संविधान जारी गर्न बाध्य बनायो, होइन भने उनले अझ केही समय दिएर विवादास्पद देखिएको मधेस मुद्दा सुल्झाएर संविधान ल्याउन खोजेका थिए भन्ने तथ्य मधेस आन्दोलनको सम्बोधनको लागि उनकै सक्रियतामा दर्ता भएको संशोधन विधेयकपछि शान्त हुन पुगेको मधेसको अवस्थाले पनि दर्शाउँछ । केपी ओलीसँग प्रधानमन्त्रीको चुनाव लड्नुलाई उनको भारतपरस्त मानसिकता भनिए पनि अङ्ग्रेजी दैनिक दि रिपब्लिकाको १० जनवरीको True Acheiver शीर्षकमा प्रतीक प्रधानको लेखकको एउटा अंश यहाँ उल्लेख हुन आउँछ । "Many people blamed him for supposedly acting on India's intrest. Infact he has put his career on line only because the thought it would help with the resolution of Madhesi issue and lifting of madhesi issue. If he had been closer to india he would not have ended up

being the only prime minister who was not invited by India during his tenure. त्यसैले उनी भारतपरस्त थिएनन् भनेर बुझ्न सकिन्छ ।

अब उनीमाथि लागेको अर्को आरोप हो सत्तालोलुपताको । यस सम्बन्धमा फागुन ३ गतेको कान्तिपुरको दृष्टिकोण पृष्ठमा 'सुशीलपछिको काङ्ग्रेस' शीर्षकमा किशोर नेपाल लेख्छन्– स्व. नेता गिरिजाप्रसाद कोइरालाले आफ्नो जीवनकालमा नै उत्तराधिकारीको रूपमा सुशील कोइरालाको चयन गरिसकेका थिए । सुशील कोइराला त्यस्तो उत्तराधिकारी चयन गर्ने अवस्थामा थिएनन् । उनले परिवारका ती होनहार सदस्यहरू कसैमा पनि पार्टी हाँक्न सक्ने सामर्थ्य देखेका थिएनन् । ...जीवनको पछिल्लो चरणमा फेरि एकपटक आफै सभापति भएर पारिवारिक मामिलाको टुङ्गो लगाउने र आफूले योग्य ठहराएको परिवारका कुनै सदस्यलाई कार्यभार सुम्पिने निष्कर्षमा पुगेका थिए, उनी । फेरि सभापति हुने उत्कट लालसालाई लुकाएर राखे पनि नियतिलाई त्यो स्वीकार भएन । यसलाई राम्रो नराम्रो जे माने पनि सम्पूर्ण दक्षिण एसियाको राजनीतिमा यो रोग रहिरहेको छ ।

सुशील दाको देह त्याग र आसन्न महाधिवेशनको पूर्वसन्ध्यामा नेपाली काङ्ग्रेसको परिदृश्य बेग्लै हुने निश्चित छ । उनको निधनले संस्थापन पक्षमा सभापतिको दौडमा सामेल हुनेहरूमा स्वयं कावा सभापति रामचन्द्र पौडेल, कृष्ण सिटौला, प्रकाशमान सिंह, सुजाता कोइरालाहरूको नाम अगाडि आएको छ। हुनत संस्थापन पक्षबाट एक मात्र उम्मेदवार हुने कुरा बाहिर आए पनि यस्तै भइहाले पनि अन्तर्घातको पुरानो रोगले काङ्ग्रेसीलाई नछोला भन्न सकिँदैन। त्यसैले संस्थापन पक्षलाई बलियो मान्ने अवस्था सजिलै भन्न सकिने छैन भने अर्कोतर्फ पूर्व प्रम शेरबहादुर देउवा संस्थापनको विपक्षमा बलियो प्रतिस्पर्धीको रूपमा छन् । जेहोस् निर्वाचनको नतिजाले यस प्रतीक्षाको पटाक्षेप गर्नेछ । तर महाधिवेशनकै दौरान पनि संस्थापन पक्षले सुशील कोइरालाले मधेस आन्दोलन मत्थर पार्न देखाएको प्रतिबद्धता व्यक्त गरेमा मधेस आन्दोलनको विपक्षमा रहेका शेरबहादुरजीलाई मधेसका महाधिवेशन प्रतिनिधिहरूको समर्थन पाउन सजिलो हुनेछैन भने झन् कृष्ण सिटौला उम्मेदवार भएमा संस्थापन पक्षलाई पनि मधेसको महाधिवेशन प्रतिनिधिको समर्थन पाउन त्यत्तिकै गाह्रो पर्ने निश्चित छ । लामो समयसम्म पार्टीमा उपसभापति रहेका रामचन्द्र पौडेलले राष्ट्रियस्तरमा कुनै प्रभावकारी छवि बनाउन नसकेको फाइदा भने शेरबहादुरजीले पाउने निश्चित देखिएको छ ।

विजेता संस्थापन पक्ष होस् वा शेरबहादुरजी, नेपाली काङ्ग्रेसको राजनैतिक भविष्य मधेस आन्दोलनको पक्ष र विपक्षसँग जोडिन चाहिं पक्कै पुगेको छ । मधेसको राजनीतिमा प्रवेश नगर्नेगरी नेका हिंड्ने हो भने भोलि एमाले, एमाओवादीले त्यसको लाभ उठाउन सक्नेछन् जसले गर्दा पहाडमा नं. १ स्थान गुमाइसकेको नेका तराई–मधेसबाट पनि अग्रस्थानबाट हटेर पार्श्वमा स्थापित हुन सक्ने प्रबल सम्भावना देखिन्छ। नेकाका महाधिवेशन प्रतिनिधि एवं नेतृत्व दुवैले यसको हेक्का राख्न जरुरी छ ।

२०७२ फागुन ०५ गते बुधवार

नेपाल–भारत कूटनीति

नेपालका प्रधानमन्त्री केपी ओलीलाई भारतमा भव्य स्वागत गरिएको छ । सामान्यतया राज्यमन्त्रीहरूले विदेशी पाहुनालाई विमानस्थलमा स्वागत गर्ने परम्परा उछिन्दै भारतीय विदेशमन्त्री सुषमा स्वराजले विमानस्थलमा स्वागत गर्नु र राष्ट्रपति भवनमा नेपाली प्रमको बसाइको व्यवस्था हुनुले हामीलाई दङ्ग पारेको छ । नेपालमा संविधान बनेको ५ महिनाको तराई आन्दोलन एवं नाकाबन्दीको मार झेलेको देशको प्रमुखको हैसियतले नेपाली प्रमको पहिलो विदेश भ्रमण भएकोले यसको सबै पक्ष विचारणीय हुन आउँछ । राजकीय यात्रा घोषित यो भ्रमणलाई सम्बन्ध सुधारको अवसरको रूपमा उपयोग गर्ने नीति लिएको नेपालको ५१ सदस्यीय सरकारी व्यक्ति र थप ५० अन्य गरी १०१ जनाको जम्बोटोली भारत पुग्नुलाई कूटनीतिकरूपमा कुनै अर्थ दिने मानिएको छैन ।

औपचारिकरूपमा भएको एकल वार्ताका विषय बाहिर नआए पनि संयुक्त पत्रकार सम्मेलनमा बाहिर आएका धेरै कुराहरूले नेपाल–भारत सरकारी सम्बन्धबारे धेरै कुरा प्रस्ट पारेको छ । नेपाली प्रमले आफ्नो भारत भ्रमणले दुई देशबीच पछिल्ला महिनामा देखिएको असमझदारी हटेको विश्वास व्यक्त गरे पनि वास्तविकता केलाउँदा भ्रमण भने एकतर्फीरूपमै सफल भएको देखिन्छ । हैदरबाद हाउसको पत्रकार सम्मेलनमा भारतीय प्रम मोदीले नेपालको जलस्रोत, आयुर्वेद, भूगोल र जनताको प्रशंसा गर्न बढी समय खर्चिंदै मधेस आन्दोलनलाई सम्बोधन गर्न संसद्बाट पारित भएको विधेयक र त्यसपछि मत्थर भएको मधेस आन्दोलनको पृष्ठभूमिमा पहिलोपटक नेपालको संविधानको स्वागत गरे पनि बाँकी रहेको सीमाङ्कनको मुद्दालाई घुमाउरो पारामा संविधानको निर्माणलाई महत्त्वपूर्ण उपलब्धि भन्दै 'संविधानसँगै जोडिएको सबै मुद्दाको सन्तोषजनक समाधान गर्दै नेपालको प्रगति र स्थिरताको मार्गमा लैजानु हुनेछ' भन्दै भारत अझ पनि मधेस आन्दोलनको अपूर्ण सम्बोधनबाट असन्तुष्ट नै रहेको प्रस्ट पारेको परिप्रेक्ष्यमा सम्बन्धमा कुनै गुणात्मक प्रगति भएको मान्न सकिने अवस्था छैन । यो कुरा भारतीय विदेश सचिव जयशङ्करले आफ्नो प्रेस ब्रिफिङ्गमा 'कतिपय नेपालभित्रकै मामिला भए पनि भारतलाई प्रभावित पार्ने मुद्दामा पनि दुई प्रधानमन्त्रीबीच छलफल भएको भन्नुबाट पनि स्पष्ट हुन्छ । नेपालका तर्फबाट मोदीको सम्बोधनको प्रतिउत्तर दिंदै ओलीको सम्बोधनले अप्रत्यक्षरूपमा नाकाबन्दीको कुरा राख्नु कूटनैतिक औपचारिकता मात्र भएको सबैले बुझेकै कुरा हो तर दुवै प्रमहरूको बडी ल्याङ्वेजको अवस्थाबाट भने भारतले आफ्नो शर्तमा नेपाललाई काम गर्न तयार पारेको अवस्था स्पष्ट हुन्थ्यो जुन दुवै देशबीच भएको समझदारीबाट स्पष्ट हुन्छ ।

भारतले भूकम्पपछिको पुनर्निर्माणको लागि १४ प्रभावित जिल्लामा सहयोग गर्ने पुरानै कमिटमेन्ट हो । त्यसैगरी हुलाकी सडक निर्माणलाई तीव्रता दिने बाहेक नेपालले प्रस्तावित गरेको सेवा, शर्त एवं थप बजेट स्वीकार गरेको छैन । प्रबुद्ध समूहको गठन १९५० सन्धिको पुनरावलोकनको लागि पुरानै मुद्दा हो । ढल्केवर–मुजफफरपुर प्रसारण लाइन पुरानै कडी हो, अहिले उद्घाटन मात्रै सम्पन्न भएको हो भने विशाखापट्टनम बन्दरगाह र बङ्गलाबन्ध बन्दरगाहको प्रयोग भने नयाँ हो । यसबाट पक्कै पनि नेपाललाई फाइदा पुग्नेछ । तर यसको सट्टा नेपालले भारतलाई अपार जलसम्पदाको उपयोगमा सहयोगी बन्न दिनुपर्ने प्रस्ताव गरे । वास्तवमा २०४८ सालमा नै कोशी नदीमा उच्च बाँध बनाउने प्रस्तावमा नेपाल सहमत भइसके पनि आन्तरिक विरोधका कारण यो हुन सकेन । त्यस्तै कर्णाली आयोजना प्रस्तावित भएर पनि अपेक्षित गतिमा काम हुन सकेको छैन । कोशी र कर्णालीबाट बिजुली निकालेर भारतमा उपयोग गर्न जति भारतलाई जरुरी छ त्यत्ति नै जरुरी छ यी नदीको पानीको उपयोग गरेर बाढीको नियन्त्रण एवं सुक्खा व्यवस्थापन । त्यसैले पनि होला भारतलाई विश्वस्त पार्न नेपाली टोली जानु अघि नेपाल सरकारले ऊर्जा सङ्कटकाल घोषणा गरेर जलविद्युत् आयोजनाको निर्माणलाई निर्वाध सञ्चालन गराउन सेनासमेत परिचालन गर्न सक्ने प्रस्ताव गरेर निर्माणमा आश्वस्त तुल्याउन खोजेको छ भने भारतले पनि टिहरी बाँधको अवलोकन गराएर नेपाली टोलीलाई यसबाट हुने फाइदा देखाएर आत्मविश्वास जगाउन खोजेको छ । कोशी उच्च बाँधको कुरा त पछि आउला तर कर्णाली द्रुत गतिमा प्रगति हुन सके पनि नेपाल र भारत दुवैलाई अत्यधिक लाभ पुग्न सक्छ । तर भारतको विरोध नै राष्ट्रवाद हो भन्ने मानसिकताबाट ग्रसित जमातको भनाइबाट उन्मुक्ति नपाई नेपालको प्रगति पनि सम्भव छैन । किनभने यो (जल)बाहेक हामीसँग समृद्धिको अन्य कुनै प्राकृतिक संसाधन उपलब्ध छैन । चरम गरिबी भोगिरहेको नेपाली जनता कमजोर सरकार र ओझेलमा परेको मधेस आन्दोलनका नेताहरू सबै कमजोर भएको यस्तो बेलामा लामो राजनैतिक अस्थिरताका कारण ओझेलमा परेको जलस्रोतको क्षेत्रलाई अब भारतले बिजुलीको सहारा लिएर अगाडि ल्याउन खोजेको हो वा अर्को अर्थमा उसले कोशी र कर्णाली उच्च बाँध निर्माणको लागि अनुकूल स्थिति ल्याउन खोजेको हो जसमा उसले सफलता पनि प्राप्त गरेको छ । यसो भन्दैमा हामी हारेको होइन, बरु हामीले वास्तविकताको धरातलमा उभिएर कसरी यस्ता आयोजनाहरूलाई विन–विनको अवस्थामा कार्यान्वयन गर्न सकिन्छ भनेर सोच्नु सच्चा राष्ट्रवाद हुनेछ । नेपालको राजनैतिक दलहरूले २०४९ सालमा एमालेले अरुण गुम्ने अवस्था सिर्जना गरेकोबाट सिकेको पाठले सबक लिएको भए यसपटक त्यस्तो अवस्थाको पुनरावृत्ति हुने छैन ।

२०७२ फागुन १२ गते बुधवार

महाधिवेशनपछिको राजनीति

पहिलो चरणको निर्वाचनबाट नतिजा नआएपछि समकालीन दुवै उम्मेदवारलाई सहमतिमा ल्याउन मध्यस्थकर्ताहरूको प्रयास असफल भएपछि अन्ततोगत्वा दोस्रो चरणको निर्वाचन सम्पन्न हुँदा कुल ३१६१ मतदातामध्ये ३१४० मत खसेर २२ बदर मत भई शेरबहादुर देउवाले १८२२ र रामचन्द्र पौडेलले १२९६ मत प्राप्त गरेको आधारमा शेरबहादुर देउवा ५२६ मत बढी ल्याई नेकाको सभापति पदमा निर्वाचित हुनुभएको छ। यस विजयको लागि उहाँलाई बधाई पनि छ।

२०५९ सालमा पार्टी कारबाईमा परेपछि पार्टी फुटाएर प्रजातान्त्रिक नेका गठन गरेका देउवाले २०६४ मा फेरि पार्टी एकता गरेका थिए । १० औं र १२ औं महाधिवेशनमा सभापतिमा स्व. गिरिजाप्रसाद कोइराला र सुशील कोइरालासँग पराजय बेहोरेका देउवा १३ औं महाधिवेशनबाट भने पार्टी सभापतिमा विजय प्राप्त गरी नेका नेतृत्वलाई ७० वर्षको नेकाको इतिहासमा पहिलोपटक कोइराला परिवारबाट बाहिर ल्याउन सफल भएका छन् । देउवा ३ पटकसम्म प्रधानमन्त्री भए पनि पार्टी सभापति भने बन्न पाएका थिएनन् । नेकाका तीनैजना पूर्व प्रम स्व. कृष्णप्रसाद भट्टराई, स्व. गिरिजाप्रसाद कोइराला र स्व. सुशील कोइराला प्रधानमन्त्री हुनुका साथै पार्टी सभापति पनि भइसकेकाले देउवाको पनि आन्तरिक इच्छा पार्टी सभापति बन्ने थियो नै । निर्वाचित भइसकेपछि आफ्नो कर्तव्य पार्टीलाई सबल र सक्षम बनाउँदै मुलुकको विकास गर्ने प्रतिक्रिया दिनुभएको देउवाले आउँदा दिनहरूमा यही विचार लिएर अगाडि बढ्नुहुनेछ भन्ने अपेक्षा गर्नु उचित नै हुनेछ। तर नेकाको सभापतिको हैसियतले देश र विदेशलाई पनि असर पार्छ भन्ने कुरा निर्विवाद छ। आन्तरिक रूपमा नेकाको महाधिवेशनपछि सबभन्दा बढी असर सरकारको स्थायित्वमैं पर्ने देखिन्छ । नेकाको महाधिवशेनमा एमाले र एमाओवादी अध्यक्षहरूको राष्ट्रिय सरकार गठन गर्ने प्रस्तावप्रति देउवा नेतृत्वको सरकारको नीति के हुन्छ ? नेका संसद्को सबैभन्दा ठूलो दल हो तर बहुमत नपुगेका कारण उसले गठबन्धनमा पालैपालो सरकार चलाउने सहमति अनुरूप संविधान घोषणापछि एमालेलाई सरकार चलाउन दिएको हो । एमाओवादी र एमाले भित्रबाटै असन्तुष्टिको स्वर उठिरहेको र मधेस आन्दोलनप्रति एमोलेको व्यवहारले असन्तुष्ट काङ्ग्रेसले आफ्नै पहलमा सरकार गठन गर्ने प्रयास पनि गर्न सक्छ ।

दोस्रोमा नेपाली काङ्ग्रेसले २०५४ सालमा सरकार बाहिर बसेर स्थानीय निर्वाचनमा भाग लिंदा बेहोर्नुपरेको हारलाई दृष्टिगत गरेर पनि आसन्न स्थानीय निर्वाचन आफ्नै नेतृत्वमा गराउन कार्यकर्ताबाट ठूलो दबाब बेहोर्नुपर्नेछ। तेस्रोमा मधेस सधैंदेखि नेकाको भोट बैंकको रूपमा रहेको हो । तर यसपालिको मधेस आन्दोलनबाट यो संरचना

भत्किएको परिप्रेक्ष्यमा नेकाले मधेसी मुद्दा सम्बोधन नगरी शुरु हुने स्थिति छैन । संयुक्त मधेसी मोर्चा मधेस मुद्दाका सम्बन्धमा सरकारमा सामेल सबै दललाई दोष दिए पनि उसले एमालेलाई पहिलो नम्बरमा राखेकोले मधेस मुद्दा सम्बोधनको क्रममा मधेसी दलहरूले मोलतोलको क्रममा सरकारबाट एमालेको बर्हिगमनमा बढी जोड दिनेछ भने सरकारमा सामेल राप्रपा र एमालेबीच दिल्ली भ्रमणताका देखा परेको गतिरोधले पनि पक्ष परिवर्तनको सम्भावनालाई बढावा दिने निश्चित छ । तर यति सब हुँदाहुँदै पनि एमाओवादीको सहयोगबिना स्थायी सरकार बन्न सम्भव हुनेछैन । एमाओवादीले समर्थन गरेमा उसको समर्थनमा र नगरेमा आफ्नै नेतृत्वमा सरकार गठन गर्न नेकामाथि ठूलो दबाव पर्नेछ । यस अवस्थामा देउवाको निर्णय क्षमताको पनि परीक्षण हुनेछ ।

चौथो कारण वैदेशिक सम्बन्ध हो । प्रम ओलीको भारत भ्रमणपश्चात् पनि भारतसँग सम्बन्ध सुध्रेको सङ्केत आएको देखिंदैन । तेलको सप्लाइ सप्रिदै गए पनि भारतले नेपाललाई दिने सहयोगमा ४० प्रतिशत गरेको कटौतीले त कमसेकम यही सन्देश दिन्छ । चीन भ्रमणको नतिजा आउन बाँकी भए पनि प्रम ओलीको भ्रमण अगावै चिनियाँ विमान किन्न आएको दबाबले भने चीनले सहयोगको भन्दा व्यापारिक स्तरमा सम्झौता गर्ने देखिन्छ । चीन पनि फ्री तिब्बत मुभमेन्टमा पश्चिमा देशहरू र अमेरिकाको संलग्नता लिई नेपालले रोक्न नसकेकोबाट असन्तुष्ट छ । चीनको नेपाल नीति भन्नु नै तिब्बतको स्थायित्वसँग जोडिएकोले चीनले फ्री तिब्बत मुभमेन्ट नियन्त्रित गर्ने शर्तमा नेपाललाई केही लाभ दिन सक्छ । तर यसो भयो भने नेपालको राजनीतिमा आफ्नो वर्चस्व राख्न पश्चिमेली देश र भारतले पनि एमाले सरकार परिवर्तनको चाहना राख्न सक्छ । यसको सोझो अर्थ पनि सरकार परिवर्तन नै हुन्छ ।

पाँचौं कारण देश र विदेश दुवैको सन्तुलन र समन्वय हुन सक्छ । भारतसँग बिग्रेको सम्बन्ध, चीनको सुरक्षा चासो र पश्चिमाहरूको फ्री तिब्बत, भारतको हिन्दू राष्ट्रको इच्छा एवं सुरक्षा संवेदनशीलता एकसाथ लिएर हिंड्न अत्यन्त कठिन देखिए भए पनि यी सबैको सहज सम्बोधन पनि त्यत्तिकै चुनौतीपूर्ण हुनेछ ।

अर्कोतर्फ आन्तरिकरूपमा महाभूकम्पपछिको पुनर्निर्माण एवं मधेस मुद्दाको सम्बोधन एवं स्थानीय निर्वाचन आफ्नै नेतृत्वमा गराउनुपर्ने कार्यकर्ताको दबाब सभापति देउवाले बेहोर्नुपर्नेछ । यस्ता कठिन चुनौतीहरू अगाडि भए पनि उनको अन्तर्राष्ट्रिय छवि, गम्भीरतापूर्वक निर्णय लिन सक्ने क्षमता र रणनीति बनाएर राजनीति गर्ने व्यक्तिको रूपमा रहेको उनको पहिचानको पनि यस विषम परिस्थितिमा परीक्षा हुनेछ ।

२०७२ फागुन २६ गते बुधवार

ओलीको चीन भ्रमण र ललिपप सम्झौता

प्रधानमन्त्री केपी ओली चीनको औपचारिक भ्रमण समाप्त गरेर काठमाडौं फर्केका छन् । उनको यस भ्रमणबाट नेपाल भारतवेष्ठितबाट बल्ल भूपरिवेष्ठित भएको उद्गार प्रकट हुन थालेको छ । सम्पूर्ण नेपाललाई नै ओलीमय गर्ने प्रयास भएको छ । तर जब दुई राष्ट्रबीच कूटनैतिकस्तरमा उच्चस्तरीय भ्रमण आदानप्रदान हुन्छ त्यसको सफलता र असफलताको मूल्याङ्कन हुने गर्दछ । यो मूल्याङ्कनको पहिलो आधार भ्रमण कुनै खास समयमा गर्नुपरेको कारण अर्थात् द्विपक्षीय सम्बन्धमा देखा परेका ज्वलन्त समस्याहरूको निराकरण र दोस्रो दुवै देशबीच पारस्परिक एवं दीर्घकालीन सम्बन्ध एवं सहयोग विस्तारमा आधारित हुन्छ । प्रम ओलीले भारतपछि चीनको भ्रमण गरेका र नेपाल अहिले महाभूकम्प एवं राजनैतिक अस्थिरताको दलदलबाट गुज्रिरहेको अवस्थामा दुईवटै कसीमा उनको भ्रमणको सफलता एवं असफलतालाई मूल्याङ्कन गर्नुपर्ने हुन्छ । भारत भ्रमणपश्चात् जारी नभएको संयुक्त वक्तव्य एवं भारत सरकारले नेपाललाई दिने सहयोग राशिमा ४० प्रतिशतको कटौतिले प्रमको भारत भ्रमण पूर्णतया असफल भएको भन्नुमा कुनै अतिशयोक्ति मान्नुपर्ने कारण छैन । यस भ्रमणमा नयाँ केही पनि पाइएन र पुरानैको निरन्तरता कायम रहेकोले यसको सार्थकता कूटनैतिकरूपमा भारतसँगको सम्बन्ध विशिष्ट हो भनेर देखाउनबाहेक केही भएन ।

अब कुरा गरौं चीन भ्रमणको । द्विपक्षीय सम्झौताका दस र संयुक्त वक्तव्यको पन्ध्र बुँदाको जति प्रचार गरे पनि आवश्यकताको सिद्धान्तको आधारमा सबैभन्दा पहिलो चुनौती थियो तातोपानी नाका खोलाउने । यसबाट चीनबाट आउने सामानहरू सहज ढङ्गबाट नेपाली बजारमा पुग्न सक्ने र लागतसमेत घट्ने पक्का थियो । तर यो नाका खुलेन । यस पछाडिको मुख्य कारण यो बाटोबाट वैधका साथै अवैधरूपमा तिब्बतीहरूको नेपाल प्रवेश र पश्चिमेली सङ्घसंस्था र सरकारको सहयोगमा उनीहरूले सञ्चालन गर्न लागेको 'फ्री तिब्बत' आन्दोलन रोक्न नेपाल सरकारको असफलता र त्यस कारणले उत्पन्न चीन सरकारको अविश्वास नै हो । दोस्रो जल्दोबल्दो समस्या भनेको इन्धनको आपूर्तिको व्यवस्था थियो । यो सम्झौता पनि भएन र पछि हुने भनिए पनि विश्वास गर्ने आधार देखिंदैन । किनभने चीन सरकारले अनुदानमा दिएको इन्धन नै समयमा उठाउन नसक्ने भएपछि नेपालको व्यवस्थापकीय क्षमताका साथै कमिशनतन्त्रको भेउसमेत पाउन थालेपछि सशङ्कित हुन पुगेको चिनियाँ पक्षलाई सन्तुष्ट गर्ने प्रयास नेपालतर्फबाट नै नभएकोले यो भविष्यमा होला भनेर आशा गर्नु नै निरर्थक देखिन्छ । यी दुवै असफलताहरू लुकाउन पारवहन सन्धि र केरूङ कठमाडौं रेलमार्गको कुरा प्रवाहित गरेर असफलता ढाक्न खोजिएको बुझिन्छ । चीनले केरूङ नाका दिन खोज्नुपछाडिको गुठी नै यसको विकटता हो । यसलाई तातोपानी नाका जति सहज बनाउन अर्को पाँच वर्ष लाग्ने र यो सहज भएर व्यापारिक आवागमन सहज भएको अवस्थामा यस नाकाबाट पनि तिब्बतीहरूको आवतजावत बढेमा तातोपानी जस्तै सुरक्षा संवेदनशीलता तेर्स्याएर चीनले यसको प्रयोगमा समेत अवरोध नगर्ला भन्ने

आधार के ?

इन्धनको समस्या त समाधान भएन अर्को महत्त्वपूर्ण पक्ष थियो One Belt on Road Initiative. २०१५ मा चीनले कुनभिङ्ग–कलकत्ता–मान्मा–बङ्गलादेश कार ज्याली गराएर दक्षिण एसियालाई चीनसँग जोड्ने जुन प्रयास गरेको थियो नेपाल सरकारले कलकत्ता–काठमाडौं–ल्हासा–कुन्मिङ्ग मार्गलाई One Belt on Road Initiative मा राख्न लगाउनु सक्नुपर्दथ्यो । त्यसैगरी 'Free Trade Agrement को सम्भाव्यता अध्ययनको कुरा छ । यसमा पनि नेपाल र चीनबीच व्यापारिक सन्तुलन नभएकोले नेपाल सरकारले चीनमा उत्पादित वस्तुलाई नेपालमा सहज प्रवेशको अधिकार दिनुपर्नेछ। यसले गर्दा नेपालको उत्पादनतन्त्र नै ध्वस्त हुने अवस्थामा पुग्ने देखिन्छ । त्यसैले Free Trade Agreement को सम्भाव्यता अध्ययनभन्दा सरकारले Preferential Trade Agreement गराउन सकेको भए त्यसलाई उपलब्धिपूर्ण मान्न सकिन्थ्यो। अब जहाँसम्म पारवहन सन्धिको कुरा छ तातोपानी नाका खोल्न नसकिएको असफलता लुकाउन केरूङ नाका खुलाउने एवं पारवहन सन्धिको कुरा प्रचारमा ल्याइएको हो । वास्तवमा केरूङ नाकालाई तातोपानी जस्तै आवागमन सहज बनाउन भौगोलिक कारणले अत्यन्त कठिन छ । त्यसमा पनि केरूङ नाकाबाट चीनको सबभन्दा नजिकको समुद्री बन्दरगाह तियान्जिन ३५ सय किमि टाढा पर्दछ । योभन्दा झन्डै आधा दूरी र पूर्वाधारसमेत भएको विशाखापट्टनम बन्दरगाह त प्रयोग गर्न नसकिएको अवस्थामा पूर्वाधार बिनाको पारवहन सन्धिको के अर्थ हो बुझि नसक्नु भएको छ ।

अब बुझ्नुपर्ने कुरा के देखिन्छ भने चीनसँग किन यस्तो सम्झौता गरियो वा चीनले किन यस्तो सम्झौता गऱ्यो । नेपालको लागि र खास गरेर सरकारका लागि भारत भ्रमणको असफलता ढाक्ने अर्को बाटो नै थिएन । चीनले किन यस्तो सम्झौता गऱ्यो भन्ने सन्दर्भमा चाहिं के बुझ्नु आवश्यक छ भने अबको १५–२० वर्षमा विश्वको सबभन्दा ठूलो अर्थतन्त्र बन्ने लक्ष्य लिएर हिंडेको चीन नेपाललाई भन्दा पनि सम्पूर्ण दक्षिण–पूर्व एसियालाई नै आफ्नो क्षेत्रमा ल्याउन चाहन्छ र यस देशको ठूलो अर्थतन्त्र भारतमा आर्थिक पूर्वाधार निर्माण र प्रविधिका साथै व्यापारमा समेत लगानी बढाउँदै आफ्नो उपस्थिति जनाइसकेको छ । भारतीय बजारलाई आफ्नो प्रभुत्वमा लिन सके यस क्षेत्रका अन्य साना देशहरूको लागि उसले अलग रणनीति बनाइराख्नुपर्दैन । चीनको नेपालसँगको सम्बन्धको एक मात्र रणनीतिक उद्देश्य तिब्बतको स्थायित्व हो । जसबारे नेपाल सरकारले चीनलाई आश्वास्त पार्न सकेन । त्यसैले चीनले यस्तो ललीपप सम्झौता गरेको हो र तातोपानी नाका पनि नखुलेको हो भनेर सम्पूर्ण नेपालीले आजको समयमा बुझिराख्नु नै श्रेयस्कर हुनेछ ।

२०७२ चैत १७ गते बुधवार

भारत र ईयुको संयुक्त वक्तव्य

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको विदेश भ्रमणको क्रममा युरोपियन युनियन र भारतको संयुक्त विज्ञप्तिको बुँदा नं. १७ मा "India and EU have agreed on the need for a lasting and inclusive constitutional settlement in Nepal that will address the remaining constitutional Issues in a tune bound manner, and promote political stability and economic growth." उल्लेख भएकोमा नेपालको सरकारी पक्षले तीव्र प्रतिक्रिया व्यक्त गरेको पाइन्छ। यस सम्बन्धमा नेपालको पररा्ष्ट्र मन्त्रालयले यो वक्तव्य कुनै पनि देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने सिद्धान्तविपरीत छ भनेर प्रतिक्रिया व्यक्त गरिसकेपछि पनि चित्त नबुझेर ३१ मार्चका दिन बसेको मन्त्रिपरिषद्को बैठकले भारत र युरोपियन युनियनको संयुक्त वक्तव्यप्रति गम्भीर ध्यानाकर्षण भएको र यसबारे पररा्ष्ट्र मन्त्रालयले सरकारको पक्ष राखिसकेको निर्णय गरेको थियो भने बैठक समाप्त भएपछि सरकारका प्रवक्ता मन्त्री शेरधन राईले भने मन्त्रिपरिषद्को निर्णयबारे नेपाल एक सार्वभौम राष्ट्र भएको र यसमा कुनै संवैधानिक समस्या नरहेको र संविधान कार्यान्वयनको अवस्थामा रहेकोले यस्तो विचार सर्वथा अनुपयुक्त भएको भन्नुभएको थियो । सूक्ष्म विश्लेषण गर्दा तीनवटै भनाइ एकअर्कासँग मेल खाँदैनन् । ३१ मार्चमा नै भारतीय राजदूतले पत्रकारहरूसँग कुरा गर्दै नेपाल सार्वभौम राष्ट्र हो भन्ने कुरामा प्रश्न उठाउनै नसकिने स्पष्ट गर्दै ईयु र भारतको संयुक्त विज्ञप्ति नेपाल सरकारलाई आफैंले २२ डिसेम्बरमा गरिएको र भारतलाई जानकारी गराइएको निर्णय नेपालको प्रतिबद्धता भएकोले कार्यान्वयन गराउन सम्झना गराइएको भनाइ राख्नुभएको छ। यस सम्बन्धमा नेपाली राजनीतिको विश्लेषण गर्दा 'कहीं नभएको जात्रा हाँडी गाउँ'मा भन्ने उखान चरितार्थ हुन्छ ।

२०६२ को जनआन्दोलनमा जनताले माग्दै नमागेको धर्मनिरपेक्षता स्वीकार्ने नेताहरू नै आज भारतीय जनता पार्टीको नेपाल हिन्दू गणराज्य हुनुपर्छ भन्ने माग शाहवंशको उदय गराउने नाममा माग्दैछन्। त्यसैगरी भारत र चीनसमेत दुवैतर्फ भ्रमण असफल भएपनि सफल भएको झ्याली पिट्ने सरकारले लिपुलेकबारे दुवै पक्षसँग के कुरा भयो, आजसम्म जनता समक्ष राख्न सकेको छैन। त्यसैले हामी कति स्वतन्त्र छौं भन्ने अडकल काट्न सकिन्छ ।

नेपालको इतिहास हेर्दा २००७ सालमा भएको क्रान्तिमा भारतको भूमिका थियो भने २०१७ साल पनि भारतीय कारणले नै आएको हो। २०४६ सालमा समेत यसको प्रभाव नकार्न सकिन्न भने माओवादी आन्दोलनको सुरुआतदेखि १२ बुँदे समझदारीसम्ममा भारतकै सहभागिता भएको कसैले नकार्न सक्दैन। २०६३ को मधेस आन्दोलनमा समेत भारतको सर्मथन रहेको हो र २०७२ को आन्दोलनमा जे भयो त्यो

जगजाहेर छ । मधेसी नेताहरूलाई उचालेर आन्दोलन निष्कर्षमा पुग्दा रक्सौलको मितेरी पुलको नाकाबन्दीले जुन दुर्दशा भोग्नुपऱ्यो, त्यसबारे रेडियो वीरगंज र तराईले प्रसारण गरेको रनिङ कमेन्ट्रीबारे मैले लेखेर केही सम्झाइरहनु पर्ला जस्तो लाग्दैन । ६/६ महिनासम्म नाकाबन्दी हुँदा चलेको देशलाई सिंहदरबार घेरेर बन्द गराउने मधेसी नेताहरूको सपना मृगतृष्णा मात्र साबित हुनेछ । तर यहाँनेर उहाँहरूसँग सोध्नुपर्ने एउटा प्रश्न के हो भने सिंहदरबार घेरेर माग पाउने कुरा उहाँहरूले पहिला किन सम्झनुभएन ? विद्वानहरूले यसको विश्लेषण गर्ने नै छ । तर अहिलेको अर्को प्रश्न के छ भने भारतले र ईयुले नेपाल सरकारले २२ डिसेम्बरको आफ्नै निर्णय कार्यान्वयन गरेर शान्ति स्थापित गरी आर्थिक प्रगति हासिल गरोस् भन्ने भनाइप्रति आएको तीव्र प्रतिक्रियालाई कसरी बुझ्ने ? के नेपालमा संवैधानिक सङ्कट वास्तवमा छैन ? छैन भने मधेस आन्दोलन किन भयो र फेरि किन हुने कुरा उठ्दैछ । त्यस्तै राजनीतिक स्थिरता र आर्थिक विकास सबैको सहभागिताबाट कायम होस् भन्नु गल्ती हो भने राणाकालदेखि आजसम्म नेपालको सामन्तीवादी वर्गले त शासन चलाएकै हो ? किन सबैको उन्नति र प्रगति हुन सकेन र किन स्वयम् निर्णयदेखि अलग राज्यसम्मको माग उठेको छ र ५४ जनाले ज्यान गुमाइसकेको अवस्था शान्ति हो र यसबाट समृद्धि प्राप्त हुन्छ ? यो पनि होइन भने मात्र बोलीको एउटै अर्थ लाग्दछ र त्यो के हो भने हाम्रा राजनीतिज्ञहरू देश सधैं अशान्त बनिरहोस् र यसको आडमा उनीहरू लुट मच्चाइरहून् भन्ने नै हो । त्यसैले अधिकार दिन चाहँदैनन् । यिनीहरू तस्कर र कमिसनतन्त्रलाई प्रश्रय दिएर बिनापरिश्रम धनी बन्न चाहन्छन् । यसको कारण यिनीहरूको राष्ट्रवाद नभई भाइभतिजावाद, कार्यकर्तावाद र ठेक्कापट्टावाद हो । यसरी कमाइएको धन हिसाबकिताब नराखी कार्यकर्तालाई ठेक्कापट्टा, निर्माणलगायतका अन्य कामहरूमा लगाएर शक्ति बढाउने र सत्ता प्राप्त गर्न यसको प्रयोग गर्ने सत्तावाद हो ।

नेपालका प्रधानमन्त्री ओली चीन भ्रमणमा रहँदा भए गरेका सम्झौताहरूको वास्तविकता उजागर गर्न त समय लाग्ला तर चिनियाँ राष्ट्रपतिले भारतसँग सुमधुर सम्बन्ध राख्ने सुझावको कूटनीतिक गाम्भीर्यलाई नेपाली नेताहरूले पटक्कै बुझेनन् । हामी एकातिर खोक्रो राष्ट्रवादको मानसिकता बोकेर भारत र ईयुको विरोधमा उत्रेका छौं भने अर्कोतिर लुम्बिनीमा हुने एउटा बुद्धधर्मसम्बन्धी कार्यक्रमको लागि पर्यटन एवं संस्कृतिमन्त्री भारतीय प्रम मोदीलाई निमन्त्रण गर्न दिल्ली जाँदै हुनुहुन्छ ।

मोदी आउनु नआउनु अलग प्रसङ्ग होला र अब वैशाखको पहिलो साताबाट शुरू हुने भनिएको मधेस आन्दोलन २०७२ को दोस्रो शृङ्खलाको क्रममा माधव नेपाल एवं कमरेड दाहालको अभिव्यक्ति हेर्दा नेपाल सरकारले सबै ठीक छैन भन्ने भेउ पाइसकेकोले प्रमदेखि कार्यकर्ता सबैले नेपाली काङ्ग्रेसलाई सरकारमा सामेल हुन आग्रहको साटो धम्काएर बोलाउँदै छन् भने नेपाली काङ्ग्रेसका नवनिर्वाचित सभापतिले भने प्रजातन्त्रमा प्रतिपक्ष आवश्यक भएको भन्दै आफ्नो रणनीति कमोवेश सार्वजनिक गरिसकेका

छन्। यसको स्पष्ट अर्थ के हो भने अब हुने मधेस आन्दोलनको राप थेग्न नसकेर वा राप नथेग्ने गरी बनाएर यो सरकार ढल्न सक्छ भने राप्रपा र माओवादी दुवै वा माओवादीको सहयोगले एमाले विपक्षमा रहने गरी सरकार बन्ने एउटा सम्भावना छ भने यो अवस्था नआएमा काङ्ग्रेसले नै ठूलो दलको हैसियतले सरकार बनाउने सम्भावना देखिन्छ। तर यसको लागि एमालेसँग माओवादीको मोहभङ्ग हुन जरुरी छ र यो मोहभङ्ग कसको प्रभावले हुन्छ भन्ने कुराबाट धेरै अनुहारहरू चिनिनेछन्। तर यसबाट सत्तामा आउनेहरू खुशी हुनेछन् र जानेहरूले फेरि आन्दोलन गर्नेछन्। त्यसैले चुरो कुरा भनेकै के हो भने अहिलेका हाम्रा नेताहरू राष्ट्रिय स्वार्थलाई सर्वोपरि राखेर काम गर्ने बौद्धिकस्तरका नभएकाले यिनीहरूकै परिवर्तन आवश्यक छ। यस्तो परिवर्तन तराई, पहाड, हिमाल हरेक ठाउँबाट हुन जरुरी छ किनभने यिनले मधेसीलाई अधिकार सम्पन्न नबनाउन गोली हानेर मारे भने भूकम्पपीडित पहाडेको लागि के नै गर्न सकेका छन् त ? पहाडे पनि मरेको मर्‍यै छन् तर गोली नलागी दुःख, गरिबी र रोगले।

२०७२ चैत २४ गते बुधवार(

चर्चा फेरि आर्थिक जगत्‌कै

गएको साता नेपालमा दुईवटा अन्तर्राष्ट्रिय संस्थाहरूले आआफ्नो आर्थिक धारणा सार्वजनिक गरेका छन्। पहिलो त एसियन विकास बैंकले Fiscal policy for inclusive growth शीर्षकमा प्रकाशित तथ्याङ्क अनुसार चालू आवमा नेपालको आर्थिक वृद्धिदर ४.५ प्रतिशत र आगामी वर्ष ४.७ प्रतिशत रहने प्रक्षेपण गरेको छ। नेपाल सरकारले भने यसलाई ५.५ प्रतिशत हुने प्रक्षेपण गरेको छ। बैंकको भनाइ अनुसार गत वर्षको वृद्धिदर ३.५ प्रतिशत मात्रै रहनु र पूँजीगत शीर्षकको रकम खर्च हुन नसक्नुको कारणले विकास निर्माणको कार्य नहुने र स्वभावतः यसबाट औद्योगिक उत्पादन वा विकासमा प्रतिकूल प्रभाव पर्ने कुरालाई आधार मानेको छ भने सरकारले राम्रो मनसुन र मलखादको राम्रो आपूर्ति व्यवस्थापनबाट कृषि उब्जनी राम्रो हुने कुरालाई आधार मानेर ५.५ प्रतिशतले आर्थिक वृद्धिदर रहने जनाएको छ।

यसका साथै दोस्रो संविधानसभाको सफल चुनावबाट लगानीकर्ताहरूको लगानी गर्ने आत्मविश्वास बढ्नु र रेमिट्यान्समा देखिएको वृद्धि समेतलाई ध्यानमा राखेर नै सरकारले गत वर्षको ३.५ प्रतिशतभन्दा झन्डै २ प्रतिशत बढी अर्थात् ५.५ प्रतिशत प्रक्षेपण कायम रहेको हुनुपर्छ। नेपालको कृषि मौसममा भरपर्ने, मलखाद भारतबाट आयात गर्नुपर्ने एवं राजनैतिक स्थिरता कायम भएपछि लगानीमैत्री वातावरण बने पनि १२ घण्टाको विद्युत् कटौती रहेसम्म उद्योगधन्दा फस्टाउँछ भन्ने कुरा हाम्रा विज्ञ नीति निर्माताहरूले कसरी सोच्न सकेका हुन् बुझि नसकिने भएको छ। बढ्दो गर्मीयामसँगै लोडसेडिङ घट्ने र वर्षायाममा नेपालसँग प्रशस्त बिजुली हुनेमा अर्थमन्त्रीज्यूको धारणा मान्ने हो भने वर्षात्पछिको जाडोमा सरकारले कति मेगावाट कहाँबाट बनाएर कति घण्टा आपूर्ति कटौती घटाउन सक्छ भन्नेबारे कुनै जानकारी सार्वजनिक गरिएको छैन। वर्षात्पछिको जाडोमा फेरि १२-१४ घण्टाको लोडसेडिङ धान्न डिजेल प्लान्ट चलाउँदा प्रतियुनिट ३५-३६ रुपियाँ मोल पर्ने आउँदा बजारमा वस्तुभाउको मोल र आमजनताको क्रयशक्तिको के हविगत होला कसले विचार गर्ने ? हुनत उक्त विवरणमा नेपालमा आयको असमानता निर्धारण गर्न प्रयोग गरिने Ginicoefficient सन् २००४ को ४३.८ प्रतिशतबाट घटेर राजस्वमा ३२.८ प्रतिशत पुगेको भए पनि यो बढ्दो रेमिट्यान्सको कारण आएकोले यसमा धेरै सन्तोष मान्नुपर्ने ठाउँ छैन भनिएको छ। त्यसैले यसमा अझ बढी समानता ल्याउन सरकारले शिक्षा र स्वास्थ्यमा खर्च बढाउनुको साथै रोजगारी सिर्जना गर्ने खालको उद्योगहरू स्थापनामा जोड दिनुपर्ने सल्लाह दिइएको छ।

अर्को संस्था विश्व बैंकले नेपालले आफ्नो विकासलाई गति दिन र आर्थिक

वृद्धिदर बढाउँदै लैजान सन् २०२० सम्म १५ करोड अमेरिकी डलर खर्च गर्न सक्ने क्षमता विकास गर्नुपर्छ भनेको छ, जसमध्ये ७ करोड ऊर्जा क्षेत्रलाई, ५.५ करोड यातायात, २.६ करोड खानेपानी तथा सरसफाइ र २.३ करोड सिंचाइ, ६ करोड दूरसञ्चार र ५ करोड ठोस फोहर व्यवस्थापनको लागि खर्च गर्नुपर्ने देखिन्छ । यत्रो रकम लगानी गर्न सरकारी क्षेत्रबाट मात्र सम्भव नभएकोले भौतिक पूर्वाधार विकासको कार्यमा समेत निजी क्षेत्रको सहभागिता आवश्यक पर्ने देखिन्छ। निजी क्षेत्र लगानीमा रुचि देखाए पनि यो ऊर्जा र टेलिकम क्षेत्रभन्दा अरू क्षेत्रमा गएको पाइएको छैन । यो नेपालमा मात्रै होइन, सम्पूर्ण दक्षिण एसियामै यस्तो अवस्था छ । तसर्थ निजी क्षेत्रको पूर्वाधार निर्माण क्षेत्रमा लगानी बढाउन सरकारले पनि पारदर्शी एवं ठोस संरचना एवं कानुन बनाएर त्यस क्षेत्रलाई आश्वास्त पार्न जरुरी छ । विश्व बैंकको एउटा अध्ययनले सडक निर्माणपछि मरम्मत सम्भव नगरी पुनर्निर्माण गर्नुपरेमा मरम्मत सम्भारभन्दा तेब्बर खर्च लाग्ने देखिएको छ । दक्षिण एसियाका देशहरूमा 'बनाउन वास्ता नगर र फेरि बनाऊ' को अवधारणा रहेकोले यसलाई हटाउन समेत आवश्यक पहल हुनुपर्ने औंल्याएको छ ।

यी दुवै शक्तिशाली संस्थाको रिपोर्ट हाम्रा नीति निर्माताहरूलाई अवगत नहुने कुरै भएन । तसर्थ अब उहाँहरूले तदनुरूपको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सक्नुहोला ? अख्तियारको डरले पैसा खर्च भएन भनिन्छ । भ्रष्टाचार न गर्ने हो भने डराउनुपर्ने कुनै कारण हुँदैन । सदाचारी तर्सिनुपर्ने अवस्था आउन लागेको पक्कै पनि होइन । तर दोस्रो संविधानसभा निर्वाचनपछि तत्कालीन चुनावी मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीको राजीनामाका कारण कायम हुन पुगेको शक्ति पृथकीकरणाको अवस्थाले न्याय पाउने अवस्था सिर्जना हुन थालेको भेउ पाउन थालिएको छ । यसले केही हदसम्म आत्मविश्वास बढेको अवस्थामा सरकारले मानव संसाधन परिचालनको आधुनिक नीतिसमेत अख्तियार गर्न सकेमा मात्रै सबैको भलो हुनेछ । यसका साथै दूरसञ्चार क्षेत्रमा झैं भौतिक पूर्वाधार स्वयंले खडा गरी सेवा सञ्चालनको कार्य नीति क्षेत्रलाई दिने एवं ऊर्जाको पहुँच सडकसम्म निर्माण गरिदिने हो भने Natural Monopoly क्षेत्रका आयोजनाहरूको लगानी फिर्ता अवधि घट्न गई निजी क्षेत्रको लागि आकर्षक हुन सक्छ ।

२०७१ वैशाख ०३ गते बुधवार

गरिबी र मधेस

नेपालीहरूको लागि एउटा खुशीको खबर छ । हामी सबै धनी हुँदैछौं । हाम्रो प्रतिव्यक्ति आय ५०० अमेरिकी डलरबाट बढेर ७१७ अमेरिकी डलर पुगेको तथ्याङ्क केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको छ । चालू आवमा आर्थिक वृद्धिदर ५.१५ प्रतिशत हुने र कृषि एवं वन क्षेत्रमध्ये कृषि क्षेत्रले गत आवमा ११ प्रतिशतको वृद्धि हासिल गरेको र कृषि एवं वन पैदावारले कुल गार्हस्थ्य उत्पादनको ३०.२७ प्रतिशत भाग ओगट्ने गरेको आधारमा प्रक्षेपण आधारित छ भनिएको छ । यी सबै राम्रा पक्षहरू हुन् तर प्रश्न के छ भने आउँदो वर्षायाममा भारतीय महाद्वीपमा वर्षा औसतभन्दा घटी हुने भविष्यवाणीको परिप्रेक्ष्यमा वर्षामा भर पर्ने खेतीपाती भएको देशको प्रक्षेपण कति सार्थक होला विचारणीय हुन आउँछ । साथै १२ घण्टाको लोडसेडिङ थेगिरहेको देशको आर्थिक वृदिदर ५.१५ प्रतिशत हो भने यसमा औद्योगिक क्षेत्रको योगदान नगण्य र वैदेशिक रोजगारीको योगदान अधिक होला भन्न सकिन्छ ।

कर प्रशासनको कुरा गर्दा देशको प्रत्यक्ष राजस्वको ६० प्रतिशतभन्दा बढी उपत्यकाबाट र अप्रत्यक्ष करको अधिकांश भाग तराईको वीरगंजबाट उठ्ने गरेको तथ्य सर्वविदित नै छ । यस परिप्रेक्ष्यमा विचार गर्दा नयाँ अध्ययन अनुसार २०५८ सालमा समृद्ध भनिएका तराईका सप्तरी, सर्लाही, सिरहा, रौतहट, बारा र पर्सा जिल्लाहरू अहिले आएर मध्यम समृद्ध वा न्यून समृद्ध श्रेणीमा पुगेको तथ्य पनि साथसाथै उजागर भएको छ । यी जिल्लाहरूमा २०५८ को तुलनामा गरिबीको रेखामुनि रहेको जनसङ्ख्यामा उल्लेख्य वृद्धि भएकोले गरिबी बढेको भनिएको छ । यसबाट स्पष्ट के हुन्छ भने प्रतिव्यक्ति आय बढे पनि यसको न्यायपूर्ण वितरण भइरहेको छैन र खासगरी तराईका जिल्लाहरू उपेक्षाको शिकार भइरहेका छन् । मधेसमा विकास गर्न र मधेसको शक्ति र स्वाभिमान स्थापित गर्न मधेस आन्दोलन भएको थियो र त्यसबाट प्राप्त नतिजाले मधेसलाई पनि विकासको राष्ट्रिय मूलधारमा ल्याउने छ भन्ने विश्वास गरेर मधेसको जनताले मधेसवादी दलहरूलाई मत दिएको थियो, तर भयो ठीक यसको उल्टो । अर्थात् मधेस उपेक्षाको शिकार भइरहेको छ ।

केही वर्ष अगाडि तत्कालीन योजना आयोगका उपाध्यक्ष डा. शङ्कर शर्माले कान्तिपुर टेलिभिजनको फ्रस्ट साइड कार्यक्रममा नेपाल सरकारले तराईको शहरबाहेक ग्रामीण क्षेत्रमा लगानी शून्य नै रहेको स्वीकार गर्नुभएको थियो । त्यो सत्य आज तथ्य भएर उजागर भएको छ । यसको अर्थ के हो भने मधेस आन्दोलनपछि मधेसप्रति नीति निर्माताहरूको हेपाहा प्रवृत्ति झन् बढेको छ । होइन भने मधेसमा विकास योजनाहरू सञ्चालन भएको अवस्था २०५८ सालभन्दा सप्रिनुपर्ने थियो । नेपालकै सबभन्दा पुरानो र तराईका सबै जिल्ला जोड्ने हुलाकी सडक बनाउने बहुदल स्थापनापछिको नेपाली

काङ्ग्रेस सरकारकै योजना पनि २४ वर्ष पुरानो भइसकेको छ र अहिले भारतको सहयोगमा निर्माण हुने भनिए पनि सुस्त गतिभन्दा माथि उक्लिन सकेको छैन । भने १७०० किमि खण्ड सञ्चालनमा आइसकेको छ । यसको लागि कुनै विदेशी सहयोगको आवश्यकता परेन । यो एउटा उदाहरण मात्र हो । उच्च शिक्षा प्राविधिक उच्च शिक्षाको क्षेत्रको पनि कमोबेस यही अवस्था छ । मध्य पहाडी क्षेत्रमा बस्ती विकास कार्यक्रम (शहरीकरण) सञ्चालन भइरहेको छ भने तराईका शहरहरू विराटनगर, जनकपुर, जलेश्वर, राजविराज, मलङ्गवा, गौर, वीरगंज, भैरहवाजस्ता शहरको दुर्दशा हामी सबैले देखेभोगेकै छौं । यहाँनेर मेरो पनि नेपाली मनमा दुर्भावनायुक्त एउटा प्रश्न उठ्न थालेको छ । त्यो के भने के मधेसीहरूलाई हाम्रा नीति निर्मातांहरूले अझ नेपाली मान्न सकेका छैनन् ?

विगत चुनावमा विकासको मुद्दालाई नै प्रथम प्राथमिकतामा राखेर २०६२ सालको जनान्दोलनेपछि अधिकांश समय माओवादी र मधेसवादी दलहरूको सरकारको कुशासनको प्रतिकार गर्न नै काङ्ग्रेस र एमालेलाई भोट दिएर अत्यन्त संयमित तवरले आफ्नो विरोध प्रदर्शन गरेका छन् । तर यस्तो विरोधको बेवास्ता गर्ने अनि हडताल, तोडफोड र उग्रविरोधको सामु शिर निहुराउने बानी परेका हाम्रा शासकहरूले यसको समेत बेवास्ता गरेमा मधेसले आफ्नो नेपाली पहिचान कायम राख्न र राष्ट्रिय मूलधारमा सम्मिलित भई विकास निर्माणलाई मधेसमा पनि ल्याउन अर्को तर निर्णायक आन्दोलन गर्न सक्नेछ भन्नेतिर सचेत हुनु आवश्यक भएको छ। यस्तो हुने हो भने देशले फेरि एकपटक राजनैतिक अस्थिरताको शिकार हुनुपर्नेछ जुन समग्र देशको लागि प्रत्युत्पादक मात्र हुन सक्छ ।

२०७१ वैशाख १७ गते बुधवार

सन्दर्भ- मई दिवस २०७१

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको मातहत सञ्चालित Work 4 Youth (W4Y) आयोजना भर्खरै Labour Market Transition of young men & women in Nepal शीर्षकमा गरेको अध्ययनबाट नेपालको युवापुस्ताले बेरोजगारीको गम्भीर सङ्कट बेहार्नु परिरहेको तथ्य उजागर गरेको छ । युवापुस्ताको संस्था बढ्दो छ र शिक्षाको विस्तारले गर्दा यिनीहरूको राम्रो काम खोज्ने सपना पनि बढ्दो छ भने शिक्षित बेरोजगारी र अशिक्षित बेरोजगारी, महिला र पुरुष एवं शहरी र ग्रामीण बेरोजगारीहरूको चाहनामा स्पष्ट अन्तर देखिएको छ । ग्रामीण क्षेत्रका अधिकांश शिक्षित युवाहरू विदेश पलायन हुने गरेका छन् । अशिक्षित वा अल्पशिक्षितहरू कृषिमा आश्रित भएर बस्ने गरेको पाइएको उल्लेख गरेको छ । यसमा अर्को महत्त्वपूर्ण कुरा के छ भने नेपाली शिक्षित महिलाहरू असुरक्षाको कारण श्रम बजारमा प्रवेश गर्दैनन् ।

यसै परिप्रेक्ष्यमा औद्योगिक क्षेत्रको चर्चा गर्दा चाल् आवमा यस क्षेत्रको वृद्धिदर १.८६ प्रतिशत हुने अनुमान छ । आव २०६९/७० मा उद्योगहरूको क्षमता उपयोग ५८ प्रतिशत मात्र रहेको छ । यसरी वृद्धिदर निराशाजनक हुनुमा चर्को लोडसेडिङ र भारत एवं चीनबाट आयात हुने सस्तो सामग्रीसँग प्रतिस्पर्धा गर्न नसकेर हो भन्ने निजी क्षेत्रको भनाइ छ। राष्ट्र बैंकले क्षमता उपयोग घट्नुको तीनवटा मुख्य कारण औल्याएको छ- पहिलो राजनैतिक अस्थिरता, दोस्रो ऊर्जा सङ्कट र तेस्रो अस्थिर श्रम सम्बन्ध । तर वास्तवमा भन्ने हो भने देशभित्र स्थापित उद्योगहरूलाई निर्वाध ऊर्जा प्राप्त भइरहेको भए राजनैतिक स्थिरताले पार्ने प्रभाव खासै देखिने थिएन । राजनैतिक अस्थिरताले लगानी भित्र्याउने वातावरण नबनेको मान्न सकिन्छ तर के लगानी नभित्रिने हो भने आन्तरिक साधन र स्रोतबाट ऊर्जा उत्पादन सम्भव छैन ? बर्सेनि १०० मेगावाट बिजुलीको माग बढ्दै गरेको नेपालमा यसको लागि आवश्यक पर्ने कार्य गर्नुपर्ने देखिएको छ। भर्खरै दोर्दी ए जलविद्युत् आयोजनाको लागतलाई आधार मान्ने हो भने पनि १०० मेगावाटको लागि १५-१६ अर्ब रुपियाँ बर्सेनि आवश्यक पर्छ । यति रकम त सरकार स्वयंले पनि व्यवस्था गर्नु वा निजी क्षेत्रले लगानी गर्नु ठूलो चुनौती होलाजस्तै लाग्दैन । तर झोलामा खोला बोक्न दिने नीति बोकेर हिंडेका नीति निर्माताहरूको दरिद्र मानसिकताले गर्दा आज देश सङ्कटको अवस्थामा पुगेको छ। ठूलो आयोजनालाई मात्रै देख्ने अनि त्यसैको लागि लडाइँ-झगडा हुने तथ्य ऊर्जा मन्त्रालय एवं लगानी बोर्डको लडाइँबाट स्पष्ट भइसकेको छ । ठूलो आयोजनाका दाताहरूको शर्त र ऋणको बोझका साथै भेरिएसन मूल्यको नाममा लागतभन्दा महँगो हुने भए पनि शान्ति सम्झौता भइसके पनि कुनै पनि सरकारले २०-२५ मेगावाटसम्मको आयोजनालाई प्राथमिकता दिएको भए १०-१२ वर्षमा १०००-१५०० मेगावाट उत्पादन थप भइसक्ने

थियो । तर निहित स्वार्थले पश्चिम सेती ओझेलमा पऱ्यो । त्रिशूली–ए को म्याद बढ्यो तथा अन्य आयोजनाहरूको गति पनि सुस्त छ । यस्तो चालालाई रणनीति नभनी अधोगति भनिन्छ । अधोगति लागेको यस्तो देशमा उद्योग नै स्थापना नहुने भएपछि रोजगारी कहाँबाट सिर्जना हुन्छ ? सरकारले नै आफ्नो विकास बजेट शीर्षकको रकम २०–२२ प्रतिशतभन्दा बढी खर्च गर्न सकेको छैन। यसको सोझो अर्थ के हुन्छ भने भौतिक पूर्वाधार निर्माणको काम भएन र यसले रोजगारी सिर्जना गरेन । यस अवस्थामा राजनैतिक आन्दोलन र शिक्षाबाट बढेको चेतनाले युवाहरू सम्मुख दुईवटा विकल्प देखिन्छ – १. रोजगारीको लागि विदेश जानु र २. स्वदेशमा रोजगार खोज्नु । यी दुवै विकल्पमा सफल नभएका युवाहरू क्रमशः हीनभावनाको शिकार हुँदै आफ्नो सङ्गत र परिवेश अनुसार कुलतमा फस्ने वा अपराधजन्य क्रियाकलापतिर लाग्ने विकल्प मात्र बाँकी रहन्छ । अहिले नेपालमा यो क्षेत्रमा नै प्रगति (?) भइरहेको छ । लागू पदार्थमा युवाहरूको संलग्नता बढ्दो छ भने नेपाल प्रहरीको महानगर प्रहरी वृत्तले सार्वजनिक गरेको तथ्याङ्कलाई आधार मान्ने हो भने उपत्यकामा भएको अपराधिक घटनाहरूमध्ये ६० प्रतिशत ३० वर्ष वा योभन्दा कम उमेरका युवाहरूबाट भएको पाइएको छ । पर्सामा बढ्दो लुट र डाकाजनी एवं बारा र रौतहटमा भएका डाकाजनी एवं बलात्कारका घटनाहरूले पनि यही स्पष्ट पार्दछ । यस्ता अध्ययन एवं प्रकाशनबाट सरकारले नेपाल र नेपालीलाई समृद्ध बनाउन ऊर्जा उत्पादनलाई स्वदेशी लगानी र विदेशी लगानी गरी दुई वर्गमा विभाजित गरेर आन्तरिक लगानीबाटै कम्तीमा वार्षिक १०० मेगावाट उत्पादन गर्ने गुरुयोजना बनाउन जरुरी छ र यसका साथै ठूलो आयोजना पनि सम्पादन भइरहेकोमा भ्रष्ट नोकरशाहहरूको भुँडीपूजनका साथै विगतमा ऊर्जा उत्पादन नभएर हुन पुगेको माग र आपूर्तिबीचको असन्तुलनलाई सन्तुलित गर्न मदत पुऱ्याउने छ ।

मई दिवसको अवसरमा औद्योगिक र ऊर्जा क्षेत्रको दुर्गतिले देशभरिका मजदुरहरूको लागि कर्तव्य क्षेत्रमा राम्रो सन्देश प्रवाह नगरेको भए पनि आशान्वित भई अगाडि बढ्न र हौसला राखी कर्तव्य निर्वाह गर्दै अधिकार खोज्न सबैलाई प्रेरणा मिलोस् भन्ने कामना गर्दछु ।

२०७१ वैशाख २४ गते बुधवार

तेलको राजनीति

वैशाख २३ गतेको कान्तिपुरको विविधा पृष्ठमा पुरुषोत्तम ओझाको 'तेलको अर्थ राजनीति' शीर्षकमा एउटा लेख प्रकाशित भएको छ । ओझा पूर्वसचिव हुन् र अत्यन्त प्रतिभाशाली व्यक्तित्वका धनी पनि । तर लेखमा केही अत्यन्तै महत्त्वपूर्ण कुराहरूको चर्चा अपूग भएको जस्तो लागेकोले ती विषयवस्तुहरूलाई यहाँ राख्ने प्रयोजनमा केन्द्रित हुनेछु ।

संयुक्त अरब इमिरातमा प्रतिव्यक्ति ऊर्जा खपत ८,२७२ किलोग्राम तेल बराबर छ भने भारतमा ५६६ र नेपालमा ३४१ किग्रा तेल बराबर छ । यसबाट के प्रस्ट हुन्छ भने जुन देशमा ऊर्जा खपत जति बढी छ, ती मुलुकहरू त्यति नै समृद्ध छन् । नेपालमा पेट्रोलियम पदार्थको मूल्य निर्धारण भारतमा आयात गर्दा लाग्ने लागत, सेवा शुल्क एवं ढुवानी लागतसमेत जोडी कायम हुने मूल्यको आधारमा १५/१५ दिनमा भारतीय आयल निगमले निर्धारण गर्ने गरेको छ। यसरी मोल निर्धारण गरेर बेच्दा पनि आयल निगमले घाटा बेहोरिरहेको छ भने अर्कोतिर सरकारले ऋण र अनुदान पनि दिनुपरेको छ । सरकारले दिने ऋण र अनुदान सरकारको राजस्वबाट नै आउने हो र नेपालमा यत्रो राजस्व, जसलाई अप्रत्यक्ष कर भनिन्छ, त्यस्ता जनताले पनि तिरेका हुन्छन्, जसले यसको प्रयोग गर्ने गरेका छैनन् । नेपालको राजस्व प्रणालीमा प्रत्यक्ष करभन्दा अप्रत्यक्ष करको योगदान बढी भएकोले पनि सम्पन्न वर्गले प्रयोग गर्ने वस्तुको लागि गरिब जनताले समेत कर तिरिरहेको अवस्था छ । हालसालै आयल निगम प्रकरणमा प्रकट भएका चोरीका तथ्यहरू एवं बिमाको पैसा अधिकृत बिक्रेताहरूले बिमा नै नगराइ प्रयोग गरेर जनतालाई थप भार दिएको प्रसङ्ग आयल निगमको आन्तरिक व्यवस्थापनको कुरा मात्रै हो भनेर मान्न सकिदैन । यो राष्ट्रियस्तरको संस्था हो र यसको पूँजीमा समस्त नेपालीको लगानी छ । रक्सौलबाट अमलेखगंजसम्म पाइप ओछ्याउने आयोजना होस् वा भारतको कुनै पायक पर्ने ठाउँबाट विराटनगर, भैरहवा वा नेपालगंज, त्यसलाई सम्पन्न हुन नदिन तेल माफियाहरू कति सक्रिय होलान्, त्यसको अनुमान १७ हजार लिटर डिजेल चोरी प्रकरणबाट नै बुझ्न सकिन्छ ।

माथिका दुवै अवस्थाको समाधान प्रतिस्पर्धाबाट मात्र सम्भव छ र त्यो प्रतिस्पर्धा हुन दिनबाट पनि तेल माफियाहरूले नै रोकेको हुनुपर्दछ । सरकार कति निरीह छ भन्ने कुरा त ग्यास सिलिन्डरको वर्गीकरण गरेर रातो र नीलो गर्ने निर्णयलाई वर्षौं बिते पनि कार्यान्वयन गर्न नसक्नुबाट स्पष्ट छ । अहिले बढ्दो लोडसेडिङका कारण डिजेल र ग्यासको निर्यात बढेर नेपालको कुल निर्यातको बराबर भइसकेको छ । जबसम्म निर्बाध बिजुली आपूर्तिको बन्दोबस्त हुँदैन, यसको अवस्थामा कुनै सुधार हुन सक्दैन । बिजुलीकै कुरा गर्ने हो भने जम्माजम्मी १०० मेगावाट प्रतिवर्षको ठाउँमा १० मेगावाट प्रतिवर्ष बिजुली थपेर पनि हामी लाजले मर्न सकेका छैनौं । आयोजनाहरू बन्ने होड चलेको छ, पूरा कहिले हुने भन्ने मात्रै ठेगान छैन । यस्तो विपरीत परिस्थितिमा माथिल्लो अरुण आयोजना प्राधिकरण आफैंले वा सहायक कम्पनी खडा गरेर बनाउने कुरा सार्वजनिक हुनु अत्यन्त सुखद समाचार हो । तर तामाकोसी सन् २०१६ मा पूरा

हुने र अरुण कहिले पूरा हुने भन्न सक्ने अवस्था नरहे पनि ४/५ वर्ष लाग्ने अनुमानको आधारमा ७००-८०० मेगावाट बिजुली उत्पादन भइरहँदा नेपालको विद्युत्को माग पनि २०००-२५०० मेगावाट पुगिसकेको हुनेछ । यसमाथि थप बर्दिवास-सिमरा विद्युत् रेलको लागि ट्रयाकको काम शुरू भइसकेपछि २००० मेगावाटसम्ममा पनि पूरा हुने हो भने नेपाल लोडसेडिङमुक्त हुने अवस्था देखिँदैन । जुन प्रकारले पेट्रोलियम पदार्थको मूल्य नेपालमा अमेरिका, युरोपलगायत दक्षिण एसियाली मुलुकभन्दा महँगो छ, त्यसैगरी बिजुली पनि महँगो छ । अत्यन्त आशावादी भएर सोच्दा पनि नेपालको प्रतिव्यक्ति आय बिस्तारै नबढेसम्म र यसलाई सबै स्थानमा सहज उपलब्ध हुने नबनाउँदासम्म विद्युत् चोरी जुन अहिले झन्डै प्राधिकरणले स्वयम् कहिले २५ प्रतिशत र कहिले ३३ प्रतिशत भनी दाबी गर्दै आएको छ, जारी रहनेछ । यस्तो अवस्थामा प्रसारणको नोक्सानी, प्रसारणको स्थिर खर्च, प्रशासनिक खर्च आदि जोड्दा मूल्य अहिलेभन्दा सस्तो पर्ला भन्न कठिन छ । नेपालको कृषि क्षेत्रको लागि उपलब्ध नभई हाहाकार मच्चिने एमोनियम सल्फेट नामक रासायनिक मल नेपालमा यथेष्ट उपलब्ध पानीलाई बिजुलीद्वारा रासायनिक विश्लेषण गरी बन्ने गर्दछ। तर त्यस्तो कारखाना नेपालमा आजसम्म बिजुली महँगो भएकोले स्थापित हुन सकेको छैन। विद्युत् क्षेत्रमा निजी क्षेत्रलाई सरकारले लगानी गर्न दिएकै हो, तर नतिजा 'नौ दिन चले अढाई कोस' भनेजस्तै शून्य छ। पेट्रोलियम पदार्थको आयात एवं वितरणमा पनि निजी क्षेत्र संलग्न हुँदा यस्तो नहोला कसरी भन्न सकिन्छ ?

यस्तो विषम परिस्थितिबाट निस्किने एउटा दोहोरो फाइदा हुने बाटो छ, जुन अत्यन्त उपेक्षित छ । नेपाली काङ्ग्रेसको पर्सा जिल्ला कार्यसमितिबाट महाधिवेशनमा प्रस्तुत एवं नेपाल आयल निगमकै क्षेत्रीय सम्मेलनमा स्वयं यस पङ्क्तिकारले प्रस्तुत गरेको 'पावर अल्कोहल' उत्पादन परियोजना । अहिले नेपालमा चिनी कारखानाहरूको उत्पादन र सङ्ख्या दुवै बढ्दो छ र यसबाट सहायक कच्चा पदार्थको रूपमा उत्पादन हुने खुदो कि स्पिरिट बनाउन प्रयोग हुन्छ वा भारत कच्चा पदार्थको रूपमा निर्यात हुन्छ। नेपालमा स्पिरिटबाट मदिरा मात्र उत्पादन गरिने भएकोले डिस्टिलरी उद्योगहरूको क्षमता उपयोग ३०-४० प्रतिशतभन्दा माथि बढ्न सकेको छैन । यस प्रस्ताव अनुसार तत्कालीन अर्थमन्त्रीले 'पावर अल्कोहल उत्पादन' गर्ने प्रावधान बजेटमा राख्नुभएपछि श्रीराम सुगर मिल्सले यसको स्थापना गर्ने काम अगाडि बढाएको हो तर सरकारबाट (१) अन्तःशुल्क निर्धारण नभएको र (२) एक मात्र खरिदकर्ता आयल निगम एवं आपूर्ति मन्त्रालयको असहयोगको कारण यसले सफलता प्राप्त गर्न सकेन । वस्तुतः पावर अल्कोहललाई पेट्रोल र डिजेलमा १० प्रतिशतसम्म मिसाएर हाल सञ्चालनमा रहेका सबै प्रकारका वाहनहरू चलाउन सकिन्छ भनेर भारतीय आयल निगमको देहरादुन अनुसन्धान केन्द्रबाट पुष्टि भइसकेको छ। यसरी पावर अल्कोहल मिसाउँदा प्रदूषणसमेत नियन्त्रण हुने र नेपालको डिस्टिलरी उद्योगहरू १०० प्रतिशत क्षमतामा सञ्चालन हुन सक्छ । यसबाट पेट्रोलियम पदार्थको आयात कम्तीमा १० प्रतिशतले घट्ने र विदेशी मुद्रा एवं पर्यावरणको सुरक्षा हुनुका साथै स्वदेशी उद्योगहरूले थप टेवा पाउन सक्छन्।

२०७१ वैशाख ३१ गते बुधवार

नमोमय भारत

सन् २००४ र २००९ को लोकसभा चुनावमा भोग्नुपरेको पराजयबाट भारतीय जनता पार्टीको नेतृत्वमा सङ्कट र अविश्वास देखा परिसकेको थियो । यो अविश्वासको सङ्कट कतिसम्म थियो भने भाजपा तथा राष्ट्रिय स्वयंसेवक सङ्घका केही नेताहरूले १६०–७० सिट प्राप्त गरेर काङ्ग्रेसविरोधी दलहरूको सहयोगले केन्द्रमा सरकार बनाउने रणनीति निर्माण गर्न लागेका थिए । विश्वासको यस्तो सङ्कटको बेला कार्यकर्ताहरूको नरेन्द्र मोदीलाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने माग आउन थाल्यो । लालकृष्ण आडवाणी, मुरलीमनोहर जोशी र सुषमा स्वराजजस्ता दिग्गज नेताहरूको विरोधका बावजुद कार्यकर्ताको मागका अगाडि बाध्यतावश मोदीलाई प्रधानमनत्रीको उम्मेदवार एवं प्रचारप्रसार प्रमुख बनाइएको हो । यो पद प्राप्त गर्नासाथ मोदीले सर्वप्रथम कार्यकर्ताहरूको मनोबल बढाउँदै 'वृद्धि र विकास' को नारा लगाए जसलाई शहरिया मध्यमवर्ग र युवाहरूले मन पराए । यो नाराको स्वीकार्यता नै अन्ततः नरेन्द्र मोदीको जीतको एक मात्र मन्त्र बनेको हो ।

तर यो जीत हासिल गर्न प्रयोग गरिएको मन्त्र एउटा भए पनि त्यो एउटा मन्त्रलाई सफल बनाउन यो चुनावमा प्रमको उम्मेदवारको रूपमा आफू र आफ्नो दललाई जिताउन प्रयोग गरेको रणनीतिले उनको व्यवस्थापकीय क्षमता उजागर गर्दछ । उनका अत्यन्त नजिक मानिने सहयोगी अमित शाहलाई गुजरात प्रवेशमा प्रतिबन्ध लागेपछि मोदीले यस चुनौतीलाई अवसरको रूपमा प्रयोग गर्दै भारतको उत्तरप्रदेश राज्यमा पार्टीको लागि चुनावी जिम्मेवारी दिए जसलाई अमित शाहले अत्यन्त सफलतापूर्वक पूरा गरेको चुनावी नतिजाबाट स्पष्ट छ । यस्तो सफलता पाउन अमित शाहले उत्तरप्रदेशको राजनीतिमा जरो गाड्ने काम गर्दै विगत १७ वर्षदेखि पञ्चायतको चुनाव नलडेको यो दललाई पञ्चायतबाट पार्लियामेन्टसम्म लड्ने सङ्गठन खडा गरे, जसले गर्दा विजेपीको भोट बैंक बढ्न गयो । साथै अत्याधुनिक ४०० थान जिपिएस सुविधा भएको मोबाइल भ्यानहरूको प्रयोगबाट ८७००० गाउँमा पुग्ने व्यवस्था गरे जसमा जिपिएस प्रणालीबाट भ्यानहरूको स्थान, कार्यक्रम र समयको रेकर्डिङ गरी चुनाव प्रचारको प्रभावकारिता बढाइयो भने पिछडावर्गलाई सकेसम्म बढी टिकट दिएर काङ्ग्रेसबाट टाढा पारियो । यो चुनावको एउटा आश्चर्यजनक पक्ष रहेको छ, त्यो पनि उत्तर प्रदेशमा, जहाँ स्वतन्त्रतापछि पहिलोपटक एकजना पनि मुस्लिम उम्मेदवार संसद्मा छनोट भएन। जबकि उत्तर प्रदेशमा यो समुदायको सङ्ख्या उल्लेख्य छ । चुनाव विशेषज्ञहरूको एक अध्ययनले यसलाई Reverse Polarizatrom प्रक्रियाको संज्ञा दिएको छ । जसको अर्थ के निकालिएको छ भने धर्म निरपेक्ष दलहरूले मुस्लिम

बहुल क्षेत्रमा खडा गरेको एकभन्दा बढी मुस्लिम उम्मेदवारले एक अर्काको भोट काटेकोले भाजपाका ओबिइ उम्मेदवारलाई फाइदा पुगेको हो।

यस्ता रणनीतिक चातुर्यका साथै केही वातावरणीय प्रभाव पनि यस चुनावमा परेको छ। यसमध्ये पहिलो त युपिए सरकारको समयमा भएको भ्रष्टाचार, मूल्यवृद्धि र फितलो प्रशासनजन्य असफलताको रोष, गुजरात दङ्गा भएको १२ वर्ष बितिसकेकोले कम भएको भावनात्मक आवेश, भारतको करपोरेट क्षेत्रको ठूलो समर्थन, मोदीको आफ्नै नेतृत्व गुण एवं युवाहरूलाई रोजगार दिन सक्ने विश्वास।

गुजरातका मुख्यमन्त्री नरेन्द्र मोदीलाई भारतले आमूल परिवर्तनकामी नेताको रूपमा र गुजरात मोडेलको प्रणेताको रूपमा चिन्ने अवसर पाएको हो। यसको लागि सरकारले अब रोजगारी सिर्जना गर्ने आयोजनाहरू–जस्तै रेल सेवा विस्तार र भारतमा १०० वटा स्याटेलाइट शहरको निर्माणको योजनालाई प्रथम प्राथमिकतामा राख्नुपर्ने हुन्छ। यसले रोजगारको अवसरका साथै भारतको अनुहारसमेत फेर्ने अपेक्षा गर्न सकिन्छ। भावनात्मक रूपमा गङ्गाको सफाइ र यस वरिपरिको क्षेत्रको औद्योगिक विकासमा बढी ध्यान केन्द्रित गर्नुपर्नेछ भने कृषि क्षेत्रलाई पनि उपेक्षित छाड्न सकिने अवस्था देखिँदैन। गुजरातमा उद्योगधन्दाको लागि सफल मानिएको एकद्वार नीति केन्द्रमा समेत प्रयोग गरिनुका साथै पर्यटन क्षेत्रमा समेत उत्तिकै ध्यान दिनुपर्नेछ। विदेश नीतिको सम्बन्धमा भने गुजरातीपारा भएकोले भारतको वैदेशिक नीति व्यापारिक दृष्टिकोणबाट परिभाषित हुनेछ भनेर विशेषज्ञहरूले अनुमान गरेका छन्।

यस चुनावको नतिजाले सम्पूर्ण भारतलाई हर्षित तुल्याए पनि नेहरू परिवार र अब पूर्वप्रधानमन्त्री मनमोहन सिंहलाई भने आहत तुल्याएकै हुनुपर्छ। नेहरू परिवारका सोनिया गाँधी र राहुल गाँधीलाई असफलताको लागि र प्रधानमन्त्री मनमोहन सिंह, आफ्नो अर्थ भव्यताको लागि अत्यन्त विद्वान् एवं भारतीय अर्थ व्यवस्थाको आर्किटेक्ट भएर पनि प्रधानमन्त्रीको हैसियतमा आफ्नो प्रभावकारिता स्थापित गर्न नसक्नु उनको अकर्मण्यता थियो। यस असफलताको भागीदार उनीहरू हुनैपर्छ। असफलताप्रति आफ्नो जिम्मेवारी स्वीकार गरेर उनीहरूले राम्रो गरेका छन् भने भारतीय जनताले आफूले चाहेको परिवर्तन प्राप्त गर्न सकेकोमा बधाईका साथै आउँदा दिनहरूले सबैको लागि वृद्धि एवं विकास ल्याओस् भन्ने कामना गर्नै पर्दछ।

२०७१ जेठ ०७ गते बुधवार

कृषिको राजनीति

यस वर्षको मनसुनमा एलनिनो प्रभावले दक्षिण एसियामा औसतभन्दा ५ प्रतिशत पानी कम पर्ने प्रक्षेपण मौसमविद्हरूले गरेका छन् । भारतीय कृषिमा यसबाट आगामी वर्ष आर्थिक वृद्धिदर १.७५ प्रतिशतले घट्ने अनुमान गरिएको छ । एक अध्ययनबाट १ प्रतिशत वर्षा कम हुँदा आर्थिक वृदिदर ०.३५ प्रतिशतले घट्छ भन्ने तथ्य ९ मईको टाइम्स अफ इन्डिया पत्रिकामा प्रकाशित समाचारमा उल्लेख छ ।

नेपाल कृषिप्रधान देश भए पनि ७०–८० प्रतिशत खेतीयोग्य जग्गाको सिंचाइ वर्षाको पानीमा भर पर्ने भएकोले यो प्रभावबाट नेपाल पनि मुक्त हुनेछैन । यसको कारणले गर्दा उब्जनीमा आउने ऱ्हासले अन्न, दलहन, तेलहनको भाउ बढ्नुका साथै औद्योगिक कच्चा पदार्थको रूपमा प्रयोग हुने कृषिजन्य पदार्थको समेत उत्पादन घट्न गई कृषिमा आधारित उद्योगसमेत प्रभावित हुनेछ । कच्चा पदार्थको मूल्य वृद्धि र ऊर्जा सङ्कटले समेत गरी औद्योगिक बेरोजगारीका साथसाथै कृषि क्षेत्रमा काम गर्ने लाखौं व्यक्तिले समेत रोजगार पाउन समस्या भोग्नुपर्ने अवस्था आउने सम्भावना छ । पानी कम पर्छ भन्ने बित्तिकै नहर प्रणालीबाट पानी छोडेर क्षति न्यूनीकरण गर्ने र कृत्रिम वर्षा गराउने दुवै प्रविधि हामीसँग छैन ।

चालू आवमा धान र मकैको उत्पादन राम्रो मनसुनका कारण सरदर ११ प्रतिशतले वृद्धि भएर हाम्रो आर्थिक वृद्धिदर चालू आवमा ५.५ प्रतिशतसम्म पुग्ने सरकारी प्रक्षेपण यस कारणले धर्मसङ्कटमा पर्ने देखिन्छ । पानीको एउटा कारणलाई मात्रै आधार मान्ने हो भने पनि हाम्रो आर्थिक वृद्धिदर ३.७५ प्रतिशत कायम हुन आउँछ । एसियाली विकास बैंक र विश्व बैंकको प्रतिवेदनलाई आधार मान्ने हो भने उनीहरूको प्रक्षेपणमा डलरको मूल्य, मुद्रामा आएको सङ्कुचन, मूल्यवृद्धि आदिलाई समेत जोडेर नेपालको आर्थिक वृद्धिदर ४.५ प्रतिशत हुने प्रक्षेपण छ । यसमा न्यून वर्षाको प्रभाव घटाउँदा यो ३.७५ प्रतिशत हुन आउँछ । यो तथ्याङ्क ज्यादै डरलाग्दो छ । तसर्थ यस ऊर्जा सङ्कटबाट देशलाई जोगाउन राष्ट्रियस्तरमै कसरत गर्नुपर्ने हुन्छ ।

यसको लागि त सर्वप्रथम कम पानीमा हुने बीउबिजन उपलब्ध गराउनुका साथ समयमै कृषकहरूले उपयुक्त मलखाद र औषधि सुपथ मूल्यमा प्राप्त गर्न सक्ने व्यवस्था हुनुपर्दछ । यसका साथै कम पानी पर्ने वा सुख्खा क्षेत्रहरूमा वैकल्पिक अन्न अनाजको बीउ उपलब्ध गराउनुका साथै सञ्चालन भइरहेका नहर प्रणालीहरूको उपयुक्त मरम्मत सम्भार गरी समयमै पानी उपलब्ध हुने व्यवस्था गर्नुपर्छ । भारत आश्रित नहर प्रणालीहरूमा समेत सरकारी स्तरमा पानीको व्यवस्थापन गर्नुपर्नेछ । पानी नै कम पर्ने भएपछि लोडसेडिङमा पनि नियन्त्रित मात्रामा सुधार आउन सक्ने भएकोले भूमिगत

जलमा निर्भर पम्प हाउसहरूको सञ्चालनको लागि मरम्मत सम्भारको कार्य योजना बनाई परीक्षण गरी तयार राख्नुपर्ने अवस्था छ । यो सबै तयारीका साथै कृषिको समृद्ध क्षेत्रले तापक्रमको आधारमा कुन क्षेत्रमा कहिले बीउ लगाउनु उपयुक्त हुनेछ भनेर पनि कार्यक्रम अगाडि ल्याउन आवश्यक छ । छिमेकी राष्ट्रकै सीमा क्षेत्रमा स्थानीयस्तरबाट कृषकहरूलाई क्षेत्रको तापक्रमको आधारमा बीउ रोप्ने र अन्न कार्यक्रम सञ्चालन गर्ने अग्रिम जानकारी दिई एवं मौसमी प्रतिकूलताका कारण उब्जनीमा आउने ऱ्हासलाई न्यूनीकरण गर्न सकिएको छ ।

विश्व बैंकको भनाइमा पूँजीगत शीर्षकमा खर्च न्यून भए पनि बढ्दो रेमिट्यान्स र आवको दोस्रो ६ महिनामा पूँजीगत शीर्षकको रकम खर्च गर्न गरिने प्रयासहरूले २०१४ मा नेपालको आर्थिक वृद्धिदर ४.५ प्रतिशत हुनेछ । त्यस्तै एसियाली विकास बैंकले सफल संविधानसभाको निर्वाचन, राम्रो मनसुन र राम्रो रेमिट्यान्सका साथै स्थिर राजनीतिको सङ्केतले लगानीकर्ताहरूलाई हौंस्याउने आधारमा २०१४ मा नेपालको आर्थिक वृदिदर ४.५ प्रतिशत रहने छ तर २०१५ को लागि बजेट समयमा आएमा, बलियो रेमिट्यान्स कायम रहेमा, घरजग्गा व्यवसाय उभो लाग्नुका साथै राम्रो मनसुन भएमा नेपालको आर्थिक वृद्धिदर ४.७ प्रतिशत रहने प्रक्षेपण गरेको छ ।

२०१४ मा मनसुन राम्रो भएकोले नेपालले सरकारी प्रक्षेपण अनुसार ५.५ प्रतिशतको आर्थिक वृद्धि कायम राखे पनि २०१५ मा मनसुनका कारण १.७५ घट्न गई ४.७५ प्रतिशत घट्ने निश्चित प्रायः छ । त्यो पनि मुद्रास्फिति नियन्त्रणमा रहनुका साथै पूँजीगत खर्च, रेमिट्यान्स लगानी बढ्दो र ऊर्जा समस्या घट्दो भएमा मात्र । माथिका सबै कारणहरूले गर्दा सम्बन्धित क्षेत्रले यसतर्फ पनि ध्यान दिन सके देशको भलो हुने थियो । रेमिट्यान्समा तत्कालै प्रतिकूल असर परिहाल्ने कुनै लक्षण देखिएको छैन । त्यसैगरी नयाँ सरकारले पूँजीगत खर्च बढाउँला भनेर आशावादी सोच राख्नु पनि भारतमा हुने मूल्य वृद्धि, नेपालमा सम्पन्न हुने भनिएको स्थानीय निकायको निर्वाचन र ऊर्जा सङ्कटका कारण थप सङ्कट आउन सक्ने सम्भावनालाई नकार्न सकिन्न ।

२०७१ जेठ १४ गते बुधवार

रेमिटचान्सको मूल्य

नेपालले अहिले दैनिक करिब १.५ करोड रुपियाँ रेमिटचान्सको रूपमा भित्र्याउने गरेको छ । चालू आवको ९ महिनामा यो करिब ३९८ करोड पुग्न आँटेको छ । यस अवधिमा रेमिटचान्स ३१.५ प्रतिशतले बढेर नेपाल विश्वकै सबैभन्दा बढी रेमिटचयान्स भित्र्याउने मुलुकहरूमध्ये तेस्रो स्थानमा रहेको छ । यो रकम सन् २०१२ को आर्थिक वृद्धिदरको २४.७ प्रतिशत रहेको छ भने २०१३ मा यो बढेर २५.६ प्रतिशतमा पुगेको छ। औद्योगिकरूपमा चर्को लोडसेडिङको मार झेलिरहेको देशमा रेमिटचान्सले गर्दा नै करिब ९ महिनाको आयात भुक्तानी गर्न सक्ने क्षमता भएको छ, जबकि चालू आवमा व्यापार आयात २७.७ प्रतिशतले बढेको छ । वैदेशिक रोजगारीले परनिर्भरता बढाउने भएकोले यसको सट्टा स्वदेशमैं रोजगार सिर्जना गर्ने आवाज पनि नउठेको होइन तर पनि यस क्षेत्रको योगदानले मात्रै नेपालको आर्थिक क्रियाकलाप धान्न ठूलो मदत पुऱ्याएको छ ।

तर यस्तो ठूलो मदत पुऱ्याउने क्षेत्रको मानवीय एवं सामाजिक पक्षको चर्चा र मूल्याङ्कन नगरिकन समग्रमा यसबारे कुनै धारणा बनाउनु पूर्वाग्रही हुन्छ । मानवीय पक्षको अध्ययन गर्दा अत्यन्त डरलाग्दो चित्र अगाडि आउँछ । सात वर्षको तथ्याङ्क केलाउँदा सन् २००६ देखि २०१४ सम्म वैदेशिक रोजगारमा जाने नेपालीहरूमध्ये ५७७ जनाले स्वाभाविक मृत्यु वरण गरे भने ५९८ जनाको मृत्यु हृदयघातको कारण भएको पाइन्छ । हृदयघातका कारण मृत्यु वरण गर्ने नेपाली कामदारहरूको सङ्ख्या सबैभन्दा बढी कतारमा ३६६, मलेसियामा ११७, संयुक्त अरब इमिरातमा ७५, साउदी अरबमा २८ र कुबेतमा ४ रहेको छ । अमेरिका, इटली, जर्मनी, लिबिया र माल्दिभ्समा भने प्रत्येक देशमा एकजना नेपालीको मात्र मृत्यु भएको छ भने मध्यपूर्वका देशहरूमा मृत्यु औसत दैनिक २ को सङ्ख्यामा भइरहेको छ। हृदयघातले बढीको मृत्यु हुनुमा औषधिको बढी मात्रा सेवन, अत्यधिक वा अत्यन्त न्यून तापक्रम, अक्सिजनको कमी लगायत कारण रहे पनि मध्यपूर्वबारे छापाहरूमा आउने समाचारलाई आधार मान्ने हो भने कार्यस्थल एवं वासस्थानमा तापक्रम अनुकूलन व्यवस्थाका साथै अक्सिजनको कमीको कारण बढी कामदारहरूले मृत्यु वरण गरेको मान्नुपर्ने अवस्था आउँछ किनभने वैदेशिक रोजगारीमा जाने अधिकांश नेपाली युवावस्थाकै हुने गर्छन् ।

सामाजिक पक्षलाई विचार गर्दा बढी कमाउने भनेर विदेशिएकाहरू एक त सबैले धेरै कमाउन सकेका हुँदैनन् धेरै वा थोरै कमाउनेहरूले घर पठाउने पैसाबाट संयुक्त परिवारमा विखण्डनका साथै सम्बन्ध विच्छेदको बढ्दो घटनाको अध्ययनबाट प्राप्त हुने पैसाको अधिकांश भाग भौतिक सुख सुविधाको साधन जुटाउन प्रयोग हुने गरेको

र भोग विलासमा खर्च भएको कारणबाट भइरहेको तथ्य सार्वजनिक भइ नै रहेको छ। अब समग्रमा मूल्याङ्कन गर्दा देशको अर्थतन्त्र थेग्न नेपालीहरूले विदेशिदै मृत्यु वरण गर्ने गरेको यो तथ्यले उनीहरूलाई शहीदकै श्रेणीमा राखेर सम्मान गर्नु ठीक होलाजस्तो लाग्छ। तर यसमा गर्व गर्नुभन्दा लाज मर्नु बरु उत्तिकै ठीक लाग्छ। लाज लागेर पेट चाहिं नभर्ने भएकोले रेमिटेन्सबाट भएको आकर्षक आम्दानी र नेपालीको अस्वाभाविक मृत्युको दुःखद प्रसङ्गबीच एउटा सन्तुलन खोज्नु आवश्यक छ। किनभने भावनामा बगेर वैदेशिक रोजगारी बन्द गरेर विदेशिएकाभन्दा बाहेक स्वदेशमा रहेका ३ करोड बाँच्ने सम्भावना क्षीण हुने देखिन्छ। माथि भनिएझैं सन्तुलन कायम गर्न लाजै पचाएर भए पनि श्रम सम्झौता भएका देशहरूसँग यसबारे संवाद थालनी गरेर समाधानको उपाय निकाल्न अल्पकालीन रणनीति र स्वदेशमा स्वरोजगार सिर्जना गर्ने वातावरणलाई पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्ने हुन्छ। औद्योगिक रोजगारको सिर्जना र विदेशी लगानी नेपालको लागि त्यसै प्रकारले मृगतृष्णा भएको छ जसरी राम्रो जीवन वैदेशिक रोजगारमा जानेहरूको लागि मृगतृष्णा भएको छ।

तर यसभन्दा पनि बढी आवश्यक के छ भने तत्काल राहतको रूपमा वैदेशिक रोजगारीको लागि नेपालीहरू जाने मुलुकको सरकारसँग श्रम सम्झौता गरेर तलब, बिमालगायत स्वास्थ्य एवं सामाजिक सुरक्षाको व्यवस्था गराएर मात्र रोजगारमा जाने अनुमति दिनु उपयुक्त हुन्छ। भर्खरै कतार सरकारले लागू गरेको व्यवस्था यस क्षेत्रमा प्रेरणादायी छ। यस्तै व्यवस्था अन्य देशहरूमा समेत गर्न हाम्रो सरकारले कूटनैतिक पहल गर्नुपर्दछ। यति गर्दा समेत समस्याको एक पक्ष अर्थात् वैधानिक रूपमा रोजगारमा जानेहरूको समस्या करिब करिब समाधान होला तर अवैधानिकरूपमा जानेहरूको समस्या ज्यूँका त्यूँ रहिरहनेछ। तसर्थ दीर्घकालीन योजनाको रूपमा नेपालमै रोजगार सिर्जना गर्ने अवसरहरू खोजिनुपर्दछ। यस सन्दर्भमा अर्थमन्त्री रामशरण महतले वीउवासङ्घमा प्रकट गर्नुभएको मन्तव्य अनुसार राष्ट्रिय गौरवका आयोजनाहरूलाई विदेशी लगानी नआए स्वदेशी लगानीबाटै सञ्चालन गर्ने तयारी भइरहेको बुझिन्छ। सरकारको विकास बजेट खर्च हुन सकेको छैन र नेपालका बैंकहरूमा उपयोग हुन नसकेको प्रशस्त निक्षेप पनि छ। यस्तो व्यवस्थाबाट विकास हुनुका साथै बैंकहरूले समेत लगानी गर्न सक्नेछन्। डा. महतको भनाइ सही अर्थमा व्यवहारमा रूपान्तरित भएमा देशले साँच्चै नै यस्तो कार्यक्रम शुरु भएको वर्ष दिनभित्र ठूलो फड्को मार्नेछ भन्नेमा विश्वस्त हुन सकिन्छ। हुलाकी सडक, पश्चिम सेती माथिल्लो अरुणजस्ता ३ वटा परियोजनाले मात्रै हजारौंहजार रोजगार सिर्जना गर्न सक्छ भने वीरगंज-पथलैया ६ लेन, फास्ट ट्रयाक र निजगढ अन्तर्राष्ट्रिय विमानस्थलका साथै सिमरा-बर्दिवास रेलखण्डको ट्रयाक ओछ्याउने कामले थप अवसरहरू प्रदान गर्नेछ यसले अवैधरूपमा युवाहरू विदेशिने चाप निर्मूल गर्न नसके पनि न्यूनीकरणका लागि अवश्य नै कारगर हुनेछ। २०७१ जेठ २१ गते बुधवार

मधेस डटकम

नेपालमा मानव विकास विवरण २०१४, Nation Living Standard Survey तथा २०११ को जनगणनाको आधारमा तयार गरेर जारी गरिएको समाचार राष्ट्रिय अङ्ग्रेजी दैनिक दि हिमालयन टाइम्समा प्रकाशित भएको छ । यसमा प्रकाशित तथ्यलाई आधार मान्ने हो भने पर्सादेखि झापासम्मका तराईका जिल्लाहरूमा गरिबी र अशिक्षा बढेको छ । वि.सं. २०५८ सालको जनगणनामा Human Devlopment Index मा राम्रो स्थान पाएको पर्सा, बारा, रौतहट, सिरहा, सर्लाही, महोत्तरीजस्ता जिल्लाहरू अग्रस्थानबाट मध्यममा र महोत्तरी तथा रौतहट मध्यमबाट तल्लो स्थानमा झरेको तथ्य सामुने आएको छ । यी जिल्लाहरूमा गरिबी बढेको छ । सुगम र अन्नको भण्डार भनेर परिचित गराइने यी जिल्लाहरूभन्दा राम्रो HDI विकट मानिएका जाजरकोट, मुगु र रोल्पा जिल्लामा छ । रौतहट जिल्लाको बारेमा त्यहाँका प्रमुख जिल्ला अधिकारी गरिबी र शिक्षाको अभावले यस्तो भएको भन्दै पन्छिनुहुन्छ भने महोत्तरी जिल्लाका प्रमुख यहाँका अधिकांश युवाहरू वैदेशिक रोजगारीमा गएकाले आयस्तर राम्रो रहेको तथा शिक्षाको लागि चेतनाको अभाव रहेको भनेर पन्छिनुहुन्छ । उहाँहरूको तर्कलाई स्वीकार नै गर्ने हो भने बारा र पर्सामा के भएर गरिबी बढेको हो, उहाँहरूलाई सोध्नुपर्ने हुन्छ । HDI रिपोर्ट शिक्षामा मात्र आधारित नभएर आय, जीवनशैलीको स्तर र स्वास्थ्यको आधारमा गणना गरिन्छ । आय राम्रो भएमा राम्ररी बस्ने र स्वस्थ भएर बाँच्ने इच्छा सबैलाई हुन्छ । जहाँसम्म शिक्षाको सवाल छ, पैसा भएपछि पढ्ने र पढाउने चाहना पनि हुन्छ तर यसको लागि सुविधा र पूर्वाधार सरकारले नै उपलब्ध गराउनुपर्ने हुन्छ । अस्पताल, स्वास्थ्य चौकी र विद्यालय उपलब्ध भएपनि उपचार नगराउने र शिक्षण संस्थामा बालबालिका नपठाउने अवस्था एउटा मात्रै हुन्छ, जब मान्छेसँग त्यो सुविधा उपयोग गरेबापत भुक्तानी गर्ने आय हुँदैन । २०५८ सालमा राम्रो र मध्यमस्तरमा तराईका जिल्लाहरू कसरी पुगे ? यहाँका मानिसमा स्वास्थ्य र शिक्षाप्रति जागरूकता थिएन भने त्यो स्थान कसरी प्राप्त गरे ? भन्ने प्रश्न उठ्नु स्वाभाविक छ । यसको उत्तर खोज्दा कि त २०५८ साल र २०७१ सालको रिपोर्ट नै गलत हुनुपर्‍यो, होइन भने अर्को अवस्थामा २०५८ सालपछि र खासगरी २०६३ को मधेस आन्दोलनपछि तराईलाई नियोजितरूपमा गरीब पार्दै लगिएको हो । यसको लागि विकास योजनाहरू तराईमा नपठाइदिए मात्र पुग्ने हुन्छ । वस्तुतः तराईमा यही नै भएको छ । पूर्वमा मेची पुलको निर्माणको कथाबाट शुरू भएर जनकपुर चुरोट कारखाना, सुर्ती विकास कम्पनी, वीरगंज चिनी कारखाना, कृषि औजार कारखाना, रेजीन एन्ड टर्पेन्टाइन उद्योग, बुटवल सुती धागो जस्ता कृषिमा

आधारित तराईको जीवनसँग गाँसिएका उद्योगहरूलाई निजीकरणको नाममा बन्द गरेर पनि सरकारले यस क्षेत्रका कृषकलाई रोजगारी र आम्दानीको विकल्प दिन सकेन । तराईका केही क्षेत्रहरूमा निजी क्षेत्रले ठूल्ठूला क्षमताका चिनी उद्योगहरू सञ्चालन गरेका छन् तथापि त्यहीं गरिबी बढेको छ । यसको कारण के हुन सक्छ भने उखुखेतीबाट या त किसानहरू लाभान्वित हुन सकेका छैनन् वा उखुखेतीबाट मात्र पर्याप्त आय आर्जन भइरहेको छैन र दोस्रो कुनै अवसर उपलब्ध छैन ।

दन्त्यकथाको नायकझैं हुलाकी सडकको निर्माण र अन्त्यको गति अनन्त छ । यो समयमैं निर्माण भइदिएको भए आर्थिक कारोबारमा केही वृद्धि हुने थियो भने भएका उद्योगहरूलाई बिजुली सङ्कटले पिरोलेको छ । कृषकले भारतबाट बीउ, मलखाद महँगोमा खरिद गरेर गर्ने अन्नको बाली काटेर भित्र्याउँदा भारतबाट त्यही अन्न सस्तोमा भित्रिएर मूल्य नपाइने अवस्था छ । थप विकास योजनाहरू सञ्चालन नगरेकोले नै यो अवस्था आएको हो भनेर बुझ्न कन्जुस्याइँ गर्नुहुँदैन । पहाडको जाजरकोट, मुगु एवं रोल्पा जिल्ला धनी हुनु हाम्रोलागि चिन्ताको विषय होइन, धनी जिल्ला किन गरिब भयो भनेर चिन्तन गर्नु आवश्यक छ ।

मधेस आन्दोलनलाई अहिलेको परिस्थितिमा विश्लेषण गर्दा यसबाट तराईले जम्माजम्मी दुईवटा कुरा मात्र पाएको जस्तो लाग्छ । पहिलो, केही मधेसी राजनीतिज्ञ मन्त्री भएर अकुत सम्पत्ति आर्जित गरे । दोस्रो, सामान्य मधेसवासी वा मधेसी गरिब भए । यो तीतो सत्यलाई आत्मसात् गर्दा मधेस आन्दोलनको कुनै औचित्य नै नभएको जस्तो लाग्छ । सायद यही बोध भएर नै जनताले गत संविधानसभा–२ को नतिजामा यस्तो मनसाय व्यक्त गरे, जसले राजनीतिज्ञ र राजनीतिक विश्लेषकहरूलाई चकित पारेको थियो ।

परिवर्तनको चाहना कति शक्तिशाली हुन्छ भन्ने तथ्य हालै सम्पन्न भारतीय लोकसभाको निर्वाचन परिणामबाट भारतीय जनता पार्टीले प्राप्त गरेको नतिजाले स्पष्ट गरेको छ । नेपालले अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्रमा सन् २०२२ सम्ममा उक्लने अठोट लिएको सन्दर्भमा यस्तो तथ्यको कामकारबाईले सहयोग नपुग्ने स्पष्ट गर्दै नीति निर्माताहरूको आँखा खोलिदिने काम गरेको छ । तसर्थ नेपाल सरकार र योजना आयोगले २०५८ सालकै हाराहारीमा गरिबी कसरी न्यूनीकरण गर्ने भनेर तराईका ११ वटा जिल्लाको लागि रणनीति बनाएर सम्बोधन गर्नुपर्ने बेला आएको छ । होइन भने तराईलाई पेल्ने कसरतमा सन् २०२२ को लक्ष्य प्राप्त गर्न नसकेर सम्पूर्ण देश नै गरिबीको मारमा पर्न सक्ने सम्भावनालाई नकार्न सकिँदैन ।

२०७१ जेठ २८ गते बुधवार

विश्व वातावरण दिवस र वीरगंज

वीरगंजमा पनि ५ जूनका दिन पावरहाउस चोकबाट घण्टाघरसम्म विशेष सरसफाइ कार्यक्रम सञ्चालन गरी विश्व वातावरण दिवस मनाइएको समाचार पढ्न पाइयो । यसको साथै नेपाल राज्यभरिका नगरपालिकाहरूमध्ये सरसफाइमा हेटौंडा नगरपालिका प्रथम, धरान दोस्रो र भक्तपुर नगरपालिकाले तेस्रो स्थान प्राप्त गरेको समाचार पनि पढ्न पाइयो । यस समाचारले एउटा कौतुहल उत्पन्न गरायो । त्यो के भने आर्थिक राजधानी भनेर चिनिने र उच्च शिक्षातर्फ पनि स्नातकोत्तरसम्मको सामान्यदेखि चिकित्सा शास्त्रको अध्ययन संस्थान र उपक्षेत्रीय स्तरको अस्पताल रहेको यो शहर, पैसाको कमी भएर हो वा चेतनाको, सरसफाइमा अब्बल हुन सकेन ।

सैद्धान्तिक रूपमा वातावरणको कुरा गर्दा जल, ध्वनि र वायु जीवहरूको लागि अस्वस्थवर्धक भएको अवस्थामा वातावरण प्रदूषित भएको मानिन्छ । जलको कुरा गर्दा सर्वप्रथम श्रीसिया नदीकै कुरा आउँछ । यो नदीको प्रदूषणको स्तर कति छ र यसलाई कसरी स्वच्छ पार्न सकिन्छ भन्ने सोच कतै पलाएको देखिंदैन । उद्योगहरूका साथै नगरपालिकाको सम्पूर्ण ढल यसैमा बगाएर नगर सफा भएको जिम्मेवारी बोध हामीमा छ । दोस्रोमा आउँछ खानेपानी, यसको जिम्मेवार निकाय खानेपानी एवं ढल निकास संस्थान हो । यसले वितरण गर्ने पानीको गुणस्तर परीक्षण भएर सार्वजनिक भएको थाहा छैन, तर ठाउँ-ठाउँमा सडक र ढलमा पाइप फुटेर पानीमा ढल मिसिएको घटना सम्पूर्ण नगरवासीले पटक-पटक देखेकै हुनुपर्दछ। तेस्रो स्थानमा आउँछ पोखरीहरू। वीरगंजमा छपकैया पोखरी, नगवा पोखरी, माइधिया पोखरीबाहेक भगवतीटोल, महावीरस्थान मन्दिर पछाडि एवं श्रीपुरमा रहेका अनेकौं पोखरीको जग्गा निजी स्वामित्वमा परिवर्तन भएको कारणले ग्रीष्मकालमा वीरगंजको वाटर टेबुल २५० फुट तल पुगे गरेको अनुभव आफ्नै धारा (चापाकल)बाट पानी तानेर प्रयोग गर्ने प्रायः सबै घरधनीलाई भएकै हुनुपर्दछ ।

प्रदूषणको दोस्रो कारक ध्वनि हो । वीरगंजमा ध्वनि प्रदूषण कति छ, छैन कसैलाई थाहा छैन । धेरै वर्ष पहिले कुनै एउटा एनजिओले वीरगंज माइस्थान चोकमा मापन गर्दा मापन यन्त्रको अधिकतम चिह्नभन्दा पनि बढी भएको सङ्केत मिलेको कुरा थाहा पाएको छु । त्यति बेला तीन पाङ्ग्रे टेम्पुहरू माईस्थान चोकबाट सञ्चालित हुन्थे । अहिले तिनीहरू घण्टाघरबाट सञ्चालित हुन्छन् । तर यसबाट निस्किने आवाज तथा जथाभावी बजाइने स्पीकरले कति प्रदूषण गरेको छ, वीरगंजको लागि अनुसन्धानकै विषय हुनुपर्ने हो । यातायातलाई व्यवस्थित सञ्चालन गर्ने जिम्मेवारी पाएको ट्राफिक प्रहरीले लाइसेन्स ब्लूबूक र शरीर जाँच, त्यो पनि मोटरसाइकलको मात्रै जाँचेर जिम्मेवारी इतिश्री ठानेर साइलेन्सर नै नभएको वाहन चल्न दिएर कुन कानुनको पालना गरेको छ भन्न सकिने अवस्था छैन ।

तेस्रो हो वायु । यसले वातावरणलाई यसमा रहेको धूलो कण, विभिन्न ग्याँस जसमा मुख्य ग्याँस कार्बन डाइअक्साइड, मोनोक्साइड र गन्धकको मात्रा बढ्न गएर एवं तापक्रम बढाएर प्रदूषण गर्दछ। वीरगंज नगरको वायु परीक्षण गरिएको छ, छैन

थाहा छैन । तर बढ्दो तापक्रमलाई आधार मान्ने हो भने यहाँको वायुमा प्रशस्त प्रदूषण छ भन्ने अनुमान गर्न सकिन्छ । गुणात्मक रूपमा वायु प्रदूषण नभएको शहरका घरहरूको कुनाकाप्चामा 'लाइकेन' भन्ने एउटा वनस्पति प्रायः ओसिलो पर्खालहरूमा गोलो चक्र बनाएर बसेको हुन्छ । यो वीरगंजमा १० वर्ष पहिले पुराना घरहरूको कुनाकाप्चामा देख्न पाइन्थ्यो तर अहिले देख्न छाडिएको छ । यो अनुमान हो र अनुमान गलत पनि हुन सक्छ । तसर्थ वायू प्रदूषणको वैज्ञानिक मापन आवश्यक छ ।

यी सबैभन्दा बेग्लै, सरसफाइको अर्को द्योतक हो ठोस फोहर । वीरगंज नगरमा यसको व्यवस्थापन कार्यान्वयनका लागि केही सुझाव पनि यहाँ प्रस्तुत गर्दछु :-

१) जल प्रदूषण नियन्त्रण:

क) वीरगंज उपमहानगरपालिकाले यसबारे योजना बनाएको समाचार प्रकाशित भएको हो । यसैले नालाको पानीको ढिलो वा चाँडै व्यवस्थापन हुनेछ भन्ने आशा राख्दै श्रीसिया नदीलाई प्रदूषणमुक्त बनाउने कार्य अगाडि बढाइनुपर्ने देखिन्छ । यसका लागि ढलको ९० प्रतिशत पानी वा १० प्रतिशत उद्योगको फोहर पानी मिसाएर उपचार गर्न सकेमा नगरपालिकाले जडान गर्ने संयन्त्रबाटै उपचार सम्भव हुने हुँदा उद्योगहरूबाट निस्कने फोहर पानीलाई कहाँ सङ्कलन गरेर उपचार गर्ने भन्नेबारे सोच बनाएर नगरपालिकाले नै सशुल्क यो सेवा प्रदान गर्न सक्दछ ।

ख) वीरगंजको वाटर टेबुल घट्न नदिई भएका पोखरीहरूको संरक्षणका साथै बस्ती बढ्दै गएको क्षेत्रहरूमा पनि पोखरी बनाई पार्कको रूपमा व्यवस्थित गर्ने र

ग) वीरगंज उपमहानगरापलिकाको खाद्य अनुसन्धानशालाले समय-समयमा खानेपानीको नमुना सङ्कलन गरी रिपोर्ट सार्वजनिक गर्ने ।

२) ध्वनि प्रदूषण

(क) साइलेन्सर नभएका र १५-२० वर्ष पुरानो गाडी सञ्चालनमा रोक लगाउनुका साथै धार्मिक कार्यक्रम गर्दासमेत कार्यक्रमस्थल बाहिर आवाज आउने गरी कार्यक्रम गर्ने अनुमति नदिने।

३) वायु प्रदूषण

(क) यातायात व्यवस्था कार्यालय वा ट्राफिक प्रहरी कार्यालयबाट गाडीहरूको प्रदूषण जाँचको व्यवस्था गरेर मात्र लाइसेन्स नवीकरण गर्ने ।

ख) वीरगंज नगर क्षेत्रको ४० प्रतिशत भूभाग ढाक्ने गरी शहर वरिपरि वृक्षरोपण एवं त्यसको स्याहारसुसार गर्ने।

४) ठोस फोहर व्यवस्थापन:

क) वीरगंज उपमहानगरपालिकाले सर्वप्रथम ढलमाथि ढक्कन राख्ने कार्य शुरु गर्ने ।

ख) ठोस फोहरलाई माइक्रोकन्भेयरबाट जैविक र अजैविक भागमा छुट्याएर जैविक ठोसबाट कम्पोस्ट मल उत्पादन एवं अजैविकलाई पुनः प्रयोगको लागि बिक्री गर्ने व्यवस्था गर्ने ।

ग) यो व्यवस्था लागू नभएसम्म ठोस फोहर पदार्थ थुपारिएका ठाउँमा साप्ताहिकरूपमा ब्लिचिङ्ग पाउडर वा चुना छर्कने व्यवस्थाको शुरुआत गर्ने ।

घ) ढलहरूको ऋसिङ्गमा धातुको स्क्रिन राख्ने एवं ऋसिङभन्दा पहिले स्लगपिट (खोल्न सकिने) बनाउने ।

२०७१ असार ०४ गते बुधवार

सपनाहरू

१६ जूनको दि टाइम्स अफ इन्डियाको प्रथम पृष्ठमा नै Two Kids, 2 New Hearts & a Promise of Friendship शीर्षकमा प्रकाशित एउटा समाचारमा भेलोरको १४ वर्षीय बालक उमर र शशि दुवै हर्ट फेलरबाट ग्रसित भएर मृत्युसँग सङ्घर्ष गरिरहेका थिए। सघन उपचार कक्षमा मृत्युसँग सङ्घर्षरत यी बालकहरूमा औषधिले समेत प्रभाव देखाउन छोडेको थियो र शशिभन्दा उमरको अवस्था बढी बिग्रिदै गएको थियो। यस्तो अवस्थामा विगत अप्रिल महिनामा चिकित्सक डा. बालाकृष्णनले Brain Dead एउटा २२ वर्षीय युवकको हृदय निकालेर उमरको शरीरमा प्रत्यारोण गर्ने निर्णय लिए । यसमा उमेरको फरकले ठूलो हृदयलाई सानो उमेरको बालकको शरीरमा अटाउने जोखिम थियो तर यस्तो शल्य चिकित्सामा २० प्रतिशतसम्म मिसम्याच स्वीकार्य भएकोले चिकित्सकको टोलीले जोखिम मोलेर भए पनि यो शल्यक्रिया सम्पन्न गऱ्यो र सफल पनि भयो। यस सफलताबाट उत्साहित चिकित्सक टोलीले ठीक ३ दिनपछि एउटा ४३ वर्षीय पुरुषको शवबाट हृदय निकालेर शशिको शरीरमा प्रत्यारोपण गऱ्यो र शल्यक्रिया पनि सफल भयो ।

त्यसैगरी १८ जूनकै दि टाइम्स अफ इन्डियामा अर्को समाचार आयो– No Lal batti:Chennai halts trafic to save life यस समाचारमा समन्वयको असाधारण रूप देखिन्छ। यो समन्वय मद्रास शहरको Fortis Malar Hospital सरकारी अस्पताल र शहरको ट्राफिक प्रहरीबीच सम्पन्न भएको हो । यस घटनामा फोर्टिस अस्पतालले बिहान ५:४५ बजे एउटा ब्रेन डेड व्यक्तिको हृदय, कलेजो र मिर्गौला प्रत्यारोपणको लागि उपलब्ध रहेको खबर मद्रासको सरकारी अस्पतालबाट प्राप्त गऱ्यो । तत्पश्चात् फोर्टिसमा हृदय प्रत्यारोपणको प्रतीक्षा सूचीमा रहेका रोगीहरूमध्येबाट बम्बईका एक २१ वर्षीय युवक भाग्यमानी साबित भए किनभने उनको तौल र रक्तसमूह दातासँग मिल्दोजुल्दो साबित भयो। प्रत्यारोपणको लागि अर्को जोखिम, मुटु सरकारी अस्पतालबाट फोर्टिस अस्पताल पुऱ्याउनु थियो । सामान्यतया यो दूरी ४५ मिनेटमा पूरा गरिन्छ । शरीरबाट निकालेर ४ घण्टाभित्र प्रत्यारोपण गरे मात्र शल्यक्रिया सफल हुने तर जति छिटो प्रत्यारोपण गरिन्छ त्यति नै सफलताको सम्भावना बढी हुने भएकोले दुवै अस्पतालका अधिकारीहरूले शहरको ट्राफिक व्यवस्था प्रमुखको सहयोगबाट यो दूरी १४ मिनेटमा ग्रीन कोरिडोर (निर्वाध सञ्चालन) को व्यवस्था गरेर पूरा गरे जसको लागि प्रत्यारोपण गरिने मुटु ४ डिग्री से. तापक्रममा संरक्षण गरेर लगिरहेको वाहनको प्रत्येक क्षणको रेडियो मोनिटरिङसमेत गरिएको थियो। अन्ततः प्रत्यारोपण भयो र सफल पनि भयो। चिकित्सा विज्ञान क्षेत्रमा भइरहेका यस्ता अप्रतिम घटनासँगै

१७ जूनकै टाइम्स अफ इन्डियामा She Toilet को कथा पनि प्रकाशित भएको छ जुन हाम्रो मथिङ्गललाई चलायमान बनाउन उपयुक्त छ ।

मद्रास कर्पोरेसनले मद्रास शहरमा भारतमैं विकसित ३४८ वटा महिला शौचालय जडान गर्ने भएको छ जुन स्वचालित हुनेछ । यसको बत्ती र पङ्खा प्रयोगको बेला स्वयं सञ्चालित हुन्छ भने फ्लस पनि स्वचालित छ । यसमा सेनेटरी नेपकिनका साथै फोहर प्रज्वलनको समेत सुविधा छ र सुरक्षाको दृष्णिकोणले जिपिआरएस प्रणाली जडित छ।

केही दिन अघि मात्रै पर्सा जिल्लाकै छोरी प्रीति चौधरी प्रसव गराउन गएकी बेला लापरवाहीले पिसाबको थैली काटिएर पीडित भएकी छन् भने पोखरा, काठमाडौं, विराटनगर, नेपालगंज लगायत प्रमुख शहरहरूमैं यस्ता अमानवीय कुराहरू भइरहेको समाचार प्रकाशित भइरहेका हुन्छन् । समान राजनैतिक, सांस्कृतिक एवं शैक्षिक वातावरण भएको दुई देशका चिकित्सक, प्रविधि र सोचमा यस्तो असमान अन्तरले मलाई माथिका ३ वटा घटनाहरू सपनाजस्तै लागेको छ। तर सपना राति सुतेको बेला देखिन्छ । मैले त यी तीनवटा घटनाहरू दिउँसो क्रियाशील भएको बेला पढेर महसुस गरेको छु। भारतको दिल्ली नेपालको काठमाडौं हो भने नेपालगंज, पोखरा, वीरगंज र विराटनगर भारतका मुम्बई, मद्रासजस्तै हुनुपर्ने हो जस्तो लाग्छ । छिमेकीहरू यस्तो विधि विकसित भइरहँदा हामीकहाँ वातावरण संरक्षणको नाममा कार्यालय प्रमुखहरू सडक बढारेर जनचेतना जगाउन उद्यत हुनुहुन्छ । उहाँहरू नेतृत्व लिने व्यक्ति भएकाले प्रणालीको सुव्यवस्थित सञ्चालनको जिम्मा लिएर अगाडि बढ्नुपर्ने हो जस्तो लाग्दछ। सडक बढार्ने नगरपालिका छ, उपचारको लागि चिकित्सक छन्, पढाउन शिक्षक छन् तर के अब शिक्षाको स्तर खस्न थाल्यो भने प्रमुखज्यूहरूले पढाउन थाल्ने, चिकित्सकले लापरवाही गरे आफैं उपचार गर्न थाल्ने र नगरपालिकाले सफाइ नगरे आफैं बढार्ने एकैथरिको कुरा होइन र ? हो भने यो कति उपयुक्त र युक्तिसङ्गत छ । एकपटक सबै सचेत नागरिक एवं विद्वानहरूले पनि विचार गर्नुपर्छ । उहाँहरूले नेतृत्व आफ्नो हातमा लिएर जसको जे जिम्मेवारी हो त्यो पूरा गर्न गराउनतिर मात्रै लागि दिए वीरगंज मात्रै होइन, नेपालमैं यस्ता समन्वयकारी चमत्कारी सुघटना घट्ने थियो र She Toilet (महिला शौचालय)को पनि निर्माण भएर जनसुविधा बढ्ने थियो जस्तो लाग्छ।

२०७१ असार ११ गते बुधवार

विद्युत्मा राजनीति

नेपालको तराई क्षेत्रमा गर्मी प्रचण्ड छ । मनसुनले केही राहत दिए पनि अत्यन्त गरीबबाहेक बिजुली पुगेको ठाउँका बासिन्दाले हुकिङ गरेर होस् वा बिल तिरेर पङ्खा प्रयोग गर्ने गर्दछन् । उद्योगधन्दा सकेसम्म डिजलको प्रयोगबाट र नसके १० घण्टाको उत्पादन गरेर नै बसेका छन् । केहीले त बन्द नै गरिसके । मनसुनले राहत पुऱ्याएर नदीको जलस्तर बढे पनि प्राधिकरणले लोडसेडिङ ८ घण्टाबाट तल झार्न सकेको छैन । करिब १२०० मेगावाट बिजुली भए पुग्ने देशमा ८ घण्टा वर्षायाममा र १२ घण्टा ग्रीष्मयाममा लोडसेडिङ हुनु भनेको ६ सयदेखि ८ सय मेगावाट बिजुली थप चाहिनुपर्ने हुन्छ । यो क्रम ६३-६४ बाट नै क्रमशः शुरू भएर अहिलेको अवस्था आइपुगेको हो । बर्सेनि १०० मेगावाटले माग बढ्ने भए पनि उत्पादन भने १० मेगावाट प्रतिवर्षभन्दा बढी हुन सकेको छैन । यस्तो किन भयो भनेर बुझ्न खोज्दा हामीलाई राजनैतिक अस्थिरताको कारणले हो भनेर बुझाउने गरिए पनि वास्तविकता चाहिं अर्कै भएको रहस्योद्घाटन अहिले भएको छ । त्यो रहस्य के हो भने ९०० मेगावाटको कर्णाली र ४०० मेगावाटको अरुण तेस्रोको निर्माण गर्ने जिम्मेवारी पाएको भारतीय कम्पनी जी.एम.आर र सतलजले २००९ देखि कारबाई चल्दाचल्दै २०१४ सम्ममा पनि पावर डेभलपमेन्ट एग्रीमेन्ट पाएका रहेनछन् । यस अवधिमा कैयौं सरकारहरू आए र गए पनि, ब्युरोक्रेसीमा कुनै तात्त्विक अन्तर परेको देखिएको छैन । तैपनि ५-५ वर्षमा एउटा एग्रीमेन्ट नै बन्न नसक्नु भनेको महाकाव्य लेख्न वर्षौंवर्ष लाग्नुजस्तै हो । सम्बन्धितहरूले यसको लागि आउटसोर्सिङ गरेको भए पनि यो ५/६ महिना वा बढीमा १ वर्षमै परामर्शदाताहरूले तयार गरिदिने थिए । यस्तो भएर निर्माण कार्य शुरु हुन सकेको भए आउँदा दिनहरूमा विद्युत् कटौती घट्ने आशा पलाउने थियो । तर लगानी बोर्ड र ऊर्जा मन्त्रालयबीचको Red Tapism ले देशको यस्तो दुर्दशा भोग्नुपरिरहेको तथ्य उजागर भएको छ ।

मा. अर्थमन्त्रीले एकातिर ३ वर्षमा विद्युत् कटौती गर्ने आश्वासन दिइरहेको बेला ठूला आयोजना निर्माणमा भइरहेको यस्तो गम्भीर खेलाँचीका साथै प्राधिकरणका निर्माणाधीन आयोजनाहरूको दुर्गति विवरण पनि सार्वजनिक भएको छ । यस अनुसार ३० मेगावाटको चमेलिया २०६३ बाट शुरु भएर २०६८ मा पूरा हुँदा ९ अर्बमा पूरा हुने थियो भने अब अझ १ वर्षपछि शुरु हुने भएर यसको लागत १४ अर्ब पुगिसकेको र अझ बढ्ने समाचार प्रकाशित भएको छ । २०६८ मा नै सम्पन्न हुनुपर्ने १४ मेगावाटको कुलेखानी तेस्रोको लागत २ अर्ब ४३ करोडबाट बढेर ३ अर्ब २५ करोड पुगिसकेको र आयोजना आगामी वर्ष मात्र पूरा हुने भएकोले लागत अझ बढ्ने अनुमान छ । ६० मेगावाट क्षमताको माथिल्लो त्रिशूली ए २०७० मा सम्पन्न हुनुपर्ने भए पनि यसमा थप

दुई वर्ष लाग्ने र तामाकोशी पनि २०१५ को ठाउँमा २०१६ मा पूरा हुने देखिएको छ। आयोजनाको लागत मूल्य बढेको हिसाबले प्राधिकरणको प्रतिमेगावाट उत्पादन लागत ४६ करोड लाग्ने गरेको देखिन्छ। जुन स्ट्यान्डर्ड लागत १६ करोडभन्दा लगभग ३ सय प्रतिशत बढी छ। यस्ता आयोजना अब निर्माणको जुन अवस्थामा छन् त्यहाँबाट फिर्ता हुन सम्भव छैन तर ढिलै भए पनि यसबाट उत्पादित बिजुलीले प्राधिकरणलाई नाफा दिन सक्ने अवस्था छैन। राष्ट्रिय स्तरमैं राष्ट्रको अर्थतन्त्रलाई नै धराशायी पार्ने यस्तो षड्यन्त्र भ्रष्टाचारको परिभाषाभित्र पर्छ कि पर्दैन भन्ने प्रश्नचिह्न खडा भएको छ। यो पर्दछ भने सम्बन्धित निकाय किन मौन छ र पर्दैन भने केही भनिरहनु परेन।

चरम लापरवाही र कुव्यवस्थापनको अर्को नमुना हो ढल्केवर–मुजफ्फरपुर प्रसारण लाइन। भारतले आफ्नोतर्फको काम शुरु गरिसके पनि नेपालतर्फको काम शुरु हुन सकेको छैन। सामानहरू भन्सारमा थन्किरहेको सुन्दा आश्चर्य नै लागेको छ। चरम विद्युत् सङ्कट र त्यो पनि ग्रीष्मयाममा दैनिक ८ घण्टा लोडसेडिङ भोगिरहेको देशको जनताको सरकारको कुव्यवस्थाका कारण (नीतिगत स्पष्टता) सामानहरू भन्सारबाट छुट्न सकेको छैन। यस्ता महत्त्वपूर्ण र राष्ट्रिय गौरवका आयोजना भनेर वर्गीकरण गरिएको आयोजनाको सामग्रीहरूलाई बन्ड बनाई छाडेर पछि निर्णय अनुसार गर्ने व्यवस्थासम्म मिलाउन नसक्नु अकर्मण्यताको हद नै हो।

यस्तो अवस्थामा आउँदा तीन वर्षमा देश कसरी लोडसेडिङबाट मुक्त हुन सक्ला ? यो देशमा रकमको अभावभन्दा पनि एकाउन्टबिलिटी नभएको कर्मचारीतन्त्रको कहालीलाग्दो उदाहरण योभन्दा बिरलै पाइएला। त्यसैले हाम्रा मन्त्रीहरू एवं वर्तमान प्रधानमन्त्री एवं पूर्वप्रधानमन्त्रीहरूले दलगत स्वार्थ छाडेर कर्मचारीतन्त्रलाई कसरी एकाउन्टेबल बनाउनेतर्फ बरु कसरत गरेमा राष्ट्रिय वा अराष्ट्रिय (?) गौरवका आयोजनाहरूको निर्माणको गति बढ्ने थियो।

२०७१ असार १८ गते बुधवार

नीति तथा कार्यक्रमः
एक परिचर्चा

भारतमा बनेको मोदी सरकारले बजेट पूर्वसन्ध्यामा नै ठूलो परिवर्तनको सङ्केत गरिसकेको देखिन्छ । सर्वप्रथम सङ्केतहरूको अध्ययनबाट एउटा अत्यन्तै सम्बोधित र व्यवस्थापकीय प्रणालीको प्रयोग गरेर यस्तो परिवर्तन ल्याउन खोजिएको छ । सर्वप्रथम भारत सरकारले दक्षिण एसियामा वर्षा कम हुने प्रक्षेपणको आधारमा गरेको तयारीतर्फ विचार गर्दा यसले जल संचिति, बीउबिजन, गाईवस्तु, अर्थ र कृषकलाई समेट्ने गरी मनरेगा कार्यक्रम अन्तर्गत प्रत्येक गाउँमा पानी सञ्चय गर्न कार्यक्रम चलाउने, नहरहरूबाट बालुवा झिकेर सञ्चय क्षमता बढाउने, ट्युबवेल मरम्मत गर्ने कार्यक्रम अगाडि सारेको छ भने सामान्यभन्दा कम वर्षा हुने ५ सय जिल्लाहरूको लागि कम पानीमा उब्जनी हुने बालीनाली लगाउने कार्यक्रम ल्याएको छ । मनसुनमा वर्षा आदिको कारणले गाईवस्तुलाई आहार कम हुन गएर दूध एवं दुग्धजन्य पदार्थको कमी नहोस् भन्ने उद्देश्यले राज्यलाई आवश्यकताभन्दा केही बढी आहारको स्टक राख्न भनिसकेको छ । कृषकहरूलाई आर्थिक असुविधा नहोस् भनेर ऋण, सब्सिडी, बिमा सुविधा उपलब्ध गराउनेदेखि उन्नत बीउ बिजनलाई सहुलियत दरमा उपलब्ध गराउने नीति लिएर यसको कर्यान्वयनको साप्ताहिकरूपमा भिडियो कन्फ्रेसिङबाट नियमन पनि गरिराखेको छ ।

दोस्रो महत्त्वपूर्ण पाइलाको रूपमा भारतले सेनाले प्रयोग गर्ने विभिन्न सामग्री एवं आयुधहरूलाई निजी क्षेत्र एवं वैदेशिक लगानीको लागि खोल्ने निर्णय सार्वजनिक गरिसकेको छ । यो निर्णय लिनु पछाडिको तथ्य के छ भने भारतसँग स्वतन्त्र भएको र भारतको तुलनामा १ प्रतिशत मात्र जनसङ्ख्या भएको देश इजरायलले हातहतियार बजारको १० प्रतिशत माग पूरा गर्छ र २००६ सम्म युद्ध सामग्री आयात गर्ने चीन आज विश्वकै ५ औं ठूलो निर्यातकर्ता भएको छ । २१ औं शताब्दीमा नेतृत्व लिने होडमा रहेको दुवै देश भारत र चीनमध्ये भारतले पनि युद्ध सामग्री निर्माण एवं निर्यातमा त्यही स्थान प्राप्त गर्न नसकेसम्म आफूलाई सबल प्रतिस्पर्धी भन्न नसक्ने र चिनियाँ सबलतालाई चुनौती पनि नहुने भएकोले भारत सरकारले यो कदम चालेको देखिन्छ । यसको फलस्वरूप अहिले युद्ध सामग्री बनाउने देशका प्रधानमन्त्रीहरूको भारत भ्रमणको ओइरो नै लाग्ने गरी कार्यक्रम तय भइरहेको तथ्य छापाहरूमा आइरहेको छ ।

तेस्रो महत्त्वपूर्ण कार्य श्रम बजार उकास्ने रहेको छ । विश्व बैंकको २०१४ को प्रतिवेदनले भारतीय श्रम बजारलाई rigid भनेर परिभाषित गरेको छ । भारतीय श्रम नीति श्रमिक उन्मुख भए पनि यसले अधिकांश भारतीय उद्योगहरू सानो क्षमतामा चलाएर श्रम ऐनको झन्झटबाट जोगिने प्रवृत्ति बढ्दै गएको सन्दर्भमा नयाँ श्रमनीतिले बढीभन्दा बढी श्रमिकलाई न्यूनतम ज्याला सुनिश्चित गर्ने, अतिरिक्त समय काम गर्ने प्रवृत्तिलाई बढावा दिने एवं महिलाहरूलाई समेत रात्रिसिफ्टमा काम गर्न सक्ने वातावरण बनाउने कुरा प्रमुख रहेका छन् । यसबाहेक Hire And Fire को

नीतिलाई समेत खुकुलो बनाएर श्रम र उद्यमीबीच सामञ्जस्य स्थापित गर्ने योजना रहेको छ ।

यी तीनवटै कुरा रणनीति अन्तर्गत पर्दछन् । यसमा कृषिको कुरा अल्पकालीन र बाँकी दुई दीर्घकालीन रणनीति अन्तर्गत पर्दछन् । अत्यन्तै तीव्र प्रतिस्पर्धाले सञ्चार, बिजुली र हवाई सेवामा भएको वैदेशिक लगानीको नाफा साँघुरिँदै गएर आर्थिक वृदिदर ४.५ प्रतिशत पुगेको अवस्थामा जहाँ अल्पकालीन कृषि नीतिले आन्तरिक वातावरण सबल तुल्याएर कृषि रोजगार घट्न दिने छैन भने युद्ध सामग्री निर्माण क्षेत्रलाई खुला राखेर वैदेशिक लगानी भित्र्याउने र जोखिममा परेको सञ्चार, विद्युत् एवं हवाई सेवाको लगानीलाई पनि पलायन हुनबाट जोगाएको छ । मोदी सरकारको यस्तो कदमले विदेशी कम्पनी भित्र्याउनुका साथै लगानी र प्रविधिसमेत हासिल गर्ने एवं रोजगारको अवसरसमेत प्रदान गरेर भारतको जुन युवा शक्तिले मोदीलाई विजयी तुल्याउको छ, त्यसको इच्छा र चाहना सम्बोधन गर्ने पहिलो प्रयास हो ।

यता नेपालमा सरकारको नीति तथा कार्यक्रम सार्वजनिक भएको छ । सरकारको नीतिको दुवै दलका सांसदहरूले आआफ्नो दलीय बैठकमा विरोध गरेका छन् भने बजेटसमेत पास नगर्ने धम्की दिएका छन् । सरकारको नीति तथा कार्यक्रममा अन्य विकासका कुरा नपर्नु सह्य हुन नसक्ने थियो तर यस नीति एवं कार्यक्रमले संविधान जारी गर्ने मितिसम्म किटान गर्न नसक्नु अक्षम्य अपराधकै श्रेणीमा पर्दछ । नेताहरू एवं हाम्रा सांसद्हरू संसद्मा कति रुचि राख्छन् भन्ने कुरा नेताहरूको उपस्थिति एवं केही दिनदेखि सञ्चार माध्यमहरूले माननीयहरूको संसद्मा सुतेको फोटो सार्वजनिक गरेबाट स्पष्ट भएको अवस्थामा ५ करोडको खेल अत्यन्त आवश्यक छ । संविधान निर्माण गर्न यो सरकार बनेको हो भने संविधान दिने र नियमित कार्य सञ्चालनमा मात्र केन्द्रित हुनुपर्दछ र यो होइन भने न्यून मनसुनको प्रतिकूल प्रभावबाट घागोनी कार्य योजना, जलविद्युत्को लगानीभन्दा पनि कार्यान्वयन पक्षमा बढी केन्द्रित हुने कार्यक्रम अनि श्रम नीतिमा समयानुकूल सुधारको कार्यक्रम नीति एवं कार्यक्रममा पर्नुपर्ने थियो । सही अर्थमा सरकारको नीति एवं कार्यक्रमले जनताको इच्छा र चाहनालाई सम्बोधन गर्नै सकेको छैन । यसको ज्वलन्त उदाहरणको रूपमा गण्डक विद्युत् केन्द्रको घटनालाई लिन सकिन्छ । लोडसेडिङको यस्तो मार झेलिरहेको देशमा १५ मेगावाट क्षमताको एउटा जलविद्युत् आयोजना मेसिनरी मरम्मत हुन नसकेर वा फेर्न नसकिएर बन्द हुनु र अर्थमन्त्रीको उपयुक्त योजनालाई बजेटको अभावमा हुनेछैन भन्ने महान वाणी एक अर्कासँग मेल खाँदैन । विद्युत् आपूर्तिमा सुधार नभएसम्म उद्योगधन्दा फस्टाउने छैन र श्रम एवं श्रमिकको अवस्थामा समेत सुधार आउन सक्ने छैन । भारतको दृष्टान्त हेरेर हाम्रो नीति निर्माताहरूले पनि रणनीति बनाएर कहिले कार्य गर्छन् प्रतीक्षाकै विषय हुन सक्छ । भारत र नेपालको आवश्यकता र अवस्था फरक छ, तर हामी जुन अवस्थामा छौं त्यही अवस्थामा उपलब्ध साधनको अधिकतम उपयोगको रणनीति त बनाउन सक्छौं नै । गण्डक विद्युत् गृहको घटना, त्रिशूली ए र चमेलियाको घटनाले हाम्रो नियत सफा नभएको पुष्टि गरिदिएको छ । त्यसैले जति नियम बनाए पनि सफलताको सम्भावना अत्यन्त न्यून छ । देशले यस घडीमा सफा नियतको एउटा नेतृत्व खोजेको छ, जुन जन्मन वा अगाडि आउन सकेन भने देशले फेरि अर्को आन्दोलन भोग्नुपर्नेछ ।

२०७१ असार २५ गते बुधवार

सफाइ सक्रियता र परिणति

वीरगंजमा अहिले मुख्य सचिवको निर्देशनपश्चात् सुरक्षा निकायको विशेष सक्रियता एवं वीरगंज उपमहानगरपालिकाको सहयोगमा विशेष सरसफाइ कार्यक्रम सञ्चालन भइरहेको छ । यसका लागि मुख्य सचिवलगायत सुरक्षा निकायलाई विशेष धन्यवाद दिनै पर्दछ, किनभने यो कार्य उहाँहरूको कार्य क्षेत्रमा पर्दैन, तथापि आमनागरिकको स्वास्थ्यको चिन्ता लिएर उहाँहरू यसमा लागि पर्नुभएको छ। वीरगंज उपमहानगरपालिका यस कार्यको लागि धन्यवादको पात्र छैन, किनभने यो उसको नियमित दायित्व हो । सुरक्षा निकायको सक्रियता नभएपछि नगरपालिकाले यो दायित्व एक्लै वहन गर्न सक्ला ? सक्ने भए अहिलेसम्म किन नसकेको यक्ष प्रश्नमा हाम्रो जवाफ अत्यन्त सरल हुनेछ। त्यो के भने राजनैतिक अस्थिरताले गर्दा चुनाव भएन, जनप्रतिनिधिविहीन संस्था भएकोले काम हुन सकेन। यस अवधिमा तलब खाइयो कि खाइएन, काजभ्रमणमा भत्तालगायत आर्थिक सुविधा उठाइयो कि उठाइएन ? तलब तथा आर्थिक सुविधा र सहुलियत कामको लागि दिइन्छ र त्यो पाउने कामदार-कर्मचारी वा हाकिमले जनप्रतिनिधि नभएकोले काम गराउन नसकेको भन्न नमिल्ने कुरा हो। जनप्रतिनिधिले नीति निर्माण गर्नुपर्ने होला सफाइ कर्मचारीलाई खटाउने त होइन होला ?

जेहोस् सफाइ भइरहेको छ भने त्यो राम्रो नै हो, तर मेरो चिन्ताको कुरा के हो भने सफाइको अर्थ नगरको फोहर अन्यत्र सरुवा गर्ने काम नहोस् । वस्तुतः सडकबाट उठाइएको फोहर कहाँ लगेर बिसाईँदैछ । वीरगंज वरिपरि जहाँ बिसाए पनि फोहर सडेर-गलेर उत्पन्न हुने रोगका सूक्ष्म जीवाणु वायुमण्डलमा पसेर वीरगंजको हावामा सम्मिलित हुन कसैले छेक्न सक्दैन र यो हुने नै हो भने त्यस्तो सरसफाइको उपादेयता छैन । त्यसैले वीरगंज उपमहानगरपालिकाले तत्कालै यसरी सङ्कलित ठोस फोहर व्यवस्थापन गर्न नसक्ने भएकोले कम्तीमा फोहर उठाइएको ठाउँ र बिसाइने ठाउँमा कमसेकम ब्लिचिङ्ग पाउडर छर्किन वा क्लोरिन र त्यो महँगो पर्ने भए चुनाकै घोल बनाएर छर्किने अत्यन्त सरल काम गरेमा रोगका सूक्ष्म जीवाणुहरू एवं लामखुट्टे समेतको उत्पत्ति नियन्त्रण हुन सक्नेछ ।

यसबाहेक पनि अहिले वीरगंजमा ट्राफिक प्रहरीको सक्रियतामा टेम्पोहरूमाथि निगरानी शुरु गरिएको छ । यसको आवाज र धूवाँ दुवैले प्रदूषण गर्ने गरेको हामी सबैले भोगेको सत्य हो। तर टेम्पो मात्रै प्रदूषणको कारक होइन। मोटर, मोटरसाइकल, ट्रक र बसको धूवाँले पनि त्यस्तै असर पार्दछ । वायु प्रदूषणको दिशामा वीरगंजमा कति वायु प्रदूषण छ भनेर कहिले जाँच भएको छैन । यातायातका साधनबाहेक कलकारखानाको धूवाँले पनि वायु प्रदूषण बढाउँदछ। जगदम्बा स्टिलको घटना यसको ज्वलन्त उदाहरण हो । वायु प्रदूषित भयो भने जीवित प्राणीलाई दुई प्रकारले असर गर्दछ । पहिलो त वायुमण्डलको हावामा रहेका रोगका सूक्ष्म जीवाणुहरूले रोग लगाउने र दोस्रो वायुमा रहेको ग्याँसजस्तै कार्बन मोनोक्साइड, सल्फर आदिका ग्याँसहरू र तिनका कणाले श्वासप्रश्वास क्रियाको माध्यमबाट शरीरमा प्रवेश गरेर फोक्सो र मुटुलाई नै सबभन्दा बढी प्रभावित गर्दछ। डब्लुएचओको २०१४ को रिपोर्ट

अनुसार यस वर्ष ७० लाख मानिस वायु प्रदूषणजनित रोगहरूका कारण अकाल मृत्युको शिकार भएका छन् र नेपाल Environment Perfarmonce Index मा समावेश गरिएका १७८ राष्ट्रमध्ये बङ्गलादेशभन्दा माथि १७७ औं स्थानमा रहेको छ । यसबाट पनि वायू प्रदूषणको भयावहताको अनुमान गर्न सकिन्छ । यस्तो अवस्थामा ट्राफिक प्रहरीको सक्रियता सराहनीय, तर अपुग छ । त्यसैले यातायात व्यवस्था कार्यालय एवं उपमहानगरपालिकाले समेत यस सक्रियतामा योगदान दिनुपर्दछ । उपमहानगरपालिकाले वीरगंज नगर क्षेत्र वरिपरिका नदीहरू श्रीसिया र सिङ्राहा वरिपरिको सार्वजनिक जग्गामा अतिक्रमण छ भने त्यो हटाएर नगर क्षेत्रको ४० प्रतिशत भूभाग ढाक्ने गरी वृक्षरोपण कार्यको थालनी गर्नुपर्छ भने यातायात व्यवस्था कार्यालयले ब्लूबूक नवीकरण गर्दा गाडीको धूवाँको प्रदूषण परीक्षण गरेपछि मात्र नवीकरण गर्ने कार्य शुरु गर्नुपर्दछ। यातायात व्यवस्था कार्यालयको काम सरकारीतन्त्रका कारण केही ढिलो हुन सक्ला तर असम्भव छैन किनभने काठमाडौंमा यो काम भएको छ । तेस्रो महत्त्वपूर्ण काम हो कालोपत्रे सडकमा धूलो नियन्त्रण । सडक विभाग एवं नगरपालिकाले यसमा सक्रियता देखाउनुपर्छ । तर जति भने पनि वीरगंज भन्सार अगाडिको ५ सय मिटर सडक निर्माण गर्न र वीरगंज-पोखरिया सडक निर्माणको प्रगति भनौं वा दुर्गतिले हाम्रो जोश र जाँगरलाई निरस्त्र पारिदिन्छ । सबै निकाय, आफ्नो कर्तव्यप्रति सचेत हुँदाहुँदै पनि काम हुन सकेको छैन । त्यस्तै नगर क्षेत्रमा सफाइ कर्मचारीबाट धूलो बढार्ने कार्य बन्द गरेर कमसेकम मोटर हिड्ने बाटोमा आधुनिक भ्याकुम प्रविधिका मेसिनहरू प्रयोग थाल्नेतिर सोच बनाउन उपयुक्त हुनेछ । मीनाबजार र बस स्ट्यान्डको निर्माणमा कानुनको छिद्र खोजेर भइरहेको ढिलाइसँग हामी लड्न सक्दैनौं भने विपी उद्यानमा सारिएको बजारको नियति र दुर्गतिले उञ्जाएको सास्ती नगरवासीले अझ वर्षौं भोग्नु परिराख्ने नै छ । अन्त्यमा पानी अर्थात् वीरगंजको खानेपानीको गुणस्तरको अध्ययन वीउमनपा आफैंले आफ्नो प्रयोगशालामा गरेर वा त्यहाँ गर्न नसकिने भए नेपाल फर्मास्युटिकल्सको प्रयोगशालामा ५-१० हजार खर्च गरेर खानेपानीमैं विश्व स्वास्थ्य सङ्गठनको २००-२५० पिपिएम मात्रा पुग्ने गरी ब्लिचिङ पाउडर वा क्लोरिनको मात्रा प्रयोग गर्ने व्यवस्था गर्न सके पानीजनित टाइफाइड, जन्डिसजस्ता रोग एवं नालामा कमसेकम लामखुट्टे र सूक्ष्म जीवाणु नियन्त्रण त पक्कै हुने थियो ।

यस्ता कुराहरू यही स्तम्भमा मैले धेरैपटक लेखिसकें तर पनि कहीं कतैबाट यो अनुपयुक्त हो भने यसको खण्डन आएन न उपयुक्त हो भने कार्यान्वयन भएको देखियो । मेरो लेखाइ सफाइ सक्रियताको विरोध गर्नु नभएर त्यसलाई परिणाममुखी बनाउनु हो भनेर बुझिदिन सम्बन्धित सबैलाई अनुरोध गर्दछु । लेखको मर्म र वास्तविकता बोध गर्न वीरगंज उपमहानगरपालिका वा अन्य कुनै समाजसेवी संस्थाले नारायणी उपक्षेत्रीय अस्पतालको बहिरङ्ग विभागमा गएर एक हप्ताभित्र आएका रोगीहरूको सूची अध्ययन गर्ने हो वस्तुस्थिति स्पष्ट हुन्छ भन्ने मेरो विश्वास छ ।

२०७१ असार ३२ गते बुधवार

महामानवलाई शतवार्षिकीमा सम्झँदा

२००७ सालको जनक्रान्ति नायक महामानव स्व. विश्वेश्वरप्रसाद कोइरालाको शतवार्षिक समारोहको पूर्वसन्ध्यामा नेपाली काङ्ग्रेसका उपाध्यक्ष एवं प्रभावशाली नेता तथा प्रखर समाजवादी चिन्तक श्री रामचन्द्र पौडेलको साउन ५ गतेको कान्तिपुर दैनिकमा 'विपीको सपना' भन्ने लेख प्रकाशित भएको छ । यस लेखमा उहाँले १) त्यो जनक्रान्तिले एउटा परिवारमा सीमित नेपालको राज्यसत्तालाई आम नेपालीको पहुँचमा ल्याएको र लोकतन्त्रको सूत्रपात गराएको २) बिर्तावाल मुखिया, जिम्मावाल, जमिनदार हुँदै श्री ३ को बाहुली दाखिला हुने थैली प्रथाद्वारा आम जनताको चरम आर्थिक शोषणलाई चुनौती दिने कामको ठोस प्रारम्भ भएको ३) नेपाली समाजमा कुसंस्कार बनेर रहेको छुवाछूत, पङ्क्तिभेद र जातिभेदजस्ता अनेकौं सामाजिक असमानता र भेदभावविरुद्ध गम्भीर प्रहार गर्दै ती अनेक कुरीति, कुप्रथा र अन्धविश्वासलाई समाजबाट हटाउने काम त्यही जनक्रान्तिबाट शुरु भएको उल्लेख गर्दै १५ वर्षमा सबै नेपालीलाई आफ्नै परिवारसरह सम्पन्न हैसियतमा पुऱ्याउने विपीको सपना १८ महिना नबित्दै २०१७ सालमा समाप्त गरिएको प्रसङ्ग उल्लेख गर्नुभएको छ । यो सत्य हो यसलाई नकार्न सकिँदैन ।

तर यो इतिहासको बुई चढेर काङ्ग्रेसले कति दिन धन्यवाद बटुल्न सक्ने हो । यो एउटा ऐतिहासिक दुर्घटना थियो र भयो । २०४६ सालमा नेपालमा प्रजातन्त्र पुनर्स्थापित भयो र त्यसपछिको करिब २५ वर्षको अवधिको अधिक समय काङ्ग्रेस नै सत्तामा बस्यो । त्यस अवधिमा वीपीको विचारलाई कार्यान्वयन गर्ने कति प्रयास भयो र त्यसबाट कोइराला परिवारको सम्पन्नताको हैसियतमा कति नेपाली पुगे त्यसको आकलन गर्दा कुनै पनि सच्चा काङ्ग्रेसीलाई हीनताबोध नभई रहँदैन । २०४६ सालमा स्थापित प्रजातन्त्रले २०५२ सालसम्म नेपालको आर्थिक इतिहासलाई स्वर्णाक्षरले लेखेको भन्छ र यो ठीक पनि हो तर २०५२ सालदेखि शुरु भएको माओवादी आन्दोलन र १० वर्षसम्म चलेर देशको अर्थ व्यवस्थालाई जर्जर बनाउन सक्नु पछाडि हाम्रै असफलता होइन भन्ने अवस्था छ ? यो द्वन्द्वको अवस्था नै आउन दिएको भए वा आए पनि छिटो समाधान गर्न सकेको भए देश आर्थिकरूपमा जर्जर हुनबाट जोगिने थियो । माओवादी द्वन्द्व र राजतन्त्र पनि २०६१ मा समाप्त भएपछि हामी गणतान्त्रिक भयौं । २०६२ देखि आजसम्मकै अवस्थाको मूल्याङ्कन गर्दा हामीले केकति प्रगति गर्न सकेका छौं । सन् १९७० को दशकदेखि अहिलेसम्म हामीले पुगनपुग २५०० अर्बभन्दा बढी बजेटमार्फत् विकासका लागि खर्च गरिसक्यौं । सन् ७० मा नेपालको प्रतिव्यक्ति आय १७० अमेरिकी डलर थियो भने अहिले ७०० अमेरिकी डलर छ भनिन्छ । १९७० मा १ डलर बराबर २५ रुपियाँ नेपाली हुन्थ्यो भने अहिले ९२-१०० रुपियाँ छ । यस हिसाबले

नेपालीको आय बढ्यो भन्न कसरी मिल्छ। १९७० मा चीनको प्रतिव्यक्ति आय पनि १७० डलर थियो भने अहिले करिब २००० डलरको हाराहारीमा छ। २०६२ पछिकै पनि कुरा गर्दा कर्णाली ९०० मेगावाट, अरुण ९०० मेगावाटको पिडिए २००९ बाट बन्न शुरु भएर २०१४ मा सम्पन्न हुँदैछ। चमेलिया, त्रिशूली ए र कुलेखानी ३ को लागत मूल्य दोब्बर भन्दा बढी पुगिसकेको छ। विदेशी सहयोग बिना सडक, विमानस्थल, अस्पताल, कलेज केही निर्माण हुन सक्ने अवस्था छैन। यिनको निर्माण थालिए पनि यी योजना पूरा भएपछि भोलिपल्टबाट भत्किन शुरु हुन्छ। सुन, चाँदी, रक्तचन्दन, वनजङ्गल, जडीबुटीबाट शुरु भएर तस्करी अब भ्रिँगासमेतको हुन थालेको सुसमाचार पढ्न पाइँदैछ। पहाड अब तराई जत्तिकै गरम हुन थालिसक्यो, काठमाडौंका मानिस जाडो छल्न तराई झर्ने परिपाटी समाप्त भएर तराईकाहरू पहाड जाने परिपाटी आरम्भ भएको छ। यस्तो बदलिंदो परिवेशमा रामचन्द्र पौडेलले उठाउनुभएको ३ वटा बुँदाको मूल्याङ्कन गर्दा १) २००७ को जनक्रान्तिले एउटै परिवारमा सीमित राज्यसत्ता सत्ताधारी दलका केन्द्रीय तहका प्रभावशाली नेताहरूको पहुँचमा ल्याएको छ (२) श्री ३ को बाहुली दाखिला हुने थैली प्रथा अब सत्तासीन दलका नेताहरूको बाहुली दाखिला हुन थालेको छ। (३) सामाजिक कुरीतिले अब रूप मात्रै परिवर्तन गरेको छ। यी कार्यहरू अब गालीगलौज, रोक बन्देजबाट हटेर तस्करी, देह व्यापार, लागूपदार्थ दुर्व्यसनजस्ता आधुनिकतामा रूपान्तरित भएको छ। यो रूपान्तरणको कारण मूलरूपमा गरिबी नै हो। अन्न भण्डारमा सिंचाइ सुविधा दिन बजेट छैन, सडक बनाउँदा मुआब्जा खोस्ने राजनीतिमा राजनीतिज्ञहरू नै लागिपरेका छन्, जसले गर्दा विकास गरिबसम्म पुग्दैन।

महामानव वीपीले १५ वर्षमा नेपालीलाई आफ्नो परिवारजस्तो सम्पन्न बनाउने भन्नुभयो भएन थाहा भएन तर नेपालको समाजवादलाई परिभाषित गर्दा प्रत्येक झुपडीमा कम्तीमा एउटा दूध दिने गाईको परिकल्पना अवश्य गर्नुभएको थियो। जसको दूधबाट परिवारको गुजारा चल्न सकोस्।

१५ वर्षको ठाउँमा नेपाली काङ्ग्रेसले २० वर्ष शासन गरेर पनि गरिबको झुपडीमा एउटै पनि दूध दिने गाई पुऱ्याउन सकेन बर रोजगारको नाममा नेपाली युवालाई वैदेशिक रोजगारको भुमरीमा पक्कै पुऱ्यायो, त्यसैले वस्तुतः आज देशको अर्थव्यवस्था धानेको छ। यही रकमबाट पनि जोहो गरेर क्षेत्रगत रूपमा स्थानीय विकासको लागि गरिबहरूको घरघरमा १-१ वटा गाई पुऱ्याउन सकेको भए सम्भवतः वीपी कोइरालाको आत्मा सन्तुष्ट हुने थियो र परलोकमा गणेशमानजी र किसुनजीसँग कुराकानी भएको बेला जे भए पनि सपना पूरा भएकोमा मख्ख नपर्ने कुरै थिएन। तर स्व. महामानवको आत्मा हालेर जन्माई-हुर्काएको काङ्ग्रेसले २० वर्षमा पनि गरिबको झुपडीमा १-१ वटा गाई पुऱ्याउन नसकेको पीडाबोध कसलाई नभएको होला।

चित्त दुखेको यस्तो अवस्थामा महामानवलाई नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूलाई कस्तो आर्शीवाद दिउँ भन्ने धर्मसङ्कट पनि पर्दो हो। वैचारिक सङ्कटको यस्तो घडीमा

उहाँले गणेशमानजीसँग राय माग्दा भने तपाईंलाई जस्तो ठीक लाग्छ त्यस्तै गर्नुस् भन्नु हुँदो हो भने किसुनजीले आफ्नो सन्त विनोदात्मक स्वभाव अनुरूप कुरालाई हाँसोमा उडाइदिनु हुँदो हो । सम्भवतः त्यसैले काङ्ग्रेसलाई काङ्ग्रेस लागेको हो । विपतको यस्तो घडी स्व. महामानव, स्व. लौहपुरूष एवं स्व. सन्त नेताका आत्मासँग हामीमा सद्विचार प्रदान गर्दै अहङ्कार नष्ट गर्ने प्रार्थना गर्नु नै सर्वोत्तम उपाय हुनेछ । यस्तो किनभने हामी केही गर्न सक्ने भएको भए २० वर्षमा वीपीको सपनाको केही अंश त पूरा गर्ने थियौं । विपी ईश्वर हुनुहुन्छ उहाँको तस्वीर कार्यालयमा राखेर प्राण प्रतिष्ठा गरी धूप-अगरबत्ती बालेर नै आफ्नो भरणपोषण गर्न सक्ने हामीलाई काम गर्ने नराम्रो बानी किन लाउनुपऱ्यो। सम्भवतः सबै (बहुमत नेपाली र काङ्ग्रेसी) को तर्फबाट शतवार्षिकीको उपलक्ष्यमा योभन्दा ठूलो भेट दिन केही छैन । योभन्दा पनि लाजमर्दो त महामानवका चेलाहरूले समेत नियम कानुन र संविधान बनाउन छाडेर घर, सडक र पुलपुलेसा निर्माण गर्न आफैं तम्सिएको देखेर नेकाका त्रिमूर्ति नै तीन छक्क पक्कै परे होलान् ।

२०७१ साउन ०७ गते बुधवार

मानवीय संवेदनहीनता

साउन महिना हिन्दूहरूको पावन महिना हो तर यस वर्षको यो महिना नेपालीहरूको लागि दुर्घटना महिनाको रूपमा लिन सकिन्छ । भारतीय प्रमको नेपाल भ्रमणबाहेक प्रधानमन्त्री रोगी हुनु, एमालेका अध्यक्ष ओली रोगग्रस्त हुनु, सिन्धुपाल्चोकमा गएको ठूलो पहिरो लगायत देशको अरू भागमा समेत पहिरो जाँदा धनजनको क्षति हुनु, नेपालगंजमा एक युवतीको सामूहिक बलात्कार हुनु, वीरगंजमै दाइजो पीडित युवती न्यायको खोजीमा भौतारिनु र जनकपुरमा जनयुद्धकालमा मारिएका पाँच युवकको परिचय खुलेर उनको परिवारलाई अन्तिम संस्कार गर्ने मौका प्राप्त हुनु जस्ता घटनाहरू लगभग यही महिनाभित्र भएका हुन् ।

प्रधानमन्त्री र एमाले नेता केपी ओली बिरामी हुनु ठूलो खबर हो तर उहाँहरूले पाउनुपर्ने उच्चस्तरको उपचार पाइरहनुले सन्तोष मान्नुपर्ने ठाउँ छ । सिन्धुपाल्चोकको पहिरो ठूलो र अत्यन्त दुःखद घटना हो । तर यो त्यत्तिकै आएको होइन । लामो समयदेखि त्यस क्षेत्रमा ससानो र मध्यम खालका पहिरोहरू गइरहँदा त्यसको व्यवस्थापनप्रति बेवास्ता गरिएको कारण देशले जनधनको ठूलो क्षति बेहोर्नुपरेको हो । त्यस्तै नेपालगंजमा एक युवतीको सामूहिक बलात्कार र वीरगंजमा एक भारतीय युवती न्यायको खोजीमा भौतारिनु निश्चय पनि शान्ति सुरक्षाको लागि ठूलो चुनौती नै हो । पूर्व प्रहरी प्रमुख श्री कुबेर राना जनकपुरको प्रहरी अञ्चल प्रमुख हुँदा भएको जनकपुर हत्याकाण्डमा देशका ७ युवकले ज्यान गुमाउनु र त्यस घटनासँग सम्बन्धित कसैलाई कुनै कारबाई नहुनु हाम्रो मानवीय संवेदनशून्यताको उत्कर्ष हो भन्दा फरक नपर्ला । यस प्रकारले माथिल्लो घटनाहरूको विवेचना हुँदा हामी संवेदनाहीन भइसकेको अवस्थामा छौं भनेर बुझ्न खासै घोत्लिनुपर्ने अवस्था देखिदैन ।

यस्तो अवस्थामा अचानक 'चरी'को मृत्यु वा हत्याले सम्पूर्ण देश तरङ्गित भएको छ। चरी पनि नेपाली नागरिक थिए र उनले पनि सबै नेपालीसरह नागरिक हक पाउनुपर्छ भन्ने मान्यतामा फरक मत राख्न सकिदैन । तर चरीले तर्साएर रकम असुलेका वा हत्या गरेका मानिसहरू के नेपालका नागरिक थिएनन् ? उनीहरू पीडित हुँदा वा उनको हत्या हुँदा देश किन तरङ्गित भएन भन्ने प्रश्न स्वभावतः उठ्छ । भैरव गणमा मारिएकाहरू, माओवादीद्वारा मारिएका आफन्तहरू बेपत्ता आयोग नै बेपत्ता भएकोबाट पीडित छन् तर सार्वभौम सत्ता सम्पन्न देशको संसद् यिनको बियोग र मैना सुनुवारको पीडाबोध कसैलाई भएर संसद् थामिएको रोकिएको प्रसङ्ग कहिले कसैले सुनेको जस्तो लाग्दैन। तर चरी प्रकरणमा सांसदहरू अत्यन्त संवेदनशील भएर प्रस्तुत हुनुको के कारण हुन सक्छ भनेर विचार गर्दा पहिलो चरी एमाले सम्बद्ध भएका र

दोस्रो सांसद्हरूसँग राम्रो सम्बन्ध भएकोले होला भनेर अडकल काट्न सकिन्छ । चरी एमाले सम्बद्ध भएर देश र सदन तरङ्गित भएको हो भने अब पहिले 'सबै नेपाली पञ्च' भनेजस्तै जुन दलको सरकार हुन्छ त्यसको सदस्यता लिनुपर्ने बाध्यात्मक स्थिति सिर्जना हुन लागेको भन्न सकिन्छ भने सांसद्हरूसँग चरीको व्यक्तिगत सम्बन्ध राम्रो हुनुलाई कुन रूपमा हेर्ने ? यसले अब हाम्रा सांसदहरूले जनताको काम गरेर मन जित्नुको सट्टा भय वा आतङ्कको भोट जित्ने नीति अख्तियार गर्न थालेको सङ्केत मिल्दछ । यो दुवै अवस्था स्वस्थ गणतन्त्रको लागि घातक हुन्छ । तर यसलाई हेर्ने वा रोकथाम गर्ने कसले ? राजनैतिकरूपले हेर्दा एमाले सरकारमा सहभागी छ र गृह एवं उपप्रधानमन्त्री वामदेव गौतम स्वयं एमालेका तर्फबाट सरकारमा सहभागी भएको अवस्थामा यो घटनाबारे उहाँलाई थाहा वा जानकारी नहोला र चरीलाई इन्काउन्टर (?) गर्ने योजना बुन्ने नेपाल प्रहरीलाई चरीको एमालेसँगको सम्बन्ध अज्ञात होला भनेर बुझ्न अत्यन्त कठिन छ । त्यसमा पनि वामदेव गौतम, केपी ओली क्याम्पका वरिष्ठ राजनीतिज्ञ र चरी एमालेका ठूला नेताहरूको आशीर्वाद प्राप्त कार्यकर्ता । यस्तोमा कुनै अत्यन्तै संवेदनशील सूचनाको आधारमा 'तैं चुप मैं चुप' रणनीति अन्तर्गत यो कारबाई मुठभेड वा इन्काउन्टको रूपमा रचिएको हुन सक्छ । यसमा एमाले सांसद्हरूको रुचि पनि नजानेर वा प्रायोजित दुवै हुन सक्ने सम्भावना त्यत्तिकै छ । सत्य के हो कहिले सामुन्ने आउने छैन, किनभने नेपालमा गठन हुने आयोग र त्यसले दिने रिपोर्ट सार्वजनिक गर्ने परिपाटी नै विकास हुन सकेको छैन ।

चरी प्रकरणको मात्रै छानबिन गर्ने कार्यमा तदारुकता देखाउनुको साटो सांसदहरूको बहुमतले दलीय स्वार्थभन्दा माथि उठेर स्वयं संसदीय छानबिन समिति गठन गरेर जनकपुरकाण्ड, मैना सुनुवार, जनयुद्धका बेपत्ता, नेपालगंजको बलात्कारकाण्ड र दाइजो प्रकरणको छानबिन गरेर तत्सम्बन्धी रिपोर्ट सार्वजनिक गरेर आफ्नो सार्वभौमिकता सिद्ध गर्न सक्दैनन् ?

२०७१ साउन २८ गते बुधवार

गीता र व्यवस्थापन

सम्पूर्ण हिन्दू धर्म मान्ने व्यक्ति र समाजले प्रत्येक वर्ष धूमधामका साथ श्री कृष्णजन्माष्टमी मनाउने गर्दछौं । यस पर्वको क्रममा उपवास राख्ने र पूजाआजा गर्ने चलन रहिआएको छ । उपवासबाट शरीरको शुद्धि हुने र पूजाबाट तनाव व्यवस्थापन हुने वैज्ञानिक मान्यता रहिआएको छ । तर यसका साथै श्री कृष्णजन्माष्टमीका दिन हामीले आत्मसात गर्नुपर्ने अत्यन्त महत्त्वपूर्ण पक्षलाई जानी वा नजानी हामीले ओझेलमा पारेका छौं । यसै कारण आजको युगमा द्वेष, रिस, राग, इर्ष्या र वैरभाव बढ्दै गएको छ । यो बढ्नुको पछाडि अज्ञानताको ठूलो हात छ । गुणीहरू समाजमा असल हुन्छन् तर बैगुनीहरू आफू असफल भएको दोष गुणीहरूमाथि थुपारेर आफू असन्तुष्ट हुन्छन् जसले असमानता उत्पन्न गर्दछ र यही असमानता द्वेष, रिस, राग, इर्ष्या र वैरभावको कारण बन्दछ । अन्ततः यसले हिंसक स्वरूप ग्रहण गर्दछ र समाज कलङ्कित हुन्छ ।

श्री कृष्णले गीतामा उपदेश दिंदा सफलताका ५ वटा सूत्र अघि सार्नुभएको छ जसको अध्ययन गर्दा सबै सूत्रहरू व्यवस्थापन विज्ञानले व्यक्तिको सफलताको लागि आदर्शको रूप ग्रहण गरेको छ । पहिलो सूत्रमा 'सोचलाई सङ्कुचितभन्दा दुरगामी' बनाउने उपदेश छ । जसले गर्दा भविष्यको अवसर उपयोग गर्ने र चुनौतीको सामना गर्ने क्षमता विकसित हुन्छ । व्यवस्थापन विज्ञानले व्यक्तिले आफ्नो जीवन सफल बनाउन ३ वटा P (1) Product (2) Plan (3) Perform को सूत्र अङ्गीकार गरेको छ । यसमा पहिलो चरणमा प्रोडक्टले व्यक्तिले आफ्नो जीवनको लागि बजारमा माग भए अनुसार दक्षता हासिल गर्ने लक्ष्य लिनुपर्ने र यसलाई (क) संसाधनहरूको प्रयोग ३E को सिद्धान्त अनुरूप गर्नुपर्ने मान्यता लिएको छ । ३ E मा संसाधन Efficient, Effective र Economic प्रयोग गर्नुपर्दछ । दोस्रो Plan मा संसाधनको उचित प्रयोग गर्न समयको उपयुक्त चुनाव वा पहिचान र टीमवर्कको धारणा अगाडि सारिएको छ । अमेरिकी राष्ट्रपति बराक ओबामाले पनि Can go far with great team मा आफ्नो सफलताको रहस्य लुकेको स्वीकार गर्नुभएको छ र व्यवस्थापनमा त अझ अहिले ज्ञान व्यवस्थापनको क्षेत्रले १. प्राप्ति, २ प्रसारण र ३. टिमको रूपमा प्रयोग नै सफलताको मूलमन्त्र भएको मान्यता लिएको छ । माथिको मान्यता अनुसार योजना बनाएर कार्यान्वयन गर्दा सफलता प्रायः सुनिश्चित हुन्छ ।

दोस्रो उपदेश 'डरभन्दा अगाडि जीत'को छ । गीताले जस्तोसुकै समस्याको समाधान हुने र समाधान नभएको कुनै समस्या नहुने मान्यता लिंदै समस्यासँग डराउनुभन्दा यससँग योजनाबद्ध रणनीति बनाएर लड्ने उपदेश दिन्छ ।

व्यवस्थापन विज्ञानले पनि समस्यासँग पन्छिनेभन्दा समाधान खोज्ने प्रवृत्तिलाई

सकारात्मक अवधारणा भन्दै यसले व्यक्तिलाई सय प्रतिशतसम्म सफलता दिने ठोकुवा गरेको छ । यसको लागि समस्याको सही पहिचान आवश्यक हुने भन्दै सही पहिचानको लागि १. समस्याको सन्दर्भ, २. समस्यासँग सम्बन्धित व्यक्ति र ३ समस्याको तीव्रतामा विचार पुऱ्याउँदा समस्या निराकरण सजिलो हुने मान्यता प्रस्तुत गरेको छ ।

तेस्रो उपदेश 'प्रगतिपथमा सधैं अगाडि बढ्ने' छ । गीताको यो उपदेशलाई व्यवस्थापन शास्त्रले झन् अक्षरशः अङ्गीकार गरेको छ । यसले व्यक्तिको लागि Enthusiasm / Dynamism जाँगरिलो र गतिशीलता भन्ने दुईवटा शब्द प्रयोग गरेको छ जसको मान्यता के हो भने व्यक्तिले समस्यालाई सधैं अवसर वा चुनौतीको रूपमा लिनुपर्दछ र यसको समाधान हुनासाथ नयाँ लक्ष्य निर्धारित गरेर निरन्तर अगाडि बढ्न प्रयत्नशील हुनुपर्दछ ।

चौथो उपदेश 'ऋषिकेश' बन्नेछ । श्रीकृष्ण स्वयंलाई ऋषिकेश भनिन्छ । सन्धिविच्छेदबाट ऋषि शब्द ऋषक र केश 'इश' शब्दबाट बनेको छ जसको अर्थ इन्द्रियलाई वशमा गर्ने स्वामी वा व्यक्ति हुन्छ । जुन व्यक्तिले आफ्नो इन्द्रियहरूलाई आफ्नो वशमा गर्न सक्यो उसको सम्पूर्ण शारीरिक र मानसिक शक्ति लक्ष्य प्राप्तितर्फ मात्र उन्मुख हुन्छ । जसले सफलता सजिलै प्राप्त हुन्छ । व्यवस्थापन विज्ञानले 'भावनात्मक स्थिरता'लाई सफलताको अत्यन्त ठूलो गुणको रूपमा आत्मसात गरेको छ । यसले व्यक्तिलाई अवसर अनुकूल प्रस्तुत हुने विवेक प्रदान गर्दछ वा व्यक्ति आफ्नो विवेक प्रयोग गरेर अवसर अनुरूप आफूलाई प्रस्तुत गर्ने क्षमता राख्दछ । जसले सफलता प्राप्त गर्न ठूलो मदत गर्दछ । यस्तो गुण आत्मसात गर्ने व्यक्तिहरू प्रतिकूल अवस्थामा पनि आफूलाई सामान्य राख्न सक्ने हुने भएकाले विवेक र विश्लेषण गरेर कार्य गर्दछन् जसले गल्ती हुने सम्भावना न्यून भएर जान्छ ।

अन्तिम र पाँचौ सफलताको कुँजी स्मृतिज्ञान र बुद्धि हो । स्मृति हाम्रो स्मरण क्षमता हो भने ज्ञान जानकारी हो । बुद्धि राम्रो कुरा सोच्ने क्षमता भएकोले नै यस्तो मान्छेलाई बुद्धिमान पनि भनिन्छ । जगद्गुरु शङ्कराचार्यले बुद्धिमानलाई परिभाषित गर्दै अत्यन्त क्लिष्ट एवं गहन विषयवस्तुलाई सरल व्याख्याबाट एउटा नपढेको व्यक्तिलाई बुझाउने मान्छे हो भन्नुभएको छ ।

अब व्यवस्थापन शास्त्रले स्मृति लामो र छोटो दुईथरीको हुने र सामान्य एवं व्यक्तिको मूल्य मान्यतासँग नजोडिएको सन्दर्भ छोटो स्मृतिमा बस्ने र केही दिनपछि हराएर जाने एवं असामान्य एवं मूल्य र मान्यतासँग जोडिएका घटनाहरू लामो समयको स्मृति कक्षमा बस्दछन् । त्यसैले स्मृतिमा सधैं राम्रो कुरा राख्न सकारात्मक सोचको विकास हुनु जरुरी छ र यसको लागि ज्ञान अर्थात् आफू बाँचेको परिवेशमा मूल्य, मान्यता एवं घटनाहरूको जानकारी राख्नु आवश्यक छ । यस जानकारीबाट राम्रो घटनालाई आत्मसात गर्नाले राम्रो कुरा सोच्ने बानी अर्थात् बुद्धिको विकास हुन्छ । बुद्धिको विकासबाट अज्ञानता, इर्ष्या, द्वेष, रिस, राग र वैरभाव सबै पखालिदै

जान्छ।

गीताको ५ वटै सन्देशलाई आधुनिक व्यवस्थापन विज्ञानको विषयवस्तुसँग तुलना गर्दा व्यवस्थापन शास्त्रको जन्म नै पूर्वीय सभ्यताको देन हो भनी धक फुकाएर भन्न सकिन्छ। राम-रावण युद्ध र महाभारतजस्ता युद्ध र यससँग सम्बन्धित शास्त्रहरूको अध्ययनबाट यी युद्धमा प्रयोग भएका रणनीति एवं आयुधहरूले पनि यसैतर्फ सङ्केत गर्दछ। आधुनिक दुनियामा पर्यायवाची बनेको क्वालिटीको शतप्रतिशत सुपरिवेक्षणको सिद्धान्तको उत्पत्ति रामायणमा शबरीले भगवान् रामलाई बैर चाख्दै मीठो मात्र खान दिएकोबाट भएको हो भन्ने कुरामा लाज मान्नुपर्ने अवस्था देखिँदैन।

अन्त्यमा प्रसङ्ग गीताको उपदेशलाई व्यवस्थापनका सिद्धान्तसँग दाँज्ने मात्र नभई जीवनमा सफल हुन गीताको उपदेश प्रयोग गर्ने ज्ञान पनि पूजाआजा एवं उपवास साथ राख्न सकियो भने यसले व्यक्तिको सफलतामा नयाँ आयाम थप्नेछ भन्ने आशय पनि हो।

२०७१ भदौ ०४ गते बुधवार

विश्व बैंक: ब्रिक्स र सार्क

अहिले विश्वका प्राय: सबै अल्पविकसित एवं विकासशील देशहरू विश्व बैंक र आइएमइसँग आफ्नो विकासको लागि आबद्ध भएर रहेका छन् । यस्ता देशहरूको आन्तरिक राजस्व सङ्कलन प्राय: प्रशासनिक खर्च बेहोर्न पनि मुश्किलले पुग्ने हुँदा विकास निर्माण शीर्षकको खर्च धान्न वैदेशिक सहायता र विश्व बैंक र आइएमइप्रति आश्रित हुनैपर्ने अवस्था आरहेको हुन्छ । सन् १९७४ मा द्वितीय विश्युद्धका मित्र देशहरूले विश्वकै आर्थिक क्षेत्रलाई नयाँ गति प्रदान गर्न BRETTON WOOD सम्झौता सम्पन्न गरेका थिए । यस सम्झौतापश्चात् नयाँ आर्थिक प्रणालीको विकास गर्न भद्र समझदारी गर्दै विश्व बैंकमा अमेरिकी नेतृत्व र आइएमईमा युरोपियन नेतृत्व रहने व्यवस्था कायम भएको थियो । यसै आधारमा विगत ७० वर्षदेखि दुवै संस्था सञ्चालित हुँदै आएका छन् ।

आइएमईमा अमेरिका १६.७५ प्रतिशत, जापान ६.२३ प्रतिशत, जर्मनी ५.८१ प्रतिशत, फ्रान्स ४.२९ प्रतिशत र बेलायतको ४.२९ प्रतिशत मताधिकार रहेकोबाट यी ५ वटा देशहरूलाई विशेषाधिकार प्राप्त रहन्छ, जसले गर्दा चीन ३.८१, रूस र भारत २.३९ र २.३४ प्रतिशत, ब्राजील १.७२ प्रतिशत र दक्षिण अफ्रिका ०.७७ प्रतिशत मताधिकार प्राप्त देश भएर पनि त्यस संस्थामा इच्छित परिवर्तन गराउन असमर्थ रहन्छन् ।

यही कारणले उत्पन्न असन्तोषले गर्दा २०१० को मन्दीको दौरान विशेषाधिकार प्राप्त राष्ट्रहरूको कोटा र मताधिकार बढाउन सहमत भए पनि अमेरिकी काङ्ग्रेसले अनुमोदन नगरेको कारण यो संशोधन लागू हुन सकेन । यसै असन्तोषको फलस्वरूप २०१२ को विश्व बैंकको अध्यक्षको चुनावमा अल्पविकसित र विकासशील राष्ट्रका प्रतिनिधिहरूले अमेरिका समर्थित उम्मेदवारको विरोधमा मतदान गरेका थिए । अल्पविकसित एवं विकासशील राष्ट्रहरूले विश्व बैंक र आइएमईमाथि पक्षपातको आरोप लगाउँदै पश्चिमा मुलुक एवं तिनका मित्र मुलुकहरूले ठूलो परिमाणमा ऋण लगानी सुविधायुक्त शर्तमा पाउने र अन्य देशहरूलाई सानो रकम त्यो पनि अमैत्रीपूर्ण पूर्वशर्त राखेर दिइने गरिएको सन्दर्भमा सबैको लागि एउटा खुशीको खबर आएको छ – ब्रिक्स विकास बैंकको स्थापना ।

ब्रिक्स विकास बैंकको स्थापना BRICS नामक क्षेत्रीय सङ्गठनका सदस्य राष्ट्रहरू– ब्रजील, रूस, भारत, चीन र दक्षिण अफ्रिकाबाट भएको हो । यी सबै देशहरूको अर्थ व्यवस्था रआर्थिक वृद्धिदर विकसित मुलुकहरूको दरलाई प्राय: पार गरिसकेकोले यिनले विश्व बैंक र आइएमएफमा आफ्नो बढी अधिकारको लागि आवाज उठाउँदै आएका थिए र त्यो न सुनिएपछि अन्ततोगत्वा १५ जुलाई २०१४ का दिन ब्रजीलमा

यसको स्थापनाको घोषणा गरिएको हो ।

बैंकको शुरुआत ५० करोड अमेरिकी डलरबाट हुने र (Contingency Researve Arrangement) अर्थात् सानो अवधिको तरलतामा साना तथा अविकसित देशहरूको लागि रिजर्भ कोषमा १०० करोड अमेरिकी डलरको व्यवस्था गरिएको छ । यस बैंकको मुख्यालय चीनमा रहने र भारत यसको पहिलो अध्यक्ष हुनेछ । यस बैंकको स्थापनाले सर्वत्र स्वागत पाएको छ किनभने यसले वर्तमान विश्वको वित्तीय सहयोग नीतिको वास्तविकतालाई उजागर गरेको छ, जसलाई अर्को शब्दमा नवउपनिवेशवाद पनि भन्न सकिन्छ । यस संस्थाले आफ्नो स्थापनाबाट गरिब राष्ट्रहरूमा पूँजी प्रवाह गरेर सहुलियतपूर्ण र समभाव शर्तहरूका आधारमा विकास निर्माणको कार्यलाई अगाडि बढाउने लक्ष्य वा अठोट लिएको छ । यस सन्दर्भमा शुरुआत हुनु अत्यन्त राम्रो सङ्केत हो भन्न सकिन्छ तर तुलनात्मकरूपमा विश्व बैंकको २२३ र आइएमएफको ३१५ करोड अमेरिकी डलरको जालोमा पिल्सिएका अल्पविकसित विकासशील राष्ट्रहरूलाई त्यसबाट फुत्कन पक्कै पनि केही समय लाग्न सक्छ । त्यसैले कुशलता र धैर्य दुवै तत्त्व ब्रिक्स बैंकको लागि अत्यन्त आवश्यक तत्त्व हुनेछ ।

नेपालमा पनि छिटै सार्क सम्मेलन सम्पन्न हुने भएको छ । मन्द गतिमा हिंडिरहेको यो क्षेत्रीय सङ्गठनले पनि यस्तै परिकल्पना गरेर (जसको प्रस्ताव भारतीय प्रम नरेन्द्र मोदीले गरिसक्नुभएको छ) सार्क विकास बैंकको स्थापना गरेर २१ औं शताब्दीमा यस क्षेत्रको जनतालाई यसै कालखण्डमा बाच्न सहयोग गऱ्यो भने पक्कै पनि यो सार्क सम्मेलन दक्षिण एसियाको विकासमा कोसेढुङ्गा साबित हुन सक्दछ र होओस् भन्ने सम्पूर्ण दक्षिण एसियावासीको चाहना हो भन्नु अतिशयोक्ति नहोला ।

२०७१ भदौ ११ गते बुधवार

निरोगी देशको रोगी राजनीति

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा रहनुहुँदा साउन १९ गते ४५ दिनभित्र पिटिए गर्ने मनसायले ३५ बुँदे सहमति भएको थियो । सहमति भएको र पिटिए प्रस्ताव गरेको १९ दिन बितिसक्दा पनि भारततर्फबाट कुनै जवाफ आएको छैन भने रक्सौल-अमलेखगंज तेलको पाइपलाइन बिछ्याउने कार्यको भने तीव्र गतिमा प्रगति भइरहेको छ । भारतीय प्रधानमन्त्रीले अहिले भारतले दोब्बर विद्युत् आपूर्ति गरेर नेपालको अँध्यारोको अन्त्य गर्ने र पछि नेपालको बिजुलीबाट भारतको अँध्यारोअन्त्य गर्ने सार्वजनिक प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । विश्वकै ठूलो प्रजातान्त्रिक एवं उदीयमान शक्तिशाली राष्ट्रका प्रधानमन्त्रीको वचनको वजन हुन्छ नै । तर पनि किन यसमा ढिलाइ भइरहेको छ भनेर बुझ्दा हामी नेपालीहरूलाई भारतको प्रस्तावित पिटिएमा 'उत्पादन', सहकार्य र नेपाल-भारतबीच परम्परागत सम्बन्ध, शब्दहरू मन नपरेको रहेछ । त्यसैले मोदी भ्रमणका बेला पिटिएमा हस्ताक्षर भएन नेपालका ३ मूर्धन्य विद्वान् अर्थमन्त्री डा. रामशरण महत, भीम रावल र नारायणकाजी श्रेष्ठ सम्मिलित उच्चस्तरीय राजनैतिक समितिले पिटिए बटमलाइन निर्धारण गरेर सरकारलाई यसमा कुनै फेरबदल गर्न नसकिने भनेर बुझाएको छ । साउन १६ गते यही मस्यौदा भारतलाई पठाइएको छ । जसको भारतले जवाफ दिएको छैन र कुनै पनि स्वाभिमानी देशले दिनु पनि हुँदैन । सम्झौता भनेपछि दुवै पक्षको सहमति हुनु अनिवार्य हुने भएकोले यसमा सहमति हुनु नै पर्छ । तर सहमति गर्ने ठाउँ नै नभएको प्रस्ताव लगानीकर्ता देशलाई पठाउनुले कूटनैतिकरूपमा हो र होइन भनेर ठाडो भाषामा प्रत्युत्तर मागे सरह हुन्छ । त्यसैले भारतले प्रत्युत्तर नदिएर पिटिए गर्ने सकारात्मक सोच देखाएको हो । नेपालको तर्फबाट बटमलाइन प्रस्ताव भारतलाई स्वीकार नभए वार्ता नै नहुने भएकोले पनि भारतले यसमा स्पेस खोजिरहेको भान पर्दछ । नेपालको तर्फबाट प्रस्तावित पिटिएमा उत्पादन, सहकार्य र नेपाल-भारतबीच परम्परागत सम्बन्ध जस्ता हामीलाई आपत्तिजनक लागेका शब्दहरू हटाइएका छन्। सम्भवतः भारतीय पक्षले नेपाली राजनीतिको मानसिकता बुझ्न खोजेको हुनुपर्छ ।

नेपाल सरकारका ऊर्जा सचिव राजेन्द्रकिशोर क्षत्रीले संसद्को कृषि तथा जलस्रोत समितिको बैठकमा नेपाली राजनीतिज्ञहरूको मानसिकता उजागर गरिदिनुभएको छ । नेपालको जनसाधारणमा सरकारी कर्मचारीहरूप्रति राम्रो सोच छैन तर उहाँले त्यस समितिमा राखेको विचार हेर्दा ठ्याक्कै उल्टो अनुभूति हुन्छ । त्यस समितिमा उठेका प्रश्नहरूको जवाफ दिने क्रममा उहाँले हामीलाई जेनरेशन (उत्पादन)को अपरेशन (सहकार्य र ट्रेडिशनल-परम्परागत) सम्बन्ध जस्ता शब्दले किन सताएको हो आफूले बुझ्न नसकेको प्रसङ्ग उल्लेख गर्दै नेपाल आफैले १९९७ र २०१० मा प्रस्तावित गरेको पिटिए मस्यौदामा उत्पादन शब्द रहेको, दुवै देशले मिलेर नयाँ आयोजना बनाउँदा नेपाली पक्षले प्रायः पहुँच सडक बनाउने र योजना स्थल वरिपरिका क्षेत्रलाई मुआब्जा समेत दिने गरेको तर योजनाको लागत लगानीकर्ता राष्ट्रले बेहोर्ने गरेको आधारमा पनि विचार गर्दा सहकार्य शब्दको प्रयोगबाट नेपाललाई भारतले बराबरीकै दर्जा

दिएको बुझिन्छ भने नेपाल र भातबीच परम्परागत सम्बन्ध रहेको तथ्यलाई कुनै राजनीतिज्ञ वा दलले नकार्न सक्दैन। ऊर्जा सचिवले वार्ताको टेबुलमा यस्ता उत्पन्न हुने दुईवटा अत्यन्त संवदेनशील कुरातर्फ सबैको ध्यानाकृष्ट गराउनुभएको छ । यसमध्ये पहिलो हो- भारतीय पक्षले नेपालबाट अब भारत र नेपालबीच परम्परागत सम्बन्ध समाप्त भएको हो भनेर प्रश्न गऱ्यो र नेपालको पिटिएमा सहमतिका लागि स्पेस नभएको कारणले वार्ता असफल भयो भने नेपाल-भारत सम्बन्धमा त्यसको कूटनैतिक असर के होला ?

ऊर्जा सचिवका अनुसार सरकारले करिब १३००० मेगावाट विद्युत् उत्पादनको लाइसेन्स वितरण गरिसकेको छ र पिटिए नहुने हो भने यस्ता सबै आयोजनाहरूको काम बन्द हुनेछ। यसले नेपालको विद्युत् विकास र यसबाट हुन सक्ने आर्थिक विकास कमसेकम २०-२५ वर्ष पछाडि धकेलिने छ । कहीं पनि वार्तामा बस्दा अर्को पक्षको Acceptance zone को अनुमान गरी आफ्नो हित उसको Acceprtion zone मा कसरी पार्न सकिन्छ भन्ने बुझेर मस्यौदा तयार हुन्छ । तर यस पिटिएमा भारतको जवाफ ढिलो हुनु र ऊर्जा सचिवले ब्युरोक्रेट्सलाई Negotiation को स्पेस दिएर बटम लाइन बनाउनुपर्छ तर यस मस्यौदामा स्पेस नभएको भन्दै मस्यौदाको परिणतिलाई स्पष्ट पार्नुभएको छ । अब भारतले यसको जवाफ नदिएमा नेपालले के गर्ने ? सांसद्हरूले नै यो मस्यौदा भारतलाई मान्यता नहुने स्पष्ट गरिसकेका छन् ।

यही मौकामा चीनको तर्फबाट चिनियाँ कम्युनिस्ट पार्टीका अन्तर्राष्ट्रिय विभागका उपपमन्त्री छन फंगसियाङले त्रिदेशीय साझेदारीको कुरा उठाउनुभएको छ । पूर्व प्रम प्रचण्डले पनि त्रिदेशीय समझदारीको प्रसङ्गलाई चीनसँग र नेपालले बङ्गलादेशसँग जोडेर कैयौ पटक प्रयास गरे पनि भारतले यसलाई टेरपुच्छर लाएको छैन भने चीन स्वयंले नेपाललाई सडकमार्गसँग जोड्ने प्रस्तावमा चीनलाई म्यान्मा हुँदै कलकत्ता जोड्दा ४० वर्ष र तिब्बत हुँदै नेपालको बाटोलाई जोड्दा १०० वर्षको Payback हुने आधारमा चीन-म्यान्मा-कलकता सडक योजनालाई स्वीकृति दिँदै नेपालको उपादेयता तिब्बतको स्वामित्वसँग जोडिएको र त्यसै आधारमा आफूलाई माओवादी भन्ने दलको एकल पहिचानको राज्य पुनर्संरचनाको प्रस्तावलाई नमानेको तथ्य सत्य अगाडि हुँदाहुँदै फेरि त्रिदेशीय साझेदारीको आत्मरतिमा नेपाली राजनीतिज्ञहरू फसेको भान पर्न थालेको छ ।

नेपालले सर्वप्रथम भारतसँगको व्यापार घाटा कम गर्दै नेपालको विकासको लागि पञ्चेश्वर आयोजना र पिटिए सम्झौता छिटोभन्दा छिटो गर्न सक्नुपर्दछ । किनभने ऊर्जा सचिवले उल्लेख गरे अनुसारकै शब्दको कारण हामी दोधारमा परेका हौं भने यो हाम्रो रुग्ण मानसिकताको द्योतक हो र यस्तो मानसिकताबाट विकास सम्भव हुँदैन। केही गरी नेपालले भारतकै प्रस्ताव मानेर पिटिए गर्नुपर्ने अवस्था आयो भने कि त नेपालले त्यसलाई अस्वीकार गरेर अन्धकार युगमा प्रवेश गर्नुपर्छ वा स्वीकार गरेर सदाका लागि हीन मानसिकताको शिकार हुनुको विकल्प हुनेछैन ।

२०७१ भदौ १८ गते बुधवार

स्वास्थ्यको सही पूर्जा

स्वास्थ्य क्षेत्रमा विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले प्रतिहजार ३.५ शैय्या र चिकित्सक २.५ प्रतिहजार निर्धारण गरेको छ । नेपालमा यो सुविधा सहुलियत उपलब्ध छैन । तर यस वर्षको प्राकृतिक विपदाले स्वास्थ्य क्षेत्रको वास्तविक अवस्था उजागर गरेको छ । नेपालमा सही अर्थमा करिब ९३ प्रतिशत जनता निम्न र निम्न मध्यमवर्गमा पर्दछन्, उनीहरूले स्रोतको अभाव र अशिक्षाका कारण वर्षौंसम्म कुनै पनि प्रकारका स्वास्थ्य सेवा उपभोग गरेका हुँदैनन् । नेपालले स्वास्थ्य सेवाको क्षेत्रमा २०१५ को सहस्त्राब्दी लक्ष्य पूरा गर्न सक्ने भनिए पनि वास्तवमा अझै पनि स्वास्थ्य शिविरबाट उपचार गर्नुपर्ने बाध्यताबाट हामी उम्कन सकेका छैनौं । सरकारले प्रत्येक निर्वाचन क्षेत्रमा स्वास्थ्य चौकीको स्थापना गरे पनि त्यहाँबाट निरन्तर स्वास्थ्य सेवा उपलब्ध नहुने गरेको तथ्य पटकपटक सार्वजनिक भइरहेका छन् । एकातिर सरकारको स्वास्थ्य क्षेत्रमा लगानी बढ्दो छ भने अर्कोतर्फ यो सेवा सामान्य नेपालीको पहुँचभन्दा टाढा छ ।

यसलाई सर्वसाधारणको पहुँचमा ल्याउन के गर्न सकिन्छ ? यसको विकल्प निशुल्क स्वास्थ्य शिविर कदापि हुन सक्दैन किनभने फलोअप गर्नुपर्ने रोगका रोगीहरू यातायात साधनको अभाव वा पैसाको अभावले बोलाएको ठाउँमा प्रायः पुग्न सकेका हुँदैनन् । तसर्थ नेपालजस्तो विकट भौगोलिक अवस्था भएको देशमा यसको सर्वोत्तम विकल्प गाउँ विकास समिति नै हुन सक्छ । प्रत्येक गाविसबाट स्थानीय एकजनालाई एचएसम्मको शिक्षा त्यही गाविसमा काम गर्ने सर्तमा र एकजना अनमिसमेत त्यही व्यवस्थाबाट प्रयोग गर्न सकेमा सरकारी उपचार पद्धतिमा देखिएको प्रभावकारिताको कमीलाई धेरै हदसम्म न्यूनीकरण गर्न सकिन्छ । गाविसका यस्ता स्वयंसेवक वा स्वास्थ्यकर्मीहरूले त्यस क्षेत्रका हाटबजारमा पनि नियमित सेवाको व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ । यस कार्यबाट गाविस सचिवहरूले गर्ने गरेका रकमको दुरुपयोगको केही प्रतिशत स्वास्थ्यकर्मीको तलबमा जाने भई दुरुपयोग कम हुने र सुलभ प्राथमिक स्वास्थ्य सेवा बढीभन्दा बढी ग्रामीण जनतालाई पुग्न जाने देखिन्छ ।

यस पद्धतिको ठूलो अवरोध भनेको औषधि हो । पैसाकै अभावमा अधिकांशले औषधिसेवन नै नगर्ने गरेका तथ्य डट्स प्रविधिको सफलताबाट स्पष्ट भइसकेको छ । त्यसैले रोगको पहिचानमात्र नभई निदानका लागि औषधिको पनि निशुल्क व्यवस्था हुनु अनिवार्य छ । सरकारको राजस्वले देशैभरिका बिरामीहरूको औषधि उपचारको खर्च धान्न सक्ने अवस्था छैन भने गरिब जनतासँग उपचार गराउने पैसा छैन । यस समस्याको उत्कृष्ट विकल्प बिमा हुन सक्छ । तत्कालीन सोभियत रूसले सन् १९३७ मा

र बेलायतले १९४७ देखि नै यो मोडेल प्रयोगमा ल्याएका छन् । यी देशहरूले यसको खर्च कर एवं लेभी उठाएर धान्ने गरेका छन् । यस्ता देशहरूमा महँगो उपचार वा ठूलो रोगको उपचार पनि यसै प्रणालीबाट हुने गरेको छ । नेपालको परिप्रेक्ष्यमा यो प्रणाली कति सफल होला भन्ने विषय अध्ययन एवं अनुसन्धानको हुन सक्छ । तत्कालीनरूपमा आमजनतालाई सुलभ प्राथमिक सेवा उपलब्ध गराउन नगरपालिकालाई जस्तै गाविसलाई पनि अनिवार्य घरजग्गा कर बुझाउने व्यवस्था गरेर त्यसै रकममा बिमाबापतको केही रकम थप गरी सामूहिक दुर्घटनाका साथै प्राथमिक उपचारका लागि २-३ हजारसम्मको खर्च बेहोर्ने व्यवस्था गर्न सकेमा नेपालको स्वास्थ्य क्षेत्रले एकैपटक ठूलो फड्को मार्न सक्छ ।

यो सिक्काको एकातर्फको अनुहार हो । दोस्रोतर्फको अनुहारमा व्यक्तिगत एवं सामूहिक सरसफाइ र खानेपानीजस्ता आधारभूत आवश्यकताहरू पर्दछन् । प्राथमिक स्वास्थ्य बिमा योजनाले धेरै हदसम्म स्वास्थ्य चौकीहरूको बर्सेनि बढ्दो औषधि खर्चलाई स्थिर बनाउन सक्षम हुनेछ । जसको प्रयोग गाउँ-गाउँमा कम्तीमा २०० फिटसम्मको चापाकल स्थापनाको व्यवस्था गर्न सकिनेछ । यस्तो व्यवस्था नहुने हो भने कम गहिराइको चापाकलबाट प्राप्त हुने आर्सेनिकयुक्त पानीले अर्को विकराल समस्या खडा गर्नेछ । जसको समाधानको लागि फेरि दातृ संस्था गुहार्ने अवस्था आउन सक्छ । सरकारको विचाराधीन स्वास्थ्य बिमा योजना कार्यान्वयन हुने अवस्थामा पनि प्रत्येक गाविसमा स्वास्थ्य सेवा विस्तार गरेर प्रभावकारी सेवा सुविधा प्रवाह गर्न सकिन्छ । तर यसको लागि तीनवटा महत्त्वपूर्ण गुणहरू आवश्यक छन् । १. इमानदारी, २. सङ्कल्प र ३. मूल्याङ्कन । तर दुर्भाग्य यी तीनवटा गुणहरूको हामीमा कमी छ । आशा गरौं, नयाँ पुस्ताले यस्तो सुनौलो बिहान देखाउन सकोस् ।

२०७१ भदौ २५ गते बुधवार

अँध्यारोबाट उज्यालोतर्फ

लामो प्रतीक्षापछि ९०० मेगावाटको माथिल्लो कर्णाली विद्युत् आयोजना भारतको जिएमआरले निर्माण गर्ने गरी पिडिए भएको छ । लगानी बोर्ड र उद्योग विभागको तथ्याङ्क अनुसार अहिलेसम्म नेपालमा रु १ खर्ब ९७ अर्ब रुपियाँ वैदेशिक लगानीको प्रतिबद्धता आएको छ । माथिल्लो कर्णालीको यो लगानी ब्याजसहित रु १ खर्ब ३९ करोड हुन आउँछ । यसरी यो एउटा योजना मात्रै कुल वैदेशिक लगानी प्रतिबद्धताको ७० प्रतिशत हुन जान्छ । यस अर्थमा यो अत्यन्तै ऐतिहासिक लगानी हुने निश्चित छ ।

यस सन्दर्भमा नेपालका विद्वान् अर्थविद् एवं पूर्व अर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनीले बिहीवार असोज २ गतेको कान्तिपुरमा 'प्रधानमन्त्रीले विचार गर्नुपऱ्यो' शीर्षकको एउटा विचारोत्तेजक लेख प्रकाशित भएको छ । जसमा उनले पिडिएको जालो उपशीर्षकमा केही विवादास्पद मुद्दाहरूतर्फ ध्यानाकर्षण गराउनुभएको छ । उनको पहिलो मुद्दा छ – ३०० मेगावाट क्षमताबाट ९०० मेगावाट उत्पादन क्षमता पुऱ्याउँदा पानी पोखरीको आयतन ६ किमि बढ्न गई ४००० मेगावाट योजनाको भविष्य धराशायी हुने र ९०० मेगावाटको ९० प्रतिशत बिजुली भारत लैजाने हुँदा नेपालको आउने पुस्ताको लागि भविष्य धराशायी हुने । दोस्रो– निर्माण हुँदा क) भूकम्भ भएमा वा अन्य कुनै प्राकृतिक प्रकोपबाट नोक्सानी भएमा नेपालले क्षति बेहोर्नुपर्ने (ख) योजना कार्यान्वयन गर्ने क्रममा जिएमआरले सम्झौता तोडेमा त्यस बखतसम्मको ऋण र ब्याज लगायत अन्य सबै खर्च नेपालले बेहोर्नुपर्ने (ग) साथै काबुबाहिरको प्राकृतिक र राजनीतिक कारणले ७० दिनसम्म काम बन्द गर्नुपऱ्यो भने प्रवर्द्धकले योजना रद्द गर्न पाउने र नेपाल सरकारले ऋण वित्तीय खर्चसहित लगानीको थप १५० प्रतिशत नाफासमेत तिर्नुपर्ने (घ) १२ प्रतिशत बिजुली नेपालले सित्तैमा पाउने र योबाहेक ३० प्रतिशत खरिद गर्न पाउन`कुरा सम्झौतामा लेखिनुपर्ने (ङ) रेगुलेटिङ ड्याम कसले बनाउनेजस्ता महत्त्वपूर्ण मुद्दाहरू लगायत मूल्यका कुराहरू समेत छन् ।

अर्कोतर्फ सम्पन्न सम्झौताका सन्दर्भमा प्रकाशित सामग्रीहरूको अध्ययन गर्दा पिडिए भएको २ वर्षमा स्रोत जुटाउन नसके र त्यसको ५ वर्षपछि उत्पादन शुरु हुन नसके जिएमआरले नै जरिवाना तिर्नुपर्ने, रेगुलेटिङ ड्याम बनाउने जिम्मेवारी पनि जिएमआरकै हुने र भ्याट छुट र अनुदान २०८० मा उत्पादन शुरु भए मात्र सरकारले दिनुपर्ने र लगातार २१ दिनसम्म बन्द हडतालको कारणले काम बन्द भए मात्र क्षतिपूर्ति दिनुपर्ने प्रावधानबारे उल्लेख रहेको पाइन्छ। डा. लोहनीले उठाउनुभएको अन्य प्रसङ्गहरूबारे छापामा खासै जानकारी नआए पनि आइतवार असोज ५ गतेको कान्तिपुरमा डा. महतको अन्तर्वार्ताबाट केही कुराहरू थप स्पष्ट भएको पाइन्छ। ४००० मेगावाटको आयोजना तुहिने सम्बन्धमा डा. महत भन्नुहुन्छ– "यस्तो आयोजनाको सम्भाव्यता अध्ययनसम्म भएको छैन र यो आयोजना बनाउन करिब २७ वर्ष लाग्ने हुन्छ। जुन बेला ९०० मेगावाटको आयोजना सरकारलाई हस्तान्तरण गर्न करिब ५ वर्ष मात्रै समय बाँकी रहन्छ । सम्भाव्यता अध्ययन नै नभएको आयोजनाको अन्तो थापेर हातमा आइसकेको आयोजना रोक्नु कदापि बुद्धिमानी हुनेछैन । त्यस्तै क्षतिपूर्तिको

प्रावधानको सम्बन्धमा स्पष्ट गर्दै डा. महतले भन्नुभएको छ – बन्द हडतालले आयोजनाको काममा बाधा पुगदा क्षतिपूर्ति माग्ने चलन संसारभर नै छ तर एक हप्ताको यस्तो समय सीमालाई नेपालले यो सम्झौतामा २१ दिन पुऱ्याएको छ र प्राकृतिक विपदजस्तो भूकम्प आदिबाट हुने क्षतिका सम्बन्धमा कुनै क्षतिपूर्ति नदिई समयावधि थप्न सकिने प्रावधान मात्र राखिएको छ ।

त्यस्तै भ्याटका सम्बन्धमा पनि अर्थमन्त्रीले बिजुलीमा भ्याट नलाग्ने तर आयोजनालाई आकर्षक बनाउन जिएमआरले तिर्ने भ्याटको क्षतिपूर्तिबापत प्रतिमेगावाट ५० लाख दिने सहमति भएको हो भनेर स्पष्ट पार्नुभएको छ । यसरी देशका दुवै अर्थमन्त्रीहरूको लेख र अन्तर्वार्ता अध्ययन गर्दा दुईवटा कुराहरू स्पष्ट हुन्छन् त्यो के भने वर्तमान सम्झौतामा सरकारले राम्रो गृहकार्य गरेको छ तर दोस्रो कुरा के स्पष्ट हुन्छ भने विभिन्न राजनैतिक दलहरूबीच राष्ट्रिय महत्त्वका मुद्दाहरूमा संवादको अभाव छ र त्यसैले धेरै किचलो पैदा हुन गई विकास कार्यहरू द्रुत गतिमा बढ्न सकिरहेको छैन । दुवै विद्वान्हरूको लेख र अन्तर्वार्ता अध्ययन गर्दा धेरै मुद्दा समाधान भइसकेको देखिए पनि एउटा अत्यन्त जटिल मुद्दा सम्बोधन हुन बाँकी रहन गएको देखिन्छ । त्यो मुद्दा हो लागतको । डा. महतले लागतको विषयलाई नै लिएर आफ्नो अन्तर्वार्तामा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको सम्बन्धमा भैरहवा क्षेत्रीय विमान स्थलको लागत ८ करोड डलर र पोखराको २० करोड डलर भएकोले यसबारे चित्तबुझ्दो जवाफ माग गरेको उल्लेख गर्नुभएको छ । डा. लोहनीले आफ्नो लेखमा १६ किमि लामो सुरुङ निर्माण गर्नुपर्ने तामाकोशीको लागत प्रतिमेगावाट ११००० डलर पर्ने तर २ किमि लामो सुरुङ बनाउनुपर्ने Diamond of the rowa भनिएको सबैभन्दा सस्तो आयोजनाको लागत प्रतिमेगावाट १६००० अमेरिकी डलर कसरी पर्न गयो भन्ने प्रश्न पनि उठाउनुभएको छ, जुन अनुत्तरित छ । डा. महतसँग पनि अन्तर्वार्ताकारले यस सम्बन्धमा प्रश्न राखेको पाइँदैन । नेपाल सरकार वा लगानी बोर्डसमेतले यस सम्बन्धमा धारणा सार्वजनिक गरेमा आयोजना सम्झौता पश्चात् नेपालीहरूको खुशी झनै बढ्ने थियो भन्ने लाग्छ ।

लगानी बोर्डले यसलगत्तै ९ सय मेगावाटको अरुण तेस्रो ७५० मेगावाटसँग छिट्टै सम्झौता सम्पन्न गरी माथिल्लो मर्स्याङ्दी, तामाकोशी र पश्चिम सेतीको लागि समेत पिडिए तयारी शुरु गरेको छ । देशको अत्यन्त अविकसित सुदूर पश्चिमाञ्चल क्षेत्र, जहाँ अहिले पनि ४६ प्रतिशत गरिबी छ । यस्तो क्षेत्रमा निर्माण हुने माथिल्लो कर्णाली आयोजना जलाशययुक्त हुने तथा सरकार र लगानी बोर्डले क्षेत्रीय विकासको प्राथमिकतालाई समेत ध्यानमा राखेर आयोजना कार्यान्वयनमा ल्याउन सक्नु नै समस्त देशवासीको लागि यस वर्षको बडादशैंको शुभकामना हुनेछ ।

माता दुर्गा भवानीले यसरी नै सधैं सबै नेपालीलाई नेपालको हितमा निर्णय लिने विवेक प्रदान गरून् भन्ने कामना व्यक्त गर्दछु ।

२०७१ असोज ०८ गते बुधवार

गए कृष्णका नन्दप्रसाद

महाभारतको कथा टेलिभिजनमा हेर्दा कृष्णालाई कंसबाट जोगाउन नन्दलाल र यशोदाले त्रेतायुगमा जे गरे कलियुगमा नन्दप्रसाद र गङ्गामायाले त्यही नै गरे भन्दा अतिशयोक्ति नहोला । तर दुवै घटनामा समय, सन्दर्भ र व्यक्तिहरू फरक छन् । महाभारतका कृष्ण अवतार थिए । त्यसैले उनलाई केही भएन, उनले नै जसजसलाई जे गर्नुपर्ने थियो गरे । महाभारत युद्धको सारथी भएर नेतृत्व नै गरे । तर कलियुगका कृष्णप्रसाद कथित जनयुद्धकै नाममा मारिइसकेका थिए । मृत पुत्रको लागि न्याय खोज्दै नन्दप्रसाद र गङ्गामायाको जोडी २०७० साल असारदेखि अनशन बसेका थिए । सरकारसँग भएको ४ बुँदे समझदारीमाथि विश्वास राख्दै ४७ औं दिनमा तोडिएको आफ्नो अनशनलाई २०७० साल कार्तिक महिनादेखि आश्वासन पूरा नभएको भनेर पुनः शुरु गरेको ३ सय २९ औं दिनमा मृत्युवरण गर्न पुगे ।

यस दौरान संयुक्त राष्ट्र सङ्घका महासचिव, राष्ट्रिय-अन्तर्राष्ट्रिय मानव अधिकार सङ्गठनलगायतले अधिकारी दम्पत्तिको अवस्थाबारे चिन्ता प्रकट गरेको थियो । तर ती सबै चिन्ता अन्ततः चितामा परिणत भयो । आत्महत्या गर्नेलाई सजाय दिइन्छ, त्यस्तै हत्यारालाई पनि सजाय दिइन्छ । नन्दप्रसादको मृत्यु आत्महत्या त पक्कै होइन भने उनको हत्या नै भएको हुनुपर्छ । एकैचोटी एकै प्रहारमा नमारेर उनलाई विस्तारै-विस्तारै मार्न लगाइएको हो भन्नुमा विवाद नहोला । तर नन्दप्रसादको हत्या के हो ? र यसको अनुसन्धान कसले गर्ने ? न्याय प्रणालीबारे अनभिज्ञ भए पनि हालसालै भारतको प्रधान न्यायाधीशको कार्यकक्षमा एकजना महिला वकिलले ससुराली पक्षले आफूलाई सामूहिक बलात्कार गर्न लगाएको घटनामा न्याय पाउन ढिलाइ भएको कारण विषसेवन गर्दा अदालत आफैले संज्ञान लिँदै कारबाई थालेको प्रसङ्ग र धेरै वर्ष पहिले भारतका प्रधान न्यायाधीश वाइभी चन्द्रचुडले, पोस्टकार्डमा लेखी पठाएको दुःखेसोबाट अदालतले संज्ञान लिँदै मुद्दा दर्ता गरी पीडित पक्षलाई न्याय दिलाएको घटना सम्झँदा ३७६ दिनको दौरान यो घटना पटक-पटक छापामा आइरहेको भए पनि एकपटक फोर्स फिडिङको आदेश मात्र नदिई यस घटनामा समेत संज्ञान लिँदै तल्लो अदालतमा चलेको मुद्दाको मिसिल फाइल झिकाई उपयुक्त आदेश किन नदिएको होला भन्ने प्रश्नचिह्न खडा भएको छ ।

नेपालको अन्तरिम संविधानको प्राक्कथनमा देशको सार्वभौमसत्ता जनतामा निहित छ भनिए पनि सर्वशक्तिशाली आम जनता राजनीतिज्ञहरूको धूर्तताका कारण कतिसम्म निरीह बनेको छ भन्ने कुराको योभन्दा दुःखद उदाहरण अर्को हुन सक्दैन। नेपालका सार्वभौमसत्ता सम्पन्न कृष्णप्रसाद बाटो बिराएका केही व्यक्तिहरूबाट मारिए

र तिनलाई न्याय दिलाउन सार्वभौमसत्ता सम्पन्न तिनका बुबा अनशनमा बसेको ३२९ औं दिनमा मरे र आमा गङ्गामाया सिकिस्त छिन् - यो गणतान्त्रिक नेपाल हो । प्रजातान्त्रिक नेपाल हो जहाँ राज्यनीति For The People, by the People हुन्छ भनिन्छ । कहीं नभएको जात्रा हाँडी गाउँमा । कृष्णप्रसादको मुद्दामा १३ जनालाई पक्राउ पूर्जी जारी भएकोमा प्रमाण नपुगेको भन्दै १० जना धरौटीमा रिहा भएकोमा रामप्रसाद अधिकारी, सीता तिवारी र रुद्र आचार्य म्यादी पूर्जीमा हाजिर भएका छैनन्। यसमध्ये रुद्रप्रसादको मात्रै हत्यामा संलग्नता देखिएको भनाइ छ । उनी भने बेलायतमा रहेकाले इन्टरपोलमार्फत् रेडकर्नर नोटिस जारी गरिएको भनाइ आएको छ । सम्पूर्ण मुद्दाको अनुसन्धान नै प्रायोजितजस्तो लाग्छ । एकजना कृष्णप्रसादलाई एकजना रुद्रप्रसादले मारे । उनी देश बाहिर छन् र त्यसैले मुद्दा अगाडि बढ्न नसकेको हो ?

नन्दप्रसादको यो घटना एक्लो होइन। यस घटनाले नेपालमा सङ्क्रमणकालमा प्राप्त हुने न्यायको लागि निर्माण हुने सत्य निरुपण एवं मेलमिलाप आयोगले गर्ने काम कारबाईको बाटो पनि देखाएको छ। यस क्रममा थुप्रै नन्दप्रसाद एवं गङ्गामायाले या त अनशन बस्दाबस्दै मृत्यु वरण गर्नेछन् या भाग्यमा यस्तै हुनु थियो, नियतिलाई सराप्दै र विलाप गर्दै बाँकी जीवन बिताउनेछन् । यस्तो अवस्था हुनेछ यस देशको सबैभन्दा शक्तिशाली जनताको र त्यो पनि देश उच्चतम गणतन्त्रोन्मुख अवस्थामा रहेको बेला गणतन्त्रको दुहाइ दिने पार्टीले नै कृष्णप्रसादको हत्यारा जोगाउन आफ्नो सम्पूर्ण शक्ति र सामर्थ्य लगाउने छ। सम्पूर्ण घटनाक्रमलाई नलम्बाई, बेलीविस्तार नलगाई छोटकरीमा भन्नुपर्दा नेपालको संविधानमा गणतन्त्र लेखिए पनि राज्यनीति For the politician and by the politician नै हुनेछ र आम जनताको हविगत राजनीति गर्नेहरूको मागी खाने भाँडोभन्दा बढी हुनेछैन । मेरा माथिका भनाइहरू निरर्थक हुन्। त्यसमा सत्यता छैन भने पनि कमसेकम गङ्गामायाको ज्यान त जोगाइदिनुपर्‍यो नि !

२०७१ असोज १५ गते बुधवार

भीष्म प्रतिज्ञा

अन्ततः व्यवस्थापिका-संसद्को अवरोध समाप्त भएको छ । या अवरोध समाप्त गर्न ५ सूत्रीय सम्झौता भएको छ । जस अनुसार सर्वप्रथम उच्चस्तरीय राजनीतिक समिति पुनः जन्मेको छ जसको अध्यक्ष २ महिने चक्रप्रणालीबाट फेरिनेछ तर कमरेड प्रचण्ड पहिलो प्रमुख बन्नुहुनेछ । यस समितिको निर्णय सर्वसम्मतिको आधारमा गरिनेछ । दोस्रोमा माओवादी पीडित परिवारले दुई लाख क्षतिपूर्ति पाउनेछ । तेस्रोमा माओवादी युद्ध अवधिमा रूकुम, रोल्पा, जाजरकोट, सल्यान र प्युठान गरी ५ वटा जिल्लामा तत्कालीन स्थानीय सरकारले गरेको जग्गा जमिनको लिखतलाई दुवै पक्षको स्वीकृति प्राप्त भएमा २ प्रतिशत शुल्क लिई यसै आवभित्र वैधता प्रदान गर्न सकिने र भारतबाट नेपाल भित्रिने गाडीहरूमा बढाइएको शुल्क फिर्ता लिने सहमति भएको छ । ४० दिनसम्म देशको सर्वोच्च निकाय र त्यसमा पनि संविधानसभालाई अनिर्णयको बन्दी बनाएर कमरेड प्रचण्डले हासिल के गर्नुभयो भने आफ्नो लागि अध्यक्षता, त्यो पनि २ महिनाको लागि । ५ वटै सहमति एकातिर र संविधानसभालाई अर्कोतिर राखेर दुवैको महत्तालाई आकलन गर्दा कमरेड प्रचण्डको व्यक्तिगत महत्त्वाकाङ्क्षाले देशलाई बन्दी बनाएको स्पष्ट छ । तर उहाँ भने यसबाट क्षमायाचना गर्दै उम्कनुभएको छ ।

यस्तै सिपिडिइसीले म्याद थपसहित लामो समयसम्म गरेको संवादले १) प्रतिनिधिसभा, राष्ट्रियसभा, प्रादेशिक सभाको अवधि, महाअभियोग २) १८ वर्ष उमेर पुगेकालाई मतदानको अधिकार ३) मौलिक अधिकार र निर्देशक सिद्धान्त ४) राष्ट्रिय गान, राष्ट्रिय चिह्न, संविधान संशोधन विधि र सङ्क्रमणकालीन व्यवस्था ५) संसदीय सुनुवाइ सम्बन्धी व्यवस्था तथा ६) संवैधानिक समितिहरूको विवाद टुङ्गो लागिसकेको छ । यस अवस्थामा विवादको मुख्य मुद्दा के हो भनेर केलाउँदा १) राज्य पुनर्संरचना २) शक्तिको बाँडफाँड ३) शासन प्रणाली ४) न्याय प्रणाली र अन्य मौलिकहरू पर्दछन् । यसमध्ये निर्वाचन प्रणाली र न्याय प्रणालीबारे समितिले विवाद टुङ्ग्याए पनि फेरि विवाद थालिएको छ। शासन प्रणाली र शक्तिको बाँडफाँड सम्बन्धमा पहिलो संविधानसभाका दौरान नै राष्ट्रपति सेरेमोनियल र प्रधानमन्त्री कार्यकारी प्रमुख हुने एवं केन्द्र र राज्यको शक्ति सन्तुलनमा करिब-करिब सहमति भइसकेको र यो संविधानसभाले पहिलो संविधानसभाको सहमतिहरूलाई समेत ग्रहण गरेर अगाडि बढ्नुपर्ने परिप्रेक्ष्यमा मुख्य नमिलेका मुद्दा प्रदेशको सङ्ख्या र नामाकरण नै हो । यो प्राविधिक कुरा हो र यसलाई प्राविधिकहरूको दुईवटा समूह बनाएर सङ्ख्या र नामाकरणको टुङ्गो लगाउन सकिन्छ ।

यति सब सहमति हुँदाहुँदै सत्तापक्ष माघ ८ मा संविधान जारी गरेर छाड्ने र प्रतिपक्ष मान्दै नमान्ने अवस्थामा किन पुगेको हो भनेर विश्लेषण गर्दा केही आश्चर्यजनक तथ्य फेला पर्दछन् । आफैंले संविधान, सत्ता विघटन गरेको ए माओवादी र त्यसको सत्ता साझेदार दलहरू खास गरेर मधेसवादी दलहरूले आफ्नो चुनावी घोषणापत्रमा आगामी संविधानसभामा सहमतिबाट संविधान नबन्ने अवस्थामा प्रक्रियाबाटै भए पनि संविधान निर्धारित समयमैं जारी गर्ने भीष्म प्रतिज्ञा गरेका दलहरू आज किन काङ्ग्रेस र एमालेले यस प्रक्रियाबाट अगाडि बढौं भन्दा अगुल्टोले हानेको कुकुरझैं तर्सिएका छन् बुझि नसक्नु भएको छ । आज नेपाली काङ्ग्रेस र नेकपा एमालेले एकीकृत नेकपा माओवादी र मधेसी दलहरूको भीष्म प्रतिज्ञा पूरा गर्न लाग्दा सङ्ख्याको आधारमा लिन नहुने र उनीहरूले जितेको भए यही आधार कसरी ठीक हुने थियो ?

वस्तुत बन्दुकबाट प्राप्त सत्तालाई आफ्नो लोकप्रियता ठान्न पुगेका ए माओवादी सरकारलाई जनभावना थाहा नै भएन र आफैं ठूलो बहुमतले जित्ने मनस्थितिले लडेको चुनाव हार्नुपर्दाको दिग्भ्रमित मनस्थितिमा उनीहरूले गर्न सक्ने केही पनि थिएन । संसद्मा प्रवेश पश्चात् आफ्नो पहिचान बनाइराख्न उनीहरूसँग अर्को विकल्प नभएको अवस्था छ । त्यसैले उनीहरूले विरोधको लागि विरोध गरेका हुन् ।

दोस्रो संविधानसभाको निर्वाचनबाट जनताले स्पष्टरूपमा प्रदेशको सङ्ख्या र नामाकरणबाहेक शासकीय स्वरूप, निर्वाचन प्रणाली, न्याय प्रणालीजस्ता मुद्दाहरूमा नेपाली काङ्ग्रेस र एमालेको घोषणापत्र मन पराएकोले नै उनीहरूलाई भोट दिएर जिताएका हुन् । त्यसैले जनमतको कदर गरेर पुनः शिर ठाडो गरी मत माग्न जनतासमक्ष पुग्न पनि नेका र एमालेले माघ ८ मा नै संविधान जारी गर्नुको अर्को विकल्प छैन ।

२०७१ असोज २९ गते बुधवार

सन्दर्भः नेपाली राजनीति

विश्व बैंकले A Vision for Nepal नामक नीति पुस्तिका प्रकाशित गर्दै नेपाल सरकारलाई विकासको मोडेलमा सुधारको खाँचो औंल्याएको छ । यसले आफ्नो अध्ययनमा नेपालको आर्थिक अवस्था माओवादी द्वन्द्वको बेलामा समेत खासै नबिग्रेकोले नेपालले धेरै हदसम्म गरिबी हटाउन सफलता प्राप्त गरेको औंल्याउँदै सन् २००५ मा द्वन्द्व समाप्त भएपछिका वर्षहरूमा भने यस क्षेत्रमा उल्लेख्य प्रगति हुन नसकेको देखाएको छ । सन् २००५ मा नेपालको आर्थिक वृद्धिदर ४ प्रतिशतको हाराहारीमा रहेको र यो भारत र बङ्गलादेशको वृद्धिदरभन्दा कम रहेको उल्लेख गरेको छ । माओवादी द्वन्द्व सन् १९९५ मा शुरू हुँदा नेपाल र बङ्गलादेशको प्रतिव्यक्ति आयमा ३५ डलरको फरक रहेकोमा त्यो २००५ मा १०० डलर र २००७ मा २०० डलर पुगेको देखाउँदै यस बढ्दो अन्तरले नेपालको अर्थनीतिले छिमेकी अर्थव्यवस्थासँग सामञ्जस्य राख्न नसकेको तथ्य उजागर गर्दछ ।

नेपालको सेवा क्षेत्र अस्तव्यस्त र अप्राविधिक भएकोले विस्तारको क्षमता न्यून छ । यो क्षेत्र थोक एवं खुद्रा व्यापार, जग्गा–जमिन र शिक्षा क्षेत्रमा मात्र विस्तारित छ र यो क्षेत्र रेमिटेन्समा आधारित भएकोले यसको भाग बढे पनि अनुत्पादक क्षेत्रको खर्च बढी भएकोले पूँजी निर्माण भइरहेको छैन भने आयात बढेर अर्थव्यवस्थामा थप आर्थिक भार थपिएको छ । यस अवस्थामा लगानी नै एकमात्र विकल्प हुन सक्ने भन्दै विश्व बैंकले नेपालमा स्थिर पूँजी निर्माण कुल ग्राहस्थ्य उत्पादनको १९.२ प्रतिशत मात्र रहेको छ, जुन पूर्वी एसियाली देशहरूको ३० प्रतिशतभन्दा कम छ। यस अवस्थामा विश्व बैंकले लगानी, पूर्वाधार विकास र समावेशीकरण भन्दै थ्री-I (Investment, Infrastructure, Inelusion)को मन्त्र सुझाएको छ । अर्कोतर्फ हाम्रो अवस्था के छ भने नेपाल सरकारले यस आवको पहिलो चौमासिकमा निर्धारित ६१८.१० बिलियन डलरमध्ये जम्मा ६७.१७ बिलियन डलरमात्र खर्च गरी निर्धारित बजेटको ११ प्रतिशत मात्र उपयोग गर्न सकेको देखिन्छ । गत वर्ष तुलनात्मकरूपमा यस वर्षभन्दा बढी अस्थिरता हुँदा पनि १५ प्रतिशत खर्च भएको थियो । यसको कारण उल्लेख गर्दै अर्थ मन्त्रालयका प्रवक्ताले दशैं र दैवी प्रकोपको कारण देखाएका छन् । यो अत्यन्त हास्यास्पद तर्क हो । दशैं हरेक वर्ष आउँछ, त्यस्तै बाढी र हिमपात नेपालको भौगोलिक बनावटले गर्दा आइरहन्छ । यसले आम नागरिकको जीवन कष्टकर नहोस् भन्नका लागि नै पूर्वाधार निर्माणको कार्य गर्ने गरिन्छ, तर यसले गर्दा नै विकासको काम भएन भन्नु कतिसम्म तार्किक कुरा हो विचार गर्नुपर्ने हुन्छ ।

दोस्रो संविधानसभाको निर्वाचनपश्चात् राजनीतिक स्थिरता कायम हुने र यसबाट

ठूलो परिमाणमा लगानी भित्रिने अनुमान अनुसार नै काम हुने सङ्केत देखिएको हो। बिप्पा सम्झौता, कर्णालीजस्ता आयोजना आउने स्थिति सिर्जना भएकै हो । फास्ट ट्र्याक र निजगढ विमानस्थल बनाउन मलेसियाली समूह अगाडि बढ्नु, अरुण र पश्चिम सेती जस्ता आयोजनाहरू प्रगति उन्मुख हुनु सबै राम्रै सङ्केत हो। तर बिप्पालगायत कर्णालीको विरोध भइरहेको छ। जलविद्युत् आयोजनाकै कुरा गर्दा माथिल्लो त्रिशूली, चमेलिया, कुखेलानी-३ जस्ता आयोजनाहरू जसको निर्माण अवधि लम्बिदै गएर आयोजनाको मूल्य झन्डै दोब्बर भइसक्दा पनि कतैबाट कुनै विरोधको स्वर वा आयोजना छिटो सम्पन्न गर्नुपर्छ भन्ने दबाबमूलक आवाजसमेत नउठ्नु स्वयम्मा आश्चर्यजनक छ।

राजनीतिक अवस्थाको कुरा गर्दा दोस्रो संविधानसभाको निर्वाचनपश्चात् मूलतः प्रदेशको सङ्ख्या, नाम र न्याय प्रणाली जसमा संवैधानिक अदालतको व्यवस्था गर्ने वा नगर्ने विषयमा विवाद थियो, त्योबाहेक अरू कुराहरूमा अलिखित सहमति भइसके पनि लामो समयसम्म संविधानसभा अवरुद्ध भएर जहाँ एकातिर बजेट पास नभएर आर्थिक क्षेत्र बाधित भयो, त्यही संविधान निर्माणमा पनि अवरोध भयो । संविधानसभाको अवरोध खुलाउन एमाओवादी अध्यक्ष प्रचण्ड उच्चस्तरीय राजनीतिक समितिको दुई महिना अध्यक्ष बने । माओवादी द्वन्द्वकालको लिखतलाई दुवै पक्षको सहमतिमा एक वर्षभित्र मान्यता दिने, द्वन्द्वपीडितलाई दुई लाखको सहयोग र भारतीय गाडी प्रवेशमा शुल्क घटाइयो । संविधानको महत्ता कसरी उल्लिखित ४ वटा सूत्रसँग दाजिन पुग्यो बुझ्न कठिन छ । त्यतिले नपुगेर सदन खुल्दा अवरोधको लागि क्षमा माग्दै अब तीव्र गतिमा संविधानलेखनमा सघाउने वाचा गर्ने प्रचण्ड शान्तिपूर्ण जनविद्रोहको नेतृत्व गर्न तयार भए। यो सबै घटनाक्रमलाई अन्तर्राष्ट्रिय समुदाय र विशेषगरी लगानीकर्ताले अत्यन्त सतर्कताका साथ हेरिरहेका छन्। आन्तरिकरूपमा शान्ति सुरक्षाको कुरा गर्दा बलात्कारको घटनामा कमी आएको देखिदैन भने तराई-मधेसको तापमान बढ्दो छ। यसको लागि सीके राउत र बारा घटनाको प्रसङ्ग नै पर्याप्त छ। सीके राउतले मधेस अलग हुनुपर्छ भन्ने माग राख्दैमा उनले अमानवीय यातना पाउनुपर्ने हो भने सबै मधेसी दलका नेताहरूले एकपटक होइन बारम्बार समग्र मधेस एक प्रदेश र आत्मनिर्णयको अधिकार नमागेका होइनन्। उनीहरू किन कारबाईको दायरामा परेनन् ? प्रजातन्त्र अझ गणतन्त्रमा मौलिक हकको कुरा हुँदा सर्वप्रथम वाक स्वतन्त्रताकै कुरा हुन्छ। कसैले आफूलाई लागेको कुरा बोल्न नपाउने हो भने यो कस्तो प्रजातन्त्र हो ? सीकेले मधेस अलग्याउने कुराको सबभन्दा उत्तम समाधान मधेसबाटै अलग नहुने आवाज आउनु हो। त्यस्तो आवाज नआउँदै सरकारले चालेको कदमले सरकार मधेसबाट यस्तो आवाज आउँदैन भन्ने मानसिकताबाट ग्रसित छ किनभने उसले आफैले मधेसलाई विभेद गरेको छ, जसको फलस्वरूप मधेसको ८ जिल्लामा गरिबी बढेको तथ्याङ्क स्वयम् सरकारले नै प्रकाशित गरेको छ। यो शुभ सङ्केत होइन। मधेसमा राष्ट्रियता

खोज्न सबभन्दा पहिले मधेसमा गाँस, बास र कपासको व्यवस्था गर्नुपर्छ। त्यसपछि मधेसका प्रत्येक जनताले यो देशमा हाम्रो पनि सरकार छ भन्ने अनुभूति पाउन सक्नेछन् र सीके राउतहरूको सङ्ख्या बढ्ने छैन। स्व. राजा वीरेन्द्रको पालामा भएको भारतीय नाकाबन्दी र मधेस आन्दोलनमा मधेसीहरूले आफ्नो राष्ट्रियताको परिचय दिइसकेकाले अबको जिम्मेवारी सरकारको हो।

त्यस्तै बाराको घटना जति दुर्भाग्यपूर्ण छ, त्यति नै हास्यास्पद पनि। हामी यस्तो देशमा बसेका छौं, जहाँ जनताले सडक बनाउन नभनी मात्र सडक मरम्मत गरिदिनको लागि प्रदर्शनमा ओर्लेर चक्काजाम गर्नुपर्छ। दुर्भाग्यपूर्ण छ कि यस्तो प्रदर्शनमा प्रहरीले गोली चलाउँछ र एक नागरिकको हत्या (?) गरिन्छ। हत्या किनभने प्रशासनको भनाइ अनुसार हवाई फायर गरिएको गोली सडकमा प्रदर्शन गरिरहेको मान्छेलाई लाग्न पुग्छ। यस्तो चमत्कारिक हवाई फायर नेपालमा मात्रै सुनिन्छ, अन्यत्र यस्तो भएको मैले अहिलेसम्म थाहा पाएको छैन। वीरगंज-ठोरी सडकखण्डको हालत पनि उस्तै छ। त्यहाँ पनि मरम्मतको लागि जनताले आन्दोलन नै गर्नुपर्ने अवस्था छ। यस्ता घटनाक्रमले मधेस, जसले विगत संविधानसभामा एमाले र काङ्ग्रेसलाई मत दिएर सत्तामा पुऱ्यायो, सरकारविरोधी बन्न सक्छ र यसलाई माओवादी एवं मधेसवादी दलहरूले अवसरको रूपमा प्रयोग गरेर संविधान निर्माणमा अवरोध सिर्जना गर्ने र बनिहाले पनि त्यसको विरोध गरेर आफूलाई बलियो पार्ने कसरतमा लाग्न सक्छन्। त्यसै कारणले सरकारले अहिले तराईमा शान्ति सुरक्षाको प्रत्याभूति मात्रै होइन, आफ्नोपन बोध गराउन सक्नु सबैभन्दा ठूलो चुनौती हो। मधेस आन्दोलित भएमा संविधान मात्रै होइन तेल पाइपलाइन (रक्सौल-अमलेखगंज), रेल, हुलाकी सडक जस्ता महत्त्वपूर्ण आयोजनामा पनि बाधा पर्न सक्छ, जसले मधेसको आर्थिक विकासमा थप क्षति पुऱ्याउनेछ र मधेसीलाई राष्ट्रिय मूलधारबाट अझ टाढा पुऱ्याउनेछ। यस बाटोले सरकारलाई अन्ततः सीके राउतको भनाइ सार्थक पार्न लगाउन सक्छ। त्यसैले अहिले राज्यले मन, वचन र कर्मले मधेसलाई मूलधारमा आत्मसात् गर्नुको विकल्प छैन र यही बाटोले मात्रै देशलाई राष्ट्रिय सङ्कटबाट जोगाउन सक्नेछ।

२०७१ कात्तिक ०५ गते बुधवार

बुद्धिहीन मोहुजानकै समुरौपवनकुमार

२०७१/७/१७ गते वीरगंजमा त्रिभुवन राजपथ सिमाना सम्बन्धी एउटा अन्तर्क्रिया डिभिजन सडक कार्यालय हेटौंडाको आयोजनामा सम्पन्न भएको थियो । त्रिभुवन राजपथको निर्माण २०१३ सालताका भएको हो। रक्सौल पुलदेखि वीरगंज ब्यारेकअगाडि रहेको वीरगंज रेलवे स्टेशनसम्म रेलगाडी अहिलेको मेनरोड भएकै ठाउँबाट गुड्ने गर्दथ्यो । पछि बस्ती बाक्लो हुँदै गएपछि रेलवे लाइन हालको मेनरोडबाट सारेर छपकैया पोखरीदेखि स्टेशनसम्म हालको इनर बाइपास बनेको बाटोबाट चलेको हो । नेपाल सरकारले २०३४ सालमा राजमार्गको सीमाङ्कन केन्द्रबाट २५ मिटर गरेको हो । २०३४ सालसम्म त छपकैया पोखरीदेखि घण्टाघरसम्म वीरगंज बाक्लो भइसकेको थियो । अब २०३४ सालको सीमाङ्कन अनुसार मेनरोड फराकिलो पार्ने वा नपार्ने मुद्दा नै मुख्य हो । यसबारे केही दृष्टान्तहरू हेर्दा सर्वप्रथम बस्ती घना भएकोले हालको मेनरोडमा चल्ने रेललाइन शहरबाहिर सारिएको हो । यसैगरी नजिकैको भारतमा समेत ट्रक–बस आदिको लागि बाइपास सडकको व्यवस्था गरिएकै छ भने वीरगंजमै यो व्यवस्था किन लागू हुन सक्दैन ?

भारत सरकारले रक्सौल शहरको बस्ती जोगाउन बाइपास बनाएर Integrated custom मा जोड्दैछ र नेपालले पनि सोही बिन्दुबाट ६ लेनको सडक परवानीपुरसम्म बनाइसकेको अवस्थामा त्यही सडकलाई त्रिभुवन राजपथ सीमाङ्कन किन गर्न सकिँदैन ? कार्यक्रममा विभिन्न वक्ताले सडक चौडा भयो भने वीरगंजको विकास हुने कुरा गरे। वीरगंजको बाइपास सडकलाई ६ लेनको बनाउँदा वीरगंजको विकास हुन्छ कि हुँदैन ? त्यस सडकलाई ६ लेन बनाउँदा कतै तोड्नु भत्काउनु पर्नेछैन । मल, मल्टिप्लेक्स र डिपार्टमेन्टल स्टोर वा तारे होटल बाइपासमा बन्न सक्छ कि सक्दैन ? त्यस कारणले हाम्रो चिन्ता अहिले मेनरोडका घरहरू भत्काउनुभन्दा नगरमा धमाधम अव्यवस्थित तवरबाट १०–१२ फिटको सडक बनाएर प्लटिङ्ग गरी बिक्री गर्न थालिएको जगगातर्फ आकर्षित हुन जरुरी छ । मेनरोड वा बाइपास ६ लेनको भएर लिंक रोडहरू १०–१२ फुटको भयो भने हामीले सडक चौडा गरेर हासिल गर्न खोजेको गन्तव्य हासिल हुन्छ कि हुँदैन ?

सडक फराकिलो पार्नु पछाडिको मुख्य उद्देश्य सवारी चाप घटाउनु हो । यो लक्ष्य गतिले प्राप्त हुन्छ र गतिकै कुरा गर्ने हो भने जतिसुकै लेनको सडक बने पनि टाँगा र रिक्सा हिंड्ने बाटोमा गतिले के अर्थ राख्ला ? दोस्रो मुख्य मुद्दा छ बैंकिङ अफ

ट्रयाकको । चौडा मूल सडकबाट गाडी १०–१२ वा २५ फुटकै लिंक रोडमा ट्रयाक बैंकिङ नगरेको सडकमा पस्ने अवस्थाको कल्पना गरौं र कल्पना गर्न सकिदैन भने मेनरोडको अलखिया मन्दिर, आदर्शनगर र माइस्थानमा लिंकरोडमा पस्ने गाडीको गति र क्लिनरको दुर्गति र चालकको मतिलाई सम्झनु पर्याप्त हुनेछ ।

अन्तर्राष्ट्रिय मान्यता र सन्धि सम्झौतामा समेत घनाबस्ती हुने क्षेत्रमा क्षति न्यूनीकरणको सिद्धान्त अपनाउनुपर्ने भनिएको छ । घना आबादी भएको शहरी क्षेत्रमा केन्द्रबाट ७.५ मिटरको क्षेत्रमा मात्रै सडक छ र यसलाई २५ मिटर पार्दा वीरगंज शहरको मुख्य सडक वा मेनरोडको मानव बस्ती विलुप्त हुने अवस्था आइपर्ने निश्चित छ। मेनरोडमा सवारी र मानव चाप बढी छ । यसको कारण सम्पूर्ण बजार नै यस क्षेत्रमा एकत्र हुनु हो । वीरगंजको बजारलाई पूर्वतर्फ विस्तार गर्न सके मेनरोडको चाप आफैं घटेर जान सक्छ तसर्थ रक्सौलको मितेरी पुलदेखि रजत जयन्ती चोकसम्म ८ लेनकै सडक निर्माणको योजना गरी रजतजयन्ती स्तम्भबाट ६ लेनको बाइपास र ४ लेनको मेनरोड छपकैया पोखरीसम्म ल्याएर २ लेनको मेनरोड र २ लेनको इनर बाइपासका ४ लेनको इनर बाइपास बनाएमा खर्च पनि कम लाग्ने र भौतिक सुविधा बढेर बजार एवं मानव बस्तीको समेत व्यवस्थापन हुन सक्नेछ । तर यसको लागि बाइपासभन्दा पूर्वपट्टि बनिरहेको बस्तीलाई सडक, पार्क आदिको समुचित व्यवस्था गरेर मात्र बिक्री गर्न पाउने गरी व्यवस्थित गर्नु जरुरी छ । त्यस्तै अत्यन्त व्यस्त माईस्थान एवं विपी उद्यानमा रहेको बजार व्यवस्थित गर्न बिर्ता बजारमा सप्ताहको दुई दिन मङ्गलवार र शुक्रवार बजार लाग्ने गरेजस्तो आदर्शनगरको पुरानो बसपार्कमा पहिलेझैं सोमवार र बुधवार तथा नगवा पोखरीमा आइतवार र बुधवार, छपकैया एवं श्रीपुरमा पनि सानो बजारको व्यवस्था गर्ने सकिए मानव चाप व्यवस्थित हुन सक्नेछ ।

विकास हुँदा क्षति त हुन्छ नै तर विनाश गर्नेगरी क्षतिबाट विकास हुँदैन । त्यसैले विकास भन्ने तत्त्व मानिसको लागि नै हुने हुँदा जुन विकासले मान्छेलाई खुशी दिंदैन भय र त्रासबाट मुक्ति दिंदैन त्यो विकास नै होइन । हामी विकास नै चाहन्छौं भने वीरगंजलाई विनाशबाट जोगाउने विकल्प सोचौं । थुप्रै विकल्पहरू छन्, खोजे एकाध अवश्य पाइन्छ ।

२०७१ कात्तिक १९ गते बुधवार

सार्कलाई हेर्दा

यही नोभेम्बर २०१४ मा काठमाडौँमा १८ औं सार्क शिखर सम्मेलन आयोजना हुँदैछ । यस दौरान आफ्नो अकर्मण्यताका लागि होच्याएर गरिबहरूको क्लब भनिने गरेको यस सङ्गठनको महत्त्व एकाएक बढेर गएको अनुभूति हुँदैछ । यस परिप्रेक्ष्यमा यसको विगत एवं वर्तमानको विवेचना हुनु स्वाभाविक हुन्छ । सार्कको गठन हेर्दा यसका संस्थापकहरूले अत्यन्त बुद्धिमानीपूर्वक राजनीतिक र सुरक्षा मामिलालाई सार्कको दायराभन्दा बाहिर राख्नु अत्यन्त बुद्धिमानीयोग्य कदम ठहरिन्छ । किनभने सार्क सङ्गठनका राष्ट्रहरू आन्तरिक एवं अन्तर दुवै दृष्टिकोणले अत्यन्त फरक छन् । संस्थापक राष्ट्रहरूकै कुरा गर्दा सार्क सङ्गठनका दुई ठूला राष्ट्र भारत र पाकिस्तानको सम्बन्धले नै सबभन्दा बढी प्रत्युत्पादक असर सार्कलाई गरेको छ र यी दुई राष्ट्र नै ठूला र बलिया भएकाले पनि थुप्रै योजना स्वीकृत भएपनि कार्यान्वयन नहुने अवस्थामा रहेका छन्। सबै सार्क राष्ट्रका राजधानीसमेत वायु सेवाबाट जोडिएका छैनन् भने राजनीतिकस्तरमा पनि सम्बन्ध कायम हुन सकेको छैन । यस्तो किन भइरहेको छ भन्नेबारे बुझ्दा द काठमाडौं पोस्टको १० नोभेम्बरमा प्रकाशित गोपाल थापाको A Summit of Substance शीर्षक लेखमा उद्धृत यो अंश यहाँ उल्लेख गर्नु उपयुक्त हुनेछ । Samuael P. Hu Hington in his landmark Book "The Class of civilization" says Region are based of co-operation among states only to the extent that geography concides with culture अर्थात् क्षेत्रीय सहयोग भूगोल र संस्कृतिको मेल भएको हदसम्म मात्रै सफल हुन सक्छ । यस भनाइको परिप्रेक्ष्यमा सार्कका सदस्य राष्ट्रहरूको विश्लेषण गर्दा सांस्कृतिकरूपमा नेपाल र भारतबाहेक अन्य राष्ट्रहरू जस्तै श्रीलङ्का, पाकिस्तान अत्यन्त फरक छन् । धार्मिकरूपमा यो क्षेत्र हिन्दू, मुसलमान र बौद्ध गरी ३ धर्ममा विभाजित छ भने आर्थिक अवस्था, राजनीतिक प्रणाली र सामाजिक चेतनाको स्तरमा समेत अत्यन्त ठूलो अन्तर छ । त्यस्तै भारत-पाकिस्तानको जस्तै पाकिस्तान र अफगानिस्तानको सम्बन्ध पनि बिग्रँदो अवस्थाकै छ। यस्तो अवस्थामा योजनाहरू कार्यान्वयन नहुनु र प्रगति नहुनु पनि आश्चर्यलाग्दो मान्नुपर्ने अवस्था छैन । आश्चर्य केमा छ भने यो तथ्यलाई संस्थापकहरूले कसरी हृदयङ्गम गर्न सकेनन् । जेहोस्, असफल क्लबकै रूपमा पनि यो संस्था आजसम्म बाँचेको छ । जसलाई उपलब्धि नै मान्नुपर्छ । अहिले पनि भारत-पाकिस्तान सम्बन्ध अत्यन्त न्यूनस्तरमा भएको बेला सार्क सम्मेलनले कुन रूप लेला भन्न कठिन भएपनि अनुमानसम्म त पक्कै गर्न सकिन्छ।

विश्वको बदलिंदो परिस्थिति र परिवेशमा सार्क सङ्गठनमा विश्वका शक्ति राष्ट्रहरूको चासो एकदमसँग बढेर गएको छ । सार्कमा हालसम्म चीन, अमेरिका, अस्ट्रेलिया,

दक्षिण कोरिया, म्यान्मा, मरिसस, इरान र जापानसमेत आठवटा मुलुक र संस्थागतरूपमा युरोपेली सङ्घ गरी नौवटा राष्ट्रहरू पर्यवेक्षक भइसकेका छन्। रूस र टर्कीले पनि पर्यवेक्षकको लागि आवेदन दिएका भएपनि त्यो स्वीकृत भइसकेको छैन। चीनले आफूलाई पर्यवेक्षकबाट उकासेर पूर्ण सदस्य राष्ट्र बन्ने चाहना देखाएको पनि सर्वविदित नै छ। यस्तै इरान र म्यान्माले पनि यस्तै इच्छा व्यक्त गरेका छन्। गरिबहरूको यस क्लबमा यस्तो विधि रुचि बढ्नु पछाडिको कारण अमेरिकाको राष्ट्रिय सुरक्षा परिषद्ले तयार गरेको 'एसिया २०२५' प्रतिवेदनमा अमेरिकाले २०२५ सम्म आफ्नो ध्यान दक्षिण एसियामा केन्द्रित गर्नुपर्ने रिपोर्टमा आधारित छ। अमेरिकाको प्रतिस्पर्धी हुन सक्ने क्षमता भएका दुई राष्ट्र भारत र चीनमध्ये भारत सार्कको संस्थापक सदस्य नै हो भने चीन बन्ने क्रममा छ। हालसालै भएको चिनियाँ राष्ट्रपतिको भारत भ्रमणले अर्थ राजनीतिलाई आधार बनाएर सम्बन्ध सुधार्ने सङ्केत देखा पर्नु पनि अमेरिकाको टाउको दुखाइ हुन सक्छ। यसका साथै चीनले सडक मार्गबाट म्यान्मा हुँदै कोलकाताको समुद्री तटसम्म पहुँच बढाउनुले पनि भारत र चीनको व्यावसायिक अन्तर्सम्बन्धले अमेरिकालाई अप्ठेरो पर्ने सम्भावना छ। अमेरिकामा भर्खरै सम्पन्न निर्वाचनबाट राष्ट्रपति ओबामाका लागि आर्थिक सफलता अमेरिकी जनताको इच्छानुकूल नभएको सङ्केत देखिइसकेको छ भने सार्क राष्ट्रमा सम्पूर्ण विश्वकै बढी जनसङ्ख्या भएको १० मुलुकमध्ये भारत, पाकिस्तान र बङ्गलादेश पर्दछन्। गरिबीको रेखामाथि उक्लिने जनसङ्ख्या बढ्दै गएको र सम्पूर्ण विश्वको करिब एक तिहाइ जनसङ्ख्या भएको यो क्षेत्र व्यापारको केन्द्रबिन्दु बन्न थालिसकेको छ। त्यस्तै सगरमाथादेखि समुद्रसम्मको विविधता ओगटेको यो क्षेत्रमा प्रचुर प्राकृतिक स्रोत र संसाधन छन्, जसको उपयोगले अमेरिका र युरोपेली राष्ट्रहरूको व्यापारका साथै हातहतियारको बजार विस्तारमा ठूलो मदत पुऱ्याउन सक्छ। यस्तो अवस्थामा सबै पर्यवेक्षक राष्ट्रहरूलाई सार्कको लाभका लागि कसरी उपयोग गर्ने भन्ने रणनीति १८ औं सार्कको सोच हुनुपर्दछ र यसका लागि सार्क राष्ट्रका प्रमुखहरूले 'आउट अफ दि बक्स' सोच्नुपर्ने अवस्था आएको छ। यो सम्मेलन पनि परम्परागत सोचमैं सीमित भयो भने अन्य विकल्पहरू तयार भएर सार्क ओझेलमा पर्ने सम्भावनालाई नकार्न सकिदैन किनभने Hu Hington को भनाइविपरीत हाम्रो प्रयास अनेकतामा एकताको हुन पुगेको छ। यसलाई बल दिन अहिले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो शपथग्रहण समारोहदेखि नेपाल, भुटान भ्रमणका दौरान देखाउनुभएको सदाशयताले पाकिस्तानको अविश्वास घटाउन कति मदत गर्छ, त्यसमा समेत निर्भर हुनेछ।

२०७१ कात्तिक २६ गते बुधवार

पानीले पनि लिन्छ ज्यान

नेपालमा पानीको मुख्य स्रोत नदी, नाला तथा आकाशे पानी हो । आकाशे पानीको ८० प्रतिशत भाग वर्षायामको ४ महिनामा प्राप्त हुन्छ भने बाँकी २० प्रतिशत पूर्व मनसुन र शरद ऋतुको वर्षाको दौरान हुन्छ । सिंचाइ सुविधाको कमीले गर्दा नेपालका कृषकहरूको खेतीपाती आकाशेपानीकै भरमा हुने गर्दछ । यही आकाशे पानी पोखरीहरूमा जम्मा हुनुका साथै सोझै जमिनमा प्रवेश गरेर भूमिगत जलस्रोत निर्माण गर्दछ । यसलाई नै वाटर-टेबुल भनिन्छ जुन जमिनमुनिको विभिन्न गहिराइमा जम्मा भएको हुन्छ । यस्तो पानी नै भूमिगत जलको स्रोत हो । तर नेपालकै उर्वर भूमि एवं अनाजको भण्डार कहलिएको तराईमा परम्परागत तवरमा सिंचाइको सुविधा जङ्गलहरूबाट भएर बग्ने पैनीहरू हुन जसले बिनालागत र निश्शुल्क खेतीपातीको लागि निर्वाध पानी उपलब्ध गराउँदै आएको थियो । तर विडम्बना के भने आजभन्दा १० वर्ष अगाडि पानी सजिलै उपलब्ध थियो तर खेतीको लागि उन्नत प्रविधि र मलखादको अभाव थियो भने अहिले यो उपलब्ध भएको तर सिंचाइको लागि पानीको अभाव छ । यसले गर्दा उन्नत प्रविधि र बीउ प्रयोग भए पनि वस्तुगतरूपमा कृषि क्षेत्रको उत्पादकत्व बढ्न सकेको छैन । सरकारले सञ्चालन गरेको पुराना नहर प्रणालीहरूमध्ये केहीले मात्र काम गर्ने गरेका छन् भने केही जीर्णोद्धारको पर्खाइमा छन् । नयाँ आयोजनाहरू बन्न सकेका छैनन् । यस्तो अवस्थामा नेपाल वाटर कन्जरभेसन फाउन्डेशन र इसिमोडले संयुक्तरूपमा नेपालको मध्य पहाडी भेगमा प्राकृतिक झरनाहरूको वैज्ञानिक अध्ययन गराउँदा नेपालको मध्य पहाडमा प्रति वर्गकिलोमिटरको दूरीमा ७ वटा झरना भएको तर त्यसको ३० प्रतिशत करिब १५ वर्षको अवधिमा सुकेर मृत भएको अवस्थामा फेला परेका छन् । मृत झरनाहरूको कारण पत्ता लगाउँदा सडक बनाउन स्रोतको ध्यानै नराखी जथाभावी बुल्डोजर प्रयोग र परम्परागत रूपमा गाउँघरमा रहेका पोखरी तथा खाल्डाखुल्डीहरू जानी वा नजानी पुरिनु हो भन्ने तथ्य पत्ता लागेको छ । यसको पुष्टि गर्न यस संस्थाले पाइलट प्रोजेक्टको रूपमा काभ्रे र काठमाडौं जिल्लाको दाप्चामा ३ वटा पोखरीहरूको पुनर्निर्माण गराई वर्षाको पानी जम्मा गऱ्यो । जसपश्चात् त्यस भेगका मृतप्रायः केही झरनाहरूले पुनर्जीवन प्राप्त गरे ।

यस अनुसन्धानको आधारमा तराईको पानीको सतह घट्दै जानु र पैनीहरू सुक्नु पछाडिका कारणहरू उजागर गर्दछ । मध्यपहाडी भेगका झरना सुकेर पैनीको पानी आउने स्रोत बन्द भएको हुनुपर्छ तथा पैनीको पानी सुक्नु र तराईको ग्रामीणलगायत शहरी क्षेत्रमा तलाउ, इनारहरू पुरिनु नै मुख्य कारण हो भन्ने अनुमान लगाउन सकिन्छ । पैनीहरूलाई पुनर्जीवन प्रदान गर्न त झरनाहरूलाई जीवन्त पार्नुपर्ने हुन्छ जुन सामर्थ्य शायद तराईको कृषकहरूसँग नहुन सक्छ तर आआफ्नो गाउँघरको पुरिएको

तलाउ, इनारलाई पुनः प्रयोगयोग्य बनाउनु र नभएको ठाउँमा सामुदायिक स्तरमा जनश्रमदानबाट निर्माण गराउनुको महत्त्व बुझ्न आवश्यक भइसकेको छ । हुनत अचेल वाटर हार्भेस्टिंग पनि गर्न थालिएको छ । वर्षाको वा प्रयोग भएर जाने पानीलाई जथाभावी बग्न नदिएर उपयुक्त प्रविधिद्वारा जमिनमुनि पुऱ्याउने प्रक्रिया वाटर हार्भेस्टिंग हो । पानीको समुचित व्यवस्थापन गर्न नसकिए अन्न भण्डारको रूपमा परिचित तराई 'मरुभूमिकरण'तर्फ अग्रसर भइसकेको छ । सरकारले भूमिगत सिंचाइको जति व्यवस्था गरे पनि पानी नभई त्यसको कुनै औचित्य छैन ।

दोस्रो महत्त्वपूर्ण कुरा पनि पानीसँगै सम्बन्धित छ । त्यो हो आर्सेनिक । नेपालको तराई क्षेत्रमा खासगरी मध्यतराईको बारा, पर्सा, रौतहटजस्ता जिल्लाहरूको पानीमा आर्सेनिक भेटिएको छ । यसको उपचारका लागि विभिन्न सुझावहरू पनि दिइएका हुन् । तर तिनीहरू कति प्रभावकारी भएका छन् भन्नेबारे खासै अध्ययन भएको जस्तो लाग्दैन । तर हालसालैका केही अध्ययनबाट जलमा भएको आर्सेनिकका साथै हावामा रहेको आर्सेनिक समेतले मानव शरीरलाई प्रभावित गरेको र यस्ता क्षेत्रहरूमा मानिसहरूलाई हुने हृदयघातको सङ्ख्यामा आकस्मिकरूपमा वृद्धि भएको भेटिएको छ। अध्ययन अनुसन्धानमा खासै रुचि राख्ने संस्कार नभएका हामी नेपालीहरूमध्ये पनि उपेक्षित तराई प्रदेशमा हावामा आर्सेनिक छ छैन भन्ने अध्ययन त पक्कै भएको छैन तर पानी भएको आर्सेनिक प्रभावित क्षेत्रको जनतामा हृदयाघातको प्रभाव बढ्दो छ/ छैन भन्न कठिन छ । सरोकारवाला संस्था त मैले जानेबुझेसम्म यस क्षेत्रमा काम गर्ने नेपाल रेडक्रस सोसाइटी नै हो। यस प्रकारको अध्ययन-अनुसन्धान रेडक्रसको दायरामा पर्छ-पर्दैन यकिन साथ भन्न सकिने अवस्था छैन । तर जे भए पनि विकसित राष्ट्रहरूमा भएको अध्ययनबाट यसको दुष्परिणाम देखा परेको अवस्थामा कमसेकम आर्सेनिक मिश्रित पानीबाट छुटकारा पाउने र आम मानिसले प्रयोग गर्न सक्ने प्रविधिबारे जनचेतना मात्रै पनि जगाउन सक्ने हो भने ठूलो जोखिमबाट जोगिन सकिनेछ ।

२०७१ मङ्सिर ०३ गते बुधवार

सार्क, मोदी र नेपालको संविधान

नेपालको राजनीतिलाई ग्रहदशा लागेको धेरै भइसक्यो तर यो समाप्त हुने लक्षण देखिएको छैन । गरिब देशले दुईवटा संविधानसभाको खर्च बेहोरिसक्दा पनि संविधान बन्ने साइत जुर्लाजस्तो देखिदैन । आफ्नो चुनाव घोषणापत्रमा सर्वसम्मतिबाट नभए प्रक्रियाबाटै भए पनि संविधान १ वर्षभित्र जारी गर्ने भीष्मप्रतिज्ञा गरेको माओवादी र यसको मोर्चामा सामेल मधेसवादी दलहरू किन त्यही बाटो हिंड्न डराइरहेका छन् बुझ्न गाह्रो छैन ।

पहिलो कारण त संविधान काङ्ग्रेस र एमालेको नेतृत्वमा जारी हुँदा आफूहरूको भूमिका गौण हुने डर हो भने दोस्रो सबभन्दा महत्त्वपूर्ण भूमिका क. प्रचण्डको छ । पहिलो संविधानसभामा बहुपहिचानको १०–११ प्रदेशमा सहमति बनिसकेपछि आदिवासी एवं दलित समूहलाई उत्तेजित बनाएर आन्दोलन गराउने कमरेड प्रचण्ड यसपालि पनि त्यही दाउमा हुनुहुन्छ जस्तो लाग्छ । यसपालि उहाँ पशुपतिको जात्रामा सिद्राको व्यापार गर्ने ताकमा हुनुहुन्छ । पशुपतिको जात्रामा उहाँको चाहना थियो प्रम सुशील कोइरालाले संविधान बनाएर सत्ता छाड्ने घोषणा गरिसकेकोले आफू प्रम हुन नसके पनि आफ्नो महत्त्व बनाइराख्न संविधान सम्बन्धी सहमति उनकै अध्यक्षतामा भएको उच्चस्तरीय समितिमा होस् र त्यसको जश उनलाई नै मिलोस् । यो हुन नसक्ने अवस्था आएपछि अध्यक्ष पदको लागि संसद्लाई बन्दी बनाएझैं डा. भट्टराई अध्यक्ष रहनुभएको संवाद समितिमा छलफल भइ निष्कर्ष निस्कँदा सफलताको जश डा. भट्टराईलाई जाने हुँदा पुरानै शैलीमा यसलाई पनि अनिर्णयको बन्द बनाई डा. भट्टराईलाई असफल तुल्याई सिद्राको व्यापार पनि गर्नुभयो । तर उहाँलाई त्यतिले मात्र पुगेन । आफ्नो अहम् तुष्टि गर्ने काममा यसभन्दा पनि प्रगतिपथमा लम्किदै मङ्सिर ७ गते तीन दलका शीर्ष नेताहरूबीच भएको काङ्ग्रेस–एमालेको संयुक्त प्रस्तावलाई छलफलका लागि पूर्ण बैठकमा पठाउने सहमति ८ गते नै भङ्ग भयो । ३ दलको बैठकमा २० दलीय मोर्चालाई सम्झाउने गुरुतर जिम्मेवारी बोक्नुभएका दहालले त्यही २० दलीय मोर्चाले सहमति नमानेको भन्दै अग्रगामी कार्यलाई पछाडि फर्काउनुभयो । अझ त्यतिले मात्र नपुगेर २२ दलीय मोर्चाले आयोजना गरेको अन्तर्क्रियालाई सम्बोधन गर्दै उहाँले नै दक्षिण अफ्रिकाको हवाला दिंदै बितेका दिनका सहमतिहरू नयाँ संविधानको सिद्धान्त बन्ने अर्ती दिंदै यसो नहुँदा अदालतले दक्षिण अफ्रिकामा संविधान निर्माताहरूलाई यस्तो गर्न आदेश दिएको प्रसङ्ग उल्लेख गर्नुभएको छ । नेपालको परिप्रेक्ष्यमा विगतका सहमति एकपछि अर्को तोड्ने दौडमा उहाँ नै अग्रणी हुनुहुन्छ । राति भएको सम्झौता सहमति उज्यालो नहुँदै तोड्दै अर्ती उपदेश दिनु कति सार्थक हो ?

नेपाल अहिले सार्कमय भएको छ । मोदीमय भने हुन सकेन । भारतीय प्रम नरेन्द्र मोदी नेपाल आउने क्रममा जनकपुर, लुम्बिनी र मुक्तिनाथ जाने कार्यक्रम तय भइसकेर नहुने भनी खबर आएपछिको वितण्डाको विश्लेषण गर्दै भारतबाट प्रकाशित हुने द हिन्दू पत्रिकामा पूर्व भारतीय राजदूत राकेश सुद घटनाक्रमको विश्लेषण गर्दै लेख्नुहुन्छ– सीमा सम्बन्ध, अयोध्या जनकपुर सर्किट, लुम्बिनी–बोधगया–सारनाथ सर्किट, तराईको लागि सिंचाइको आयोजना लगायत घोषणा हुने र विवाह पञ्चमीको अवसरमा ठूलो जनसमुदायको उपस्थितिले मोदीलाई यो क्षेत्रको ठूलो नेताको रूपमा स्थापित हुने अवस्थाले नेपालका नेताहरूलाई निश्चितरूपमा असजिलो बनायो जसको कारण नेपाल सरकारले सार्वजनिक सम्बोधन रोक्न नागरिक अभिनन्दन कार्यक्रमको प्रस्ताव गऱ्यो। जहाँ केही नेपाली नेताहरू पनि रहने थिए र औपचारिकता मात्र पूरा हुने थियो । यसै सम्बन्धमा विमलेन्द्र निधिको वक्तव्य पूरै उल्टो छ । उहाँको वक्तव्यमा ए माओवादीलगायत २२ दलको सार्वजनिक भाषण एवं नागरिक अभिनन्दनको कार्यक्रमको विरोधको कारण भारतीय प्रमको कार्यक्रम रद्द भएको हो । कारण दुवैमध्ये जुनसुकै होस् भारतीय प्रमको कार्यक्रम हुने–नहुने क्रमसँगै काङ्ग्रेस–एमालेको साझा प्रस्ताव संविधानसभामा लैजाने–नलैजाने विषयको सहमति र पुन असहमतिसँगसँगै हुनु संयोग मात्र हो वा कार्यक्रमको प्रभाव भन्ने प्रश्न खडा हुन्छ । यो प्रश्नको सम्बन्धमा राकेश सुदले लेख्नुहुन्छ– दोस्रो संविधान निर्माणको अन्तिम समयसीमा नजिकिँदै जाँदा नेपालको राजनैतिक ध्रुवीकरण बढ्दै गएको र यस्तो बेला प्रायः भारतलाई पिस मेकरको रूपमा निम्त्याएर पछि भारतले नेपालको मामिलामा हस्तक्षेप गरेको भन्ने गरिन्छ । उनको विचारमा ध्रुवीकरणको मुख्य कारण संविधान घोषणापछि राजनीतिमा प्रचण्डले आफ्नो भूमिकाको सम्बन्धमा अन्योलग्रस्त हुनु हो । यसै कारण क. प्रचण्ड, नेकपा–माओवादी फुटाएर मोहन वैद्य समूहसँग हातेमालो गरी एमाओवादीमा डा. बाबुराम भट्टराईभन्दा शक्तिशाली हुने मनसाय राखेकाले हो भन्नेछ। यता प्रम सुशील कोइरालाले संविधान जारी गरेपछि सत्ता छाड्ने प्रतिबद्धता व्यक्त गरेकाले एमालेका नेताहरू आफ्नो तयारीमा छन् भने काङ्ग्रेसका कोइराला पछाडिका नेताहरू पनि आआफ्नो स्थानको खोजी गरिरहेको अवस्थामा ए माओवादीमा प्रचण्ड शक्तिशाली हुनुले नेपाली राजनीतिमा ठूलै महत्त्व राख्ने देखिन्छ। नेपाली राजनीतिमा मोदी र उनको भ्रमण रद्द हुनुको प्रभाव सार्कपछि क्रमशः देखिनेछ र त्यसले नै सत्य उजागर गर्नेछ ।

२०७१ मङ्सिर १० गते बुधवार

मोदीकरण (१)

बुधवार मङ्सिर १७ गतेको कान्तिपुर दैनिकको पृष्ठ ७ मा दिल्लीबाट प्रकाशित हुने समकालीन तिसरी दुनिया मासिक पत्रिकाका सम्पादक आनन्दस्वरूप वर्माको मोदीकरणको नेपाली रूप शीर्षकमा एउटा लेख प्रकाशित भएको छ । भारतको राजधानी दिल्लीबाट प्रकाशित हुने पत्रिकाको सम्पादकको लेख नेपालको ठूलै दैनिकमा प्रकाशित भएकोले पढ्नबाट आफूलाई रोक्न सकिनँ र पूरै लेख अधोपान्त पढें। यो लेख पढिसकेर के बुझें भने आनन्दस्वरूप वर्माले पनि दोषी चश्मा नै लगाएका रहेछन् र उनलाई मोदीको भ्रमणमा सिक्किमीकरणको रूपान्तरित रूप लागेछ । उनको लेखको केही मुख्य अंशहरूको चर्चा हुनु यहाँ आवश्यक छ ।

१. सन् १९७५ को सिक्किमको भारतमा विलयको घटनाका सम्बन्धमा उनी लेख्छन्– उक्त घटनाबाट नेपाल सबभन्दा धेरै रन्थनियो र आफ्नो विदेश नीतिलाई उत्तरी छिमेकी चीनलाई महत्त्व दिने गरी संयोजन गर्न थाल्यो । तर सत्य ठीक यसको विपरीत छ । वस्तुतः पृथ्वीनारायण शाहले नेपाललाई दुई ढुङ्गाबीचको तरुल भने पनि नेपालको सबै प्रकारको सम्बन्ध वीपी कोइराला नेपालको प्रधानमन्त्री हुनुपूर्व भारतपरस्त नै रहेको हो र भारतले तिब्बतमा चिनियाँ प्रमुख स्वीकार गरेदेखि नै नेपालले चीनलाई समेत महत्त्व दिनुपर्ने भएको हो ।

२. दोस्रो महत्त्वपूर्ण कुरा उनले नेपालका राजनीतिक दलहरूको बारेमा लेखेका छन्– अब भारतलाई सेना वा कुनै एउटा लेन्डुप दोर्जे चाहिंदैन किनभने सबैजसो पार्टीहरूमा उनले लेन्डुपहरूको जमात नै पाइसकेका छन् । आनन्दस्वरूप वर्माजस्तै मूर्धन्य विद्वान र भाषाविद् भएपनि उनको यो लेखाइ नेपालका सबै राजनीतिक दलहरूलाई अराष्ट्रिय भनेर गाली दिनु हो भन्ने मलाई लाग्छ । नेपालका राजनीतिक दलहरू र खासगरी मधेसवादी दलहरूले २०६२/६३ को जनआन्दोलन र मधेस आन्दोलनबाट आफ्नो राष्ट्रियता साबित गरिसकेकाले देशी वा विदेशी कसैले पनि यसबारे निम्नस्तरको टिप्पणी गर्नुको कुनै औचित्य छैन ।

३. जनकपुर र लुम्बिनीमा सार्वजनिक भाषणको तयारीको विरोध गर्दै यो प्रोटोकलले मिल्दैन भन्दा उनले त्यही भारतीय प्रम मोदीले अमेरिकाको मेडिसन स्क्वायर गार्डेन र अस्ट्रेलियामा गरेको सार्वजनिक भाषा कुन प्रोटोकलले आएको हो भन्नेतर्फ पनि ध्यान दिनुपर्ने हो ।

४. इन्डियन एक्सप्रेसको ७ अप्रिलमा प्रकाशित एक रिपोर्टको उल्लेख गर्दै वर्मा लेख्छन्– राष्ट्रिय स्वयंसेवक सङ्घको नेपाल शाखा हिन्दू स्वयंसेवक सङ्घ तराईमा करिब ७ हजार एकल विद्यालय खोल्ने योजनामा काम गरिरहेको छ ताकि हिन्दू राष्ट्रको खिलाफ गरिएको षड्यन्त्रलाई विफल पार्न सकियोस् । यसको लागि राजासमर्थक राप्रपा नेपालका नेता कमल थापामात्र होइन, अब काङ्ग्रेसका नेता खुमबहादुर खड्कासमेत हिन्दू राष्ट्रको पुनर्स्थापनाको महाअभियानमा लागिपरेका छन् । उनले सोमनाथ, विश्वनाथ र पशुपतिनाथबीच एकता कायम गरेर सांस्कृतिकरूपमा हिन्दूहरूलाई सङ्गठित गरिरहेको उल्लेख गरेका छन् । नेपाल हिन्दू राष्ट्र थियो । अहिले धर्मनिरपेक्ष छ ।

निरपेक्षताको आडमा नेपालमा मुस्लिम र क्रिश्चियन धर्मको जुन तीव्रताका साथ प्रचारप्रसारका साथै आर्थिक प्रलोभनमा पारी धार्मिक रूपान्तरण हुँदैछ, त्यसले हिन्दू धर्म र धर्मावलम्बी दुवै सङ्कटमा पर्ने अवस्थामा यसमा आस्था राख्नेहरूले आफूलाई जोगाउन सङ्गठित हुनु गलत हो भने आनन्द वर्माले मुस्लिम र क्रिस्चियनहरू सङ्गठित हुनुलाई कुन रूपमा हेर्छन् । धर्मनिरपेक्ष भइसकेपछि जसरी मुसलमान र क्रिस्चियनले आफ्नो धर्म मान्न र सङ्गठित हुन पाएका छन्, त्यसरी हिन्दूले नपाउने कुनै आधार छ?

त्यसैगरी वर्माले 'हिन्दू एग्जिसटेन्स डट ओआरजी' वेबसाइटको हवाला दिदै भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको पटकपटकको यात्रा हुनु यस दृष्टिकोणबाट महत्त्वपूर्ण छ कि नेपाल फेरि हिन्दू राष्ट्र बन्न जाँदैछ उल्लेख गर्दै कर्णाली र अरुण तेस्रोको साथै टुमा सेन्टरको उद्घाटनसमेतको उल्लेख गरेका छन् । आनन्द वर्मालाई सम्भवतः थाहा छैन राम्रो निद्रा सुत्नु छ भने असल छिमेकी रोज्नु भन्ने उखानको बारेमा । १७००-१८०० किमि लामो सीमामा नेपाली जनताले भारतीय जनतासँगको मित्रवत् सम्बन्ध र व्यवहारले भारतको कुल सुरक्षा चिन्ताको १/३ भाग घटाएको छ । विगतका भारतीय सरकारहरूले यसको महत्त्व बुझेनन् । त्यसैले सहयोग जम्मै काठमाडौं र यसको वरिपरि थुपारे । अब बुझेर बल्ल असल छिमेकीपन देखाउन खोज्दैछन् भने त्यो भारतको अनुग्रह होइन, जिम्मेवारी बोध हो भन्ने कुरा सबैले बुझ्न जरुरी छ । नेपाल-भारत सीमाका जनताको आर्थिक अवस्थामा सुधार आएमा अपराध घट्नेछ र त्यसबाट भारतको सुरक्षा चिन्ता पनि घट्नेछ । नेपालमा भएका नदीनालाबाट बिजुली उत्पादन भएर नेपाल र भारतका केही भूभाग उज्यालो हुँदैमा मोदीकरण हुने र दशकौं पहिले सम्झौता भएको कर्णाली परियोजना नबन्दा नेपाल स्वतन्त्र हुने वर्माको बुझाइ आश्चर्यजनक छ । अहिले नेपालको विद्युत् कटौती १० घण्टामा थेग्न भारतबाट आउने १७० मेगावाटकै योगदान छ, होइन भने विद्युत् कटौती तालिकाको ठाउँमा विद्युत् आउने तालिका बनाउनुपर्ने अवस्था नेपालमा आइसकेको छ । नेपालमा जाडोयाममा विद्युत्को खपत बढी हुन्छ र भारतमा गर्मी एवं वर्षायाममा । नेपालमा गर्मी एवं वर्षायाममा करोडौं युनिट बिजुली खेर जान्छ । यसको व्यवस्थापनबाट दुवै देश लाभान्वित हुन्छन् भने वर्मालाई टाउको दुखाइ किन ? वर्माको सोचाइ र केही नेपालीहरूको भारतले बोल्यो कि पोल्यो भन्ने मानसिकतामा कुनै तात्विक अन्तर छैन। भनिन्छ, लक्ष्मीको बास दुई ठाउँमा मात्रै हुन्छ । पहिलो धनी मानिसको घरमा, दोस्रो भोको नाङ्गोको मुखमा ।

सम्भवतः यही कारणले होला एसिया र त्यसमा पनि झन् सार्क क्षेत्रका देशहरू युरोपियन युनियनका देशहरू जस्तै युद्धका लागि शून्य सम्भावनामा झर्न सकेका छैनन्। भारतीय प्रम मोदीको प्रयास यही दिशातिर भएको पनि हुन सक्छ भन्ने कुरा वर्मा जस्ता वरिष्ठ पत्रकारले हेक्का राख्नुपर्ने हो । यो भयो भने सार्क राष्ट्रहरू पनि आर्थिक उन्नतिको नयाँ युगमा प्रवेश गर्नेछन्, जहाँ मानिस भएर बाँच्ने न्यूनतम पूर्वाधार उपलब्ध हुनेछ । होइन भने, हामीहरू सार्वभौमिकता र स्वतन्त्रताको माला जपेर विकसित राष्ट्रहरूको मानसिक उपनिवेश बनेर बाँचिरहने छौं । यस अवस्थाबाट मुक्ति मोदीकरण हो भने आपत्ति किन ?

२०७१ मङ्सिर २४ गते बुधवार

मोदीकरण (२)

भर्खरै सम्पन्न सार्क सम्मेलनमा चीनको पर्यवेक्षकबाट सदस्य राष्ट्रमा सहभागी हुन पाउने प्रस्तावमाथि कुनै निर्णय भएन । तथापि चीनको रूचि दक्षिण एसियामा बढ्दै गइरहेको पाइन्छ। पाकिस्तान चीनको पुरानो रणनीतिक मित्र हो र आफ्नो प्रभाव विस्तारका लागि चिनियाँ राष्ट्रपतिले श्रीलङ्का र माल्दिभ्सको राजकीय भ्रमणसमेत गर्नुभएको छ । श्रीलङ्कासँग चीनको सम्बन्ध विस्तार तमिल उग्रवादी सङ्गठन लिट्टेलाई ठेगान लगाउनेदेखि शुरू भएर अहिले आएर चीनको पारमाणविक पनडुब्बी उभिनेसम्म पुगेको छ । लिट्टेलाई ठेगान लाउन भारतको असहयोगले चीनलाई श्रीलङ्कासँग सम्बन्ध विस्तार गर्न ठूलो मदत गऱ्यो । यो सबै गर्नुको पछाडि चीनको उद्देश्य के हुन सक्छ भने चीन आफूलाई दक्षिण एसिया एवं हिन्द महासागारमा उदीयमान शक्तिको रूपमा स्थापित गर्न चाहन्छ किनभने विगतका भारतीय सरकारहरूले अख्तियार गरेको 'पूर्वमा हेर'को नीतिलाई पूर्वमा गरेको नीतिमा वर्तमान मोदी सरकारले रूपान्तरित गरेको छ । चीनको दक्षिण समुद्रको विवादित गलत क्षेत्रमा भारतले भियतनामसँग मिलेर तेल र ग्याँसको संयुक्त अन्वेषण गर्ने र मोदीको अमेरिकी भ्रमणको सन्दर्भमा संयुक्त विज्ञप्तिमा दक्षिण चिनियाँ समुद्री क्षेत्रको उल्लेख भारत र जापानबीच बढ्दो सम्बन्ध र प्रशान्त महासागरको मालावारमा भारत–अमेरिकी सेनाको संयुक्त अभ्यासमा जापानलाई पनि सहभागी गराउनुले चीन झस्किएको छ। त्यसैले भारतीय राजनैतिक प्रभावको पूर्वी विस्तारलाई रोक्न चीनले दक्षिणतर्फ विशेष अभिरुचि देखाउन थालेको हो । मोदी सरकारको निर्माणपछि अमेरिकाको पाकिस्तान नीतिमा आएको बदलाव र झन् त्यसपछि प्रधानमन्त्री मोदीको २६ जनवरीको समारोहमा आतिथ्य स्वीकार गरेर ओबामाले दक्षिण एसियाको राजनैतिक सन्तुलन नै असन्तुलित गरिदिनुभएको छ । यसबाट अब अमेरिकाको पाकिस्तानसँगको सम्बन्ध सामान्य स्तरमा रहने र भारतसँग विस्तार हुने स्पष्ट सङ्केतहरू देखिन थालिएको छ । यसको कारण के हो भने पश्चिमा राष्ट्रहरूलाई आफ्नो आर्थिक स्तर बनाइराख्न एवं त्यसमा सुधार गर्न बजार आवश्यक छ, जुन अहिले भारतसँग मात्र छ । भारत सरकारले भारतीय बजारलाई वैदेशिक लगानीको लागि खुला गरेकोले पनि चीनले दक्षिण एसियालाई हेर्नुपरेको हो किनभने पश्चिमा देशका अधिकांश बहुराष्ट्रिय कम्पनी चीनको बजारमा छँदैछन् ।

मोदीको डेमोक्रेसी, डेमोग्राफी, डिभिडेन्ड र डिभाइन्डर (फोर डी) को नाराले ५ वर्षमा १ सय स्मार्ट सिटीका साथै म्यानुफैक्चरिङ्ग उद्योगहरूको अंश बढाउन चाहन्छ । हाल म्यानुफैक्चरिङ सेक्टरको योगदान १६ प्रतिशत छ जुन चीनलगायत विकसित देशमा २५–४० प्रतिशतसम्म रहेको छ । मोदी यसलाई २५ प्रतिशतसम्म पुऱ्याउन

चाहन्छन् जसको लागि १० प्रतिशतको आर्थिक वृदिदर आवश्यक हुन्छ । यसका लागि नै मोदीले चालेका कदमहरूलाई कसैले मोदिनोमिक्स भनेका छन् त कसैले मोदीकरण ।

उनको यस प्रयासलाई जापानले ५ वर्षमा ३५ लाखको लगानी गर्ने भएको छ भने मुम्बई–अहमदाबाद बुलेट रेल आयोजनामा सहयोग गर्ने भएको छ । त्यस्तै चीनले दिल्ली–चेन्नई फास्ट रेलमा सहयोग गर्ने, अस्ट्रेलिया र रूसले परमाणु क्षेत्र, अमेरिकाले हातहतियार, उद्योगमा लगानी गर्ने आश्वासन दिए पनि मात्रात्मकरूपमा भारतको आवश्यकता पूरा नहुने देखेर भारतले ब्रिक्समा सक्रियता बढाएको हो र सार्कमा पनि। दुवैमा संलग्न रहँदा अमेरिका र यूरोपेली देशहरूबाट अपेक्षित सहयोग नआएमा उनले विकल्पको खोजी स्वरूप आफ्नो देशलाई निर्विघ्न उन्नतिको मार्गमा लैजान जोखिम न्यूनीकरण गरेका हुन् । यो नै मोदीकरण हो भने यसमा नाजायज के छ ? र सबैभन्दा महत्त्वपूर्ण कुरा के छ भने यी सबैको सफलता पैसाका साथसाथै राजनैतिक स्थिरतासँग जोडिएको हुन्छ । यसैलाई प्राप्त गर्न मोदी श्रीलङ्का, नेपाल, बङ्गलादेशका साथै पाकिस्तानसँग पनि शून्य विवादमा झर्न चाहन्छन् जसले भारतको प्रगति निर्विघ्न होस् र विश्वमा चीनजस्तै भारत पनि उदीयमान शक्तिको रूपमा स्थापित होस् ।

२०७१ पुस ०२ गते बुधवार

यसरी सोच्ने हो कि ?

१६ नोभेम्बर २०१४ को दि टाइम्स अफ इन्डियामा सिङ्गापुरको एउटा विश्वविद्यालयको पब्लिक पोलिसी विभागका डिन प्राध्यापक किशोर महबुबानीको एउटा अर्थपूर्ण लेख प्रकाशित भएको छ जसको शीर्षक why can't companies think like companies ? रहेको छ । अत्यन्त नयाँ सोचको यस लेखमा ३ वटा महत्त्वपूर्ण कुराहरू उल्लिखित छन् । पहिलो भविष्यमा २१ औं शताब्दीको इतिहास कहिले लेखियो भने यो शताब्दीको सबैभन्दा महत्त्वपूर्ण गुमेको अवसरमा चिनियाँ राष्ट्रपति झीको भारत भ्रमण हुनेछ किनभने १०० बिलियन डलरको व्यावसायिक सम्झौता हुने यो भ्रमणकालमा जम्मा २० मिलियन डलरको सम्झौता भयो । यसको कारण चिनियाँ राष्ट्रपतिको भारत भ्रमणका दौरान सीमा समस्या बल्झियो र यात्रा सद्भावपूर्ण रहन सकेन । दोस्रो चीनको क्षेत्रफल ९.६ मिलियन स्क्वायर किमि र भारतको ३.३ लिलियन स्क्वायर किमि छ जसमा विवादित क्षेत्र ७७७० स्क्वायर किमि छ जुन चिनियाँ भूभागको ०.०८ प्रतिशत र भारतीय भूभागको ०.२ प्रतिशत मात्र हुन्छ । तेस्रो ऐतिहासिक रूपमा पहिलो वर्षदेखि १८२० सम्म चीन र भारत नै विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र रहेका थिए । पश्चिमा मुलुकहरूको अर्थतन्त्रको इतिहास २०० वर्षभन्दा बढीको छैन । २१ औं शताब्दीमा पश्चिमा मुलुकहरूको विकास पछाडिको मूलमन्त्र 'शून्य युद्ध सम्भावना'को सोचले सबै संसाधनहरू विकास कार्यमा लागे तर चीन र भारत आज पनि कुल अर्थतन्त्रको ठूलो भाग आआफ्नो सीमा रक्षामा लगाइरहेका छन् जसको कारण गरिबी दुवै देशको अभिशाप बनेको छ ।

माथिका तीनवटै प्रश्न र लेखको शीर्षकलाई नेपालको परिप्रेक्ष्यमा विचार गर्दा नेपालका राजनैतिक दलहरू व्यावसायिक सङ्गठनको रूपमा किन सोच्दैनन् र त्यो पनि संविधान निर्माणको सम्बन्धमा भन्ने प्रश्न खडा हुन्छ । त्यस्तै २१ औं शताब्दीको नेपालको इतिहास लेखियो भने सबैभन्दा महत्त्वपूर्ण गुमेको अवसरमा 'समयमा संविधान' निर्माण नहुनु नै हो भन्ने उल्लेख हुनेछ । ६-६ वर्षसम्म प्रयासरत रहँदा समेत संविधान निर्माण हुन नसक्नुको एक मात्र अर्थ सार्थक प्रयास नहुनु हो । यस दौरान अव्यवस्थाले गुमेको अवसर र अनुत्पादक संविधानसभाको खर्चले नेपालको गरिबी धेरै हदसम्म न्यूनीकरण हुन सक्ने थियो ।

२. विवादको क्षेत्रको कुरा गर्दा सङ्घीयता, शासकीय स्वरूपमा कुरा नमिलेको भनिन्छ । प्रदेश निर्माणका आधारहरू संविधानसभाले तय गरेर सीमाङ्कन प्राविधिकहरूबाट गराउँदा सजिलै समाधान हुने कुरामा अनावश्यक बखेडा निकालेर आआफ्नो इगो पूरा गर्ने काम भइरहेको छ । २ घण्टामै सहमति हुन सक्ने सम्भावना भएको बुँदाहरूको लागि ६-६ वर्ष खर्चिनु कति बुद्धिमानीपूर्ण हुन्छ । एउटा व्यावसायिक सङ्गठनले यस्तो

निर्णय लिनुपरेमा कति समय लगाउँछ ? व्यावसायिक सङ्गठनहरू उच्च व्यवस्थापकको क्षमता हेर्न म्यानेजमेन्टको अडिट गराउने गर्छन् ।

३. नेपालजस्तो गरिब देशको संसाधनहरू दुरुपयोग रोक्न अब पनि संविधान निर्माण नहुने हो भने Legislatures Audit गराउनुपर्ने बेला भइसकेको छ । यस्तो अडिटमा जुन दलको नेताले लक्ष्य प्राप्त गर्न सबभन्दा बढी नकारात्मक भूमिका खेलेको पाइन्छ, उसलाई नेतृत्व तहबाट हटाउने व्यवस्था गर्नेबारे सोच्नु कस्तो होला ? किनभने भारत र चीनजस्तै इतिहास बोकेको नेपालको राजनीति पनि कमोबेस प्राचीनकालदेखि अहिलेसम्म व्यक्तिवादी र सीमा केन्द्रित नै रहेको छ । यो सोचलाई अब विकास केन्द्रित बनाउन राजनैतिक सङ्गठनहरूले व्यावसायिक सङ्गठनजस्तै सोच बनाउन आवश्यक भइसकेको छ । होइन भने राजनीतिक दलहरुको बखेडाबाजीमा अनन्तकालसम्म नेपालीहरू यस्तै कुचक्रमा पिल्सिरहने छन् ।

२०७१ पुस ०९ गते बुधवार

क्षति न्यूनीकरण

युनिसेफ नेपालको सहयोगमा वीरगंज उपमहानगरपालिकाले आयोजना गरेको 'विपत् जोखिम न्यूनीकरण' को ४ दिने तालिम वीरगंज उपमहानरपालिकाको सभाहलमा सम्पन्न भएको समाचार प्रकाशित भएको पढेर अत्यन्त खुशी लाग्यो । समाचार दुई भागमा प्रकाशित भएको छ । पहिलो विपत्को पहिचान गरी स्थानीयस्तरको योजना गोष्ठीमा समावेश गर्ने सहभागीहरूको सुझाव र दोस्रो अतिथि महोदयहरूको लामो शृङ्खलाले सहयोगको वचनबद्धता र धारणा राखेका रहेछन् । सहभागीहरूले नगर क्षेत्रमा खुला क्षेत्रको अभाव औंल्याउँदै भूकम्प, आगलागी, शीतलहर र महामारी गरी चारवटा महत्त्वपूर्ण सम्भावना औंल्याइएको देखिन्छ । यी चारै क्षेत्रबारे पालैपालो विचार गर्दा पहिलो जोखिम भूकम्प नै पर्न आउँछ । वीरगंज ८ रेक्टर स्केलसम्म भुइँचालो जाने उच्च जोखिमयुक्त क्षेत्र हो । यहाँ ९० सालमा भुइँचालो गएको र त्यसबाट भएको क्षतिको कथा हामीले आफ्नो बाउ-बाजेबाट सुनेका छौं । प्रायः ८०-१०० वर्षको अन्तरालमा यो क्रिया दोहोरिने वैज्ञानिक अनुभवको आधारमा हामी वीरगंजवासी २०७०-२०९० सम्म नै उच्च जोखिममा रहने छौं । यस दौरान कुनै पनि बेला भूकम्प जान सक्छ। तर यो परिदृश्यलाई दिउँसो र राति दुई भागमा विभाजित गरेर हेर्दा बिहानदेखि बुलुकीसम्मको समयमा भुइँचालो गएमा बच्चाहरू अधिकांश स्कूलमा, महिला र वृद्धहरू घरमा एवं आर्थिकरूपले सक्रिय जमात कार्यालय वा पसलमा हुनेछ ।

बच्चाहरू पढ्ने अधिकांश स्कूल निजी भवनमा सञ्चालित भएकोले भऱ्याङ र ढोका फराकिला छैनन् र मुख्य द्वार पनि साँघुरो नै छ । यस अवस्थामा भागदौडको क्रममा अधिकांश बच्चाको ज्यान यस लापरवाहीका कारण जोखिममा हुनेछ। यो क्षति भूकम्पबाट हुने क्षतिबाहेकको हुनेछ। वीरगंजका अधिकांश घरहरू भूकम्प प्रतिरोधी नभएकोले घरमा रहेका महिला र वृद्धहरू भागेर सडकमा आउनुको विकल्प हुनेछैन। सडकमा बस्दा सडक फाट्ने र छेउछाउका घरहरू खस्ने खतराबाट मुक्त हुन सकिने छैन। त्यसैगरी राति भुइँचालो आएमा सर्वप्रथम बत्ती जानेछ र अँध्यारोको भागदौडमा घरबाट निस्कन सके पनि कहाँ जाने भन्ने अन्योलको स्थितिमा घाइतेलाई उपचारार्थ कहाँ लाने ठेगान हुनेछैन । आआफ्नो विवेक प्रयोग गरेर नाउक्षे अस्पताल नै लाने हो भने प्रसूतिगृहको भवनले धेरै मान्छे अटाउने अवस्था छैन। त्यति बेला चिकित्सक, सहायक र नर्सहरूमसेत आआफ्नो ज्यान जोगाउनतिर लागेको हुनेछन्, जसले गर्दा धेरै मान्छेले अकालमै ज्यान गुमाउनुपर्नेछ। कम्पन स्थिर भए पनि निजी अस्पतालहरू पनि यसमा असमर्थ नै हुनेछन्, किनभने स्थान र जनशक्ति दुवैको अभाव हुनेछ ।

नेशनल मेडिकल कलेजले भने आफ्नो सभागृहलाई विपत् व्यवस्थापन कक्षको रूपमा प्रयोग गर्न सकिने गरी तयार गरेर राखेमा त्यसको प्रशंसा गर्नुपर्दछ ।

यस्तो विषम परिस्थितिमा सम्बद्ध निकायले पहिलो प्राथमिकता जीवन रक्षालाई दिएर सेना, प्रहरी र स्वयंसेवकहरू क्षति भइसकेपछि कुन-कुन स्थानमा स्वास्थ्यसेवा वा आकस्मिक उपचार सञ्चालन गर्नेछन् भन्ने ठेगान गरी सामान्य नागरिकसम्म यो सन्देश पुऱ्याउने व्यवस्था नगरिएसम्म भूकम्पबाट विपत् जोखिम न्यूनीकरण हुन्छ भन्न मिल्दैन । यसै क्रममा आउँदा दिनहरूमा सार्वजनिकका साथै निजी भवनको निर्माणमा समेत भूकम्प प्रतिरोधी मापदण्ड पूरा गरी मात्र निर्माण अनुमति दिने प्रावधानको अनिवार्य पालन गर्ने व्यवस्था आवश्यक छ ।

दोस्रो विपत् आगलागीको छ । यो शहरी क्षेत्रका साथै सुख्खायाममा ग्रामीण क्षेत्रमा समेत ठूलो समस्याको रूपमा देखिएको छ । शहरी क्षेत्रकै कुरा गर्दा तुल्स्यान भवन र गोपाल टावर्सको माथिल्लो तल्लामा आगलागी भएमा कसरी नियन्त्रण गर्ने ? वारुण यन्त्र सञ्चालन गर्ने नगरपालिकासँग उचाइसम्म अग्नि नियन्त्रक पुऱ्याएर उद्धार गर्ने कुनै उपकरण छैन । त्यस्तै अनियन्त्रितरूपमा विकसित भइरहेको शहरहरूको गल्लीमा वारुणयन्त्र छिर्न नसक्ने अवस्थामा अग्निशमकयन्त्र जडान गरिएको मोटरबाइक स्क्वाड बनाउनेतर्फ पनि सोच्नुपर्ने बेला भइसकेको छ । ग्रामीण क्षेत्रमा पनि सामुदायिकस्तरमा अग्नि नियन्त्रण गर्ने मोटरसाइकलको व्यवस्थाका साथै सडकहरूको स्तरोन्नति गर्न सके धेरै हदसम्म क्षति न्यूनीकरण हुन सक्छ ।

आगलागीसँगै सम्बन्धित दोस्रो मुद्दा छ उपचारको । वीरगंजको अस्पताल र खासगरेर सामान्यजनको आशाको केन्द्र नाउक्षे अस्पतालमा बर्न-वार्ड नहुनु, भएको वा बनाइएको बर्नवार्डमा दक्ष जनशक्तिको अभाव देखाएर अहिले आइसियु सञ्चालन भइरहेको छ । यो सञ्चालन हुनुहुँदैन भन्ने मेरो मनसाय होइन, तर यी दुवै उपचार एकाइ एक अर्काको पूरक नहुन सक्ने भएकोले बर्नवार्डको सञ्चालनतर्फ पनि सम्बद्ध निकायको चासो जानु आवश्यक भइसकेको छ । होइन भने आगो मात्रै निभाउने तर आगोबाट जलेकाहरूको उपचार नहुने भयो भने क्षति न्यूनीकरण हुन सक्दैन ।

तेस्रो समस्या शीतलहरको छ । यसले अब नियमितता पाइसकेको छ । यस समस्याको सम्बोधन कम्बल बाँडेर र चौबाटोमा आगो बालेर हुने अवस्था छैन । यसको सम्बोधनको लागि जीवनस्तरमा सुधार नै हुनुपर्ने अवस्था छ । तर सत्य ठीक विपरीत छ । २०५८ सालको जनगणनामा १९ प्रतिशतमा झरेको तराईको पर्सादेखि सप्तरीसम्मका ८ जिल्लाको गरीबी २०६८ सालको जनगणनामा बढेर २४ प्रतिशत पुगेको छ । यस अवस्थामा भोको पेटको लहर शान्त पार्न पैसा नै चाहिन्छ । आगो र कम्बल मात्र भएर पुगदैन भन्ने हेक्का सम्बन्धितहरूलाई हुनुपर्दछ । देशमा बहुदलको आगमनपश्चात् यस क्षेत्रमा रहेका सरकारी उद्योगहरू निजीकरणको नाउँमा ध्वस्त पारिए भने विद्युत्को अभावमा निजी क्षेत्रद्वारा सञ्चालित उद्योगहरूले पनि गति लिनसकिरहेका छैनन् ।

सरकारीस्तरमा पनि यस क्षेत्रमा कुनै ठूलो योजना सञ्चालन हुन नसकेकोले रोजगारको ठूलो समस्या भोगिरहेको तराईका गरीबहरूका लागि आशाको एक मात्र किरण भनेकै हुलाकी राजमार्गको तीव्र गतिमा निर्माण हुन थाल्नु हो, जसले यहाँ आर्थिक हलचल बढ्न सकोस् ।

चौथो समस्या महामारीको छ । यसको कुनै निदान छ, जस्तो लाग्दैन । जाडोमा शीतलहरले गरीबलाई मारेको छ भने गरममा तातोहावाले । यसबाट जागियो भने ज्यान जोगाउने जलको आर्सेनिक र त्यसबाट पनि जोगियो भने रोजगार नपाउने महामारीको जङ्गलले यस क्षेत्रका युवाहरूलाई कि अपराध उन्मुख गराएको छ कि बाहिर काम गर्न। उपरोक्त चारै समस्या गम्भीर छन्। तर यस कारणले तालिम, कार्यशाला वा गोष्ठी गर्नुहुँदैन भन्ने मान्यता मेरो होइन, तर यस्ता कार्यक्रमहरूबाट आम जनता लाभान्वित हुने सूचनासम्म त प्रवाह गर्न नै सकिन्छ । तर वास्तविकता के छ भने मुद्दा केन्द्रित समाचार सम्प्रेषणको सट्टा व्यक्तिविशेषको उपस्थिति र सहभागिता हाम्रो समाचारको मुख्य मुद्दा बन्न थालेको छ । यसले गर्दा जनस्तरमा खास समस्या र मुद्दा सम्बन्धी सचेतना पनि रिपोर्टहरूमा मात्र सीमित हुन थालेको छ । आजको समयमा यो ठूलो चिन्ताको विषय भएको छ। कसैले कसैको लागि केही नगरे पनि सही सूचनालाई कमसेकम आफ्नो लागि त पक्कै प्रयोग गर्न सक्छ। यस प्रयोगबाट पनि केही हदसम्म क्षति न्यूनीकरणमा थप सघाउ पुग्ने आशा गर्न सकिन्छ ।

२०७१ पुस २३ गते बुधवार

माघ ८ र संविधान

संविधानसभाले संविधानको विवादित विषयहरूलाई सके सहमति गरेर नभए प्रक्रियाका लागि प्रस्ताव ल्याउन ४ दिनको समय दिएर पुनः संवाद समितिमा नै फिर्ता पठाएको छ । यो लेख छापिंदा यस विषयमा सम्भवतः निर्णय भइसक्ला तर यस क्रममा उठेका केही कुरा र प्रसङ्गहरूबारे मनन विश्लेषण गर्नु पनि आवश्यक छ । यस निर्णयपश्चात् दाहाल हाँस्दै निस्के भने दङ्ग गरे भट्टराई । दुवै नेताले फेरि भूमिका पाएकोमा दङ्ग परेको हुनुपर्छ । तर विचार गर्नुस् सम्मतिमा बन्ने विधान अगाडि नबढेर पछाडि फर्कियो भनेर दङ्ग पर्ने हाम्रो राष्ट्रिय नेताहरूको मानसिकता कति स्वस्थ छ । संविधानसभामा सत्तापक्षको चर्को दबाब झेल्न नसकिरहेको विपक्षलाई योजना बनाउन पक्कै राहत पुगेको छ । यो योजना दुईवटा कुराहरूको लागि मात्रै बन्न सक्छ । पहिलो प्रक्रियामा जान सत्ता पक्षको दबाबलाई कसरी थेग्ने र दोस्रो जातीय पहिचानको राज्य कसरी बनाउने । मिश्रित निर्वाचन प्रणाली, राष्ट्रपति र प्रधानमन्त्रीको कार्यकारी अधिकार, संवैधानिक अदालतलगायत कुराहरूमा सहमति भइसकेको कुरा छापामा आइ नै सकेको छ । प्रक्रियामा जान सत्तापक्षको दबाबलाई थेग्ने कुरामा विपक्षले रणनीति बनाउनु स्वाभाविक हो, तर कब जब दलगत स्वार्थको कुरा आउँछ । संविधान समग्र राष्ट्र र सबै दलको लागि समान हुने दस्तावेज भएकोले यसलाई समयमा आउन नदिन योजना वा रणनीति तर्जुमा गर्नु कतिको नैतिक हो भन्ने प्रश्न पनि खडा हुन्छ । अहिले सबैभन्दा सक्रिय र अग्रगामी भूमिका खेल्नुपर्ने सभाध्यक्षले समेत नियमावलीको अधिकार प्रयोग गरेर विवादित विषयमा प्रश्न बनाउन प्रश्नावली समिति गठन गर्ने र त्यसलाई नि संवाद समितिलाई जति नै दिने भनेर दबाब समूहलाई दिएको वचन पूरा गर्नुभएन । यसो गरिएको भए ४ दिनमा सहमति नभए प्रश्नावली निर्णायक संविधानसभामा पेश गर्ने र दुईतिहाईबाट पारित भएका विषयलाई मस्यौदामा समावेश गर्न सकिने थियो । यस घटनाबाट दलका नेताहरू जस्तै संविधानसभाका अध्यक्ष महोदयले पनि गतिशील एवं अग्रगामी भूमिका खेल्न नसक्नुभएको लाग्छ । यो सबै हेर्दा आश्चर्य लाग्छ, यी देशको भविष्यबारे सोचेर र खास गरेर जातीय पहिचानको सङ्घीयताको सम्बन्धमा एउटा प्रश्न पनि गर्न मन लागेको छ । प्रश्न के हो भने देश धर्म निरपेक्ष हो भने जातीय आधारमा राज्य कसरी निर्माण हुन्छ ? जात र वर्णको विभाजनको प्रारम्भ बिन्दु नै धर्म हो । त्यही निरपेक्ष हुने भएपछि जातीय प्रदेशको पहिचानको प्रस्ताव राख्नेहरूले देशलाई पुनः हिन्दू राज्य बनाउन तयार हुने कि नहुने ?

दोस्रो महत्त्वपूर्ण कुरा छ गणितीय सङ्ख्याको । बल्ल आएर एमाले अध्यक्ष केपी शर्मा ओलीले यो कुरा अगाडि सार्नुभएको छ । वास्तवमा गणितीय आधार जनादेशमा

आधारित छ । जनादेशले एमाले र काङ्ग्रेसको चुनावी घोषणापत्रको अनुमोदन गर्दै दुवै पार्टीलाई संयुक्तरूपमा अगाडि बढ्ने मत दिएकोले दुवै दलले सहमति नहुने अवस्थामा प्रक्रियाबाट अगाडि बढ्नुको विकल्प छैन । अहिले आएर तीन दलीय मोर्चाले सहमतिको प्रयास विफल भए संविधान जारी गर्ने अर्को मिति तय गर्नुपर्ने माग अगाडि सारेका छन् । अहिले मिल्न नसकेको कुरा कुन आधारमा भोलि मिल्छ । यो रणनीति ए माओवादीको पहिलो संविधानसभाबाट संविधान जारी गर्ने असफलतालाई काङ्ग्रेस र एमालेको टाउकोमा समेत थोपरेको पानीमाथिको ओभानो बन्ने प्रयास हो । एमाले र काङ्ग्रेस यसबाट सतर्क हुनुपर्छ । बहुमतको राय नमान्ने अनि अल्पमतको रुचि अनुसार संविधान बन्नुपर्छ भन्ने आश्चर्यजनक बोली र व्यवहार नेपालमा मात्रै देखिदैछ । प्रजातन्त्रमा विरोधको अधिकार हुन्छ । त्यसैले एमाले-काङ्ग्रेसले अब प्रक्रियाबाट नै संविधान जारी गर्नुपर्छ। यसमा चित्त नबुझेको खण्डमा ३० दलीय मोर्चा संविधान पछाडि हुने आम निर्वाचनमा जनतामाझ गएर दुईतिहाई बहुमत हासिल गरेर संविधान संशोधन गर्न सक्ने बाटो प्रयोग गर्न सक्छ। यो नै सही अर्थमा प्रजातान्त्रिक अभ्यास हुनेछ । नेपाली जनता परिपक्व भइसकेकोले यस्तो सौम्य र शान्त बाटो अवलम्बन नगरी उग्र आन्दोलनमा ओर्लेमा यस आन्दोलनले विगतको माओवादी आन्दोलनले जनताको साथ नपाएजस्तै हुनेछ ।

संविधान माघ ८ मा आएर राजनैतिक स्थिरता कायम हुने र भारतसित भएको पिटिएले गर्दा उन्नतिको बाटोमा लाग्न खोजेको अर्थतन्त्रलाई फेरि ओरालो लगाउने कुनै पनि प्रयास सफल हुन दिनुहुँदैन भन्ने कुरा नेपाली जनताले राम्ररी बुझिसकेको हुनुपर्छ । भारतमा देखिएको आर्थिक परिवर्तनको लागि युवाहरूको सोचमा आएको बदलाव पक्कै पनि नेपाली युवाहरूमा पनि छ र उनीहरू यसपालि मिथ्या र सस्तो प्रचारबाजीको पक्षमा लाग्ने छैनन् भन्ने आम जनताले विश्वास लिन सक्छ ।

२०७१ पुस ३० गते बुधवार

सँगसाथको एक दशक

भारतीय महावाणिज्य दूतावास, वीरगंजले चितवन, मकवानपुर, बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा ८ जिल्लामा कार्य क्षेत्र रहने गरी आफ्नो स्थापनाको एक दशक पूरा गरेको छ । तर वास्तवमा यो यसको दोस्रो स्थापना हो । यसभन्दा पूर्व पनि वीरगंजमा भारतीय महावाणिज्य दूतावास मात्रै होइन, एउटा पुस्तकालय पनि थियो जुन पछि आएर विभिन्न राजनैतिक कारणले बन्द भएको हो । यस अवसरमा महावाणिज्य दूतावासले आफ्नो कार्य क्षेत्रमा गरेका परियोजना कार्यान्वयनको विवरण प्रस्तुत गरेको छ । प्रस्तुत विवरणको अध्ययन गर्दा वस्तुतः ८ जिल्लामा ९४ एम्बुलेन्स वितरण गरेर जति प्रशंसनीय कार्य गरेको छ त्यति नै प्रशंसा १७ वटा स्कूल बसको वितरण र ठूलो सङ्ख्यामा छात्रवृत्ति उपलब्ध गराएबापत पाउने काम गरेको छ । मकवानपुरमा व्यावसायिक तालिम केन्द्रको निर्माण र वीरगंज, चितवन र जनकपुरमा समेत थप ३ वटा व्यावसायिक तालिम केन्द्रको प्रस्तावित योजनाले सुनमा सुगन्ध थपेको छ । धेरै स्कूल भवनहरू निर्माणाधीन छन् । यतिविधि सहयोग हुँदाहुँदै पनि खट्किएको केही क्षेत्र छ, जसमा छिमेकी राष्ट्रले सबैभन्दा धेरै ध्यान केन्द्रित गर्नु जरुरी छ ।

उदाहरणस्वरूप वीरगंजमा रहेको नेपाल-भारत सांस्कृतिक केन्द्र अन्तर्गत सञ्चालित पुस्तकालयलाई पुनर्जीवन दिएर अन्तर्राष्ट्रियस्तरको सुविधायुक्त बनाएर यस क्षेत्रको अनुसन्धानकर्ताहरूलाई सहयोगी हुने गरी पुनर्स्थापना गर्नु अत्यन्त आवश्यक छ । दोस्रो अत्यन्त महत्त्वपूर्ण र शिक्षासँग सम्बन्धित क्षेत्र हो नेपाल अधिराज्यको अत्यन्तै पुरानो शैक्षिक संस्था ठाकुर राम बहुमुखी क्याम्पसको स्तरोन्नति एवं रोजगारमूलक क्षेत्रका उच्च शिक्षा सङ्कायको स्थापना एवं सञ्चालनको लागि कमसेकम भौतिक पूर्वाधार निर्माणमा सहयोग गर्नुका साथै वीरगंज विश्वविद्यालयको स्थापना हुने भएमा त्यसमा समेत सहयोगी भूमिका निर्वाह गर्ने ।

त्यसैगरी स्वास्थ्यको क्षेत्रमा समेत पर्सा, बारा, रौतहट एवं सर्लाही जिल्लासम्मलाई सेवा प्रदान गर्दै आइरहेको नारायणी उपक्षेत्रीय अस्पतालमा बढ्दो बिरामीको चाप थेग्न शय्या विस्तार एवं आधुनिक उपचार उपकरण र सेवा विविधीकरणतर्फ पनि सहयोगी हुन सके समग्र क्षेत्रकै लागि भारतीय सहयोगको उच्च मूल्याङ्कन हुन सक्नेछ । तेस्रो र सबैभन्दा महत्त्वपूर्ण क्षेत्र हो यातायात को । नेपाल तराईलाई पूर्वदेखि पश्चिमसम्म जोड्ने गरी निर्माण शुरु गरिएको हुलाकी राजमार्गको निर्माणको गति अत्यन्त सुस्त छ । यस राजमार्गको निर्माण तीव्रताका साथ हुन सकेमा यस क्षेत्रको जनताको आयआर्जन क्षमतामा वृद्धि भई आम नागरिकलाई ठूलो टेवा पुग्ने भएकोले छिमेकी

राष्ट्रका मित्रहरूलाई ससाना आयोजना परियोजनाको मोहबाट मुक्त भई ग्रास रुट लेभलबाट नै आमूल परिवर्तन गर्न सक्ने यस योजनातर्फ बढी ध्यान केन्द्रित गर्नु बढी नेपालको हित गर्नुहुनेछ भन्ने बुझेर सहयोग गर्दा बढी प्रभावकारी एवं मित्रवत् हुनेछजस्तो लाग्छ। यसैगरी वीरगंजको व्यापारिक महत्तालाई अझ बढी सम्बल प्रदान गर्न रक्सौलबाट भारतका मुख्य शहरहरू पुग्न सकिनेगरी हवाइ सेवाको शुरुआत गर्न सकेमा यो कार्य अत्यन्त प्रशंसनीय हुनेछ। यस्तो सेवा रक्सौल हवाई अडडा वा वैकल्पिक रूपमा सिमरा विमानस्थलबाट पनि शुरु गर्न सकिने देखिन्छ।

हुनत मित्रराष्ट्रको महावाणिज्य दूतावासको परियोजना छनोटको आआफ्नै मापदण्ड होला। तर सहयोगी हातहरू अगाडि भएको बेला आआफ्नो साधन र स्रोतले नभ्याउने तर कार्यान्वयन भएमा धेरै प्रतिफल र प्रशंसा दिने परियोजनाहरू छनोट गर्दा सांस्कृतिक एवं मित्रवत् सम्बन्धको गाँठोलाई झन् कसिलो पार्ने भएकोले यसको अपेक्षा गर्नु अप्रासङ्गिक भन्ने पक्कै होइन। २१ औं शताब्दीको उदीयमान शक्तिशाली राष्ट्रसँगको मित्रताले कमसेकम छिमेकीलाई सक्षम त बनाउनु नै पर्छ भन्ने मान्यता मिथ्या होइन। भारत गणतन्त्र दिवस मनाउन आतुर छ, त्यो पनि विश्वका सर्वाधिक शक्तिशाली राष्ट्रपति महामहिम बराक ओबामाको सहभागितामा। वर्तमान मोदी सरकारले आफ्ना कामहरूबाट देशलाई विश्वको मानचित्रमा जहाँ उभ्याउन खोजेको छ त्यहाँबाट पछाडि हेर्दा भग्नावशेषभन्दा सुन्दर फूलबारी हेर्न पाउनु र हेराउन पाउनुमा नै सफलता र सुन्दरताको बोध हुन्छ। अन्त्यमा भारतीय जनता एवं सरकार र महावाणिज्यदूतावास परिवारलाई २६ जनवरीमा भारतको उत्तरोत्तर प्रगतिको शुभेच्छासहितको शुभकामना!

२०७१ माघ ०७ गते बुधवार

भारतको गणतन्त्र दिवस र नेपालको संविधान

मित्रराष्ट्र भारतले आफ्नो ६६ औं गणतन्त्र दिवस अत्यन्त धुमधामसँग मनाएको समाचार हामी सबैले देख्यौं, सुन्यौं । भारतले यो कार्यक्रम प्रत्येक वर्ष मनाउँदै आएको हो तर यस वर्ष यस दिवसको दुईवटा प्रमुख विशेषता रह्यो । पहिलो यस समारोहको प्रमुख अतिथि अमेरिकी राष्ट्रपति बराक हुसैन ओबामा रहनुभयो र दोस्रो गणतन्त्र दिवसको परेडमा र सम्मान कार्यक्रमको नेतृत्व महिला सेनाबाट गरियो ।

पहिलो विशेषताको चर्चा गर्दा भारतमा गोधरा काण्डपछि अमेरिकाले त्यस बेलाका गुजरातका मुख्यमन्त्री नरेन्द्र दामोदर दास मोदीलाई भिसा दिन अस्वीकार गरेको थियो । त्यही मोदीले भारतीय जनता पार्टीको नेतृत्व लिँदै गत वर्षको भारतको चुनावमा बहुमत प्राप्त गरेर भारतको प्रधानमन्त्री भएपछि सधैं पाकिस्तानको पक्षमा रहने अमेरिकाले उहाँलाई आफ्नो देशको भ्रमण गर्ने निम्तो मात्रै दिनुभएन अत्यन्त उच्चकोटीको स्वागत र सम्मान प्रकट गर्नुभयो । यसबाट अभिभूत हुँदै भारतीय प्रमले अमेरिकी राष्ट्रपतिलाई गणतन्त्र दिवसको प्रमुख अतिथिको रूपमा निमन्त्रित गर्नुभयो । यत्रो परिवर्तन के भावनात्मक मात्र थियो ? राष्ट्रपति ओबामाका सहयोगी वेन रोड्स भन्नुहुन्छ– "भारतीय प्रमको निमन्त्रणले हामीलाई आश्चर्यचकित तुल्यायो । तर निमन्त्रणाको महत्त्वलाई बुझेर राष्ट्रपति ओबामाले यसलाई स्वीकार गर्नुभयो । अमेरिकी र भारतीय जनताबीच अत्यन्त सुमधुर सम्बन्ध छ तर राजनैतिकस्तरको सम्बन्धको इतिहास भने त्यति सुमधुर छैन । त्यस कारण यो निमन्त्रण अपेक्षित थिएन, तर राष्ट्रपतिले दुवै देशबीचको सम्बन्धलाई परिवर्तन गर्न सक्ने सङ्क्रमणको अवसरको रूपमा प्रयोग गर्ने चुनौती स्वीकार गर्नुभयो । यसको पछाडि पूर्व अमेरिकी राष्ट्रपति क्लिन्टनले ल्याएको विदेश नीतिको सोच पनि सान्दर्भिक छ । भारत पूर्वतर्फ सम्बन्ध विस्तार गर्ने सोचमा छ भने अमेरिका एसिया र प्रशान्तमा आफ्नो सम्बन्ध सन्तुलित बनाउन इच्छुक छ । त्यसैले आआफ्नो राष्ट्रियतालाई सर्वोपरि राखी दुवै देशका नेताहरूले आजको सम्बन्धलाई अगाडि बढाएका हुन् ।"

माथिल्लो चर्चालाई अब नेपालको दोस्रो संविधानसभाको सफलता–असफलताको सन्दर्भमा विचार गरौं । देशको आर्थिक अवस्था राजनैतिक अस्थिरताले जर्जर हुँदै गएको, त्यसैलाई अवसरको रूपमा प्रयोग गरेर प्रायः सबै तहकाले आम जनताको शोषण गरेको गर्‍यै छन् । संविधान माघ ८ गते आउने र त्यसपछि राजनैतिक स्थिरता कायम हुने अपेक्षाले जलविद्युत् एवं औद्योगिक क्षेत्रमा अपेक्षा गरिएभन्दा बढी लगानी

आउने सङ्केत मिल्न थालिसकेको थियो । भारतकै रिलायन्स, टाटा, बजाज समूहले नेपालमा सिमेन्ट र मिनी ट्रक एवं मोटरसाइकल बनाउने उद्योग स्थापनाको प्रस्ताव दिइसकेका थिए । त्यस्तै थुप्रै जलविद्युत् योजनाहरूमा लगानी हुने कुरा अगाडि बढिसकेको थियो तर माघ ८ मा संविधान आएन । किनभने सहमति भएन । सहमति किन भएन भन्दा शासकीय स्वरूप, संवैधानिक अदालत, निर्वाचन प्रणालीजस्ता महत्त्वपूर्ण मुद्दामा समझदारी बनिसके पनि प्रदेशको सङ्ख्या र पहिचानसहितको नाम राख्ने विषयमा कुरा मिलेन र बैठक भङ्ग भयो । ८ गतेको समय बितिसकेपछि संसद्मा जे भयो त्यो अनपेक्षित थियो र त्यसपश्चात् प्रक्रियाबाट संविधान बनाउने नाममा राष्ट्रिय हित नै नहेर्नेगरी विरोध आन्दोलन सञ्चालन गर्नु कति उचित, कति अनुचित कसले विचार गर्ने ? देश हाँक्ने र एक वर्षभित्र सहमतिबाट नभए प्रक्रियाबाटै भए पनि संविधान बनाउने भीष्म प्रतिज्ञा गर्ने दलहरू नै आज प्रक्रियाबाट संविधान बनाउने भनेपछि विरोधमा ओर्लेका छन् । के यो राष्ट्रिय हितमा छ ? हाम्रा नेताहरू चाहे पक्षका वा विपक्षका हुन्, धेरैजसो प्रधानमन्त्री हुने आकाङ्क्षा राख्दछन् तर मोदी र ओबामाजस्तो प्रतिकूल राजनैतिक अवस्थालाई राष्ट्रिय हितमा प्रयोग गर्ने क्षमता किन देखाउन सक्दैनन् ? सक्दैनन् भने यिनीहरूले राजनीति गर्नुको औचित्य के ? आमूल परिवर्तन गर्ने नाममा २०५२ सालदेखि आज १९ वर्षसम्म देशलाई राजनैतिक अस्थिरतामा राखेर कङ्गाल बनाउने राजनैतिक दलका अगुवाहरूलाई 'नेता' कसरी भन्ने ? नेता भनेकै आफ्नो बोली-व्यवहारबाट अरूलाई प्रभावित पार्न सक्ने हो । यहाँ त पक्ष वा विपक्ष कसैले कसैलाई प्रभावित गर्न सकेन वा भनौ पक्षले दुईतिहाइको अड्डान लिएर जाने मानसिकता लिएको हो भने विपक्षले प्रजातान्त्रिक प्रक्रियाबाट बहुमत ल्याएर संशोधन गरेर आफ्नो बहुमतको सरकार आएपछि समय पर्खिने अवश्यमेव धैर्यता पनि प्रदर्शन गर्नु नसक्नु हाम्रै दुर्भाग्य हो । सहमति र प्रक्रिया जसरी भए पनि संविधान समयमा नआएर हाम्रो उन्नति र प्रगतिमा नेताहरू नै बाधक बनेका हुन् भन्नुमा अतिशयोक्ति नहोला ।

२०७१ माघ १४ गते बुधवार

सर्वसम्मत संविधानः मृगतृष्णा

देश अहिले किंकर्तव्यविमुढ अवस्थामा छ। माघ ८ को असफलताले हाम्रो विचार र नैतिकताविहीन स्वार्थी नेताहरूले फेरि एकपल्ट शान्ति प्रक्रियालाई गन्तव्यमा पुऱ्याउने र नयाँ संविधान पाउने नेपाली जनताको आशामाथि कुठाराघात गरेका छन्। यस असफलताले देशलाई नयाँ नेपाल निर्माण गर्ने मार्गमा हिंडाउनुको सट्टा अतिवादीहरूको जालोमा फस्दै गएको अनुभूति हुन थालेको छ। यसैले होला अहिले देशमा कसैले सङ्घीयताले देश टुक्राउने कुरा उठाएका छन् भने अर्कोथरिले फेरि हिन्दू राष्ट्रवादको कुरा गर्न भ्याएका छन्। अहिले विरोधी आन्दोलनको नेतृत्वमा माओवादी र मधेसवादी दलहरूको हालीमुहाली छ। यसमा कम्युनिस्ट दर्शनले वर्ग सङ्घर्ष, कार्य विभाजन र मास प्रोडक्सनको कुरा गरेको इतिहासलाई आजको सन्दर्भमा हेर्दा कम्युनिज्म ओंठे सेवामा सीमित भएको देख्न सकिन्छ। यही असफलतालाई लुकाउन माओवादीहरू पटक-पटक क्रमभङ्ग गर्ने गर्छन्। यो क्रमभङ्ग वास्तवमा हार्न थालेपछि केही बेर सुस्ताएर शक्ति सञ्चय गरी पुनः सङ्घर्ष गर्ने रणनीति हो, जुन लेनिनको पालोदेखि नै चलिआएको छ। माओवादीहरू अहिले यही खेल खेल्दैछन्। विरोधी आन्दोलनको दोस्रो अंशियार मधेसवादी दलहरू हुन्। मधेसवादी दलहरूको माग समग्र मधेस एक प्रदेश नै हो भने रणनीतिकरूपमा यसको विश्लेषण गर्दा अत्यन्त भयावह पक्षहरू अगाडि आउँछ। तराईमा नेपालको करिब ६० प्रतिशत जनताको बसोवास छ र बाँकी ४० प्रतिशत पहाडका जनतालाई १० प्रतिशतको दरले ४ वटा राज्यमा र बाँकी ६० प्रतिशतलाई एउटै प्रदेश वा राज्यमा राख्न कति तार्किक हुन्छ ? दोस्रो कुरा, भोलि केन्द्रविरुद्ध मधेसले आन्दोलन शुरु गऱ्यो भने आवश्यक वस्तुको आपूर्ति बन्द गरेर मधेसको प्रादेशिक सरकारले केन्द्रलाई मन लागेको गराउन बाध्य पार्न सक्नेछ। नेपालको संरचना आजको ठीकविपरीत अर्थात् उल्टो भएर केन्द्रमा मधेसी सरकार भएको भए यो अवस्था उसलाई मान्य हुने थियो ? मधेसवादी दलको माग सङ्घीयता नै हो भने संयुक्त राष्ट्र सङ्घको जल, जङ्गल र जमिनमा सबैको समान हक कायम हुने गरी प्रदेश निर्माणको सङ्ख्यामा सहमति गर्न कहाँ अप्ठेरो परेको छ, बुझ्न नसकिने भएको छ।

सङ्घीयता भनेको सरल भाषामा सामान्य जन (आम आदमी)लाई शक्तिशाली बनाउने हो। नेपाल बहुजातीय, बहुभाषिक प्रदेश भएको हुनाले देशको कुनै एक भूभागमा कुनै एक मात्र जातिको बाहुल्य पनि नभएको अवस्थामा जातीय पहिचानको माओवादी मुद्दालाई मधेसवादीले समर्थन गर्नु र आफूलाई घोर राष्ट्रवादी भन्ने माओवादीहरूले समग्र मधेस एक प्रदेशको माग गर्ने समूहलाई सघाउनु आश्चर्यजनक एवं रहस्यमय बन्न

पुगेको छ । जहाँसम्म विरोधको कुरा सहमतिमैं संविधान आए पनि सिके राउत समूहले यसलाई जलाउने भनी नै सकेपछि सर्वसम्मति हुने वा माओवादी (वैद्य) समूहले विरोध नगर्ने त पक्कै नहोला । जनविरोध भइहाल्छ भने प्रजातन्त्रमा यसलाई स्वाभाविक नै मान्नुपर्छ । सरकार बनाउनेसँग बहुमत हुन्छ र उसले शासन गर्दछ, प्रतिपक्षले स्वस्थ आलोचना गरेर सरकारलाई संयमित बनाउनुपर्ने हुन्छ र गणितको साथ दिए आफू बहुमतको सरकार बनाएर आफ्नो सिद्धान्त अनुसारको विधि व्यवस्था लागू गर्नु नै प्रजातन्त्र हो । तर अहिले नेपालमा न बहुमतमा आएको सरकारले नै आफूले पाएको जनादेश अनुसार संविधान निर्माणको काम गर्न सकिरहेको छ न विपक्षीहरू नै जनादेश मान्ने पक्षमा छन् । यस्तो अवस्थालाई राजनैतिक छाडापन मात्रै भन्न सकिन्छ । गरिब देशको करोडौं जनताले भोको नाङ्गो बसेर तिरेको करको पैसाले दुईपटकसम्म संविधानसभा निर्वाचन भएर ६-७ वर्षको कार्यकाल बितिसक्दा पनि संविधान बनाउन नसक्नुले नै जनताले चुनेर पठाएको विपक्षी दल र सत्ताधारी दुवै जनादेशको अवज्ञा गरिरहेको स्थिति छ । सूक्ष्म विश्लेषण गर्दा विपक्षीहरू विरोधका कारण जनतामा जाने स्थिति नभएकोले बहुमतधारी दलहरूलाई पनि असफल बनाएर आफूजस्तै बनाउन चाहन्छन् जसले गर्दा तेस्रो संविधानसभा वा संसदीय चुनावमध्ये जुनसुकै भए पनि काङ्ग्रेस र एमाले, माओवादी र मधेसवादी दलको स्तरमा झरून् र सबैको मिलीजुली सरकार बनोस् जसमा उनीहरूले चाहेजस्तो संविधान बन्न सकोस् । यही नै उनीहरूको क्रमभङ्गको रणनीतिक रहस्य हो ।

गत शनिवार माओवादीले आफ्नो शक्ति प्रदर्शन गरिसकेकोले उसले अब फेरि संसद्को बहुमतीय प्रक्रिया खारेज गरी संवाद समितिमार्फत् फेरि वार्ता शुरु गर्ने कुरा उठाउने छ । फेरि बैठक बस्ने र असहमति भयो भन्दै सहमतिको लागि पुनः बस्ने क्रम शुरु हुनेछ ।

नेपाली जनता अहिले आफूले दिएको जनादेश अनुसार संविधान बनेर देशको आर्थिक उन्नति भएको देख्न चाहन्छ, देशमा बत्ती बलेको देख्न चाहन्छ । देशमा उद्योगधन्दा, व्यापार र कृषि कर्म बढेको देख्न चाहन्छ । अर्को शब्दमा जनता गतिशीलता खोजिरहेको छ । ६-६ वर्षको अनिर्णयपछि पनि अहिले काङ्ग्रेस र एमालेका नेताहरूले जनइच्छा अनुसार नचल्ने हो भने आगामी निर्वाचन चाहे त्यो तेस्रो संविधानसभाको लागि होस् वा संसदीय अथवा स्थानीय निकायको होस, विगत निर्वाचनमा माओवादी एवं मधेसवादी दलहरूले भोगेको नियति नै काङ्ग्रेस र एमालेले बेहोर्नुपर्नेछ ।

२०७१ फागुन २० गते बुधवार

सन्दर्भ : अन्तर्राष्ट्रिय महिला दिवस

१०५ औं अन्तर्राष्ट्रिय महिला दिवस विश्वभर धुमधामका साथ मनाइएका समाचारहरू प्राप्त भएको छ । महिला सशक्तीकरण गर्ने कुरामा मूर्खहरूले मात्र विमति जनाउन सक्छन् । अत्यन्तै अनुदारवादी सोच भनिने कम्युनिस्ट विचारधाराको नेतृत्व गर्ने माओत्से तुङले पनि महिलाहरूलाई better half of the world भनेको तथ्य आफैंमा कम महत्त्वपूर्ण छैन । तर वास्तविकता के छ भने यस्तो महान् विचारलाई हामीले आत्मसात गर्न सकेका छैनौं । भनिन्छ ईश्वरले आफू सधैं सबै ठाउँमा पुग्न नसक्ने भएकाले नारीको आमा स्वरूपको रचना गरेका हुन् । तर यस कुरालाई मात्र सस्तो लोकप्रियता पाउनबाहेक बहुजनले वास्तविक अर्थमा प्रयोग गरेको पाइँदैन ।

संसारको कुरा छाडी नेपालकै कुरा गर्दा पनि अहिले नेपालबाट विदेशमा महिलाहरूलाई लगेर बेच्ने र अनैतिक कर्ममा लगाउने काम चलिरहेकै छ । नेपालमैं अनपढको त कुरा छाडौं, पढेलेखेका र सचिवस्तरसम्म पुगिसकेका महिला कर्मचारीहरूले पनि यौनजन्य दुर्व्यवहार भोग्नुपरेको तथ्य केही दिन अघि मात्रै छापाहरूबाट सार्वजनिक भएको हो । यस्तै दुर्व्यवहारको पीडा खेप्न नसकेर काठमाडौंमा महिला बस चलाउनुपर्ने बाध्यता आइपरेको हुनुपर्दछ । आखिर महिला सशक्तीकरण कसरी हुन सक्छ ? भनिन्छ गणतान्त्रिक नेपालमा सङ्घीयताबाट आम नेपालीको सशक्तीकरण हुन्छ । कसरी हुन्छ, त्यो भने अमूर्त छ । तर महिलाहरूको कुरा गर्दा सबैभन्दा पहिले महिलाहरूलाई पैत्रिक सम्पत्तिमा अधिकार दिने कानुन बनाउनु आवश्यक छ । यो कानुन बन्ने बित्तिकै सबै महिलाको पक्कै सशक्तीकरण हुने छैन तर मध्यमवर्गीय परिवारसम्मका महिलाहरूले पक्कै एक हदसम्म राहतको साँस फेर्न पाउनेछन् । दोस्रो सरकारले ३३ प्रतिशतको हक व्यवहारमा उपलब्ध गराउन सक्नुपर्‍यो र त्यसैगरी नागरिकताको सम्बन्धमा पनि । समान कानुन, ज्याला सम्बन्धमा पनि समान व्यवहार दिने व्यवस्था कार्यान्वयन गर्न सक्नुपर्दछ । व्यवहारमा हेर्दा गङ्गामायाको 'छाती चिरेर देखाउन सक्दिनँ' भन्ने चित्कार र जाजरकोटको जिल्ला अस्पतालमा ३० प्रतिशत जलेकी महिला आर्थिक अभावले नेपालगंज जान नसकेको अवस्था एक-दुई घटना भए पनि वास्तविकता उजागर गर्न पर्याप्त छ । देशभरिमा उपकार-परोपकार गर्ने सयौं सङ्घ-संस्थाहरू चाहे पुरुषले चलाएका हुन् चाहे महिलाले, कुनै पनि महिला यस्तो आपत्विपत्मा पर्दा अगाडि सरको देखिँदैन । यी सबै प्रकारका घटनाको सूक्ष्म विश्लेषण गर्दा यसको पछाडि आर्थिक कारण नै मुख्य देखिन आउँछ । आर्थिक कारण किन अगाडि आउँछ भनेर विश्लेषण गर्दा २०५४ सालमा माओवादी जनान्दोलनबाट शुरु भएको राजनीतिक अस्थिरता २०५८ वैशाख २०६२ हुँदै २०७२ टेक्न लाग्दासमेत आउन सकेको छैन । देशमा गणतन्त्र स्थापना भए पनि र भोलि बन्ने नेपालको संविधानको प्रस्तावनामा यो देशको सार्वभौमसत्ता

जनतामा निहित रहनेछ भनेर लेखिए पनि आम जनता हिजोजस्तै आज र भोलि पनि शोषित र पीडित नै रहने अवश्यम्भावी छ । कथम्कदाचित नेपालको दिन फिरेर संविधान बन्यो र राजनीतिक स्थिरता स्थापित भयो भने पक्कै पनि लगानी बढ्ने, विकासको गति तीव्र हुने भई आर्थिक विषमता घट्ने र सामाजिक बात-व्यवहारमा सुधारको अपेक्षा गर्न सकिन्छ । वस्तुतः आर्थिक प्रगति नहुने हो भने महिला सशक्तीकरणको जतिसुकै सुगारटाइ गरे पनि हाम्रो सोच-व्यवहार आर्थिक परिबन्दले प्रभावित हुने भएकोले भइरहेको भन्दा फरक पर्ने अवस्था देखिंदैन । तात्कालिकरूपमा सरकारले शिक्षा क्षेत्रमा एउटा महत्त्वपूर्ण कार्य गर्न सक्दछ, कक्षा ८ भन्दा माथि अध्ययन गर्ने बालिकाहरूका लागि उच्च शिक्षासम्म छात्रवृत्ति प्रदान गर्ने । सरकारले यो खर्च धान्न सक्ने-नसक्ने कुरा उठ्न सक्छ तर अहिले महिला शिक्षा तथा अन्य विभिन्न शीर्षकमा गरेको खर्चभन्दा यो पक्कै बढी हुने छैन । त्यसैगरी स्वास्थ्यको क्षेत्रमा बिमाको व्यवस्था लाभकारी हुन सक्दछ ।

वस्तुनिष्ठ र यथार्थपरक पाइला नचालेर, महिलाहरूलाई अर्थिकरूपमा सशक्त नबनाउने हो भने 'दिवस'को सुगारटाइ मात्रले स्थितिमा केही परिवर्तन हुने देखिएको छैन। सारा संसारले 'दिवस'मा better half of the woarld लाई शुभकामना दिइरहेकोले म मात्रै यसबाट अलग रहन सक्दिनँ । त्यसैले अन्तर्राष्ट्रिय महिला दिवसको उपलक्ष्यमा सबै महिलामा आर्थिक उन्नति, सुस्वास्थ्य तथा सुखद भविष्यको मङ्गलमय कामना व्यक्त गर्दछु ।

२०७१ फागुन २७ गते बुधवार

तराई कि मधेसः कलैया कि सिमरा

बुधवार फागुन २७ गतेको कान्तिपुर दैनिकको विविधा शीर्षकको पृष्ठ ७ मा दुईवटा लेखहरूले मेरो ध्यानाकर्षित गऱ्यो। पहिलो श्री मणिराज नेपालको तराई कि मधेस ? र दोस्रो भानु बोखिमको 'बहुल हुनबाट वञ्चित मधेस'। तराई कि मधेस मा नेपाल मधेसको आधार खोज्दै हुनुहुन्छ– "मधेस मध्यदेशको सङ्क्षिप्त रूप हो । प्रज्ञा प्रतिष्ठानको सङ्क्षिप्त शब्दकोष अनुसार उत्तरमा हिमाञ्चल पहाड, दक्षिणमा विन्ध्याञ्चल पहाड, पूर्वमा कुरुक्षेत्र र पश्चिममा प्रयाग रहेको प्रदेशको पुरानो नाम मध्यदेश हो । डा. बिएन तिवारी र महेन्द्र चतुर्वेदीद्वारा सम्पादित हिन्दी, अङ्ग्रेजी शब्दकोष अनुसार मध्यदेश भन्नाले विन्ध्याञ्चल, कुरुक्षेत्र र इलाहाबादको बीचमा पर्ने मध्य क्षेत्रको प्राचीन नाम हो । भारतको स्वतन्त्रता आन्दोलनपछि राष्ट्रिय संरचनामा भएको हेरफेरबाट तत्कालीन मध्यदेश हालको राजस्थान, बङ्गाल, बिहार, उत्तरप्रदेश, दिल्ली, पञ्जाब, हरियाणा आदि राज्यहरूमा रूपान्तरण भए । माथिको उदाहरणले मधेस भनेको चारैतिर पहाडले घेरिएको बीचको भाग भन्ने बुझिन्छ । तर नेपालको दक्षिणी भाग, पहाडबाट नघेरिएको समथर मैदानी इलाका कसरी मधेस कहलियो ? भन्दै उहाँले ठाउँ पनि वाद हुन्छ भनी प्रश्न उठाउँदै हाल मधेस भनिएको क्षेत्रलाई तराई भन्नुपर्ने आशय प्रकट गर्नुभएको छ ।

सबैभन्दा पहिले त यही शङ्का निवारण गर्नुपर्ने अवस्था छ । श्री नेपालले भन्नुभए अनुसार मधेसको परिभाषा ठीक छ । तर उहाँले बिर्सिनुभएको कुरा के हो भने पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दा हाल भारतको गङ्गा वारी पर्ने बिहार र उत्तरप्रदेशको क्षेत्रहरू नेपालमैं थिए र सुगौली सन्धिपश्चात् मात्रै हालको सिमाना कायम हुन आएकोले मधेस ठम्याउन नेपालको दक्षिणी भागमा पहाड खोज्नुको कुनै औचित्य छैन । नेपालको दक्षिणामा हालको बिहार, बङ्गाल र उत्तरप्रदेशसँग सीमा जोडिएको नेपालको समथर मैदान नै प्राचीन मध्यदेशको अंश हो र त्यसैले यो मधेस पनि हो तराई पनि हो । जहाँसम्म शब्द प्रयोगको अर्थ छ त्यसको उत्पत्ति उहाँहरूले नेपाल ठान्ने काठमाडौंबाट नै भएको हो। काठमाडौंका बासिन्दाले तराईका मान्छेहरूलाई काठमाडौंमा 'मर्स्या' भनेर सम्बोधन गर्ने गरेको उहाँलाई सम्झना हुनुपर्ने हो । प्रश्नको उत्तर पनि उहाँबाट नै आउनुपर्ने हो । तराईवासीलाई 'मर्स्या' किन भन्या ?

दोस्रो लेख भानु बोखिमको छ । जनकपुर प्रदेशको सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र पर्साको ४८ निर्वाचन क्षेत्र रहेको यो प्रदेशको जनसङ्ख्या ५४ लाख रहेको र यसमध्ये ७४ प्रतिशत मधेसी रहेको उल्लेख छ । उता नेपालले आफ्नो लेखमा २०६८ को जनगणना कोट्याउँदै तराईमा मधेसी ४० प्रतिशत, पहाडी ३५ प्रतिशत, आदिवासी, थारू र जनजाति १५ प्रतिशत र मुसलमान ९ प्रतिशत रहेको

उल्लेख गर्नुभएको छ । दुवैको तथ्याङ्क सही नै मान्नुपर्दछ तर यहाँ प्रश्न के उठ्छ भने बोखिमको मधेस र नेपालको तराई कहाँ छ ? दुवै नेपाल भित्रै छ भने तराई भने पनि मधेस भने पनि विवाद गर्नुपर्ने कुरा छैन । त्यसो भए विवाद किन त ?

विवादको इतिहास लामो छ । तर पनि हामीले धमिलो पानीमा माछा मार्नेहरूलाई निस्तेज गर्न केही तीतो सत्य बुझ्नु नै पर्नेछ । राजा महेन्द्रले मधेसका जिल्ला सदरमुकामलाई जोड्ने हुलाकी राजमार्ग राणाकालदेखि नै रहेको भए पनि त्यसको उपेक्षा गरेर नेपालको वातावरणीय सन्तुलन बिग्रिने गरी ४ कोसे झाडीलाई लम्बरूपमा चिरेर तराई/मधेसमा पहाडका बासिन्दालाई बसाइँ सर्ने वातावरण मिलाएर मधेसको पहाडीकरण अभियान शुरु गरेका हुन् । तानाशाह भनिने राणाहरूले बनाएको हुलाकी सडक नबनाएर महेन्द्रले जे गरे गरे– काङ्ग्रेस र एमालेले के गर्न खोजेको हो ? बुझि नसक्नु भएको छ । यही नै हो विवादको जड । नेपालले दिनुभएको २०६८ को जनगणनाबाटै तराईको ८ जिल्लामा गरिबी २०५८ सालमा १९ प्रतिशत रहेकोमा अहिले २४ प्रतिशत पुगेको छ । यो दुर्भाग्य नै मधेसवाद हो भन्ने कुरा हामीले बुझ्नु जरुरी छ ।

अहिले पनि कलैया र सिमराको द्वन्द्वलाई यही धरातलमा हेर्नुपर्ने हुन्छ । सिम्रौनगढ, कलैया, बरियारपुर, नेपालको ऐतिहासिक क्षेत्र हुन् भने सिमरा आधुनिक शहर । सिमराको विकास कसैले चाहे पनि नचाहे पनि राजमार्गमा पर्ने भएकोले हुन्छ नै र भइ पनि रहेको छ । सिमरौनगढ, बरियारपुर, कलैयाको भौतिक अवस्था हिजो जहाँ थियो, त्यहाँबाट एक पाइला पनि अगाडि सर्न सकेको छैन । यही नै द्वन्द्वको कारण हो । सिमरा वरिपरिको ६०/६५ हजार जनताको लागि मालपोतको सेवा केन्द्र खोल्ने सरकारले कलैया वरिपरिका ५/६ लाख जनताको लागि कार्यालय र आन्तरिक राजस्वको सेवा केन्द्र खोल्ने निर्णय गर्न नसक्नु पछाडिको रहस्य नै मधेसवाद हो । २०५१ सालमा कलैयाको आन्तरिक राजस्व कार्यालयको सेवा केन्द्र सिमरा लाने नाममा पूरा कार्यालय नै सिमरामा सारेको घटनाले रोपेको शङ्काको बीउ, पछि जिल्ला वन कार्यालय सिमरा लगिएबाट झन् विभेद पुष्ट भयो र अहिले मालपोतको सेवा केन्द्र सार्ने निर्णयले विग्रहको रूप लियो । नेपाल सरकारले २१ वटा कार्यालय देशभर सञ्चालन गर्ने निर्णय गरेको तथ्य मालपोत कार्यालय सिमरा स्थापना सरोकार समितिका सदस्य श्री कृष्ण पौडेलले २७ गते बुधवारको प्रतीक दैनिकमा –सिमरा आन्दोलनको बाध्यता र बहुआयामिक सन्देशमा उल्लेख गर्नुभएको छ । तर यहाँनेर के स्पष्ट भएन भने मूल कार्यालय कलैयामा रहने गरी सेवा केन्द्र सिमरामा थप हुने हो वा मुख्य कार्यालय सिमरामा स्थानान्तरण भई कलैयामा सेवा केन्द्र मात्र रहने हो ? सन्देश नरो वा कुञ्जरो अस्वथामा हतोहतः को शैलीको सन्देश प्रायोजित गरिएकोले नै यो विग्रह उत्पन्न भएको हो । कलैयामा आन्दोलन भएर जनताले कष्ट पाउनु नस्वाभाविक थियो न सिमरामा आन्दोलन भएर जनताले कष्ट पाउनु स्वाभाविक थियो । यी दुवै आन्दोलनहरू मानवीय समवेदनाबाट उत्पन्न भएकाले कलैयाकै शृङ्खलाबद्ध हत्याक्रममा

७ वर्षीया अबोध बालिकाको नृशंस बलात्कार पछिको मृत्युमा कलैया मात्रै होइन, सिमरा पनि र सिमरा मात्र होइन, सारा देशका कानुनकर्मी, न्यायकर्मी, मानव अधिकारकर्मी यसको विरोधमा खडा भएर कलैयावासीप्रति ऐक्यबद्धता प्रकट गरेबाट पनि हामीमा मानवीय समवेदना समाप्त भएको छैन बुझ्न सकिन्छ ।

यही संवेदनाशीलता सेवा कार्यालय वा केन्द्र खडा गर्दासमेत देखिएको भए कलैया वा सिमराको सट्टा कलैया र सिमरा भन्न सकिन्थ्यो । त्यसैगरी राष्ट्रियस्तरमा समेत तराई वा मधेस भन्न सकेर मधेसवाद कहाँबाट आयो भन्ने प्रश्न उठ्ने थिएन । यस्तो प्रश्नले बाहुनवाद, नेवारवादलगायत अन्य थुप्रै वादहरू कहाँबाट आए भन्ने प्रश्न खडा हुन सक्छ जसले विखण्डनको राजनीतिलाई जन्म दिन्छ । अल्पसङ्ख्यक शोषित र पीडितको एउटा मानसिकता हुन्छ, एकजुट भएर आवाज उठाइयो भने त्यसको सम्बोधन हुन्छ । अन्यथा सङ्गठित भएर विरोध वा विद्रोह हुन्छ । समयमै यस्तो आवाजको सुनवाइ हुन सक्यो भने कुनै वाद जन्मिंदैन ।

२०७१ चैत ०४ गते बुधवार

ती अभिभावकलाई सम्झँदा

चैत ७ गतेलाई सबै नेपालीले चारपटकका प्रधानमन्त्री स्व. गिरिजाप्रसाद कोइरालालाई सम्झिरहेका थिए । २०४६ सालको आन्दोलनपछि असाध्यै अनुदार छवि भएका मान्छेको रूपमा परिचित गिरिजाबाबू २०६२ सम्म पुग्दा नपुग्दै नेपाली राजनीतिको अभिभावक बन्न पुग्नुभयो । २०४६ सालको जनान्दोलनपश्चात् सन्ततेता स्व. कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रीकालमा गृहमन्त्री रहनुभएका कोइरालाले २०४६ को संविधान निर्माणपश्चात् नेपाली काङ्ग्रेसको राजनीतिमा आफ्नो प्रभाव बढाउन जेजस्तो कदमहरू चाल्नुभयो, त्यसको फलस्वरूप नै नेपाली राजनीतिमा अस्थिरताको बीजारोपण भएको थियो भन्दा अन्यथा नहोला । तर त्यसै अवधिमा नेपालमा द्रुत आर्थिक विकास पनि भयो, जसले गर्दा २०५२ सालसम्मको अवधिलाई नेपालको सुनौलो आर्थिक कालखण्ड पनि मानिन्छ ।

राजनीतिकरूपमा संस्थापक नेताहरूलाई किनारा लगाएर पार्टी विभाजनको दोषीसमेत बन्नुभएका कोइरालाको प्रतिस्पर्धी बन्न सक्नेलाई किनारा लगाउने स्वभावको रूपमा नेकाकै नेता रामचन्द्र पौडेलले पनि स्वीकार गर्नुभएको छ । दलभित्र र बाहिरको अस्थिरता र चर्कदो माओवादी युद्ध चलिरहेको बेला दरबार हत्याकाण्ड भयो । दरबार हत्याकाण्डको दौरान प्रायःजसो बुद्धिजीवी भनाउँदा हामीजस्ता सबैले कडा कारबाई गर्न नसकेको ज्ञानेन्द्रसँग मिलेको भनेर अपमानित कोइरालाको त्यस बखतको भूमिका क्रमशः सार्वजनिक हुँदै गएपछि उनीप्रतिको आक्रोश शिथिल हुनुका साथै विश्वाससमेत बढ्दै गएको हुनुपर्दछ । वस्तुतः दरबारको त्यो दिनको रात्रिभोजमा युवराज दीपेन्द्रले गिरिजाबाबूलाई पनि बोलाएको तथ्य उजागर भएपछि उहाँले दरबारको ग्रान्ड डिजाइन केलाई भन्नुभएको रहेछ भन्ने तथ्य सबैको सामु छर्लङ्ग भएको हो ।

त्यो रात्रिभोजमा सरिक भएको भए त्यही दिन उहाँको पनि हत्या गर्ने सुनिश्चित योजना थियो । यस कुराको पुष्टि उहाँलाई सेनाले सैनिक अस्पतालमा एउटै कोठामा कसैसँग सम्पर्क गर्न नदिएर अत्यन्त अमर्यादित व्यवहार गरेको र शवयात्राको बेला उहाँमाथि साङ्घातिक आक्रमण भएको ७ गतेको कान्तिपुर दैनिकमा 'कोइरालाका ती दुई दिन' शीर्षकमा प्रकाशित जगत नेपालको लेखबाट नै स्पष्ट हुन्छ । राजारानीको शवयात्रा स्वयम्भूनजिक पुगेपछि 'हत्यारा ज्ञाने–पारसलाई फाँसी दे', 'गिरिजा चोर देश छोड' भन्ने चर्को नाराबाजीबीच प्रधानमन्त्रीलाई अश्लील शब्दसमेत सुन्नुपरेको र प्रधानमन्त्रीको गाडीमाथि फालिएको एउटा ४/५ किलोको ढुङ्गाले गाडीको छाना क्षतिग्रस्त भएपछि चालक र अङ्गरक्षकले भगवान्को नाम लिँदै कोइरालालाई हेलमेट लगाइसकेपछि पनि गाडीको झ्यालको सिसा फुटाली लठ्ठीले प्रधानमन्त्रीलाई घोच्नसमेत थालेपछि सुरक्षाकर्मीहरूले पेस्तोल तेर्स्याएर हवाई फायर गरी विष्णुमती पुलबाट प्रधानमन्त्रीलाई सुरक्षित प्रधानमन्त्री निवास पुऱ्याएको घटना र त्यस विधिको असुरक्षाको परवाह नगरी पुनः अन्तिम संस्कारमा जाने अठोट गरी आर्यघाट पुग्नुले स्व. गिरिजाबाबूले कसरी आफ्नो अभिभावकत्व निर्वाह गर्नुभयो भनी बुझ्न पर्याप्त छ ।

दरबारकाण्डपछि ज्ञानेन्द्र राजा भए र संसद् विघटन भयो । नेपाली काङ्ग्रेसबाट

देउवा प्रधानमन्त्री भए र फेरि हटाइए । त्यसपछि ज्ञानेन्द्रले सक्रिय शासन शुरू गरे । यसपछि त्यति बेलासम्म राजनीतिकरूपमा खलनायक चित्रित कोइराला निर्विकल्प नेता बन्न थाले । तर शाहीशासनको उमङ्ग र संसदीय दलप्रति जनताको वितृष्णाले आन्दोलनले गति लिन सकिरहेको थिएन । यसै बेला गिरिजाबाबूसमक्ष समग्र देशको विकास र शान्तिको लागि तीनवटा विकल्प मात्र थिए । राजासँग काङ्ग्रेस मिल्दा माओवादी समस्याको समाधान नहुने, राजा र माओवादी मिल्दा प्रजातन्त्र समाप्त हुने देखेर उहाँले काङ्ग्रेसलाई माओवादीसँग मिलाएर लैजाने बाटो समात्नुभयो । यसमा एमालेले पनि साथ दिएकोले आन्दोलनले नयाँ गति लियो र सबैले उहाँको प्रतिनिधिसभा पुनर्स्थापनाको मागलाई समर्थन गरेपछि त्यसको पुनर्स्थापना भयो र यही प्रतिनिधिसभाले राजाको समेत अधिकार कटौती गरेको हो ।

२०६३ मङ्सिरमा शान्ति सम्झौता भयो र नेपाली काङ्ग्रेसको संविधानसभाको माग र माओवादीको गणतन्त्रमा जाने माग पनि पूरा भएको हो । आफ्नो अफबिट निर्णय गर्ने क्षमताको कारण उहाँले धेरैपटक अनपेक्षित निर्णय लिने गर्नुहुन्थ्यो, जसको कारण उहाँ विवादित रहनुहुन्थ्यो । तर राजा वीरेन्द्रसँग अत्यन्त घनिष्ट सम्बन्ध रहेर दरबारपरस्त भनिएका गिरिजाबाबूले दरबारसँग औपचारिकरूपमै सम्बन्धविच्छेद गर्नुभयो र २०४७ सालमा माले-मसाल र मण्डले एकै हुन् भन्ने गिरिजाबाबूको बारेमा कमरेड प्रचण्ड र एमाले नेता माधवकुमार नेपाल प्रशंसा गर्न थाक्नुहुन्न। मृत्यु उपरान्त 'महानायक'को उपाधिबाट विभूषित यस नेतालाई आज देशले श्वासप्रश्वाससम्बन्धी रोगको उपचार गर्ने एउटा अस्पताल बनाएर सम्झनामा राख्न खोजेको छ । अरू त अरू नेपाली काङ्ग्रेसले नै पनि प्रशिक्षण प्रतिष्ठान खोलेको भएपनि उहाँको अफबिट निर्णयहरूको बारेमा अध्ययन, अनुसन्धान वा व्याख्यानका कार्यक्रमहरू सञ्चालन गरेर देश र काङ्ग्रेस कार्यकर्ताहरूलाई विवेकी बनाउन छाडेर ओठेभक्ति देखाउनेबाहेक केही गर्न सकेको छैन ।

म अत्यन्त सामान्य व्यक्ति हुँ। तर मलाई सम्झना छ २०६२/०६३ को आन्दोलनताका तत्कालीन नेका जिल्ला कार्यसमितिका सदस्य र वर्तमान सांसद् राजेन्द्रबहादुर अमात्यले घण्टाघरको एउटा कार्यक्रममा बोलिदिनुपर्‍यो भनी भन्नुभएको थियो । प्रहरीको डरले चैते काङ्ग्रेसीहरूको भीड नभएको त्यस सभामा थोरै काङ्ग्रेसी र केही श्रोताहरू माझ मैले गिरिजाबाबू १२ बुँदे समझदारीपश्चात् राजनेता बन्नुभएको छ भनेको थिएँ । यो शब्द उहाँको जीवनकालमा सम्भवत: मैले नै सबैभन्दा पहिले प्रयोग गरेको थिएँ ।

मनमा संशय थियो, मेरो भनाइ असत्य साबित हुने हो कि ? तर अब उहाँलाई महानायक भनेर देशले सम्झिंदा मभित्रको संशय आत्मविश्वासमा परिणत भएकोले म पनि आफ्नोतर्फबाट यस महानायकलाई उनको पाँचौं पुण्यतिथिको अवसरमा अन्तर्मनदेखि श्रद्धासुमन अर्पित गर्दछु।

२०७१ चैत ११ गते बुधवार

कर्णेल लामा प्रकरण

दोभासे नपाइएपछि बेलायतमा कर्णेल लामाको सुनवाइ स्थगित भएको छ । बेलायतमा गर्मी बिदा हुने भएकोले उनको मुद्दाको सुनवाइ त्यसपछि मात्र शुरु हुने अपेक्षा गरिएको छ । उनीमाथि माओवादीको आशङ्कामा पक्राउ गरिएका जनक राउत र करम हुसेनलाई चरम यातना दिएको आरोपमा ब्रिटिश डेमोक्रेटिक लको क्रिमिनल जस्टिस एक्ट १९८८ अन्तर्गत सेन्ट्रल क्रिमिनल कोर्ट ओल्डवेलीमा मुद्दा चलाइएको छ ।

पेशाले स्वास्थ्यकर्मी रहेका राउतलाई कपिलवस्तुको गोरुसिंगे ब्यारेकमा लगेर फलामे रड, माटो खन्ने फरूवा र लठ्ठीले आँखामा पट्टी बाँधेर, घोप्टो पारेर लाठी र लात्तीले हिर्काउन लगाएको बताइन्छ। कुटाइ यस्तो कि एउटा लाठी भाँचिएपछि अर्को नयाँ लठ्ठीले पिट्न लगाउने गरेको आरोप उनका वकिल बबी चिमाले लगाएकी छन् । यस्तो गम्भीर आरोप खेपिरहेका कर्णेल लामालाई छुटाउन नेपालको संसद्को सामाजिक न्याय एवं मानव अधिकार समिति लागिपरेको छ। यस समितिले सरकारको रक्षा एवं पररा्ष्ट्र मन्त्रालयलाई ९ वर्ष ढिलो गरी सरकारले गठन गरेको सत्य निरुपण एवं मेलमिलाप आयोगबाट जाँचबुक्र गराउने गरी नेपाल ल्याउन कारबाई शुरु गर्ने निर्देशन दिएको छ। समितिले यस सम्बन्धमा जानकारी प्राप्त गर्न प्रधानमन्त्री एवं सेनाप्रमुखलाई समेत बोलाएकोमा प्रधानमन्त्री अनुपस्थित रहनुभयो भने सेनाप्रमुखको प्रतिनिधित्व गरी आउनुभएका कर्णेल हेमन्तचन्द्र लावतीले सत्य निरुपण आयोग बन्न कठिनाइ भएकोले यस्तो घटना घटेको विचार राख्नुभएको छ। नेपाली काङ्ग्रेसका उपसभापति रामचद्र पौडेलले यो नेपालको आन्तरिक मामिलामा हस्तक्षेप भएकोले यसको समाधानको लागि कूटनीतिक प्रयास हुनुपर्ने विचार व्यक्त गर्नुभएको छ ।

देशको सर्वोच्च जनप्रतिनिधिमूलक निकाय यस्तो विधि चिन्तित भइरहँदा केही मूलभूत कुराहरूतर्फ विचार गर्नुपर्ने भएको छ । अहिले नेपालकै सर्वोच्च अदालतले अदालतको विचाराधीन मुद्दाहरू आयोगहरूले हेर्न नमिल्ने भनी गरेको फैसला र नेपालले बेलायतसँग Extradition तथा Mutual legal assistance सम्बन्धी सम्झौता नगरेकोले पनि कानुनीरूपमा कर्णेल लामाको मुद्दा नेपाल सार्न अत्यन्त कठिन हुने देखिन्छ । कूटनैतिकस्तरमा प्रयास गर्दासमेत अदालतमा चलेको यस्तो मुद्दा बेलायतबाट फिर्ता गराउनु र त्यो पनि आयोग गठन भएको आधारमा असम्भवप्रायः देखिन्छ । नेपालले संयुक्त राष्ट्र सङ्घको convention against torture सम्झौतामा १९९० मा हस्ताक्षरसमेत गरिसकेको परिप्रेक्ष्यमा लामालाई छुटाउन गरिने प्रयासहरूले सरकारको अज्ञानता मात्र देखाउँछ भन्ने कानुनविज्ञहरूको भनाइ रहेको छ ।

आतङ्कवाद, मानव अधिकार हननका मुद्दाहरू अब राष्ट्रको परिधिबाट बाहिर गइसकेको तथ्य संयुक्त राष्ट्र सङ्घको यही सन्धिबाट प्रस्ट छ । जेहोस् लामा छुट्नु वा छुटाउने प्रयास गरिनुभन्दा पनि माओवादी आन्दोलनकै दौरान भएका जनकपुर, मैना सुनुवार र पश्चिमतर्फ भएका विभिन्न घटनाहरूलाई सत्य निरुपण आयोगले ढिलै गठन भएको भए पनि आफ्नो अधिकारको प्रयोग गरेर छानबिन शुरु गर्नुपर्ने बेला भइसकेको छ । यस्तो हुन सकेन भने आउँदा दिनमा विदेशमा अन्य गिरफ्तारी नहोला भन्न सकिने अवस्था छैन । यी घटनामा परेकाहरू पनि कर तिर्ने नेपाली नै भएकाले सरकारबाट न्याय पाउन त्यतिकै हकदार छन् । संसद्को कुनै पनि समितिले यसबारे चर्चासमेत नचलाएकोमा बरु आश्चर्य लाग्नुपर्ने अवस्था छ ।

सर्वोच्च अदालतबट हत्याको दोषी ठहर भएर पनि सार्वजनिक जीवनयापन गरिरहेका केही व्यक्तिहरूकै कारण पनि नेपालको विश्वसनीयता अन्तर्राष्ट्रिय जगतमा घट्दै गइरहेको सन्दर्भमा कर्णेल लामाको मुद्दा स्थानान्तरण प्रक्रिया असम्भवप्रायः भएकोले यसबाट संज्ञान लिदै सत्य निरुपण आयोगले सक्रियताका साथ अन्य घटनाहरूको सम्बन्धमा तत्कालै छानबिन शुरु गर्नुपर्ने आवश्यकता हामीलाई बोध हुनु जरुरी छ । UNCAT (United Nations Convention Against Torture) को सदस्य रहनुभएकी कानुनविद् एवं मानव अधिकारकर्मी सपना मल्लको विचारमा लामा प्रकरणमा बेलायती मुद्दा फैसलापछि युरोपेली मानव अधिकार अदालत गुहार्नु र अन्तमा UNCAT मा अपिल गर्नुको विकल्प छैन। त्यसैले नेपालको संसद् र संसदीय समितिहरूले सर्वप्रथम नेपालको कानुन, अदालत र प्रशासनको विश्वसनीयता कायम गर्ने कानुन बनाउने र त्यसको पालन भए नभएको हेरी सरकारलाई त्यसको पालनाको लागि निर्देशन दिइरहनु नै एक मात्र उत्तम विकल्प मान्न सकिन्छ। मानव अधिकार र स्वाभिमान कर्णेल लामाको मात्र होइन, द्वन्द्वपीडित सबैको हकमा लागू हुन्छ ।

२०७१ चैत १८ गते बुधवार

छरिएका समस्या, समाधान र हाम्रो नियत

नेपाल सरकारले प्लास्टिकको झोलामाथि प्रतिबन्ध लगाएको छ । प्लास्टिकको झोलाले नाली जाम हुने र जमिनमा नगल्ने (non–biodegradable) भएको र बाल्दा यसबाट निस्कने धूवाँले स्वास्थ्यमा प्रतिकूल असर पर्ने भनी सरकार सचेत भएको रहेछ । तर सरकारको निर्णयले मलाई एसएलसी पढ्दा २०२५ सालताका दस कक्षामा अनिवार्य अङ्ग्रेजी विषयको एउटा कथा The Eperor's New Cloth को सम्झना भयो । यस कथामा सर्वाङ्ग नाङ्गो हिंड्दा पनि दरबारियाहरूले अहा कति राम्रो वस्त्र भनेर तारिफ गर्ने गरेको भनाइविपरीत एउटा अबोध बालकले राजालाई त्यसरी हिंडेको देखेर नाङ्गो भएको सत्यबोध गराएको सम्झिन पुगें। सरकारलाई सम्भवत: यही सत्यबोध छैन। प्लास्टिकको झोलाले नाली जाम पक्कै हुन्छ तर खुला नालीहरू मात्र जाम हुन्छ ।

ढाकिएको नालीभित्र झोला पस्दैन। अब नालीमाथि ढक्कन लगाउने/ बनाउने दायित्व झोलाको हो कि सरकारको ? यो जमिनमा नगल्ने र बालेपछि यसको धूवाँले स्वास्थ्यमा प्रतिकूल असर पार्नेबारे चर्चा गर्दा यो जमिनमा नगल्ने भएकोले नै यसलाई पुन: प्रयोग गर्न सकिने भनिएको हो र पुन: प्रयोगबाट यसको आकारप्रकार र स्वरूप परिवर्तन गरी त्यसबाट मनग्गे आम्दानी पनि हुने भएकोले यसलाई बाल्ने कि त मूर्ख हुनुपर्‍यो कि असाध्यै गरीब जोसँग पकाउने–तताउने कुनै साधन छैन । प्लास्टिकका झोलाहरूको अत्यधिक प्रयोग शहरी क्षेत्रमा हुन्छ जहाँ नगरपालिका भन्ने एउटा स्थानीय सरकार हुन्छ । यस सरकारको जमातलाई ठोस फोहोर पदार्थबाट vibro roller मात्रैको प्रयोगबाट प्लास्टिक, शीशा, माटो र अन्य गलेर जाने वस्तुहरू छुट्याउन सकिन्छ भन्ने ज्ञान हुन सक्नुपर्ने हो । यति मात्र गर्दा प्लास्टिक, शीशा र फलामका टुक्राहरू कबाडीलाई बेचेर र गलेर जाने वस्तुहरूबाट अर्गानिक मल तयार गर्न सकिन्छ भन्ने गुरुज्ञान कहिले आउने हो ? यो कर्म त नाली खुला भएको बेला पनि गर्न सकिन्छ र यसै कमाइबाट Buying waste को अवधारणा अनुसार ठोस फोहोरको उचित व्यवस्थापन पनि गर्न सकिन्छ भन्ने जानकारी होस् ।

फोहोर व्यवस्थापन नगरी त्यसलाई थुपार्ने गरेमा त्यहाँबाट लामखुट्टेको उत्पत्ति हुन्छ भन्ने कुरा स्थानीय शासन, प्रशासन र सरकारकाहरूलाई यसको टोकाइबाट थाहा हुँदो नै हो । फोहोर व्यवस्थापन गर्न निकम्मा साबित भएकाहरूले कमसेकम गर्मी याममा खानेपानी (सरकारी) मा क्लोरिनको मात्रा २००-२५० मिग्रा प्रतिलिटरसम्म पनि

राख्ने सके भने जम्मा भएको नालीको पानीलगायत सरकारी धाराको पानी खाएर बिरामी पर्नेहरूको सङ्ख्यामा उल्लेख्य कटौती हुन सक्छ । यसका साथै फोहोर थुपार्ने ठाउँमा ब्लिचिङ्ग पाउडर वा क्लोरिनको झोल वा अति दरिद्र स्थानीय सरकार भए चुनपानी भए पनि हप्ताको एक-दुईपटक छर्कने गरे लामुखट्टेको भीड र आक्रमण दुवैबाट धेरै हदसम्म राहत पाउन सकिन्छ ।

गर्मीको महिना शुरु हुन लागेकोले देशभरिबाट बस्ती र जङ्गलमा आगलागीका घटनाहरू आउन थालेका छन् । यसको व्यवस्था हुनैपर्दछ । तर यसका नियन्त्रण हुन नसक्ने भए पनि क्षति न्यूनीकरणका केही उपाय छन् । जस्तो दमकल नै खरिद गर्ने क्षमता नभएका संस्थाहरूले मिनीट्रकमाथि पानीको टयांकी राखेर पम्प जडान गरी प्रयोग गर्न सक्छन् वा ट्रलीमाथि जडान गरिएको वा पर्खालमा अडाएर राख्न सकिने Fire extingqusher प्रत्येक गाविसले राखेर आफ्नो कर्मचारीबाट वा स्थानीय प्रहरीलाई तालिम दिएर राखिएमा धेरै हदसम्म सानो र मध्यम खालको आगलागी नियन्त्रण गर्न सकिन्छ । वीरगंज उपमहानगर-पालिकासँग भएको दमकलले वीरगंजकै अग्ला घरहरूमा आगलागी भएमा नियन्त्रण र उद्धार कसरी गर्ला ? त्यसैले दमकलले आगो नियन्त्रण हुन्छ भनेर सोच्नुको साटो गाविस, स्कूल, प्रहरी, क्लबलगायतले Fire extingqusher को प्रयोगतर्फ पनि सोच्न जरुरी छ । यसले बस्ती र गाउँको समस्या त समाधान होला तर जङ्गलको ? जङ्गलमा बलेको आगो कसरी निभाउने ? अचेल हामी जङ्गलमा बलेको आगोको सूचना पाउन ड्रोन प्रयोग गर्न थालेका छौं तर निभाउने विधि पुरानै छ । यसबाट सूचना छिटो आए पनि नियन्त्रण प्रभावकारी हुन सकेको छैन । तसर्थ सबैभन्दा सजिलो उपाय जङ्गलको जमिनलाई गर्मी याममा ओसिलो बनाइराख्न जलसङ्ग्रहका लागि ससाना खाल्टो खन्नुपर्छ । वसन्त ऋतुपछि हुने वर्षाको जल यस्ता खाल्टाखुल्टीमा सङ्ग्रहित गर्न सकेमा रूखबाट झरेको पातहरू सुक्न नपाई डढेलो सल्किने सम्भावना घटेर जान्छ । सरकारी वनलाई त स्वीकृति चाहिएला, उपभोक्ता वनहरूले भने यसको प्रयोग गरे लाभान्वित हुन सक्छन् ।

अब रहन्छ स्वास्थ्यको कुरा । हालै काठमाडौंमा सम्पन्न एउटा कार्यक्रमबाट प्राप्त जानकारी अनुसार प्रतिवर्ष ७० लाख मानिस, जसमध्ये २० हजार नेपाली, हृदयरोगले मृत्युवरण गर्दछन् । तर नेपालमा मर्ने २० हजार नेपालीको उपचारको लागि राजधानीबाहिर ३ वटा मात्र यस्ता अस्पताल छन् जसमा हृदयरोगको उपचार सुविधा छ । तर यस्ता अस्पतालले पनि ग्रामीण क्षेत्रको जनतालाई, यातायातको सुगमता न भएकोले प्रभावकारी उपचार दिन सकेका छैनन् । यस्ता तीनवटा अस्पताल भनेपछि प्रधानमन्त्रीको शहर विराटनगर र धरान, दोस्रो भरतपुर र तेस्रो नेपालको दोस्रो राजधानी भनिने पोखरा अस्पताल होला भनी अनुमान गरेको छु ।

४० करोड रुपियाँमा १०० वटा अस्पताल बनाएर इसिजी मेसिन, डिफाइब्रिलेटर, स्ट्रेप्टोकाइनेज औषधि र तालिमप्राप्त चिकित्सकका साथै अस्पताल पुरनुपूर्व नै उपचार

प्रणाली व्यवस्थित गर्न सकिन्छ भन्ने विज्ञहरूको रायमाथि विचार गर्दा वीरगंजसहित अनुमानित तीन शहरबाहेकका अस्पतालमा पूर्व उपचार प्रणाली भएको एम्बुलेन्स नै नभएको अवस्थामा आधी त बाटोमैं रामनाम सत्य हुने भए भने बाँकी आधा अस्पताल पुगेपछि रेफरमा परेर बाहिर लैजाँदा बाटोमैं स्वर्ग सिधार्ने भए । तिनै विज्ञहरूका अनुसार अचेल अधिकांश मानिस सडक दुर्घटना, कैंसर र हृदयरोगले मृत्यु वरण गर्दछन् जसमध्ये हृदयरोगले सबैभन्दा बढी मानिसको मृत्यु हुन्छ ।

असंवेदनशील सरकार भएको देशमा सरकारले केही गरिहाल्ने आशा नराख्दै आफूलाई आफैं जोगाऔं भन्ने उखान चरितार्थ गर्न फास्टफूड नखानुस्, मनग्ग व्यायाम गर्नुस्, चुरोट-रक्सी नखानुस् र हृदयरोगबाट जोगिनुस् । झुल हालेर लामखुट्टेबाट जोगिनुस् र कागज वा कपडाको झोला किनेर नाली जाम हुनबाट जोगाउनुस् भन्दा द इम्पेरर्स न्यु क्लथको कथा चरितार्थ हुन्छ कि हुँदैन, आफैं विचार गर्नुस् ।

२०७१ चैत २५ गते बुधवार



लेखकको संक्षिप्त परिचय

नाम: विनोदकुमार गुप्ता

जन्ममिति: २०१२/१०/०१

ठेगाना: वीरगंज (नेपाल)

शैक्षिक योग्यता: स्नातकोत्तर

१) त्रिविविबाट प्रथम श्रेणीमा एमबिएस

२) भारतको नेशनल सुगर इन्स्टिच्युटबाट मदिरा शिल्प विज्ञानमा स्नातकोत्तर

अनुभव: २०३५-२०३८ - माईस्थान विद्यापीठ वीरगंजमा विज्ञान शिक्षक

२०३८-२०५८- वीरगंज चिनी कारखानाको डिष्टिलरीमा सेवारत

२०५५-२०७०- वीरगंज कमर्स क्याम्पस, हरि खेतान बहुमुखी क्याम्पस, वीरगंज पब्लिक कलेजमा व्यवस्थापन शिक्षकको रूपमा कार्यरत

२०७० देखि हालसम्म: वीरगंज कलेजको संस्थापक एवं प्रिन्सिपल

२०६७ सालदेखि निरन्तर रूपमा प्रतीक दैनिकको स्तम्भ लेखक